महालेखापरीक्षकको
पचपन्नौँ वार्षिक प्रतिवेदन
२०७४

महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

महालेखापरीक्षकको
पचपन्नौँ वार्षिक प्रतिवेदन
२०७४



महालेखापरीक्षकको कार्यालय
काठमाडौँ, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या: २०७४।७५
च.नं. ४१

२०७४।१२।२९।५

विषय: **पचपन्नौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय राष्ट्रपतिज्यू,
राष्ट्रपतिको कार्यालय,
काठमाडौं, नेपाल ।

नेपालको संविधानको धारा २४१ बमोजिम आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानबमोजिम संघ, प्रदेश, स्थानीय तहका सबै सरकारी कार्यालय र नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०४८ अनुसार महालेखापरीक्षकले ती निकायको लेखापरीक्षण एक एक गरी वा बीचमा छड्के गरी वा केही प्रतिशतमात्र गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र पद्दति तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन दिन सक्ने व्यवस्था गरेको छ ।

महालेखापरीक्षकमा नियुक्ति भएको करिब ११ महिनाभित्र २०७३।७४ को नियमित र सोभन्दा अघिका लेखापरीक्षण गर्न बाँकीसमेत आर्थिक कारोबारको परीक्षण गरी महालेखापरीक्षकको ५५औँ वार्षिक प्रतिवेदन तयार गरेको छु । यो मेरो कार्यकालको पहिलो प्रतिवेदन हो । यो प्रतिवेदन विगत ५४ औँ प्रतिवेदनसम्म अवलम्बन गरेका अभ्यास र अन्तर्राष्ट्रिय प्रचलनहरुको आधारमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन (एसोसाई) द्वारा प्रतिपादित मापदण्डहरुसमेत अनुसरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ । लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा र सुझावहरु तपसिलमा उल्लेख गरिएको छ ।

लेखापरीक्षण स्थिति

यस वर्ष २०७३।७४ को नियमित र सोभन्दा अघिका लेखापरीक्षण गर्न बाँकीसमेत ६ हजार ६१६ निकाय, २०७३ फाल्गुण २७ भन्दा अघिका स्थानीय निकाय ३ हजार ३७४ र परामर्श दिइएका २१ समेत १० हजार ११ निकायको लेखापरीक्षण भएको छ । यस वर्ष सरकारी निकाय, संगठित संस्था, स्थानीय निकाय/तह, जिल्ला विकास/समन्वय समितिसमेतको रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा सोमध्ये ४ हजार ८१२ सरकारी निकायतर्फ रु.१७ खर्ब ५२ अर्ब ९३ करोडको लेखापरीक्षणबाट रु.९४ अर्ब ८२ करोड (५.४१ प्रतिशत) बेरुजू कायम भएको छ । स्थानीय तहतर्फ साविकका स्थानीय निकाय ३ हजार ३७४ सहित ७४४ स्थानीय तहमध्ये ७३८ को रु.१ खर्ब ८० अर्ब ३१ करोडको लेखापरीक्षणबाट रु.१४ अर्ब २५ करोड (७.९० प्रतिशत) बेरुजू कायम भएको छ । यस वर्ष सार्वजनिक संस्था, जिल्ला विकास समिति र अन्य समितिको रु.२७ खर्ब ५४ अर्ब ६७ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । यस बाहेक २१ संगठित संस्थाको लेखापरीक्षण गर्न परामर्श दिई रु.५ खर्ब १९ अर्ब ९२ करोडको लेखापरीक्षण गराइएको छ ।

गत वर्षसम्मको बाँकी बेरुजू रु.२ खर्ब २२ अर्ब ५३ करोडमा यो वर्ष रु.५२ अर्ब ९१ करोड फछ्यौंट भई बाँकी रहेको रु.१ खर्ब ६९ अर्ब ६२ करोडमा यो वर्षको बेरुजू रु.१ खर्ब २० अर्ब ९१ करोड समेत रु.२ खर्ब ९० अर्ब ५३ करोड बाँकी रहेको छ । लेखापरीक्षण तथा सम्परीक्षणबाट यो वर्ष रु.१४ अर्ब ९ करोड असुल भएको छ । गत वर्ष असुल फछ्यौंट गर्नुपर्ने बेरुजू तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अन्य रकम रु.३ खर्ब ९६ अर्ब २६ करोड रहेकोमा यस वर्षको अन्तमा रु.५ खर्ब ८ करोड पुगेको छ ।

लेखापरीक्षण व्यवस्थापन र प्रभावकारिता

यस वर्ष संघ, प्रदेश र स्थानीय तहसमेत तीनै तहको निर्वाचनको वर्ष भएकोले निर्वाचन कार्यक्रमसँग तादत्म्यता कायम गर्दै तीन चरणमा लेखापरीक्षण सम्पन्न भएको थियो । यस वर्ष महालेखापरीक्षकबाट प्रथम पटक स्थानीय निकाय र स्थानीय तहको लेखापरीक्षण सम्पन्न भएको छ । यो लेखापरीक्षण गर्न महालेखापरीक्षकको विद्यमान संगठन संरचना र दरबन्दी व्यवस्थाबाट नपुग हुने भई दर्तावाल लेखापरीक्षक तथा चार्टर्ड एकाउन्टेन्ट लेखापरीक्षण सहायकको रुपमा परिचालन गरी कार्य

सम्पन्न गरिएको छ । यस वर्ष वार्षिक प्रतिवेदनको अलावा सूचना सम्प्रेषणमा प्रभावकारिता ल्याउन स्थानीय तहको प्रदेशगत, संगठित संस्था र कार्यमूलकसमेतको लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ ।

सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, अनियमित कारोबार, स्रोतको चुहावटबाट सरकारी हानि नोक्सानीको पहिचानजस्ता महत्वपूर्ण विषयलाई लेखापरीक्षणबाट निक्र्यौल गर्ने प्रयास गरिएको छ । प्रचलित कानुनको आधारमा जोखिमको विश्लेषण गरी लेखापरीक्षणबाट देखिएका व्यहोराउपर समयभित्रै कारबाही हुन सकेमा मात्र लेखापरीक्षणको प्रभावकारिता देखिन्छ ।

छनौटबाट सिर्जना हुन सक्ने जोखिमलाई न्यून गर्न यस वर्ष सम्पूर्ण निकायको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको आचारसंहिता परिमार्जन गरी कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमनको व्यवस्था मिलाइएको छ । लेखापरीक्षणमा गुणस्तर र एकरुपता कायम गर्न अनुगमन तथा सुपरिवेक्षणमा जोड दिइएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा लाभग्राही समूह र सरोकारवालालाई समेत सम्मिलित गराई लेखापरीक्षणलाई गुणस्तरीय बनाउने प्रयास गरिएको छ । यसबाट लेखापरीक्षण परिणाममुखी एवं उद्देश्यमूलक हुने अपेक्षा गरिएको छ ।

यसैगरी २०७३।७४ को आर्थिक कारोबारको लेखापरीक्षण समयमै सम्पन्न गरी आर्थिक वर्ष व्यतीत भएको ९ महिनाभित्र प्रतिवेदन गर्ने व्यवस्थालाई निरन्तरता दिइएको छ । जसले गर्दा सरोकारवालालाई समयमै लेखापरीक्षण नतिजाको कार्यान्वयन एवं उपयोग गर्न सहयोग पुग्ने देखिन्छ ।

जवाफदेहिता र आर्थिक अनुशासन

वित्तीय अनुशासन अभिवृद्धि गर्न सार्वजनिक निकायका पदाधिकारीलाई बढीभन्दा बढी जवाफदेही बनाउनु नै हो । आर्थिक कारोबार र वित्तीय व्यवहारका देखिएका कमी कमजोरीको प्राकट्य र प्रस्तुतिले नै सुधार गर्न सकिन्छ । महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा ल्याएको छु । सो कार्ययोजनामा संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभावकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारलगायतका विषय समावेश गरिएको छ । यस वर्ष मन्त्रालय तथा निकायका लेखा उत्तरदायी अधिकृतलाई बजेट परिचालन गर्न दिएको जिम्मेवारी र सो अवधिको बेरुजूको विवरण समावेश गरी प्रतिवेदनमा प्रस्तुत गरिएको छ । यसबाट सार्वजनिक वित्तीय व्यवहारमा अनुशासन कायम गर्न गराउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

सुशासन प्रवर्द्धनका लागि राज्यले विभिन्न नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । बजेट तथा खर्च नियन्त्रण प्रणाली, नेपाल सार्वजनिक क्षेत्र लेखामान, सार्वजनिक खरिद कानुन, एकल कोष भुक्तानी प्रणाली, राजस्व व्यवस्थापन, एकीकृत राजस्व प्रणालीलगायतका सुधारका कार्यक्रमहरु सरकारबाट लागू गरी जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न प्रयत्न भएका छन् । यद्यपि सरकारी नीति तथा कार्यक्रमको कार्यान्वयन, कानुनको परिपालना तथा जनतामा लक्षित सेवा अपेक्षाकृत रुपमा प्रवाह गर्नमा सार्वजनिक संयन्त्रहरु दक्ष र प्रभावकारी देखिएका छैनन् ।

आन्तरिक लेखापरीक्षण प्रभावकारी नहुनु, आर्थिक कार्यविधि कानुनमा निर्धारित व्यवस्थाको परिपालना नहुनु, लेखापरीक्षणबाट औंल्याइएका व्यहोराउपर प्रणालीगत सुधारतर्फ ध्यान नदिनु, अनियमित कारोबार गर्ने जिम्मेवार पदाधिकारी उपर कारबाही नहुनुका साथै जवाफदेही बनाउन नसक्नु, कार्यसम्पादन मूल्याङ्कनमा सम्पादित कार्यको सम्बन्ध स्थापित नहुनु, क्षमता र योग्यताको आधारमा कामको जिम्मेवारी नतोकिनु जस्ता कारणले वित्तीय प्रशासनमा आर्थिक अनुशासनको स्तर खस्कँदै गएको छ । त्यसैले यस्ता कार्यमा नियन्त्रण हुने गरी आवश्यक कानुनी, नीतिगत तथा संस्थागत सुधार हुनुपर्दछ ।

विश्वका अधिकांश मुलुकमा नियन्त्रक र नियन्त्रित निकायहरुको निकायगत जिम्मेवारी र जवाफदेहिता किटान गर्ने व्यवस्था छ । हाम्रो परिप्रेक्ष्यमा आर्थिक कार्यविधि ऐन, नियमअनुसार मन्त्रालय तथा निकायका सचिवलाई लेखा उत्तरदायी अधिकृतको रुपमा वित्तीय व्यवहारमा पूर्ण जवाफदेही बनाउन

सकिएको छैन । तसर्थ संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध पदाधिकारीलाई नियन्त्रक र नियन्त्रित निकाय तोकी आर्थिक प्रशासनमा जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासन सुनिश्चित गरिनु आवश्यक छ ।

आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण

वित्तीय सुशासनको लागि आन्तरिक नियन्त्रणको भूमिका महत्वपूर्ण रहन्छ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन प्रचलित आर्थिक कार्यविधि ऐन, नियम तथा अन्य विषय क्षेत्रगत कानुनका व्यवस्था पालना गर्न स्पष्टरुपमा काम, कर्तव्य तथा अधिकार परिभाषित गरी व्यवहारमा कार्यान्वयन गर्ने, क्षेत्रगत आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम संवैधानिक निकाय, मन्त्रालय, विभागलगायतका निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । साथै प्रदेश तथा स्थानीय तहले समेत यस्तो कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

त्यसैगरी जिम्मेवार व्यक्तिलाई आवश्यकताअनुसार दण्ड, पुरस्कार तथा क्षमता अभिवृद्धिको व्यवस्था गर्दै जाने प्रणाली विकास गर्नुपर्दछ । यस सम्बन्धमा आन्तरिक लेखापरीक्षण प्रभावकारी र विश्वसनीय नभएको व्यहोरा वर्षेनी औँल्याइए तापनि अपेक्षित सुधार भएको छैन । केन्द्रीय निकायबाट निरीक्षण अनुगमन गरेको देखिए तापनि प्रभावकारी भएको पाइँदैन । सरकारी नियमनकारी निकायको अनुगमनका साथै मूल्याङ्कन व्यवस्था नतिजामुखी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण र आन्तरिक लेखापरीक्षण प्रभावकारी बनाइनुपर्दछ ।

बजेट तथा खर्च व्यवस्थापन

वित्तीय व्यवस्थापन र जवाफदेहितालाई सुदृढ बनाउन बजेट तर्जुमा, कार्यान्वयन, नियन्त्रण, अनुगमन मूल्याङ्कन, वैदेशिक सहायता परिचालन र खर्च व्यवस्थापन सम्बन्धमा देखिएका समस्या समाधान गर्न प्राविधिक, वस्तुगतलगायतका सबै प्रकारका वैदेशिक सहायता बजेटमा समावेश गरी पारदर्शी बनाउनुपर्ने, वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनामा सहायता प्राप्त हुने यकिन भएपछि मात्र बजेटमा समावेश गर्ने, स्रोतको सुनिश्चितता भएपछि मात्र योजना र कार्यक्रम स्वीकृत गर्नुपर्ने, अर्थ मन्त्रालयको निर्णयले रकमान्तर गरी ठूलो रकम निकासा दिने परिपाटीमा नियन्त्रण गर्ने, बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा ट्रान्सफर गर्ने परिपाटीको अन्त्य गर्ने, वैदेशिक स्रोतको ऋण तथा अनुदानको तोकिएको समयमा शोधभर्ना नलिने सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउने, बजेट सिद्धान्तविपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्ने, नतिजामा आधारित यथार्थपरक विनियोजन गरी कार्यक्रम र उपलब्धिबीच अन्तरसम्बन्ध कायम गर्न ध्यान दिनुपर्दछ ।

कानुनी जटिलता, प्रक्रियामुखी अभ्यास, उपलब्ध क्षमताको उचित व्यवस्थापन र निकायहरुबीच समन्वयको अभाव तथा सार्वजनिक जवाफदेहितामा कमी हुनाका कारण पुँजीगत खर्च अपेक्षाकृत न्यून रहने गरेको छ । यस स्थितिमा लक्षित पुँजीको प्राप्ति, लगानी र सोबाट उपलब्धि प्राप्त गर्न नसकिने अवस्था रहन्छ । अतः राजस्व संकलनमा थप स्रोतको पहिचान गरी यसको प्रभावकारी परिचालन गर्न, नियन्त्रणमुखी कानुनी व्यवधान र प्रक्रियामुखी जटिलतालाई सरल बनाउन, विकास व्यवस्थापन क्षमतालाई सवलीकरण गर्न, विकास योजनाको कार्यान्वयन पक्षलाई जवाफदेही तथा वित्तीय अनुशासनको पूर्ण पालना गर्न गराउन जरुरी छ ।

अनुत्पादक खर्च नियन्त्रण गर्ने, बजेट सिद्धान्तविपरीत स्रोत सुनिश्चितता जस्ता कार्य बन्द गर्ने, योगदानमा आधारित निवृत्तिभरण व्यवस्था कार्यान्वयनमा ल्याउने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । यसका अलावा सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोगको सुनिश्चितता लिने व्यवस्था हुनुपर्दछ ।

विकास निर्माण तथा आयोजना व्यवस्थापन

सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन, ड्रइङ, डिजाइन तथा लागत अनुमान तयारीपश्चात् कार्यक्रम स्वीकृति तथा बजेट व्यवस्थापन गरी आयोजना कार्यान्वयन गर्ने, लागत लाभ विश्लेषणमार्फत योजनाको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याउने, विकास आयोजनामा जग्गा प्राप्ति सम्बन्धमा देखिएका अवरोधलाई निराकरण गर्न कानुनमा सुधार गर्ने, राष्ट्रिय गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनालाई बजेटको कमी हुन नदिने, आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी पदस्थापन गर्ने र कार्य प्रगति तथा लक्ष्य प्राप्तिप्रति जिम्मेवार बनाउने, आवधिक योजना, बजेट तथा कार्यक्रमबीच सामन्जस्यता कायम गर्ने, संघीय शासन व्यवस्था लागू भएपछि संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रअनुसारको विभिन्न तहका सरकारले गर्ने विकास कार्यक्रमको निर्धारण एवं हस्तान्तरण गर्ने विषयमा ध्यान दिनुपर्दछ ।

राजस्व प्रशासन

सम्पूर्ण आर्थिक गतिविधि र संभाव्य करदातालाई करको दायरामा ल्याउन नसकेको, करमा दर्ता भएकाले पनि करको विवरण बुझाउने नगरेको, कानुनले तोकेभन्दा घटी राजस्व असुल गरेको, राजस्व बक्यौता बढ्दै गएको, बिल बीजकउपर आवश्यक छानबिन नहुँदा सरकारले मूल्य अभिवृद्धि कर फिर्ता गर्नुपर्ने (क्रेडिट) विवरण बुझाउने करदाता डेबिट बुझाउनेको तुलनामा अत्यधिक रहेको, नपाउने मूल्य अभिवृद्धि कर क्रेडिट दाबी गरेको, व्यवसायसँग असम्बन्धित खरिद देखाई क्रेडिट दाबी गरेको, वर्षौंदेखि व्यवसाय छाडेका करदाताले समेत क्रेडिट विवरण देखाएका कारण मूल्य अभिवृद्धि कर क्रेडिट रहनाले राजस्व प्रणाली नतिजामुखी हुन सकेको छैन । अतः राजस्व असुली बढाउन पहिचान गरिएका विकृतिमा सुधार गरी करको दायरा विस्तार, कर चुहावट नियन्त्रणका लागि सूचना प्रविधिको प्रयोग, कर कानुनको परिपालना, प्रभावकारी नियमनको व्यवस्था गर्न आवश्यक छ ।

स्थानीय तहको वित्तीय व्यवस्थापन

संघ, प्रदेश र स्थानीय तह सहित तीन तहका सरकारमध्ये प्रदेश र स्थानीय तहको सरकार नयाँ अभ्यासका रुपमा रहेको छ । त्यसैले यी तहहरुमा शुरुदेखि नै वित्तीय व्यवस्थापनलाई व्यवस्थित गरिँदै लगिनुपर्दछ । आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने, स्वतन्त्र, सक्षम र प्रभावकारी आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाउने, बेरुजू फछ्यौंटसम्बन्धी उपयुक्त संयन्त्रको निर्माण गरी वित्तीय जिम्मेवारी र जवाफदेहिता किटान गर्ने, संघ, प्रदेश र स्थानीय तहको साझा सूचीअन्तर्गतका विषय, अधिकारको प्रयोग तथा राजस्व सङ्कलन सम्बन्धमा मापदण्ड बनाई व्यवस्थित बनाइनुपर्ने, निर्वाचित पदाधिकारी र कर्मचारीबीचको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गर्नुपर्दछ ।

त्यस्तै लेखापालन व्यवस्थामा सुधार गर्न सबै निकायको वित्तीय विवरणको ढाँचा स्वीकृत गरी एकरुपता ल्याउनुपर्ने, सबै आम्दानी तथा खर्च स्थानीय तह सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाई राजस्व र व्ययको अनुमान पेस गरी खर्च गर्ने, खर्च इकाई वा भुक्तानी केन्द्र बढ्दै जाँदा आन्तरिक नियन्त्रण कमजोर हुने र जनशक्तिको व्यवस्था गर्न समेत कठिनाइ हुने भएकाले भुक्तानी केन्द्र नगर वा गाउँ कार्यपालिकाको कार्यालयसम्म सीमित गर्ने व्यवस्था मिलाउनुपर्दछ । साविकका स्थानीय निकायमा रहेको कोष तथा सम्पत्तिको व्यवस्थापन, हस्तान्तरण, स्वामित्वमा रहेको सम्पत्ति एवं संरचनाको उपयोग र समुचित व्यवस्थापन गर्ने, खर्चमा मितव्ययिता र कार्यक्रम कार्यान्वयनमा दक्षता एवं प्रभावकारिता ल्याउने, खरिदमा पारदर्शिता एवं प्रतिस्पर्धा अभिवृद्धि गर्ने र कार्यक्रम कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने व्यवस्था गर्नुपर्दछ ।

सार्वजनिक सेवा प्रवाह

गुणस्तरीय सार्वजनिक सेवा प्रवाहमा विविध समस्या रहेका छन् । सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई विश्वसनीय, किफायती र प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

सरकारी निकायमा प्राप्त उजुरीको नतिजामुखी फछ्र्यौंट र सोउपर गरेको कारबाहीको अनुगमन गर्ने, सेवा प्रवाहमा चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र सहायता कक्ष प्रणाली कार्यान्वयनमा ल्याउने, वैदेशिक रोजगार, यातायात व्यवस्था, मालपोत, नापीलगायतका कार्यालयले प्रदान गर्ने सेवामा मध्यस्थ वा बिचौलियाहरुको भूमिका नियन्त्रण गर्न कार्यविधिमा सुधार गर्ने, सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने जस्ता सुधार आवश्यक छ । यस्तै प्रदेश र स्थानीय तहमा जनप्रतिनिधि निर्वाचित भइसक्दा पनि संगठनात्मक संरचना, दरबन्दी र पदपूर्तिलगायतका समस्या यथावत् रहेका छन् । यसको व्यवस्थापनमा ध्यान पुऱ्याउनुपर्ने देखिन्छ ।

लेखाङ्कन तथा प्रतिवेदन प्रणाली

विद्युतीय सूचना प्रणाली प्रयोगमा ल्याइए तापनि सार्वजनिक निकायमा लेखा प्रणाली र सूचना प्रणाली अपेक्षितरुपमा व्यवस्थित छैन । सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न नेपाल सार्वजनिक क्षेत्र लेखामानको कार्यान्वयन गर्ने, लेखा सम्बन्धी सफ्टवेयरको प्रयोगमा महालेखापरीक्षकको पूर्व स्वीकृति लिने, सूचना प्रविधिको प्रयोगलाई बढावा दिँदै कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई कार्यान्वयनमा ल्याउने, संघ, प्रदेश तथा स्थानीय तहको सञ्चितकोष हिसाब तयार गर्ने ढाँचा स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ । मुलुकको समग्र वित्तीय अवस्थाको चित्रण गर्न संघ, प्रदेश र स्थानीयसमेत तीनै तहको एकीकृत वित्तीय विवरण तयार गर्ने व्यवस्था हुनुपर्ने देखिन्छ ।

हाल प्रयोगमा रहेका लेखा र लेखाङ्कनसम्बन्धी म.ले.प.फारामहरु अद्यावधिक गर्नुपर्ने देखिएकाले त्यसमा पुनरावलोकन एवं परिमार्जन गर्नुपर्दछ । लेखापरीक्षण कार्यलाई सहज तथा यथासमयमै सम्पन्न गरी वित्तीय विवरणको यथार्थ स्थिति दर्शाउन र देखापर्ने कमी कमजोरीलाई समयमै सुधार गर्न वित्तीय विवरण प्रस्तुत गर्ने हालको पौष मसान्तको अवधि घटाई आश्विन मसान्तमा ल्याउन कानुनी सुधार गर्नुपर्दछ ।

सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण

सार्वजनिक निकायमा खरिद, हस्तान्तरण एवं वैदेशिक वस्तुगत सहयोगबाट प्राप्त जिन्सी सामान तथा सम्पत्तिको एकीकृत अभिलेख नहुँदा सरकारको कुल सम्पत्ति यकिन हुनसक्ने अवस्था छैन । सरकारी वन तथा जग्गाको अतिक्रमण भएको, वन जंगलमा उपलब्ध काठ समयमा लिलाम बिक्री हुन नसकेको, उपयोग हुन नसक्ने सामानको लिलाम बिक्री नभएको, सरकारी सम्पत्ति उपयोगविहीन भएको, जिन्सी व्यवस्थापन एवं संरक्षण उपयुक्त ढङ्गबाट नभएको कारण सार्वजनिक सम्पत्तिको संरक्षण एवं उपयोग दक्षतापूर्ण देखिएन ।

नेपालमा जल, जंगल र जमिन जस्ता प्राकृतिक स्रोतको पर्याप्तता भए तापनि सोबाट कुल गार्हस्थ्य उत्पादनमा भएको योगदान न्यून छ । ती स्रोतको उपयोगबाट उत्पादनमूलक र दिगो जनजीविका सिर्जनाका लागि निजी क्षेत्रको सक्रियता, अन्तरसरकारी समन्वय र योजनामा सुधार तथा प्राकृतिक स्रोतबाट सिर्जित लाभ वितरण गर्न सुस्पष्ट कानुनको व्यवस्था हुनु जरूरी छ । सार्वजनिक मठ, मन्दिर, देवालय, गुम्बालगायत पुरातात्विक महत्वका सम्पदा तथा संग्रहालयहरुमा रहेको बहुमूल्य वस्तुको अभिलेख, मर्मत सम्भार र संरक्षण गर्न ध्यान दिनुपर्दछ । सार्वजनिक सम्पत्तिको एकीकृत केन्द्रीय अभिलेखको व्यवस्था हुनुपर्दछ ।

स्रोत परिचालन

नेपालको संविधानअनुसार मुलुक संघीयतामा रुपान्तरण भएपश्चात् संघ, प्रदेश र स्थानीय तहमा जननिर्वाचित सरकार गठन भइसकेका छन् । अब यी तीनै तहबाट विकास निर्माण, सेवा प्रवाह र प्रशासनिक खर्च हुने हुँदा खर्च व्यवस्थापनको लागि स्रोतको ठूलो अन्तर देखिएको छ । सरकारी क्षेत्रबाट गर्नुपर्ने अत्यावश्यक क्रियाकलापमा मात्र सरकारी स्रोत साधन मितव्ययी र दक्षतापूर्वक परिचालन गरी

अन्य सेवा तथा कार्यमा निजी क्षेत्रलगायतका वाह्य क्षेत्रको स्रोत परिचालनबाट मात्र यस्तो अन्तर पूर्ति गर्न सकिने देखिएकाले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसका अतिरिक्त दीर्घकालीनरुपमा जमिन, जल, जंगल जस्ता स्रोतबाट राज्यको विकास र समृद्धिमा उल्लेख्य योगदान पुग्ने गरी कानुनी तथा नीतिगत व्यवस्था गरी स्रोत परिचालनमा ध्यान दिनुपर्दछ ।

कानुनमा सुधार

सार्वजनिक जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गरी वित्तीय सुशासन कायम गर्न सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कानुनमा सुधार गर्नुपर्दछ । जसमा आर्थिक कार्यविधि ऐन, २०५५ को रहेका जरिवानासम्बन्धी व्यवस्थालाई समयानुकूल बनाउने, सार्वजनिक क्षेत्रका नियन्त्रक र नियन्त्रित निकाय तोकी जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्ने, संगठनात्मक सुशासनको कार्य व्यवस्थित गर्नका लागि तोकेका निकायमा कानुनमा व्यवस्था गरी लेखापरीक्षण समितिको गठन गरी क्रियाशील बनाउने, नेपालको संविधान अनुकूल हुने गरी लेखा, लेखापरीक्षण तथा आर्थिक ऐन नियम कार्यविधि परिमार्जन गर्नुपर्दछ । त्यस्तै सार्वजनिक खरिद प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी तथा जवाफदेहीपूर्ण बनाउनका लागि सार्वजनिक खरिद ऐनमा समसामयिक परिमार्जन गरिनुपर्दछ ।

त्यस्तै लेखापरीक्षण गर्दा देखिएका संवेदनशील विषयमा महालेखापरीक्षकले तत्काल प्रतिवेदन दिन सक्ने व्यवस्था, लेखापरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने विषय, महालेखापरीक्षकले निर्देशन दिन सक्ने विषय र आर्थिक अनुशासन पालना गराउने सन्दर्भमा ऐन नियमले तोकेको जिम्मेवारी पालना नगर्ने पदाधिकारीलाई कारबाहीका लागि लेखी पठाउन सक्ने विषय समावेश गरी लेखापरीक्षण ऐनमा संशोधन गर्नुपर्ने देखिन्छ । संघीय शासन प्रणाली अनुरुप सांगठनिक संरचना निर्माण गरी ऐन नियमहरुलाई संविधान अनुकूल गराउने, कानुनको परिधिभित्र रहेर मात्र आर्थिक कारोबार सञ्चालन गर्ने, संघ प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध तथा जवाफदेहिता र उत्तरदायित्व किटान गरी वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन तर्जुमा एवं कार्यान्वयन गर्नुपर्ने देखिन्छ । संविधानको व्यवस्थाअनुरुप स्थानीय निकायसमेतको वित्तीय व्यवस्थापना र लेखापरीक्षणको जिम्मेवारी पूरा गर्न ऐन नियमको व्यवस्था अविलम्ब हुनुपर्दछ । औंल्याइएका बेरुजूउपर यथासमयमै कारबाही चलाई कानुन उल्लङ्घन भएको अवस्थामा ऐन नियमले तोकेबमोजिमको कारबाही गरिनुपर्दछ ।

संगठित संस्था व्यवस्थापन

अधिकांश संगठित संस्थाले उद्देश्यबमोजिम कार्य सम्पादन र वाञ्छित प्रतिफल दिन सकेका छैनन् । संस्थाहरूमा प्रतिस्पर्धात्मक क्षमता कमजोर रहेको, संस्थाहरुले समयमा लेखापरीक्षण नगराउने, लेखापरीक्षण प्रतिवेदनउपर प्रतिक्रियासमेत नदिने, लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा उपर समयमै कारबाही नगर्ने, सरकारी कोषमा दाखिला गर्नुपर्ने रकम जम्मा नगर्ने, व्यावसायिक अदक्षताका कारण घाटामा सञ्चालन भइरहने, संस्थाको कोषमा व्यवस्था नभएको दायित्वको ठूलो चापमा वृद्धि भइरहने अवस्था छ । यस्तो स्थितिले सार्वजनिक संस्थानहरुमा वित्तीय व्यवस्थापन र जवाफदेहिताको अवस्था कमजोर रहेको छ । संस्थाका पदाधिकारीलाई जवाफदेही बनाउन, संस्थाले उत्पादन गर्ने वस्तु र प्रवाह गर्ने सेवालाई गुणस्तरीय, मागबमोजिम अपेक्षित परिमाण र प्रतिस्पर्धी मूल्यमा उपलब्ध गराउन तथा रोजगारी सिर्जना गर्न यसको सञ्चालन र व्यवस्थापनमा स्पष्ट नीति र व्यवस्थापकीय सुधारका कार्यक्रम लागू गर्न आवश्यक छ ।

साथै, संगठित संस्था, प्रतिष्ठानलगायतमा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा निजले विगतमा सम्पादन गरेको कामको मूल्याङ्कन, वित्तीय जवाफदेहिताको स्तर, क्षमता र योग्यताको मूल्याङ्कन गर्ने व्यवस्था हुनुपर्दछ ।

लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन

महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर छलफल गरी निक्यौंल गर्ने थलो सार्वजनिक लेखा समिति हो । सार्वजनिक लेखा समितिलाई प्रतिवेदनउपर गरिने छलफलका विषयबारे महालेखापरीक्षकको

कार्यालयमार्फत पूर्व जानकारी गराउने, सार्वजनिक लेखा समितिले गरेका निर्णय तथा निर्देशनको अभिलेख तयार गर्ने र कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउने, विगतका प्रतिवेदन उपर छलफल गरी टुङ्गो लगाउने व्यवस्था मिलाउनुपर्दछ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोरा फछ्र्यौट गर्न गराउन सार्वजनिक निकायका पदाधिकारीहरुमा तदारुकता आउनुपर्दछ ।

कार्यालयको अपेक्षा

नेपालको संविधानको धारा २९४ बमोजिम संवैधानिक निकायले आफूले सम्पादन गरेका कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्ने व्यवस्थाअनुसार महालेखापरीक्षकले प्रत्येक वर्ष वार्षिक प्रतिवेदन पेस गर्ने गरेको छ । लेखापरीक्षण ऐन, २०४८ अनुसार तत्कालै कारबाही गर्नुपर्ने चल, अचल राष्ट्रिय धनको हानि-नोक्सानी भएको वा हुने देखिएमा महालेखापरीक्षकले जुनसुकै बेला प्रतिवेदन गर्न सक्ने व्यवस्था रहेकोमा सो व्यवस्था ऐनका पछिल्ला संशोधनबाट हटाइएको छ । उक्त व्यवस्था वित्तीय प्रशासनमा देखिएका जोखिम न्यूनीकरण गर्न हालको परिवर्तित अवस्थामा समेत उत्तिकै सान्दर्भिक देखिएकाले कानुनी सुधार गरी कायम गर्नुपर्ने देखिन्छ ।

सर्वोच्च लेखापरीक्षण संस्थाको रुपमा रहेको महालेखापरीक्षकको कार्यालयको स्वतन्त्रतालाई बढावा दिनु आवश्यक छ । महालेखापरीक्षकको कार्यमा स्वतन्त्रताको लागि लेखापरीक्षण सेवाका कर्मचारीको सञ्चालन र सेवा शर्तका विषयमा महालेखापरीक्षकबाट तय हुने व्यवस्था गर्नुपर्दछ । यसै गरी अन्तर्राष्ट्रिय प्रचलनअनुसारको वित्तीय स्वायत्ततासमेतका लागि विद्यमान कानुनी व्यवस्थामा सुधार आवश्यक छ ।

महालेखापरीक्षकको कार्यालयको संगठन संरचना र दरबन्दीको विषय विगत लामो समयदेखि निरुपण हुन सकेको छैन । २०३२ मा ५१७ कर्मचारी रहेको दरबन्दी हाल ४४८ छ । हालको सार्वजनिक क्षेत्रको कार्यबोझ तथा वित्तीय व्यवस्थापनमा देखिएका जोखिमका आधारमा जनशक्ति अत्यन्त न्यून रहेको छ । महालेखापरीक्षकको कार्यालय प्रदेशस्तरमा स्थापना गरी आफ्नै जनशक्तिबाट संवैधानिक जिम्मेवारी निर्वाह गर्न २०७४ आषाढदेखि नै संगठन संरचना पुनरावलोकन गरी थप दरबन्दीका लागि नेपाल सरकार समक्ष पठाएकोमा निर्णय भई नसकेको अवस्था छ । जसका कारण चालु वर्ष लेखापरीक्षण सम्पन्न हुनासाथ प्रदेशस्तरमा कार्यालय स्थापना गरी कार्य सञ्चालन गर्ने लक्ष्यमा विलम्ब हुने देखिएको छ । यसबाट २०७४।७५ को लेखापरीक्षणका लागि समेत पुनः केन्द्रबाट टोली खटाउनुपर्ने र निजीक्षेत्रका लेखापरीक्षकहरु परिचालन गर्नुपर्ने बाध्यता सिर्जना हुने देखिएको छ । यस विषयमा नेपाल सरकारबाट सकरात्मक सहयोग प्राप्त हुने अपेक्षा राखेको छु ।

महालेखापरीक्षकको प्रतिवेदनमार्फत विगतदेखि उजागर गर्दै आएका कतिपय विषय अर्थ मन्त्रालयले जारी गरेको श्वेतपत्रमा समावेश गरेको पाएको छु । आगामी दिनमा अर्थव्यवस्था र वित्तीय व्यवस्थापन सम्बन्धमा देखिएका यी समस्या सम्बोधन भई सुधार कार्यले गति लिने अपेक्षा लिएको छु ।

अन्तमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने व्यवस्थापिका-संसद, संवैधानिक निकाय, नेपाल सरकारका सबै निकाय, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकलगायत सबै प्रति आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई लेखापरीक्षण समयमै सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनुहुने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालका महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

प.सं.२०७४/७५
च.नं.१६१

मितिः २०७४।१२।२८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।

श्री अर्थ सचिव,
अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाण्डौ ।

१. **आर्थिक विवरण उपर प्रतिवेदन–** हामीले नेपाल सरकारको सञ्चितकोषको २०७४ असार ३१ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरण उपर व्यवस्थापनको जिम्मेवारी–** आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४ र प्रचलित कानून, नेपाल सार्वजनिक क्षेत्र लेखामान, अभ्यास र प्रचलन अनुरुप आर्थिक विवरण तयार गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने एवं उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी अन्तर्गत आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आंकडारहित सारभूत रुपमा प्रस्तुतीकरण गर्ने, निकायको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने आवश्यकता अनुसार उचित लेखा अनुमान लागू गर्ने कार्य पर्दछन् ।

३. **लेखापरीक्षणको जिम्मेवारी–** हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०४८, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शन अनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूत रुपमा गलत आँकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तद्अनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याईं गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूत रुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तता बारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्धेश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता लगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ ।

☐ फोन नम्बर ४२६२९५८ ☐ फ्याक्स नम्बर ४२६८३०९ ☐ पोष्ट बक्स नम्बर १३३२८

हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले कैफियतसहितको राय व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

४. **कैफियत सहितको राय व्यक्त गर्ने आधार–** कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन् ।

४.१ महालेखा नियन्त्रक कार्यालयले सञ्चितकोषको आर्थिक विवरण नेपाल सरकारले २०६६।५।३० मा स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गर्नुपर्नेमा गरेको छैन । सञ्तिकोषको आर्थिक विवरण तयार गर्ने लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.१७ अर्व २५ करोड ९४ लाख ८० हजार असुल उपर गर्नुपर्ने, रु.७ अर्व ४६ करोड ९५ लाख १६ हजार अनियमित देखिएको, रु.२५ अर्व ८७ करोड ६२ लाख ३२ हजार प्रमाण कागजात पेश नभएको, रु.३ लाख ५० हजार राजश्व लगत जिम्मेवारी नसारेको र रु.४५ लाख ४९ हजार शोधभर्ना नलिएको र रु.४४ अर्व २० करोड ५३ लाख २० हजार पेश्की वेरुजु समेत रु.९४ अर्व ८१ करोड ५४ लाख ४७ हजार वेरुजु देखिएको छ । यस अतिरिक्त राजस्व बक्यौता रु.१ खर्ब ६१ अर्ब १६ करोड १५ लाख १५ हजार र शोधभर्ना हुन बाँकी वैदेशिक अनुदान र ऋण क्रमश रु.२० अर्ब ५८ करोड १४ लाख र २२ अर्ब ३७ करोड ८१ लाख रहेकाले राजस्व असुलीमा असर पर्न गएको छ ।

४.३ प्रचलित ऐन कानूनको व्यवस्था अनुरुप सरकारी लेखा नगद आधारमा लेखाकन गरिने व्यवस्था छ । तर सञ्चित कोषको वार्षिक मौज्दात ऋणात्मक देखाएको छ । गत वर्षसम्म सरकारको मौज्दात रु.२२ अर्ब ६५ करोड १७ लाख ऋणात्मक भएकोमा यो वर्ष रु.४८ अर्ब ६१ करोड ऋणात्मक हुन गई रु.७१ अर्ब २६ करोड १७ लाख ऋणात्मक मौज्दात रहेको छ । नगदमा आधारित प्रणाली अवलम्बन गरी तयार गरेको वित्तीय विवरणमा ऋणात्मक मौज्दात सम्बन्धमा छानविन गरी यकिन गरेको छैन ।

४.४ सञ्चित कोषको आर्थिक विवरणमा बाहय ऋण अर्न्तगत नगद प्राप्त रु.१० अर्ब ५३ करोड १३ लाख, शोधभर्ना प्राप्त रु.२१ अर्ब ६३ करोड ६ लाख र सोझै भुक्तानी प्रत्यक्ष ऋण रु.६ अर्ब ९९ करोड २६ लाख समेत रु.३९ अर्ब १५ करोड ४५ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैकले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ती रु. ४७ अर्ब ८० करोड ६५ लाख देखाएकोले नेपाल राष्ट्र बैकको ट्रेजरी हिसाबसंग कार्यालयले पेस गरेको ऋण रकम समेत फरक परेको छ । कार्यालयले प्रस्तुत गरेको सञ्चित कोषको आर्थिक विवरण र नेपाल राष्ट् बैकले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.८ अर्ब ६५ करोड २० लाख फरक परेको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

४.५ सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदान अन्तर्गत नगद प्राप्त रु.७ अर्ब १८ करोड ६१ लाख, शोधभर्ना प्राप्त रु. २४ अर्ब ७४ करोड ६२ लाख, सोझै भुक्तानी प्रत्यक्ष अनुदान रु. ६ अर्ब ५० करोड र वस्तुगत सहायता रु.१ अर्ब ८३ करोड ३२ लाख समेत रु.४० अर्ब २६ करोड ५५ लाख आम्दानी देखाएको छ । यस्तै नेपाल राष्ट्र बैकले यो वर्ष रु.१४ अर्ब ४७ करोड ६८ लाख अनुदान प्राप्त भएको देखाएको छ । यसरी सञ्चित कोषले देखाएको प्रत्यक्ष्य अनुदान र वस्तुगत सहायता बाहेक र नेपाल राष्ट्र बैकको अनुदान प्राप्ति हिसाबको रु.१७ अर्ब ४५ करोड ५५ लाख फरक परेको सम्बन्धमा हिसाब मिलान गरेको छैन ।

४.६ यो वर्ष नेपाल सरकारलाई नेपाल विद्युत प्राधिकरणले बुझाउनु पर्ने व्याज रु. ६ अर्ब ९५ करोड ६८ लाख मध्ये नेपाल सरकारले मिति २०७४।३।३१ मा दिएको ऋण लगानी निकासाबाट रु १ अर्ब ६ करोड ९९ लाख बुझाएको देखिन्छ । उक्त कारोबारबाट संचित कोषमा खर्च बृद्धि भएको छ ।

४.७ अर्थमन्त्रालयले बजेट फ्रिज हुन नदिने उद्देश्यले बर्षान्तमा वोर्ड, कोष, प्राधिकरण लगायत आठ निकायमा रु. १६ अर्व ३१ करोड ९ लाख ट्रान्सफर गरी निकासा खर्च लेखेको छ । तर उक्त रकम उपयोग नभएवाट यथार्थमा खर्च मान्न सकिने अवस्था छैन । यस प्रकारको खर्चबाट बजेट खर्चको आकार १.९६ प्रतिशतले बृद्धि भएको छ ।

४.८ संचित कोषको आर्थिक विवरणमा कुल राजश्व रु.६ खर्व १२ अर्व ५३ करोड १५ लाख र खर्च रु.८ खर्व ३१ अर्व २ करोड ८९ लाख देखिएको छ । तर केन्द्रीय आर्थिक विवरणमा राजश्व रु.६ खर्व ९ अर्व ११ करोड ४० लाख र

खर्च रु.८ खर्व ३७ अर्व २४ करोड ७८ लाख देखिएबाट फरक परेको छ । संचित कोषमा प्राप्ती तर्फ अनुदान रु.४० अर्व २६ करोड ५६ लाख र वैदेशिक ऋण रु.३९ अर्व १५ करोड ४५ लाख प्राप्ती देखाएकोमा केन्द्रीय आर्थिक विवरणमा अनुदान रु.४० अर्व ८१ करोड ९३ लाख र ऋण रु.५९ अर्व २ करोड २२ लाख प्राप्त देखिएकोले फरक परेको छ ।

४.९ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तीको संरक्षण, स्रोत साधनको प्राप्ती र उपयोग, बजेट व्यवस्थापन र श्रोत सुनिश्चितता, बैदेशिक सहायता परिचालन, राजश्व असूली, सार्वजनिक खरीद व्यवस्थापन, आयोजना व्यवस्थापन, कार्यक्रम स्वीकृती एवं कार्यन्वयन, अनुदान वितरण तथा अनुगमन, पुन निर्माण तथा पुनर्स्थापना, प्राकृतिक श्रोत तथा सांस्कृतिक सम्पदाको संरक्षण, सेवा प्रवाह लगायतका विषयमा कमि कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षकको राय–** हामीलाई उपलब्ध गराइएको स्रेस्ता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा अनुच्छेद ४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक नेपाल सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७४ आषाढ ३१ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखाप्रणाली अनुसार सही र यर्थाथ चित्रण गर्दछ ।

(टंकमणि शर्मा दंगाल)
महालेखापरीक्षक

नेपाल सरकार

अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

उत्तरदायित्व स्पष्टोक्ति

नेपालको संविधानको भाग १० संघिय आर्थिक कार्य प्रणाली,आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधी नियमावली, २०६४ को व्यवस्था बमोजिम नेपाल सरकारको ३१ असार,२०७४ मा समाप्त भएको आर्थिक बर्षको वार्षिक आर्थिक विवरणहरु-सञ्चितकोष र आय-व्यय विवरणहरुको आधार तथा लेखा टिप्पणी महालेखा नियन्त्रक कार्यालयद्वारा तयार पारिएको छ ।

साथै हामी नगदमा आधारित लेखा प्रणाली बमोजिम अभिलेखित सुचनाहरुको आधारमा महालेखा नियन्त्रक कार्यालयद्वारा उक्त आर्थिक विवरणहरु तयार पारिएको व्यहोरा व्यक्त गर्दछौं । यसले नेपाल सरकारको ३१ असार, २०७४को आर्थिक स्थिति र सो मितिमा समाप्त भएको कारोबारलाई दर्शाउछ ।

उक्त आर्थिक विवरणहरु नेपालको संविधानको भाग १० संघिय आर्थिक कार्यप्रणाली, आर्थिक कार्यविधि ऐन, २०५५ र आर्थिक कार्यविधी नियमावली, २०६४ को प्रावधान सम्मत रहेको तथा यी आर्थिक विवरणहरु एवम् त्यसमा रहेका सुचना पुर्ण र विश्वसनीय छन् ।

रामकुमार आचार्य
(महालेखा नियन्त्रक)
महालेखा नियन्त्रक कार्यालय

यी आर्थिक विवरणहरु र त्यसमा रहेका सुचनाहरु आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधी नियमावली, २०६४, नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६९ र नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को प्रावधान सम्मत रहेका छन् ।

राजन खनाल
(सचिव)
अर्थ मन्त्रालय

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । नेपाल सरकार र नेपाल सरकारको अधिकांश स्वामित्व भएको संगठित संस्थासमेत पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथा भएका संस्थामा लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसँग परामर्श गरिने,संघीय कानुनबमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा लेखा राख्ने एवं अन्य कुनै कार्यालय लेखापरीक्षण गर्नुपर्ने गरी संघीय कानुनमा व्यवस्था गर्न सकिने प्रावधान छ । लेखापरीक्षण ऐन, २०४८ मा महालेखापरीक्षकले लेखापरीक्षणसम्बन्धी तरिका, क्षेत्र, पद्धति निर्धारण गर्ने र नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी परीक्षण गर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । यस प्रयोजनको लागि देहायअनुसार विशिष्ट उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष संवैधानिक अंग, मन्त्रालय, विभाग तथा कार्यालय, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण, विश्वविद्यालय र कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थालगायतको २०७३।७४ को आर्थिक कारोबार र पेस भएसम्म बक्यौतासमेतको लेखापरीक्षण सम्पन्न गरिएको छ । सम्पन्न लेखापरीक्षणमा वित्तीय तथा नियमितता, कार्यमूलक, वातावरणीय र सूचना प्रविधिमा आधारित लेखापरीक्षणसमेत समावेश छ । लेखापरीक्षणको क्रममा विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न विगत वर्षदेखि लेखापरीक्षणको अवधिसम्मको सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन २०४८, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) बाट प्रतिपादित लेखापरीक्षणका आधारभूत सिद्धान्त, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकतानुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । साथै कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजको समेत सहभागिता गराइएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र वार्षिक प्रतिवेदनको मस्यौदाउपर सम्बन्धित लेखाउत्तरदायी अधिकृतसंग छलफल गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, संगठित संस्था, समिति, वोर्डका पदाधिकारी, विभागिय प्रमुख, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, पत्रकार, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ । यसैगरी प्राविधिकलगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषयविज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ । यस वर्षदेखि स्थानीय तहको समेत लेखापरीक्षण गरिएको र कार्यालयको जनशक्ति पर्याप्त नभएको, थप दरबन्दीसमेत स्वीकृत नभएकोले बाह्य लेखापरीक्षकलाई लेखापरीक्षण सहायकको रुपमा नियुक्ति गरी २०७४ फागुन २७ भन्दा अगाडिका साविक गाउँ विकास समिति, नगरपालिका, जिल्ला विकास/समन्वय समिति र तत्पश्चात् गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको छुट्टाछुट्टै एवं एकीकृतरुपमा लेखापरीक्षण गरिएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने नेपालको संविधानको धारा २९४ को व्यवस्था भएबमोजिम यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ४ परिच्छेद तथा २३ अनुसुची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरूजूको स्थिति, परिच्छेद ३ स्थानिय तह र परिच्छेद ४ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ । साथै वार्षिक प्रतिवेदनका मुख्य विषय समावेश गरी सारांशसमेत तयार गरिएको छ ।

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
परिच्छेद १:	**लेखापरीक्षण गरिएका निकायको विवरण**	१
परिच्छेद २:	**लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति**	५
	१. व्यवस्थापिका-संसद सचिवालय	१३
	२. सर्वोच्च अदालत	१५
	३. निर्वाचन आयोग	१७
	४. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२२
	५. अर्थ मन्त्रालय	३४
	६. आपूर्ति मन्त्रालय	११५
	७. उद्योग मन्त्रालय	११९
	८. ऊर्जा मन्त्रालय	१२७
	९. कृषि विकास मन्त्रालय	१३६
	१०. खानेपानी तथा सरसफाई मन्त्रालय	१५०
	११. गृह मन्त्रालय	१६५
	१२. जनसंख्या तथा वातावरण मन्त्रालय	१७८
	१३. परराष्ट्र मन्त्रालय	१८४
	१४. पशुपन्छी विकास मन्त्रालय	१९२
	१५. भूमिसुधार तथा व्यवस्था मन्त्रालय	१९७
	१६. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	२०६
	१७. महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय	२४८
	१८. युवा तथा खेलकुद मन्त्रालय	२५३
	१९. रक्षा मन्त्रालय	२५९
	२०. वन तथा भू-संरक्षण मन्त्रालय	२६७
	२१. वाणिज्य मन्त्रालय	२८०
	२२. विज्ञान तथा प्रविधि मन्त्रालय	२८४
	२३. शहरी विकास मन्त्रालय	२८८
	२४. शान्ति तथा पुनर्निर्माण मन्त्रालय	२९७
	२५. शिक्षा मन्त्रालय	२९८
	२६. श्रम तथा रोजगार मन्त्रालय	३३०
	२७. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	३३७
	२८. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	३५६
	२९. सहकारी तथा गरिबी निवारण मन्त्रालय	३८०
	३०. सामान्य प्रशासन मन्त्रालय	३८२
	३१. सिँचाइ मन्त्रालय	३८५
	३२. सूचना तथा सञ्चार मन्त्रालय	३९८
	३३. स्वास्थ्य मन्त्रालय	४०६
	३४. राष्ट्रिय योजना आयोगको सचिवालय	४३८
परिच्छेद ३:	**स्थानीय तह**	४४३
परिच्छेद ४:	**सुधारका क्षेत्रहरु**	४५५
अनुसूचीहरु		४६९

परिच्छेद – १
लेखापरीक्षण गरिएका निकायको विवरण

• समष्टिगत लेखापरीक्षण

लेखापरीक्षण गरिएका निकाय र विषय	संख्या	रकम (रु. करोडमा)
(क) वित्तीय लेखापरीक्षण		
१. सरकारी कार्यालय	४८१२	१७,५२,९३
२. स्थानीय तह (सांविक स्थानीय निकाय ३३७४ समावेश)	७३८	१,८०,३१
३. जिल्ला विकास समिति/जिल्ला समन्वय समिति	७५	२,१४,२२
४. समिति र अन्य संस्था	८९७	१,३८,८१
५. संगठित संस्था	८५	२४,०१,६४
(ख) कार्यमूलक लेखापरीक्षण	७	०
(ग) सूचना प्रविधि लेखापरीक्षण	१	०
(घ) वातावरणीय लेखापरीक्षण	१	०
जम्मा	**६६१६**	**४६,८७,९१**

यो वर्ष ४ हजार ८१२ सरकारी कार्यालयको रु.१७ खर्ब ५२ अर्ब ९३ करोड, जिल्ला विकास समिति/समन्वय समिति ७५, स्थानीय तह ७४४ मध्ये ७३८ (सांविक स्थानीय निकाय ३ हजार ३७४ समेत), विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानलगायत ९८२ निकायको रु.२९ खर्ब ३४ अर्ब ९८ करोडसमेत रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त ७ विषयको कार्यमूलक, १ विषयको सूचना प्रविधिमा आधारित तथा १ विषयको वातावरणीय लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण अनुसूची १, १क, १ख २, ४, १४ र २० मा उल्लेख छ।



१. **सरकारी निकाय** – यो वर्ष ४ हजार ८१२ सरकारी निकायको विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.करोडमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न		
		२०७३।७४ को रकम	बक्यौता	जम्मा
१.	विनियोजन निकासा	८३७०६	१७१	८३८७७
२.	राजस्व असुली	६०३६४	९	६०३७३
३.	धरौटी आम्दानी	३४२८	१	३४२९
४.	अन्य	२७६०२	१२	२७६१४
	जम्मा	**१७५१००**	**१९३**	**१७५२९३**

लेखापरीक्षण सम्पन्न निकायको विवरण अनुसूची १ मा र लेखापरीक्षण रकमको विवरण अनुसूची २ मा उल्लेख छ । गतवर्षसम्म सरकारी कार्यालयतर्फ रु.५ अर्ब ३१ करोड लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष रु.१ अर्ब ९३ करोड लेखापरीक्षण भएको छ ।

२. **जिल्ला विकास/समन्वय समिति** – जिल्ला विकास/समन्वय समिति ७५ को यो वर्षको कारोबार रु.२ खर्ब १४ अर्ब २२ करोड को लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची–१४ मा छ ।

३. **स्थानीय तह –** यो वर्ष महानगरपालिका ६, उपमहानगरपालिका ११, नगरपालिका २७५ र गाउँपालिका ४४६ समेत ७३८ स्थानीय तहको रु.१ खर्ब ८० अर्ब ३१ करोडको लेखापरीक्षण गरिएको छ । यससम्बन्धी विवरण अनुसूची २० मा छ ।

४. **समिति र अन्य संस्था –** यो वर्ष ८९७ समिति र अन्य संस्थाको रु.१ खर्ब ३८ अर्ब ८१ करोडको लेखापरीक्षण गरिएको छ । समितिहरुको विस्तृत विवरण अनुसूची १क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद २ को मन्त्रालय खण्डमा समावेश छ ।

५. **संगठित संस्था–** यो वर्ष संगठित संस्थातर्फ ८५ इकाइको रु.२४ खर्ब १ अर्ब ६४ करोडको लेखापरीक्षण गरिएको छ । विस्तृत विवरण अनुसूची–१क, ४, ५, ६ र ७ मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद–२ को मन्त्रालय खण्डमा समावेश छ ।

६. **कार्यमूलक लेखापरीक्षण** – यो वर्ष ७ विषयको कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गरिएका विषयको विवरण अनुसूची १ख मा र लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद २ को मन्त्रालय खण्डमा समावेश छ ।

७. **सूचना प्रविधि लेखापरीक्षण –** यो वर्ष "सरकारी निकायमा सूचना प्रविधिको प्रयोग" विषयमा सूचना प्रविधिमा आधारित लेखापरीक्षण गरिएको छ । यस सम्बन्धी प्रमुख व्यहोरा व्यहोरा परिच्छेद २ को मन्त्रालय खण्डमा समावेश छ ।

८. **वातावरणीय लेखापरीक्षण –** यो वर्ष "काठमाडौं उपत्यकाको वायु प्रदूषण" को अवस्था विषयमा वातावरणीय लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद २ को जनसंख्या तथा वातावरण मन्त्रालय खण्डमा समावेश छ ।

९. **लेखापरीक्षण कार्यविधि –** यो वर्ष सरकारी कार्यालय, समिति, प्रतिष्ठान, जिल्ला विकास/समन्वय समिति र स्थानीय तहको लेखापरीक्षण गर्दा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणका क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूह लगायत सरोकारवालालाई समेत छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

• सरकारी बजेट र राजस्वको कार्यान्वयन स्थिति

१०. **सरकारी बजेट तथा खर्च –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७१।७२ र २०७२।७३ को यथार्थ खर्च तथा २०७३।७४ को क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ:

(रु. लाखमा)

शीर्षक/क्षेत्र	२०७१।७२ को यथार्थ खर्च	२०७२।७३ को यथार्थ खर्च	२०७३।७४ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु खर्च	३३९४०७६	३७१२९४९	६१७१६४१	५१८६१६२	८४.०३
पुँजीगत खर्च	८८८४३५	१२३२५१४	३११९४६३	२०८७४८३	६६.९२
वित्तीय व्यवस्था (साँवा ब्याज भुक्तानी)	१०३३०७२	१०६४६७०	११९८१०९	१०९८८३३	९१.७१
जम्मा	**५३१५५८३**	**६०१०१३३**	**१०४८९२१३**	**८३७२४७८**	**७९.८२**
सामान्य सार्वजनिक सेवा	१७४१४९१	१७२४८१३	२७१४१७९	२०९६८५५	७७.२६
रक्षा	३३१५५७	३५०९९४	३६०४५०	४३११५५	११९.६२
सार्वजनिक शान्ति सुरक्षा	३३९७०४	३४७९४७	४१६२०५	५६९९१५	१३६.९३
आर्थिक मामला	१३८२३८३	१७५३०२४	४२४९९९३	२८१२८८७	६६.१९
वातावरण संरक्षण	७५४२४	११७४३४	१५०७००	६३५२५	४२.१५
आवास तथा सामुदायिक सुविधा	१६८५९२	२२८०८४	५१६७६१	४१०३०५	७९.४०
स्वास्थ्य	२९४६८४	३४००९०	४८४२७१	४५३५७५	९३.६६
संस्कृति र धर्म	३३५०८	३९६६६	६२३६२	६४८६६	१०४.०२
शिक्षा	७९८४०८	९०६८९५	११५८३०६	१०८५९०१	९३.७५
सामाजिक सुरक्षा	१४९८३२	२०११८६	३७५९८६	३८३४९४	१०२.००
जम्मा	**५३१५५८३**	**६०१०१३३**	**१०४८९२१३**	**८३७२४७८**	**७९.८२**

११. **खर्चको स्थिति** – महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने पाँच मन्त्रालय र अन्यको खर्चको विवरण निम्नानुसार छ:

(रु. लाखमा)

चालु खर्च				पुँजीगत खर्च			
क्र.सं.	मन्त्रालय	रकम	कुल चालु खर्चको प्रतिशत	क्र.सं.	मन्त्रालय	रकम	कुल पूँजीगत खर्चको प्रतिशत
१	शिक्षा मन्त्रालय	१०८९४१२	२१.०१	१	भौतिक पूर्वाधार तथा यातायात	७१७३१९	३४.३६
२	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	९४६४३४	१८.२५	२	सिंचाई	२५४८५२	१२.२१
३	गृह मन्त्रालय	५५२०४०	१०.६४	३	संघीय मामिला तथा स्थानीय विकास	२२६९५२	१०.८७
४	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४१४५१७	७.९९	४	खानेपानी तथा सरसफाइ	२१५३६४	१०.३२
५	रक्षा मन्त्रालय	३८०२६८	७.३३	५	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	११९८४२	५.७४
६	अन्य	१८०३४९१	३४.७८	६	अन्य	५५३१५४	२६.५०
	जम्मा	**५१८६१६२**	**१००.००**		**जम्मा**	**२०८७४८३**	**१००.००**

चालु र पुँजीगत खर्च बाहेक वित्तीय खर्च रु.१ खर्ब ९ अर्ब ८८ करोड रहेको छ ।

१२. **स्रोतगत खर्च –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७१।७२ र २०७२।७३ को यथार्थ खर्च तथा २०७३।७४ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु.लाखमा)

स्रोत	२०७१।७२ को यथार्थ खर्च	२०७२।७३ को यथार्थ खर्च	२०७३।७४ को		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
			अनुमान	यथार्थ खर्च	
नेपाल सरकार	४६७६७५२	५२८२४३३	७४६३०९३	७३७४०६३	३९.६०
वैदेशिक अनुदान	३८२६७३	३९५४१८	१०६८९६४	४०८१९३	३.२३
वैदेशिक ऋण	२५६१५८	३३२२८३	१९५७१५७	५९०२२२	७७.६३
जम्मा	**५३१५५८३**	**६०१०१३४**	**१०४८९२१४**	**८३७२४७८**	**३९.३१**

१२.१. यो वर्ष नेपाल सरकारको स्रोततर्फ रु.७ खर्ब ३७ अर्ब ४१ करोड खर्चमध्ये राजस्वबाट रु.६ खर्ब १५ अर्ब ४७ करोड (८३.४६ प्रतिशत) व्यहोरेको छ ।

१२.२. यो वर्ष चालुतर्फ रु.५ खर्ब १८ अर्ब ६२ करोड खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.१० अर्ब १५ करोड रहेको छ । यो रकममा बहुपक्षीय र द्विपक्षीय ऋणको ब्याज भुक्तानी रु.१० अर्ब २ करोडसमेत समावेश छ ।

१२.३. यो वर्ष वैदेशिक अनुदानतर्फ २९ निकायअन्तर्गत रु.१ खर्ब ६ अर्ब ९० करोड प्राप्त हुने अनुमान भएकोमा रु.४० अर्ब ८२ करोड प्राप्त भएको र वैदेशिक ऋणतर्फ १५ निकायअन्तर्गत रु.१ खर्ब ९५ अर्ब ७२ करोड प्राप्त हुने अनुमान भएकोमा रु.५९ अर्ब २ करोड प्राप्त भएको छ ।

१३. **राजस्व असुली –** महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार राजस्वको स्रोतअनुसार २०७१।७२ र २०७२।७३ को यथार्थ असुली तथा २०७३।७४ को अनुमान र यथार्थ असुलीको स्थिति निम्नानुसार छ:

(रु. लाखमा)

विवरण	२०७१।७२ को यथार्थ असुली	२०७२।७३ को यथार्थ असुली	२०७३।७४ को		
			अनुमान	असुली	प्रतिशत
कुल राजस्व	**४१३९२९९**	**४९८९१६५**	**५७५८९६४**	**६१५४६८४**	**१०६.८७**
१. कर राजस्व	३५५९५५५	४२१०९६६	५१०५९१८	५५३८०१६	१०८.४६
२. गैरकर राजस्व (गत वर्षको नगद मौज्दात तथा बेरुजूसमेत)	५५८९२८	६४१२५९	५५३०४६	५८७२६६	१०६.१९
३. साँवा फिर्ता	२०८१६	१३६९४०	१०००००	२९४०२	२९.४०

गतवर्षको तुलनामा यो वर्ष राजस्व असुली २३.३६ प्रतिशतले बढेको देखिन्छ । २०७३।७४ को असुलीमा गत वर्षको नगद मौज्दात तथा बेरुजूबाट दाखिला भएको रु.३ अर्ब ४० करोड ७८ लाख समावेश छ । यससम्बन्धी विवरण अनुसूची १३ मा उल्लेख छ । राजस्व असुली सम्बन्धमा लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा परिच्छेद–२ को मन्त्रालय खण्डमा समावेश छ ।

परिच्छेद – २
लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, अन्य संस्था र जिल्ला विकास समिति/समन्वय समितिले उपर्युक्त परिभाषाबमोजिम बेरुजू ठहरिने, असुल फछ्यौंट गर्नुपर्ने तथा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम देहायअनुसार रु.५ खर्ब ८ करोड रहेको छ:

(रु.करोडमा)

क्र.सं.	विवरण	रकम
१	सरकारी कार्यालयको बेरुजू	२१३६७
२	स्थानीय तहको बेरुजू	१४२५
३	जिल्ला समन्वय समिति, अन्य संस्था र समितिका बेरुजू	६२६१
४	लेखापरीक्षण बक्यौता	३३८
५	राजस्व बक्यौता	१६११६
६	शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	२०५८
७	शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	२२३८
८	जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	२०५
	जम्मा	**५०००८**

द्रष्टव्य: *संगठित संस्थाहरुको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण कार्य यस कार्यालयबाट नहुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।*

गत वर्ष कारबाही गरी टुङ्गो लगाउनुपर्ने रु.३ खर्ब ९६ अर्ब २५ करोड रहेकोमा यो वर्ष २६.२० प्रतिशतले वृद्धि भई रु.५ खर्ब ८ करोड पुगेको छ ।

२. **बेरुजू वर्गीकरण** – आर्थिक कार्यविधि ऐन, २०५५ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष सरकारी कार्यालय, जिल्ला विकास/समन्वय समिति, अन्य समिति र संस्था एवं स्थानीय तहतर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू अङ्क निम्नानुसार छ:

(रु. लाखमा)

वर्गीकरण	सरकारी कार्यालय	स्थानीय तह	समिति तथा अन्य संस्था र जिल्ला विकास/समन्वय समिति	जम्मा	कुल बेरुजूको प्रतिशत
जम्मा बेरुजू	**९४८१५४**	**१४२४६०**	**११८४८७**	**१२०९१०१**	**१००**
१. असुल गर्नुपर्ने	**१७२५९४**	**७०२४**	**७४६१**	**१८७०७९**	**१५.४७**
२. नियमित गर्नुपर्ने	**३३३५०७**	**७४६९५**	**७८९८५**	**४८७१८७**	**४०.२९**
• अनियमित भएको	७४६९६		३८९७७	११३६७३	९.४०
• प्रमाण कागजात पेस नभएको	२५८७६२		३५१८८	२९३९५०	२४.३१
• जिम्मेवारी नसारेको	३		२०९१	२०९४	०.१७
• शोधभर्ना नलिएको	४६		२७२९	२७७५	०.२३
३. पेस्की	**४४२०५३**	**६०७४१**	**३२०४१**	**५३४८३५**	**४४.२४**
• कर्मचारी पेस्की	४१२३		९८९	५११२	०.४२
• मोबिलाइजेसन पेस्की	२४५७८६		०	२४५७८६	२०.३३
• प्रतीतपत्र पेस्की	७२७९६		०	७२७९६	६.०२
• संस्थागत पेस्की	११९३४८		३१०५२	१५०४००	१२.४४

स्थानीय तहतर्फ नियमित गर्नुपर्ने र पेस्कीको समूहगत वर्गीकरण नगरिएको कारण समूहगत प्रतिशतमा फरक पर्न गएको छ । बेरुजू वर्गीकरणको विवरण अनुसूची–१५, १६ र २१ मा उल्लेख छ ।

२.१ यो वर्ष सरकारी कार्यालय, स्थानीय तह, जिल्ला विकास/समन्वय समिति, संगठित संस्था, अन्य समिति तथा संस्थासमेतको रु.४६ खर्ब ८७ अर्ब ९१ करोडको लेखापरीक्षण सम्पन्न भएकोमध्ये सरकारी कार्यालय र स्थानीय तहतर्फ रु.१९ खर्ब ३३ अर्ब २४ करोडको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु. १ खर्ब १९ अर्ब ६० करोड बेरुजू देखिएको छ । सोमध्ये प्रतिवेदन अवधिसम्म रु.१० अर्ब ५४ करोड (कुल बेरुजूको ८.८१ प्रतिशत) सम्परीक्षण गराएबाट बाँकी बेरुजूका सम्बन्धमा बेरुजू फछ्यौंटको कारबाही हुन आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १९ (३) को व्यवस्था अनुसार सम्बन्धित लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइएको छ । सोही ऐनको उपर्युक्त दफाको व्यवस्थाअनुसार फछ्यौंट तथा सम्परीक्षण नगराएको रकमसहितको विवरण सम्बन्धित विभागीय मन्त्री र निकाय प्रमुखलाई जानकारी गराउँदा पनि रु.१ खर्ब ९ अर्ब ६ करोडको बेरुजू फछ्यौंट हुन बाँकी रहेको छ। विस्तृत विवरण अनुसूची १५ र २१ मा समावेश छ।



२.२ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १८ मा बेरुजू फछ्यौंट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने र बेरुजू फछ्यौंट गरे नगरेको सम्बन्धमा रेखदेख गरी प्रचलित कानुनबमोजिम फछ्यौंट गर्न लगाउने दायित्व लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको छ। सोही ऐनको दफा १९ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्यौंट गर्ने र फछ्यौंट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०७३।७४ को बेरुजू फछ्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम अनुसूची २३ मा समावेश गरिएको छ।

२.३ सरकारी कार्यालय, स्थानीय तह, जिल्ला विकास/समन्वय समिति, अन्य समिति तथा संस्थासमेतको यो वर्षको लेखापरीक्षणबाट रु.१ खर्ब २० अर्ब ९१ करोड बेरुजू देखिएको छ । यो वर्षसम्म फछ्यौंट गर्न बाँकी कुल बेरुजू रु. २ खर्ब ९० अर्ब ५३ करोडको छ। विस्तृत विवरण अनुसूची १७, १८ र २१ मा छ।

२.४ सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्:

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१.	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था	१२०५३७४	२५५८९	२३८५७	१६३२५२	२१२६९८	२२.४३	१७.६५
२.	अर्थ	८९२६०५९	९३९७५	६४६३४	३०३०	१६१६३९	१७.०५	१.८१
३.	संघीय मामिला तथा स्थानीय विकास	१५५७४२९	७४४५	३८९५२	६७२४७	११३६४४	११.९९	७.३०
४.	शिक्षा	११०७३४९	१४९३	८८१३४	१८३०२	१०७९२९	११.३८	९.७५
५.	रक्षा	५५५७९४	५०३	३१०	६५१११	६५९२४	६.९५	११.८६
६.	खानेपानी तथा सरसफाई	२९३२६८	९३४४	२२०२०	२६१३८	५७५०२	६.०६	१९.६१
७.	शहरी विकास	२७९५४७	३७८८	११७६५	३५६८९	५१२४२	५.४०	१८.३३
८.	स्वास्थ्य तथा जनसंख्या	३७६७४१	११३२	१३३७१	११९१९	२६४२२	२.७९	७.०१
९.	सिंचाई	२९६९६९	८५७	७६८३	१४६२४	२३१६४	२.४४	७.८०
१०.	गृह	८४८८५५	१२८	११३०२	११६७७	२३१०७	२.४४	२.७२
११.	अन्य	२०८१८५३	२८३४१	५१४७८	२५०६४	१०४८८३	११.०७	५.०४
	जम्मा	**१७५२९२३८**	**१७२५९५**	**३३३५०६**	**४४२०५३**	**९४८१५४**	**१००.००**	**५.४१**

उल्लिखित दश मन्त्रालयमा सरकारी कार्यालयतर्फको कुल बेरुजूको ८८.९४ प्रतिशत रहेको छ।



२.५ यो वर्ष ४ हजार ८१२ सरकारी कार्यालयको लेखापरीक्षण गरेकोमा १ हजार ३१७ कार्यालय (२७.३६ प्रतिशत) मा लगती बेरुजू देखिएन । राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, राष्ट्रिय मानवअधिकार आयोग, न्याय परिषद्, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, विज्ञान तथा प्रविधि मन्त्रालय, सामान्य प्रशासन मन्त्रालयको उल्लेखनीय बेरुजू देखिएन ।

२.६ यो वर्ष ३ हजार ४९५ सरकारी कार्यालयको ४४ हजार ११९ दफा बेरुजू देखिएकोमा २६ हजार ५१० दफा सैद्धान्तिक र १७ हजार ६०९ दफा लगती बेरुजू कायम भएको छ ।

२.७ सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको रु.१७ अर्ब ७९ करोड ५१ लाखमध्ये ३८ निकायअन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रु.२८ करोड ३४ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि २८ निकायअन्तर्गतका कार्यालयले रु.२५ करोड २२ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा ३५ निकाय मातहतका कार्यालयले रु.१३ अर्ब ५४ करोड ८८ लाख समेत रु.१४ अर्ब ८ करोड ४४ लाख र अन्य निकायबाट असुल भएको रु.६७ लाखसमेत कुल रु.१४ अर्ब ९ करोड ११ लाख असुल भएको छ । यो वर्षको लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रु.१७ अर्ब २५ करोड ९५ लाखमध्ये १० मन्त्रालयको रु.१४ अर्ब ४२ करोड ५४ लाख (८३.५८ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रु.२ अर्ब ८३ करोड ४१ लाख (१६.४२ प्रतिशत) देखिएको छ ।

लेखापरीक्षणबाट असुलीमा योगदान

(रु.लाखमा)

बेरुजू असुली विवरण	रकम
लेखापरीक्षणको क्रममा	२८३४
प्रारम्भिक प्रतिवेदन पठाएपछि	२५२२
सम्परीक्षणको क्रममा	१३५४८८
अन्य निकायको लेखापरीक्षणबाट	६७
जम्मा असुली	**१४०९११**

२.८ सरकारी कार्यालयतर्फ गत वर्षसम्मको पेस्की रु.५८ अर्ब ३६ करोड ३० लाख बाँकी रहेकोमध्ये रु.२० अर्ब ५२ करोड ८० लाख (३५.१७ प्रतिशत) फछ्यौंट भई रु.३७ अर्ब ८३ करोड ४९ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रु.४४ अर्ब २० करोड ५३ लाखसमेत कुल पेस्की रु.८२ अर्ब ४ करोड २ लाख बाँकी रहेको छ । सोमध्ये कर्मचारी रु.२ अर्ब ६९ करोड १० लाख (३.२८ प्रतिशत) मोबिलाइजेसन रु.३९ अर्ब १९ करोड २९ लाख (४७.७७ प्रतिशत), प्रतीतपत्र रु.१० अर्ब ९८ करोड ८७ लाख (१३.३९ प्रतिशत) र अन्य पेस्की रु.२९ अर्ब १६ करोड ७६ लाख (३५.५५ प्रतिशत) रहेको छ । पेस्की बाँकीको अद्यावधिक विवरण अनुसूची ८ मा छ । त्यस्तै समिति, अन्य संस्थातर्फ यो वर्षको रु.३ अर्ब २० करोड ४१ लाख पेस्की बाँकी देखिएको छ ।

२.९ सरकारी कार्यालयतर्फ ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छ:

(रु. लाखमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत	पेस्कीबाहेकको बेरुजू	पेस्की बाहेकको बेरुजू प्रतिशत
त्रिपन्नौं	१०४३२३८४	४८७७८८	४.६८	२३६७४४	२.२७
चउन्नौं	१२९५४४९२	८८८५५९	६.८६	६४८४२१	५.०१
पचपन्नौं	१७५२९२३८	९४८१५४	५.४१	५०६१७५	२.८९

पेस्की बाहेकको बेरुजू प्रतिशत गत वर्ष ५.०१ प्रतिशत रहेकोमा यो वर्ष २.८९ प्रतिशत रहेको छ। मन्त्रालय र केन्द्रीय निकायगत लेखापरीक्षण अङ्क र बेरुजूको तुलनात्मक स्थिति अनुसूची २२ मा रहेको छ।

३. **बेरुजू न्यूनीकरण –** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा आर्थिक अनुशासनको स्थिति कमजोर देखिएको छ। यस्तो स्थिति आउनमा मूलत: कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोर अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन्। अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन। कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकांकको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ।

४. **बेरुजू फछ्यौंट** - यो वर्ष बेरुजू फछ्यौंट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छ:

(रु.लाखमा)

विवरण	विगतको बेरुजू	समायोजनबाट थप (घट)	फछ्यौंट तथा सम्परीक्षण	चालू वर्षको लेखापरीक्षण बेरुजू	अद्यावधिक बाँकी बेरुजू
सरकारी कार्यालय	१६७४९२६	२२०४	४८८६०५	९४८१५४	२१३६६७९
संगठित संस्था, समिति, अन्य संस्था	५४३९९८	४१९२	४०५४९	११८४८७	६२६१२८
स्थानीय तह	०	०	०	१४२४६०	१४२४६०
जम्मा	**२२१८९२४**	**६३९६**	**५२९१५४**	**१२०९१०१**	**२९०५२६७**

यो वर्ष फछ्यौंट तथा सम्परीक्षण भएको सरकारी कार्यालयको रु.४८ अर्ब ८६ करोड ५ लाखमध्ये खानेपानी, शहरी विकास, सिंचाइ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सम्परीक्षण भएको बेरुजू रु.१३ अर्ब ३ करोड १८ लाख रहेको छ। उक्त बेरुजू सम्परीक्षणको ७४.०४ प्रतिशत हिस्सा अर्थात् रु.९ अर्ब ६४ करोड ४२ लाख मोबिलाइजेसन पेस्की रहेको छ। त्यस्तो पेस्की निर्माण कार्यको रनिङ बिल भुक्तानी गर्दा कट्टा भई स्वत: फछ्यौंट हुने र सोबाहेकका अन्य बेरुजू असुल फछ्यौंट गर्न सम्बन्धित निकायहरुले पर्याप्त ध्यान दिने गरेको पाइएन। बेरुजू फछ्यौंट र सम्परीक्षणको स्थिति अनुसूची १७, १८ र २१ मा समावेश छ।

मन्त्रिपरिषद्को २०६९।६।११ को निर्णयानुसार २०५९/६० सम्मको बेरुजू लगत कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा हस्तान्तरण भई गएकोमध्ये रु.१६ करोड २२ लाख फछ्यौंट भएको छ।

लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

५. **लेखापरीक्षण बक्यौता** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४ मा महालेखापरीक्षकले तोकेको म्यादभित्र लेखा र आर्थिक विवरण दाखिला गर्नुपर्ने, तदनुसार दाखिला नगर्ने जिम्मेवार व्यक्तिलाई जरिबाना र विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ। सरकारी कार्यालय, त्रिभुवन विश्वविद्यालय, संगठित संस्था, समिति तथा अन्य संस्थाले कानुनले तोकेको समयमा लेखा तथा आर्थिक विवरण दाखिला नगरेकोले लेखापरीक्षण बक्यौता रहेको छ। यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा देहायअनुसार छन्:

५.१ सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ हजार ९२५ इकाईको रु.५ अर्ब ३० करोड ६४ लाख लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष २६ इकाईको रु.१ अर्ब ९२ करोड ५७ लाखको लेखापरीक्षण भई २ हजार ८९९ इकाईको रु.३ अर्ब ३८ करोड ७ लाख बाँकी रहेको छ । सार्वजनिक लेखा समितिले बक्यौताको लेखा पेस गरी लेखापरीक्षण गराउन निर्देशन दिए पनि लेखापरीक्षण गराएको छैन । कानुनबमोजिम कारबाही गरी लेखापरीक्षण गराउनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची ३ मा छ ।

५.२ गत वर्षसम्म २१ संगठित संस्थाको ५३ आर्थिक वर्षको लेखापरीक्षण बक्यौता रहेकोमा यो वर्ष ८ संस्थाको ४३ आर्थिक वर्षको बाँकी रहेको छ । लेखापरीक्षण गराउन संस्थाको कार्यकारी प्रमुखले चासो नराखेको कारण लेखापरीक्षण बक्यौता बढेको छ । लेखापरीक्षण बक्यौताको विवरण अनुसूची ४ मा छ ।

६. **राजस्व बक्यौता**- गत वर्षसम्म राजस्व बक्यौता रु.१ खर्ब ३२ अर्ब १८ करोड रहेकोमा यो वर्ष २१.९२ प्रतिशत वृद्धि भई रु.१ खर्ब ६१ अर्ब १६ करोड पुगेको छ । बक्यौता रकममध्ये अर्थ मन्त्रालयको ८३.७४ प्रतिशत रहेको छ । यो वर्षको मूल्य अभिवृद्धि करतर्फ बक्यौताको लगत कायम गरी आर्थिक विवरणमा नदेखाएकोले राजस्व बक्यौता रकम यकिन हुन सकेन । प्रचलित कानुनअनुसार दाखिला गर्नुपर्ने राजस्व निश्चित समयभित्र दाखिला नगर्ने व्यक्तिको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरी असुल गर्न सकिने व्यवस्था भए तापनि कार्यालयहरुले कानुनबमोजिम कारबाही नगरेकोले राजस्व बक्यौतामा वृद्धि भएको छ । निकायगत राजस्व बक्यौताको विवरण अनुसूची १० मा छ ।

७. **भुक्तानीमा कर कट्टी**– आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार करयोग्य रकम भुक्तानी गर्दाकै अवस्थामा अग्रिम कर कट्टी गर्नुपर्नेमा ३० निकायअन्तर्गतका ७२२ कार्यालयले रु.१४ करोड २२ लाख अग्रिम कर कट्टा नगरी भुक्तानी गरेका छन् । यसैगरी संगठित संस्था, समिति र अन्य संस्था १८९ ले रु.३ करोड ५३ लाख कट्टा नगरेको समेत रु.१७ करोड ७६ लाख छुट कर रकम ब्याजसहित असुल हुनुपर्दछ । यससम्बन्धी विवरण अनुसूची १२ मा छ ।

८. **वर्षान्तमा अख्तियारी एवं खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष सिंचाई, खानेपानी, सहरी विकास मन्त्रालय र सडक विभागअन्तर्गतका इकाईलाई २०७४ आषाढ महिनामा मात्र रु.२३ अर्ब ४ लाख बजेट थप गरी अख्तियारी दिएको छ ।

यो वर्ष शिक्षा विभागले मातहत कार्यालयलाई रु.८९ अर्ब ११ करोड ८४ लाखको अख्तियारी पठाएकोमध्ये रु.२ अर्ब ५१ करोड २५ लाखको अख्तियारी २०७४ आषाढमा पठाएको छ । ढिलो अख्तियारी पठाएको कारण विद्यालयको भौतिक सुविधा विस्तार कार्यक्रम नै प्रभावित भएको छ ।

९. **प्राविधिक तथा अन्य सहायता** - बजेट वक्तव्यसाथ व्यवस्थापिका-संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायतासम्बन्धी विवरणमा २३ मन्त्रालयअन्तर्गत १३६ संभौतामा रु.२५ अर्ब ५५ करोड ४० लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख गरेको छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १४(२) अनुसार प्राविधिक सहायतासम्बन्धी विवरण केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय-व्ययको चित्रण हुन सकेको छैन । सार्वजनिक लेखा समितिबाट प्राविधिक सहायताको लेखापरीक्षण गराउन निर्देशन दिएको भएतापनि ती सहायताको आर्थिक विवरण एवं स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन । यो वर्ष अन्य सहायता रु.८ करोड १५ लाख प्राप्त भएकोमा सो रकम बजेटमा समावेश गरी लेखापरीक्षण गराएको छैन । यससम्बन्धी विवरण अनुसूची ११ मा छ ।

१०. **कोष सञ्चालन -** सरकारी कार्यालयतर्फ २३ निकायअन्तर्गत सञ्चालनमा रहेका कोषहरुमा गतवर्षको जिम्मेवारी रु.६७ अर्ब ७२ करोड ७४ लाख र यो वर्षको आम्दानी रु.१ खर्ब ८९ अर्ब ६४ करोड ८० लाखसमेत रु.२ खर्ब ५७ अर्ब ३७ करोड ५४ लाखमध्ये रु.१ खर्ब ६४ अर्ब ५५ करोड ४८ लाख खर्च भई रु.९२ अर्ब ८२ करोड ६ लाख बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसार १९ मा छ ।यस्ता कोषमा नेपाली सेना कल्याणकारी कोष, नेपाल प्रहरी कल्याणकारी कोष, सशस्त्र प्रहरी बल कल्याणकारी कोष, पत्रकार कल्याण कोष, वातावरण संरक्षण कोष, वन विकास तथा घाटगद्दी कोष, छात्र शिक्षा कोष, जिल्ला शिक्षा कोष, शान्ति कोषलगायत छन् ।

निश्चित उद्देश्य राखी कोष स्थापना गरी रकम जम्मा गरेतापनि कार्यविधि बनाई कार्यान्वयन नगर्नाले सांसद विकास कोष, शान्ति कोष, प्रविधि विकास कोष, नयाँ निर्माण कोष, छात्रा शिक्षा कोष र

सूचना विभाग कार्य सञ्चालन कोषमा रु.५३ करोड २८ लाख विगत वर्षदेखि नै निष्क्रिय रहेको छ । अर्थ मन्त्रालयबाट २०६५।४।३० मा कुनै पनि निकायअर्न्तगत कार्य सञ्चालन कोष रहेको भए बन्द गरी विनियोजन ऐनबमोजिम खर्च गर्ने निर्णय भएपनि हालसम्म पनि यस्ता कोषहरु सञ्चालनमा नै रहेका छन् ।

११. **आयोजना हिसाब -** नेपाल सरकार र दातृ राष्ट्र/निकायबीच भएको सम्झौताअनुसार यो वर्ष ८६ आयोजनाको आयोजना हिसाबको लेखापरीक्षण प्रतिवेदन दिनुपर्नेमा ४७ आयोजनाको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ । आयोजना हिसाब सम्बन्धमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको मध्ये एसियाली विकास बैकतर्फ २६, विश्व बैङ्क, अन्तर्राष्ट्रिय विकास संस्थातर्फ १४ र अन्य दातृराष्ट्र/निकायतर्फ ७ रहेको छ । आयोजना ३९ ले आयोजना हिसाब प्रमाणीकरणका लागि पेस गरेका छैनन् । समयमै आयोजना हिसाब पेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

• सार्वजनिक खरिद व्यवस्थापन

१२. **ठेक्का व्यवस्थापन -**आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा गरिसक्नुपर्ने व्यवस्था छ । यो वर्ष भौतिक पूर्वाधार, सिंचाई, शहरी विकास, खानेपानी लगायतका ६ मन्त्रालयअन्तर्गत रु.१ खर्ब ७५ अर्ब ४३ करोडको ५ हजार ३४४ ठेक्का बन्दोबस्त गरेकोमध्ये रु.१ अर्ब २४ अर्ब ८३ करोडको ४ हजार ८७३ ठेक्का दोस्रो र तेस्रो चौमासिकमा बन्दोबस्त गरेको पाइयो । तेस्रो चौमासिकमा गरेको ठेक्का बन्दोबस्तमध्ये रु.३० अर्ब ७६ करोडको ६६४ ठेक्का आषाढ महिनाको रहेको छ ।

१३. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद कार्य गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था विपरीत सिंचाई, शहरी विकास, सहकारी, खानेपानी, स्वास्थ्य र गृह मन्त्रालयअन्तर्गत संरचना निर्माण र मालसामान खरिद कार्यलाई विभिन्न टुक्रामा बिभाजन गरी रु.१ अर्ब ४०करोड ९३ लाखको कार्य प्रतिस्पर्धाबेगर सोझै खरिद गरेको पाइयो । लागत अनुमान टुक्रा पारी सोझै खरिद गर्ने उपर कारबाही गरी यस्तो खरिद कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१४. **परामर्श सेवा -** कार्यालयको मौजुदा जनशक्तिबाट गर्न सकिने कार्यसमेत परामर्शदाताबाट गराएको छ । यो वर्ष ३ मन्त्रालय र मातहतका इकाईले रु.६१ करोड ६७ लाख परामर्श सेवा लिई खर्च गरेका छन् । विभागीय जनशक्तिबाट गराउन सकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकोले आयोजनाको लागत बढ्न गएको छ । अत्यावश्यक सेवाबाहेक विभागीय जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

१५. **भेरिएसन –** सार्वजनिक खरिद कानून र खरिद सम्झौताबमोजिम निर्माण कार्यको भेरिएसन जारी गर्न सक्ने व्यवस्था भए तापनि पूर्वानुमान गर्न सकिने प्रकृतिको कार्यमा समेत भेरिएसन गरेको, अधिकार प्राप्त नभएको तहबाट भेरिएसन थप गरेको, आवश्यकता निर्धारण नगरी बढी सामग्री प्राप्त हुने गरी भेरिएसन गरेको एवं सार्क अवधिमा गरेको कार्यको भेरिएसन आदेश जारी नगरी भुक्तानी दिएको लगायतको कारण भौतिक पूर्वाधार, सिंचाई, खानेपानी, शहरी विकास लगायतका ५ मन्त्रालयअन्तर्गत निकायले यो वर्ष रु.१ अर्ब २ करोड २२ लाख भेरिएसन थप गरी खर्च गरेको कानून सम्मत देखिएन ।

१६. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा निर्माण कार्यको लागत अनुमानमा वर्क चार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्चको लागि २.५ प्रतिशतसम्म समावेश गर्न सकिने व्यवस्था छ । कन्टेन्जेन्सी खर्च गर्ने स्पष्ट नीति तय नभएको अवस्थामा सडक, सिचाई, खानेपानी, उर्जा, शहरी विकास लागयत ६ मन्त्रालय मातहतको निकायले यो वर्ष रु.६ अर्ब ९० करोड ९२ लाख खर्च लेखका छन् । कन्टेन्जेन्सीबाट खर्च गर्ने स्पष्ट नीति तर्जुमा गरी अद्यावधिक अभिलेख राख्ने एवं तोकिएको सीमा भित्र रही खर्च गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

१७. **राष्ट्रिय गौरवका आयोजना** - मुलुकको भौतिक पूर्वाधारको विकास तथा जनतालाई सेवा सुविधा विस्तार गर्न उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिएका राष्ट्रिय गौरवका आयोजनाको २०७३।७४ सम्मको खर्च र प्रगति निम्नानुसार छ:

(रु.करोडमा)

सि.न	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	हालसम्मको खर्च	भौतिक प्रगति प्रतिशत
१	मेलम्ची खानेपानी आयोजना	२०५८/५९	२०७४/७५	३५५४	२२७१	९०.१०
२	माथिल्लो तामाकोशी आयोजना	२०६७/६८	२०७४/७५	४१७२	३३४५	९०.५०
३	पुष्पलाल (मध्यपहाडी) लोकमार्ग आयोजना	२०६४/६५	२०७४/७५	३३३७	१८९६	५८.८१*
४	बुढीगण्डकी जलविद्युत आयोजना	२०६९/७०	२०७७/७८	२७८१९	५६३	२०
५	गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल	२०७०/७१	२०७५/७६	८५६	७५८	३०
६	रानीजमरा कुलरिया सिंचाइ आयोजना	२०६६/६७	२०७४/७५	१२६३	८५०	५५.८
७	सिक्टा सिंचाइ आयोजना	२०५९/६०	२०७६/७७	२५०२	१३२३	५६
८	बबई सिंचाइ आयोजना	२०४४/४५	२०७८/७९	१२६९	५५२	४९
९	भेरी बबई डाइभर्सन बहुउदेश्य आयोजना	२०६८/६९	२०७७/७८	१६४३	२३४	२०
१०	पश्चिम सेती जलविद्युत आयोजना	-	-	-	-	-
११	पशुपति क्षेत्र विकास कोष	२०५७/५८	२०७३/७४	२०३	-	४३.५
१२	लुम्बिनी क्षेत्र विकास कोष	२०१०	२०१७	६१०	१३४	७२
१३	पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल	२०७१/७२	२०७७/७८	२१५१	३०३	१४.०८*
१४	दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ	२०७१/७२	२०७८/७९	१२०००	१०	०.०८*
१५	काठमाडौ तराई फाष्ट ट्रयाक	२०६४/६५	२०७७/७८	२५०००	४०९	१.६३*
१६	पूर्व पश्चिम रेलमार्ग	२०६६/६७	२०७५/७६	६९५१७	६८४	८.८
१७	उत्तर दक्षिण लोकमार्ग, कर्णाली	२०६४/६५	२०७९/८०	४१०	२४	१२.५
१८	उत्तर दक्षिण लोकमार्ग, कोशी	२०६५/६६	२०७७/७८	४०८	११८	४७.२
१९	उत्तर दक्षिण लोकमार्ग, काली गण्डकी	२०६६/६७	२०७६/७७	२५५१	१३४	२८.५*
२०	हुलाकी लोकमार्ग आयोजना	२०६६/६७	२०७४/७५	७४२४	१०९३	१४.७२*
२१	राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति	२०६७/६८	-	१९६	-	-

**** भौतिक प्रगति उपलब्ध नभएकोले वित्तीय प्रगति समावेश गरिएको छ ।***

राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने सूचकसहितको आधार नभएको, घोषित आयोजनाहरुको कार्यान्वयन क्षमताको अभाव रहेको, स्थानीयस्तरको विवादका कारण जग्गा प्राप्तिमा कठिनाइ रहेको, वन क्षेत्रमा कार्य गर्न बाधा परेको, निर्माण व्यवसायीको व्यवस्थापन कमजोर रहेको, अन्तरनिकाय समन्वयको अभाव रहेको र कार्यान्वयन मोडालिटी स्पष्ट नहुनुको साथै कतिपय आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार नभएको, कार्यान्वयन ढाँचा सहितको समयबद्ध कार्ययोजना नभएको स्थिति देखिएकोले प्रगति स्थिति सन्तोषजनक हुन सकेको छैन ।

• सार्वजनिक संस्थानहरुको कार्य सम्पादन

१८. **संगठित संस्थाको लेखापरीक्षण -**यो वर्ष ४६ संस्थाको बक्यौतासमेत ९९ आर्थिक वर्षको लेखापरीक्षण गर्नुपर्नेमा ३८ संस्थाको ५६ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न भएको छ । सम्पन्न ५६ मध्ये ३७ आर्थिक वर्षको अन्तिम प्रतिवेदन जारी भई ८ संस्थाको ४३ आर्थिक वर्षको बाँकी रहेको छ । समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीहरुलाई जिम्मेवार बनाई आवश्यक कारबाही हुनुपर्दछ ।

१९. **संगठित संस्थाको सञ्चालन नतिजा -** लेखापरीक्षण सम्पन्न गरिएका संगठित संस्था, समिति र अन्य संस्थामध्ये व्यावसायिक लेखा राखी वासलात तयार गर्ने ८८ संस्था, समिति र अन्य संस्थाको वित्तीय स्थिति यस प्रतिवेदनमा समावेश गरिएकोमा ५७ संस्था, समिति र अन्य संस्थाको कुल सञ्चालन मुनाफा रु.२५ अर्ब

४२ करोड २७ लाख र ३१ संस्थाको कुल सञ्चालन नोक्सानी रु.२५ अर्ब १८ करोड ९३ लाख रहको छ । यससम्बन्धी विवरण अनुसूची ६ मा उल्लेख छ ।

यस्तै व्यावसायिक लेखा नराखी आय-व्यय हिसाब मात्रै तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था ७८ को सञ्चालन बचत रु.२२ अर्ब ९५ करोड ८० लाख र ४१ संस्थाको सञ्चालन नोक्सानी रु.८० करोड ८४ लाख रहेको छ । यससम्बन्धी विवरण अनुसूची ७ मा उल्लेख छ ।

२०. **लेखापरीक्षक नियुक्तिमा परामर्श -** लेखापरीक्षण ऐन, २०४८ को दफा ७(२) अनुसार नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन । यो वर्ष ३० संस्थाले ३७ आर्थिक वर्षको मात्र लेखापरीक्षक नियुक्ति गर्न परामर्श माग गरेका छन् । समयमै परामर्श माग गरी लेखापरीक्षण अद्यावधिक नगराउने संस्थाका सम्बन्धितलाई जिम्मेवार बनाउनु पर्दछ ।

व्यवस्थापिका-संसद सचिवालय

नेपालको संविधानअनुसार प्रतिनिधिसभा र राष्ट्रियसभा नामका दुई सदनसहितको एक संघीय संसद रहने व्यवस्था छ । संघीय संसदको कामकारबाहीमा सहयोग गर्न संसद सचिवालय रहेको छ ।

यो वर्ष विनियोजन रु.१ अर्ब ५२ करोड ९८ लाख ७२ हजार, राजस्व रु.५४ लाख ४६ हजार, धरौटी रु.१ करोड ३ लाख १९ हजार, अन्य कारोबार रु.२ करोड ४० लाख ५४ हजारसमेत रु.१ अर्ब ५६ करोड ९६ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सचिवालय मातहत २ कोषको रु.२ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले एक पटकमा रु.२० लाखभन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै एकै प्रकृतिको खरिदलाई टुक्रा टुक्रा पारी पटक पटक खरिद गर्न नहुने व्यवस्था छ । सचिवालयले एकै प्रकृतिको खरिदलाई टुक्रा टुक्रा गरी विभिन्न बिक्रेता तथा निर्माण व्यवसायीमार्फत पटक पटक सोझै खरिद गरी फर्निचर तथा फिक्चर्समा रु.७५ लाख, मेसिनरी औजारमा रु.५० लाख, पुँजीगत सुधारमा रु.१ करोड ३३ लाख, औषधि खरिदमा रु.२१ लाख र कार्यालय सामानमा रु.१ करोड ६० लाखसमेत रु.४ करोड ३९ लाख खर्च गरेको देखियो । खरिद ऐन र नियमावलीअनुसार खरिद कार्य गर्नुपर्दछ ।

२. **इन्धन सुविधा** – संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०५२ तथा संघीय संसदका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७३ मा संसदीय दलका नेतालाई इन्धन खर्च उपलब्ध गराउने व्यवस्था छैन । सचिवालयले संसदीय दलका ३१ नेतालाई इन्धन खर्चबापत मासिक रु.२० हजारका दरले यो वर्ष रु.५६ लाख २० हजार उपलब्ध गराएको छ । यस सम्बन्धमा सचिवालयसँग छलफल गर्दा मन्त्रिपरिषद्को २०७१।३।१५ को निर्णयको बुँदा नं ९ मा व्यवस्थापिका-संसदका संसदीय दलका नेतालाई सवारीसाधन, इन्धन र सवारी चालकबापत हाललाई प्रतिमहिना एकमुष्ट रु.२० हजार उपलब्ध गराउने उल्लेख भएअनुसार खर्च लेखेको जनाएको छ । सचिवालयले सोही निर्णयलाई आधार मान्दै हालसम्म संसदीय दलका नेतालाई इन्धन खर्च उपलब्ध गराएको छ । ऐन नियममा व्यवस्था नगरी उपलब्ध गराएको सुविधाबापतको खर्च नियमसम्मत देखिएन । प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि संसदीय दलका नेतालाई इन्धन सुविधा खर्च उपलब्ध गराउन छाडिसकिएको जवाफ सचिवालयबाट प्राप्त भएको छ ।

३. **कानुन निर्माण पूर्वको सुविधा** – संसदका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०५२ लाई खारेज गरी व्यवस्थापिका-संसदले २०७३।९।७ मा राजपत्रमा प्रकाशित गरी संघीय संसदका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन बनाएको छ । ऐनको दफा १(२) मा यस ऐनको दफा ४, ६ र ७ मिति २०७३।४।१ देखि प्रारम्भ भएको मानिने र अन्य दफा तुरुन्त प्रारम्भ हुने उल्लेख छ । जसअनुसार भत्ता, आवास सुविधा, इन्धन सुविधाजस्ता आर्थिक व्ययभार पर्ने दफाहरु राजपत्रमा ऐन प्रकाशित मितिभन्दा ५ महिना पहिलेदेखि नै लागू हुने गरी ऐन बनाएको देखिन्छ । सचिवालयले माननीय सदस्यहरुलाई २०७३ मंसिरसम्म पुरानै दरले बैठक भत्ता रु.२००, आवास भत्ता रु.६ हजार ५०० र परिवहन रु.१५० उपलब्ध गराएकोमा ऐन बनेपश्चात् नयाँ दरले बैठक भत्ता रु.१ हजार, परिवहन भत्ता रु.१ हजार र आवास भत्ता मासिक रु.१८ हजारले श्रावण महिनादेखि नै उपलब्ध गराएको छ । राजपत्रमा ऐन प्रकाशित भएपश्चात् वृद्धि सुविधा लागू हुनुपर्नेमा ऐन अस्तित्वमा आउनु पूर्व अवधिको सुविधामा रु.४ करोड ९१ लाख ११ हजार खर्च भएको छ ।

४. **भुक्तानीमा कर –** आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले आफूले प्राप्त गरेको आयको गणना गर्दा समावेश गरिने नेपालमा स्रोत भएको कुनै रकम भुक्तानी गर्दा अनुसूची १ बमोजिमका दरले कट्टी गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सचिवालयले सुरक्षा निकायबाट काजमा रहेका मर्यादापालक एवं सुरक्षाकर्मीलाई भुक्तानी गरेको प्रोत्साहन भत्ता र खाजा भत्ताबापतको रकम

रु.२ करोड ९२ लाख ३१ हजार भुक्तानीमा कर कट्टी गरेको देखिएन । उक्त रकमलाई वार्षिक आयमा समावेश गरी लाग्ने कर असुल गर्नुपर्दछ ।

५. **सवारी सुविधा** - व्यवस्थापिका-संसदले २०७३।९।७ मा निर्माण गरेको "संघीय संसदका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन" मा व्यवस्थापिका- संसदका पूर्व पदाधिकारीलाई सवारी सुविधा दिने व्यवस्था रहेको देखिँदैन । संसदका ३ पूर्व पदाधिकारीलाई २०७३ मा १।१ थान सवारीसाधन उपलब्ध गराएको देखियो । कानुनमा व्यवस्था गरेर मात्र सुविधा उपलब्ध गराउनुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा सोझै खरिद गरेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार गरेको देखिँदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति –** सचिवालयको यो वर्ष रु.५ करोड ८७ लाख ५५ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४४ हजार फछ्यौंट गरेकोले रु.५ करोड ८७ लाख ११ हजार बाँकी रहेको छ । सोमध्ये रु ५लाख ५७ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा रहेको छ ।

सर्वोच्च अदालत

नेपालको न्यायसम्बन्धी अधिकार संविधान, कानुन र न्यायका मान्य सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था छ । सर्वोच्च अदालत अभिलेख अदालत हुने र आफ्नो अधिकार क्षेत्रभित्र पर्ने अदालत र न्यायिक निकायको निरीक्षण एवं सुपरिवेक्षण गर्न र आवश्यक निर्देशन दिन सक्ने छ । यसले आफ्नो र मातहतका अदालत वा न्यायिक निकायको अवहेलनामा कारबाही चलाई कानुनबमोजिम सजाय गर्न सक्ने व्यवस्था छ । सर्वोच्च अदालतसमेत १०४ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

अदालत र मातहत निकायको यो वर्ष विनियोजन रु.४ अर्ब ३३ करोड ३४ लाख १ हजार, राजस्व रु.९१ करोड १८ लाख ९० हजार र धरौटी रु.६ अर्ब ३४करोड १४ लाख ९० हजारसमेत रु.११ अर्ब ५८ करोड ६७ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार सार्वजनिक निकायले एक पटकमा रु.५ लाखभन्दा माथि रु.२० लाखसम्मको खरिद सिलबन्दी दरभाउपत्रको माध्यमबाट र रु.२० लाखभन्दा माथिको खरिद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । त्यस्तै एकै प्रकृतिको खरिदलाई टुक्रा टुक्रा पारी पटक पटक खरिद गर्न नहुने व्यवस्था पनि नियमावलीमा उल्लेख छ । अदालतले उल्लिखित सीमा नघाई एकै प्रकृतिका रु.१ करोड ४२ लाखको खरिद तथा निर्माण कार्य पटक पटक सोझै गरेको देखियो । उक्त कार्य नियमसम्मत नदेखिएकोले खरिद ऐन र नियमावली अनुसार खरिद कार्य गर्नुपर्दछ ।

२. **सवारी सुविधा -** सर्वोच्च अदालतका न्यायाधीशको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०२६ को दफा ४(ख)(१) मा प्रधानन्यायाधीशलाई सवारी साधन एक, प्रतिमहिना दुई सय पचास लिटर पेट्रोल, त्रैमासिक दश लिटर मोबिल उपलब्ध गराइने र दफा ४(ख)(७) मा यस्तो सुविधा प्रधानन्यायाधीश वा न्यायाधीशलाई कार्यकाल समाप्त भएको सात दिनसम्म दिइने व्यवस्था छ । अवकाश प्राप्त १३ पूर्व प्रधानन्यायाधीशलाई उपलब्ध गराएको रु.४ करोड ४९ लाख मूल्यका १३ सवारीसाधन सो अवधि समाप्त भएपछि पनि फिर्ता भएको नदेखिएकोले कानुनमा व्यवस्था नभएको सुविधा फिर्ता हुनुपर्दछ ।

३. **भ्रमण खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले स्वीकृत बजेटभित्र रही सम्बन्धित खर्च शीर्षकबाट रकम खर्च गर्नुपर्ने व्यवस्था छ । अदालतले तलब शीर्षकमा विनियोजित बजेटबाट ३७ पदाधिकारी तथा कर्मचारीलाई विदेश भ्रमणको लागि रु.५३ लाख ३१ हजार पेस्की उपलब्ध गराएको छ । भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ बमोजिम भ्रमण समाप्त भएको ३५ दिनभित्र फछ्यौंट गरिसक्नुपर्ने उक्त पेस्की लेखापरीक्षण अवधिसम्म पनि फछ्यौंट नगरी बाँकी रहेको देखिन्छ । नियमावलीको व्यवस्थाअनुसार बजेट व्यवस्था गरी खर्च गर्नुपर्दछ ।

४. **प्रविधिक सहायता -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिएबमोजिम लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । व्यवस्थापिका संसदमा बजेट वक्तव्यका साथ पेस गरेको प्राविधिक सहायतासम्बन्धी विवरणमा यो वर्ष कानुनी शासनको विकास तथा मानव अधिकार संरक्षण कार्यक्रम सञ्चालनका लागि डेनमार्कबाट रु.९ करोड ७६ लाख २० हजार र प्रोजेक्ट अफ स्ट्रेन्थेनिङ दि क्यापासिटी अफ कोर्ट फर एक्सपिडियस एण्ड रिल्यावल डिस्पुटको लागि जापानबाट रु.४ करोड १७ लाख ४३ हजार प्राप्त हुने उल्लेख भएकोमा यस कार्यालयबाट लेखापरीक्षण गराएको छैन ।

५. **प्रोत्साहन खर्च -** जिल्ला अदालत नियमावली, २०५२ को नियम ७० मा तहसिल कार्यका लागि डोरमा खटिई असुल गरी ल्याउने कर्मचारीको लागि असुलीको ३० प्रतिशत प्रोत्साहनस्वरुप पाउने उल्लेख छ । यो वर्ष काठमाडौं, भक्तपुर, ललितपुर लगायत १३ जिल्ला अदालतले फैसलाबमोजिम असुल हुन बाँकी राजस्व कर्मचारीहरुलाई डोर खटाई असुल गरेको रकमवाट ३० प्रतिशतले हुने रु.२ करोड ४ लाख ६२ हजार सम्बन्धित कर्मचारीलाई प्रोत्साहनस्वरुप सोझै भुक्तानी गरी बाँकी ७० प्रतिशत सञ्चितकोष दाखिला गरेको

पाइयो । यस्तो प्रोत्साहन रकम नियमावलीको व्यवस्थाबमोजिम भुक्तानी गरे तापनि प्राप्त भएको रकम राजस्व दाखिला र विनियोजन ऐनबमोजिम निकासा प्राप्त गरी खर्च गर्नुपर्ने व्यहोरा गत वर्ष औँल्याएकोमा स्थिति यथावत् छ ।

६. **लिफ्टको क्षमता -** बाग्लुङ जिल्ला अदालतको भवन निर्माणको लागि शहरी विकास तथा भवन डिभिजन कार्यालयले तयार गरेको ड्रइङ, डिजाइन र नगरपालिका कार्यालयले स्वीकृत गरेको नक्साअनुसार उक्त भवन ३ तल्ला रहेकोमा ७ तल्ला क्षमताको लिफ्ट जडान गर्न रु.३२ लाखको लागत अनुमानमा निर्माण व्यवसायीले रु.६५ लाख कबुल गरेको देखिन्छ । अदालतले ३ तलाको भवनको लागि सम्झौतामा ७ तला क्षमताको लिफ्ट राखेको सम्बन्धमा पुनरावलोकन गरी त्रुटिपूर्ण डिजाइन गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

७. **धरौटी खाता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८(१)मा प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी कारोबारको लेखा गोश्वारा धरौटी र व्यक्तिगत धरौटी खातामा समेत प्रविष्ट गरी लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । ताप्लेजुङ, जनकपुर, सर्लाही, रामेछापलगायत १० जिल्ला अदालतले गोश्वारा धरौटी खाता तथा व्यक्तिगत धरौटी खाता राखेको देखिएन । गोश्वारा धरौटी तथा व्यक्तिगत धरौटी खाताको अभावमा ती अदालतले यो वर्ष धरौटी फिर्ता लेखेको रु.१ अर्ब १९ करोड ८१ लाख ८ हजार भिडान गर्ने आधार भएन ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्राविधिक सहायताको लेखापरीक्षण नगराएको तथा सोझै खरिद गरेको लगायतका व्यहोरा औँल्याएकोमा यो वर्ष पनि सुधार भएको देखिँदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** अदालत र मातहतसमेत ९२ निकायमा यो वर्ष रु.१३ करोड २४ लाख ४३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रु.११ लाख ३४ हजार फछ्यौंट गरेकोले रु.१३ करोड १३ लाख ९ हजार बाँकी रहेको छ । सोमध्ये रु.४ करोड ५१ लाख ९३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

निर्वाचन आयोग

निर्वाचन आयोगलाई संविधान र संघीय कानुनको अधीनमा रही राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेश सभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने, मतदाता नामावली तयार गर्ने, राष्ट्रिय महत्वको विषयमा जनमत संग्रह गराउने लगायतका काम, कर्तव्य र अधिकार तोकिएको छ । आयोग र मातहत ७६ निकायबाट सेवा प्रवाह हुँदै आएको छ । यो वर्ष मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय, क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयसमेत ९०० निकायबाट स्थानीय तहको निर्वाचनसम्बन्धी कार्य सम्पादन भएको छ ।

आयोग र मातहत निकायको यो वर्ष विनियोजन रु.५ अर्ब ७७ करोड ४२ लाख ४७ हजार, राजस्व रु.३० लाख ४ हजार र धरौटी रु.१३ करोड २० हजारसमेत रु.५ अर्ब ९० करोड ७२ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **स्थानीय तह निर्वाचन -** नेपाल सरकारको २०७३।११।६ र सो पछिका निर्णयबमोजिम स्थानीय तहको निर्वाचन प्रथम चरण २०७४।१।३१, दोस्रो चरण २०७४।३।१४ र तेस्रो चरण २०७४।६।२मा सम्पन्न भएको छ । निर्वाचन मिति घोषण भएको छोटो अवधिमा आयोगले आवश्यक सामग्री र जनशक्ति व्यवस्थापन गरी यो आर्थिक वर्ष दुई चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न गरेको छ । यो वर्ष रु.१० अर्ब २९ करोड ६३ लाख ७६ हजार विनियोजन भएकोमा खर्चको समग्र स्थिति निम्नानुसार छ:

(रु. हजारमा)

सि.नं.	खर्चको विवरण	रकम
१	***निर्वाचन आयोग, काठमाडौँ***	
१.१	**मतदाता नामावली अद्यावधिक र परिचयपत्र छपाइ**	१६३०९०
१.२	**सामग्री व्यवस्थापन**	
	मतपत्र तथा अन्य छपाइ	२५८१४७
	मतदान केन्द्रमा प्रयोग हुने सामग्री खरिद	१७०५९४
	मतपेटिका खरिद	१०१३२२
	कम्प्युटर, प्रिन्टर, फर्निचर, प्याकिङ्ग सामग्री, मसलन्द आदि	६२१९५
	ढुवानी तथा इन्धन	५८३९४
१.३	**वैदेशिक सहयोगमा प्राप्त सवारी साधनको कर फिर्ता**	१०५५९७
१.४	**निर्वाचन शिक्षा, सूचना तथा तालिम**	
	प्रचार सामग्री उत्पादन	११५७८६
	प्रकाशन, प्रसारण र प्रदर्शन	१२९८४८
	सन्देशमूलक व्याग, टिसर्ट, डायरी, डटपेन आदि	१०५९४३
	प्रशिक्षण तथा अन्तरक्रिया	२१७४४
१.५	**निर्वाचन अनुगमन र पर्यवेक्षण**	२६५७२
१.६	**कर्मचारी वीमा**	१०७७१५
१.७	**प्रशासनिक खर्च**	१०००२८
१.८	**सूचना, तथ्याङ्क लगायत विविध**	२९५२१
	निर्वाचन आयोगको जम्मा	***१५५६४९६***
२.	**क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय-७५**	११२०६०८
३.	**मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय-७४४**	२४७९५४६
४.	**गृह मन्त्रालय र क्षेत्रीय/जिल्ला प्रशासन कार्यालय-७८**	३४८९१
	कुल जम्मा	***५१९१५४१***

२. **बीमा -** निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ मा आयोगले निर्वाचनको कामका लागि आवश्यक पर्ने जिन्सी मालसामान खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित कानुनबमोजिम बोलपत्र लिन सम्भव नभएमा कारण उल्लेख गरी दरभाउपत्रबाट र दरभाउपत्र पनि लिन सम्भव नभएमा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । स्थानीय तहको निर्वाचनमा संलग्न हुने २ लाख ७८ हजार ९०४ कर्मचारीको जनही रु.२० लाखको सामूहिक बीमा गर्न प्रिमियमको लागि रु.१३ करोड ८३ लाख ८१ हजारको लागत अनुमान स्वीकृत गरी प्रथम र दोस्रो चरणमा खटिएका कर्मचारीको बीमा गरी प्रिमियमबापत राष्ट्रिय बीमा कम्पनी लिमिटेडलाई रु.१० करोड ७७ लाख १५ हजार भुक्तानी गरेको छ । हाल मुलुकमा विभिन्न बीमा कम्पनीले सेवा प्रदान गरिरहेको अवस्थामा ती कम्पनीबीच प्रतिस्पर्धा नगराई उक्त कम्पनीबाट सोझै खरिद गरेको छ । प्रतिस्पर्धा गराई बीमा गर्ने व्यवस्था हुनुपर्दछ ।

३. **मतपत्र छपाइ -** आयोगले स्थानीय तहको निर्वाचनमा सहभागी हुने १ करोड ४० लाख ५४ हजार मतदाताको लागि जनक शिक्षा सामग्री केन्द्रबाट १ करोड ६२ लाख ३५ हजार मतपत्र छपाइ गरी रु.१४ करोड २३ लाख ६९ हजार भुक्तानी गरेको छ ।

मतपत्रको आकार		छपाइ गरेको मतपत्र संख्या	मतदाता संख्या	बढी परिमाण	बढी प्रतिशत	प्रति इकाई लागत	जगेडा मतपत्रको लागत (रु.हजारमा)
से.मि.	लहर						
५१×७२	६८	६८३६०००	५९२२५४०	९१३४६०	१५.४२	१०.१७	९२९०
५१×५१	४४	२३१३०००	२००६६४१	३०६३५९	१५.२७	८.९४	२७३९
४५×५१	३६	२३६५०००	२०४९७८९	३१५२११	१५.३८	८.०२	२५२८
५१×३६	२८	२९१००००	२५१२११२	३९७८८८	१५.८४	७.३२	२९१३
२५×५१	२२	१५५१०००	१३३९७३६	२११२६४	१५.७७	६.६३	१४०१
२५×४५	१०	२६००००	२२३६५४	३६३४६	१६.२५	६.२२	२२६
जम्मा		**१६२३५०००**	**१४०५४४७२**	**२१८०५२८**	**१५.५१**		**१९०९७**

आयोगले मतदाता संख्याको तुलनामा १५ प्रतिशतभन्दा बढी परिमाणमा मतपत्र छपाइ गरेको देखिन्छ । सम्भावित नोक्सानीलाई परिपूर्ति गर्न केही परिमाणमा जगेडा मतपत्रको आवश्यकता पर्ने भए तापनि जगेडा मतपत्रको परिमाण न्यून गर्न गत विगत वर्षको निर्वाचनमा खसेको मतसंख्या र प्रयोग भएको मतपत्र संख्याको अनुपातलाई आधार मानी वस्तुनिष्ठ आधारमा आवश्यक जगेडा मतपत्र व्यवस्था गर्नुपर्दछ ।

४. **स्ट्याम्प प्याड र मसी -** पहिलो चरणको निर्वाचनमा मतपत्र र स्ट्याम्प प्याडको मसी दुवै नीलो भई मतगणनामा बढी समय लागेकोले दोस्रो चरणको निर्वाचनमा रातो मसी प्रयोग गर्न रु.३२ लाख ११ हजारका स्ट्याम्प प्याड र रातो मसी खरिद गरी सबै सामान जिल्लामा पठाएकोमा तत्काल मसी नसुकेको कारण उल्लेख गरी मौज्दात राखेको छ । स्पेशिफिकेसन बमोजिममात्र सामग्री स्वीकार गर्नुपर्छ ।

५. **सामग्रीको पुनः प्रयोग -** आयोगले निर्वाचनमा प्रयोग भएका पुनः प्रयोग गर्न मिल्ने सामान फिर्ता प्राप्त गरी संरक्षण गर्नुपर्दछ । आयोगले प्रत्येक निर्वाचनमा रवर म्याट, पित्तलको स्वस्तिक छाप, छेकावार, स्टिल रुलर, क्याल्कुलेटर, टर्चलाइट लगायतका सामानहरु खरिद गरी निर्वाचन केन्द्रमा पठाउने गरेको छ । तर पुनः प्रयोग गर्न सकिने ती सामग्रीहरु काम समाप्त भएपछि फिर्ता लिए तापनि सुरक्षित राख्ने प्रवन्ध गरेको पाइएन । विगत निर्वाचनमा खरिद भएका यस्ता सामग्री सङ्कलन र संरक्षण नगरेको कारण यस निर्वाचनमा पनि पुनः खरिद गर्नु पर्दा थप व्ययभार पर्न गएको स्थिति छ । अतः पुनः प्रयोग हुने सामग्रीको सङ्कलन र संरक्षणको प्रबन्ध हुनुपर्दछ ।

६. **भत्ता खर्च** - आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम १२३ मा यस नियमावलीमा उल्लेख भएकोमा वाहेक कुनै पनि कार्यालयले थप सुविधा वृद्धि गरी आर्थिक दायित्व पर्ने निर्णय गर्दा अर्थ मन्त्रालयको पूर्व सहमति लिनुपर्ने उल्लेख छ । आयोगले पदाधिकारी, दरबन्दी, काज तथा करारमा कार्यरत कर्मचारी र निश्चित सुरक्षाकर्मीलाई निर्वाचन भत्ता रु.४ करोड ७८ लाख ९२ हजार, बैठक भत्ता रु.३ करोड २४ लाख ४४ हजार, खाना खाजा खर्च रु.२ करोड ३१ लाख ९७ हजार, अतिरिक्त समय भत्ता रु.६० लाख १ हजार र मोबाइल रिचार्ज खर्च रु.२ लाख १० हजारसमेत रु.१० करोड ९७ लाख ४४ हजार कर्मचारी सुविधामा खर्च लेखेको छ । उक्त खर्च निर्वाचन आयोग ऐन, २०७३ को दफा ३५ बमोजिम आयोगको निर्णयले गरेको देखिन्छ । यस विषयमा आयोगले कार्यविधि बनाई सुविधाका मापदण्ड तोक्नु पर्दछ ।

७. **सुविधा -** संवैधानिक निकायका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी ऐन, २०५३ को दफा ३(२) मा नेपाल सरकारले संवैधानिक निकायका पदाधिकारीको मासिक पारिश्रमिक तथा अन्य सुविधामा थप गर्न सक्ने र यसरी पारिश्रमिक तथा अन्य सुविधामा थप गर्दा नेपाल राजपत्रमा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था छ । आयोगका पदाधिकारीहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा ३५ बमोजिम निर्णय गरेर निर्वाचन भत्ता, खाना-खाजा खर्च, सञ्चार खर्च, बैठक भत्ता र इन्धन लगायतमा रु.४६ लाख ४६ हजार भुक्तानी गरेको देखिन्छ । उक्त ऐनबमोजिम नेपाल सरकारबाट निर्णय गराएरमात्र यस किसिमको सुविधा प्रदान गरिनुपर्दछ ।

८. **मतदाता शिक्षा -** आयोगले स्थानीय तहको निर्वाचनका लागि प्रचार सामग्री उत्पादन, प्रकाशन, प्रसारण र प्रदर्शन, सन्देशमूलक व्याग, टि-सर्ट, डायरी, डट्पेन खरिद र प्रशिक्षण तथा अन्तरक्रियालगायत निर्वाचन शिक्षा तथा सूचनामा रु.३७ करोड ३३ लाख २१ हजार खर्च गरेको छ । मतदाता शिक्षाका कारण मतदान कार्यमा मतदाता सहभागिताको वृद्धि तथा बदर मतसंख्यामा आएको न्यूनता सम्बन्धमा समीक्षा गरिनु पर्दछ ।

९. **आचारसंहिता अनुगमन -** स्थानीय तह निर्वाचनमा विभिन्न पदका उम्मेदवारले खर्च गर्न पाउने रकमको सीमा तोकिएकोमा सोको प्रभावकारी अनुगमन हुन सकेको छैन । निर्वाचन पर्यवेक्षणमा खटिएका संस्थाको प्रतिवेदनले समेत उम्मेदवारको निर्वाचन खर्चको अनुगमनलाई विशेष ध्यान पुऱ्याउनु पर्ने उल्लेख गरेकोले आयोगको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

१०. **निर्वाचन व्यवस्थापन -**नेपाल सरकारको २०७३।७४ को नीति तथा कार्यक्रममा २०७३ पौषसम्ममा स्थानीय तहको निर्वाचन गर्ने घोषणा बमोजिम मन्त्रिपरिषदले २०७३।११।६ मा स्थानीय तहको निर्वाचन २०७४।१।३१मा एकै चरणमा सम्पन्न गर्ने निर्णय गरेकोमा पछि पुनः नेपाल सरकारको निर्णयले २०७४।१।३१, २०७४।३।१४ र २०७४।६।२ गरी ३ चरणमा सम्पन्न भएको छ । निर्वाचन सामग्रीलाई विभिन्न समूहमा विभाजन गरी सार्वजनिक सूचनाबाट फर्महरु सूचिकृत गर्ने, सूचिकृतबाट दरभाउपत्र माग गर्ने, प्राप्त दरलाई घटाघट गरी खरिद गर्न प्रयास गरेको देखिन्छ । विगत निर्वाचनको अनुभव, मतदाताहरुको अद्यावधिक अभिलेख समेतको आधारमा आवश्यक पर्ने निर्वाचन सामग्रीको यथसमयमै पूर्वानुमान गरी व्यवस्था गरिनुपर्छ ।

निर्वाचन आयोग ऐन, २०७३ को दफा ३८ मा आयोगले निर्वाचनको कामका लागि आवश्यक पर्ने जिन्सी मालसामान खरिद गर्दा वा सेवा प्राप्त गर्दा प्रचलित कानुनबमोजिम बोलपत्र लिन सम्भव नभएमा त्यसको कारण उल्लेख गरी दरभाउपत्रबाट र दरभाउपत्र पनि लिन सम्भव नभएमा सोझै बजारबाट मालसामान खरिद गर्न वा सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । यस्तो खरिदको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावली, २०६४ को नियम १४५ मा विशेष परिस्थितिमा खरिद गर्दा सरहको अभिलेख राखी विवरण सार्वजनिक गर्नुपर्दछ ।

विगतको निर्वाचनमा आयोगले काठमाडौँको एक निर्वाचन क्षेत्रमा विद्युतीय मेसिन प्रयोग गरेको थियो । निर्वाचन कार्यमा लाग्ने श्रम, समय र लागत बचत गर्न निर्वाचन कार्यलाई प्रविधिमैत्री बनाई मतदान तथा गणना कार्यमा विद्युतीय मेसिनहरु प्रयोग गर्न पहल हुनुपर्दछ ।

११. **प्राविधिक तथा वस्तुगत सहायता -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) मा सबै प्रकारका आय-व्ययको लेखा र आर्थिक विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने र नियमावली, २०६४ को नियम ४९ मा बजेटमा समावेश नभएको तर विशेष परिस्थितिमा प्राप्त भएका वस्तुगत सहायताको अलग विवरण बनाई लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार यो वर्ष राष्ट्र संघीय विकास कार्यक्रमबाट रु.२६ करोड ९० लाख ८६ हजार, अमेरिकी सहायता नियोगबाट रु.२ करोड ६४ लाख २६ हजार र इन्टरनेशनल आइडिया नेपालबाट रु.४० लाख ५५ हजारसमेत रु.२९ करोड ९५ लाख ६७ हजार प्राविधिक सहयोग प्राप्त भएकोमा सोको आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराएको छैन ।

त्यस्तै नियम ४८ अनुसार वस्तुगत सहायताबाट प्राप्त जिन्सी मालसामानको विवरण महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने र त्यस्तो सहायताको हिसाब केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्ने व्यवस्था छ । आयोगको जिन्सी खाताअनुसार भारत सरकारबाट प्राप्त रु.१८करोड ६१ लाख ९५ हजार मूल्यका ८६ सवारीसाधन र चीन सरकारबाट प्राप्त रु.१३ करोड ४६ लाख ९४ हजारका मतदान केन्द्रमा प्रयोग हुने रवरम्याट, जेलपेन, स्केल, कैँचीलगायत ११ प्रकारका सामानको विवरण महालेखा नियन्त्रक कार्यालयमा पठाएको र केन्द्रीय आर्थिक विवरणमा समावेश गरेको देखिएन ।

क्षेत्रीय/जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतका कार्यालयहरु

१२. **निर्देशिकाको पालना -** निर्वाचन आयोगले स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३ बनाई खर्चको मापदण्ड तोकिदिएको छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय तथा क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयलबाट खर्चको मापदण्ड परिपालना नभएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:

१२.१. उक्त निर्देशिकाको बुँदा नं. १९(१०) मा निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीहरुले भ्रमण खर्च नियमावली, २०६४ को नियम ७(६ र ६ख) बमोजिम दैनिक भत्ता पाउने उल्लेख छ । उक्त व्यवस्थाबमोजिम १४ दिनभन्दा बढी काजमा रहेका निर्वाचन अधिकृत तथा कर्मचारीलाई बढी अवधिको दैनिक भत्ता पचास प्रतिशतमात्र दिनुपर्नेमा मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतका कार्यालय २१८ ले १४ दिनभन्दा बढी अवधिको पनि पूरै दैनिक भत्ता भुक्तानी गरी रु.१ करोड १५ लाख २९ हजार बढी खर्च लेखेको पाइयो । उक्त रकम जिम्मेवार पदाधिकारीबाट असुल हुनुपर्दछ ।

१२.२. उक्त निर्देशिकाको बुँदा नं. १९(१०)मा निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालयमा खटिएका अन्य कर्मचारीले दैनिक भत्ता प्राप्त गरेको अवधिको खानाखाजा खर्च नपाउने उल्लेख छ । मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय २४३ ले कर्मचारीलाई दैनिक भत्ता दिएको अवधिमा समेत खानाखाजा खर्च रु.७६ लाख १० हजार भुक्तानी गरेको देखिएकोले दोहोरो सुविधा दिएको रकम जिम्मेवार पदाधिकारीबाट असुल हुनुपर्दछ ।

१२.३. उक्त निर्देशिकाको बुँदा नं. १९ मा मतगणना टोलीले एक सिफ्टमा अठार वा बाइस लहर भएमा आठ सय, अठ्ठाइस वा छत्तीस लहर भए सात सय, चौबीस लहरको भए छ सय र अठ्सठ्ठी लहरको भए पाँच सय थान मतपत्र गणना गर्नुपर्ने र सोबापत प्रतिसिफ्ट भत्ता रु.५ हजार १०० सम्म र प्रत्येक टोलीलाई चिया तथा खाना खर्चका लागि एकमुष्ट पाँच हजार रुपैयाँ विविध खर्च दिइने उल्लेख छ । मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय १९५ ले मापदण्डभन्दा बढी सिफ्ट संख्या देखाई भत्ता र चिया खाजामा रु.८३ लाख ६५ हजार बढी खर्च लेखेका छन् । विशिष्ट परिस्थिति उत्पन्न भएको प्रमाणबेगर बढी खर्च लेखेको रकम जिम्मेवार पदाधिकारीबाट असुल हुनुपर्दछ ।

१२.४. उक्त निर्देशिकामा व्यवस्था नभएको मतगणनामा सुरक्षासम्बधी रेखदेख, मतदान स्थलको निरीक्षण, शान्ति सुरक्षाको अवस्था अनुगमन जस्ता काम उल्लेख गरी मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय ६१ ले प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुखलगायतलाई मतगणना भत्ता रु.६ लाख ५१ हजार र भ्रमण खर्च तथा दैनिक भत्ता रु.३० लाख ५४ हजार भुक्तानी गरेको पाइयो । ती निकायमा अनुगमनका लागि छुट्टै बजेट निकासा भएको अवस्थामा दोहोरो सुविधा भुक्तानी गर्न मिल्दैन ।

१२.५. आयोगले उक्त निर्देशिकाको बुँदा नं. १९(९) लाई २०७४।२।२ मा संशोधन गरी दश किलोमिटरभन्दा कम दूरीको कार्यालयबाट खटिने कर्मचारीलाई पनि मतगणना कार्यमा खटिएको अवधिको लागि दैनिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । यसै व्यवस्थालाई आधार मानी मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय १०९ ले साविक देखि कार्यरत रही १२१ प्रतिशत निर्वाचन भत्ता तथा दैनिक खाजाखाना पाइरहेका कर्मचारीहरुलाई पनि मतगणना अवधिको दैनिक भत्ता रु.४५ लाख ९ हजार भुक्तानी गरेको पाइयो । मतगणना कार्यमा अन्य कार्यालयबाट काजमा आउने कर्मचारीले पाउने भत्ता कार्यालयकै कर्मचारीलाई भुक्तानी गर्न मिल्ने देखिएन ।

१२.६. उक्त निर्देशिकाको बुँदा नं. १४ मा कागज, खाम, फाराम, अन्य कार्यालय सामान, हुलाक खर्च, फोटोकपी तथा छपाइ, पत्रपत्रिका र फर्निसिङसमेत कार्यालयसम्बन्धी कामको लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयलाई रु.४५ हजार ५०० र निर्वाचन अधिकृतको कार्यालयलाई रु.३६ हजार ५०० को सीमा तोकेको छ । मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय ४६३ ले उक्त सीमाभन्दा रु.५ करोड १४ लाख ६९ हजार बढी खर्च गरेका छन् । सीमा नघाई भएको खर्च नियमसम्मत देखिएन ।

१२.७. स्थानीय तह निर्वाचन (जनशक्ति) निर्देशिका, २०७३ को बुँदा ३ मा निर्वाचनमा खटिएको कर्मचारी बिरामी भई वा काबु बाहिरको परिस्थिति परीनिर्वाचनको काम गर्न असमर्थ भएमा वा निजलाई बदली गर्नुपर्ने भएमा

मुख्यनिर्वाचन अधिकृतले जगेडामा राखेका कर्मचारीमध्येबाट खटाउन सक्ने उल्लेख छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय ताप्लेजुङ, पाँचथर, झापा, भक्तपुर, नवलपरासी, मनाङ र जाजरकोटले कर्मचारीलाई कार्यालयमै जगेडामा राखेको उल्लेख गरी रु.१५ लाख ११ हजार भुक्तानी गरेका छन् ।

१३. **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८ मा रोजगारदाताबाट प्राकृतिक व्यक्तिलाई दिएको ज्याला, तलब, बिदाबापतको रकम, अतिरिक्त समय काम गरेबापतको रकम, पुरस्कार, बोनस र अन्य सुविधालगायत व्यक्तिगत भत्ताका भुक्तानी सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्ने उल्लेख छ । मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय ४३५ ले मतपत्र रुजू तथा प्याकिङ, मतगणना, अनुगमनलगायतका कार्यका लागि रु.६ करोड ९ लाख ६ हजार भत्ता भुक्तानी गरेकोमा स्रोतमा कर कट्टी गरेको पाइएन । भुक्तानीमा कर कट्टी नगर्दा कर राजस्वमा फरक परेको रकम यकिन गरी जिम्मेवार पदाधिकारीबाट असुल हुनुपर्दछ ।

१४. **बिल भरपाई** - जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय र निर्वाचन अधिकृतको कार्यालयहरु ४२ ले रु.२२ लाख ५८ हजार बिल भरपाईबेगर खर्च लेखेका छन् । प्रमाणबेगर गरेको खर्च जिम्मेवार पदाधिकारीहरुबाट असुल हुनुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा वैदेशिक सहायताको लेखापरीक्षण नगराएको, खर्च व्यवस्थापन मितव्ययी नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति-** आयोग र मातहतका समेत ८६२ निकायमा यो वर्ष रु.१९ करोड ३७ लाख ९६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रु.२१ लाख २५ हजार फछ्यौंट गरेकोले रु.१९ करोड १६ लाख ७१ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ३५ लाख १२ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

कार्यालयको कार्य क्षेत्रमा मन्त्रालयहरुको गठन, विघटन तथा संगठन, संरचना हेरफेर, नेपाल सरकारको कार्यसम्पादन नियमावली तर्जुमा, विभिन्न मन्त्रालयको कार्यको रेखदेख, नियन्त्रण, निरीक्षण, सुपरिवेक्षण, समन्वय, अनुगमन तथा मूल्याङ्कन, मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन तथा सोको अनुगमन, विधेयक, अध्यादेश, नियम तथा आदेशको तर्जुमा, स्वीकृति वा जारी, व्यवस्थापिका-संसदको अधिवेशन आह्वान र अन्त्य, सुशासन तथा सङ्घीय ढाँचाको प्रशासन पुनर्संरचना, सम्झौता वा सहमति कार्यान्वयनको अनुगमन, प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन, विपद् व्यवस्थापनको अद्यावधिक जानकारी र निर्देशनलगायतका कार्य रहेका छन् । कार्यालयसमेत २० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

कार्यालय र मातहत निकायको यो वर्ष विनियोजन रु.३ अर्ब ९८ करोड ५५ लाख ५८ हजार, राजस्व रु.१ करोड ३३ लाख ५० हजार, धरौटी रु.३ करोड ८२ लाख ३० हजारसमेत रु.४ अर्ब ३ करोड ७१ लाख ३८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । कार्यालय मातहत अन्य संस्था १२ को रु.१८ अर्ब ६७ करोड ३१ लाख २० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **गुनासो व्यवस्थापन -** जनसरोकारका विषयमा १६ हजार ८९१ गुनासो प्राप्त भएकोमा १२ हजार २३५ फछ्यौंट गरेको र ४ हजार ६५६ फछ्यौंट हुन बाँकी रहेको छ । बाँकी गुनासाहरु समयमै फछ्यौंट गरी फछ्यौंटको लागि विभिन्न निकायमा पठाइएका गुनासोको कार्यान्वयन पक्षको समेत अनुगमन हुनुपर्दछ ।

२. **काज -** निजामती सेवा ऐन,२०४९ को दफा १८क. मा निजामती कर्मचारीलाई निज कार्यरत रहेको मन्त्रालय, सचिवालय, आयोग, विभाग वा कार्यालयबाट सोही निकायको काममा मात्र काज खटाउन सकिने र यसरी काज खटाउँदा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको लागि काज खटाउन नपाइने व्यवस्था छ । कार्यालयमा अन्य कार्यालयका २५ कर्मचारी १३१ दिनदेखि ९ वर्षसम्म काजमा रहेको पाइयो । ऐनमा भएको व्यवस्थाअनुसार कर्मचारी परिचालन हुनुपर्दछ ।

सूचना प्रविधि विकास आयोजना

नेपालमा सूचना प्रविधिको विकासको लागि एसियाली विकास बैङ्कसँग २००८ मेमा भएको सम्झौता अनुसार यो आयोजना २००८ जुलाईमा शुरु भई २०१४ डिसेम्बरमा सम्पन्न हुने लक्ष्य रहेकोमा निर्धारित अवधिमा काम सम्पन्न नभएकोले २०१८ मार्चसम्म म्याद थप भएको छ । सूचना प्रविधिलाई समयअनुकूल बनाउन लोक सेवा आयोग, गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र, यातायात व्यवस्था विभाग, भूमिसुधार तथा व्यवस्थापन विभाग, सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय सूचना केन्द्रलगायत ६ निकायमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले समन्वय गर्ने गरी आयोजनाले कार्य गरेको छ ।

३. **प्रगति -** आयोजनाबाट प्राप्त प्रगति प्रतिवेदनमा हालसम्म रु.१ अर्ब ६७ करोड ३१ लाख खर्च भै कुल लागतको ५४.६७ प्रतिशत वित्तीय र ९२.३० प्रतिशत भौतिक प्रगति भएको उल्लेख छ । यातायात व्यवस्था विभागबाट स्मार्ट कार्ड प्रिन्टको लागि प्रिन्टरलगायतका उपकरण तथा मेसिनरी औजार खरिद र राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रबाट राष्ट्रिय परिचयपत्र वितरण कार्यको लागि सफ्टवेयर खरिद कार्यमा ढिलाई भएको कारण वार्षिक लक्ष्यअनुसार प्रगति भएको देखिँदैन ।

सार्वजनिक खरिद अनुगमन कार्यालय

४. **विद्युतीय खरिद प्रणाली -** एसियाली विकास बैङ्कको प्राविधिक सहायताबाट २०७३ वैशाखमा विद्युतीय खरिद प्रणाली मार्ग निर्देशिका जारी गरेकोमा २०७३।९।७ देखि यो प्रणाली ऐच्छिक रुपमा कार्यान्वयनमा आएको र २०७४।४।१ देखि सबै कार्यालयहरुमा अनिवार्य रुपमा लागू भएको छ । ऐच्छिक रुपमा कार्यान्वयनमा आएपछि पहिलो तथा दोस्रो चरण गरी १ हजार ८५ सार्वजनिक निकायका ४ हजार ६२८ बोलपत्र दर्ता भएका छन् । सोमध्ये ४६५ बोलपत्र रद्द भएका छन् । यो प्रणालीमा खरिद योजना, बिड डकुमेन्टको तयारी, प्रकाशन, बिड दाखिलालगायतका विषयहरु समावेश छन् । जसबाट खरिदसम्बन्धी केही समस्या समाधान हुन सक्ने भए पनि बोलपत्र मूल्याङ्कन, स्वीकृति आशयपत्र, खरिद सम्झौता आदि विषयसमेत समावेश गरी हालको पद्धतिमा सुधार हुनुपर्दछ । विद्यमान प्रणालीको नियमित मर्मत सम्भार तथा सञ्चालन गर्न आवश्यक जनशक्ति विकास गरी दिगो बनाउन आवश्यक देखिन्छ ।

५. **कानुनको पालना -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ र नियमावली, २०६४ को नियम १४४ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गरेको छ । सो बाहेक अन्य ऐन तथा नियममा पनि यस कार्यालयले गर्नुपर्ने थप कार्य उल्लेख छन् । कार्यालयले सार्वजनिक खरिद ऐन तथा निमावलीको संशोधन, विभिन्न प्राविधिक मार्गदर्शन, स्ट्याण्डर्ड बिडिङ्ग र स्टान्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट तयार गर्नेलगायतका कार्यमा उपलब्धि हासिल गरे तापनि उक्त ऐनको दफा ७(२), १२(१), ६३(६) मा उल्लिखित खरिद इकाईका सदस्यको योग्यता तोक्ने, ठूला र जटिल बोलपत्रदाताको पहिचान गर्ने, कालोसूचीबाट फुकुवा गर्ने प्रक्रियालगायत महत्वपूर्ण कार्य पूरा हुन बाँकी रहेको छ । यस कार्यालयले हालसम्म १५ जिल्लाका ३८ कार्यालयको खरिद कार्यको अनुगमन गरी तयार भएको प्रतिवेदनमा खरिद कार्यसम्बन्धी ज्ञान र तालिम प्राप्त नभएका कर्मचारीबाट खरिदसम्बन्धी कार्य गरेकोले ठूला र जटिल निर्माण कार्य वा औद्योगिक प्लान्ट जस्ता उच्च मूल्यका मालसामान खरिद गर्न योग्य बोलपत्रदाताको पहिचान नहुन सक्ने, कालोसूचीमा रहेका बोलपत्रदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति फर्म, संस्था वा कम्पनी कालोसूचीबाट फुकुवा हुन सक्ने, घर जग्गाको भाडा निर्धारण वस्तुगत नहुन सक्ने, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट प्राविधिक रुपमा जटिल कार्य गराएको हुन सक्ने जस्ता जोखिम उल्लेख छ । उल्लिखित जोखिम कम गर्न सार्वजनिक खरिद कार्यमा दक्ष जनशक्ति परिचालन गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः कर्मचारी काज, प्राप्त गुनासो व्यवस्थापन, सूचना प्रविधि विकास आयोजनातर्फ लक्ष्यअनुसार प्रगति, नेपाल ट्रष्टको सम्पत्ति उपयोग र परिचालन, विद्युतीय खरिद प्रणाली, सार्वजनिक खरिदमा संलग्न व्यक्ति र निकायको दक्षता, कर्णाली विकास आयोगको सञ्चालनमा नीतिगत व्यवस्था, लगानी बोर्डले उद्देश्यअनुसार गर्ने कार्य र निर्णय प्रक्रिया लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

कर्णाली विकास आयोग, जुम्ला

कर्णाली क्षेत्रको सर्वाङ्गीण एवं दिगो विकासका लागि विकास नीति तथा योजना तर्जुमा गरी शीघ्र कार्यान्वयनमा प्रमुख भूमिका खेल्न सक्षम एक अधिकार सम्पन्न कर्णाली विकास आयोगको गठन तथा कार्य सञ्चालन विधिलाई व्यवस्थित गर्न कर्णाली विकास आयोग आदेश, २०६९ बमोजिम आयोग गठन भएको छ । कर्णाली अञ्चलका ५ जिल्लालाई कार्यक्षेत्र तोकी जुम्लामा कार्यालय रहेको छ ।

६. **योजनाको स्वीकृति -** कर्णाली विकास आयोग आदेश, २०६९ को दफा ११ मा आयोगले तयार गरेको योजनामा छलफल भएपछि नेपाल सरकारको स्वीकृतिको लागि पेस गर्नुपर्ने व्यवस्था छ । आयोग गठन भएको पाँच वर्षपश्चात् यो वर्ष कर्णाली क्षेत्रको १० वर्षे विकास योजना (२०७३।७४-२०८२।८३), २०७३ को मस्यौदा तयार गरेकोमा स्वीकृतिको लागि नेपाल सरकारमा पेस भएको छैन । आयोगका कार्यक्रम प्रभावकारी बनाउन अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

७. **निर्देशिका/कार्यविधि:** कर्णाली विकास आयोग आदेश, २०६९ को दफा २६ मा गठन आदेशको उद्देश्य पूर्तिकोलागि आयोगले आवश्यक निर्देशिका र कार्यविधि बनाई लागू गर्न सक्ने व्यवस्था छ । आयोग गठन

भएको पाँच वर्ष व्यतित हुँदासम्म निर्देशिका र कार्यविधि बनाएको देखिएन । निर्देशिका र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

लगानी बोर्डको कार्यालय

आर्थिक विकासका लागि सार्वजनिक-निजी साझेदारी, सहकारी र स्वदेशी तथा विदेशी निजी क्षेत्रको लगानीलाई परिचालन गरी व्यवस्थित रुपमा औद्योगीकरणको प्रक्रियालाई तीव्र बनाउन, अत्यावश्यक पूर्वाधार संरचनाको निर्माण तथा विकास गरी सवल, गतिशील तथा प्रतिस्पर्धी अर्थतन्त्र विकास गर्न र रोजगारीको अवसर सिर्जना गरी गरिबी निवारणमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्यले लगानी बोर्ड ऐन, २०६८ अन्तर्गत कार्यालय स्थापना भई सञ्चालनमा रहेको छ ।

८. **लगानी स्वीकृति -** बोर्डले २०७९ भित्र व्यावसायिक उत्पादन गर्ने लक्ष्य सहित नौ सय मेगावाट क्षमताका माथिल्लो कर्णाली र अरुण तेस्रो दुई जलविद्युत आयोजना निर्माणको लागि दुई विदेशी कम्पनीसँग क्रमश: २०७१।६।३ र २०७१।८।९ मा परियोजना विकास सम्झौता गरेको छ । सझौतामा प्रवर्द्धक कम्पनीले पहिलो दुई वर्षमा वित्तीय व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा बोर्डको २०७३।९।२४को निर्णयानुसार दुवै आयोजनाको वित्तीय व्यवस्थापनको अवधि क्रमश: २०७५।६।२ र २०७४।६।१४ सम्म थप गरेको देखिन्छ ।

बोर्डबाट प्राप्त विवरणअनुसार पश्चिम सेती जलविद्युत आयोजनाको लागि नेपाल विद्युत प्राधिकरण र चिनिया कम्पनीबीच संयुक्त उपक्रम सम्झौता गर्ने प्रक्रियामा रहेको, माथिल्लो मर्स्याङ्दी-२ आयोजना पीडीए वार्ताको तयारी चरणमा रहेको, काठमाडौँ उपत्यका फोहोरमैला व्यवस्थापन परियोजनाको लागि लगानीकर्ताबाट प्राप्त विस्तृत परियोजना प्रतिवेदन सम्बन्धमा प्रस्तावकसँग वार्ता भैरहेको र तीन सिमेन्ट उद्योगमा वैदेशिक लगानी स्वीकृत गरेको उल्लेख छ । बोर्डले लगानीको लागि सम्भाव्य १२७ आयोजनाको सूची तयार गरेको छ । सोमध्ये पूर्व-पश्चिम विद्युतीय रेलमार्ग, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल र तामाकोशी-३ जलविद्युत आयोजना लगायत ८ परियोजनाको विस्तृत सम्भाव्यता सर्वेक्षण भएको उल्लेख छ ।

२०७३ फागुनमा सम्पन्न लगानी प्रवर्द्धन सम्मेलनमा रु.१४ खर्वको लगानी प्रतिबद्धता आएकोमा सो अनुरुप लगानी भित्रिन सकेको छैन । बोर्ड स्थापनाको ६ वर्ष व्यतीत भैसक्दा पनि अपेक्षित उपलब्धि हासिल हुन नसक्नुमा ऐन-नियममा रहेका केही व्यहोरा स्पष्ट नहुनु, वनक्षेत्रको प्रयोग, सरकारी जग्गा प्राप्ति, जग्गाको हदबन्दी, वातावरणीय प्रभाव परीक्षण/मूल्याङ्कनसम्बन्धी प्रक्रिया सरल नहुनु, सरकारी निकायबीच समन्वय नहुनु, लगानी बोर्ड र विषयगत मन्त्रालयहरुको कार्यक्षेत्रमा स्पष्टता नहुनु लगायतका कारण रहेका छन् । वैदेशिक लगानीलाई मुलुकको हितअनुकूल प्रवर्द्धन गर्न सरोकारवाला निकायहरुले सहयोगी र समन्वयकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

९. **वन क्षेत्रको प्रयोग -** अरुण-३ जलविद्युत आयोजना तथा माथिल्लो कर्णाली जलविद्युत आयोजनाको परियोजना विकास सम्झौतामा आयोजना निर्माणको लागि सम्झौता मितिले क्रमश २० र २१ महिनाभित्र सरकारी जग्गा (वनक्षेत्र समेत) विकासकर्तालाई लिजमा उपलब्ध गराउनुपर्ने उल्लेख छ । वन ऐन, २०४९ तथा तत्सम्बन्धी कार्यविधि, २०६३ मा रहेका समस्या हल गर्न वन तथा भूसंरक्षण मन्त्रालयले उक्त निर्देशिका संशोधन गरी नयाँ कार्यविधि, २०७४ स्वीकृत गरेको छ । साविक कार्यविधिमा सट्टाभर्ना स्वरुप जग्गा उपलब्ध व्यवस्था रहेकोमा नयाँ कार्यविधिमा जग्गा सट्टाभर्नाको साटो रकम बुझाउन सक्ने व्यवस्था गरेको छ । तर वन तथा भू-संरक्षण मन्त्रालयले आयोजनाले सट्टाभर्ना दिन नसकेको जग्गाको सट्टामा लिने रकमसम्बन्धी मापदण्ड तर्जुमा गरेको छैन ।

१०. **वातावरणीय व्यवस्था -** व्यवस्थापिका-संसद कृषि तथा जलस्रोत समिति, वातावरण समिति र विकास समितिको संयुक्त बैठकले आयोजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण र कार्यान्वयनको अन्तरालमा फरक पर्न आउने क्षेत्रफल र रुख बिरुवाका संख्याका सन्दर्भमा विद्यमान प्रावधानअनुसार पूरक अध्ययन वा समायोजन गर्नुपर्ने व्यवस्थामा पुनर्विचार गरी सरलीकृत व्यवस्था मिलाउन जनसंख्या तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयलाई २०७२।१२।२१ मा निर्देशन दिएकोमा वातावरण संरक्षण नियमावली तर्जुमा गरी २०७४।९।७ मा कार्यविधि स्वीकृत भएको देखिन्छ ।

नेपाल सरकारले जनसंख्या तथा वातावरण मन्त्रालयलाई स्वच्छ विकास संयन्त्रसम्बन्धी काम गर्ने जिम्मेवारी दिएको छ । माथिल्लो कर्णाली जलविद्युत आयोजनाको विकासकर्ता कम्पनीले जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिबमोजिम स्वच्छ विकास संयन्त्र सम्बन्धी आयोजनाको रुपमा होस्ट कण्ट्री एप्रुभलको लागि २०७०।६।१७ मा मन्त्रालयलाई अनुरोध गरेकोमा प्रक्रिया टुङ्गो लागेको देखिएन ।

११. **जग्गाको हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०२१ को दफा ७ मा कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले भित्री मधेश तथा सम्पूर्ण तराईमा १० बिगाहा, काठमाडौँ उपत्यकामा २५ रोपनी र काठमाडौ उपत्यका बाहेक सम्पूर्ण पहाडी क्षेत्रमा ७५ रोपनीसम्म राख्न पाउने व्यवस्था छ । जलविद्युत आयोजना तथा उद्योगको हकमा यो व्यवस्थालाई सहज गर्न हदबन्दीभन्दा बढी जग्गा राख्न छूट दिने सम्बन्धमा जारी भएको आदेश, २०७४ जारी गरे तापनि हरेक परियोजनाले लामो प्रक्रिया पूरा गरेपछिमात्र भूमिसुधार तथा व्यवस्था मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी छुट दिन सक्ने व्यवस्था रहेको छ । उक्त आदेशले पनि प्रक्रियागत व्यवस्थालाई सरलीकरण गरेको देखिएन । लगानी बोर्डले एक विदेशी सिमेन्ट उद्योगलाई हदबन्दीभन्दा बढी जग्गा प्राप्ति गर्ने सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई पत्राचार गरेकोमा उद्योग दर्ता पश्चातमात्र प्रक्रिया अघि बढाउने जानकारी दिएको र उद्योग दर्ताको लागि उद्योग विभागमा लेखी पठाउँदा खानी प्राप्त भएपश्चात्मात्र उद्योग दर्ता प्रक्रिया अघि बढाइने जानकारी दिई जग्गा पहिले कि उद्योग दर्ता पहिले भन्ने विषयमा लगानीकर्तालाई द्विविधा पैदा गरेको छ ।

१२. **प्रसारण लाइन -** प्रत्येक लगानीकर्ताले आ-आफ्नै ढङ्गले विद्युत प्रसारण लाइन निर्माण गर्दा मुलुकले पाउन सक्ने अधिकतम लाभबाट वञ्चित हुन सक्ने अवस्था देखिन्छ । माथिल्लो कर्णाली तथा अरुण-३ जलविद्युत आयोजनाले आ-आफ्नै प्रसारणलाइन निर्माण गर्ने तयारीमा रहेका छन् । वरपर निर्माण हुने वा भैरहेका आयोजनाले उक्त प्रसारणलाइन प्रयोग गर्न पाउने प्रावधान भए तापनि अन्य आयोजनाले प्रयोग गर्दा तिर्नुपर्ने शुल्क निर्धारण, विद्युत प्रसारणमा हुने प्राविधिक विषयमा स्पष्ट नीति नभएकोले स्पष्ट नीति तर्जुमा गर्नुपर्दछ ।

राष्ट्रिय सतर्कता केन्द्र

१३. **उजुरी फछ्यौंट र प्राविधिक परीक्षण -** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३७ बमोजिम प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रही भ्रष्टाचार नियन्त्रणको लागि निरोधात्मक तथा प्रवर्धनात्मक कार्य सञ्चालन गर्ने उद्देश्यले प्राप्त उजुरीको छानबिन, अनुगमन निरीक्षण एवं निर्माणाधीन कार्यको प्राविधिक परीक्षण गरी प्रतिवेदनसहित कार्यान्वयनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने लगायतका कार्य केन्द्रले गर्दै आएको छ ।

गत वर्षको जिम्मेवारीसमेत यो वर्ष केन्द्रमा प्राप्त १ हजार ५६६ उजुरीमध्ये १ हजार ४४ फछ्यौंट भई ५२२ जिम्मेवारी सारेको छ । केन्द्रले यो वर्ष राष्ट्रिय गौरवका आयोजना १५, सडक आयोजना ४७, भवन १६, पुल १५, सिंचाई ५ र अन्य ८ समेत १०६ आयोजनाको प्राविधिक परीक्षण सम्पन्न गरेको छ । प्राविधिक परीक्षणबाट आयोजनाको गुणस्तर आश्वस्तता योजना तयार नगरेको, कार्यबोझ र आकारको आधारमा ठेक्का म्याद निर्धारण नगरेको, जग्गा अधिग्रहण नहुँदै आयोजना कार्यान्वयन गरेको, माइलस्टोन निर्धारण नगरी म्याद थप गरेको लगायतका त्रुटि सच्याउन सम्बन्धित निकायलाई लेखी पठाएकोमा सोको अनुगमन नगरेकोले पहिचान गरिएका कमी कमजोरीमा सुधार भए नभएको स्पष्ट छैन ।

गरिबी निवारण कोष

समाजका गरीब तथा पिछडा वर्गको सक्रिय सहभागितामा गरिबी निवारण सम्बन्धमा विभिन्न कार्यक्रम सञ्चालन गराउने र गरिबी निवारण कार्यमा संलग्न निकायलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले गरिबी निवारण कोष ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम कोष सञ्चालनमा रहेको छ । कार्यक्रम सञ्चालन गर्न कोषले नेपाल सरकार, अन्तर्राष्ट्रिय विकास संस्था, विश्व बैङ्क ट्रष्ट फण्ड र अन्तर्राष्ट्रिय कृषि विकास कोष स्रोतबाट यो वर्ष रु.२ अर्ब ५२ कारोड ५८ लाख २० हजारसमेत हालसम्म रु.२५ अर्ब ९ करोड ८३ लाख २२ हजार खर्च गरेको छ । गरिबी सूचकाङ्कमा अत्यन्त विपन्न वर्गीकृत ६ जिल्लाबाट शुरु भएको कोषको कार्यक्रम हाल ६० जिल्लामा विस्तारित भएको छ ।

१४. **घुम्ती कोष -** कार्यक्रम सञ्चालन निर्देशिका, २०६७ मा साझेदार संस्थाहरुले तोकिएको ढाँचामा घुम्ती कोष सम्बन्धी विवरण तयार गरी चौमासिक रुपमा कोषमा प्रतिवेदन पठाउनुपर्ने व्यवस्था छ । कुनै पनि साझेदार

संस्थाबाट घुम्तीकोषको पूर्ण विवरण भरी कोषमा पठाएको देखिएन । कोषको प्रतिवेदनअनुसार हालसम्म ३१ हजार ७७२ सामुदायिक संस्थाले आय आर्जन परियोजना सञ्चालन गर्न रु.१३ अर्ब ३३ करोड २० लाख ७१ हजार घुम्ती कोषमा लगानी गरेकोमा तत्सम्बन्धी प्रतिवेदन माग गरी कोष परिचालनको अवस्था मूल्याङ्कन गरेको छैन ।

कार्यमूलक लेखापरीक्षण

भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माण तथा पुनर्स्थापना

विक्रम संवत् २०७२ साल वैशाखको महाभूकम्पले १४ अति प्रभावित समेत ३१ जिल्लामा प्रत्यक्ष प्रभाव परेको छ । भूकम्पको कारण ८ हजार ७९० मानवीय क्षति भएको र २२ हजार ३०० भन्दा बढी घाइते भएको देखिन्छ । योजनाबद्ध रुपमा यथाशीघ्र निर्माण कार्य सम्पन्न गर्न तथा विस्थापित भएका व्यक्ति र परिवारको पुनर्वास तथा स्थानान्तरण गरी प्रभावित संरचनाको पुनर्निर्माण गर्न भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन, २०७२ बमोजिम राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठन भएको छ । यसको कार्यावधि ५ वर्ष तोकेको छ । पुनर्निर्माण कार्यमा गत वर्षको रु.२२ अर्ब ४७ करोड र यो वर्षको रु.४९ अर्ब ६९ करोडसमेत रु.७२ अर्ब १६ करोड खर्च भएको छ । भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माण तथा पुनर्स्थापन सम्बन्धमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको कार्यमूलक लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

१५. **समग्र पुनर्निर्माणको स्थिति** – भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ को दफा ३(३) मा प्राधिकरणको कार्यावधि पाँच वर्षको हुने र सो अवधिमा पुनर्निर्माण काम सम्पन्न नभएमा एक वर्ष थप गर्न वा प्राधिकरणले गरी आएको काम अन्य निकायले गर्ने गरी आवश्यक व्यवस्था गर्नसक्ने उल्लेख छ । प्राधिकरणले तयार गरेको क्षेत्रगत योजना र वित्तीय प्रक्षेपण अनुसार दुई वर्षभित्र निजी आवास, तीन वर्षभित्र शैक्षिक तथा स्वास्थ्य संस्था र पाँच वर्षभित्र पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुको निर्माण सम्पन्न गर्ने लक्ष्य लिएकोमा स्थापना भएको दुई वर्षको पुनर्निर्माण तथा पुनर्स्थापना स्थिति निम्नानुसार रहेको छ:

सि.नं.	पुनर्निर्माणको क्षेत्र	पुनर्निर्माण गर्नुपर्ने संरचना (संख्या)	पुनर्निर्माण सम्पन्न (संख्या)	प्रगति (प्रतिशत)	कैफियत
१	निजी अवास निर्माण	७,६७,७०५	६०,००३	७.८१	२०७४/१२/०१ सम्म
	प्रवलीकरण गर्नुपर्ने	२४,९९१	०	०	
२	स्वास्थ्य संस्थाका भवनहरु (प्रिफ्याबसमेत)	११९७	५७५	४८.०३	२०७४ मार्ग मसान्तसम्म
३	सामुदायिक विद्यालयहरु	७५५३	२७४१	३६.२९	
४	पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरु	७५३	७९	१०.४९	
५	विश्वविद्यालय अन्तर्गतका भवनहरु	१६	२	१२.५	
६	सार्वजनिक भवनहरु	४८३	१७७	३६.६४	
७	सुरक्षा निकायका भवनहरु	६८६	१२३	१७.९३	
८	रणनीतिक सडक (कि.मी.)	१४०	०	०	
९	जिल्लास्तरीय सडक (कि.मी.)	१०६०	०	०	
१०	खानेपानी तथा सरसफाई आयोजनाहरु	३११२	९०४	२९.०४	
११	पर्यटकीय पदमार्गहरु	१२	०	०	

स्रोत : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण ।

प्राधिकरणको लक्ष्यअनुसार पहिलो दुई वर्षमा निजी आवास निर्माण गरिसक्नुपर्नेमा तेस्रो किस्ता वितरणलाई आधार लिँदा २०७४ फागुन मसान्तसम्म ७.८१ प्रतिशतमात्र सम्पन्न भएको छ भने अन्य संरचनाको प्रगति स्थिति पनि लक्ष्यअनुसार भएको देखिएन । पुनर्निर्माणको समग्र गतिलाई द्रुतता नदिने हो भने आगामी तीन वर्षमा विनाशकारी भूकम्पको आर्थिक, सामाजिक, मनोवैज्ञानिक असरबाट प्रभावित सर्वसाधारण नागरिकको विश्वास, अपेक्षा र कानुनबमोजिम सुम्पिएको जिम्मेवारी पूरा गर्न कठिन हुने देखिन्छ ।

पुनर्निर्माण कार्यान्वयन गर्न निकायहरुलाई थप जिम्मेवार र जवाफदेही तुल्याउँदै सरोकारवाला पक्षको सहभागिता, कार्यान्वयन क्षमतामा अभिवृद्धि, निकायगत समन्वयमा वृद्धि गरी कार्यान्वयन स्थितिको नतिजामुखी अनुगमन तथा मूल्याकन हुन जरुरी छ ।

१६. **स्रोत परिचालन तथा उपयोग** – प्राधिकरणको विपद्पश्चात्को पुनर्लाभ कार्यढाँचाअनुसार पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन गर्न २०७२।७३ देखि २०७६।७७ सम्मको लागि करिब रु.८ खर्ब ३८ अर्ब आवश्यक पर्ने अनुमान गरेकोमा नेपाल सरकारले भूकम्पपीडितलाई दिने अनुदान दुईबाट तीन लाख पुऱ्याएसँगै त्यसमा रु.१ खर्ब बढी भई कुल लागत अनुमान रु.९ खर्ब ३८ अर्ब पुगेको छ । उक्त कार्यढाँचाअनुसार पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमका लागि आन्तरिक तथा बाह्य स्रोतबाट रु.५ खर्ब ४५ अर्ब (६५ प्रतिशत) रु.२ खर्ब ९३ अर्ब (३५ प्रतिशत) निजी क्षेत्र, गैरसरकारी संस्था, विकास साझेदार मार्फत परिचालन हुने अनुमान गरेको छ । उक्त रकममध्ये नेपाल सरकारको आन्तरिक स्रोतबाट रु.१ खर्ब ३५ अर्ब र दातृराष्ट्र तथा संस्थाबाट रु.४ खर्ब १० अर्ब परिचालन हुने अपेक्षा गरेको देखिन्छ । विकास साझेदारबाट प्रतिबद्धता व्यक्त भएको भनिएको उक्त रकममध्ये उद्धार तथा राहतमा खर्च भएको रु.६७ अर्ब समेत गणना भएकोले खुद प्रतिबद्धता रकम रु.३ खर्ब ४३ अर्ब हुने देखिन्छ ।

प्राधिकरणले अन्तर्राष्ट्रिय दाता सम्मेलनमा दातृ राष्ट्र तथा संस्थाबाट प्रतिबद्धता व्यक्त भएको रु.३ खर्ब ४३ अर्बमध्ये २०७४ मार्ग मसान्तसम्म रु.२ खर्ब ६२ अर्ब (७६.४ प्रतिशत) को मात्र सम्झौता गरेको देखिन्छ । सहायता रकमबाट रु.१६ खर्ब २१ अर्ब तथा २०७३।७४ मा रु.७३ खर्ब ५१ अर्ब विनियोजन गरेकोमध्ये २०७२।७३ मा रु.१ अर्ब ५६ करोड र २०७३।७४ मा रु.१९ अर्ब गरी ६७ करोड खर्च भएको छ । भारतीय अनुदान (एक्जिम बैङ्क स्रोत) तर्फ रु.५२ अर्ब विनियोजन भए तापनि सम्झौता भएको छैन । परियोजना दातृ निकायसँग सम्झौता नै हुन नसकेको सहयोग रकमसमेत बजेटमा समाविष्ट गरेकोले वैदेशिक स्रोततर्फको खर्च न्यून देखिएको छ । यसको लागि प्राधिकरणको स्रोत परिचालन तथा उपयोग गर्ने संस्थागत क्षमता र अभिलेख प्रणालीमा सुधार हुनुपर्दछ ।

१७. **निजी आवास सर्वेक्षण** – भूकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ को ३ (१) मा २०७२ साल वैशाख १२ को विनाशकारी भूकम्प र त्यसपछिका परकम्पनबाट क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण एवं प्रवलीकरणका लागि लगत सकलन कार्यक्रमअन्तर्गत केन्द्रीय तथ्याङ्क विभागबाट सङ्कलित तथ्याङ्क र छनौट मापदण्डका आधारमा तयार गरेको विश्लेषणबाट यकिन भई कार्यकारी समितिले निर्णय गरेबमोजिम क्षतिग्रस्त निजी घरका घरधनी लाभग्राहीमा पर्ने व्यवस्था छ । सोअनुसार भूकम्पले घर क्षति भएको तथा काठमाडौँ उपत्यकासहित अन्यत्र निजको वा एकाघर परिवारको बसोबासयोग्य घर नभएको व्यक्ति लाभग्राही सूचीमा समावेश हुने देखिन्छ । भूकम्प अति प्रभावित १४ मध्ये ६ जिल्लामा २०६८ सालको जनगणनामा भन्दा सर्वेक्षणबाट कायम भएका घरधुरीको संख्या निम्नानुसार ५२ हजार ५५१ बढी देखिएको छ । ती जिल्लामा भूकम्पले सबै घरमा क्षति पुऱ्याएको पनि देखिएन । उक्त जनगणना गर्दा विगत १० वर्षमा औषत २७ प्रतिशतले (प्रति वर्ष २.७ प्रतिशत) घरधुरी वृद्धि भएकोमा २०६८ देखि २०७२ सम्म ४ वर्षमा १० देखि ११ प्रतिशत वृद्धि हुनुपर्नेमा धादिङ र रामेछापबाहेक अन्य जिल्लामा औसत वार्षिक वृद्धि दरभन्दा बढी र दोलखा जिल्लामा ३९.०५ प्रतिशतले अत्यधिक वृद्धि भएको छ ।

सि.नं.	जिल्लाको नाम	२०६८ को जनगणना अनुसार कुल घरधुरी संख्या	अनुदान दिन कायम घरधुरी संख्या			कुल जम्मा	वृद्धि संख्या	वृद्धि (प्रतिशत)
			सर्भेक्षणबाट पहिचान भएका	गुनासो फछ्यौंटबाट थप भएका	प्रवलीकरणमा परेका			
१	दोलखा	४५६५८	५१९४०	१०८९३	६३७	६३४६७	१७८३४	३९.०५
२	सिन्धुपाल्चोक	६६६३५	७८५३७	५१२६	३७६	८४०३९	१७४०४	२६.११
३	रसुवा	९७४१	११२३६	३९७	११७	११७५०	२००९	२०.६२
४	नुवाकोट	५९१९४	६५७७३	३५१६	९३६	७०२२५	११०३१	१८.६३
५	धादिङ	७३८४२	७०५८१	२७५९	१४९४	७४८३४	९९२	१.३४
६	रामेछाप	४३८८३	४३६०९	१४३१	२१४९	४७१८९	२१४९	४.८९
	जम्मा	**२९८९५३**	**३२१६७६**	**२४१२२**	**५७०९**	**३५१५०४**	**५२५५१**	**१७.१९**

भूकम्पबाट अति प्रभावित १४ जिल्लामा दर्ता भएका २ लाख ५ हजार गुनासो २०७३ चैत्रमा फछ्यौंट गर्दा थप भएका लाभग्राही ४१ हजारमध्ये ६ जिल्लामामात्र २४ हजार १२२ घर भएको देखिन्छ । २०७४ श्रावणदेखि कार्तिकसम्म १ लाख ४३ हजार गुनासो प्राप्त भएकोले उक्त गुनासो फछ्यौंट गर्दा घरधुरी संख्याअझैबढ्ने देखिन्छ । यस्तो अवस्थालाई स्वाभाविक मान्न सकिएन । यसबाट सर्वेक्षणमा कमजोरी भएकोले लाभग्राहीमा पर्नुपर्ने छुटेको वा थप सर्भेक्षण गर्दा नपर्नुपर्ने परेको यकिन गरी सम्बद्ध निकायलाई जिम्मेवार र जवाफदेही बनाइनुपर्दछ ।

१८. **निजी आवास निर्माण** – प्राधिकरणले ५ वर्षमा रु.२ खर्ब ३० अर्ब ३१ करोड १५ लाखको लागतमा ७ लाख ६७ हजार ७०५ निजी आवास पुनर्निर्माण गरिसक्नुपर्ने लक्ष्य निर्धारण गरेअनुसार २०७४ फाल्गुनमसान्तसम्म रु.६९ अर्ब २२ करोड ७० लाख खर्च गरेको छ । निजी आवास घर निर्माणका लागि तोकेको पूरै अवधि र लागतको ३० प्रतिशत खर्च गर्दा ६० हजार ३ (७.८१ प्रतिशत) मात्र आवास निर्माण भएको देखियो । उक्त कार्यको प्रगति स्थिति अत्यन्त न्यून रहेको देखियो ।

१९. **तेस्रो किस्ता कम भुक्तानी** – भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि सम्बन्धी, २०७३ को दफा ५(ग) मा लाभग्राहीले आवास निर्माण गर्न पहिलो किस्ता रु.५० हजार, दोस्रो किस्ता रु.१ लाख ५० हजार र तेस्रो किस्ता रु.१ लाख अनुदान पाउने व्यवस्था छ । साथै पहिलो किस्ता प्राप्त गर्न लाभग्राहीमा नाम समावेश भएको र सम्झौता गरी तोकिएको बैङ्कमा खोलेको खाता नम्बर उपलब्ध गराएपछि, दोस्रो किस्ता प्लिन्थ तहसम्म निर्माण गरी प्राविधिकबाट प्रमाणीकरण भएपछि र तेस्रो किस्ता छाना छाउनु अघिसम्मको निर्माण कार्य पूरा गरी प्राविधिकबाट प्रमाणीकरण भएपछि उपलब्ध गराउने उल्लेख छ । निजी आवास निर्माण गर्नुपर्ने ७ लाख ६७ हजार ७०५ मध्ये ६ लाख ९७ हजार ६३५ सँग सम्झौता गरी ६ लाख ८५ हजार ९६९लाई पहिलो किस्ता रु.३४ अर्ब २९ करोड ८४ लाख भुक्तानी दिएको देखिन्छ । २०७४ फाल्गुन मसान्तसम्म २ लाख ५९ हजार २८२ ले दोस्रो किस्ता रु.२९ अर्ब ८९ करोड भुक्तानी लिएका छन् । पहिलो किस्ता लिने ६ लाख ९७ हजार ६३५ मध्ये ६० हजार ३ (७.८१ प्रतिशत) ले मात्र तेस्रो किस्तासम्म रु.१८ अर्ब ९ लाख भुक्तानी लिएका छन् । पहिलो किस्ता भुक्तानी लिई वर्षौंसम्म थप काम नगरेकोले पहिलो किस्ता वापतको रकम समेत निरर्थक बन्न गएको छ । पहिलो किस्ता लिएपछि दोस्रो र तेस्रो किस्ता लिनेको संख्या न्यून देखिएकोले भूकम्प प्रभावित जनताले अनुदान प्राप्त गर्ने प्रक्रिया जटिल भएको मान्नुपर्ने स्थिति रहेको छ । भुक्तानी प्रक्रियालाई सरल, सहज र चुस्त बनाई अनुदानको सदुपयोग गर्नुपर्दछ ।

२०. **निर्माण कार्यको वास्तविकता** – भूकम्प प्रभावितले घर निर्माण गर्न स्थानीय निकायबाट नक्सा पाससहितको मापदण्ड पूरा गर्नुपर्दछ ।

२०.१. अति प्रभावित १४ र कम प्रभावित १७ जिल्लामध्ये ग्रामीण क्षेत्र वाहुल्य २८ जिल्ला र काठमाडौं उपत्यकाको ३ जिल्लाका लाभग्राहीलेप्राप्त गरेको तेस्रो किस्ता भुक्तानीको विवरण निम्नानुसार रहेको छ । ग्रामीण क्षेत्रमा आवास निर्माण अघिको प्रक्रियामा जटिलता कम भएकोले पहिलो किस्ता अनुदान लिने तर निर्माण नगर्ने र शहरी क्षेत्रमा प्रक्रियागत जटिलताका कारण घर निर्माण नै नगरेको देखिएको छ । शहरी क्षेत्रका ३ जिल्लामा घर पुनर्निर्माण गर्नुपर्ने १ लाख १ हजार १५८ मध्ये ४ हजार ६९१ (४.६३ प्रतिशत) ले मात्र तेस्रो किस्ता भुक्तानी लिएकोले पुनर्निर्माण कार्य निराशाजनक देखिएको छ ।

जिल्लाको नाम	क्षेत्र	कुल लाभग्राही (संख्या)	अनुदान सम्झौता गरेका घरधुरी(संख्या)	प्रथम किस्ता प्राप्त गर्ने लाभग्राही (संख्या)	दोस्रो किस्ता प्राप्त गर्ने लाभग्राही (संख्या)	तेस्रो किस्ता प्राप्त गर्ने लाभग्राही (संख्या)	कुल लाभग्राही मध्ये तेस्रो किस्ता प्राप्त गर्ने प्रतिशत
गोरखा	ग्रामीण क्षेत्र	६१३९६	५७४८२	५७४८२	३१९७६	७३३७	११.९६
धादिङ		७३३४०	६८९५६	६८८३९	१८२६३	४४१२	६.०१
नुवाकोट		६९२८९	६५९४१	६५९४१	३६५४१	४०९४	५.९०
रसुवा		११६३३	१०८९१	१०५१९	५९१९	२४०९	२०.७०
सिन्धुपाल्चोक		८३६६३	७८६००	७८६३५	४९२७७	६२५४	७.४७
काभ्रेपलान्चोक		७२४२०	६६७४१	६६७४१	१९७६३	४८९९	६.७६
मकवानपुर		३१८१७	२४२१०	२२९६१	६७८२	१८०८	५.६८
दोलखा		६२८३३	६००६२	५६५१८	३२६३४	१२८८५	२०.५०
रामेछाप		४५०४०	४३१९६	४३१३१	२४८१४	४६१०	१०.२३

सिन्धुली		३४९८८	३३०९८	३३०९१	१२०८०	३०७४	८.७८
ओखलढुंगा		२०१६५	१९९७०	१९०९८	१०७९४	३५३०	१७.५०
कम प्रभावित १७ जिल्ला		१०००४३	८२९९५	७९१०३	२४४	-	-
जम्मा		**६६६५४७**	**६१२१४२**	**६०२०५९**	**२४९०८७**	**५५३१२**	**८.२९**
काठमाडौं	शहरी क्षेत्र	४५८००	३९०८३	३८४३५	४३४६	२१०६	४.५९
ललितपुर		२७७१४	२३२८५	२२३५७	३५४१	१२०२	४.३३
भक्तपुर		२७६४४	२३१२५	२३११८	२३०८	१३८३	५
जम्मा		**१०११५८**	**८५४९३**	**८३९१०**	**१०१९५**	**४६९१**	**४.६३**
कुल जम्मा		**७६७७०५**	**६९७६३५**	**६८५९६९**	**२५९२८२**	**६०,००३**	**७.८१**

२०.२. दोलखा र सिन्धुपाल्चोक जिल्लामा सरोकारवालाहरुसँगको समूहगत छलफल तथा अन्तरक्रिया कार्यक्रममा सर्भेक्षणमा कमजोरी भएकोले लाभग्राहीमा पर्नुपर्ने व्यक्ति छुटेको, नपर्नुपर्ने व्यक्ति परेको, सबै गुनासोको सुनुवाई नभएको, प्राधिकरणले सुनुवाई गरेको गुनासोपनि विवादास्पद रहेको, समस्या समाधान नगरेको, प्राविधिक सेवा पाउन मुस्किल रहेको, इन्जिनियर तथा सव इन्जिनियर परिवर्तन भइरहने, कामको हस्तान्तरण तथा बरबुझारथ नगरेको भनाइ रहेको पाइयो । प्राविधिक परीक्षणबाट उपयुक्त ठहरेको स्थितिमा समेत किस्ता प्राप्त गर्न तीन महिनासम्म पर्खनुपरेको, जेष्ठ नागरिक, असहाय, अपाङ्गता भएका जोखिमयुक्त व्यक्तिको आवास निर्माण हुन नसकेको, घरको डिजाइनबारे अन्यौलता रहेको, बैङ्कले समयमा भुक्तानी नगरेको, दोलखाको उत्तरी क्षेत्रका लाभग्राहीले अनुदान रकम लिन ४ दिनसम्म लगाई रामेछापको मन्थली जानुपरेको, विवरण नमिलेको भनी बैङ्कले भुक्तानी दिने नगरेको, स्थानीय तहको भूमिकालाई प्राधिकरणले गौण बनाएको, २०७४ भाद्र महिनामा छुटेका घरको सर्भेक्षण गर्न पठाएको टोली सबै गाँउ बस्तिमा नआएको, सुकुम्बासी, भूमिहीन, गुठीको समस्या समाधानमा ढिलाई भएको, दक्ष कामदार पाउन कठिन रहेको, निर्माण सामग्रीको कृत्रिम अभाव सिर्जना गरी मूल्य बढाएको, बलियो काठको अभावमा कुकाठले बाइन्डिङ गरेको घर बलियो नभएको, नयाँ जनशक्तिको लागि ७ दिने निर्माणसम्बन्धी तालिम जानकारीमूलकमात्र भएको उल्लेख गरेका छन् । निजी आवास निर्माणमा देखिएका समस्या समाधान गरी लक्ष्यअनुरुप सम्पन्न गर्न प्राधिकरण जिम्मेवार र जवाफदेही हुनुपर्दछ ।

२१. **स्वास्थ्य संस्था** – भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी नियमावली, २०७२ को नियम ३ मा प्राधिकरणले स्वास्थ्य संस्थासम्बन्धी सेवाको लागि पहिलो प्राथमिकता निर्धारण गर्नुपर्ने व्यवस्था छ । भूकम्प प्रभावित ३१ जिल्लामा १ हजार १९७ स्वास्थ्य संस्थामा क्षति भएकामध्ये ५४४ पूर्णरुपमा क्षति भएको र ६५३ प्रवलीकरण गर्नुपर्नेमध्ये पूर्णरुपमा क्षति भएका २४७ (प्रि-फ्याव) तथा प्रवलीकरण गरेका ३२८ गरी ५७५ (४८ प्रतिशत) संस्थाको रु.६ अर्ब १ करोड ६८ लाखको लागतमा २०७४ मार्ग मसान्तसम्म निर्माण कार्य सम्पन्न गरेको छ भने ५२ प्रतिशत भवनको निर्माण कार्य अझै हुनसकेको देखिएन । पूर्णरुपमा क्षति भएका ५४४ संस्थाको स्थायी संरचना निर्माण कार्य ३ वर्षभित्र सम्पन्न गर्नुपर्नेमा हालसम्म वीर अस्पताल, प्रसूति गृह थापाथली, रसुवा रामेछाप, गोरखा र दोलखा जिल्ला अस्पताल, पालुङ अस्पताल तथा सैंपु, फुल्पिङकती, दुवाचौर गरी ३ स्वास्थ्य चौकी निर्माणको लागि खरिद सम्झौता गरेको छ अन्य ८ स्वास्थ्य संस्थाको पनि दातृनिकायको सहयोगमा स्थायी संरचना निर्माणाधीन अवस्थामा रहेको छ । २०७४ मार्गसम्म पनि २९७ स्वास्थ्य संस्थाको भवन निर्माण कार्य शुरु नै हुनसकेको देखिएन ।

भारत सरकारको ऋण तथा अनुदान सहायतामा निर्माण हुने ३०० स्वास्थ्य संस्थामध्ये अनुदान सहायतातर्फका १५७ स्वास्थ्य संस्थाको द्विपक्षीय सम्झौता भएतापनि ऋण सहयोगमा निर्माण हुने १४३ स्वास्थ्य संस्थाको लागि ऋण सम्झौता भएको छैन । अनुदान सहायताबाट निर्माण गरिनेमध्ये ३९ संस्थाको भवन निर्माण गर्न जग्गा समेत उपलब्ध हुनसकेको छैन । स्वास्थ्य मन्त्रालयले स्वास्थ्य संस्थाको प्रकार, जग्गाको अवस्था, सेवाको किसिम, लक्षित जनसंख्या आदिको आधारमा जग्गाको मापदण्ड निर्धारण गरे तापनि ४० प्रतिशत स्वास्थ्य संस्थाको मापदण्डअनुसारको जग्गा नभएको, हाल सञ्चालनमा रहेका धेरै जसो स्वास्थ्य संस्थाको पनि जग्गामा स्वामित्व नभएको अवस्था छ । विगतमा तोकेको र हाल निर्धारण भएको जग्गाको मापदण्डमा फरक परेको कारण आवश्यकताअनुसार जग्गा प्राप्त गर्न नसकेको तथा निर्माण कार्य अगाडि बढाउन नसकेको आयोजना कार्यान्वयन इकाइको भनाइ रहेको छ । नीतिगत प्राथमिकता, समयसारिणीलाई मध्यनजर राखी पुनर्निर्माणमा देखिएका नीतिगत तथा संरचनागत समस्यालाई दिगो एवं भरपर्दो ढङ्गबाट समाधान गर्दै पुनर्निर्माण तथा पुनर्स्थापना क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

२२. **शिक्षण संस्था** – भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी नियमावली, २०७२ को नियम ३ मा सार्वजनिक शिक्षण संस्थासम्बन्धी सेवालाई दोस्रो प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । प्राधिकरणले तीन वर्षमा शैक्षिक संस्थाहरुको निर्माण सम्पन्न गर्ने लक्ष्य निर्धारण गरेको छ । भूकम्पले क्षति पुऱ्याएका ७ हजार ९२३ सामुदायिक विद्यालयमध्ये विद्यार्थी संख्या न्यून भएका ३७० विद्यालय समायोजन भइसकेकोले ७ हजार ५५३ विद्यालयको पुनर्निर्माण गर्नुपर्ने देखिन्छ । २०७४ मार्ग मसान्तसम्मको प्रगतिलाई हेर्दा २ हजार ७४१ (३६ प्रतिशत) विद्यालयको निर्माण सम्पन्न भई ६४ प्रतिशत बाँकी रहेको छ ।

२२.१. एसियाली विकास बैङ्कको ऋण सहायतामा १६२ सामुदायिक विद्यालय पुनर्निर्माणका लागि निर्माण व्यवसायीसँग २०७४ माघ मसान्तसम्म रु.९ अर्ब १० करोड १२ लाखको खरिद सम्झौता गरेकोमा ५ विद्यालयको निर्माण कार्य सम्पन्न भएको र १९ विद्यालयको सम्झौता अवधि समाप्त भएको छ । अत्यावश्यकीय विद्यालय पुनर्निर्माण कार्यक्रम (ESRP) अन्तर्गत १५६ सामुदायिक विद्यालयको पुनर्निर्माण गर्न निर्माण व्यवसायीसँग रु.५ अर्ब ३८ करोड २१ लाखको खरिद सम्झौता गरेकोमा २०७४ माघ मसान्तसम्ममा कुनै पनि निर्माण कार्य सम्पन्न भएको छैन ।

२२.२. विद्यालय क्षेत्रको पुनर्निर्माणको लागि रु.१ खर्ब ३० अर्ब आवश्यक पर्ने जनाएकोमा २०७४ माघ मसान्तसम्म रु.४८ अर्ब रकमको सुनिश्चितता नहुँदा तोकिएको अवधिमा विद्यालय भवन निर्माण कार्य सम्पन्न हुने देखिँदैन । पुनर्निर्माण कार्यका लागि आवश्यक वित्तीय स्रोतको व्यवस्था मिलाउनुपर्ने, भवन निमाण गर्दा स्थानीयस्तरमा देखिएका समस्या समाधान गर्न स्थानीय तहलाई जिम्मेवार बनाउने र सम्बद्ध निकायबीच समन्वय गरी बलियो एवं सुरक्षित संरचना निर्माणमा सबैको ध्यान जानुपर्दछ ।

२३. **जोखिमयुक्त बस्ती** – राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ तथा आवधिक योजनामा जोखिमपूर्ण बस्तीको यथार्थ अभिलेख तथा विवरण तयार गरिने, बस्ती स्थानान्तरणको लागि उपयुक्त स्थानको पहिचान गरिने र बस्ती स्थानान्तरण योजना तर्जुमा तथा कार्यान्वयन गरिने उल्लेख छ । विनाशकारी भूकम्प पश्चात् गृहमन्त्रालयले २०७२।४।१५ मा भूकम्प प्रभावित ३१ जिल्लाका ४७५ बस्तीलाई जोखिमयुक्तठहर गरेको देखिन्छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले विज्ञ समूहमार्फत १० जिल्लाका ८६४ स्थानको भौगर्भिक अध्ययन गराई प्राप्त गरेको प्रतिवेदनमा ३८८ स्थान सुरक्षित, २५० स्थानमा थप सुरक्षा उपाय अवलम्बन गर्नुपर्ने र २२६ स्थान पूर्ण तथा आंशिक रुपमा असुरक्षित रहेको उल्लेख छ । सुरक्षित स्थानमा स्थानान्तरण हुन चाहने परिवारलाई जग्गा खरिद गर्न रु.२ लाखसम्म उपलब्ध गराउन सकिने व्यवस्था भएअनुसार असुरक्षित स्थानमा रहेका ३ हजार ६६ मध्ये २७६ परिवारलेमात्र सो अनुदान लिई जग्गाको व्यवस्था गरेको देखिन्छ । प्राधिकरणले थप सुरक्षा उपाय अवलम्बन गर्नुपर्ने भनी भौगर्भिक अध्ययनबाट पहिचान गरेका २५० स्थानमा २०७३।७४ मा नियन्त्रण तथा रोकथामसम्बन्धी कार्यक्रम सञ्चालन गरेको देखिएन । कार्यक्रम सञ्चालन नगर्दा वर्षात्को समयमा मानवीय तथा भौतिक क्षति हुनसक्ने स्थिति छ ।

प्राधिकरण निर्देशन समितिबाट २०७४ चैत्र मसान्तसम्म निजी आवास अनुदानअन्तर्गत लाभग्राहीको समयसीमा निर्धारण गरेको तथा घर नवनाएका लाभग्राहीले पहिलो किस्ताको रकम सरकारलाई फिर्ता गर्नुपर्नेसूचना प्रवाह भएकोले लिइसकेको अनुदान फिर्ता गर्नुपर्ने तथा उल्लिखित समयपछि अनुदान प्राप्त नहुने डरले असुरक्षित स्थानमै भएपनि लाभग्राहीले घर निर्माण शुरु गरेकोदेखियो । स्थलगत अनुगमनका क्रममा सिन्धुपाल्चोकका भोटेकोशी गाउँपालिकाका फुल्पिङकट्टी, भिर्पुका करिब २०० परिवारले बनाउँदै गरेको घर पहिरोको उच्च जोखिममा रहेको देखिएको छ । जोखिमपूर्ण भई स्थानान्तरण गर्नुपर्ने भनी पहिचान भएका बस्तिका लाभग्राहीलाई घर निर्माण गर्ने उपयुक्त स्थानको व्यवस्था नमिलाई किस्ता लिइसक्नुपर्ने सूचना प्रवाह गर्दा असुरक्षित स्थानमा आवास बनाई बसोवास हुने,अनुदान रकमको सदुपयोग हुन नसक्ने एवं मानवीय तथा भौतिक क्षती हुन सक्ने जोखिम बढेको छ । जोखिममुक्त स्थानको खोजी गरी सुरक्षा उपाय अवलम्बन गर्नुपर्ने तथा पूर्ण वा आंशिक रुपमा असुरक्षितस्थानमा बसोवास गरेका लाभग्राहीलाई जोखिमको जानकारी गराई उपयुक्त बसोवास स्थानको विकल्प दिई अनुदान वितरण हुनुपर्दछ ।

२४. **गुनासो फछ्यौंट तथा व्यवस्थापन** – पुनर्निर्माण तथा पुनर्स्थापनासम्बन्धी गुनासो व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०७३ को दफा ६(१) मा भूकम्प प्रभावित व्यक्तिहरुले निजी आवाससँग सम्बन्धित गुनासो दर्ता गर्नसक्ने व्यवस्था छ । सर्भेक्षणमा छुट भएको, सर्भेमा परे तापनि लाभग्राही सूचीमा नाम छुट भएको, लाभग्राही सूचीमा नाम परे तापनि सम्झौता नभएको, सम्झौता भई अनुदान नपाएको, जग्गाको

स्वामित्व नभएको तथा नाम नामेसी, नागरिकता र लाभग्राही नम्बर नमिलेको, छिमेकी जिल्लामा निजी आवास निर्माण गर्नुपर्ने जस्ता व्यहोरा उल्लेख गरी प्राधिकरणबाट२०७४ मार्ग मसान्तसम्म २ लाख ८९ हजार ३९४ गुनासो दर्ता भएकोमा २ लाख ५ हजार ५८४ फछ्यौंट गरेको छ । उक्त अवधिमा जिल्लाहरुमा दर्ता भई प्राधिकरणमा आइनसकेका समेत १ लाखभन्दा बढीको गुनासो फछ्यौंट गर्नुपर्ने देखिन्छ । गुनासोहरुको समयमै सुनुवाई नहुँदा भूकम्प पीडितले निजी आवास अनुदान पाउन नसक्ने तथा पुनर्निर्माणको लक्ष्य हासिल हुन सक्दैन । केन्दीय गुनासो सुनुवाई समितिबाट समयमै गुनासो फछ्यौंट गरिनुपर्छ ।

२५. **पुरातात्विक, साँस्कृतिक सम्पदा** – प्राधिकरणले पुरातात्विक सम्पदाहरुको पुनर्निर्माण कार्य पाँच वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ । विनाशकारी भूकम्पले उपत्यका भित्र काठमाडौंका २५०, ललितपुरका १३० र भक्तपुरका ८० समेत ४६० र उपत्यका बाहिर २९३ पुरातात्विक तथा साँस्कृतिक सम्पदामा क्षति पुऱ्याएको देखिन्छ । क्षतिग्रस्त कुल ७५३ सम्पदामध्ये विश्व सम्पदा सूचीमा समावेश सम्पदाको संख्या १४० रहेको छ । प्राप्त विवरणअनुसार २०७४ मार्ग मसान्तसम्म विश्व सम्पदा सूचिमा समावेश ३१ र सो बाहेकका ४८ गरी ७९ सम्पदाको पुनर्निर्माण सम्पन्न गरेको छ । प्राधिकरणको समन्वयकारी भूमिकालाई सम्पदा पुनर्निर्माणमाउपयोग गर्नुपर्दछ ।

२६. **साझेदार संस्था** –पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७२ को दफा ५ मा साझेदार संस्थाले भूकम्प प्रभावित क्षेत्रमा पुनर्निमाण तथा पुनर्स्थापना कार्यक्रम एक वा एकभन्दा बढी क्षेत्रमा सञ्चालन गर्नसक्ने व्यवस्था छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट २०७४।११।१५ सम्म पुनर्निर्माणसँग सम्बन्धित कार्यक्रम गर्न २२१ गैरसरकारी संस्थाले रु.४८ अर्ब ४३ करोड ८१ लाख ६४ हजार खर्च गर्ने स्वीकृति लिएका छन् । प्राधिकरणले साझेदार संस्थालाई निजी आवास २२ हजार २२, सामुदायिक विद्यालय भवन १ हजार ५८ र स्वास्थ्य संस्थाको भवन ८७निर्माणका लागि स्वीकृति दिएकोमा २०७४ माघ मसान्तसम्म निजी आवास १० हजार ९१९, विद्यालय ३५८ र स्वास्थ्य संस्था ३७को भवन निर्माण सम्पन्न गरे तापनि खर्चको खुलासा गरेको छैन । लक्ष्यको तुलनामा प्रगति क्रमशः ४९.५८, ३३.८३ र ४२.५२ प्रतिशत रहेको छ । निर्धारित समयमा पुनर्निर्माण कार्य सम्पन्न गरी खर्चको समेत खुलासा हुनुपर्दछ ।

२६.१. पुनर्निर्माण र पुनर्स्थापनाको लागि गैरसरकारी संस्था परिचालन सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि, २०७२ को दफा २(घ) मा निजी आवास निर्माण गर्न चाहने संघसंस्थालाई पुनर्वास, एकीकृत बस्ती विकास तथा बस्ती स्थानान्तरण, विपन्न, अशक्त परिवारको निजी आवास निर्माण, दुर्गम क्षेत्रका निजी आवास पुनर्निर्माणको सामग्री ढुवानी व्यवस्थापनको लागि प्रोत्साहित गरिने उल्लेख छ । स्थलगत अनुगमनको क्रममा लामोसाँघु जिरी सडकको दायाँ बायाँ भीमेश्वर नगरपालिका, दोलखाको लाकुरीडाँडामा एक गैरसरकारी संस्थाबाट १०७ घरको निर्माण कार्य भइरहेको र विपन्न तथा अशक्त नागरिकको पहिचान नगरी ललितपुरको गोदावरी नगरपालिका क्षेत्रमा ४३० घर, काठमाडौको चन्द्रागिरी नगरपालिका क्षेत्रमा १२५ घर, मकवानपुरका थाहा नगरपालिका क्षेत्रमा ७१३ घर, सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका क्षेत्रमा १३० घर निर्माण गर्न स्वीकृति दिएको देखियो । उक्त कार्यविधिमा उल्लेख भएअनुसार गैरसरकारी संस्था दुर्गम क्षेत्रमा केन्द्रित नभई सुगम क्षेत्रमा कार्यरत रहेको र लक्षित वर्गमा स्रोतसाधन तथा सेवा पुऱ्याएको नदेखिएको हुँदा लक्षित वर्गमा सेवा पुऱ्याउन प्राधिकरणले ध्यान दिनुपर्दछ ।

२६.२. यस्तै उक्त कार्यविधिको दफा ७(१३) मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुको ओभरहेड, जनशक्ति व्यवस्थापन, तथा सञ्चालन खर्च कुल परियोजना लागतको २० प्रतिशतभन्दा बढी नहुने र दफा ७(८) मा साझेदार संस्थाहरुले गरेको सम्पूर्ण खर्चको लेखापरीक्षण दर्तावाला लेखापरीक्षकबाट गराउनुपर्ने साथै लाभान्वित समूह र सरोकारवालाका बीच सुनुवाई र सामाजिक परीक्षण गरी प्राधिकरणलाई समेत जानकारी गराउनुपर्ने व्यवस्था छ । हालसम्म प्राधिकरण र मातहतबाट इकाइले कुनै पनि गैरसरकारी संस्थाको लेखापरीक्षण र अनुगमन प्रतिवेदन प्राप्त गरेको देखिएन । यसबाट गैरसरकारी संस्थाले कार्यविधिको अधिनमा रहेर खर्च गरेकोमा आश्वस्त हुन सकिएन । पुनर्निर्माण कार्यक्रममा एकद्वार प्रणाली लागू गरी कार्यसम्पादनमा एकरुपता ल्याउन र सो कार्यमा प्रवाह हुने बजेटको पारदर्शिता र जवाफदेहिता कायम गर्न

परियोजनाको स्वीकृति, अभिलेखीकरण, अनुगमन तथा मूल्याकन गरीमौजुदा नीतिगत एवं कानुनी व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

२७. **शिलान्यासको स्थिति** – महाभूकम्पको केन्द्र गोरखा जिल्लाको वारपाकमा भूकम्प स्मृतिपार्क निर्माण गर्न २०७३।१।१२ मा, रानीपोखरी पुनर्निर्माण गर्न २०७२।१०।२ मा सम्माननीय राष्ट्रपतिबाट र भूकम्पले क्षति भएका सम्पदाहरुको पुनर्निर्माण कार्यको शुरुवात भएको उद्घोष सहित २०७२।१०।२ मा सम्माननीय प्रधानमन्त्रीबाट बुङमति पुनर्निर्माणको शिलन्यास भएको थियो । बारपाकमा भूकम्प स्मृतिपार्क निर्माण गर्न प्राधिकरणबाट जग्गा प्राप्ति तथा घेराबारको कार्य भइरहेको र सम्भाव्यता अध्ययनका लागि टोली गठन गरेको जनाएपनि निर्माण कार्यको प्रगति देखिएन । रानीपोखरीको पुनर्निर्माण कार्य गर्न काठमाडौँ महानगरपालिकाले ठेक्का लगाए पनि हाल निर्माण प्रकृतिको विवादले निर्माण कार्य रोकिएको छ भने बुङमतिको पुनर्निर्माण कार्य श्रीलंका सरकारको सहयोगमा सन् २०१८ जुनसम्म सम्पन्न गर्ने गरी सम्झौता भएकोमा म्याद समाप्त हुन ३ महिना बाँकी रहँदा निर्माण कार्यको प्रगति करिब २२ प्रतिशत भएको छ । समयमै निर्माण कार्य सम्पन्न गर्ने गराउनेतर्फ सम्बद्ध निकाय जिम्मेवार हुनुपर्छ ।

२८. **प्रवलीकरण (रेट्रोफिटिङ) को स्थिति** – राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थापना नीति, २०७२ मा आंशिकरुपले क्षतिग्रस्त तथा भत्कन लागेका ऐतिहासिक भवन तथा संरचनाको प्रवलिकरण कार्यलाई प्राथमिकता दिने उल्लेख छ । प्राधिकरकणले भूकम्पले क्षति पुऱ्याएका सार्वजनिक तथा ऐतिहासिक भवन र साँस्कृतिक सम्पदाहरुमध्ये सर्वोच्च अदालत, सडक विभाग, महालेखापरीक्षकको कार्यालय, बालमन्दिर (नक्साल), केशरमहल, चाँगुनारायण मन्दिर, सिंहदरबारको पश्चिमी मोहडालाई रेट्रोफिटिङ पद्धति अवलम्बन गरी प्रवलीकरण गर्ने प्रक्रिया शुरु गरेको छ । हालसम्म चाँगुनारायण मन्दिर रु.९९ लाख ४९ हजारको लागतमा पुनर्निर्माण गरेको, सर्वोच्च अदालतका दुई भवन रु.८ करोडको लागतमा रेट्रोफिटिङ कार्य अगाडि बढाएकोमा एउटा भवनको निर्माण कार्य सम्पन्न भएको र अर्को भवन प्रवलीकरण कार्य जारी रहेको छ । सडक विभाग, महालेखापरीक्षकको कार्यालय, बालमन्दिर (नक्साल), केशरमहलको हकमा परामर्शदाता छनौट गरी लागत अनुमान तयार गर्ने कार्य भइरहेको जनाएको छ । सिंहदरबारको पश्चिम मोहडाको प्रवलीकरण कार्यको लागि नियुक्त परामर्शदाताले भत्काउने आशयको प्रतिवेदनमा निर्माण कार्यान्वयन उपसमितिको २०७४।४।१७ को निर्णयमा परामर्शदाताले दिएको प्रतिवेदनमा विज्ञहरुको राय सुझाव नसमेटिएकोले अपूर्ण रहेको भनी पुनः भौतिक अवस्थाको मूल्याङ्कन गर्ने उल्लेख छ । समितिले २०७४।५।१५ मा अर्को परामर्शदाता नियुक्ति गरी अध्ययन गराउन आयोजना प्रमुखलाई सुझाव दिएको छ । परामर्शदाता नियुक्ति प्रक्रिया शुरु गरी २०७४।१२।१८ मा प्राविधिक प्रस्ताव स्वीकृत गरेको देखिन्छ । प्रवलीकरण कार्यलाई समयमै सम्पन्न गरी कमजोर संरचनाको संरक्षण र उपयोग गर्नुपर्दछ ।

२९. **पुनर्निर्माण कोष -** भूकम्पवाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ ले पुनर्निर्माणसम्बन्धी कामका लागि पुनर्निर्माण कोषको व्यवस्था गरेको छ । कोषमा गत वर्षको समेत रु.२८ अर्ब २६ करोड मौज्दात रहे तापनि पुनर्निर्माणसम्बन्धी कामका लागि प्राधिकरणले नियमित विनियोजित बजेटबाट निकासा लिई खर्च गरेकोले कोषको रकम परिचालन हुन नसकी निष्क्रिय रहेको छ । उपयोग नगरी निष्क्रिय रहेको रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

त्यसैगरी धरहरा पुनर्निर्माणका लागि खडा गरेको धरहरा पुनर्निर्माण कोषमा गत वर्ष रु.१ करोड ९५ लाख २ हजार र यो वर्ष रु.६ करोड ३६ लाख ६७ हजारसमेत रु.८ करोड ३१ लाख ६९ हजार आम्दानी भएको छ । तर धरहरा पुनर्निर्माणको कार्य सुरु नै नगरेबाट कोषमा जम्मा भएको रकम परिचालन हुन नसकी निष्क्रिय रहेको छ । प्राधिकरणले कार्ययोजनाअनुसार कोषको परिचालन गरी धरहरा पुनर्निर्माण गर्नुपर्दछ ।

अन्य संस्था

नेपाल ट्रष्टको कार्यालय

३०. **सम्पत्तिको उपयोग :** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ५ मा ट्रष्टको सम्पत्ति व्यापक र सर्वोत्तम सार्वजनिक लाभ हुने गरी राष्ट्र हितमा प्रयोग गरी शैक्षिक, प्राज्ञिक र स्वास्थ्यसम्बन्धी कार्यमा प्रयोग गर्नुपर्ने व्यवस्था छ ।

कोषको सम्पत्तिको विवरणअनुसार ट्रष्टको स्वामित्वमा रहेको १२ जिल्लाका २१६ कित्तामा २१ हजार ५६२ रोपनी जग्गा, ३ संस्थाको २ लाख ३० हजार १०२ कित्ता सेयर, रु.३७ करोड ७९ लाख ५० हजार मुद्दती खाताको मौज्दात, ४ बैङ्क खातामा रु.१ करोड ७३ लाख २८ हजार चल्ती तथा बचत मौज्दात, रु.१ करोड २ लाख ३४ हजार धरौटी बाँकी र वैदेशिक मुद्रातर्फ स्टर्लिङ पाउण्ड ४८ हजार४६६ र अमेरिकी डलर १ लाख ३७ हजार मौज्दात रहेको देखिन्छ ।

ट्रष्टको चल अचल सम्पत्ति अधिकतम आय आर्जन हुने कार्यमा लगानी हुनुपर्नेमा लगानी गर्न नसकी मौज्दातमा नै रहेको र लिजमा दिन वा भाडामा लगाउन सकिने सम्भाव्यता भएका अचल सम्पत्तिसमेत उपयोग नभएको अवस्था छ । आय आर्जन हुने क्षेत्र पहिचान गरी सम्पत्तिलाई ऐनअनुसार उपयोग गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा विगत वर्षको प्रतिवेदनमा समेत औँल्याउँदै आएकोमा स्थितिमा सुधार भएको देखिएन ।

३१. **विनियमावली -** नेपाल ट्रष्ट ऐन, २०६४ को दफा २५ मा ऐनको उद्देश्य पूरा गर्न सञ्चालक समितिले यो ऐन तथा नियमको अधीनमा रही आफ्नो आन्तरिक कार्य सञ्चालन, अचल संम्पति सम्भार एवं संरक्षण तथा आर्थिक प्रशासनका सम्बन्धमा आवश्यक विनियम बनाउन सक्ने उल्लेख छ । ट्रष्टले हालसम्म विनियम तयार नगरेकोले तयार गरी ऐनको उद्देश्यअनुरुपका कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३२. **भाडा आम्दानी -** आय व्यय विवरणअनुसार यो वर्ष भाडाबापत रु.६ करोड ८० लाख ६२ हजार आम्दानी भएको छ । यसरी भाडा तथा लिजमा दिएको सम्पत्तिको सम्झौतानुसार प्रयोगकर्ता, भाडा/लिज रकम, दाखिला गर्नुपर्ने मिति, सम्झौता अवधिलगायतका विवरण देखिने अभिलेख अद्यावधिक गरी राखेको पाइएन । प्राप्त हुनुपर्ने आम्दानी प्राप्त भएको सुनिश्चित गर्न तत्सम्बन्धी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३३. **जग्गा लिज -** नेपाल ट्रष्ट संचालक समितिको २०७१।४।२८ को ३१ औ बैठकले दरबार मार्गको करिब १ रोपनी १४ आना जग्गा लिजमा दिने गरी कार्यक्रम स्वीकृत गरेको पाइयो । सोअनुरुप संरचना निर्माण अवधि ३ वर्ष र व्यावसायिक प्रयोग अवधि २७ वर्षसमेत ३० वर्षको लागि प्रस्ताव माग गर्ने गरी लिज डकुमेन्ट स्वीकृत भएको देखिन्छ । निर्माण लागत कम्तिमा रु.२० करोड हुने अनुमानको आधारमा विगत ५ वर्षमध्ये ३ वर्षको कुल कारोबार रकम रु.३० करोड हुनुपर्ने तथा न्यूनतम भाडा मासिक रु.३७ लाख ४९ हजार ९७२ का दरले हुने लगायतका शर्तसहित २०७३।३।१४ मा १५ दिन अवधि दिई प्रस्ताव माग गरेको छ । २०७३।३।२८ सम्म पर्न आएका ६ वटा प्राविधिक तथा आर्थिक प्रस्ताव २०७३।५।२६ (करिब २ महिना पछि) मात्र खोलेको पाइयो । लिज डकुमेन्टअनुसार प्रस्तावको वैधता प्रस्ताव पेस गरेको मितिले ९० दिन मात्र भएकोमा २०७३।३।२८ मा पेस भएको आर्थिक प्रस्ताव २०७४।१।५ मा मात्र स्वीकृत भई एक फर्मसँग २०७४।२।१४ मा संझौता भएको देखिन्छ । प्रस्तावको मान्य अवधि नै समाप्त भैसकेपछि प्रस्ताव स्वीकृत गर्न मिल्ने देखिएन ।

आर्थिक प्रस्ताव मूल्याङ्कन समितिले २०७३।७।१९ मा निर्माण र लिज भाडासहित रु.६ अर्ब ४५ करोड ६६ लाख ३७ हजारको प्रस्ताव स्वीकार गर्न सिफारिस गरेकोमा रु.१ अर्ब ५९ करोड ४० लाख ५२ हजारको सम्झौता भएको छ । बोलपत्र मूल्याङ्कन समितिको सिफारिसअनुसार रु.६ अर्ब ४५ करोड ६६ लाख ३७ हजारमा लिज प्रक्रिया अघि बढाउन सचिवस्तरबाट २०७३।११।६ मा स्वीकृत भएको देखिन्छ । बोलपत्र कागजात परीक्षण गर्दा अङ्कगणितीय त्रुटि पाइएमा सार्वजनिक निकायले इकाई दरको आधारमा कुल रकम सच्याउनुपर्ने व्यवस्था भएबमोजिम उक्त फर्मले पेस गरेको आर्थिक प्रस्तावको विस्तृत विवरणमा निर्माण खर्च तथा भाडासमेत रु.६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार हुन आउनेमा प्रस्तावको सारांशमा उल्लेख भएअनुरुप २०७४।२।१४ मा भाडा रु.१ अर्ब ४० करोड १० लाख ८६ हजार र निर्माण खर्च रु.१९ करोड २९ लाख ६५ हजारसमेत रु.१ अर्ब ५९ करोड ४० लाख ५२ हजारको सम्झौता गरेको पाइयो । कानुनी आधारबेगर सचिवस्तरबाट भएको निर्णय विपरीत सहचिवस्तरबाट निर्णय गरी सम्झौता गरेको नियमसम्मत देखिएन । यसमा छानबिन गरी यकिन गरिनुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा लगानीसम्बन्धी समन्वय नभएको, नेपाल ट्रष्टको सम्पत्तिको उपयोग नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष कार्यालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छ :
  - कार्यालय र मातहतसमेत ११ निकायमा यो वर्ष रु.१ अर्ब ३९ करोड ४९ लाख ९१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब २६ करोड ४२ लाख ४ हजार फछ्यौंट गरेकोले रु.१३ करोड ७ लाख ८७ हजार बाँकी रहेको छ । सोमध्ये रु.५५ लाख ३३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति १ तर्फ यो वर्ष रु.४ करोड ६५ लाख २२ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

अर्थ मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा योजना तथा कार्यक्रममा साधनको प्रभावकारी व्यवस्थापन गर्दै उच्च, दिगो, भरपर्दो र गरिबी निवारणोन्मुख आर्थिक वृद्धि हासिल गर्ने, पारदर्शिता र वित्तीय जवाफदेहिता वृद्धि गर्ने, आर्थिक नीति तर्जुमा गरी राजस्व प्रक्षेपण, वार्षिक कार्यक्रम र बजेटको माध्यमबाट तीनको कार्यान्वयन गर्ने, सार्वजनिक खर्च व्यवस्थापन गरी आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउने लगायतका कार्य रहेको छ । मन्त्रालयलगायत १७४ निकायबाट सेवाप्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत समेत १७४ कार्यालयको यो वर्ष विनियोजन रु.१ खर्ब ५५ अर्ब ४६ करोड २७ लाख, राजस्व रु.५ खर्ब ३५ अर्ब ९८ करोड ७० लाख, धरौटी रु.६ अर्ब ९ करोड ५६ लाख र अन्य कारोबार रु.१ खर्ब ९५ अर्ब ६ करोड ५ लाखसमेत रु.८ खर्ब ९२ अर्ब ६० करोड ५८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका सार्वजनिक संस्थान, अन्य संस्था र समिति ७ को रु.१५ खर्ब ४ अर्ब २३ करोड ७९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **समष्टिगत आर्थिक स्थिति -** नेपालको संविधानले परिलक्षित गरेको राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र र उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको आर्थिक उद्देश्य कार्यान्वयन गर्दै राष्ट्रलाई अगाडि बढाउने लक्ष्य चौधौं योजनाले लिएको छ । दिगो विकासका लक्ष्य हासिल गर्दै वि.सं.२०८७ सम्म मध्यम आम्दानी भएको देशमा रुपान्तरण गर्न समष्टिगत आर्थिक सूचकाङ्कहरुमा सुधार ल्याउनु जरुरी छ । यस सम्बन्धमा अर्थ मन्त्रालयले अवलम्बन गरेको नीतिको कार्यान्वयन स्थिति अध्ययन गर्दा तेह्रौं योजनाको अन्तिम वर्ष २०७२।७३ र चौधौं योजनाको शुरु वर्ष २०७३।७४ को स्थिति निम्नानुसार छ:

(प्रतिशतमा)

विषय	२०७२।७३		२०७३।७४	
	लक्ष्य तेह्रौ योजनाअनुसार	उपलब्धि	लक्ष्य चौधौ योजनाअनुसार	उपलब्धि
आर्थिक वृद्धिदर	६.००	०.७७	७.२०	६.९४
मूल्य वृद्धिदर	७.००	९.९०	७.५०	५.१०
कुल राजस्व/गार्हस्थ्य उत्पादन	२१.१०	२०.५०	१९.५७	२२.३०
कुल सरकारी खर्च/गार्हस्थ्य उत्पादन	२५.०६	३१.२०	३२.१२	३१.५९
चालू खर्च/गार्हस्थ्य उत्पादन	१८.६३	१९.३०	२२.००	२३.६७
पुँजीगत खर्च/गार्हस्थ्य उत्पादन	६.४४	७.१०	१०.१२	७.९२
वैदेशिक अनुदान/गार्हस्थ्य उत्पादन	३.३७	३.००	३.७६	१.५२
वैदेशिक ऋण/गार्हस्थ्य उत्पादन	२.५४	२.६०	६.८५	१.४८
आन्तरिक ऋण/गार्हस्थ्य उत्पादन	२.२५	३.९०	२.२८	३.३६
व्यापार घाटा/गार्हस्थ्य उत्पादन	-३२.१०	-३१.८	-३२	-३४.४०
विप्रेषण आम्दानी/गार्हस्थ्य उत्पादन	अप्राप्त	३२.१०	३२.२८	२६.९०
कुल उपभोग/गार्हस्थ्य उत्पादन	९१.१०	९४.७०	९३	८९.७०
कुल राष्ट्रिय बचत/गार्हस्थ्य उत्पादन	अप्राप्त	५.३०	१०.५०	१०.३०
निकासी/गार्हस्थ्य उत्पादन	४.७०	३.३०	३.५०	३.००
आयात/गार्हस्थ्य उत्पादन	३६.७५	३५.१०	३५.५१	३७.४०
बजेट घाटा/गार्हस्थ्य उत्पादन	०.५९	७.६०	७	६.५

स्रोत: चौधौं त्रिवर्षीय योजना/आर्थिक सर्वेक्षण २०७४, महालेखा नियन्त्रक कार्यालय/नेपाल राष्ट्र बैङ्क

चालु त्रिवर्षीय योजनाले ७.२ प्रतिशतले आर्थिक वृद्धि दर प्रक्षेपण गरेकोमा २०७३।७४ मा ६.९४ प्रतिशत पुगेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१.१ उच्च आयात र न्यून निर्यातका कारण व्यापार घाटा गार्हस्थ्य उत्पादनको तुलनामा गत वर्ष ३१.८ रहेकोमा यो वर्ष ३४.४ प्रतिशत पुगेको छ । व्यापार घाटा बढिरहेकोले आयात निर्यातबीचमा सन्तुलन ल्याउने संयन्त्रको रुपमा अनुत्पादनशील एवं विलासिताका सामग्री उपभोगमा आधारित महसुल तथा करबाट नियन्त्रण, निर्यातमा प्रोत्साहन, सेवा व्यापारमा प्राथमिकता एवं विविधीकरणको माध्यमबाट नीतिगत एवं कार्यान्वयनगत रुपमा सम्बोधन गर्नुपर्ने देखिएको छ । विप्रेषण आम्दानी गार्हस्थ्य उत्पादनको तुलनामा ३२.०१ बाट २६.९ प्रतिशतमा झरेको छ । पुँजीगत खर्च गार्हस्थ्य उत्पादनको तुलनामा १०.१२ पुऱ्याउने लक्ष्य रहे पनि ७.९२ प्रतिशत देखिएको छ । बजेट घाटा गार्हस्थ्य उत्पादनको तुलनामा ७ प्रतिशत कायम गर्ने लक्ष्य रहे तापनि ७.३८ प्रतिशत रहेको छ । यसरी तुलनात्मक विश्लेषण गर्दा समग्रमा समष्टिगत आर्थिक स्थिति अपेक्षा गरेअनुरुप सकारात्मक देखिएको छैन ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः आर्थिक सुचकांकको अवस्था, योगदानमा आधारित निवृत्तभरण व्यवस्था, ऋण तथा अनुदान प्राप्ति, वैदेशिक सहायताको परिचालन, प्राविधिक तथा अन्य सहायताको लेखापरीक्षण, उत्पादनशील क्षेत्रमा कर्जा लगानी, वैकिङ्ग प्रणालीको पहुँच, राजस्व छुट, साफ्टा सम्झौताको कार्यन्वयन, वजेट तर्जुमा, स्रोत सुनिश्चितता, पटके र वढी निकासा, रकमान्तर, वर्षान्तिमा खर्च, शेयर लगानी प्रतिफल, सार्वजनिक संस्थानको कार्य सम्पादन, गैरकर राजस्वको योगदानमा पुनरावलोकन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

१.२ चौधौँ योजनाले दिगोपनसहितको संवृद्धिको लक्ष्य प्राप्त गर्न सीमान्त पुँजी लगानी रु.२४ खर्ब २४ अर्बमध्ये ३९.४ प्रतिशत सार्वजनिक क्षेत्र, ५४.७ प्रतिशत निजी क्षेत्र र ५.९ प्रतिशत सहकारी क्षेत्रबाट लगानी गर्ने नीति रहेको छ । सन् २०१२ देखि २०२२ सम्मको अवधिमा रु.९९ खर्ब ७७ अर्बको लगानी आवश्यक पर्ने र उक्त लगानीमा दुई तिहाई निजी क्षेत्रबाट जुटाउने उल्लेख भएकोमा भूकम्प एवं बाढीजन्य प्राकृतिक प्रकोपका कारणले १० वर्षमध्ये ३ वर्षको तथ्याङ्कले निजी क्षेत्रको उत्पादन, उपभोग र बचतको क्रियाकलापमा तिव्रता आउन सकेको देखिँदैन । कुल गार्हस्थ्य उत्पादनको ८९.७ प्रतिशत उपभोग खर्च रहेबाट लगानीमा कमी आई उत्पादन लगायत रोजगारी अपेक्षाकृत रुपमा हुन नसकेको स्थिति छ ।

२. **खर्च व्यवस्थापन** - सरकारले सम्पादन गर्नुपर्ने विकास निर्माण, पूर्वाधार तथा सामाजिक सेवा एवं सेवा प्रवाहको बढ्दो मागलाई सम्बोधन गर्न र संघ, प्रदेश एवं स्थानीय तहको संरचना व्यवस्थापनमा ठूलो रकम खर्चिनुपर्ने अवस्था आएको छ । सरकारी स्रोत प्राप्ति र खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी कार्यान्वयनमा ल्याउने नीति सरकारले लिएकोमा २ वर्षको अवस्था देहायअनुसार छ:

(रु.करोडमा)

आर्थिक वर्ष	२०७२।७३		२०७३।७४		
शीर्षक	लक्ष्य	प्रगति	लक्ष्य		प्रगति
			योजना	बजेट	
कुल बजेट	६००१९	५२४७८	९७८१०	१०४८९२	-
कुल राजस्व	४८५७५	४८५२४	५१४२९	५७५८९	६१५४६
वैदेशिक अनुदान	४३०५	३९५४	९९०५	१०६८९	४०८१
कुल खर्च	४९४५५	६०१०१	८४४०१	८२३६५	८३७२४
चालु खर्च	३१७२९	३७१२९	५७८२८	६१७१६	५१८६१
पुँजीगत खर्च	१२३२५	१२३२५	२६५७३	३११९४	२०८७४
वित्तीय व्यवस्था	३९६०	१०६४६	१९५८८	११९८१	१०९८८
आन्तरिक ऋण	२४७९	८७५९	११८४४	१११००	८७५३
वैदेशिक ऋण	४३७७	२७४३	२०९४३	१०६८९	४०८२
ट्रेजरी बचत	११९६४	-२२६५	-	-५९४१	-३४४१

स्रोत: चौधौं त्रिवर्षीय योजना/महालेखा नियन्त्रक कार्यालय ।

योजनाको लक्ष्य र वार्षिक बजेटमा समावेश भएको राजस्व असुली तथा खर्चको प्रक्षेपण अङ्कमा तालमेल छैन ।

२.१ सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेहीपूर्ण र विश्वसनीय बनाउन विविध नीति कार्यान्वयनमा ल्याइएका छन् । बजेटलाई नतिजामूलक बनाउन बजेट सूचना प्रणाली, एकल कोष खाता लागू भए पनि विकास आयोजनाको अझै प्राथमिकीकरण हुन नसकेको अवस्था छ । वित्तीय उत्तरदायित्वसम्बन्धी कानुन तर्जुमा नभएको, राजस्वको आन्तरिक स्रोत परिचालन दिगो हुन नसकेकोले सरकारी वित्तको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । गरिबी निवारण, लैङ्गिक समानता, जलवायु परिवर्तनको असर न्यूनीकरणलगायत दिगो विकासका लक्ष्य हासिल गर्न योगदान पुग्ने गरी सरकारी वित्त व्यवस्थापन गर्न जरुरी छ ।

२.२ सार्वजनिक खर्च व्यवस्थापनमा कुशलता अभिवृद्धि गरी चालु खर्च नियन्त्रण एवं पुँजीगत खर्च वृद्धि गर्ने नीति लिएकोमा ३ वर्षको अवस्था देहायअनुसार छ:

(रु.दश लाखमा)

विवरण	२०७१।७२		२०७२।७३		२०७३।७४	
	खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत
चालु खर्च	३३,९४,०७	६३.८५	३७,१२,९५	६१.७८	५१८६२	६१.९४
पुँजीगत खर्च	८,८८,४४	१६.७१	१२,३२,५१	२०.५१	२०८७४	२४.९३
वित्तीय व्यवस्था	१०,३३,०७	१९.४४	१०,६४,६७	१७.७१	१०९८८	१३.१३
कुल खर्च	**५३,१५,५८**	**१००.००**	**६०१०१३**	**१००.००**	**८३७२४**	**१००.००**

उपर्युक्तानुसार सरकारी खर्चको प्रवृत्ति र संरचना विश्लेषण गर्दा कुल खर्चमा चालु खर्चको अंश २०७३।७४ मा ६१.९४ प्रतिशत र पुँजीगत खर्चको अंश २४.९३ प्रतिशत रहेकोले पूर्वाधार एवं विकास निर्माणमा अपेक्षित खर्च हुन सकेको छैन । विगत ५ वर्षको पुँजीगत खर्चको अनुमान र यथार्थ अवस्था रेखाचित्रमा प्रस्तुत गरिएको छ ।

उल्लिखित तथ्याङ्कले चालू खर्चमा नियन्त्रण हुन नसकेको तथा पुँजीगत खर्च अपेक्षाअनुरुप हुन नसकेको अवस्था देखाएको छ । सरकारी फजुल खर्च नियन्त्रण, योगदानमा आधारित निवृत्तिभरण व्यवस्था कार्यान्वयन र पुँजीगत खर्चमा वृद्धि ल्याउन जरुरी भएको छ ।



२.३ केन्द्रीय निकायबाट पुँजीगत खर्च बढाउन बजेट कार्यक्रम स्वीकृति र अख्तियारी प्रदान जस्ता कार्य समयमै सम्पादन गर्ने गरी नीतिगत सुधार गरिए पनि आयोजनाको छनौट, पूर्व तयारी, स्वीकृति एवं प्रतिफलमुखी आयोजना स्थानीय स्तरबाट प्रस्तावित हुने पद्धति अवलम्बन गरी आयोजना छनौटमा लक्षित वर्गको अपनत्व सिर्जना गर्न सकिएको छैन । बजेटमा प्राथमिकीकरण र विनियोजनमा दक्षता अभिवृद्धि गर्ने, आयोजना सञ्चालन गर्ने जिम्मेवारी र जवाफदेहिता किटान गरी कार्यसम्पादन गर्ने वातावरणको सिर्जना गरेर पुँजीगत खर्च गर्ने क्षमता बढाउन जरुरी देखियो ।

२.४ महालेखा नियन्त्रकको कार्यालयले पेस गरेको केन्द्रीय आर्थिक विवरणअनुसार यो वर्ष रु.२ खर्ब ८ अर्ब ७४ करोड पुँजीगत खर्च भएको देखिन्छ । खर्च वर्गीकरण व्याख्याअनुसार स्थानीय तह, संस्थान, समिति, बोर्डहरुलाई दिएको रु.१ खर्ब २४ अर्ब ५७ करोड चालु खर्चतर्फ देखाएको छ । पुँजीगत प्रकृतिको उक्त खर्चलाई चालु खर्चतर्फ लेखाङ्कन गर्ने गरिएकोले कार्यालयले देखाएको उल्लिखित पुँजीगत खर्च यथार्थपरक छैन ।

२.५ संयुक्त राष्ट्र संघको आव्हानमा नेपालले सन् २०३० सम्म दीगो विकासका १७ लक्ष्य र सो अर्न्तगतका १६९ गन्तव्यहरू हासिल गर्ने प्रतिबद्धता जनाएको छ । राष्ट्रिय योजना आयोगबाट प्रकाशित प्रतिवेदन अनुसार यी लक्ष्य हासिल गर्न प्रत्येक वर्ष औसतमा रु. १७.७ खर्ब लगानीको आवश्यकता देखाएको छ । दीगो विकास लक्ष्य हासिल गर्न सरकारी क्षेत्रबाट ४० प्रतिशत योगदान र उद्योग, ऊर्जा, यातायात, आवास लगायतका पूर्वाधारमा निजी क्षेत्रले ६० प्रतिशतसम्म लगानी गर्नुपर्ने देखिएको छ । सरकारी पक्षको विश्लेषण गर्दा पुँजीगत खर्च २ खर्ब मात्र गरिएको र समग्रमा कुल ग्रार्हस्थ्य उत्पादन रु २६.२७ खर्ब को ९० प्रतिशत उपभोगमा खर्च भै १० प्रतिशतमात्र लगानी भएको छ । यो अवस्थाको चित्रणबाट दीगो विकास लक्ष्य हासिल गर्न शूरुवाती चरणमा नै स्रोत तथा कार्यक्रम दुबैमा नेपाल पछि पर्ने अवस्था छ । तसर्थ समग्रमा दिगो विकास लक्ष्य प्राप्तिका लागि सरकारी, निजी र सहकारी क्षेत्रमा उल्लेखनीय रुपमा साधन परिचालन गर्न नीतिगत तथा कार्यान्वयनतहमा अभियानकै रुपमा सुधार गर्नु जरुरी छ ।

वैदेशिक सहायता

३. **वैदेशिक सहायता परिचालन** - यो वर्ष वैदेशिक अनुदान रु.१ खर्ब ६ अर्ब ९० करोड र वैदेशिक ऋण रु.१ खर्ब ९५ अर्ब ७१ करोडसमेत रु.३ खर्ब २ अर्ब ६१ करोड प्राप्त गरिने अनुमान रहेकोमा वैदेशिक अनुदानतर्फ रु.४० अर्ब ८१ करोड र वैदेशिक ऋणतर्फ रु.५९ अर्ब २ करोडसमेत रु.९९ अर्ब ८३ करोड खर्च भएको देखियो । बजेट वक्तव्यमा अनुमान गरिएको रकमको तुलनामा यो वर्ष वैदेशिक अनुदानतर्फ ३८.१७ प्रतिशत र वैदेशिक ऋणतर्फ ३०.१५ प्रतिशत खर्च भई समग्रमा ३२.९८ प्रतिशत वैदेशिक सहायता उपयोग भएको देखिन्छ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

३.१ दातागत रुपमा विश्लेषण गर्दा ३३ दाताबाट अनुदानतर्फ रु.४० अर्ब २७ करोड र ऋणतर्फ रु.३९ अर्ब १५ करोड सहायता प्राप्त गर्ने सम्झौता भएको देखिएको छ । उल्लिखित तथ्याङ्कको अतिरिक्त स्वीट्जरल्याण्ड, जर्मनी, जापान र अन्य द्विपक्षीय संस्था १३ समेतबाट रु.५ अर्ब ४३ करोड २६ लाख अनुदान र रु.५५ करोड ऋण समेत ५ अर्ब ९८ करोड २६ लाख प्राप्त हुने सम्झौता भएकोमा उक्त अनुदान तथा ऋण प्राप्त भएको छैन । दातासँग समन्वय गरी सम्झौता भएको अनुदान प्राप्तिमा ध्यान दिनु जरुरी छ ।

३.२ महालेखा नियन्त्रक कार्यालयबाट उपलब्ध विवरणअनुसार २०७३।७४ मा ५० प्रतिशतभन्दा न्यून अनुदान तथा ऋण उपयोग गर्ने निकायको अवस्था निम्नानुसार रहेको छ :

(रु.लाखमा)

मन्त्रालय/निकाय	अनुदान			ऋण			जम्मा		प्रतिशत
	शुरु बजेट	प्राप्ति	प्रतिशत	शुरुबजेट	प्राप्ति	प्रतिशत	शुरु बजेट	प्राप्ति	
अर्थ मन्त्रालय	२२६४३	८९५७	३९.५६	–	–	०.००	२२६४३	८९५७	३९.५६
उद्योग मन्त्रालय	८४८३	२११	२.४८	१२०३	१६९	१४.४	९६८६	३८०	३.९२
ऊर्जा मन्त्रालय	२९९२	१८२	६.०९	३२३३७	७५८	२.३४	३५३२९	९४०	२.६६
गृह मन्त्रालय	२४३२३	१११६	४.५९	–	–	०.००	२४३२३	१११६	४.५९
वाणिज्य मन्त्रालय	७४८७	११३८	१५.२०	३१४६	३१०	९.८६	१०६३३	१४४८	१३.६२
रक्षा मन्त्रालय	१२२४२	५३१५	४३.४	१०३५३२	५२०९९	५०.३२	११५७७४	५७४१३	४९.५९
युवा तथा खेलकुद मन्त्रालय	१२०	३४	२८.३३	–	–	०.००	१२०	३४	२८.१४
जनसंख्या तथा वातावरण मन्त्रालय	३४५३१	१०४४९	३०.२६	५५०९	१६१६	२९.३४	४००४०	१२०६६	३०.१३
सहरी विकास मन्त्रालय	३०००	१४४८	४८.२			०.००	३०००	१४४८	४८.२६
सिँचाइ मन्त्रालय	११३०५	१२८७०	११३.८	७२०२६	२८६१६	३९.७३	८३३३१	४१४८६	४९.७८
राष्ट्रिय योजना आयोग	६५०	१८	२.७६	–	–	०.००	६५०	१८	२.७६
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३६८०४३	७६११८	२०.६८	३९३७९४	१४४३६२	३६.६६	७६१८३७	२२०४८०	२८.९४
अर्थ मन्त्रालय वित्तीय व्यवस्था	२७२३१	१२६६८	४६.५२	४३३६१८	६९९५६	१६.१३	४६०८४९	८२६२४	१७.९३

उल्लिखित तथ्याङ्कको आधारमा ऊर्जा मन्त्रालयले २.६६, राष्ट्रिय योजना आयोगले २.७६, उद्योग मन्त्रालयले ३.९२ र गृह मन्त्रालयले ४.५९ प्रतिशत वैदेशिक सहायता परिचालन गरेका छन् । वैदेशिक सहयोगको उपयोग क्षमतामा आएको ह्रासको प्रत्यक्ष असर विकास निर्माण र सेवा प्रवाहमा परेको छ । अतः जिम्मेवार निकायका पदाधिकारीले एलोकेटिभ इफिसिएन्सीमा ध्यान दिँदै समयमा दातासँग समन्वय गरी स्रोत र साधनको अधिकतम परिचालन गर्नुपर्दछ ।

३.३ अर्थ मन्त्रालयबाट प्रकाशित विकास सहायता प्रतिवेदन, २०७४ अनुसार भूकम्प पछिको पुनःनिर्माणका लागि नेपालमा भएको अन्तर्राष्ट्रिय दातृ सम्मेलनमा विभिन्न विकास साझेदार र अन्तर्राष्ट्रिय समुदायबाट ४ अर्ब १० करोड ९५ लाख अमेरिकी डलर सहायता उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । सोमध्ये २०७३ माघ महिनासम्म २ अर्ब ७१ करोड ७४ लाख अमेरिकी डलर अर्थात् ६६ प्रतिशत बराबरको सहायता दिने सम्झौता भएको छ । सम्झौताअनुसार प्राप्त हुनुपर्ने र प्राप्त भएको अभिलेख मन्त्रालयले राखेको छैन । त्यस्तै दाताहरुसँग भएको सम्झौताअनुसारको रकम प्राप्तिमा नेपाल सरकारबाट देखाउनुपर्ने क्रियाशीलता देखिएन । वैदेशिक सहायता परिचालन सम्बन्धमा क्षेत्रगत मन्त्रालय र दातावीचको कार्यसम्पादन र अभिलेख प्रणालीमा अर्थ मन्त्रालयले सहजकर्ता र समन्वयकारी भूमिका खेल्नुपर्दछ ।

४. **बजेटबाहिर वैदेशिक सहायता** - नेपालमा ३० भन्दा बढी दाताले वैदेशिक सहायता उपलब्ध गराउँदै आएका छन् । विगत केही वर्षदेखि अनुदानभन्दा ऋण सहायता बढ्दो क्रममा छ । धेरै वैदेशिक सहायता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत परिचालन भएकोले प्राथमिकता क्षेत्रभन्दा बाहिर सहायता परिचालन भएको अवस्था छ । प्राप्त वैदेशिक सहायताको स्थिति निम्नानुसार रहेको छ:

स्रोत		२०७१।७२	२०७२।७३	२०७३।७४
प्रतिवद्धता (रु.१० लाख)	ऋण	१३४२१६	११६३९.५	१९.५७१०
	अनुदान	९१६०३	७९.२०४	१०६९००
	जम्मा	**२२५८१९**	**१९.५५९९**	**३०२६१०**
प्राप्ति (डलर मिलियनमा)	ऋण	२४७.९६	३७४.७४	५४८.८५
	अनुदान	५८७.९७	५३३.१९	५८२.३९
	प्राविधिक सहायता	१८४.८२	१६६.११	२६३.३६
प्राप्ति तरिका (डलर मिलियनमा)	बजेट भित्र	६६३.४५	६७८.६५	१०१२.६०
	बजेट बाहिर	३५७/०९	२९५.४१	३८२

स्रोत: अर्थ मन्त्रालय वैदेशिक महाशाखा ।

वैदेशिक सहायता परिचालनसम्बन्धी नीतिगत व्यवस्था गरे पनि एकद्वार प्रणालीबाट प्राप्ति, परिचालन एवं व्यवस्थापन गर्न सकिएको छैन । विकास सहायताको ७३ प्रतिशत राष्ट्रिय बजेट प्रणालीमार्फत र २७ प्रतिशत राष्ट्रिय बजेट प्रणाली बाहिरबाट परिचालन हुँदै आएको छ । बजेट प्रणाली बाहिरबाट सहायता परिचालन हुँदा खण्डीकृत आयोजनाहरुमा सहायताको प्रयोग हुने, अनुगमन पक्ष कमजोर हुने, राष्ट्रिय आवश्यकता र प्राथमिकता बाहिर वैदेशिक सहायता परिचालन हुने जस्ता अवस्था देखिएका छन् । तसर्थ सहायतालाई एकद्वार प्रणालीमा आबद्ध गरी गैरसरकारी संघसंस्थाले समेत वैदेशिक सहायताको रकम खर्च गर्दा राष्ट्रिय बजेट प्रणालीमार्फत प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग गर्नुपर्ने देखिन्छ ।

५. **प्राविधिक तथा अन्य सहायता** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ (२) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिए बमोजिमको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित २०७३।७४ को प्राविधिक तथा अन्य सहायतासम्बन्धी पुस्तिकामा उल्लेख भएबमोजिम २३ मन्त्रालय/निकायमा १३६ आयोजना सञ्चालन गर्न रु.२५ अर्ब ५५ करोड ४० लाख प्राप्त भएको उल्लेख छ । अर्थ मन्त्रालयमा १० कार्यक्रमका लागि रु.३ अर्ब ३३ करोड २१ लाख प्राप्त भएको उल्लेख भएकोमा सोको खर्च तथा आर्थिक विवरण पेस हुन नआएकोले लेखापरीक्षण भएको छैन ।

प्राविधिक सहायताको परिचालन प्राथमिकता प्राप्त क्षेत्रमा गर्ने, सहायता रकम पुँजी निर्माण एवं पूर्वाधारजन्य क्षेत्रमा खर्च गर्ने, सशर्त एवं सफ्टवेयरमा आधारित सहायताको उपलब्धि सम्बन्धमा विश्लेषण गरेर मात्र स्वीकार गर्ने नीति रहेको छ । प्राविधिक सहायतातर्फ यो वर्ष कुल २६ करोड ३३ लाख ३६ हजार कुल सहायताको १८.८८ प्रतिशत अमेरिकी डलर प्राप्त भएको छ । यो रकम २०७२।७३ मा १५.४७ प्रतिशत रहेको थियो । यो अवस्था प्राविधिक सहायताको अंश कम गर्दै जाने विकास सहायता नीति, २०७१ को व्यवस्था प्रतिकूल देखिएको छ ।

प्राथमिकता क्षेत्र पहिचान गरी सहायता लिने, सहायताको परिचालन राष्ट्रिय प्रणालीमार्फत गराउने र प्राविधिक तथा अन्य सहायताको लेखापरीक्षण गराई पारदर्शिता कायम गरेर सार्वजनिक जवाफदेहिता वहन गर्नु जरुरी छ ।

सरकारी वित्त व्यवस्थापन

६. **प्रत्यक्ष वैदेशिक लगानी** - नेपालमा वैदेशिक लगानीको सम्भाव्यता बढी रहेकोले आर्थिक उदारीकरणको माध्यमबाट वैदेशिक लगानीलाई व्यवस्थित गर्न खोजिए तापनि आर्थिक कूटनीतिको प्रभावकारी कार्यान्वयन नभएको अवस्था छ । चौधौँ योजनाले वैदेशिक लगानीलाई तुलनात्मक, प्रतिस्पर्धी र प्राथमिकताका क्षेत्रमा आकर्षित गरी उत्पादन वृद्धि, निर्यात विविधीकरण र व्यापार घाटा कम गर्ने उद्देश्य राखेको छ । विदेशी लगानीको वातावरण सिर्जना गर्न विदेशी लगानी नीति, २०७१, राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३, औद्योगिक व्यवसाय ऐन, २०७३ लगायतका कानुनमा समसामयिक संशोधन भएको र २०७३ फाल्गुणमा लगानी सम्मेलनसमेत गरेको छ । तथापि प्रत्यक्ष वैदेशिक लगानी अपेक्षाकृत रुपमा जुट्न सकेको छैन । विगत ४ वर्षको वैदेशिक लगानीको अवस्था पाईचार्टमा उल्लेख छ ।



विश्व बैङ्कले प्रकाशन गरेको सन् २०१५ को तथ्याङ्कलाई बिश्लेषण गर्दा प्रत्यक्ष वैदेशिक लगानी सन् २०१५।१६ मा अति कम विकसित देशको औसतमा कुल गार्हस्थ्य उत्पादनको ४ प्रतिशत, दक्षिण एसियाको औसतमा २ प्रतिशत रहेकोमा नेपालको ०.२३ प्रतिशत मात्र प्राप्त भएको अवस्था छ । लगानीकर्ताले औद्योगिकीकरण, व्यापार सञ्जाल, कर एवं लगानी फिर्ताको अवस्था विश्लेषण गरेर लगानी गर्ने हुँदा सम्बद्ध मन्त्रालयको अतिरिक्त वित्तीय एवं मौद्रिक नीतिमार्फत सहजीकरणको लागि अर्थ मन्त्रालयको कार्यसम्पादन समेत महत्वपूर्ण देखिन्छ ।

परियोजनागत तरिकाले विश्लेषण गर्दा २०७२ भाद्रसम्मको तथ्याङ्कबाट १ हजार ५ परियोजनामा प्रत्यक्ष वैदेशिक लगानी प्राप्त भएकोमा सेवा क्षेत्रमा मात्र लगानी बढेको छ । विदेशी लगानीको लागि अनुमति दिने कार्य उद्योग विभागको रहेको र क्षेत्रगत निकायमा लगानीकर्ताले बेग्ला बेग्लै विवरण बुझाउनुपर्ने तथा अनुगमन हुने भएकाले वैदेशिक लगानीको व्यवस्थापनमा एकद्वार नीति अवलम्बन गर्नु जरुरी छ ।

७. **सरकारी वित्त** - वित्तीय क्षेत्र विकास रणनीति, २०७३ ले बैङ्क, बीमा, पुँजीबजार, गैरबैंकिङ वित्तीय क्षेत्र र सहकारी क्षेत्रलाई मुख्य आधारशिला मानेको छ । वित्तीय प्रणालीमा कुल सम्पत्तिको बैंकिङ क्षेत्रले ८९, गैर बैंकिङ क्षेत्रले ७.२, बीमाले ३.८ प्रतिशत हिस्सा ओगटेको छ । मुलुकको सबै क्षेत्रमा बैकिङ्ग प्रणालीको पहुंच पुग्न नसकेको अवस्थामा स्थानीय तहसम्म वित्तीय संस्थाको उपस्थितिको प्रक्रिया थालनी भए पनि दुर्गम क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाले सेवा पुऱ्याउन सकेका छैनन् । तसर्थ वित्तीय पहुँचको विस्तार एवं वित्तीय साक्षरताका कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

८. **बैंकिङ क्षेत्र -** कर्जा प्रवाहको माध्यमबाट आर्थिक गतिविधिमा लगानी गर्ने कार्य बैङ्कहरुले गर्दै आएका छन् । कर्जा प्रवाहबाट वित्तीय संस्थाहरुले मुनाफा आर्जन गर्न सफल भएपनि मुलुकको आर्थिक वृद्धिमा योगदान पुऱ्याउन अझै व्यवस्थित एवं सुदृढ हुनु जरुरी छ । बैंकिङ तथ्याङ्कलाई आधार लिँदा २०७४ आषाढ मसान्तमा बैंकिङ प्रणालीमा रहेको निक्षेप कुल गार्हस्थ्य उत्पादनको ८९.७ प्रतिशत र कर्जा प्रवाह ७३.७ प्रतिशत रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा एक तिहाई योगदान गर्ने कृषि क्षेत्रमा प्रवाह भएको कर्जा कुल कर्जा प्रवाहको ७.०८ प्रतिशत रहेको छ । उत्पादनशील क्षेत्र र साना तथा मझौला व्यवसायीको कर्जा प्राप्तिमा न्यून सहभागिता रहेको छ । यसबाट केही ठूला व्यवसायीलाई मात्र बैंकिङ क्षेत्रको ठूलो हिस्सा कर्जा प्रवाह भएको अवस्था छ । यसले गर्दा सबै क्षेत्रमा आवश्यक कर्जा प्रवाह भै गरीवी निवारणमा योगदान पुऱ्याउन तथा धनी र गरीबबीचको खाडल कम गर्न कठिनाइ परेको छ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

८.१ मुलुकको वित्तीय स्थितिको सूचक निक्षेप, कर्जा प्रवाह र प्रतिफल पनि हो । छरिएर रहेको पुँजीलाई निक्षेपको रुपमा सङ्कलन गरी लगानीको वातावरण सिर्जना गर्दै आर्थिक वृद्धिदर बढाउँदै लैजानु जरुरी भएको छ । कर्जा प्रवाह उत्पादनशील क्षेत्रमा भन्दा पनि घर जग्गा खरिद बिक्री, हायर पर्चेज जस्ता अनुत्पादक क्षेत्रमा बढी उपयोग भएको देखिएको छ । कुल कर्जामध्ये उत्पादनशील क्षेत्रमा १६.६ प्रतिशत, कृषि क्षेत्रमा ७.०८ प्रतिशत लगानी भएको नेपाल राष्ट्र बैङ्कको २०७३।७४ को तथ्याङ्कबाट देखिएको छ । अझै पनि १९ प्रतिशत जनसंख्या वित्तीय पहुँचबाट बाहिर रहेका छन । जसको कारणले निक्षेप तथा कर्जा प्रवाहमा विविधीकरण हुन नसकी बचत वृद्धि दर ह्रासोन्मुख देखिएको छ ।

बैङ्क तथा वित्तीय संस्थाहरुको सेवा विस्तार र समावेशी बनाउने, वित्तीय संस्थाहरुलाई आधुनिक सूचना प्रणालीयुक्त बनाउने, कर्मचारीमा पेसागत विशेषज्ञता हासिल गराई केन्द्रीय बैङ्कको सुपरिवेक्षण र अनुगमनलाई सुदृढ बनाउँदै बचत वृद्धि एवं अनुत्पादनशील कर्जालाई नियन्त्रण गर्दै उत्पादनशील क्षेत्रमा कर्जा लगानी बढाउनुपर्ने देखिएको छ ।

८.२ नेपाल राष्ट्र बैङ्कले वित्तीय पहुँच अभिवृद्धि गर्न उदार इजाजतपत्र प्रणाली, नियमन तथा अनुगमनमा सुधार गरी विप्रेषणबाट प्राप्त स्रोतले निक्षेप सङ्कलनमा बढोत्तरी ल्याए पनि पूर्वाधारयुक्त क्षेत्रमा लगानीको लागि साधन उपलब्ध नभएको, तरलताको कारणले ब्याजदरमा उतार चढाव भैरहेको, तरलता व्यवस्थापन गर्न पर्याप्त उपकरण नहुँदा ब्याजदरमा अस्थिरता आएको, डेबिट कार्डको तुलनामा क्रेडिट कार्डको प्रयोग हुन नसकेको, कर्जा अन्यत्र सार्ने जस्ता जोखिम व्यवस्थापन हुन नसकेको, धितो विविधीकरण हुन नसकेको जस्ता समस्या वित्तीय क्षेत्रमा रहेका छन् ।

८.३ बैङ्क तथा वित्तीय संस्थाहरुले नाफा कमाउने होडमा कमसल सम्पत्तिमा समेत लगानी गरेको देखिएकोले समयमा साँवा ब्याज भुक्तानी नभै खराब कर्जा बढ्ने हुँदा यसमा पनि निगरानी बढाउनु आवश्यक छ । अर्थतन्त्रलाई मजबुत बनाउन क्रेडिट रेटिङ्ग कम्पनीको स्थापना गर्न जरुरी भएको छ ।

९. **बीमा** - नेपालमा २७ बीमा कम्पनीमध्ये ९ ले जीवन बीमा र १८ ले निर्जीवन बीमा कारोबार गरिरहेका छन् । बीमा व्यवसायको ठूलो सम्भाव्यता रहे तापनि बीमामा पहुँच विस्तार गर्न सकिएको छैन । बीमाले वित्तीय क्षेत्रको सम्पत्तिमा ३.८ प्रतिशत हिस्सा ओगटेको छ । सोमध्ये जीवन बीमाको हिस्सा ७० प्रतिशत रहेको अवस्थामा छ । कृषि क्षेत्रमा बैङ्क तथा वित्तीय संस्थाको लगानी अपेक्षाकृत रुपमा पुग्न नसकेको अवस्थामा कृषि बीमाको क्षेत्र साँघुरै रहेको छ । बीमाको पहुँच बढाउन बीमा गर्ने प्रचलनको प्रवर्द्धन, नियमनकारी संरचनालाई दरिलो र जोखिममा आधारित अनुगमन तथा सुपरिवेक्षण पद्धतिको अवलम्बन गरी बीमा व्यवसायको दायरा विस्तार र अर्थतन्त्रमा यसको प्रभाव बढाउनेतर्फ ध्यान जानु जरुरी छ ।

१०. **पुँजी बजार** - पुँजी बजारका पूर्वाधारहरुको क्षमता वृद्धि र विकास भएमा लगानीको निम्ति पुँजी आपूर्ति वृद्धि भई मुलुकको आर्थिक विकासले गति लिन्छ । उत्पादनशील क्षेत्रमा लगानीका लागि पुँजी बजारले लगानी तथा बचत अभिवृद्धि गराई आर्थिक वृद्धि हुने अवस्थामा पुऱ्याउँदछ । कारोबार गरी राफसाफ गर्न सिडियस एण्ड क्लियरिङ लिमिटेड स्थापना भई २०७२ देखि सबै सूचीकृत कम्पनीहरुको शेयर कारोबार अभौतिक रुपमा हुँदै आएको छ । सूचीकृत कम्पनी २२९ रहेको र यी कम्पनीको २०७४ आषाढमा बजार पुँजीकरण रु.३ खर्ब २१ अर्ब रहेको छ । यो क्षेत्रमा वित्तीय संस्थाको प्रभुत्व रहेको देखिन्छ । कर्पोरेट पेपर र ऋणपत्र बजारले प्रवेश पाएको छैन । भेन्चर क्यापिटल र प्राइभेट इक्विटी इन्भेष्टमेन्ट जस्ता व्यवसायलाई धितो



बजारमा ल्याउन सकिएको छैन । नेपालको पुँजी बजारले सर्वसाधारण तथा साना लगानीकर्तालाई लाभ पुऱ्याउने र आर्थिक विकासमा सहभागी हुने केही मौका प्रदान गरेको छ । यसबाट २०७३/७४ मा करिब रु.२ खर्ब ५ अर्बको धितो कारोबार पुगेको छ । सूचीकृत कम्पनीको समूहगत स्थिति वृत्तचित्रमा देखाइएको छ ।

धितो पत्रमा लगानीसम्बन्धी शिक्षा दिने प्रक्रियाको थालनी भर्खर भएको, सूचीकृत कम्पनीको संख्या न्यून भएको, उत्पादनमूलक लगायत बहुसंख्यक कम्पनीले धितोपत्र निष्काशन नगरेको, केही म्यूचुअल फण्ड बाहेक संस्थागत लगानीकर्ताको उपस्थिति न्यून रहेको, धितोपत्र कारोबार अधिकांश काठमाडौंमा सीमित रहेको, निश्चित संख्यामा रहेका धितोपत्र दलालको उपस्थितिले लागत घटाउन नसकिएको र निजी क्षेत्रलाई भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फण्ड सञ्चालन गर्न उत्प्रेरित गर्ने वातावरण नियमनकारी निकायले बनाउन सकेको छैन । बजारको क्षेत्रगत विविधता बढाउने, धितोपत्र व्यवसायीको सेवा विस्तार, विदेशी लगानीलाई सहज, वस्तु बजारका लागि नियमनकारी व्यवस्थाको सुदृढीकरण गर्ने तथा सरकारी स्वामित्वमा रहेको नेपाल स्टक एकस्चेन्ज लिमिटेड (नेप्से) को पुनर्संरचना गरी पुँजी बजारको दायरा र आकार वृद्धि गराउन जरुरी छ ।

११. **गैरबैंकिङ वित्तीय संस्था** - कर्मचारी सञ्चयकोष र नागरिक लगानी कोष बाहेक अन्य गैरबैंकिङ वित्तीय संस्थाको स्थापना हुन नसकेकोले यस्ता सेवाको दायरा बढेको छैन भने यी संस्थाको नियमन गर्ने निकाय समेत छैन । सरकारी तथा गैरसरकारी संस्थाका करिब ४ लाख ९० हजार कर्मचारीको सामाजिक सुरक्षा कार्यक्रम कर्मचारी सञ्चयकोषले व्यवस्थापन गरेको छ । कर्मचारी बचत वृद्धि योजना, नागरिक इकाई योजना जस्ता कार्यक्रम नागरिक लगानी कोषले सञ्चालन गरेको छ । यी दुवै संस्था सरकारी स्वामित्वमा सञ्चालित छन् । यी संस्थाले लगानी विविधीकरण गरी पूर्वाधार, सडक, अस्पताल, पर्यटन क्षेत्र, उद्योगमा लगानी गर्न उल्लेख्य योगदान पुऱ्याएका छैनन् । देशका ठूलो जनसंख्या सामाजिक सुरक्षा सञ्जालभन्दा बाहिर रहेको अवस्थाले यी निकायको दायरा स्वरोजगारीमा रहेका व्यक्तिसम्म पुऱ्याउने, प्रभावकारी र गुणस्तरीय ग्राहक सेवा सुनिश्चित गरी गैर बैंकिङ वित्तीय सेवाको पहुँचमा अभिवृद्धि गराउन जरुरी छ ।

यसका अतिरिक्त सरकारले विभिन्न निकायमा रहेका कोष, तिनीहरुले प्रदान गरेको सेवा र श्रोतको परिचालन उत्पादनशिल क्षेत्रमा भएको सुनिश्चितताका लागि एकिकृत अभिलेख राखी यस्ता क्षेत्रबाट मुलुकको आर्थिक क्रियाकलापमा योगदानमूलक भूमिका निर्वाह गर्ने वातावरण निर्माण गर्न एवं लगानी विविधीकरणका लागि नियमन गर्ने संयन्त्र खडा गर्नुपर्छ ।

१२. **सहकारी क्षेत्र** - सहकारी ऐन, २०७४ अन्तर्गत सहकारी संस्थाहरुले बचत तथा ऋण सहकारी संस्थाको रुपमा सेवा पुऱ्याउँदै आएका छन् । सहकारी संस्थाहरुको दर्ता, सञ्चालन, लेखापरीक्षण, अनुगमन र नियमनका लागि मापदण्ड जारी भएको छ । केही सहकारी संस्थाले नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति लिई बैंकिङ कारोबार गर्दै आएका छन् । तथापि सहकारी संस्थाहरुको सञ्चालन नतिजा, बचत सङ्कलन तथा लगानी अवस्थाको निगरानी राख्ने व्यवस्थाको विकास भएको छैन । यसबाट खराब कर्जा असुली नगर्ने, कर्जा नोक्सानी व्यवस्था लागू नगर्ने, संस्थाको यथार्थपरक तथ्याङ्क एकीकृत नहुँदा स्वस्थ र समस्याग्रस्त सहकारी संस्था छुट्याउन नसकिने र सबै संस्थाको अनुगमन हुन नसकेको अवस्था छ । आर्थिक वृद्धिको आधार तयार गर्ने गरी यी संस्थालाई अभिमुखीकरण गर्न सकिएको छैन । तसर्थ सहकारी संस्थाले वित्तीय अनुशासन पालना गरे नगरेको अनुगमन गरी निक्षेप तथा बचतलाई सुरक्षित बनाउँदै उत्पादनशील क्षेत्रमा सहकारीको लगानी गर्ने वातावरण तयार गर्नुपर्दछ ।

१३. **अन्य संस्थामार्फत कारोबार** - वित्तीय क्षेत्रमा पहुँच एवं स्वरोजगारीको सिर्जना गर्न सरकारले विभिन्न कदम चालेको छ । ग्रामीण स्वावलम्बन कोष, युवा स्वरोजगार कोष र गरिबी निवारण कोषले उद्यमशीलताको विकास गरी नागरिकको जीवनस्तर, उठाउन विपन्न, दलित, जनजाति, महिला, द्वन्दपीडित, बेरोजगार युवाहरुलाई सुलभ ब्याज दरमा क्रमशः रु.२ अर्ब २९ करोड, ३ अर्ब ९५ करोड र रु.२ अर्ब १४ करोड कर्जा प्रवाह गरेका छन् । कृषि, घरेलुलगायतका सरकारी निकायले समेत यस्ता कार्यक्रम सञ्चालन गरेबाट एकद्वार प्रणालीबाट कार्य सम्पादन हुन नसकेको अवस्था देखिएकोले वास्तविक लक्षित वर्गसम्म पुग्ने गरी कार्य सम्पादन गर्न समन्वयात्मक ढंगले कार्यक्रम सञ्चालन एवं अनुगमन गर्नुपर्दछ ।

राजस्व प्रशासन

१४. **राजस्व नीति तथा मार्गदर्शन** - राष्ट्रिय विकासका लागि खर्चको आवश्यकता पूरा गर्न, संघीय वित्तीय प्रणालीलाई सवलीकरण गर्न, वैदेशिक सहायता माथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालनलाई जोड दिनुपर्ने हुन्छ । आन्तरिक स्रोतको महत्वपूर्ण हिस्सा ओगटेको कर राजस्व परिचालनलाई दिगो बनाई वित्तीय संरचनालाई सुदृढ बनाउनेतर्फ राजस्व नीति केन्द्रित हुनुपर्दछ । बजेटले लगानीमैत्री करनीतिको माध्यमबाट आर्थिक समृद्धिको जग बसाल्ने, भूकम्प र आपूर्ति असहजताबाट प्रभावित भएकालाई पुनर्जीवन दिने, राष्ट्रिय उत्पादन वृद्धि गरी परनिर्भरता घटाउँदै निर्यात प्रवर्द्धन गर्ने, प्रक्रियागत सुधार गरी स्वेच्छिक कर परिपालना वृद्धि गर्ने, राजस्व परिचालनमा गैरकर राजस्वको योगदान बढाउने व्यहोरा राजस्व नीतिमा उल्लेख छ । मन्त्रालयले तयार गरेका राजस्व नीतिअनुसार गर्नुपर्ने क्रियाकलापको अवस्था देहायअनुसार छ:

१४.१ राजस्व प्रशासन सुधारका लागि केन्द्रीय राजस्व बोर्ड गठनसम्बन्धी पूर्वाधार तयार गर्न राजस्व बोर्डसम्बन्धी विधेयक तर्जुमा, राजस्व बोर्ड अनुकूल राजस्वको संगठन संरचना निर्माण, नेपाल राजस्व सेवा गठनको कार्यमध्ये बोर्डको गठनसम्बन्धी विधेयकको मस्यौदामात्र तयार भएको छ । तर राजस्व बोर्ड अनुरुपको संगठन संरचना र राजस्व सेवा गठन लगायतका विषयमा कार्य हुनसकेको छैन ।

१४.२ कर कानुन र प्रक्रियालाई सवलीकरण गरी स्वेच्छिक कर सहभागितामा सहजता र एकरुपता ल्याउन एकीकृत कर संहितासम्बन्धी विधेयकको मस्यौदा तयार गर्ने कार्यक्रम रहेकोमा विधेयकको मस्यौदा तयारी प्रारम्भिक चरणमा रहेको छ ।

१४.३ कार्यसम्पादनमा सहजता र एकरुपता ल्याई राजस्व सङ्कलन गर्ने उद्देश्यले राजस्वसँग सम्बद्ध विद्युतीय सूचना प्रणालीलाई आन्तरिक राजस्व, भन्सार, सम्पत्ति शुद्धीकरण अनुसन्धान र राजस्व अनुसन्धान विभागलगायत अन्य सरोकारवाला निकायबीच आवद्धता गर्ने कार्य पनि पूर्णरुपमा हुनसकेको छैन ।

१४.४ राजस्व छुट सम्बन्धी निर्णयमा एकरुपता र पारदर्शिता कायम गर्न राजस्व छुट सम्बन्धी कार्य सञ्चालन कार्यविधि तय भएको छैन ।

१४.५ राष्ट्रिय उत्पादन वृद्धि गरी परनिर्भरता घटाउँदै निर्यात प्रवर्द्धन गर्ने नीति भए पनि विगत ५ वर्षको आयात निर्यात स्थिति देहाय बमोजिम रहेको छ ।

(रु.करोडमा)

विवरण	२०६९।७०	२०७०।७१	२०७१।७२	२०७२।७३	२०७३।७४
आयात	६१३६३	७१६१३	७८६१९	७७४७१	९८४३०
निर्यात	७७४०	८९६२	८५१९	७०२५	७३०४
अनुपात	**१:७.९२**	**१:७.९९**	**१:९.२२**	**१:११.०२**	**१:१३.४७**

निर्यातको तुलनामा आयातको वृद्धिदर उच्च रहेकोले परनिर्भरता घटनुको बदला बढेको छ । निर्यातको १३.४७ गुणासम्म आयात भएकोले व्यापार घाटासमेत बढ्दै गएको छ । निर्यात बढ्न नसक्दा विप्रेषण र वैदेशिक सहायताले शोधनान्तर घाटा थेग्न नसकेको अवस्था छ ।

१४.६ गैरकरका दरमा सेवाको मूल्य तथा समय सान्दर्भिकता कायम गर्ने उद्देश्यले गैरकर राजस्वका दरहरु परिमार्जन गर्न गैरकर सङ्कलन गर्ने निकायहरुसँग समन्वय गरी प्राप्त हुने प्रस्तावमा सहमति दिने कार्यक्रम रहेकोमा गैरकरका दरमा समयानुकूल परिमार्जन अझै हुन सकेको छैन । गैरकर राजस्व २०६३।६४ मा कुल गार्हस्थ्य उत्पादनको २.२८ प्रतिशत रहेकोमा २०७३।७४ मा २.७३ मात्र पुगेकोले यसको दायरा र दरमा पुनरावलोकन हुनुपर्दछ ।

१४.७ न्यून बीजकीकरण भएका वस्तुहरु खरिद गर्ने कार्यको लागि बजेटमार्फत रु १ अर्ब बजेट व्यवस्था गरी रु ५ करोड भन्सार विभागलाई अख्तियारी दिएकोमा रु.४ लाख खर्च गरेको छ । त्यस्तै आन्तरिक राजस्व विभागतर्फ सोसम्बन्धी कार्यविधि तयार भए तापनि स्वीकृत हुन सकेको छैन । यसबाट नीतिगत प्रतिवद्धताको पालना भएको देखिएन ।

१४.८ सरकारले सम्पादन गर्नुपर्ने विकास निर्माण, सामाजिक सेवाको अतिरिक्त बढ्दो तलब भत्ता, निवृत्तिभरण लगायतको चालु खर्चको आकार बढ्दै गएको छ । सोको लागि आवश्यक पर्ने स्रोततर्फ वैदेशिक सहायताको

अंश उल्लेख्य रुपले बढ्न नसकेको अवस्थामा दायरा बढाई समानान्तर रुपमा परिचालन गर्ने आन्तरिक स्रोत कर राजस्व नै हो । तसर्थ यो अवस्थामा तर्जुमा हुने राजस्व नीति एवं कार्यान्वयनको लागि मन्त्रालयले विशेष ध्यान दिनुपर्दछ ।

१५. **राजस्व प्रक्षेपण, लक्ष्य र असुली** - राजस्व परामर्श समितिको प्रतिवेदन तथा केन्द्रीय तथ्याङ्क विभागको प्रतिवेदनअनुसार विगत ४ वर्षको कुल गार्हस्थ्य उत्पादन तथा राजस्व वृद्धि देहायबमोजिम छ:

(रकम रु.करोड)

आर्थिक वर्ष	आर्थिक वृद्धि दर स्थिर मूल्य	कुल गार्हस्थ्य उत्पादन	वृद्धि प्रतिशत बर्तमान मूल्य	राजस्व असुली रकम	वृद्धि प्रतिशत
२०७०/७१	५.७२	१९३०८६	१२.१७	३५६८४	२०.२९
२०७१/७२	२.९७	२१२४६५	९.१२	४०५८४	१३.७३
२०७२/७३	०.०१	२२४८६९	५.५२	४८५२४	१९.५६
२०७३/७४	६.९४	२६०४३१	१३.६५	६१२५३	२६.२३

कुल गार्हस्थ्य उत्पादन र राजस्व सङ्कलनको आँकडाले कुल गार्हस्थ्य उत्पादन र राजस्व वीच सह-सम्बन्ध स्थापित भएको देखिएन । जसबाट कुल गार्हस्थ्य उत्पादनको तथ्याङ्क, विश्लेषण र सोको आधारमा प्रक्षेपण एवं विश्लेषण हुन सकेको छैन । मुलुकको आर्थिक अवस्था र अर्थतन्त्रका आर्थिक सूचकाङ्कहरुको विश्लेषण गर्दा देखिएको अवस्था निम्नानुसार छ:

१५.१ राजस्व अनुमानलाई यथार्थपरक बनाउन प्रभावकारी कर दरको तरिका, कर लचकता, समष्टिगत आर्थिक ढाँचा, प्रवृत्ति विश्लेषणलगायतका अर्थशास्त्रीय औजार अपनाउन आवश्यक मानिन्छ । राजस्व प्रक्षेपण गर्दा यी पक्षहरुको सुक्ष्म विश्लेषणपश्चात् प्राप्त आँकडामा आधारित भई राजस्व लक्ष्य निर्धारण गर्नुपर्दछ ।

१५.२ संयुक्त राष्ट्रसंघीय लेखा पद्धतिले तयार गरेको म्यानुअलअनुसार राष्ट्रिय लेखा तर्जुमा गर्दा सो म्यानुअलमा २१ सूचकाङ्कको आधारमा राष्ट्रिय लेखाको गणना गर्ने व्यवस्था गरेको छ । उक्त म्यानुअल सन् २००८ मा परिमार्जन भइसकेकोमा नेपालले १९९३ को म्यानुअल लाई आधार लिएको कारणले कुल गार्हस्थ्य उत्पादनले समेटेका सबै तथ्याङ्कले पूर्णता पाएका छैनन् ।

उल्लिखित कुल गार्हस्थ्य उत्पादन, राष्ट्रिय आय गणना गर्ने सूचकाङ्क प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने, सो सम्भव नभएमा ५ वर्षको अन्तरालमा अद्यावधिक गरी मिलान गर्नुपर्ने हुन्छ । "यस्ता तथ्याङ्कको आधार १० वर्ष सम्म पनि अद्यावधिक नभएमा ती तथ्याङ्कको आधारमा गणना गरिएको सूचनाको यथार्थता राष्ट्रसंघले स्वीकार नगर्ने अवस्था हुन्छ" । नेपालले २०००।२००१ लाई बेञ्चमार्किङको आधार लिएको छ । १७ वर्ष अगाडिका तथ्याङ्कलाई विश्व परिवेशमा स्वीकार नगरिने पक्ष एकातर्फ छ भने अर्को तर्फ २०००।२००१ को कुल गार्हस्थ्य उत्पादन गणना गर्ने सूचकाङ्कहरु परिवर्तन भई नयाँ वस्तु तथा सेवाले अर्थतन्त्रमा स्थान लिइसकेको अवस्थामा साबिकको आधारबाट गरिएको गणनाले यथार्थ गार्हस्थ्य उत्पादन देखाउँदैन । उदाहरणार्थ सफ्टवेयर व्यवसाय, उपभोक्ता समितिबाट हुने कारोबार, वित्तीय सहकारी संस्थाको कारोबार, शिक्षा क्षेत्रका परामर्शदात्री संस्थाको कारोबार, म्यानपावर कम्पनीका कारोबार जस्ता विषयले अर्थतन्त्रमा पुऱ्याएको योगदान राष्ट्रिय लेखाप्रणालीको दायरामा आउन सकेको छैन । जसले गर्दा कुल गार्हस्थ्य उत्पादन न्यून भएकोले उल्लिखित राजस्व सङ्कलनको प्रतिशत र वृद्धिसमेत यथार्थपरक देखिँदैन । तसर्थ यथाशीघ्र आधार वर्ष अद्यावधिक गर्नुपर्दछ ।

१५.३ सीमाक्षेत्रको खुल्ला बजार, भन्सार नाका तथा बजारमा भएको न्यून बीजकीकरण, अन्तर्राष्ट्रिय क्षेत्रबाट बैंकिङ प्रणाली बाहिरबाट आउने विप्रेषण लगायतका कारोबारलाई मुलुकले निश्चित मापदण्ड तर्जुमा गरी राष्ट्रिय लेखामा समावेश गर्न नसकेको अवस्था छ । विभिन्न अध्ययनले नेपालको अनौपचारिक अर्थतन्त्र एक तिहाई भन्दा बढी देखाएको सन्दर्भमा कुल गार्हस्थ्य उत्पादनले सबै कारोबारलाई समेटेको छैन । तसर्थ यस्ता अनौपचारिक अर्थतन्त्रको कारोबारको समेत अध्ययन गरेर क्रमश: तिनीहरुलाई औपचारिक दायरामा ल्याउने रणनीति अवलम्बन गरी राजस्व प्रक्षेपण एवं लक्ष्य निर्धारण अद्यावधिक तथ्याङ्कको आधारमा गर्नुपर्दछ ।

१६. **राजस्व छुट** - आर्थिक ऐन, २०७३ को दफा १९ ले प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए तापनि नेपाल सरकारले कानुनबमोजिमको दस्तुर, शुल्क, महसुल र करका दरहरु घटाउन बढाउन वा आंशिक वा पूर्ण छुट

दिन सक्ने व्यवस्था गरेको छ । मूल्य अभिवृद्धि कर (मू.अ.कर), अन्तःशुल्क तथा भन्सार ऐनबमोजिम तोकिएका दरबन्दीमा लाग्ने कर महसुल आर्थिक ऐनले छुट दिने व्यवस्था गरेको छ । यो वर्ष मन्त्रालयले आर्थिक ऐनको दफा १९ प्रयोग गरी स्वास्थ्य सामग्री र उपकरण, सवारीसाधन, विद्युतीय तथा ऊर्जा जस्ता सामग्रीको आयातमा महसुल छुट दिएको छ । उक्त छुट सन्दर्भमा तुलनात्मक विश्लेषण गर्न सकिने रकमगत अभिलेख राखेको छैन ।

१६.१ आयव्यय विवरणको अभिन्न अङ्गका रुपमा राजस्व छुट विवरण बजेट वक्तव्यसँगै पेस गर्ने अन्तर्राष्ट्रिय असल अभ्यास रहेको छ । उक्त विवरणमा आर्थिक ऐनमार्फत भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क छुट दिएका कारण, सो छुटले राजस्वमा हुन गएको कमीको रकमगत अभिलेख मन्त्रालयले तयार गरी पेस गर्नुपर्नेमा पेस गर्ने गरेको छैन । भन्सार विभागको आसिकुडा, आन्तरिक राजस्व विभागको अभिलेख लगायत अन्य स्रोतबाट जानकारी भएको आधारमा यो वर्ष देहायअनुसारको संस्था, वस्तु तथा सेवा प्रयोजनमा रु.५९ अर्ब २० करोड २० लाख राजस्व छुट दिएको देखिन्छ । यस सम्बन्धमा मन्त्रालयले छुटको अभिलेखका लागि सफ्टवेयर तयार गरेर प्रयोगमा ल्याएको भनिए तापनि छुटको रकमगत विवरण जानकारी दिन सकेको छैन । यस्तो विवरण बजेटसँगै संघीय संसदमा पेस गर्नुपर्दछ ।

(रु.लाखमा)

क्र.सं.	छुटको प्रयोजन	छुट भएको राजस्व	क्र.सं.	छुटको प्रयोजन	छुट दिएको राजस्व
१.	औषधिको कच्चा पदार्थ/ औषधि	६०५५६	२.	नेपाली सेना, प्रहरी, सरकारी निकाय	३७९१२
३.	एम्बुलेन्स, शववाहन	५०३४	४.	कूटनैतिक नियोग र यू.एन एजेन्सी	४२५४
५.	कच्चा जुट/जुटमिलका स्पेयर पार्टस	१९६२९	६.	विदेशी सहायतामा सञ्चालित आयोजना	९१६९
७.	प्रिटेन्ट किट्टाब, प्रिन्ट मेटेरियल, न्युज प्रिन्ट पेपर/छपाइ भएका किट्टाब/बैङ्क नोट	१७५४	८.	गलैचा उद्योगको फाइवर, मानव निर्मित फाइवर समेत/ कस्मिरी यार्न र कटन यार्न	७३७३
९.	रासायनिक मल	१५३५	१०.	दाना उद्योगले आयात गर्ने कच्चा पदार्थ	३५७३०
११.	कटन सारी, लुंगी, सिन्दुर टिकुली, चुरा	७३८९	१२.	पी.भी.सी.फिल्म, बी.ओ.पी.पी फिल्म	५५०
१३.	नुन कपास र परिवार नियोजन साधन	१२३३	१४.	होटलले स्तर वृद्धि गर्न पैठारी गर्ने मालवस्तु	२२९
१५.	कृषि तथा पशुजन्य उत्पादन/उद्योग/ चिया उद्योग	११३१६७०	१६.	चलचित्र विकास बोर्डको सिफारिसमा सिनेमा उद्योगले पैठारी गर्ने मालवस्तु	७६
१७.	एलपिजी ग्याँस	२३२३१	१८.	अस्पताल/ सामाजिक संघ संस्था	९७१९
१९.	सोलार ब्याट्री र अन्य	४०२५	२०.	फिलर माष्टर ब्याच	४३३
२१.	विद्युत उत्पादन उपकरण पार्टस	१७१४२	२२.	विद्युतीय सवारीसाधन / दमकल	१२८५
२३.	तेल मिलले आयात गर्ने कच्चा तेल	२२३९९	२४.	सुन, चाँदी	४३८४७
२५.	हवाइजहाज एवं पार्टसहरु	२१३९६	२६.	भवन/भ्यालढोकाको यू.पी.भी.सी.	४,२९
२७.	मोबिल/ उद्योगका कच्चा पदार्थ	७,७७	२८.	नयां मेसिन/औद्योगिक पार्टपुर्जा	५,३४,२४
२९.	छड उद्योग	१९,४५	३०.	खनिज	४,२७
३१.	दाल उद्योग	१०,३०	३२.	फरक क्षमता भएका व्यक्तिको व्यक्तिगत सामग्री र स्कुटर	५,१९
३३.	दक्षिण एसियाली सौविध्य व्यापार (साफ्टा)	२,२६,१७		मूल्य अभिवृद्धि कर फिर्ता	६,१२,५५
				जम्मा	**५९,२०,२०**

राज्यकोषमा प्राप्त भएको मूल्य अभिवृद्धि कर रु.६ अर्ब १२ करोड ५५ लाख फिर्ता दिएको देखिन्छ । उक्त फिर्ता रकममा कूटनीतिक नियोगलाई रु.८१ करोड २१ लाख, संघ संस्था, जिल्ला विकास समन्वय समिति, नगरपालिका र सरकारी कार्यालयलाई रु.२ करोड ४१ लाख र मोबाइल पैठारीकर्तालाई रु.८९ करोड २७ लाख तथा घिउ, तेल उद्योगलाई रु.२ अर्ब ४२ करोड ४७ लाख समावेश छ । राजस्व छुट सम्बन्धमा देखिएका उल्लेखनीय व्यहोरा निम्नानुसार छन्:

१६.२ अर्न्तराष्ट्रिय प्रचलनअनुसार मूल्य अभिवृद्धि करमा सीमित वस्तुमा मात्र कर फिर्ता दिने प्रचलन भएको बारेमा यस कार्यालयले विगत वर्षहरुका प्रतिवेदनमार्फत कर फिर्ता हुने वस्तु सीमित गर्न सरकारलाई सुझाव दिँदै आएकोमा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ ले मोबाइल फोन, कपडा, सलाई, धुप, टायर ट्युब, मैदा, तोरीको तेल, दूध, चिनी, चिया, तामा, पित्तलको भाडामा कर फिर्ता क्रमशः हटाउने भन्ने सुझाव दिएको साथै अन्तर्राष्ट्रिय मुद्रा कोषको नेपाल सम्बन्धी सन् २०१५ को प्रतिवेदनमा समेत कर

छुटलाई अर्न्तराष्ट्रिय प्रचलनअनुसार सीमित गर्न सुझाव दिएको अवस्था छ । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले समेत राजस्व छुट क्रमशः हटाउने निर्देशन दिएकोमा कार्यान्वयन हुन सकेको छैन ।

१६.३ आर्थिक ऐन, २०७३ मा दाना उद्योगले पैठारी गर्ने मकै, भटमासको पिनालगायतका मालवस्तुमा भन्सार तथा मूल्य अभिवृद्धि कर छुट दिने व्यवस्था छ । जसअनुसार यो वर्ष रु.३ अर्ब ५७ करोड ३० लाख राजस्व छुट दिएको छ । राजस्व छुटमा आयात भएका ती मालवस्तु पशुपन्छीको दाना बनाउने प्रयोजनमा नै उपयोग भएकोमा आश्वस्त हुने अवस्था छैन ।

१६.४ कुल गार्हस्थ्य उत्पादनको एक तिहाई अंश कृषि क्षेत्रले ओगटेकोले कृषि उत्पादनलाई टेवा पुऱ्याउन कृषि विकास मन्त्रालयमार्फत रु.१० अर्ब ७८ करोड कृषकलाई अनुदान उपलब्ध गराएको छ । कृषिमा आत्मनिर्भरता अभिवृद्धि गर्न यसप्रकारको अनुदान दिइरहेको अवस्थामा आयातमा पनि कृषि तथा पशुजन्य उत्पादन लगायतमा रु.११ अर्ब ३१ करोड मूल्य अभिवृद्धि करलगायत राजस्व छुट दिएको देखियो । आन्तरिक उत्पादन वृद्धिमा प्रोत्साहन पुऱ्याउन अनुदान दिए पनि कृषि तथा पशुजन्य सामग्रीको आयातमा समेत राजस्व छुट दिएबाट स्वदेशी उत्पादनमा पर्ने प्रभावबारे अध्ययन भएको छैन ।

१६.५ वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनामा निर्माण कार्यका लागि सम्झौतामा व्यवस्था भएबमोजिम आयात गर्ने निर्माण सामग्रीमा नेपाल सरकारको निर्णयबाट भन्सार महसुल, कर, शुल्क छुट दिने व्यवस्था अनुसार यो वर्ष रु.९१ करोड ६९ लाख छुट दिएको छ । यस्ता सुविधामा आयात हुने सामग्रीमा लाग्ने राजस्व छुट रकमको अभिलेख र राजस्व छुट दिएको रकम आयोजनाको लगानीमा पनि समावेश गर्ने गरेको छैन । छुटमा आयातीत सामान सम्बन्धित आयोजनामा नै उपयोग भएको सुनिश्चत गरेको छैन । वैदेशिक आयोजनामा माष्टर लिष्टमा राखेर सबै मालवस्तुमा भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर छुट दिने, कुनैमा भन्सार महसुल मात्र छुट दिने, कुनैमा प्रयोग हुने मालवस्तुमध्ये आंशिक परिमाणमा मात्र छुट दिने गरेको देखिन्छ । वैदेशिक आयोजनामा माष्टर लिष्ट तय गर्ने र राजस्व छुट दिने सम्बन्धमा स्पष्ट नीति निर्धारण र छुट दिनुपर्ने भएमा बजेट विनियोजनबाट शोधभर्ना दिने व्यवस्था हुनुपर्दछ ।

१६.६ वैदेशिक सहायतामा सञ्चालित आयोजनाले सम्झौतामा व्यवस्था भएबमोजिम लगतमा सवारीसाधन उपकरणहरु पैठारी गर्ने व्यवस्था छ । यो वर्ष लगतमा रु.१५ करोड ५६ लाख राजस्व छुट दिई पैठारी भएको छ । यस्ता सवारीसाधन तथा उपकरण प्रयोजन समाप्त भएपछि फिर्ता लैजानुपर्ने वा भन्सार महसुल तिर्नुपर्नेमा भन्सार विभाग, सम्बन्धित कार्यालय वा आयोजना कसैले पनि लगत नराखेको अवस्था छ । जसबाट राजस्व छुटका मालवस्तु तोकिएको अवधिपश्चात् पनि निर्वाध प्रयोग भैरहेको छ ।

१६.७ राष्ट्रिय उद्योगलाई भन्सार महसुललगायतका संरक्षण एवं प्रोत्साहन गर्नुपर्नेमा स्वदेशमा उत्पादन हुने मालवस्तु पैठारी गर्दा भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर छुट दिएको छ । यो वर्ष साल्ट ट्रेडिंग लिमिटेडलाई चिनी आयात गर्न र भन्सार महसुल तथा मूल्य अभिवृद्धि कर रु.४२ करोड ९७ लाख तथा विभिन्न वैदेशिक सहयोगमा सञ्चालित आयोजनाका निर्माण व्यवसायीलाई सिमेन्ट, छड् पैठारी गर्दा भन्सार महसुल, अन्तःशुल्क र मूल्य अभिवृद्धि कर समेत रु.१० करोड ८७ लाख राजस्व छुट दिएको छ । स्वदेशी उद्योगलाई असर पर्ने गरी राजस्व छुट दिने व्यवस्था उपर पुनरावलोकन हुनुपर्दछ ।

१६.८ आर्थिक ऐन, २०७३ को व्यवस्थाअनुरुप सामुदायिक अस्पताल र संस्थाहरुले एम्बुलेन्स र शव वाहन पैठारी गरी यो वर्ष रु.५० करोड ३४ लाख राजस्व छुट लिएका छन् । यस्तो छुट सुविधामा पैठारी भएका सवारीसाधनमा औजार फिट गरिएको हुनुपर्ने, सीट राख्न नपाउने, टाढैबाट देखिने गरी नेपाल सरकारबाट राजस्व छुट सुविधा प्राप्त लेखिएको हुनुपर्ने व्यवस्था छ । यसैगरी बिरामी ओसार पसार लगायतमा सेवा प्रदान गरे बापत लिने भाडा दर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेबमोजिम हुने व्यवस्था छ । तर उपर्युक्त व्यवस्थाको पूर्ण परिपालना भएको देखिदैन र अनुगमनसमेत गरेको छैन । तसर्थ यस्ता साधन एवं उपकरण दर्ता हुंदा नै भौतिक रुपमा निरीक्षण गर्ने र भाडा लगायतका विषयमा अनुगमन गर्न सम्बन्धित निकायहरुसँग समन्वय गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१६.९ आर्थिक ऐन, २०७३ बमोजिम सार्क मुलुकमा उत्पादन भई सोही मुलुकबाटै उत्पत्तिको प्रमाणपत्रसहित पैठारी भएमा आंशिक महसुल छुट (साफ्टा छुट) हुने व्यवस्था छ । साफ्टा छुटअन्तर्गत नेपालबाट कुनै मालवस्तुको निकासीमा सुविधा लिएको निकासी प्रवर्द्धन केन्द्रको तथ्याङ्कबाट देखिदैन । तर सो व्यवस्थाबमोजिम विभिन्न

भन्सार कार्यालयबाट यो वर्ष रु.२ अर्ब २६ करोड २७ लाख राजस्व छुट भएको छ । सरकारले यसप्रकारको छुटको कारण स्वदेशी उद्योगमा पर्ने प्रभावको मूल्याङ्कन हालसम्म गरेको छैन । सार्क क्षेत्रका मुलुकबीच भएको साफ्टा सम्झौताको प्रावधानबाट मुलुकले लाभ लिन प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु आवश्यक छ ।

१७. **कर कानुन** - आयकरसम्बन्धी व्यवस्था अन्य ऐनमा समेत रहेको हुँदा कर प्रशासन वा करदातालाई करको औपचारिकता पुरा गर्ने विषयमा द्विविधा उत्पन्न हुँदा आयकर सङ्कलनमा असर पर्ने एवं कर विवाद बढ्ने अवस्था उत्पन्न भई कर निर्धारणमा कठिनाई हुन पुग्दछ । औद्योगिक व्यवसाय ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, बोनस ऐन, २०३०, कर्मचारी सञ्चयकोष ऐन, २०१९, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, सहकारी ऐन, २०७४, पशुपति क्षेत्र विकास कोष ऐन, २०४४, नेपाल पेट्रोलियम ऐन, २०४०, पूर्वाधार संरचना निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४, वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५, विद्युत ऐन, २०४९, बीमा ऐन, २०४०, बैङ्क तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लगायतका ऐनमा करको दर तथा करको दरमा छुटको व्यवस्था, सहुलियतको प्रत्याभूति, प्रोभिजन खर्च छुट, ब्याजमा कर लाग्ने नलाग्ने व्यवस्था, दायित्व भुक्तानी तथा सम्पत्तिको प्राथमिकतामा अग्राधिकारको व्यवस्था जस्ता कारणले कर निर्धारणमा अनेकता एवं द्विविधा सिर्जना भएको देखिन्छ । यस्तो स्थिति समाधान गर्न एउटै कर कानुनमा व्यवस्था गरी कराधारलाई सहजीकरण गरिनुपर्दछ ।

१८. **कर लेखापरीक्षण र क्षेत्र** - विदेशी लगानी एवं प्रविधिलाई आकर्षित गर्न नेपालले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ कार्यान्वयनमा ल्याएको छ । २०७४ आषाढसम्म नेपालले विभिन्न क्षेत्रका ४ हजार भन्दा बढी संख्यामा विदेशी लगानीलाई स्वीकृति दिएको र सोअनुरुप २ खर्ब १२ अर्ब रुपैया विदेशी लगानी प्राप्त हुने उद्योग विभागको तथ्याङ्कमा उल्लेख छ । विदेशी लगानी गर्न स्वीकृति प्राप्त गरी व्यवसाय गर्ने व्यक्ति सामान्यतया बहुराष्ट्रिय कम्पनी हुने र नेपाल बाहिर सम्बद्ध व्यक्तिसँग कारोबार गर्दा अन्तर्राष्ट्रिय कर व्यवस्था समेत आकर्षित हुने देखिन्छ ।

आयकर ऐन, २०५८ को दफा ३३ मा सम्बद्ध व्यक्तिबीचको कारोबार सामान्य बजारको नियम (आर्म्स लेन्थको सिद्धान्त) अनुसार आय र खर्चको सही बाँडफाँडमा आधारित हुनुपर्ने व्यवस्था छ । सो अनुरुप देशको कर कानुन अनुसार कर व्यवहार हुनुपर्ने र कर जोखिमको संभावना न्यूनीकरण गर्न यस्ता बहुराष्ट्रिय कम्पनीको कर लेखापरीक्षणमा ध्यान नपुगेको अवस्था छ । बहुराष्ट्रिय कम्पनीहरुले नेपालस्थित नियन्त्रित निकायहरुमा ऋण लगानी गरी ब्याज आय गर्ने, प्रविधि उपलब्ध गराएबापत रोयल्टी प्राप्त गर्ने र परामर्श दिई सेवा शुल्क प्राप्त गर्ने अवस्थामा नेपालको काराधार बलियो बनाउनेतर्फ कर लेखापरीक्षण केन्द्रित हुन सकेको छैन । तसर्थ बहुराष्ट्रिय कम्पनीको लेखापरीक्षणमा देखापर्ने स्थायी संस्थापन, दोहोरो करमुक्ति सम्झौता, मूल्य हस्तान्तरण र दीर्घकालीन करारको क्षेत्रमा राख्नुपर्ने कागजात र सो सम्बन्धी निर्देशिका जारी गरी कराधारको जोखिमलाई निराकरण गरी कर लेखापरीक्षणलाई सुदृढ बनाइनुपर्दछ ।

१९. **राजस्व बक्यौता** - राजस्व बक्यौता असुल गर्ने प्रयोजनको लागि मातहत निकायलाई परिचालन गरी बक्यौता असुलीमा प्रभावकारिता ल्याउने मन्त्रालयको महत्वपूर्ण कार्य हो । महालेखा नियन्त्रक कार्यालयले भाखा नाँघेको साँवा र ब्याजसमेत रु.६५ अर्ब २३ करोड बक्यौताको विवरण दिएपनि गत वर्षको बक्यौता रु.१ खर्ब ८ अर्बमा यो वर्ष असुली रु.२ अर्ब ६८ करोड देखिएको छ । संस्थाहरुसँग लिनुपर्ने बाकी रु.९२ अर्ब ९० करोडलाई बक्यौता विवरणमा जिम्मेवारी सार्दा छुटाएको देखियो । जिम्मेवारीसमेत हिसाब गर्दा सार्वजनिक संस्थाको भाखा नाघेको सांवा र ब्याज बक्यौता रु.१ खर्ब ५८ अर्ब १३ करोड रहेको छ ।

त्यस्तै आन्तरिक राजस्व विभागअन्तर्गत २०७३।७४ सम्म कर बक्यौता रु.७९ अर्ब ४० करोड रहेको छ । उक्त बक्यौतामध्ये रु.४२ अर्ब १५ करोड (५३ प्रतिशत) सम्बन्धमा पुनरावेदनमा गएको देखिन्छ । निर्धारित कर रकम राजस्वको रुपमा सङ्कलन हुनुपर्नेमा सो नभई बक्यौताको ठूलो हिस्सा न्यायिक निकायमा विचाराधीन रहेको छ । बक्यौता असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

भाखा नाघेको साँवा ब्याज र आन्तरिक राजस्वतर्फको समेत कुल बक्यौता रु.२ खर्ब ३७ अर्ब ५३ करोड रहेको छ । बक्यौता असुलीको लागि अभियानकै रुपमा कारबाही गरी बक्यौता असुलीमा प्रभावकारिता ल्याउनुपर्दछ ।

२०. **राजस्व घटी असुली** - आर्थिक ऐन, २०७३ को दफा ९ र ११ मा नेपालमा पैठारी हुने हवाई ईन्धन, पेट्रोल, डिजेलमा प्रतिलिटर रु.५ का दरले भन्सार विन्दुमै पूर्वाधार कर असुल गर्ने र नेपालमा पैठारी हुने पेट्रोलमा प्रति लिटर रु.४ तथा डिजेलमा प्रति लिटर रु.२ का दरले सडक मर्मत तथा सुधार दस्तुर भन्सार विन्दुमै असुल गर्नुपर्ने उल्लेख छ । नेपाल आयल निगमले उपलब्ध गराएको विवरणअनुसार २०७३।७४ मा विभिन्न भन्सार विन्दुबाट पेट्रोल, हवाई ईन्धन र डिजेल गरी १८ लाख ९५ हजार ५८५ किलो लिटर पैठारी गरेकोमा सोबापत पूर्वाधार कर र सडक मर्मत तथा सुधार दस्तुर रु.१३ अर्ब ७७ करोड ६९ लाख राजस्व असुली गर्नुपर्नेमा महालेखा नियन्त्रक कार्यालयले पेस गरेको राजस्वको केन्द्रीय आर्थिक विवरणअनुसार रु.१२ अर्ब ३९ करोड ३० लाख असुली गरेको देखिएकोले रु.१ अर्ब ३८ करोड ३९ लाख राजस्व घटी असुल भएको सम्बन्धमा आवश्यक छानबिन गरी असुल गर्नुपर्दछ ।

सार्वजनिक वित्तीय व्यवस्थापन

२१. **बजेट वक्तव्यको कार्यान्वयन** - तीन वर्षको बजेट वक्तव्यमा उल्लिखित नीतिको कार्यान्वयन स्थिति देहायबमोजिम रहेको छ:

२१.१ बजेट वक्तव्य २०७१।७२ मा उल्लिखित व्यवस्थामध्ये बजेट व्यवस्थापन तथा वित्तीय जवाफदेहिता र कमोडिटी बजारलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्ने, कृषि तथा पशुवाली संरक्षणमा बीमा गर्ने प्रयोजनको लागि लघु बीमासम्बन्धी नीति बनाई तर्जुमा गर्ने, निजीकरण ऐनलाई समसामयिक बनाउने कार्य भएका छैनन् ।

२१.२ बजेट वक्तव्य २०७२।७३ मा पूर्वाधार विकास बैङ्कको स्थापना, नागरिकको वित्तीय पहुँचका लागि एकघर एक बैङ्क खाता खोली राज्यबाट प्रदान गर्ने, नगद हस्तान्तरण बैङ्कमार्फत गरिने, बीमा व्यवस्थापनका लागि बीमा कम्पनीलाई पनि मर्जरमा लैजाने, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने कानुन संशोधन गर्ने, ग्रामीण स्वालम्बन कोष, युवा स्वरोजगार कोष एवं अन्य लघुवित्त कार्यक्रमलाई गाभेर छुट्टै संस्थागत व्यवस्था गर्ने, भुक्तानीलाई बैंकिङ्ग माध्यमबाट गराई पारदर्शिता अवलम्बन गर्ने र सम्पति शुद्धीकरणसम्बन्धी अन्तर्राष्ट्रिय स्तरमा गरिएको प्रतिबद्धता पूरा गर्ने लगायतका कार्य सम्पादन हुन सकेका छैनन् ।

२१.३ बजेट वक्तव्य २०७३।७४ मा उल्लेख गरिएका अर्न्तराष्ट्रिय आर्थिक सहायतालाई पुँजी निर्माण र उत्पादकत्व बढाउने क्षेत्रमा परिचालन, ठूला आयोजनाको प्रत्यक्ष अनुगमनको लागि विशेष अनुगमन कक्ष निर्माण गरी कार्यान्वयन गर्ने, रकमान्तर प्रक्रियामा सरलीकरण गरी अर्थ मन्त्रालय पुग्नुपर्ने अवस्था अन्त्य गर्ने, एकीकृत कर संहिता विधेयक स्वीकृत गराउने, स्थानीय, विद्युतीय व्यापारलाई करको दायरामा ल्याउन नवीनतम प्रविधिको अनुसन्धान गर्ने, व्यवसाय गर्ने सबैलाई करको दायरामा ल्याउन तीनलाख करदातालाई दायरामा ल्याउने, वार्षिक रु.४० लाख भन्दा बढी आय हुनेको कर सूचना बैङ्क बनाउने, अन्त:शुल्क स्टिकरलाई प्रविधिमा आधारित बनाउने, आर्थिक क्रियाकलाप विस्तार भएका क्षेत्रमा मोवाइल करदाता शिक्षा लागू गर्ने, न्यून बीजकीकरणका सामग्री खरिद गर्ने, नागरिक र सरकारको साझा प्रयासबाट वित्तीय अपराध तथा राजस्व चुहावटका सूचनाको पहुँचमा पुग्ने लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन् ।

कार्यक्रमको नतिजा देखिने गरी प्रभावकारी रुपमा कार्यान्वयन नभएको, अघिल्लो वर्ष उद्घोष भएका नीति कार्यान्वयन नभएको अवस्थामा पछिल्लो वर्ष निरन्तरता नदिई नयाँ नीतिगत व्यवस्था गरेको हुँदा कार्यान्वयन पक्ष फितलो भएको छ । दीर्घकालीन नीति, त्रिवर्षीय योजना र वार्षिक बजेटमा सामन्जस्य ल्याई घोषित नीतिको कार्यान्वयनमा मन्त्रालयले नेतृत्वदायी भूमिका खेल्नु जरुरी देखियो ।

२२. **स्रोतको यथार्थता** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९(३) अनुसार आवधिक योजनाको लक्ष्य, नीति र राष्ट्रिय योजना आयोगको मार्गदर्शनलाई ध्यानमा राखी नेपाल सरकारले गर्नुपर्ने काम र हाँसिल गर्नुपर्ने लक्ष्य एवं आर्थिक स्रोत दृष्टिगत गरी बजेट बनाउनुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट प्रेषित सञ्चित कोषको हिसाबबाट २०७२।७३ को अन्तमा रु.२२ अर्ब ६५ करोड ऋणात्मक नगद मौज्दात रहेकोमा बजेट तर्जुमा गर्दा गत वर्षको नगदबाट रु.५९ अर्ब ४१ करोड जुटाइने उल्लेख छ । बजेट अनुमानको तथ्याङ्कमा नै रु.८२ अर्ब ६ करोड फरक परेकोले तर्जुमा गरेको बजेट यथार्थपरक देखिएन ।

२३. **स्रोत सुनिश्चितता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को ३५.२ मा खर्च स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ भने मात्र अधिकार प्राप्त अधिकारीले निकासा दिन सक्ने व्यवस्था छ । अर्थ मन्त्रालयले

२०७३।७४ मा एकमुष्ट रुपमा विनियोजन भएको अर्थ विविध शीर्षकबाट विभिन्न मन्त्रालय तथा आयोजनाको मागका आधारमा रु.३२ अर्ब ५५ करोड ५९ लाख निकासा दिएको छ । विनियोजन ऐन तथा आर्थिक कार्यविधि ऐन, २०५५ विपरीत एक बजेट उपशीर्षकमा एकमुष्ट रुपमा रकम विनियोजन गरी स्रोत सुनिश्चितताअन्तर्गत पटके निर्णयका आधारमा अन्य बजेट उपशीर्षकमा निकासा खर्च लेखेको देखियो । लेखापरीक्षणबाट छनौट गरी सङ्कलन गरेको आधारमा स्रोत सुनिश्चितताको अवस्था निम्नानुसार छ:

(रु.लाखमा)

कार्यक्रम	मन्त्रालय विभाग	प्रयोजन	रकम
भैपरी आउने विकास कार्यक्रम	अर्थ मन्त्रालय	पूर्व स्रोत सुनिश्चितता दिइएको रकम व्यवस्थापन गर्न स्रोतान्तर	२००००
भौतिक सुविधा	कानुन, न्याय तथा संघीय मामिला मन्त्रालय	सवारीसाधन खरिद	५९
भौतिक सुविधा	न्याय परिषद्	सवारीसाधन खरिद	७०
भैपरी आउने विकास कार्यक्रम	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	डिभिजन सडक दाङका विभिन्न आयोजना	३५६१
		विभिन्न आयोजना	२१८०३९
		मन्त्रालयका विभिन्न शीर्षक	७७२७
भौतिक सुविधा	महान्यायाधिवक्ताको कार्यालय	सवारीसाधन खरिद	१०००
भैपरी आउने विकास कार्यक्रम	युवा तथा खेलकुद मन्त्रालय	खेलकुद विकास कार्यक्रम	६९०३
	रक्षा मन्त्रालय	नेपाली सेनाकोलागि हवाइहाज खरिद	१११००
	व्यवस्थापिका-संसद	सवारीसाधन खरिद	६९१
	शहरी विकास मंत्रालय	चालु ९ ठेक्का बमोजिमको कार्य सम्पादन	१९५६
	शहरी विकास मंत्रालय	विभिन्न ८ आयोजनालाई सडक विस्तार	३१४०
	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	बाग्लुङ, सिराहा र मुस्ताङ जिल्लाका योजना	२६३
	सं. मा, तथा स्थानीय विकास मन्त्रालय	विभिन्न आयोजना	७
		विभिन्न आयोजना	७२००
		विभिन्न आयोजना	१५६९९
		रुकुम, जाजरकोट, बाग्लुङ र उदयपुरका योजना	८०२
	सिँचाइ मन्त्रालय	दाङका विभिन्न नदी नियन्त्रण	२४००
		सिँचाइ विभागका विभिन्न आयोजना	७७८२
		सिँचाइ विभागका विभिन्न आयोजना	१६०००
दैवी प्रकोप राहत तथा पुन:स्थापना	सिँचाइ मन्त्रालय	सिँचाइ मन्त्रालय अन्तर्गत डिभिजन ७	११००
		जम्मा	**३२५५५९**

बजेट सिद्धान्तविपरीत स्रोत सुनिश्चितताअन्तर्गत विभिन्न मन्त्रालय तथा निकायलाई रकम तोकेर काम गराउँदै जाने र खर्चको लागि बजेट सुनिश्चित हुने व्यहोराको पत्र दिएको देखिन्छ । यसरी सुनिश्चितता दिदा एउटै मंत्रालयका २३९ आयोजनालाई रु १ खर्ब २३ अर्ब को बहुवर्षीय ठेक्का लगाउन दिएको समेत देखिएको छ । यस्तो रकमको बजेट अख्तियारी र कार्यक्रम स्वीकृतिबेगर नै ठेक्का व्यवस्थापन गरी काम गराएको देखिन्छ । विद्यमान कानुनले स्रोत सुनिश्चित गरेर काम गराउने परिकल्पना गरेको छैन । स्रोत सुनिश्चितता अन्तर्गतका अधिकांश निकायका कार्यक्रम आषाढको अन्तिम हप्ता स्वीकृत भएको र अख्तियारी दिई खर्च गरेको देखिन्छ । अर्थ मन्त्रालयले बजेट सिद्धान्तविपरीत आर्थिक वर्षको अन्त्यमा खर्चको सुनिश्चितता दिएको रकमबाट उपलब्धि सुनिश्चित भएको यकिन गर्न सकिएन ।

२४. **वर्षान्तको निकासा** – आर्थिक कार्यविधि, नियमावली २०६४ को नियम ३३ अनुसार साल तमाम भएपछि अत्यावश्यक काममा खर्च गर्नु परेमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिई खर्च गर्नुपर्ने व्यवस्था छ । सञ्चालित कार्यक्रमको अवस्था अनुगमनपश्चात् आवश्यकताको आधारमा बजेट खर्च गर्नुपर्नेमा वर्षभर सम्पादित कामको अनुगमन नैं नगरी वर्षान्तमा आयोजना तथा कार्यक्रमको बचतलाई रकमान्तर लगायतका प्रक्रियाबाट रु.२४ अर्ब २६ करोड ६८ लाख निकासा गरेकोले सञ्चितकोष न्यून भएको छ । यससम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

भुक्तानी पाउने	मिति	व्यहोरा	रु. लाखमा
नेपाल विद्युत प्राधिकरण	२०७४/३/२९	संयुक्त लगानी वा सञ्चालित आयोजनामा ऋण लगानी	३७०७३
	२०७४/३/३१	ब्याज खर्च भुक्तानी	१०६९९
	२०७४/३/२३	ऋण लगानी	४१२००
	२०७४/३/३०	शेयर लगानी	३०९२
	२०७४/३/२०	रोल्पा, रुकुम गोर्खा गुल्मीमा विद्युतीकरण	६७५०
	२०७४/३/२०	भेरी करीडोर प्रसारण सर्वेक्षण ऋण लगानी	७००
	२०७४/३/३०	कावेली करिडोर आयोजना का लागि ऋण लगानी	२०४५
	२०७४/३/३०	त्रिसुली थ्रि ए र चमेलियाको भुक्तानीमा ऋण लगानी	९७८५

भुक्तानी पाउने	मिति	व्यहोरा	रु. लाखमा
	२०७४/३/२५	तनहुँ जलविद्युत आयोजनाको ऋण लगानी	२०००
	२०७४/३/२६	राष्ट्रिय ग्रिड प्रणाली शेयर लगानी	९९३०
	२०७४/३/२८	सिमेन्ट उद्योगमा विद्युतीकरणको लागि ऋण लगानी	२१५७
	२०७४/३/२६	विद्युत उत्पादन कंपनीमा शेयर लगानी	१०१००
काठमाडौं उपत्यका खानेपानी तथा सरसफाई कोष	२०७४/३/२०	ऋण लगानी	१२०००
नेपाल नागरिक उड्डयन प्राधिकरण	२०७४/३/२९	एम्जीम बैङ्कको व्यवस्थापन शुल्क भुक्तानी गर्न ऋण लगानी	३२७
	२०७४/३/२६	लगानी	६५५१
राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास कम्पनी	२०७४/३/२७	कर्मचारीलाई तलबभत्ता भुक्तानी गर्न ऋण लगानी	१५४
औद्योगिक क्षेत्र व्यवस्थापन केन्द्र	२०७४/३/३०	ऋण लगानी	४२८१
निक्षेप तथा कर्जा सुरक्षा कोष	२०७४/३/२८	कोष खडा गरेको	१००००
जनकपुर चुरोट कारखाना	२०७४/३/३०	वाणिज्य बैङ्कको ऋण तिर्न ऋण लगानी	८००
अर्न्तराष्ट्रिय मुद्रा कोष	२०७४/३/३०	दायित्व भुक्तानी	७३०२४

२४.१ यसप्रकार कार्य सम्पादन गर्ने संस्था एवं निकायबाट कार्यक्रम स्वीकृति, सम्पादित कामको अवस्था विश्लेषण गरेर अत्यावश्यक रकममात्र निकासा दिँदै जानुपर्नेमा वर्षान्तमा गरेको निकासाबाट कुनै कार्य सम्पादन हुने र लक्षित वर्गलाई फाइदा पुग्ने अवस्था छैन । यसरी वर्षान्तमा निकासा दिएको रकम सम्बन्धित काममा परिचालन भएको नदेखिएकाले रकम निकासाको औचित्य पुष्टि हुनुपर्दछ ।

२४.२ अर्न्तराष्ट्रिय मुद्रा कोषको ब्याज रहित बन्डको सिर्जित दायित्व भुक्तानी उल्लेख गरी वैदेशिक ऋणको साँवा शीर्षकबाट रु.४ अर्ब ८७ करोड १० लाख भुक्तानी गरेको छ । उक्त बन्डको हिसाबलाई महालेखा नियन्त्रक कार्यालयले तयार गरेको हिसाबमा लेखाङ्कन नै गरेको छैन । यसको अतिरिक्त एक्स्टेन्डेड क्रेडिट सुविधा बढाउन तथा स्पेसल ड्रइङ राइट्स (एस.डी.आर.) को कोटा वृद्धि कार्यमा नेपाल राष्ट्र बैङ्कको मागबमोजिम रु २ अर्ब ४३ करोड १४ लाख भुक्तानी गरेको छ । यो दुवै भुक्तानी २०७४।३।३० मा भएको छ । यससम्बन्धी सम्झौता, भुक्तानी गर्नुपर्ने रकमको निर्धारण, भुक्तानी माग एवं प्राप्त गरेको कागजात र सो रकमबाट नेपालले प्राप्त गर्ने लाभ सम्बन्धमा कुनै सूचना प्राप्त भएको छैन । तसर्थ यस सम्बन्धमा यकिन हुनुपर्दछ ।

२५. **अर्थ बजेटबाट निकासा** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकार प्राप्त अधिकारीले रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्छ भने मात्र निकासा दिनुपर्ने उल्लेख छ । विनियोजन ऐनले छुट्याएको रकम सोही प्रयोजनमा खर्च गर्नुपर्नेमा बजेटबाट अर्थ बजेट शीर्षकमा एकमुष्ट रु.६० अर्ब ७९ करोड विनियोजन गरी आर्थिक सहायता, भ्रमण भत्ता, भन्सार महसुल फिर्ता, कर फिर्ता, भौतिक सुविधा, भूकम्प पुनर्निर्माण, निर्वाचनलगायतका कार्यको लागि अर्थ मन्त्रालयबाट पटके निर्णयका आधारमा थप बजेट निकासा गरेको देखिन्छ । उक्त रकम यो वर्ष कुल विनियोजित बजेट रु.१० खर्ब ४८ अर्ब ९२ करोडको ५.८० प्रतिशत रहेको छ ।

सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी अर्थ बजेटबाट निकासा दिने परिपाटी बजेट सिद्धान्तविपरीत छ । उक्त स्थितिमा बजेटउपर व्यवस्थापिकाको नियन्त्रण कमजोर हुने, अनुगमनमा कठिनाइ हुने, पारदर्शिता नहुने, अभिलेखनमा समस्या पर्ने देखिएकाले यस प्रकारका खर्चउपर नियन्त्रण गर्नुपर्दछ ।

२६. **विनियोजनबाट राजस्व आम्दानी** – विभिन्न संस्थामा गरेको ऋण लगानीबाट प्राप्त हुने ब्याज सोही संस्थाको आन्तरिक आयबाट तिर्नुपर्दछ । नेपाल सरकारलाई तिर्नु बुझाउनुपर्ने ब्याज नेपाल सरकारले नै विनियोजनबाट ऋण तथा शेयर लगानी गरी ब्याज आर्जन गरेको भनी राजस्व असुली देखाउनु मनासिब देखिँदैन । यो वर्ष नेपाल सरकारलाई नेपाल विद्युत प्राधिकरणले बुझाउनुपर्ने ब्याज रु.६ अर्ब ९५ करोड ६८ लाखमध्ये अर्थ मन्त्रालयले २०७४।३।३१ मा दिएको ऋण लगानी निकासाबाट रु.१ अर्ब ६ करोड ९९ लाख बुझाएको देखिन्छ । उक्त कारोबारबाट नेपाल सरकारको खर्च तथा राजस्वको आकार अनावश्यक रुपमा बढेको छ ।

२७. **निष्क्रिय मौज्दात** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा साल तमामपछि पनि कार्यालयलाई अति आवश्यक काम परी खर्च गर्नुपरेमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट स्वीकृत र निकासा लिई भुक्तानी गर्नुपर्ने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयले २०७२।७३ को आषाढ

३१ गते बजेट फ्रिज हुन नदिने उद्देश्यले रु.१८ अर्ब २६ करोड राष्ट्रिय पुनःनिर्माण प्राधिकरण कोषमा निकासा दिएकोमा सो रकम हालसम्म पनि खर्च भएको छैन । त्यसैगरी पुनर्निर्माण कोषका ख ५ खातामा समेत रु.१० अर्ब गत वर्षदेखि मौज्दात देखाएको छ । पुनर्निर्माण कोषका लागि २०७३।७४ मा विनियोजन ऐनद्वारा यो वर्ष रु.४९ अर्ब ६९ करोड १७ लाख विनियोजन भै निकासा एवं खर्च भएको छ । यस अवस्थामा कोषको उक्त रकम परिचालन गर्नुपर्ने अवस्था नभए पनि सो कोषमा गत वर्षको रु.१८ अर्ब २६ करोडसमेत रु.२८ अर्ब २६ करोड खर्च नभै कोषमा मौज्दात रहेको देखियो । बचत रहेको रकम महालेखा नियन्त्रक कार्यालयले तयार गरेको केन्द्रीय कोष हिसाबमा समेत देखिदैन ।

भूकम्प र आपूर्ति असहजबाट प्रभावित भएका व्यवसायलाई पुनर्जीवन दिन वित्तीय उत्प्रेरणा दिने नीतिअनुरुप गत वर्ष नेपाल राष्ट्र बैङ्कमा रहेको पुनःउद्धार कोषमा रु.५ अर्ब जम्मा गरिएकोमा यो बर्ष रु २२ करोड २३ लाख पुनर्कर्जामा खर्च गरी रु.४ अर्व ७७ करोड ७७ लाख मौज्दात नै राखेको छ । स्थापित उदेश्य अनुसार कोषको परिचालन भएको छैन ।

विनियोजित रकम खर्च नहुने गरी छुट्टै कोषमा दाखिला गर्ने र खर्च नभै बचत रहेको रकम सञ्चित कोष दाखिला नगर्ने नगराउने कार्यले आर्थिक अनुशासन पालना भएको देखिदैन । उपर्युक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

२८. **अनुत्पादक खर्च** – पुँजीगततर्फ सवारीसाधन खरिदको लागि यो वर्ष रु.३ अर्ब ५ करोड ४७ लाख विनियोजन भएकोमा रकमान्तरबाट ११९.७७ प्रतिशत थप गरी रु.६ अर्ब ७१ करोड ३४ लाख बजेट कायम गरेको छ । सवारीसाधन खर्चको विश्लेषण गर्दा २०६९।७० मा रु.१ अर्ब १७ करोड खर्च भएकोमा ५ वर्षको अवधिमा ६ गुणा वृद्धि भएको छ । उक्त रकमबाहेक विभिन्न आयोजनामा कन्टिन्जेन्सीबाट खरिद गरेको तथा निर्माण ठेक्कामा समावेश गरी खरिद गरेको समेत सवारीसाधन खर्च रु.७१ करोड ४१ लाख देखिन्छ । यसप्रकारका अनुत्पादक खर्च नियन्त्रण गर्नुपर्दछ ।

खर्च रकम वर्गीकरण र व्याख्याअनुसार विविध खर्चबाट मनोरञ्जन, चियापान, भोज, कार्यालय सुरक्षा, अतिथि सत्कारलगायतमा खर्च व्यहोर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको आर्थिक विवरणअनुसार विविध खर्चमा रु.१ अर्व १६ करोड ५० लाख बजेट विनियोजन भएकोमा ५९६ प्रतिशत वृद्धि गरी रु.६ अर्ब ९४ करोड ४१ लाख खर्च भएको छ । यसप्रकारको अनुत्पादक खर्च नियन्त्रण गर्नु पर्नेमा थप रकमान्तर गरी खर्च गर्नु मनासिब देखिएन ।

२९. **रकमान्तर** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा विनियोजन ऐनमा तोकिएको कुनै एक वा एक भन्दा बढी शीर्षकमा विनियोजित बजेट बचत हुने भएमा तोकिएको सीमाभित्र रही कुनै एक शीर्षकबाट अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ । विनियोजन ऐन, २०७३ अनुसार शुरु विनियोजित बजेटमा १० प्रतिशतको सीमा नाघी रकमान्तर गर्न नमिल्नेमा ६९२ उप शीर्षकमा रु.७ खर्ब ५ अर्ब ५६ करोड बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.२ खर्ब ९० अर्ब ५ करोड (४१.११ प्रतिशत) थप भएको छ । कानुनले तोकेको सीमाभित्र रही रकमान्तर गर्न सक्नेमा मन्त्रालयले सो व्यवस्थाविपरीत निम्नानुसार २१ गुणासम्म रकमान्तर गरेको देखियो । यससम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

(रु लाखमा)

सि नं	मन्त्रालय/निकायको नाम	चालु/पुँजी	शुरु बजेट	रकमान्तरबाट थप	थप प्रतिशत
१.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	चालु	५४४६५२	२९६९१५	५४.५१
२.	शहरी विकास मन्त्रालय	चालु	४४५५४	३४७६०	७८.०२
३.	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	चालु	१०६१५	८९६८४	८४४.८७
४.	अर्थ मन्त्रालय	चालु	२००६५	४९३०	२४.५७
५.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	पुँजीगत	३५२७५७	२१९५६९	६२.२४
६.	निर्वाचन आयोग	चालु	४९०२	१०३५६५	२११२.७०
७.	गृह मन्त्रालय	चालु	३८७९२३	१३४४१५	३४.६५
८.	गृह मन्त्रालय	पुँजीगत	५६०५८	११८९४	२१.२२
९.	खानेपानी तथा सरसफाइ मन्त्रालय	पुँजीगत	२०७५१९	६२६०८	३०.१७

सि नं	मन्त्रालय/निकायको नाम	चालु/पुँजी	शुरु बजेट	रकमान्तरबाट थप	थप प्रतिशत
१०.	विज्ञान तथा प्रविधि मन्त्रालय	पुँजीगत	५०४०	२२१०	४३.८५
११.	भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय	पुँजीगत	७२६७६०	३६८३४३	५०.६८
१२.	रक्षा मन्त्रालय	पुँजीगत	३४०४१	३८५३८	११३.२१
१३.	युवा तथा खेलकुद मन्त्रालय	पुँजीगत	१९८०	७६२८	३८५.२५
१४.	शहरी विकास मन्त्रालय	पुँजीगत	१९०४९८	३९०८९	२०.५२
१५.	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	पुँजीगत	२०७४९	९३०२	४४.८३
१६.	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	चालु	१०६१५	८९६८४	८४४
१७.	शहकारी तथा गरिबी निवारण मन्त्रालय	पुँजीगत	९०८	४७३	५२.०९
१८.	सिँचाइ मन्त्रालय	पुँजीगत	२३०१९३	११२७११	४८.९६
१९.	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	पुँजीगत	२७९०३४	५८०५१	२०.८०
२०.	स्वास्थ्य मन्त्रालय	पुँजीगत	५३५५४	१६४८०	३०.७७
२१.	अर्थ मन्त्रालय विविध	पुँजीगत	६०७९००	२५५४७३	४२.०३

रकमान्तर सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२९.१ अनुदान संख्या ५०१ (वित्तीय व्यवस्था) देखि ६०२ (अर्थ विविध) मा विनियोजन भएको बजेट रकमान्तर गर्न उक्त हद नलाग्ने उल्लेख छ। सोही प्रावधानअन्तर्गत बजेट शीर्षक ६०२ मा अन्य बजेट शीर्षकबाट जतिसुकै रकम रकमान्तर गरेर लैजाने गरेबाट कुनै शीर्षकमा २१ गुणासम्म रकमान्तर भई बजेट अनुशासनको पालना भएको देखिएन । बजेट अनुमान गर्दा पहिचान गर्न सकिने विषय जस्तै निर्वाचन हुने सम्बन्धमा स्पष्टता रहेको, नेपाली सेनालाई हवाई जहाज खरिद गर्नुपर्ने अवस्था रहेकोमा बजेट विनियोजन नै गरेको छैन । यसबाट संसदले पारित गरेको सेवा वा कार्यको सट्टा अन्य प्रयोजनमा खर्च गरी वित्तीय अनुशासन प्रभावित भएको छ। तसर्थ उक्त कानुनी व्यवस्थामा पुनरावलोकन हुनुपर्दछ।

२९.२ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ८ मा विनियोजन ऐनमा कुनै एक वा एकभन्दा बढी शीर्षकमा बजेट बचत हुने भएमा तोकिएको सीमाभित्र रही अर्को शीर्षकमा अर्थ मन्त्रालयले रकमान्तर गर्न सक्ने व्यवस्था छ। अर्थ मन्त्रालयले यो वर्ष बजेट उपशीर्षक नं. ६०२१०६४ (भैपरी आउने विकास कार्यक्रम) मा शुरु बजेट रु.२८ अर्ब ८२ करोड ९३ लाख रहेकोमा रु.८ अर्ब १९ करोड ७९ लाख थप र रु.३७ अर्ब १९ करोड २५ लाख घटाई रकमान्तरपश्चात् खुद बजेट रु.१६ करोड ५३ लाख ऋणात्मक भएको देखियो । यसप्रकार बजेट उपशीर्षकमा भएको खर्च तथा बचतको मूल्याङ्कन नै नगरी रकमान्तर गर्ने परिपाटीले आर्थिक अनुशासन पालना भएको देखिएन । यस्ता कार्यको पूर्णरुपमा नियन्त्रण हुनुपर्दछ।

२९.३ राष्ट्रिय पुनर्निर्माण कोषको लागि रु.८३ अर्ब ८३ करोड बजेट विनियोजन गरेकोमा रकमान्तरबाट रु.५१ अर्ब ३८ करोड थप गरेको तथा रु.२२ अर्ब ६३ करोड घटाई खुद बजेट रु.१ खर्ब १२ अर्ब ५८ करोड कायम भएकोमा रु.४९ अर्ब ६९ करोडमात्र निकासा भएको छ। विनियोजित रकममध्ये रु.६२ अर्ब ८९ करोड बजेट बाँकी रहेको अवस्थामा आवश्यकता नैं नभएको उपशीर्षकमा रकमान्तर गरी थप गरेको र पुनः घटाई कायम गरेको बजेट समेत खर्च नभएकोले बजेट विनियोजन र रकमान्तर औचित्यपूर्ण देखिएन ।

२९.४ कुल बजेट रु.१० खर्ब ४८ अर्ब मध्ये २०७४ आषाढ २५ पछि रु.२४ अर्ब २७ करोड रकमान्तर गरी विभिन्न शीर्षक उपशीर्षकमा थप गरेको छ। यसरी कुल बजेटको २.३२ प्रतिशत आषाढको अन्तिम हप्तामा रकमान्तर गरेको छ। वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२९.५ विनियोजन नभएको शीर्षकमा रकमान्तर गर्न नमिल्नेमा यो वर्ष जल विद्युत लगानी तथा विकास कम्पनी लिमिटेडमा रु.५८ करोड ५५ लाख, सैनिक हवाई महानिर्देशनालयमा रु.१६ करोड, खुटिया दिपायल सडकमा रु.३४ लाख लगायत ८ कार्यक्रममा रु.७८ करोड ५५ लाख रकमान्तर गरेको छ । बजेट सिद्धान्तविपरीत बजेट विनियोजन नै नभएको शीर्षकमा रकमान्तर गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

३०. **वर्षान्तको खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्ष समाप्त हुनु अगावै आषाढ २५ गते खातावन्दी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष रु.१० खर्ब ४८ अर्ब ९२ करोड बजेट विनियोजन भई रु.८ खर्ब ३१ अर्ब १५ करोड खर्च भएकोमा आषाढ महिनामा रु.२ खर्ब ३१ अर्ब ३९ करोड (२७.८३ प्रतिशत) खर्च भएको छ । खर्चमध्ये आषाढ २५ देखि ३१ गतेसम्म रु.१ खर्ब १७ अर्ब ९ करोड यर्थाथ खर्च भएको छ । उक्त रकम कुल खर्चको १४.०८ प्रतिशत रहेको छ । कानुनी व्यवस्थाविपरीत आर्थिक वर्षको अन्तिम अवधिमा खर्च गर्नु मनासिब देखिएन ।

३१. **बजेटभन्दा बढी खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले रकम स्वीकृत बजेटभित्र एवं सम्बन्धित खर्च शीर्षकमा पर्ने र खर्च गर्न बाँकी भएमा मात्र निकासा दिनुपर्ने उल्लेख छ । नियमावलीको व्यवस्थाविपरीत १०२ उपशीर्षकमा रु.१० अर्ब ७० करोड ५१ लाख विनियोजन भएकोमा रु.११ अर्ब ६७ करोड ६ लाख ९९ हजार निकासा भै विनियोजनभन्दा रु.९६ करोड ५५ लाख बढी खर्च लेखेको पाइयो ।

एकल कोष प्रणाली लागू भएको अवस्थामा स्वीकृत बजेटभन्दा बढी निकासा दिन नमिल्नेमा बजेटभन्दा बढी निकासा भएको सम्बन्धमा स्पष्ट गराएको छैन । विनियोजनभन्दा बढी हुने गरी निकासा दिनु र खर्च लेख्नु विनियोजन ऐनविपरीत देखिन्छ ।

३२. **अनुदानको अनुगमन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार साल बसाली प्रकृतिको बाहेक बजेटमा समावेश भएको रकम निकासा दिँदा जुन कामको लागि दिएको हो सोमा खर्च गरे नगरेको, लक्ष्यअनुसार गरे नगरेको, अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गर्नुपर्नेमा कृषि विकास बैङ्क, साना किसान विकास बैङ्क, निक्षेप तथा कर्जा सुरक्षण निगमलाई सामुदायिक कार्यक्रम, पशुधन कर्जा सुरक्षण, पशुबाली बीमा, शीतगृह निर्माणको लागि रु.२५ करोड ३२ लाख दिएकोमा मन्त्रालयले खर्चको अनुगमन एवं मूल्याङ्कन गरी विवरण तयार गरेको छैन ।

कृषि कर्जा ब्याज अनुदानका लागि २०७१।७२ मा रु.५० करोड अनुदान उपलब्ध गराएकोमा हाल सम्म रु.३२ करोड २० लाख खर्च भई रु.१७ करोड ८० लाख मौज्दात रहेकोले यस्तो अनुदानबाट लक्षित वर्गले अपेक्षित प्रतिफल पाएको देखिएन । मन्त्रालयले अनुदान उपयोग र खर्च सम्बन्धमा अनुगमन गरी उपलब्धि सुनिश्चित गर्नुपर्दछ ।

३३. **कार्यान्वयनमा ढिलाइ** - सार्वजनिक-निजी-साझेदारीको नीति अनुरुप पुँजी बजारको पूर्वाधार क्षमता विकासमा टेवा पुऱ्याउने उद्देश्यले एसियाली विकास बैङ्कको अमेरिकी डलर ५० लाखको अनुदान सहायतामा पुँजी बजार सुधार आयोजना कार्यान्वयनमा रहेको छ । सम्झौताअनुसार योजना ३१ मे २०१४ मा सम्पन्न हुनुपर्नेमा पटक पटक गरी ३१ जुलाई २०१९ सम्ममा सम्पन्न गर्न म्याद थप गरी रु.१३ करोड ७७ लाख खर्च भएको छ । आयोजनाले इक्विपमेन्ट खरिदका लागि अमेरिकी डलर २१ लाख विनियोजन गरेकोमा हालसम्म योजना सञ्चालनको लागि इक्विपमेन्ट खरिद गरेको छैन । उपकरण खरिद नहुँदा आयोजनाको जनशक्तिको क्षमता अभिवृद्धि गर्ने र सार्वजनिक ऋण व्यवस्थापन कार्यालय स्थापना भै सञ्चालन हुने कार्य पूर्णरुपमा प्रभावित भएको छ । आयोजनाको लक्ष्य प्राप्तिका लागि तोकिएको उपकरण खरिद गरी सदुपयोग गरिनुपर्दछ ।

३४. **समष्टिगत ऋण** - महालेखा नियन्त्रक कार्यालयले पेस गरेको विवरणमा २०७३।७४ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.६ खर्ब ९७ अर्ब ६९ करोड रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.२ खर्ब ८३ अर्ब ७१ करोड र वैदेशिक ऋण रु.४ खर्ब १३ अर्ब ९८ करोड रहेको देखिन्छ । उक्त ऋण २०७३।७४ को कुल गार्हस्थ्य उत्पादनको २६.८४ प्रतिशत रहेको छ । जसमा आन्तरिक ऋण १०.९१ प्रतिशत र वैदेशिक ऋण १५.९३ प्रतिशत रहेको छ । कुल जनसंख्या २ करोड ८७ लाख २९ हजारलाई आधार मान्दा यो वर्षसम्म प्रतिव्यक्ति ऋण दायित्व रु.२४ हजार २७६।७५ रहेको छ । प्रतिव्यक्ति ऋण दायित्व गत वर्षभन्दा रु.२ हजार १४७।३४ ले बढ्न गएको छ ।

३५. **शेयर लगानी प्रतिफल** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार नेपाल सरकारले हालसम्म सार्वजनिक संस्थान लगायतका १०८ संस्थामा कुल रु.१ खर्ब ८१ अर्ब ९१ करोड ३५ लाख शेयर लगानी गरेकोमा यससम्बन्धी उल्लेख व्यहोरा निम्नानुसार छन्:

३५.१ नेपाल सरकारको रु.३३ अर्ब ४६ करोड २४ लाख शेयर लगानी भएका देहायका संस्थानले २०७२।७३ मा रु. ३ अर्ब ४१ करोड ६९ लाख नाफा प्राप्त गरे तापनि नेपाल सरकारलाई लाभांश घोषणा गरी बुझाएका छैनन् ।

(रु.लाखमा)

सि.नं.	सस्थानको नाम	शेयर लगानी	नाफा (२०७२।७३)
१.	नेपाल नागरिक उड्डयन प्राधिकरण	२८६५४९	१४१८७
२.	एन.आई डिसी डेभलपमेण्ट बैङ्क लिमिटेड	४१२७	४०६०
३.	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी	१२२	२०१
४.	नागरिक लगानी कोष	४५०	१५६
५.	राष्ट्रिय बीमा संस्थान	२५	१४०८
६.	हेटौडा सिमेन्ट उद्योग	९००६	४३०
७.	जडीबुटी प्रशोधन तथा उत्पादन कम्पनी लिमिटेड	३९६	५५०३
८.	कृषि सामग्री कम्पनी लिमिटेड	४१४३	६२
९.	राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड	११००	३४७
१०.	गोरखा पत्र संस्थान	११५	५११
११.	राष्ट्रिय बीमा कम्पनी	५९१	१६३८
१२.	निक्षेप तथा कर्जा सुरक्षण कोष	२८०००	५६६६
	जम्मा	**३३,४६,२४**	**३,४१,६९**

अत: सम्बन्धित संस्थाहरुबाट लगानीको प्रतिफल समयमा प्राप्त गर्नुपर्दछ ।

३५.२ उल्लिखित १०८ संस्थामध्ये १० संस्थाबाट रु.१५ अर्ब ५ करोड ८५ लाख लाभांश प्राप्त भएको छ । लाभांश उपलब्ध गराउनेमध्ये नेपाल राष्ट्र बैङ्कको रु.७ अर्ब २५ करोड, नेपाल टेलिकमको रु.६ अर्ब ९९ करोड ९२ लाख र कृषि विकास बैङ्कको रु.३८ करोड ६२ लाख उल्लेखनीय छ । बाँकी ९८ संस्थाबाट कुनै लाभांश प्राप्त भएको छैन । लगानीको तुलनामा प्रतिफल न्यून रहेको परिप्रेक्ष्यमा सरकारी संस्थानको दक्षता अभिवृद्धि हुनुपर्दछ ।

अन्तर्राष्ट्रिय संस्थामा गत वर्षसम्म रु.७ अर्ब ३८ करोड ९९ लाख लगानी गरेकोमा यो वर्ष रु.२ अर्ब ८३ करोड ३१ लाख थप गरी रु.१० अर्ब २२ करोड ३० लाख पुगेको छ । सोमध्ये सार्क विकास कोषमा रु.२ अर्ब ६८ करोड ८४ लाख, एसियाली विकास बैङ्कमा रु.३६ करोड ९५ लाख, विश्व बैङ्कमा रु.२२ करोड ५० लाख र अन्तर्राष्ट्रिय मुद्रा कोषमा रु.६ अर्ब ५८ करोड ७६ लाख मुख्य छन् । यो कोषमा २०७३।७४ मा रु.२ अर्ब ८३ करोड ३१ लाख थप लगानी गरेको देखियो । अन्तर्राष्ट्रिय संस्थामा लगानी एवं तिर्नुपर्ने शुल्कको हिसाब यकिन गरेको देखिएन । महालेखा नियन्त्रक कार्यालयले अद्यावधिक अभिलेख राखी दायित्व फरफारक गर्नुपर्दछ ।

३६. **भाखा नाघेको ऋण** - महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त अभिलेखअनुसार सार्वजनिक संस्थानसँग भाखा नाघेको ब्याज गत वर्ष रु.१ खर्ब ८ अर्ब ६८ करोड देखाएकोमा यो वर्ष रु.६५ अर्व २३ करोड देखाएको छ । यो वर्षको असुली विश्लेषण गर्दा रु.२ अर्व ९३ करोड मात्र उठेको र रु.९२ अर्ब ९० करोड संस्थागत विवरणमा देखाए तापनि उक्त कार्यालयले जिम्मेवारी नसारेकोले हिसाब मिलेको छैन । अभिलेख जिम्मेवारी नसारेको रकममा नेपाल विद्युत प्राधिकरणको रु.८० अर्ब १७ करोड, नेपाल राष्ट्र बैङ्कको रु.४ अर्ब २५ करोड, नगरपालिका तथा नगर विकास समितिको रु.३ अर्ब ५० करोड, काठमाडौं उपत्यका खानेपानी बोर्डको रु.२ अर्ब ९० करोड छन् ।

३७. **प्रशासनिक खर्चमा ऋण लगानी** -सार्वजनिक संस्थानहरुमा तलब, भत्ता, भ्रमण खर्च तथा दैनिक भत्ता जस्ता प्रशासनिक तथा सञ्चालन खर्चको लागि २०७३।७४ मा ओरिएन्ट म्याग्नेसाइट कम्पनीलाई रु.१ करोड ३८ लाख, नेशनल ट्रेडिङ कम्पनी लिमिटेडलाई रु.११ करोड, जनकपुर चुरोट कारखाना लिमिटेडलाई रु.८ करोड र गोरखकाली रबर उद्योग लिमिटेडलाई रु.३ करोड, नेपाल मेटल कम्पनी लिमिटेडलाई रु.५४ लाख समेत रु.२३ करोड ९२ लाख ऋण लगानी गरेको छ । छुट्टै अस्तित्वमा रहेका सार्वजनिक संस्थानले आफ्नो आम्दानीबाट प्रशासनिक खर्च व्यहोर्नुपर्नेमा तलब, भत्ता, भ्रमण खर्च तथा दैनिक भत्ता जस्ता कार्यमा ऋण

लगानी गरी खर्च लेख्नाले नेपाल सरकारको सञ्चितकोषमा थप व्ययभार परेको देखिन्छ । अतः सार्वजनिक संस्थानको प्रशासनिक खर्च व्यहोर्ने गरी ऋण लगानी गर्ने कार्य बन्द गर्नुपर्दछ ।

सार्वजनिक संस्थानको कार्यसम्पादन

३८. **सार्वजनिक संस्थान निर्देशन बोर्ड** - सार्वजनिक संस्थान निर्देशन बोर्ड गठन आदेश, २०६८ मा निजीकरण भैसकेका संस्थानको निजीकरण पश्चात्को प्रभाव मूल्याङ्कन गरी नेपाल सरकारलाई आवश्यक सुझाव दिने, निजीकरण गरिएका संस्थानमा निजीकरण गर्दाका वखत निर्धारण गरिएका शर्त पालना भए नभएको, सरकारलाई बुझाउने रकम बुझाए नबुझाएको जस्तो कुराको अध्ययन गरी असुलउपर गर्न तथा शर्त पालना गर्न आदेश वा निर्देशन दिने र दिएको आदेश वा निर्देशनको पालना नगर्ने, वा नियतवश बैङ्कको ऋण नतिर्ने व्यक्तिहरुलाई कालो सूचीमा राखी त्यस्ता व्यक्ति संस्था वा सम्बद्ध प्रर्वद्धक वा मुख्य मुख्य लगानीकर्ता संलग्न कुनै पनि औद्योगिक संस्थानलाई सरकारले छुट नदिने व्यवस्था छ । गठन आदेश बमोजिम कार्य सम्पादन गर्ने बोर्ड २०७३ माघदेखि पदाधिकारीविहीन भई निष्क्रिय रहेको छ । बोर्डको गठन आदेशबाट तोकिएको कार्य सम्पादन नहुँदा निजीकरण भएका संस्थाहरुबाट बाँकी वक्यौता असुल नहुने अवस्था सिर्जना भएको छ । तसर्थ कानुनी तथा संरचनागत व्यवस्थामा समसामयिक सुधार गरी बोर्डको कायसम्पादनमा प्रभावकारिता ल्याउनुपर्दछ ।

३९. **संस्थानको अवस्था** - नेपालमा सञ्चालित ७१ सार्वजनिक संस्थानमध्ये विभिन्न वर्षमा विनिवेश र बन्द भएका ३३ बाहेक ३८ संस्थामा नेपाल सरकारको लगानी प्रवाह भएको छ । सोमध्ये नेपाल आयल निगम, दूरसञ्चार कम्पनी, नेपाल बैङ्क लिमिटेड, कृषि विकास बैङ्क, राष्ट्रिय वाणिज्य बैङ्क, नागरिक उड्डयन प्राधिकरण लगायत २३ नाफामा सञ्चालनमा रहेको र उदयपुर सिमेन्ट उद्योग, नेपाल औषधि लिमिटेड, जनकशिक्षा सामग्री केन्द्र, नेपाल खाद्य संस्थानलगायत १२ नोक्सानीमा रहेका छन् । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

३९.१ संस्थानहरुको बोझिलो संगठन, बढ्दो तलब भत्ता खर्च, असीमित दायित्व, कार्य सञ्चालन खर्चमा वृद्धि, वित्तीय संस्थाको साँवा ब्याज भुक्तानी, पुरानो प्रविधिको प्रयोगबाट उत्पादन तथा सेवा लागत वृद्धि, क्षमताको न्यून उपयोग लगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ । फलस्वरुप देहायका औद्योगिक, व्यापारिक र सामाजिक क्षेत्रका संस्थान नोक्सानीमा सञ्चालन भएको देखिन्छ ।

(रु.लाखमा)

क्षेत्र	आर्थिक वर्ष र नोक्सानी रकम			
	२०६९।७०	२०७०।७१	२०७१।७२	२०७२।७३
औद्योगिक	९,१४,२९	९,९०,२०	१०,६१,६४	११,२९,४९
व्यापारिक	२६,१५,५३	३४,७६,४८	१९,७४,२२	५७,५४
सामाजिक	१,६८,४०	१,९२,५५	२,०९,६६	२,२४,३४

स्रोत: आर्थिक सर्भेक्षण, २०७४

३९.२ वित्तीय उत्तरदायित्व र जवाफदेहीको पालनामा लेखापरीक्षणले मद्दत पुऱ्याउँछ । लेखापरीक्षणले वित्तीय अवस्थाको मात्र जानकारी गराउने नभई संस्थागत सुशासन पालनामा सहयोग पुऱ्याउने हुँदा प्रत्येक वर्ष तोकिएको अवधिभित्र लेखापरीक्षण गराउनुपर्नेमा २३ संस्थाले चालु वर्षको लेखापरीक्षण नगराएको अवस्था छ । समयमा लेखापरीक्षण नगराउने, अल्पकालीन सुविधा बढाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको व्यवस्था नगरिदा सार्वजनिक संस्थानहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने दायित्व २०७२।७३ सम्म रु.३२ अर्ब ३३ करोड ६५ लाख रहेकोले अन्ततः यसको भार नेपाल सरकारलाई नै पर्न जाने अवस्था छ ।

३९.३ कार्यकारी प्रमुखहरु नियुक्ति गर्दा कार्यसम्पादन सूचकको आधारमा कार्यसम्पादन सम्झौता गर्ने, सम्पादित कामको आधारमा सुविधा उपलब्ध गराउने कार्य अर्थ मन्त्रालयबाट समन्वय गराउनुपर्नेमा ६ निकायको कार्य सम्झौता गरी कार्यकारी प्रमुखको नियुक्ति भएको छ । कार्यसम्पादन नतिजामा सुविधालाई आवद्ध नगरेको तथा कार्यसम्पादन सम्झौताको कार्यन्वयन स्थितिको अनुगमन गरेको छैन ।

खर्चमा मितव्ययिता, उत्पादन क्षमताको अधिकतम उपयोग, आम्दानी र कार्य सम्पादन सूचकको आधारमा सुविधा, समयमा लेखापरीक्षण गराई पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गरी संस्थागत सुधारमा सबै सार्वजनिक संस्थानको सक्रियता जरुरी छ ।

४०. **निजीकृत संस्थाको अवस्था** - सार्वजनिक संस्थानले अपेक्षित नतिजा प्राप्त गर्न कठिनाइ भएपछि सुधार हुनसक्ने संस्थानलाई स्वायत्तता दिई व्यावसायिक तवरले सञ्चालन गर्ने र पुरानो प्रविधिलाई प्रतिस्थापन गर्न सम्भव नहुनेलाई खारेजी जस्ता प्रक्रिया अगाडि बढाउन सरकारले विनिवेश नीति अङ्गीकार गरेको थियो । जसअनुसार शेयर बिक्री, व्यवस्थापन करार, भाडा, खारेजी, विघटन एवं बन्द गर्ने कार्य २०४९।५० देखि शुरु भएको थियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४०.१ नेपाल सरकारको शेयर तथा ऋण लगानी भएका ३० सार्वजनिक संस्थानमध्ये नेपाल जुट विकास कम्पनी, सुर्ती विकास कम्पनी, कृषि आयोजना सेवा केन्द्र, हिमाल सिमेन्ट उद्योग, घरेलु शिल्पकला बिक्री भण्डार, नेपाल कोल लिमिटेड, नेपाल ड्रिलिङ्ग कम्पनीलाई सीधै खारेजीमा लगेको देखिन्छ । खारेजी नै गर्ने निर्णय भएका हेटौंडा कपडा लिमिटेड, वीरगन्ज चिनी कारखाना, कृषि औजार कारखाना, कृषि चून उद्योग लिमिटेडको सम्पत्ति भवन र उपकरणको यथोचित व्यवस्थापन गर्न सकेको छैन । यी कारखानाका उपकरण तथा घरजग्गाको संरक्षणको लागि केही कर्मचारी करारमा राखे पनि सो सम्पत्तिको व्यवस्थापन हुन नसकी हिनामना, हानि नोक्सानी हुने अवस्था छ । यी निकायका सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने निकायले पनि जिम्मेवारीपूर्वक काम गरी सरकारी सम्पत्तिको संरक्षणमा ध्यान पुऱ्याएको छैन । एक विघटित तथा ११ खारेज सार्वजनिक संस्थानको जग्गा एवं सम्पत्ति बेचबिखन एवं उपयोग गर्न नसकेको अवस्था छ । यस्ता सार्वजनिक संस्थानको सम्पत्ति व्यवस्थापन एवं अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

४०.२ विनिवेशको लागि प्रस्ताब गर्दा रोजगारीमा वृद्धि, लगानी एवं क्षमता अभिवृद्धि, मुनाफामा सञ्चालन, उत्पादन वृद्धि तथा प्राविधिको प्रयोग गरी नेपाल सरकारको राजस्वमा समेत योगदान गर्ने शर्तमा छनौट भएका संस्थानको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

(रु.हजारमा)

उद्योग	निजिकरण वर्ष				यो वर्ष			
	लगानी एवं क्षमता	उत्पादन	रोजगारी	राजस्वमा योगदान रु.	लगानी एवं क्षमता	उत्पादन	रोजगारी	राजस्वमा योगदान रु.
नेपाल विटुमिन ब्यारेल उद्योग	-	-	-	-	१६८२०	-	-	-२२२४०
नेपाल ल्युब आयल	१०१५.७	-	१०१	७३७.५	२६८४२	-	९३	८९६५
नेपाल बैङ्क लिमिटेड	-	-	६६०८		८०४२६६२		२८१९	१३३६२१२
नेपाल चिया विकास निगम					३२८५४९			-११२८३८
बुटवल पावर कम्पनी	८१५	-	३२८	-१९.७९	१६३३२२२	-	२९७	०
नेपाल दूरसञ्चार कम्पनी	२०५३००	-	४८५०	७७१७५	१५०००००		५५३०	२९०१२५
नेपाल ढलौट कार्यशाला					३०६७४			४७१
रघुपति जुट मिल	१३६७००		१११४	३२९००	१८०६९६		१४४६	-३६२७५

निजीकरण गरिएकामध्ये भृकुटी कागज कारखाना, हरिसिद्धी इँटा टायल कारखाना र बालाजु कपडा उद्योग बन्द रहेको, चलचित्र विकास कम्पनी अन्यलाई बिक्री गरेको, बाँसबारी छालाजुत्ता कारखाना र काँचो छाला सङ्कलन केन्द्र अस्तित्वमा नरहेको अवस्था छ । त्यस बाहेक नेपाल बिटुमिन ब्यारेल उद्योग, नेपाल चिया विकास निगम, रघुपति जुट मिल, विराटनगर जुट मिल नोक्सानीमा रहेको छ । नेपाल बैङ्क लिमिटेड र नेपाल दूरसञ्चार कम्पनी बाहेक बाँकीले राम्रो सञ्चालन नतिजा दिन सकेको देखिएन ।

४०.३ सार्वजनिक लेखा समितिले २०७३।३।३१ मा नेपाल रोजिन एण्ड टर्पेन्टाइन कम्पनीबाट जग्गा भाडा बापत बुझाउन बाँकी रकममा ब्याज र हर्जानासमेत रु.६ करोड २७ लाख सम्बन्धी समस्या समाधान गरी असुल गर्न र रघुपति जुट मिल्सको शेयर बिक्रीबापत सम्झौताअनुसार ब्याज र हर्जानासमेत रु.४ करोड २० लाख असुल गर्न निर्देशन दिएकोमा असुल भएको छैन । भृकुटी कागज कारखानाको सम्पत्ति तथा व्यवसाय बिक्री भई एक लिमिटेडबाट सम्झौताबमोजिम प्राप्त हुनुपर्ने रु.१७ करोड ४ लाख प्राप्त नभएकोले हर्जानासमेत असुल गर्नुपर्दछ ।

४०.४ सामान्यतया सार्वजनिक संस्थानको दायित्व त्यही संस्थाको सम्पत्तिबाट व्यहोर्नु पर्ने र लिमिटेड कम्पनीको रुपमा स्थापित संस्थाको दायित्व लगानी गरेको शेयरमा सीमित हुनुपर्ने भए तापनि विगतमा विनिवेश, विघटन र खारेजी गरेका सार्वजनिक संस्थानमा समेत सरकारले निरन्तर ठूलो लगानी गरिरहेको देखिन्छ । २०७३ आषाढ मसान्तसम्म रु.९ अर्ब ९ करोड ५० लाख दायित्व भुक्तानी भएकोमा शेयर तथा ऋण लगानीको वार्षिक प्रतिवेदन २०७३।७४ सम्ममा १६ संस्थामा रु.१३ अर्ब २९ करोड ८३ लाख दायित्व भुक्तानी गरी ऋण लगानीमा देखाएको छ । विनिवेश, विघटन र खारेजी गरेका सार्वजनिक संस्थानको दायित्व

फरफारक गर्ने काम टुङ्गो लाग्न नसकेकोले राज्य कोषमा थप व्ययभार पर्दै जाने स्थिति छ । यस्तो परिपाटीलाई रोकी दायित्व फरफारक गर्नुपर्दछ ।

४१. **जग्गा भोगचलन** – आन्तरिक राजस्व कार्यालय, ललितपुरको हातामा रहेको करिब २.५ रोपनी जग्गा विश्व सम्पदा परिषद् नामक एक गैरसरकारी संस्थालाई भोगाधिकारको लागि दिएकोमा आन्तरिक राजस्व कार्यालयले मासिक रु.१ लाख २० हजारको दरले भाडा भुक्तानी गरेको छ । सरकारी जग्गा गैरसरकारी संस्थालाई दिई सोमा सरकारले पुनः भाडा भुक्तानी गरेको देखिएकोले भोगाधिकारको निर्णयमा पुनरावलोकन गरी सरकारी जग्गाको उचित प्रवन्ध मिलाउनुपर्दछ ।

४२. **जग्गा अतिक्रमण** – साविक भक्तपुर इँटा टायल कारखानाको करिब २५५ रोपनी जग्गा र सोमा निर्मित घर टहरा १० वर्षका लागि भक्तपुर इँटा टायल कारखाना प्रा.लि.लाई लिजमा दिएकोमा पुनः १० वर्षको लागि लिज थप भएको छ । जग्गाको कम्पाउण्ड पछाडिका जग्गाधनीहरुले कारखानाको जग्गालाई दुई टुक्रा पारी बीचबाट ८ मिटरको सडक निर्माण गरेका छन् । सरकारी जग्गालाई २ टुक्रा पारी बीचबाट बाटो कायम हुँदा ८ मिटर बाटोको अतिरिक्त दुवैतिर गरी १५ मिटर समेत २३ मिटर चौडाई र २६१.५४ मिटर लम्बाईले ११.८२ रोपनी जग्गा अतिक्रमण भएकोले वैकल्पिक व्यवस्थापन गरी सरकारी जग्गाको सदुपयोग गर्नुपर्दछ ।

त्यस्तै हरिसिद्धि इँटा टायल कारखानाको सम्पत्ति तथा व्यवसायसमेत रु.२२ करोड ६९ लाख ७४ हजार लिने गरी निजीकरण भएको थियो । निजीकरण पश्चात् सरकारलाई बुझाउनुपर्ने रकम दाखिला अभिलेख अर्थ मन्त्रालयले अद्यावधिक गरेको छैन । कारखानाको जग्गा निजीकरणको उद्देश्य बाहिर गई विभिन्न व्यक्ति संस्थालाई उपलब्ध गराएकोले स्थानीय जनताबाट विरोध भै निजीकरणको उद्देश्यअनुसार काम हुनसकेको छैन । तसर्थ सरकारले लिनुपर्ने रकम असुल गरेर फरफारक गरी निजीकरणको उद्देश्य एवं सम्झौतामा भएको व्यवस्थाअनुसार कारखाना सञ्चालनमा ल्याउनुपर्दछ ।

४३. **शेयर लगानी** - सरकारी स्रोत साधनको लगानी गर्दा हिनामिना नहुने गरी प्रतिफलयुक्त क्षेत्रमा गर्नुपर्दछ । विशाल बजार कम्पनी लिमिटेडको नाममा सरकारले तत्कालीन अवस्थामा खरिद गरेको जग्गा ८ रोपनी ४ आना सहित १२ रोपनी ४ आना कम्पनीले हकभोग गरे पनि २०२६ देखि हालसम्म कुनै प्रतिफल प्राप्त भएको छैन । उक्त जग्गाको लगानीलाई शेयरमा परिणत गर्न सर्वोच्च अदालतबाट २०६७।५।१४ र २०७२।२।२ मा आदेश भएकोले सरकारले मूल्याङ्कन गरेअनुसार रु.३ अर्ब ९६ करोड शेयर लगत नेपाल सरकारको नाममा कायम गर्न अर्थ मन्त्रालयलाई पत्राचार गरेकोमा हाल नेपाल सरकारको नाउमा शेयर लगतसम्म कायम भएको जानकारी प्राप्त भएको छ । शेयर लगत कायम गरेपश्चात् यस कार्यालयलाई समेत विपक्षी बनाई सर्वोच्च अदालतमा पुनः मुद्दा दायर गरेकोले अदालत समक्ष २०७४।८।२० मा जवाफ पठाएको छ । सरकारी सम्पत्तिको संरक्षणको लागि प्रतिरक्षालगायत सबै कानुनी उपाय अवलम्बन गर्नुपर्दछ ।

महालेखा नियन्त्रक कार्यालय

४४. **राजस्व दाखिला** – आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९(३) मा कार्यालयलाई प्राप्त भएको नगद राजस्व दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी ७ दिनभित्र बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । महालेखा नियन्त्रकको कार्यालयले पेस गरेको २०७२।७३ को राजस्वको केन्द्रीय आर्थिक विवरणमा यातायात व्यवस्था कार्यालय ललितपुर, मालपोत कार्यालय चाबहिल र मालपोत कार्यालय साँखुको बैङ्क दाखिला गर्न बाँकी नगद राजस्व रु.१० करोड ३६ लाख भएकोमा २०७३।७४ मा रु.९ करोड ४० लाख दाखिला भई रु.९६ लाख ५५ हजार हालसम्म दाखिला भएको नदेखिएकाले जिम्मेवार व्यक्तिउपर छानबिन गरी राजस्व दाखिला गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः राजस्व असुली, दाखिला, भिडान र अनुगमन, सञ्चित कोषको हिसाव, शोधभर्ना, केन्द्रीय धरौटी र कार्यसञ्चालन कोषको हिसाव भिडान, आन्तरिक लेखापरीक्षणको प्रभावकारिता लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४५. **सञ्चितकोष** - कार्यालयले पेस गरेको सञ्चित कोषको विवरण अनुसार प्राप्ति र भुक्तानीको अवस्था निम्नानुसार छः

(रु.लाखमा)

विवरण	आ.व. २०७३।७४		आ.व. २०७२।७३		घट/बढ प्रतिशत
प्राप्ति					
१. राजस्व तथा अनुदान		**६५२७९७१**		**५२८२८८४**	**२३.५६**
क. राजस्व	६१२५३१५		४८५२३९६		२६.२३
ख. अनुदान	४०२६५६		४३०४८८		-६.४६
२. वित्तीय व्यवस्था		**१२९६२४१**		**१२८७०८८**	**०.७१**
क. ऋण लगानी फिर्ता	२९४०२		१३६९४०		-७८.५२
ख. शेयर बिक्री					
ग. वैदेशिक ऋण प्राप्ति	३९१५४५		२७४२६७		४२.७६
घ. आन्तरिक ऋण प्राप्ति	८७५२९३		८७५८८१		-०.०६
३. अन्य प्राप्ति		**-२२**		**९**	**-३४४**
जम्मा		**७८२४१९०**		**६५६९९८१**	**१९.०९**
भुक्तानी					
१. चालु वर्षको भुक्तानी		**७२७३६४१**		**४९४५४६३**	**४७.०७**
क. सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	१०१५२३		८७६३०		१५.८५
ख. विनियोजन ऐनबाट भएको खर्च	७१७२११८		४८५७८३३		४७.६४
२. वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी		**१०३७९२३**		**१०६४६७१**	**-२.५१**
क. सञ्चित कोष माथि व्ययभार हुने रकममा खर्च	६१२६४६		६८९४९७		-११.१५
ख. विनियोजन ऐन द्वारा भएको खर्च	४२५२७७		३७५१७४		१३.३५
३. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खर्च भएको तर बैङ्कबाट भुक्तानी नभएको खर्च समायोजन		-१२७५		-५८०	-११९.८२
जम्मा		**८३१०२८९**		**६००९५५४**	**३८.२८**
४. गत वर्षको छुट भुक्तानी					
नगदमा परिवर्तन		-४८६१००		५६०४२७	-१८६.७३
आ.व. को शुरुको मौज्दात		-२२६५१७		-७८६९४४	७१.२१
आ.व. को अन्तिम मौज्दात		**-७१२६१७**		**-२२६५१६**	**-२१४.५९**

वित्तीय व्यवस्थाअन्तर्गतको भुक्तानी गत वर्ष रु.१ खर्ब ६ अर्ब ४६ करोड ७१ लाख रहेकोमा यो वर्ष रु.१ खर्ब ३ अर्ब ७९ करोड २३ लाख भई गत वर्षको तुलनामा २.५१ प्रतिशतले घटेको छ । गत वर्ष ऋण लगानी फिर्ता रु.१३ अर्ब ६९ करोड ४० लाख रहेकोमा यो वर्ष रु.२ अर्ब ९४ करोड २ लाख रहेको छ । सोमध्ये नेपाल विद्युत प्राधिकरणले रु.१ अर्ब ६७ करोड साँवा फिर्ता गरेको छ । वैदेशिक ऋण गत वर्षभन्दा ४२.७६ प्रतिशतले वृद्धि भएको छ र वैदेशिक अनुदान गत वर्षभन्दा ६.४६ प्रतिशतले घटेको छ । सञ्चित कोषको हसाब यथर्था र अद्यावधिक रुपमा संशोधन गरी पेस नगरेकोले २०७४।९।३० मा प्राप्त हिसाबको आधारमा विश्लेषण गरिएको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

४५.१ नेपाल सरकारले सरकारी लेखा नगद आधारमा लेखाङ्कन गर्ने गरेको छ । तर सञ्चित कोषको वार्षिक मौज्दात ऋणात्मक देखाएको छ । गत वर्षसम्म सरकारको मौज्दात रु.२२ अर्ब ६५ करोड १७ लाख ऋणात्मक भएकोमा यो वर्ष रु.४८ अर्ब ६१ करोडसमेत रु.७१ अर्ब २६ करोड १७ लाख ऋणात्मक मौज्दात रहेको छ । सञ्चितकोषको हिसाबमा ऋणात्मक मौज्दात आउनाका कारण लेखा टिप्पणीमा उल्लेख गरेको छैन । सो सम्बन्धमा हिसाब मिलान हुनुपर्दछ ।

४५.२ सञ्चित कोषको आर्थिक विवरणमा बाह्य ऋणअर्न्तगत नगद प्राप्त रु.१० अर्ब ५३ करोड १३ लाख, शोधभर्ना प्राप्त रु.२१ अर्ब ६३ करोड ६ लाख र सोझै भुक्तानी प्रत्यक्ष ऋण रु.६ अर्ब ९९ करोड २६ लाखसमेत रु.३९ अर्ब १५ करोड ४५ लाख आम्दानी देखाएको छ । नेपाल राष्ट्र बैङ्कले प्रस्तुत गरेको केन्द्रीय ट्रेजरी हिसाबमा वैदेशिक ऋण प्राप्ति रु.४७ अर्ब ८० करोड ६५ लाख देखाएको छ । वैदेशिक ऋण प्राप्ति रु.८ अर्ब ६५ करोड २० लाख फरक पर्नाको कारण यकिन गरी हिसाब मिलान गर्नुपर्दछ ।

४५.३ सञ्चित कोषको आर्थिक विवरणमा वैदेशिक अनुदानअन्तर्गत नगद प्राप्त रु.७ अर्ब १८ करोड ६१ लाख, शोधभर्ना प्राप्त रु.२४ अर्ब ७४ करोड ६२ लाख, सोझै भुक्तानी प्रत्यक्ष अनुदान रु.६ अर्ब ५० करोड र वस्तुगत सहायता रु.१ अर्ब ८३ करोड ३२ लाखसमेत रु.४० अर्ब २६ करोड ५५ लाख आम्दानी देखाएको छ। यस्तै नेपाल राष्ट्र बैङ्कले यो वर्ष रु.१४ अर्ब ४७ करोड ६८ लाख अनुदान प्राप्त भएको देखाएको छ। अनुदान प्राप्ति हिसाबमा रु.१७ अर्ब ४५ करोड ५५ लाख फरक देखिएकोले हिसाब मिलान हुनुपर्दछ।

४५.४ महालेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको हिसाबको ढाँचा तयार गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत गराएको छैन। साथै उक्त हिसाबमा उल्लिखित रकम कलम प्रमाणित गर्ने अनुसूची र सोबमोजिमका सहायक खातासमेत अद्यावधिक रहेको पाइएन। कार्यालयले प्रचलित ऐन, नियम एवं असल अभ्यासलाई आधार लिई सञ्चित कोषको ढांचा तयार गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत गराउनुपर्दछ।

४६. **शोधभर्ना हुन बाँकी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७ को उप नियम ३ र ४ मा विभिन्न दातृपक्षसँग भएको सम्झौताको आधारमा प्रत्येक आयोजनाले शोधभर्ना माग गर्ने, भएको निकासा खर्च दातृपक्षबाट शोधभर्ना प्राप्त भएको र शोधभर्ना प्राप्त हुन बाँकीको अभिलेख राखी अनुगमन गर्नुपर्ने व्यवस्था छ। २०७३।७४ को अन्तसम्ममा रु.२२ अर्ब ३७ करोड ८१ लाख ऋण र रु.२० अर्ब ५८ करोड १४ लाख अनुदान गरी रु रु.४२ अर्ब ९५ करोड ९५ लाख शोधभर्ना लिन बाँकी छ। शोधभर्ना लिन बाँकी रकम गत वर्ष रु.३६ अर्ब ८५ करोड ४९ लाख रहेकोमा यो वर्ष १६.५६ प्रतिशतले बढी देखिन्छ। यस सम्बन्धमा निम्नानुसार देखिएको छ:

४६.१ गत विगत वर्ष वैदेशिक ऋण शोधभर्ना हुने गरी खर्च भएको रु.१४ अर्ब ३३ करोड ७२ लाख, यो वर्षको खर्च रु.३१ अर्ब ५७ करोड ५० लाखसमेत रु.४५ अर्ब ९१ करोड २२ लाख शोधभर्ना हुन बाँकी रहेकोमा रु.२१ अर्ब ८७ करोड १४ लाख प्राप्त भएको र रु.१ अर्ब ६६ करोड २८ लाख हिसाब मिलान गरी वर्षान्तमा रु.२२ अर्ब ३७ करोड ८१ लाख बाँकी देखिएको छ। ऋण शोधभर्ना बाँकी रकम गत वर्षभन्दा ५६.०८ प्रतिशतले बढेको छ।

शोधभर्ना बाँकी बढी देखिएका मन्त्रालयमध्ये अर्थ मन्त्रालयअन्तर्गत सार्वजनिक संस्थान लगानीको रु.११ अर्ब ६० करोड ५४ लाख, शिक्षा मन्त्रालयको रु.९ अर्ब ३३ करोड ६१ लाख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको रु.५ अर्ब ४७ करोड ७९ लाख र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको रु.५ अर्ब २१ करोड ३८ लाख रहेको छ।

४६.२ गत वर्षसम्म अनुदानतर्फ शोधभर्ना लिन रु.२२ अर्ब ५१ करोड ७६ लाख बाँकी रहेकोमा यो वर्षको रु.२४ अर्ब ७५ करोड ८६ लाखसमेत शोधभर्ना हुनुपर्ने रु.४७ अर्ब २७ करोड ६२ लाखमध्ये यो वर्ष रु.२६ अर्ब ६९ करोड ५० लाख प्राप्त भई वर्षान्तमा रु.२० अर्ब ५८ करोड १२ लाख बाँकी रहेको छ। गत वर्षको तुलनामा शोधभर्ना हुन बाँकी अनुदान ८.५९ प्रतिशतले घटेको छ।

४६.३ अनुदानतर्फ शोधभर्ना हुन बाँकी रकम बढी रहेका मन्त्रालयमा शिक्षा मन्त्रालयको रु.८ अर्ब ५६ करोड ६८ लाख, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको रु.३ अर्ब ५९ करोड ६६ लाख, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको रु.३ अर्ब ३८ करोड ४८ लाख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको रु.रु.१ अर्ब ३७ करोड १४ लाख, कृषि विकास मन्त्रालयको रु.७० करोड ९४ लाखसमेत ५ मन्त्रालयको रु.१७ अर्ब ६२ करोड ९० लाख देखिन्छ। उक्त रकम शोधभर्ना लिन बाँकी अनुदान रकमको ८५.६६ प्रतिशत रहेको छ।

४६.४ महालेखा नियन्त्रक कार्यालयबाट पेस भएको विवरणमा २१ योजनामा शोधभर्ना हुन बाँकी रु.११ अर्ब ३९ करोड ९७ लाख ऋणात्मक देखिएको कारण खुलाएको छैन। स्वास्थ्य मन्त्रालयको गत वर्ष शोधभर्ना हुन बाँकी ऋण रु.१ अर्ब ७३ करोड १२ लाखलाई यो वर्ष पनि ऋणात्मक बाँकी देखाएको छ। बन्द भइसकेका आयोजनाको समेत ऋणात्मक हिसाब हुँदा कुल शोधभर्ना हुन बाँकी रकम घटन गई बाँकी रकमको यथार्थ हिसाब प्रस्तुत हुन सक्दैन।

४६.५ कार्यालयले उपलब्ध गराएको विवरणअनुसार १५ मन्त्रालय र राष्ट्रिय योजना आयोगअन्तर्गत सञ्चालित ऋणतर्फ २६ र अनुदानतर्फ २१ आयोजना तथा कार्यक्रममा २०७३।७४ सम्म रु १ अर्ब २ करोड ६९ लाख शोधभर्ना लिन बाँकी रहेकोमा ती आयोजना बन्द भइसकेको देखिन्छ। यस्ता बन्द भैसकेका आयोजनाको शोधभर्ना हुन बाँकी रकम शोधभर्ना प्राप्त गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ।

४७. **केन्द्रीय धरौटी** - कार्यालयबाट प्राप्त धरौटीको वार्षिक प्रतिवेदन अनुसार गत वर्षको जिम्मेवारी रु.१८ अर्ब ५७ करोड १० लाखमा यो वर्ष रु.१६ अर्ब १४ करोड ८ लाख थप भई रु.३४ अर्ब ७१ करोड १८ लाखमा रु.२ अर्ब ६७ करोड ७५ लाख सदरस्याहा र रु.७ अर्ब ७ करोड ४८ लाख फिर्ता भई वर्षान्तमा रु.२४ अर्ब ९५ करोड ९५ लाख बाँकी रहेको छ। धरौटीको गत वर्षको मौज्दात रु.१८ अर्ब ६१ करोड ८६ लाख रहेकोमा यो वर्ष रु.१८ अर्ब ५७ करोड १० लाख जिम्मेवारी सारेकोले रु.४ करोड ७६ लाख घटी मौज्दात छ। घटी मौज्दात सम्बन्धमा छानबिन गरी हिसाब यकिन हुनुपर्दछ।

४८. **कार्य सञ्चालन कोष** - महालेखा नियन्त्रक कार्यालयले पेस गरेको २०७३।७४ को कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारी रु.१२ अर्ब ३२ करोड ६८ लाख र यो वर्षको आय रु.४५ अर्ब ३५ करोड १२ लाखसमेत रु.५७ अर्ब ६७ करोड ८० लाखमा रु.४१ अर्ब ६० करोड २० लाख खर्च भई मौज्दात रु.१६ अर्ब ७ करोड ६० लाख मौज्दात देखिन्छ।

यो वर्ष कार्य सञ्चालन कोषको जिल्लागत आय व्यय विवरणअनुसार काठमाडौँ र कास्की जिल्लामा कोषको बाँकी मौज्दात क्रमशः रु.६ अर्ब ७२ करोड ९७ लाख, रु.२९ करोड ४४ लाख गरी रु.७ अर्ब २ करोड ४१ लाख देखिएकोमा बैङ्क मौज्दात क्रमशः रु.४ अर्ब ४१ करोड ५२ लाख, रु.२२ करोड ५९ लाख गरी रु.४ अर्ब ६४ करोड ११ लाख उल्लेख गरेकोले रु.२ अर्ब ३८ करोड ३० लाख घटी बैङ्क मौज्दात देखिन्छ। उक्त रकम सम्बन्धमा छानबिन गरी हिसाब यकिन हुनुपर्दछ।

४९. **घटी मौज्दात** - वैदेशिक अनुदान ख५ खाताको जिल्लागत आय व्यय विवरणबमोजिम स्रेस्ताअनुसार रु.२ अर्ब ४ करोड ४० लाख बाँकी भएकोमा बैङ्क मौज्दात रु.५ करोड ५९ लाखमात्र उल्लेख गरेकोले बैङ्क मौज्दात रु.१ अर्ब ९८ करोड ८१ लाख घटी देखाएको छ। घटी मौज्दात सम्बन्धमा छानबिन गरी मिलान गर्नुपर्दछ।

नेपाल सरकारले राजस्व असुल गर्ने तथा खर्च गर्ने कार्यका लागि विभिन्न बैङ्क र सरकारी कार्यालयमा राजस्व सूचना व्यवस्थापन प्रणाली लागू गरिसकेको अवस्थामा यसप्रकार बैङ्कगत तथा कार्यालयगत असुली हिसाब फरक परेको अवस्थामा थप छानबिन गरेको छैन। बैङ्क हिसाब विवरण तयार गरी भिडान नभएको अवस्थामा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई कारबाही गर्ने कार्यमा महालेखा नियन्त्रक कार्यालयले ध्यान पुऱ्याउनुपर्दछ।

५०. **आन्तरिक लेखापरीक्षणको प्रभावकारिता** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २(त) र आर्थिक कार्यविधि नियमावलीको नियम ९६ अनुसार सरकारी कार्यालयहरुको आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय र मातहतबाट हुने गरेको छ। आन्तरिक लेखापरीक्षण सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

५०.१ सार्वजनिक वित्तीय व्यवस्थापनमा प्रभावकारिता ल्याउन तथा व्यवस्थितरुपमा सञ्चालन गर्न आन्तरिक लेखापरीक्षणको महत्वपूर्ण भूमिका रहन्छ। लेखापरीक्षण कार्य चौमासिक रुपमा हुने नगरेको, लेखापरीक्षण गर्दा उच्च तहबाट निरीक्षण अनुगमन नगरेबाट दोहोरो भुक्तानी, बढी भुक्तानी भएकोमा समेत नियन्त्रण गर्न सकेको छैन। आन्तरिक नियन्त्रणको अभिन्न अंगको रुपमा रहेको आन्तरिक लेखापरीक्षण एवं लेखापालन गर्ने कार्य एउटै समूहका कर्मचारीबाट गराउँदा स्वार्थ बाझिने भई स्वतन्त्र एवं निष्पक्ष ढङ्गले काम गर्ने अवस्था नरहेको हुँदा हालको व्यवस्थामा पुनरावलोकन गरी आन्तरिक लेखापरीक्षणलाई सक्षम, व्यवस्थित, स्वतन्त्र एवं प्रभावकारी बनाउन जरुरी छ।

५०.२ आन्तरिक लेखापरीक्षण समयमा नहुँदा व्यवस्थापनबाट भएका गल्ती कमजोरी समयमा सुधार गरी आर्थिक कारोबार एवं वित्तीय विवरण यथार्थपरक बनाउन सकिएको छैन। जसले गर्दा आन्तरिक लेखापरीक्षण समयमा र प्रभावकारी नहुँदा कारोबारको शुद्धता र नियमितता जस्ता विषय समेत अन्तिम लेखापरीक्षणबाट यकिन गर्नु परेको छ। तसर्थ समयमा आन्तरिक लेखापरीक्षण सम्पन्न गरी कारोबारको शुद्धता र नियमितता सम्बन्धी गल्ती कमजोरीमा अन्तिम लेखापरीक्षण हुनु पूर्व नै सुधार गर्ने व्यवस्था गर्नुपर्दछ।

आन्तरिक राजस्व विभाग

५१. **आन्तरिक राजस्व संरचना** – आर्थिक वर्ष २०७३।७४ मा रु.२ खर्ब ३३ अर्ब ६० करोड राजस्व असुल गर्ने लक्ष्य रहेकोमा रु.२ खर्ब ५८ अर्ब १७ करोड (१११ प्रतिशत) राजस्व असुली गरेको छ । कुल राजस्व सङ्कलनमा आयकर ५२.५१ प्रतिशत, मूल्य अभिवृद्धि कर २३.६७ प्रतिशत, अन्तःशुल्क १८.३१ प्रतिशत, ब्याज कर ३.३३ प्रतिशत, बहाल कर १.५७ प्रतिशत, स्वास्थ्य सेवा शुल्क ०.३३ प्रतिशत र शिक्षा सेवा शुल्क ०.२८ प्रतिशत रहेको छ । राजस्व असुलीको संरचना वृत्त चित्रमा देखाइएको छ । राजस्वको लक्ष्य प्रक्षेपण गर्दा २०७१।७२ को असुलीभन्दा २०७२।७३ मा २१.५९ प्रतिशत र २०७२।७३ को असुलीभन्दा २०७३।७४ मा १४.२८ प्रतिशतले बढी प्रक्षेपण गरेको देखिन्छ । कुल गार्हस्थ्य उत्पादन बढिरहेको अवस्थामा राजस्वको प्रक्षेपण पनि सोही आधारमा बढ्नुपर्नेमा गत वर्षको वृद्धिभन्दा ७.३१ प्रतिशतले घटाई प्रक्षेपण गरेको छ । आर्थिक क्रियाकलापमा भएको वृद्धि समेतलाई विचार गरी करको दायरामा वृद्धि गर्ने एवं अधिकतम राजस्व परिचालन गर्ने लक्ष्य निर्धारण गरी राजस्वको प्रक्षेपण वास्तविक बनाइनुपर्दछ ।



५२. **रणनीतिक योजना कार्यान्वयन** – कर प्रशासनमा आवद्ध जनशक्तिको क्षमता तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिई विभागले पञ्चवर्षीय रणनीतिक योजना एवं त्रिवर्षीय सुधार योजना कार्यान्वयनमा ल्याएकोमा रणनीतिक योजनाले तय गरेको राजस्व सम्बन्धी सूचकमा प्राप्त उपलब्धि निम्नबमोजिम रहेको छ:

सूचकाङ्क	इकाई	आधार वर्ष (२०६७।६८)	२०७२।७३	२०७३।७४	
				लक्ष्य	प्रगति
कुल गार्हस्थ्य उत्पादनमा कर राजस्वको योगदान	प्रतिशत	१४.६०	१८.८७	१८.००	२१.०६
आयकरको योगदान	प्रतिशत	३.१०	५.२०	५.४६	५.७०
मूल्य अभिवृद्धि करको योगदान	प्रतिशत	४.५८	५.४३	५.६४	६.१७
अन्तःशुल्कको योगदान	प्रतिशत	१.९६	३.०९	३.१७	३.२६
अनलाइन दर्ता	प्रतिशत	९६.८०	९९.००	१००	१००
ई फाइलिङ्ग	प्रतिशत	८७.००	९८.००	१००	१००
मू.अ.कर ननफाइलर	प्रतिशत	२१.३३	३०.००	१०-००	३०.००
आयकर ननफाइलर	प्रतिशत	५८.३६	३८.००	४०-००	४४.००
कर परीक्षणका लागि करदाता छनौट	प्रतिशत	१.३०	१.२०	२.००	१.२५

आयकरतर्फ ननफाइलर ४० प्रतिशत कायम गर्ने लक्ष्य रहेकोमा ४४ प्रतिशत रहेको, मूल्य अभिवृद्धि करतर्फ नन् फाइलर १० प्रतिशतमा सीमित गर्ने लक्ष्य रहेकोमा ३० प्रतिशत रहेकोले लक्ष्यअनुसार घटाउन नसकेको अवस्था छ । रणनीतिक योजनाले कर परीक्षणको लागि करदाता छनौट २ प्रतिशत पऱ्याउने लक्ष्य राखेकोमा यो वर्ष १.२५ प्रतिशत करदाताको मात्र कर परीक्षण भएको छ । आन्तरिक राजस्व विभागबाट पञ्चवर्षीय रणनीतिक योजना (२०६९।७०–२०७३।७४) को लक्ष्य प्राप्त गर्न गरिएका प्रयास र हालसम्मको उपलब्धिको समीक्षा गरी आवश्यक सुधार गर्नुपर्दछ ।

५३. **करदाता संख्या** – करको दायरा विस्तारको लागि करको दायरामा नआएका, आय विवरण पेस नगरेका र मूल्य अभिवृद्धि कर विवरण पेस नगरेका करदातालाई विभिन्न छुट तथा सुविधा दिई कर कानुन परिपालना गर्न प्रोत्साहन गर्ने, बासिन्दा वा गैर बासिन्दा व्यक्तिहरुले करयोग्य कारोबार गरेमा मूल्य अभिवृद्धि कर सहितको स्थायी लेखा नं. लिनुपर्ने व्यवस्थालाई कडाईकासाथ कार्यान्वयनमा ल्याउने, करदाताको अभिलेख तथा कम्प्युटर प्रणालीमा रहेका सूचना एवं अभिलेखको सुरक्षाको विशेष व्यवस्था गर्ने नीति लिएको छ ।

विभागको वार्षिक प्रतिवेदनअनुसार विगत तीन वर्षमा स्थायी लेखा नम्बर वितरणको अवस्था निम्नबमोजिम रहेको छ:

(संख्यामा)

विवरण	२०७१।७२	२०७२।७३	२०७३।७४ मा थप	२०७३।७४ सम्म
व्यावसायिक स्थायी लेखा नम्बर	७,६४,९९०	८,४९,२३६	१०६१०२	९५५३३८
व्यक्तिगत स्थायी लेखा नम्बर	५,२६,००२	६,०३,५८१	८६७७०	६९०३५१
जम्मा	**१२,९०,९९२**	**१४,५२,८१७**	**१९२८७२**	**१६४५६८९**
मूल्य अभिवृद्धि करमा दर्ता	१,५३,६१९	१,६७,५३०	१६८२६	१८४३५६
अन्त: शुल्क इजाजतपत्र	४६,९८७	५४,३११	१३३५६	६७६६७

करदाता संख्या २०७१।७२ को तुलनामा २०७२।७३ मा १२.५३ प्रतिशतले वृद्धि भएकोमा यो वर्ष १३.२७ प्रतिशतले बढेको छ । कुल करदातामध्ये ६ लाख ९० हजार (४१ प्रतिशत) लाई व्यक्तिगत स्थायी लेखा नम्बर जारी गरेको छ । त्यस्ता करदाताले बुझाउनुपर्ने पारिश्रमिकलगायतका करको अनुगमन भएको छैन । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

५३.१ करको दायरा विस्तार गर्ने उद्देश्यअन्तर्गत यो वर्ष १ लाख ६ हजार १०२ लाई व्यावसायिक स्थायी लेखा नम्बर, ८६ हजार ७७० लाई व्यक्तिगत स्थायी लेखा नम्बर प्रदान गरेको छ भने १६ हजार ८२६ करदाता मूल्य अभिवृद्धि करमा र १३ हजार ३५६ करदाता अन्त:शुल्कमा थप भएको देखिन्छ । आयलाई लक्षित गरी ३३ हजार ८४७ बहाल सर्भे सम्पन्न गरे पनि 'प्यान फर अल' नारासहित ३ लाख करदाता थप गर्ने लक्ष्य लिएकोमा १ लाख ९२ हजार ८७२ थप भएको देखिन्छ । व्यावसायिक स्थायी लेखा नम्बर लिएका र व्यक्तिगत स्थायी लेखानम्बर लिएका १६ लाख ४५ हजार ६८९ करदाता करको दायरामा आएका छन् । यो संख्या नेपालको जनसंख्या २ करोड ८६ लाखको ५.७३ प्रतिशत हुन्छ । यो प्रतिशतमा व्यक्तिगत प्यान लिएको संख्या घटाउँदा व्यावसायिक स्थायी लेखा नम्बर लिने करिब ३.३ प्रतिशत मात्र देखिएकोले सबै व्यवसायी दायरामा आएका अवस्था छैन । पर्यटन क्षेत्र, सहकारी क्षेत्र, गैरसरकारी संस्था एवं अन्य संघसंस्था दर्ता गर्ने एवं नियमन गर्ने निकायसँग समेत समन्वय गरी सम्भावित करदातालाई करको दायरामा ल्याउन थप प्रयास गर्नुपर्दछ ।

सूचना प्रविधिको विश्वव्यापी रुपमा बढ्दो प्रयोग र विश्व अर्थतन्त्रको अन्तर आवद्धताले विद्युतीय व्यापारको प्रवृत्ति बढ्दै गएको सन्दर्भमा सो क्षेत्रमा कारोबार गर्नेलाई करको दायरामा ल्याउन नसकिएकोले भुक्तानीको गेटवे सम्बन्धमा अध्ययन गरेर दायरामा ल्याउने गरी कानुनी तथा प्रणालीगत विकास गर्न जरुरी देखिन्छ ।

५४. **आन्तरिक नियन्त्रण** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ मा प्रत्येक विभागीय प्रमुखले आफू र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्यहरुको लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । यस प्रयोजनका लागि आन्तरिक राजस्व विभागले करसम्बन्धी कानुनी व्यवस्थाको अतिरिक्त निर्देशिका तथा आवश्यकताअनुसार परिपत्र, पूर्वादेश जारी गर्ने गरेको छ । विभाग र अन्तर्गतका कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका कमजोरी र त्यसबाट पर्ने असर देहायमा उल्लेख गरिएको छ:

क्र.सं.	कमजोरी	असर
१	करदाताले आय विवरणका साथ पेस गरेको खरिद बिक्री साहू आसामीको विवरण (अनुसूची १३) पूर्ण हुने नगरेको, आय विवरणको अङ्कको रुपमा नलिएको,	करदाताहरु विचको मिसम्याच रकम यथार्थ नहुने हुँदा सोलाई आधार लिई कर निर्धारण गर्न समस्या परेको तथा सोही सूचनाको आधारमा करदाता छनौट हुने हुँदा छनौट प्रक्रिया समेत प्रभावित हुने अवस्था रहेको,
२	कर लेखापरीक्षकलाई कर निर्धारण गर्दा पेस गर्ने सूचना र सम्बद्ध पक्षसँगको कारोबार खुलासा गरी जिम्मेवार बनाउने व्यवस्था नभएको,	गलत सूचना सम्प्रेषण भई राजस्व चुहावट हुने अवस्था रहेको,
३	राजस्व लेखा प्रणालीले आर्थिक विवरण स्वचालित रुपमा सिर्जना नगरेको,	आर्थिक विवरणहरु समयमा तयार नहुने, भिडानमा समस्या, मूल्य अभिवृद्धि करको बक्यौता आर्थिक विवरणले नदेखाउने,
४	विद्यमान राजस्व लेखा प्रणालीका म.ले.प.फा.नं.हरु प्रयोग नगरेको,समय सापेक्ष परिमार्जन नगरेको,	प्रयोगमा नआउने एवं समय सापेक्ष नरहेका फारामहरु समेत विद्यमान रहेको र लेखा ढांचाको पूर्ण पालना नभएको,

क्र.सं.	कमजोरी	असर
५	अनलाइन टीडीएस प्रणालीको पूर्ण कार्यान्वयन नभएको, विभिन्न करदाताको भुक्तानीमा कर कट्टी एउटै भौचरबाट दाखिला हुने गरेको,	आय विवरण पेस गर्ने मितिसम्म भुक्तानीमा कर कट्टी रकम परिवर्तन भइरहने, समयमा राजस्व प्राप्त नहुने, भौचरमा उल्लिखित रकमभन्दा बढी कर मिलान हुने अवस्था रहेको,
६	कम्प्युटरबाट बीजक जारी गर्ने कार्यविधिको कार्यान्वयन र अनुगमन हुन नसकेको,	कम्प्युटरबाट बीजक जारी गर्ने प्रणाली प्रभावकारी नहुनाले करदाताको सूचना एकीकृत गरी संग्रहण र अनुगमन गर्न नसकिएको,
७	एकीकृत कर प्रणालीबाट बक्यौता राजस्व एवं पुनरावलोकनमा गएका करदाताको कुल बक्यौता नदेखिने,	बक्यौता राजस्वको विवरण हस्तलिखित रुपमा तयार गर्नुपर्ने, बिना आधार लगत कट्टी हुने,
८	कर लेखापरीक्षण प्रतिवेदन, संशोधित कर निर्धारण आदेश र सूचना प्रणालीको पोर्टलमा अपलोड हुने नगरेको,	विवरणको पूर्ण अभिलेखन नहुँदा अनुगमनमा समस्या परेको,
९	करदाताको व्यावसायिक विवरण अद्यावधिक नभएको,	करदाता नन् फाइलर हुँदा बक्यौता असुल नभएको,
१०	कर परीक्षण फाइलमा राख्नुपर्ने कागजात र ऐनको दफा ८३ बमोजिम मागिएका सूचनाहरु समावेश नहुने,	अनुगमन एवं लेखापरीक्षणमा कठिनाइ हुने तथा करदाताले कागजात परिवर्तन गर्ने,

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन उल्लिखित विषयका अतिरिक्त अन्य सान्दर्भिक विषयमा सुधार हुनुपर्दछ ।

५५. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा करदाताले प्रत्येक महिना आफूले बुझाउनुपर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको २५ दिनभित्र विवरण बुझाउनुपर्ने व्यवस्था छ । विभागले पेस गरेको वार्षिक प्रतिवेदनअनुसार २०७४ असार मसान्तको मूल्य अभिवृद्धि कर कार्यान्वयनको अवस्था निम्नानुसार देखिएको छः

विवरण	२०७१/७२	२०७२/७३	२०७३/७४
क्रेडिट रकम रु (अर्बमा)	१७.७७	२६.४	२९.१६
क्रेडिट रिटर्न प्रतिशत	४४.०३	५१.११	५१.१४
डेबिट रकम रु (अर्बमा)	३.४	४४.८	४९.३२
डेबिट रिटर्न प्रतिशत	१८.९८	१३.३०	१३.२५
शून्य रिटर्न प्रतिशतमा	२५	३५.५८	३५.६१
मूल्य अभिवृद्धि कर फिर्ता रु (अर्बमा)	५.०५	४.२३	४.७६
विवरण पेस नगर्ने प्रतिशत	अप्राप्त	**३०**	**३०**

५५.१ यो वर्ष विवरण पेस गर्ने मध्ये ५१.१४ प्रतिशतले क्रेडिट (सरकारबाट लिनुपर्ने), ३५.६१ प्रतिशतले शून्य (कारोवार नगरेको) र १३.२५ प्रतिशतले मात्र डेबिट (सरकारलाई बुझाउनुपर्ने) विवरण बुझाएका छन् । विवरण पेस नगर्नेको संख्या ३० प्रतिशत रहेको छ । ठूलो संख्यामा क्रेडिट विवरण बुझाउने, शून्य विवरण बुझाउने र ननफाइलर रहेको अवस्थाले मूल्य अभिवृद्धि कर कार्यान्वयन प्रभावकारी भएको छैन ।

उपर्युक्त तथ्यहरु विश्लेषण गर्दा विवरण पेस नगर्ने करदाता बढी रहेको, डेबिट विवरण बुझाउने संख्या घट्दै गएको, क्रेडिट विवरण र शून्य विवरण बुझाउने करदाता बढ्दै गएको देखिएको छ । क्रेडिट विवरण पेस गर्नेहरुको संख्या र रकम समेत बढ्दै गई राज्यको दायित्व बढेको अवस्थालाई यकिन गर्न कर प्रशासनबाट सूक्ष्मरुपले बजार अनुगमन हुनसकेको छैन । त्यस्तै शून्य विवरण बुझाउनेको संख्या समेत बढ्दै गएको छ । दर्ता भएका करदातामध्ये करिब ३६ प्रतिशतले कारोबार नै नगरेको विवरण पेस गरेको अवस्थामा विभागबाट अनुगमन हुनुपर्दछ ।



५५.२ ठूला करदाता कार्यालय र आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं.१, २ र ३ मा मूल्य अभिवृद्धि करतर्फ ननफाइलर एक प्रतिशतभन्दा कम बनाउने र अन्य कार्यालयतर्फ ननफाइलर प्रतिशत एकल अङ्कमा सीमित गर्ने लक्ष्य लिएकोमा २०७३।७४ सम्म ठूला करदाता कार्यालयतर्फ २.२३ प्रतिशत र क्षेत्र नं.१, २ र ३ मा क्रमशः ८.०७, ९.८२ र ५.३१ प्रतिशत नन् फाइलर रहेको अवस्था छ। ननफाइलर हुने अवस्थाको पहिचान एवं सम्बन्धितलाई थप जिम्मेवार बनाई राजस्व अभिवृद्धि गर्नेतर्फ थप क्रियाशीलता अपनाउनुपर्दछ।

५६. **मूल्य अभिवृद्धि करको कार्यान्वयन** – मूल्य अभिवृद्धि कर लागू भएको २१ वर्ष पूरा भएको छ। यो ऐन प्रारम्भ हुदा करदाता शिक्षा र कर पालनाको कमीको कारणले डेबिट रिर्टन कम भएको, क्रेडिट रिटर्न बढेको, शून्य रिटर्न र नन फाईलरको समस्या देखिएको थियो। ऐनको कार्यन्वयनमा सुधार भई यसका सूचकमा पनि क्रमशः सुधार आउनुपर्नेमा तद्नुसार नभएको निम्न विवरणबाट देखियो।

(प्रतिशतमा)

आय वर्ष	अवस्था	नन फाइलर	डेबिट रिटर्न	क्रेडिट रिटर्न	सून्य रिटर्न
२०५४/२०५५ देखि २०५८/२०५९	शुरुवाती चरण	१२.४४	२४.९४	५२.३०	२२.५३
२०५९/२०६० देखि २०६४/२०६५	कार्यन्वयनको मध्य चरण	२१.००	१८.५६	४३.२४	३३.३७
२०६५/२०६६ देखि २०७३/२०७४	हालको परिपक्व चरण	३१.००	१६.१९	४९.५१	३४.३३

मूल्य अभिवृद्धि करको कार्यान्वयनमा प्रभावकारिता ल्याउन अनुगमनमा तीव्रता र समग्र राजस्व प्रशासनको सक्रियता जरुरी देखिन्छ।

मुलुकमा उपभोगको मात्रा बढिरहेको अवस्थामा आन्तरिक उपभोगमा सङ्कलन गरिएको मूल्य अभिवृद्धि कर रु.६१ अर्ब कुल गार्हस्थ्य उत्पादनको तुलनामा २.३२ प्रतिशत र भन्सार बिन्दुमा सङ्कलन भएको रु.१ खर्ब ५ अर्ब अर्थात ३.९९ प्रतिशत रहेको छ। आन्तरिक राजस्वको मुख्य आधारको रुपमा रहेको मूल्य अभिवृद्धि करको ६४ प्रतिशत आयातबाट असुल भएको छ। मूल्य अभिवृद्धि करको महत्वपूर्ण हिस्सा आयातमा निर्भर रहनु उपयुक्त होइन। आन्तरिक उपभोगमा सङ्कलन गर्ने मूल्य अभिवृद्धि करको दायरा बढाउनुपर्दछ।

५७. **मूल्य अभिवृद्धि करको अन्तर विश्लेषण** – नेपालको मूल्य अभिवृद्धि कर निश्चित सीमा, छुट र शून्य दरको व्यवस्था सहित कार्यान्वयनमा ल्याएको छ। यस्तो अवस्थामा मूल्य अभिवृद्धि करको आधार गणना गर्न, अर्थतन्त्रको कुल कारोबारबाट छुट, सीमा र शून्य दर कायम गरेका वस्तु तथा सेवाको कारोबारमा अनुमानित रकम घटाइसकेपछि हुने मूल्य अभिवृद्धि कर लगाउन योग्य खुद कारोबार रकमलाई मूल्य अभिवृद्धि करको प्रचलित दरले गुणा गरेपश्चात् प्राप्त हुने रकम नै मूल्य अभिवृद्धि कर सङ्कलन गर्न सकिने सम्भाव्य रकम हो। मूल्य अभिवृद्धि कर राजस्व सङ्कलन गर्न सकिने सम्भाव्य रकम र वास्तविक सङ्कलित मूल्य अभिवृद्धि करबीचको फरकनै मूल्य अभिवृद्धि करको अन्तर हो। उपभोग र लगानीबाट घटाएको र समायोजन गरेको देहायको तथ्याङ्कलाई आधार लिँदा करको अन्तर निम्नानुसार देखिन आएको छः

(रु.करोडमा)

आय वर्ष	कुल कारोवार (उपभोग र लगानी)	कुल कारोबारमा घटाइएको जम्मा रकम	कुल कारोबारमा जोडिएको जम्मा रकम	मूल्य अभिवृद्धि कर लाग्ने कारोबार (मु.अ. करको आधार)	सङ्कलन हुन सक्ने सम्भाव्य मूल्य अभिवृद्धि कर राजस्व	संकलित मूल्य अभिवृद्धि कर राजस्व	मूल्य अभिवृद्धि करको अन्तर
२०५४।५५	३३४१४	१६२५२	४८९६	२२०५८	२२०६	८३६	१३६९
२०५९।६०	५५५४७	२९४९०	९२५९	३५३९६	३५३२	१३४६	२१८६
२०६४।६५	९८२७४	४९४४६	१६०३१	६४८६०	८४३२	२९८२	५४५०
२०६९।७०	२१४८७३	१०३५००	३७५९९	१४८९७२	१९३६६	८३४२	११०२५
२०७०।७१	२५३९०७	१२०२९३	४६३२२	१७९९३६	२३३९२	१०१११	१३२८१
२०७१।७२	२७६६०३	१४१२४२	५७३८२	१९२७४३	२५०५७	११२५२	१३८०४
२०७२।७३	२९१९२०	१५०५६१	५०२००	१९१५५९	२४९०३	१२२४१	१२६६१
२०७३।७४	३४३७७०	१८६२४७	६७४०९	२२४९३२	२९२४१	१६०१८	१३२२३

मूल्य अभिवृद्धि कर कार्यान्वयनको शुरु वर्ष २०५४।५५ मा कर अन्तर रु.१३ अर्ब ६९ करोड रहेको र २०७३।७४ मा रु.१ खर्ब ३२ अर्ब २३ करोड देखिएको छ । कुल उपभोगको तथ्याङ्क यर्थाथपरक नभएको कारणले यो अन्तर रकम अझै बढ्ने देखिन्छ । यसरी प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर रु.१ खर्ब ३२ अर्ब २३ करोड असुलीको दायराबाट बाहिर रहेको अवस्था छ । तसर्थ मूल्य अभिवृद्धि कर अन्तरका सम्बन्धमा थप अध्ययन गरी सोलाई घटाउन नीतिगत, कानुनी एवं कार्यगत सुधार गरेर यस्तो रकम न्यूनीकरण गर्न आवश्यक कदम चाल्नु जरुरी छ ।

मूल्य अभिवृद्धि करको अन्तर अनुमान गर्न निम्न मान्यताको अनुसरण गरिएको छ ।

- **उपभोग र लगानीमा घटाएको/समायोजन गरेको रकम**
  - क. पुजीगत लगानी लगायत अन्य व्यावसायिक वस्तु तथा सेवाको खरिदमा तिरेको कर, कर नलाग्ने तलब, भत्ता तथा निवृत्तिभरण
  - ख. पानी, बिजुली मट्टीतेल तथा घर भाडा खर्च र सामाजिक सुरक्षा अनुदान तथा छात्रवृत्ति
  - ग. घर जग्गाको खरिद र कर छुट हुने सीमाभित्रका व्यावसायिक कारोबार
- **उपभोग र लगानीमा जोडिएको/समायोजन गरेको रकम**
  - क. लज, घरेलु तथा साना उद्योग र खुद्रा व्यापार क्षेत्रमा भएको स्थिर र निजी पूजी निर्माण
  - ख. पेट्रोलियम पदार्थको उपभोग, सवारीसाधनको खरिदमा भएको ६० प्रतिशत खर्च रकम
  - ग. पर्यटकको खर्च,
  - घ. निजी क्षेत्रको कुल स्थिर पुँजी निर्माण खर्चबाट संकलित अनुमानित मूल्य अभिवृद्धि कर

५८. **बीजक तथा बजार अनुगमन** – राजस्व प्रशासनले नीतिगत सुधार गरेर सैद्धान्तिक रुपमा कर सङ्कलनमा सहजता र तिव्रता देखाए तापनि व्यावहारिकरुपमा विना दर्ता कारोबार गर्ने, दर्ता हुनेले पनि बीजक जारी नगर्ने, बीजक जारी गर्नेले पनि न्यून बीजकीकरण गर्ने, समयमा विवरण नबुझाउने, बुझाउनेले पनि बढी मौज्दात, सम्पत्ति खरिद, न्यून मूल्य वृद्धि देखाई क्रेडिट विवरण जारी गर्ने, डेबिट विवरण पेस गर्नेले पनि लाग्ने कर नतिरेको अवस्थामा बजार अनुगमन, बिलिङ्ग इन्फोर्समेन्ट कार्यमा तदारुकता नआएको, न्यून बीजकीकरण जारी गर्नेको संख्या बढेको र नक्कली मूल्य अभिवृद्धि कर बीजक जारी गर्नेको पुनरावृत्ति भएका उदाहरण लेखापरीक्षणमा देखिएका छन् । बिलिङ इन्फोर्समेन्ट तथा बजार अनुगमन कार्यलाई निरन्तर एवं प्रभावकारी बनाउनु जरुरी छ ।

५९. **कर परीक्षण गुणस्तर** – पूर्ण कर परीक्षणतर्फ ४ हजार ३९० लक्ष्य रहेकोमा ४ हजार ९४८ सम्पन्न भएको रु.९ अर्ब ३५ करोड नोक्सानी घटाउने लक्ष्य रहेकोमा रु.१९ अर्ब २५ करोड नोक्सानी घटाउने कार्य भएको, रु.६ अर्ब ९० करोड आयकर निर्धारण गर्ने लक्ष्य भएकोमा एक टेलिकम्युकेसन कम्पनीको पुँजीगत लाभकर रु.६० अर्ब ७२ करोड निर्धारणका कारणले रु.६८ अर्ब ७२ करोड आयकर निर्धारण भएको, मूल्य अभिवृद्धि करतर्फ रु.१ अर्ब ५६ करोड निर्धारण गर्ने लक्ष्य लिएकोमा रु.१ अर्ब २९ करोड निर्धारण भई ८३ प्रतिशत लक्ष्य हासिल भएको प्रगति प्रतिवेदन प्राप्त भएको छ । यो वर्ष रु २ खर्ब ५८ अर्ब राजस्व असुल गर्न रु.१ अर्ब ५२ करोड खर्च हुँदा सङ्कलन लागत प्रति हजार रु.५.८८ रहेको छ ।

कर परीक्षण तथा अनुसन्धान निर्देशिका दिग्दर्शन परिमार्जन गर्ने कार्य भए तापनि आन्तरिक राजस्व प्रशासनले कर परीक्षणबाट थप गरेको कर रु.२ अर्ब ४२ करोडलाई स्वयम् कर निर्धारण गरेको कर रु.२ खर्ब ३६ अर्बसँग तुलना गर्दा १.०२ प्रतिशत योगदान पुगेको छ । त्यसमा पनि बक्यौता र पुनरावेदनमा भएको वृद्धि लगायतका कारणले कर परीक्षण तथा कर निर्धारणमा गुणात्मक वृद्धि हुनसकेको छैन । अर्कोतर्फ ४ वर्षको सीमान्त अवधिमा कर निर्धारण भएको र केही करदाताको ४ वर्षे अवधि नाघेको कारणले कर निर्धारणको लागि म्याद समाप्त हुने अवस्था आउने गरेको छ । यी समग्र तथ्याङ्कले राजस्व प्रशासनमा सुधार गर्न जरुरी देखिएको छ ।

६०. **मिसम्याचको अवस्था** – करदाताहरुको खरिद बिक्री, साहू आसामीका विवरण एक आपसमा भिडान हुनुपर्दछ । यी तथ्याङ्क भिडान गर्नको लागि आन्तरिक राजस्व विभागले सञ्चालनमा ल्याएको सफ्टवेयरबाट अनुसूची १३ मा अपलोड गर्नुपर्ने व्यवस्था गरेको छ । करदाताहरुले उपर्युक्त अनुसार खरिद, बिक्री, साहु, असामीको यथार्थ विवरण अपलोड नगरेको कारण यो वर्ष विभाग मातहतका कार्यालयबाट विभिन्न करदाताको रकम मिसम्याच देखिएको छ । राजस्व प्रशासनले कर परीक्षण गर्दा यसरी मिसम्याच देखाएको रकमको यथार्थता सम्बन्धमा लेखी पठाएको उल्लेख गरे पनि मिसम्याच कारोबारको परीक्षण गरी छुट भएको राजस्व असुल हुनसकेको छैन ।

६१. **कर परीक्षणको लागि छनौट** – आन्तरिक राजस्व विभागले जोखिम सूचकको आधारमा करदाता छनौट गर्दा अपनाउने विधिले सबै करदातालाई एउटै जोखिम इन्जिनको दायरामा राखेको छ । क्षेत्रगत करदातालाई

उपयुक्त हुने विधि प्रयोग नहुँदा कुनै करदाता प्रत्येक वर्ष छनौटमा पर्ने र कुनै करदाता उक्त विधिले छनौट बाहिर राख्ने स्थिति छ । जोखिमको मूल्याङ्कन गर्न आन्तरिक राजस्व विभागको सफ्टवेयरमा प्रविष्ट गरेको तथ्याङ्कलाई आधार लिए पनि करदाताले सही तथ्याङ्क प्रविष्ट नगर्ने, कतिपयले तथ्याङ्क नै नभर्ने कारणले कहिल्यै छनौट नहुने अवस्था छ । अतः उक्त विधि तथा सूचकहरुमा समसामयिक रुपमा पुनरावलोकन हुनुपर्दछ ।

६२. **कर परीक्षण पुनरावलोकन** – कर परीक्षण प्रभावकारी बनाउन कर परीक्षण कार्यको आन्तरिक पुनरावलोकन गर्ने गरी विभागले आन्तरिक नियन्त्रणको विधि र कर परीक्षण पुनरावलोकन शाखाको संरचना समेत तय गरेको छ । यो वर्ष विभागअन्तर्गतका निकायबाट ४ हजार ९४८ करदाताको कर लेखापरीक्षण भएकोमा ३४ करदाताको मात्र फाइल कर परीक्षण पुनरावलोकन भएको छ । गत वर्ष यस्तो संख्या २१ देखिएकोले पुनरावलोकन कार्य ज्यादै न्यून रहेबाट आन्तरिक नियन्त्रणको कार्यान्वयन पक्ष कमजोर देखिएको छ । कार्यरत जनशक्तिको कार्यक्षमता मूल्याङ्कन गर्न समेत कर परीक्षण पुनरावलोकनले सहयोग पुऱ्याउनेतर्फ विचार गरी यसको दायरा विस्तार गर्नुपर्ने देखिन्छ ।

६३. **प्रशासकीय पुनरावलोकन** – आयकर ऐन, २०५८ को दफा ११४ र ११५ मा मातहतबाट भएको कर निर्धारणमा करदाताले चित्त नबुझाई पेस गरेको निवेदन उपर महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकन गर्नसक्ने व्यवस्था छ । प्रशासकीय पुनरावलोकनका लागि गत वर्षसम्म निवेदन दिएका ७५५ करदाताको निवेदन कारबाही हुन बाँकी रहेकोमा यो वर्ष ४८८ करदाताको निवेदन थप भएको छ । विभागले पेस गरेको विवरणअनुसार लगत कट्टा भै अझै १ हजार ३० करदाताको निवेदन माथि कारबाही हुन बाँकी देखिन्छ । ऐनको व्यवस्थानुसार निवेदन परेको ६० दिनभित्र कारबाही गरी निर्णय हुनुपर्नेमा २०६९।७० को ९, २०७०।७१ को १३१, २०७१।७२ को १९२, २०७२।७३ को २९२ र २०७३।७४ को ४०६ निवेदनउपर टुङ्गो लागेको छैन । समयमा विवादित विषयमा टुङ्गो नलाग्दा प्राप्त हुनुपर्ने राजस्व प्राप्त हुन सकेको छैन ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः राजस्व प्रक्षेपण, कर कानून परिपालना, नन फाईलर अवस्था, कर निर्धारण, आन्तरिक नियन्त्रण प्रणाली, बजार अनुगमन, मूल्य अभिवृद्धि करको अन्तर, कर परीक्षण गुणस्तर, कर परीक्षणको छनौट विधी, सूचना प्रणाली, राजस्व बक्यौता, दूरसञ्चार सेवा दस्तुर, जग्गा खरिद बिक्री व्यवसाय कर छुट, ऐनमा भएको दोहोरो व्यवस्था, चिकित्सकको पारिश्रमिकमा खर्च, धितोपत्र कमिशन, मर्चेन्ट बैङ्क, भिसा प्रोसेसिङ, ट्रेकिङ व्यवसाय, क्याफ्टेरिया, कार्ड कारोबार आदिमा मूल्य अभिवृद्धि कर असुली, साझेदारी फर्मको लाभांशमा कर, हवाई सेवा कर असुल, फरक वित्तीय विवरण उपर अनुगमन, शेयरको निसर्गमा पुँजीगत लाभकर, ऋण पुँजी अनुपात मापदण्ड, नियन्त्रणमा परिवर्तन हुँदा नोक्सानी कट्टी, आय तथा खर्चको खण्डीकरण, मूल्य अभिवृद्धि करको शंकास्पद कारोबार, सम्बद्ध पक्षलाई बीमा भुक्तानी, संरचना निर्माणमा मूल्य अभिवृद्धि कर समानुपातिक कट्टी, नपाउने क्रेडिट दिएको, चिनी उद्योगलाई दिएको रकम फिर्ता, कपडाको दोहोरो मूल्य अभिवृद्धि कर, नपाउने मूल्य अभिवृद्धि कर फिर्ता, सिमेन्टको उत्पादनशीलता, प्याकिङ्ग मेटेरियलमा तिरेको अन्तःशुल्क दाबी, स्वास्थ्य तथा शिक्षा सेवा कर, उत्पादन परिमाण क्षति दाबी लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

प्रशासकीय पुनरावलोकनबाट टुङ्गो लागेको १६० करदातामध्ये १०८ करदाताको कर निर्धारण सदर गरे पनि ५२ करदाताको कर निर्धारण बदर गरेको देखियो । टुङ्गो लागेका केही बिषयमा समेत कर निर्धारण र प्रशासकीय पुनरावलोकनको निर्णयमा तादम्यता मिलेको छैन । कर अधिकृतले गर्ने कर निर्धारण एवं प्रशासकीय पुनरावलोकनबाट हुने निर्णय वस्तुनिष्ठ आधारमा गर्नु पर्दछ ।

६४. **अनुसन्धान** – आन्तरिक तथा बाह्य सूचनाहरुको विश्लेषण गर्न अनुसन्धान तथा विकास शाखाको संरचना स्थापना गरी प्रारम्भिकतर्फ १ हजार २००, विस्तृततर्फ ९९४ र कम्प्युटर सूचनामा आधारिततर्फ ४३ समेत २,२३७ अनुसन्धानबाट रु.२ अर्ब ७ करोड ८३ लाख कर निर्धारण भएको देखिन्छ । तथापि विभागमा रहेको अनुसन्धान शाखाले कर प्रणाली, कर चुहावटका क्षेत्र सम्बन्धमा मातहतका कार्यालयले गरेको अनुसन्धान कार्यको अनुगमन गरेको छैन । त्यसैगरी २०६९।७० मा अनुसनधान शुरु भएका ५१८ करदाताको मूल्य अभिवृद्धि कर छली सम्बन्धी कार्यको अनुसन्धान सम्पन्न गरी रु.८ अर्ब ९ करोड १५ लाख कर निर्धारण भएको विवरण प्राप्त भए तापनि उक्त कर निर्धारण उपर करदाताहरु पुनरावेदनमा गई विभिन्न तहमा

विचाराधीन रहेकोले यो वर्षसम्म टुङ्गो लागेको छैन । हालका वर्षमा पनि सोही विषयको पुनरावृत्ति भएको लेखापरीक्षणबाट देखिएकोले राजस्वको जोखिमलाई कम गर्न अनुसन्धानमूलक पद्धतिलाई बढावा दिनुपर्दछ ।

६५. **सूचना प्रविधि** – सूचना प्रविधिमा समसामयिक सुधार गरी राजस्व व्यवस्थापनका जोखिम न्यून गर्न सूचना प्रविधि प्रणालीको सिष्टम अडिट सम्पन्न गराएकोमा प्रतिवेदनमा उल्लेख भएका पुराना सर्भर प्रतिस्थापन गर्नुपर्ने, सूचना प्रविधि नीति बनाउनुपर्ने, बाह्य विशेषज्ञको संलग्नतालाई कम गर्न विभागले आफ्नै जनशक्ति विकास गर्नुपर्ने लगायतका सुझाव कार्यान्वयन हुन सकेको देखिएन । त्यस्तै करदाताहरुलाई क्षेत्रगत रुपमा विभाजन गरी एकै प्रकृतिका करदाताको प्रत्यक्ष खर्च, कुल नाफा, अप्रत्यक्ष खर्च, खुद नाफा आदि विषय तुलनात्मक अध्ययन गर्न सकिने गरी तथ्याङ्क एवं सूचना प्रणालीको विकास भएको पाइएन ।

६६. **अन्तःशुल्क व्यवस्थापन** – राजस्व चुहावट नियन्त्रण गर्न अन्तःशुल्क व्यवस्थापनमा स्वचालित प्रणाली विकास गर्ने र मदिराको बिक्री वितरण र नियमनलाई प्रभावकारी बनाउने नीति छ । यस सम्बन्धमा देहाय अनुसारको स्थिति देखिएको छः

६६.१ मदिरा, सुर्तीजन्य पदार्थ र अन्य उपभोग्य सामग्री एकै स्थानबाट बिक्री वितरण गर्न नपाइने व्यवस्था कडाईका साथ लागू गरी निरन्तर अनुगमनको व्यवस्था मिलाउनुपर्दछ ।

६६.२ सूर्ती तथा सूर्तीजन्य पदार्थमा लाग्ने अन्तःशुल्क थोक बिक्री मूल्यको दुई तिहाई भन्दा बढी प्रतिशत हुनुपर्ने विश्व स्वास्थ्य संगठनको मापदण्डमा उल्लेख छ । मानव जीवनको स्वास्थ्यमा प्रत्यक्ष असर पार्ने हुँदा सूर्तीजन्य पदार्थमा हालको अन्तःशुल्क दर मापदण्डभन्दा न्यून रहेकोले सोहीअनुसार अन्तःशुल्क दरमा पुनरावलोकन हुनुपर्दछ ।

६६.३ आन्तरिक राजस्व कार्यालय, भरतपुरको कार्यक्षेत्रअन्तर्गत रहेका २ बियर उद्योगमा क्रमशः २०६५।९।५ र २०६५।१०।२८ मा बियर प्रवाह मापन यन्त्र (फ्लोमिटर) जडान गरेकोमा उक्त फ्लोमिटर सञ्चालनमा आउन सकेको देखिएन । फ्लोमिटर बिग्रिएका कारण उत्पादन तथा निष्कासनमा भौतिक नियन्त्रण प्रणाली लागू भए तापनि ठूलो परिमाणमा उत्पादन तथा निष्कासन गर्ने उद्योगमा कार्यालयले खटाएको १ सहायकस्तरको कर्मचारीले मात्र पूर्ण रुपमा रेखदेख र सुपरिवेक्षण गर्न सक्ने अवस्था रहँदैन । राजस्व प्रशासनलाई प्रविधिमैत्री बनाई चुहावट नियन्त्रण गर्नका लागि बियर उद्योगमा जडान गरिएको फ्लोमिटर सञ्चालनमा ल्याउनु आवश्यक देखिन्छ ।

६७. **बक्यौता असुली** - आयकर ऐन, २०५८ को दफा १०९ मा कर बक्यौता राख्ने व्यक्तिलाई, रकम बुझाउनुपर्ने व्यक्तिलाई रकम दाखिला गर्न आदेश दिई असुल गर्न सक्ने व्यवस्था छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ र अन्तःशुल्क ऐन, २०५८ को दफा १०(ज) मा अन्तः शुल्क असुल गर्ने तरिका उल्लेख गरेको छ । आन्तरिक राजस्व विभागको अभिलेखअनुसार गत वर्षको बक्यौता रु.११ अर्ब ६९ करोड १८ लाखमध्ये यो वर्ष लगत कट्टा रु.५१ करोड ८८ लाख र असुली भएको रु.१ अर्ब ६ करोड ४४ लाख मिलान गर्दा रु.१० अर्ब १० करोड ८६ लाख रहेकोमा २०७२।७३ थप भएको रु.६९ अर्ब २९ करोड ७० लाख समेत कुल बक्यौता रु.७९ अर्ब ४० करोड ५६ लाख बाँकी रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः

६७.१ ठूला करदाता कार्यालयको क्षेत्राधिकारका एक दूरसञ्चार कम्पनीको बक्यौता रु.६० अर्ब ७१ करोड रहेको छ । सो कम्पनीले नेपालमा व्यावसायिक कारोबारको स्वामित्व बिक्री गरी विदेश गइसकेकोमा बक्यौता असुल भएको छैन ।

६७.२ गत वर्षको प्रतिवेदनमा रु.२८ अर्ब २९ करोड घटी जिम्मेवारी सारेको उल्लेख भएकोमा यो वर्ष बक्यौता भिडान गरेको विवरण पेस गरेको छैन ।

६७.३ कार्यालयगत बक्यौता अभिलेख र आर्थिक विवरणबमोजिम असुलीको अवस्था न्यून रहेको छ । असुलीको अवस्था परीक्षण गर्दा ठूला करदाता कार्यालयको बक्यौता रु.६६ अर्ब ९५ करोड ७ लाखमा यो वर्ष रु.२ करोड ४८ लाख अर्थात ०.०४ प्रतिशत असुल भएको छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ को रु.२ अर्ब ११ करोड ८ लाखमा रु.१ करोड ७३ लाख असुल भई ०.८२ प्रतिशत प्रगति देखिएको छ । करदाता सेवा कार्यालय टंगाल र कोटेश्वरको बक्यौता क्रमशः रु.१९ करोड ८१ लाख र रु.९ करोड ९२ लाख रहेकोमा यो वर्ष असुली भएको छैन । आन्तरिक राजस्वका अन्य अभिलेख सफ्टवेयरमा आधारित भएकोमा

बक्यौता असुलीलाई सफ्टवेयरमा आबद्ध गराएको छैन । बक्यौतालाई सिस्टममा राखी स्वचालितरुपमा आर्थिक विवरणमा ल्याउनुपर्दछ ।

६७.४ विभाग र मातहतका कार्यालयले करदाताको कारोबार एवं चल अचल सम्पत्ति रोक्का गरेर वक्यौता असुल गर्न सकिने कानुनी व्यवस्था रहे तापनि उक्त व्यवस्थाको कार्यान्वयन नहुँदा असुली प्रगति सन्तोषजनक देखिँदैन । आन्तरिक राजस्व कार्यालयहरुले करदातालाई पत्राचार गरेको भएपनि नतिजा देखिने गरी बक्यौता असुली भएको छैन । करदाताले कर नतिरी अटेर गरेर बस्ने र कर फछर्यौट आयोग गठन गरी फछर्यौट गर्ने प्रवृत्तिले गर्दा समेत वक्यौता असुली कार्य प्रभावकारी हुन सकेको छैन । आयकर तथा मूल्य अभिवृद्धि कर कानुनको व्यवस्था अनुसार करदाताले दाखिला गर्नुपर्ने कर तोकिएको अवधिभित्र दाखिला नगरेमा बक्यौता असुल गर्न करदाताहरुको खोजतलास गरी टुङ्गो लगाउने, बैङ्क खाता, अन्य सम्पत्ति र राहदानी तथा कारोबार रोक्का गर्ने जस्ता कारबाही गर्नसक्ने कानुनी व्यवस्थाको पालना गर्ने एवं कर फछर्यौट आयोग गठन गर्ने प्रावधानको पुनरावलोकन गरी वक्यौता असुलीलाई प्रभावकारी बनाउनुपर्दछ ।

करको दायरा विस्तार

६८. **करको दायरा** - आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय आर्जन गर्न चाहने वा त्यस्तो आय आर्जन गर्नु वा कर कट्टी गर्नु अगावै स्थायी लेखा नम्बर लिई आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानसार छन्:

६८.१ ऐनको दफा ११(१) मा कृषिजन्य व्यवसायबाट प्राप्त आयमा कर छुट हुने उल्लेख छ । हाल कृषिजन्य वस्तु आयात र स्थानीय खरिदसमेत गरी उपभोक्तासम्म पुऱ्याउन मध्यस्तकर्ताको रुपमा धेरै व्यक्ति संलग्न रहेको, मूल्यवान जडिबुटी तथा रुद्राक्ष लगातयका कृषिजन्य वस्तुमा मूल्य वृद्धि गरी व्यापारिक आम्दानी गरेको अवस्था छ । आर्थिक सर्वेक्षण २०७३।७४ मा कृषिजन्य वस्तु रु.८६ अर्बभन्दा बढीको आयात भएको देखिन्छ । कृषकले उत्पादन गरेको कृषिजन्य वस्तुहरु उपभोग पछि बचत भएको परिमाण स्थानीय बजारमा बिक्री गर्दा प्राप्त आम्दानीमा मात्र कर छुट भएकोले आयात र स्थानीय कृषकसँग खरिद गरी उपभोक्तासम्म पुऱ्याउने व्यापारीले समेत छुट लिएको सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ ।

६८.२ ऐनको दफा ९७(२) मा रु.४० लाखभन्दा बढी आय हुने व्यक्तिले दफा ९६ बमोजिम आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । तर पुँजी बजारमा सुचीकृत कम्पनीहरुको शेयर कारोबार गर्ने, जग्गा व्यवसायी लगायतका व्यक्तिले भर्ने आय विवरणको ढाँचा डे.४ स्वीकृत भै कार्यान्वयनमा आएको छ । तर प्राकृतिक व्यक्तिको रुपमा विभिन्न कम्पनीमा करोडौं लगानी गर्ने व्यक्तिहरु करको दायरामा रहेर पनि कर विवरण बुझाएका छैनन् । यस सम्बन्धमा आन्तरिक राजस्व विभागले अनुगमन गरेको छैन । लेखापरीक्षणबाट सङ्कलन गरिएको तथ्याङ्कअनुसार २०७२।७३ मा ७ वित्तीय संस्थामा रु.१ करोडभन्दा बढी हकप्रद शेयरमा ५६ व्यक्तिले रु.१ अर्ब ४७ करोड ५३ लाख लगानी गरेको देखिएको छ । यी व्यक्तिहरुलाई आफ्नो कारोबार गर्न स्थायी लेखा नम्बर अनिवार्य गरी करको दायरामा ल्याउनुपर्दछ ।

६८.३ प्राकृतिक व्यक्तिले घर जग्गा निसर्ग गर्दा स्वामित्व रहेको अवधिको आधारमा पुँजीगत लाभकर असुल गर्ने व्यवस्था छ । मुलुकको विभिन्न क्षेत्रमा घरजग्गा खरिद बिक्री कारोबार बढ्दै गएको र यस्तो व्यावसायिक खरिद बिक्रीमा संलग्न हुनेले पनि पुँजीगत लाभकर मात्र दाखिला गरेको देखिँदा व्यावसायिक स्थायी लेखा नम्बर दिलाई व्यावसायिक आम्दानी सरह कर असुल गर्नुपर्दछ ।

६८.४ जग्गा, घरजग्गा तथा मोटर खरिद गर्दा आयस्रोत खुलाउनुपर्ने निर्देशिका, २०६५, ले रु.२० लाखभन्दा बढीको मोटर र रु.५० लाखभन्दा बढीको घरजग्गा खरिद गर्दा रकमको स्रोत खुलाउनुपर्ने व्यवस्था गरेको थियो । सो व्यवस्था संशोधन भई हाल रु.१ करोडभन्दा बढीको घरजग्गा वा मोटर खरिद गर्दा स्रोत खुलाउनुपर्ने व्यवस्था छ । लेखापरीक्षणको छनौटमा परेका ठूला करदाता कार्यालयका क्षेत्राधिकारका करदातासँग खरिद कारोबार गर्ने १२४ व्यक्तिले २०७२।७३ मा रु.२ अर्ब ७३ करोडको सवारीसाधन तथा घरजग्गा खरिद कारोबार गर्दा पनि करको दायरामा नआएकोले सो सम्बन्धमा छानबिन गरी दायरामा ल्याउनुपर्दछ ।

६८.५ ऐनको दफा ९६ अनुसार प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र कारोबारको स्वयंकर निर्धारण गरी आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयको क्षेत्राधिकारका १५ करदाताले

बोनस व्यवस्था गरेको रकममध्ये वितरण गरेर बाँकी रहेको रकममा ७० प्रतिशत प्रतिष्ठान स्तरको कल्याणकारी कोषमा रु.१ अर्ब २९ करोड पठाएको छ । तर ती कोषहरुले स्थायी लेखा नम्बर नलिएको र आय विवरण पनि दाखिला नगरेकोले करको दायरामा ल्याई कर निर्धारण गर्नुपर्दछ ।

६८.६ व्यावसायिक कारोबार पारदर्शी तथा सूचनामूलक बनाउन कलाकार, स्वास्थ्यकर्मी, कानुन तथा लेखा व्यवसायी जस्ता पेसाकर्मीलाई स्थायी लेखा नम्बर लिन लगाई करको दायरामा ल्याउने कार्य पूर्णरुपमा हुन सकेको छैन । यस्ता व्यवसायी तथा पेसाकर्मीहरुले व्यवसाय एवं पेसागत प्रमाणपत्र नवीकरण गर्दा अनिवार्यरुपमा स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्र पेस गर्ने व्यवस्था लागू गर्नुपर्दछ ।

६८.७ निजी, व्यावसायिक भवन, सडक, पुललगायतका संरचनाको निर्माणमा औद्योगिक सामग्रीका साथै प्राकृतिक स्रोत जस्तै ढुङ्गा, बालुवा, गिट्टी, काठ, वन पैदावरको उल्लेख्य रुपमा प्रयोग हुने गरेको छ । यी सामग्रीको व्यावसायिक ढुवानीलाई करको दायरामा ल्याउन सकेको छैन ।

६८.८ उपत्यका लगायत अन्य शहरी क्षेत्रमा घर बहालमा लगाई आय आर्जन गर्नेले घरबहाल आय नै नदेखाउने, देखाउनेले पनि न्यून देखाउने अवस्था रहेकोले स्थानीय तह समेतको समन्वयमा व्यावसायिक र आवास क्षेत्रको अध्ययन गरी वास्तविक घर बहाल घोषणाको लागि मापदण्ड तयार गर्नुपर्दछ । घर निर्माण स्वीकृति र सम्पन्न अवस्थाको तथ्याङ्क सफ्टवेयरमा अपलोड गरी सङ्कलन हुने घर बहाल कर राजस्वमा समेत स्वचालितरुपमा अन्तर आबद्ध हुने व्यवस्था मिलाउनुपर्दछ ।

६९. **दूरसञ्चार सेवा दस्तुर** - आर्थिक ऐन, २०७३ को दफा १५ अनुसार इन्टरनेट टेलिफोन सेवा (भी.ओ.आई.पी) बाहेकको इन्टरनेट सेवामा दूरसञ्चार सेवा दस्तुर नलाग्ने व्यवस्था छ । उक्त व्यवस्थाअनुसार इन्टरनेट टेलिफोन सेवामा दूरसञ्चार सेवा दस्तुर ११ प्रतिशत लाग्ने र सो रकम दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले सङ्कलन गरी बुझाउनुपर्दछ । नेपालमा दूरसञ्चार सेवा प्रदायक तथा इन्टरनेट सेवा प्रदायक दुवैले इन्टरनेट सेवा उपलब्ध गराउँदै आएका छन् । इन्टरनेट सेवा उपलब्ध गराएबापत प्राप्त गर्ने रकममा दूरसञ्चार सेवा दस्तुर लिने गरेको छैन । वर्तमान अवस्थामा दूरसञ्चार वा इन्टरनेट सेवा प्रदायकले प्रदान गर्ने इन्टरनेट सेवाको अधिकांश हिस्सा भाइवर, मेसेन्जर्स, स्काइप, ह्वाट्स एप, वीच्याट, इमो मार्फत इन्टरनेट टेलिफोन सेवामा प्रयोग भए पनि सो बापत कानुनबमोजिम दूरसञ्चार सेवा दस्तुर असुल भएको छैन ।

इन्टरनेटलाई माध्यम बनाएर मोबाइलबाट मोबाइल, ल्यापटपबाट मोबाइल, ल्यापटपबाट डेस्कटपमा आवाज, भिडीयो सञ्चार हुने सबै प्रविधिलाई इन्टरनेट टेलिफोन सेवा अर्थात भ्वाइस ओभर इन्टरनेट प्रोटोकल (भिओआइपी) हुने भएकोले देहायका दूरसञ्चार र इन्टरनेट सेवा प्रदायकले प्राप्त गरेको दूरसञ्चार र इन्टरनेट सेवा शुल्क रु.१३ अर्ब ८० करोड ५ लाखमा दूरसञ्चार सेवा दस्तुर रु.१ अर्ब ५१ करोड ८० लाख र सोमा लाग्ने मूल्य अभिवृद्धि कर रु.१९ करोड ७४ लाख समेत रु.१ अर्ब ७१ करोड ५४ लाख छुटेको देखिन्छ ।

(रु.लाखमा)

दूरसञ्चार सेवा प्रदायक	इन्टरनेट सेवा शुल्क आय	लाग्ने दूरसञ्चार सेवा दस्तुर	मू.अ.कर	असुल हुनुपर्ने रकम
एक प्रा.लि.	८०३५७	८८४०	११४९	९९८९
एक कम्पनी प्रा.लि.	३६०९२	३९७०	५१६	४४८६
एक टेलिकम प्रा.लि.	६३८	७०	९	७९
एक प्रा.लि.	२०३	२२	३	२५
इन्टरनेट सेवा प्रदायक				
एक कम्युनिकेसन प्रा.लि.	१७१७४	१८८९	२४६	२१३५
एक नेट वर्क	७९९	८८	१२	१००
एक कम्युनिकेसन	१९०३	२०९	२७	२३६
एक लिंक्स नेटवर्क	८३९	९२	१२	१०४
जम्मा	**१३८००५**	**१५१८०**	**१९७४**	**१७१५४**

विगतमा इन्टरनेटको प्रयोग सीमितरुपमा शैक्षिक एवं सूचना आदान प्रदान गर्ने प्रयोजनमा हुँदा इन्टरनेटमा दूरसञ्चार सेवा दस्तुर नलाग्ने व्यवस्था गरेको थियो । हाल इन्टरनेटबाट टेलिफोन सेवा, तस्विर, भिडियो, टेलिभिजन सम्प्रेषण गर्ने प्रविधिको शुरुवात भैसकेको र बढी हिस्सा टेलिफोन लगायत मनोरञ्जनात्मक प्रयोजनमा उपयोग भएको देखिएकोले सो इन्टरनेट सेवामा दूरसञ्चार सेवा दस्तुर नलिने व्यवस्था उपर पुनरावलोकन गर्नुपर्दछ ।

७०. **कराधार क्षेत्र** - आयकर ऐन, २०५८ को दफा ६७(६) को (ज) अनुसार रेडियो अप्टिकल्स फाईवर्स वा भू-उपग्रह जस्ता सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने व्यवसाय सञ्चालन गर्ने व्यक्तिले नेपालमा उत्पति भएको जे भए पनि नेपालमा स्थापित संयन्त्रबाट खबर वा सूचना सम्प्रेषण सम्बन्धमा सो व्यक्तिले प्राप्त गरेको भुक्तानी नेपालमा स्रोत भएको मानिने व्यवस्था छ । सोही ऐनको दफा ६७ (६) ढ (२) मा नेपालमा सञ्चालित क्रियाकलापको स्रोत नेपालमा हुने व्यवस्था छ । इन्टरनेट सेवामार्फत इन्टरनेट टेलिफोन सेवा प्रदान गर्ने भाइवर, मेसेन्जर्स, स्काइप, ह्वाटस् एप, वीच्याट, इमो जस्ता एप्लिकेसनहरु नेपालमा निर्वाध रुपमा सञ्चालन भैरहेका छन् । ती एप्लिकेसनहरु आयकर ऐनको दफा ६७ बमोजिम नेपालको कराधार क्षेत्र भित्र पर्ने भएकोले सेवा प्रदान गर्नु पूर्व दर्ता भई आयकर तिर्नुपर्नेमा त्यसप्रकारका एप्लिकेसनमार्फत सेवा प्रदायक कुनैपनि संस्था दर्ता भएको पाइएन । ती एप्लिकेसनले ओभर दि टप अफ सर्भिसेजको माध्यमले सेवा दिएकोले टेलिफोन सेवाको महत्वपूर्ण हिस्सा यी एप्लिकेसनमार्फत सञ्चालन भैरहेको र टेलिफोन सेवा प्रदायकको टेलिफोन सेवाबापत प्राप्त हुने आयमा ती एप्लिकेसन प्रयोगको कारण ह्रास आएको तर ती एप्लिकेसनमार्फत सेवा प्रदान गर्ने निकाय दर्ता नभएका कारण ठूलो राजस्व गुमेको अवस्था छ । सरकारले ई कमर्शसम्बन्धी कानुन समेत तयार गरेको छैन । तसर्थ कानुनी तथा नीतिगत सुधार गरेर यी सेवा प्रदायकलाई दर्ता गराई राजस्व असुल गर्ने व्यवस्था गर्नुपर्दछ ।

७१. **नेपाल आयल निगमको जग्गा खरिदमा कर छुट** - आयकर निर्देशिकाले सम्पत्तिको अवस्था र आयकर प्रयोजनको लागि दफा २ (क ञ) को परिभाषा अनुसार व्यापारिक मौज्दातको निसर्ग गर्दा प्राप्त रकमलाई ऐनको दफा ७ (२) (ख) अनुसार आयमा समावेश गर्नुपर्ने र दफा १५ अनुसार वास्तविक लागत खर्च कट्टा गर्न पाउने व्यवस्था गरेको छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

७१.१ नेपाल आयल निगमले झापाको मेची नगर, सर्लाहीको हरीपुर, चितवनको लोथर र रुपन्देहीको वसन्तपुरमा डिपो निर्माण गर्ने प्रयोजनका लागि जग्गा बिक्री गर्न ईच्छुक जग्गा धनी, व्यक्ति, जग्गा खरिद बिक्री गर्ने रजिष्टर्ड कम्पनी वा संस्थाबाट खरिद गर्न बोलपत्र आव्हान गरेको थियो । उक्त सूचनाअनुसार जग्गा उपलब्ध गराउने व्यक्तिले उक्त जग्गा आफूले स्वामित्व ग्रहण नगरिकन जग्गाधनीमार्फत सीधै नेपाल आयल निगमलाई रजिष्ट्रेशन पास गराई गैरव्यावसायिक कर योग्य सम्पत्ति बिक्री गर्दा रु.३० लाखभन्दा बढीमा पुँजीगत लाभ कर भुक्तानी गरेको र यस्तो कर अन्तिम हुने व्यवहार गरेको छ । नेपाल आयल निगमलाई जग्गा उपलब्ध गराउन प्रतिस्पर्धा गरी बोलपत्र प्राप्त गर्ने व्यक्तिले खरिद गरे सरह व्यवहार गरी नेपाल आयल निगमलाई जग्गा रजिष्ट्रेसन पास गराइदिने र भुक्तानी आफूले प्राप्त गर्ने व्यवस्था गरेको देखिँदा उक्त सम्पत्ति व्यापारिक मौज्दातको निसर्ग भएकोले प्राकृतिक व्यक्तिलाई अनुसूची १ अनुसार कर लाग्ने र मालपोत कार्यालयमा दाखिला गरेको पुँजीगत लाभकर घटाई बाँकी कर असुल गर्नुपर्दछ ।

७१.२ नेपाल आयल निगमबाट प्राप्त कागजात अनुसार निगमले सम्बन्धित जग्गा धनीबाट जग्गा खरिद गरेको नभई जग्गा मिलाई दिने जग्गा व्यवसायीबाट खरिद गरेको र सो बापतको भुक्तानी समेत निजहरुलाई नै गरेको अवस्थामा उक्त कारोबार व्यावसायिक कारोबार हो । निजहरुले जग्गाधनीबाट उल्लिखित जग्गा नेपाल आयल निगमलाई उपलब्ध गराउने र निगमले निजलाई तोकिएको रकम भुक्तानी गर्ने गरी सम्झौता भएकोले विभिन्न जग्गाधनीबाट सोझै नेपाल आयल निगमको नाममा जग्गा उपलब्ध गराउने वा आफूले खरिद गरी उपलब्ध गराउने वा अन्य जुनसुकै विधिबाट उपलब्ध गराएपनि प्रतिस्पर्धी व्यवसायी मध्येबाट छनौट भै ठेक्का प्राप्त गरेको, भुक्तानी निज व्यवसायीले नै प्राप्त गरेको आधारमा उक्त कारोबार व्यावसायिक रहेको र नाफा कमाउने स्पष्ट मनसायका साथ कार्य गरेको हुनाले सो खरिद बिक्री कारोबारबाट प्राप्त रकमलाई आयकर ऐनको दफा ७ अनुसार आयमा समावेश गरी अनुसूची १ अनुसार प्राकृतिक व्यक्तिको हिसाबले कर लाग्ने देखिन्छ ।

७१.३ आयकर ऐन, २०५८ को दफा ३५ मा विभागले कर दायित्व यकिन गर्ने प्रयोजनको लागि कर मुक्तिको योजनाको भागको रुपमा गरिएको वा गर्न खोजिएको कुनै प्रबन्ध वा सोको भागलाई पुनः चारित्रीकरण गर्न,

कुनै प्रबन्ध वा प्रबन्धको भागलाई वेवास्ता गर्न वा सारभूत तत्व नदेखाउने कुनै प्रबन्ध वा प्रबन्धको भागलाई पुनः चारित्रीकरण गर्न सक्दछ । कर मुक्तिको प्रबन्ध भन्नाले कर दायित्वबाट मुक्ति पाउने वा कर दायित्वमा कमी ल्याउने मुख्य उद्देश्य भएको कुनै प्रबन्ध सम्झनु पर्दछ । नेपाल आयल निगमको जग्गा खरिद कार्यको अध्ययन गर्दा करदाताहरुले आफ्नो नाममा जग्गा खरिद गरी नेपाल आयल निगमलाई बेचेको नदेखाउने र सिधै किसानबाट बिक्री गरेको देखाउने कार्य कर दायित्व न्यूनीकरण गर्न गरिएको प्रबन्ध हो ।

निज जग्गा व्यवसायीहरुले स्थायी लेखा नम्बर नलिएको, आय विवरण पेस नगरेको र भुक्तानीमा अग्रिम कर कट्टी गरेको समेत देखिएन । यी समस्त घटनाले कर मुक्तिको प्रबन्ध गरेको देखिन्छ । करदाताले नेपाल आयल निगमबाट प्राप्त गरेको रकमलाई बिक्री मानी उक्त बिक्रीमा ऐनको दफा १५ अनुसारको लागत खर्च यकिन गरी कर दायित्व निर्धारण गर्नुपर्ने देखियो । सो प्रयोजनका लागि करदाताले सम्बन्धित जग्गा धनीलाई बैङ्कमार्फत भुक्तानी गरेको विवरण पेस हुन नआएको हुँदा सम्बन्धित मालपोत कार्यालयमा पुँजीगत लाभकर कट्टी प्रयोजनका लागि लिएको खर्चलाई आधार लिनुपर्ने देखियो । तसर्थ करदाताहरुले नेपाल आयल निगमबाट भुक्तानी पाएको रु.१ अर्ब ९६ करोड ३२ लाखमा मालपोत कार्यालयमा रजिष्ट्रेसन पास गरी कट्टी लिएका कित्ताको हकमा खर्च कट्टी रकम र नलिएकोमा सो स्थानको सरकारी प्रयोजनको लागि कायमी न्यूनतम मूल्याङ्कनबाट आउने रु.६१ करोड ७५ लाख कटाई बाँकीमा आयकर ऐनको दफा ३५ अनुसार कर मुक्तिको प्रबन्ध गरेकोले छानबिन गरी ३५ प्रतिशत कर रु.४७ करोड १० लाखमा सो कारोबारमा दाखिला भएको पुँजीगत लाभकर रु.४ करोड कट्टा गरी देहायबमोजिम हुने रु.४३ करोड १० लाख र सोमा शुल्क सहित कर निर्धारण गर्नुपर्दछ ।

(रु.लाखमा)

जग्गा खरिद स्थान	बिक्रेता	बिक्रेताको ठेगाना	प्राप्ति क्षेत्रफल बिघा	दर प्रति कठ्ठा	भुक्तानी	खर्च कट्टी हुने	फरक करयोग्य रकम	दाखिला कर	छुट कर
मेची नगर, झापा	पहिलो	फलाटे ४,काभ्रे	२३।३।१३	१३.५१	६२६४	१०८२	५१८२	१५८	१६५६
हरिपुर, सर्लाही	दोस्रो	का म पा ३०	१४।५।८	९.६१	२७४३	९१	२६५२	६१	८६७
लोथर, चितवन	तेस्रो	शखि ५, रोल्पा	२३।११।१२	१५.८५	७४८४	२८५८	४६२६	१३७	१४८२
बसन्तपुर, रुपन्देही	चौथो	मयाखु ८, उदयपुर	१४।७।७.१	१०.९३	३१४१	२१४४	९९७	४४	३०४
जम्मा			**७५।८।०.५**		**१,९६,३२**	**६१७५**	**१३४५७**	**४००**	**४३०९**

७१.४ नेपाल आयल निगमको रुपन्देहीमा डिपो निर्माण गर्ने प्रयोजनको लागि उल्लिखित चौथो जग्गा व्यवसायीले खरिद बिक्रीसम्बन्धी सम्झौता गरेपछि निजलाई आयल निगमको सम्झौताअनुसारको जग्गा मिलाउन अर्को पाँचौं व्यवसायीले २०७४।१।१७ देखि २०७४।२।२९ को अवधिमा ८ बिघा १८ कठ्ठा ८ धुर जग्गा विभिन्न जग्गा धनीसँग रु.१९ करोड ४६ लाखमा खरिद गरी र अर्को छैठौ व्यवसायीले ३ बिघा १६ कठ्ठा ६ धुर जग्गा रु.८ करोड ३४ लाखमा खरिद गरी चौथो व्यवसायीमार्फत नेपाल आयल निगमलाई बिक्री गरेको छ । उक्त काम कारबाही व्यावसायिक प्रकृतिको भएकाले सो व्यवसायमा लाग्ने कर तिर्नुपर्नेमा पुँजीगत लाभकर असुल गरी व्यावसायिक करबाट उन्मुक्ती लिई आयकर ऐनको दफा ३५ बमोजिम कर मुक्तिको योजना गरेकोले उक्त बिक्रीमा ऐनको दफा १५ अनुसारको लागत खर्च यकिन गरी कर दायित्व निर्धारण गर्नुपर्ने देखियो । सो प्रयोजनका लागि पाँचौ र छैठौं व्यवसायीले सम्बन्धित जग्गा धनीलाई बैङ्कमार्फत भुक्तानी गरेको विवरण पेस हुन नआएको हुँदा मालपोत कार्यालय रुपन्देहीमा पुँजीगत लाभकर कट्टी प्रयोजनका लागि लिएको खर्चको आधारमा खर्च कट्टी गरी रु.७ करोड २२ लाख कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

७१.५ मालपोत कार्यालय खैरहनी, चितवनबाट ३ जग्गा खरिद बिक्री गर्ने करदाताले नेपाल आयल निगमलाई जग्गा उपलब्ध गराउने माथि उल्लिखित तेस्रो व्यवसायीलाई २०७३ फाल्गुण देखि २०७४ आषाढसम्म विभिन्न जग्गाधनीबाट जग्गा खरिद गरी बिक्री गरेको देखिन्छ । उक्त काम कारबाही व्यावसायिक प्रकृतिको भएकाले व्यवसायमा लाग्ने कर तिर्नुपर्नेमा पुँजीगत लाभकर असुल गरी उन्मुक्ति लिएको र आय कर ऐनको दफा ३५ बमोजिम कर मुक्तिको योजना बनाएकोले ऐनको दफा १५ अनुसारको लागत खर्च यकिन गरी कर दायित्व निर्धारण गर्नुपर्ने देखियो ।

यस सम्बन्धमा ३ निर्सगकर्ताले प्राप्त गरेको रु.३४ करोड ८२ लाख रकमलाई बिक्री मानी उक्त बिक्रीमा लागत प्रयोजनका लागि करदाताले सम्बन्धित जग्गाधनीलाई भुक्तानी गरेको रु.२६ करोड ५ लाख बैङ्कमार्फत भुक्तानी गरेको विवरण पेस हुन नआएको हुदाँ सम्बन्धित मालपोत कार्यालयको न्यूनतम मूल्याङ्कन बमोजिमको लागत खर्च रु.२ करोड १९ लाखलाई आधार लिनुपर्ने देखियो । तसर्थ सो स्थानको सरकारी

प्रयोजनको लागि कायम न्यूनतम मूल्याङ्कनबाट आउने खर्च कटाई बाँकी रु.३२ करोड ६३ लाखमा छानबिन गरी ३५ प्रतिशत कर रु.११ करोड ४२ लाखमा सो कारोबारमा दाखिला भएको पुँजीगत लाभकर रु.३९ लाख कट्टा गरी रु.११ करोड ३ लाखमा शुल्क र ब्याजसहित कर निर्धारण गर्नुपर्दछ ।

माथि उल्लिखित सबै व्यवसायीले स्थायी लेखा नम्बर नलिएको, आय विवरण पेस नगरेको र भुक्तानीमा कर कट्टी गरेको समेत देखिएन । उक्त काम कारबाही व्यावसायिक प्रकृतिको भएकाले सोमा व्यवसायमा लाग्ने कर तिर्नुपर्नेमा पुँजीगत लाभकर असुल गरी उन्मुक्ति लिएकोले आय कर ऐनको दफा ३५ बमोजिम कर मुक्तिको योजना बनाएको देखिएकोले छानबिन गरी छुट भएको राजस्व रु.६१ करोड ३४ लाख असुल गर्नुपर्दछ ।

करको दर

७२. **दोहोरो व्यवस्था** - आयकर ऐन, २०५८ को दफा ११(३)क मा तीन सय वा सोभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिने विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई लाग्ने करको ९० प्रतिशत र १ हजार २ सयभन्दा बढीलाई वर्षभरि नै प्रत्यक्ष रोजगारी दिनेलाई लाग्ने करको ८० प्रतिशत कर लाग्ने व्यवस्था छ । ऐनको यो दफामा भएको स्पष्ट व्याख्यासँग बाझिने गरी आर्थिक ऐन, २०७२ मा दफा ११ (३)क१ थप गरी वर्षभरि कम्तीमा १०० नेपाली नागरिकलाई मात्र प्रत्यक्ष रोजगारी दिएका विशेष उद्योगलाई लाग्ने करको ७० प्रतिशत निर्धारण गर्ने व्यवस्था थप भएको छ । ऐनको दफा ११(३)क को व्यवस्था प्रतिकूल हुने गरी दफा ३क१ थप गरी छुट दिएको कारणले लेखापरीक्षणको छनौटमा परेका ७ औषधि उद्योगबाट मात्र २०७२।७३ मा प्राप्त हुनुपर्ने कर राजस्व रु.२ करोड ४० लाख न्यून हुन गएको छ । यसमा पुनरावलोकन हुनुपर्दछ ।

७३. **चिकित्सकको पारिश्रमिक** – आयकर ऐन, २०५८ को दफा ८(२) ले रोजगारदाताबाट कुनै आय वर्षमा ज्याला, तलब, अतिरिक्त समय काम गरेबापतको शुल्क, कमिसन र अन्य सुविधाबापतको रकमलाई पारिश्रमिकमा गणना गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालय अर्न्तगतका ठूला एवं निजी अस्पतालहरुले चिकित्सक तथा अन्य पदाधिकारीलाई अस्पतालमा काम गरे बापतको पारिश्रमिकलाई परामर्श सेवाको रुपमा खर्च लेखेका छन् । लेखापरीक्षण छनौटमा परेका ९ अस्पतालको यस्तो खर्च रु.१ अर्ब २७ करोड १० लाख रहेको छ ।

यी अस्पतालले प्रशासनिक तथा सहायक कार्यको लागि विभिन्न कर्मचारीलाई तलब भत्ता खर्च छुट्टै लेखेको र परामर्श खर्चको रुपमा सिधै चिकित्सकहरुलाई भुक्तानी गरेको देखिन्छ । परामर्शदाता चिकित्सकहरुलाई यी अस्पतालले रु.२० लाखभन्दा बढी भुक्तानी गरेको र भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टा गरेको छ । आय विवरण दाखिला गर्ने परामर्शदाता चिकित्सकहरुले अस्पतालमा सेवा दिँदा अन्य स्रोत साधन र सहयोगी कर्मचारीको सेवा सुविधाको रकम अस्पतालले नै खर्च लेखेको अवस्थामा पुनः परामर्श प्रदान गर्ने चिकित्सकहरुले आफुले छुट्टै कर्मचारी राखेको उल्लेख गरी खर्च दाबी गरेको अवस्था छ । परामर्श दिने चिकित्सकहरुले यी अस्पतालका स्रोत सामग्री, भौतिक पूर्वाधार र सहयोगी जनशक्ति प्रयोग गरी रोजगारीको हैसियतबाट भुक्तानी प्राप्त गरेको अवस्थामा अन्य खर्च दाबी गर्न मिल्ने देखिँदैन ।

मूल्य अभिवृद्धि कर ऐनको अनुसूची १ मा उल्लिखित वस्तु तथा सेवा बाहेकका सम्पूर्ण वस्तु तथा सेवाहरु मूल्य अभिवृद्धि कर लाग्ने कारोबार हुन् । वस्तु वा सेवा, सेवाको मिश्रित कारोबारमा रु.२० लाख भन्दा माथि कारोबार गर्ने करदाताले ३० दिनभित्र मूल्य अभिवृद्धि करमा दर्ता हुनपर्ने व्यवस्था रहेको छ । परामर्श सेवा उल्लेख गरेको अवस्थामा ती चिकित्सकले उपलब्ध गराएको परामर्श सेवा मूल्य अभिवृद्धि कर योग्य कारोबार भएकोले आन्तरिक राजस्व कार्यालय, ललितपुरलगायत ९ कार्यालयका ७५ चिकित्सकको करयोग्य कारोबार रु.७३ करोड ६३ लाखमा १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.९ करोड ५७ लाख पनि असुल भएको छैन । मूल्य अभिवृद्धि कर करमा दर्ता नभई कारोबार गर्ने हो भने प्रत्यक्ष रोजगारीको आय भएकोले सोमा कर्मचारीको तलब तथा कार्यालय सञ्चालनका खर्चहरु कट्टी गर्न नमिल्ने भएकोले ती खर्च अमान्य गरी नपुग २० प्रतिशत कर रु.१४ करोड ७२ लाख र सोमा लाग्ने शुल्क तथा जरिबाना समेत असुल हुनुपर्दछ ।

७४. **फरक करको दर** – आयकर ऐन, २०५८ को अनुसूची १ को २ (२) अनुसार कुनै आय वर्षमा चुरोट, बिँडी, सिगार, खानेसुर्ती, खैनी, मदिरा बियर गुट्खा र पानमसलाको कारोबार गर्ने निकायको करयोग्य आयमा ३० प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ र ३,

वीरगन्ज, विराटनगर, ललितपुर र करदाता सेवा कार्यालय, महाराजगन्ज कार्यक्षेत्रअन्तर्गतका २४ करदाताले करयोग्य आयमा ३० प्रतिशतले कर निर्धारण गर्नुपर्नेमा २५ प्रतिशत मात्र कर निर्धारण गरेकोले नपुग ५ प्रतिशतले हुने कर र शुल्क रु.४० लाखमा ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

७५. **मनी ट्रान्सफर कारोबार** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को (आ) मा वित्तीय सेवालाई कर छुट हुने सेवामा राखेको छ भने वित्तीय सेवामा ३० प्रतिशत कर लाग्ने व्यवस्था आयकर ऐनले गरेको छ । ठूला करदाता कार्यालयसमेत चार कार्यालयका मनी ट्रान्सफरको कारोबार गर्ने २५ करदाताले वित्तीय सेवा भनी मूल्य अभिवृद्धि करमा दर्ता नभएकोले ३० प्रतिशतका दरले आयकर दाखिला गर्नुपर्नेमा साधारण व्यवसाय सरह २५ प्रतिशतका दरले कर असुली एवं दाखिला गरेको छ । साधारण व्यवसाय अन्तर्गत गणना गर्ने भएमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ बमोजिम मनी ट्रान्सफर सेवा छुट सेवामा नपर्ने हुँदा ती करदाताबाट मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने हुन्छ । करदाताले वित्तीय सेवाको आधारमा मूल्य अभिवृद्धि कर छुट लिने तर आयकर ऐन, २०५८ बमोजिम बैङ्क तथा वित्तीय संस्थालाई लाग्ने ३० प्रतिशत असुल नगरेकोले उल्लिखित करदाताको आय वर्ष २०७०।७१ देखि २०७३।७४ सम्मको करयोग्य आय रु.६६ करोड २६ लाखमा नपुग ५ प्रतिशतले हुने आयकर रु.३ करोड ३१ लाखमा शुल्क तथा ब्याज समेत गणना गरी असुल गर्नुपर्दछ ।

आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कमिसनको भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतका रेमिट सम्बन्धी काम गर्ने एक करदाताले २०७२/७३ मा रु.६ करोड ४८ लाख र २०७१/७२ मा रु.७ करोड १७ लाख समेत रु.१३ करोड ६५ लाख कमिसन खर्च लेखेकोमा भुक्तानी गर्दाको बखतमा नै स्रोतमा कर कट्टी गर्नुपर्नेमा नगरेकोले छुट भएको कर रु.२ करोड ५ लाखमा ब्याजसमेत गणना गरी असुल गर्नुपर्दछ ।

७६. **मर्चेन्ट बैङ्क** – अन्तर्राष्ट्रिय रुपमा वित्तीय कारोबारभित्र एक स्थानबाट अर्को स्थानमा रकमको स्थानान्तरण सम्बन्धी कारोबारलाई समेटेकोले मर्चेन्ट बैङ्क वित्तीय सेवासँग सम्बन्धित देखिन्छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ र २ तथा करदाता सेवा कार्यालय टंगाल र पुतलीसडक अन्तर्गतका १३ मर्चेन्ट बैङ्कले आय विवरण पेस गर्दा साधारण व्यावसायको रुपमा २५ प्रतिशतका दरले कर गणना गरेको छन् । वित्तीय सेवा मानेर मूल्य अभिवृद्धि करमा दर्ता नहुने तर वित्तीय कारोबार गर्ने संस्थाले आयकर ऐन २०५८ को अनुसूची १ बमोजिम लाग्ने ३० प्रतिशत कर समेत तिरेको देखिँदैन । करदाताले मर्चेन्ट, म्यूच्यल फण्ड, शेयर लगायत कारोबारको मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको र हाल बैङ्कहरुले पनि सोसँग सम्बन्धित कारोबार गर्दा समेत ३० प्रतिशत कर नै तिरेको हुदाँ आयकर ऐन, २०५८ बमोजिम बैङ्क तथा वित्तीय संस्थालाई लाग्ने कर असुल नगरेकोले १३ करदाताको आय वर्ष २०७२।७३ र २०७३।७४को करयोग्य आय रु.३९ करोड ४४ लाखमा नपुग ५ प्रतिशतले हुने आयकर रु.२ करोड ३० लाख असुल गर्नुपर्ने देखिन्छ ।

७७. **सम्बद्ध पक्षलाई भाडा** – आयकर ऐन, २०५८ को दफा ९२ अनुसार व्यवसाय सञ्चालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको घर तथा जग्गा प्रयोग गरे बापत भुक्तानी गर्ने भाडाको बहाल कर अन्तिम हुने व्यवस्था छ । कुनै व्यक्तिले एक भन्दा बढी सम्पत्ती धारण गरी आय आर्जन कार्यमा प्रयोग गरेकोमा त्यसबाट प्राप्त भुक्तानीमा सिर्जना हुने कर अन्तिम रुपमा कट्टा नहुने व्यवस्था छ । आयकर निर्देशिकाको २१.२.२ को उदाहरणमा एक भन्दा बढी भवन भाडामा लगाई निरन्तर सहभागिता भएको भाडा भुक्तानी अन्तिम रुपमा कर कट्टी नहुने उल्लेख गरेको छ । ठूला करदाता कार्यालय अन्तर्गतको एक डिपार्टमेन्टल स्टोरको सञ्चालक रहेका एक प्राकृतिक व्यक्तिले आफ्नो नाममा जग्गा खरिद गरी सो जग्गामा बनेको भवन तथा संरचनालाई उक्त स्टोरको लिज होल्ड सम्पत्तितर्फ लेखाङ्कन गरेको छ । सञ्चालकको सो जग्गा पुर्खौली अंशको सम्पत्ति नभई भाडा दिने उद्देश्यले खरिद गरी सम्बद्ध निकायलाई भाडामा लगाउने कार्य व्यावसायिक कारोबार हो । डिपार्टमेन्टल स्टोरलाई सम्बद्ध सञ्चालकले विभिन्न आठ स्थानमा जग्गा भाडामा दिई २०७१।७२ र २०७२।७३ मा रु.१२ करोड ८४ लाख भुक्तानी लिएको छ । यस्तो व्यावसायिक आम्दानीलाई ऐनको दफा ९६ बमोजिम आय विवरण पेस गरी खुलासा गर्नुपर्नेमा गरेको छैन । तसर्थ उक्त आयलाई व्यवसायको आयमा समावेश गर्दा नपुग भएको २५ प्रतिशत कर रु.३ करोड ८ लाखमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्नुपर्दछ ।

भुक्तानीमा कर

७८. **भुक्तानीमा कर** – आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा भुक्तानीमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

७८.१ आयकर ऐन, २०५८ को दफा ८९(३) मा वायुयान मर्मत तथा अन्य ठेक्कामा ५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयमा दर्ता रहेको एक वायुसेवाले वायुयान मर्मत संभारमा रु.६३ लाख, कम्पोनेन्ट ओभरहलमा रु.४१ करोड ७२ लाख, इन्जिन ओभरहलमा रु.२९ करोड ८८ लाख समेत रु.७२ करोड २३ लाख खर्च लेखेकोमा उक्त भुक्तानीमा ५ प्रतिशतले रु.३ करोड ६१ लाख अग्रिम कर कट्टी गर्नुपर्नेमा रु.१ करोड ९९ लाख कर कट्टी गरेको उल्लेख गरेपनि राजस्व लेखाबाट कट्टी गरेको भनेको रकम समेत दाखिला गरेको छैन । यस सम्बन्धमा छानबिन गरी रु.३ करोड ६१ लाख असुल गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

७८.२ आयकर ऐन, २०५८ को दफा ८९ अनुसारको ठेक्काको माध्यमले भुक्तानी भएको सेवा शुल्कमा १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । करदाता सेवा कार्यालय नयाँ बानेश्वरका एक इन्टरनेसनल कम्पनीले सेवा खर्च उल्लेख गरी २०७३।७४ मा रु.२३ करोड ५९ लाख र २०७२।७३ मा रु.२२ करोड ४२ लाखसमेत रु.४६ करोड १ लाख भुक्तानी गरेकोमा अग्रिम कर कट्टी गरेको राजस्व लेखाबाट नदेखिँदा थप छानबिन गरी १.५ प्रतिशत कर रु.६९ लाखमा शुल्कसमेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

७८.३ ठूला करदाता कार्यालयअन्तर्गतको दूर सञ्चारसम्बन्धी परामर्श सेवा प्रदान गर्ने एक करदाताले गैरबासिन्दालाई आयोजना व्यवस्थापन शुल्कबापत भुक्तानी खर्च लेखेको रु.९ करोड ५० लाखमा १५ प्रतिशत कर कट्टी गरे तापनि संस्थापन कमीशन तथा अन्य सेवा शुल्कबापतको भुक्तानी रु.१२ करोड ९१ लाखमा १५ प्रतिशतले हुने कर रु.१ करोड ९४ लाख कट्टी नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

७८.४ ठूला करदाता कार्यालयअन्तर्गतका एक करदाताको २०७१।७२ मा कारोबार रु.३९ करोड ३ लाखमा करयोग्य आय रु.३ करोड ७४ लाख कायम गरी कर रु.९५ लाखमा अग्रिम दाखिला रु.१ करोड ६८ लाख मिलान गर्दा बढी दाखिला रु.७३ लाख देखाएको छ । अग्रिम दाखिलामा गत वर्ष दाबी नै नगरेको रु.५८ लाखसमेत २०७१।७२ मा जिम्मेवारी सारेको देखियो । २०७०।७१ को आय विवरणअनुसार बाँकी नदेखिएको कर २०७१।७२ मा अग्रिम कर भनी मिलान गर्न पाउने देखिँदैन । कार्यालयले ऐनविपरीत स्वीकृति दिएको रु.५८ लाख अमान्य गरी संशोधित कर निर्धारण हुनुपर्ने देखिन्छ ।

७९. **ब्याज कर** – आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम बासिन्दा प्राकृतिक व्यक्तिलाई ब्याज भुक्तानी गर्दा ५ प्रतिशत र बासिन्दा कम्पनी तथा संस्थालाई भुक्तानी गर्दा १५ प्रतिशतले स्रोतमा नै भुक्तानीका बखत कर कट्टी गरी दाखिला गर्नुपर्ने व्यवस्था छ । यससम्बन्धी देखिएका व्यहोरा देहायअनुसार छन्:

७९.१ आन्तरिक राजस्व कार्यालय बुटवलको कार्यक्षेत्रअन्तर्गत रहेका ३ र ठूला करदाता कार्यालयअन्तर्गत ४ बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाले निक्षेपमा ब्याजको रकम भुक्तानी गर्दा घटी दाखिला भएको कर रु.३ करोड ५५ लाखमा ब्याज तथा शुल्क समेत निर्धारण गरी असुल गर्नुपर्दछ ।

७९.२ आन्तरिक राजस्व कार्यालय, भैरहवाअन्तर्गतको एक करदाताले गैर बासिन्दा व्यक्तिसँग विगत वर्षमा ऋण लिई ब्याज पुँजीकरण गर्दै आएको छ । उक्त ऋण २०७१।७२ मा रु.१२ करोड ६९ लाख कायम भएको र करदाताले २०७१।७२ सम्मको ब्याज रु.८ करोडलाई अल्पकालीन ऋणको रुपमा पुँजीकरण गरेको छ । तसर्थ पुँजीकरण गरेको ब्याज रकममा १५ प्रतिशतका दरले अग्रिम कर रु.१ करोड २० लाख असुल गर्न छानबिन गर्नुपर्दछ ।

७९.३ ठूला करदाता कार्यालयअन्तर्गतको एक अस्पतालले भगिनी संस्थाबाट लिएको ऋणको ब्याज रु.३३ करोड ६५ लाख खर्च लेखेकोमा १५ प्रतिशतले आउने ब्याज रु.५ करोड ५ लाख असुल नगरेकोले छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

८०. **व्याण्ड विथमा कर** – आयकर ऐन, २०५८ को दफा ८८(७) मा बासिन्दा व्यक्तिले ब्यान्डविथ, अप्टिकल फाइबर, दूरसञ्चारसम्बन्धी उपकरण प्रयोग गरेबापत १० प्रतिशतका दरले कर कट्टा गर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतको एक कम्युनिकेसनसम्बन्धी काम गर्ने करदाताले २०७२।७३

मा बिक्री लागतमा ब्यान्डविथ बापत रु.७ करोड १३ लाख, सेटलाइट सर्भिस फीबापत रु.३० लाख गरी जम्मा रु.७ करोड ४३ लाख खर्च कट्टी लिई गैर बासिन्दालाई भुक्तानी गरेकोमा ५ प्रतिशतमात्र अग्रिम कर कट्टा गरेकोले नपुग ५ प्रतिशत रु.३७ लाखमा शुल्क ब्याज तथा जरिबानासमेत छानबिन गरी असुल हुनुपर्दछ ।

८१. **साझेदारी फर्मको लाभांश** – आयकर ऐन, २०५८ को दफा ५४ अनुसार साझेदारी फर्मको साझेदारलाई लाभांश बाँडेमा लाभांश कर लाग्ने व्यवस्था छ । ठूला करदाता कार्यालयअन्तर्गत दर्ता रहेका ३ साझेदारी फर्मले २०७१।७२ मा साझेदारलाई लाभांश बाँडेकोमा प्रोप्राइटरसीप फर्म उल्लेख गरी लाभांश कर कट्टी गरेको देखिँदैन । ऐनको दफा ५८ को व्यवस्था अुनसार छानबिन गरी ५ प्रतिशत लाभांश कर रु.२ करोड ३ लाखसहित सोमा शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

८२. **हवाई सेवा कर** – आयकर ऐन, २०५८ को दफा ७० अनुसार नेपालबाट प्रस्थान हुने यात्रुहरुको ओसारपसार गर्दा ५ प्रतिशत र नेपालबाट अर्को विदेशी मुलुकमा पुग्ने गरी प्रस्थान नहुने हवाई यातायातमा २ प्रतिशतका दरले कर लाग्ने व्यवस्था छ । यो हिसाबले नेपालबाट टिकट जारी भएपनि नेपालबाहिरबाट उडान भरेको ट्रान्जिटको हकमा २ प्रतिशत कर लाग्ने व्यवस्था छ । हवाई उडान गर्ने हवाई सेवाहरुले कानुनको उल्लिखित व्यवस्था अनुसार उडान भरेको आधारमा लाग्ने कर दाखिला नगरेको, दाखिला गर्नेले पनि न्यून दाखिला गरेका छन् । लेखापरीक्षणको छनौटमा परेका ६ हवाई सेवाबाट मात्र रु.४१ करोड ६८ लाख राजस्व छुट भएको देखिन्छ । यस सम्बन्धी व्यहोरा निम्न छन् ।

८२.१ आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं. १ अन्तर्गतका नेपालबाट उडान भर्ने दुई हवाई सेवाको जनरल सेल्स एजेन्टको कारोबार गर्ने एक टुर्स एण्ड ट्राभल्सको २०७२।७३ को आयविवरणमा नेपालबाट उडान भरेका यात्रुको टिकट शुल्कमा कर असुल गरी दाखिला गर्नुपर्नेमा नेपालबाट टिकट बिक्री भएको यात्रुहरुको मात्र कर तिरेको देखिन्छ । प्राप्त विवरण अनुसार सन् २०१५ को जनवरी देखि २०१६ को जुलाईसम्ममा यी हवाई सेवाले १ लाख ५६ हजार ९७ यात्रुको उडान भरेकोमा ६५ हजार २७० यात्रुको टिकट नेपालबाट बिक्री भएको उल्लेख गरी सोही यात्रुको हिसाब गरी कर दाखिला गरेको छ । बाँकी ९० हजार ८२७ यात्रुका हवाई भाडा करदाताले उपलब्ध गराएको मासिक उडान भाडाको औसतले आउने रु.२ अर्ब २५ करोड २५ लाखमा ५ प्रतिशतले रु.११ करोड २६ लाख छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

८२.२ करदाता सेवा कार्यालय, पुतलीसडकअन्तर्गत एक हवाई सेवाको जनरल सेल्स एजेन्टको कारोबार गर्ने एक एजेन्सीले २०७१।७२ मा १ लाख ३७ हजार ९३८ यात्रु उडान गरेको भनी विवरण पेस गरेको छ । तर नेपाल नागरिक उड्डयन प्राधिकरणले उपलब्ध गराएको तथ्याङ्कबाट उक्त अवधिमा १ लाख ५९ हजार ७३६ यात्रु उडान गरेको देखाएकोले फरक यात्रु संख्या २१ हजार ७९८ को करदाताले देखाएको मासिक औसत भाडा दरअनुसारको मूल्य रु.१७ करोड २४ लाखमा आयकर ऐनको अनुसूची १ को दफा २(७) बमोजिम लाग्ने नपुग ५ प्रतिशत कर रु.८७ लाख र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्नुपर्दछ ।

उल्लिखित करदाताले नेपाल नागरिक उड्डयन प्राधिकरणमा उपलब्ध गराएको अफ सिजनको इकोनोमी क्लास टिकटको न्यूनतम भाडा दर र करदाताले स्वयंकर घोषणा गरेको दर फरक देखिएको छ । त्यस बाहेक नेपालबाट प्रस्थान हुने गरी यो हवाई कम्पनीको साउदी अरेबिया ट्रान्जिट हुँदै अन्य गन्तव्यसम्मको आम्दानीमा २ प्रतिशत कर लाग्नेमा सोको गणना गरी दाखिला गरेको छैन । करदाताले यात्रुको संख्या न्यून उल्लेख गरेको, पहिलो गन्तव्यबाट ट्रान्जिट बनाई अन्यत्र गएको तथा बाह्य देशबाट टिकट जारी गरी नेपालबाट उडान भरेको कारोबार सम्बन्धमा थप छानबिन गरी छुट भएको कर रु.१२ करोड १३ लाखमा अन्य रकम समेतको कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

८२.३ करदाता सेवा कार्यालय, पुतलीसडकको कार्यक्षेत्रका ३ विदेशी हवाई कम्पनीले नेपालबाट उडान भर्दा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट प्राप्त तथ्याङ्कको आधारमा दाखिला गर्नुपर्ने कर घटी दाखिला गरेको रु.१७ करोड ४२ लाख कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

(रकम रु.हजारमा)

हवाइ कम्पनी र उडान भर्ने स्थान	उडान भरेको यात्रु संख्या	औसत भाडा रकम	५ प्रतिशत रकम	दाखिला रकम	छुट रकम
अबुधाबी उडान गर्ने एक एयरवेज कं.	८५३९३	४५.५	१९४२६९	७६०५५	११८२१४
ढाका उडान गर्ने एक विमान कं.	३८१५३	१६.९	३२२३९	०	३२२३९
सिँगापुर उडान गर्ने एक एयरवेज कं.	२८०७०	५३.७	७५३६८	५१६५१	२३७१७
				जम्मा	**१७४१८०**

माथिको तथ्याङ्कबाट तिर्नुपर्ने कर पहिलो गन्तव्य सम्मको मात्र गणना गरिएको छ । नेपालबाट उडान भएकोमा कनेक्टिङ्ग फ्लाइटबाट दोस्रो गन्तव्यको भाडा र सबै कार्गोको रकम थप गर्दा माथि उल्लिखित रकम अझै बढी आउने देखिएकोले सो समेत छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ । उपर्युक्त बाहेक अन्य हवाई कम्पनीको समेत छानबिन हुनुपर्दछ ।

आय लेखाङ्कन

८३. **फरक वित्तीय विवरण -** स्वयं कर निर्धारण गरी करदाताले आन्तरिक राजस्व कार्यालयमा पेस गर्ने वित्तीय विवरण र ऋण प्रयोजनको लागि वाणिज्य बैङ्कहरुमा पेस गर्ने वित्तीय विवरण एउटै हुनुपर्दछ । लेखापरीक्षणको सिलसिलामा एक सरकारी बैङ्कबाट कर्जा प्रवाह भएका ६ ऋणीको १२ आय वर्षको नमूना परीक्षण गर्दा करदाताले बैङ्कमा पेस गरेको वित्तीय विवरण र स्वयंकर निर्धारण गरी राजस्व कार्यालयको सूचना प्रणालीमा अपलोड गरेको वित्तीय विवरण फरक परेको छ । ऋण प्रयोजनको लागि उल्लिखित करदाताले पेस गरेको वित्तीय विवरणमा रु.३ अर्ब ७६ करोड १८ लाख आय देखाएकोमा स्वयंकर घोषणा गर्दा पेस गरेको वित्तीय विवरणमा रु.१ अर्ब ६९ लाख आय देखाएका छन् । दुवै वित्तीय विवरणबीच रु.२ अर्ब ७५ करोड ४९ लाख फरक परेको छ । आयकर ऐन, २०५८ को दफा १२७ अनुसार झुट्टा वित्तीय विवरण तथा लेखा प्रमाणित गर्ने व्यक्तिलाई सजायँ हुने व्यवस्था छ । एउटै कारोबारमा फरक वित्तीय विवरण पेस गर्ने एवं लेखा प्रमाणित गर्ने उपर छानबिन गरी झुट्टा विवरण प्रमाणित गर्नेउपर कारबाही गरी फरक आयको कर दायित्व निर्धारण हुनुपर्दछ । व्यवसायीहरुले एउटै कारोबारमा पनि फरक फरक वित्तीय विवरण पेस गर्ने अवस्थाको न्यूनीकरणका लागि अन्तर निकाय सूचनाको आदान प्रदान गरी समन्वयात्मक रुपमा अनुगमन एवं छानबिन गर्नुपर्दछ ।

८४. **सम्पत्ति बिक्री** – आन्तरिक राजस्व कार्यालय, ललितपुरमा रहेका आयात निर्यातको कारोबार गर्ने एक करदाताले व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रसँग सम्झौता गरी अन्तर्राष्ट्रिय व्यापार मेलामा प्रदर्शनीस्थल निर्माण गर्ने र सामग्री वितरण गर्ने कार्यसमेत गरेको छ । कर लेखापरीक्षकले सन् २००० मा जर्मनीमा बनाएको पेभिलियनको मूल्य रु.७ करोड ५७ लाखलाई स्थिर सम्पत्तिमा समावेश गरे तापनि सो सम्पत्ति बिक्री भइसकेको वा भाडामा दिइएको हो स्पष्ट नभएको र सो सम्बन्धमा व्यवस्थापनले खुलासा नगरेको व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको छ । उक्त सम्पत्तिबाट करदाताको आय सिर्जना भएको नदेखिँदा करदाताले सो सम्पत्ति बिक्री गरिसकेको पुष्टि हुन आउँछ । आयकर ऐनको दफा ४० अनुसार कुनै व्यक्तिको कुनै सम्पत्तिबाट स्वामित्व हटेमा निजले सो सम्पत्तिको निसर्ग गरेको मानिने उल्लेख छ । तसर्थ जर्मन पेभलियन भनी स्थिर सम्पत्तितर्फ लेखाङ्कन गरिएको सम्पत्ति दफा ४० अनुसार निसर्ग गर्दा प्राप्त हुने लाभ यकिन गरी संशोधित कर निर्धारणबाट कायम भएको नोक्सानी रु.२० लाख समायोजनपश्चात् कायम हुने आय रु.७ करोड ३७ लाखमा २० प्रतिशत कर रु.१ करोड ४७ लाख र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

८५. **परामर्श सेवा** – आयकर ऐन, २०५८ को दफा ७ अनुसार व्यवसाय सञ्चालनबाट भएको मुनाफा र लाभ व्यक्तिको सो वर्षको आय हुने व्यवस्था छ । संयुक्त राष्ट्रसंघको प्रोक्युरमेन्ट पोर्टलअनुसार आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.३, ललितपुर र करदाता सेवा कार्यालय महाराजगंजको कार्यक्षेत्रअन्तर्गतका १४ करदाताले २०७१।७२ र २०७२।७३ मा सेवा बापत राष्ट्रसंघीय निकायले आपूर्तकबाट सेवा लिई रु.२६ करोड १ लाख भुक्तानी गरेको देखिन्छ । तर करदाताले आफ्नो आय विवरणमा रु.९ करोड ८४ लाखमात्र लेखाङ्कन गरेकोले फरक परेको रु.१६ करोड १७ लाखमा लाग्ने कर रु.४ करोड ४ लाख छुट भएको देखिन्छ । छुट भएको उक्त करमा शुल्क र ब्याजसमेत छानबिन गरी कर निर्धारण हुनुपर्दछ ।

८६. **घटी बिक्री** – आयकर ऐन, २०५८ को दफा ७ अनुसार सेवा शुल्कलाई आयमा समावेश गर्नुपर्दछ । राष्ट्रसंघीय खरिद पोर्टलअनुसार आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.२ को मातहतमा दर्ता रहेको एक हवाई सेवालाई सन् २०१०।११ देखि सन् २०१४।१५ सम्म ५ वर्षमा अमेरिकी डलर ६ करोड ४ लाख ७९ हजार १२० भुक्तानी गरेको देखाए तापनि करदाताले सो अवधिमा अमेरिकी डलर ४ करोड ७८ लाख ३० हजार २३४ मात्र आय देखाएकोले अमेरिकी डलर १ करोड २६ लाख ४८ हजार ८८६ घटी देखाएकोले २०७२ आषाढ मसान्तको सटही दर रु.१०१।४० का दरले रु.१ अर्ब २८ करोड २६ लाख आय लेखाङ्कन गरेको छैन । करदाताको लेखा टिप्पणीमा विदेशको कारोबार नेटिङ्ग गरी बचत मात्र देखाएकोमा अन्तर्राष्ट्रिय वित्तीय मानदण्ड प्रयोग नगरेको भए पनि करमा असर नपरेको उल्लेख छ । सो सम्बन्धमा छानबिन गरी रु.३२ करोड ७ लाख कर र सोमा शुल्क र ब्याजसमेत गणना गरी कर निर्धारण गर्नुपर्दछ ।

८७. **न्यून आय** – आन्तरिक राजस्व कार्यालय, वीरगन्जको एक करदाताले पेस गरेको वित्तीय विवरणअनुसार ६ प्रकारका ९ लाख ५४ हजार के.जी. कच्चा पदार्थ रु.१ करोड ६४ लाखमा बिक्री गरेको छ । न्यूनतम औसत लागत मूल्यको आधारमा पनि रु.१४ करोड १९ लाख बिक्री आय हुनुपर्नेमा करदाताले यस वर्ष व्यापारिक आय रु.१२ करोड ५६ लाखले घटी हुन गएको देखिएकोले उक्त रकमलाई खुद आय मानी आयकर ऐन, २०५८ को दफा २(१) अनुसार करको दर २५ प्रतिशतले हुने रु.३ करोड १४ लाख र सोमा लाग्ने शुल्क, ब्याज र जरिबाना असुल गर्न छानबिन हुनुपर्दछ ।

८८. **बिक्री लेखाङ्कन** – आयकर ऐन, २०५८ को दफा ७(ग) बमोजिम सम्पत्ति वा दायित्वको निसर्गबाट प्राप्त खुद लाभ आयमा समावेश गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, ललितपुरमा दर्ता रहेका जग्गाको कारोबार गर्ने एक करदाताले २०७१।७२ मा जग्गाको अन्तिम मौज्दात रु.१० करोड ८३ लाख देखाएकोमा २०७२।७३ को जिम्मेवारी सारेको छैन । यसबाट उक्त जग्गा बिक्री भएको स्वतः स्पष्ट हुन्छ । तसर्थ यस आर्थिक वर्षको कुल नाफा ८.८७ प्रतिशतका दरले हुने रु.१ करोड ५९ लाख लाई आयमा समावेश गरी २५ प्रतिशत कर रु.४० लाख र सोमा लाग्ने शुल्क तथा ब्याजसमेत असुल गर्नुपर्दछ ।

८९. **भिसा प्रोसेसिङ्ग आय** – आयकर ऐन, २०५८ को दफा ७ अनुसार सेवा शुल्कलाई आयमा लेखाङ्कन गर्नुपर्ने व्यवस्था छ । नेपालबाट संयुक्त अरब इमिरेट्सको भिसा लिई प्रस्थान गर्ने यात्रुहरुको भिसा प्रोसेसिङ्ग चार्जको लागि ३ कम्पनीले जिम्मा लिएको देखिन्छ । नेपाल नागरिक उड्डयन प्राधिकरणबाट यी ३ कम्पनीले सन् २०१५।१६ मा ३ लाख ३ हजार २५४ संख्यामा यात्रु उडान भरेको देखिन्छ । उडेका यात्रुमध्ये वैदेशिक रोजगार विभागको वार्षिक प्रतिवेदन २०७२।७३ अनुसार संस्थागत रुपमा ४३ हजार ६३३ र व्यक्तिगतरुपमा ५३ हजार ६९९ समेतमा भिसा नवीकरण तथा रि लिगलाइजेसन गरेका ४८ हजार ९९४ समायोजन गर्दा ४८ हजार ३३८ व्यक्तिको भिसा शुल्क न्यूनतम रु.११ हजार १६ (प्रति अमेरिकी डलर रु.९८ सटहीदर) ले रु.५३ करोड २५ लाखमा कम्पनीबाट भिसा प्रोसेसिङ्ग शुल्क आम्दानी देखाउनुपर्नेमा ३ करदातामध्ये एक एक्स्प्रेसले रु.४५ लाख अर्को एक एक्स्प्रेसले रु.४० लाख र एक टुर्सले कुनै आम्दानी नदेखाएको हुँदा जम्मा रु.८५ लाख मात्र आम्दानी देखाएकोले फरक रु.५२ करोड ४० लाख आय लेखाङ्कन गर्न छुट भएकोले छानबिन गरी कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार यस्तो सेवा शुल्कमा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । नेपालबाट मलेसियाको भिसा लिँदा लाग्ने भिसा प्रोसेसिङ्ग शुल्कमा एक करदाताबाट मूल्य अभिवृद्धि कर असुल भएको छ । तर उल्लिखित करदाताले भिसा प्रोसेसिङ्ग शुल्कमा मूल्य अभिवृद्धि कर असुल गरेका छैनन् । मूल्य अभिवृद्धि कर निर्देशिका,२०६९ को परिच्छेद, १० बुँदा १०.१ को उदाहरण अनुसार थ्रेसहोल्डभन्दा बढीको यस्तो कारोबार रु.५३ करोड २५ लाखमा छुट भएको मूल्य अभिवृद्धि करमा शुल्क र ब्याजसमेत हिसाब गरी रु.६ करोड ९२ लाख कर निर्धारण गर्न छानबिन हुनुपर्ने देखिन्छ ।

९०. **शेयर निसर्गमा कर** – आयकर ऐन, २०५८ को दफा २ (द) अनुसार तीन पुस्ताभित्र भएको खरिद बिक्री बाहेक अन्य किसिमले हस्तान्तरण गरी निसर्ग गरेको सम्पत्ति गैर व्यावसायिक सम्पत्ति हुँदैन । ठूला करदाता कार्यालयअन्तर्गत रहेका तीन सिमेन्ट उद्योग प्रा.लि.का ८ हिताधिकारीले काका, भतिजी जस्ता नाता उल्लेख गरेर हिताधिकारीलाई रिझाएको जस्ता कारण देखाई १४ व्यक्तिलाई शेयरको अङ्कित मूल्यमा नै १८ लाख ३४ हजार ४६० कित्ता शेयर निसर्ग गरेको छ । तर सो हस्तान्तरण कानुनबमोजिम अंशबण्डा, बकस वा अन्य तवरले गर्नैपर्ने अवस्था रहेको पुष्ट्याई नरहेको र मुलुकी ऐनको भाग ३ को महल २१ बमोजिम रजिष्ट्रेसन

पनि भएको छैन । तसर्थ हस्तान्तरणको लागि ऐनको दफा ३७ बमोजिम प्राप्त हुने लाभमा कर निर्धारण गर्नुपर्ने देखियो ।

ती कम्पनीका वित्तीय अवस्था सुदृढ रहेको र व्यवसाय वृद्धिको अवस्थामा रहेको हुँदा शेयरको मूल्य सामान्य बजार व्यवहारअनुसार मूल्याङ्कन गर्दा शेयरको अङ्कित मूल्यभन्दा स्वभावतः बढी हुने भएपनि शेयरधनीले आफ्नो स्वामित्वको शेयर अङ्कित मूल्यमा सम्बद्ध व्यक्तिबीच निसर्ग गरेको छ । आयकर ऐन, २०५८ को दफा ४५ (१) को (क) अनुसार सम्पत्तिको निसर्ग हुनु तत्काल अघि सो सम्पत्तिको बजार मूल्य वा सोको खुद खर्चमध्ये जुन बढी हुन्छ सो रकम प्राप्त भएको मानिने व्यवस्थाअनुसार मूल्याङ्कन गर्नुपर्ने भए पनि सो गरेको पाइएन । शेयर मूल्याङ्कनका विभिन्न विधिमध्ये करदाता नेपाल धितोपत्र बोर्डमा सूचीकृत नभएको हुँदा कम्पनीको किताबी मूल्य (नेट वर्थ) मा भएको फरकको आधारमा शेयरको मूल्य कायम गर्दा ऐनको दफा ३७ बमोजिम हुने लाभ रु.१८ करोड ५० लाखमा १० प्रतिशतका दरले कर रु.१ करोड ८५ लाख र सोमा नियमानुसार लाग्ने शुल्क र ब्याज समेत छानबिन एवं कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

खर्च कट्टी

९१. **बिक्री वितरण खर्च** – आयकर ऐन, २०५८ को दफा १३ अनुसार व्यवसायसँग सम्बन्धित खर्चहरु दोहोरो नपर्ने गरी दाबी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, बुटवलअन्तर्गतको एक उत्पादक करदाताले उत्पादन गरेको वस्तु सोही कार्यक्षेत्रअन्तर्गतको वितरक करदातालाई आय वर्ष २०७२।७३ र २०७३।७४ मा रु.४२ करोड ६३ लाखको कुल बिक्रीमध्ये ९५ प्रतिशत अर्थात् रु.४० करोड ५० लाख बिक्री गरेको देखिन्छ । उत्पादित वस्तु एकमुष्ट सम्बद्ध व्यक्तिको रुपमा रहेको वितरकलाई बिक्री गर्दा निज उत्पादक करदाताले रु.२ करोड ७५ लाख र वितरक करदाताले रु.२ करोड २४ लाख वितरण खर्च लेखी दोहोरो बिक्री वितरण खर्च दाबी भएको छ । सो सम्बन्धमा छानबिन गरी दोहोरो खर्च रु.२ करोड २४ लाखलाई उत्पादक/वितरकको आयमा समावेश गरी लाग्ने कर रु.५६ लाख र सोमा लाग्ने शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ ।

९२. **ब्याज खर्च** – ठूला करदाता कार्यालयअर्न्तगतको एक पेन्टस् उद्योगले विगत देखि नै एक भारतीय कम्पनी र अन्य चार नेपाली सञ्चालकबाट रु.१५ करोड सापटी लिएकोमा वित्तीय विवरणमा सापटीको ब्याज खर्च दाबी लिएको देखिन्छ । सञ्चालकलाई भुक्तानी गर्न बाँकी ब्याज २०७०।७१ मा रु.१ करोड ८५ लाख रहेकोमा २०७१।७२ मा रु.१ करोड २० लाख थप गरी रु.३ करोड ५ लाख प्रोभिजन गरेको देखिन्छ । प्रोभिजनलाई खर्चको रुपमा करयोग्य आयमा कट्टी गर्न मिल्ने नदेखिँदा दाबी गरेको ब्याज खर्चलाई अमान्य गरी लाग्ने कर रु.६१ लाखमा शुल्क तथा ब्याजसमेत छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

९३. **घर बहाल खर्च** - आयकर ऐन, २०५८ को दफा ८८ मा भाडा भुक्तानीमा अग्रिम कर बुझाउनुपर्ने व्यवस्था छ । घर बहाल कर असुलीमा प्रभावकारिता ल्याउन घर बहाल कर सङ्कलन एवं अभिलेख पुस्तिका वितरण गरी कार्यन्वयनमा ल्याएकोमा अनुगमन गरेको छैन । करदाता सेवा कार्यालय नयाँ सडक स्वयंले खिचापोखरी स्थित एक सपिङ्ग कम्प्लेक्सको पाँचौ तल्लामा प्रति वर्गफिट रु.६५।- ले घर भाडा सम्झौता गरेको छ । करोडौंको कारोबार गर्ने करदातामध्ये १३ करदाताले बहाल खर्च नै दाबी नगरेको, ६ करदाताले रु.७२ हजारदेखि रु.१ लाखसम्म बहाल खर्च दाबी गरेको र ६ करदाताले रु.३ लाखदेखि ४ लाखसम्म बहाल खर्च दाबी गरेको देखियो । काठमाडौंको नयाँसडकमा वार्षिक रु.४ करोड ६५ लाखको बिक्री कारोबार देखाउने करदाताले बहाल खर्च नै नदेखाउने, देखाउनेले पनि मासिक रु.६ हजार बहाल भाडा दाबी गरी देखाएको कारोबार यथार्थतामा आधारित छैन । व्यवसायीले यथार्थपरक कारोबारलाई समेटेर स्वयं कर घोषणा गरी कर तिरेको सुनिश्चित हुनसक्ने अवस्था नरहेकोले बहाल खर्च नै नदेखाउने तथा प्रचलित बजार बहाल दर भन्दा कम रकमको सम्झौता गरी बहाल खर्च दाबी गरी राजस्व न्यून गर्ने उपर निगरानी राखी बजार अनुगमनको दायरा बढाउने, बहाल करलाई व्यवस्थित गराउन समग्र राजस्व प्रशासनको ध्यानार्कषण गर्नु जरुरी देखिएको छ ।

९४. **पुँजीगत सम्पत्तिको आयगत खर्च** - आयकर ऐन, २०५८ को दफा २१(३) मा पुँजीगत प्रकृतिको खर्चलाई खर्च कट्टी गर्न नपाइने र अनुसूची १ अनुसार सवारीसाधनमा १५ प्रतिशत ह्रास खर्च कट्टी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, क्षेत्र नम्बर २ अन्तर्गतको बुढीगण्डकी जलविद्युत आयोजनाका परामर्शदाताले एक मोटर्स कम्पनीबाट खरिद गरेको रु.२ करोड ३४ लाखको सवारीसाधनको मूल्यलाई सम्पत्तिमा पुँजीकरण

गरी १५ प्रतिशतमात्र ह्रास खर्च रु.३५ लाखमात्र कट्टी गर्न पाउनेमा पुरै खर्च जनाएकोले फरक रु.१ करोड ९९ लाखलाई करयोग्य आयमा समावेश गरी २५ प्रतिशत कर रु.५० लाखमा शुल्कसमेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

९५. **ह्रास खर्च -** आयकर ऐन, २०५८ को दफा १९ र अनुसूची २ बमोजिम निर्धारित ह्रास कट्टीको दरअनुसार ह्रास खर्च कट्टी गर्नुपर्ने र आन्तरिक राजस्व विभागको २०६४ फागुन १३ को परिपत्रअनुसार करदाताको आय आर्जनका लागि आवश्यक पर्ने आधारभूत सम्पत्तिलाई (घ) वर्गमा वर्गीकरण गरी १५ प्रतिशतका दरले ह्रास कट्टी गर्न मिल्नेमा ललितपुरका ७, विराटनगरका २, भद्रपुरका ४ र लाहानका २ करदाताले बढी ह्रास खर्च कट्टी गरेको रकमलाई अमान्य गरी कायम हुने करयोग्य आयमा कर रु.९० लाख तथा सोमा नियमानुसार लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

९६. **सव कन्ट्रयाक्ट** – आयकर ऐन, २०५८ को दफा १३ अनुसार आय आर्जनसँग सम्बन्धित खर्च कट्टी गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ अन्तर्गतको एक करदाताले २ आयवर्षमा प्राप्त गरेको आय रु.१७ करोड ६२ लाख देखाएको र सव कन्ट्रयाक्टरलाई रु.१९ करोड ५९ लाख भुक्तानी दिन बाँकी देखिएको छ । सबै काम सव कन्ट्रयाक्टबाट गराएको अवस्थामा करदाताले पुनः निर्माण सामग्री र ज्याला खर्चबापत रु.१० करोड ८५ लाख दाबी गरेकोले कर योग्य खरिद र ज्यालाको प्रयोजन नखुलाई दाबी गरेको रकम आयमा समावेश गरी कर रु.२ करोड ७१ लाख कर निर्धारण गर्नुपर्दछ । सव कन्ट्रयाक्टरले खरिदको मूल्य अभिवृद्धि कर क्रेडिट दाबी लिइसकेको अवस्थामा समेत करदाताले क्रेडिट दाबी गरेकोमा पुनः निर्माण सामग्री खरिद गरेको देखाई दाबी गरेको क्रेडिट रु.८ करोड ७३ लाखको रु.१ करोड १३ लाख मूल्य अभिवृद्धि कर डेबिट समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

९७. **पुँजीगत खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा २१(३) अनुसार पुँजीगत प्रकृतिको खर्चलाई खर्च कट्टी गर्न नपाइने व्यवस्था छ । ठूला करदाता कार्यालयमा दर्ता रहेको एक हवाई सेवाले यो वर्ष ७ जहाजका इन्जिन रु.१७ करोड ४८ लाखमा पैठारी गरेको भन्सार तथ्याङ्कले देखाएको छ । उक्त रकम पुँजीकरण गर्नुपर्नेमा वित्तीय विवरणमा रु.९ करोड १४ लाखमात्र पुँजीकरण गरी रु.८ करोड ३४ लाख न्यून पुँजीकरण गरेको छ । पुँजीकरण नगरेको उक्त रकम खर्च दाबी गरी कट्टी लिएको देखिन्छ । तसर्थ खर्च कट्टी नपाउने रु.८ करोड ३४ लाखको १५ प्रतिशतले हुने ह्रास खर्च रु.१ करोड २५ लाख घटाई बाँकी रु.७ करोड ९ लाखलाई निजको कायमी नोक्सानी रु.११ करोड ६० लाखबाट घटाउन कर निर्धारण गर्नुपर्ने देखियो ।

९८. **चन्दा खर्च** – आयकर ऐन, २०५८ को दफा १३ (ग) अनुसार व्यवसायबाट आय आर्जन हुने कार्यमा भएका खर्चहरु कट्टी गर्न पाउने, ऐनको दफा १२ को उपदफा १ अनुसार विभागबाट स्वीकृत प्राप्त कर छुट पाउने संस्थालाई चन्दा उपहार दिएको रकम दावी गर्न सक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, ललितपुरको कार्यक्षेत्रमा रहेका एक विद्यालयले विद्यार्थीबाट मासिक शुल्कमा सङ्कलित रकम करदाताका सम्बद्ध व्यक्तिहरु नै संलग्न रहेको गैरसरकारी संस्थालाई हस्तान्तरण गरेको छ । उक्त रकमबाट मुख्य आयोजना गतिविधिमा २०७२।७३ मा १७ प्रतिशत, २०७१।७२ मा ३४.९ प्रतिशत र २०७०।७१ मा २९.८ खर्च गरी बाँकी विगत ३ वर्षमा औसत ५९ प्रतिशतले तलबमा रु.१ करोड ३७ लाख र संस्थाकै प्रयोजनका लागि औसत १३ प्रतिशतले रु.२५ लाख राखेको पाइयो ।

शिक्षा नियमावलीले तोकेको मापदण्ड अनुसार न्यून आय भएका विधार्थीलाई छात्रवृत्ति तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिको लागि खर्च नगरी ठूलो हिस्सा प्रशासनिक खर्च र गैरसरकारी संस्थाकै प्रयोजनमा खर्च भएको छ । सो सम्बन्धमा थप छानबिन गरी उद्देश्यभन्दा बाहिर खर्च गरेको रु.१ करोड ६२ लाखलाई अमान्य गरी कर रु.४१ लाख निर्धारण हुनुपर्दछ । साथै शैक्षिक संस्थाले बिद्यार्थीबाट बिलमा नै अतिरिक्त रकम संस्थागतरुपमा लिएर सामाजिक उत्तरदायित्वको नाममा अन्यत्र लगानी गर्नु मनासिब देखिएन ।

नोक्सानी कट्टी

९९. **उद्देश्य विपरीत लगानी -** आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतका एक सहकारी संस्थाले सहकारी मापदण्डअनुसार आफ्ना शेयर सदस्यबीच मात्र लगानी तथा बचतको कारोबार गर्नुपर्नेमा उद्देश्य बाहिर गई लगानी गरेको छ । यो वर्षसम्म रु.१५ करोड ८० लाख पुँजी भएको संस्थाको सञ्चित नोक्सानी रु.३० करोड

७३ लाख पुगेको देखियो । यसका अतिरिक्त यही संस्थाको पूर्ण शेयर लगानी अर्थात् रु.३ करोड २० लाखमा सञ्चालित एक ईन्भेष्टमेन्ट कम्पनीको यो वर्षसम्म सञ्चित नोक्सानी रु.६३ करोड ६४ लाख पुगेको र अर्को ८५ प्रतिशत अर्थात रु.६ करोड ८० लाख शेयर लगानीमा सञ्चालित अर्को एक इन्भेष्टमेन्ट प्रा.लि.को सञ्चित नोक्सानी रु.१० करोड ४४ लाख देखिन्छ । यी संस्थाहरुको २०६९।७० देखि कर परीक्षण भएको छैन । सहकारी संस्थाले आफ्नो उद्देश्य बाहिर गई कारोबार गर्न नहुनेमा २०६९।७० मा रु.१८ करोड ९४ लाख, २०७०।७१ मा रु.१६ करोड ८५ लाख, २०७१।७२ मा रु.१५ करोड २७ लाख र २०७२।७३ मा रु.१५ करोड १७ लाख इन्भेष्टमेन्ट कम्पनी लगायतका शेयरमा लगानी गरेर ४ वर्षमा रु.६५ लाख आय प्राप्त गरेको छ । सो सहकारी संस्थाले सङ्कलन गरेको आवधिक बचतमा दिएको ४ वर्षको औसत ब्याजदरको हिसाबले रु.८ करोड ३ लाखमा प्राप्त आय रु.६५ लाख घटाउँदा रु.७ करोड ३८ लाखलाई नोक्सानीमा समायोजन गर्नुपर्दछ ।

१००. **अस्वाभाविक ब्याज खर्च र नोक्सानी -** आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतका एक ईन्भेष्टमेन्ट कम्पनीले भगिनी सहकारी संस्थाबाट ४ आय वर्षमा रु.७८ करोड ५१ लाख ऋण लिएको छ । उक्त ऋणमा कम्पनीले औसत ब्याज १९.२८ प्रतिशतले ५ वर्षको ब्याज रु.३७ करोड ३० लाख खर्च लेखेको छ । उक्त ऋण मध्ये विभिन्न कम्पनीमा सोही ४ आय वर्षमा रु.४० करोड ८२ लाख लगानी गरी ४ वर्षको अवधिमा रु.५ लाख मात्र लाभांश प्राप्त गरेको देखाएको छ । सहकारी लगायत वित्तीय संस्थालाई तिरेको ब्याजको तुलनामा कम्पनीको प्राप्त आय अस्वाभाविक देखिएकोले लगानीको लागि सङ्कलित ऋणमा तिरेको आनुपातिक ब्याज रु.३७ करोड ३० लाखलाई अमान्य गरी नोक्सानीलाई समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

सापटी तथा ऋणको परिचालन

१०१. **ऋण पुँजी अनुपात** – करदाताको व्यवसाय सञ्चालनको मुख्य स्रोतको रुपमा ऋण पुँजी र शेयर पुँजीलाई लिने गरिन्छ । कर दायित्वमा प्रत्यक्ष असर गर्ने ऋण पुँजी र शेयर पुँजीको अनुपात अन्तर्राष्ट्रिय अभ्यास हेर्दा ३:१ सम्म कर प्रयोजनलाई मान्यता दिने व्यवस्था छ । यो वर्ष आय विवरण पेस गर्नेमध्ये केही करदाताको नमुना छनौट गरी परीक्षण गर्दा ऋणको अंश शेयर पुँजीभन्दा ११२ गुणासम्म रहेको देखियो । आयकर ऐन, २०५८ को दफा १४ अनुसार ऋणमा लागेको ब्याज खर्च कट्टी गर्न पाइने हुँदा करदाता शेयर पुँजीभन्दा ऋणतर्फ बढी आकर्षित भई पुँजी परिचालन गर्ने स्रोतको दुई विकल्पमध्ये ऋण पुँजी छनौट गरी ब्याज खर्चको मात्रा बढाउने र नाफा घटी देखाई कर दायित्व कम गर्ने स्थिति रहन्छ । केही करदाताको पुँजी तथा ऋणको अनुपात देहायअनुसार छ:

(रु.लाखमा)

कार्यालयको नाम	करदाता	आय वर्ष	कारोबार रकम	ऋण रकम	चुक्ता पुँजी	ऋण पुँजी अनुपात
ठूला करदाता कार्यालय, ललितपुर	एक मार्केटिङ	२०७१/७२	७५५२०	७७६	२५	३१:१
आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.१	एक कार्पेट	२०७२/७३	१८३४	४२३	४	१०६:१
आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.१	एक मार्केटिंग	२०७२/७३	३१०५	१७२३	२५	६९:१
आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.२	एक करदाता	२०७२/७३	१५८७	८६६१	१००	८६:१
आन्तरिक राजस्व कार्यालय, जनकपुर	एक स्टोर्स	२०७२/७३	२७५७	८९४	१	८९:१
आन्तरिक राजस्व कार्यालय,भक्तपुर	एक इन्टरनेसनल	२०७२/७३	१२६२	२८४	३	९४:१
करदाता सेवा कार्यालय,बालाजु	एक सप्लायर्स	२०७१/७२	२४७	२८४	५	५७:१
करदाता सेवा कार्यालय,महाराजगंज	एक जेभी	२०७२/७३	४८४	११२५	१०	११२:१

ऋण पुँजीको अनुपात तोक्ने विषयमा अध्ययन गरी कानुनमा समसामयिक सुधार हुनुपर्दछ ।

१०२. **अन्य प्रयोजनमा ऋण प्रयोग** - आयकर ऐन, २०५८ को दफा १४ मा कुनै व्यक्तिले कुनै आय वर्षमा व्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि आय आर्जन हुने कार्यका लागि सिर्जना भएको ऋणमा ब्याज कट्टी गर्न पाउने व्यवस्था रहेको छ । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ मा कसैले पनि बैङ्क वा वित्तीय संस्थाबाट जुन प्रयोजनको लागि कर्जा सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरी कर्जाको दुरुपयोग गर्नु वा गराउनु नहुने, यस्तो कसुर गरेमा रु.१ करोडभन्दा बढी बिगो भएको अवस्थामा तीनदेखि पाँच वर्षसम्म कैद हुन सक्ने प्रावधान रहेको छ । करदाताले व्यावसायिक प्रयोजनका लागि ऋण लिने तर उपयोग सम्बद्ध निकायलाई दिई अन्य प्रयोजनमा प्रयोग गरेको पाइयो ।

देहायबमोजिमका ४ कार्यालयका १६ करदाताले रु.३ अर्ब ९४ करोड ४९ लाख ऋण लिएर सापटी दिएको देखिन्छ । उक्त सापटी रकमबाट आय प्राप्त गरेको छैन । ऋण लिई ब्याज खर्च दाबी गर्ने तर अन्यत्र गरेको लगानीको आय नदेखाएकोले औसत ब्याजदरको आधारमा हुने ब्याज रकम रु.६१ करोड ९ लाख अमान्य गरी रु.९ करोड ७९ लाख कर असुल गर्न एवं रु.४ करोड ४२ लाख नोक्सानी समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

(रु.लाखमा)

कार्यालय	करदाताको नाम	आय वर्ष	ऋण रकम	सापटी रकम	ब्याज रकम	कर रकम	नोक्सानी समायोजन
ठूला करदाता कार्यालय, ललितपुर	एक कलेज	२०७०/७१	१९१४	२८९१	२२६	५७	०
	एक डेभलपर्स	२०७०/७१ २०७१/७२	३२९६	२४३४	६१०	१५२	०
	एक होम्स	२०६९/७०	२६५६५	१२५१	२००	५०	०
	एक उद्योग	२०७१/७२	४५७३	११७८	१०६	२१	०
	एक डिस्टलरी	२०७१/७२	८३३	१८५५	३४०	१००	०
	अर्को डिस्टीलरी	२०७२/७३	१६५२	१४७५	१२६	३८	०
	एक एअर लाइन्स	२०७२/७३	१५१११	४५३१	३४९	०	३४९
	एक करदाता	२०७२/७३	८५४	२५३५	५०	१३	०
	एक करदाता	२०७२/७३	१८२३८	६८८	४५	११	०
	एक डिष्टिव्युटर्स	२०७१.७२	२३०९७	४६२४	३५०	८८	०
	एक होल्डिङ	२०७१/७२	३८६५	६०५६	१०४	२६	०
आन्तरिक राजस्व कार्यालय, भैरहवा	एक पोलिमर्स	२०७२/७३	८७८९	५५१	५०	१०	०
आन्तरिक राजस्व कार्यालय क्षेत्र नं ३	एक मेनेजमेन्ट	२०७२/७३	१४११	१५९२	१६७०	४२	०
	एक इन्भेस्टमेन्ट	२०७२/७३	१२४४	१०५६	९३	०	९३
	एक अपार्टमेन्ट	४ आ.व	२५८३	१६०१	१२९४	२४७	०
आन्तरिक राजस्व कार्यालय, ललितपुर	एक होटल	२०७२/७३	५२२६	५१३१	४९६	१२४	०
जम्मा			**११९२५१**	**३९४४९**	**६१०९**	**९७९**	**४४२**

एक प्रयोजनका लागि लिएको ऋण प्रयोजन बाहिर खर्च गरेको विषयमा बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अनुसार छानबिन समेत गर्नुपर्दछ ।

१०३. **सञ्चालक सापटी** – आन्तरिक राजस्व विभागको २०६९।९।२९ को परिपत्रमा सञ्चालकबाट प्राप्त सापटी रकम बैङ्कमार्फत प्राप्त हुनुपर्ने, सापटीको स्रोत यकिन गरी सापटी लगानीको रकममा कानुनअनुसार कर दाखिला भए नभएको विश्लेषण गर्नुपर्ने उल्लेख गरेको छ । करदाताहरुले कार्यालयमा पेस गरेको वित्तीय विवरणका आधारमा ठूला करदाता कार्यालय लगायत ७ कार्यालय अन्तर्गतका ३७ करदाताले रु.१ अर्ब ३० करोड ८० लाख सञ्चालकबाट निःशुल्क सापटी लिएको देखिन्छ । यो सापटीको स्रोत खुलाई लगानी नगरेकोले कर तिरी आर्जन गरेको रकमबाट स्रोत उपलब्ध गराएको विषयमा छानबिन समेत गरेको छैन । यस सम्बन्धमा २०७३।२।२४ को सार्वजनिक लेखा समितिले नियन्त्रणका विभिन्न उपकरणहरुको प्रयोग गर्ने र बैङ्कमार्फत कारोबार गराउने लगायतका सुधारका उपाय अवलम्बन गर्ने निर्णय गरेकोमा सोअनुरुप हुन सकेको छैन ।

१०४. **नियन्त्रणमा परिवर्तन** – आयकर ऐन,२०५८ को दफा ५७(१) अनुसार विगत ३ वर्षको स्वामित्वको तुलनामा ५० प्रतिशत वा सोभन्दा बढी स्वामित्व परिवर्तन भएमा सो निकायले आफ्नो स्वामित्वको सम्पत्ती वा आफूले वहन गरेको दायित्व निसर्ग गरेको मानिने व्यवस्था छ । त्यस्तो निसर्गलाई दफा ४१ अनुसार थमौती सहितको निसर्ग मानिने व्यवस्था रहेको, दफा ५७ (२) अनुसार स्वामित्व परिवर्तन हुनुभन्दा अघि सो निकायलाई हुन गएको नोक्सानी दफा २० अनुसार कट्टा गर्न नपाउने र निसर्ग हुँदा सम्पत्तिको हकमा बजार मूल्यअनुसार मूल्यांकन भएको र दायित्वको हकमा बजार मूल्यअनुसारको निसर्ग भएको मानिने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ ।

(रु.लाखमा)

क्र.सं	कार्यालय	करदाता	नोक्सानी समायोजन गर्नुपर्ने	नपाउने नोक्सानी कट्टी पश्चात्का लाभमा हुने कर	बजार मूल्य कायम गर्नुपर्ने	थमौती सहितको निसर्गमा लाभ गणना	दफा ९५ क(२) ख अनुसारको लाभ
१	आन्तरिक राजस्व कार्यालय, पोखरा	४	२७४	०	०	१०	२०
२	आन्तरिक राजस्व कार्यालय, ललितपुर	८	२४८५	४३	०	१०८	१००
३	करदाता सेवा कार्यालय, टंगाल	२	४०९	१४	०	१०	०
४	आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.३	२	०	०	०	२९०	१७३
५	करदाता सेवा कार्यालय, महाराजगंज	१	७	५६	०	०	०
६	आन्तरिक राजस्व कार्यालय, भैरहवा	३	०	०	९०६	०	०
७	आन्तरिक राजस्व कार्यालय, बुटवल	२	०	०	०	०	१
८	आन्तरिक राजस्व कार्यालय,कृष्णनगर	२	०	७	०	०	१
९	आन्तरिक राजस्व कार्यालय,धरान	२	६८४	०	०	०	०
१०	आन्तरिक राजस्व कार्यालय,हेटौडा	१	२०२	०	१२८	०	०
११	आन्तरिक राजस्व कार्यालय, भद्रपुर	२	५०५	०	०	०	०
१२	आन्तरिक राजस्व कार्यालय,विराटनगर	११	५०६	९८०	११००		०
१३	ठूला करदाता कार्यालय	६	१०६०४	८२	१०४१	२७९	२४
	जम्मा	**४६**	**१५६७६**	**११८२**	**३१७५**	**६९७**	**३१९**

उल्लिखित तालिकाबमोजिम १३ कार्यालयका ४६ करदाताको ऐनको दफा ५७(२) बमोजिम नोक्सानी समायोजन गर्नुपर्ने रु.१ अर्ब ५६ करोड ७६ लाख, ऐनको दफा २० अनुसार नपाउने नोक्सानी कट्टी पश्चात् कायम हुने लाभमा हुने कर रु.११ करोड ८२ लाख, सम्पत्तिको बजार मूल्य कायम गर्नुपर्ने रु.३१ करोड ७५ लाख, दफा ४० र ४१ को थमौतीसहितको निसर्गमा हुने लाभबाट प्राप्त हुने कर रु.६ करोड ९७ लाख र दफा ९५ क (२) ख अनुसारको लाभमा सिर्जित कर रु.३ करोड १९ लाख असुल गर्न छानबिन गरी नोक्सानी समायोजन गर्न र सम्पत्तिको पुर्नमूल्याङ्कन गरी कर निर्धारण गरिनुपर्दछ। यससम्बन्धी मुख्य व्यहोरा निम्नानुसार छन्:

१०४.१ ठूला करदाता कार्यालयअन्तर्गत एक ग्याँस उद्योगले २०६९।७० मा ५० प्रतिशत स्वामित्व परिवर्तन गराएकोमा स्वामित्व परिवर्तन अघिपछिको छुट्टै आर्थिक वर्षको रुपमा आय विवरण पेस गरेको छैन। स्वामित्व परिवर्तन अघिको रु.९ करोड ५६ लाख नोक्सानीलाई ऐनको दफा २० अनुसार दाबी गर्न नमिल्नेमा दाबी गरेकोले उक्त नोक्सानी अमान्य गर्दा लाग्ने कर रु.२ करोड ३९ लाख असुल गर्न कर निर्धारण गर्नुपर्दछ। त्यस्तै अर्को ग्याँस उद्योगले सम्बद्ध व्यक्तिहरुलाई सम्पत्ति बिक्री गरी नोक्सानी कायम गरेको रु.३ करोड १३ लाखलाई अमान्य गर्दा लाग्ने कर रु.७८ लाखमा शुल्क तथा ब्याज समेत असुल गर्नुपर्दछ।

१०४.२ ठूला करदाता कार्यालयअन्तर्गतको एक सिमेन्ट प्रा.लि.को स्वामित्वको शत प्रतिशत शेयर एक समूहले खरिद गरेकोमा स्वामित्व परिवर्तन अघिको नोक्सानी कट्टी गर्न नपाउनेमा रु.३७ करोड ४८ लाख दाबी गरेकोले उक्त नोक्सानी समायोजन गरी कर निर्धारण गर्नुपर्दछ।

१०४.३ आन्तरिक राजस्व कार्यालय, ललितपुरको कार्यक्षेत्रमा पर्ने एक डेभलपर्सको आय वर्ष २०७०।७१ मा रु.८ करोड ९३ लाख मूल्य बराबरको जग्गा रहेकोमा सो जग्गा स्वामित्व परिवर्तनपश्चात् रु.१ करोड ५० लाखको जग्गालाई रु.२ करोड ३९ लाखमा बिक्री गरेको र बाँकी जग्गाको मूल्य रु.७ करोड १६ लाखलाई अन्तिम मौज्दातमा खुलासा गरेको छ। स्वामित्व परिवर्तन गर्दा निसर्ग भएको जग्गामा ६७ प्रतिशत मूल्य वृद्धि गरेकोले मौज्दातको जग्गा पनि सोही अनुपातले रु.४ करोड ८४ लाख लाभ कायम गर्नुपर्नेमा तद्अनुसार नगरेकोले कर निर्धारण गर्दा कायम भएको नोक्सानी रु ५६ लाख समायोजन गरी हुने करयोग्य आय रु.४ करोड २६ लाखको लाग्ने कर रु.१ करोड ७ लाख र सोमा लाग्ने शुल्क तथा जरिबानासमेत असुल गर्नुपर्दछ।

१०४.४ आन्तरिक राजस्व कार्यालय, ललितपुरअन्तर्गतको एक रिसर्च सेन्टर रु.२ करोड ५० लाखको शेयर रु.९ करोडमा अर्को रिसर्च सेन्टरले खरिद गरेको छ। धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको हितको निसर्गबाट प्राप्त लाभमा १५ प्रतिशतले कर कट्टी गरेको नदेखिएकोले रु.६ करोड ५० लाखमा लाग्ने कर रु.९८ लाख र आन्तरिक राजस्व कार्यालय क्षेत्र नम्बर ३ का एक करदाताको संस्थापक शेयरको स्वामित्व परिवर्तन भएको अवस्थामा नेपाल स्टक एक्स्चेन्जमा भएको कारोबारको औसत मूल्य प्रति शेयर रु.१८५ ले ८ लाख १३ हजार १७४ कित्ता शेयरको बजार मूल्य रु.१५ करोड ४ लाखमा लागत रु.८ करोड १३ लाख

समायोजन गर्दा हुने लाभमा कर रु.१ करोड ७३ लाख समेत रु.२ करोड ७१ लाखमा शुल्क तथा ब्याज गणना गरी असुल गर्नुपर्दछ ।

१०४.५ हितको निसर्ग भई स्वामित्व परिवर्तन हुँदा सम्पत्तिको पुनर्मूल्याङ्कन गर्नुपर्ने हुन्छ । आन्तरिक राजस्व कार्यालय, भैरहवाका ३ करदाताले जग्गा लगायतका सम्पत्ति रु.९ करोड ६ लाख, आन्तरिक राजस्व कार्यालय, विराटनगरअन्तर्गतका २ करदाताको रु.११ करोड, आन्तरिक राजस्व कार्यालय, हेटौडा अन्तर्गतको एक ग्याँस प्रा.लि.को रु.१ करोड २८ लाख, ठूला करदाता कार्यालयअन्तर्गतको एक ग्याँस प्रा.लि.ले जग्गा र अन्य संरचना रु.१० करोड ४१ लाखसमेत कुल सम्पत्ति रु.३१ करोड ७५ लाखलाई प्रचलित बजार दरमा गणना नगरी साबिक मूल्यमा नै लेखाङ्कन गरेकोले सम्पत्तिको वास्तविक कारोबार मूल्यका सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

१०४.६ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.३ का एक ग्याँस उद्योगले स्वामित्व परिवर्तन गर्दा ग्याँस सिलिण्डरको मूल्य बढाएको तर जग्गाको मूल्यमा कुनै परिवर्तन गरेको छैन । यस सम्बन्धमा छानबिन गरी ऐनको दफा ४० बमोजिम सम्पत्तिको निसर्ग आय मानी लाग्ने आयकर रु.२ करोड ९० लाख, ठूला करदाता कार्यालय अन्तर्गतका एक स्पिनिङ मिल्सको दफा ४१ बमोजिम सम्पत्ति तथा दायित्वलाई निसर्ग सरह आय मानी लाग्ने कर रु.२ करोड ८० लाख समेत २ करदाताको रु.५ करोड ७० लाख छानबिन गरी असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

१०४.७ आयकर ऐन, २०५८ को दफा ११७ बमोजिम आय विवरण तोकेको समयमा नबुझाएमा कारोबार रकमको ०.१ प्रतिशत प्रति वर्षको दरले शुल्क तथा ब्याज असुल गर्नुपर्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, जनकपुरअन्तर्गतको एक मेडिकल कलेजले आय वर्ष २०६७।६८ देखि २०७०।७१ सम्म ४ आय वर्षको आय विवरण समयमा नबुझाई २०७२।९।२९ मा मात्र बुझाएकोले ढिला गरी दाखिला भएको प्रति वर्षको आधारमा छुट भएको शुल्क रु.२० लाखमा ब्याजसमेत गणना गरी असुल हुनुपर्दछ । सोही करदाताले आयकर ऐन, २०५८ को दफा ५७ अनुसार निसर्ग भएको सम्पत्तिको ह्रास खर्च कटाई बाँकी रहेको मूल्यलाई आधार लिई गणना गर्नुपर्नेमा २०६६।६७ मा निमार्ण भएको तथा निर्माणाधीन अवस्थामा रहेको रु.५५ करोड १७ लाखको भवनलाई प्रयोगको आधारमा ह्रास खर्च दाबी गर्नुपर्नेमा स्वामित्व परिवर्तन अर्थात् २०७१।७२ सम्म ह्रास खर्च दाबी गरेको छैन । उक्त ह्रास खर्च दाबी गर्दा नोक्सानी बढ्ने, यस्तो नोक्सानी स्वामित्व परिवर्तन पछि सार्न नपाइने कानुनी व्यवस्थाको आधारमा उक्त सम्पत्तिमा ५ वर्षको अवधिमा ह्रास खर्च दाबी नगरेको रु.१३ करोड ७८ लाखलाई सम्पत्तिमा चारित्रीकरण गरी स्वामित्व परिवर्तनपश्चात् जिम्मेवारी सार्न नदिन छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१०४.८ ठूला करदाता कार्यालयले एक हाइड्रो पावर कम्पनीको २०६८।६९ मा स्वामित्व परिवर्तन भएको यकिन गरी जग्गा तथा सम्पत्तिको बजार मूल्यको गणना गर्न एक लेखा विशेषज्ञ नियुक्त गरेको थियो । विशेषज्ञको प्रतिवेदनमा जग्गाको मूल्याङ्कन मालपोतको न्यूनतम मूल्याङ्कनको आधारमा थापाथलीको रु.१२ लाख र धापासीको रु.१ लाख ९५ हजार प्रति आनाको दरले गणना गरेको उल्लेख छ । सरकारी मूल्यकै आधारमा जग्गाको मूल्याङ्कन गर्न परामर्शदाता लिएको देखियो । मालपोत कार्यालयको अभिलेखअनुसार थापाथलीमा प्रति आना रु.६० लाख र धापासीमा प्रति आना रु.७ लाख ५० हजारसम्मको कारोबार भएको देखिँदा बजार मूल्यलाई आधार लिई मूल्याङ्कन गर्दा थापाथलीको रु.५८ करोड ८० लाख र धापासीको रु.३१ करोड ५० लाखसमेत कुल मूल्य रु.९० करोड ३० लाख हुन आउँछ । कार्यालयले गरेको संशोधित कर निर्धारणमा कायम भएको मूल्य बजार मूल्यभन्दा रु.२० करोड ४५ लाख न्यून गरी गणना गरेको सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गनुपर्दछ ।

१०५. **ब्याजको पुँजीकरण** – आयकर ऐन, २०५८ को दफा १४ मा व्यवसायको आय आर्जनको लागि सिर्जना भएको ऋणको ब्याज खर्च कट्टी गर्न पाउने र उपदफा १(क) अनुसार आय वर्षमा प्रयोग गरिएको सम्पत्ति खरिद गर्न प्रयोग गरिएको ऋणमा लागेको ब्याज खर्च कट्टी गर्न पाउने व्यवस्था छ । ठूला करदाता कार्यालय सहित ११ कार्यालयअन्तर्गत १६ करदाताले प्रयोगमा नआइसकेको भवन निर्माण तथा जग्गामा प्रयोग भएको ऋण रु.२ अर्ब ६ करोड ९७ लाखको ब्याज खर्च रु.१६ करोड ७१ लाख सम्बन्धित सम्पत्तिमा पुँजीकरण नगरी खर्च कट्टी लिएकोले ८ करदाताको रु.१३ करोड ८ लाख नोक्सानीमा समायोजन गरी बाँकी ८ करदाताको

रु.३ करोड ६३ लाख खर्च कट्टी अमान्य गर्दा हुने आयको कर रु.८५ लाख ब्याज तथा शुल्क समेत कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

(रु.लाखमा)

कार्यालयको नाम	करदाताको नाम	पुँजीकरण गर्नुपर्ने ऋण रकम	औसत दरले हुने ब्याज	असुल गर्नुपर्ने कर
आन्तरिक राजस्व कार्यालय, बुटवल	एक प्रा.लि.	१९१	१२	३
आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१	एक करदाता	३००	२८	७
आन्तरिक राजस्व कार्यालय, भैरहवा	एक एग्रो	१६५५	४८	नोक्सानी
आन्तरिक राजस्व कार्यालय, क्षेत्र ३	एक हस्पिटल	१८७	१७	३
	एक डेन्टल	८८३	९४	२३
	एक आर्युवेद	१०६७५	९२३	नोक्सानी समायोजन
ठूला करदाता कार्यालय	एक उद्योग	५२७	६	नोक्सानी समायोजन
करदाता सेवा कार्यालय, टंगाल	एक करदाता	११७३	३३	८
आन्तरिक राजस्व कार्यालय, विराटनगर	एक करदाता	२४०	२५	नोक्सानी समायोजन
आन्तरिक राजस्व कार्यालय, ललितपुर	एक करदाता	५००	७५	१५
	एक करदाता	९२४	६४	१६
	एक करदाता	८९०	१३	नोक्सानी समायोजन
	एक करदाता	१७८४	२५१	नोक्सानी समायोजन
आन्तरिक राजस्व कार्यालय, पोखरा	एक करदाता	३८०	४०	१०
	एक करदाता	२४८	२२	नोक्सानी समायोजन
	एक करदाता	१४०	२०	नोक्सानी समायोजन
जम्मा		**२०६९७**	**१६७१**	

ठूला करदाता कार्यालयअन्तर्गतको दाना उत्पादन गर्ने एक उद्योगले मोरङको टंकीसिनवारीमा २०६९।७० मा जग्गा लिजमा लिई उद्योग सञ्चालनमा ल्याएकोमा उद्योगको आफ्नो स्वामित्वमा कुनै सम्पत्ति नरहेको वित्तीय विवरणबाट खुलासा गरेको छ । करदाताले २०७१ आषाढमा आएर मात्र जग्गा खरिद गरेको विवरण पेस गरेको छ । तर करदाताले २०६९।७० मा नै भवन निर्माण वापत्त रु.५ करोड ७९ लाख पुँजीकरण गरेको देखिन्छ । यसरी जग्गा नै खरिद नभइसकेको अवस्थामा भवन निर्माणको ठूलो रकम पुँजीकरण गरेको र भवन निर्माणको लागि ठेक्का वा निर्माण समाग्री खरिद खर्च सान्दर्भिक रुपमा दाबी गरेको नदेखिएकोले स्थिर सम्पत्तिमा गरेको पुँजीकरण विश्वसनीय देखिएन । करदाताले पुँजीकरण गरेको सम्पत्ति रु.५ करोड ७९ लाखको यर्थाथता सम्बन्धमा छानबिन गरी आयकर ऐन, २०५८ को दफा ४० अनुसार निर्सग मानी करयोग्य आयमा समावेश गर्दा लाग्ने कर रु.१ करोड ४५ लाखमा शुल्क तथा ब्याज निर्धारण गरी असुल गर्नुपर्दछ ।

आय तथा खर्चको खण्डीकरण

१०६. **आयको खण्डीकरण** – आयकर ऐन, २०५८ को दफा ३४ अनुसार कुनै व्यक्तिले आफ्नो आय अर्को व्यक्तिसँग मिलान गरी करमा कमी आउने देखिएमा दायित्व घटी हुन नदिन विभागले कट्टी गरिने रकम समायोजन गर्नसक्ने व्यवस्था छ । यससम्बन्धी व्यहोरा निम्नानुसार छन्:

१०६.१ आन्तरिक राजस्व कार्यालय, पर्सामा दर्ता भई रु.३५ हजार शेयर पुँजी रहेको एक करदाताले २०७२।७३ र २०७१।७२ मा आफ्नै १० भगिनी संस्थाबाट क्रमश: रु.३ करोड ९१ लाख र रु.३ करोड ७७ लाखसमेत रु.७ करोड ६८ लाख सेवा शुल्क दाबी गरेको छ । करदाताका भगिनी संस्थाहरुले पनि प्रशासकीय खर्च अन्तर्गत तलब भत्ता, कार्यालय सञ्चालन खर्च लेखेको अवस्थामा कम्पनीले पनि सोही प्रकृतिको खर्च लेखी एकै प्रयोजनमा सम्बद्ध कम्पनीहरुले २ निकायबाट खर्च लेखेको अवस्था देखिएकोले थप छानबिन गरी कम्पनीले खर्च लेखेकोमध्ये २०७२।७३ र २०७१।७२ को तलब भत्ता क्रमश: रु.२ करोड ४७ लाख र रु.२ करोड ४१ लाखसमेत रु.४ करोड ८८ लाख लाई करयोग्य आयमा समावेश गरी लाग्ने कर रु.१ करोड २२ लाखमा शुल्कसमेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

१०६.२ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतका ४ करदाता एकै परिवारको र एकै स्थानका रहेका छन् । ती करदाताले मोबाईलको खरिद बिक्री कारोबार गरेकोमा तलब भत्ता, जनरल खर्च, अफिस भाडा, अन्य खर्च लगायतमा पहिलोले रु.१ करोड ६६ लाख, दोस्रोले रु.३२ लाख, तेस्रोले रु.१ करोड ७३ लाख र चौथोले ९ लाख खर्च लेखेका छन ।

ती व्यवसायीमध्ये पहिलो प्रा.लि.को पुरै बिक्री दोस्रो र तेस्रो करदातासँग भएको, दोस्रो र तेस्रो करदाताको सम्पर्क टेलिफोन एउटै रहेको, पछिल्लो ३ फर्म एकै परिवारको रहेको अवस्थामा यी सबै व्यावसायिक कारोबारमा सम्बद्ध व्यक्तिहरुबीच मध्यस्थ निकायको रुपमा रहेको देखिएकोले पहिलो प्रा.लि.ले दोस्रो दुई एकलौटी फर्मलाई मात्र बिक्री गरेको अवस्थामा छानबिन गरी दोस्रो र तेस्रोको तलब खर्च दाबीबाट परेको कर दायित्व रु.२३ लाख यकिन गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ । त्यस्तै सोही सम्बद्ध कम्पनीको एक इन्टरप्राइजेजले एक कलेक्सनलाई रु.२ करोड ३२ लाख तिर्न बाँकी देखाएकोमा उक्त कलेक्सन प्रा.लि.ले लिनुपर्ने नदेखाएकोले आयकर ऐन, २०५८ कोदफा ४० अनुसार दायित्व निसर्ग मानी रु.५८ लाख कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

१०६.३ आयकर ऐन, २०५८ को दफा ८७ अनुसार रोजगारदाताले रोजगारीबाट कुनै कर्मचारी वा कामदारले प्राप्त गरेको आयको गणना गर्दा र कर कट्टी गर्दा आयकर नियमावली, २०५९ को नियम २३ अनुसार कारोबार गर्नु अगावै स्थायी लेखा नम्बर लिनुपर्ने र सामाजिक सुरक्षा कोष नियमावली, २०६७ अनुसार सामाजिक सुरक्षा कोषले योगदानकर्ताहरुलाई परिचयपत्र प्रदान गर्ने व्यवस्था समेत रहेको छ । ठूला करदाता कार्यालयको कार्य क्षेत्रमा पर्ने एक सहकारी संस्थाको २०७२।७३ मा कुल आय रु.४९ करोड ४४ लाखमध्ये ब्याज आय रु.३० करोड २ लाख रहेको छ । सो आम्दानी गर्न कर्मचारीको तलब भत्तामा मात्र रकम रु.५ करोड २७ लाख खर्च दाबी गरेको छ । सो बाहेक सङ्कलन ज्याला रु.२७ करोड ५२ लाख खर्च गरी सोको १ प्रतिशत सामाजिक सुरक्षा कर रु.२७ लाख दाखिला गरेको छ । कर्मचारीलाई तलबभत्ता खर्च लेखिसकेपछि यस्तो ज्याला खर्च भुक्तानी गर्दा कट्टी भएको सामाजिक सेवा शुल्क सोही महिनामा दाखिला नगरी २०७३ आषाढमा रु.१२ लाख र बाँकी रु.१३ लाखलाई २०७३।९।३० मा दाखिला गरेकोले सोको १ प्रतिशतले हुने खर्च रु.१३ करोड करदाताको कार्य प्रकृतिको आधारमा अस्वभाविक देखिएको, सामाजिक सेवा शुल्क तिर्दैमा खर्चको वैधानिकता नदेखिएकोले बैंकिङ्ग पद्धतिबाट भएको भुक्तानी एवं कर्मचारीको नियुक्ति सम्बन्धमा थप छानबिन गरी दाबी लिएको अवास्तविक खर्च दाबी गर्न नमिल्ने देखिएकोले रु.२ करोड ६० लाखमा शुल्क ब्याजसमेत गणना गरी कर निर्धारण गर्नुपर्दछ ।

१०६.४ आयकर ऐन, २०५८ को दफा १३ अनुसार आय आर्जनको सिलसिलामा भएको खर्च कट्टी पाउने व्यवस्था छ । ठूला करदाता कार्यालयमा दर्ता रहेको विविध वस्तुको कारोबार गर्ने एक करदाताले उत्पादन ज्याला, प्रशासनिक शिरोभार खर्च, तलब भत्ता, कार्यक्रम सञ्चालन, बिक्री वितरणमा विज्ञापन खर्च लेखिसकेपछि बिक्री व्यवस्थापन शुल्क उल्लेख गरी भगिनी संस्थालाई रु.५ करोड १३ लाख खर्च लेखेकोमा सो खर्चको प्रयोजन खुलेको छैन । करदाताले सबै शीर्षकगत रुपमा खर्च लेखिसकेपछि ऐनको दफा ३४ अनुसार खर्चको खण्डीकरण गरेर उक्त खर्च लेखेको सम्बन्धमा थप छानबिन गरी सो रकमलाई करयोग्य आयमा समावेश गरेर ३० प्रतिशत कर रु.१ करोड ५४ लाखमा शुल्कसमेत असुल हुनुपर्दछ ।

कर कानुनको पालना

१०७. **कारोबारबाट पलायन** – आयकर ऐन, २०५८ को दफा ९६ अनुसार आय वर्ष समाप्त भएको ३ महिनाभित्र स्वयमकर निर्धारण गरी आय विवरण पेस गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१०७.१ आन्तरिक राजस्व कार्यालय, काठमाडौँ क्षेत्र नं.३, कृष्णनगर र धनगढी, करदाता सेवा कार्यालय महाराजगन्जको कार्य क्षेत्रभित्र दर्ता भई स्थायी लेखा नम्बर लिएका तरकारी, फलफूल अन्य खाद्यान्न लगायतका वस्तु आयात गर्ने करदाताले २०७२।७३ मा रु.१ अर्ब २४ करोड ५ लाख मूल्य बराबरको आयात गरेको भन्सार तथ्याङ्कबाट देखिन्छ । करदाताहरुले दर्ता मितिदेखि आय विवरण र लाग्ने करसमेत दाखिला गरेको छैन । अर्बौंको कारोबार गर्ने करदाताले आय विवरण र लाग्ने कर दाखिला नगरी कारोबार नै छाडेर पलायन भएको पाइयो । यस सम्बन्धमा कार्यालयबाट अनुगमन गरेको समेत देखिँदैन । आयकर ऐन, २०५८

बमोजिम आवश्यक कारबाही गरी अनुसूची १ अनुसार कारोबार रकमको ०.७५ प्रतिशतले हुने रु.९३ लाख कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

१०७.२ आन्तरिक राजस्व कार्यालय, विराटनगरको कार्य क्षेत्रमा दर्ता भई अलैँची लगायतका कृषिजन्य सामग्री बिक्री गर्ने ४ करदाताले २०७२।७३ र २०७३।७४ मा रु.१ अर्ब २१ करोड ६ लाखको निकासी गरेको भन्सार तथ्याङ्कबाट देखिएको छ । यी करदाताले आय विवरण पेस नगरेकोले छानबिन गरी कर निर्धारण गर्नुपर्दछ । कर निर्धारण नभएको अवस्थामा आयकर ऐन, २०५८ को अनुसूची १ अनुसार कारोबारमा आधारित कर रु.९१ लाख असुल गर्नुपर्दछ ।

१०७.३ आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम प्रत्येक व्यक्तिले आय वर्ष समाप्त भएको ३ महिनाभित्र दफा ९७, ९८ र १०० को अधिनमा रही सो वर्षको आय विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणका लागि छनौटमा परेका १४ कार्यालयका १०० करदाताले २०७०।७१ देखि २०७२।७३ सम्म ३४ वर्षको आय विवरण पेस गर्नुपर्नेमा करदाताले मूल्य अभिवृद्धि करतर्फ विवरण पेस गरे तापनि आयकरतर्फ रु.४ अर्ब ७२ करोड ३३ लाखको आय विवरण पेस गरेका छैनन् । कर निर्धारण नभएको अवस्थामा आयकर ऐन, २०५८ को अनुसूची १ अनुसार कारोबार रकमको ०.७५ प्रतिशतले हुने कर रु.३ करोड ५५ लाख निर्धारण गरी असुल गर्नुपर्दछ ।

१०८. **फरक आय** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा विगत १२ महिनामा वस्तुको हकमा रु.५० लाख र वस्तु तथा सेवा मिश्रित कारोबार गर्नेले रु.२० लाखभन्दा बढीको कारोबार मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने व्यवस्था छ । करदाताहरुले पेस गरेको अनुसूची १३ एवं मिसम्याच रिपोर्टको आधारमा ७ आन्तरिक राजस्व कार्यालयका ४५ करदाताले विभिन्न करदातासँग रु.२० लाखदेखि रु.१ करोड ६४ लाखसम्म खरिद बिक्री गरी कुल रु.२७ करोड २३ लाखको कारोबार गरेको देखिन्छ । उक्त खरिद गर्ने करदाता मूल्य अभिवृद्धि करमा दर्ता नभई डे१ को विवरण पेस गरेको देखियो । मूल्य अभिवृद्धि कर लाग्ने सीमाभन्दा बढी रकममा लाग्ने मूल्य अभिवृद्धि कर रु.३ करोड ५४ लाख र आयकर रु.६ करोड ८१ लाखसमेत रु.१० करोड ३५ लाखमा ब्याज, थप दस्तुर तथा जरिबानासमेत छानबिन गरी असुल गर्नुपर्दछ । फरक आय देखाउने अन्य करदाताको कारोबारलाई समेत छानबिन गरी कर यकिन गर्नुपर्दछ ।

१०९. **शंकास्पद कारोबार** – मूल्य अभिवृद्धि कर ऐन, २०५८ को दफा १७ अनुसार दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोबारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको कर आफूले उठाएको करबाट कट्टी गरी बाँकी कर दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ र आयकर ऐन, २०५८ को दफा ९६ अनुसार आय विवरण बुझाउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

१०९.१ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गत २०७२।४।१३ मा दर्ता भएका ३ करदाताको कारोबार परीक्षण गर्दा २०७२ श्रावणदेखि २०७४ श्रावण २५ सम्मको मूल्य अभिवृद्धि करको मासिक विवरणमा सामान्य रुपले खरिद बिक्री देखाई क्रेडिट विवरण पेस गर्दै आएकोमा २०७४ को तेस्रो चौमासिक देखि ३ वटै करदाता नन्फाइलर रहेका छन् । करदाताले आय विवरण पेस नगरेको र किस्तालगायतका कर दाखिला गरेका छैनन् । यी करदाताले भन्सार नाकाबाट सामान आयात नगरेको र स्थानीय बजारबाट समेत सामान खरिद गरेको व्यहोरा बिक्री गर्ने करदाताबाट रिपोर्टिङ नभएकोले करदाताको कारोबार शंकास्पद देखिएको छ । यस सम्बन्धमा आन्तरिक राजस्व कार्यालयसँग छलफल गर्दा यी कारोबार गर्ने करदाता वास्तविक करदाता नभई सामान्य व्यक्तिलाई जनही रु.५ हजार दिई नागरिकता लिएर फर्म दर्ता गराएको, फर्मको कारोबारबारे ती प्रोपाइटरलाई कुनै जानकारी नभएको निजहरुले दिएको साबिति बयानबाट देखिएको जनाएको छ । कारोबार गर्ने व्यक्ति ती फर्मका बजार प्रतिनिधिको रुपमा २ व्यक्तिले एक फाइनान्सबाट कारोबार गरेकोमा कार्यालयबाट छानबिनको लागि खोजी गर्दा सम्पर्कमा नरहेकोले पक्राउको लागि प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागलाई पत्राचार गरेकोसम्म देखिएको छ । व्यावसायिक विषयमा जानकारी नभएका व्यक्तिको नाममा फर्म दर्ता गराएको, सामान खरिदको स्रोत र विवरणबेगर बिक्री देखाएकोले यस्ता शंस्कास्पद कारोबारमा छानबिन गरी करदाताले देखाएको ३ वर्षको बिक्री रु.१ अर्ब १ करोड ७७ लाखको मूल्य अभिवृद्धि कर क्रेडिट लिएको रु.१३ करोड २३ लाख अमान्य गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

शंकास्पद कारोबार गर्ने यस्ता करदातासँग खरिद कारोबार देखाई मूल्य अभिवृद्धि कर क्रेडिट हिसाबलाई बिक्रीबाट समायोजन गर्ने यी फर्महरुको कारोबार पनि शंकास्पद नै रहेको छ । तसर्थ करदातासँग खरिद गरेर लागत तथा मूल्य अभिवृद्धि कर क्रेडिट दाबी गर्ने २८६ करदाताका कारोबार पनि शंकास्पद देखिएकोले ती करदाताको खरिद रु.१५ करोड ५६ लाखमा आयकर तथा मूल्य अभिवृद्धि कर असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

१०९.२ आन्तरिक राजस्व कार्यालय, वीरगन्जअन्तर्गत आय विवरण नबुझाएका ३ करदाता (एक ट्रेड एण्ड सप्लायर्स, एक ट्रेड कन्सर्न र एक सप्लायर्स) ले नक्कली बीजक जारी गरी कर छली गरेको रु.३३ करोड ४५ लाखको कारोबारको विषयमा राजस्व अनुसन्धान विभागले छानबिन गरी रहेको देखिँदा मूल्य अभिवृद्धि करका विषयमा उल्लेख गरिएको छैन । तर ती शंकास्पद कारोबार गर्ने करदातासँग खरिद कारोबार गर्ने ४० करदाता आन्तरिक राजस्व विभागको मिसम्याच पोर्टलबाट देखिएका छन् । यी ४० करदातासँग भएको कारोबार रु.१४ करोड ७ लाख पनि शंकास्पद देखिएकोले सोमा रु.१ करोड ८३ लाख मूल्य अभिवृद्धि कर क्रेडिट दाबीको वास्तविकता छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

११०. **अवास्तविक सापटी** – आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतका एक हाउजिङ्ग कम्पनीले अर्को हाउजिङ्ग कम्पनीलाई २०६९।७० मा रु.९ करोड ३० लाख र २०७०।७१ मा रु.१० करोड ५५ लाख सापटी देखाएकोमा उक्त हाउजिङ्ग कम्पनीले २०७०।७१ मा रु.३ करोड ५१ लाख र २०६९।७० मा रु.३ करोड ४६ मात्र वित्तीय विवरणमा देखाएको छ । करदाताको सापटी यथार्थपरक नदेखिएकोले थप छानबिन गरी आयकर ऐन, २०५८ को दफा ४० अनुसार निसर्ग आय कायम गरी रु.१ करोड ७६ लाख कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

१११. **जगेडा कोष** - सहकारी निर्देशिका अनुसार जगेडा कोषको ५० प्रतिशत र पुँजी समेत हिसाब गर्दा १:१.१० सम्म पुँजी परिचालन गरी स्थायी सम्पत्ति खरिद गर्न पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, काठमाडौँ क्षेत्र नं. १ अन्तर्गत सहकारी सञ्चालन गर्ने दुई करदाताको लेखा टिप्पणी ३ ग मा भवन निर्माण गर्दा जगेडा कोषको ५० प्रतिशत र पुँजीको १० प्रतिशत कायम गरेर मात्र घर जग्गा खरिद गर्नुपर्नेमा सो गरेको छैन । करदाताको पुँजी रु.११ करोड ५७ लाखको १० प्रतिशत र जगेडा कोष रु.१० करोड ३७ लाखको ५० प्रतिशतले हिसाब गर्दा हुने रु.६ करोड ३३ लाख मात्र घर जग्गामा लगानी गर्न पाउनेमा रु.१९ करोड ५१ लाखको घर जग्गा खरिद गरेको छ । निर्देशिकाले तोकेभन्दा रु.१३ करोड ४८ लाख बढीको स्थिर सम्पत्ति खरिद गरेकोमा व्यवसायमा समेत प्रयोग भएको छैन । यसले करदाताको लगानी संकुचन भएकोले कर दायित्वमा परेको असर छानबिन गरी यकिन गर्नुपर्दछ ।

११२. **मौज्दातको लागत** – आयकर ऐन, २०५८ को दफा १५(४) मा व्यापार मौज्दातको अन्तिम मूल्य, व्यापार मौज्दातको लागत र बजार मूल्यमध्ये जुन घटी हुन्छ सो रकम अन्तिम मूल्य हुने व्यवस्था छ । ठूला करदाता कार्यालयअर्न्तगतको एक हाउजिङ कम्पनीले अन्तिम मौज्दातको जग्गा तथा जग्गा विकास खर्चलाई पुनः मूल्याङ्कन गरी रु.२ अर्ब १८ करोड ८३ लाख मूल्य बढाएको र सोही रकमले पुँजीगत जगेडा सिर्जना समेत गरेको छ । सम्पत्तिलाई पुनः मूल्याङ्कन गर्ने व्यवस्था भए पनि व्यापारिक मौज्दातलाई पुनःमूल्याङ्कन गर्ने व्यवस्था नेपाल लेखामानले गरेको छैन । व्यापारिक मौज्दातको पुनः मूल्याङ्कन गरी थप भएको रकमलाई पुँजीगत जगेडामा राखेकोले सो बराबरको रकमले मौज्दात लागत बढेको छ । सो अनुरुप मौज्दात लागतबाट दाबी लिएको बढी खर्च रु.२ अर्ब १८ करोड ८३ लाखका सम्बन्धमा छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

११३. **सम्बद्ध पक्षको लगानी** – नेपालको एक ज्वाइन्ट भेन्चर बैङ्कमा लगानी गर्ने प्रयोजनको लागि आयरल्याण्डमा एक इन्टरनेसनल कम्पनी दर्ता भएको आयरल्याण्डको कम्पनी रजिष्ट्रार कार्यालयको वेबसाइटबाट देखिन्छ । उक्त वेबसाइटमा नेपालको बैङ्कमा लगानी गर्ने यो कम्पनीमा एक शेयरहोल्डर रहेको उल्लेख छ । उक्त कम्पनीको प्रमुख सञ्चालकमा नेपालको एक व्यापारिक समूहको सिँगापुरमा रहेको अन्तर्राष्ट्रिय व्यवसाय हेर्ने अर्को कम्पनीका एक सञ्चालक नै आयरल्याण्डस्थित सो कम्पनीको समेत सञ्चालक रहेकोले नेपालको व्यापारिक समूहको उल्लिखित कम्पनीमा सम्बद्धता रहेको पुष्टि हुन्छ । सो कम्पनीले आफ्नो वित्तीय विवरणमा रु.६४ करोड ४७ लाख (५५ लाख २ हजार ७७ युरोको जुलाई १६, २०१५ को सटही दर रु.११७.१७ का दरले) लगानी गरेको देखाएकोमा बैङ्कले २०७२।७३ को वित्तीय विवरणमा सो इन्टरनेसनलबाट रु.३ अर्ब ९ करोड २८ लाख लगानी देखाएकोले लगानीमा रु.२ अर्ब ४४ करोड ८० लाख फरक देखिएको छ ।

अर्कोतर्फ नेपालको एक व्यापारिक समूहको वेवसाइटमा उल्लेख भए अनुसार सो कम्पनी एक सर्भिस को-अपरेशनको सहायक कम्पनी रहेको उल्लेख छ । उक्त इन्टरनेसनलको एक मात्र शेयर होल्डर रहेको उक्त कम्पनी पानामामा ३० नोभेम्बर, १९९५ मा दर्ता भएको छ । बैङ्कमा लगानी गर्ने प्रयोजनको लागि विभिन्न ईन्टरपोज्ड ईन्टिटी धितोपत्रहरु खडा गरी लगानी गरेको छ । प्रत्येक धितोपत्रमा नेपाली नागरिकलाई सञ्चालक र शेयरधनीको रुपमा देखाएको छ । यस सम्बन्धमा ठूला करदाता कार्यालयले वास्तविक लगानीकर्ता सुनिश्चित गर्ने, धितोपत्र खरिद बिक्रीको विवरण कार्यालयमा पेस गर्न लगाउने, धितोपत्रको बीचमा लगानीकर्ताको सम्बन्ध स्थापित गर्ने र लगानीको स्रोत यकिन गरेको छैन । यस सम्बन्धमा छानबिन गरी कर दायित्व यकिन गर्नुपर्दछ ।

११४. **दायित्व निसर्ग** – आयकर ऐन, २०५८ का दफा ४०.२ अनुसार कुनै व्यक्तिको दायित्व हटेमा वा समापन भएमा सो बराबरको रकम निसर्ग आय मानिने व्यवस्था छ । ठूला करदाता कार्यालयको एक टेक्नोलोजी ट्रेडमार्क दुवईको व्यवस्थापन सहयोगमा गुडखा प्रति के.जी. अमेरिकी डलर ५० सेन्टको सम्झौता भएको उल्लेख गरी प्रति के.जी.०।१६ सेन्टको हिसाबले २०६९।७० सम्मको रु.३ करोड ७८ लाख र २०७१।७२ र २०७२।७३ मा कुनै भुक्तानी नै नगरेको अवस्थामा रु.७ करोड ८७ लाख बढी खर्च दाबी गरेको एवं २०७२ ज्येष्ठदेखि करदाताले कुनै बिक्री कारोबार गरेको छैन । उल्लिखित भुक्तानीमा कर र वेदर्तावालालाई भुक्तानीको मूल्य अभिवृद्धि कर कट्टी एवं दाखिला समेत नभएको अवस्थामा सो दायित्वलाई ऐनको उल्लिखित व्यवस्था अनुसार निसर्ग सरह करयोग्य आयमा समावेश गरेर सोमा ३० प्रतिशत कर रु.२ करोड ३६ लाख शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

११५. **सम्बद्ध पक्षलाई बीमा भुक्तानी** – आयकर ऐन, २०५८ को दफा ६०(२) अनुसार व्यवसाय सञ्चालन गर्दा बीमकको हैसियतले भुक्तानी गरिएको रकम कट्टा गर्न पाइने व्यवस्था छ । ठूला करदाता कार्यालयअन्तर्गतको बीमा व्यवसाय गर्ने एक करदाताले आफ्नै शेयरहोल्डर्सको सम्बद्ध कम्पनीको निर्माणाधीन एपार्टमेन्टको लागि ५ बीमालेखबाट रु.१ अर्ब २३ करोडको बीमा गराएकोमा २०७२ को भूकम्पको कारणले क्षति भई सर्वेयरबाट प्रमाणित भएको नोक्सानी रु.५३ करोड र सर्वे फि रु.१ करोड समेत रु.५४ करोड रहेकोमा २०७२।७३ मा रु.१४ करोड भुक्तानी गरी रु.४० करोड भुक्तानी दिन बाँकी देखाएको छ । उक्त भुक्तानी बाँकीमध्ये रु.३९ करोड ९ लाख पुनर्बीमा कम्पनीबाट भुक्तानी प्राप्त गर्नुपर्ने र बीमितलाई भुक्तानी गर्नुपर्ने देखाएको छ । बीमा ऐन, २०४९ अनुसार जारी भएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ को बुँदा ६८ अनुसार बीमकले सञ्चालक वा निजको परिवारको वित्तीय स्वार्थ भएको ग्राहकसँगको कारोबारमा संलग्न हुन नपाउने व्यवस्था गरेको, निजको परिवार वा निज हिस्सेदार भएको व्यक्ति वा संस्थासँग बीमा व्यवसाय गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ । सम्बद्ध पक्षको सम्पत्ति बीमा गराई क्षतिपूर्ति दिएको खर्च कानुनविपरीत देखिएकोले अमान्य गर्न छानबिन गर्नुपर्दछ ।

११५.१ पुनर्बीमा निर्देशिका, २०६५ को व्यवस्थालाई आधारमान्दा पुनर्बीमा गराउने हद ६० प्रतिशत रहेको छ । कूल बीमा दाबी रु ५२ करोड ९९ लाखमध्ये रु.३९ करोड ९ लाख पुनर्बीमा कम्पनीबाट भुक्तानी पाउनुपर्ने उल्लेख गरेको भएता पनि पुनर्बीमा कम्पनीले रु.१५ करोड मात्र भुक्तानी गरेको आधारमा पुनर्बीमा कम्पनीले दाबी भुक्तानी रु.२५ करोड मात्र दाबी स्वीकार गरेको स्थिति छ । अतः सम्बद्ध कम्पनीको कारोबारका सम्बन्धमा थप छानबिन गरी बढी दाबी स्वीकार एवं व्यवस्था गरेर कम्पनीको वित्तीय विवरणमा रु.२९ करोड ४२ लाख नोक्सानी देखाउनु उपयुक्त देखिएन । सो सम्बन्धमा अनुसन्धानात्मक परीक्षण गरी आयकर ऐन, २०५८ को दफा ६०(२) अनुसार कट्टी गर्न नपाउने फरक रु.२७ करोड ९९ लाखमा करदाताले देखाएको नोक्सानी रु.२९ करोड ४१ लाख समायोजन गरी रु.१ करोड ४२ लाख नोक्सानी कायम गर्न कर निर्धारण गनुपर्ने देखिन्छ ।

११५.२ सोही करदाताले २०६९।७० मा शेयरहोल्डर्स तथा सञ्चालकको अर्को एक सम्बद्ध इलेक्ट्रोनिक्स कम्पनीमा २०६९।६।८ मा अग्नि बीमा दाबी रु.५८ करोड ९८ लाखमा सर्वेयर शुल्क रु.९० लाख समेत रु.५९ करोड ८८ लाखलाई सञ्चालक समितिले दाबी फछर्यौट गरी भुक्तानी गरेको छ । दाबीमध्ये पुनर्बीमा कम्पनीले भुक्तानी गर्नुपर्ने रकम प्राप्त भईसकेको जनाए तापनि २०७२।७३ को वासलातसँग सम्बन्धित अनुसूची ६ अनुसार रु.२७ करोड ४७ लाख पुनर्बीमा कम्पनीबाट प्राप्त हुन बाँकी देखाएकोले सबै दाबी पुनर्बीमा कम्पनीले स्वीकार गरी भुक्तानी गरेको अवस्था छैन । सम्बद्ध कम्पनीको कारोबार संस्थागत सुशासन निर्देशिका, २०६९ बमोजिम बीमा कारोबार गर्न नमिल्ने भएकोले थप छानबिन गरी पुनर्बीमा कम्पनीबाट लिन बाँकी रु.२७ करोड ४७ लाखमा माथिको नोक्सानी रु.१ करोड ४२ लाख घटाउँदा आउने फरक रु.२६

करोड ५ लाखलाई करयोग्य आयमा समावेश गरी ३० प्रतिशत कर रु.७ करोड ८१ लाखमा शुल्कसमेत हिसाब गरी कर निर्धारण गनुपर्ने देखिन्छ ।

बीमकको संस्थागत सुशासन निर्देशिकाविपरीत आफैँ सञ्चालक रहेको बीमा कम्पनीमा आफ्नै व्यवसायको बीमा गराएको, बीमा तथा पुनर्बीमा कम्पनीले दाबी स्वीकार नगर्दै दाबी भुक्तानी गरेको कारणले बीमा कम्पनीको व्यवसाय नै नोक्सानीमा गएकोले उक्त दाबीमा वित्तीय स्वार्थ बाझेको छैन भन्ने स्थिति नरहेकोले छानबिन गर्नुपर्दछ ।

११६. **शेयरको पुँजीगत लाभकर** – आयकर ऐन, २०५८ को दफा ९५क (२) मा नेपाल धितोपत्र बोर्डमा सूचीकृत भएको निकायको हितको निसर्गबाट प्राप्त लाभमा ५ प्रतिशत कर लाग्ने व्यवस्था छ । लाभ गणना गर्ने प्रयोजनका लागि बुक क्लोज गर्दाको अन्तिम मूल्यलाई बोनस तथा हकप्रद शेयरको अनुपातले समायोजन गरी औसत गणना गरेर आउने अङ्कमा पुन: ३ पटकको बजार मूल्यको औसत लिई कायम भएको आधार मूल्यको अङ्कमा खर्च छुट दिने अर्थ मन्त्रीस्तरबाट २०६५।८।२२ मा निर्णय भएको छ । यो व्यवस्था पुँजीगत लाभ कर निर्धारण गर्ने अर्को व्यवस्था नभएसम्मका लागि लागू भएको थियो । आयकर ऐन, २०५८ को दफा १३ बमोजिम वास्तविक लागत खर्च मात्र कट्टी गर्न मिल्ने व्यवस्था अनुकूल देखिदैन । शेयरको वास्तविक तिरेको लागतलाई आधार नलिई बजार मूल्यको आधारमा समायोजन गर्दा बढी लागत खर्च दावी हुने गरेको छ ।

सूचीकृत कम्पनीहरुको बोनस तथा हकप्रद शेयर बिक्रीको मात्र हिसाब गर्दा २०७२।७३ मा बढी दाबी गरेको लागत खर्च रु.५ अर्ब ३२ करोड ३० लाख र २०७३।७४ को रु.१० अर्ब २६ करोड ६७ लाख समेत रु.१५ अर्ब ५८ करोड ९७ लाखमा आयकर ऐन, २०५८ को अनुसूची १(४)ख३ बमोजिम ५ प्रतिशतले हुने कर रु.७७ करोड ९५ लाख छुट भएको देखिन्छ । यसमा संस्थापक शेयर सदस्यको आय वर्ष २०७२।७३ र २०७३।७४ को बोनस तथा हकप्रद शेयर बिक्री मात्र हिसाब गर्दा बढी दाबी गरेको लागत खर्च रु.५ अर्ब ७४ करोड २ लाखमा ५ प्रतिशतले हुने पुँजीगत लाभ कर रु.२८ करोड ७० लाख छुट भएको छ । साधारण शेयर तथा संस्थापक शेयरको २ वर्षको बोनस र हकप्रद शेयरको कारोबारमा वास्तविक लागत खर्च कट्टी गर्नुपर्नेमा माथि उल्लेख भए अनुसार आधार मूल्य छुट दिएको कारणले कुल राजस्व रु.१ अर्ब ६ करोड ६५ लाख घटी असुल भएको छ । यस्तो कारोबार विगत वर्षमा समेत रहेकोले थप छानबिन गरी कर निर्धारण गर्नुपर्दछ । तसर्थ ऐनको १३ बमोजिम वास्तविक लागत खर्च मात्र कट्टी गर्ने व्यवस्था हुनुपर्दछ ।

११७. **स्कीम प्रवर्द्धन खर्च** – आयकर ऐन, २०५८ को दफा १३ ले व्यवसायको आय आर्जनको सिलसिलामा भएको खर्च कट्टी पाउने व्यवस्था गरे पनि व्यवसाय प्रवर्द्धन खर्च स्कीम कमिसनको कुनै मापदण्ड बनाएको देखिएन । सवारीसाधन विक्रेताले व्यवसाय प्रवर्द्धनको रुपमा डिस्काउण्ट इन्सेन्टिभ बापत उल्लेख्य खर्च लेख्ने, उत्पादकसँग सोधभर्ना माग नगर्ने, आफ्ना केही डिलरमार्फत ठूलो परिमाणमा बिक्री गर्ने, तर यस्तो खर्च सब-डिष्टिव्यूटर्सलाई नदिने, खर्चको खुलासा नगर्ने अवस्था देखिएको छ । ठूला करदाता कार्यालयअन्तर्गत गाडीको कारोबार गर्ने एक करदाताले २०७२।७३ मा बिक्री रु.१२ अर्ब ४२ करोड ६ लाखमा रु.३७ करोड ५८ लाख इन्सेन्टिभ खर्च लेखेको छ । यस्तो खर्चका सम्बन्धमा विश्लेषण गर्दा गाडीको कारोबार गर्ने अन्य ३ करदाताले औसतमा १.५ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । यस करदाताले यो वर्ष सबैभन्दा बढी बिक्री गर्ने डिलरलाई रु.५५ करोड ६१ लाखको बिक्री गर्दा रु.९० लाख टार्जेट बोनस देखाएको अवस्थामा करदाताले १.६४ प्रतिशतमात्र कमिसन दिएको देखिन्छ । करदाताले २०७२।७३ मा अन्य विक्रेतालाई दिएको डिस्काउण्ट स्कीम पनि सोभन्दा बढी रहेको छैन । तर करदाताले औसतमा ३.३० प्रतिशत यस्तो खर्च लेखेकोमा १.६४ प्रतिशत डिलरलाई भुक्तानी गरेको बाहेक बाँकी खर्च रु.१८ करोड ९० लाखमा आयकर ऐन, २०५८ को दफा ८९ अनुसार स्रोतमा कर कट्टी गरेको नदेखिंदा रु.२ करोड ८३ लाख कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

११८. **सम्बद्ध पक्षको कारोबार** – आयकर ऐन, २०५८ को दफा ३४ अनुसार कुनै व्यक्तिले आफ्नो आय अर्को व्यक्तिसँग मिलान गर्दा हुनसक्ने विभाजन वा खण्डीकरणबाट करमा कमी आउने देखिएमा दायित्व घटी हुन नदिन विभागले विभाजन गरेको रकम समायोजन गर्नसक्ने व्यवस्था छ । यस सम्बन्धमा देखिउका व्यहोरा निम्नानुसार छन्:

११८.१ ठूला करदाता कार्यालयअन्तर्गत मदिरामा प्रयोग हुने फ्लेवर उत्पादन गर्ने एक करदाताले २०७२।७३ मा सम्बद्ध तीन कम्पनीलाई उत्पादनको ९० प्रतिशतभन्दा बढी क्रमशः रु.६७ करोड ७१ लाख, रु.१ करोड १७ लाख र रु.४ करोड ९९ लाख समेत रु.७३ करोड ८९ लाख बिक्री देखाएको छ । सम्बद्ध पक्षसँगको कारोबारको बिक्रीमा लागेको खर्च समेत सम्बद्ध पक्ष भित्र पर्ने र आयको खण्डीकरणसमेत हुन जाने देखिँदा छानबिन गरी करदाताले प्रत्यक्ष खर्चतर्फ रु.२ करोड ३० लाख र प्रशासनिक खर्चतर्फ रु.२ करोड ६८ लाख समेत रु.४ करोड ९८ लाखको खर्चलाई दाबी गरेको स्थितिले अन्तर कारोबार समेत छानबिन गरी रु.१ करोड ४९ लाख असुल गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

११८.२ आयकर ऐन, २०५८ को दफा ३३ अनुसार सम्बद्ध व्यक्तिहरुबीच कुनै व्यवस्था भएकोमा सो व्यवस्था सामान्य बजार व्यवहार अनुसार सञ्चालन गरिएको भए सोमा बुझाउनुपर्ने कर प्रतिविम्बित हुने किसिमले विभागले वितरण, विनियोजन वा बाँडफाँड गर्नसक्ने व्यवस्था छ । ठूला करदाता कार्यालयको एक दुर सञ्चार कम्पनीले नर्वे स्थित सम्बद्ध कम्पनीसँगको कारोबारमा मूल्य हस्तान्तरण समेतको अध्ययन गरी प्रतिवेदन दिन एक विशेषज्ञसँग सेवा लिएको थियो । विशेषज्ञको प्रतिवेदनमा करदाताले सम्बद्ध निकायसँग स्वतन्त्र बजार मूल्यमा कारोबार नगरी अन्य कम्पनीलाई भन्दा बढी भुक्तानी र घटी आय प्राप्त गरेकोले मूल्य हस्तान्तरण विषयको लेखापरीक्षण गर्नुपर्ने विषय जानकारी गराएको छ ।

विशेषज्ञको प्रतिवेदनबाट अन्य वैदेशिक दूरसञ्चार सेवा प्रदायकभन्दा सम्बद्ध पक्षबाट गरेको कारोबारबाट बिक्री मूल्य कम गरी २०६८।६९ मा रु.७ करोड ४५ लाख र २०६९।७० मा रु.२४ करोड १५ लाख कम आय प्राप्त गरेको र सम्बद्ध पक्षलाई अन्यको दर भन्दा बढी दरले भुक्तानी गरी २०६९।७० मा रु.३५ करोड ४३ लाख बढी भुक्तानी गरी मूल्य हस्तान्तरण भएको उल्लेख छ । सम्बद्ध निकायसँग २०६९।७० मा सो सम्बद्ध वैदेशिक क्यारियर आयको करिब ३४ प्रतिशतसम्म कारोबार पुगेको हुँदा करदाताको मूल्य हस्तान्तरणका सम्बन्धमा विशेष लेखापरीक्षण गर्नुपर्ने व्यहोरा औँल्याए तापनि सो व्यहोरालाई कर निर्धारण गर्दा सम्बोधन गरेको छैन । अतः सम्बद्ध व्यक्तिहरुबीच मूल्य हस्तान्तरण गर्दा कर दायित्व घटाउने प्रबन्ध गरेको देखिँदा बढी खर्च र कम आयको प्रबन्ध गरेको विषयमा छानबिन गरी कर न्यून गरेको रु.६७ करोड ३ लाखलाई आयमा समावेश गरी सोमा २५ प्रतिशत कर रु.१६ करोड ७६ लाख र लाग्ने शुल्क र ब्याजसमेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

११८.३ आन्तरिक राजस्व कार्यालय, ललितपुरको क्षेत्राधिकारका एक बचत तथा ऋण सहकारी संस्थाले असम्बन्धित पार्टीबीच बजारमा लगानी गर्दा २०७१।७२ मा १७.६४ प्रतिशत र २०७२।७३ मा २२ प्रतिशतका दरले लगानी गरेको छ । तर आफैं सम्बद्ध अस्पतालमा क्रमशः १२.८२ र १४.९८ प्रतिशतले लगानी गरेको देखिँदा पनि आयकर ऐनको दफा ४५ अनुसार छानबिन नगरेकोले सम्बद्ध कम्पनीमा कम दरले लगानी गर्दा २ वर्षको अवधिको आयमा रु.१५ करोड ३८ लाख न्यून गरेकोले सो रकममा २० प्रतिशत कर रु.३ करोड ८ लाख र सोको शुल्कसमेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ ।

११९. **विदेशी स्थायी संस्थापन** – आयकर ऐन, २०५८ को दफा २ (क) (ङ) मा नेपालमा रहेको विदेशी स्थायी संस्थापन बासिन्दा हुने र दफा ३ मा विदेशी स्थायी संस्थापनलाई कर लगाउने व्यवस्था छ । सो सन्दर्भमा ऐनको दफा ६८ को उपदफा ३ अनुसार गैर बासिन्दा व्यक्तिको नेपालस्थित विदेशी स्थायी संस्थापनले विदेश पठाएको आयमा कर लाग्ने व्यवस्था छ । आयकर ऐन, २०५८ को अनुसूची १ मा उल्लिखित करको दर बमोजिम विदेशी स्थायी संस्थापनलाई विदेश पठाएको आयमा ५ प्रतिशतका दरले कर लाग्ने व्यवस्था समेत छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

११९.१ ठूला करदाता कार्यालयको कार्यक्षेत्रमा पर्ने दूरसञ्चार सेवा तथा सामग्रीसम्बन्धी परामर्श सेवा प्रदान गर्ने एक करदाताले गैर बासिन्दालाई कमिसन तथा अन्य सेवा शुल्कबापत रु.१२ करोड ९१ लाख खर्च लेखेकोमा १५ प्रतिशत कर रु.१ करोड ९३ लाख राजस्व दाखिला गरेको छैन । सोही कार्यालयअन्तर्गत अर्का एक करदाताले २०७०।७१ मा रु.८ करोड ५७ लाख र २०७१।७२ मा रु.१२ करोड ३३ लाखसमेत रु.२० करोड ९१ लाख लाभांश लैजान नेपाल राष्ट्र बैङ्कले स्वीकृति दिएको जानकारी २०७४।७६ मा दिएको छ । यो रकममा लाग्ने कर रु.१ करोड ४ लाख राजस्व दाखिला भएको देखिएन । अतः दाखिला गर्नुपर्ने कर रु.२ करोड ९७ लाखमा लाग्ने शुल्क तथा ब्याजसमेतको कर निर्धारण गर्नुपर्दछ

११९.२ ठूला करदाता कार्यालयअन्तर्गतका एक करदाताले नेपाल विद्युत प्राधिकरणलाई आय वर्ष २०७२।७३ मा रु.३ करोड ५८ लाखको मात्र बिक्री देखाई आय विवरण पेस गरेको छ । प्राधिकरणले सोही आपूर्तकलाई रु.१९ करोड ८ लाख खर्च देखाएकोले रु.१५ करोड ५० लाख फरक परेको छ । ठेक्काबाट सामग्री आपूर्ति भएको अवस्थामा आयकर ऐन, २०५८ को दफा ८९.३ अनुसार गैर बासिन्दा व्यक्तिको हकमा ५ प्रतिशत कर रु.७८ लाख र सोही कार्यालयअन्तर्गतका अर्को एक करदाताले नेपाल विद्युत प्राधिकरणलाई २०७२।७३ मा रु.२ करोड २९ लाखको मात्र बिक्री देखाई आय विवरण पेस गरेकोमा प्राधिकरणले सोही आपूर्तकबाट रु.९ करोड ३१ लाख खरिद देखाएकोले फरक रु.७ करोड २ लाखमा गैर बासिन्दा व्यक्तिको हकमा ५ प्रतिशत रु.३५ लाख समेत रु.१ करोड १३ लाख कर कट्टी नगरी छुट भएकोले असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

११९.३ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ अन्तर्गतका पोलिसी मेनेजमेन्ट सम्बन्धी काम गर्ने एक करदाताले संयुक्त अधिराज्यमा रजिष्टर्ड भई २०७०।४।२ मा नेपालमा सम्पर्क कार्यालय दर्ता गरेको छ । संस्थापनको उद्देश्य वाणिज्य नीति सम्बन्धी परामर्श कार्य गर्ने देखिन्छ । करदाताले आय वर्ष २०७१।७२ र २०७२।७३ को विवरणमा परामर्श आप्रवासन खर्च शीर्षकमा रु.६ करोड १९ लाख र स्टाफ नन् यु.के. तलब अफिस शीर्षकमा २०७१।७२ र २०७२।७३ मा रु.२ करोड १४ लाखसमेत रु.८ करोड ३३ लाख दर्ता नभएको विदेशीलाई भुक्तानी गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) अनुसार बेदर्तावाललाई गरेको भुक्तानीमा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१ करोड ८ लाखमा ब्याज, जरिबानासमेत निर्धारण गरी असुल उपर हुनुपर्दछ ।

११९.४ विदेशी निकायले वैदेशिक लगानीमा व्यवसाय सञ्चालन गर्दा उद्योग विभागको स्वीकृतिमा पुँजी लगानी गरी स्थायी संस्थापनको रुपमा कारोबार गर्नुपर्ने व्यवस्था छ । करदाता सेवा कार्यालय नयाँ बानेश्वरअन्तर्गतका एक इन्टरनेसनल प्रा.लि.ले उद्योग विभागको स्वीकृति लिई केन्द्रीय कार्यालयबाट बैंकिङ प्रणालीमार्फत रकम प्राप्त गरेको खुलासा गरेको छैन । तर यो वर्षको वित्तीय विवरणमा ४ आयोजनाको लागि २ वर्षमा रु.१८ करोड ७८ लाख मुख्य कार्यालय पठाएको देखिन्छ । सेवा शुल्कको रुपमा रहेको सो रकममा १५ प्रतिशतले हुने अग्रिम कर रु.२ करोड ८२ लाखमा शुल्क समेत हिसाब गरी कर निर्धारण गर्नुपर्दछ । साथै सो रकममा बेदर्तावालालाई भुक्तानी भएकोमा लाग्ने मूल्य अभिवृद्धि कर समेत यकिन गर्नुपर्दछ ।

१२०. **कर छुट संस्थाको कारोबार** – आयकर ऐन, २०५८ को दफा २(ध) मा मुनाफा नकमाउने उद्देश्यले स्थापना भएका सार्वजनिक प्रकृतिका सामाजिक, धार्मिक, शैक्षिक, परोपकारी संस्था, सामाजिक लाभ नलिने गरी गठन भएका गैर सरकारी संस्थाहरु 'कर छुट हुने संस्था' को रुपमा दर्ता हुने व्यवस्था छ । यस्तो संस्थाहरुको व्यवसाय वा लगानी प्रकृतिको आयमा कर छुट हुँदैन । यस सम्बन्धी केही व्यहोरा निम्नानुसार छन्:

१२०.१ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ र बुटवलका २ करदाताले अन्य निजी स्वास्थ्य सेवा प्रदायकले जस्तै सेवा शुल्क लिई व्यावसायिक रुपमा स्वास्थ्य सेवा सञ्चालन, ओ.पि.डी. सेवा, प्याथोलोजी सेवा, भर्ना, अक्सिजन, एम्बुलेन्स तथा औषधि बिक्रीलगायतको कारोबार गरी आर्जित मुनाफामा कर छुट नहुने हुंदा ३ करदाताको जम्मा करयोग्य कारोबार रु.१२ करोड ३७ लाखमा २५ प्रतिशतले हुने कर रु.३ करोड ९ लाखमा लाग्ने शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१२०.२ आन्तरिक राजस्व कार्यालय, भैरहवाअन्तर्गतका २ करदाताले मेला, प्रदर्शनी, भाडा, ब्याज, प्रायोजक, उत्पत्तिको प्रमाणपत्र सम्बन्धी सेवा शुल्क लगायतका कारोबार गरी रु.६ करोड ६१ लाख बचत गरेकोमा सोको छानबिन गरी रु.१ करोड ६५ लाख कर तथा सोमा शुल्क तथा ब्याज असुल गर्नुपर्ने देखिन्छ ।

१२०.३ गैरसरकारी संस्थाको रुपमा दर्ता भएका करदाताहरुले निक्षेपकर्ताबाट निक्षेप लिने, उक्त निक्षेपलाई मुनाफा राखेर लगानी गर्ने गरेको छ । ऋण र निक्षेपमा दिएको अन्तरबाट प्राप्त हुने आयलाई वचतमा देखाएर वासलातमा जिम्मेवारी सार्दै आएका छन । यो कारोबार गैरसरकारी संस्थाको उद्देश्य अन्तर्गतको मुख्य कार्य नभएकोले कारोबारमा कर छुट हुने देखिदैन । तसर्थ यस सम्बन्धमा थप छानबिन गरी व्यवसाय सञ्चालन गर्दै आएका आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १, आन्तरिक राजस्व कार्यालय नेपालगञ्ज, जनकपुर, धरान, पोखरा र करदाता सेवा कार्यालय बत्तिसपुतलीका समेत गरी १० करदाताले वित्तीय कारोबारबाट आय वर्ष २०७१।७२ र २०७२।७३ को बचत रकम रु.१ अर्ब ३० करोड ३४ लाखमा आयकर

ऐन, २०५८ बमोजिम ३० प्रतिशत कर रु ३९ करोड १० लाख कट्टा गरेको नदेखिएकोले थप छानबिन गरी सो व्यावसायिक आर्जनमा कर असुल गर्नुपर्ने देखिन्छ ।

१२०.४ कर छुट संस्थाका रुपमा दर्ता भए तापनि ती संस्था सार्वजनिक प्रकृतिको हुनुपर्ने र संस्थाको उद्देश्य बाहेकका कार्यबाट आर्जित आयमा ऐनको दफा २(ध) बमोजिम कर लाग्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, ललितपुरअन्तर्गतका ३ गैरसरकारी संस्थाको करयोग्य आयमा कर रु.१ करोड ६८ लाख छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१२०.५ संस्कृति तथा पर्यटन मन्त्रालय र एक अन्तर्राष्ट्रिय संस्थाबीच मार्च ३०,२००७ मा ५ वर्षको लागि अन्तर्राष्ट्रिय उडानमा हुने टिकट व्यवस्थापन गर्न सम्झौता भएको छ । यो सम्झौता सन् २०१२ मा सकिएकोमा नवीकरणको प्रमाण पेस भएको छैन । साबिकको सम्झौताको बुँदा नं.६ मा नेपालमा लाग्ने कर सो संस्थाले नै बुझाउनुपर्ने उल्लेख छ । तर उक्त संस्थासँग नेपालका १२ ट्राभल्स एजेन्सीले रु.३ अर्ब ७५ करोड ७ लाखको टिकट खरिद गरेकोमा करदाताले यो रकमलाई आयमा लेखाङ्कन नगरी अन्य कारोबारको ब्याज आय रु.७ लाख वित्तीय विवरणमा देखाएको छ । करदाताले अर्बौंको कारोबार गर्दा सेवा शुल्क आय प्राप्त गर्ने विषयमा करदाता सेवा कार्यालय, टंगालले छानबिन गरेको छैन । करदाताले कर छुटको नवीकरण समेत गराएको नदेखिँदा निजको कारोबार यकिन गरेर सेवा शुल्कमा छुट भएको कर निर्धारण गर्नुपर्दछ ।

१२१. **सुनको कारोबार** – सुनको पैठारी बैङ्क वा वित्तीय संस्थाले मात्र गर्न पाउनेमा बैङ्कबाट नगण्य मात्रामा सुन खरिद गरेको अवस्था छ । सुन तथा चाँदीको नियमन गर्ने जिम्मेवारी कुनै निकायलाई तोकिएको छैन । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२ का सुन व्यवसाय गर्ने ५ करदाताले रु.१ अर्ब ३९ करोड २७ लाखको सुन खरिद गरेकोमा रु.२१ करोड ९६ लाख अर्थात १५.७६ प्रतिशत बैंकिङ प्रणालीबाट खरिद गरेका छन् । त्यस्तै ठूला करदाता कार्यालय अन्तर्गतका २ करदाताले आयवर्ष २०७१।७२ र २०७२।७३ मा खरिद गरेको रु.१ अर्ब २९ करोड ४३ लाखको सुनमध्ये रु.६ करोड ६५ लाखको मात्र बैङ्कमार्फत खरिद गरेका छन् । बैंकिङ प्रणालीमार्फत ५.१४ प्रतिशत मात्र खरिद भएको देखिन्छ । व्यक्तिले खरिद गरेको सुनको प्राप्तिको स्रोत सम्बन्धमा नियमन नहुँदा भन्सार राजस्व समेत प्राप्त भएको छैन । आन्तरिक राजस्व कार्यालयबाट कर परीक्षण हुँदा खरिद सम्बन्धमा कुनै व्यहोरा उल्लेख भएको छैन । यस प्रकारको बिक्रीबाट सुनको बिक्री वितरणले सुन तस्करीको घटना वृद्धि भएको र गरगहनाको बिक्री वितरणमा ज्यालाजर्ती आय नदेखाएको स्थितिले खरिदको वैधता र राजस्वमा परेको प्रभाव सम्बन्धमा सबै करदाताको कारोबारउपर छानबिन गर्नुपर्दछ ।

१२१.१ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. २ अन्तर्गतको एक गोल्ड हाउसले २०७२/७३ मा बिक्री आय रु.३३ करोड ५३ लाखमा ज्याला तथा जर्तिको आम्दानी रु.५ करोड ३ लाख देखाएको छ । जुन बिक्री मूल्यको १५ प्रतिशतभन्दा बढी हुन आउँछ । बिक्रीसम्बन्धी नमूना लेखापरीक्षण गरेका ८ करदाताले रु.१ अर्ब ९९ करोड ११ लाखमा रु.१२ करोड ८७ लाख ज्याला जर्तीबापत १.७५ देखि १३.३१ प्रतिशत सम्म आय देखाएकोले एकै प्रकृतिका कारोबारमा फरक किसिमले आम्दानी देखाएको छ । जर्ती ज्यालाको आय तथा खर्च लेखाङ्कन सम्बन्धमा कुनै मापदण्ड नभएको र पूर्ण कर परीक्षण गर्दा यस सम्बन्धमा कुनै व्यहोरा उल्लेख नभएकोले कम दरको जर्ति तथा ज्याला आय सम्बन्धमा थप छानबिन गरी कर दायित्वमा परेको असर यकिन गर्नुपर्दछ ।

१२१.२ आयकर ऐन, २०५८ को दफा ७ अनुसार व्यापारिक मौज्दातको निसर्गबाट प्राप्त रकम आयमा समावेश गर्नुपर्दछ । आन्तरिक राजस्व कार्यालय, भद्रपुरका एक करदाताको वित्तीय विवरणको अनुसूची (१०) मा १२ पक्षलाई १ हजार ८९८.६९ के. जी. चाँदी रु.१३ करोड ७६ लाखमा बिक्री गरेको विवरण पेस गरे तापनि आय विवरणमा बिक्री आय रु.१२ करोड ३७ लाखमात्र कायम गरेको हुँदा घटी आय देखाएको सम्बन्धमा छानबिन गरी रु.१ करोड ३९ लाखलाई आयमा समावेश गरी कर रु.४७ लाख तथा सोमा लाग्ने शुल्क र ब्याजसमेत असुल गर्नुपर्दछ ।

१२२. **गैर बासिन्दाबाट लिएको ऋण -** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार बैङ्क तथा वित्तीय संस्थालाई र यस्ता संस्थाले प्राकृतिक व्यक्तिलाई भुक्तानी गरेको बाहेक अन्य ब्याज भुक्तानीमा १५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । करदाता सेवा कार्यालय त्रिपुरेश्वरअन्तर्गतको एक करदाताले गैर बासिन्दा निकायबाट ऋण लिएर आफ्ना सम्बद्ध निकाय तथा संस्थालाई सापटी दिएको देखिन्छ । करदाताले एक गैर बासिन्दा निकायबाट अमेरिकी डलर ४५ मिलियन ऋण लिनको लागि २०६१।११।१८ मा सम्झौता गरी लगानी बोर्डबाट स्वीकृति लिई अमेरिकी डलर १२ मिलियन ऋण लिएकोमा ऋणको अवधि २०७३।०२।३२ मा

सकिएको र बाँकी अमेरिकी डलर ३३ मिलियन ऋण उद्योग विभाग तथा नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त नहुँदै सोमध्ये अमेरिकी डलर १ करोड ६३ लाख ऋण लिइसकेको छ । उक्त ऋण रकममा ब्याजको दर ५ र ५.५ प्रतिशत रहेको देखिन्छ । करदाताले विगत ४ वर्षमा उक्त एक गैर बासिन्दाबाट लिएको ऋणबाट सम्बद्ध पक्षलाई दिएको सापटीमा ब्याज आय लेखाङ्कन नगरेकोमा छानबिन गरेको छैन ।

करदाताले वित्तीय विवरणको लेखानीति तथा टिप्पणीमा यो वर्ष गैर बासिन्दालाई ब्याज भुक्तानी नगरेको उल्लेख गरेपनि ब्याज खर्चकै हाराहारीमा आउने रकम ऋणमा पुँजीकरण गरेको छ । यो वर्ष थप ऋण बैङ्क प्रणालीबाट प्राप्त नभएकोले थप छानबिन गरी पुँजीकरण भएको ब्याज रु.४२ करोड ३ लाखमा १५ प्रतिशतले हुने कर रु.६ करोड ३० लाख असुल हनुपर्दछ ।

मूल्य अभिवृद्धि कर

१२३. **संरचना निर्माणमा मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यावसायिक प्रयोजनका लागि निर्माण गरिने पचास लाख रुपैयाँभन्दा बढीको भवन, अपार्टमेन्ट, सपिङ्ग कम्प्लेक्स वा अन्य संरचना दर्ता नभएको व्यक्तिबाट निर्माण गराएको भएपनि दर्ता भएको व्यक्तिबाट गरे सरह मानी यस्तो संरचनाको स्वामित्व रहेको व्यक्तिबाट कर निर्धारण गरी असुल गरिने व्यवस्था छ । संरचना निर्माण गर्ने करदाताहरुले यस्तो निर्माण कार्य आशिंकरुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएकासँग खरिद गरेको पाइयो । आन्तरिक राजस्व विभागको सफ्टवेयरको डाटा र करदाताले आय विवरण साथ पेस गरेको अनुसूची १३ मा आधारित रहेर परीक्षण गरी मूल्य अभिवृद्धि करमा दर्ता भएकासँगको खरिद कारोबार कट्टा गर्दा समेत दर्ता नभएका सँग कारोबार गरेर मूल्य अभिवृद्धि कर सङ्कलन हुन नसकेको स्थिति छ । निम्न २३ कार्यालयका ७७ करदाताले रु.९ अर्ब ३९ करोड ६२ लाखको संरचना निर्माण गरेकोमा दर्ता नभएको व्यक्तिबाट गराएकोले यसबाट मूल्य अभिवृद्धि कर रु.१ अर्ब २२ करोड १५ लाख सङ्कलन हुन नसकेको अवस्था छ ।

(रु.लाखमा)

क्र.सं.	कार्यालयको नाम	करदाता सख्या	निर्माण लागत	१३ प्रतिशत मू.अ. कर
१	ठूला करदाता कार्यालय, ललितपुर	६	२२६९८	२९५१
२	आन्तरिक राजस्व कार्यालय, क्षेत्र १	५	१९७३	२५६
३	आन्तरिक राजस्व कार्यालय, क्षेत्र २	३	१५५७	२०२
४	आन्तरिक राजस्व कार्यालय, क्षेत्र ३	५	७५९	९९
५	आन्तरिक राजस्व कार्यालय, धनगढी	३	१२८	१७
६	आन्तरिक राजस्व कार्यालय, बुटवल	१	१२०	१६
७	आन्तरिक राजस्व कार्यालय, वीरगन्ज	१	१९९६	२५९
८	आन्तरिक राजस्व कार्यालय, धरान	१	९२	१२
९	आन्तरिक राजस्व कार्यालय, भक्तपुर	६	३३९१	४४१
१०	आन्तरिक राजस्व कार्यालय, जनकपुर	२	१६८९	२२०
११	आन्तरिक राजस्व कार्यालय, चितवन	४	२२५६	२९३
१२	आन्तरिक राजस्व कार्यालय, भद्रपुर	२	३७०	४८
१३	आन्तरिक राजस्व कार्यालय, पोखरा	११	४२९६	५५८
१४	आन्तरिक राजस्व कार्यालय, ललितपुर	९	३२६२५	४२४१
१५	आन्तरिक राजस्व कार्यालय, कपिलवस्तु	१	१२३	१६
१६	करदाता सेवा कार्यालय, महाराजगन्ज	१	१५६	२०
१७	करदाता सेवा कार्यालय, बालाजु	३	४०७	५३
१८	करदाता सेवा कार्यालय, कलंकी	१	२२३	२९
१९	करदाता सेवा कार्यालय, कालीमाटी	३	२४७१	३२१
२०	करदाता सेवा कार्यालय, कोटेश्वर	१	२३६०	३०७
२१	करदाता सेवा कार्यालय नयाँसडक	२	५२१०	६७७
२२	करदाता सेवा कार्यालय, ठमेल	२	७९३	१०३
२३	करदाता सेवा कार्यालय, पुतलीसडक	४	८२६९	१०७५
	जम्मा	**७७**	**९३९६२**	**१२२१५**

मूल्य अभिवृद्धि कर ऐनको दफा ८(३) ले गरेको व्यवस्थाका सम्बन्धमा आन्तरिक राजस्व विभागले ३ पटक परिपत्र गरी यस्तो रकम असुल गर्न निर्देशन दिए पनि कार्यान्वयन भएको नदेखिएकोले यस्तो कारोबारमा मूल्य अभिवृद्धि कर सङ्कलन छुट भएका अन्य करदाताको समेत छानबिन गरी मूल्य अभिवृद्धि कर, थप दस्तुर, ब्याज र जरिबानासमेत असुल गर्नुपर्ने देखिन्छ ।

१२४. **धितोपत्र कारोबार** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७ अनुसार रु.५० लाखभन्दा बढीको वस्तु वा सेवाको कारोबार गर्दा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनपर्ने व्यहोरा उल्लेख छ । यसैगरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को उपदफा १०(३) बमोजिम ऐनको अनुसूची १ मा उल्लिखित कर छुट हुने वस्तु तथा सेवा बाहेकका नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवामा १३ प्रतिशतले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । धितो पत्रको मध्यस्तकर्ता सेवा प्रदान गर्ने करदाताले सो सेवा उपलब्ध गराएबापत प्राप्त गर्ने दलाली कमिसनमा मूल्य अभिवृद्धि कर छुट दिएको देखिँदैन । लेखापरीक्षणको लागि छनौटमा परेका ७ कार्यालयका २५ धितोपत्र कारोबार गर्ने करदाताबाट २०७०।७१ देखि २०७३।७४ सम्ममा सेवाको आपूर्ति भएको रु.१ अर्ब २७ करोड ८३ लाखमा ऐन बमोजिम लाग्ने मूल्य अभिवृद्धि कर रु.१६ करोड ६२ लाख असुल हुनुपर्दछ ।

१२५. **वस्तु बजार (कमोडिटी मार्केट)** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनसूची १ मा उल्लिखित वस्तु तथा सेवाको कारोबारमा कर नलाग्ने व्यवस्था र दफा १७ उपदफा (३) मा कुनै महिनामा कारोबार भएको वस्तु वा सेवाको पूर्ण अंश कर लाग्ने कारोबारमा प्रयोग नभएमा उक्त वस्तु वा सेवामा तिरेको कर वस्तु वा सेवाको कर लाग्ने कारोबारमा प्रयोग भएको अंशमा मात्र कट्टी गरिने उल्लेख छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं २ अन्तर्गतको कमोडिटी मार्केटको कार्य गर्ने एक करदाताले २०६७।६८ देखि २०७२।७३ सम्म आय विवरण अनुसार रु.३६ करोड ४६ लाख र मूल्य अभिवृद्धि कर विवरणअनुसार रु.५ करोड ५३ लाखको बिक्री देखाएको छ । यसरी विगत ६ वर्षमा करदाताले देखाएको २ लेखामा रु.३० करोड ९३ लाख फरक परेको छ ।

करदाताले पेस गरेको लेखा टिप्पणीमा फ्यूचर कमोडिटीको आयमा मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको उल्लेख गरे तापनि सो प्रयोजनमा भएको खर्चमा तिरेको मूल्य अभिवृद्धि कर दाबी गरेको र कमोडिटी मार्केटको सेवालाई ऐनले मूल्य अभिवृद्धि कर छुट नदिएकोले बिक्रीमा फरक देखिएको मूल्य अभिवृद्धि कर रु.४ करोड २ लाखमा बाँकी क्रेडिट रु.१ करोड ५९ लाख कटाई आउने रु.२ करोड ४३ लाखमा शुल्क तथा ब्याज समेत असुल गर्न कर निर्धारण गर्नुपर्दछ । सोही करदाताले कर लाग्ने र कर छुट दुवै प्रकृतिको कारोबार गरेको अवस्थामा कर लाग्ने कारोबारको रु.२८ लाख क्रेडिट लिन पाउनेमा रु.२ करोड १७ लाख क्रेडिट लिएकोले फरक रु.१ करोड ८९ लाख डेबिट समायोजन गर्नुपर्नेमा गत वर्ष औंल्याएको रु.९४ लाख घटाई हुन आउने रु.९५ लाख डेबिट समायोजन गर्न कर निर्धारण गर्नुपर्दछ ।

१२६. **कार्डको कारोबार** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ७ अनुसार रु.५० लाखभन्दा बढिको वस्तु वा सेवाको कारोबार गर्दा मूल्य अभिवृद्धि कर प्रयोजनको लागि दर्ता हुनपर्ने व्यहोरा उल्लेख छ । यसैगरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को उपदफा १०(३) बमोजिमको अनुसूची १ मा उल्लिखित कर छुट हुने वस्तु तथा सेवा बाहेकका नेपाल भित्र आपूर्ति भएका वस्तु वा सेवामा १३ प्रतिशतले मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्था छ । अनुसूचीअनुसार मध्यस्तकर्ता सेवा प्रदान गर्ने करदाताले सो सेवा उपलब्ध गराएबापत प्राप्त रकममा मूल्य अभिवृद्धि कर छुट दिएको देखिँदैन । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ अन्तर्गतका १ करदाताले पेस गरेको आय विवरण अनुसार डेबिट र क्रेडिट कार्डको बिक्रीबाट ३ आयवर्षमा रु.१५ करोड ३७ लाख आय गरेकोमा करदाता मूल्य अभिवृद्धि करमा दर्ता नभई कारोबार गरेकोले रु.२ करोड र शुल्क, ब्याज तथा जरिबानासमेत छानबिन गरी असुल हुनुपर्दछ ।

१२७. **दर्ता नभएकोबाट मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) मा नेपाल बाहिरको दर्ता नभएको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्ने व्यक्तिले मूल्य अभिवृद्धि कर ऐन र नियमबमोजिम कर लाग्ने मूल्यमा भुक्तानीका बखत कर निर्धारण र असुलउपर गर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयअन्तर्गत ५ करदाताले ८ आय वर्षको रोयल्टी/सेवा शुल्क रु.४ करोड ६१ लाख, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१ अन्तर्गगतका एअर सर्भिस सेवाको २ करदाताले २ आय वर्षको मर्मत र करार सेवाको रकम रु.८३ लाख र आन्तरिक राजस्व कार्यालय चितवनअन्तर्गतको १ चलचित्र मन्दिरले आय वर्ष २०७२।७३ मा चलचित्र आयबापत रु.२३ लाखसमेत रु.५ करोड ६७ लाख भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर असुल नगरेकोले ब्याज र जरिबानासमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१२८. **क्याफ्टेरियाको मूल्य अभिवृद्धिकर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ मा विद्यालय र विश्वविद्यालयले प्रदान गर्ने शिक्षा सेवालाई मूल्य अभिवृद्धि कर छुट दिएको तर सो संस्थाबाट सञ्चालित क्याफ्टेरियाले प्रदान गर्ने खाना तथा खाद्य वस्तु मूल्य अभिवृद्धिकर योग्य कारोबार हुने देखिन्छ । साथै अनुसूची १ मा होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, क्याफ्टेरियाले आपूर्ति गर्ने खाना तथा खाद्यमा मूल्य अभिवृद्धि कर छुट नहुने र यस्ता व्यक्तिले दर्ता नभई कारोबार गरेमा कर अधिकृतले कर निर्धारण गर्न सक्ने व्यवस्था ऐनको दफा २० र २९ मा उल्लेख छ । ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय, काठमाडौँ क्षेत्र नं.१, २, ३, बुटवल, पोखरा, ललितपुरअन्तर्गत कार्यक्षेत्र रहेका २३ करदाताबाट २०७१।७२ र २०७२।७३ मा खाना तथा आवासबापत रु.१ अर्ब ६० करोड १८ लाखको कारोबार गरेकोमा ऐनबमोजिम मूल्य अभिवृद्धि कर रु.२० करोड ८२ लाख असुल गरेका छैनन् । शैक्षिक संस्थाले आफ्नो उद्देश्य बाहिर गई व्यावसाय गर्दा मूल्य अभिवृद्धि कर सङ्कलन भएको छैन । तसर्थ छूट भएको मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ ।

१२९. **ट्रेकिङ व्यवसाय** – मूल्य अभिवृद्धि कर ऐनको दफा ७(३) अनुसार करयोग्य कारोबार गर्ने व्यक्ति तथा संस्थाले दर्ता भई रीतपूर्वक कर बीजक जारी गरी कर सङ्कलन गर्नुपर्ने व्यवस्था छ । ट्रेकिङ व्यवसायीहरुले सेवाग्राहीलाई टुर्स, ट्रेकिङसम्बन्धी प्याकेजको बिक्रीमा मूल्य अभिवृद्धि कर लाग्नेमा कर सङ्कलन गरेको देखिँदैन । प्याकेजको एकमुष्ठ बिक्रीमा ऐन अनुसार कर सङ्कलन गर्नुपर्नेमा आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१,३ र ललितपुर एवं करदाता सेवा कार्यालय बालाजु, ठमेल र टंगालको कार्यक्षेत्रअन्तर्गत रहेका ३७ ट्रेकिङ व्यवसायी करदाताको रु.५९ करोड ४९ लाखको बिक्रीमा लाग्ने कर रु.७ करोड ७३ लाख असुल गरेको छैन । अतः कर, शुल्क तथा ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१३०. **उपभोक्ताबाट सङ्कलित कर** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ अनुसार कर लाग्ने वस्तुमा तिरेको कर उठाएको करबाट कट्टा गरी दाखिला गर्नुपर्दछ । संयुक्त उपक्रमको रुपमा दर्ता भई ठेक्का व्यवसाय गरेका यस्ता करदाताले डेबिट विवरण पेस गरी रकम दाखिला गर्न बाँकी देखाएको केही महिना पछि विवरण र कर नै नबुझाएको, केहिले निरन्तर रुपमा शून्य विवरण बुझाई कर नतिरेको अवस्था छ । व्यक्ति र राज्यबाट उठाएको मूल्य अभिवृद्धि कर आफैँले घोषणा गरी दाखिला गर्नुपर्ने यस्ता व्यवसायीबाट बर्षौसम्म बक्यौता असुल हुन सकेको छैन । कर प्रशासनले संयुक्त उपक्रमका व्यवसायीले दाखिला नगरेको उक्त कर यस्ता करदाताको साझेदारबाट संयुक्त वा बेग्ला बेग्लै असुल गर्नुपर्ने मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १०(ख)४ को व्यवस्था कार्यान्वयन गरेको छैन । विभिन्न उपभोक्ता, व्यवसायी र सरकारी निकायबाट उठाएको मूल्य अभिवृद्धि कर राज्यकोषमा दाखिला नगरी अदृश्य भैरहेका संयुक्त उपक्रम, उपक्रममा संलग्न हुने व्यक्ति/सोझदारलाई समेत जिम्मेवार बनाई १५ कार्यालयका १३८ करदाताको मूल्य अभिवृद्धि कर रु.४५ करोड ५९ लाख असुल हुनुपर्दछ ।

१३१. **समानुपातिक कट्टी** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(३) र (४) मा क्रमशः कुनै करदाताले करलाग्ने वस्तु तथा कर छुट भएका वस्तु वा सेवा दुवै कारोबार गर्ने रहेछ भने त्यस्तो करदाताले कर लाग्ने वस्तु तथा सेवासँग प्रत्यक्ष रुपमा सम्बन्धित खरिद वा आयातमा तिरेको करमात्र कट्टी गर्न पाउने र कर लाग्ने र कर छुट हुने कारोबार गर्नेको हकमा वस्तुको प्रत्यक्ष सम्बन्ध स्थापित गर्न नसकेमा करदाताले बिक्री भएको मूल्य मध्ये कर लाग्ने कारोबारको समानुपातिक हिसाबबाट खरिद वा आयातमा तिरेको कर कट्टी गर्न सक्ने व्यवस्था छ । उक्त व्यवस्थाबमोजिम ४ आन्तरिक राजस्व कार्यालयका ७ करदाताको नमूना परीक्षणमा कर लाग्ने र नलाग्ने दुवै खरिद बिक्रीको विवरणअनुसार समानुपातिकरुपमा घटी कर समायोजन गरेको रु.३ करोड २७ लाख डेबिट समायोजन गर्न पुनः कर निर्धारण गर्नुपर्दछ ।

(रु.लाखमा)

कार्यालय	करदाता	आय वर्ष	कुल बिक्री	कर छुटको बिक्री	खरिदमा तिरेको कर	कर छुट अंशमा कट्टी नपाउने	समायोजन कर	छुट कर
आन्तरिक राजस्व कार्यालय, क्षेत्र नं.३	एक हेल्थकेयर	२०७२/७३	२८८८	१७११	६८	४०	२	३८
	एक ट्रेडर्स	२०७२/७३	११५	७३	५८	३७	०	३७
	एक डेरी	२०७२/७३	१३९०	७१८	८४	४४	२१	२२
आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.२	एक डेरी प्रा.लि	२०७१/७२	३८९४	१८८३	११६	५६	३०	२६
ठूला करदाता कार्यालय	एक इन्स्टिच्यूट	२०७१/७२	१००८६	७६६०	१०६	८०	०	८०
	एक आयल	२०७२/७३	७२८३	४६९	९९५	६८	०	६८
आन्तरिक राजस्व कार्यालय क्षेत्र नं.१	एक इन्टरनेसनल	२०७२/७३	१५४४	१४७८	५८	५६		५६
							जम्मा	३२७

ठूला करदाता कार्यालयमा दर्ता रहेको एक करदाताले २०७२।७३ मा थप गरेको सम्पत्ति रु.६८ करोड २२ लाख र प्रशासनिक खरिद रु.२ करोड ४० लाखसमेत रु.७० करोड ६२ लाखको १३ प्रतिशत मूल्य अभिवृद्धि कर रु.९ करोड १८ लाख क्रेडिट मिलान गरेको छ । यो वर्षको कुल बिक्री कारोबारमा करयोग्य बिक्री रु.१४ करोड ४५ लाख अर्थात कुल बिक्रीको ३१.९४ प्रतिशत रहेकोले अनुपातिक रुपमा रु.२ करोड ९३ लाख मात्र मिलान गर्नुपर्नेमा सबै मिलान गरेकोले फरक रु.६ करोड २५ लाख डेबिट समायोजन गर्न छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१३२. **दर्ता स्थगनको मूल्य अभिवृद्धि कर** – आर्थिक ऐन, २०७२ ले स्वास्थ्य सेवा कर बुझाउने संस्थाहरुले स्वैच्छिक रुपमा मूल्य अभिवृद्धि करमा दर्ता हुन पाउने र करदाताले ५ वर्षसम्म मूल्य अभिवृद्धि कर मात्र असुल गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयमा दर्ता रहेको एक अस्पतालले २०६१ देखि मूल्य अभिवृद्धि करमा दर्ता भई निर्माण चरणको अवस्थादेखि २०७२।७३ सम्म रु.२८ करोड ७७ लाख मूल्य अभिवृद्धि कर क्रेडिट लिएको अवस्थामा २०७३ श्रावणदेखि मूल्य अभिवृद्धि कर कारोबार बन्द गराई स्वास्थ्य सेवा शुल्क लाग्ने गरी कारोबार गरेको छ । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७(४) मा कट्टी सुविधा प्रदान भएका वस्तुको उपयोगिता समाप्त हुनु अगावै कर लाग्ने कारोबारमा प्रयोग हुन छाडेमा वस्तु तत्काल बजार मूल्यमा बिक्री भएको मानी कर असुल गर्ने व्यवस्था छ । करदाताको २०७३ आषाढ मसान्तको वित्तीय विवरणअनुसार साबिकमा मूल्य अभिवृद्धि कर क्रेडिट लिएको स्थिर सम्पत्ति रु.१ अर्ब २ करोड ५३ लाख बाँकी देखिएको छ । उक्त सम्पत्ति खरिद मूल्यमा नै बिक्री भएको अवस्थामा पनि १३ प्रतिशतले हुने रु.१३ करोड ३३ लाख मूल्य अभिवृद्धि कर निर्धारण गरी असुल गर्नुपर्नेमा नगरेकोले शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

१३३. **नपाउने क्रेडिट** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ११ अनुसार १२ महिनासम्म विवरण पेस नगर्ने करदातालाई दर्ता खारेज गर्ने सम्मको व्यवस्था छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन्:

१३३.१ आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. ३ को कार्यक्षेत्रका एक करदाता आय वर्ष २०७१।७२ देखि आयकरतर्फ र २०७२ भाद्रदेखि मूल्य अभिवृद्धि करतर्फ ननफाइलर रहेको छ । करदाताले २०७०।७१ को रु.५५ लाख समेत २०७१।७२ को मार्गसम्मको मूल्य अभिवृद्धि कर रु.१ करोड १ लाख क्रेडिट दावी गरेको छ । करदाताले २०७१ पौषदेखि कारोबार नगरेको, २०७२ भाद्रसम्म शून्य विवरण पेस गरेको र सो पश्चात् विवरण नै पेस नगरी कारोबार छाडेको अवस्था छ । विवरण नै पेस नगरेको अवस्थामा बिक्रीको आधारमा खरिदमा दावी गरेको सबै कर समायोजन गर्न मिल्ने अवस्था नदेखिएकोले क्रेडिट रकम शून्यकरण गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

१३३.२ करदाता सेवा कार्यालय बालाजुअन्तर्गतका एक करदाताले २०७१।७२ देखि २०७३।७४ सम्म र अर्को एक करदाताले २०७२।७३ देखि २०७३।७४ सम्म लगातार शून्य विवरण पेस गरेका छन् । करदाताले लगातार बाह्र महिनाभन्दा बढी शून्य विवरण पेस गरेकोले ती करदाताको साबिकको क्रेडिट रु.१ करोड ५४ लाख अमान्य गर्न कर निर्धारण गर्नुपर्ने देखिन्छ ।

१३३.३ आन्तरिक राजस्व कार्यालय, भैरहवाअन्तर्गत निमार्ण कार्य गर्ने एक करदाताले सबै कारोबार सम्बद्ध कम्पनीमा गरेको छ । आय वर्ष २०७२।७३ मा निमार्णाधीन व्यापारिक मौज्दात रु.६ करोड ७३ लाखलाई २०७३।७४ मा बिक्री नदेखाएको तर रु.८ करोड २६ लाख खरिद देखाई रु.१ करोड ७ लाख कर क्रेडिट दावी गरेको छ । सोको अतिरिक्त थप क्रेडिट रु.३७ लाख उल्लेख गरी यो वर्षको क्रेडिट रु.१ करोड ४९ लाख पुगेको छ । तसर्थ निमार्ण व्यवसायीले सम्बद्ध कम्पनीको कारोबारमा २ वर्षसम्म निमार्णाधीन व्यापारिक मौज्दात देखाई बिक्री बीजक जारी नगरेको कारोबारको कर रु.८८ लाख र आधार वेगर थप क्रेडिट दावी गरेको रु.३७ लाखसमेत रु.१ करोड २५ लाख अमान्य गर्न छानबिन गरी कर निर्धारण गर्नुपर्दछ ।

१३३.४ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार दर्ता भएको व्यक्तिले रीतपूर्वकको कर बीजक जारी गरी लाग्ने कर दाखिला गर्नुपर्ने व्यवस्था छ । ठूला करदाता कार्यालयमा दर्ता रहेको एक निर्माण व्यवसायसँग सम्बन्धित करदाताले आयकरतर्फ २०७१।७२ मा रु.८ करोड ७२ लाख र २०७०।७१ मा रु.२६ करोड ८ लाख भुक्तानी पाएको विवरण पेस गरेको छ । तर मूल्य अभिवृद्धि करतर्फ २०७०।७१ पछि २०७३।७४ सम्म कुनै बिक्री देखाएको छैन । करदाताले बिक्रीमा कर सङ्कलन नगरेको अवस्थामा खरिदमा तिरेको मूल्य अभिवृद्धि करमध्ये २०७०।७१ मा रु.१ करोड ६७ लाख फिर्ता लगेको र रु.५० लाख २०७१।७२ देखि क्रेडिट हिसाबमा

जिम्मेवारी सारेको छ । मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(३) अनुसार बिक्रीमा मूल्य अभिवृद्धि कर सङ्कलन नगरेको अवस्थामा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर क्रेडिट नपाउने हुँदा फिर्ता दिएको मूल्य अभिवृद्धि कर असुल गर्न कर निर्धारण गर्नुपर्दछ ।

१३३.५ आन्तरिक राजस्व कार्यालय, जनकपुरअन्तर्गतको एक करदाताले २०७० चैत्रदेखि २०७४ असार मसान्तसम्म कुनै बिक्री कारोबार नदेखाएकोमा खरिदमा तिरेको मूल्य अभिवृद्धि कर रु.२ करोड क्रेडिट दाबी गरेको छ । बिक्रीमा कर सङ्कलन नगरी खरिदमा दाबी गरेको करलाई अमान्य गर्न कर निर्धारण गर्नुपर्दछ ।

१३४. **घीउ तेलको मूल्य अभिवृद्धि कर** - आर्थिक ऐन, २०७३ ले संशोधन गरेको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को बुँदा १३ बमोजिम तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन तोरीको तेल, वनस्पति घीउ र अन्य प्रशोधित खाने तेल मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गर्दा उठाएको मूल्य अभिवृद्धि करमध्ये ४० प्रतिशत फिर्ता दिने व्यवस्था छ । यो वर्ष ठूला करदाता कार्यालय लगायत ३ कार्यालयबाट रु.२ अर्ब ४२ करोड ४७ लाख मूल्य अभिवृद्धि कर फिर्ता भएको छ । अन्तर्राष्ट्रिय प्रचलन अनुसार मूल्य अभिवृद्धि करमा सीमित वस्तुहरुमा मात्र कर फिर्ता दिने प्रचलन भएकोमा उच्चस्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ ले तोरीको तेल लगायतमा कर फिर्ता क्रमशः हटाउने भन्ने सुझावको समेत कार्यन्वयन भएको छैन ।

१३५. **मोबाइल सेटको मूल्य अभिवृद्धि कर** – आर्थिक ऐन, २०७३ ले संशोधन गरेको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को समूह ११ को बुँदा १८ बमोजिम सेलुलर मोबाइल पैठारीकर्ताले सेलुलर मोबाइल फोनसेटको कच्चापदार्थ वा तयारी सामानमा तिरेको कर त्यस्ता सामान मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गरेको प्रमाण पेस गरेमा विभागले तोकेको प्रक्रियाबमोजिम ४० प्रतिशत फिर्ता दिने व्यवस्था छ । सो प्रावधानअनुरुप २०७३।७४ मा ठूला करदाता कार्यालय लगायत ३ कार्यालयअन्तर्गत १५ करदातालाई रु.८९ करोड २७ लाख फिर्ता भएको छ । गत वर्ष यस्तो फिर्ता रकम रु.७५ करोड २२ लाख रहेको थियो । अवैध पैठारी नियन्त्रण गर्ने सन्दर्भमा यो व्यवस्था कार्यान्वयन गरिएकोमा हाल इन्टरनेसनल मोबाइल इक्वीपमेन्ट आइडेन्टिटी नम्बर लिनुपर्ने व्यवस्था कार्यन्वयन भैसकेको छ । उपभोक्ताबाट सङ्कलन गरेको मूल्य अभिवृद्धि कर व्यापारीलाई फिर्ता दिने प्रक्रिया मूल्य अभिवृद्धि करको सिद्धान्तविपरीत छ । यस सम्बन्धमा उच्च स्तरीय कर प्रणाली पुनरावलोकन आयोग, २०७१ र सार्वजनिक लेखा समितिले समेत कर फिर्ता दिने व्यवस्था हटाउन सुझाव दिएकोमा कार्यन्वयन भएको छैन । अतः त्यस्ता वस्तुमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था हटाउन नीतिगत पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

१३६. **चिनीको मूल्य अभिवृद्धि कर** – यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१३६.१ नगद प्रवाह व्यवस्थापनको लागि चिनी उद्योगहरुलाई रु.४५ करोड ७५ लाख उपलब्ध गराउने र चिनी उद्योगहरुलाई मूल्य अभिवृद्धि कर फिर्ता दिँदा कट्टा गरी राजस्व दाखिला गर्ने नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७२।६।१४ मा निर्णय भएको छ । रकम फिर्ता भए नभएको अनुगमन आन्तरिक राजस्व विभागले गर्ने गरी अर्थ मन्त्रालयले २०७२।११।१८ मा परिपत्र समेत गरेको छ । मन्त्रिपरिषद्को निर्णयबमोजिम जिल्ला कृषि विकास कार्यालयहरुले ९ चिनी उद्योगलाई रु.४५ करोड ८ लाख रकम उपलब्ध गराएका छन् । उक्त रकम मूल्य अभिवृद्धि कर फिर्ता दिँदा कट्टी गरी राजस्व दाखिला गर्ने शर्तमा दिएकोमा सबै उद्योगले सरकारलाई फिर्ता नगरेको र सो रकम डेबिट समायोजन पनि गरेका छैनन् । निश्चित अवधिको लागि नगद प्रवाह गर्न सरकारले उपलब्ध गराएको रकम डेबिट समायोजन गर्ने वा फिर्ता लिई सो रकम राजस्वमा दाखिला गर्नुपर्दछ ।

१३६.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ को १९ मा चिनी उत्पादन गर्ने स्वदेशी उद्योगले आफ्नो उत्पादन मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गरेमा उठाएको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व विभागले तोकेको प्रक्रिया अनुसार फिर्ता दिने व्यवस्था छ । विभागले यस्ता करदाताको प्रत्येक वर्ष कर परीक्षण गरी फिर्ता प्रक्रियाको परीक्षण गर्ने उल्लेख भए तापनि २०७२।७३ मा मूल्य अभिवृद्धि कर फिर्ता लिने १० करदाताको कर परीक्षण गरेको छैन । चिनीको मूल्य अभिवृद्धि कर फिर्ता लिनेमध्ये ठूला करदाता कार्यालयका १० करदाताले मात्र २०७२।७३ मा रु.८८ करोड ७ लाख फिर्ता लिएका छन् ।

चिनी उद्योगलाई कच्चापदार्थ आपूर्ति गर्ने किसानले उखूको मूल्य नपाएको अवस्थामा चिनीको मूल्य नियन्त्रण गर्न चिनी उद्योगलाई मूल्य अभिवृद्धि कर फिर्ता दिने नीति सरकारको छ । तर कार्यन्वयनमा जाँदा

मदिराको मुख्य कच्चा पदार्थको रुपमा रहेको मोलासेसको बिक्रीमा समेत २०७२।७३ मा ३ चिनी उद्योगलाई रु.३ करोड १८ लाख मूल्य अभिवृद्धि कर फिर्ता गरेको छ । जनस्वास्थमा प्रतिकूल असर पुऱ्याउने नकारात्मक सूचीमा रहेका वस्तु उत्पादनमा प्रयोग हुने मोलासिसको बिक्रीमा कर फिर्ता दिने विषयमा पुनरावलोकन हुनुपर्दछ ।

१३६.३ वस्तुहरुको उत्पादन प्रक्रिया, गुणस्तर, उपभोग मूल्यमा परेको प्रभाव, उद्योगमा कच्चापदार्थको आपूर्ति, किसानमा परेको प्रभाव र बजार व्यवस्था लगायतका विषयमा अनुगमन गरी वाणिज्य, उद्योग र आन्तरिक राजस्व विभागले प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने व्यवस्था गरेको भए तापनि सोको कार्यान्वयन भएको छैन । प्रभाव मूल्याङ्कन नै नगरी २०७३।७४ देखि ७० प्रतिशत मूल्य अभिवृद्धि करबाट बढाई ९० प्रतिशत फिर्ता दिने गरी कानुन नै संशोधन गरेको दखियो ।

१३७. **दोहोरो मूल्य अभिवृद्धि कर फिर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची १ अनुसार स्वदेशी कपडा उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका करदातालाई बिक्री गरेर उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत क्रेडिट समायोजन गर्न दिने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, पर्सामा दर्ता रहेका १२ कपडा उद्योगले आफूले उठाएको मूल्य अभिवृद्धि करको ७० प्रतिशत क्रेडिट समायोजन गरेको र ती उद्योगसँग खरिद गरी बिक्री गर्ने अन्य उद्योगले पनि पुनः ७० प्रतिशत समायोजन गरेको देखिँदा रु.१ अर्ब १० करोड ७३ लाखको बिक्रीमा उठाएको मूल्य अभिवृद्धि कर रु.१४ करोड ३९ लाखको ७० प्रतिशतले हुने रु.१० करोड ८ लाखको दोहोरो क्रेडिट मिलान भएको छ । आन्तरिक राजस्व कार्यालय, सिमराका २ करदाता र सम्बद्ध कम्पनीले पनि रु.१ करोड २८ लाखको ७० प्रतिशतले मूल्य अभिवृद्धि कर रु.८९ लाख क्रेडिट दाबी गरेकोले दोहोरो क्रेडिट दाबी गरेको देखिँदा थप छानबिन गरी क्रेडिट समायोजन भएको मूल्य अभिवृद्धि कर रु.१० करोड ९७ लाख राजस्व घटी असुल भएकोले थप छानबिन गरी सो रकममा शुल्क सहित कर निर्धारण गर्नुपर्दछ ।

१३८. **पुनः निकासीमा मूल्य अभिवृद्धि कर फिर्ता -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २४(४) मा महिनाको कुल बिक्रीमध्ये ४० प्रतिशतभन्दा बढी निकासी बिक्री गर्ने व्यक्तिले ऐनले तोकेको कार्यविधि अपनाई फिर्ता पाउन निवेदन दिएमा बुझाउनुपर्ने कुनै रकम बाँकी भए मिलान गरी बाँकी रकम फिर्ता पाउने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ अन्तर्गतका ३ करदातालाई जिलेट तथा फेस वासका तयारी सामग्रीहरु आयात गरी पुनः तेस्रो देशमा निकासी गरेको आधारमा मात्र रु.१० करोड ८९ लाख मूल्य अभिवृद्धि कर फिर्ता दिएको छ । विदेशबाट तयारी सामान आयात गरी पुनः निकासी गर्दा मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी व्यवस्थाबाट सीमित व्यवसायीले मात्र फाइदा लिएको अवस्था छ । जर्मनी, अमेरिका लगायतका मुलुकबाट पैठारी गरी दुवई निकासी गरेको आधारमा फिर्ता दिएको देखिन्छ । भन्सार तथ्याङ्कबाट वर्ष भरमा आयात गरेको मूल्य बराबर नै जिलेट निर्यात गरेको देखिएको र बजारमा जिलेटका सामग्रीहरु पर्याप्तरुपमा खपत भैरहेको अवस्थाले यस प्रकारको निर्यात सम्बन्धमा छानबिन हुनुपर्ने देखिन्छ ।

१३९. **नपाउने मूल्य अभिवृद्धि कर फिर्ता** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ४०(३) अनुसार कर लाग्ने वस्तु वा सेवा दुवैको कारोबार गरेकोमा कर लाग्ने सेवासँग प्रत्यक्ष रुपमा सम्बन्धित खरिदमा तिरेको कर मात्र क्रेडिट पाउने व्यवस्था छ । करदाता सेवा कार्यालय त्रिपुरेश्वरमा दर्ता रहेको एक प्लाजा हाल निमार्णधीन अवस्थामा रहेको छ । व्यावसायिक भवन बनाउने करदाताले वहाल आय प्राप्त गर्ने हुँदा यसमा मूल्य अभिवृद्धि कर उठाउने अवस्था रहँदैन । करदाता निमार्णाधीन चरणमा रहेकोले कुनै बिक्री कारोबार नै नगरेको अवस्थामा निजलाई ६ महिना क्रेडिट रहेको आधारमा २०७३।७४ मा रु.१ करोड ९९ लाख मूल्य अभिवृद्धि कर फिर्ता दिएको छ । करदाताको बिक्री कारोबार कर योग्य नभएको एवं बिक्री कारोबार नै शुरु नगरेको अवस्थामा फिर्ता दिएको मूल्य अभिवृद्धि करमा शुल्कसमेतको कर निर्धारण गर्नुपर्दछ ।

१४०. **सिमेन्ट उद्योगको उत्पादनशीलता** – सिमेन्ट उत्पादनमा प्रयोग हुने क्लिङ्कर, चुन ढुङ्गा र अन्य केही पदार्थको मिश्रणलाई भट्टीमा १४५० डिग्री सेन्टिग्रेडसम्मको तातोमा क्यालिसनेसन र सिन्टरिङको प्रक्रियाबाट तयार हुन्छ । क्लिङ्कर उत्पादनका क्रममा प्रयोग हुने कच्चा पदार्थमा निहित म्वाइस्चर लगायतका सम्पूर्ण ग्याँसको उत्सर्जन भई व्यास २५ एम.एम.सम्मको ढुङ्गा सरह कडा पदार्थको रुपमा क्लिङ्कर बन्छ । यसमा ओपिसी सिमेन्टका लागि बढीमा ५ प्रतिशत र पिपिसी सिमेन्टका लागि थोरै मात्रामा अन्य पदार्थको मिश्रणसमेत गरी क्लिङ्कर पिँधेर उत्पादित सिमेन्ट प्याकिङ्ग हुन्छ । क्लिङ्करलाई ग्राइन्डिङ्ग मिलमा पिँध्दा सोको तौलमा अदृश्य ह्रास हुने स्थिति नरहने हुँदा प्रयोग भएको पदार्थको परिमाणको शत प्रतिशत नै उत्पादन हुनुपर्दछ । यदि

नगन्य मात्रामा अन्य सहायक पदार्थको वजनमा ह्रास भएपनि उत्पादनका क्रममा क्लिङ्कर र सहायक पदार्थको मिश्रणलाई पिध्दा ग्राइन्डिङ्ग मिलमा फलामको मेडिया बल पिँध्ने क्रममा खिइने र यसरी खिइएको बलको फलामको धुलो पनि सिमेन्टमा नै मिश्रण हुने हुनाले कच्चा पदार्थको खपत परिमाण अनुसार नै उत्पादन हुनुपर्दछ । कर परीक्षण गरिएका फाईलको अध्ययन गर्दा सरकारको स्वामित्वमा रहेका दुई सिमेन्ट उद्योगले २०६९।७० मा क्लिङ्करको खपतबाट शतप्रतिशत परिमाणमा सिमेन्टको उत्पादन गरेका छन् । त्यस्तै गरी निजी क्षेत्रबाट सञ्चालित २ उद्योगले पनि २०७२।७३ मा शत प्रतिशत नै उत्पादन गरेको पाइयो । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

१४०.१ एक सरकारी र एक निजी उद्योगको स्थलगत निरीक्षण गर्दा प्राविधिकबाट कच्चा पदार्थको खपत हुने परिमाण अनुसार नै उत्पादन हुने जानकारी भएको र मिलबाट पिँधेर निस्केको सिमेन्ट ५० के.जी.को तौलमा बोरामा क्रमशः म्यानुअल्ली र अटोमेटेड तरिकाले प्याकिङ्ग भइरहेको देखियो । उपर्युक्तानुसार अन्य सिमेन्ट उद्योगको पनि कच्चा पदार्थको खपत परिमाण बमोजिम उत्पादन हुनुपर्नेमा अधिकांश उद्योगले कच्चापदार्थको खपत परिमाणको ९७.०९ प्रतिशत उत्पादन परिमाण देखाउने गरेको छ । उद्योग विभागले सिफारिस गरेको दर अनुरुप उत्पादन ठीक रहेको जनाए तापनि उत्पादनका बखत करीब ३ प्रतिशत अदृश्य नोक्सानी हुने गरी उद्योग विभागले नतोकेको र प्राविधिक दृष्टिकोणले अदृश्य नोक्सानी हुने अवस्था समेत देखिएन ।

१४०.२ केही उद्योगले देखाएको उत्पादनको परिमाण भन्दा बढी परिमाणमा सिमेन्ट बिक्री गरे तापनि आयमा समावेश नगरेको भनी राजस्व अनुसन्धान कार्यालयबाट छानबिन गरेर थप आय कायम भएको अवस्थासमेत देखिन्छ । कर परीक्षण भएका ठूला करदाता क्षेत्राधिकारका १७ करदाताको क्लिङ्कर भौतिक नोक्सान भएको पुष्टयाई बेगर नै ६१५१२.०८ मे.टन सिमेन्टको उत्पादन नदेखाई बिक्री गर्ने गरेकोले सोमा लाग्ने अन्तःशुल्क रु.१ करोड ११ लाख र करदाताको औसत बिक्री मूल्यको आधारमा बिक्री आय रु.७६ करोड १३ लाखमा लाग्ने मूल्य अभिवृद्धि कर रु.९ करोड ९० लाख र १३ करदाताको करयोग्य आयमा समावेश नभएको बिक्री रु.७२ करोड ६६ लाखमा २० प्रतिशतका दरले कर रु.१४ करोड ५३ लाख र नोक्सानीमा रहेका ४ करदाताको नोक्सानीमा रु.३ करोड ४७ लाख नोक्सानी समायोजन गरी सोमा लाग्ने शुल्क र ब्याजसमेत छानबिन गरी असुल गर्नुपर्दछ ।

१४१. **क्षति नोक्सानी –** अन्तःशुल्क नियमावली, २०५९ को नियम २३ (क) मा बियर उत्पादन गर्ने उद्योगलाई तयारी बोतलबन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाणभन्दा बोतलबन्दीपछि बोतल काउन्टरले देखाएको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशतसम्म र पाश्चाराइजेसन, प्याकेजिङ तथा गोदाम भण्डारण गर्दा टुटफुट बियरको भौतिक परीक्षण गर्दा बढीमा २ प्रतिशतसम्म मिनाहा दिन सक्ने व्यवस्था छ । आन्तरिक राजस्व कार्यालय, भरतपुरअन्तर्गतको एक बियर उद्योगले फ्लोमिटर बिग्रिएको अवस्थामा समेत पाश्चाराइजेशन र प्याकिङ्गतर्फ २ प्रतिशतभन्दा २१ लाख ४९ हजार लिटर बढी जर्ति दाबी गरी प्रतिलिटर रु.११५ ले हुने अन्तःशुल्क मिनाहा लिएको रु.२४ करोड ७१ लाख कर निर्धारण गरी असुल गर्नुपर्दछ ।

१४२. **प्याकिङ मेटेरियलमा क्रेडिट** - आर्थिक ऐन, २०७२ ले अन्तःशुल्क ऐन २०५८ को दफा ३(क) संशोधन गरी अन्तःशुल्क लाग्ने वस्तु उत्पादनमा प्रयोग हुने कच्चा पदार्थको खरिदमा तिरेको अन्तःशुल्क कट्टा गर्न पाइने तर सहायक कच्चापदार्थ प्याकिङ मेटेरियल खरिदमा तिरेको अन्तःशुल्क कट्टी गर्न नपाइने उल्लेख गरेको छ । करदाता सेवा कार्यालय कोटेश्वरको एक करदाताले आय वर्ष २०७३।७४ मा प्याकिङ मेटेरियलमा तिरेको अन्तःशुल्क रु.१ करोड ८६ लाखसमेत क्रेडिट दाबी गरेकोले सो रकममा ब्याज, जरिबाना तथा शुल्कसमेत गणना गरी अन्तःशुल्क निर्धारण गर्नुपर्दछ ।

१४३. **स्वास्थ्य सेवा कर** – आर्थिक ऐन, २०७२ को दफा ७ मा सरकारी र सामुदायिक अस्पताल बाहेकका निकायले प्रदान गर्ने स्वास्थ्य सेवामा ५ प्रतिशतका दरले स्वास्थ्य सेवा कर असुल गर्ने व्यवस्था छ । स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को व्यवस्थाअनुसार सामुदायिक अस्पताल भन्नाले सम्बन्धित सरकारी निकायमा दर्ता भई समुदायकै लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उद्देश्य लिई सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनुपर्ने समेत उल्लेख छ । त्यस्ता अस्पतालले सेवाग्राहीबाट नर्सिङ होम सरह शुल्क असुल गरी सेवा दिने र सरकारी अनुदान तथा सहायता प्राप्त नगर्ने गैरसरकारी संस्थाबाट सञ्चालित रहेको समेत देखिन्छ । सोही प्रकृतिका अन्य स्वास्थ्य सेवा प्रदायकले स्वास्थ्य सेवा कर तिरेको अवस्था समेत विद्यमान छ । तसर्थ आन्तरिक राजस्व

कार्यालय क्षेत्र नं १, भद्रपुर र नेपालगंज तथा करदाता सेवा कार्यालय, महाराजगन्ज र बत्तीसपुतलीको कार्यक्षेत्रअन्तर्गत रहेका १८ करदाताको १२ आय वर्षको रु.६ करोड ३३ लाखमा स्वास्थ्य सेवा कर असुल नगरेको अवस्था रहेकोले छानबिन गरी कर असुल गर्नुपर्दछ ।

भन्सार विभाग

राजस्व असुली र व्यापार सहजीकरणमा टेवा पुऱ्याउने उद्देश्यले भन्सार विभागअन्तर्गत ३१ मुख्य भन्सार कार्यालय र सो अन्तर्गत १४३ छोटी भन्सार कार्यालय रहेका छन् । भन्सार प्रशासनले यस वर्ष रु.२ खर्ब ४६ अर्ब ५ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकोमा रु.२ खर्ब ५४ अर्ब ५४ करोड सङ्कलन गरी लक्ष्यको तुलनामा १०३.४५ प्रतिशत र गत वर्षको तुलनामा ३०.३१ प्रतिशत बढी असुली भएको छ । उक्त सङ्कलित राजस्व कुल राजस्वको करिब ४६.५९ प्रतिशत हुन्छ । यस वर्षको सङ्कलित राजस्वमध्ये भन्सार, मूल्य अभिवृद्धि कर र अन्तःशुल्कको हिस्सा क्रमशः ४३.९४, ४१.३९ र १४.६७ प्रतिशत रहेको छ ।

१४४. **राजस्वको लक्ष्य प्रगति** - बजेट वक्तव्य, अर्थ मन्त्रालयले तयार गरेको प्रतिवेदन लगायतका अभिलेखअनुसार विगत वर्षको आयात निर्यात र भन्सार विभागको राजस्व असुली तथ्याङ्क निम्नानुसार रहेको छ:

(रु.करोडमा)

विवरण	२०७१।७२	२०७२।७३	२०७३।७४	वृद्धि प्रतिशत २०७२।०७३ को तुलनामा
लक्ष्य	**१६९००**	**२०५८६**	**२४६०५**	**१९.५२**
भन्सार राजस्व	७१००	८३२९	१०४७४	२५.७५
पैठारी मू.अ.कर	७४००	९२७१	१०५३९	१३.६७
पैठारी अन्तःशुल्क	२४००	२९८६	३५९२	२०.२९
असुली	**१७६११**	**१९४८८**	**२५४५४**	**३०.६१**
भन्सार राजस्व	७४७०	८३८९	१११८५	३३.३१
मू.अ.कर पैठारी	७८९३	७७९३	१०५३५	३५.५१
अन्तःशुल्क पैठारी	२२४७	३३२६	३७३५	११.९९

यो वर्ष लक्ष्यअनुसार राजस्व असुली भए पनि सीमा क्षेत्रको खुला बजार लगायतको कारणले मित्रराष्ट्र भारतको वाणिज्य विभागको तथ्याङ्कबमोजिम नेपालमा गरेको निर्यात र नेपालले आयात देखाएको तथ्याङ्कमा उल्लेख्य रुपमा फरक देखिएको विषयमा अध्ययन भएको छैन । यस्तो अवस्थामा राजस्व प्रक्षेपण नै यथार्थपरक नरहेकोले विभागले सीमा व्यापारको अध्ययन गरी यसलाई प्रणालीवद्ध गर्ने, न्यून बीजकीकरण नियन्त्रणका लागि सन्दर्भ मूल्यसूचीको प्रयोग गरी भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाई राजस्व असुली बढाउन ध्यान दिनुपर्ने देखिन्छ ।

१४५. **फरक दरबन्दी** - भन्सार कार्यालयहरुले पैठारी भएका मालसामानको जाचपास गर्दा आर्थिक ऐन, २०७३ को अनुसूची १ र भन्सार दरबन्दी पुस्तिकामा उल्लिखित संकेत नम्बरअनुसार मालवस्तुको यथार्थ संकेत यकिन गरी जाँचपास गर्नुपर्नेमा प्रज्ञापनपत्र परीक्षण गर्दा फरक संकेत नम्बर तथा दरबन्दी लगाई रु.७२ करोड ९७ लाख घटी राजस्व असुल गरेका छन् । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन्:

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः मालवस्तुको मूल्याङ्कन, फरक दरबन्दी प्रयोग, मालवस्तुको जाँचमा मूल्य अभिवृद्धि कर, पैठारी भएका मालवस्तुमा अन्तःशुल्क असुली लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

१४५.१ आर्थिक ऐन, २०७३ को अनुसूची १ र अन्तःशुल्क ऐन, २०५८ को दफा ३ अनुसार टेलिभिजन जडान गर्ने उद्योगले टेलिभिजन जडान गर्नका लागि आवश्यक पार्टपुर्जाहरु, अर्ध तयारी एल.सी.डी. वा एल.ई.डी, प्यानेल, क्याथोड रे पिक्चर ट्युब तथा सहायक सामग्रीहरु अनएसेम्बल्ड अवस्थाका पैठारी गर्दा भन्सार उपशीर्षक ८५२८७२१० बाट भन्सार महसुल २० प्रतिशत र अन्तःशुल्क १० प्रतिशत लिई भन्सार जाँचपास गर्नुपर्ने व्यवस्था छ । सुख्खा बन्दरगाह, वीरगन्ज, विराटनगर र मेची भन्सार कार्यालयबाट टेलिभिजन पार्टपुर्जा भन्सार उपशीर्षक ८५२९९०१० जाँचपास गरी अन्तःशुल्क १० प्रतिशत लगाएको छ । फरक दरबन्दी लगाएको कारणले छुट भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.५६ करोड ८५ लाख

असुल गर्नुपर्दछ । टेलिभिजन जडान गर्ने उद्योगको लागि बेग्लै दरबन्दीको व्यवस्था गरेकोमा सो दरबन्दी प्रयोग नगरी मर्मत प्रयोजनको लागि पार्टपुर्जा पैठारी गर्ने दर प्रयोग गरेबाट राजस्व घटी असुल भएको छ ।

१४५.२ भन्सार विभागले २०५६।१।१९ मा गरेको वस्तु वर्गीकरण र व्याख्यालाई आधार मानी वीरगन्ज भन्सार कार्यालयले पैठारी भएका प्याकेजिङ मेटेरियललाई भन्सार उपशीर्षक ७६०७२० बाट १५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । गत वर्ष उक्त सामानहरु भन्सार उपशीर्षक ४८११५९० बाट जाँचपास भएको, अन्तर्राष्ट्रिय तथ्याङ्कबाट पनि सो वस्तु ४८११५९० बाट जाँचपास भएको, पैठारीकर्ताले पेस गरेको बीजकमा पनि भन्सार वर्गीकरण ४८११५९० नै रहेको र सामग्रीको विशेषता मूल्याङ्कन गर्दा ७० प्रतिशत कागज, २४ प्रतिशत प्लाष्टिक्स, बाँकी ६ प्रतिशतमात्र आल्मुनियम भएको अवस्थामा आल्मुनियम शीर्षकमा वर्गीकरण गरेको मिल्ने देखिएन । तसर्थ उक्त मालवस्तु भन्सार उपशीर्षक ४८११५९० (एडहेसिभ बाहेकका प्लाष्टिक कोडेड कागज) बाट २० प्रतिशत महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा वीरगन्ज भन्सार कार्यालयले फरक दरबन्दी लगाई जाँचपास गरेको कारणले कारोबार मूल्य कुल रु.१ अर्ब ४४ करोड ७ लाखमा छुट भएको राजस्व रु.८ करोड ९९ लाख असुल हुनुपर्दछ ।

१४५.३ विभिन्न दश पैठारीकर्ताले पैठारी गरेका रु.१५ करोड ३० लाख कारोबार मूल्यका एयरक्राफ्ट पार्टस ब्लेडलाई भन्सार उपशीर्षक ८४११९१० (टर्वो-जेटहरु, टर्वो-प्रोपेलरहरु) बाट १० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयले भन्सार उपशीर्षक ८८०३३० (हवाइजहाज वा हेलिकोप्टरको अन्य पार्टपुर्जाहरु) बाट १ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेको छ । सोही सामान नेपाल वायुसेवा निगमले पैठारी गर्दा १० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ५६ लाख असुल गर्नुपर्दछ ।

१४५.४ भन्सार उपशीर्षक ८५०७२० (अन्य लिड एसिड एक्युमुलेटेड) बाट व्याट्री ग्रुप सिरिज १५ प्रतिशत भन्सार महसुल, १० प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ । विराटनगर भन्सार कार्यालयबाट एक निजी दूरसञ्चार सेवा प्रदायकले पैठारी गरेको सो मालवस्तुमा उपशीर्षक ८५०७६० लिथेनियम) बाट वर्गीकरण गरी २० प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास भएकोले घटी भएको महसुल रु.९७ लाख असुल गर्नुपर्दछ ।

१४५.५ भन्सार उपशीर्षक ३४०१३० र ७०२००० बाट फेसवास र ग्लास बिड्स क्रमश: २० र १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ । वीरगन्ज सुख्खा बन्दरगाह र भैरहवा भन्सार कार्यालयले फरक फरक उपशीर्षक लगाइ जाँचपास गरेकाले घटी असुल भएको महसुल रु.३२ लाख र भन्सार उपशीर्षक ७२०७१९० (फलाम वा अमिश्रित स्पात अन्य) बाट ५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विराटनगर भन्सार कार्यालयबाट एक उद्योगले पैठारी गरेका रु.१ करोड ५२ लाख कारोबार मूल्यको एम.एस बिलेटमा दरबन्दीअनुसारको महसुल असुल गरेको नदेखिएकोले छुट भएको राजस्व रु.२८ लाख समेत रु.६० लाख असुल गर्नुपर्दछ ।

१४५.६ भन्सार उपशीर्षक ९४०३२० (अन्य धातुका फर्निचर) बाट छ लेयरको व्याट्री क्याविनेटलाई ३० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ । विराटनगर भन्सार कार्यालयबाट एक निजी दूरसञ्चार सेवा प्रदायकले पैठारी गरेको सो मालवस्तु उपशीर्षक ८५०७२० (अन्य लिड एसिड एक्युमुलेटर) बाट वर्गीकरण गरी १५ प्रतिशत भन्सार, १० प्रतिशत अन्त:शुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेकाले घटी असुल हुन गएको महसुल रु.५० लाख असुल गर्नुपर्दछ ।

१४५.७ लिथियम ब्याट्री मनिटर वक्सलाई भन्सार उपशीर्षक ९४०३१० (धातुका फर्निचर) बाट ३० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्ने व्यवस्था छ । विराटनगर भन्सार कार्यालयले एक निजी दूरसञ्चार प्रदायकले भन्सार उपशीर्षक ८५०४४० स्ट्याटिक कन्भर्टबाट १५ प्रतिशत भन्सार र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । सोही पैठारीकर्ताले सोही मालवस्तु प्रज्ञापनपत्र नं. १७१२६ जुलाई १२,२०१७ मा भन्सार उपशीर्षक ९४०३१० बाट ३० प्रतिशत भन्सार महसुल र मूल्य

अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । यसरी फरक दरबन्दी लगाएर जाँचपास गर्दा घटी भएको भन्सार महसुल र मूल्य अभिवृद्धि करसमेत रु.३७ लाख असुल गर्नुपर्दछ ।

१४५.८ विभिन्न पैठारीकर्ताले पैठारी गरेका रु.१ करोड ८२ लाख कारोबार मूल्यका रिजर्भ्वायर टैंकलाई भन्सार उपशीर्षक ७३०९० बाट १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विराटनगर भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४७७२०, ८४३८९०, ८४५३२०, ८४१४८०, ८४७९१० बाट ५ प्रतिशत भन्सार महसुलमात्र लगाई जाँचपाँस गरेको छ । विश्व व्यापार संगठनको व्याख्या परिच्छेद ७३ अनुसार बियरको भण्डारण, उत्पादन र फरमेन्टेसनमा प्रयोग हुने टैंकलाई भन्सार उपशीर्षक ७३०९० बाट जाँचपास गर्ने व्यवस्था छ । उक्त सामान अन्य ४ प्रज्ञापन पत्रबाट सोही दरबन्दीबाट जाँचपास गरेको छ । फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र मूल्य अभिवृद्धि कर रु.३३ लाख असुल गर्नुपर्दछ ।

१४५.९ त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले रु.६८ लाख कारोबार मूल्यका एयर प्युरिफाइबर भन्सार उपशीर्षक ८४२१३१ (इटेक एयर फिल्टर्स) बाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धिकर लगाई जाँचपास गर्नुपर्नेमा ५ प्रतिशत भन्सार महसुल लगाई जाचपाँस गरेकोले रु.२१ लाख र एयरक्राफ्टस पार्टस् फिल्टर कार्टिज एण्ड फिल्टरलाई भन्सार उपशीर्षक ८४२१२३ बाट १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८८०३३० (हवाइजहाज वा हेलिकोप्टरको अन्य पार्टपुर्जाहरु) बाट १ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेको छ । सोही सामान नेपाल वायुसेवा निगमले (प्रज्ञापनपत्र.न. ५४४० ,३६४४, ५३६४९ र ४२९६३) चार प्रज्ञापनपत्रबाट पैठारी गर्दा १५ प्रतिशत भन्सार महसुल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको हुंदा फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको महसुल रु.३१ लाखसमेत रु.५२ लाख असुल गर्नुपर्दछ ।

१४५.१०एसी र डिसी पावर सप्लाई गर्ने मेसिनलाई भन्सार उपशीर्षक ८५०४४० (स्ट्याटिक कन्भर्टर्स) बाट १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट एक पैठारीकर्ताले हार्डवयर वीथ टु डि.सी. पि.एस.यू.लाई भन्सार उपशीर्षक ८५१७६२ (ध्वनी, छवी वा अन्य आँकडालाई संग्रहण गर्ने, परिवर्तन गर्ने र प्रसारण वा पुनरुत्पादन गर्ने यन्त्रहरु, स्वीचीङ्ग र राउटिङ्ग उपकरणहरु) बाट कारोबार मूल्य रु.३ करोड ८ लाखमा ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रु.३५ लाख असुल गर्नुपर्दछ ।

१४५.११ एक निजी दूरसञ्चार प्रदायकले पैठारी गरेको रु.२ करोड ७६ लाख कारोबार मूल्यका डी.पी.एफ.डब्लू १००० टी.ई.एन. मोडुल भन्सार उपशीर्षक ८५०४४ बाट १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयले भन्सार उपशीर्षक ८५१७६९ ध्वनी, छवी वा अन्य आँकडालाई सँग्रहण गर्ने यन्त्रहरुमा वर्गीकरण गरी ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । सोही पैठारीकर्ताले सोही मालवस्तु प्रज्ञापन पत्र न. ५३१९५ बाट पैठारी गर्दा १५ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर समेत रु.३१ लाख असुल गर्नुपर्दछ ।

१४५.१२एक इन्टरनेट सेवा प्रदायकले रु.२ करोड ४८ लाख कारोबार मूल्यका स्प्लिटर र कनेक्टर पैठारी गरेकोमा उक्त मालवस्तु फाइवर कनेक्टर भएकाले भन्सार उपशीर्षक ८५३६७० बाट १५ प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा सुख्खा बन्दरगाहा भन्सार कार्यालयले भन्सार उपशीर्षक ८५१७६९० (प्रसारण तथा संग्रह उपकरणहरु) मा वर्गीकरण गरी ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि कर समेत रु.२८ लाख असुल गर्नुपर्दछ ।

१४५.१३ एक पैठारीकर्ताले पैठारी गरेको रु.८ करोड ११ लाख कारोबार मूल्यका मर्मत सम्भारका मेसिन उपकरणका पार्टहरुलाई विभिन्न भन्सार उपशीर्षकहरु ८२०७१९, ८४३१४३, ३९०७३० बाट ५ र १० प्रतिशत भन्सार

महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा रसुवा भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४६६ यन्त्र उपकरणको दरबन्दीबाट शून्य प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । ती सामग्री मेसिन उपकरण नभै पार्टपुर्जा भएकोले फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको भन्सार महसुल र सोको मूल्य अभिवृद्धि करसमेत रु.६१ लाख असुल गर्नुपर्दछ ।

१४५.१४ आर्थिक ऐन, २०७३ को दफा १४ (३)(य) मा उद्योगले उद्योगको नाम समेत मुद्रण गरी पैठारी गर्ने उपशीर्षक ३०२०९९१० र ३०२१९०१० मा पर्ने मालवस्तुमा १५ प्रतिशत भन्सार महसुल लाग्ने व्यवस्था छ । विराटनगर भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको रु.३ करोड १२ लाख कारोबार मूल्यका उद्योगका प्याकेजिङ्ग सामग्रीहरु विभिन्न उपशीर्षकबाट पैठारी गर्दा लाग्ने अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको तर भन्सार महसुल पूर्ण छुट दिएको रु.४४ लाख र एक पैठारीकर्ताले पैठारी गरेको रु.५ करोड ७ लाख ८४ हजार कारोबार मूल्यका सुगर फ्री गोल्डलाई भन्सार उपशीर्षक २१०६१० (प्रोटिनको सार र टेक्चर्ड प्रोटिन पदार्थ) बाट १५ प्रतिशत महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा वीरगन्ज भन्सार कार्यालयबाट भन्सार उपशीर्षक २९२५११० (स्याकरिन र यसका लवण) बाट १० प्रतिशत भन्सार महसुल र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाएर जाँचपास गरेको हुँदा छुट भएको महसुल रु. २९ लाख समेत रु ७७ लाख असुल गर्नुपर्दछ ।

१४६. **मूल्य अभिवृद्धि कर छुट** – आर्थिक ऐन, २०७३ को दफा ६ मा मालवस्तुको जाँच गर्दा मूल्य अभिवृद्धि कर असुल गर्ने व्यवस्था गरेकोमा छुट भएका व्यहोरा निम्नानुसार छन्:

१४६.१ आर्थिक ऐन, २०७३ ले सोलार इन्भर्टरमा १ प्रतिशत भन्सार महसुल लाग्ने गरी व्यवस्था गरे तापनि मूल्य अभिवृद्धि कर छुट दिएको छैन । त्रिभुवन विमानस्थल भन्सार कार्यालयले विभिन्न ८७ प्रज्ञापनपत्रबाट सोलार इन्भर्टरमा मूल्य अभिवृद्धि कर असुल गरे पनि बाँकी ७८ प्रज्ञापनपत्रबाट रु.७ करोड ३२ लाख कारोबार मूल्यमा रु.९६ लाख असुल गरेको देखिएन । त्यस्तै वीरगन्ज भन्सार कार्यालयले रु.१ करोड ३२ लाख कारोबार मूल्यको सोलार इन्भर्टरमा रु.१७ लाख मूल्य अभिवृद्धि कर असुल नगरेको समेत रु.१ करोड १३ लाख राजस्व छुट भएको रकम असुल गर्नुपर्दछ ।

१४६.२ दुग्ध विकास संस्थानले पैठारी गरेको रु.२ करोड ५६ लाख कारोबार मूल्यका पार्टस अफ डेरी प्लान्ट इक्विपमेन्टलाई भन्सार उपशीर्षक ८४३४९० (दुध दुहुने यन्त्रका अंग पार्टसहरुबाट १ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा विराटनगर भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४३४२० डेरी मेसिनरीमा वर्गीकरण गरी मूल्य अभिवृद्धि कर नलगाई जाचपाँस गरेको छ । सोही सामान सोही पैठारीकर्ताले २ प्रज्ञापनपत्रबाट पैठारी गर्दा १ प्रतिशत भन्सार महसुल र मूल्य अभिवृद्धि कर लगाई जाँचपास गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको मूल्य अभिवृद्धि कर रु.३४ लाख असुल गर्नुपर्दछ ।

१४६.३ भैरहवा भन्सार कार्यालयले कारोबार मूल्य रु.१३ करोड ६० लाखका सिमेन्ट प्लान्ट मेसिनको स्टिल प्लेट १ हजार ५० थानलाई भन्सार उपशीर्षक ८४७४२० बाट वर्गीकरण गरी ४ प्रतिशत भन्सार महसुल मात्र लिएको देखियो । ती सामग्री मेसिनरीको कम्प्लिट सेट नभएकोले उपशीर्षक ८४७४९० अंगहरु पार्टमा वर्गीकरण गरी जाँचपास गर्नुपर्नेमा फरक दरबन्दी लगाएको कारणले छुट भएको मूल्य अभिवृद्धि कर रु.१ करोड ८७ लाख असुल हुनुपर्दछ ।

१४६.४ वीरगन्ज भन्सार कार्यालयबाट २ पैठारीकर्ताले पैठारी गरेको मकैको खाना (मेजमिल) लाई उपशीर्षक ११०३१३० बाट ५ प्रतिशत कृषि सुधार शुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक २३०६९० (पिना र अन्य ठोस अवशेष) बाट वर्गीकरण गरी ५ प्रतिशत कृषि सुधार शुल्क मात्र लगाएर जाँचपास गरेको छ । सोही मालवस्तुमा यस वर्ष २ प्रज्ञापनपत्रबाट ५ प्रतिशत कृषि सुधार शुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत लगाई जाँचपास गरेको छ । फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको मूल्य अभिवृद्धि कर रु.३४ लाख असुल गर्नुपर्दछ ।

१४७. **अन्तःशुल्क छुट** – आर्थिक ऐन, २०७३ को दफा ५ अनुसार पैठारी भएका मालवस्तुमा अन्तःशुल्क लाग्ने व्यवस्था छ । अन्तःशुल्क घटी असुल गरेका व्यहोरा निम्नानुसार छन्:

१४७.१ वहुउपयोगी प्रिन्टरलाई भन्सार उपशीर्षक ८४४३३१ (मुद्रण गर्ने, प्रतिलिपि उतार्ने वा फ्याक्स पठाउनेमध्ये दुई वा दुईभन्दा बढी कार्यहरु सम्पन्न गर्न सक्ने यन्त्रहरु) बाट १० प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल र सुख्खा बन्दरगाह भन्सार कार्यालयले भन्सार उपशीर्षक ८४४३३२ र ८४७१६० बाट १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेकोले घटी भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि कर रु.३३ लाख असुल गर्नुपर्दछ ।

१४७.२ त्रिभुवन अर्न्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट एक पैठारीकर्ताले पैठारी गरेको रु.८ करोड १९ लाखको सफ्टवेयरलाई भन्सार उपशीर्षक ८५२३८०१० बाट ५ प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाँचपास गर्नुपर्नेमा भन्सार उपशीर्षक ८४७१५०१ कम्प्यूटर सर्भरबाट शून्य प्रतिशत अन्तःशुल्क र १३ प्रतिशत मूल्य अभिवृद्धि कर लगाई जाचपाँस गरेको छ । यसरी फरक दरबन्दी लगाई जाँचपास गर्दा घटी भएको अन्तःशुल्क र सोको मूल्य अभिवृद्धि करसमेत रु.४६ लाख असुल गर्नुपर्दछ ।

१४७.३ आर्थिक ऐन, २०७३ मा भन्सार दरबन्दी ३९२० मा पर्ने फिलर मास्टर व्याचको पैठारीमा भन्सार महसुल १५ प्रतिशत मात्र लाग्ने व्यवस्था छ । भन्सार कार्यालय नेपालगञ्ज र भैरहवाले फिलरमाष्टर व्याचमा रु.११ लाख र भन्सार उपशीर्षक २४०३९९३० अनुसार धूलो सुर्तीमा अन्तःशुल्क रु.२३० प्रति के.जी. र मूल्य अभिवृद्धि कर १३ प्रतिशत लगाई जाँच पास गर्नुपर्नेमा ५७७५० के.जी.को अन्तःशुल्क प्रति के.जी.रु.२५ का दरले जाँचपास गर्दा घटी असुल भएको रु.१७ लाखसमेत रु.२८ लाख अन्तःशुल्क असुल हुनुपर्दछ ।

१४७.४ विश्व भन्सार संगठनको व्याख्यात्मक टिप्पणीको पाँचौ संस्करण २०१२ को पृष्ट नम्वर १८६(ख) अनुसार मोटर गाडीका पार्टपुर्जा तथा सहायक सामग्रीलाई भन्सार उपशीर्षक ८७०८ मा वर्गीकरण गरिने उल्लेख छ । सो अनुसार व्यक्ति र संस्थागत रुपमा पैठारी भएका यस्ता सामग्रीमा भन्सार उपशीर्षक ८७०८२९ बाट ५ प्रतिशत अन्तःशुल्क लिनुपर्नेमा भैरहवा र कन्चनपुर भन्सार कार्यालयले मोटर गाडीको वडीमा अन्तःशुल्क नलिएको हुँदा छुट भएको रु.१ करोड ६३ लाख असुल गर्नुपर्दछ ।

१४८. **पासबुक धरौटी** - आर्थिक ऐन, २०७३ को अनुसूची-१ को दफा ११ अन्तर्गत बण्डेड वेयर हाउसको सुविधा बमोजिम पैठारी भएको सामान १२ महिनाभित्र निकासी वा परिवर्त्य विदेशी मुद्रामा बिक्री नगरेमा स्थानीय बिक्री मानी नियमानुसार लाग्ने महसुल धरौटी रहेको रकमबाट सदरस्याहा गरी लाग्ने महसुलको १० प्रतिशतको जरिबानासमेत असुल गरिने व्यवस्था छ । वीरगन्ज, विराटनगर, भैरहवा भन्सार कार्यालय अन्तर्गत ६ पैठारीकर्ताले पैठारी गरेको सामानबाट तयारी मालवस्तु बनाई तोकिएको समयभित्र निकासी तथा बिक्री नगरेको तथा म्याद थपको लागि निवेदन समेत नदिएको अवस्थामा उक्त धरौटी रु.१ करोड ४३ लाख र सोमा १० प्रतिशत जरिबानासमेत असुल गरेको छैन । सो रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

१४९. **बैङ्क ग्यारेन्टी** - भन्सार नियमावली, २०६४ को नियम १६ मा बण्डेड वेयर हाउसको इजाजतपत्रवालाले निकासी वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थबाट तयारी वस्तु म्याद थप समेत १७ महिनाभित्र निकासी नगरेमा लाग्ने महसुल र २५ प्रतिशत थप जरिबाना असुल गरिने व्यवस्था छ । विराटनगर, सुख्खा बन्दरगाह, वीरगन्ज र भैरहवा भन्सार कार्यालयबाट ६६ पैठारीकर्ताले म्याद थप सहित १७ महिनाभित्र तयारी वस्तु निकासी गरेको नदेखिएकोले उक्त कच्चापदार्थमा लाग्ने भन्सार महसुल र सोको २५ प्रतिशत थप महसुलसमेत रु.१९ करोड ३३ लाख असुल गर्नुपर्दछ ।

१५०. **लगत छुटमा पैठारी** – आर्थिक ऐन, २०७३ को अनुसूची-१ को १३(४) मा नेपालभित्रका आयोजना सञ्चालनार्थ व्यवसायीको नाममा पैठारी हुने सवारी र ढुवानीका साधन लगायतका निर्माण यन्त्र उपकरण आयोजना सम्पन्न भएको मितिले ३ महिनाभित्र फिर्ता लगिसक्नुपर्ने, दफा १३(४.च) मा फिर्ता नलगी कसैलाई उपहार वा बिक्री गरेमा महसुल बुझाउनुपर्ने अन्यथा जफत गरिने व्यवस्था छ । हुलाकी राजमार्ग र रेलमार्ग निर्माण आयोजनामा कार्य गर्न नियुक्त २ निर्माण व्यवसायीले २०६८।६९ देखि २०७०।७१ सम्म विराटनगर र मेची भन्सार कार्यालयबाट मोटरसाइकल, जीप, टिपर, एक्साभेटर, बुल्डोजर, ट्रयाक्टर, मिक्चर, भाइब्रेटर लगायतका उपकरण पैठारी गर्दा महसुल लगतमा राखी छुटमा जाँचपास गरेको थियो । उक्त निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता तोडिएको र निर्माण व्यवसायीले आयकर तथा मूल्य अभिवृद्धि करतर्फ विवरण बुझाउन समेत छाडेको देखिन्छ । तसर्थ लगतमा पैठारी गरेका रु.२८ करोड २६ लाखका

उपकरण फिर्ता नलगेकोले लाग्ने महसुल रु.१३ करोड २ लाख असुल गर्नुपर्ने वा उक्त मालवस्तु जफत हुनुपर्ने देखिन्छ ।

यसैगरी वीरगन्ज भन्सार कार्यालयबाट एक निर्माण व्यवसायीले एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाको लागि ४ सवारीसाधन पैठारी गरी लाग्ने महसुल रु.८९ लाख बैङ्क ग्यारेन्टी राखी जाँचपास गरेकोमा निर्माण व्यवसायीसँगको ठेक्का तोडिएको र सवारीसाधन फिर्ता नगरेकाले सवारीसाधनको लागि राखेको बैङ्क ग्यारेन्टी जफत गर्नुपर्दछ ।

१५१. **धरौटी तथा लगत** – आर्थिक ऐन, २०७३ को अनसूची १ मा कुनै खास कार्य वा प्रयोजनको लागि धरौटी तथा लगतमा पैठारी गर्ने सुविधा प्रदान गरेको छ । त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले चलचित्र छायाँकन, सर्जिकल उपकरण, मेडिकल उपकरणलगायतका विभिन्न मालवस्तु पैठारी गर्दा राजस्व दाखिला गर्नुपर्ने रु.१ करोड ८ लाखलाई धरौटी तथा लगतमा पैठारी गरेको छ । उक्त मालवस्तु निकासी भएको नदेखिएकोले सो बापत प्राप्त हुनुपर्ने राजस्व असुल गर्नुपर्दछ ।

१५२. **साफ्टा छुट** – आर्थिक ऐन, २०७३ को अनुसूची २० अनुसार उपशीर्षक ४०११११० र ४०११२० मा वर्गीकरण भएका मोटर, कार, बस र लरीमा प्रयोग हुने रबरका टायरमा साफ्टा छुट पाइने व्यवस्था छैन । वीरगन्ज, विराटनगर र भैरहवा भन्सार कार्यालयबाट विभिन्न पैठारीकर्ताले कृषि र निर्माण कार्यमा प्रयोग हुने टायरमा वर्गीकरण गरी उपशीर्षक ४०११६१०, ४०११६२० बाट जाँचपास गर्दा साफ्टा छुट दिई फरक दरबन्दी लगाएको कारणले छुट भएको महसुल रु.१ करोड ८३ लाख असुल गर्नुपर्दछ ।

निवृत्तिभरण व्यवस्थापन कार्यालय

१५३. **निवृत्तिभरण दायित्व** – निजामती सेवा ऐन, २०४९ को दफा ३९(ख) मा नेपाल सरकारले तोकेको मितिभन्दा पछि नियुक्त हुने निजामती कर्मचारीलाई उपदान तथा निवृत्तिभरण दिने प्रयोजनको लागि छुट्टै उपदान तथा निवृत्तिभरण कोष खडा गर्ने व्यवस्था छ । हालसम्म यस्तो कोषको व्यवस्था हुन नसकेको कारणले निवृत्तिभरण खर्चको भार प्रत्येक वर्ष वृद्धि हुँदै गएको देखिन्छ । निवृत्तिभरण खर्च २०७१।७२ मा रु.२६ अर्ब १ करोड, २०७२।७३ मा रु.३४ अर्ब ९८ करोड, र २०७३।७४ मा रु.३७ अर्ब १० करोड पुगेको छ । निवृत्तिभरण खर्च यस वर्षको सरकारको कुल खर्चको ४.४९ प्रतिशत र चालु खर्चको ७.१९ प्रतिशत रहेको छ । निवृत्तिभरण दायित्व बढ्दै गएको सन्दर्भमा योगदानमूलक निवृत्तिभरणको अवधारणालाई कार्यान्वयनमा ल्याउनुपर्ने व्यहोरा विगतदेखि औँल्याइएकोमा सरकारले बजेटमार्फत नीतिगत प्रतिबद्धता जनाएको भए तापनि कार्यान्वयन हुनसकेको छैन ।

राजस्व अनुसन्धान विभाग

१५४. **ऐन नियमको पालना** – विभागले अन्तःशुल्क/मूल्य अभिवृद्धि कर र विदेशी विनिमयसम्बन्धी प्रत्यायोजित अधिकारको प्रयोग गरेर अनुसन्धानको कार्य टुंग्याई भन्सार महसुल तथा कर निर्धारण गरे पनि "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२" तथा नियमावलीको प्रयोग गरेर राजस्व चुहावटमा छानबिन गरेको देखिएन । प्रत्यायोजित अधिकारको अतिरिक्त राजस्व चुहावट अनुसन्धान तथा नियन्त्रण ऐन कानुनको प्रयोग गरेर अनुसन्धान कार्यलाई थप प्रभावकारी बनाउनुपर्दछ ।

१५५. **भेहिकल ट्र्याकिङ्ग सिस्टम** - राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा १३ग(३) मा दर्ता भएको वा नयाँ दर्ता हुने ढुवानीको साधनमा सवारीधनीले विभागले तोकेको मापदण्डअनुसारको भू-अवस्थिति देखाउने जीपीएस डिभाईस अनिवार्य रुपमा जडान गर्नुपर्ने उल्लेख छ । तर पनि यो प्रणाली लागू हुन सकेको छैन । कानुनी व्यवस्थाको कार्यान्वयन र थप राजस्व परिचालन सम्बन्धमा लेखाजोखा गरेको छैन ।

राजमार्ग र बजार अनुगमन गरी राजस्व चुहावट नियन्त्रण कार्यमध्ये यो वर्ष २२३ बजार गस्ती र १३ द्रुत गस्तीसमेत २३६ अनुगमन गरेको विवरण दिएको छ । यो तथ्याङ्कले सबै क्षेत्रको अनुगमन समेटिएको छ भन्ने अवस्था नरहेकोले अनुसन्धानको क्रियाशीलता ल्याउन प्रदर्शन प्रभाव हुने गरी अनुगमनको दायरा बढाउनुपर्दछ ।

१५६. **आयकर** – विभागले शंकास्पद करदाताको कारोबार छानबिन गरी आयकरतर्फ संशोधित कर निर्धारण गर्न छुट भएको कारोबारको बारेमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था छ । यस व्यवस्था अनुसार यो वर्ष विभागले आयकरतर्फ रु.७० करोड ३१ लाख छुट कारोबारको जानकारी पठाएकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट सो छुट कारोबार समावेश गरी संशोधित कर निर्धारण गरे नगरेको सम्बन्धमा कुनै अभिलेख नरहेको र अनुगमन समेत गरेको छैन । अनुसन्धानबाट पत्ता लागेका राजस्व चुहावटलाई समयमा नै छानबिन गरी कर निर्धारण गरिनुपर्दछ ।

सम्पत्ति सुद्धीकरण अनुसन्धान विभाग

१५७. **अनुसन्धान अवस्था** – विभाग स्थापना भएपछि २०७३।७४ सम्मको ४ वर्षमा परेका १ हजार २८० उजुरीमध्ये २०४ लाई तामेलीमा राखेको, ७३८ प्रारम्भिक जाँचबुझमा रहेको, ३०० अनुसन्धानमा रहेको र ३८ मुद्दा दायर गरेको विवरण पेस भएको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी कार्यमा निगरानी राख्न एवं विवादित विषयमा समयमा टुङ्गो लगाउन विभागको सक्रियता जरुरी छ ।

१५८. **पुनरावलोकन एवं मूल्याङ्कन** – सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण रणनीति तथा कार्य योजना,२०६९-२०७३ लाई अद्यावधिक गर्नुपर्नेमा गरेको छैन । वित्तीय कारबाही कार्यदलको सुझावको कार्यान्वयन अवस्थाको मूल्याङ्कन सन् २०१९।२० मा हुने निश्चित भएको छ । उक्त मूल्याङ्कनमा नेपालले सन्तोषजनक नतिजा प्राप्त गर्न नसकेमा नेपाललाई कालोसूचीमा समावेश गर्ने र यसबाट मुलुकले पाउने बहुपक्षीय तथा द्विपक्षीय वैदेशिक सहायता कटौती हुने जोखिमलाई न्यून गर्न कार्यदलले दिएको सुझावको कार्यान्वयन गर्न सूचक संस्था, नियमनकारी निकाय, कानुन कार्यान्वयन गर्ने निकाय, वित्तीय जानकारी इकाई, अनुसन्धान गर्ने निकायले समन्वात्मक रुपमा कार्य गर्ने वातावरण मिलाउन जरुरी छ ।

राजस्व प्रशासन तालिम केन्द्र

१५९. **तालिम केन्द्रको सुधार** – राजस्व प्रक्षेपण, लक्ष्य निर्धारण एवं असुली, बजेट तर्जुमा कार्यान्वयन र प्रतिवेदनमा विभिन्न समस्या देखिएका छन् । सार्वजनिक वित्तीय जवाफदेहिताको प्रभावकारी कार्यन्वयनको लागि दक्ष जनशक्तिको आवश्यकता पर्दछ । राजस्व प्रशासन तालिम केन्द्रले विभिन्न तालिम सञ्चालन गदै आएकोमा सञ्चालित तालिमहरु सैद्धान्तिक विषयमा आधारित भएका, कार्य सम्पादनमा आउने व्यावहारिक समस्यालाई सम्बोधन गर्ने पाठयक्रम नरहेको, तालिम बढुवासँग मात्र आवद्ध रहेको, तालिमको समयावधि र विषयवस्तु छोटो भएको कारण तालिमलाई अनुसन्धान र विकासमुखी बनाउन नसकेको अवस्था छ ।

राजस्व एवं समग्र वित्तीय प्रशासनमा कार्यरत जनशक्तिलाई सक्षम बनाउन र सेवा प्रवाहमा नयाँपन ल्याउने तालिम प्रदान गर्न यो केन्द्रलाई सेन्टर अफ एक्सिलेन्सको रुपमा बदल्ने, व्यावहारिक र कार्यसम्पादनमा आधारित तालिम दिने, तालिम केन्द्रलाई आर्थिक अनुसन्धान केन्द्रको रुपमा रुपान्तरण गर्न जरुरी छ ।

कार्यमूलक लेखापरीक्षण

गैरकर राजस्व

गैरकर राजस्वको मुख्य जिम्मेवारी अर्थमन्त्रालयमा रहेको छ । यस वर्ष गैरकर राजस्वको क्षेत्र तथा मूल्याङ्कन सम्बन्धी अध्ययन गरी गैरकर राजस्वको क्षेत्र विस्तारमा दक्षतापूर्वक र प्रभावकारी ढङ्गबाट कार्य गर्न सुझाव दिने उद्देश्यले कार्यमूलक लेखापरीक्षण गरिएको छ । उक्त लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

१६०. **गैरकर असुली** - विगत पाँच वर्षको समग्र गैरकर राजस्वको अनुमान तथा असुली देहायबमोजिम रहेको छ:

(रु.करोडमा)

आर्थिक वर्ष	वार्षिक अनुमान	असुली	असुलीप्रतिशत
२०६९/७०	३७०३.२५	३६८०.६२	९९.३८
२०७०/७१	३९९१.९७	४४१७.९५	११०.६७
२०७१/७२	४८२१.८३	४९९१.०७	१०३.५१
२०७२/७३	४८००.००	६१३१.३२	१२७.७४
२०७३/७४	५५३०.४७	६१६९.३६	१११.५५

लक्ष्यको तुलनामा गैरकर राजस्व सङ्कलन २०६९।७० देखि वृद्धि भए तापनि अनुमानको आधार र यथार्थता विश्लेषण भएको छैन ।

१६१. **गैरकर राजस्वको योगदान** - गैरकर राजस्व असुली २०६२।६३ देखि घटबढ भइरहे पनि त्यसपछिका वर्षहरुमा कर राजस्व असुलीको अनुपातमा गैरकर राजस्व निरन्तर घटी रहेको छ । अघिल्लो वर्षको तुलनामा २०७३।७४ मा कर राजस्व २९.९१ प्रतिशतले र गैरकर राजस्व ०.४९ प्रतिशतले वृद्धि भएको छ । कर र गैरकरका असुली पछिल्ला वर्षमा बढी रहे तापनि कर राजस्वको वृद्धि दरभन्दा गैरकर राजस्वको वृद्धि दर न्यून रहेको छ । कुल राजस्वमा गैरकरको हिस्सा २०७२।७३ बाहेकका सबै वर्षमा घटी रहेको छ र घट्ने क्रम जारी छ । कुल राजस्वमा गैरकरको स्थिति देहायबमोजिम रहेको छ:

(रु.करोडमा)

आर्थिक वर्ष	कर		गैरकर		कुल राजस्व		कुल राजस्वमा	
	रकम	वृद्धि प्रतिशत	रकम	वृद्धि प्रतिशत	रकम	वृद्धि प्रतिशत	कर प्रतिशत	गैरकर प्रतिशत
२०६८।६९	२११७२.२०	३२.५५	३२६५.१०	१५.४५	२४४३७.३०	३७.३५	८६.६४	१३.३६
२०६९।७०	२५९२१.५०	२२.४५	३६८०.६०	१४.२५	२९६०२.१०	२१.१५	८७.५७	१२.४३
२०७०।७१	३१२४४.००	२०.५५	४४१८.००	१४.१५	३५६६२.००	२०.५५	८७.६१	१२.३९
२०७१।७२	३५५९५.५०	१३.९५	४९९१.००	१४.०५	४०५८६.५०	१३.८५	८७.७०	१२.३०
२०७२।७३	४२१४२.८७	१८.३९	६१३१.३२	२२.८५	४८२७२.२०	१८.९४	८७.३०	१२.७०
२०७३।७४	५४७४८.६४	२९.९१	६१६१.३६	०.४९	६०९१८.००	२०.७६	८९.८७	१०.१३
औसत		**२१.०५**		**१३.१६**		**१९.०५**	**८७.७८**	**१२.२२**

१६२. **क्षेत्रगत योगदान** – गैरकरका स्रोतहरूमा सरकारी सम्पत्तिबाट प्राप्त आय, वस्तु तथा सेवाको बिक्री, विभिन्न प्रकारका दस्तुर र दण्ड जरिबाना तथा जफत आदि पर्दछन् । गैरकर राजस्वका प्रमुख स्रोत सरकारी सम्पत्तिबाट प्राप्त आय रहेको र दोस्रो प्रमुख स्रोत वस्तु तथा सेवाको बिक्रीबाट प्राप्त आय रहेको छ । गैरकर असुलीको करिब ४३ प्रतिशत सरकारी सम्पत्तिको लगानी र प्राकृतिक सम्पत्तिको उपयोगबाट प्राप्तभएको छ । प्रशासनिक सेवाको उपलब्धता र प्रशासनिक एवं न्यायिक दण्ड जरिबानाबाट करिब २४ प्रतिशत, भिसा, राहदानी, पर्वतारोहण जस्ता उपयोगबाट करिब ३२ प्रतिशत र अनुदानबाहेकको स्वैच्छिक हस्तान्तरण र अन्य पुँजीगत राजस्वबाट न्यून गैरकर प्राप्त हुने गरेको छ ।

(रु.करोडमा)

गैरकर शीर्षक	आ.व. २०७०।७१		आ.व. २०७१।७२		आ.व. २०७२।७३	
	रकम	प्रतिशत	रकम	प्रतिशत	रकम	प्रतिशत
सम्पत्ति आय	२०६७.५१	४६.८	२२६८.८७	४५.५	२६१५.९०	४२.९८
वस्तु तथा सेवाको बिक्री	११६४.५३	२६.४	१२२३.५५३	२४.५	१३८४.७०	२२.७५
दण्ड, जरिबाना र जफत	४५.२७	१.०	१२५.४३	२.५	७८.८९	१.३१
अनुदानवाहेक स्वैच्छिक हस्तान्तरण	०.२४	०.०	०.४९	०.०	०.३०	०.०
विविध आय	११४०.३८	२५.८	१३७१.२	२७.५	२००६.७४	३२.९६
पुँजीगत राजस्व	०.५४	०.०	०.४०	०.०	०.४१	०.०
जम्मा	**४४१७.९३**	**१००**	**४९८९.५२**	**१००**	**६०८६.५३**	**१००**

स्रोत: एकीकृत वित्तीय विवरण, महालेखा नियन्त्रक कार्यालयका विभिन्न वर्ष ।

१६२.१ **अनुमान र असुली** – गैरकरका विभिन्न क्षेत्रको २०७३।७४ माअनुमान र असुलीको अवस्था देहायबमोजिम रहेको छ:

(रु.करोडमा)

गैरकरका क्षेत्रहरु	अनुमान	असुली	असुलीप्रतिशत
खानी अनुमति दस्तुर र रोयल्टी	७.९२	४१.३५	५२१.९९
विद्युत रोयल्टी	११.७७	१९१.०७	१६२.३१
वन पैदावर बिक्री तथा वन रोयल्टी	१४४.३१	१५६.८७	१०८.७०
पर्वतारोहण तथा पदयात्रा इजाजत दस्तर	८४.५४	८१.०६	९५.८८

गैरकरका क्षेत्रहरुको अनुमान र असुलीको स्थिति विश्लेषण गर्दा वार्षिक अनुमान वस्तुगत आधारमा गरेको देखिँदैन । पर्यटन क्षेत्रमा अनुमानभन्दा घटी तथा खानी, विद्युत रोयल्टी र वन पैदावार क्षेत्रमा अनुमानको तुलनामा बढी असुली भएको देखिन्छ । अभिलेख प्रणाली व्यवस्थित बनाई सोहीबमोजिम यथार्थपरक लक्ष्य निर्धारण गर्ने पद्धति विकास गर्नुपर्दछ ।

संगठित संस्था र समिति

नेपाल राष्ट्र बैङ्क, २०७३।७४

१६३. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको २०७३।७४ को अन्तमा पुँजी रु.५ अर्ब, जगेडा तथा सँचित मुनाफा रु.१ खर्ब १९ अर्ब ५६ करोड १० लाख, दायित्व तथा व्यवस्था रु.९ खर्ब ३२ अर्ब ६४ करोड ३७ लाख रहेको छ । सम्पत्ति रु.१० खर्ब ५७ अर्ब रु.२० करोड ४७ लाख रहेको छ । पुनर्मूल्याङ्कन अघिको आय गत वर्ष र यस वर्ष क्रमश: रु.१४ अर्ब ११ करोड ५९ लाख र रु.१९ अर्ब ७० करोड २३ लाख रहेको छ । पुनर्मूल्याङ्कन पछिको खुद आय गत वर्ष र यस वर्ष क्रमश: रु.३७ अर्ब ७५ करोड ९१ लाख र रु.७ अर्ब ९१ करोड ७३ लाख ऋणात्मक रहेको छ । जम्मा खुद विस्तृत आम्दानी भने गत वर्ष रु.३८ अर्ब ७८ करोड ३९ लाख रहेकोमा यस वर्ष रु.१० अर्ब ५६ करोड ८१ लाख ऋणात्मक हुन गएको देखिन्छ ।

१६४. **सुन चाँदीको गुणस्तर** - बैङ्कमा रहेको मौज्दात सुन २ हजार ६१५ किलो ग्राम र चाँदी १ लाख २६ हजार १९० किलो ग्रामको अभिलेख शुद्धताको मात्राअनुसार टच नम्बरसहित राख्नुपर्नेमा मौज्दातको तौल र रकमको विवरणमात्र राखेको छ । सुन चाँदीको भौतिक परीक्षणसमेत गरेको छैन । भौतिक परीक्षण गरी वास्तविक परिमाण तथा गुणस्तर यकिन गर्नुपर्ने देखिन्छ ।

१६५. **भत्ता खर्च** - नेपाल राष्ट्र बैङ्कले कर्मचारीलाई कर्मचारी सञ्चयकोष, औषधि उपचार कोष, उपदान कोष र कर्मचारी सुरक्षा कोषलगायत १९ किसिमका भत्तामध्ये ८ किसिमका भत्ता सबैलाई र थप ११ किसिमका भत्ता विशेष समूहका कर्मचारीलाई उपलब्ध गराएको छ । यस्ता भत्ताबापतको खर्च तलब खर्चको अनुपातमा २०१ प्रतिशत हुन आउँछ । आर्थिक वर्ष २०७३।७४ मा त्यसप्रकारको सुविधा रु.१ अर्ब ३४ करोड खर्च लेखेको छ ।

१६६. **अग्रिम कर -** नेपाल राष्ट्र बैङ्कले कर्मचारीहरुलाई विभिन्न प्रकारका सहुलियत ऋण प्रदान गर्ने गरेकोमा आयकर ऐन, २०५८ बमोजिम प्रचलित ब्याज दर र सहुलियत ब्याज दरबीचको फरक दरले हुन आउने रकमलाई कर्मचारीको आयमा समावेश गरी रोजगारीको आयकर गणना गर्नुपर्नेमा सोबमोजिम आयमा समावेश गरेको छैन । सोबाट अनुमानित रु.५ करोड ५० लाख (शुल्क र ब्याजबाहेक) बराबरको अग्रिम आयकर असुल गर्नुपर्ने देखिन्छ ।

१६७. **अनौपचारिक क्षेत्र** - नेपाल राष्ट्र बैङ्कले औपचारिक क्षेत्रअन्तर्गत बैङ्क, वित्तीय एवं अन्य संस्थाबाट अर्थतन्त्रसँग सम्बन्धित विभिन्न वित्तीय तथ्याङ्क नियमित रुपमा सङ्कलन एवं मूल्याङ्कन गर्ने गरे तापनि राष्ट्रको अनौपचारिक क्षेत्रको अवस्था र भूमिका सम्बन्धमा अध्ययन, अनुसन्धान गरेको देखिएन । राष्ट्रको समष्टिगत वित्तीय बजारको अवस्था यकिन गर्न अनौपचारिक क्षेत्रसमेतको अध्ययन गर्ने गराउने र सो तथ्याङ्कलाई समेत आधार मानी राष्ट्रको वित्तीय अवस्था खुल्ने वित्तीय सूचकाङ्कको मूल्याङ्कन गरी राष्ट्रिय अर्थतन्त्रको वास्तविकता चित्रण हुने सूचकाङ्क अद्यावधिक गर्न टेवा पुऱ्याउनु आवश्यक देखिन्छ ।

१६८. **हेजिङ्ग -** बैङ्कको सम्पत्तिको एक हिस्सा वैदेशिक मुद्रा तथा अन्तर्राष्ट्रिय बजारको सुनमा रहेकोमा सटही दरमा हुने सामान्य घटबढले समेत नेपाल राष्ट्र बैङ्कको वित्तीय स्थितिमा ठूलो असर पर्ने देखियो । यो आर्थिक वर्षमा अमेरिकी डलरमा ३.६३ प्रतिशत गिरावट आउँदा रु.२३ अर्ब ७५ करोड र सुनको मूल्यमा ४.०२ प्रतिशत गिरावट आउँदा रु.३ अर्ब ८८ करोड नोक्सान भएको देखिन्छ । यसरी हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न अन्तर्राष्ट्रिय बजारमा उपलब्ध हेजिङ्ग उपकरणहरुको प्रयोग गर्नुपर्दछ ।

१६९. **नियमन कार्य** - नेपाल राष्ट्र बैङ्कले २०७२।६।१८ मा बैङ्क तथा वित्तीय संस्थाहरुले नेपाल वित्तीय प्रतिवेदनमान लागू गरे नगरेको निरीक्षण गर्न समिति गठन गरेकोमा हाल सम्म २८ बाणिज्य बैङ्क मध्ये १ ले मात्र नेपाल वित्तीय प्रतिवेदनमान लागू गरेको छ । अन्य बैङ्क तथा वित्तीय संस्थाले यसको पालना नगरेकोमा नेपाल राष्ट्र बैङ्कले कुनै कारवाही नगरी लाभांश वितरणको अनुमति दिएको देखिन्छ । नेपाल राष्ट्र बैङ्कले वार्षिक कार्ययोजनामा उल्लेख गरेअनुसार २०७३।७४ मा नेपाल वित्तीय प्रतिवेदनमान् वाणिज्य बैङ्कहरुमा कार्यान्वयन गर्ने तथा बैङ्क तथा वित्तीय संस्थाका उच्च व्यवस्थापनसँग अतर्क्रिया गर्ने कार्यक्रम गर्न सकेको देखिएन । नेपाल राष्ट्र बैङ्कले नयां निर्देशिका जारी तथा मौजुदा निर्देशिकामा संशोधन गर्दा सञ्चालक समितिमा छलफल तथा पुनरावलोकन गरेको देखिदैन । बैङ्क तथा वित्तीय संस्थाको स्थलगत निरीक्षण गर्दा सो सम्बन्धी मार्गदर्शनले तोकेअनुसार व्यावसायिक योजना तथा विस्तृत कार्यक्रम तयार नगरी निरीक्षण गर्ने गरेको छ ।

कर्मचारी सञ्चय कोष, २०७३।०७४

१७०. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कोषमा २०७३।७४ को अन्त्यमा सञ्चय कोष रु. २ खर्ब ४६ अर्ब ५३ करोड ४४ लाख, जगेडा तथा अन्य कोष रु ६ अर्ब २३ करोड ५ लाख र चालु दायित्व तथा व्यवस्था रु. २ अर्ब ६२ करोड २६ लाख रहेको छ । निर्माणाधीन समेत स्थिर सम्पत्ति रु. १ अर्ब १३ करोड ४९ लाख, विभिन्न लगानी रु.२ खर्ब ४५ अर्ब २८ करोड ४६ लाख, नगद तथा बैङ्क रु.६ करोड ३६ लाख र विविध सम्पत्ति रु.२ अर्ब ६० करोड ४० लाख रहेको छ । खुद नाफा गत वर्ष रु.१ अर्ब ५७ करोड ९१ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब ८९ करोड ३७ लाख रहेको छ ।

१७१. **कर्मचारी दायित्व व्यवस्था -** कोषले कर्मचारीहरुलाई अवकाश पछि प्रदान गर्ने निवृत्तभरण, उपदान, सञ्चित बिदा र औषधोपचार लगायतको सुविधा सम्बन्धी दायित्व व्यवस्था गर्न एक मूल्याङ्कनकर्ताबाट बीमाङ्कीय मूल्याङ्कन गरेको छ । उक्त मूल्याङ्कनअनुसार २०७३।७४ को अन्तमा कर्मचारी अवकाश दायित्व व्यवस्था रु.१ अर्ब ९३ करोड १६ लाख गर्नुपर्नेमा रु.१ अर्ब ६३ करोड ४८ लाख गरेकोले रु.२९ करोड ६८ लाख नपुग देखिएको छ । नपुग रकम व्यवस्था गरी यथार्थ नाफा उल्लेख गनुपर्नेमा गरेको छैन ।

१७२. **कर्जा नोक्सानी व्यवस्था -** कोषको कर्जा असुली कार्यविधि, २०६६ बमोजिम तीन वर्षभन्दा बढी साँवाको भाखा नाघेको सञ्चयकर्ता कर्जालाई खराब कर्जामा समावेश गर्ने व्यवस्था छ । खराब कर्जामा वर्गीकरण गर्नुपर्नेमा असल कर्जामा राखी १ प्रतिशतमात्र कर्जा नोक्सानी ब्यवस्था गरेको छ । नेपाल राष्ट्र बैङ्कको निर्देशिकाअनुसार एक वर्षभन्दा बढी भाखा नाघेका कर्जालाई खराब कर्जामा वर्गीकरण गरी १०० प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्दछ । उक्त व्यवस्थालाई आधार लिँदा थप ९९ प्रतिशत कर्जा नोक्सानी ब्यवस्था गर्न रु.११ करोड ९५ लाख थप गर्नपर्ने देखिन्छ । कोषबाट ऋणीको भाखा नाघेको साँवा ब्याज असुलीको अनुगमन प्रणाली नरहेकोले अनुगमन हुन नसकेको सम्बन्धमा गत विगत वर्षमा व्यहोरा औल्याउदै आएकोमा यो वर्ष पनि पुनरावृत्ति भएको छ ।

१७३. **मुद्दती निक्षेपमा लगानी -** कोषको कुल कर्जा तथा लगानी रु.२ खर्ब ४५ अर्बमध्ये रु. ५४ अर्ब ५० करोड विभिन्न बैङ्कको मुद्दतीमा लगानी गरेको छ । निक्षेपमा लगानी गर्दा प्रतिस्पर्धात्मक ब्याजदर र लगानीका विभिन्न सूचकाङ्क जस्तै खराब कर्जाको अंश, पुँजी पर्याप्तता अनुपात, कर्जा र पुँजी निक्षेप अनुपात, खुद तरलता अनुपात आदिको विश्लेषण गरी लगानी गर्नुपर्नेमा गरेको छैन । मुद्दती निक्षेपको नवीकरण गर्दा पनि पारदर्शी विधि अवलम्बन गरेको पाइएन । मुद्दतीमा लगानी गरेको निक्षेपको नवीकरण गर्दा लगानी गरेका बैङ्कको तुलनामा सोही मितिमा प्रतिस्पर्धी अन्य बैङ्कले प्रदान गरेको ब्याजदर बढी देखिए तापनि पुरानै बैङ्कमा रकम राखेको छ । एक बैङ्कले २०७३।६।३० मा नयाँ लगानीको लागि ९ प्रतिशत ब्याज प्रस्ताव गरे तापनि अर्को बैङ्कमा ८.७५ प्रतिशतमा नै नवीकरण गरेकोले लगानी नीतिको पालना गरेको पाइएन ।

१७४. **साँवा ब्याज असुली -** कर्जा प्रवाह गरेको रकम मध्ये कोषले एक सुगर मिलसँग साँवा र ब्याज रु ६ करोड ६९ लाख असुल गर्न बाँकी देखिन्छ । उक्त रकममा २०५९।६० भन्दा अघिको ब्याज रु. ५ करोड ९६ लाख र परसारेको पेनल ब्याज रु.१७ लाखसमेत समावेश छ । पोखरास्थित अर्को कम्पनीसँग साँवा ब्याज असुल गर्न रु.२६ करोड बाँकी छ । सो रकममध्ये ब्याज रु.७ करोड ६६ लाख असुल भएको छैन । त्यसै गरी एक प्रा.लि.को २०६३।६४ मा सम्पत्ति लिलामपश्चात् बाँकी साँवा रु.८७ लाख र ब्याज रु.२ करोड ८७ लाख यो वर्ष पनि असुल गरेको छैन । सम्पत्ति लिलाम गरे पश्चात् धितो संरक्षणमा रहेका दुई व्यक्तिको जमानी उपर दावी गर्नुपर्नेमा नगरेको स्थिति छ । ब्याजलाई नबढ्ने गरी स्थिर गर्ने र साँवा, ब्याज तथा जरिवाना असुलीको कारबाही नगर्ने कोषका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७५. **भवन बहाल** - बहालमा लगाएको सम्पत्तिबाट कोषले असुल गर्न बाँकी बहाल तथा महसुल रकमको आयुगत वर्गीकरण गरेको छैन । यो वर्षको अन्त्यमा भवन बहाल रु.३२ करोड ५६ लाख असुल गर्न बाँकी देखिन्छ । लगनखेल भवनको बहाल बापत रु.७ करोड २५ लाखको बैङ्क ग्यारेन्टी दावी गरे तापनि बहाल रु.१० करोड ६२ लाख असुल गर्न बाँकी रहेको छ । बाँकी असुलीमा नपुग बैङ्क ग्यारेन्टी रकम कोषको नाममा जम्मा नगराउने र भाडा रकम नउठाउने कोषका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७६. **फैसला कार्यान्वयन** - सुन्धारा भवनको वहाल करारबमोजिमको भाडा असुल गर्न ललितपुर जिल्ला अदालतमा दायर गरेको मुद्दामा २०७२।६।६ सम्मको एक व्यक्तिसँग असुल गर्न बाँकी रहेको घरभाडा तथा जरिवाना रु.१२ करोड ५३ लाख भराई लिन पाउने ठहर गरी अदालतबाट २०७३।८।१ मा फैसला भएको छ । तर कोषले उक्त व्यक्तिबाट रु. १० करोड ८३ लाख असुल गर्न बाँकी देखाएको छ । फैसला बमोजिम भाडा असुल गर्नुपर्ने रकमलाई असुल नगरी शंकास्पद नोक्सानी व्यवस्था गर्ने कोषका पदाधिकारीलाई आवश्यक कारबाही गरी फैसला भएबमोजिम भाडा रकम ब्याजसमेत असुल गर्न गराउन सञ्चालक समितिलाई जिम्मेवार बनाउनुपर्दछ ।

नागरिक लगानी कोष, २०७२।७३

१७७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** कोषको केन्द्रीय हिसाबतर्फ २०७२।७३ सम्म पुँजी रु.७४ करोड ३ लाख, जगेडा तथा मुनाफा रु.४४ करोड १३ लाख र चालु दायित्व तथा व्यवस्था रु.२ अर्ब ६२ करोड ४२ लाख रहेको छ । सम्पत्तितर्फ स्थिर सम्पत्ति रु.८० करोड ४८ लाख, खुद लगानी रु.११ करोड ४१ लाख र चालु सम्पत्ति रु.२ अर्ब ८८ करोड ६९ लाख रहेको छ । खुद नाफा गत वर्ष रु.१८ करोड ६१ लाख रहेकोमा यस वर्ष रु.२३ करोड ७२ लाख रहेको छ ।

१७८. **लगानी** - कोषको लेखातर्फको अभिलेखअनुसार केन्द्रीय हिसाब र १२ योजनाको २०७२।७३ सम्ममा शेयर लगानी रु.२ अर्ब ९० करोड रहेकोमा लगानी विभागको अभिलेख अनुसार रु.२ अर्ब ८५ करोड देखिएकोले रु.५ करोड कम लगानी देखाएको छ । लगानी विभागको अभिलेखअनुसार विभिन्न बैङ्क, वित्तीय संस्था तथा कम्पनीमा १ करोड २९ लाख कित्ता शेयर लगानी रहेको छ । शेयर अभौतिकीरण अभिलेखअनुसार ५९ लाख ४४ हजार कित्तामात्र मौज्दात भएकोले ६९ लाख ५६ हजार शेयर कित्ताको भिन्नता रहेको छ । यसरी भिन्नता हुनुको कारण पत्ता लगाई आवश्यक कारबाही गर्नुपर्दछ ।

१७९. **मुद्दती निक्षेप -** कोषले समस्याग्रस्त विकास बैङ्क तथा वित्तीय संस्थाहरुमा रु.९६ करोड लगानी गरेकोमा अवधि नाघेको मुद्दती निक्षेप रु.९० करोड ३० लाख रहेको छ । उक्त निक्षेप सुरक्षित गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । साथै २०७३ आषाढ मसान्तमा बैङ्क तथा वित्तीय संस्थामा रहेको रु.५७ अर्ब २७ करोडमध्ये रु.१७ अर्ब ११ करोडको बैङ्क तथा वित्तीय संस्थाहरुबाट समर्थनपत्र प्राप्त गरेको देखिँदैन ।

१८०. **बैङ्क हिसाब मिलान -** कोषको हिसाबअनुसार बैङ्क मौज्दात रु.९४ करोड ४१ लाख र बैङ्क विवरणअनुसार रु.१ अर्ब २८ करोड १६ लाख भई बैङ्क विवरणमा रु.३३ करोड ७५ लाख बढी देखिएको छ । कोषका सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाई बैङ्क हिसाब मिलान विवरण तयार गर्नुपर्दछ ।

१८१. **लेखा प्रविष्टि -** कोषको कम्प्युटर प्रणालीमा प्रविष्टि गरेको रकम समायोजन गर्दा भौचर तयार नगरी पुरानो भौचर परिवर्तन गर्ने वा हटाउने गरेको देखिन्छ । प्रविष्ट गर्नेले प्रविष्ट गरिसकेको रकम तथा व्यहोरा

मेटाउने, थप्ने, घटाउने र हटाउन सक्ने स्थिति छ । यसरी पोष्टिङ अङ्क र व्यहोरा सच्याउने, थप्ने, हटाउने गरेको कुनै अभिलेख नहुनाले आन्तरिक नियन्त्रण फितलो देखिएकोले सुधार गर्नुपर्दछ ।

१८२. **खाता सञ्चालन -** कोषको आर्थिक कार्यविधि विनियमावली, २०६८ को विनियम ४ मा कोषमा प्राप्त हुने सम्पूर्ण रकमलाई वाणिज्य बैङ्कहरुमा स्किमवाइज रुपमा गैरसञ्चालन खाता खोली जम्मा गर्नुपर्ने र सो खातामा जम्मा भएको रकम खर्च खातामा ट्रान्सफर गरी खर्च गर्नुपर्ने उल्लेख भएकोमा कोषले प्राप्ति रकम सञ्चालन खातामा जम्मा गरी खर्च गरेको देखिन्छ । यसबाट विनियमावलीमा उल्लेख भएको व्यवस्था पालना गरेको देखिएन ।

१८३. **लेखापरीक्षण समिति -** कोषले कार्यकारी निर्देशक सदस्य रहेको लेखापरीक्षण समिति गठन गरेको छ । कार्यकारी प्रमुखलाई लेखापरीक्षण समितिमा समावेश गर्दा आन्तरिक नियन्त्रण एवं सन्तुलनको दृष्टिकोणले उपयुक्त देखिँदैन । समितिले समयमै लेखापरीक्षण कार्य सम्पन्न गर्न गराउन सकेको देखिएन । गैरकार्यकारी निर्देशक भएको लेखापरीक्षण समिति गठन गरी संस्थागत सुशासनमा प्रभावकारिता ल्याउनुपर्ने देखिन्छ ।

१८४. **आय कर** - कोषले २०७२।७३ सम्ममा आयकर प्रयोजनार्थ रु.५५ करोड ३१ लाख व्यवस्था गरेको देखिन्छ । कर कार्यालयमा आय विवरण पेस नगरी ठूलो रकम व्यवस्था हिसाबमा रहनु मनासिब देखिँदैन । कोषले सञ्चालन गरेका विभिन्न अवकाश योजना एवं बीमा कोष योजना आयकर ऐन, २०५८ बमोजिम स्वीकृत अवकाशको परिभाषाभित्र समेटेको देखिँदैन । कोषले बीमा कोष योजनाको आयमा कर नलाग्ने स्वीकृति लिएको वा निर्णय गराएको समेत देखिएन । आयकर ऐन, २०५८ ले तोकेको म्यादभित्र कर दाखिला नगरेको कारण कोषले जरिबाना तिरेको अवस्थामा सुधार गर्न लाग्ने कर समयमै तिर्न तथा विवरण दाखिला गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ । त्यसैगरी कोषको २०७१।७२ सम्मको आयकर व्यवस्था रु.४६ करोड ३६ लाख गरेकोमा अग्रिम आयकर रु.३६ करोड ७७ लाख रहेकोले नपुग रु.९ करोड ५९ लाख यकिन गरी राजस्व दाखिला गर्नुपर्दछ ।

१८५. **लेखापरीक्षण गराउन ढिलाइ** - लेखापरीक्षण ऐन, २०४८ र नागरिक लगानी कोष ऐन, २०४७ को व्यवस्था अनुसार नागरिक लगानी कोषको २०७१।७२, २०७२।७३ र २०७३।७४ को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षक समक्ष, समयमा स्रेस्ता तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने सन्दर्भमा सञ्चालक समितिका अध्यक्ष तथा जिम्मेवार पदाधिकारी समेतलाई महालेखापरीक्षकबाट निर्देशन भएपछि कोषले २०७१।७२ र २०७२।७३ को लेखापरीक्षण सम्पन्न गराई लेखापरीक्षण प्रतिवेदन जारी भएको छ । आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण गराउन कोषको कार्यालयमा अनुगमन तथा पटक पटक ताकेता गरी अवसर दिँदासमेत लेखापरीक्षण नगराएकोले २०७४।११।१५ मा अर्थ सचिवलाई समयमा लेखापरीक्षण कार्य सम्पन्न नगराउने कोषका जिम्मेवार पदाधिकारीलाई कारबाही गरी ७ सात दिनभित्र जानकारी गराउन निर्देशन दिएकोमा अर्थ सचिवले कारबाही गरेको जानकारी प्राप्त भएको छैन ।

१८६. **अन्तर कार्यक्रम लेनदेन हिसाब -** केन्द्रीय हिसाब र विभिन्न कार्यक्रम तथा योजनाहरुको खाताअनुसार केन्द्रमा लिनुपर्नेमा रु.१२ करोड २७ लाख र दिनुपर्नेमा रु.१९ करोड ४१ लाख फरक रहेकोमा हिसाब मिलान विवरण तयार गरी समायोजन गरेको छैन ।

१८७. **पेन्सन कोष योजनाको लेखापरीक्षण -** पेन्सन कोष योजना २०६२।६३ देखि सञ्चालन भइरहेकोमा सो योजनाको लेखापरीक्षण गराएको छैन । समयमा लेखापरीक्षण नगराउने पदाधिकारीलाई जिम्मेवार बनाई लेखापरीक्षण गराउनुपर्दछ ।

१८८. **लगानी व्यवस्थापन -** कोषले लगानी योग्य रकमको ६३.२५ प्रतिशत मुद्दती निक्षेपमा राखेको देखिन्छ । लगानीलाई विविधिकरण गरी अधिकतम प्रतिफल प्राप्त हुने र धेरै जोखिम नहुने लगानीका क्षेत्र पहिचान गरी लगानीको व्यवस्थापन गर्नुपर्दछ ।

१८९. **संस्थागत सुशासन -** वित्तीय प्रतिवेदनको त्रैमासिक समीक्षा र आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन सम्बन्धी एजेन्डा सञ्चालक समितिको बैठकमा प्रस्तुत गरी छलफल गरेको पाइएन । कोषले आम्दानी सम्बन्धी बजेट तयार नगरेको, सञ्चालक र सम्बद्ध व्यक्तिको तथ्याङ्क अद्यावधिक नगरेको, आचारसंहिता तर्जुमा नगरेको र मुख्य प्रबन्धकको कार्य विवरण तयार नगरेको अवस्था छ ।

कोषबाट वित्तीय प्रतिवेदन प्रस्तुत गर्न निकै समय लाग्ने, कार्यविधि तथा विनियमअनुसार वित्तीय विवरण प्रकाशित नहुने र व्यवस्थापनको लागि चाहिने जानकारी लेखा सफ्टवयेरबाट प्राप्त नहुने हुँदा व्यवस्थापन सूचना प्रणाली प्रभावकारी देखिएन । कोषको नागरिक एकाङ्क योजनाले कारोबार गर्दा ग्राहकको पहिचान नगरी तथा सम्पत्तिको स्रोत नखुलाई कारोबार गरेकोले सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को पालना भएको देखिएन । लेखापरीक्षण समिति तथा सञ्चालक समितिको कार्य सञ्चालनसम्बन्धी लिखित चार्टर तयार गरेको पाइएन । सञ्चालक समितिले कर्मचारी भर्ना गर्ने र व्यवस्थापनले गरेका कार्यलाई स्वीकृत गर्ने काममात्र गरेको देखियो ।

१९०. **आय विवरण र आयकर जरिबाना -** कोषले बीमा कोष योजनाहरुको प्रत्येक वर्षको आय विवरण आन्तरिक राजस्व कार्यालयमा पेस गरेको पाइएन । कोषले २०७१।७२ सम्मको आय विवरण ठूला करदाता कार्यालयमा पेस गरेकोमा २०६८।६९ सम्मको संशोधित कर निर्धारण भएको देखिन्छ । गत आर्थिक वर्षमा कर दाखिलामा ढिलाइ गरेको तथा आयकर ऐन, २०५८ अनुसार कर निर्धारण नगरेकोले २०६४।६५ देखि २०७०।७१ सम्मको रु.३ करोड ४७ लाख ३७ हजार जरिबाना तिरी आर्थिक व्ययभार पारेको छ । समयमा आय विवरण तथा कर दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही गर्नुपर्दछ ।

१९१. **कर्मचारी खर्च -** आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९ अनुसार कर्मचारीहरुलाई दिएको सापटीको ब्याज र प्रचलित ब्याजको फरक दरअनुसार ७४ जनाको आम्दानी रु.११ लाख कोषबाट कर्मचारीले पाएको बीमा प्रिमियमको सुविधा रु.६१ लाखसमेत रु.७२ लाखको न्यूनतम १५ प्रतिशतले रु.१० लाख ८५ हजार कर असुल गर्नुपर्दछ ।

राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, २०७३।७४

१९२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बैङ्कको शेयर पुँजी रु.८ अर्ब ५८ करोड ९० लाख, जगेडा तथा कोषहरु रु.१ अर्ब ८९ करोड ५१ लाख र दायित्व तथा व्यवस्था रु.१ खर्ब ६३ अर्ब ६ करोड ७ लाख रहेको छ । स्थिर सम्पत्ति रु.६९ करोड २४ लाख, लगानी रु.३८ अर्ब २७ करोड ६५ लाख र अन्य सम्पत्ति रु.१ खर्ब ३४ अर्ब ५७ करोड ५९ लाख रहेको छ । खुद नाफा गत वर्ष रु.२ अर्ब ३५ करोड ५३ लाख रहेकोमा यस वर्ष रु.२ अर्ब ७७ करोड ६३ लाख भएको छ ।

१९३. **लेखापरीक्षण समिति -** नेपाल राष्ट्र बैङ्कको निर्देशनअनुसार गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा बैङ्कमा एउटा लेखापरीक्षण समिति गठन गर्नुपर्ने, नेपाल राष्ट्र बैङ्कबाट जारी गरिएका नियमन व्यवस्था तथा बैङ्कको आन्तरिक नियन्त्रण प्रणाली र वित्तीय क्षेत्र सुधारका कुरा पालना गरे/नगरेको सम्बन्धमा लेखापरीक्षण समितिले निरन्तर समीक्षा गर्नुपर्नेमा लेखापरीक्षण समितिबाट यी कार्य गरेको देखिँदैन । २०७३।७४ को आर्थिक विवरणको समीक्षा पनि गरेको पाइएन । लेखापरीक्षण समितिको कार्य क्षेत्र तथा प्रभावकारितामा कमी हुँदा बैंङ्कको आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासनमा ह्रास आउन सक्दछ । यसैले नेपाल राष्ट्र बैङ्कको निर्देशन पालना गर्न तथा सुशासन कायम गर्न लेखापरीक्षण समितिलाई क्रियाशील बनाउनुपर्दछ ।

१९४. **शाखा हिसाब मिलान -** अन्तर शाखा हिसाब मिलान हुन बाँकी गत वर्षसम्म रु.३ अर्ब ३६ करोड ९० लाख रहेकोमा यो वर्षको अन्त्य सम्ममा रु.४ अर्ब १६ करोड ३७ लाख देखिएको छ । वर्षौंदेखि हिसाब मिलान हुन नसकी बाँकी रहेको रकमको आयुगत बक्यौता विवरण तयारी तथा चारित्रीकरण नगरेकोले अन्तर शाखा हिसाब मिलानको अवस्था कमजोर रहेको छ । यसबाट बैङ्कको सम्पत्ति, दायित्व, आय तथा व्ययमा कारोबारको प्रकृतिअनुसार पर्नसक्ने असर यकिन गर्न सक्ने अवस्था छैन ।

१९५. **ऋणात्मक निक्षेप -** केही निक्षेप हिसाबमा विगत वर्ष रु.५ करोड ६१ लाख ४५ हजार ऋणात्मक मौज्दात रहेकोमा २०७३।७४ को अन्त्यसम्ममा रु.५ करोड ५७ लाख ३४ हजार ऋणात्माक मौज्दात देखिएकोले यसमा उल्लेखनीय सुधार भएको देखिएन । निक्षेपकर्ताले जम्मा गरेको भन्दा बढी रकम बैङ्क खाताबाट निकालेकोले यस्तो रकमबापत बैङ्कले शतप्रतिशत नोक्सानी व्यवस्था गरेको तर बैङ्कलाई नोक्सानी गराउने कर्मचारी तथा पदाधिकारीको पहिचान तथा असुल उपरको कार्य नभएकोले सञ्चालक समिति तथा सम्बन्धित पदाधिकारीलाई यस्तो रकम असुल गर्न गराउन जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

१९६. **ब्याज असुली -** बैङ्कले प्रदान गरेको ऋण असुली गर्दा ब्याज बाँकी हुने तर साँवा सबै असुली हुने अवस्था रहनु हुँदैन । तर बैङ्कको विगत वर्षदेखि नै केही कर्जाको साँवा शून्य भइसक्दा पनि उक्त कर्जाको ब्याज रु.३८

करोड ९१ लाख बाँकी देखिन्छ । यसरी ब्याज बाँकी राखेर साँवामात्र असुली गरी बैङ्कलाई हानि नोक्सानी पुऱ्याउने जिम्मेवार पदाधिकारीबाट उक्त रकम असुल गर्न गराउन कारबाही हुनुपर्दछ ।

१९७. **कर्मचारी बोनस -** यो वर्षको रु.३१ करोड ७३ लाखसमेत वर्षान्तमा रु.५९ करोड १४ लाख ७५ हजार कर्मचारी बोनस व्यवस्था गरेकोमा नेपाल सरकारको स्वीकृति प्राप्त भएको छैन । उक्त रकममा २०५३।५४ र २०५४।५४ को बोनस रु.१ करोड ११ लाख ६७ हजारसमेत समावेश छ । वितरण गर्न नमिल्ने बोनस व्यवस्था गरेको रकम आम्दानी बाँध्नुपर्दछ ।

१९८. **जग्गाधनी प्रमाणपुर्जा -** नेपाल खाद्य संस्थानवाट रु.७ लाख ८० हजारमा खरिद गरेको भद्रकाली प्लाजा स्थित १५ रोपनी १ आना ३ पैसा जग्गाको जग्गाधनी दर्ता प्रमाणपुर्जा प्राप्त गरेको छैन । यसबारेमा विगत वर्षदेखि औंल्याउदै आएकोमा स्थिति यथावत् छ ।

१९९. **वासलात बाहिरका कारोबार -** वासलात बाहिरका कारोबारहरु (बैङ्क ग्यारेन्टी, प्रतीतपत्र आदि) को विवरण कुनै शाखाले भौतिक स्रेस्तामा र कुनै शाखाले सफ्टवयरमा राखेको तर विवरण अद्यावधिक गरी लेखाङ्कन गरेको छैन । यस्ता कारोबारको लेखाङ्कन अद्यावधिक नहुँदा बैङ्कलाई उच्च जोखिम रहने देखिन्छ । साथै, अपरिवर्त्य कर्जा प्रतिबद्धताको अनुमान गर्ने संयन्त्र नभएको स्थितिमा अपरिवर्त्य कर्जा प्रतिबद्धता अन्तर्गत संम्भावित दायित्वमा देखाएको रु.४ अर्ब ३२ करोड ६६ लाखको यथार्थता यकिन गर्न नसकिने देखिन्छ ।

नेपाल धितोपत्र बोर्ड, २०७३।७४

२००. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** बोर्डको २०७३।७४ को अन्तमा कोष तथा जगेडा रु.७२ करोड २१ लाख, चालु दायित्व तथा व्यवस्था रु.७ करोड ६७ लाख, स्थिर सम्पत्ति रु.१ करोड ६० लाख, लगानी रु.६६ करोड ७२ लाख र चालु सम्पत्ति रु.११ करोड ५६ लाख रहेको छ । नाफा गत वर्ष रु.११ करोड ८२ लाख रहेकोमा यो वर्ष रु.३५ करोड ३४ लाख रहेको छ ।

२०१. **नियमको पालना -** नेपाल धितोपत्र बोर्डसम्बन्धी नियमावली, २०६४ को नियम ३(ग) बमोजिम संगठित क्षेत्रको सुशासनसंहिता नबनाएको, धितोपत्र बजार सञ्चालन नियमावली, २०६४ नियम २६ बमोजिम त्रैमासिक प्रतिवेदन बोर्डसमक्ष समयमै पेस नगरेको, नियम २६ उपनियम १(छ) बमोजिम समय सीमाभित्र सुपरिवेक्षण प्रतिवेदन पेस नगरेको र धितोपत्रसम्बन्धी ऐन, २०६३ को दफा ८० बमोजिम धितोपत्र व्यवसायीहरुले लेखापरीक्षक नियुक्त गरेको सात दिनभित्र बोर्डलाई सूचना दिने गरेको पाइएन । धितोपत्र व्यवसायी (धितोपत्र दलाल, धितोपत्र व्यापारी तथा बजार निर्माता) नियमावली, २०६४ को नियम ३२ अनुसार सेवा शुल्कको ०.६ प्रतिशत नियमन शुल्क बोर्डमा समयमै दाखिला नगरेको, धितोपत्र व्यवसायी (मर्चेन्ट बैङ्कर) नियमावली, २०६४ को नियम २४(२) बमोजिम मर्चेण्ट बैङ्करहरुले सेवा शुल्कको ५ प्रतिशत रकम बोर्डमा समयमा नै दाखिला नगरेको, नियम २६ बमोजिम वित्तीय विवरणलगायतका विवरण समयमा पेस नगरेको अवस्था छ ।

त्यसैगरी धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५ को नियम २२ बमोजिम सूचीकृत संगठित संस्थाले त्रैमासिक प्रतिवेदन ढिलो पेस गरेको, सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ४२ बमोजिम योजना व्यवस्थापकले वार्षिक वित्तीय विवरण कोष सुपरिवेक्षक तथा बोर्डसमक्ष पेस नगरेको, त्रैमासिक प्रतिवेदन नबुझाएको वा ढिला गरी बुझाएको, अर्ध वार्षिक प्रतिवेदन बोर्डसमक्ष पेस नगरेको, धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ बमोजिम केन्द्रीय निक्षेप र निक्षेप सदस्यले ग्राहकसँग लिन पाउने शुल्कको ५ प्रतिशत बराबरको रकम, प्रगति प्रतिवेदन, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र लेखापरीक्षण भएको वित्तीय विवरण बोर्डमा समयमा नबुझाएको, लेखापरीक्षकको नियुक्ति गरेको जानकारी ढिला दिएको, केन्द्रीय निक्षेप कम्पनीले वार्षिक साधारण सभामा प्रस्तुत विषय तथा निर्णयसहितको विवरण बोर्डसमक्ष ढिला पेस गरेको देखिन्छ ।

यसबाट बोर्डले प्रचलित कानुनको पालना, धितोपत्र बजारसम्बन्धी नियमन, अनुगमन सुपरिवेक्षणको कार्य प्रभावकारी ढङ्गले सञ्चालन गरेको नदेखिएकोले सुधार गर्नुपर्दछ ।

बीमा समिति

२०२. **नियमन** - बीमा कम्पनीहरुको नियमन गर्ने मुख्य कार्य बीमा समितिमा रहेको छ । समितिले बीमा कम्पनीको कार्य सम्पादन नतिजा र लेखापरीक्षण गरी आर्थिक अनुशासन कायम गर्न निर्देशन दिनुपर्नेमा दिएको देखिएन ।

सार्वजनिक संस्थानको रुपमा रहेका २ बीमा कम्पनी र निजी क्षेत्रको १ बीमा कम्पनीले विगत वर्षदेखि नै लेखापरीक्षण गराएका छैनन् । पुनर्वीमाको गणना दुरुस्त राख्न बीमाको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३, अनुरुप विभागिय संरचना खडा गर्न र अभिलेखलाई व्यवस्थित बनाउन समितिले अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ । लेखापरीक्षण नगर्ने बीमा कम्पनीहरुलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

२०३. **बचत रकम –** समितिको आय व्ययको विश्लेषण गर्दा विगत ३ वर्षमा आयबाट खर्च कटाई २०७१।७२ मा रु.३२ करोड ९ लाख (आयको ७२.८९ प्रतिशत), २०७२/७३ मा रु ५० करोड ९० लाख (आयको ८६.५८ प्रतिशत) र २०७३/७४ मा रु ६५ करोड ७७ लाख (आयको ५८.१६ प्रतिशत) बचत रहेको देखियो । समितिको बचत रकम प्रत्येक वर्ष बढ्दै गई हालसम्म सञ्चित बचत रु.३ अर्ब १९ करोड पुगेको छ । समितिको भवन निर्माण गर्नुपर्ने, समितिले ७ प्रदेशमा कार्यालय खोल्नुपर्ने र सोको लागि थप जनशक्ति आवश्यक पर्ने हुँदा उक्त बचत रकम सञ्चित कोष दाखिला गर्न नसकिने जानकारी दिए तापनि सोको लागि कार्ययोजना स्वीकृत गरेको देखिएन । समितिलाई आवश्यक रकम नेपाल सरकारले उपलब्ध गराउन सक्ने व्यवस्था रहेकोले ठूलो रकम बचत राख्नु उपयुक्त देखिँदैन । तसर्थ समितिको कार्य सम्पादनको लागि स्वीकृत योजना तथा कार्यक्रमअनुसार आवश्यक रकम छुट्याई बाँकी रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने देखिन्छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

२०४. **कर्जा सापटी र ऋण प्रवाह** - कोषको बिपन्न वर्ग कर्जा अन्तर्गत विभिन्न बैङ्क तथा वित्तीय संस्थाबाट ३ प्रतिशतमा ऋण लिई ५ प्रतिशतका दरले लक्षित वर्गमा लगानी गर्ने नीति छ । विभिन्न ९२ बैङ्क तथा वित्तीय संस्थाबाट २०७३।७४ सम्म रु.३ अर्ब ८२ करोड ४५ लाख ऋण लिई रु.१ अर्ब ३९ करोड ४५ लाख लगानी गरेको र न्यून ब्याज हुने चल्ती तथा कल डिपोजिट खातामा राखेको छ । बैङ्क तथा वित्तीय संस्थाबाट लिएको सापटी रकम लक्षित वर्गमा लगानी नगरी बैङ्क तथा वित्तीय संस्थाहरुमा निष्क्रिय अवस्थामा मौज्दात राख्दा कोषको उद्देश्य प्राप्ति नभई लक्षित वर्गले लाभ प्राप्त गर्न सक्ने अवस्था देखिँदैन । युवाहरुलाई स्वरोजगार बनाउने अभियानअनुरुप देशको सबै क्षेत्रमा पुग्ने गरी कार्यक्रम सम्पादन गर्न नसकेको कारणले लक्षित वर्गमा ऋण प्रवाह हुन सकेको छैन । कार्यक्रम सञ्चालनमा तीव्रता ल्याई थप लाभान्वित गराउन लक्षित वर्गमा बाँकी रकम लगानी गर्नुपर्दछ ।

२०५. **लगानी जोखिम** - कोषले विभिन्न वित्तीय संस्था र बैङ्कहरु मार्फत लगानी गरेको रु.१ अर्ब ३९ करोडमध्ये भाखा नाघेको रु.१ अर्ब असुल हुन बाँकी छ । समस्याग्रस्त घोषणा भएको १ फाइनान्सबाट रु.१ करोड ५० लाख असुल गर्न विगत वर्षदेखि नै ब्यहोरा औँल्याउँदै आएकोमा यो वर्ष पनि असुल भएको छैन । यसको अतिरिक्त ५६७ सहकारी संस्थासँग भाखा नाघेको साँवा, ब्याज र जरिबाना सहित रु ३६ करोड १८ लाख रहेको छ । लगानीको जोखिम उपर ध्यान दिई भाखा नाघेको र समस्याग्रस्त रुपमा रहेको लगानी कानुनी प्रक्रिया को अवलम्बन गरी असुल गर्नुपर्दछ ।

अन्य व्यहोरा

२०६. **नेपाल वित्तीय प्रतिवेदनमान –** नेपाल लेखामान बोर्डले तयार गरेको नेपाल वित्तीय प्रतिवेदन मान लागू गर्न नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थाले २०७० भाद्र २८ मा निर्णय गरेको छ । औद्योगिक, व्यावसायिक तथा वित्तीय निकायले अनिवार्य र अन्य निकायले आफ्नो आवश्यकता एवँ लागू हुने हदसम्म उक्त प्रतिवेदनमान लागू गर्नुपर्ने देखिन्छ । बहुराष्ट्रिय उत्पादनमूलक कम्पनी र कम्तीमा ५ अर्ब रुपैयाँ चुक्ता पुँजी भएका बैङ्क तथा वित्तीय संस्थाबाहेकका सरकारी स्वामित्व भएका सूचीकृत प्रतिष्ठानले सन् २०१४।१५ देखि, सबै वाणिज्य बैङ्क एवँ सरकारी स्वामित्वका प्रतिष्ठानले सन् २०१५।१६ देखि र बाँकी सबै कम्पनी तथा प्रतिष्ठानले सन् २०१६।१७ देखि नेपाल वित्तीय प्रतिवेदनमान लागू गर्नुपर्नेमा सबै संगठित संस्थाले हालसम्म लागू गरेका छैनन् । कार्यान्वयन गर्ने निर्णय भएको चार वर्षभन्दा बढी भैसके तापनि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्था तथा नेपाल लेखामान बोर्डले सो प्रतिवेदनमान लागू गर्न सघाउ पुग्ने गरी उपयुक्त कार्ययोजना तयार गरेको देखिएन । कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैङ्क, बीमा समिति, धितोपत्र बोर्ड जस्ता नियमनकारी निकायहरुले गर्ने अनुगमन प्रभावकारी देखिएको छैन । लेखा तथा वित्तीय प्रतिवेदनमानलाई कार्यावयन गर्न सम्बन्धित सबैलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०७. **स्वार्थ बाझिने कार्य -** कर्मचारीलगायतका दक्ष सेवा प्रदान गर्ने पेसाकर्मीको लागि आचारसंहिताको व्यवस्था रहेको हुन्छ । आचारसंहितामा त्यस्ता व्यक्तिले गर्न नहुने कार्य तथा आफ्नो पेसागत निष्ठा कायम गर्नको लागी सजग भै पालना गर्नुपर्ने विषयवस्तु उल्लेख गरेको हुन्छ । यस्ता विषयवस्तुमा स्वार्थ बाझिने कार्य पनि पर्दछ । जसअनुसार आफ्नो पेसागत कार्यमा विभिन्न तरिकाले प्रभावित पार्न सक्ने कार्यबाट टाढा रहने वा त्यस्ता कार्यलाई हतोत्साही गर्ने कुरालाई जोड दिएको हुन्छ ।

कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषले संयुक्त पुँजी कम्पनी (माथिल्लो तामाकोशी, रसुवागढी र सान्जेन जलविद्युत कम्पनी) लाई ऋण प्रदान गरेबापत कोषमा कार्यरत कर्मचारीलाई ती संयुक्त पुँजी कम्पनीले अरु व्यक्तिलाईभन्दा विशेष महत्व दिई प्रति व्यक्ति ठूलो परिमाणको साधारण शेयर खरिद गर्ने अवसर दिने गरी कम्पनीको शेयर पुँजी संरचना तयार गरी शेयर वाँडफाँड गरेको छ । यसरी कर्मचारीबाट हुने ऋण प्रस्ताव तथा धितो प्रयाप्तता मूल्याङ्कन, ऋण रकम र त्यसको व्याँज असुलीसम्बन्धी कार्य प्रभावित हुनसक्ने हुँदा ऋण प्रदायक संस्थाका कर्मचारीलाई विशेष महत्वकासाथ ठूलो परिमाणमा शेयर बाँडफाँड गरेको उचित देखिएन ।

२०८. **लेखापरीक्षण नगराएको** - लेखापरीक्षण ऐन, २०४८ तथा प्रचलित कानुनको व्यवस्था अनुसार लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षक समक्ष, समयमा स्रेस्ता तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने सन्दर्भमा सञ्चालक समितिका अध्यक्ष तथा जिम्मेवार पदाधिकारी समेतलाई महालेखापरीक्षकबाट निर्देशन भएकोमा २०७३।७४ लगायत राष्ट्रिय बीमा सँस्थानको चार, राष्ट्रिय बीमा कम्पनी लिमिटेडको सात, नेपाल खानेपानी सँस्थानको चार र नेपाल खाद्य सँस्थानको छ आर्थिक वर्षको लेखापरीक्षण गराउन पटक पटक ताकेता गरी अवसर दिँदासमेत लेखापरीक्षण गराएको छैन ।

२०९. **कानुन विपरीत लेखापरीक्षण -** लेखापरीक्षण ऐन, २०४८ को दफा तथा दफा ७ विपरीत महालेखापरीक्षकको सहमतिबेगर लेखापरीक्षक नियुक्त गरी लेखापरीक्षण गरेबापत रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड र दोलखा दुग्ध उद्योग लिमिटेडको लेखापरीक्षकलाई कारबाही गर्ने भनी सम्बन्धित संस्थाबाट स्पष्टीकरण माग गरेको छ । त्यसैगरी आर वि वि मर्चेन्ट बैङ्क लि., सिडिएस एण्ड क्लियरिङ लिमिटेड र बुटवल धागो कारखाना लिमिटेडका लेखापरीक्षकलाई आवश्यक कारबाही गर्नको लागि लेखापरीक्षकहरुको नियमनकारी निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् संस्थालाई निर्देशन दिइएको छ ।

- **अनुगमन** - अर्थतन्त्रका समष्टिगत आर्थिक परिसूचकहरु सकरात्मक नरहेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, समयमा ऋण तथा अनुदान शोधभर्ना नलिएको, ऐन विपरीत रकमान्तर गरेको, सञ्चितकोषको ढाँचा तयार नगरेको, सञ्चितकोषको फरक रकमको हिसाब मिलान नगरेकोले यथार्थ हिसाब नदेखाएको, भन्सारतर्फ दरबन्दी फरक पारी घटी असुली गरेको, भन्सार विन्दुमा असुल गर्नुपर्ने अन्तःशुल्क असुल नगरेको जस्ता व्यहोराबाट राजस्व असुलीमा कमी भएको, आन्तरिक राजस्वतर्फ सम्भाव्य सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कानुनले तोकेको भन्दा घटी राजस्व असुल गरेको, ठूलो कारोबार गरे पनि करदाता पलायन हुँदा अनुगमन गर्न नसकेको, नपाउने क्रेडिट लिएको, समानुपातिक कट्टी नगरेकोकारण मूल्य अभिवृद्धि कर क्रेडिट बढेको, डेबिटको तुलनामा क्रेडिट विवरण पेस गर्ने करदाता घटेको विवरण नै पेस नगरेको, कर छुटको प्रमाणपत्र लिई कर लाग्ने कारोबार गरेको आदी कारणबाट राजस्व प्रशासनको प्रभावकारिता अपेक्षित रुपमा बढ्न नसकेको व्यहोरा प्रतिवेदनमा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ निकायमा यो वर्ष रु.१८ अर्ब १५ करोड ४९ लाख ८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ अर्ब ९९ करोड १० लाख २७ हजार फछ्यौंट गरेकोले रु.१६ अर्ब १६ करोड ३८ लाख ८१ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.३० करोड ३० लाख १ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - सँगठित संस्था, अन्य संस्था र समितितर्फ २ निकायमा रु.२७ करोड ५४ लाख ६६ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.१ करोड २७ लाख ३३ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

आपूर्ति मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा खाद्य तथा अन्य उपभोग्य र अत्यावश्यक वस्तु आपूर्ति सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, आपूर्ति र नियमन, उपभोक्ताको हक, हित र अधिकारको संरक्षण, सिण्डिकेट र कार्टेलिङको नियन्त्रण लगायतका कार्यहरु रहेका छन् । मन्त्रालयसमेत २ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१८ करोड ३५ लाख ६० हजार, राजस्व रु.१२ करोड ७० लाख २२ हजार, धरौटी रु.७ लाख ८४ हजारसमेत रु.३१ करोड १३ लाख ६६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेतको रु.४ अर्ब ३९ करोड ३५ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** बजेट वक्तव्य २०७३।७४ मा पेट्रोलियम पदार्थको सहज आपूर्तिको लागि न्यूनतम ९० दिनको माग धान्न सक्ने गरी नेपाल आयल निगमको भण्डारण क्षमता वृद्धि गर्न पाँचखाल, खैरेनीटार र वट्टारमा जग्गा प्राप्ति गरी निर्माण कार्य प्रारम्भ गरिने उल्लेख भएकोमा झापा, चितवन, भैरहवा र सर्लाहीमा जग्गा खरिद भइसकेकोमा विवाद भई अन्यत्र खरिद गर्ने कार्य हाललाई स्थगित गरेको तथा काभ्रेमा १० हजार मेट्रिकटन.एल.पी.ग्याँसको भण्डारण संरचना निर्माण कार्यको सम्भाव्यता अध्ययन, सरकारी स्वामित्वमा रहेका नेशनल ट्रेडिङ्ग लि. नेपाल खाद्य संस्थान, कृषि सामग्री कम्पनी लिमिटेड र टिम्बर कर्पोरेशनलाई गाभेर राष्ट्रिय आपूर्ति कम्पनी निर्माण गर्ने उल्लेख भएकोमा यो वर्ष उल्लिखित कार्यहरु कार्यान्वयन भएको छैन । अतः मन्त्रालय अन्तर्गत तोकिएका नीति तथा कार्यक्रम बमोजिमको कार्य सम्पादन गर्नुपर्दछ ।

२. **प्रगति स्थिति -** मन्त्रालय र मातहत निकाय एवं कार्यालयले स्वीकृत वार्षिक कार्यक्रमबमोजिमका कार्यहरु लक्ष्यअनुसार सम्पादन गर्नुपर्दछ । यो वर्ष पेट्रोलियम पदार्थ/एल.पी.ग्याँस आयात विविधीकरण तथा भण्डार क्षमता अभिवृद्धि गर्ने कार्य अन्तर्गत जग्गा खरिदको कार्यसमेत पूरा नभएको, नीति तथा कानुन तर्जुमा अन्तर्गत उपभोक्ता संरक्षण ऐन २०५४, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३, को परिमार्जनको कार्य र ग्याँसको पैठारी, ढुवानी तथा बिक्री वितरणसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७३ निर्माण कार्य हुन नसकेको, कर्णाली अञ्चलको ५ जिल्लामा खाद्यान्न आनीबानी परिवर्तनसम्बन्धी अनुशिक्षण कार्यक्रम २० वटा गर्ने लक्ष्य रहेकोमा २ जिल्लामा ८ मात्र सञ्चालन भएको, राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार मेट्रिकटन खाद्यान्न भण्डारण गर्ने लक्ष्यमध्ये २० हजार ४५१ मेट्रिकटनमात्र भण्डारण भएको, कर्णाली लगायतका स्थानमा ११३ मेट्रिकटन स्थानीय उत्पादन खरिद तथा बिक्री गर्ने लक्ष्यमध्ये १०६ मेट्रिकटन र आयोडिनयुक्त नून ९३ हजार ३९१ क्विन्टल ढुवानी गर्ने लक्ष्य रहेकोमा ९० हजार ३६८ क्विन्टलमात्र ढुवानी गरेको छ । अतः लक्षित कार्यक्रमबमोजिम प्रगति हासिल गर्न सम्बन्धित निकाय एवं पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **बजार अनुगमन** - उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ८ बमोजिम उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई व्यवस्थित र नियन्त्रण गर्ने कार्यका लागि मन्त्रालय, विभाग तथा जिल्ला प्रशासन कार्यालयबाट अनुगमन हुने गरेको छ । यो वर्ष ७ हजार ९५ व्यापारिक संस्थाको अनुगमन गरेकोमध्ये मूल्यसूची राख्न तथा अद्यावधिक गर्न निर्देशन दिएको १ हजार ७२९, साइनबोर्ड राख्न निर्देशन दिएको १ हजार ३२, लेवल नभएका सामान बिक्री नगर्न निर्देशन दिएको १ हजार ३८४, नापतौलको प्रमाणपत्र पेस गर्न तथा नापतौलको उपकरण राख्न निर्देशन दिएको १ हजार २४२, खाद्य अनुज्ञापत्र पेस गर्न निर्देशन दिएको ५३, म्याद नाघेका सामान बिक्री नगर्न निर्देशन दिएको १ हजार ३९४ लगायतको अनुगमन तथा निर्देशन गरेको विवरण पेस

भएको छ । त्यस्तै ऐनविपरीतको कार्य गर्ने ६ व्यापारिक संस्थालाई मुद्दा दायर गरेको, १ लाई मुद्दा दायरको लागि सरकारी वकिल कार्यालयमा रायको लागि पठाएको र ६ मुद्दा दायरको लागि जिल्ला प्रशासन कार्यालय पठाएको विवरण प्राप्त भएको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्नानुसार छन्:

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः बजेट वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयन, पेट्रोलियम पदार्थको भण्डार क्षमता, नीति तथा कानुन तर्जुमा र परिमार्जन, खाद्यान्न भण्डारण, स्थानीय उत्पादनको खरिद बिक्री, आयोडिन नून ढुवानी, बजार अनुगमन तथा निरीक्षण, कर्मचारीको पदपूर्ति, आपूर्ति व्यवस्थाको अनुगमन, व्यापारिक संस्थालाई दिएको निर्देशन पालना, बाँकी रकम सञ्चितकोष दाखिला, अनुगमन तथा निरीक्षण कार्यको प्रभावकारिता लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

३.१ जिल्लास्तरमा अनुगमन तथा निरीक्षण गर्न २० जिल्लामा बजार संरक्षण अधिकृतको दरबन्दी रहेकोमा ७ जिल्लामा मात्र पदपूर्ति भएको देखियो । पदपूर्ति भएका जिल्लामा पनि ४ जिल्लाका बजार संरक्षण अधिकृत अन्य कार्यालयमा काजमा रहेको र २ कर्मचारी सरुवा भई गएकोले एक जिल्लामा मात्र बजार संरक्षण अधिकृत कार्यरत रहेको देखिएकोले बजार अनुगमन कार्य प्रभावकारी हुन सकेको देखिएन ।

३.२ बजार अनुगमन गरी निर्देशन दिएको व्यहोरा प्रतिवेदनमा उल्लेख भए तापनि सोको पालना भएको अभिलेख राखेको पाइएन । यो वर्ष अनुगमन गरेका ७ हजार ९५ इकाईमध्ये सबै इकाईमा कैफियत देखिएको सन्दर्भमा विभागले अनुगमनको लागि छनौट गरेको आधारको विश्लेषण गरी समग्र बजारमा यसप्रकारको कैफियत हुन सक्ने सम्भावना, सोको कारण, त्यसले उपभोक्तामा पारेको नकारात्मक प्रभावको निराकरणको लागि गर्नुपर्ने अन्य कार्यहरुसमेत समेटी प्रतिवेदन तयार गर्नुपर्दछ । साथै बजार संरक्षण अधिकृतको दरबन्दी यथाशीघ्र पूर्ति गरी अनुगमन तथा निरीक्षण कार्यको दायरा बढाउनुपर्दछ ।

४. **नियामक निकाय -** उपभोक्ता हित संरक्षण गर्न मन्त्रालयअन्तर्गत आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, खाद्य ऐन, २०३४ अन्तर्गत गठित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ बमोजिम गुणस्तर तथा नापतौल विभागबाट अनुगमन हुने गरेको छ । त्यस्तै सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट नियन्त्रण गर्न कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ बमोजिम कारबाही गर्ने जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई दिएको छ ।

व्यावसायिक कारोबार दर्ता गर्ने वाणिज्य विभाग, उद्योग विभाग, घरेलु तथा साना उद्योग विभाग, लगायतका निकायले समेत आफूले प्रदान गरेको अनुमतिपत्रमा उल्लेख भएका शर्त कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बन्धित ऐन, नियम तथा निर्देशिकाबमोजिम अनुगमन गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता अदालत नभएको र उपभोक्ता हित सम्बन्धी कार्यहरु विभिन्न निकाय तथा विभिन्न ऐन, कानुन तथा निर्देशिकाबमोजिम हुँदा अन्तर निकाय समन्वयको अभावको कारण काम कारबाही प्रभावकारी नहुने, जिम्मेवारी पन्छ्याउने प्रवृतिले प्रश्रय पाउने, मुद्दा दर्ता तथा सजाय तोक्नमा समस्या हुने देखिएकोले उपभोक्ता हितसँग सम्बन्धित यातायात, खाद्य, आपूर्ति प्रणालीलगायतका सम्पूर्ण सेवाको अनुगमन तथा कारबाही गर्न आवश्यकताअनुसार विभिन्न सेवा समूह तथा विशेषज्ञ समेतको दरबन्दी रहेको अधिकार सम्पन्न नियामक निकाय तथा उपभोक्ता अदालतको व्यवस्था गर्नुपर्दछ ।

५. **सञ्चितकोष दाखिला -** मन्त्रालयबाट प्राप्त विवरणअनुसार साल्ट ट्रेडिङ्ग कर्पोरेसन लिमिटेडलाई नून ढुवानी समेतका लागि रु.१८ करोड ८५ लाख ७९ हजार निकासा दिएकोमा खर्च नभई बाँकी रहेको रु.३ करोड ६० लाख ४३ हजार सञ्चितकोषमा दाखिला हुनुपर्दछ ।

संगठित संस्था

नेशनल ट्रेडिङ लिमिटेड, २०७२।७३

६. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** लिमिटेडको २०७२।७३ को अन्तमा शेयर पुँजी रु.१६ करोड ९३ लाख, दीर्घकालीन ऋण रु.९२ करोड २० लाख, चालु दायित्व रु.४६ करोड ३६ लाख रहेको छ । स्थिर

सम्पत्ति रु.८९ लाख र चालु सम्पत्ति रु.२८ करोड ८२ लाख रहेको छ । जगेडा कोष तथा सञ्चित नोक्सान गत वर्षसम्मको रु.१ अर्ब ११ करोड ७१ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब २५ करोड ७८ लाख पुगेको छ । विगत वर्षदेखि संस्थाको नोक्सानी निरन्तर वृद्धि हुँदै गइरहेकोले नेटवर्थ रु.१ अर्ब ८ करोड ८५ लाखले ऋणात्मक भएबाट संस्था अविच्छिन्न रुपमा रही रहने अवस्था देखिँदैन ।

७. **मध्यम तथा दीर्घकालीन ऋण** - नेपाल सरकारबाट लिएको ऋण रु.९२ करोड २ लाख र ब्याज रु.१० करोड २६ लाखसमेत रु.१ अर्ब २ करोड २८८ लाख भुक्तानी गरेको छैन ।

८. **आय विवरण** - अग्रिम आयकर भुक्तानी गरेको २०७१।७२ सम्म रु.३ करोड ७३ लाख ९४ हजार रहेकोमा यस वर्ष रु.२६ लाख २४ हजार थप भई रु.४ करोड १८ हजार रहेको छ । सो रकममध्ये रु.५० लाख ९२ हजार २०६४।६५ को ठूला करदाता कार्यालयको संशोधित कर निर्धारण आदेशमाथि चित्त नबुझी २०६९।९।१८ मा प्रशासकीय पुनरावलोकन तथा २०७०।४।२० मा राजस्व न्यायाधिकरणमा पुनरावेदन गरेबापत धरौटी राखेको रकम रहेको छ । संस्थाले २०६९।७० देखि आय विवरण पेस नगर्दा आयकर ऐन, २०५८ को दफा ११७, ११८ र ११९ अनुसारको विलम्ब शुल्क, जरिबाना र ब्याज तिर्नुपर्ने अवस्था रहेको छ । समयमा विवरण पेस नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

९. **बैङ्क जमानत मार्जिन** - संस्थाको नाममा विभिन्न छ बैङ्कबाट जारी गरेको रु.५ करोड ३७ लाख ५८ हजारको बैङ्क जमानतमध्ये एक वाणिज्य बैङ्कसँग वीरगन्ज भन्सार कार्यालयले माग गरेबमोजिम संस्थाको नाममा १६ प्रतिशत ब्याजदरमा रु.४ करोड २१ हजार तथा अर्को वाणिज्य बैङ्कसँग उक्त भन्सार कार्यालयले माग गरेबमोजिम संस्थाको नाममा १५ प्रतिशत ब्याजदरमा रु.७१ लाख ६९ हजारसहित रु.४ करोड ७१ लाख ९० हजार ऋण कायम गरी भुक्तानी गरेकोमा दुवै बैङ्कलाई तिर्नुपर्ने ऋण दायित्व लेखाङ्कन गरेको छैन । हिसाब सही रुपमा लेखाङ्कन नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

नेपाल आयल निगम लिमिटेड, २०७३।७४

१०. **जग्गा उपयोग** - निगमले पेट्रोल पम्प सञ्चालन गर्न नेपाल औषधि लिमिटेडसँग बबरमहल क्षेत्रको ३-४-३-१ रोपनी जग्गा २०६५ सालमा रु १२ करोड ८ लाख ३५ हजारमा खरिद गरेकोमा नेपाल सरकारले जुन प्रयोजनको लागि जग्गा दिएको हो त्यो प्रयोजनमा उपयोग नगरी बिक्री गर्नसक्ने हुनाले सो जग्गा आफूलाई फिर्ता गर्नुपर्ने दाबी गरी स्थानीय एक व्यक्तिले दायर गरेको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको देखिन्छ । सो जग्गा निगमले प्रयोग गर्न सकेको छैन ।

११. **जग्गा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार सार्बजनिक निकायले कुनै खरिद कारबाही गर्दा स्थानीय बजारमा प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक तरिकाले खरिद कारबाही अगाडि बढाउनुपर्नेमा सो बेगर नेपाल आयल निगमले झापा, चितवन र रुपन्देहीमा ९१ बिघा जग्गा रु.२ अर्ब ३१ करोडमा खरिद सम्झौतामध्ये ७५ विघा ८ कट्ठा खरिद गरी रु.१ अर्ब ९६ करोड भुक्तानी भएको छ । नेपाल आयल निगमको आर्थिक प्रशासन तथा खरिद विनियमावलीमा लागत अनुमान रु.२० लाखभन्दा बढी भएमा सञ्चालक समितिबाट स्वीकृत गर्नुपर्ने प्रावधान भए पनि सञ्चालक समितिले ९१ बिघा जग्गा रु.२ अर्ब ३१ करोडमा खरिद गर्न कार्यकारी निर्देशकलाई अधिकार प्रत्यायोजन गरेको छ ।

रुपन्देहीमा खरिद गरेको २६.८ बिघाको रु.६० करोड ७८ लाखमध्ये नामसारी नभएको १४.३५ बिघाको रु.३१ करोड ५० लाखको ११० प्रतिशतले रु.३५ करोडको बैङ्क ग्यारेन्टी लिई रु.२९ करोड भुक्तानी गरेको छ । झापामा २० बिघा जग्गा खरिदको सूचना प्रकाशित गरे पनि प्रस्तावभन्दा बढी परिमाणमा २३.१५ विगाह रु.६२ करोड ६४ लाखमा खरिद गरेको देखिन्छ । सर्लाहीमा खरिद गरेको जग्गामा सूचनामा उल्लेख गरेअनुसारको पहुँच सडक पुगेको नदेखिएको र चितवनमा खरिद गरेको जग्गामा रहेको पोल तथा रुखहरु नहटाई २१.२५ बिघा जग्गा रु.६७ करोड ४९ लाखमा खरिद गरेको छ ।

सार्वजनिक खरिद ऐनको दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार लागत अनुमान स्वीकृत गरी बोलपत्र गर्नुपर्नेमा मालपोत कार्यालयको मूल्याङ्कन र सो क्षेत्रको चलन चल्तीको मूल्य उल्लेख गरी झापामा रु.१३.५१ लाख, सर्लाहीमा रु.९.६१ लाख, चितवनमा रु.१५.८५ लाख र रुपन्दहीमा रु.१०.९३ लाख प्रति कट्ठाका दरले रु.१ अर्ब ९६ करोड भुक्तानी गरेको देखियो । जग्गा पास गर्दा

मालपोत कार्यालयको मूल्याङ्कनभन्दा १७ गुणासम्म बढी रहेको छ । बोलपत्रमार्फत सम्झौता गरी आपूर्तकले भुक्तानी लिएको तर जग्गा धनीबाट सीधै निगमको नाममा जग्गा पास गराएको छ । उल्लिखित कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ बमोजिम स्थायी लेखा नम्बर लिएकासँग मात्र खरिद कारोबार गर्नुपर्नेमा तदनुसार नगरी जग्गा खरिद गरेको कानुनसम्मत देखिएन ।

१२. **गाडी हस्तान्तरण -** निगमले २०७३।७४ मा रु.३ करोड ३ लाख ३२ हजारमा खरिद गरेको ३ जिपको खरिद मूल्य असुल नगरी आपूर्ति मन्त्रालयलाई हस्तान्तरण गरेको पाइयो । उक्त जिप फिर्ता गर्नुपर्दछ ।

१३. **पेट्रोलियम पदार्थको नोक्सानी -** सञ्चालक समितिले विराटनगर, थानकोट र सिनामंगलको पेट्रोलियम पदार्थको सञ्चित नोक्सानी प्राविधिक मूल्याङ्कनको आधारमा निर्धारण गरेको तर अन्य डिपोको निर्धारण गरेको छैन । समितिले सिनामंगलमा हवाई इन्धनको नोक्सानी ०.६२ प्रतिशत निर्धारण गरेकोमा सञ्चालक समितिको स्वीकृतिबेगर ०.८५ प्रतिशत कायम गरेको पाइयो । निर्धारित सञ्चित नोक्सानीभन्दा बढी नोक्सानी भएमा सम्बन्धित जिम्मेवार कर्मचारीहरुबाट असुल गर्नुपर्नेमा सो असुल गर्नेबारे कुनै निर्णय नभएको र असुल गर्ने गरेको पाइएन । यो आर्थिक वर्षमा निर्धारित सञ्चित नोक्सानभन्दा औसत डिलर बिक्री मूल्यको आधारमा रु.४ करोड ९७ लाख ९४ हजार बढी नोक्सान भएको पाइयो ।

- **बेरुजू स्थिति** - यो वर्ष २ निकायमा रु.३ करोड ८६ लाख ३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख ९२ हजार फछ्यौंट गरेकोले रु.३ करोड ८३ लाख ११ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

उद्योग मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा उद्योग र औद्योगिक विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, वैदेशिक लगानी प्रवर्द्धन, घरेलु तथा ग्रामीण सीप र उद्योगको संरक्षण तथा प्रवर्द्धन, गुणस्तर र नापतौल निर्धारण तथा प्रवर्द्धन, विशेष आर्थिक क्षेत्रको स्थापना र व्यवस्थापन, औद्योगिक प्रयोजनका लागि गरिने आयातको नियमन तथा सहजीकरण गर्ने लगायतका कार्य रहेको छ । मन्त्रालयसमेत ९८ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.३ अर्ब २० करोड ९२ लाख, राजस्व रु.१ अर्ब ७५ करोड ३० लाख, धरौटी रु.२६ करोड ८९ लाख र अन्य कारोबार रु.३ करोडसमेत रु.५ अर्ब २६ करोड ११ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका सँगठित संस्था अन्य संस्था र समितिसमेतको रु.२१ अर्ब २९ करोड ६४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजनाको समीक्षा -** तेह्रौं योजना (२०७०।७१-२०७२।७३) मा उत्पादन प्रक्रियामा पेट्रोलियमजन्य वस्तुहरूको अनुसन्धान, अन्वेषण र उत्खनन्का कार्यक्रम अघि बढाउने, रुग्ण उद्योगलाई विशेष सहुलियत प्रदान गरी सञ्चालन गर्ने, सामुदायिक तथा सहकारी संस्थाको अग्रसरतामा लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गर्ने, एक गाउँ एक उत्पादनसम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गर्ने, रोजगारदाता र श्रमिकबीचको सम्बन्धलाई सुमधुर बनाउन कामदारहरूको सामाजिक सुरक्षासम्बन्धी विश्वव्यापी अवधारणालाई कार्यान्वयनमा ल्याउने, रुग्ण उद्योग पुनरुत्थान, महिला उद्यमी विकास कोष र गैर व्यावसायिक, गैर व्यापारिक जोखिमको क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोषको स्थापना तथा सञ्चालन गर्ने लगायतका कार्यनीति अवलम्बन गर्ने उल्लेख भएकोमा सो आवधिक योजना सम्पन्न हुँदा पनि उल्लिखित कार्यनीति कार्यान्वयन गर्न कार्यक्रम तर्जुमा भएको पाइएन ।

निकासीजन्य वस्तुहरूको गुणस्तर परीक्षणका लागि गुणस्तर तथा नापतौल विभागको प्रयोगशालालाई स्तरोन्नति गर्ने कार्यनीति अनुरुप स्तरोन्नतिको कार्य भैरहे पनि गुणस्तर परीक्षणको कार्य प्रारम्भ भएको छैन । यसैगरी विशेष आर्थिक क्षेत्रलाई कार्यान्वयनमा ल्याउने उल्लेख भएकोमा यो आर्थिक वर्षसम्म पनि सञ्चालन हुन सकेको छैन । योजना कार्यान्वयनबाट उद्योग क्षेत्रमा १ लाख ५० हजार रोजगारी थप हुने र कुल ग्ार्हस्थ उत्पादनमा निर्माण उद्योग क्षेत्रको योगदान ६.२ प्रतिशतबाट बढाई ७.५ प्रतिशत पुऱ्याउने अपेक्षा गरिएकोमा करिब ९० हजारलाई रोजगारी थप भएको र उत्पादनमा निर्माण उद्योग क्षेत्रको योगदान ५.५ प्रतिशत पुगेको समीक्षा प्रतिवेदनमा उल्लेख छ । योजनाको कार्यनीतिअनुसार वार्षिक कार्यक्रम सञ्चालन गरी अपेक्षित प्रतिफल हासिल हुनुपर्दछ ।

२. **नीति तथा कार्यक्रम** - बजेट वक्तव्य २०७३।७४ मा लगानीको रणनीतिक सोच भएका नव प्रवर्तनकारी उद्यमशील युवाहरुलाई लगानीको बीउपुँजी उपलब्ध गराउन च्यालेन्ज फण्ड र प्राइभेट इक्विटिको उपयोग र सञ्चालन सम्बन्धी नीति र कानुनको व्यवस्था गर्ने, एक प्रदेश एक औद्योगिक क्षेत्रको नीति अवलम्बन गर्ने, चालु आर्थिक वर्षमा स्थापना भएको पुनरुद्धार कोषलाई प्रभावकारी रुपमा परिचालन गर्ने कामलाई निरन्तरता दिने, निजी क्षेत्रको प्रवर्द्धन गरी उद्योग विस्तार गर्न विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, दामासाही ऐन, एक्रिडिटेशन ऐन, संशोधन एवं नयाँ निर्माण गर्ने काठमाडौं उपत्यकाभित्रका उद्योगहरुलाई उपत्यका वाहिर स्थानान्तरण गर्ने उल्लेख भएकोमा उल्लिखित कार्य भएको पाइएन । बजेट वक्तव्यमा उल्लेख भएका व्यहोरा कार्यान्वयन हुनुपर्दछ ।

३. **प्रगति स्थिति -** सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१(१) बमोजिम मन्त्रालय तथा विभाग र अन्य केन्द्रीयस्तरका सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि आफूले सो आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रम सम्पादन स्थिति, प्रगति र लागत लगायतका कुराहरु समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने र सुशासन नियमावली, २०६५ ले त्यस्तो प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र तोकिएको निकायमा पेस गर्नुपर्ने उल्लेख छ । लेखापरीक्षणको क्रममा र २०७४।११।१६ मा पुनः

पत्राचार गरेकोमा उपर्युक्त ऐन, नियमानुसारको वार्षिक कार्य प्रगति विवरण पेस हुन आएन । मन्त्रालयले वार्षिक प्रगति प्रतिवेदन पेस नगरेका कारण यो वर्ष सम्पादन गरेको कार्यको स्थिति यकिन हुन सकेन । अतः सुशासन ऐन, नियमको पालना गरी वार्षिक प्रगति तयार गरी भए गरेको कार्यको पारदर्शिता कायम राख्नुपर्दछ ।

उद्योग विभाग

नेपाल सरकारबाट देशमा औद्योगिक विकासका लागि जारी गरिएका नीति, ऐन तथा नियमहरुको कार्यान्वयन गर्ने, मझौला एवं ठूला उद्योगहरुको अनुमति, दर्ता, नवीकरण तथा अनुगमन गर्ने, विदेशी लगानीमा दर्ता हुने उद्योगहरुलाई अनुमति प्रदान गर्ने, औद्योगिक सम्पत्ति सम्बन्धी प्रशासन तथा उद्योगहरुले कानुनबमोजिम प्राप्त गर्ने सुविधा सम्बन्धी विषयलाई सहज बनाउने उद्देश्यले उद्योग विभागको स्थापना भएको हो ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः कार्यसम्पादन प्रतिवेदन, पेट्रोलियमजन्य वस्तुको अन्वेषण, रुग्ण उद्योग पुनरुत्थान र सञ्चालनको कार्य, लघुउद्यम, उद्योग ग्रामको स्थापना, एक गाउँ एक उत्पादन, महिला उद्यमीकोष, औद्योगिक लगानी संरक्षण कोषको स्थापना, तेह्रौं योजनामा उल्लेख भएका व्यहोरा, युवाहरुलाई उद्योगमा लगानी गर्न प्रेरित गर्ने नीति र कानुन निर्माण, पुनरुत्थान कोष सञ्चालन, कानुनमा परिमार्जन, उद्योगको स्थानान्तरण, घरेलु तथा ठूला उद्योगको सञ्चालन स्थिति, उत्पादन अवस्था, नवीकरण, इजाजत शर्तको पालना आदि सम्बन्धमा तथ्याङ्क सङ्कलन, अभिलेखीकरण, अनुगमन, निर्यात प्रवर्द्धनका लागि नगद प्रोत्साहन, निर्यातजन्य उद्योगलाई विशेष सुविधा, विशेष आर्थिक क्षेत्र सञ्चालन, उत्पादनमा गुणस्तर, गुणस्तर चिन्ह प्रयोग, उद्योगको इजाजतपत्र, खानी उत्खनन् तथा खोज तलासको अनुमतिपत्र र हस्तान्तरण, सरकारी निजी साझेदारीमा कार्य गर्न पुँजीगत अनुदान उपलब्ध गराउने अवधारणा पत्र, जिम्मेवारी बाँडफाँड, लगानीको दायित्व आदि सम्बन्धमा स्पष्ट सम्झौता, निकासा रकमको अभिलेख लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४. **उद्योग दर्ता -** विभागबाट प्राप्त विवरणअनुसार ठूला उद्योगतर्फ गत वर्षसम्म ६ हजार ५ सय २३ उद्योग दर्ता भएकोमा यो वर्ष ५०८ थप भई उद्योगको कुल संख्या ७ हजार ३१ रहेको छ । दर्ता भएका उद्योग मध्ये सञ्चालनमा रहेका र नरहेका उद्योगको विवरण सम्बन्धित विभाग तथा मन्त्रालयमा रहेको छैन । त्यस्तै सञ्चालनमा रहेका उद्योगहरुले तोकिए बमोजिमको शर्त पालना गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । उद्योगको सञ्चालन स्थिति तथा शर्तको पालना सम्बन्धमा तथ्याङ्क लिने, अनुगमन गर्ने, प्रतिवेदन लिने तथा कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

५. **प्रोत्साहन अनुदान -** तेस्रो मुलुक निर्यात गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्न नगद प्रोत्साहन कार्यविधि २०७० जारी भएको छ । कार्यविधिको दफा ४ को उपदफा २ मा भएको व्यवस्थाअनुसार यो वर्ष विनियोजन भएको रु.२९ करोड २१ लाख ६८ हजार उद्योग विभागले नेपाल राष्ट्र बैङ्कलाई उपलब्ध गराएको छ । निर्देशिकाअनुसार अनुसूची १ मा उल्लेख भएका अनुदान प्राप्त गर्ने उद्योगहरुको निर्यातमा न्यूनतम ३० प्रतिशत मूल्य अभिवृद्धि भएको हुनुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५.१ निर्यातमा नगद प्रोत्साहन सम्बन्धी कार्यविधि, २०७० को दफा १० मा सशर्त रुपमा दिएको प्रोत्साहन रकमको अनुगमन तथा समन्वय गर्न वाणिज्य मन्त्रालयका सचिवको संयोजकत्वमा १३ सदस्यीय समन्वय तथा अनुगमन समिति गठन गर्ने व्यवस्था भएकोमा नगद अनुदान प्रदान गर्दा नेपाल राष्ट्र बैङ्कले अपनाएको प्रक्रिया, प्रोत्साहन रकम प्राप्त गर्ने उद्यमीले पालना गर्नुपर्ने शर्त सम्बन्धमा समितिबाट अनुगमन भएको पाइएन ।

५.२ नेपाल राष्ट्र बैङ्कले उपलब्ध गराएको विवरणअनुसार कोषमा गत वर्षको बाँकी रु.३३ करोड ३० लाख ८४ हजार र यो वर्ष दिएको सशर्त अनुदान रु.२९ करोड २१ लाख ७१ हजार समेत रु. ६२ करोड ५२ लाख ५५ हजारमध्ये यो वर्ष निर्यातकर्ता व्यापारिक संस्थालाई रु.२९ करोड ३ लाख ४० हजार नगद प्रोत्साहन वितरण गरी रु.३३ करोड ४९ लाख १५ हजार नेपाल राष्ट्र बैङ्कमा मौज्दात रहेको छ । नगद प्रोत्साहन अनुदानको लागि वार्षिक बजेट विनियोजन गरी रकम प्राप्त हुने भएकोले विगतको खर्च नभएको रकम फिर्ता गरी विनियोजित रकमबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्दछ । उद्योगहरुको लागि प्रोत्साहन अनुदान वितरणका लागि राष्ट्र बैङ्कलाई प्रत्येक वर्ष उपलब्ध गराएको रकम सो वर्षमा पूरै खर्च नभई मौज्दात रहेकोले फिर्ता प्राप्त गरी सञ्चित कोष दाखिला हुनुपर्दछ ।

५.३ नेपालको कुल निर्यातको ८५ प्रतिशत ५ देशमा केन्द्रित छ । त्यसमा पनि भारतको हिस्सा ८० प्रतिशत रहेको छ । तथ्याङ्क विश्लेषण गर्दा नगद प्रोत्साहन दिन शुरु नभएको वर्ष २०६८।६९ मा नगद प्रोत्साहन अनुदान नदिएको अवस्थामा कुल निर्यात रु.७४ अर्ब ८ करोड रहेकोमा नगद प्रोत्साहन अनुदान लागू भएको ६ वर्षपछि २०७३।७४ मा रु.७३ अर्ब १३ करोड रहेबाट निर्यात बढ्न सकेको देखिएन । तर नगद अनुदान २०६९।७० मा रु.२५ करोड रहेकोमा २०७३।७४ मा रु.२९ करोड पुगेको छ । नगद अनुदान प्राप्त गर्ने व्यवसायीको संख्या बढे तापनि नगद प्रोत्साहन अनुदानबाट कुल निर्यातमा सकारात्मक प्रभाव पर्न नसकेको तथ्य चित्रबाट पुष्टि हुन्छ । यस सम्बन्धमा प्रभाव अध्ययन गरेको समेत पाइएन । प्रभाव अध्ययन गराई उक्त नीतिको पुनरावलोकन गर्नुपर्दछ ।



घरेलु तथा साना उद्योग विभाग

घरेलु तथा साना उद्योग दर्ता, नवीकरण तथा अनुगमन गर्ने, व्यावसायिक तालिमको माध्यमबाट रोजगारीको अवसर सिर्जना गर्न सीप विकास तालिम प्रदान गर्ने, घरेलु उद्योग सम्बन्धी प्रविधि हस्तान्तरण गर्ने लगायत कार्य गर्न स्थापना भएको यस विभागअर्न्तगत २७ कार्यालय र एक प्रशिक्षण केन्द्र रहेका छन् ।

६. **उद्योग दर्ता** - घरेलु तथा साना उद्योगतर्फ २ लाख ५८ हजार ४२० उद्योग दर्ता भएकोमा यो वर्ष ३२ हजार ३९ थप भई दर्ता भएका उद्योगको कुल संख्या २ लाख ९० हजार ४५९ रहेको छ । दर्ता भएका उद्योगमध्ये सञ्चालनमा रहेका र नरहेका उद्योगको विवरण सम्बन्धित कार्यालय तथा विभागमा समेत रहेको पाइएन । त्यस्तै सञ्चालनमा रहेका उद्योगहरुले तोकिए बमोजिमको शर्त पालना गरे नगरेको सम्बन्धमा विभाग तथा मन्त्रालयबाट अनुगमन गरेको पाइएन । उद्योगको सञ्चालन स्थिति तथा शर्त पालनाका सम्बन्धमा तथ्याङ्क लिने, अनुगमन गर्ने, प्रतिवेदन लिने तथा कारबाही गर्ने कार्य व्यवस्थित एवं प्रभावकारी हुनुपर्दछ ।

७. **ऋण लगानीको अनुगमन -** महिला उद्यमीहरुलाई परियोजनाका आधारमा विना धितो सहुलियत ब्याजदरमा ऋण प्रवाह गर्न स्थापित महिला उद्यमशीलता कर्जा कोषमा यो वर्ष रु.१८ करोड ९० लाख दाखिला भएको छ । विभागबाट प्राप्त विवरणअनुसार उक्त कोषबाट २०७१।७२ मा ११९ जनालाई रु.१ करोड ४३ लाख, २०७२।७३ मा २२९ लाई रु.२ करोड ७० लाख ५० हजार, २०७३।७४ मा ७६५ लाई रु.१६ करोड ५८ लाख ६४ हजार समेत गरी हालसम्म रु.२० करोड ७२ लाख १४ हजार ऋण लगानी गरेको छ । महिला उद्यमशीलताको विकास विस्तार र प्रवर्द्धन गर्न महिला उद्यमीलाई रु.१ लाखदेखि रु.५ लाखसम्म कर्जा प्रवाह गर्ने, उक्त ऋण ३ वर्ष भित्र फिर्ता गर्नुपर्ने, तोकेको अवधिमा फिर्ता गरेमा ५ प्रतिशत ब्याज भुक्तानी गरे पुग्ने उल्लेख भएकोमा कर्जा लगानी प्रवाह गर्ने अनुमति पाएको राष्ट्रिय वाणिज्य बैङ्कले सम्झौताबमोजिम कार्य गरे नगरेको तथा असुलीको स्थितिको सम्बन्धमा विभागबाट अनुगमन भएको छैन । ऋणको उपयोगिता र असुली सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

८. **निष्क्रिय कोष -** विभाग अन्तर्गत कर्जा प्रवाह मूल कोषको नाममा स्थापना भएको कोषमा मौज्दात रहेको रु.१० करोड १५ लाख ८३ हजार खर्च भएको पाइएन । कोष स्थापना गर्ने तर रकम खर्च नगर्ने परिपाटी अन्त्य गरी उद्देश्यबमोजिम खर्च गर्ने वा खर्च नभई बाँकी रहेको रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

खानी तथा भूगर्भ विभाग

देशको भू-वैज्ञानिक अध्ययन एवं अनुसन्धान गरी स्तरीय भौगर्भिक भू-इन्जिनियरिङ तथा भू-वातावरणीय नक्सा प्रकाशन, भौगर्भिक तथ्याङ्क सङ्कलन गरी भौगर्भिक सेवा उपलब्ध गराउने, खनिज सम्पदाहरुको अध्ययन अन्वेषण र मूल्याङ्कन गरी खनिज भण्डारमा आधारित उद्योगहरुको स्थापना र सञ्चालनमा सहयोग गर्ने लगायतका कार्यको लागि खानी तथा भूगर्भ विभाग स्थापना गरिएको छ । विभागबाट सञ्चालित खनिज सम्पदाको अध्ययन अन्वेषण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

९. **उत्खनन् अनुमति -** खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ५ मा खनिज कार्य गर्न चाहने व्यक्तिले गुणस्तर तथा परिमाण यकिन भई नसकेको हकमा खोजी कार्य गर्न र परिमाण यकिन भइसकेको खनिज

पदार्थको हकमा उत्खनन् कार्यको प्रस्तावित योजना समेत संलग्न गरी अनुमतिका लागि निवेदन दिनुपर्ने व्यवस्था अनुरुप यो वर्ष खोजी कार्यतर्फ ४०१ र उत्खनन् तर्फ १३२ संस्था तथा व्यक्तिलाई अनुमति प्रदान गरेकोमा १०० व्यक्ति तथा संस्थाले मात्र खानी उत्खनन् गरेको र सोबाट विभागले यो वर्ष रु ४० करोड ७३ लाख ६२ हजार रोयल्टी प्राप्त गरेको छ । अनुमतिपत्र लिएर खानी सञ्चालन नगरेका ३२ संस्थाको अनुमति पत्र रद्द गरेको पाइएन । अनुमति प्राप्त गरेको संस्था तथा व्यक्तिले खानी उत्खनन् नगर्दा खानी अनावश्यक रुपमा ओगटी सरकारले अन्य व्यक्ति तथा संस्थालाई उपलब्ध गराउन नमिल्ने र सरकारलाई प्राप्त हुनु पर्ने रोयल्टी समेत गुम्ने भएकोले सञ्चालनमा नआएका खानीको अनुमति पत्र रद्द गरी अन्य इच्छुक व्यक्ति तथा संस्थालाई प्रतिष्पर्धाको लागि खुल्ला गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका थप व्यहोरा देहायअनुसार छन् ।

९.१ विभागले उत्पादन अनुमतिपत्र प्रदान गर्दा एक व्यक्ति वा पार्टीले लिएको अनुमति पत्र हस्तान्तरण गर्दा आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ताको लागि अनिवार्य गरेको पाइएन । खानीजन्य वस्तु कच्चा पदार्थको रुपमा प्रयोग गरी मालसामान उत्पादन गर्ने करमा दर्ता भएका कम्पनीले त्यस्तो कच्चापदार्थको खरिद बिक्रीको लेखा आफ्नो आय व्यय विवरणमा समावेश गरी कर निर्धारण हुने अवस्था हुन्छ तर कर प्रयोजनका लागि दर्ता नभएको व्यक्तिले खानी उत्पादनको अनुमति पत्र लिई खानीजन्य पदार्थ अन्य कम्पनी तथा व्यक्तिलाई बिक्री गरेको अवस्थामा निजले गरेको खरिद बिक्रीको लेखाको कर निर्धारण हुने अवस्था नदेखिएकोले खानी उत्खनन्को अनुमति प्रदान गर्दा व्यवसाय दर्ता गर्न अनिवार्य गर्नुपर्दछ ।

९.२ विभागले एक व्यक्ति वा संस्थालाई उत्खनन् वा खोजी कार्यको लागि दिएको अनुमति पत्र तोकिएको दस्तुर तिरी अनुमति पत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाले अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गरेको देखियो । यो वर्ष ११ खोजी कार्य तथा २ उत्खनन्का लागि दिएका अनुमतिपत्र हस्तान्तरण भएका छन् । एक व्यक्ति वा संस्थाले लिएको अनुमतिपत्र अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण हुने प्रकृयाले खानी उत्खनन् गर्न चाहने अन्य व्यक्ति वा संस्थाले प्रतिस्पर्धा गर्ने अवसर नपाउने भई प्राप्त हुनुपर्ने रोयल्टीमा समेत असर पर्न सक्ने देखिएको छ । साथै तोकिए बमोजिमको काम नगर्ने, सम्भावित खनिज क्षेत्रको अनावश्यक रुपमा होल्ड हुन सक्ने र अनुचित लाभ लिई बिक्री समेत हुन सक्ने देखिएकोले यस सम्बन्धमा नियन्त्रणात्मक उपाय अपनाउनु पर्ने देखिएको छ ।

१०. **खनिज उत्खनन् -** विभागले अनुमतिपत्र प्रदान गरेको खानीजन्य पदार्थको विश्लेषण गर्दा खानी उत्खनन् रोयल्टी आय रु.३५ करोड ३२ लाख ३४ हजारमध्ये चुनढुङ्गाको रु.३३ करोड ९४ लाख, कोइलाको रु.३२ लाख ९८ हजार, फलामको रु.१३ लाख ८३ हजार, खरीको रु.१९ लाख ३१ हजार, क्वारजाइटको रु.१३ लाख २ हजार, काइनाइटको रु.१३ लाख ३० हजार, रेड क्लेको रु.१० लाख ३५ हजार रहेको छ । सो बाहेक अन्य धातुहरु म्याग्नेसाइट, मार्बल, निर्वाणमुखी, टुर्नामाइट, डोलमाइट, जिंकलगायतको पदार्थको उत्खनन् रोयल्टी रु.३० लाख ५२ हजार रहेको छ । कुल राजस्वमा चुनढुङ्गाको हिस्सा ९६.०८ प्रतिशत रहेकोले बहुमूल्य धातुको अन्वेषण तथा उत्खनन् सन्तोषप्रद देखिएन । बहुमूल्य धातुको अन्वेषण तथा उत्खनन् गर्नेतर्फ सरकारले ध्यान दिनुपर्ने देखिएको छ ।

११. **उत्खनन्** - उत्खनन् प्रमाण पत्र लिएका संस्थाले अनुमतिपत्रमा तोकिएको भन्दा न्यून वा बढी परिमाणमा खानी उत्खनन् गरी रोयल्टी दिने गरेको देखियो । यस सम्बन्धी केही उदाहरण देहायबमोजिम छन्:

(परिमाण मेट्रिकटनमा)

उद्योग	अनुमति पत्र नं.	माइनिङ गर्न पाउने	वार्षिक उत्खनन् गरेको परिमाण	उत्खनन् गरेको बढी/ घटी परिमाण	प्राप्त राजस्व (रु. हजारमा)
एक सिमेन्ट उद्योग लि.	१४८७/३९-०३२	३४९९७	४२०६४	७०६७	२५२४
एक माइनिङ प्रा.लि.	२३/०७१/७२	१६८००	४२१	(१६३७९)	२५
एक सिमेन्ट प्रा.लि.	७/०६१/६२	५४०००	३९५	(५३६०५)	२४
एक क्वेरिज प्रा.लि.	२१८/३९४	१०००००	२३३९८४	१३२९८४	१३९७९
एक चुनढुङ्गा उद्योग	३६/०६३/६४	५४०००	२५०००	(२९०००)	१५००
एक सिमेन्टर्स प्रा.ली	१/०६२/६३	९४५००	५९२७४	(३५२२६)	३५५६
उदयपुर सिमेन्ट	३०३/४७५	३३००००	१३६५०४	(१९३४९६)	८१९०
हेटौडा सिमेन्ट	१५०/३२६	१३१५००	९४०२७	(३७४७३)	९६४२
एक व्यक्ति	१७४/०६५-६६	१०७०००	१५७५	(१०५४२५)	९४
एक सिमेन्ट उद्योग	२२१/३९७/०४५/४६	७१८७९५	२८८०००	(४३०७९५)	१७२८०

अनुमति पत्रमा उल्लेख भएभन्दा बढी परिमाणमा उत्खनन् गर्दा सम्झौताको शर्त पालना नहुने भएकोले स्किम रिभाइज गर्नु पर्ने र न्यून परिमाणमा उत्खनन् गर्दा खानी अनावश्यक रुपमा ओगटी सरकारलाई प्राप्त हुनुपर्ने राजस्व प्राप्त नहुने र यसबाट सरकारी हानि नोक्सानी हुने भएकोले न्यूनतम उत्पादन परिमाण तोकी सम्झौताको शर्तबमोजिम उत्पादन गर्नुपर्दछ ।

१२. **समन्वय** – राष्ट्रिय खनिज नीति, २०७४ को बुँदा नं.६.१ मा नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन उद्योग मन्त्री/राज्यमन्त्रीको अध्यक्षतामा १५ सदस्यीय निर्देशक समिति रहेको छ । उत्खनन् कार्य गर्न वन मन्त्रालय, सरोकारवाला, स्थानीय जनतालगायतसँग आर्थिक, सामाजिक, राजनीतिक समन्वय गर्न मन्त्रालय र विभागको भूमिका प्रभावकारी नहुँदा विगतमा उत्खनन् अनुमति पाएका फर्म/कम्पनीहरुको उद्योग बन्द भई वैदेशिक लगानी फिर्ता भएको देखिएको छ । नियम कानूनमा विविधता एवं निकायहरुबीच समन्वय हुन नसक्दा खनिजको उचित परिमाणमा उत्खनन् गर्नसकेको नदेखिएकोले उद्योग सञ्चालन गरी खनिजको उपयोग गर्नुपर्दछ ।

गुणस्तर तथा नापतौल विभाग

नेपालमा कुनै पदार्थको गुणस्तर निर्धारण गर्न र त्यस्ता पदार्थहरुमा गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने उद्योगहरुलाई ईजाजत प्रदान गर्ने मेट्रिक प्रणालीको आधारमा नापतौलको स्टाण्डर्ड कायम गरी प्रचलनमा ल्याउने लगायतका कार्य गर्न यो विभागको स्थापना गरिएको हो ।

१३. **सेवा प्रवाह -** विभागबाट ९१ उद्योगको अनुगमन गर्दा नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ विपरीत कार्य गरेको देखिएका ३६ उद्योगमध्ये बुटवल सिमेण्ट उद्योग प्रा.लि को कम्प्रीहेन्सीभ स्ट्रेन्थको मान नेपाल गुणस्तर अनुरुप नरहेको, अर्नीको सिमेण्ट प्रा.लि.ले इजाजत पत्र रद्ध भएको अवस्थामा उत्पादन गरेको, अशोक स्टिल प्रा.लि.को फलामे छडको मास पर मिटर रन नेपाल गुणस्तर अनुरुप नभएको, धरान प्लास्टिक एण्ड पाईप उद्योग प्रा.लि ले इजाजत पत्र प्राप्त नगरी नेपाल गुणस्तर चिन्ह ४० अंकित गरी एच.डि.पि पाइपहरु बिक्री वितरण गरेकोमा ऐन विपरीत कार्य गर्ने उद्योगहरु उपर कुनै कारबाही भएको देखिएन । यसबाट अनुगमनले अपेक्षित नतिजा ल्याउन नसक्ने हुँदा अनुगमनको क्रममा देखिएका कमजोरी उपर समयमानै नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन,२०३७ को दफा १३ बमोजिम कारबाही हुनुपर्दछ ।

१४. **कार्यक्रम स्वीकृत -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० बमोजिम कार्यक्रम स्वीकृत गरेर मात्र खर्च लेख्नु पर्नेमा विभागले राष्ट्रिय ओजन इकाई तर्फ तलब, ईन्धन, वर्कशप, अध्ययन तथा आर्जन दिवस लगायतको शीर्षकमा स्वीकृत कार्यक्रमबेगर रु.७१ लाख २६ हजार खर्च गरेको देखियो । कार्यक्रम स्वीकृत गराएर मात्र यस किसिमको खर्च गर्नुपर्दछ ।

ग्रामीण उद्यम तथा विप्रेषण आयोजना

१५. **आयोजना सञ्चालन -** पूर्वी तथा मध्य तराई र केही पहाडी समेत १६ जिल्लामा गरिवीको रेखामुनि रहेका मानिसहरु र वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुको परिवार तथा विदेशबाट फर्केकाहरुलाई कृषि तथा गैर कृषि क्षेत्रमा संलग्न गराई नयाँ व्यवसाय स्थापना गराउने उद्देश्यले ७ वर्ष अवधि रहेको यस आयोजना गत वर्षदेखि सञ्चालनमा आएको थियो । आयोजनाको कुल लागत रु.६ अरव ८१ करोड ५० लाख रहेको छ । आयोजनाबाट यो वर्षसम्म रु.१ अर्ब ३१ करोड ६५ लाख २५ हजार खर्च हुनु पर्नेमा रु.४ करोड ६३ लाख २९ हजार(लक्ष्यको तुलनामा ३.५२ प्रतिशत) वित्तीय प्रगति भएको छ । दुई वर्षको अवधिमा आयोजनाको स्थापना र केही भौतिक पूर्वाधार निर्माण र सबारी साधन खरिद कार्यमात्र भएको छ । आयोजना निश्चित अवधिको लागि स्वीकृत भएकाले कार्ययोजना बनाई समयमा कार्यसम्पादन हुनुपर्दछ ।

पेट्रोलियम अन्वेषण आयोजना

नेपालमा पेट्रोलियम तथा प्राकृतिक ग्याँस उत्पादन हुन सक्ने सम्भावित क्षेत्रको पहिचान गरी अन्तर्राष्ट्रिय तेल तथा ग्याँस उत्पादन गर्ने कम्पनीहरुलाई आकर्षित गर्ने, उत्खनन् तथा उत्पादन गर्ने, भौगर्भिक सर्भे, भौगर्भिक नक्सा प्रकाशन गर्ने उद्देश्यले २०४२ सालमा यो परियोजना स्थापना भएको हो ।

१६. **अन्वेषण कार्य -** परियोजनाबाट प्राप्त जानकारीअनुसार गत विगत वर्षमा भएका अध्ययन तथा अनुसन्धानका आधारमा नेपालको चुरे र तराई क्षेत्रमा पर्ने स्थललाई समेटी पूर्वदेखि पश्चिमसम्म १० पेट्रोलियम अन्वेषण खण्ड तोकिएको छ । उल्लिखित खण्डहरुमध्ये खण्ड १० मा अन्वेषण गर्न २०४१ मा एक अन्तर्राष्ट्रिय तेल कम्पनीसँग सम्झौता भई २०४६ सम्म अन्वेषण कार्य गरेको र मोरङ्गको बाहुनी गाउँ विकास समितिको राधानगरमा ३.५ कि.मी को कुवा खनेको र उक्त कम्पनीले सो कुवामा तेल फेला नपरेको भनी सम्झौता रद्द गरी फर्केको पाइयो । खण्ड ३ र ५ को लागि अन्वेषण गर्न २०५४ मा खण्ड १,२,४,६ र ७ मा अन्वेषण गर्न सन् २००४ मा र अन्वेषण खण्ड ८, ९, १० मा अन्वेषण गर्न २०६८ मा विभिन्न अन्तर्राष्ट्रिय कम्पनीहरुसँग सम्झौता भएकोमा शान्ति सुरक्षाको कारण देखाई सम्झौता भएका कम्पनीहरुले सम्झौता अनुसार कार्य नगरेकाले उल्लिखित कम्पनीहरुसँगको सम्झौता २०७१ मा रद्द गरेकोमा हाल पेट्रोलियम अन्वेषण गर्न कुनै कम्पनीसँग सम्झौता नभएको आयोजनाले जनाएको छ । पेट्रोलियम पदार्थ अन्वेषण र उत्खनन् गर्ने कार्यलाई निरन्तरता दिनुपर्दछ ।

१७. **तथ्याङ्क नष्ट गरेको -** एक तेल कम्पनीले २०४१ देखि २०४६ सम्म अन्वेषण गर्दा प्राप्त भएका डाटाहरु एनालग प्रणालीमा रहेको र यस्ता डाटा निश्चित तापक्रममा भण्डारण गर्नुपर्ने जनाई अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट छनौट भएको एक कम्पनीसँग २१ टन डाटा प्याकेजहरु भण्डारणको लागि १ जुन १९८५ मा वार्षिक ९३५ अमेरिकी डलर तिर्ने गरी सम्झौता गरेको र नियमित रुपमा भण्डारण शुल्क बुझाइरहेको अवस्थामा उक्त कम्पनीले डाटा नष्ट गरेको जानकारी दिएकोले छानबिनका लागि उद्योग मन्त्रालयले परियोजना प्रमुखको अध्यक्षतामा एक अध्ययन टोली गठन गरेको पाइयो । सो टोलीले आफ्नो अध्ययन प्रतिवेदन मन्त्रालयमा पेस गरेको छ । मन्त्रालयको निर्णयानुसार सो कम्पनीलाई उसको एकतर्फी रुपमा डाटा नष्ट गर्ने कार्य सम्झौता विपरीत भएको र उसको सो कार्यबाट सिर्जित हुने नोक्सानी असुल उपर गर्न कानुनी कारबाही गर्ने जानकारी गराएको छ । डाटा नष्ट भएको कारण सन् १९८५ देखि हालसम्म खर्च भएको शुल्क वार्षिक अमेरिकी डलर ९३५ का दरले २८ हजार ९ सय ८५(रु २९ लाख ९८ हजार) नोक्सान भएको छ । साथै सो डाटा पुनः तयार गर्न थप खर्च हुने अवस्था सिर्जना भएको छ । डाटा नष्ट भएबाट सरकारी हानि नोक्सानी भएकोले यसमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

कम्पनी रजिष्ट्रारको कार्यालय

कम्पनीहरुको दर्ता र लगत राख्न तथा शर्तबमोजिम कार्य गरे नगरेको अनुगमन गर्न विभागस्तरीय कार्यालयको रुपमा कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना भएको छ । कम्पनी ऐन, २०६३ को दफा ३ बमोजिम कुनै व्यक्तिले एक्लै वा संयुक्त रुपमा कुनै उद्यम गर्न चाहेमा प्रबन्धपत्रमा उल्लेख भएबमोजिम एक वा एकभन्दा बढी उद्देश्य प्राप्तिका लागि कम्पनी स्थापना गर्न तोकिएबमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिनु पर्ने प्रावधानअनुसार कम्पनी रजिष्ट्रारको कार्यालयमा गत वर्षसम्म १ लाख ५१ हजार ५ सय कम्पनी दर्ता भएकोमा यो वर्ष १८ हजार ३३६ थप भई वर्षको अन्त्यसम्म दर्ता भएका कम्पनीको संख्या १ लाख ६९ हजार ८३६ रहेको छ ।

१८. **कम्पनी दर्ता र अनुगमन** - कम्पनीहरुले कम्पनी ऐन, २०६३ को दफा २११ बमोजिम प्रबन्धपत्र नियमावलीमा भएको संशोधन, दफा ३१ बमोजिम शुरुको तथा जगेडा शेयरको अभिलेख, दफा ५१ बमोजिम कम्पनीको स्थितिको संक्षिप्त व्यहोरा, दफा ७८ बमोजिम पब्लिक लिमिटेड र मुनाफा वितरण नगर्ने कम्पनीले जानकारी गराउनुपर्ने विषय, दफा ८० बमोजिम आर्थिक प्रतिवेदन, दफा ९२.३ बमोजिम संचालकको पद वहालीको लिखित जानकारी, दफा १११ बमोजिम लेखापरीक्षक नियुक्ति, दफा १०७.२ बमोजिम संचालक र कम्पनी सचिवको विवरण, दफा १२० बमोजिम नाम परिवर्तन भएको जानकारी र दफा १८४ बमोजिम कम्पनीको रजिष्टर्ड कार्यालयको ठेगानाको जानकारी अद्यावधिक गर्ने जस्ता व्यहोरा यस कार्यालयमा पेस गर्नुपर्ने र तोकिएको समयमा उपलब्ध नगराएमा जरिबाना लाग्ने व्यवस्था ऐनले गरेको छ । कार्यालयमा दर्ता भएका मध्ये १ लाख ४ हजार ९२० कम्पनीले विवरण अद्यावधिक गराएका छैनन् । अद्यावधिक नगराएका कम्पनीमध्ये लेखापरीक्षणको क्रममा १० कम्पनी छनौट गरी जरिबाना गणना गर्दा रु.२ करोड ४७ लाख ८७ हजार जरिबाना असुल हुनुपर्ने देखियो । विवरण पेस नगर्ने कम्पनीहरु सञ्चालनमा रहे नरहेको अनुगमन गरेको पाइएन । यसबाट संस्थागत सुशासन कमजोर हुने देखिएको छ । विवरण पेस नगर्ने कम्पनीको अनुगमन गरी आवश्यक कारबाही गर्नुपर्दछ । यस सम्बन्धमा कार्यालयको जनशक्ति अत्यन्त न्यून रहेकोले अनुगमन कार्य प्रभावकारी रुपमा अगाडि बढाउन नसकिएको मन्त्रालयको भनाइ रहेको छ । सम्बन्धित निकायले आवश्यक जनशक्ति व्यवस्था गरी कार्य गराउनुपर्दछ ।

१९. **अनुगमन -** कम्पनी दर्ता गरी सञ्चालन नगर्ने र सञ्चालनमा नरहेका कम्पनी खारेज नगर्ने, सञ्चालनमा रहेका कम्पनीले समेत आफ्नो विवरण अद्यावधिक नगराउने, एउटा कम्पनीभित्र उद्देश्य थप गरी विभिन्न कारोवार गर्न मिल्ने अवस्थामा एउटै व्यक्तिले एकभन्दा बढी कम्पनी दर्ता गर्ने तर विवरण अद्यावधिक नगराउने जस्ता विकृति देखियो । यससम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयबाट गरिने अनुगमन पनि फितलो रहेकोले संस्थागत व्यावसायिक अनुशासन कायम गर्न कठिन हुने र कार्यालयको कार्यबोझ अनावश्यक रुपमा बढ्ने भएकोले विवरण अद्यावधिक गराउन र एउटा व्यक्तिले एकै प्रकृतिको कामको लागि एकभन्दा बढी कम्पनी दर्ता गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न प्रभावकारी अनुगमन हुनुपर्दछ ।

२०. **अन्तर आवद्धता -** कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी दर्ता भएपश्चात् सोही प्रकारका विवरण महानगरपालिका, नगरपालिका, आन्तरिक राजस्व विभाग समेतमा पेस गर्नुपर्ने व्यवस्था छ । एउटै प्रकृतिको विवरणहरु विभिन्न निकायमा पेस गर्नुपर्ने अवस्थाले सेवाग्राहीलाई समस्या परेको देखिन्छ । कम्पनी रजिष्ट्रार कार्यालय, आन्तरिक राजस्व विभाग र स्थानीय तहबीचमा सूचना प्रविधिमार्फत अन्तर आबद्धता हुनुपर्दछ ।

विशेष आर्थिक क्षेत्र विकास समिति

निर्यातमूलक उद्योगहरु स्थापना तथा सञ्चालनका लागि आवश्यक पर्ने विभिन्न प्रकारका भौतिक पूर्वाधार लगायतका सुविधा प्रदान गरी निर्यात वृद्धि गर्न विशेष आर्थिक क्षेत्रहरुको स्थापना तथा सञ्चालन गर्ने उद्देश्यले विशेष आर्थिक क्षेत्र विकास समितिको स्थापना भएको छ ।

२१. **आयोजना कार्यान्वयन** - आर्थिक क्षेत्रको स्थापनाको लागि भौतिक पूर्वाधार निर्माण गर्न यस समितिले १८ औद्योगिक क्षेत्रको सम्भाव्यता अध्ययन गरेकोमा २ स्थानमा सम्भाव्य नदेखिएको उल्लेख छ । सम्भाव्य देखिएका १६ क्षेत्रमध्ये हाल भैरहवाको भौतिक पूर्वाधार निर्माण कार्य अन्तिम चरणमा पुगेको, बारामा निर्माणकार्य भैरहेको, जुम्लामा पहुँच सडकको निर्माण प्रारम्भ गरेको, विराटनगरमा विस्तृत आयोजना प्रतिवेदन तयारी भैरहेको, धनगढी, तालवन गोरखा, नुवाकोट, सिरहा, नेपालगन्ज र रौतहटमा सम्भाव्यता अध्ययन कार्य समाप्त भएको र अन्य क्षेत्रको सम्भाव्यता अध्ययन विभिन्न चरणमा रहेको छ ।

२२. **सञ्चालन -** बजेट वक्तव्य २०७३।७४ मा चालु आर्थिक वर्षमा बाँकी रहेका भौतिक संरचनाको निर्माण कार्य सम्पन्न गरी विशेष आर्थिक क्षेत्र सञ्चालन गरिने उल्लेख भएकोमा भैरहवास्थित विशेष आर्थिक क्षेत्रमा आवश्यक पर्ने विद्युत उपलब्ध हुन नसकेकाले प्रायः भौतिक पूर्वाधार सम्पन्न भइसके तापनि आर्थिक वर्षको अन्तसम्म पनि सञ्चालनमा आउन सकेको देखिएन । समयमै निर्माण कार्य सम्पन्न गरी विशेष आर्थिक क्षेत्र सञ्चालनमा ल्याउनुपर्दछ ।

२३. **प्रगति अभिलेख** - दीर्घकालीन तथा बहुवर्षीय योजनाको लक्ष्य तथा प्रगतिको अभिलेख राख्न तथा प्रतिवेदन गर्न योजनाको समष्टिगत लक्ष्य, गतवर्षसम्मको खर्च, यो वर्षको लक्ष्य, प्रगति र हालसम्मको प्रगति लगायतका सूचना खुल्ने फाराम तोकिएकोमा समितिले फाराममा उल्लेख भएका सबै सूचना समावेश गरी प्रगति प्रतिवेदन तयार नगरेकोले विशेष आर्थिक क्षेत्रको समष्टिगत प्रगति स्थिति र हालसम्मको खर्च खुल्ने अवस्था छैन । आवधिक प्रगतिको मूल्याङ्कन तथा विकास निर्माण सम्बन्धी कामको मार्ग दर्शन तयार गर्न लक्ष्य तथा प्रगति प्रतिवेदनमा भएको सूचना आवश्यक हुने भएकोले फाराममा माग गरिएका सबै सूचना समावेश गरी प्रतिवेदन तयार हुनुपर्दछ ।

२४. **सम्भाव्यता अध्ययन -** विशेष आर्थिक क्षेत्रको सम्भाव्यता अध्ययन गर्दा विदेश निर्यात गर्न सकिने सम्भावित स्थानीय उत्पादन, निर्यात गरिने देशको सम्भावित नाका, भौगोलिक स्थिति, यातायातको पहुँच विशेष आर्थिक क्षेत्रको एक अर्का बीचको दूरी आदिको सम्भाव्यता अध्ययन नगरी केवल सो क्षेत्रमा उद्योग स्थापनाको लागि भौतिक पूर्वाधारको संभावना भए नभएको सम्बन्धमा मात्र अध्ययन गरेको देखियो । सम्भाव्यता अध्ययन गरिएका स्थानमा विशेष आर्थिक क्षेत्र स्थापना हुन नसकेमा सम्भाव्यता अध्ययन तथा निर्माणमा गरेको लगानी खेर जाने भएकोले निर्यातमूलक बस्तु तथा निर्यात हुने सम्भावित राष्ट्र समेत विचार गरी विशेष आर्थिक क्षेत्रको सम्भाव्यता अध्ययन हुनुपर्दछ ।

घरेलु तथा साना उद्योग कार्यालय/समितिहरु

जिल्लास्तरमा घरेलु तथा साना उद्योग दर्ता, नवीकरण, अनुगमन र सीप विकास तालिम प्रदान गर्न २७ जिल्लामा घरेलु तथा साना उद्योग कार्यालय र ४८ जिल्लामा घरेलु तथा साना उद्योग विकास समिति स्थापना गरिएको छ ।

२५. **साझेदारी अनुदान -** प्रतिस्पर्धात्मक औद्योगिक क्षमताको विकासका लागि सरकारी, निजी, साझेदारीमा इन्डष्ट्रियल सेन्टर फर एक्सिलेन्स स्थापना गर्न यो वर्ष रु.१५ करोड बजेट विनियोजन गरी घरेलु तथा साना उद्योग कार्यालय, चितवनलाई अख्तियारी दिएकोमा कार्यालयले उक्त रकम औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्न चितवन उद्योग संघलाई सशर्त अनुदान उपलब्ध गराएको छ । इन्डष्ट्रियल सेन्टर फर एक्सिलेन्स स्थापना गर्ने बजेट वक्तव्यमा उल्लेख भएकोमा औद्योगिक प्रदर्शनी केन्द्र निर्माण गर्न रकम अनुदान दिएकाले बजेट वक्तव्य अनुसार कार्यक्रम भएको छैन । त्यस्तै सरकारी निजी साझेदारीमा केन्द्र स्थापना गर्ने उल्लेख भएकोमा सोको विस्तृत अवधारणा पत्र, मोडालिटी, निर्माण पश्चात सञ्चालनको जिम्मेवारी आदि निश्चित नगरी अनुदान दिएको रकमको कार्य प्रगति विवरण र कार्यसम्पन्न प्रतिवेदन नलिएको र लेखापरीक्षण समेत नगराएकाले उद्देश्य अनुरुप बजेट खर्च भएको छ भनी विश्वस्त हुने आधार भएन । अनुदान रकम तोकिएको कार्यमा खर्च भएको सुनिश्चित गर्न लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्दछ ।

२६. **खर्चको लेखा** - जिल्ला विकास समितिको कार्यालय, सल्यानले घरेलु तथा साना उद्योग विकास समिति सल्यानको खातामा दाखिला गर्न पठाएको लघु उद्यम विकास कार्यक्रमको रु. १८ लाख ९१ हजारको ड्राफ्ट समितिको खातामा दाखिला भएकोछैन । नेपाल बैङ्क लिमिटेडले बुझिलिएको तर समितिको खातामा दाखिला नभएको सम्बन्धमा छानबिन तथा आवश्यक कारबाही गरी रकम असुल हुनुपर्दछ ।

संगठित संस्था

नेपाल औषधि लिमिटेड, २०७१।७२

२७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** लिमिटेडको २०७१।७२ सम्म शेयर पुँजी रु.७ करोड ५५ लाख, जगेडा कोष तथा सञ्चित नोक्सानी रु.१ अर्ब १७ करोड ९९ लाख, मध्यम तथा दीर्घकालीन ऋण रु.६८ करोड ८३ लाख रहेको छ । स्थिर सम्पत्ति रु.१ करोड ८६ लाख, लगानी रु.१३ लाख र खुद चालु सम्पत्ति रु.४३ करोड ६० लाख ऋणात्मक रहेको छ । यो वर्ष रु.७३ लाख आम्दानी गरेकोमा सञ्चालन नोक्सान रु.५ करोड ४९ लाख र खुद नोक्सान रु.१३ करोड ९५ लाख रहेको छ । सञ्चित नोक्सानी गत वर्ष रु.१ अर्ब ७ करोड १३ लाख रहेकोमा यो वर्ष रु.१ अर्ब २१ करोड ८ लाख पुगेको छ ।

२८. **ऋण हिसाब -** कम्पनीले विगत वर्षदेखि अर्थ मन्त्रालयबाट आफ्नो चल अचल जायजेथा धितो राखी साँवा र ब्याज समान किस्तामा भुक्तानी गर्ने गरी स्वीकृत रु.९० करोड ३३ लाखमध्ये रु.४१ करोड ९८ लाख यो वर्ष प्राप्त गरेको पाइयो । २०७१।७२ सम्म तिर्न बाँकी भाखा नाघेको साँवा रु.२१ करोड ५० लाख र ब्याज रु.११ करोड ५० लाखसमेत रु.३३ करोड रहेको देखिन्छ । कम्पनीले हालसम्म साँवा तथा ब्याज भुक्तानी गरेको छैन ।

- **अनुगमन -** कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएका कम्पनीहरुमध्ये अधिकांश कम्पनीले नियमित रुपमा बुझाउनु पर्ने विवरण तथा कागजात नबुझाएकोले त्यस्ता कम्पनीको सञ्चालन स्थिति सम्बन्धमा अनुगमन गर्नु पर्ने र घरेलु तथा साना उद्योग विकास समिति तथा घरेलु तथा ग्रामीण उद्योग विभागलाई एकीकृत गरी दोहोरो संस्थागत संरचनाको अन्त्य गर्नुपर्ने लगायतका व्यहोरा गत विगतका प्रतिवेदनमा औंल्याएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष सरकारी कार्यालयतर्फ ९१ निकायमा रु.२३ करोड ९५ लाख ८८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४५ लाख २० हजार फछ्यौंट गरेकोले रु.२३ करोड ५० लाख ६८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ४८ लाख ७३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

ऊर्जा मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा ऊर्जा उत्पादन, व्यवस्थापन, उपयोग तथा विकाससम्बन्धी नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, ऊर्जा र विद्युतको उपयोगसम्बन्धी द्विपक्षीय वा बहुपक्षीय संयन्त्रको संयोजन, वार्ता सन्धि र सम्झौता, विद्युतको रोयल्टी तथा महसुल दर निर्धारणलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ८ निकायवाट सेवा प्रवाह हुदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजनतर्फ रु.६ अर्ब ८८ करोड ९९ लाख, राजस्व रु.१ अर्ब ९७ करोड १६ लाख र धरौटी रु.२ अर्ब ८७ करोड ३१ लाखसमेत रु.११ अर्ब ७३ करोड ४६ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका २ संगठित संस्थाको रु.५ खर्ब २१ अर्ब १२ करोड १९ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन स्थिति -** वार्षिक बजेटमा विद्युत नियमन आयोग र ऊर्जा संकट निवारण विधेयकहरु एवं विद्युत ऐन र विद्युत चुहावट नियन्त्रण ऐनलाई संशोधन गरिने कार्यक्रम रहेको छ । त्यसैगरी कुलेखानी तेस्रो आयोजना आर्थिक वर्षभित्र सम्पन्न गरिने, ढल्केवर-काठमाडौँ-हेटौंडा चार सय केभी र हेटौडा ढल्केवर इनरुवा चार सय केभी प्रसारण सवस्टेशनलाई स्तरोन्नति गर्ने, सम्पन्न जलविद्युत आयोजनाहरुको प्राविधिक लेखापरीक्षण शुरु गर्ने, जलविद्युत आयोजना, प्रसारण लाइन र वितरण प्रणालीको डिजाइन, विकास र सुपरिवेक्षणलगायतका प्राविधिक विषयहरुमा परामर्श दिन संयन्त्र निर्माण गर्नेलगायत कार्यक्रम रहेकोमा कार्यान्वयन भएको छैन । बजेटमा उल्लेख भएका कार्यक्रम पूर्णरुपमा कार्यान्वयन गरी प्रगति हासिल गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति -** चौधौँ योजनाअनुसार २०७३।७४ मा २०० मेगावाट जलविद्युत उत्पादनको लक्ष्यमध्ये ५८ प्रतिशत प्रगति भएको, ५०० कि.मि. ३३ के.भी. वितरण लाइन विस्तार तथा १ हजार ५०० कि.मि. ११ के.भी. वितरण लाइन विस्तार गर्ने लक्ष्य रहेकोमा क्रमशः २४ र १४ प्रतिशत प्रगति भएको देखिन्छ । त्यसैगरी ४८० मेगावाट विद्युत आयोजना निर्माण कार्य शुरु गरिने लक्ष्य रहेकोमा सोको प्रगति पेस भएको छैन । लक्ष्यअनुसार कार्यक्रम सञ्चालन गरी प्रगति हासिल गर्नुपर्दछ ।

३. **विद्युत उपलब्धता -** आकर्षक प्रतिफल दिने जलविद्युत आयोजनाहरु सञ्चालन गरी घरघरमा बिजुली र जन जनमा शेयर कार्यक्रम सञ्चालन गर्न विद्युत उत्पादन, प्रसारण र वितरण प्रणालीको तीव्रतर विकास गर्ने आवधिक योजनाले लक्ष्य तय गरेबमोजिम तेह्रौँ योजनाको अन्त्यसम्ममा जडित क्षमतासहित विद्युत उत्पादन १ हजार ४२६ मेगावाट पुऱ्याई विद्युतमा पहुँच प्राप्त जनसंख्या ८७ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा ८५१ मेगावाट विद्युत उत्पादन हुन गई ७४ प्रतिशत जनताले विद्युत सेवा उपभोग गर्न पाउने अवस्था छ ।

४. **विकास समिति विघटन -** बुढीगण्डकी जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ र नलसिङगाड जलविद्युत आयोजना विकास समिति (गठन) आदेश, २०६९ बमोजिम स्थापित बुढीगण्डकी जलविद्युत आयोजना तथा नलसिङगाड जलविद्युत आयोजना विघटन गर्ने तथा उक्त आयोजनाहरु जलविद्युत उत्पादन कम्पनी लिमिटेड आफै वा सहायक कम्पनीको माध्यमबाट निर्माण एवं सञ्चालन गर्ने गरी विघटित समितिबाट नेपाल सरकारमा आएको सम्पूर्ण हक जायजेथा विद्युत उत्पादन कम्पनीलाई दिने गरी २०७४।१।७ को मन्त्रिपरिषद्बाट निर्णय भएको छ । २०६९ सालमा आयोजनाहरु स्थापना भए पश्चात् विकास समिति विघटन नभएसम्म नेपाल सरकारले हालसम्म बुढीगण्डकी जलविद्युत आयोजनामा रु.६ अर्ब ८ करोड ७८ लाख तथा नलसिङगाड जलविद्युत आयोजनामा रु.७८ करोड ५५ लाख ५४ हजार लगानी गरेको छ । सो लगानीको सम्बोधन नगरी सम्पूर्ण जायजेथा तथा हक कम्पनीहरुमा हस्तान्तरण भएको छ । विघटन नभएको अवधिसम्मको राज्यले गरेको लगानीको अवस्था यकिन नहुनुका साथै उक्त खर्च शेयरमा लगानी गरेको समेत नदेखिँदा उक्त लगानी खेर जाने स्थिति छ । लगानी गरेको कुल रकम यकिन गरी खर्च गरेको रकम सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्दछ ।

५. **दर्ता शुल्क भुक्तानी -** विद्युत उत्पादन कम्पनी स्थापना गर्नको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्न लाग्ने दर्ता शुल्कबापत रु.६१ लाख ६० हजार कम्पनी रजिष्ट्रारको कार्यालयलाई मन्त्रालयले भुक्तानी गरेको छ । यस कम्पनीमा ऊर्जा मन्त्रालय तथा अन्य सरकारी निकायका अतिरिक्त नेपाल विद्युत प्राधिकरण, जलविद्युत लगानी तथा विकास कम्पनी, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान तथा नेपाल दूरसञ्चार कम्पनी लि.को संस्थापक शेयर रहेको देखिन्छ । साथै उक्त कम्पनीमा साधारण शेयरको रुपमा सर्वसाधारणलाई २९ प्रतिशत छुट्याई कम्पनी स्थापना भएको देखिन्छ । स्वशासित संस्थाको रुपमा कम्पनी ऐन, २०६३ अनुसार स्थापित कम्पनीले स्थापना भएदेखिको सम्पूर्ण खर्च आफैले गरी आयकर ऐन, २०५८ को दफा १३ अनुसार उक्त रकम कुल आयबाट कट्टा गर्न पाउने व्यवस्था रहेकोमा दर्ता गर्दाको खर्च नेपाल सरकारले मात्र व्यहोर्न मिल्ने आधार देखिएन । उक्त रकम असुल गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः लक्ष्यबमोजिम विद्युत उत्पादन, रोयल्टी असुली, लागत अनुमानको यथार्थता, विद्युतीकरण, निर्माण ठेक्का, मुआवजा वितरण, निर्माणसँग असम्बन्धित खर्च लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

६. **असम्बन्धित खर्च** - निर्माण तथा परामर्श कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधनको भाडा समावेश गर्दा लागत बढ्न गएको व्यहोराउपर सार्वजनिक लेखा समितिले २०६९।९।१८ मा लागत वृद्धि नियन्त्रण गर्न नीति बनाउने निर्णय गरेको छ । बुढीगंगा जलविद्युत आयोजनाअन्तर्गत पुल तथा पहुँचमार्ग निर्माणको लागि एक जे.भी.सँग बी.ओ.क्यू. मा चार पाङ्ग्रे सवारीको लागि २४ महिनाको रु.१९ लाख २० हजार तथा दुई मोटरसाइकलको लागि २४ महिनाको रु.३ लाख ६० हजार गरी रु.२२ लाख ८० हजार सवारीसाधनमा खर्च गर्ने गरी सम्झौता गरेको छ भने नलसिङगाड जलविद्युत आयोजनामा कालीमाटीदेखि लेखामसम्म पहुँचमार्ग निर्माणको लागि एक जे.भी.सँग बी.ओ.क्यू.मा २४ महिनाको रु.२४ लाख भुक्तानी दिने गरी सम्झौता भएअनुसार यो वर्षको रु.८ लाखसहित रु.२२ लाख (मू.अ.कर बाहेक) भुक्तानी दिएको छ । २०६९।७० देखिका सम्झौतामा सवारीसाधन ठेक्कामा समावेश गरी उपकरण खरिद गर्न नमिल्ने भनी सार्वजनिक लेखा समितिले दिएको निर्देशनविपरीत सो अवधिपछिको ठेक्कामा उक्त व्यवस्था गरी सम्झौता गर्नु उचित देखिएन ।

विद्युत विकास विभाग

विद्युत ऐन, २०४९ तथा विद्युत नियमावली, २०५० ले आयोजनाहरुको सम्भाव्यता अध्ययन कार्य, विद्युत उत्पादन, प्रशारण र वितरणसम्बन्धी सर्भेक्षण र निर्माणका लागि अनुमतिपत्र जारी गर्ने, अनुमतिपत्रलाइं नेपाल सरकारको तर्फबाट दिनुपर्ने सुविधाहरुको लागि सिफारिस एवं सहजीकरणसम्बन्धी कार्य, अनुमतिपत्र लिई विद्युत आयोजना सञ्चालन गर्ने, आयोजनाहरुको निरीक्षण र अनुगमन गर्ने, अनुमतिपत्र प्राप्त आयोजनाहरुको वातावरणीय अध्ययन स्वीकृतसम्बन्धी प्रारम्भिक कार्य गर्ने उद्देश्यले २०५६ सालमा विभागको स्थापना भएको हो ।

७. **न्यून खर्च** - विभिन्न उपशीर्षकअन्तर्गत तोकिएको परिमाणमा कार्यसम्पन्न गर्ने गरी लक्ष्य निर्धारण गरेकोमा लक्ष्यको तुलनामा प्रगति न्यून रहेको छ । ६ पुँजीगत खर्च शीर्षकअन्तर्गत विभिन्न परिमाणमा कार्य गर्ने गरी वार्षिक रु.९३ करोड ९३ लाख बजेट विनियोजन भएकोमा रु.३० करोड ५४ लाखको कार्य गरी लक्ष्यको तुलनामा ३२.५१ प्रतिशतमात्र खर्च भएको देखिएकोले रु.६३ करोड ३९ लाख खर्च नगरी बजेट फ्रिज भएको छ । जसले गर्दा जलविद्युत आयोजनाहरुको सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत सर्वेक्षण आदि कार्य तोकिएको समयावधिभित्र सम्पन्न गर्न सकिने अवस्था देखिँदैन ।

८. **आयोजनासम्बन्धी मापदण्ड -** विभिन्न ३ निर्देशिका तयार गर्न ३ परामर्शदातासँग रु.३ करोड ४४ लाख ३५ हजारको सम्झौता भएकोमा यो वर्ष रु.१ करोड १३ लाख १८ हजार भुक्तानी भएको छ । निर्देशिका तयार गर्ने कार्य विभागबाट गराउन नसक्ने आधार कारण तथा पुष्ट्याईबेगर परामर्शदाता मार्फत कार्य गराउनु मनासिब देखिएन । तसर्थ कार्यविधि, निर्देशिकालगायतका कार्य सम्बन्धित निकाय आफैले तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

९. **गाडी भाडा सम्झौता -** विभागले ४ जलविद्युत आयोजनाको सम्भाव्यता तथा प्रारम्भिक वातावरणीय मूल्याङ्कनका लागि परामर्शदातासँग सम्झौता गरेकोमा गाडी भाडाबापत रु.२ करोड ३८ लाख ९९ हजारको सम्झौता गरेकोमा यो वर्ष इन्सेप्सन रिपोर्ट मात्र पेस गरेको अवस्थामा सम्झौताको १५ प्रतिशतले हुन आउने

एकमुस्ट रकम रु.३५ लाख ८५ हजार गाडी भाडाबापत भुक्तानी गरेको छ । गाडी भाडाको इन्धन, सवारी चालकको ज्याला आदिमा गरेको सम्झौता रकमसमेत समावेश गर्दा उक्त रकममा अझै वृद्धि हुने देखिन्छ । यसरी कन्ज्युमेबल आइटममा ठूलो मात्रामा खर्च गर्ने गरी सम्झौता गर्नु उचित देखिएन ।

१०. **उत्पादक कम्पनीको प्रगति -** विद्युत नियमावली, २०५० को नियम २१ अनुसार अनुमति प्राप्त गरेको मितिले उत्पादनको हकमा एक वर्षभित्र भौतिक रुपमा कार्य शुरु गरी सोको जानकारी विद्युत विकास विभागलाई दिनुपर्ने व्यवस्था छ । विभागबाट प्राप्त विवरणअनुसार १३९ योजनामध्ये केही योजनाको प्रगति विवरण प्राप्त भएको छैन भने केही आयोजनाको न्यून मात्रामा प्रगति भएको विवरण पेस भएको छ । देहायको योजनामा उत्पादन लाइसेन्स लिएको लामो समय बितिसक्दा पनि विद्युत उत्पादनको कार्यमा न्यून प्रगति भएकोमा आवश्यक कारवाही गरेको पाइएन ।

क्र.सं	जलविद्युत आयोजनाको नाम	मेगावाट	अनुमतिपत्र दिएको मिति	भौतिक प्रगति प्रतिशत
१.	राहुघाट, म्याग्दी	३२	२०६८।४।३	२
२.	लिखुखोला ४, ओखलढुङ्गा	१२०	२०६८।११।२८	२
३.	कावेली ए, ताप्लेजुङ	३७.६	२०६९।५।२१	२
४.	न्यादीखोला, लमजुङ	३०	२०६९।११।०३	२
५.	तल्लो खरे दोलखा	११	२०६९।३।१९	३
६.	मिस्त्रीखोला, म्याग्दी	४२	२०६८।७।२०	८
७.	अपर त्रिशूली थ्री ए, रसुवा	६०	२०६७।११।१५	३०
८.	रसुवागढी, रसुवा	१११	२०६९।८।२१	१८

११. **अनुमतिपत्रको नवीकरण -** विद्युत ऐन, २०४९ को दफा ५(१) मा विद्युत सर्वेक्षणको लागि दिने अनुमतिपत्रको अवधि बढीमा पाँच वर्षसम्मको हुने व्यवस्था छ । सोही ऐनको दफा ३ मा सोभन्दा घटी अवधिको लागि अनुमतिपत्र दिएकोमा एक वर्ष अगावै तोकिएबमोजिम नवीकरण गराउनुपर्ने र त्यसरी सो समयावधिभित्र नवीकरण नगराएमा स्वतः रद्द हुने व्यवस्था छ । विभागले सर्वेक्षण अनुमति दिएको मितिले ५ वर्ष समाप्त भइसक्दा पनि १० आयोजना रद्द गरेको छैन । भारतीय कम्पनीमार्फत कार्य गर्ने गरी सर्वेक्षण अनुमतिपत्र प्राप्त गरेका १ हजार ८०० मेगावाटका अरुण ३ हाइड्रोपावर तथा अपर कर्णाली हाइड्रोपावर लिमिटेडले स्थापना भएको मितिले ९ वर्ष बितिसक्दा पनि सर्वेक्षणको कार्य सम्पन्न गर्न सकेको देखिएन ।

१२. **कर छुट -** जलविद्युत विकास नीति, २०५८ को बुँदा ६ (१४) मा आयोजनालाई उपलब्ध गराउन सकिने कर तथा भन्सार, मूल्य अभिवृद्धि करको छुटसम्बन्धी व्यवस्था आयकर ऐन, २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार हुने उल्लेख छ । आयोजनाहरुले निर्माण चरणमा स्वीकृति लिई आयात गर्ने संयन्त्र, उपकरण, मेसिनरी एवं सोका पार्टपुर्जाहरुमा १ प्रतिशत भन्सार महसुल लाग्ने, तर यस्ता पार्टपुर्जाको पैठारी मुख्य मेसिनरीको कुल मूल्यको २० प्रतिशतभन्दा बढी नहुने उल्लेख छ । सो प्रावधानविपरीत २० प्रतिशत छुटको अवस्था यकिन नगरी पूरै निर्माण उपकरण, मेसिनरी औजार र सोसँग सम्बन्धित पार्टपुर्जाहरु खरिद गर्दा पूरै कर छुट दिएको देखियो । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्:

१२.१. विभागले निजी क्षेत्र तथा नेपाल विद्युत प्राधिकरणद्वारा सञ्चालित जलविद्युत आयोजनाको परामर्शदातालाई सम्झौताअनुसारको विदेशी मुद्रा सटही सुविधा, यन्त्र उपकरणको पैठारीमा भन्सार दरबन्दीअनुसार लाग्ने भन्सार छुट र सुविधा तथा सामान पैठारी गर्दा दिनुपर्ने भुक्तानी बराबरको विदेशी मुद्रा भुक्तानी सुविधा तथा भन्सार र मूल्य अभिवृद्धि कर छुटसमेत १११ विद्युत प्रबन्धकलाई सिफारिस गरेको छ । विभागले नियामक निकायको हैसियतमा नेपाल विद्युत प्राधिकरण र अन्य विद्युत उत्पादन गर्ने आयोजनाहरुको बीजकको छायाँप्रतिसहित निवेदन मागका आधारमा भन्सार छुट र मूल्य अभिवृद्धि कर छुटका लागि सम्बन्धित भन्सार कार्यालय र विदेशी मुद्रा भुक्तानी सुविधाका लागि नेपाल राष्ट्र बैङ्कलाई सिफारिस गरी पठाउने गरेको पाइयो । निर्माणाधीन जलविद्युत आयोजनाहरुमा प्रयोग हुने सामानको पैठारीमा लाग्ने भन्सार छुट तथा मूल्य अभिवृद्धि कर छुट एवं भन्सार प्रज्ञापनपत्रको आधारमा सामानको भुक्तानीबापत ९७ आयोजनालाई अमेरिकी डलर ६ करोड १३ लाख ८७ हजार, भारतीय रुपैयाँ १ अर्ब ३६ करोड ८७ लाख ९९ हजार, युरो २० लाख ९२ हजार, चाइनिज युयान ७१ लाख ६१ हजार तथा नेपाली मुद्रा १२ करोड ३ लाख छुटको सिफारिस गरेको छ भने

सटही सुविधाअन्तर्गत १४ आयोजनाको लागि अमेरिकी डलर १ करोड ७२ लाख, भारतीय रुपैयाँ ५ करोड ८८ लाख, युरो २ हजार तथा नर्वेजियन क्रोनर १ लाख २७ हजार डलरको सटही सुविधा दिन नेपाल राष्ट्र बैङ्कलाई सिफारिस गरेको देखिन्छ । यस्तो सुविधा दिँदा परामर्शदाता तथा निर्माण व्यवसायीलाई करारमा व्यवस्था भएबमोजिमको विदेशी मुद्रामा हुने भुक्तानीको अभिलेख अद्यावधिक गरिनुपर्दछ ।

१२.२. विभागले निजी क्षेत्रबाट माग गरेको उपर्युक्तअनुरुपका विदेशी मुद्रासम्बन्धी सुविधा, सिफारिस गर्ने तर उक्त छुट सुविधा लिएका आयोजना सञ्चालकले सोअनुसारका सामान स्वदेशमा उत्पादन हुन नसक्ने अवस्थामा मात्र विदेशबाट खरिद गर्न यस्तो छुट तथा सुविधा दिनुपर्नेमा निवेदनका आधारमा वैदेशिक मुद्रा अपचलन गरेमा स्वयं प्रवर्द्धक नै जवाफदेही हुने व्यहोरा उल्लेख गरी विभिन्न शाखाबाट सिफारिस गर्दै आएको देखिन्छ । छुट सुविधामा पैठारी गरी खरिद भएका सामानहरु सम्बन्धित आयोजनामा उपयोग भए नभएको, सिफारिस अनुसारको सुविधामा आयातीत वस्तुहरु आयोजनाको नाममा भन्सार विन्दुसम्म आए नआएको अनुगमन भएको छैन । विदेशी मुद्राको अपचलन नहुने गरी छुट सुविधा उपलब्ध गराउनुपर्दछ ।

१३. **रोयल्टी -** विद्युत ऐन, २०४९ को दफा ११ को उपदफा (१) मा अनुमतिपत्र प्राप्त व्यक्तिले जलविद्युतको व्यापारिक उत्पादन शुरु गरेको १५ वर्षसम्म प्रतिजडित किलोवाट वार्षिक एक सय रुपैयाँ र प्रतियुनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको दुई प्रतिशतका दरले र उपदफा (२) मा उपदफा (१) मा उल्लिखित अवधिपछि अनुमतिपत्र प्राप्त व्यक्तिले प्रतिजडित किलोवाट वार्षिक एक हजार रुपैयाँ र प्रतियुनिट (किलोवाट घण्टा) सरदर बिक्री मूल्यको १० प्रतिशतका दरले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ । विभागले ६२ जलविद्युत आयोजनाले उत्पादित र जडित क्षमताको आधारमा २०७२।७३ सम्मको उठ्न बाँकी राजस्वसमेत रु.१ अर्ब ९८ करोड ६६ लाखमध्ये यो वर्ष रु.१ अर्ब ४२ करोड ७४ लाख असुल गरी रु.५५ करोड ९२ लाख असुल गर्न बाँकी रहेको देखिन्छ । आयोजनाले तिर्नु वा बुझाउनुपर्ने रकम समयमा प्राप्त नहुँदा ब्याज तथा जरिबाना असुल गरेको छैन । अतः राज्यलाई प्राप्त हुनुपर्ने रोयल्टी तोकिएको समयमा नबुझाउनेउपर तत्काल ब्याज तथा हर्जाना लगाउने व्यवस्था गरी राजस्व असुल गर्नुपर्दछ ।

विद्युत ऐन, २०४९ बमोजिम जलविद्युत उत्पादनकर्ताबाट रोयल्टी उठाउनेसम्बन्धी सामान्य आधार तय गरेअनुसार प्रतियुनिट (किलोवाट घण्टा) वापतको रकम वर्षको ३ पटक प्रत्येक ४/४ महिनामा उठाउनुपर्ने व्यवस्था छ । रोयल्टी बुझाउँदा तिनुपर्ने महिनाभन्दा अघिल्लो ४ महिनाको एकमुष्ट रुपमा बुझाउनुपर्ने तथा जडित क्षमताबापतको रोयल्टी व्यापारिक उत्पादन शुरु गरेको मितिले १५ दिनभित्र र त्यस पछिको वर्षमा प्रत्येक वर्षको सोही मितिमा बुझाउनुपर्ने व्यवस्था भए पनि कुनै पनि आयोजनाले तोकिएको समयावधिभित्र रोयल्टी रकम भुक्तानी गरेको छैन । विभागले यसको कार्यान्वयन गर्नको लागि त्यस्तो तथ्याङ्क समेत तयार गरेको छैन । समयमै प्राप्त गर्नुपर्ने रकम यकिन गरी तोकिएको ढाँचामा विवरण खुल्ने गरी तथ्याङ्क तयार गर्नुपर्दछ ।

सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना

१४. **विस्तृत अध्ययन प्रतिवेदन -** नेपालको पूर्वाञ्चल तथा मध्यमाञ्चल विकास क्षेत्रका वीरगन्जदेखि कोशी नदी पूर्वको तराईमा समेत सिँचाइ सुविधा पुऱ्याउन, विद्युत, बाढी नियन्त्रण तथा जलमार्गसमेतका सम्भाव्य क्षेत्रलाई समेटेर अध्ययन अन्वेषण गरी आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने उद्देश्यले २०६१ मा यो आयोजना स्थापना भएको हो । स्थापनाको मितिले ३० महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता गरे तापनि शुरु सम्झौता मितिले ११ वर्ष व्यतीत भइसक्दासम्म कार्यसम्पन्न भएको देखिएन । आयोजना पटक पटक गरी अन्तिम पटक २०७३ फागुन १५ सम्म म्याद थप भएकोमा तत्पश्चात् म्याद थपसमेत भएको छैन ।

नलसिङगाड जलविद्युत आयोजना

जाजरकोट जिल्ला भएर बग्ने नलसिङगाड नदीमा निर्माण हुने जलाशययुक्त आयोजनाबाट ४१० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले अमेरिकी डलर ७३७.३९ मिलियन लागत अनुमान तयार गरी विकास समिति ऐन, २०१३ अन्तर्गत विकास समिति (गठन) आदेश, २०६९ बमोजिम सञ्चालनमा रहेकोमा हाल कम्पनीको रुपमा सञ्चालनमा रहेको छ ।

१५. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नेसम्बन्धी व्यवस्था रहेको छ । जाजरकोटस्थित कालीमाटीदेखि लेखामसम्म पहुँचमार्ग निर्माणको लागि एक जेभीसँग रु.२४ करोड ७२ लाख ५९ हजारमा कार्यसम्पन्न गर्ने गरी सम्झौता भई लागत अनुमान तयार गर्ने परामर्शदाताले ३+२१० कि.मि.देखि ३+५६० कि.मि. चेनेजभित्र १० हजार ८६ घ.मि. रक कटिङ कार्य गर्ने उल्लेख भएकोमा नापी किताबअनुसार ३४ हजार ६६६ घ.मि. कार्य गराई रु.२ करोड ८ लाख भुक्तानी भएको छ । जसअनुसार लागत अनुमान परिमाणभन्दा २४ हजार ५८० घ.मि. (२४४ प्रतिशत) बढी परिमाणमा कार्य भएको देखाएको छ । सम्झौता दर प्रति घ.मि.को रु.६०० भएकोले दोस्रो रनिङ बिलमा मात्र लागत अनुमानभन्दा रु.१ करोड ४७ लाख ४८ हजार बढी भुक्तानी भएको देखियो । विभिन्न चेनेजमा लागत अनुमान परिमाण र वास्तविक परिमाण तुलना गर्दा १ हजार ७४१ प्रतिशतसम्म बढी परिमाणमा काम भएको देखियो । जसबाट परामर्शदाताले तयार गरेको लागत अनुमान यथार्थको नजिक रहेको देखिएन भने सोको स्वीकृति गर्दा समेत यकिन नगरी ठेक्का व्यवस्थापन गर्नु उचित देखिएन ।

१६. **भेरिएसन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले नियमावलीबमोजिमको प्रक्रिया पूरा गरी भेरिएसन आदेश जारी गर्नुपर्ने व्यवस्था छ । आवास तथा कार्यालय भवन निर्माणको लागि लागत अनुमानको १ प्रतिशत घटी रु.५ करोड ५६ लाख ६५ हजारमा २०७३।०६।२५ सम्म सम्पन्न गर्ने गरी एक जेभीसँग सम्झौता गरेकोमा २०७४ आषाढ मसान्तसम्म म्याद थप भएको देखिन्छ । कार्यालयले यो वर्ष रु.१ करोड ७१ लाख ११ हजारसमेत रु.२ करोड ६९ लाख २३ हजार भुक्तानी दिएको छ । भवनको स्वीकृत बिल अफ क्वान्टिटीमा इलेक्ट्रिफिकेसन र स्यानिटरी वर्कको आइटमहरु बी.ओ.क्यू.मा छुट हुन गएको कारणले भवन निर्माण कार्य प्रभावित भई निर्धारित समयमा सम्पन्न नहुने देखिएको जनाई रु.४० लाख ५१ हजार (मू.अ.कर बाहेक) को लागत अनुमान तयार गरी ठेक्का सम्झौता रकमको ८.२३ प्रतिशत रकम भेरिएसन गरेकोमा सजिलै पुर्वानुमान गर्न सकिने आइटममा भेरिएसन गर्नु उचित देखिएन । साथै छुट हुन गएको आइटमहरु प्रतिस्पर्धा नगराई सोही निर्माण व्यवसायीलाई कार्यादेश दिएको नियमसम्मत देखिएन ।

१७. **प्रोत्साहन भत्ता -** आयोजना विकास समितिका कार्यकारी निर्देशक र ऊर्जा मन्त्रालयबीच भएको कार्य सम्पादन सझौतामा कार्यसम्पादनस्तर ७५ प्रतिशतभन्दा माथि भएमा भत्ताको ५० प्रतिशत तथा कार्यसम्पादनस्तर ९० प्रतिशतभन्दा माथि भएमा ८० प्रतिशत कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता पाउने उल्लेख छ । ऊर्जा मन्त्रालयको २०७३।६।१९ को मूल्याङ्कन टोलीले दिएको प्रतिवेदनअनुसार ५२.६ प्रतिशत कार्यसम्पादनस्तर मापन गरेकोले प्रोत्साहनबापत सुविधा पाउन सक्ने आधार देखिएन । तर समितिका कार्यकारी निर्देशकले कार्यालयको समग्र प्रगति स्थिति ९२ प्रतिशत भएको जनाई रु.७ लाख ६८ हजार प्रोत्साहन भत्ता भुक्तानी लिएको रकम असुल गर्नुपर्दछ ।

१८. **परामर्शदाता** - सम्भाव्यता अध्ययन अद्यावधिक गर्ने कार्यमा एक परामर्शदातासँग २०७३।०१।२३ मा रु.१ अर्ब ११ करोड ३१ लाखको सम्झौता गरी यो वर्ष रु.२२ करोड ४४ लाख ७५ हजार भुक्तानी भएको छ । अन्तर्राष्ट्रिय परामर्शदातालाई सबै महिनाको ३० दिनको समान हिसाबले पारिश्रमिक भुक्तानी गर्दा रु.११ लाख ४ हजार बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

बुढीगण्डकी जलविद्युत आयोजना

१९. **खर्च तथा प्रगति -** गोरखा र धादिङ जिल्लाको सीमानामा रहेको बुढीगण्डकी नदीमा जलाशययुक्त बाँध बनाएर १२०० मेगावाट विद्युत उत्पादन गर्ने उद्देश्यले ८ वर्षभित्र सम्पन्न गर्ने गरी २०६९ देखि सञ्चालित यो आयोजनाको लागत अनुमान रु.२ खर्ब ७८ अर्ब १९ करोड रहेको छ । आयोजनामा गत वर्षसम्म रु.१ अर्ब २७ करोड र यो वर्ष रु.५ अर्ब ३ करोड समेत रु.६ अर्ब ३० करोड खर्च भई २४ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

बजेट वक्तव्य २०७३।७४ को बुँदा ३८ मा आयोजनाको निर्माण कार्य आगामी आर्थिक वर्षदेखि प्रारम्भ गरिने उल्लेख भए तापनि यो वर्ष भौगर्भिक अध्ययनका लागि रु.१५ करोड, विस्तृत पुनर्वास तथा पुनर्स्थापना तयारीको लागि रु.१ करोड बजेट व्यवस्था भएकोमा खर्च भएको छैन । आयोजनाको सम्भाव्यता अध्ययन, विस्तृत डिजाइनको लागि रु.१ करोड बजेट व्यवस्था भएकोमा रु.७ लाखमात्र खर्च भई डिजाइनको

काम सम्पन्न भएको छैन । यसले आयोजनाको निर्माण कार्य आगामी वर्षदेखि शुरु हुने अवस्था देखिँदैन । हालसम्म आयोजनाको निर्माण कार्य शुरु नभएकोले आयोजनाको लागत र समय दुबै वृद्धि हुने देखिन्छ ।

२०. **मस्यौट -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २६ (१) मा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएको देखिन आएमा सम्बन्धित कार्यालय प्रमुख वा तालुक कार्यालय वा तोकिएको अधिकारीले प्रचलित कानुनबमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नु गराउनुपर्ने उल्लेख छ । मुआवजा निर्धारण समितिले तोकेको दररेटअनुसार जग्गाको क्षेत्रफलबमोजिम हुने गणनामा फरक पारी रु.६ करोड २२ लाख ४० हजार बढी रकम सम्बन्धित जग्गाधनीको बैङ्क खातामा पठाएको पाइयो । लेखापरीक्षणबाट सो व्यहोरा औँल्याए पश्चात् रु.६ करोड २० लाख ९८ हजार असुल भएको छ । उक्त कारोबारमा संलग्न जिम्मेवार पदाधिकारीलाई ऐनको दफा १५ र २६ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरी सोको जानकारी १५ दिनभित्र उपलब्ध गराउन गृह मन्त्रालय, ऊर्जा मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयलाई २०७४।५।७ मा जानकारी पठाएकोमा ऊर्जा मन्त्रालयबाट आइन्दा यस्तो गल्ती नदोहोऱ्याउन निर्देशन दिने निर्णय भएको व्यहोरा जानकारी गराएको छ भने अन्य निकायबाट कारबाही भएको जानकारी प्राप्त हुन आएन ।

संगठित संस्था

नेपाल विद्युत प्राधिकरण, २०७३।०७४

२१. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** प्राधिकरणको शेयर पूंजी रु.८२ अर्ब ४१ करोड १३ लाख, जगेडा तथा सञ्चित कोष रु.२६ अर्ब ३३ करोड ४८ लाख ऋणात्मक, दीर्घकालीन दायित्व रु.१ खर्ब ११ अर्ब ३७ करोड ४९ लाख र चालु दायित्व रु.७७ अर्ब ५१ करोड ११ लाख समेत कुल पुँजी तथा दायित्व रु.२ खर्ब ४४ अर्ब ९६ करोड २४ लाख रहेको छ । सम्पत्तितर्फ स्थिर सम्पत्ति रु.१ खर्ब ९६ अर्ब ४५ करोड ८९ लाख र चालु सम्पत्ति रु.४८ अर्ब ५० करोड ३५ लाख रहेको छ । गत वर्ष रु. ८ अर्ब ८९ करोड १ लाख नोक्सानी रहेकोमा यस वर्ष रु. १ अर्ब ४६ करोड ७३ लाख नाफा भएको छ ।

२२. **कम्पनी ऐनको पालना -** कम्पनी ऐन, २०६३ को दफा ३ अनुसार पब्लिक कम्पनी स्थापना गर्न कम्तीमा ७ संस्थापक हुनुपर्नेमा २०७३।७४ मा नेपाल विद्युत प्राधिकरणको एकल स्वामित्वमा १० वटा र ७ जनाभन्दा कम संस्थापक हुने गरी अधिकांश स्वामित्वमा २ कम्पनी स्थापना भएका छन् । यसर्थ ऐनको पालना हुने गरी कम्पनी स्थापना गर्नुपर्ने देखिन्छ ।

२३. **सञ्चालक समिति -** नेपाल विद्युत प्राधिकरण ऐन, २०४१ को दफा ८ मा प्राधिकरणको सम्पूर्ण काम कारबाहीको संचालन, रेखदेख र व्यवस्थापनको लागि एक सञ्चालक समिति गठन हुने उल्लेख गरेको तर स्पष्ट काम, कर्तव्य र अधिकार तोकिएको छैन । सञ्चालक समितिको बैठक बस्ने कार्यविधिसमेत तय गरेको छैन । सोझै खरिद प्रक्रिया अवलम्वन गर्ने, परामर्शदाताको सम्झौता अवधि र रकम बढाउने जस्ता निर्णयको कार्यान्वयन पक्ष अनुगमन गरेको छैन् । ऐनले दिएको अधिकारअनुसार सञ्चालक समितिको जिम्मेवारी किटान नभएकोले सञ्चालक समितिको प्रभावकारिता देखिएन ।

२४. **सम्पत्तिमा नोक्सानी व्यवस्था -** सम्पत्तिको मूल्यमा आएको ह्रास तथा क्षयको पहिचान सम्बन्धमा पर्याप्त व्यवस्था गरेको छैन । नेपाल विद्युत प्राधिकरणले स्थिर सम्पत्ति, पाउनुपर्ने हिसाब, पेस्की, नगद तथा बैङ्क मौज्दात, लगानी, जिन्सी सामग्री र निमार्णाधीन सम्पत्तिमा हानि, चोरी तथा अन्य सम्भावित नोक्सानी बापत केही वर्षअघि रु.१ अर्ब ७९ करोडको व्यवस्था गरे तापनि ती अवस्थाको पुनर्मूल्याङ्कन गरेको छैन । प्राधिकरणले १८८१-१५-२-२ रोपनी जग्गाको लालपुर्जा नलिएको र १४७४-३-१-० रोपनी जग्गा मिचिएकोमा कुनै कारबाही गरेको छैन । २०७२ को बिनाशकारी भूकम्पले पुऱ्याएको क्षतिको समेत मूल्याङ्कन गरेको छैन । यसर्थ प्रधिकरणको वित्तीय स्थिति तथा संचालन नतिजा हाल प्रस्तुत गरेको भन्दा फरक हुनसक्ने अवस्था छ ।

२५. **अन्तर कार्यालय हिसाब** - वासलातको विविध साहु तथा अन्य भुक्तानी दिनुपर्ने हिसावमा अन्तर कार्यालय कारोबार डेबिट रकम २०७२।७३ मा रु.३९ करोड ८५ लाख र २०७३।७४ मा रु.७३ करोड ९४ लाख घटाएको छ । यसरी गत विगत वर्षदेखि नै अन्तर कार्यालय हिसाब फरफारक गर्न नसकी वृद्धि हुँदै गएको छ । उक्त अन्तर कार्यालय हिसाब रकमको समायोजनको असर पर्ने शीर्षक र नेपाल विद्युत प्राधिकरणको वित्तीय

स्थिति वा सञ्चालन नतिजामा पर्ने असर यकिन गर्न सकिने अवस्था छैन । हिनामिना वा हानि नोक्सानी लुके लुकाएको कारणले यस्तो अवस्था आएको होइन भन्न सकिँदैन । यसर्थ यसरी हिसाब किताब अद्यावधिक नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२६. **सहायक ऋण सम्झौता -** नेपाल विद्युत प्राधिकरणले नेपाल सरकारसँग सहायक ऋण सम्झौता गरी विभिन्न दातृ निकाय, विदेशी बैङ्क तथा वित्तीय संस्थासँग लिएको ऋणको २०७३।७४ मा रु.१ खर्ब १० अर्ब ६८ करोड मौज्दात रहेकोमा विगतदेखि नै हिसाबमिलान गरी मौज्दात यकिन गरेको छैन । ऋण तथा ब्याज रकम भुक्तानी तालिकाअनुसार समयमा भुक्तानी हुन सकेको छैन । भाखा ननाघेको र भाखा नाघेको साँवा तथा ब्याज रकम देखिने गरी आयुगत विवरण समेत तयार गरी समीक्षा गरेको छैन । साथै ऋणको ब्याज रकमलाई भुक्तानी दिनुपर्नेमा लेखाङ्कन गर्ने गरेबाट उक्त रकममा बर्षेनि वृद्धि भइरहेको छ । गत वर्ष यस्तो भुक्तानी दिनुपर्ने ब्याज रु.३५ अर्ब ५८ करोड रहेको र यो वर्ष थप रु.३ अर्ब ५५ करोडमध्ये रु.१ अर्ब ७५ करोड भुक्तानीपश्चात् रु.३७ अर्ब ३८ करोड पुगेको छ । ऋण तथा ब्याज हिसाब अद्यावधिक नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२७. **अवकाश दायित्व -** कर्मचारीको उपदान तथा पेन्सन कोषमा छुट्ट्याएको रकमको कुनै आधार छैन । २०७३।७४ मा तलबमानमा २५ प्रतिशतले वृद्धि भए तापनि उपदान कोषमा विगत तीन वर्षदेखि रु.२ अर्ब ५ करोड बर्षेनि छुट्याउने गरेको छ । अवकाश दायित्वको बीमाङ्क मूल्याङ्कन यकिन नगरेकोले कोषमा छुट्ट्याएको रकम पर्याप्त भए नभएको यकिन गर्न सकिने अवस्था छैन ।

२८. **आय लेखाङ्कन -** आम्दानी शाखामा प्रयोग भएको आय लेखाङ्कन सफ्टवेयर र वित्तीय विवरणमा उल्लेख गरेको असामी रकम बीचको भिन्नताको विगत वर्षदेखि नै हिसाब मिलान गरेको छैन । आय लेखाङ्कन सफ्टवेयरले देखाउने विवरण पछिल्ला क्रियाकलापबाट पहिले लेखाङ्कन गरेको विवरण नै परिष्कृत हुने र २०७४ आषाढ मसान्तको विवरण सबै कार्यालयले अभिलेख नगरेकोले वास्तविक भिन्नता रकम यकिन गर्न सकिने अवस्था छैन । ग्राहकको घर, कारखाना तथा अफिसमा जडान भएको मिटर रिडिङको शुद्धताको नियमित तथा प्रयोग भइरहेको ऊर्जा भारसंग तुलनात्मक विश्लेषण, तेस्रो पक्ष परीक्षण गर्ने तथा ग्राहकसँग मौज्दात समर्थन गरी हिसाब भिडान गर्ने प्रभावकारी व्यवस्था नभएको कारण बिक्रीबापतको आम्दानी रकम सही छ भनी किटान गर्न सकिने अवस्था छैन ।

२९. **विगत वर्षको खर्च -** विगत वर्षसँग सम्बन्धित तलब तथा ज्याला, प्रशासनिक खर्च, मर्मत सम्भार र अन्य खर्च रु.२७ करोड २१ लाख र लेखाङ्कन गर्न छुट बिक्री आम्दानी रु.३ करोड ८० लाखसमेत को खुद खर्च रु.२३ करोड ४१ लाखलाई बजेट अभाव तथा प्रशासनिक ढिलाइका कारण गत वर्ष लेखाङ्कन गर्न नसकी समायोजन हिसाबअन्तर्गत कोष तथा सञ्चित नाफा शीर्षकमा एकमुष्ट लेखाङ्कन गरेको छ । गत वर्षको आयसँग सम्बन्धित उक्त खर्च रु.२७ करोड २१ लाख यस वर्ष आयकर प्रयोजनमा खर्च दाबी गर्न नपाउने हुँदा प्रधिकरणलाई २५ प्रतिशतले हुने रु ६ करोड ८० लाख अनावश्यक करको भार पर्न गएको देखिन्छ । समयमै खर्च लेखाँकन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३०. **लेखापरीक्षण समिति -** आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण हिस्सा रहेको लेखापरीक्षण समितिको बैठक २०७३।७४ मा एकपटक मात्र बसेको, लेखापरीक्षण समितिमा तीन सदस्यमध्ये दुई जनामात्र रहेको छ । आन्तरिक लेखापरीक्षण जोखिममा आधारित नभएको, सम्पूर्ण कार्यालयको लेखापरीक्षण हुने नगरेको, लेखापरीक्षणको प्रतिवेदन निश्चित ढाँचामा नभएको र यी कार्यमा लेखापरीक्षण समितिबाट अनुगमन समेत नगरेकोले लेखापरीक्षण समिति प्रभावकारी देखिएन ।

३१. **सम्पत्ति कर -** नेपाल विद्युत प्राधिकरणले २०६६।६७ देखि सम्पत्ति करको व्यवस्था गरेको छैन । साथै २०६५।६६ भन्दा अगाडि लेखाङ्कन गरेको सम्पत्ति कर दायित्व रु.४ करोड ६८ लाख १० हजारको भुक्तानी गरेको छैन । यस वर्ष प्राधिकरणले सम्पत्ति करबापत रु.२ लाख भुक्तानी गरेको छ । प्रत्येक कार्यालयले सम्पत्ति कर दायित्वको हिसाबबापत व्यवस्था नगरेबाट नेपाल विद्युत प्राधिकरणले तिर्नुपर्ने सम्पत्ति कर यकिन छैन ।

३२. **आयकर र मूल्य अभिवृद्धि कर -** आयकर ऐन, २०५८ बमोजिम नेपाल विद्युत प्राधिकरणले आय विवरण आर्थिक वर्ष समाप्त भएको आश्विन मसान्तमा बुझाउन सकेको छैन । २०७३।७४को आय विवरण ढिला

बुझाएबापत चैत्रमसान्तसम्मको जरिबाना रु.२ करोड ५९ लाख पुगेको र सोको लेखाङ्कनसमेत भएको छैन । नेपाल विद्युत प्राधिकरण मूल्य अभिवृद्धि करमा दर्ता भएको छैन । प्राधिकरणले मूल्य अभिवृद्धि कर लाग्ने कारोबार पोल, भाडा, मिटर बिक्री आदि गरेको पाइन्छ । मासिक मूल्य अभिवृद्धि कर विवरणसमेत पेस नगरेकोले २०७३।७४ मा आयकर र मूल्य अभिवृद्धि करको जरिबाना, शुल्कमात्र रु.१४ करोड ९१ लाख भुक्तानी गरेको देखिन्छ । यसरी समयमा कर नतिरी अनावश्यक थप व्ययभार पारेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३३. **पावर ट्रेडिङको नोक्सानी -** आठौँ इन्डो-नेपाल पावर एक्सचेन्ज कमिटी बैठकमा नेपालले ७० मिलियन युनिट विद्युत नि:शुल्क पाउने तथा चाहिएको विद्युत पावर ट्रेडिङ कम्पनीको माध्यमबाट खरिद गर्न सक्ने समझदारी भएकोमा २०७२।७३ मा २०२.२७ मिलियन युनिट विद्युत आयात भएकोमा ५२.६४ मिलियन युनिट मात्र नि:शुल्क प्राप्त गरी १४९.६३ मिलियन युनिटको भुक्तानी गरेको छ । १७.३६ मिलियन युनिट घटी प्राप्त भएकोले सोको मूल्य नेपाल सरकारलाई रु.८ करोड २४ लाख १० हजार तथा प्राधिकरणलाई रु.१ करोड ३३ लाख ८० हजार नोक्सानी भएको छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

३४. **बीमा खर्च मिनाहा -** प्रसारण निर्देशनालयअन्तर्गत एक निर्माण व्यवसायीसँग भएको ठेक्का संझौताअनुसार निर्माण व्यवसायीले बीमा गरेको पाइएन । सोही सम्झौताअन्तर्गत आपूर्ति, वितरण, बन्जीदेवीलिपि हुँदै लामोसाँधु बाह्रबीसेसम्म जडान प्रसारण लाइनको बीमा मिनाहा गरेकोले भूकम्पले भएको क्षतिबापतको रु.४ करोड ७ लाख २३ हजार निर्माण व्यवसायीलाई भुक्तानी गरेको पाइयो । निर्माण व्यवसायीले सम्झौताअनुसार बीमा नगरेको कारणले सो व्यवसायीलाई पुग्न गएको नोक्सानीको क्षतिपूर्ति प्राधिकरणबाट व्यहोरेको सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई ब्याजसमेत असुल उपर गर्नुपर्दछ ।

३५. **निर्माणाधीन सम्पत्ति -** प्राधिकरणको आर्थिक तथा प्रशासनिक विनियमावलीको विनियम ३६(६) बमोजिम व्यवस्थापनले निर्माणाधीन सम्पतिको भौतिक परीक्षण नगरेको, गत विगत वर्षदेखि निर्माणाधीन सम्पत्तिमा उल्लेख हुँदै आएको रु.३ अर्ब ९१ करोड ३६ लाख ३० हजार बराबरको १०० आयोजनामा कुनै थप कार्य गरेको देखिएन । कार्य सम्पन्न भइसकेका रु.७ करोड ५ लाख ५० हजार बराबरको विभिन्न आयोजनाको सम्पत्ति पुँजीकरण गरेको पाइएन । निर्माणाधीन सम्पत्तिमा ऋणात्मक मौज्दात रु.१० करोड ४० लाख ४ हजार देखिनुका साथै रु.३० करोड ४५ लाख ४० हजार बराबरको निर्माणाधीन सम्पत्तिको विवरण लेखापरीक्षणमा उपलब्ध भएन । निर्माणाधीन सम्पत्तिको हिसाब स्पष्ट गरी संरक्षण गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३६. **महसुल बक्यौता -** विद्युत महसुल बक्यौता गत वर्षको तुलनामा २०७२।७३ मा १२.३७ प्रतिशतले वृद्धि भई रु.११ अर्ब १८ करोड ६८ लाख ४० हजार पुगेको छ । यसबाहेक लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५६ करोड ७० लाखलाई यो वर्ष जिम्मेवारीमात्र सारेको पाइयो । रकम उठाउन कुनै प्रयास गरेको पाइएन । महसुल बक्यौताअर्न्तगत अस्थायी जडानबापत रु.९२ लाख १० हजार, आन्तरिक खपतबापत रु.५० लाख ३० हजार र सडक बत्तीबापत रु.३ अर्ब १५ करोड १ लाख ९० हजार रहेको छ । कालोसूचीमा परेका ग्राहकबाट असुल हुनुपर्ने रु.६७ करोड ७६ लाख ८० हजारको विवरण उपलब्ध भएन । विभिन्न शाखाले कालोसूचीमा राखेका ग्राहकको बाँकी बक्यौता रकम छुट्टै खुलाई लेखाङ्कन गरेको पाइएन ।

३७. **नगद तथा बैङ्क -** प्राधिकरणको आर्थिक विनियमावली, २०६८ अनुरुप सबै बैङ्क हिसाबको मासिकरुपमा हिसाब मिलान विवरण तयार गरेको पाइएन । २०७२।७३ सम्म लामो समयदेखि जिम्मेवारी सार्दै आइरहेको प्रतीतपत्र मार्जिन रु.५ करोड १७ लाख तथा भुक्तानी हुन बाँकी म्याद नाघेका चेक रु.४ लाख ३० हजार अविलम्ब आम्दानी बाँध्नुपर्दछ । मार्गस्थ नगद मौज्दातमा रहेको मध्ये रु.१ करोड ६५ लाख ८० हजार २०६८।६९ भन्दा अघिबाट जिम्मेवारी सार्दै आइरहेको छ । सो नगदको यकिन गर्न नसकेकोले उक्त नगद हिसाब बुझाउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ । प्राधिकरणले नपुग नगद मौज्दातको लागि रु.३ करोड ५३ लाख ९० हजार बराबरको व्यवस्था गरेको पाइयो । रकम हिनामिना गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखियो ।

३८. **सम्भावित दायित्व -** चमेलिया, कुलेखानी तेस्रो र सिनो जलविद्युत आयोजनाको लागि रु.१ अर्ब ८ करोड ५६ लाख सम्भावित दायित्व देखाएको छ । तर प्राधिकरणले हालसम्म अदालतमा विचाराधीन रहेका १२७ मुद्दाको

अवस्था र पर्न सक्ने सम्भावित असरबारे स्पष्ट खुलासा गरेको छैन । यसर्थ थप सम्भावित दायित्व यकिन गर्न सकिएन ।

३९. **विद्युत चुहावट तथा लोडसेडिङ्ग -** प्राधिकरणवाट प्राप्त विवरणअनुसार २०७२।७३ र २०७३।७४ को विद्युत उपलब्धता र वितरण स्थिति निम्नानुसार छ:

आर्थिक वर्ष	उपलब्ध (गिगावाट आवर)			वितरण (गिगावाट आवर)			चुहावट प्रतिशत
	उत्पादन	खरिद	जम्मा	आन्तरिक खपत	विक्री	चुहावट	
२०७१।७२	२,३६७	२,६३९	५,००६	३९	३,७४४	१,२२३	२४.४४
२०७२।७३	२,१३३	२,९४४	५,०७७	४९	३,७१९	१,३०९	२५.७८
बृद्धि प्रतिशत	(९.८८)	११.५६	१.४२	२५.६४	(०.६६)	७.०३	१.३४
२०७२।७३	२,१३३	२,९४४	५,०७७	४९	३,७१९	१,३०९	२५.७८
२०७३।७४	२,३०६	३,९५२	६,२५८	४८	४,७७७	१,४३३	२२.९०
बृद्धि प्रतिशत	८.११	३४.२४	२३.२६	(२.०४)	२८.४४	९.४७	(२.८८)

प्राधिकरणको २०७२।७३ को विद्युत चुहावट विगत वर्षभन्दा १.३४ प्रतिशतले वृद्धि भई २५.७८ पुगेकोमा २०७३।७४ मा २.८८ प्रतिशतले सुधार भई २२.९० प्रतिशत रहेको छ । विद्युत चुहावट २०७१।७२ मा रु.९ अर्ब ९८ करोड ३० लाख बराबर रहेकोमा २०७२।७३ मा रु.११ अर्ब २७ करोड ५ लाख र २०७३।७४ मा रु.१४ अर्ब १८ करोड ६७ लाख बराबर रहेको हुँदा व्यवस्थापकीय पक्षमा सुधार गरी नियन्त्रण गर्नुपर्दछ ।

विगतमा दैनिक १६ घण्टासम्म लोडसेडिङ्ग हुँदै आएकोमा काठमाण्डौं उपत्यकाभित्र २०७३।७।१४ देखि, पोखरा उपत्यकामा २०७३।९।१५ देखि र भरतपुरमा २०७३।१०।१९ देखि लोडसेडिङ्ग अन्त्य भएको देखिन्छ । २०७४ जेष्ठ दोश्रो हप्तादेखि नेपालभर गार्हस्थ्य बर्गमा लोडसेडिङ्ग नभएको र औद्योगिक ग्राहकको हकमा साँझ ३ घण्टामात्र लोडसेडिङ्ग हुँदै आएको छ । २०७१।७२ को तुलनामा २०७२।७३ र २०७३।७४ मा समेत विद्युत उत्पादनमा वृद्धि नभई घटेको देखिन्छ । सो अवस्थामा व्यवस्थापकीय कुशलताले वितरण प्रणालीमा सुधार गरेको तथा चुहावटमा समेत नियन्त्रण गरेवाट लोडसेडिङ्गको अन्त्य भएको देखिन्छ । गत विगतमा विद्यमान क्षमताबाट बिद्युत वितरण गर्दा लोडसेडिङ्ग हुन गएको सम्वन्धमा अध्ययन गरिनुपर्छ ।

- **अनुगमन -** विगतका प्रतिवेदनमा ६६ जिल्ला विकास समितिलाई प्रदान गरेको सशर्त अनुदान रु.५९ करोड ५१ लाख ८४ हजार विद्युत क्षेत्रको विकास, उत्पादन, वितरण र विस्तारमा खर्च गरे नगरेको सम्बन्धमा अनुगमन नगरेको, सोको प्रगति तथा उपलब्धि विवरण उपलब्ध नभएको, सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाको भारत सरकारको स्रोत सोझै भुक्तानीतर्फ खर्च भएको रु.१ करोड ४८ लाख १७ हजारको लेखापरीक्षण प्रतिवेदन पेस नभएको, विद्युत विकास विभागको भवन निर्माणको लागि शुरु म्याद समाप्त भएको ४ वर्ष व्यतीत भइसक्दा पनि भवन निर्माण सम्पन्न नभएको साथै मूल्य समायोजनबापत भुक्तानी भएको लगायतका व्यहोरा औँल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत ८ निकायमा यो वर्ष रु.९४ करोड ३१ लाख ७२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१४ करोड ८ लाख ६५ हजार फछ्यौंट गरेकोले रु.८० करोड २३ लाख ७ हजार बाँकी रहेको छ । सोमध्ये रु.६७ करोड ५० लाख ४३ हजार पेश्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

कृषि विकास मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा कृषिसम्बन्धी नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, खाद्यान्न, नगदेबाली, औद्योगिक बाली, तरकारी र फलफूल खेतीको विकास तथा प्रवर्द्धन गर्ने, कृषि रसायन तथा माटोसम्बन्धी अनुसन्धान र प्रविधि विस्तार गर्ने, कृषि प्रचार प्रसार तथा युवा कृषक कार्यक्रम, कृषि इन्जिनियरिङ र उन्नत कृषि औजारको अनुसन्धान विकास तथा विस्तार गर्ने लगायतका कार्य रहेका छन् । यो वर्ष प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, सुपरजोन र जोन कार्यालय ३८ थपसमेत मन्त्रालय र अन्तर्गतका २५५ कार्यालयबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१८ अर्ब ३० करोड ४५ लाख ८६ हजार, राजस्व रु.५ करोड ५१ लाख ७० हजार, धरौटी रु.१८ करोड ३१ लाख ३५ हजारसमेत रु.१८ अर्ब ५४ करोड २८ लाख ९१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । संगठित संस्था, समिति र अन्य संस्थासमेत ९ निकायको रु.८ अर्ब ३८ करोड २४ लाख १३ हजारको लेखापरीक्षण गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लक्ष्य प्रगति -** बजेट वक्तव्य २०७३।७४ मा उल्लिखित कार्यक्रममध्ये निम्न कार्यक्रममा तोकिएको प्रगति हासिल भएको छैन ।

सि.नं.	कार्यक्रम	कार्यान्वयन अवस्था
१.	कृषि उत्पादनमा आत्मनिर्भर अन्तर्गत यो वर्ष गहुँ र तरकारीमा आत्मनिर्भर हुने,	गहुँमा आत्मनिर्भर भए तापनि तरकारीमा आत्मनिर्भर नभएको
२.	कृषि उद्यमीका लागि प्राविधिक शिक्षालय स्थापना गर्ने,	शिक्षालय स्थापना नगरेको
३.	माटो परीक्षण गरी उर्वराशक्ति र सो माटोमा खेति गर्न उपयुक्त बालीको विवरणसहितको माटो परीक्षण कार्ड कृषकलाई उपलब्ध गराउने,	माटो परीक्षण कार्ड वितरण नभएको
४.	बीउ परीक्षण, बाली संरक्षण र खाद्य प्रविधि तथा गुण नियन्त्रणसम्बन्धी १५ मोवाइल प्रयोगशालाबाट निःशुल्क सेवा उपलब्ध गराउने,	१ खाद्यपरीक्षण मोवाइल भ्यान र २ माटो परीक्षण भ्यानमार्फत प्रयोगशाला सेवा उपलब्ध भएको
५.	कृषि कर्जा सरल र सुलभ बनाउने, कृषि बाली धितो राखी ऋण लिन सकिने व्यवस्था मिलाउने,	लक्ष्यअनुसार नभएको
६.	मुख्य बाली धान, गहुँ, मकै र उखुको न्यूनतम समर्थन मुल्य बाली लगाउनु पूर्व नै तोकिने,	धान र उखुको समर्थन मूल्य तोकेको जनाएको
७.	सरकारी र सहकारी क्षेत्रको साझेदारीमा रेशम खेति विस्तारको लागि पहिलो चरणमा १५ जिल्लाका पाँच हजार हेक्टरमा किम्बुका विरुवाहरु रोपिने,	२ जिल्लाको ३० हेक्टरमा किम्बु क्षेत्र विस्तार भएको, विरुवा रोप्ने काम नभएको
८.	बाँके, बर्दिया, दाङ लगायतका जिल्लामा कपास र पाँचथर, तेह्रथुम, गुल्मी लगायतका जिल्लामा रेशम खेती विकास तथा प्रशोधनका लागि विस्तृत गुरुयोजना तयार गरिने	गुरुयोजना तयार भएको जनाएको
९.	१६ जिल्लामा ७५ हजार जैतुनको विरुवा वितरण गरिने	१७ हजार बिरुवा वितरण भएको
१०.	रासायनिक र प्रांगारिक मल काराखाना स्थापना गर्ने,	रासायनिक मलको सम्भाव्यता अध्ययन भएको र प्रांगारिक मलको ६ कारखाना स्थापना भएको जनाएको
११.	१५० ब्लकमा कृषि यन्त्र, उपकरण र औजार खरिदमा ५० प्रतिशत पुँजीगत अनुदान र कृषि उपज संकलन, हाट बजार केन्द्र, प्रशोधन केन्द्र, गोदाम घर र तालिम केन्द्र निर्माणमा ८५ प्रतिशत अनुदान दिने,	१२२ ब्लकमा कृषि यन्त्र, उपकरण र औजार खरिदमा ५० प्रतिशत अनुदान दिएको र १३८ ब्लकमा पोष्ट हार्भेष्ट सेन्टर स्थापनाको लागि ८५ प्रतिशत अनुदान दिएको
१२.	परियोजनाको कार्यान्वयनबाट कुल गार्हस्थ्य उत्पादनमा रु.३० अर्ब थप हुने,	योगदानको तथ्याङ्क लिई विश्लेषण गरेको नपाइएको
१३.	सिँचाइका लागि कुलो र नहर निर्माण गर्ने,	कुलो र नहर निर्माण नभएको
१४.	सुपरजोन, जोन, ब्लक र पकेटमा बीउ बेर्ना, बिरुवा, माछाको भूराको मुल स्रोत केन्द्र स्थापना र आधुनिक प्रशोधन केन्द्र, कृषि औजार कारखाना, ठूला शीत भण्डार, गोदाम घर र ठूला कृषि बजारको निर्माण	बारा सुपरजोनमा मत्स्य ह्याचरी निर्माण, जुम्ला सुपरजोनमा फलफूल विरुवा उत्पादन नर्सरी स्थापना भएको, आधुनिक प्रशोधन केन्द्र, कृषि

	गर्न ५० प्रतिशत अनुदान दिने,	औजार कारखाना, ठूला शीत भण्डार, गोदाम घर र ठूला कृषि बजारको स्थापना नभएको
१५.	कृषि तथा पशुपन्छी बीमाको प्रिमियममा ७५ प्रतिशत अनुदान दिइने,	१७ बीमा कम्पनीलाई ३ करोड १० लाख ७० हजार मात्र बीमा प्रिमियम अनुदान दिएको
१६.	केरा, आलु जस्ता बालीको टिस्यु कल्चर प्रयोगशालाका लागि ५० प्रतिशत अनुदान दिने,	आलुको लागि ५ मध्ये ३ र केरामा २ टिस्यु कल्चर प्रयोगशाला स्थापना भएको जनाएको
१७.	तोकिएभन्दा बढी उत्पादन गर्ने कृषकलाई प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रदान गर्ने,	लक्ष्यअनुसार प्रोत्साहन अनुदान वितरण नभएको
१८.	हुलाकी, पुष्पलाल राजमार्ग आसपास र अन्य सम्भावित खाली क्षेत्रमा फलफूल जंगलको विकास गरिने,	५० जिल्लामा ७५ नर्सरी र २ टिस्यु कल्चर प्रयोगशाला स्थापना र १२ जैतुनको नर्सरी स्थापना भएको र ६६ हेक्टर क्षेत्रफलमा फलफूल जंगल विस्तार भएको
१९.	किसानहरुका लागि सामाजिक सुरक्षा कोष स्थापनाको सम्भाव्यता अध्ययन गरिने,	सम्भाव्यता अध्ययन नभएको

बजेट वक्तव्यमा पहिलो वर्ष गहुँ, दुई वर्षभित्र धान र आलु तथा १० वर्षभित्र अधिकांश खाद्यान्नमा आत्मनिर्भर हुने उल्लेख छ । तर प्रगति अवस्था हेर्दा मन्त्रालयको योजना वास्तविकतामा आधारित नभई सतही र अति महत्वाकाङ्क्षी रहेको देखिन्छ ।

प्राप्त विवरणअनुसार मन्त्रालयले कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३१.१ प्रतिशत हुने लक्ष्य राखेकोमा २७.३७ प्रतिशतमात्र प्रगति भएको छ । तोकिएको लक्ष्यअनुसार प्रगति गर्नुपर्दछ ।

२. **संगठन संरचना -** मन्त्रालय र अन्तर्गतका विभाग २, क्षेत्रीय कार्यालय ३३, आयोजना १३, निर्देशनालय ४, जिल्ला कार्यालय ७५, जोन कार्यालय ३७, प्रयोगशाला १८ र अन्य विकास केन्द्र र शाखा ७२ समेत २५५ कार्यालयबाट कार्य सम्पादन हुँदै आएको छ । एकै निकायबाट सम्पादन हुन सक्ने कार्यसमेत निकाय थप गरी कार्य सम्पादन हुँदा प्रशासनिक खर्चमा बढोत्तरी हुने देखिएकोले मन्त्रालयको संगठन संरचनालाई पुनरावलोकन गरी छरितो बनाइनुपर्दछ ।

३. **अनुदान वितरण -** मन्त्रालयले यो वर्ष एक जिल्ला एक उत्पादन, एक गाउँ एक उत्पादन, पुष्प व्यवसाय प्रवर्द्धन, रासायनिक मल खरिद, फलफूल बीउ बिजन, मत्स्य विकास, बाली संरक्षण, बाली विकास, कृषि प्रसार, कृषि तथा खाद्य सुरक्षा, तरकारी खेती, पोखरी निर्माण, कृषि औजारलगायतका क्रियाकलाप सञ्चालन गर्न २९ आयोजनाको लागि रु.१३ अर्ब ९४ करोड ८० लाख बजेट व्यवस्था गरेकोमा रु.१० अर्ब ७८ करोड २६ लाख खर्च गरेको छ ।

३.१. अनुदान उपलब्ध गराउन विनियोजन भएको मध्ये रु.३ अर्ब १६ करोड ५३ लाख खर्च भएको देखिएन । साथै रु.५६ लाख ५० हजार बजेट व्यवस्था भएका खाद्यपोषण प्रविधि, किसानका लागि उन्नत बीउ, कृषि, सूचना, संचार र रानीजमरा कुलरिया सिँचाइसमेत ४ कार्यक्रम सञ्चालन भएको छैन । तोकिएको लक्ष्य हासिल गर्न कार्यक्रम कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

मन्त्रालयले विगत ५ वर्षमा कृषि क्षेत्रको उत्पादन वृद्धि गर्ने लक्ष्य राखी देहायअनुसार अनुदान वितरण गरेकोमा उत्पादनको अवस्था निम्नानुसार रहेको छ:

आर्थिक वर्ष	अनुदान रु.करोडमा	खाद्यान्न उत्पादन (मे.टन हजारमा)		तरकारी उत्पादन (मे.टन हजारमा)		फलफूल उत्पादन (मे.टन हजारमा)	
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
२०६९/७०	४८९	८५८०	८७३८	३३०१	३४२१	९३९	९३९
२०७०/७१	८९९	९९६८	९५६३	३४७२	३५८९	९४०	९७९
२०७१/७२	१०७१	१०२१०	९२६६	३६००	३६२९	११८०	९९२
२०७२/७३	१००४	१०८८१	८६१४	३६५६	३६४३	१२६०	१०९७
२०७३/७४	१०७८	९३२५	९३४५	३७००	४१२५	१२११	९७५

उत्पादन वृद्धिकै लागि अनुदान वितरण गरिने हुँदा अनुदान र उत्पादनबीच सह-सम्बन्ध हुनुपर्दछ ।

३.२. अनुदान र उत्पादनको तुलना गर्दा २०७०।७१ मा अनुदान ८३.३८ प्रतिशत वृद्धि भएकोमा खाद्यान्न, तरकारी र फलफूल उत्पादनमा क्रमश: ९.४४, ४.९१ र ४.२५ प्रतिशत वृद्धि भएको र २०७१।७२ मा अनुदानमा १९.१३

प्रतिशत वृद्धि भएकोमा खाद्यान्न उत्पादनमा ३.१० प्रतिशतले घटी भएको छ । यसैगरी तरकारी र फलफूलमा क्रमशः १.१५ र १.३२ प्रतिशत वृद्धि भएको छ । त्यसैगरी २०७२।७३ मा अनुदानमा ६.५३ प्रतिशत घटी भएकोमा खाद्यान्न उत्पादनमा ७.०३ प्रतिशत घटी र तरकारी र फलफूलमा क्रमशः ०.३८ र १०.५८ प्रतिशत वृद्धि भएको छ । २०७३।७४ मा ७.३७ प्रतिशत अनुदान वृद्धि भएकोमा क्रमशः खाद्यान्नमा ८.४८ र तरकारीमा १३.२३ प्रतिशत वृद्धि भएको छ भने फलफूलमा ११.१२ प्रतिशत घटी उत्पादन भएको छ । कृषि उत्पादन र उत्पादकत्वमा धेरै तत्वहरुले प्रभाव पार्ने भए तापनि अनुदान वृद्धिको अनुपातमा उत्पादनमा अपेक्षित वृद्धि हुन सकेको छैन । अनुदानलाई उत्पादन र उत्पादकत्वसँग आबद्ध गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

३.३. वितरित अनुदानमध्ये मन्त्रालयबाट यो वर्ष ८ संस्था तथा निकायलाई रु.५ अर्ब १९ करोड ९६ लाख अनुदान उपलब्ध गराएको छ । जसमध्ये रासायनिक र अन्य मल खरिदको लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई रु.३ अर्ब ३२ करोड ७ लाख र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलाई रु.१ अर्ब ४२ करोड ३२ लाखसमेत रु.४ अर्ब ७४ करोड ३९ लाख (९१.२३ प्रतिशत) अनुदान दिएको छ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः बजेट वक्तव्यमा तोकिएका कार्यक्रममा न्यून प्रगति, अनुदान वितरण, एक जिल्ला एक उत्पादन कार्यक्रमको अनुदानको प्रभावकारिता, आयोजना सञ्चालनको प्रगति, खरिद सामानको उपयोग, आधारबेगर पेस्की, सार्वजनिक खरिद, कर कट्टी, विद्यार्थी छनौट, छात्रवृत्ति भुक्तानी, संगठन संरचना, बढी भुक्तानी, मापदण्डबेगर व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) स्थापना लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४. **बढी अनुदान -** यो वर्ष साल्ट ट्रेडिङ कर्पोरेसनलाई रु.१ अर्ब ४२ करोड ३१ लाख ७० हजार रासायनिक मल खरिदको लागि दिएको अनुदान वितरण फरफारक समितिको प्रतिवेदनमा ८२ हजार ३६९.४० मे.टन रासायनिक मल (युरिया, डि.ए.पी. र पोटास) खरिदको लागत रु.३ अर्ब २१ करोड ५९ हजारमा नेपाल सरकारले तोकेको दरबाट बिक्री हुँदा प्राप्त हुने रु.२ अर्ब ६ करोड ४४ लाख ४७ हजार घटाउँदा रु.१ अर्ब १४ करोड ५६ लाख १२ हजार अनुदान उपलब्ध गराउने उल्लेख छ । उक्त रकममा मन्त्रालयको २०७३।८।१७ को निर्णयअनुसार तत्काल मौज्दातमा रहेको मलको बिक्री मूल्यमा फरक पर्न गएको रु.३ करोड ८१ लाख ९५ हजार र २०७३।१।२१ को पत्रानुसार २०७३।७४ मा आयात हुने परिमाण एवं बजेटको कोटामा कट्टा हुने गरी २०७२।७३ को धान एवं वर्षे बालीको लागि डि.ए.पी. मलको आपूर्ति सहज तुल्याउन दिएको निर्देशानुसार १९ हजार ९३९.२० मे.टन डि.ए.पी. मल आयात भएको रु.६ करोड १५ लाख ८० हजारसमेत रु.१ अर्ब २४ करोड ५३ लाख ८७ हजार अनुदान दिनुपर्नेमा रु.१७ करोड ७७ लाख ८३ हजार बढी अनुदान दिएकोले असुल गरी संचितकोष दाखिला हुनुपर्दछ ।

५. **सञ्चालन खर्च -** यो वर्ष कृषि सामग्री कम्पनीलाई रासायनिक मल (युरिया, डि.ए.पी. र पोटास) खरिदमा ३ अर्ब ३२ करोड ७ लाख ३० हजार अनुदान दिएकोमा मलको प्रति इकाई दरबाट हुने खरिदको लागतमा रु.३५ करोड ९१ लाख ९३ हजार सञ्चालन खर्च समावेश गरेको छ । कम्पनीले कर्मचारीको तलव, भत्ता, उपदान, सञ्चयकोष, इन्धन, मर्मतलगायतमा यो वर्ष रु.३७ करोड २० लाख ३४ हजार खर्च गरेको मध्ये ९६.५५ प्रतिशतले हुने रकम मल खरिदको लागतमा समावेश भएकोले खरिद लागत वस्तुपरक देखिँदैन । यसैगरी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले यो वर्ष रु.१ अर्ब ४२ करोड ३१ लाख ७० हजार रासायनिक मल खरिदको अनुदान प्राप्त गरेकोमा सञ्चालन खर्चमा प्रतिइकाई मलको दरबाट रु.१३ करोड १७ लाख ९६ हजार खरिदको लागतमा समावेश गरी अनुदान कायम गरेको छ ।

मन्त्रालयले रासायनिक मल खरिदमा लाग्ने सञ्चालन खर्चको विश्लेषण नगरी उल्लिखित रकम लागतमा समावेश गरी अनुदान दिने कार्यले नेपाल सरकारलाई बढी आर्थिक व्ययभार पर्ने देखिएको छ । सञ्चालन खर्चमा दिइने अनुदानको स्पष्ट आधार तय गरी यस्तो खर्चलाई वस्तुपरक बनाउनुपर्दछ ।

६. **उन्नत बीउ खरिदमा अनुदान -** कृषकहरुलाई उन्नत बीउ खरिदको लागि संस्था/समितिलाई अनुदानबापत ९ हजार मेट्रिकटनको लागि रु.२२ करोड ६४ लाख ४० हजार बजेट विनियोजन भएकोमा उच्चस्तरीय बीउ बिजन आपूर्ति तथा वितरण समितिको निर्णयानुसार राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडलाई रु.२१ करोड १६ लाख १७ हजार अनुदान दिएको देखियो । समितिको निर्णयानुसार गहुँको उन्नत बीउमा रु.१४ करोड ८४ लाख ८८ हजार तथा धान र मकैको उन्नत बीउमा रु.६ करोड ३१ लाख २९ हजार समेत रु.२१ करोड १६ लाख १७ हजार अनुदान दिएकोमा निर्णयमा उल्लेख भएबमोजिम बीउ खरिद, ढुवानी तथा वितरण गरेको प्रमाण तथा कम्पनीको

२०७३।७४ को वित्तीय विवरण, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदनसमेत लिई मन्त्रालयबाट अध्ययन अनुगमन गरी अनुदानको फरफारक गरेको छैन । अनुदान उपयोग सुनिश्चित गरी समितिको निर्णयानुसार हिसाब फरफारक गर्नुपर्दछ ।

७. **पुष्प व्यवसाय अनुदान -** सरकारी तथा निजी क्षेत्रको साझेदारीमा पुष्प व्यवसायको विकास विस्तार तथा प्रवर्द्धन, पुष्प उद्योग स्थापना, सञ्चालन एवं बजारीकरण तथा निर्यात प्रवर्द्धन गर्नको लागि पुष्प व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालनअन्तर्गत सयपत्री फूल खेती, पोर्टेबल कोल्डरुम स्थापना, चिल्लर वितरण, साना मझौला नर्सरी ग्रिनहाउस निर्माण, ग्रिनहाउस जी.आई. च्याक, पुष्पको प्रवर्द्धनात्मक कार्यक्रम, मेला, प्रदर्शनी, प्रचारप्रसार आदि कार्यका लागि ५७ पुष्प व्यवसायी तथा नर्सरी फर्महरुमार्फत कार्य सञ्चालन गर्ने गरी फ्लोरिकल्चर एसोसिएसन नेपाललाई रु.४ करोड ४४ लाख ३९ हजार अनुदान दिएको छ । अनुदान दिने नीतिमा ३५ प्रतिशत एसोसियसनले र ६५ प्रतिशत मन्त्रालयले व्यहोर्ने व्यवस्था छ । एसोसियसनको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६ करोड ५६ लाख ५० हजार खर्चमध्ये ६५ प्रतिशतले रु.४ करोड २६ लाख ७३ हजार अनुदान दिनुपर्नेमा रु.४ करोड ४४ लाख ३९ हजार निकासा दिएकोले बढी निकासा दिएको रु.१७ लाख ६६ हजार असुल गर्नुपर्दछ । मन्त्रालयले पुष्प व्यवसायी छनौट गर्ने आधार तय नगरी अनुदान दिएकोले सबै योग्य पुष्प व्यवसायीले अनुदान लिन सक्ने स्थिति देखिएको छैन । छनौटको आधार तय गरेर मात्र अनुदान खर्च लेख्नुपर्दछ ।

८. **एक जिल्ला एक उत्पादन -** एक जिल्ला एक उत्पादन कार्यक्रमअन्तर्गत सार्वजनिक-सहकारी-निजी साझेदारीमा कृषि क्षेत्रको व्यवसायीकरण, उद्योग स्थापना, सञ्चालन र बजारीकरणका कार्यक्रम सञ्चालन गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सिर्जना गर्दै गरीबी निवारण गर्ने उद्देश्यले २०६९।७० देखि कृषि विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ (कृषि उद्यम केन्द्र) तथा राष्ट्रिय सहकारी संघसँगको सहकार्यमा १६ जिल्लामा "एक जिल्ला एक उत्पादन" कार्यक्रम सञ्चालन हुँदै आएको छ । यस कार्यक्रममा यो वर्ष २ सहकारी संस्था, १ उद्यम केन्द्रलाई रु.६ करोड ८ लाख ४१ हजार अनुदान दिएको छ ।

८.१. कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० मा जिल्लाका मौलिक पहिचान भएका वस्तुको उत्पादन, प्रवर्द्धन तथा मूल्य अभिवृद्धि गर्ने, नमूना उद्योग स्थापना, सञ्चालन र बजारीकरण गरी क्रमशः सफलताका आधारमा अन्य जिल्लामा समेत एक जिल्ला एक उत्पादन कार्यक्रम विस्तार गर्दै लैजाने लक्ष्य राखी २०६९।७० बाट शुरु भएका ५ उद्योगका लागि २०७३/७४ मा रु.३ करोड ५३ लाख बजेट व्यवस्था गरेकोमा उत्पादन शुरु नै नभएको, प्रगति प्रतिवेदन प्राप्त नभएको, न्यून प्रगति भएको, आफ्ना कार्यमा संस्था गम्भीर नभएको, गैह्र सरकारी संस्थाबाट समेत लगानी भएकोले दोहोरो लगानी भएको तथा अघिल्लो आर्थिक वर्षमा दिएको रकम उपयोग नगरेको जस्ता कारण उल्लेख गरी मन्त्रालयले निकासा नदिने निर्णय गरेको पाइयो । धादिङ, ओखलढुङ्गा, रौतहट, स्याङ्जा र बारा जिल्लामा कृषि उद्यम केन्द्रबाट टमाटर, सस र ताजा तरकारीका लागि शीत भण्डार, चिराइतो ड्राइङ, माछाको दाना उत्पादन, अदुवा प्रशोधन र डेरी उद्योग स्थापनाका लागि २०६९।७० देखि गत आर्थिक वर्षसम्म रु.८ करोड ३६ लाख ५० हजार अनुदान उपलब्ध गराएकोमा तोकिएको कार्य सम्पादन नहुँदा नेपाल सरकारको लगानी खेर गएको छ । सम्भाव्यता अध्ययन र प्रतिफललाई ध्यानमा राखी योजना छनौट नगरेकोले उद्योग स्थापना भएको देखिएन । मन्त्रालयबाट आयोजना छनौटमा ध्यान दिनुपर्दछ ।

८.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को दफा २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले चौमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष थप १२ जिल्ला (संखुवासभा, सोलुखुम्बु, बर्दिया, दोलखा, चितवन, मकवानपुर, नवलपरासी, लमजुङ, दाङ, खोटाङ, सुनसरी र रुपन्देही) मा एक जिल्ला एक उत्पादन कार्यक्रमअन्तर्गत कृषि उद्यम सञ्चालनका लागि रु.६ करोड ४० लाख बजेट व्यवस्था गरेकोमा उक्त आयोजनाले विभिन्न भौतिक व्यवस्थापनको लागि बोलपत्र आह्वान गरी आपूर्तिकर्ता छनौट गरे तापनि काम शुरु गरेको पाइएन । पर्याप्त सम्भाव्यता अध्ययन गरी योजना सञ्चालन गर्नुपर्दछ ।

८.३. "सार्वजनिक/निजी/सहकारी साझेदारीमा विभिन्न संस्थामार्फत सञ्चालित सशर्त अनुदानका कार्यक्रमको निकासा सम्बन्धमा पूरा गर्नुपर्ने शर्तसहितको मापदण्ड, २०७४" को बुँदा नम्बर ३ मा विनियोजन बजेटको ५ प्रतिशत नबढाई प्रशासनिक खर्च व्यवस्थापन गर्नुपर्ने उल्लेख छ । कृषि उद्यम केन्द्रसँगको साझेदारीमा २०७३।७४ मा थप १२ जिल्लामा उद्योग स्थापनाका लागि बजेट विनियोजन भएकोमा सबै जिल्लामा कार्य प्रगति नभएकोले निकासा दिएको छैन । २०६९।७० बाट शुरु भएका झापा, प्युठान, कैलाली र नुवाकोटमा स्थापना भएका सुपारी, बीउ र

खाद्य प्रशोधन तथा दानाका ४ उद्योगका लागि रु.१ करोड ६२ लाख निकासा दिएकोमा प्रशासनिक/ व्यवस्थापन खर्चबापत कृषि उद्यम केन्द्रलाई रु.६८ लाख १० हजार निकासा दिएको छ । मापदण्डबमोजिम रु.१ करोड ६२ लाखको ५ प्रतिशतले रु.८ लाख १० हजारसम्म अनुदान निकासा दिनुपर्नेमा रु.६० लाख बढी निकासा गरेकोले उक्त रकम सम्बन्धित संस्थाबाट असुल गर्नुपर्दछ । निर्देशिकाको बुँदा नं. ११ मा आर्थिक वर्ष अन्त्य भएको ४ महिनाभित्र केन्द्रले कोषको लेखापरीक्षण गराउनुपर्ने र आर्थिक वर्षको अन्त्यसम्मको खर्च रकम फरफारक गर्नुपर्ने व्यवस्था भएकोमा साझेदारीबाट भएको खर्च देखिने प्रगति प्रतिवेदन, वित्तीय विवरण एवं लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी फरफारक गरेको छैन । खर्चको सदुपयोग सम्बन्धमा आश्वस्त हुने व्यवस्था मिलाउनुपर्दछ ।

९. **एक गाउँ एक उत्पादन** - कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७० को बुँदा नम्बर ४ मा एक गाउँ एक उत्पादन कार्यक्रममा निजी क्षेत्रको कम्तीमा २५ प्रतिशत लगानी भएको हुनुपर्ने र नेपाल सरकारको अनुदान प्राप्त गर्नु अगावै एक गाउँ एक उत्पादन कोषका लागि खोलिएको खातामा रकम जम्मा भएको हुनुपर्ने, बुँदा नं. ११ मा कोषको प्रत्येक आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र कृषि उद्यम केन्द्रले लेखापरीक्षण गराई आर्थिक वर्षको अन्त्यसम्म तोकिएको समितिबाट खर्चको फरफारक गर्नुपर्ने व्यवस्था छ ।

यो वर्ष ६८ जिल्लामा एक गाउँ एक उत्पादन कार्यक्रमका लागि कृषि उद्यम केन्द्रलाई रु.४ करोड ८८ लाख ७० हजार निकासा गरेकोमा कृषि उद्यम केन्द्रको तर्फबाट कम्तीमा २५ प्रतिशतले हुने रु.१ करोड २२ लाख १८ हजार कोषमा जम्मा भएको पाइएन । साथै उक्त रकमको लेखापरीक्षण नगराएको तथा कृषि उद्यम केन्द्रसँगको साझेदारी मार्फत सञ्चालित कार्यको खर्च विवरण पेस गरी फरफारकसमेत गरेको देखिएन । उल्लिखित कार्यक्रमबाट उत्पादनमा आएको अभिवृद्धिको तथ्याङ्क लिई विश्लेषण नगरी अनुदान दिएको छ । निर्देशिका विपरीत निकासा दिएको रकम फिर्ता हुनुपर्दछ ।

१०. **छात्रवृत्ति -** मन्त्रालय, कृषि तथा खाद्य सुरक्षा आयोजना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाले ८९ विद्यार्थीलाई उच्च शिक्षा अध्ययनको लागि कृषि तथा वन विज्ञान विश्वविद्यालय, टिकापुर पोलिक्लिनिक इन्स्टिच्युट, लहान प्राविधिक शिक्षालय र राप्ती प्राविधिक शिक्षालयलाई रु.२ करोड २७ लाख २० हजार उपलब्ध गराएको छ । विद्यार्थी छनौटको कार्य २०७४ माघ २५ को निर्णयानुसार गरे तापनि भर्नाबेगर खर्च लेखेको देखियो । तोकिएको कार्य सम्पादन नभई खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

११. **वैदेशिक सहायतामा सञ्चालित आयोजना -** देहायअनुसार दातृ निकायको अनुदान तथा ऋण सहयोगमा ७ आयोजनामा रु. २० अर्ब ८० करोड ३० लाख खर्च गर्ने सम्झौता भएकोमा हालसम्म रु.१५ अर्ब ६८ करोड ४३ लाख खर्च भएको छ ।

(रकम रु.लाखमा)

सि.नं.	आयोजनाको नाम	दातृ निकाय	आयोजना सञ्चालन भएका जिल्लाहरु	आयोजना शुरु वर्ष	आयोजना सम्पन्न वर्ष	सम्झौता रकम	खर्च	खर्च प्रतिशत
१.	व्यावसायिक कृषि तथा व्यापार आयोजना, काठमाडौं	विश्व बैङ्क	७५ जिल्ला	२०६६/६७	२०७४/७५	५५८००	३७४८८	६७.१८
२.	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना, काठमाडौं	विश्व बैङ्क	झापादेखि कैलाली सम्म २५ जिल्ला	२०७०/७१	२०७४/७५	५१५४	३९८४	७७.३०
३.	कृषि तथा खाद्य सुरक्षा आयोजना, काठमाडौं	विश्व बैङ्क	मध्यपश्चिम र सुदूर पश्चिमका १९ जिल्ला	२०७०/७१	२०७४/७५	४९३००	३७६०४	७६.२८
४.	एकीकृत जलस्रोत व्यवस्थापन आयोजना, ललितपुर	विश्व बैङ्क	मध्यपश्चिम र सुदूर पश्चिमका ४४ जिल्ला	२०७१/७२	२०७४/७५	६५१६	४५९५	७०.५२
५.	साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, नेपालगन्ज	ए.डी.बी.	मध्यपश्चिम र सुदूर पश्चिमका १० जिल्ला	२०६७/६८	२०७४/७५	२५९२०	२१२०४	८१.८१
६.	उच्च मूल्य कृषि वस्तु विकास आयोजना, सुर्खेत	आईफाड	मध्यपश्चिमका ७ जिल्ला	२०६८/६९	२०७३/७४	१३३८०	१२३९५	९२.६४
७.	किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम, बुटवल	आईफाड	मध्यपश्चिम र पश्चिमका ६ जिल्ला	२०६९/७०	२०७५/७६	४७७६०	२०१८३	४२.२६
					जम्मा	२०३८३०	१३७४५३	

उच्च मूल्य कृषि वस्तु विकास आयोजनाको अवधि यो वर्ष समाप्त भएको छ । यो वर्षसम्म आयोजनाले कुल सम्झौताको ९२.६४ प्रतिशत खर्च गरेको छ । जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाको ८० प्रतिशत योजना अवधि समाप्त भएको अवस्थामा सम्झौताको ७७.३० प्रतिशत खर्च गरेकोले आगामी एक वर्षभित्र सम्पूर्ण रकम खर्च गर्ने अवस्था छैन । किसानका लागि उन्नत बीउ बिजन कार्यक्रमको अवधि २ वर्ष बाँकी रहेको अवस्था छ । आयोजनाको अवधि ७१.४२ प्रतिशत समाप्त भइसक्दा ४२.२६ प्रतिशत खर्च गरेकोले तोकिएको

अवधिभित्र आयोजना सम्पन्न हुने अवस्था छैन । आयोजनाको कार्यक्षमता अभिवृद्धि गरी तोकिएको अवधिमा सम्पन्न गरिनुपर्दछ

१२. **परामर्श सेवा खर्च -** सञ्चालित आयोजनामध्ये निम्न ४ आयोजनाको कुल लागत रु.१८ अर्ब २९ करोड ८० लाख भएकोमा ती आयोजनाहरुले यो वर्ष रु.४ अर्ब २९ करोड ४७ लाख समेत रु.१३ अर्ब ५८ करोड ६९ लाख खर्च गरेको मध्ये परामर्श सेवामा मात्र रु.१ अर्ब ९१ करोड १३ लाख खर्च गरेको छ । परामर्श सेवामा निम्नानुसार ६.६७ देखि २१.८४ प्रतिशतससम्म खर्च गरेकोले परामर्श खर्चमा नियन्त्रण हुनुपर्दछ ।

(रकम रु.लाखमा)

आयोजनाको नाम	कुल लागत	यो वर्षको खर्च	हाल सम्मको खर्च	परामर्श सेवाको खर्च	खर्च मध्ये परामर्श सेवाको खर्च प्रतिशत
व्यावसायिक कृषि तथा व्यापार आयोजना, काठमाडौं	६००००	१९२३२	५६८७८	५४२२	९.५३
साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना, नेपालगन्ज	२५९२०	२३४९	२१२०४	४६३२	२१.८४
कृषि तथा खाद्य सुरक्षा आयोजना, काठमाडौं	४९३००	१४४०३	३७६०४	७७१३	२०.५१
किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम, बुटवल	४७७६०	६९६३	२०१८३	१३४६	६.६७
जम्मा	**१८२९८०**	**४२९४७**	**१३५८६९**	**१९११३**	**१४.६४**

व्यावसायिक कृषि तथा व्यापार आयोजना

कृषि क्षेत्रको व्यावसायीकरणमा केन्द्रित रही रणनैतिक उपायको अवलम्बन गरी कृषि उपजहरुको मूल्य श्रृंखलामा आवद्ध साना कृषक र कृषि व्यवसायको प्रतिस्पर्धात्मक क्षमतामा सुधार गर्नका लागि विश्व बैङ्कको आर्थिक सहयोगमा आयोजना सञ्चालनमा रहेको छ । नेपाल सरकार र विश्व बैङ्क समूहको अन्तर्राष्ट्रिय संस्थाबीच २०६६।५।५ मा ६ वर्षको लागि २५ जिल्लामा कार्यक्रम सञ्चालन गर्न सम्झौता भएकोमा पुनः ४ अक्टोबर, २०१२ मा ३० जून २०१८ सम्मको लागि सम्झौता अवधि थप भएको छ । चालु आर्थिक वर्षदेखि ७५ जिल्लामा कार्यक्रम सञ्चालन भएको छ ।

१३. **वार्षिक लक्ष्य प्रगति -** आयोजनाबाट सञ्चालित ३१ कार्यक्रममध्ये ८ मूल कार्यक्रममा ७० प्रतिशतसम्म र ४ कार्यक्रममा शून्य प्रगति देखिएकोले कार्यक्रमअनुसार प्रगति भएको छैन । यो वर्ष कृषि तथा व्यापारसम्बन्धी कार्यक्रम सञ्चालन गर्न रु.२ अर्ब १८ करोड २८ लाख ४८ हजार बजेट व्यवस्था भएकोमा रु.१ अर्ब ३२ करोड १२ लाख ६० हजार मात्र खर्च गरी रु.८६ करोड १५ लाख ८८ हजार बजेट कार्यान्वयनमा ल्याएको देखिएन । कार्यक्रम र प्रगतिबीच समन्वय गर्नुपर्दछ ।

१४. **अनुदान प्राप्ति -** आयोजनाबाट भएको चौथो प्रस्ताव आह्वानअन्तर्गत प्राप्त २ हजार १५७ प्रस्तावमध्ये २ हजार ४२ फिल्डको भेरिफिकेसन गरी १ हजार ५९४ आयोजनाको प्रस्ताव स्वीकृत गरी २९० सँग सम्झौता भएको छ । सम्झौता भएको मध्ये रु.१६ करोड ६९ लाख लागतका ३६ आयोजना २०७४ आषाढ मसान्तसम्म रद्द भएको देखिन्छ । अनुदान दिन स्वीकृत भएको रु.१ अर्ब ७ करोडमध्ये रु.२७ करोड १९ लाख ४० हजार निकासा भएबाट सञ्चालनमा रहेका २५४ आयोजना ३० जून २०१८ सम्म पूरा हुन सक्ने अवस्था देखिँदैन ।

आयोजनाको आह्वान ३, ४ र ५ अन्तर्गत सञ्चालनमा रहेका ४१० योजनामध्ये चौथो आह्वानका २५४ योजनामा रु.९३ करोड ३३ लाख २० हजार भुक्तानी दिनुपर्नेमध्ये २०७४ आषाढसम्म रु.६६ करोड १३ लाख ७५ हजार निकासा दिन बाँकी देखिन्छ । अनुदान स्वीकृत भएका सम्पूर्ण योजनाहरु तोकिएको अवधिमा सम्पन्न गर्नुपर्दछ ।

१५. **निर्माण कार्यको प्रगति** - आम उपभोक्ताहरुले चर्को मूल्यमा कम गुणस्तरको तरकारी र फलफूल उपयोग गर्नु परिरहेको अवस्थालाई सम्बोधन गर्न नेपाल सरकार र विश्व बैङ्कबीच भएको सम्झौताअनुसार देहायका ५ क्षेत्रमा तरकारी, फलफूलका आधुनिक थोक बजार निर्माण कार्य शुरु गरेको छ ।

(रु.हजारमा)

क्र.सं.	नाम	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्ने मिति	जम्मा भुक्तानी	भौतिक	वित्तीय
१	फलफूल तथा पुष्पको केन्द्रीय बजार, चोभार	३५८७६७	१७ अक्टोबर २०१६	१७ नोम्बर २०१७	४९२५६	१०	१३.७३
२	पशुपन्छी बजार, दमक झापा	१३२९१८	२६ अगस्त २०१६	अक्टोबर २०१७	२३०५९	१२	१७.३५
३	तरकारी बजार, कटहरी मोरङ	१५५५५०	२६ अगस्त २०१६	अक्टोबर २०१७	४५९१७	२९	२९.५२
४	तरकारी बजार, महेन्द्रनगर धनुषा	८९८२५	२६ अगस्त २०१६	अक्टोबर २०१७	१८९८७	१५	२१
५	तरकारी बजार, बुटवल, रुपन्देही	६१४५५	१७ अगस्त २०१६	२४ जुलाइ २०१७	१९३६८	१९	३१.५१

उल्लिखित तथ्याङ्कको विश्लेषण गर्दा तोकिएको समयमा कार्य सम्पन्न हुने देखिँदैन । समयमा निर्माण कार्य सम्पन्न गरी प्रभावकारी सेवा प्रवाहमा ध्यान दिनुपर्ने देखिएको छ ।

किसानका लागि उन्नत बीउ बिजन कार्यक्रम

नेपाल सरकार र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषबीच २ डिसेम्बर, २०१२ मा सम्झौता भई सञ्चालनमा रहेको कार्यक्रमको अवधि ७ वर्ष रहेको छ । सरकारी निकाय, निजीस्तर, साझेदार संस्था, कृषक समूह र सहकारीबीचको साझेदारीमार्फत औपचारिक बीउ बिजन क्षेत्रको विस्तार र साना पशुपालकहरुको व्यवसायीकरण गर्ने कार्यक्रमको लक्ष्य रहेको छ । सम्झौताअनुसार ५० प्रतिशत ऋण र ५० प्रतिशत अनुदानसमेत ५९.७५ मिलियन अमेरिकी डलर खर्च हुने उल्लेख छ । कार्यक्रम लागू भएका गुल्मी, अर्घाखाँची, प्युठान, रोल्पा, सल्यान र रुकुम जिल्लामा खाद्यान्न तथा तरकारी बालीको बीउ उत्पादन, विस्तार गर्ने मुख्य उद्देश्य रहेको छ ।

१६. **प्रगति** - आयोजनाको अवधिमध्ये पाँच वर्षसम्म लाभान्वित समुदायको समेत कुल लागतको ३७.१७ प्रतिशत अर्थात रु.२ अर्ब १ करोड ८३ लाख ४ हजार खर्च भएको छ । मूल बीउ उत्पादन र अन्नबाली, तरकारी, कृषक पाठशाला सामूहिक किसान कृषि सहकारी स्थापना, बोयर बोका खरिद, कृषि सेवा केन्द्र भवन निर्माण र पशु सेवा केन्द्र भवन निर्माणको औसतमा ५८.७५ प्रतिशत प्रगति भएको देखियो । यो वर्ष स्वीकृत कार्यक्रममध्ये १४ कार्यक्रममा प्रगति शून्य देखिएकोले सम्पूर्ण क्रियाकलाप सम्पन्न गर्न आवश्यक पहल गर्नुपर्दछ ।

१७. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा खरिदमा मूल्य अभिवृद्धि करमा दर्ता नभएकासँग भुक्तानीमा १५ प्रतिशत कर कट्टी गर्नुपर्ने व्यवस्था छ । आयोजना लागू भएका जिल्लाहरुमा सहजीकरण र अनुगमन कार्यबापत कृषि उद्यम केन्द्रलाई यो वर्ष रु.४ करोड ३६ लाख ७४ हजार भुक्तानी गरेकोमा उद्यम केन्द्र मूल्य अभिवृद्धि करमा दर्ता भएको नदेखिएकोले ऐनको व्यवस्थाबमोजिम १५ प्रतिशत अग्रिम कर रु.६५ लाख ५१ हजार असुल गर्नुपर्दछ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्थामार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पनासहित यो परियोजना २०७३ मा स्थापना भएको हो । परियोजनाको अवधि २०८२ असार सम्म रहेको छ । कुल लागत अनुमान रु.१ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहेको र परियोजनाअन्तर्गत ३८ कार्यालय रहेका छन् ।

१८. **परियोजनाको प्रगति -** परियोजनाले यो वर्ष लक्ष्य लिएका कार्यक्रमहरुमध्ये कस्टम हायरिङ सेन्टर स्थापनामा ७५, माछा पोखरी निर्माणमा ३६, मत्स्य नर्सरी पोखरी निर्माणमा २७, प्रतिफलमा आधारित प्रोत्साहन अनुदानमा ४१ र सामाजिक परिचालक नियुक्तिमा २६ प्रतिशत प्रगति गरेकोले लक्ष्यको तुलनामा कम प्रगति भएको अवस्था छ । परियोजनामा यो वर्ष चालु तथा पुँजीगततर्फ रु.५ अर्ब ९५ करोड ३७ लाख ३९ हजार बजेट व्यवस्था भएकोमा रु.३ अर्ब ३५ करोड ५४ लाख ४४ हजार (५६.३६ प्रतिशत) खर्च गरी लक्ष्यको ६९.८ प्रतिशत भौतिक प्रगति भएको छ । यो वर्ष गहुँ र तरकारीमा आत्मनिर्भर हुने बजेट वक्तव्य २०७३।७४ मा उल्लेख गरे तापनि परियोजनाले उत्पादनको प्रगतिलाई कुल गार्हस्थ्य उत्पादनसँग समन्वय गरी योगदानको विश्लेषण गरेको छैन । यो वर्ष राखिएको लक्ष्यअनुरुप प्रगति भएको छैन । परियोजना महत्वाकाङ्क्षी देखिन्छ ।

१९. **ब्लक विकास कार्यक्रम** - यो वर्ष ७४ जिल्लामा सञ्चालक समितिमार्फत १ हजार ९४७ पकेट र १४८ ब्लक विकास गरी कार्यक्रम सञ्चालन गरेको देखियो । यसैगरी ७ हजार ३०० हेक्टरमा १६ प्रकारका बालीको प्रतिफलमा आधारित प्रोत्साहन अनुदान वितरण गर्ने कार्यक्रम रहेकोमा तरकारी, चैतेधान, माछा, सुन्तला, जुनार, मकै, अदुवा, बेसार, आलु, अलैंचीलगायत १० बाली वस्तुमा २ हजार १९१ हेक्टरका लागि रु.१ करोड ८२ लाख ५३ हजार अनुदान कृषकलाई उपलब्ध गराएको छ । प्रोत्साहन अनुदानको प्रभावकारिता मापन गरेको छैन ।

२०. **सुपरजोन तथा जोन -** परियोजनाअन्तर्गत ७ सुपरजोनमा रु.७० करोड ३९ लाख ३८ हजार बजेट विनियोजन भएकोमा रु.३५ करोड ४१ लाख ३१ हजार खर्च गरी ६६.८६ प्रतिशत भौतिक प्रगति देखाएको छ । यसैगरी ३० जोन कार्यालयमा रु.६९ करोड ५८ लाख २५ हजार बजेट विनियोजन भएकोमा रु.३२ करोड ५७ लाख ३ हजार खर्च गरी ५४.४० प्रतिशत भौतिक प्रगति देखाएको छ । तोकिएको सुपरजोन/जोनमा सञ्चालित कार्यक्रमबाट के कस्ता उपलब्धि हासिल भयो लेखाजोखा गरी अद्यावधिक प्रतिवेदन प्रस्तुत हुनुपर्दछ ।

२१. **अन्य निकायको प्रगति -** परियोजनासँग संलग्न अन्य मन्त्रालय तथा निकायमार्फत कार्य सञ्चालन गर्न रु.७० करोड ६६ लाख ६४ हजार बजेट विनियोजन भएकोमा रु.५७ करोड ७७ लाख ७८ हजार खर्च भएको विवरण पेस भएको छ । सुपरजोनहरुमा उत्पादित कृषि उपजहरु प्रोसेसिङ, प्याकेजिङ र औद्योगिकीकरणको लागि उद्योग मन्त्रालयलाई उपलब्ध गराएको रु.२ करोड ५३ लाख ८४ हजारमध्ये रु.३ लाख ३२ हजार खर्च भएको छ । अन्य मन्त्रालयमार्फत सञ्चालित कार्यक्रम र भौतिक प्रगतिको विस्तृत विवरण प्राप्त गरी सोको विश्लेषण गर्नुपर्दछ । अन्य निकायमा दोहोरो पर्ने गरी बजेट तथा कार्यक्रम सञ्चालन भएको देखिन्छ । मन्त्रालयले आफ्नो कार्यक्षेत्रबाटै कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२२. **संरचनाको औचित्य -** आयोजना कार्यान्वयनका लागि एक परियोजना कार्यान्वयन इकाई, ३० जोन कार्यालय र ७ सुपरजोन कार्यालय स्थापना गरेको छ । यी कार्यालयमार्फत रु.१ अर्ब ३७ करोड ६९ लाख ६१ हजार खर्च भएको मध्ये प्रशासनिक कार्यमा रु.३५ करोड ३४ लाख ६७ हजार र फर्निचर, मेसिनरी औजार, सवारीसाधनमा रु.३१ करोड ६२ लाख २२ हजारसमेत रु.६६ करोड ९६ लाख ८९ हजार खर्च भएको छ । मूलतः परियोजनाका कार्यक्रमअर्न्तगत कृषिमा आधुनिकीकरणमार्फत कृषि उत्पादनमा अभिवृद्धि गर्न कस्टम हायरिङ सेन्टर, पोष्ट हार्भेष्ट सेन्टर स्थापना, पूर्वाधार निर्माण र कृषकहरुलाई कृषि सामग्री वितरण गर्ने र अनुदान दिने प्रयोजनको लागि यी कार्यालय स्थापना भएका हुन् । कार्यक्रम सञ्चालनको लागि केन्द्रमा मन्त्रालय/विभाग, परियोजना इकाई, जिल्लास्तरमा जिल्ला कृषि विकास कार्यालय तथा विद्यमान संघीय शासन प्रणालीअन्तर्गत स्थानीय तहबाट कार्यक्रम सञ्चालन हुने देखिएकोले परियोजनाअन्तर्गत विभिन्न कार्यालय स्थापना गरी थप प्रशासनिक खर्च गर्ने कार्य औचित्यपूर्ण देखिएको छैन । यस्ता कार्यालयहरुको निरन्तरता सम्बन्धमा पुनरावलोकन हुनुपर्दछ ।

२३. **ल्याबोरेटरी भ्यान खरिद** - सार्वजनिक खरिद नियमावलीको नियम ३१ मा २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान खरीद गर्न बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । परियोजनाले एक नेपाली कम्पनीलाई २ थान मोबाइल ल्याबोरेटरी भ्यान खरिद गर्न रु.१३ करोड ७८ लाख ३१ हजार प्रतीतपत्र मार्फत पेस्की दिएको छ । उल्लिखित प्रावधानअनुसार भ्यान खरिदको लागत अनुमान तयार नगरेको तथा प्रतिस्पर्धाबेगर सम्झौता गरेकोले नियमित देखिएन । यसैगरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सोही आपूर्तकबाट थप २ थान ल्याबोरेटरी भ्यान खरिदको लागि रु.१३ करोड ७८ लाख ३१ हजार प्रतीतपत्र पेस्की दिएको छ ।

उक्त आपूर्तक उत्पादक तथा वितरक कम्पनीको एजेन्ट भएको प्रमाण नरहेको, सम्बन्धित देशको आपूर्तकको नाममा प्रतीतपत्र खोलेको नदेखिएको तथा २०७४ मंसिर २४ गते आपूर्ति गर्ने सम्झौता भएकोमा २०७४ फागुनसम्म पनि उक्त भ्यान प्राप्त भई नसकेकोले पेस्की रकम फिर्ता गरी फछ्यौंट गर्नुपर्दछ ।

२४. **मल खरिद पेश्की** - लागत सहभागिताको आधारमा परियोजनाको पकेट, ब्लक, जोन र सुपरजोनमा आवश्यक पर्ने रासायनिक तथा प्राङगारिक मल उपलब्ध गराउने प्रयोजनका लागि कृषि सामग्री कम्पनी लिमिटेडलाई २०७४।३।११ को संशोधित कार्यक्रमअनुसार रासायनिक मलको लागि रु.२५ करोड र प्राङगारिक मलका लागि रु.१५ करोड समेत रु. ४० करोड मन्त्रालयको निर्णय अनुसार फरफारक कार्य टोलीले हिसाब फरफारक गरी यकिन गरेबमोजिम हुने गरी पेस्की दिएको छ । निर्णयमा उल्लेख भएबमोजिम पकेट, ब्लक, जोन र सुपरजोनमा उपलब्ध गराएको रासायनिक तथा प्राङगारिक मलको परिमाण देखिने अभिलेख रहेको पाइएन । आर्थिक वर्षको

अन्तमा आधारवेगर पेस्की दिएको तथा सो कामको प्रगति प्रतिवेदन र अनुगमन गरेको समेत नदेखिएकोले तोकिएको प्रक्रियाअनुसार खरिद तथा वितरण भएको सुनिश्चित भएन । परियोजनाबाट मलको आवश्यकता, भण्डारको व्यवस्था, खरिद प्रक्रिया तथा खरिदको अवस्था बारेमा विश्लेषण नगरी आर्थिक वर्षको अन्तमा लागत सहभागिताको आधारमा कृषकहरुलाई अनुदानमा रासायनिक मल उपलब्ध गराउन कृषि सामग्री कम्पनीलाई रु.५० करोड अनुदान दिने कार्यक्रम भएकोमा कार्यक्रम संशोधन गरी उक्त रकममध्ये प्राङ्गारिक मलको रु.१५ करोडसमेत रु.४० करोड पेस्की दिएको छ । प्राङ्गारिक मलमा दिने अनुदानले रासायनिक मलको आपूर्तिमा असर गरेको छ । परियोजनाबाट अनुगमन गरी पेस्की फछ्यौंट गर्नुपर्दछ । आर्थिक वर्षको अन्तमा कार्यक्रम संशोधन गरी अन्यत्र रकम सार्नु र सो पनि खर्च भएको देखिएन । बजेट स्वीकृत गर्दाको अपेक्षित कार्यक्रम सम्पन्न नगरी अन्यत्र बजेट सार्नु उपयुक्त देखिएन ।

२५. **खरिद सामानको उपयोग -** जोन कार्यालय, मोरङले रु.२९ लाखमा एक ट्रक खरिद गरेको मध्ये कार्यालयबाट रु.२० लाख भुक्तानी गरेको देखियो । खरिद भएको उक्त ट्रक लेखापरीक्षण अवधिसम्म कार्यालय परिसरमा रहेको अवस्था छ । यसैगरी जोन कार्यालय, भक्तपुरले रु.१७ लाख ८५ हजारमा खरिद गरेको एक मिनि ट्रकको रु.१५ लाख १७ हजार भुक्तानी भएको छ । उक्त ट्रक जिन्सी दाखिला नगरी अन्य स्थानको अण्डा, पराल जस्ता सामानको ढुवानी कार्यमा प्रयोग गरेको छ । जिल्ला कृषि विकास कार्यालय, भक्तपुरले धान तथा तरकारी ब्लकको लागि रु.४० लाख २० हजार मूल्यका २ सवारीसाधन खरिद गरेको मध्ये रु.३२ लाख ५९ हजार सञ्चालक समितिलाई भुक्तानी गरेको छ । उक्त सवारीसाधन ब्लकको कृषि कार्यमा प्रयोग नगरी सञ्चालक समितिका अध्यक्षलाई क्रमशः मासिक रु.३९ हजार र रु.२५ हजारले भाडामा प्रयोग गर्न दिएको छ । सुपरजोन कार्यालय बाराले दुई पिकअप भ्यान र एक ट्रयाक्टरको खरिद मूल्य रु.४९ लाख ४० हजार सुपरजोन सञ्चालक समितिलाई भुक्तानी गरेकोमा सञ्चालक समितिले उक्त साधनको उपयोग गरेको छैन ।

ब्लक/जोन कार्यविधिले तोकेबमोजिमको क्षेत्रफल लिई नसकेको, संस्था संरचना व्यवस्थित भै नसकेको, घर जग्गा प्रबन्ध गरी नसकेको तथा परियोजनाले परिकल्पना गरेअनुसार उत्पादनमा थप वृद्धि भई नसकेको अवस्थामा सवारीसाधन खरिद गरेको देखिन्छ । पूर्वाधार तयार गरेर तोकिएको उद्देश्य हासिल गर्न प्राप्त बजेट उपयोग गर्नुपर्दछ ।

२६. **खरिद बेगरको खर्च -** कृषि औद्योगिक क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ को बुँदा नं. ६.४ मा एक्साभेटरमा खरिद मूल्यको ५० प्रतिशत अनुदान दिने व्यवस्था छ । सुपरजोन कार्यालय, बाराले शुभम् मत्स्य फार्म, बेनौलीलाई एक्साभेटर खरिद मूल्य रु.६९ लाखको ५० प्रतिशतले हुने रु.३४ लाख ५० हजार कार्यालयबाट र बाँकी ५० प्रतिशत मत्स्य फार्मले भुक्तानी गरे पनि एक्साभेटर फर्ममा प्राप्त गरेको देखिएन । फार्मबाट ५० प्रतिशतले हुने रकम भुक्तानी नहुने अवस्थामा कार्यालयबाट सामान प्राप्त नगरी भुक्तानी गरेको देखियो । बाँकी ५० प्रतिशत रकम फार्मबाट भुक्तानी गराई उक्त एक्साभेटर फार्मको स्वामित्वमा ल्याई उपयोग हुनुपर्दछ ।

२७. **लगानीको उपयोग -** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को बुँदा नं. ५ मा पोष्ट हार्भेष्ट केन्द्र स्थापनाको लागि सम्बन्धित सञ्चालक समिति वा कृषक उद्यमीले आवश्यक घरजग्गा उपलब्ध गराउनुपर्ने, जग्गा भाडामा लिनुपर्ने अवस्थामा कम्तीमा १० वर्षको सम्झौता गर्नुपर्ने उल्लेख छ । पोष्ट हार्भेष्ट केन्द्र भवन निर्माणबापत सुपरजोन कार्यालय, कैलालीले रु.६४ लाख ७७ हजार र जिल्ला कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकले दुई भवन निर्माणको लागि रु.२८ लाख ८ हजार सञ्चालक समितिलाई अनुदान दिएको छ । कार्यविधिमा लिजमा लिएको जग्गामा निर्मित भवनको स्वामित्व १० वर्षपछि कसको हुने उल्लेख छैन । कैलालीले १० वर्षको लागि लिजमा लिएको जग्गामा र काभ्रेपलाञ्चोकले आफ्नो स्वामित्वमा नरहेको र लिजमा समेत नलिएको जग्गामा भवन निर्माण गरेको देखियो । सञ्चालक समितिको स्वामित्वमा नरहेको जग्गामा निर्माण भएको भवन लिजको अवधिपछि व्यक्तिको नाममा हस्तान्तरण हुन गई नेपाल सरकारको लगानी उपयोग हुने देखिएन । तसर्थ कार्यविधिमा स्पष्ट व्यवस्था गरी लगानी गर्नुपर्दछ । यस विषयमा छानबिन हुनुपर्दछ ।

२८. **प्रतिस्पर्धाबेगर खरिद -** जिल्ला कृषि विकास कार्यालय, रामेछाप, भक्तपुर, सर्लाही, काभ्रेपलान्चोक र पाल्पाले ५० प्रतिशत अनुदानमा कस्टम हायरिङ सेन्टर स्थापना गर्न मिनिटिलर, पावर टिलिर, थ्रेसर, पानी तान्ने पम्प, चक्का, ट्रेलर, डिजिटल स्केल, ट्रयाक्टर, रोटाभेटर, स्यालो ट्युबवेल, कर्न सेलर, त्रिपाल, घट्ट, प्लाष्टिक क्रेट, कांटा लगायतका सामान खरिद र निर्माण कार्यका लागि सञ्चालक समितिबाट पेस भएको खरिद बिलमध्ये रु.४ करोड

४६ लाख ४३ हजार ब्लक सञ्चालक समितिलाई भुक्तानी गरेका छन् । सञ्चालक समितिले लागत अनुमान तयार गरी बोलपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गरेको, खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गरेको र आर्थिक कारोबारको लेखापरीक्षण गरी प्रतिवेदन तयार गरेको छैन । कार्यालयबाट उपलब्ध गराएको अनुदान उपयोगको पारदर्शिता सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

२९. **बढी भुक्तानी** - व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ को ६ मा सम्बन्धित ब्लकका लागि आवश्यक सबै प्रकारका मेसिनरी औजार, उपकरण सेट खरिदमा ५० प्रतिशत पूँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालय, काभ्रेपलान्चोकले मकै छोडाउने मेसिन, घट्ट, त्रिपाल, पानी तान्ने पम्प आदि सामानको मूल्यमा ८५ प्रतिशत अनुदान दिएकोले बढी भुक्तानी गरेको रु.११ लाख २८ हजार असुल हुनुपर्दछ । कृषि औद्योगिक क्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ को बुँदा नं. ६ मा लागतको ८५ प्रतिशत अनुदान दिने व्यवस्था छ । सुपरजोन कार्यालय, बाराले २ पिक अप भ्यान र १ ट्रयाक्टर खरिद मूल्यको रु.४९ लाख ४० हजार सुपरजोन सञ्चालक समितिलाई भुक्तानी गरेकोमा सम्पूर्ण रकम भुक्तानी भएकोले बढी भुक्तानी गरेको रु.७ लाख ४१ हजारसमेत रु.१८ लाख ६९ हजार असुल हुनुपर्दछ ।

३०. **ब्लक सञ्चालन -** ब्लक सञ्चालक समितिबाट खरिद भएका सामानहरु आफ्नो संस्थामा आम्दानी बाँधी आवश्यकतानुसार कृषि कार्यमा प्रयोग गर्न कृषक समूह वा कृषकलाई उपलब्ध गराई कार्य सम्पादन पश्चात कस्टम हायरिङ सेन्टर तथा पोष्ट हार्भेष्ट सेन्टरमा फिर्ता गर्नुपर्दछ । जिल्ला कृषि विकास कार्यालय, भक्तपुर र काभ्रेपलान्चोकले ब्लक सञ्चालक समितिबाट रु.२ करोड ७५ लाख ६९ हजार अनुदान समेतबाट खरिद गरेका सामानहरु आफ्नो संस्थामा आम्दानी बाँधेको देखिएन । कस्टम तथा पोष्ट हार्भेष्ट सेन्टरको अवधारणाअनुसार ती सामानको उपयोग, मर्मत सम्भार तथा परिचालन गरी कृषि उत्पादनमा अभिवृद्धि ल्याउन खर्च गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन । कृषियन्त्र उपकरणहरुको मूल्यमा ५० प्रतिशत कृषक आफैले ब्यहोर्ने भएकोले निजसँग नै रहने गरेको ब्लक पदाधिकारीबाट जानकारी प्राप्त भएको छ । परियोजनाको अवधारणाअनुसार कष्टम हायरिङ सेन्टर स्थापना नहुँदा अनुदानमा खरिद भएका कृषि यन्त्र उपकरणहरु सामूहिक रुपमा उपयोग हुने अवस्था नदेखिएकोले परियोजनाको उद्देश्य प्राप्तिमा सहयोग हुने अवस्था देखिएन । कार्यविधिअनुसार ब्लक व्यवस्थापन गर्न अनुगमन प्रभावकारी बनाउनुपर्दछ ।

३१. **मापदण्डको पालना -** व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७३ को २.३ मा बाली वस्तु कम्तीमा १०० हेक्टर क्षेत्रमा सञ्चालन भएको हुनुपर्ने र ४.१ मा तोकिएको क्षेत्रफल चक्लाबन्दी भई एउटै कोरिडोरमा रहेको हुनुपर्ने उल्लेख छ । त्यसैगरी कस्टम हायरिङ सेन्टर तथा पोष्ट हार्भेष्टिङ सेन्टर स्थापनाको लागि कार्यविधिको नियम ६.४ र ६.५ मा सम्बन्धित सञ्चालक समिति वा कृषि उद्यमीले आवश्यक घर जग्गा उपलब्ध गराउनुपर्ने व्यवस्था छ । जिल्ला कृषि विकास कार्यालय, भक्तपुरले दधिकोट, गुण्डू र ताथलीमा रहेको जग्गालाई एक धान ब्लक र थिमी, दधिकोट र सूर्यविनायकमा रहेको जग्गालाई तरकारी ब्लक कायम गरेको छ । जिल्ला कृषि विकास कार्यालय, ललितपुरले शंखु, भट्टेडाँडा, दलचोकीमा रहेको जग्गालाई मकै ब्लक र चन्दनपुर, गोटीखेल, कालेश्वरमा रहेको जग्गालाई तरकारी ब्लक कायम गरेको देखियो । कार्यविधिअनुसार उक्त जग्गा तोकिएको क्षेत्रफलमा र एउटै कोरिडोरमा रहेको देखिएन । यसैगरी कार्यालयले आवश्यक घर जग्गाको प्रवन्धबेगर नै कस्टम हायरिङ सेन्टर र पोष्ट हार्भेष्टिङ सेन्टर स्थापनाको लागि भक्तपुरलाई रु.१ करोड ७४ हजार र ललितपुरलाई रु.९२ लाख ५६ हजार अनुदान उपलब्ध गराएकोले खरिद भएका सामान कुनै एक स्थानबाट परिचालन नहुने अवस्था देखिएको छ । तोकिएको मापदण्डको पालना हुनुपर्दछ ।

कृषि इन्जिनियरिङ निर्देशनालय

निर्देशनालयले बालीअनुसार खेत तयारीदेखि चुटानीसम्म र मत्स्य व्यवसायमा प्रयोग हुने औजार उपकरणहरुमा सीमान्तकृत कृषकहरुको पहुँच बढाउन लागत सहभागितामा अनुदान दिँदै आएको छ । यो वर्ष निर्देशनालयको लागि रु.२५ करोड ३५ लाख १२ हजार बजेट व्यवस्था भएकोमा रु.२२ करोड ५३ लाख ३५ हजार खर्च गरेको छ ।

३२. **प्रतिस्पर्धाबेगर खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामान खरिदको लागत अनुमान तयार गर्नुपर्ने, नियम ३१ बमोजिम २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । कृषियन्त्र, उपकरण आपूर्तिको लागि सिलबन्दी

दरभाउपत्रबाट सूचीकृत १२ आपूर्तकबाट प्राप्त रु.३४ करोड ११ लाख ९२ हजारको बिलमध्ये रु.१६ करोड ४६ लाख ३९ हजार, एग्रोमार्ट स्थापनाको लागि रेफ्रिजेरेटर, डेलिभरी भ्यान, मेसिन उपकरणलगायतको रु.१ करोड ४६ लाखको बिलमध्ये रु.४९ लाख ९९ हजार र कृषि यान्त्रीकरण प्रर्दशनीमा रु.२९ लाख ५० हजार खर्च गरेकोमा बोलपत्रको माध्यमबाट खरिद कार्य गरेको देखिएन । नियमअनुसार खरिद गर्नुपर्दछ ।

३३. **कृषि यान्त्रीकरण प्रदर्शनी -** नेपाल कृषि मेसिनरी व्यवसायी संघको सहकार्यमा कृषि यान्त्रीकरण प्रदर्शनीमा यो वर्ष रु.४० लाख ६ हजार खर्च भएको देखियो । संघद्वारा पेस भएको बिलमध्ये निर्देशनालयबाट रु.२९ लाख ५० हजार संघलाई भुक्तानी भएको छ । लागत साझेदारीमा प्रदर्शनी आयोजना गर्ने सम्झौता भएकोमा लागतको ७५ प्रतिशत निर्देशनालय र २५ प्रतिशत संघले व्यहोर्ने गरी भएको निर्णयबाट नेपाल सरकारलाई बढी व्ययभार परेको देखियो । यसमा लागत व्यहोर्ने स्पष्ट आधारसहित संघमार्फत भएको खर्चको प्रगति विवरण, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेस हुनुपर्दछ ।

३४. **उपकरणहरुको वितरण -** यो वर्ष कृषि इन्जिनियरिङ निर्देशनालयबाट ५० प्रतिशत अनुदानमा रु.१६ करोड ४६ लाखका फोर ह्वील ट्रेक्टर एटेचमेन्टसहित २६, पावर टिलर एटेचमेन्टसहित ७५५, मिनि टिलर एटेचमेन्ट सहित १ हजार २१९, सेल्फ प्रोपेल्ड मेसिन २७१, फिसरी मेसिन ४९ लगायत कृषि यन्त्र उपकरण वितरण गरेको छ । सो बाहेक प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट ५० देखि ८५ प्रतिशत अनुदानमा २ हजार ६४५ थान पावर टिलर र १ हजार १३ थान थ्रेसर वितरण गरेको छ । त्यसैगरी बाली विकास कार्यक्रमबाट ५० प्रतिशत अनुदानमा १८० थान मिनी टिलर साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजनाले ५० प्रतिशत अनुदानमा १६ थान पावर टिलर वितरण गरेको छ ।

प्रत्येक वर्ष ठूलो परिमाणमा यस्ता औजार उपकरणहरु वितरण गरेको भए तापनि जिल्लास्थित कार्यालयहरुले यस्ता औजार उपकरण वितरणको अभिलेख व्यवस्थित गरेको छैन । ती यन्त्र उपकरणको उपयोगबाट कृषि उत्पादन तथा उत्पादकत्वमा परेको प्रभावको सम्वन्धमा मन्त्रालयले अध्ययन गर्नुपर्दछ ।

३५. **पुनर्निर्माण कार्यक्रम -** राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष कार्यक्रमअर्न्तगत जिल्ला कृषि विकास कार्यालय, रामेछाप, भक्तपुर, ललितपुर, र काभ्रेपलाञ्चोकले थ्रेसर, मकै छोडाउने मेसिन, मिनिटिलर, सिँचाइ प्रयोजनका लागि डिप इरिगेसन, रेन वाटर हार्भेष्टिङ, प्लाष्टिक पोखरी, जिरो इनर्जी पम्प, सिलपोलीन प्लाष्टिक, थोपा सिँचाइ आदि सामान कृषक समुदायबाट सोझै खरिद गरेको विलको ९० प्रतिशतले हुने रु.६ करोड ९८ लाख ६५ हजार अनुदान खर्च लेखेको छ । कृषक/कृषक समूह/सहकारी संस्थाहरुलाई वितरण गरिने सामानहरुको स्पेसिफिकेसन अनुसार सामानको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको आधारमा खरिद नगरी कृषकले सोझै खरिद गरेको विलको आधारमा खर्च लेखेको छ । खर्चलाई पारदर्शी र मितव्ययी बनाउन सार्वजनिक खरिद ऐनको प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

३६. **वैदेशिक भ्रमण** - मन्त्रालयअर्न्तगतका ५ आयोजनाबाट २८६ कृषक तथा कर्मचारीहरुले फिलिपिन्स, थाइल्याण्ड, भारत, भियतनाम, कोरिया, श्रीलंका, स्वीट्जरल्याण्ड र मलेसियाको अवलोकन, तालिम तथा अध्ययन भ्रमण गरी यो वर्ष रु.६ करोड ६३ लाख ७७ हजार खर्च भएको छ । उक्त खर्चबाट भएको उपलब्धिको सम्बन्धमा कुनै विश्लेषण गरेको देखिएन । विदेश भ्रमणबाट उपलब्ध ज्ञान, सीप र क्षमताको उपयोग गर्ने संयन्त्रको विकास गर्नुपर्दछ । उपलब्धिमूलक कार्यको लागि मात्र भ्रमण खर्च गर्नुपर्दछ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

विभाग र ५ मातहत कार्यालयबाट खाद्य प्रशोधन, प्रविधि विकास तथा विस्तार, पोषण सुधार, खाद्य गुणस्तर नियन्त्रण, खाद्यवस्तुको मूल्यअभिवृद्धि र व्यवसायीकरणमा प्रवर्द्धन लगायतका कार्य हुँदै आएको छ । यो वर्ष रु २७ करोड ३६ लाख ८२ हजार बजेट विनियोजन भएकोमा रु.२६ करोड २ लाख ७९ हजार खर्च भएको छ ।

३७. **बजार निरीक्षण -** खाद्य ऐन, २०२३ अनुसार सर्वसाधारणले उपभोग गर्ने खाद्य पदार्थहरुबाट मानवीय स्वास्थ्यमा प्रतिकूल असर पर्न नदिन सरकारले न्यूनतम गुणस्तर निर्धारण गरेको छ । खाद्य पदार्थहरुको उत्पादन, बिक्री, वितरण, निकासी/पैठारी हुने वस्तुहरुमा हुने अवाञ्छित क्रियाकलापलाई नियन्त्रण गर्न विभागले यो वर्ष खाद्य ऐनअनुरुप ५ हजार ४० खाद्य वस्तुको नमूना सङ्कलन र विश्लेषण गरेकोमा ४७६ खाद्य वस्तुको नमूना प्रतिकूल रहेको देखाएको छ । उक्त प्रतिकूल संख्यामध्ये ६५ लाई कारबाहीको लागि जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरेको छ । विगत वर्षमा जिल्ला प्रशासन कार्यालयले मुद्दा दायर र

फैसलाको अभिलेख नराखेको कारण सोसम्बन्धी विवरण प्राप्त हुन सकेन । खाद्य वस्तुको न्यूनतम मापदण्ड पूरा नगर्ने र खाद्य वस्तुहरुमा मिसावट गर्नेहरुमाथि कारबाही प्रक्रियामा विलम्ब हुँदा जनस्वास्थ्यमा प्रतिकूल असर पर्नेतर्फ सम्बन्धित निकाय गम्भीर हुनुपर्ने देखिन्छ ।

३८. **मुद्दा दायर स्थिति** - विभागले २०७२।७३ मा २०६ मुद्दा दायर गरेकोमा २०७३।७४ मा गुणस्तरहीन खाद्य सामग्री उत्पादन र आयात गर्ने २५७ उद्योग विरुद्ध मुद्दा दायर गरेको देखिँदा अधिकांश मुद्दा खाने तेलसँग सम्बन्धित रहेका छन् । त्यस्तै दुग्ध पदार्थमा ५, प्रशोधित पानीमा ६ र कुखुराको दाना उत्पादनमा २ मुद्दा दायर भएको छ । अतः विभागले प्रदूषणयुक्त हानिकारक खाद्य पदार्थको अनुगमन र नियमन कार्यलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

संगठित संस्था

नेपाल कृषि अनुसन्धान परिषद्

राष्ट्रिय कृषि नीतिको अधीनमा रही कृषिसम्बन्धी अध्ययन तथा अनुसन्धान गर्न आवश्यक नीतिनिर्माण गर्ने, कृषिसम्बन्धी अध्ययन तथा अनुसन्धानको प्राथमिकता तोक्ने, नेपालमा भएका कृषिसम्बन्धी अनुसन्धान कार्यहरुको समीक्षा गर्ने र कृषिसम्बन्धी समस्याहरुको पहिचान गरी राष्ट्रिय कृषि नीति तर्जुमा गर्ने उद्देश्यले नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अनुसार स्थापना भएको हो ।

३९. **अध्ययन बिदा -** नेपाल कृषि अनुसन्धान परिषद्, कर्मचारी प्रशासन निमावली, २०४९ नियम ३७, ३८ र ३९ मा उच्च शिक्षाका लागि स्वदेश तथा विदेशमा छनोट भई जाने कर्मचारीले तोकिएको अध्ययन अवधि समाप्त भएपछि निर्धारित अवधिसम्म अनिवार्य सेवा गर्नुपर्ने व्यवस्था छ । परिषद्बाट अध्ययन बिदा स्वीकृत गराई तलब सुविधासहितको बिदा बसेका १५२ कर्मचारीमध्ये ८ ले विदेशबाट नफर्किने जानकारी दिएका छन् भने ६ कर्मचारीलाई नियमानुसार कारबाही नगरी अवकाश दिएको छ । यसरी अवकाश दिँदा सम्झौतामा उल्लेख भएबमोजिम अध्ययनबाट फर्केपछि अनिवार्य सेवा गर्नुपर्ने व्यवस्थाविपरीत गैरहाजिर हुने कर्मचारीलाई नियमानुसार आवश्यक कारबाही गरी अध्ययन अवधिभर लिएको तलबलगायतका सुविधाको रकम यकिन गरी असुल गर्नुपर्दछ ।

४०. **स्रोतको उपयोग तथा प्रभाव -** कृषि अनुसन्धान परिषद्बाट संचालनमा आएका अनुसन्धान तथा विकास तर्फका फार्महरु विशुद्ध अनुसन्धान केन्द्रित रहेका छन् । प्राप्त विवरणअनुसार हालसम्म धानबालीमा ७१, मकैबालीमा २६, गहुँबालीमा ३८ र अन्य बालीमा १२६ गरी २६१ जातका उन्नत बीउ बिजन सिफारिस गरेको छ । कृषितर्फ ११ किसिमका उत्पादनसँग सम्बन्धित ३२ फार्महरुमा विगत ३ वर्षमा रु ५० करोड ३१ लाख २ हजार अनुसन्धान कार्यमा खर्च भई रु.७ करोड ८५ लाख ५४ हजार (१५.६१ प्रतिशत) बराबरको आय प्राप्त भएको देखियो । पशुपन्छी विकास तथा अनुसन्धान तर्फ ५ किसिमका ११ फार्ममा विगत ३ वर्षमा रु.१५ करोड ५२ लाख ५८ हजारको अनुसन्धानात्मक लगानीबाट ३ करोड ९३ लाख २१ हजार (२५.३३ प्रतिशत) बराबरको आय प्राप्त भएको छ ।

कृषितर्फ

(खर्च र उत्पादन रु हजारमा)

सि.न	कृषि फार्मको नाम	२०७१/०७२		२०७२/०७३		२०७३/०७४		जम्मा खर्च	जम्मा उत्पादन
		खर्च	उत्पादन	खर्च	उत्पादन	खर्च	उत्पादन		
१	आलु अनुसन्धान फार्म	६७५६	१५६५	५२५५	२६६५	४१३७	२३४७	१६१४८	६५७७
२	धान अनुसन्धान फार्म	२०९१७०	५४०७	१७२९४	५००२	२०३६१	५७४९	२४६८२५	१६१५८
३	गहुँ अनुसन्धान फार्म	१८२५५	६६००	१३९३३	४५५४	१५१४३	२२४९	४७३३१	१३४०३
४	मकै अनुसन्धान फार्म	२१५३८	६११८	१९१००	५४४९	२०३३०	३८८४	६०९६८	१५४५१
५	कोशेबाली अनुसन्धान फार्म	१००५४	११४७	६१६६	१६८५	५६३२	१९८०	२१८५२	४८१२
६	तेल बाली अनुसन्धान फार्म	७५२१	१२६६	६३६५	१६६२	७०००	२२६५	२०८८६	५१९३
७	उखु बाली अनुसन्धान फार्म	६६४५	२१३८	६३५७	१७२७	६२२०	१२७६	१९२२२	५१४१
८	अदुवा बाली अनुसन्धान फार्म	४९०९	७६७	२९८८	६१७	२९५५	९२५	१०८५२	२३०९
९	जुट बाली अनुसन्धान फार्म	७३०९	२१३७	६१३६	१४६८	६४००	१६३०	१९८४५	५२३५
१०	सुन्तला अनुसन्धान फार्म	८२६४	१०४३	८४५७	९०१	८५००	१८४३	२५२२१	३७८७
११	कफी अनुसन्धान फार्म	२९५५	६२	५१३२	२४२	६०३०	१८४	१४११७	४८८
	जम्मा	**३००४२१**	**२८२५०**	**९७१८३**	**२५९७२**	**१०२७०८**	**२४३३२**	**५००३१२**	**७८५५४**

पशुपन्छीतर्फ

(खर्च र उत्पादन रु हजारमा)

सि.न	कृषि फार्मको नाम	२०७१/०७२		२०७२/०७३		२०७३/०७४		जम्मा खर्च	जम्मा उत्पादन
		खर्च	उत्पादन	खर्च	उत्पादन	खर्च	उत्पादन		
१	बंगुर कुखुरा अनुसन्धान फार्म	७९८७	१४२	४११०	४६६४	४२१५	४८२७	१६३१२	९६३३
२	माछा अनुसन्धान फार्म	२८५५३	२८७७	१९६६६	१८१८	२१४५०	३७७७	६९६६९	८४७२
३	गाई अनुसन्धान फार्म	०	०	८४९३	३७३६	९९३८	४५९२	१८४३१	८३२८
४	भैंसी अनुसन्धान फार्म	७३७५	१८५४	३९९५	२२१३	५२००	१९७०	१६५७०	६०३७
५	भेडा बाखा अनुसन्धान फार्म	१६०६८	१३७८	९०२५	१८९१	९१८३	३५८२	३४२७६	६८५१
	जम्मा	**५९९८३**	**६२५१**	**४५२८९**	**१४३२२**	**४९९८६**	**१८७४८**	**१५५२५८**	**३९३२१**

कृषि अनुसन्धान व्यवस्थापन, पशुपन्छी प्रविधि विकास, मत्स्य तथा जलचर प्रविधि विकासजस्ता ६ विषयमा बिगत तीन आर्थिक बर्षमा ३ हजार १५२ वटा अनुसन्धान तथा विकास कार्यक्रमको वार्षिक लक्ष्य कायम गरी कार्यक्रम सञ्चालन गरेकोमा ३ हजार ५० अनुसन्धान तथा विकास कार्यक्रम सम्पन्न भएको छ । अनुसन्धानबाट सिफारिस गरिएका बाली, पशु, मत्स्यलगायतका उन्नत उत्पादन तथा रोग प्रतिरोध क्षमता विकासका प्रविधिहरु परिषद्ले नेपाल सरकारलाई कार्यान्वयनका लागि सिफारिस गरेको छ । उपर्युक्त ६ विषयमा करोडौँ खर्च गरी सिफारिस भएका प्रविधिको समुचित उपयोग र त्यसको प्रभाव मूल्याङ्कन गरेको छैन । नेपाल सरकारले कृषि तथा पशुपन्छीका क्षेत्रमा राखेको आवधिक योजनाका लक्ष्य पूरा गर्न सिफारीस गरिएका नयाँ तथा उन्नत प्रविधिको उपयोग हुनुपर्दछ ।

कृषि फार्म, केन्द्रहरु पूर्णरुपले उपयोग नभई प्रभावकारी प्रतिफल प्राप्त नभएकोले यिनको उत्पादनशील प्रयोगमा वैकल्पिक उपाय सोच्नुपर्दछ । यसैगरी कृषि अनुसन्धान परिषद्बाट कृषिमा सरलीकरण गरी युवा जनशक्तिलाई कृषिमा आकर्षित गर्ने प्रविधि अनुसन्धान गर्नुपर्ने देखिएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड, २०७३।७४

४१. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा :** कृषि सामग्री कम्पनी लिमिटेडको २०७३।७४ सम्म शेयर पुँजी रु.४२ करोड ६४ लाख, जगेडा कोष तथा सञ्चित नाफा रु. १ अर्ब ५ करोड ५१ लाख, चालु दायित्व तथा व्यवस्था रु.१ अर्ब ७७ करोड ७२ लाख रहेको छ । स्थिर सम्पत्ति रु.८१ करोड २६ लाख , लगानी रु.४७ करोड ६३ लाख र चालु सम्पत्ति रु.१ अर्ब ९६ करोड ९८ लाख रहेको छ । गत वर्ष नाफा रु. ६२ लाख रहेकोमा यस वर्ष रु.१३ करोड २१ लाख भएको छ ।

४२. **अनावश्यक व्ययभार** - कर्मचारीको आयकर गणना गर्दा २०६८।६९ तथा २०६९।७० को नपुग आयकर रु.७२ लाख सम्बन्धित कर्मचारीबाट असुल नगरी यस वर्ष कम्पनीले खर्च व्यहोरेको छ । यसै शीर्षकअन्तर्गत २०७२।७३ सम्म रु.३ करोड ४६ लाख खर्च लेखाङ्कन तथा कर भुक्तानी गरेको छ । आयकर ऐनको व्यवस्थाअनुसार आय गर्नेले तिर्नुपर्ने कर कम्पनीबाट खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाई भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

४३. **अदालतको फैसला कार्यान्वयन -** प्रतीतपत्र हिसाबअन्तर्गत हिमालयन बैङ्क लिमिटेडले बिक्रेतालाई गलत तरिकाले भुक्तानी दिएको रु.७२ लाख धेरै वर्षदेखि असुली नगरी लिनुपर्ने हिसाबमा देखाएको छ । यस सम्बन्धमा सर्वोच्च अदालतबाट कम्पनीको पक्षमा फैसला भए तापनि सो रकम असुल गर्न सकेको छैन । अदालतको फैसला कार्यान्वयन नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४४. **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८९(१) अनुसार ठेक्का वा करारबापत पचास हजार रुपैयाँभन्दा बढीको भुक्तानी रकममा १.५ प्रतिशत अग्रिम आयकर कट्टी गर्नुपर्ने उल्लेख छ । यस वर्ष कृषि सामग्री कम्पनी लिमिटेडले विदेशबाट करार सम्झौता गरी आयात गरेको मलको रु.८ अर्ब ५९ करोड ५० लाख भुक्तानीमा रु.१२ करोड ८९ लाख कर कट्टी नगरी भुक्तानी गरेको छ ।

४५. **समर्थन नभएको -** धरौटी, पेस्की तथा सापटी रु.११ करोड १८ लाख र चालु दायित्व रु.१ अर्ब १ करोड २८ लाखको आयुगत विवरण तथा सम्बन्धित पार्टीबाट समर्थनपत्र समेत उपलब्ध नभएबाट वास्तविक स्थिति यकिन गर्न सकिएन ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा तोकिएअनुसार कार्यक्रम सञ्चालन नगरेको, स्वीकृतिबेगर रासायनिक मल खरिद गरेको, बैङ्क कमिसनमा बढी खर्च गरेको रकमको छानबिन गरी टुङ्गो नलगाएको लगायतका व्यहोरा औंल्याएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ २५५ निकायमा रु.२ अर्ब २० करोड ३५ लाख २ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५ करोड ३५ लाख ८२ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब १४ करोड ९९ लाख २० हजार बाँकी रहेको छ । सोमध्ये रु.९६ करोड ३३ लाख २ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था, समिति र अन्य संस्था ७५ तर्फ रु.१२ करोड ६५ लाख ५३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३५ लाख ५ हजार फछ्यौंट गरेकोले रु.१२ करोड ३० लाख ४८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ५७ लाख ६६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

खानेपानी तथा सरसफाइ मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा खानेपानी तथा सरसफाइसम्बन्धी नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन गर्ने, सरसफाइ तथा ढल निकास गर्ने र खानेपानी सरसफाइ तथा ढल निकास एवं अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थासँग सम्पर्क सहयोग गर्ने कार्यहरु गरी स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ८३ निकायबाट सेवा प्रवाह हुदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२७ अर्ब ५१ करोड ४६ लाख, राजस्व रु.१२ करोड ८३ लाख, धरौटी रु.१ अर्ब ५१ करोड १५ लाख र अन्य कारोबार रु.१७ करोड २४ लाखसमेत रु.२९ अर्ब ३२ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय र मातहत अन्य संस्थाको रु.४८ अर्ब ३० करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **आवधिक योजना र लक्ष्य प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा राष्ट्रिय योजना आयोगले आयोजना स्वीकृत गर्नुपर्ने र नियम २५ बमोजिम निकायले चौमासिक प्रगति विवरण पेस गर्नुपर्ने व्यवस्था छ । यस मन्त्रालय र अन्तर्गतका २०७३।७४ को लक्ष्य प्रगति निम्नानुसार छ:

नतिजा सूचक : सामाजिक तथा मानव विकास	एकाई	२०७३।७४ सम्मको लक्ष्य	२०७३।७४ सम्मको प्रगति
आधारभूत खानेपानी सेवाबाट लाभान्वित जनसंख्या	प्रतिशत	८६	८७
उच्च /मध्यमस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या	प्रतिशत	२०	१६
सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या	प्रतिशत	८४	९२

उपर्युक्त विवरणअनुसार आधारभूत खानेपानी सेवाबाट लाभान्वित जनसंख्या, उच्च/मध्यमस्तर खानेपानी सुविधाबाट लाभान्वित जनसंख्या र सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या क्रमश: ८७ , १६ र ९२ प्रतिशत प्रगति रहेको छ । सरसफाइ सुविधाबाट लाभान्वित जनसंख्या ९२ प्रतिशत पुगेको उल्लेख भए तापनि सो को पुष्ट्याइ हुने आधार प्राप्त भएन ।

बजेट वक्तव्य २०७३।७४ मा उल्लेख भएका नीति तथा कार्यक्रममध्ये ७५ प्रतिशतभन्दा घटी प्रगति देखिएका कार्यक्रमको स्थिति निम्नानुसार छ:

नीति कार्यक्रमको व्यहोरा	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१२ लाख जनसंख्यालाई खानेपानी तथा सरसफाइबाट लाभान्वित हुने कार्यक्रम सञ्चालन गर्ने	जनसंख्या	१२ लाख	५ लाख ८९ हजार	४९.०८
२५ जिल्लामा ७ सय गा.वि.स. र ८० नगरपालिकालाई खुल्ला दिसा मुक्त क्षेत्र घोषणा गर्ने	जिल्ला न.पा. गा.वि.स.	२५ ८० ७००	३ जिल्ला ४७ न.पा. ४४२ गा.वि.स.	१२.०० ५८.७० ६३.१४
सहलगानी आयोजना सम्बन्धी	आयोजना	६	सम्पन्न नभएको	०.००
खानेपानी गुणस्तर मापदण्ड तोके अनुसारको खानेपानी सेवा प्रदान गर्ने	जनसंख्या	९०८११	५२३८८	५७.६८
विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने	आयोजना	२२	१० आयोजना	४५.४५
क्रमागत आयोजनालाई निरन्तरता दिने ३३ जिल्लाको १ लाख ४९ हजार जनसंख्यालाई उच्च/मध्यमस्तरको खानेपानी सेवा उपलब्ध गराउन आयोजना सम्पन्न गरिने	आयोजना	१६	६	३७.५

उपर्युक्त प्रगति विवरणबमोजिम लक्षित कार्यक्रमको प्रगति सन्तोषजनक देखिएन । वार्षिक कार्यक्रम अनुसार कार्य सम्पादन गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ ।

२. **परामर्श खर्चको उपयोगिता -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै कार्य हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । मन्त्रालयले उपलब्ध जनशक्तिबाट परामर्श सेवासम्बन्धी कार्य गर्न सक्ने वा नसक्ने यकिन नै नगरी पुँजीगत अनुसन्धान तथा परामर्श सेवामा विनियोजितमध्ये यस वर्ष रु.४ करोड १७ लाख ग्रामीण खानेपानी तथा सरसफाइ सुधार आयोजनाको कार्यान्वयनमा प्राविधिक सहयोग गर्ने, उपभोक्ता समितिहरुको वर्गीकरण मापदण्ड बनाउने, भूकम्प र अन्य प्रकोपका कारणले खानेपानी प्रणालीमा परेको प्रभावको अध्ययन गर्ने लगायतका कार्यहरुमा बाह्य जनशक्तिबाट कार्य गराई परामर्श खर्च लेखेको पाइयो । पुँजीगत अनुसन्धान तथा परामर्शअन्तर्गत मन्त्रालयको जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यमा बाह्य परामर्श सेवा लिई खर्च लेख्ने प्रवृतिमा नियन्त्रण हुनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः लक्ष्यअनुसार प्रगति, परामर्शदाताबाट गराएको कार्य, बिल रकम भुक्तानी, खानेपानी महसुल सेवा शुल्क असुली, समयमा खानेपानी योजना सम्पन्न, कन्टिन्जेन्सीबाट सवारीसाधन खरिद, अतिरिक्त पेस्की, अग्रिम भुक्तानी, आधारबेगर दाबी भुक्तानी, खरिद सम्झौताबमोजिम विवादको एमिकेवल सेटलमेन्ट, निर्णय विपरीत म्याद थप, मूल्य समायोजन, समन्वयको अभावमा पाइपको क्षति, ऋण सम्झौताको कार्यान्वयनमा डलरको अनुपात बढाई थप भुक्तानी, ढल निर्माण सम्पन्न हुन नसकी खानेपानी तथा वायु प्रदूषण, अलग अलग निर्माण व्यवसायीबाट एकै सडकमा अलग अलग समयमा कार्य, मेलम्ची खानेपानी सञ्चालनको तयारी, भूमिगत स्रोत र ट्यांकरद्वारा वितरित पानीको स्तर र नियमन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

३. **सेवाशुल्क -** खानेपानी महशुल निर्धारण आयोग ऐन, २०६३ को दफा १६ मा खानेपानी महशुल निर्धारण आयोगले उपभोक्ताबाट लिने महशुलको २ प्रतिशतमा नबढ्ने गरी शुल्क लगाई लिनसक्ने व्यवस्था छ । आयोगबाट प्राप्त विवरण अनुसार २०६५।६६ देखि २०७३।७४ सम्म सेवाशुल्क बापत रु.३ करोड ६५ लाख असुल हुन बाँकी देखिन्छ । असुल हुन बाँकी सेवा शुल्क यथाशीघ्र असुल हुनुपर्दछ ।

खानेपानी तथा ढल निकास विभाग

देशभर स्वच्छ खानेपानी तथा सरसफाइ र ढल निकासको व्यवस्था गर्न ७० जिल्लाका खानेपानी तथा सरसफाइ डिभिजन/सव–डिभिजन र ५ जिल्लाका क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालयको तालुक निकायको रुपमा यस विभागले कार्य गर्दै आएको छ ।

४. **परामर्श सेवा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ ले सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ । विभागले उपलब्ध गराएको विवरण अनुसार पुल दरबन्दीसमेत रा.प.प्रथम श्रेणी ३, सिनियर डिभिजनल इन्जिनियर २३, इन्जिनियर ३७ को प्राविधिक जनशक्ति कार्यरत रहेकोमा ५३ परामर्शदाताबाट विस्तृत आयोजना प्रतिवेदन र आयोजना सम्भाव्यता अध्ययन कार्य गराई रु ४ करोड ३५ लाख खर्च लेखेको छ । विभागमा कार्यरत जनशक्तिबाट काम सम्पन्न हुन सक्ने नसक्नेतर्फ विश्लेषण समेत नगरी सामान्य प्रकृतिको कार्य पनि परामर्शसेवाबाट गराएको देखिन्छ । यसबाट परामर्श सेवाको आवश्यकता र सोमा भएको खर्च मितव्ययी देखिएन ।

५. **अधुरा आयोजना –** सन् २०१७ सम्ममा सबै जनतालाई स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने नेपाल सरकारको नीति रहेको छ । विभाग अन्तर्गत २०७३।७४ सम्म क्रमागत आयोजना २ हजार ६९३ र नयाँ आयोजना २ हजार ३४४ गरी जम्मा ५ हजार ३७ खानेपानी आयोजना सञ्चालनमा रहेका छन् । क्रमागत आयोजनामध्ये ६३ जिल्लाका ४४९ आयोजना २०६८।६९ भन्दा अगाडि शुरु भई अधुरा रहेका छन् । ती आयोजनाको लागत अनुमान रु.१९ अर्ब ३० करोड ६३ लाखमध्ये हालसम्म रु.९ अर्ब २२ करोड ८९ लाख (४७.८० प्रतिशत) खर्च भएको छ । यसरी समयमा आयोजना सम्पन्न हुन नसकेका ती आयोजनाबाट लाभान्वित हुनुपर्ने जनसंख्या २७ लाख ६४ हजारमध्ये रु.२१ लाख ८८ हजार (७९.१६ प्रतिशत) जनसंख्या खानेपानी सेवा प्राप्तिबाट वञ्चित हुनु परेको छ ।

इलाम, मकवानपुर, काठमाडौँ, रौतहट, डडेलधुरा, दार्चुला लगायत २५ जिल्लामा खानेपानी तथा सरसफाइ डिभिजन/सव-डिभिजन कार्यालयबाट सञ्चालित खानेपानी आयोजनामध्ये २३७ अधुरा आयोजनाको शुरु लागत रु.६ अर्ब ६२ करोड ६ लाख भएकोमा समयमै आयोजना सम्पन्न नभएको कारण

भेरिएसनबाट संशोधित लागत अनुमान रु.८ अर्ब १४ करोड ८ लाख भई आयोजनाहरुको लागतमा रु.१ अर्ब ५२ करोड २ लाख वृद्धि हुने देखिन्छ ।

विभागअन्तर्गत कुल कर्मचारी दरबन्दी १ हजार ८१७ मध्ये खानेपानी प्राविधिक दरबन्दी १ हजार १५ रहेकोमा ७९१ मात्र पदपूर्ति भएको देखिन्छ । खानेपानी आयोजनाहरुको आवश्यकता पहिचान र स्रोत साधनको उपलब्धताको विश्लेषण नगरी यो वर्ष २ हजार ३४४ नयाँ योजना कार्यान्वयनमा ल्याएको छ । यी आयोजनामा औषत बजेट रु.५ लाख ७३ हजार रहेको देखिन्छ । यसरी एकातिर अधुरा आयोजना अलपत्र पर्दै जाने र अर्कोतर्फ नयाँ आयोजना थप गर्ने परिपाटीले अधुरा योजनाको समस्या रहिरहने स्थिति छ । यसबाट समयमै खानेपानी सेवा प्राप्त हुन नसक्ने तथा योजनाको लागत वृद्धि हुदै जाने भएकाले सञ्चालित आयोजनाहरु शीघ्र सम्पन्न गर्न मन्त्रालयले ध्यान दिनुपर्दछ ।

६. **सवारीसाधन खरिद –** सार्वजनिक निर्माण शिर्षकमा विनियोजित बजेट सवारीसाधन खरिद शीर्षकमा खर्च गर्ने गरी सहमति दिनु बजेटको सिद्धान्तविपरीत हुन्छ । नेपाल सरकार, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्रमा कार्यालय, आयोजनाहरुले खर्च गर्ने ५ प्रतिशत कन्टिन्जेन्सी रकममध्ये २ प्रतिशत कन्टिजेन्सी रकम आवश्यकता अनुसार फर्निचर, सवारीसाधन, मेसिनरी औजार खरिद, सफ्टवेयर निर्माण जस्ता पुँजीगत प्रकृतिका कार्यमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिई खर्च गर्नुपर्ने उल्लेख छ । विभागले विभिन्न बजेट उपशीर्षक नम्बरको कन्टिन्जेन्सीमध्ये २ प्रतिशतले हुने रकम यो वर्ष जिल्लास्थित ७५ खानेपानी कार्यालयबाट प्राप्त गरेको र गत वर्षको मौज्दात रु.३२ लाख समेत रु.१४ करोड ७३ लाख मध्येबाट कार १४, जिप ३, बस १ र मोटरसाइकल २१ गरी ३९ सवारीसाधन खरिद गरी रु.१३ करोड ६९ लाख खर्च गरेको छ । त्यसैले कन्टिन्जेन्सीको व्याख्या तथा अन्तर्निहित उद्देश्यअनुसार बजेट खर्च गर्नुपर्दछ ।

७. **लागत अनुमान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (४) अनुसार परामर्श सेवाको लागत अनुमान अनुसुची-१क.को ढाँचामा तयार गर्नुपर्ने व्यवस्था छ । सोअनुरुप तयार हुने लागत अनुमानमा कार्यालय व्यवस्थापन खर्च ५ प्रतिशत थप गर्ने व्यवस्था भएकोमा विभागले परामर्श सेवाको ११ प्याकेजको लागत अनुमान तयार गर्दा विभिन्न करबापत १० प्रतिशतसमेत थप गरी रु.६ करोड २३ लाखको लागत अनुमान तयार गरेको कारण रु.४८ लाख थप व्ययभार परेको छ । यसरी नियमविपरीत थप गरी स्वीकृत गरेको लागत अनुमान नियमसम्मत देखिएन ।

दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना

साना शहरी खानेपानी तथा सरसफाइ आयोजनाको कार्यान्वयनपछि दोस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना एसियाली विकास बैङ्कको अनुदान सहयोगमा २१ नगरमा सञ्चालनमा रहेको छ ।

८. **मूल्य समायोजन –** आयोजनाअन्तर्गत १० खानेपानी आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरी ती आयोजनाहरुको निर्माण कार्यको सुपरिवेक्षण समेत गर्न एक परामर्शदातासँग निम्नानुसार सम्झौता भई कार्य सुरु भएको छ ।

(रु.लाखमा)

आयोजनाको विवरण	सम्झौता रकम	सम्झौता मिति	काम सम्पन्न हुनुपर्ने मिति	म्याद थप अवधि	मूल्य समायोजन भुक्तानी
शिवनगर साना सहरी खानेपानी आयोजना कैलाली लगायत ४	३४९	२०६७/१/८	२०७०/१२/१४	२०७४/२/१५	१९
सुखड साना सहरी खानेपानी आयोजना कैलालीलगायत ३	३९४	२०६८/४/२९	२०७२/६/१३	२०७४/९/१६	८
मुकुन्दपुर साना सहरी खानेपानी आयोजना नवलपरासी लगायत ३	३०१	२०६८/४/२९	२०७२/६/१३	२०७४/३/१६	१४
जम्मा	**१०४४**				**४१**

परामर्शदाताले काम सुरु गरेपछि विद्यमान राजनैतिक अस्थिरता तथा समयमा नै निर्माण कार्यको खरिद सम्झौता हुन नसकी आयोजनाहरुको निर्माण कार्यमा ढिलाइ हुन गई परामर्शदातासँग भएको सम्झौता रकममा परिवर्तन नहुने र थप आर्थिक दायित्व सृजना नहुने गरी परामर्शदाताको म्याद थप गरेको छ । म्याद थप गर्दा भएको निर्णयको पालना नगरी मूल्य समायोजनबापत भुक्तानी दिएको रु.४१ लाख असुल हुनुपर्दछ ।

९. **थप व्ययभार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ । परामर्शदातासँग भएको सम्झौतामध्ये यो वर्ष ८ सम्झौताको म्याद थप गरेकोमा ५ सम्झौताको अवस्था निम्नानुसार छ ।

(रु.लाखमा)

परामर्शदाताको नाम	सुरु सम्झौता अवधि	म्याद थप पछि कायम अवधि	म्याद थप अवधि (प्रतिशत)	म्याद थप पछिको मुल्यसमायोजन रकम भुक्तानी
एक परामर्शदाता	३ वर्ष ९ महिना ७ दिन	६ वर्ष १० महिना १४ दिन	८२.५१	६५
एक परामर्शदाता	३ वर्ष ७ महिना २१ दिन	७ वर्ष ७ महिना २१दिन	११०.४७	४२
एक परामर्शदाता	२ वर्ष ११ महिना २९ दिन	७ वर्ष ७ महिना ८ दिन	१५६.९३	६५
एक परामर्शदाता	४ वर्ष ४ महिना	६ वर्ष ४ महिना ५ दिन	२७.६६	७
एक परामर्शदाता	५ वर्ष ६ महिना १७ दिन	७ वर्ष ११ महिना १७ दिन	९.७२	३३
जम्मा				२१२

परामर्शदाताको कार्य विवरणमा नगर आयोजनाहरुको सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन तयारी, निर्माण कार्यको सुपरिवेक्षण र व्यवस्थापकीय तथा प्राविधिक सहयोग गर्ने उल्लेख छ । परामर्श सेवाको सम्झौता अवधिको २७.६६ देखि १५६.९३ प्रतिशतसम्म म्याद थप गर्दा पनि कार्य सम्पन्न भएको छैन । निर्माण कार्यमा ढिलाइका कारण परामर्शदातासँग भएको सम्झौताको म्यादसमेत थप गर्नुपर्ने अवस्था सिर्जना भएकोले मूल्य समायोजनबापत रु.२ करोड १२ लाख थप भुक्तानी गरेको छ । जसले गर्दा आयोजनाको लागतमा वृद्धि भएको छ । समयमै सम्झौता अनुसार कार्य नगर्ने नगराउने आयोजना एवं परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

खानेपानी तथा सरसफाइ डिभिजन तथा सव-डिभिजन कार्यालयहरु

१०. **असुल गर्नुपर्ने -** कार्यालयले संम्झौताका शर्तबमोजिम बिल रकम भुक्तानी गर्नुपर्दछ । खानेपानी तथा ढल निकास विभाग तथा अन्तर्गतका काठमाडौँ, पर्वत, गोरखा, कास्की, स्याङ्जा, मनाङ, लमजुङ, भक्तपुर लगायत ४० कार्यालयले निर्माण व्यवसायीलाई बढी भुक्तानी दिएको र अग्रिम आयकर कट्टी नगरी भुक्तानी गरेको लगायतका कारणहरुबाट रु.२ करोड २७ लाख नपाउने रकम भुक्तानी गरेको देखिएको छ । नियम बिपरीत भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

११. **पाइप मौज्दात –** नेपाल सरकार सचिवस्तरको २०६२।११।८ को निर्णय र खानेपानी तथा ढल निकास विभागको २०६३।१।३ को परिपत्रमा पाइप तथा फिटिङस/औजार खरिद गर्ने सम्बन्धमा गत विगतको मौज्दातको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र खरिद गर्नुपर्ने, न्यूनतम मौज्दातको मापदण्ड तयार गर्नुपर्ने उल्लेख छ । डिभिजन तथा सव–डिभिजन कार्यालयहरुले जिल्लामा सञ्चालित खानेपानी आयोजनाका लागि पाइप खरिद गर्दा स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित परिमाणभन्दा बढी खरिद गर्ने, पुरानो मौज्दातको उपयोग नगरी पुनः मौज्दातमा रहने गरी खरिद गर्ने गरेको पाइयो । गत विगतको रु.११ करोड ४१ लाख मूल्यको ९ लाख ३८ हजार मिटर पाइप बाँकी रहेकोमा २२ कार्यालयले यो वर्ष रु.३८ करोड २९ लाख मूल्यका ३७ लाख २९ हजार मिटर पाइप खरिद गरेको देखिन्छ । यो वर्षको अन्तमा भक्तपुर, स्याङ्जा, कपिलवस्तु लगायत ४५ कार्यालयमा रु.३१ करोड १३ लाखको २० लाख ५० हजार मिटर पाइप मौज्दात रहेको देखिन्छ । न्यूनतम मौज्दात तोकी बढी नहुने गरी खरिद व्यवस्थापन गर्नुपर्दछ ।

१२. **मुहान विवाद -** खानेपानी नीति, २०६१ अनुसार योजना सञ्चालन गर्नु पूर्व खानेपानी मुहान दर्तालगायतका कार्य सम्पन्न गर्नुपर्दछ । पर्वत, तेह्रथुम, सिन्धुलीलगायत ६ कार्यालयमा रु.१३ करोड ४८ लाख लागत अनुमान भएका ८ योजनाको मुहान सम्बन्धमा विवाद भई योजना सञ्चालनमा कठिनाइ उत्पन्न भएको छ । उक्त योजनाहरुमा हालसम्म रु.१ करोड ५८ लाख खर्च भएको छ । विवाद समाधान गरी समयमै योजना सम्पन्न गर्नुपर्दछ ।

१३. **भेरिएसन आदेश -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(३) मा लागत अनुमान स्वीकृत गर्ने अधिकारीभन्दा मुनिको अधिकारीले भेरिएसन आदेश जारी गर्न नहुने व्यवस्था छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५० मा लागत अनुमान संशोधन गर्ने, खरिद सम्झौता संशोधन गर्ने, खरिद सम्झौताको म्याद थप गर्ने र भेरिएसन आदेश गर्ने अधिकार प्रत्यायोजन गर्न नसकिने व्यवस्था छ । खानेपानी तथा ढल निकास विभागका महानिर्देशकले २०७३।१२।३० को पत्रद्वारा १० प्रतिशतसम्म भेरिएसन आदेश स्वीकृत गर्ने अधिकार खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, तनहुँका डिभिजन प्रमुखलाई प्रत्यायोजन गरेअनुसार डिभिजन प्रमुखबाट २ आयोजनामा सम्झौता रकम रु.३५ करोड ३० लाखमा ७.३४ प्रतिशतले वृद्धि हुने गरी रु.२ करोड ५९ लाखको भेरिएसन आदेश जारी भई सम्झौता रकम रु.३७ करोड ८९ लाख कायम गरेको देखियो । नियमविपरीत अधिकार प्रत्यायोजन गर्ने महानिर्देशकलाई जिम्मेवार बनाइनुपर्दछ ।

१४. **असम्बन्धित खर्च -** सार्वजनिक लेखा समितिको निर्णयअनुसार २०६९।७० देखि निर्माण कार्यको लागत अनुमानमा साइट अफिस भाडामा लिने, सवारीसाधन भाडामा लिने तथा निर्माण व्यवसायीबाट सामान सप्लाई गर्ने जस्ता आइटम समावेश गर्न नहुने भनी परिपत्र गरेको भए तापनि गोरखा र तनहुँ डिभिजन कार्यालयले गाडी खरिद, गाडी मर्मत, सर्भे सामान, इन्जिनियर घरभाडा जस्ता आइटमहरु लागत अनुमानमा समावेश गरी सम्झौता रकम रु.९० लाखमध्ये रु.३८ लाख भुक्तानी गरेको छ । समितिको निर्णयविपरीत खर्च गरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्छ ।

१५. **लगानीको उपादेयता -** खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सिन्धुलीका ५ खानेपानी योजना २०६५।६६ देखि शुरु भएतापनि सम्पन्न हुन सकेका छैनन् । योजनाहरुमध्ये पिपलमाडी खानेपानी योजना र झाँगाझोली रातामाटा खानेपानी योजनामा गतवर्षसम्म रु.३ करोड ४ लाख खर्च भएकोमा यो वर्ष रु.२० लाख गरी रु.३ करोड २४ लाख खर्च भएको छ । उक्त योजनामा हाल मुहान सुकेका कारण योजना सम्पन्न नभएको र निमार्ण कार्य स्थगित रहेकोले हालसम्मको खर्च रु.३ करोड २४ लाख उपलब्धिविहीन भएको छ ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, तनहुँ अन्तर्गत मिलनचोक गुणस्तर खानेपानी आयोजना निर्माण गर्न निर्माण व्यवसायी र उपभोक्ता समितिसँग सम्झौता गरी हालसम्म रु.१ करोड ५३ लाख भुक्तानी भएकोमा निर्माण कार्यमा कम गुणस्तरको निर्माण सामाग्री प्रयोग भएको कारण आयोजना सञ्चालनमा आएको देखिएन ।

सव-डिभिजन कार्यालय, कपिलवस्तुले स्यालो ट्यूबवेल निर्माण कार्य दरभाउपत्र र सोझै खरिद प्रक्रियाबाट गराएकोमा यो वर्ष ३९९ डीप ट्यूबवेल असफल भएकोमा २० देखि ८० प्रतिशतसम्म बोरहोलिङ बापतको खर्च रु.१५ लाख भुक्तानी गरेको छ । बोलपत्रको माध्यमबाट भएको अन्य डीप ट्यूबवेलको जडान कार्यको टेक्निकल स्पेसिफिकेसनमा उल्लिखित स्पेसिफिकेसनअनुसारका शर्तहरु सम्झौतामा उल्लेख नगरेको कारण उक्त रकम भुक्तानी गर्नुपरेको देखियो । निर्माण व्यवसायीलाई सम्झौतामा शर्त नराखी भुक्तानी गरेको उचित देखिएन ।

मेलम्ची खानेपानी विकास समिति

प्रथम चरणमा सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिकाअर्न्तगत मेलम्ची खोलामा हेडवर्क्स निर्माण गरी सुन्दरीजलसम्म २७.५ कि.मि. लामो सुरुङको माध्यमबाट १७ करोड र दोस्रो चरणमा याङग्री र लार्के खोलाबाट १७/१७ करोड लिटर गरी दैनिक ५१ करोड लिटर पानी काठमाडौँमा ल्याउने लक्ष्यका साथ यो आयोजना २०५५।५६ देखि सञ्चालनमा रहेको छ । काठमाडौँ उपत्यकाको खानेपानीको अभावलाई दीर्घकालीन रुपमा समाधान गर्ने, स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था गर्ने र काठमाडौँ, मेलम्ची तथा मण्डन उपत्यकाका बासिन्दाहरुको जनस्वास्थ्य र जीवनस्तरमा सुधार ल्याउने यो आयोजनाको प्रमुख उद्देश्य रहेको छ ।

१६. **लक्ष्य प्रगति -** यो आयोजना २०७३।७४ मा सम्पन्न गर्ने गरी कुल लागत अनुमान रु.२३ अर्ब ४५ करोड रहेकोमा २०७४ माघ मसान्तसम्म रु.२४ अर्ब ८३ करोड ६० लाख खर्च भएको छ । हेडवर्क्स, सुरुङ निर्माण, पानी प्रशोधन केन्द्र निर्माण कार्य गर्ने लक्ष्य रहेकोमा ०७४ माघ मसान्तसम्म हेडवर्क्स निर्माणतर्फ नदी नियन्त्रणको निर्माण कार्य, पहुँचमार्गको नियमित मर्मत, ओपन कट एरियामा जियोटेक्सटायलको कार्य मात्र भएको छ । पानी प्रशोधन केन्द्रतर्फ १७ करोड लिटर क्षमताको वनाउनु पर्नेमा एक प्रशोधन केन्द्र ८ करोड ५० लाख लिटरको निर्माण कार्य सम्पन्न हुने क्रममा रहेको र अर्को ८ करोड ५० लाख लिटरको प्रशोधन

केन्द्र निर्माण सम्झौता भई निर्माण कार्य शुरु गरेको छ । सुरुङ खन्ने क्रममा सिन्धु–ग्याल्थुम र ग्याल्थुम अम्वाथान खण्डमा कमजोर चट्टान फेला परेको, मेसिन उपकरण पुराना भएको र बन्द हड्ताल, भुकम्प लगायतका कारण देखाई निर्माणमा ढिलाइ भएको छ । यसबाट उपत्यकाका जनताले समयमा नै खानेपानीको सेवा प्राप्त गर्न नसक्ने र आयोजनाको लागत वृद्धि हुँदै गएको छ ।

१७. **खर्च व्यवस्थापन -** आयोजनामा नेपाल सरकार र अन्य दातृ संस्था, निकाय समेतको लगानीमा गतवर्षसम्म रु.१८ अर्ब १४ करोड २४ लाख खर्च भएकोमा यो वर्षको माघ मसान्तसम्म कुल रु.२४ अर्ब ८३ करोड ६० लाख खर्च भएको देखिएको छ । आयोजनाको कुल खर्चमध्ये परामर्श सेवामा २१.४१, निर्माण कार्यमा ७०.८४, जग्गा मुआवजा वितरणमा ४.१२, सुरक्षा खर्चमा ०.५५, कार्य सञ्चालनमा २.९०, सवारीसाधन र उपकरण खरिदमा ०.१८ प्रतिशत खर्च भएको छ । परामर्श सेवामा २१.४१ प्रतिशत खर्च हुनुले आयोजना सञ्चालनमा गम्भिर समस्या रहेको र उक्त खर्च राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्थापित मापदण्ड र असल अभ्यासभन्दा धेरै बढी देखिन्छ । परामर्श सेवाको खर्च न्यूनीकरण गर्न तथा समयमै काम सम्पन्न गर्न आयोजना तथा तालुक मन्त्रालयबाट प्रभावकारी कदम उठाएको देखिएन ।

१८. **डिजाइन तथा सुपरिवेक्षण -** निर्माण कार्यको सुपरभिजन गर्न नियुक्त परामर्शदातालाई जापानीज येन ५५ करोड भुक्तानी गर्ने गरी ७ फेब्रुअरी २००२ मा सम्झौता भएकोमा एक पानी प्रशोधन केन्द्रको निर्माण गर्ने गरी १७ करोड लिटरबाट ८.५ करोड लिटर क्षमताका दुई पानी प्रशोधन केन्द्र निर्माण गर्ने लगायतका कारणबाट निर्माण कार्य ढिला भएको देखिन्छ । यसरी ढिला भएको कारण र डिजाइन परिवर्तनबाट ६ पटक भेरिएसन आदेश जारी गरी सम्झौता रकम जापानीज येन ९७ करोड २१ लाख (शुरु सम्झौताको ७६.४७ प्रतिशत वृद्धि) हुन गएको छ । निजलाई हालसम्म जापानीज येन ८२ करोड २७ लाख भुक्तानी भैसकेको छ । निर्माण कार्यको अवधिसम्म परामर्शदाताको अवधि रहने, निर्माण कार्य नभएको अवधिको पनि पारिश्रमिक भुक्तानी गर्नुपर्ने र मूल्य समायोजन समेत भुक्तानी गर्नुपर्ने रहेको छ । मूल्य समायोजनबापत हालसम्म जापानीज येन ९ करोड ३१ लाख भुक्तानी भैसकेको छ । यसबाट परामर्शदाताको शुरु पारिश्रमिक रकम भन्दा मूल्य समायोजन रकम बढी भुक्तानी गर्नुपर्ने स्थिति देखिन्छ । सम्झौता अनुसार मूल्य समायोजन स्थानीय परामर्शदाताको पारिश्रमिकमा मात्र भुक्तानी दिनुपर्नेमा अन्य खर्च (आउट अफ पकेट एक्सपेन्सेज) मा समेत ९७.५० देखि १०५ प्रतिशतसम्म हुनेगरी रु.७१ लाख मूल्य समायोजन भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ ।

१९. **प्रशोधन केन्द्र निर्माण -** लागत अनुमान रु.४ अर्ब ९९ करोड ९० लाख भएको पानी प्रशोधन केन्द्र निर्माण कार्य रु.४ अर्ब २० करोड ४६ लाखमा २१ मार्च २०१६ भित्र सम्पन्न गर्ने गरी १० जुलाई २०१३ मा एक निर्माण व्यवसायीसंग सम्झौता भएको देखिन्छ । तेस्रो पटक १५ अगष्ट २०१७ सम्म म्याद थप भएकोमा सो अवधिमा पनि कार्य सम्पन्न भएको छैन । उक्त अवधिसम्म रु.३ करोड ५८ लाख मूल्य समायोजन रकम भुक्तानी भै निर्माण कार्यको लागत वृद्धि भएको छ ।

निर्माण व्यवसायीलाई बीमाबापत लमसममा राखेको रु.१ करोड १९ लाख भुक्तानी भैसकेको अवस्थामा निर्माण कार्यको म्याद थप अवधिको भनी बीमा प्रिमियम रु.९७ लाख र मूल्य अभिवृद्धि कर दोहोरो हुने गरी रु.१३ लाखसमेत रु.१ करोड १० लाख थप भुक्तानी दिएको देखियो । यसरी म्याद थप भएको अवधिको बीमा गर्ने दायित्व निर्माण व्यवसायीकै भएकोले दिन नमिल्ने थप रकम रु.१ करोड १० लाख असुल हुनुपर्दछ ।

सम्झौता अनुसार प्रोभिजनलसममा राखेको रकम खर्च गर्दा खर्च पुष्टि हुने बिल भरपाई पेस हुनुपर्दछ । इन्स्पेक्सन एण्ड टेष्टिङ अफ म्याटेरियल वर्कको प्रोभिजनलसमबाट रु.९४ लाख भुक्तानी गर्दा खर्च पुष्टि हुने बिल बीजक पेस गरेको छैन । यसरी बिल बीजकबेगर भुक्तानी गरेको रकम असुल हुनुपर्दछ ।

२०. **हेडवर्क्स तथा सुरुङ निर्माण -** यस संरचना निर्माण गर्न निर्माण व्यवसायीसँग २ सेप्टेम्बर २०१३ भित्र कार्य सम्पन्न गर्ने गरी १९ फेब्रुअरी २००९ मा सम्झौता भएकोमा सम्झौतानुसारको कार्य नगरेको कारणबाट २५ सेप्टेम्बर २०१२ मा सम्झौता रद्द गरी रु.७ अर्ब ७२ करोड ३५ लाख कबोल अङ्क रहेको अर्को एक निर्माण व्यवसायीसँग १४ जुलाई २०१६ भित्र कार्य सम्पन्न गर्ने गरी १५ जुलाई २०१३ मा सम्झौता गरेको छ । २०७४ माघ मसान्तसम्म सुरुङ निर्माण कार्यको ९८.८३ प्रतिशत र हेडवर्क्सको माटो खन्ने कार्य गरी रु.६ अर्ब १४ करोड २७ लाख भुक्तानी भएको छ । सम्झौताको उपदफा १३.५ मा सम्झौता रकम रु.६ अर्ब ७१

करोड ६१ लाखको १५ प्रतिशतले हुने रु.१ अर्ब ७४ लाखसम्म कन्टिन्जेन्सीबापत खर्च गर्न पाउने व्यवस्था रहेकोमा २०७४ आषाढ मसान्तसम्म भेरिएसनमा रु.१० करोड ३२ लाख, मूल्य समायोजनमा रु.३७ करोड ३८ लाख, दावी भुक्तानीमा रु.१ अर्ब ५ करोड ६६ लाख, डिस्पुट बोर्ड शोधभर्नामा रु.४ करोड ३८ लाख र डेवर्क्समा रु.१३ करोडसमेत रु.१ अर्ब ७० करोड ७४ लाख खर्च लेखेको हुँदा रु.७० करोड बढी खर्च लेखेको छ । भेरिएसनबापत भुक्तानी भएको रकमको भेरिएसन स्वीकृत नभएको, दररेटको आधार पेस नभएको र नयाँ दररेटमा समेत मूल्य समायोजन दिएकोले रु.१० करोड ३१ लाख नियमित देखिँदैन । यसरी सम्झौताको शर्तभन्दा रु.७० करोड बढी भुक्तानी भै थप व्ययभार पर्न गएको छ ।

२१. **बढी खर्च -** घर र कार्यालय सुविधा मर्मत तथा सञ्चालन, सवारीसाधन, क्लिनिक सञ्चालन र घर बहाल लगायत जनरल तथा प्रारम्भिक आइटम शीर्षकका १३ आइटममा रु.४८ करोड ८५ लाख खर्च गरेकोमा सम्झौताका शर्तमा व्यवस्था गरेको भन्दा रु.४ करोड ७८ लाख वढी खर्च गरेको छ । यसरी सम्झौतामा व्यवस्था भएभन्दा बढी खर्च भएको अनियमित देखिन्छ । यस्तो अनियमित खर्च गर्न सिफारिस गर्ने परामर्शदाता तथा भुक्तानी स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

२२. **अतिरिक्त पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (२) र खरिद सम्झौतामा पेस्की दिन सकिने व्यवस्था छ । समितिले सम्झौताको शर्तअनुसार पाउने पेस्की बिगत वर्ष नै रु.१५ करोड ४७ लाख भुक्तानी दिएकोमा गतवर्ष नै अतिरिक्त पेस्की भनी रु.२६ करोड ७८ लाख भुक्तानी दिएकोमा यो वर्ष बैङ्क जमानतबेगर रु.३२ करोड २९ लाखसमेत रु.५९ करोड ७ लाख अतिरिक्त पेस्की दिएको छ । समितिका आर्थिक प्रशासन प्रमुखबाट अतिरिक्त पेस्की दिन नमिल्ने राय पेस भएकोमा सो रायलाई वेवास्ता गरी आर्थिक कार्यविधि ऐन, २०५५ बमोजिमको कर्तव्य भएको लेखा उत्तरदायी अधिकृत (तत्कालीन सचिव) जमानत बसी निर्माण व्यवसायीलाई अतिरिक्त पेस्की दिएको छ । उक्त रकमको ब्याजसमेत असुल गरिनु पर्दछ ।

सम्झौताको दफा १४.२ बमोजिम २० प्रतिशतसम्म पेस्की उपलब्ध गराउने र कुल कामको मूल्यांकनको ९० प्रतिशतसम्म कार्य सम्पन्न हुँदा पेस्की फछ्यौंट गरिसक्नुपर्नेमा ९८ प्रतिशत भौतिक प्रगति हुँदासम्म रु.१ अर्ब ५४ करोड २३ लाख पेस्की बाँकी नै रहेको देखिन्छ ।

२३. **अग्रिम भुक्तानी -** समिति र निर्माण व्यवसायीबीच भएको खरिद सम्झौताको दफा १४.६ र १४.७ मा निर्माण व्यवसायीले भुक्तानीको लागि पेस गरेको २८ दिनभित्र कामको मूल्याङ्कन गरी परामर्शदाताले समितिमा पेस गर्नुपर्ने र समितिले २८ दिनभित्र बिलको रकम निर्माण व्यवसायीको बैङ्क खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । समितिले निर्माण व्यवसायीलाई २७ औँ बिलको रकम भुक्तानी गर्दा निर्माण कार्यबापत कामको मूल्याङ्कन नगरी पछिल्लो बिलमा समायोजन गर्ने गरी भेरिएसनबापत अग्रिम रुपमा रु.६ करोड ८३ लाख फाइवर ग्लास र अन्य सामानको रु.१ करोड ५१ लाख तथा मूल्य समायोजनबापत रु.३ करोड ६८ लाखसमेत रु.१२ करोड २ लाख अग्रिम रुपमा भुक्तानी दिएको छ । उक्त रकम २८ औं बिल भुक्तानी गर्दा कट्टा गरेको छ । अग्रिम रुपमा भुक्तानी दिएको रु.१२ करोड २ लाखको प्रचलित दरअनुसार ब्याज असुल हुनुपर्दछ ।

२४. **क्षतिपूर्ति -** निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा २०.१ मा कार्य सम्पन्न गर्नुपर्ने समय वृद्धि भएमा, बन्दहडताल, थुनछेक दैवी प्रकोप वा अन्य कारणले निर्माण व्यवसायीलाई आर्थिक हानि-नोक्सानी हुन गएमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र सम्झौतामा उल्लेख भएका प्रक्रियाहरु पूरा गरी अतिरिक्त भुक्तानीको लागि दाबी गर्न पाउने उल्लेख छ । निर्माण व्यवसायीले नेपाल बन्द, सीमा नाकाबन्दीलगायतका कारणबाट निर्माण कार्यको लागत वृद्धि भएको उल्लेख गरी क्षतिपूर्ति भुक्तानीको लागि विवाद समाधान समितिमा दाबी गरेअनुसार समितिबाट निर्णय भई यो वर्षको रु.४६ करोड ५६ लाखसमेत हालसम्म रु.१ अर्ब ५ करोड ६६ लाख क्षतिपूर्ति भुक्तानी दिएको छ । यसरी गरिएको भुक्तानीमा काम गर्न नपाएको जनशक्ति, प्रयोग नभएको यन्त्र उपकरण, ह्रास खर्च तथा पुँजीमा भुक्तानी गरेको ब्याजको स्पष्ट आधार खुलाएको र विश्लेषण गरेको देखिएन । त्यसरी भुक्तानी भएको मध्ये नाफाबापत रु.९३ लाख, इटाली र काठमाडौँ कार्यालयमा भएको खर्च रु.३ करोड २३ लाख, सीमा र नाकाबन्दीको कारण कार्यक्षेत्रको उपलब्धता, निर्माण सामग्रीको अभाव तथा स्थानीय अवरोधबापत रु.२५ करोड ६० लाख गरी कुल रु.२९ करोड ७६ लाख भुक्तानी गर्न मिल्ने देखिदैन । यसरी दिन नमिल्ने रकम भुक्तानी दिने विवाद समाधान समितिको निर्णय र पेसागत नैतिकताको परीक्षण नगर्ने, वैकल्पिक कानुनी उपचारका लागि अपिल नगर्ने तथा मध्यस्थतामा नगई निर्माण व्यवसायीले दाबी गरेकै आधारमा भुक्तानी गर्ने गरेको छ । यसरी सरकारलाई थप

आर्थिक दायित्व पर्ने अवस्थाको सिर्जना गर्ने परामर्शदाता तथा समितिका पदाधिकारीलाई जिम्मेवार बनाई दाबी रकमको यकिन गरिनुपर्दछ ।

२५. **एमिकेवल सेटलमेन्ट -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८(२) मा सार्वजनिक निकाय र निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताबीच खरिद सम्झौताको कार्यान्वयनको सिलसिलामा उत्पन्न हुने विवाद आपसी सहमतिबाट समाधान गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको सम्झौताको सामान्य शर्तको बुँदा नं. २०.५ मा मैत्रीपूर्ण वा सौहार्द बन्दोबस्तका आधारमा खरिद सम्झौताको कार्यान्वयनको सिलसिलामा उत्पन्न विवाद समाधान गर्नुपर्ने व्यवस्था छ । हेडवर्क्स र टनेल सम्बन्धी काममा ढिलो ड्रइङ्ग उपलब्ध गराएको, कामको परिमाणमा वृद्धि भएको, नेपाल बन्द र नाकाबन्दी आदि कारणले काम गर्न नपाएको उल्लेख गरी निर्माण व्यवसायीले क्षतिपूर्ति माग गरेकोमा विवाद समाधान संयन्त्रले क्षतिपूर्ति दिनुपर्ने भनी निर्णय भई आएको रकम विवाद समाधान संयन्त्रको सबै भुक्तानी गर्नु पूर्व समितिले निर्णय उपरको एमिकेवल सेटलमेन्ट नगरी २०७४ आषाढ मसान्तसम्म रु.१ अर्ब ५ करोड ६६ लाख भुक्तानी गरेको छ । उक्त रकम टनेल र हेडवर्क्सको कामको सम्झौता रकमको तुलनामा १५.७३ प्रतिशत हुने देखिन्छ । सम्झौतामा प्रावधान भए अनुरुप सौहार्द बन्दोबस्त नगरेको र करार सम्झौता अनुसारको कानुनी उपचार नखोजी दाबी गरेबमोजिम पूरै रकम भुक्तानी भएको हुँदा यस सम्बन्धमा मन्त्रालयको समेत स्पष्ट राय ठहर साथ पेस हुनुपर्दछ ।

२६. **मध्यस्थता -** निर्माण व्यवसायीलाई २०७४ आषाढ मसान्तसम्म भुक्तानी गरेको क्षतिपूर्ति रु.१ अर्ब ५ करोड ६६ लाख मध्यस्थताबाट निर्णय भएपछि अन्तिम हुने गरी बैङ्क जमानत लिई प्रोभिजनल रुपमा दिएको अग्रिम भुक्तानी हो । निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा नं. २०.६ मा विवाद समाधान संयन्त्रको निर्णय भएको मितिबाट २८ दिनभित्र चित्त नबुझ्ने पक्षले असहमति जनाउनुपर्ने र तत्पश्चात दुवै पक्षबीच सौहाद्र बन्दोबस्त नभएमा असहमति जनाएको ५६ दिनपछि मध्यस्थतामा जानुपर्ने व्यवस्था रहेको छ । सम्झौताको उक्त प्रावधानअनुसार समिति मध्यस्थतामा जानुपर्नेमा हालसम्म पनि गएको छैन । निर्माण व्यवसायीले दाबी गर्दै जाने, मध्यस्थकर्ताले समेत तथ्य र प्रमाणबेगर एकमुष्ट निर्णय गर्ने र आयोजनाले थप कानुनी उपचारमा नगई भुक्तानी दिने कार्य उचित देखिएन । सम्झौता र कानुनअनुसार मध्यस्थता र आवश्यकताअनुसार अदालत जानुपर्नेमा हालसम्म नगएकोले आयोजनाका कर्मचारीको गम्भीर त्रुटि वा लापरवाही भएको अवस्था देखिन्छ । सरकारलाई थप आर्थिक दायित्व पर्ने अवस्थामा कानुनी उपचारमा नगई भुक्तानी दिएको कार्य नियम र प्रक्रियाअनुरुप नभएकोले भुक्तानी सिफारिस गर्ने परामर्शदाता, समितिका सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाईनुपर्दछ । सम्झौताअनुसार मध्यस्थताबाट निर्णय गराई क्षतिपूर्ति रकम यकिन गरिनुपर्दछ ।

२७. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको सम्झौताको बुँदा नं. १३.८ मा निर्माण कार्यमा प्रयोग हुने श्रमिक ज्याला, सामाग्री, उपकरणलगायतमा मूल्यसूचीका आधारमा मूल्य समायोजन गर्न पाउने व्यवस्था रहेको छ । समितिले निर्माण व्यवसायीलाई ३३ औं बिलसम्म नेपाली मुद्राको भुक्तानीमा रु.३० करोड २८ लाख र विदेशी मुद्राको भुक्तानीमा रु.७ करोड १० लाख समेत रु.३७ करोड ३८ लाख मूल्य समायोजन भुक्तानी दिएको छ । सोमध्ये यो वर्ष दाबी रकममा रु.४ करोड ५९ लाख, प्रोभिजनलसमम रु.५० लाख, डेवर्क्समा रु.१४ लाख, भेरिएसनमा रु.१ करोड ४६ लाख समेत रु.६ करोड ६९ लाख भुक्तानी दिएको छ । निर्माण व्यवसायीले प्राप्त गरेको दाबी रकम अप्रत्यक्ष प्रकृतिको रहेको, दाबी रकममा नाफा र ब्याजसमेत समावेश भएको, भेरिएसनको दररेटको आधार पेस नभएको, ग्राउण्ड सपोर्ट क्लास सरकिट विथ ग्राउण्ड सपोर्ट क्लास, स्टलेसन एण्ड लाटिस् ग्रिडरलगायतका नयाँ आइटमको भेरिएसनमा समेत मूल्यवृद्धि दिएको, बिलबमोजिम भुक्तानी हुने प्रोभिजनलसम र हेडवर्क्सको भुक्तानीमा समेत मूल्य समायोजन गणना गरेको रु.६ करोड ६९ लाख भुक्तानी दिन मिल्ने नदेखिएकाले उक्त रकम असुल हुनुपर्दछ । मूल्य समायोजन गर्नुपर्ने तथ्य आधार बेगर माग गर्ने र परामर्शदाताले सिफारिश गरी भुक्तानी गर्ने कार्य उचित देखिँदैन ।

२८. **बढी भुक्तानी -** सव फ्लसिङको एक कार्य परिमाणको रु.२ करोड ५० लाखमा सव कन्ट्याक्टरबाट आपूर्ति गर्ने गरी प्रोभिजनल सममा राखेकोमा उक्त सामग्री ल्याउन ३३ औं बिलसम्म १.४७ कार्य परिमाणको रु.३ करोड ६८ लाख भुक्तानी दिएको छ । सम्झौतामा उल्लेख भएको भन्दा ०.४७ कार्यको रु.१ करोड १८ लाख बढी भुक्तानी भएकोमा बढी कार्य गर्नुपर्नाको पुष्ट्याइँ पेस नभएकोले उक्त भुक्तानी दिन मिल्ने देखिएन । उक्त रकम असुल हुनुपर्दछ ।

२९. **बिलबेगर भुक्तानी -** प्रोभिजनल समअन्तर्गत भएका खर्चको भुक्तानी प्राप्त गर्न बिल बीजक, भरपाई जस्ता खर्च पुष्टि हुने प्रमाण पेस हुनुपर्ने व्यवस्था सम्झौताको दफा नं. १३.५ मा छ । समितिले निर्माण व्यवसायीलाई ३२ र ३३ औं बिलबाट प्रोभिजनल सममा राखेको फ्लसिङ सिस्टमको रु.२ करोड २९ लाख भुक्तानी गर्दा बिल बीजक पेस भएन । तसर्थ खर्च पुष्टि हुने कागजातबेगर भुक्तानी दिन मिल्ने देखिँदैन ।

३०. **थप व्ययभार -** लामीडाँडा मेलम्ची पुलबजार सडक खण्डको पहुँच मार्ग स्तरोन्नति कार्यका लागि रु.४३ करोड ५३ लाखमा एक निर्माण व्यवसायीसँग २०६४।११।१५ मा सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीलाई गत विगतमा रु.४६ करोड ६ लाख भुक्तानी भएको छ । निर्माण व्यवसायीले २०७०।७१ मा २७ औँ बिलबाट भेरिएसनबापत रु.३ करोड ७७ लाख थप भुक्तानी माग गरेकोमा परामर्शदाताले रु.२ करोड ७४ लाखमात्र स्वीकार गरेकाले निर्माण व्यवसायीले बिल रकम बुझ्न नमानी विवाद समाधान समितिमा गएको देखियो । विवाद समाधान समितिले गरेको निर्णयउपर सहमति नजनाई निर्माण व्यवसायीले अन्तर्राष्ट्रिय चेम्बर अफ कमर्समा निवेदन दिएकोमा उक्त संस्थाले रु.४० करोड ३० लाख समितिले तिर्नुपर्ने निर्णय गरेको छ । सो निर्णय विरुद्ध समितिले साबिकको पुनरावेदन अदालत पाटनमा मुद्दा दायर गरेकोमा उच्च अदालत पाटनले रु.३८ करोड २७ लाख निर्माण व्यवसायीले पाउने गरी फैसला गरेको छ । सो रकम फैसला कार्यान्वयन निर्देशनालयमार्फत निर्माण व्यवसायीले भुक्तानी पाउने गरी २०७४।३।२२ मा काठमाडौँ जिल्ला अदालतलाई भुक्तानी गरेको देखिन्छ । निर्माण व्यवसायीले रु.३ करोड ७७ लाख दाबी गरेकोमा संम्झौताको व्यवस्थाअनुसार सौहाद्र बन्दोबस्तको प्रयत्न नगरेकोले रु.३८ करोड २७ लाख क्षतिपूर्ति तिर्नुपर्ने अवस्था सिर्जना भएको देखियो । उक्त फैसलाअनुसार रकम भुक्तानी दिन उच्च अदालत पाटनबाट २०७३।१२।१ मा आदेश भएकोमा सर्वोच्च अदालतमा २०७४।२।५ मा पुनरावेदन गरेको छ । मुद्दाको पुनरावेदन गरिसकेपछि अन्तिम फैसला नहुँदै उक्त रकम भुक्तानी भएको छ ।

परामर्शदाताले शुरुमा स्वीकार गरेको रु.२ करोड ७४ लाख समितिले समयमै चेकद्वारा निर्माण व्यवसायीको बैङ्क खातामा जम्मा गरिदिएको भए अस्वीकृत भएको रु.१ करोड ३ लाखको आनुपातिक हिसाबमा रु.१० करोड ४६ लाख मात्र थप भुक्तानी गरे पुग्ने देखिन्छ । यस सम्बन्धमा समितिले समयमा नै ध्यान नदिएको कारणबाट रु.२७ करोड ८१ लाख बढी व्ययभार पर्न गएको छ । उक्त क्षतिपूर्ति भुक्तानी गर्दा निर्माण व्यवसायीको नाममा बाँकी रहेको पेस्की रु.१ करोड ७१ लाख कट्टा नगरी भुक्तानी दिएकोले उक्त पेस्की रकमको ब्याज गणना गरी असुल हुनुपर्दछ ।

निर्माण व्यवसायीले गरेको कारोबारको मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम कर विवरण पेस गर्नुपर्नेमा अन्तिम बिल रु.२१ करोड ३७ लाखको भुक्तानीको विवरण पेस नगरेकोले दाखिला गर्न बाँकी मूल्य अभिवृद्धि कर रु.२ करोड ७८ लाख, २०७४।४।२५ देखि २०७४।८।२९ सम्म १२४ दिनको थप दस्तुर रु.९ लाख, वार्षिक १५ प्रतिशतका दरले ब्याज रु.१४ लाख र प्रति दिन ०.०५ प्रतिशतका दरले हुने जरिवाना रु.१७ लाख समेत कुल रु.३ करोड १८ लाख असुल हुनुपर्दछ ।

आयोजना कार्यान्वयन निर्देशनालय

काठमाडौँ उपत्यकाका बासिन्दालाई गुणस्तरीय खानेपानी सेवा प्रदान गर्ने, खानेपानी आपूर्तिमा रहेको विद्यमान न्यूनता एवं अभावको अवस्थालाई हटाई खानेपानीको सेवा सुविधाको स्तर अभिवृद्धि गर्ने उद्देश्यले मेलम्ची खानेपानी आयोजनाबाट प्राप्त हुने पानी वितरण प्रणाली निर्माण गर्न आयोजना कार्यान्वयन निर्देशनालयको स्थापना भएको छ । यस आयोजनाले वितरण सञ्जाल सुधार, पानी ट्यांकी निर्माण र थोक वितरण प्रणाली विस्तारलगायतका कार्यहरु गर्दछ । मेलम्ची खानेपानीको वितरण प्रणालीलाई व्यवस्थित गर्न यो आयोजना २०६५।६६ बाट शुरु भई २०७३।७४ मा सम्पन्न गर्ने गरी कुल ऋण सम्झौता रु.३८ अर्ब ८३ करोड ७६ लाख रहेकोमा, यो वर्ष रु.४ अर्ब ६६ करोड ६५ लाखसमेत २०७४ आषाढ मसान्तसम्म रु.१४ अर्ब ७९ करोड ८० लाख खर्च भएको छ ।

३१. **लक्ष्य प्रगति -** निर्देशनालयबाट प्राप्त विवरणअनुसार २०७४ माघ मसान्तसम्मको अद्यावधिक भौतिक प्रगतिको स्थिति निम्नानुसार रहेको छ ।

मुख्य कार्य	शुरु लक्ष्य	प्रगति	प्रगति प्रतिशत
वितरण सञ्जाल सुधार प्याकेज (१–४ सम्म)	७६५ कि.मि.	६५७ कि.मि.	८५.८८
पानी पोखरी ट्यांकी निर्माण प्याकेज (१–४ सम्म)	३००० देखि ९५०० घ.मी को ९ ट्यांकी	९ कार्य	८४
थोक वितरण प्रणाली विस्तार प्याकेज (१–४ सम्म)	६०.६० कि.मि.	५४ कि.मि.	८९

उपर्युक्त विवरणअनुसार लक्ष्य बमोजिम प्रगति भएको नदेखिएकोले काठमाडौँ उपत्यकामा पानी वितरण गर्न थप प्रयत्न गर्नुपर्ने देखिन्छ ।

३२. **डीप ट्युबवेल -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(६) मा समयमै निर्धारित कार्यक्रम अनुसार मालसामानको उपलब्धि तथा प्राविधिक एवं प्रशासकीय व्यवस्था मिलाई कार्य सम्पादन गर्नु योजना प्रमुखको कर्तव्य हुने उल्लेख छ । वाग्मती कोरिडोर क्षेत्रमा ११ सहित २० डीप ट्यूबवेल निर्माण कार्य ६ सेप्टेम्बर २०१४ मा सम्पन्न गर्ने गरी ७ जुलाई २०१३ मा एक निर्माण व्यवसायीसँग निर्देशनालयले मूल्य अभिवृद्धि कर बाहेक रु.२५ करोड ९६ लाखमा सम्झौता गरेकोमा छैटौँ पटक १९ डिसेम्बर २०१७ सम्म म्याद थप गरी १० औं बिलसम्म रु.१२ करोड ९ लाख भुक्तानी भएको छ । स्थानीय बासिन्दा तथा वाग्मती सभ्यता समितिसँगको असमझदारीले गर्दा निर्माण हुन नसकी प्राविधिक समितिको निर्णयअनुसार अन्यत्र माग भएको ठाउँमा कार्य गरेको पाइयो । हाल १७ डीप ट्यूबवेल निर्माण गर्ने निर्णय गरी ७ ठाउँमा सम्पन्न गरेकोमा हस्तान्तरण भएको छैन । बोडे दुई र टोखा दुई ठाउँमा विवाद आएको, थानकोटको दुई स्थान निर्देशनालयको क्षेत्रभित्र नपरेकोले क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय काठमाडौँलाई हस्तान्तरण गरेको छ । थानकोट १, सुनकोठी, मैत्रीनगरमा पानीको मात्रा कम फेला परेको जनाई साइट रद्द गरेको छ । इमाडोलको साइटमा पानी जम्ने समस्या देखिएको भनी निर्माण कार्य गरेको पाइएन । चपली र वाग्मतीको ३ स्थानमा ड्रिलिङ गर्ने कार्य बाँकी नै रहेको छ । तसर्थ यसको दिगोपन तथा उपयोग सम्बन्धमा लाभ-लागत विश्लेषण गरी योजना कार्यान्वयन गरिनुपर्दछ ।

३३. **पाइप क्षति -** सडक विभाग, काठमाडौँ महानगरपालिका, वाग्मती सभ्यता, चक्रपथ सुधार निर्माण आयोजना, टेलिकम, एनसेल तथा च:मती लेन्डपुलिंग प्रोजेक्टले कार्य गर्दा यस आयोजनाको रु. २ करोड ४९ लाख लागतको १० हजार २०२ मिटर बिछ्याइएको पाइप क्षति गरेको देखियो । पाइप लेइङ्ग डिजाइन गर्दा नै सम्भावित जोखिम पहिचान नगरेको र पाइपको काम गर्दा समन्वय तथा सुपरिवेक्षणको अभाव रहेको कारण क्षति व्यहोर्नु परेको देखिन्छ । जोखिमलाई ध्यान नदिई डिजाइन ड्राइङ गर्ने सम्बन्धित निकायबीच समन्वय नगरी निर्माण कार्य गर्ने जिम्मेवार पदाधिकारी र परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

३४. **आइटम हटाएको -** लागत अनुमान तथा बिल अफ क्वान्टिटीमा समावेश गरी खरिद सम्झौता भएकोमा सम्झौता कार्यान्वयनको क्रममा आवश्यक नपर्ने भनी हटाएको विभिन्न साइजको डिआई पाइप ९ हजार ९४६ र एचडीपीई पाइप ३६ हजार ६१२ रनिङ मिटर रहेको छ । हटाइएको आइटममध्ये २६ हजार ७३६ रनिङ मिटरको मूल्य रु.५ करोड ६४ लाख रहेको छ । बाँकी पाइप १९ हजार ८२२ रनिङ मिटर सोही प्याकेजको अन्य ठाँउको काममा प्रयोग गरेको उल्लेख गरेकोमा सोको प्रमाण पेस भएन । ठूलो परिमाणमा यस प्याकेज ठेक्काको लागि खरिद भएको पाइप काम नलाग्ने हुनु भनेको सर्भे डिजाइन गलत भएको एवं परामर्शदाताको काममा लापरबाही रहेको, रोजगारदाताको समेत सक्षमता नभएको तथा परामर्शदातामा अत्यधिक निर्भरता रहेको देखिन्छ । त्रुटिपूर्ण डिजाइन इष्टिमेट गर्ने तथा पाइप खरिद एवं भुक्तानी गर्न सिफारिस गर्ने परामर्शदातालाई जिम्मेवार बनाईनुपर्दछ । खरिद भएको पाइपको जिन्सी दाखिला गरी प्रयोग भएको प्रमाण पेस हुनुपर्दछ ।

३५. **ऋण सम्झौता -** ऋण सम्झौतानुसार एसियाली विकास बैङ्क र यस निर्देशनालयबीच ऋण नं. ३२५५ को विभिन्न ठेक्काको भुक्तानी दिँदा अमेरिकी डलरको अंश ६२ प्रतिशत र नेपाली मुद्राको अंश ३८ प्रतिशत हुने कुरा ऋण सम्झौताको अनुसूची ३ मा व्यवस्था छ । निर्देशनालयले अनुसूचीमा अमेरिकी डलरको अंश ७० प्रतिशत र नेपाली मुद्राको अंश ३० प्रतिशत हुने व्यवस्था गरेको छ । थोक वितरण प्रशारण लाइन र पानी पोखरी निर्माण कार्य २२ डिसेम्बर २०१७ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २३ डिसेम्बर २०१५ मा रु.१ अर्ब ८८ करोड १७ लाखको सम्झौता गरेको छ । उक्त सम्झौतामा यसरी डलरको अनुपात बढाई सम्झौता गरेको कारण आयोजनाले डलर खरिद गरी भुक्तानी दिनु परेको रु. १७ लाख थप व्ययभार पर्न गएको छ । ऋण सम्झौताबमोजिम खरिद सम्झौता गर्नुपर्दछ ।

३६. **ढल निर्माण -** काठमाडौँ उपत्यकाभित्रका नदी तथा खोला किनारहरुमा ३६.६७ कि.मि. इन्टरसेप्टर ढल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २७ मार्च २०१६ मा दुई वर्षभित्र सम्पन्न गर्ने गरी मूल्य अभिवृद्धि कर सहित रु.६९ करोड ६० लाखमा सम्झौता भएको छ । सो कार्य २१ फेब्रुअरी २०१४ मा नियुक्त भएका परामर्शदाताले उपत्यकाभित्रका नदी तथा खोला किनारमा ३६.६७ कि.मि. इन्टरसेप्टर ढल निर्माण कार्य गर्ने

लक्ष्यअनुसार वाग्मती, विष्णुमती, धोबिखोला, हनुमन्ते, मनोहरा, टुकुचा, बल्खु र गोदावरी नदी तथा खोलाहरुमा अध्ययन गरेको पाइयो । परामर्शदाताले संशोधनसहितको बिडिङ डकुमेन्टको अन्तिम ड्राइङ डिजाइन, बोलपत्र कागजात तथा लागत अनुमानसहितको प्रतिवेदन १४ मे २०१५ मा निर्देशनालयमा पेस गरेको देखिन्छ । परामर्शदाताले ढिलो गरी प्रतिवेदन दिएको कारण खरिद सम्झौतामा ढिलाई हुन गई २०७३।७४ सम्ममा सो कार्यको भौतिक तथा वित्तीय प्रगति क्रमशः २२.५७ प्रतिशत र ११.९१ प्रतिशत रहेको छ । सम्झौताअनुसारको काम समयमै सम्पन्न गर्ने सम्भावना देखिदैन । मेलम्ची खानेपानी समितिले आपूर्ति गर्ने दैनिक १७ करोड लिटर पानीको प्रयोगपश्चात् सोको व्यवस्थापनका लागि निर्माण गर्न लागिएको इन्टरसेप्टर ढल निर्माण कार्यमा ढिलाई हुँदा फोहोर पानी जम्ने र नदीहरुमा मिसिन गई प्रदूषण बढ्ने देखिन्छ ।

३७. **वातावरण र सुरक्षा -** निर्माण कार्य गर्दा वातावरण र सामाजिक सुरक्षा सूचकको पालना गरिनुपर्दछ । खानेपानी पाइप बिछ्याउने कार्य गर्दा वातावरण र सामाजिक सुरक्षा कार्यमा पर्ने असर सम्बन्धमा सुझाव दिन नियुक्त परामर्शदाताले जुन २०१७ मा दिएको प्रतिवेदनमा ५ विषयअन्तर्गत २४ सूचकाङ्कअनुसारको काम हुनुपर्ने उल्लेख छ । सवारीसाधनको लागि वैकल्पिक बाटोसहित प्रष्ट देखिने साइन बोर्डको व्यवस्था नगरेको, कालोपत्र भएको र नभएको सडकमा वितरण सञ्जाल कार्यको लागि कडा खालको बारको व्यवस्था नभएको, कम्तीमा ४ फिट उचाईको मेटल पोष्ट र तीन तहको प्लाष्टिक डोरी नराखिएको, कामदारले व्यक्तिगत सुरक्षाको उपकरण नलगाई काम गरेको, काम भइरहेको क्षेत्र वरपर हिलो धूलो, गिट्टी, खनेको माटोलाई तुरुन्त उठाई बाटो सफा राख्ने काम नभएको, सडकमा पाइप बिच्छ्याएपछि सो क्षेत्र सफा र पुरानै स्थितिमा फर्काउन कम्प्याक्सन नगरेको लगायत २४ सूचकाङ्कको पूर्ण पालना गरेको देखिदैन । काठमाडौँ उपत्यकामा धूलो धूवाँ, यातायात आवागमन अवरोध, जनगुनासो, सञ्चार माध्यममा छापिएको समाचार र नागरिकले भोगेको दुःख कष्टलाई आधार मान्दा उपर्युक्त विश्लेषण तथ्यमा आधारित देखिएन । अतः निर्माण कार्य गर्दा वातावरण र जनस्वास्थ्य एवं सुरक्षामा ध्यान दिनुपर्ने देखिन्छ । यस सम्बन्धमा आयोजना निर्देशनालयका सम्बन्धित पदाधिकारीहरु एवं परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

३८. **सुरक्षा व्यवस्था –** निर्माण कार्य गर्दा वातावरण तथा सामाजिक सुरक्षा सूचक, स्वास्थ्य र सुरक्षासम्बन्धी कार्य प्रक्रिया र सुरक्षा सावधानीसम्बन्धी कन्ट्रक्सन मेथोडोलोजी, २०१४ को बुँदा नं.९ को मेथोडोलोजी अफ कन्स्ट्रक्सन फर पाइप लेइङ अन्तर्गत स्ट्यान्डर्ड वर्क प्रोसिडुयर फर पाइप लेइङका १० बुँदाको पालना गर्नुपर्ने उल्लेख छ । एक निर्माण व्यवसायीले थोक वितरण प्रणालीको पाइप बिछ्याउने क्रममा १४ जून २०१७ मा कलंकी चोकबाट उत्तर स्वयंम्भूचोकबाट दक्षिण रिङ्गरोडमा पाइपले किचेर ३ कामदारको मृत्यु भएको देखिन्छ । खरिद सम्झौतामा भएको सुरक्षण उपाय एवं करार शर्त मुताविक सुरक्षा सावधानी नअपनाएको कारण उक्त दुर्घटना भएको देखिन्छ । पाइप लेइङ गर्दा प्राविधिक सुरक्षाको विषयको पालना गरी कार्य गरिनुपर्दछ ।

३९. **वायु प्रदूषण -** नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले वायु प्रदूषणका कारण अनेकौ रोग निम्तिने, २.५ माइक्रोनको धूलोको कण मानव स्वास्थ्यको लागि सबैभन्दा हानिकारक रहने र वार्षिक ३५ हजार मानिसको मृत्यु वायु प्रदूषणको कारणबाट हुने गरेको तथ्य सार्वजनिक गरेको छ । थोक वितरण प्रणाली ४ तथा ३ वितरण सञ्जाल कार्यअन्तर्गत पाइप बिछ्याउने कार्य २७२ कि.मि. गरेकोमा सो कार्य गर्दा केही स्थानमा मात्र अस्थायी पिच गरेको, स्थायी पिच ३३ कि.मि. मात्र गरी २३९ कि.मि. गर्न बाँकी रहेको देखिँदा सर्वसाधारण तथा सवारी आवतजावतमा समस्या परेको तथा धूलो धूवाँका कारणले वायु प्रदूषण भई सर्वसाधारणको स्वास्थ्यमा असर परेको छ ।

वितरण सञ्जाल कार्यको लागि चाबहिल गौशाला, रातोपुल, पानीपोखरी, लैनचौरसम्म ३.६२ कि.मि., पुरानो बानेश्वर, सिनामंगल भत्केको पुल, बालाजु बाइपास, बालाजु विष्णुमती, विष्णुमती पुलदेखि चःमती नयाँपुलसम्म ३.४ कि.मि., विष्णुमती पुल डल्लुदेखि शोभाभगवतीसम्म ०.३५ कि.मि. गरी ७.३७ कि.मि.मा सडकको बीचमा पाइप बिछ्याएको छ । यस्तै थोक वितरण प्रणालीअन्तर्गत चाबहिल चुच्चेपाटी गौशाला, धोबीखोला, नारायणगोपालचोक बाँसबारी क्षेत्रमा जम्मा ३.३३९ कि.मि., तीनकुने कोटेश्वर ०.५२५ कि.मि., केशरमहल रत्नपार्क, गौशाला पुरानो बानेश्वर थापाथली एकान्तकुनासम्म ४.१४ कि.मि., सीता पेट्रोल पम्पदेखि कीर्तिपुर, गोकर्णदेखि टिगनी कटुञ्जेसम्म जम्मा ९.०७ कि.मि. सडकको बीचमा पाइप बिछ्याएको पाइयो । सडकको बीचमा पाइप बिछ्याउँदा सवारीसाधन अवरोध तथा धूलो धूवाँबाट जनजीवनमा असर परेको देखिएको छ ।

४०. **निर्माणमा कमजोरी -** आयोजनाले सञ्चालन गरेका विभिन्न निर्माण कार्यको ठेक्का बन्दोबस्त गर्दा कामको प्रकृति, जनसाधारणको अपेक्षा, यातायातलाई अवरोध नहुने, मितव्ययी एवं प्रभावकारी कार्य सम्पादन गर्न आवश्यक समन्वयात्मक प्रणाली अपनाउनुपर्नेमा सोअनुसार भएको देखिएन । सडक दायाँ बायाँ पाइप बिछ्याउने कार्य पुल्चोकदेखि ग्वार्कोसम्म, हनुमानढोका काष्ठमण्डपबाट भीमसेनस्थान परोपकार सडकसम्म पुरानो बानेश्वरदेखि नयाँ बानेश्वरसम्म एक सडकको दुई साइडको काम गर्न साइडअनुसार अलग अलग प्याकेज बनाई अलग अलग निर्माण व्यवसायीबाट काम गराएको छ । त्यसैगरी खुमलटार ढोलाहिटी सडकको एक साइड र अर्को साइडको काम अलग निर्माण व्यवसायीबाट गराएको पाइयो । ललितपुर मंगलबजार क्षेत्रमा एक साइड पाइप लेइङ गरेको र अर्को साइड लेइङ गर्न बाँकी रहेको देखियो ।

फरक फरक समयमा सडकको दुई साइडमा पाइप बिछ्याउने गरी ठेक्का व्यवस्थापन गरेका कारण दुई पटक धूवाँ धूलोको सास्ती तथा सवारी आवगमनमा अवरोध पुगेको देखियो । कुनै एक स्थानमा काम गर्न एउटै प्याकेज बनाई काम गराउन सक्ने विकल्प रहँदा पनि एकै स्थानमा प्याकेज बनाई अलग-अलग निर्माण व्यवसायीबाट कार्य गराएको देखियो । सहज हुने गरी तथा समन्वय नगरी ठेक्का व्यवस्थापन गर्ने गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

सातदोबाटो एन्फा कम्प्लेक्समा वितरण सञ्जाल पाइप खन्ने पुर्ने काम गरेको र केही समयपछि थोक वितरण प्रणालीको पाइप सोही ठाउँमा खन्ने पुर्ने गरेकोले खन्ने पुर्ने एकै स्थानमा दुई पटक काम गरी दोहोरो भुक्तानी गर्नु परेको तथा नागरिकले कठिनाइ भोग्नु परेको छ । उल्लिखित दुवै कार्य एउटै प्याकेजमा गर्न सकिनेतर्फ ध्यान पुगेको देखिएन ।

४१. **नदीमुनि पाइप -** महांकालबाट चपलीसम्मको खानेपानी पाइप बिछ्याउँदा गोपीकृष्ण फिल्म हल छेउको धोबीखोला क्रसिङ गर्दा खोलामुनि र भी.एस. निकेतन स्कूल अगाडिको वाग्मती नदीमा पनि क्रसिङ गर्दा नदीमुनि लेइङ गरेको छ । पिउने पानीमा खोलाको फोहोर पानी मिश्रण हुन सक्ने जोखिम तथा वर्षात्को बेला बाढी आई क्षति पुऱ्याउन सक्नेतर्फ जोखिम विश्लेषण गरेको पाइएन । यस्तो संरचना निर्माणमा भएको अभ्याससहितको विश्लेषण गरी पिउने पानीको शुद्धता एवं गुणस्तरियता कायम राख्नेतर्फ ध्यान जानुपर्दछ ।

४२. **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) मा खरिद सम्झौताअनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा करारका शर्तबमोजिम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयले वितरण प्रणाली सुधारतर्फ नगरपालिका स्तरीय सडकको पुनःस्थापना कार्यका लागि एक निर्माण व्यवसायीसँग भएको सम्झौताबमोजिम निर्माण कार्यमा संलग्न जनशक्ति, निर्माण सामग्री तथा उपकरणको बीमाबापत रु.८८ लाख भुक्तानी दिनुपर्नेमा रु.१ करोड १० लाख दिएकोले बढी भुक्तानी भएको रु.२२ लाख असुल हुनुपर्दछ ।

अन्य संस्था समिति

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड

साबिकमा खानेपानी संस्थानले खानेपानी सेवा महसुल निर्धारण र खानेपानी सेवा सञ्चालनको भौतिक सम्पत्तिको जिम्मेवारी लिने संस्थाको रुपमा काम गर्दै आएकोमा एकै निकायले ३ प्रकृतिको कार्य गर्नु नियन्त्रणात्मक एवं प्रभावकारी नहुने भएकोले सेवा प्रदायकको रुपमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड, महसुल निर्धारणको लागि महसुल निर्धारण आयोग र खानेपानी सेवा सञ्चालनमा प्रयुक्त सम्पत्ति र दायित्वको जिम्मेवारी लिने निकायको रुपमा २०६३।६।२७ मा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (भ्याली बोर्ड) को स्थापना भएको देखिन्छ ।

४३. **स्थिर सम्पत्ति -** बोर्ड र काठमाडौं उपत्यका खानेपानी लिमिटेडबीच २०६४ माघ २० मा भएको सम्झौता बमोजिम नेपाल खानेपानी संस्थानको स्वामित्वमा रहेका जग्गा तथा सोमा निर्मित सम्पत्तिमध्ये संस्थानको नाममा जग्गाधनी प्रमाणपुर्जा भएका र जग्गाधनी प्रमाणपुर्जा लिने क्रममा भएका जग्गा तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रालयले सम्बन्धित मालपोत कार्यालयलाई सिफारिस गरी बोर्डको नाममा नामसारी गनुपर्ने प्रावधान भए तापनि हालसम्म सम्पूर्ण जग्गा बोर्डको नाममा नामसारी भएर आएको पाइएन । उपभोगमा रहेका सम्पत्तिमध्ये बोर्डको नाममा सम्पत्ति हस्तान्तरण भएका र नभएका सम्पत्तिको अद्यावधिक सम्पत्ति रजिष्टर नभएकाले बोर्डको स्वामित्वमा सम्पत्ति यकिन नहुँदा काठमाडौं उपत्यका खानेपानी

लिमिटेडबाट पाउनुपर्ने लीज आम्दानी प्राप्त हुन सकेको छैन । नेपाल सरकारको २०६४।६।१३ को निर्णयानुसार नेपाल खानेपानी संस्थानको स्वामित्वमा रहेका तथा हस्तान्तरित सम्पत्तिमध्ये २१० रोपनी २ आना ३ पैसा क्षेत्रफल जग्गाको लालपुर्जा बोर्डको स्वामित्वमा आएको देखिँदैन ।

४४. **असामी -** गत वर्षसम्मको असामी रु ६८ करोड ७६ लाख रहेकोमा यो वर्ष रु.१ करोड १ लाख असुल भएको तथा रु.२४ लाख ८९ हजार अपलेखन गरी २०७४ असार मसान्तमा अन्तिम मौज्दात रु.६७ करोड २४ लाख रहेको छ । उक्त रकम कुन ग्राहकबाट उठाउन बाँकी रहेको हो सोको अद्यावधिक अभिलेख राखेको पाइएन ।।

४५. **निर्देशनको पालना -** ऋणका रुपमा रु.७२ करोड २९ लाख लेखाङ्कन गर्न अर्थ मन्त्रालयको निर्देशन प्राप्त भए तापनि सो रकम लेखाङ्कन गरेको छैन । साथै सो रकमबाट सिर्जित सम्पत्ति र ऋणको प्रयोजन यकिन हुन सकेको छैन ।

४६. **सञ्चालनको तयारी -** खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ७ को उपदफा ५ मा मेलम्ची खानेपानी आयोजना सम्पन्न भएको एक वर्षभित्र यस बोर्डमा हस्तान्तरण हुने र हस्तान्तरण भएपछि मर्मत, सम्भार, विस्तार गर्ने दायित्व बोर्डको हुने उल्लेख छ । मेलम्चीको पानी काठमाडौँ उपत्यकामा आएपछि सेवा प्रदायकको रुपमा काठमाडौँ उपत्यका खानेपानी लिमिटेडले सञ्चालन गर्ने गरी ३० वर्षको लिज लाइसेन्स कन्ट्याक्ट भएकोमा १० वर्ष समाप्त भई २० वर्ष बाँकी रहेको छ । सुरुङको पानी सञ्चालन गर्ने प्राविधिक जनशक्ति तयार गरेको पाइएन । संम्झौता भएपछि सञ्चालनको लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति तयार गर्न ट्रिटमेन्ट प्लान्ट सञ्चालनका लागि भ्याली बोर्ड र काठमाडौँ उपत्यका खानेपानी लिमिटेडबाट १५ कर्मचारीलाई नयाँदिल्ली, भारत पठाउने तयारी भएको छ । मेलम्चीको पानी काठमाडौँमा आएपछि सञ्चालन गर्न हालसम्म बोलपत्र नभएको, आवश्यक उपकरणको व्यवस्था नभएको र दक्ष जनशक्तिको समेत व्यवस्था गरेको नदेखिएकोले पानी वितरण प्रणाली सञ्चालनमा समस्या आउने देखिन्छ ।

४७. **भूमिगत स्रोतको पानी -** काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ को दफा ७ को उपदफा ८(ग) मा बोर्डलाई आफ्नो भौगोलिक क्षेत्रभित्र भूमिगत स्रोतबाट पानी निकाल्ने र उपयोग गर्ने कार्यलाई नियमित नियन्त्रण वा निषेध गर्ने तथा आवश्यकताअनुसार त्यस्तो पानी निकाल्न वा उपयोग गर्न अनुमति प्रदान गर्न सक्ने उल्लेख छ । भ्याली बोर्डबाट हालसम्म ४२१ डीप बोरिङको लागि अनुमति लिएको तथ्याङ्क रहेको छ । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय काठमाडौँ, ललितपुर, भक्तपुर र खानेपानी तथा ढल निकास विभागले सञ्चालन गरेको खानेपानी आयोजनाहरुमध्ये डीप बोरिङ गरिएका योजनाको अभिलेख राखेको छैन । डीप बोरिङ गर्नुपूर्व उपत्यकाका कार्यालयहरुले अनुमति लिने गरेको पाइएन । खानेपानी तथा ढल निकास विभागका महानिर्देशक नै व्यवस्थापन बोर्डको अध्यक्ष रहेको अवस्थामा डीप बोरिङको लागि पूर्वस्वीकृति लिनुपर्ने ऐन नियम एवं निर्देशिकाको व्यवस्था कार्यान्वयन गरेको पाइएन । भ्याली बोर्डले काठमाडौँ उपत्यकामा सञ्चालनमा रहेका डीप बोरिङको तथ्याङ्क अद्यावधिक गरी राख्नुपर्दछ ।

४८. **ट्यांकरको पानी -** खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ तथा काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड नियमावली, २०६४ ले दिएको अधिकारबमोजिम काठमाडौँ उपत्यका खानेपानी व्यवस्थापन बोर्डबाट २०७३।९।६ मा ट्यांकर व्यवसाय सेवा सञ्चालनसम्बन्धी निर्देशिका, २०७३ स्वीकृत गरेकोमा २०७४।१।५ मा ३ पानी ट्यांकर व्यवसायी दर्ता भएको देखिन्छ । उक्त निर्देशिकामा ट्यांकर व्यवसायीको सेवा सञ्चालनमा स्तरीकरण गर्ने, अनिवार्य दर्ता गर्नुपर्ने, ट्यांकर व्यवसायीले ट्यांकरमा पिउनयोग्य पानीको लागि नीलो रंगको, घरायसी प्रयोजनको लागि हरियो रंगको र पिउन योग्य बाहेक अन्य प्रयोजनको लागि पहेलो रंगको स्टिकर टाँस गर्नुपर्ने र अनुमति लिएको मितिले ६ महिनाभित्र अनिवार्य रुपमा पानीको स्तर खुल्ने गरी रंगरोगन गराउनुपर्ने व्यवस्था छ । काठमाडौँ उपत्यकामा करिब ५०० खानेपानी ट्यांकर सञ्चालनमा रहे तापनि सोको स्पष्ट अभिलेख राखेको देखिएन । तीमध्ये २६७ ले अनुमतिपत्रसहित स्टिकर लिएको र १५६ ले अनुमति लिनको लागि राजस्व दाखिला गरेको देखिन्छ । त्यसैले सबै ट्यांकरलाई नियमको दायरामा ल्याउनुपर्दछ ।

ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति

परम्परागत खानेपानी आपूर्ति तथा वितरण प्रणालीमा आधारभूत परिवर्तन ल्याई मागमा आधारित तथा सहभागितामूलक विकास अवधारणालाई समाहित गरी ग्रामीण जनतालाई सुरक्षित खानेपानी तथा सरसफाइ सुविधा

उपलब्ध गराउने उद्देश्यले २०५२ मा ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको स्थापना भएको देखिन्छ । विश्व बैङ्कसँगको ऋण सम्झौताअनुसार ५५ जिल्लामा कार्यक्रम सञ्चालन गर्दै आएको यस समितिको अवधि ३० जून २०२० सम्म हुने र यसका लागि रु.९ अर्ब लागत लाग्ने उल्लेख छ ।

४९. **योजना कार्यान्वयन -** ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समितिको नियम, २०६० को उपनियम ४६(३) मा त्रिपक्षीय सम्झौताको अधीनमा रही सम्झौताअनुसार १० महिनामा आयोजनाको कार्यान्वयनका चरणको काम सम्पन्न गर्नुपर्ने र त्रिपक्षीय सम्झौताको दफा ११.१ बमोजिम आयोजना कार्यान्वयनसम्बन्धी सम्झौता भैसकेपछि शर्तबमोजिमका व्यहोरा पालना नगरेमा सम्झौताको अन्त्य गर्ने उल्लेख छ । नवौँ समूहका ४२४ योजनामध्ये ३१६ योजनाको निर्माण कार्य सम्पन्न भई बाँकी १०८ योजनाको काम २०७३।७४ सम्मपनि अधुरै रहेको छ । समितिले सन् २०१७ सम्म १ हजार १२४ योजनाको सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्नेमा ३५३ योजना मात्र सम्पन्न भएकोले ३१.४० प्रतिशतमात्र प्रगति भएको छ । प्रगति स्थिति उत्साहजनक नदेखिएकोले सुधार हुनुपर्दछ ।

५०. **संस्था छनौट -** समितिका अनुसार दशौं ब्याच अन्तर्गतका खानेपानी आयोजनाहरु सञ्चालन गर्नका लागि १०७ सहयोगी संस्थासँग ८ महिनाभित्र विकास चरणका सम्पूर्ण कार्यहरु सम्पन्न गर्न २०७२।७३ को जेठ र आषाढ महिनामा रु.५५ करोड ६१ लाखमा सम्झौता भएको देखिन्छ । सम्झौतामा तोकिएको अवधिमा विकास चरणका सम्पूर्ण कार्य अनिवार्य सम्पन्न गर्नुपर्ने र विकास चरणका कार्य सम्पन्न गरेपछि मात्र उक्त योजना कार्यान्वयन चरणमा प्रवेश पाउने उल्लेख छ । उल्लिखित मध्ये २०७४ आषाढ मसान्तसम्म रु.५४ करोड ५० लाख भुक्तानी भएको छ । तोकिएको समयभित्र गर्नुपर्ने उल्लिखित कार्य हुन सकेको छैन । ८७ सहयोगी संस्थाको तेश्रो किस्ता र २० संस्थाको दोस्रो किस्तासम्मको रकम भुक्तानी भएकोमा विकास चरणको बाँकी कार्य यथाशीघ्र सम्पन्न गरी कार्यान्वयन चरणको कार्य निर्धारित समयमा सम्पन्न गराउनुपर्दछ ।

५१. **म्याद थप -** समितिको नियम, २०६० को उप नियम ४६(३) मा आयोजना कार्यान्वयनसम्बन्धी सम्झौता भैसकेपछि काम सन्तोषजक नभएको तथा सम्झौताका शर्तहरुको पालना नभएकोमा कारबाही गर्न सक्ने, सम्झौताको अन्त्य गर्ने वा सहयोगी संस्था वा खानेपानी तथा सरसफाइ उपभोक्ता समूह र सहयोगी संस्थालाई गरिने भुक्तानी रोक्का गर्न सक्ने व्यवस्था छ । नवौँ समूहका क्रमागत २११ खानेपानी आयोजनामध्ये २०७४ आषाढ मसान्तसम्म १७८ आयोजना सम्पन्न भई ३३ आयोजनाको शुरु सम्झौता २०११ देखि २०१५ सम्म भएकोमा काम अधुरो रहेको छ । उक्त अधुरा आयोजनाको लागि समितिले व्यहोर्ने रु.११ करोड ८६ लाखमध्ये २०७४ आषाढ मसान्तसम्म रु.६ करोड ५ लाख भुक्तानी गरेको छ । तोकिएको समयमा कार्य सम्पन्न गर्ने गराउने व्यवस्था मिलाउनुपर्दछ ।

५२. **स्थगित योजना -** नवौँ ब्याचअन्तर्गत समितिले रु.६ करोड ७८ लाख खर्च व्यहोर्ने गरी सम्झौता भएका २८ योजना समुदायको विवाद, स्रोतको अपर्याप्तता आदि कारण देखाई स्थगित भएको देखिन्छ । उक्त योजनाको लागि समितिले यो वर्ष रु.१ करोड १९ लाखसमेत हालसम्म रु.३ करोड ९० लाख भुक्तानी गरेको छ । स्थगित भएका योजनामा समितिले विगत वर्षमा उपलब्ध गराएको रु.२ करोड ७१ लाखमध्ये रु.१ करोड ५५ लाख फिर्ता प्राप्त गरेको छ । आर्थिक वर्ष २०७३।७४ सम्म समितिले रु.१ करोड ७१ लाख खर्च व्यहोर्ने उल्लेख भएका ९ योजना स्थगित गरेको र ती योजनाको लागि रु.१ करोड १९ लाख उपलब्ध गराएकोमा उक्त रकम फिर्ता भएको छैन । स्थगित योजनामा खर्च नभै बाँकी रकम यकिन गरी फिर्ता प्राप्त गर्नुपर्दछ । योजना छनौट गर्दा पर्याप्त ध्यान नपुऱ्याएको कारण योजना स्थगित गर्नु परेको देखिन्छ । लागत, लाभ र जोखिम विश्लेषण गरी योजना छनौट गर्नुपर्दछ ।

५३. **लेखापरीक्षण -** समितिको कार्यक्रम कार्यान्वयन दिग्दर्शनको बुँदा नं. ९.२ मा कार्यकारी निर्देशकले लेखापरीक्षक नियुक्ति गरी सहयोगी संस्था र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको एकल तथा संयुक्त खाताको लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । समितिबाट प्राप्त विवरणमा नवौँ ब्याचका ५४४ योजनामा भुक्तानी भएको रु.८२ करोड ६७ लाखको लेखापरीक्षण गर्न लेखापरीक्षक नियुक्ति भएकोमा १३३ योजनाको लेखापरीक्षण भैसकेको र बाँकी योजनाको लेखापरीक्षण भइरहेको उल्लेख छ । त्यसैगरी दशौं ब्याचका योजनामा रु.५४ करोड ५० लाख भुक्तानी भएकोमा लेखापरीक्षण हुन बाँकी रहेको छ ।

- **अनुगमन -** गत विगतका प्रतिबेदनमा उल्लेख भएका खानेपानीको मुहान विवाद, पाइप मौज्दात तथा पाइप घटी जडान, नपाउने अतिरिक्त पेस्की भुक्तानी, दाबी भुक्तानी, पेस्की नकटाई मूल्य समायोजन भुक्तानी, पटक पटक म्याद थपलगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको देखिँदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ ८३ निकायमा रु.८ अर्ब २२ करोड १५ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ४७ करोड १४ लाख फछ्र्यौंट गरेकोले रु.५ अर्ब ७५ करोड १ लाख बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.२ अर्ब ६१ करोड ३७ लाख पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - समिति २ मा रु.३ करोड ७९ लाख बेरुजू बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

गृह मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा आन्तरिक सुरक्षासम्बन्धी नीति तर्जुमा, शान्ति, सुव्यवस्था, हातहतियार तथा खरखजानाको इजाजत तथा नियन्त्रण, विस्फोटक पदार्थ नियन्त्रण, विदेशी नागरिकको नियमन तथा नियन्त्रण, नागरिकता वितरण, विपद् व्यवस्थापन, अध्यागमन व्यवस्थापन, राष्ट्रिय परिचयपत्र व्यवस्थापन, लागू औषध नियन्त्रण तथा प्रशासन, सीमास्तम्भको सुरक्षा, सीमा प्रशासन, गृह प्रशासन, राष्ट्रिय, अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क, संगठित अपराध नियन्त्रणजस्ता कार्य र अन्य मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय समेत रहेका छन् । मन्त्रालयसमेत ८८४ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतको यो वर्ष विनियोजन रु.५८ अर्ब ८३ करोड ५ लाख, राजस्व रु.५ अर्ब २१ करोड १३ लाख, धरौटी रु.१ अर्ब १४ करोड ९५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा आपूर्ति मन्त्रालय, शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, निर्वाचन आयोग, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र परराष्ट्र मन्त्रालयबाट प्राप्त रु.७ अर्ब ५७ करोड ८३ लाख समेत समावेश छ । मन्त्रालय मातहतका अन्य संस्था २ र समिति ७९ को रु.२४ अर्ब १० करोड ७३ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **केन्द्रीय आर्थिक विवरण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ मा मन्त्रालय अन्तर्गतको केन्द्रीय आर्थिक विवरण तयार गरी कार्तिक मसान्त भित्र महालेखापरीक्षकको कार्यालयमा पेस गर्नु पर्ने व्यवस्था छ । केन्द्रीय आर्थिक विवरण उपलब्ध गराउन २०७४।११।२१ र २०७४।११।२९ को पत्रबाट मन्त्रालयलाई अनुरोध गरिएकोमा २०७४ चैत्र २ मा मात्र उपलब्ध भएको छ । कानुनबमोजिमको कार्यसम्पादन नगर्नेलाई जिम्मेवार बनाई कारबाही गरिनुपर्दछ ।

२. **बजेट तथा कार्यक्रम -** मन्त्रालयको यो वर्षको बजेट तथा कार्यक्रममा नागरिकता वितरण पूर्णरुपमा कम्प्युटर प्रणालीबाट गरिने, मुख्य शहरहरुमा सी.सी. टिभीमार्फत आपराधिक गतिविधिहरुको निगरानी र नियन्त्रण गरिने, राजधानी प्रवेश गर्ने प्रमुख नाकालगायत सुरक्षा संवेदनशीलताका दृष्टिले महत्वपूर्ण स्थानमा भेहिकल डिजिटल चेक प्वाइन्ट स्थापना गरी सवारी आवागमनका सम्पूर्ण सूचना चौबीसै घण्टा अनुगमन गर्ने स्वचालित प्रणालीको स्थापना, विकास निर्माणका कार्यहरु सुचारु गर्न, ठूला आयोजनाको प्रबन्ध मिलाउन र व्यावसायिक सुरक्षा प्रबन्ध मिलाउनका लागि स्थानीय प्रशासन र प्रहरीलाई प्रभावकारी रुपमा परिचालन गर्ने उल्लेख छ । केही जिल्लामा नागरिकता प्रमाणपत्र कम्प्युटर प्रणालीमा अभिलेखन गर्ने बाहेक अन्य कार्य भएको पाइएन ।

यस्तै मन्त्रालयले पेस गरेको विवरणमा चालु वर्ष मन्त्रालय र जिल्ला प्रशासन कार्यालयहरुमा पावर व्याकअप तथा सूचना भण्डार व्यवस्था, सूचना प्रविधि उपकरणहरु, नागरिकताको लागि बायोमेट्रिक औठाछाप लिने मेशिन खरिद, भी.पी.एन. राउटर, ठूलो भण्डार क्षमता र द्रुत गतिको सर्भर, एच.डी. वेभ क्याम, फायरवाल, अन्य निर्माण, मन्त्रिपरिषद्का निर्णयहरु स्क्यान गरेर सफ्टवेयरमा प्रविष्ट गर्ने र मन्त्रालयमा सञ्चालन भई रहेको इन्ट्रानेटको स्तरोन्नति तथा सेवा सञ्चालन कार्यको प्रगति शून्य देखाएको छ । अन्य निकायबाट प्रगति विवरण प्राप्त भएको छैन ।

३. **वार्षिक प्रतिवेदन -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ तथा नियमावली, २०७३ को नियम ७ मा सरकारी निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको १५ दिनभित्र सो आर्थिक वर्षभरि सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम र लागतलगायतका विषय समावेश गरी वार्षिक प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था भएकोमा मन्त्रालय र अन्तर्गतका निकायबाट त्यसप्रकारको प्रतिवेदन तयार गरेको पाइएन । नियमानुसार वार्षिक प्रतिवेदन तयार गर्नुपर्दछ ।

४. **सुरक्षाकर्मी प्रयोग -** विशिष्ट व्यक्तिको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७० अनुसार मन्त्रालयस्तरीय निर्णयका आधारमा भूतपूर्व र बहालवाला सार्वजनिक पदाधिकारी तथा सुरक्षा निकायका विशिष्ट व्यक्तिलाई सुरक्षा दिन

व्यक्तिगत सुरक्षा अधिकृत खटाउने गरेको देखिन्छ । विशिष्ट व्यक्तिको तह र निजलाई उपलब्ध गराउने सुविधा सम्बन्धमा ऐन कानुनमा समावेश गरेर मात्र खर्च लेख्न सर्वोच्च अदालतले २०६८।८।२२ मा आदेश दिएको छ । उक्त आदेशबमोजिम ऐन तर्जुमा भएको छैन । सुरक्षासम्बन्धी काममा परिचालन गर्ने गरी भर्ना भएका जनशक्तिलाई विशिष्ट व्यक्तिको सुरक्षार्थ काजमा पठाई व्यक्तिगत काममा समेत प्रयोग गर्ने गरेको भन्ने सन्दर्भमा सुरक्षा बाहेकका अन्य कार्यमा प्रयोग गर्ने प्रक्रियालाई रोक्न गृहमन्त्रीबाट २०७३।३।१३ मा जारी ८४ बुंदे "गृह प्रशासन सुधार मार्गचित्र- २०७४" मा समेत उल्लेख भएको छ । सुरक्षाको खतरा मूल्याङ्कन, अवधि, सुरक्षा दिनुपर्ने पदाधिकारी, सुरक्षा चुनौती आदिको विश्लेषण गरी पूर्वविशिष्टको सुरक्षामा सुरक्षाकर्मी खटाउन ऐन तर्जुमा गर्नुपर्दछ । सुरक्षाकर्मीलाई घरायसी काममा लगाउन बन्द गरी फिर्ता गरिनु पर्दछ ।

५. **विविध खर्च -** मन्त्रिपरिषद्को २०५०।२।१३ को निर्णयमा शान्ति सुरक्षा कायम राख्ने प्रयोजनका लागि एक पटकमा प्रमुख जिल्ला अधिकारीले रु.२ हजार, गृह सचिवले रु.२० हजार, गृहमन्त्रीले रु.५० हजारसम्म र सोभन्दा बढी प्रधानमन्त्रीको स्वीकृतिमा खर्च गर्न सक्ने उल्लेख छ ।

मन्त्रिपरिषद्बाट भएको निर्णयमा एक पटकको खर्चको सीमा तोके पनि अवधि किटान गरेको छैन । राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गतका निकायले विशेष सेवा नियमावली, २०४४ अनुसार खर्च गरेको उल्लेख गरे तापनि नियमावलीले खर्च गर्ने सीमा निर्धारण नगरेको सम्बन्धमा गत विगतको प्रतिवेदनमा औँल्याइए तापनि सुधार भएको छैन । मन्त्रालय र मातहत देहायका अधिकारीबाट यो वर्ष शान्ति सुरक्षासम्बन्धी गोप्य काममा विविध खर्च शीर्षकबाट रु.२ करोड ५७ लाख खर्च भएको देखिन्छ । विगत ३ वर्षको खर्चको स्थिति देहायअनुसार छ:

(रु. लाखमा)

खर्चको आदेश दिने अधिकारी	२०७१/७२	२०७२/७३	२०७३/७४
गृहमन्त्री	४६	५९	६१
गृहसचिव	२५	२४	५३
प्रहरी महानिरीक्षक	६	८	३
सशस्त्र प्रहरी महानिरीक्षक	११	०	०
राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशक	१२९	१३७	१४०
जम्मा	**२१७**	**२२८**	**२५७**

गत वर्ष गृहमन्त्रीले रु.५९ लाख खर्च गरेकोमा यो वर्ष रु.६१ लाख खर्च गरी ३.३९ प्रतिशत, गृहसचिवले गत वर्ष रु.२४ लाख खर्च गरेकोमा यस वर्ष रु.५३ लाख खर्च गरी १२०.८३ प्रतिशत र मुख्य अनुसन्धान निर्देशकले रु.१ करोड ३७ लाख बाट रु.१ करोड ४० लाख खर्च गरी २.१९ प्रतिशत बढी खर्च गरेको पाइएको छ । प्रहरी महानिरीक्षकले गत वर्ष भन्दा ६२.५ प्रतिशत घटी खर्च गरेको र सशस्त्र प्रहरी महानिरीक्षकले उक्त कार्यमा खर्च गरेको छैन । यस्तो खर्चमा नियन्त्रण र पारदर्शिता हुनुपर्दछ ।

६. **खरिद व्यवस्थापन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्ने कार्य प्रथम चौमासिक अवधिमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । सशस्त्र प्रहरी बल प्रधान कार्यालयबाट प्राप्त विवरणअनुसार ४० खरिद सम्झौता भएकामध्ये प्रथम र दोस्रो चौमासिकमा क्रमशः २ र ५, तेस्रो चौमासिकमा ३३ र आषाढमा १८ सम्झौता गरेको देखिन्छ ।

सोही कार्यालयले कुल रु.५४ करोड ६२ लाख ४४ हजार पुँजीगत खर्च गरेकोमध्ये तेस्रो चौमासिकमा रु.३६ करोड ४८ लाख ८७ हजार (६६.८० प्रतिशत) र आषाढमा रु.३४ करोड ७८ लाख ४३ हजार (६३.६७ प्रतिशत) खर्च गरेको छ । कार्यालयको कुल खर्चमध्ये वर्षान्तमा रु.३१ करोड ९४ लाख ६४ हजार (५४.४८ प्रतिशत) पेस्की बाँकी रहेको छ । अन्तिम चौमासिक एवं आषाढ महिनामा निश्चित सीमाभित्र खर्चलाई कायम गर्नुपर्ने सरकारी नीति कार्यान्वयन भएको पाइएन । वार्षिक कार्यक्रममा उल्लिखित कार्य चालु वर्ष सम्पन्न नगरी अर्को वर्ष काम गर्ने प्रक्रियामा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

७. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । यो वर्ष मन्त्रालय र अन्तर्गतका प्रहरी प्रधान कार्यालय, सशस्त्र प्रहरी बल प्रधान कार्यालय समेत ३ निकायले रु.१ करोड ५२ लाखको निर्माण तथा मालसामान आपूर्ति कार्यलाई विभिन्न टुक्रामा विभाजन गरी प्रतिस्पर्धाबेगर सोझै खरिद गरेको छ । लागत अनुमान टुक्रा गरी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः कानुनले तोकेको समयभित्र केन्द्रीय आर्थिक विवरण तयारी, स्वीकृत कार्यविधिको पालना, आर्थिक सहायता वितरण, सुरक्षाकर्मीलाई व्यक्तिगत घरेलु काममा परिचालन, विविध खर्चको पारदर्शिता, नियमावलीअनुसार खरिद कार्य, ठेक्का सम्झौता, ट्राफिक व्यवस्थापन, अपराध नियन्त्रण कार्य, सीमा सुरक्षा, राजस्व गस्ती, राष्ट्रिय परिचयपत्र वितरण, विदेशीहरुको अद्यावधिक अभिलेख, हवाई यात्रुहरुको कम्प्युटर अभिलेख, क्षमताभन्दा बढी कैदी बन्दी, जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयको सेवाप्रवाह, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालको कल्याणकारी कोषको सञ्चालन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।

८. **आर्थिक सहायता -** राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्व र विपन्न नागरिकहरुलाई उपचार खर्च र आर्थिक सहायता वापत यो वर्ष नेपाल सरकारको निर्णयले गत वर्षको तुलनामा ७७.१६ प्रतिशत बढी अर्थात रु.२९ करोड ६ लाख ८ हजार आर्थिक सहायता वितरण भएको छ ।

नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०६८ को बुँदा १२ अनुसार राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तित्वको औषधोपचार तथा आर्थिक सहायता तोकिएको दरमा उपलब्ध गराउने, बुँदा १६ मा औषधोपचारका लागि कुनै पनि व्यक्तिलाई आर्थिक सहायता उपलब्ध नगराउने उल्लेख छ ।

बुँदा १२.१(ग) मा अधिकतम रु.५ लाखसम्म औषधि उपचार खर्चको सीमा तोकिएकोमा मन्त्रिपरिषदको निर्णयले प्रति व्यक्ति रु.१५ लाखका दरले ३ जनालाई उपचार खर्च उपलब्ध गराएको छ । स्वीकृत कार्यविधिको पालना गरी आर्थिक सहायता उपलब्ध गराउनुपर्दछ ।

९. **लेखापरीक्षणको क्रममा असुल -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार बिल भरपाईभन्दा बढी खर्च लेख्न नमिल्ने तथा प्रचलित कानुन र परिपत्रअनुसार सरकारी रकम खर्च गर्दा कानुनी व्यवस्था बाहेकका खर्च अनियमित हुने व्यवस्था छ । जिल्ला प्रशासन, इलाका प्रशासन, सीमा प्रशासन, नेपाल प्रहरीअन्तर्गतका कार्यालय, सशस्त्र प्रहरी बलअन्तर्गतका कार्यालय, कारागार कार्यालय समेत ८३ निकायबाट दरबन्दीभन्दा बढी राशन खर्च, नपाउने भ्रमण खर्च, बढी तलब खर्च, अवकाशपछिको तलब राशन खर्च, बढी ग्रेड भुक्तानी, नियमविपरीत निर्वाचन सेल गठन गरी लेखेको खर्च, दोहोरो महंगी भत्ता आदि समेतमा खर्च लेखेको रु.५ करोड ३९ लाख ७६ हजार लेखापरीक्षणका क्रममा असुल गरी राजस्व दाखिला भएको छ । यस्तो परिपाटीमा नियन्त्रण गर्ने र बढी खर्च लेख्ने उपर आवश्यक कारबाही गरिनुपर्दछ ।

जिल्ला प्रशासन कार्यालयहरु

१०. **सेवा प्रवाह** - जिल्ला प्रशासन कार्यालय जिल्लाका सबै कार्यालयको समन्वय गर्ने, विकास, निर्माण सेवा प्रवाह, शान्ति सुरक्षा, जिल्लाभित्र रहेको नेपाल सरकारको सबै सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत, नागरिक गुनासा र नेपाल सरकारले समय समयमा दिएका आदेश वा निर्देशन अनुसारका अन्य काम कारवाही र सेवा प्रवाह गर्ने कार्यालयको रुपमा स्थापना भएको हो । जिल्ला प्रशासन कार्यालयले कार्य सम्पादन गर्न स्थानीय प्रशासन ऐन, २०२८, नेपाल नागरिकता ऐन, २०६३, नागरिकता नियमावली, २०६३, नागरिकता वितरण सम्बन्धी निर्देशिका, २०६३, राहदानी ऐन, २०२४, राहदानी नियमावली, २०६७, संस्था दर्ता ऐन, २०३४, संस्था दर्ता नियमावली, २०३४, खाद्य ऐन, २०२३ लगायतमा रहेका कानुनी व्यवस्थाअनुसार जिल्ला प्रशासन कार्यालयको सेवा सञ्चालनसँग सम्बन्धित विभिन्न ऐन, नियम, निर्देशिका, परिपत्रलगायतका कानुनको प्रयोग गरी समुचित व्यवस्थापन गर्ने जिम्मेवारी हुन्छ ।

जिल्ला प्रशासन कार्यालयहरु शान्ति, सुरक्षाका अतिरिक्त बजार अनुगमन, कालो बजारी नियन्त्रण, संघ, संस्था दर्ता र नवीकरणको अनुगमन, हातहतियार अनुमतिपत्र नविकरण तथा सोको अनुगमन, सीमा क्षेत्रमा हुने अवैध कारोवार तथा अपराधजन्य क्रियाकलापको नियन्त्रण र अनुगमन, सीमास्तम्भको सुरक्षा तथा

मर्मत व्यवस्थापन, सम्भावित विपद न्यूनीकरणको लागि आवश्यक पूर्व तयारी र व्यवस्थापनको प्रभावकारी कार्यान्वयन, जिल्लाभित्रका सार्वजनिक सम्पत्ति पाटी, पौवा, धर्मशाला, मन्दिर, गुफा, गुठी सम्पदा आदिको संरक्षण, मर्मत सम्भारको व्यवस्थापन, सरकारी र सार्वजनिक जग्गाको अतिक्रमण नियन्त्रण, छाडा पशुपन्छी, चौपायाको नियन्त्रण, खाद्य वस्तुमा हुने मिसावट नियन्त्रण आदि कार्यमा सक्रिय हुनुपर्दछ । साथै जिल्ला प्रशासन कार्यालयमा सेवा प्रवाहको लागि कार्यबोझअनुसार जनशक्ति, भौतिक पूर्वाधार तथा मेसिन उपकरणहरुको पर्याप्त व्यवस्था भएको छैन । यसतर्फ मन्त्रालयको ध्यानाकर्षण हुनुपर्दछ ।

११. **भवन निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९को(३)(ख) बमोजिम निर्माण व्यवसायीले सम्झौता अनुसार भवन निर्माण नगरेको कारणबाट सो काम गर्न गराउन लाग्ने थप खर्च निजले व्यहोर्नुपर्ने तथा खरिद सम्झौतानुसार कार्य सम्पन्न नगर्ने बोलपत्रदातावाट सरकारी बाँकी सरह असुलउपर गराउने व्यवस्था छ । जिल्ला प्रशासन कार्यालय, सुर्खेतले कार्यालयको गोदाम भवन निर्माण २०७०।६।३० मा सम्पन्न गर्ने गरी रु.२ करोड ९८ लाख ५ हजारमा एक निर्माण व्यवसायीसँग २०६८।१२।३० मा सम्झौता गरेको छ । सम्झौताको म्याद २०७१।३।३० सम्म थप गरी मू.अ.कर बाहेक रु.१ करोड २६ लाख ६० हजार भुक्तानी गरेकोमा निर्माण व्यवसायीले सम्झौताको कार्य तालिकाअनुसार निर्माण कार्य नगरेकोले २०७२।८।४ मा ठेक्का तोडी २०७२।९।५ मा निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा पत्राचार गरेको देखिन्छ । कार्यालयले कार्य सम्पादन जमानतबापतको रु.१६ लाख ८४ हजार र पेस्की जमानतबापतको रु.४२ लाख ४५ हजार समेत रु.५९ लाख २९ हजार जफत गरी धरौटी खातामा राखेको छ । जफत रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१२. **अधुरो भवन -** जिल्ला प्रशासन कार्यालय, सिन्धुली, सिरहा, ललितपुर, महोत्तरी र बागलुङले ५-६ वर्ष अगाडि कार्यालय भवन निर्माण गर्न सम्झौता गरी हालसम्म रु.१२ करोड ४३ लाख ५९ हजार भुक्तानी दिएका छन् । ती भवन निर्माण कार्यमा २६.२७ देखि ६४.७८ प्रतिशतसम्म काम भएको देखिन्छ । वर्षौंसम्म भवन निर्माण नहुँदा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न गएकोले सम्बन्धित निकायको ध्यानाकृष्ट हुनुपर्दछ ।

१३. **कर्मचारी पेस्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७६(४) मा आर्थिक शाखा प्रमुखलाई पेस्की दिन नहुने उल्लेख छ । यस्तै शान्ति तथा पुनःनिर्माण मन्त्रालय, राहत तथा पुनःस्थापना इकाईको २०७३।८।१० को पत्रमा द्वन्द्वपीडित व्यक्ति र सम्बन्धितका हकदारलाई बैङ्क मार्फत भुक्तानी दिनुपर्ने उल्लेख भएकोमा जिल्ला प्रशासन कार्यालय, बाजुराले विस्थापित तथा द्वन्द्वपीडित व्यक्तिलाई आर्थिक सहायता वितरण गर्न निकासा भएको मध्ये रु.३ करोड ७३ लाख एक लेखापाललाई पेस्की उपलब्ध गराएको छ । उक्त पेस्की अद्यापि फछ्यौंट भएको छैन । यसमा छानबिन गरी पेस्की लिने दिने दुवैलाई कारवाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

१४. **सञ्चितकोष दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्त्यमा केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले प्राप्त विनियोजित रकम धरौटी खातामा जम्मा गर्न नहुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१४.१ तिलौराकोट वरिपरि रहेका पुरातात्विक महत्वका जग्गा अधिग्रहण गर्न मुआवजा वितरणको लागि प्राप्त रु.२० करोडमध्ये जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुले यो वर्ष १५ जग्गाधनीलाई रु.९ करोड ५७ लाख ८ हजार मुआवजा वितरण गरी बाँकी रु.१० करोड ४२ लाख ९३ हजार २०७४।३।२९ मा धरौटी खातामा जम्मा गरेको छ । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१४.२ जिल्ला प्रशासन कार्यालय, सुर्खेतले जग्गाको मुआवजा वितरण गर्न २०७२।७३ मा प्राप्त भएको रु.७९ लाख ९६ हजार मौज्दात राखेको छ । जग्गा अधिग्रहणको कारबाही समयमै टुङ्गो नलगाई निष्क्रिय राखेको उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१४.३ जिल्ला प्रशासन कार्यालय, रसुवाले रसुवाको टिमुरेमा निर्माणाधीन सुख्खा बन्दरगाह र चिलिमे त्रिशूली विद्युत प्रशारण लाइनमा पर्ने घर जग्गाको मुआवजा रु.५७ करोड ६८ लाख ७७ हजार वितरण गरेकोमा जग्गाको स्वामित्व प्राप्त गरेको छैन । मुआवजा वितरण गरी बाँकी रहेको रु.१ करोड ३ लाख ६१ हजार ख.६ खातामा मौज्दात रहेकोले उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१४.४ जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकले सशस्त्र द्वन्द्वमा परी मृत्यु भएका सर्वसाधारण व्यक्ति, नेपाली सेना र नेपाल प्रहरीका परिवारलाई राहत वितरण गर्न प्राप्त रकममध्ये रु.१ करोड १६ लाख २ हजार वितरण नगरी नेपाल बैङ्क लिमिटेडमा छुट्टै खाता खोली राखेकोले उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१४.५ भूकम्पपीडितलाई न्यानो कपडा वितरण गर्न प्राप्त रु.१ करोड १५ लाख ७० हजार पीडितलाई वितरण नगरी जिल्ला प्रशासन कार्यालय, गोरखाले कार्यसञ्चालन कोषमा मौज्दात राखेको छ । उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

प्रहरी प्रधान कार्यालय

नेपाल सरकारको नीति र निर्देशनअनुरुप मुलुकभित्र प्रहरी फोर्सको पुनर्गठन गर्ने, अपराध नियन्त्रण गर्ने, सुयोग्य जनशक्ति र साधनको व्यवस्था गरी शान्ति सुव्यवस्था कायम राख्ने, प्रहरी जनशक्तिको रेखदेख र नियन्त्रण गर्ने तथा प्रहरीलाई निर्देशन दिने उद्देश्यले नेपाल प्रहरीको व्यवस्था गरेको देखिन्छ ।

१५. **सेवा प्रवाह -** कार्यालयको वार्षिक प्रतिवेदनअनुसार प्रधान कार्यालय र मातहतका कार्यालय संख्या २ हजार ५०३ रहेको र स्वीकृत दरबन्दी ७२ हजार ७२९ रहेकोमा ६८ हजार ४६३ जनशक्ति कार्यरत रहेको देखिन्छ । चालु वर्ष प्रधान कार्यालय र मातहत निकायको लागि रु.३५ अर्ब ९४ करोड ७५ लाख विनियोजन भएकोमा रु.३३ अर्ब २४ करोड ७५ लाख खर्च भएको छ । कार्यालयले यो वर्ष २०७४।१।३१ र २०७४।३।१४ मा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा सरोकारवालासँग समन्वय गरेको, ट्राफिक चेक जाँचबाट रु.९४ करोड ३३ लाख ९० हजार राजस्व प्राप्त गरेको र सर्वोच्च अदालतको फैसला कार्यान्वयनमा सहयोग गरी २ हजार १०३ जना पक्राउ एवं रु.३९ करोड ३७ लाख राजस्व असुल गरेको, अपराध अनुसन्धान तथा नियन्त्रण, उच्च पदस्थ पदाधिकारीको सुरक्षा कार्य, लागू औषधको नियन्त्रण, सुरक्षा संवेदनशील क्षेत्रमा सुरक्षा गस्ती बढाउनुको साथै मुद्दा चल्ने ६३ प्रहरी कार्यालयमा केश फाइल डिजिटाइजेसन सफ्टवेयर सञ्चालनमा ल्याएको, विद्युतीय फरेन्सिक ल्याबको क्षमता अभिवृद्धि गर्न लागू औषध पत्ता लगाउने मेसिन खरिद गरेको, अपराध अनुसन्धान गर्ने १२ प्रहरी इकाईमा अनुसन्धान अन्तर्वार्ता कक्ष निर्माण गरेको, अवैध रुपमा लुकाई राखेको १ हजार ४८१ थान हतियार र गोली गठ्ठा बरामद गर्नुको साथै विभिन्न स्थानमा शान्ति सुरक्षा कायम गरेको एवं कारागारमा रहेका कैदी बन्दीको सुरक्षा गरेको, राष्ट्रिय अपराध सूचना केन्द्रको लागि डाटा सेन्टर निर्माण गरेको, २ लाख ६ हजार थान चारित्रिक प्रमाणपत्र तयार गरेको, विगतमा शुरु भएका २८ भवनको निर्माण कार्य सम्पन्न गरेको लगायतका व्यहोरा उल्लेख गरेको छ । तर वार्षिक लक्ष्य निर्धारण गरी कार्यक्रम सञ्चालनबाट गरेको प्रगति विवरण उपलब्ध गराएको छैन ।

१६. **लागत अनुमान टुक्र्याएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था गरेकोमा प्रहरी प्रधान कार्यालयले महिला ब्यारेक भवनको दोस्रो र तेस्रो तल्ला निर्माण तथा फिनिसिङ कार्यलाई दुई प्याकेजमा विभाजन गरी रु.४ करोड ९३ लाख ४५ हजार खर्च लेखेको देखियो । एउटै निर्माण कार्यको एकमुष्ट लागत अनुमान तयार नगरी टुक्रा टुक्रा लागत अनुमान स्वीकृत गरी निर्माण कार्य गराउनु उपयुक्त होइन ।

१७. **मातहत निकायको खर्च -** प्रहरी प्रधान कार्यालय मातहतका बजेट खर्च गर्ने अख्तियारी प्राप्त निकायका लागि मालसामान खरिद गरी प्रधान कार्यालयबाटै भुक्तानी दिने गरेको पाइयो । यो वर्ष मातहतका २ कार्यालयको लागि रु.२८ लाख २४ हजार मूल्यका सामान खरिद गरी सम्बन्धित कार्यालयमा पठाएको देखिन्छ । खरिद भएका सामानहरु प्रधान कार्यालयको केन्द्रीय भण्डारमा दाखिला नगरी सोझै सम्बन्धित कार्यालयमा पठाएको र सामानको स्पेसिफिकेसन, गुणस्तर र प्रयोगको सम्बन्धमा प्राविधिक प्रतिवेदन लिएको पाइएन । यस्तो प्रक्रियामा सुधार गरिनुपर्दछ ।

१८. **लेखापरीक्षण -** नेपाल सरकार र डी.एफ.आई.डी.बीच भएको सम्झौताबमोजिम महानगरीय प्रहरी वृत्त, महाराजगन्जको स्वामित्वमा रहेको भवन भत्काई नेपाल प्रहरीको स्वामित्वमा रहेको १ रोपनी ८ आना जग्गामा मोर्डनाइजेसन एण्ड इम्प्रुभिङ पुलिसिङ कार्यक्रमअर्न्तगत महाराजगन्ज प्रहरी वृत्तलगायत १३ जिल्लाका २८ स्थानमा भवन निर्माण कार्य भइरहेको विवरण पेस भएको छ । नेपाल सरकार र डी.एफ.आई.डी.बीच भएको सम्झौताअनुसार खर्चको विवरण तथा स्रेस्ता पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखा

काठमाडौं उपत्यका भित्रको यातायात व्यवस्था सुचारु रुपले सञ्चालन गरी सवारी दुर्घटनालाई न्यून गराई सवारी नियन्त्रण तथा व्यवस्थापनलाई अनुशासित गराउने उद्देश्यले कार्यालयको स्थापना भएको हो । महाशाखा मातहत ३८ ट्राफिक प्रहरी इकाईमा १ हजार ८५ ट्राफिक प्रहरी कार्यरत छन् । नेपालभर २७ लाख ८३ हजार ४२८ सवारी दर्ता रहेकोमा १० लाख ४२ हजार ८५६ सवारीसाधन वाग्मती अंचलमा दर्ता रहेको देखिन्छ । उपत्यकाभित्र प्रति ट्राफिक कर्मचारी ९६१ सवारीसाधनको व्यवस्थापन, १ ट्राफिकले १.४६ कि.मि. सडक र १ ट्राफिक इकाईले २७ हजार ४४४ सवारीसाधनको ट्राफिक व्यवस्थापनको जिम्मेवारी रहेको छ । यो वर्ष विनियोजित रु.४० करोड ६० लाखमध्ये अर्थ बजेट रु.९७ लाख २२ हजार समेत चालुतर्फ रु.३९ करोड २३ लाख ४७ हजार र पुँजीगततर्फ रु.२ करोड २७ लाख ९७ हजार खर्च गरेको छ ।

यो वर्ष काठमाडौं उपत्यकाभित्र २८ हजार ७९९ मादक पदार्थ सेवन, २७ हजार ११७ लेन अनुशासन उलङ्घन, २९ हजार ८० नियम विपरीत फुटपाथ र सडक पार्किङ्ग, ४ हजार ५१८ बढी भाडा असुली र ३१६ सवारी नियम विपरीत स्टिकर टाँस गरी ट्राफिक नियम उलङ्घन गर्ने सवारीचालकलाई कारबाही गरेको विवरण प्राप्त भएको छ ।

१९. **ट्राफिक व्यवस्थापन -** उपत्यकामा सवारीसाधन सुचारु सञ्चालन चुनौतीपूर्ण बन्दै गएको छ । कार्यालय समयको आसपासमा बस, सरकारी तथा सार्वजनिक निकायका तथा निजी सवारीसाधन एकै समयमा सडकमा निस्किने हुँदा चाप बढेको, दिवा समयमा अत्यधिक ट्राफिक जाम हुने गरेको, पैदल यात्रुलाई बाटो काट्न समस्या रहेको, सडक रेखाङ्कन पर्याप्त नभएको, सडक मर्मत सम्भार तथा निर्माण कार्य समयमा नगरी सडकका खाल्डाखुल्डीले सवारी आवागमनमा असुविधा पुगेको, सडकबाट उत्सर्जित धूलो र धूवाँका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर गरेको, सडक संजालको तुलनामा ट्राफिक जनशक्ति अपुग रहेको, ट्राफिक बत्तीहरुको व्यवस्थापन नभएको, सडक अतिक्रमण गरी पसल तथा व्यवसाय सञ्चालन भएको, छाडा पशु चौपायाले सडक अवरुद्ध गरेको, सडकमा निर्माण सामग्री राख्ने गरेको, ट्राफिक प्रहरीसँग सडक नियम पालना गराउन पर्याप्त उपकरण नभएको, ट्राफिक सचेतना कार्यक्रम प्रभावकारी नभएको, सडक, विद्युत, खानेपानी, टेलिकम तथा केबुल सेवा प्रदायकबीच समन्वय नहुँदा सडक अव्यवस्थित रहेको आदि देखिएको छ ।

ट्राफिक व्यवस्थापनमा सरोकार राख्ने निकायबीच आपसी समन्वय गरी ट्राफिक व्यवस्थापनलाई व्यवस्थित गरी प्रदूषणमुक्त र जाम रहित सवारी आवागमनको व्यवस्थापन गर्न सम्बन्धित निकायहरुको ध्यान पुग्नु पर्ने देखिन्छ ।

प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग

समाजमा शान्ति, सुव्यवस्था कायम राखी प्रहरी ऐन, २०१२ को उद्देश्य पूरा गर्न प्रहरी प्रधान कार्यालयको प्रत्यक्ष नियन्त्रणमा रहने गरी सेवा विशिष्टीकरण गर्ने अवधारणाअनुसार यो विभाग गठन भई सञ्चालनमा आएको छ । चालु वर्ष रु.५३ करोड ३३ लाख ३४ हजार विनियोजन भएको मध्ये रु.४३ करोड ६४ लाख ३४ हजार खर्च भएको छ ।

२०. **मुद्दा दर्ता -** देशभरको अनुसन्धान गर्ने/मुद्दा चल्ने प्रहरी इकाईहरुको केन्द्रीय अभिलेख राख्ने, अनुगमन गर्ने नीति निर्देशन गर्ने केन्द्रीय निकायको रुपमा रहेको छ । कालोबजारी, डाँका, चोरी, ठगी, गर्भपतन, लागू औषध, कर्तव्य ज्यान मार्ने उद्योग, नागरिकता, विद्युतीय कसूर, बहुविवाह आदि २१ प्रकृतिका मुद्दा २०७१।७२ मा २८ हजार ७०, २०७२।७३ मा २८ हजार ५६३ र २०७३।७४ मा ३१ हजार ७६२ दर्ता भएको उल्लेख छ । उक्त तथ्याङ्कबाट अपराधजन्य कार्य बढ्दो क्रममा रहेकोले नियन्त्रण कार्यलाई प्रभावकारी बनाई लागू गरिनुपर्दछ ।

२१. **उपलब्धि -** आपराधिक सूचना प्रणालीलाई व्यवस्थित बनाई अपराध जोखिम न्यूनीकरण गर्दै भविष्यको चुनौतीसँग लड्नका निमित्त त्रिवर्षीय अपराध नियन्त्रण तथा अनुसन्धान कार्य योजना (२०७२।७३–२०७४।७५) स्वीकृत भई कार्यान्वयनमा रहेको छ । यसका लागि रु.२ अर्ब ५३ करोड ८ लाख ७४ हजार खर्च गर्ने अनुमान गरेकोमा यो वर्षसम्म रु.१८ करोड ८९ लाख १० हजार खर्च भएको छ । बजेट प्राप्ति, खर्च तथा उपलब्धि हेर्दा कार्ययोजनाले लक्ष्य गरेअनुसारको उपलब्धि हासिल हुने देखिँदैन । कार्यनीति स्वीकृत गर्ने तर स्वीकृत कार्य नीतिअनुसार बजेट व्यवस्था गरी तदनुरुप कार्यक्रम सञ्चालन नगर्नु उपयुक्त देखिएन ।

२२. **म्यादी प्रहरी भर्ना -** स्थानीय निर्वाचनमा सुरक्षा व्यवस्थापनका लागि मुलुकभर ५१ हजार ३६४ जना म्यादी प्रहरी भर्ना गरी परिचालन गरिएको छ । जिल्ला प्रहरी कार्यालय, सुर्खेतले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा उपसमिति गठन गरी ८५३ म्यादी प्रहरी भर्ना गर्ने निर्णय गरेको छ । भर्ना छनौट निर्णय पुस्तिकामा संख्या यकिन गरी छनौट गरेको उल्लेख भए तापनि कार्यालयबाट भर्ना छनौटमा आवेदन फाराम दर्ता, छनौट प्रक्रियामा सफल प्रत्येक चरणका नतिजा, लिखित परीक्षामा उत्तीर्ण र अन्तिम छनौट, नामावली, नियुक्तिपत्र आदि आधारभूत कागजात संलग्न नरहेकोले छनौट प्रक्रियामा स्वच्छता रहेको र त्यति नै संख्यामा म्यादी प्रहरी भर्ना गरेको विश्वस्त हुने आधार देखिएन । छनौट गरेका ८५३ जनाको लागि तलब भत्तामा रु.४ करोड ४ लाख ९१ हजार र राशनमा रु १ करोड २० लाख ५३ हजार समेत रु ५ करोड २५लाख ४४ हजार खर्च लेखेको छ । यसरी कार्यालयले खर्च लेख्दा राख्नुपर्ने न्यूनतम आवश्यक प्रमाण कागजातबेगर खर्च लेखेको पाइएकोले यसमा छानबिन गरी संलग्नलाई कारबाही हुनुपर्दछ ।

२३. **घर जग्गाको स्वामित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा खरिद कारबाही गर्नु अगावै निर्माण स्थलको व्यवस्था हुनुपर्ने उल्लेख छ । महानगरीय प्रहरी वृत्त, लैनचौरबाट प्राप्त विवरणअनुसार कार्यालयले चर्चेको काठमाडौं महानगरपालिका वडा नं.१६ स्थित लक्ष्मेश्वर गुठीको नाममा रहेको १-०-२-२ (रोपनी) जग्गामा रु.७ करोड ५३ लाख ७६ हजार लागतको ४.५ तल्लाको भवन निर्माण गरी कार्यालय स्थानान्तरण भएको छ । उक्त जग्गाको सम्बन्धमा २०७३।२।२८ मा गुठी संस्थानले जग्गाको मूल्य रु.९ करोड ९७ लाख ५० हजार माग गरी पत्र पठाएको छ । यसरी कार्यालय भवन रहेको जग्गा हाल गुठी संस्थानको स्वामित्वमा रहेको हुँदा भविष्यसम्म विवाद हुने देखिएकोले जग्गाको स्वामित्व प्राप्त गर्नेतर्फ कारबाही गर्नुपर्दछ ।

नेपाल प्रहरी अस्पताल

नेपाल प्रहरी सेवामा कार्यरत प्रहरी कर्मचारी, तिनका परिवार र पूर्वप्रहरी कर्मचारीको स्वास्थ्य उपचार गर्ने उद्देश्यले २०४० सालमा स्थापित अस्पतालको १५० शय्या क्षमता रहेको छ । यो वर्ष विनियोजित रु.४५ करोड ५८ लाखमध्ये अर्थ बजेट रु.१ करोड २ लाख ८२ हजारसमेत चालुतर्फ रु.२९ करोड ९ लाख ५९ हजार र पुँजीगततर्फ रु.१३ करोड ७८ लाख ७९ हजार खर्च गरेको छ ।

२४. **सेवा प्रवाह -** अस्पतालको लागि स्वीकृत कर्मचारी दरबन्दी ६४२ मध्ये कार्यरत ४८९ कर्मचारीबाट यो वर्ष ३ लाख ४१ हजार ६०५ बिरामीलाई सेवा प्रदान गरेको छ । अस्पतालले २०७४।७।२६ देखि सर्वसाधारणलाई समेत सेवा खुल्ला गरेको छ । अस्पतालमा २४ घण्टे आकस्मिक तथा नियमित सेवा र प्रयोगशालाको आधुनिक सेवा सुविधा उपलब्ध रहेको छ । यो वर्ष अस्पतालले १ लाख ४९ हजार ६५२ विरामीको उपचार गरेकोमा ६० विरामीलाई अन्यत्र उपचारको लागि सिफारिस गरेको छ ।

२५. **कोषको लेखापरीक्षण -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्ययको आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । नेपाल प्रहरी अस्पताल कल्याण शाखाअन्तर्गत विभिन्न कोष सञ्चालनमा रहेको पाइयो । सञ्चालित कोषमा पूर्वप्रहरी तथा प्रहरी परिवार उपचार कोष, वृत्ति विकास कोष, विविध कोष, अर्बुद रोग उपचार कोष, अवकाश कोष र पूर्वनेपाल प्रहरी परिवार मञ्च रहेको छ । कोषको लेखापरीक्षण नगराएको सम्बन्धमा गत विगत प्रतिवेदनमा समेत औंल्याएकोमा यो वर्ष पनि लेखापरीक्षणको लागि स्रेस्ता पेस भएन । उक्त कोषको लेखापरीक्षण गराउनुपर्दछ ।

२६. **औषधि खरिद -** अस्पतालमा आउने बिरामीहरुको लागि निःशुल्क औषधि उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यस वर्ष बोलपत्रको माध्यमबाट रु.४ करोड ७८ लाख २८ हजारको औषधि आपूर्ति गरेको छ । अस्पतालले खरिद सम्झौतामा उल्लेख नभएका रु.१८ लाख ३५ हजार मूल्यका औषधि दरभाउपत्रको माध्यमबाट र रु.४७ लाख २९ हजार मूल्यका औषधि सोझै खरिद गरेको छ । सोझै खरिद भएका औषधिको गुणस्तर परीक्षण गरेको छैन । मानव स्वास्थ्यको लागि गुणस्तर परीक्षण बेगरका औषधि प्रयोग गर्नु उचित देखिँदैन ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

प्रहरी कर्मचारीको सेवा विशिष्टीकरणको अवधारणाअनुरुप सेवा प्रवाहमा विशिष्टीकरण, व्यावसायिकता अभिवृद्धि गर्न, समयानुकूल सेवा प्रवाह गर्न कर्मचारीलाई अझ बढी दक्ष, सीपयुक्त बनाउन तालिमको व्यवस्थापन गर्ने

उद्देश्य लिई राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान स्थापना भएको देखिन्छ । यो वर्ष विनियोजित रु.२ अर्ब ६५ करोड १ लाख ६२ हजारमध्ये अर्थ बजेट रु.५३ लाख ४२ हजारसमेत चालुतर्फ रु.३५ करोड ५१ लाख ८४ हजार र पुँजीगततर्फ रु.३ करोड ७१ लाख २९ हजार खर्च गरेको छ ।

२७. **तालिम -** आधारभूत तालिम, सेवाकालीन तालिम, विशेष अनुशिक्षण, भिड नियन्त्रण अनुशिक्षण र अन्य समेत यस वर्ष १४ हजार ५९ प्रहरी कर्मचारीलाई तालिम प्रदान गरेको छ । वार्षिक तालिकामा समावेश सार्वजनिक खरिद क्षमता अभिवृद्धि तालिम, तनाव व्यवस्थापन, कर्मचारी प्रशासन तथा अभिलेख व्यवस्थापन, परामर्श तालिम, परिवर्तन व्यवस्थापन, नैतिकता र आचरण, अपरेसन एण्ड कमाण्ड व्यवस्थापन तह २, ३, ४ तालिम, विमानस्थल सुरक्षा तालिम र मानव अधिकार प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन नगरेकोले अपेक्षित उपलब्धि हासिल गरेको छैन ।

२८. **खर्च नभएको** - नेपाल सरकारको २०७३।७४ को बजेट वक्तव्यअनुसार प्रतिष्ठानको लागि वैदेशिक अनुदान अन्तर्गत भारत सरकारबाट रु.२ अर्ब १९ करोड ७८ लाख ४५ हजार प्राप्त हुने भनी बजेट विनियोजन भएको अख्तियारी प्राप्त भएको छ । सो प्रतिष्ठानको अत्याधुनिक भवन निर्माण गर्ने भनिएकोमा लागत अनुमान, ड्रइङ डिजाइन तथा स्थान समेत तोकिएको छैन । नेपाल सरकारलाई प्राप्त हुने अनुदान रकमको सदुपयोग गरी भवन निर्माण गर्नुपर्नेमा यसतर्फ कुनै कारबाही नभई बजेट फ्रिज भएको छ ।

जिल्ला प्रहरी कार्यालयहरु

जिल्लाभित्र शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी नागरिक स्वतन्त्रताको बहाली गर्ने प्रमुख उद्देश्यकासाथ जिल्ला प्रहरी कार्यालयको स्थापना भएको हो । जिल्ला प्रहरी कार्यालयको कार्य क्षेत्रभित्र इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय, प्रहरी प्रभाग, प्रहरी बृत्त र प्रहरी चौकीहरुको परिचालन, निर्देशन, समन्वय एवं नियन्त्रण पर्दछ । प्रहरी प्रधान कार्यालय मातहत २ हजार ५०३ प्रहरी इकाई संचालित छन् । स्वीकृत दरवन्दी ७२ हजार ७२९ रहेकोमा ६८ हजार ४६३ प्रहरी कर्मचारी कार्यरत छन् ।

२९. **सेवा प्रवाह -** प्रहरी कार्यालयहरुले जिल्लामा शान्ति सुव्यवस्था, अपराध नियन्त्रण, अनुसन्धान, विपदबाट हुने क्षति व्यवस्थापन र उद्धार, मानव अधिकारको संरक्षण तथा सहायता, सभा, जुलुस तथा विशिष्ट व्यक्तिहरुको आवागमनको सुरक्षा, हुलदङ्गा तथा साम्प्रदायिक दङ्गालगायत असामान्य र सुरक्षाको प्रतिकूल अवस्थाको नियन्त्रण, हातहतियार, खरखजना तथा विस्फोटक पदार्थको नियन्त्रण, जनताको जीउधन र स्वतन्त्रताको रक्षा आदि कार्य गर्दै आएका छन् ।

"कानुनी राज्यको मूल अवधारणाबाट निर्दिष्ट रही प्रभावकारी अपराध नियन्त्रण र अनुसन्धानद्वारा समाजमा शान्ति स्थापना गरी मानव अधिकारको संरक्षणमा राष्ट्र प्रति प्रतिबद्ध र स्वच्छ प्रहरी सेवा" दिने नेपाल प्रहरीको ध्येय रहेको छ । उपलब्ध अपराधसम्बन्धी विवरणअनुसार २०७३।७४ मा गत वर्षको तुलनामा सवारी सम्बन्धी अपराध १ हजार ८२० बाट २ हजार १५०, महिला तथा बालबालिका हिंसा २ हजार १९५ बाट २ हजार ४४१, सामाजिक अपराधमा ८ हजार ६८१ बाट १० हजार २५६, चोरी डकैतीमा १ हजार ५७८ बाट १ हजार ६२७, ज्यान सम्बन्धी अपराधमा ५ हजार ३६७ बाट ५ हजार १२४ ले बृद्धि भएको छ । त्यस्तै मुद्दा दर्तामा २०७२।७३ को २८ हजार ५६३ बाट १०.१५ प्रतिशत बृद्धि अर्थात् ३१ हजार ४६२ रहेको छ । तर मानव अधिकारको संरक्षण र संवर्द्धन, दण्डहीनताको अन्त्य र प्रहरी प्रतिको जन विश्वास अभिवृद्धि नभएको र समाजमा सुरक्षा प्रत्याभूति हुनुपर्दछ । गैरकानुनी र अपराधिक क्रियाकलाप वृद्धिलाई निराकरण गर्न प्रहरी संगठनलाई थप दक्ष बनाउनुपर्ने देखिन्छ । प्रहरी संगठनलाई पुनर्सवलीकरण गरी अत्याधुनिक सुविधा सम्पन्न बनाई देशमा शान्ति सुव्यवस्था कायम गराउनेतर्फ सम्बन्धित निकायको थप ध्यानाकर्षण हुनुपर्दछ ।

सशस्त्र प्रहरी बल, प्रधान कार्यालय

नागरिकको जीउधनको सुरक्षा, सीमा अपराध नियन्त्रण, सीमा इलाकाको नियमित अनुगमन एवं अन्य महत्वपूर्ण प्रतिष्ठानको सुरक्षालगायतको जिम्मेवारी निर्वाह गर्न सशस्त्र प्रहरी बल ऐन, २०५८ अनुसार गठन भई यो प्रहरी बल सञ्चालनमा रहेको छ । सशस्त्र प्रहरी कर्मचारीहरुको परिचालन र व्यवस्थापन गर्ने जिम्मेवारी रहेको यस कार्यालय र मातहत १०८ इकाईमा ३६ हजार ७५६ दरबन्दीमध्ये ३२ हजार ९३२ जनशक्ति कार्यरत रहेका छन् । प्रधान कार्यालय र मातहत निकायको लागि यो वर्ष विनियोजित रु.१ अर्ब ९६ करोड ५९ लाखमध्ये अर्थ बजेट रु.८८ करोड

९४ लाख ८३ हजार समेत चालु तर्फ रु.२ अर्ब २७ करोड ७६ लाख र पुँजीगत तर्फ रु.५८ करोड ९ लाख खर्च गरेको छ ।

३०. **राशन खर्च -** सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म, दार्चुलाले राशन खर्च बापत वितरण गरेको रकम राशन व्यवस्थापन समितिमार्फत एकमुष्ट खर्च लेख्ने गरेको व्यहोरा औँल्याएपछि लेखापरीक्षणको सुझाव अनुसार २०७४ माघदेखि सम्बन्धित कर्मचारीको बैङ्क खातामा जम्मा गर्ने व्यवस्था मिलाएको छ ।

राष्ट्रिय परिचय पत्र व्यवस्थापन केन्द्र

बदलिँदो परिवेशमा नागरिकतासम्बन्धी अभिलेखलाई राष्ट्रिय तथ्याङ्कसँग आबद्ध गर्न तथा विद्युतीय सुशासनको लागि सरकारी क्षमताको अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकारबाट २०६६।६७ को नीति तथा कार्यक्रममा बहुउपयोगी बायोमेट्रिक स्मार्टकार्ड प्रदान गर्न राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रको स्थापना भएको हो । यो वर्ष केन्द्रको लागि विनियोजित रु.५२ करोड २७ लाख ८५ हजार मध्ये अर्थ बजेट रु.१८ लाख ८२ हजारसमेत चालुतर्फ रु.१ करोड ९२ लाख ३४ हजार र पुँजीगततर्फ रु.९ करोड ८६ लाख ४५ हजार खर्च गरेको छ ।

३१. **सेवा प्रवाह -** केन्द्रले राष्ट्रिय परिचयपत्र प्रशोधन केन्द्रको निर्माण, राष्ट्रिय परिचयपत्र प्रणालीको हार्डवेयर र सफ्टवेयरको आपूर्ति, एस.एम.एस. प्रणालीको निर्माण र नेटवर्क फायरवालहरुको खरिद, परिचयपत्र लागू हुने जिल्लाको छनौट कार्य सम्पन्न गरेको उल्लेख छ । पाँचथर जिल्लाका १ लाख १० हजार नागरिक र सिंहदरबार परिसरभित्रका कार्यालय, राष्ट्रपतिको कार्यालय, उप-राष्ट्रपतिको कार्यालय र स्वास्थ्य मन्त्रालयसमेतमा कार्यरत ७ हजार कर्मचारीलाई २०७४ माघभित्र परिचयपत्र वितरण गर्ने कार्यक्रम रहेको तर परिचयपत्र तयार गर्न खरिद भएका उपकरण लेखापरीक्षण अवधि २०७४।५।२३ सम्म पनि जडान नभएको र सिंहदरबार परिसरभित्र कार्यरत कर्मचारीहरुको विवरणसम्म पनि सङ्कलन गरेको छैन । यसबाट तोकिएको समयमा कार्यसम्पन्न हुने स्थिति देखिएन ।

३२. **भवन निर्माण** - कार्यालयको भवन निर्माण कार्य रु.८ करोड २८ लाख ४० हजारको लागतमा २०७२।३।२२ भित्र सम्पन्न हुने गरी एक निर्माण व्यवसायीसँग २०७०।३।२२ मा सम्झौता भएकोमा हालसम्म रु.६ करोड ६६ लाख ५० हजार भुक्तानी भए तापनि कार्य सम्पन्न भएको छैन । यो वर्ष कार्ड प्रशोधन केन्द्रको अस्थायी व्यवस्थापनको लागि निर्माणस्थलको तयारी तथा लागत अनुमान तयार गर्न परामर्श सेवामा रु.१ लाख ८० हजार र अस्थायी कार्ड पर्सनलाइजेसन सेन्टर निर्माण गरी रु.९६ लाख ३६ हजार भुक्तानी भएको छ । समयमा भवन निर्माणको काम सम्पन्न नहुँदा रु.९८ लाख १७ हजार थप व्ययभार हुन गएको छ ।

अध्यागमन विभाग

नेपाल भित्र विदेशीहरुको प्रवेश, उपस्थिति र प्रस्थानलाई नियमन एवं नियन्त्रण गर्ने कार्यमा सहयोग गर्ने तथा अध्यागमनसम्बन्धी कानुनको परिपालना गराउने र मातहत १० अध्यागमन कार्यालयलाई नियन्त्रण, अनुगमन तथा मूल्यांकन गर्ने उद्देश्यले विभागको स्थापना भएको हो । विभागले विद्युतीय अध्यागमन व्यवस्थापन प्रणालीमार्फत सरल, सुरक्षित र सेवाग्राहीमैत्री सेवा प्रवाह गर्ने उद्देश्य लिएको छ । विभागको लागि यो वर्ष रु.४४ करोड ४४ लाख ७७ हजार विनियोजन भएकोमध्ये रु.११ करोड ९१ लाख ७७ हजार खर्च भएको छ ।

३३. **भिसा स्टिकर -** विभागले भिसा स्टिकर आम्दानी र खर्च गर्ने प्रयोजनको लागि प्रयोगमा ल्याएको सफ्टवेयरमा गत वर्षको जिम्मेवारी, यो वर्षको खरिद, खर्च र बाँकीको विवरण प्रमाणित गरिराखेको छैन । यो वर्ष २२ किसिमका ५ लाख ६१ हजार ३४० थान भिसा स्टिकर जिन्सी खाताबाट खर्च जनाएको छ । विदेशस्थित कूटनैतिक नियोग तथा दूतावासबाट जारी हुने ३ किसिमका ९३ हजार ३६ थान भिसा स्टिकर खर्च जनाएकोमा ३६ नियोगबाट रु.४२ करोड ९५ लाख ४८ हजार राजस्व असुली भएको देखिन्छ । भिसा स्टिकर खर्च भए अनुसार राजस्व प्राप्त भए नभएको अनुगमन गरेको देखिएन । भिसा स्टिकरबापतको राजस्व यकिन गरी राजस्व हिसाब यथार्थपरक बनाइनुपर्दछ ।

३४. **अभिलेख प्रणाली -** अध्यागमन कार्यविधि, २०६७ मा सूचना प्रविधियुक्त अत्युत्तम व्यवस्थापनमा पारदर्शिता र व्यावसायिकताको विकास गर्ने तथा सेवाग्राहीलाई उच्चतम सन्तुष्टि प्रत्याभूत गर्न पारदर्शिता र प्रभावकारी पद्धति स्थापनाका साथै कागजविहीन अध्यागमन निर्माण गर्ने उल्लेख छ । सोअनुसार सबै अध्यागमन कार्यालयहरुले आगमन र प्रस्थान गरेका विदेशी नागरिकको अनलाइन अभिलेख विभागमा रहने व्यवस्था

मिलाउनुपर्नेमा अनलाइन भिसा, मेसिन रिडेबल भिसा आदि कार्य हुन सकेको छैन । साथै रसुवागढीमा सूचना प्रणाली सञ्चालनमा सेवा प्रदायकको सुविधाको पहुँच नभएको र यसका लागि राष्ट्रिय निकुञ्जको स्वीकृति लिनुपर्ने भएकोले रसुवागढी अध्यागमन कार्यालयले दिएको सेवा अध्यागमन विभागको विद्युतीय प्रणालीमा जोड्न सकेको छैन । अत्यावश्यक पूर्वाधार विकासमा सम्बन्धित निकायको पहल हुनुपर्ने देखिन्छ ।

३५. **भिसा अभिलेख -** अध्यागमन ऐन, २०४९ र नियमावली, २०५१ बमोजिम अध्यागमन विभाग र मातहत कार्यालयबाट हुने कामको कम्प्युटराइज्ड अभिलेख राख्नुपर्ने व्यवस्था छ । सन् २०१३ को नोभेम्बरदेखि भिसाको अनलाइन अभिलेख राख्न शुरु गरेकोमा २०७०।७१ मा २५ हजार ६६१, २०७१।७२ मा १ लाख ४१ हजार ९३१, २०७२।७३ मा १ लाख ४४ हजार ६५५ थान भिसा जारी भएको छ । २०७३।७४ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ८ लाख ९४ हजार २४९ विदेशी नागरिकको आगमन, ९ लाख २३ हजार ७८२ विदेशी नागरिकको प्रस्थान, ११ लाख १४ हजार ६१७ नेपालीको आगमन र ९ लाख २३ हजार ७८२ नेपालीले प्रस्थान गरेको विवरण प्राप्त गरेको छ । विदेशी नागरिकको नाम, राष्ट्रियता, राहदानी नम्बर, भिसा अवधि खुलेको विवरण राख्नको लागि सफ्टवेयर प्रयोगमा ल्याएको छ । भिसा अभिलेखको विवरण अध्यागमन नियमावली, २०५१ बमोजिम पररा‍ष्ट्र मन्त्रालय, दिल्ली, बेइजिङ, बैङ्कक लगायतका दूतावासबाट नियमित रुपमा प्राप्त हुने गरेको छैन । अनलाइन भिसा प्रणाली प्रभावकारीरुपमा लागू गरिनुपर्दछ ।

३६. **कारबाही तथा निष्काशन** - अध्यागमन ऐन, २०४९ को दफा ३ बमोजिम नेपाल सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी नेपाल प्रवेश गर्न नपाइने र आपराधिक क्रियाकलाप गर्ने विदेशी नागरिकलाई नेपालबाट निष्काशन गर्न सक्ने साथै अध्यागमन नियमावली, २०५१ को नियम २८ मा भिसा रद्द गर्ने व्यवस्था छ । विभागवाट प्राप्त विवरणअनुसार ऐन, नियम विपरीत कार्य गरेको प्रमाणित भई २०७०।७१ मा ३२०, २०७१।७२ मा ३५०, २०७२।७३ मा २६५ विदेशीलाई निष्काशन/सुपुर्दगी गरेको उल्लेख छ । आपराधिक क्रियाकलाप नियन्त्रणसम्बन्धी क्रमशः ६९३, ४११ र ३०८ मुद्दा दायर गरेको देखिन्छ । अध्यागमन कानुन उल्लङ्घन, बैंकिङ्ग कसूर, कलबाइपास, लागू औषध कारोबार, मानव तस्करी, गैरकानुनी कार्यमा संलग्न कसूरदार व्यक्तिहरु बढी मात्रामा निष्काशित हुने गरेको छ । आपराधिक क्रियाकलापमा संलग्न व्यक्तिको व्यवस्थित अभिलेख राखी सरोकारवाला निकायबीचको समन्वयलाई नेटवर्किङ र प्रविधिमा आधारित ट्र्याकिङ प्रणाली विकास गरी प्रभावकारी बनाइनुपर्दछ । भिसा अवधि समाप्त भई गैरकानुनी रुपमा नेपालमा बसोवास गरिरहेका ३५७ विदेशीलाई कारबाही गरी २०७३।७४ मा निष्काशन गरिएको छ । भिसाको म्याद थप नगरी नेपालमा बस्ने विदेशी नागरिकको वास्तविक तथ्याङ्क देखिने अभिलेख नरहेकोले त्यस प्रकारको तथ्याङ्क देखिने पद्धतिको विकास गरिनुपर्दछ ।

कारागार व्यवस्थापन विभाग

न्यायिक तथा अर्धन्यायिक निकायको आदेशबमोजिम कैद तथा थुनुवा व्यक्तिलाई कारागारमा राख्ने र मातहत ७४ कारागारको व्यवस्थापन गर्ने तथा कारागार ऐन, २०१९ बमोजिम कैदी बन्दी तथा थुनुवाहरुको मानवोचित सुविधाको व्यवस्था गर्ने उद्देश्यले विभागको स्थापना भएको हो । यो वर्ष विभाग र मातहत निकायको लागि विनियोजित रु.१ अर्ब १८ करोड ७८ लाख ९५ हजारमध्ये अर्थ बजेट रु.५५ लाख ५० हजार समेत चालुतर्फ रु.१ अर्ब १३ करोड ४५ लाख ३ हजार र पुँजीगततर्फ रु.१८ करोड ४८ लाख ६ हजार खर्च गरेको छ ।

३७. **सेवा प्रवाह -** विभागबाट प्राप्त विवरण अनुसार ७४ कारागारको कैदीबन्दी क्षमता १० हजार ४३३ रहेकोमा २०७४ पौष मसान्तमा पुरुष १७ हजार ७८४ र महिला १ हजार ३२७ समेत १९ हजार १११ (८३.१८ प्रतिशत बढी) कैदी बन्दी रहेका छन् । लेखापरीक्षणको क्रममा केन्द्रीय कारागार, जगन्नाथ देवलको निरीक्षण गर्दा क्षमताभन्दा २१.३३ देखि ३८८ प्रतिशतसम्म बढी कैदी/बन्दी रहेको र १५ जना बस्न सकिने स्थानमा २०० जनासम्म कैदी राखेको देखिएकोले कैदी/बन्दीको अवस्था अत्यन्तै कष्टकर रहेको पाइयो । उक्त कारागारको कैदी घरमा २.५ फिटको उचाइ भएको कोठामा ४० कैदी रहेको र त्यस कोठामा प्रवेश गर्दा निहुरेर वा घस्रेर मात्र जान सकिने अवस्था छ । उपर्युक्त स्थितिले सरुवारोगबाट प्रताडित हुने, सुत्ने, बस्ने, खाने जस्ता न्यूनतम मानवोचित सुविधा समेत प्राप्त हुन सकेको छैन । यसर्थ कैदी बन्दी तथा थुनुवालाई न्यूनतम मानवीय जीवनयापन हुने गरी व्यवस्थापन गर्नुपर्दछ ।

३८. **कारागार निर्माण -** निम्न आर्थिक वर्षको बजेट वक्तव्यमा बाँके जिल्लामा खुला कारागार, नुवाकोट जिल्लामा केन्द्रीय कारागार र अन्य कारागार निर्माण र सुधारका कार्यक्रम रहेको उल्लेख छ ।

रु. हजारमा

आर्थिक वर्ष	कार्यक्रम	बजेट
२०७१।०७२	कारागारलाई सुधारगृहको रुपमा विकसित गर्ने क्रममा आगामी वर्ष नुवाकोटमा केन्द्रीय कारागार र बाँकेको नौबस्तामा खुला कारागार निर्माण गर्ने	८,५०
२०७२।०७३	नुवाकोटमा उच्च क्षमताको कारागार निर्माण गरी केन्द्रीय कारागारलाई स्थानान्तरण गरिने र बाँकेमा क्षेत्रीयस्तरको खुला कारागार निर्माण गर्ने	१०,००
२०७३।०७४	नुवाकोट र बाँकेको नौबस्तामा चार वर्षभित्र कारागार निर्माण कार्य सम्पन्न गरिने	८,८१,९२

बजेट तथा कार्यक्रममा व्यवस्था भए तापनि नुवाकोट र बाँकेमा उल्लिखित कारागार निर्माण कार्य भएको छैन । प्रत्येक वर्ष कैदी/बन्दीको संख्यामा उल्लेख्य वृद्धि हुँदा पनि निर्माण कार्यमा उदासिनता देखिएको छ । यसमा सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुपर्दछ ।

३९. **गार्ड हाउस निर्माण -** बाँके जिल्लाको गनापुरमा गार्ड हाउस निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७२।११।६ भित्र कार्य सम्पन्न गर्ने गरी २०७१।५।६ मा मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ६३ लाख ३५ हजारको सम्झौता भएकोमा २०७४।५।१० सम्म शुरु म्यादको शतप्रतिशत (१८ महिना) म्याद थप गर्दा समेत रु.५४ लाख १५ हजार (३३.१४ प्रतिशत) भुक्तानी भएको छ । भवन निर्माण समयमा हुनुपर्दछ ।

४०. **खुला कारागार निर्माण -** बाँके जिल्लाको नौबस्ता-७ स्थित करिब १० बिघा जग्गामा खुल्ला कारागार निर्माण गर्न २०७०।७१ मा जग्गाको भोगाधिकार प्राप्त भएको छ । खुल्ला कारागार निर्माण कार्य रु.४३ करोड ७१ लाख ७४ हजारको लागतमा २०७६।६।१५ भित्र सम्पन्न गर्न एक निर्माण व्यवसायीसँग २०७३।७।८ मा सम्झौता गरी २०७३।८।१५ मा रु.१ करोड २६ लाख पेस्की उपलब्ध गराएकोमा निर्माण कार्य शुरु नै भएको पाइएन । प्राथमिकता प्राप्त उक्त कार्य समयमा सम्पन्न गर्न सम्बन्धित पक्षको ध्यानाकर्षण हुनुपर्दछ ।

४१. **मूल्य समायोजन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा गत वर्षको भुक्तानी दिनुपर्ने दायित्वको भुक्तानी दिन बाँकीको अभिलेख (म.ले.प.फा.नं.१८) प्रमाणित भएको हुनुपर्ने व्यवस्था छ । कारागार कार्यालय, तुल्सीपुरले एक निर्माण व्यवसायीलाई २०७१।७२ मा नै कार्य सम्पन्न भई दायित्व सिर्जना भएको भवन निर्माण कार्यको मूल्य समायोजनबापतको रु.३ करोड ६५ लाख १६ हजार भुक्तानी दिन बाँकीको प्रमाणित अभिलेखबेगर यस वर्ष भुक्तानी दिएकोमा कारबाही गरी टङ्गो लगाउनुपर्दछ ।

४२. **कारागार भवन -** कारागार कार्यालय, सुर्खेतमा भवन निर्माण गर्न सहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, सुर्खेतबाट २०६५।६६ मा एक निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रु.२ करोड ३६ लाख ९८ हजारको लागतमा कार्यसम्पन्न गर्न २०६६।३।२८ मा सम्झौता गरेकोमा सम्झौता म्याद २०७०।१२।२० सम्म थप भएको छ । भवन निर्माण कार्यको ६० प्रतिशत काम सम्पन्न गरी छैठौं रनिङ बिलसम्म रु.१ करोड ७७ लाख ४३ हजार भुक्तानी लिएपछि निर्माण कार्य अबरुद्ध भएको देखियो । डिभिजन कार्यालयबाट २०७२।११।२० मा ठेक्का सम्झौता तोडी कार्य सम्पादन जमानत जफतलगायतका कारबाहीको लागि पत्राचारसम्म गरेको देखिन्छ । तत्पश्चात् कुनै कारबाही गरेको छैन । समयमै कारबाही टुङ्गो लगाई भवन निर्माण कार्य सुचारु गर्नुपर्दछ ।

४३. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यावसायीको ढिलाइको कारणले खरिद सम्झौताअनुसारको काम तोकिएको समयमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । कारागार कार्यालय, ललितपुरले कम्पाउण्ड वाल तथा सेन्ट्री पोस्ट निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड २८ लाख ६३ हजारको सम्झौता गरेकोमा पटक पटक गरी २०७२ जेष्ठ मसान्तसम्म सम्झौताको म्याद थप गरेको देखिन्छ । नापी किताब तथा रनिङ बिलअनुसार उक्त निर्माण कार्य २०७३ जेष्ठ मसान्तमा सम्पन्न भएको देखिन्छ । उक्त निर्माण कार्यमा निर्माण व्यवसायीबाट ढिलाई भएकोले २०७२ आषाढदेखि २०७३ जेठ मसान्तसम्मको १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.१२ लाख ८६ हजार असुल गर्नुपर्दछ ।

अन्य संस्था

नेपाल प्रहरी कल्याण कोष

नेपाल प्रहरी नियमावली, २०७१ को नियम १९४ मा प्रहरी कर्मचारी, निजका परिवार तथा निवृत्त प्रहरी कर्मचारीको कल्याणका लागि एउटा छुट्टै कोष रहने र नियमावली प्रारम्भ हुनु अगाडि स्थापना भएका कल्याण कोषको चलअचल सम्पत्ति तथा दायित्व यो नियमबमोजिम स्थापना भएको कल्याण कोषमा सर्ने उल्लेख छ ।

४४. **लेखापरीक्षण -** नेपाल प्रहरी नियमावली, २०७१ को नियम १९४ मा कल्याण कोषको लेखा प्रचलित कानुनबमोजिम राखिने, कोषको आन्तरिक लेखापरीक्षण सञ्चालक समितिले तोकेबमोजिम र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुने उल्लेख छ । प्रहरी कल्याण कोष २०३९ देखि सञ्चालनमा रहेको छ । कोषअन्तर्गत हाल नक्साल, सामाखुसी, पथलैया र जर्घा, सर्लाहीमा पेट्रोलपम्प, भृकुटीमण्डप, भरतपुर, नेपालगन्ज, चौतारा, स्याङ्जा तथा बुटवलमा सपिङ्ग कम्प्लेक्स, भृकुटीमण्डपमा हेल्थ क्लब, सामाखुसीमा सिनियर र जुनियर आवास गृह, भृकुटीमण्डप र नेपालगन्जमा प्रहरी अतिथि गृह तथा साँगा, गरुडा, घोराही, दिपायल, धरान र तनहुँको बेलचौतारामा आवासीय प्रहरी विद्यालय सञ्चालनमा रहेका छन् । प्रहरी कल्याण कोष बाहेक अन्य कारोबारको महालेखापरीक्षकबाट लेखापरीक्षण गराएको छैन । उक्त कारोबारको लेखापरीक्षण गराउनुपर्दछ ।

४५. **कोषको अवस्था -** यो वर्ष कोषको पुँजी तथा दायित्व रु.३ अर्ब ८६ करोड २३ लाख सञ्चालन आय रु.८५ करोड ६६ लाख र व्यय रु.६४ करोड ७७ लाख रहेको छ । कोषमा हाल मुद्दती खातामा रु.१ अर्ब २७ करोड ९१ लाख र अन्य खातामा रु.५२ करोड ७३ लाख बैङ्क मौज्दात रहेकोले कोष परिचालनको कार्य योजना बनाई रकम परिचालन गर्नुपर्दछ ।

४६. **शोधभर्ना -** सयुंक्त राष्ट्रसंघले लागू गरेको सीओई (कन्टिन्जेन्ट ओन्ड इक्विपमेन्ट) निरीक्षण नीतिअनुसार मिसनमा तैनाथ हुनुपर्ने मुख्य उपकरण तथा सवारीसाधन नभएमा वा परीक्षणमा पास हुन नसकेमा त्यस्ता उपकरणको साथै सोही अनुपातमा तैनाथ सुरक्षाकर्मीको प्रति महिना प्राप्त गर्ने दैनिक भत्ता कटौती हुने व्यवस्था छ । यो वर्ष सुडान मिसनमा खटिएका प्रहरी कर्मचारीको लागि प्राप्त हुनुपर्ने दैनिक भत्ता रकममा उल्लिखित नीतिले गर्दा प्रहरी कर्मचारीको भत्ता रु.८ करोड ८० लाख ४ हजार शोधभर्ना प्राप्त गर्न नसकी कोषमा थप व्ययभार पर्न गएको छ । यसैगरी, मिसनसँग सम्बन्धित सुरक्षा सामग्री आर्म पर्सोनेल क्यारिएर (ए.पी.सी.) तथा अन्य उपकरण समयमै खरिद गरी व्यवस्थापन गर्न नसक्दा यो वर्ष सुडान तथा हाइटीबाट अमेरिकी डलर ३ लाख ३१ हजार प्राप्त भएको छैन । कार्यालयले ए.पी.सी. लगायत अन्य उपकरण र सवारीसाधन समयमै खरिद तथा आपूर्ति गरी कोषमा प्राप्त हुनुपर्ने रकम पूरै प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र

सशस्त्र प्रहरी नियमावली, २०७२ को नियम १६५ अनुसार सशस्त्र प्रहरी बल कल्याणकारी सेवा केन्द्र सञ्चालन भएको छ । केन्द्रले संयुक्त राष्ट्रसंघीय मिसनमा फर्म्ड पुलिस युनिटको रुपमा कार्य गर्ने लगायत सशस्त्र प्रहरी कर्मचारीको लागि शिक्षा, स्वास्थ्य, आर्थिक एवं सामाजिक पक्ष, अवकाश प्राप्त तथा मृत्यु भएका सशस्त्र प्रहरीका आश्रितलाई समेट्ने गरी कल्याणकारी तथा रचनात्मक कार्य गर्दै आएको छ ।

४७. **सञ्चालन नतिजा -** कल्याणकारी सेवा केन्द्रको यो वर्षको सम्पत्ति तथा दायित्व रु.२ अर्ब ४७ करोड ४८ लाख १४ हजार रहेको छ । चालु वर्षको आय रु.७८ करोड ८ लाख ६८ हजार र व्यय रु.६९ करोड ११ लाख २३ हजार रहेको छ । गत वर्षको तुलनामा कुल आय रु.७९ करोड ६३ लाख ७६ हजार (५०.४९ प्रतिशत) तथा व्यय रु.६२ करोड ७९ लाख ४१ हजार (४७.६० प्रतिशत) ले घटेको छ । संयुक्त राष्ट्रसंघीय मिसन व्यवस्थापन बापत गत वर्ष रु.१ अर्ब ४५ करोड १५ लाख २१ हजार शोधभर्ना प्राप्त गरेकोमा यो वर्ष रु.६६ करोड ४० लाख ७८ हजार (गत वर्षको तुलनामा ५४.२४ प्रतिशत) मात्र शोधभर्ना प्राप्त भएको छ । आय वृद्धि तथा खर्च कटौती गर्ने कार्यक्रम सञ्चालन नगरिए भविष्यमा केन्द्र सञ्चालनमा प्रतिकूल स्थिति आउन सक्ने हुँदा सम्बद्ध निकायले ध्यान दिई सुधार गरिनुपर्दछ ।

४८. **वार्षिक कार्यक्रम तथा बजेट -** सशस्त्र प्रहरी बल नियमावली, २०७२ को सेवा केन्द्र गठन र सञ्चालनको बुँदा १६५ मा अध्यक्ष सहित १० जना सदस्य रहेको सञ्चालक समितिको व्यवस्था छ । केन्द्रको सञ्चालक समितिले यो वर्षको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति र गत वर्षको खर्च समर्थन गरेको छैन ।

४९. **शोधभर्ना -** संयुक्त राष्ट्रसंघीय मिसनमा सशस्त्र प्रहरी बलका कर्मचारी निर्धारित संख्यामा तैनाथीसँगै संयुक्त राष्ट्रसंघसँगको समझदारीअनुरुप सुरक्षा सामग्री आपूर्तिको व्यवस्था समेत मिलाउनुपर्दछ । सशस्त्र प्रहरी बलले आर्म पर्सोनेल क्यारियर (ए.पी.सी.) लगायत सुरक्षा उपकरण उपलब्ध गराउन नसक्दा तैनाथी बापत पाउने भत्ता दक्षिण सुडान जुभा मिसनको अमेरिकी डलर १७ लाख ९३ हजार ७६३ र दक्षिण सुडान बोर मिसनको अमेरिकी डलर १५ लाख ४१ हजार ४७७ समेत अमेरिकी डलर ३३ लाख ३५ हजार २४० को हुने रु.२३ करोड ६३ लाख ७३ हजार कोषले प्राप्त गर्न सकेको छैन । द्वन्द्वग्रस्त क्षेत्रमा मिसनमा जनशक्ति खटाउँदा आवश्यक पर्ने उपकरण र बन्दोबस्तीका सामान उपलब्ध गराउन नसकेकोले अन्तर्राष्ट्रिय जगत्मा नेपालको शाख घट्नुको साथै कोषको मुख्य आय स्रोतमा प्रत्यक्ष असर पर्ने हुँदा समयमै आवश्यक उपकरण र सामग्रीको व्यवस्थापन गर्नुपर्दछ ।

संयुक्त राष्ट्रसंघबाट खर्च भएअनुसारका विभिन्न शीर्षकमा प्राप्त हुनुपर्ने सोधभर्ना रकम शीर्षक नखुलाई एकमुस्ट कल्याणकारी सेवा केन्द्रको डलर खातामा जम्मा हुँदै आएको छ । कोषले शीर्षकगत र मिसनगत शोधभर्ना हिसाबको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा राष्ट्रिय परिचयपत्र वितरण कार्य हुन नसकेको, निर्माण कार्य समयमा सम्पन्न नभएको, शोधभर्ना नभएको, सबै कारोबारको लेखापरीक्षण नगराएको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** : यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ ३३९ निकायमा रु.२ अर्ब ४४ करोड १३ लाख ९९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१३ करोड ७ लाख ३१ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ३१ करोड ६ लाख ६८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब १६ करोड ७६ लाख ९० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

  - अन्य संस्था ७९ तर्फ रु.२२ करोड ६२ लाख २९ हजार बेरुजू देखिएकोमा फछ्यौंट नभई बाँकी रहेको छ । सोमध्ये रु.९ करोड ५३ लाख ४० हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

जनसंख्या तथा वातावरण मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा जनसंख्या तथा वातावरणसम्बन्धी नीति निर्माण गर्ने, वैकल्पिक ऊर्जा प्रवर्द्धन गर्ने, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने, अध्ययन तथा अनुसन्धान र सर्वेक्षण गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठी सञ्चालन गर्ने, जलवायु परिवर्तन तथा अनुकूलनका साथै जल तथा मौसम विज्ञानको विषयमा अध्ययन र भविष्यवाणी गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.४ अर्ब ५८ करोड ८१ लाख ६४ हजार, राजस्व रु.८४ करोड ८० लाख १५ हजार, धरौटी रु.१२ करोड ३९ लाख ४९ हजार र अन्य कारोबार रु.५ अर्ब ७६ करोड २३ लाख ४० हजारसमेत रु.११ अर्ब ३२ करोड २४ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहत अन्य संस्था एकको रु.४ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** चौधौं त्रि–वर्षीय योजनामा हरित अर्थतन्त्रको खाका तर्जुमा गर्ने, वातावरणीय असर कम गर्न साइकल प्रयोगलाई प्रोत्साहन गर्ने, वातावरणमैत्री उद्योगलाई ग्रिन सर्टिफिकेटको व्यवस्था गर्ने, प्लाष्टिक झोला नियन्त्रण गर्ने उल्लेख भए तापनि मन्त्रालयको वार्षिक कार्यक्रममा ती विषय समावेश गरेको देखिएन । आवधिक योजना तथा बजेटले निर्धारण गरेको नीतिअनुसारका कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **लक्ष्य प्रगति** - मन्त्रालयबाट सञ्चालित वातावरण संरक्षण कोष सचिवालय व्यवस्थापन, वातावरण संरक्षण तथा प्रवर्द्धनका लागि स्थानीय सहभागितामूलक लघु कार्यक्रम, विद्यालयस्तरका किशोर किशोरी लक्षित कार्यक्रमलगायतका ६३ कार्यक्रमको लागि रु.३ करोड ४४ लाख विनियोजन भएकोमा रु.९४ लाखका २० कार्यक्रममा शून्य प्रगति तथा रु.६२ लाखका ९ कार्यक्रममा ७५ प्रतिशतभन्दा कम प्रगति देखिएको छ । प्रथम चौमासिकमा बजेट तथा अख्तियारी प्राप्त हुँदा समेत न्यून प्रगति हुने अवस्थामा सुधार गर्नुपर्दछ ।

३. **वातावरण संरक्षण कोष** - नेपालभित्र बिक्री हुने पेट्रोल तथा डिजेलमा प्रतिलिटर पचास पैसाका दरले प्रदूषण नियन्त्रण शुल्क असुल गरिने आर्थिक ऐन, २०६६ को व्यवस्थाअनुसार २०७३।७४ सम्म रु. ४ अर्ब १८ करोड २४ लाख असुल गरी सञ्चितकोष दाखिला गरेको छ । प्रदूषण नियन्त्रण गर्न मन्त्रालयमा रु.३ करोड १६ लाखको वातावरण संरक्षण कोष खडा गरेको छ । कोषमा यो वर्ष वातावरण संरक्षणको लागि थप निकासा तथा खर्च समेत भएको छैन । वातावरण संरक्षणको लागि सङ्कलन गरेको रकम उद्देश्यअनुसार खर्च गर्नुपर्दछ ।

४. **कानुनको पालना -** वातावरण संरक्षण ऐन, २०५३ को दफा १८ मा दफा ६ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन सहितको प्रस्ताव स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्ने र त्यस्तो कार्य गर्नेलाई कसूरको मात्रा हेरी १ लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने, सो ऐन र अन्तर्गत बनेको नियम वा निर्देशिकाअनुसार प्रदूषण नियन्त्रणसम्बन्धी मापदण्डको पालना नगरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य तुरुन्त बन्द गराउन सक्ने र त्यस्तो कार्य गर्नेलाई कसूरको मात्रा हेरी ५० हजार रुपैयाँसम्म जरिबाना गर्न सक्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले अनुगमन गरेकामध्ये लर्ड बुद्ध एजुकेशन एकेडेमी, धुलिखेल अस्पताल लगायतका ५ संस्थाबाट रु.६ लाख २० हजार र वातावरण विभागले अनुगमन गरेकामध्ये काठमाडौं मेडिकल कलेजलगायत २ संस्थाबाट रु.२ लाख र वातावरणीय मापदण्ड पालना नगरेका ८ उद्योगबाट रु.४ लाखसमेत रु.६ लाख जरिबाना गराएको देखियो । नेपाल नेशनल हस्पिटल, अन्तराष्ट्रिय मैत्री बाल अस्पताल, काठमाडौं मोडल अस्पताल र काठमाडौं अस्पताललाई दफा १८ बमोजिम सजाय गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाएकोमा कारबाही गरेको छैन ।

वातावरणीय प्रभाव मूल्याङ्कन नगराई कार्य गर्ने र मापदण्ड पालना नगरी जरिबाना तिर्ने प्रवृत्ति निरुत्साहित गर्न बीस वर्ष अगाडि निर्धारण गरेको जरिबानाको हद सम्बन्धमा पुनरावलोकन गरी समय सापेक्ष बनाउन ध्यान जानुपर्ने देखिन्छ ।

५. **विदेश भ्रमण -** मन्त्रालयबाट दातृ निकायले खर्च व्यहोर्ने गरी यो वर्ष विशिष्ट श्रेणीदेखि अधिकृतस्तर र अन्य कर्मचारीसमेत ४२ कर्मचारीले ५० दातृ संस्थाको सहयोगमा ७९ पटक ३७ मुलुकमा ४४५ दिन भ्रमण स्वीकृत गरेको देखिन्छ । दातृ निकायले खर्च व्यहोर्ने गरी भ्रमण स्वीकृत गरेकोमा खर्च खुल्ने अभिलेख राखेको छैन । विदेश भ्रमणको अभिलेख व्यवस्थित गरी प्राप्त ज्ञान र सीपलाई उपयोग गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः आवधिक योजनाअनुसार वार्षिक कार्यक्रम सञ्चालन, लक्ष्यअनुसारको प्रगति, प्रदूषण नियन्त्रण शुल्क र उपयोग, वायु प्रदूषण नियन्त्रणको लागि प्रभावकारी कार्य, वातावरण संरक्षण ऐन, नियमावली विपरीतको कार्य, उपलब्ध बजेटको उपयोग, परामर्शदाताको पारिश्रमिकमा मूल्य समायोजन, वितरित अनुदानको उपयोग, पुँजीगत अनुसन्धानको लागि उपलब्ध बजेट अनुदानमा खर्च, मापदण्डबेगर लघु जलविद्युत आयोजनालाई अनुदान, कार्वन व्यापारबापत प्राप्त रकम उपयोग, हर्जाना असुली, केन्द्रीय नवीकरणीय ऊर्जा कोषको मौज्दात रकमको प्रभावकारी व्यवस्थापन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

जल तथा मौसम विज्ञान विभाग

जल तथा हावापानीसम्बन्धी गतिविधिको अध्ययन तथा अनुगमन गरी मौसमी सूचना सङ्कलन तथा सम्प्रेषण गर्नु विभागको मुख्य कार्य रहेको छ । विभागले जल विज्ञान, हावापानी विज्ञान, बाढी भविष्यवाणी तथा मौसम पूर्वानुमान र जलवायु प्रकोप समुत्थान निर्माण आयोजना सञ्चालन गरी यो वर्ष रु.३१ करोड ८० लाख खर्च गरेको छ ।

६. **लक्ष्य तथा प्रगति -** प्रगति विवरणअनुसार पुँजीगत कार्यक्रमतर्फ रु.७४ लाख २८ हजारको १४ र चालुतर्फ रु.३६ लाख ६४ हजारको १० कार्यक्रम समेत रु.१ करोड ८ लाख ८४ हजारको २४ कार्यक्रमको प्रगति शून्य देखिन्छ । त्यस्तै रु. २ लाखको एक कार्यक्रममा २५ प्रतिशत प्रगति देखिन्छ । प्रथम चौमासिकमा नै बजेट र खर्च गर्ने अख्तियारी प्राप्त भएको अवस्थामा शून्य तथा न्यून प्रगति हुनु उपयुक्त देखिएन । कार्यक्रम कार्यान्वयनमा उचित ध्यान दिई लक्ष्यअनुसार कार्यक्रम सम्पन्न गर्नुपर्दछ ।

जलवायु प्रकोप समुत्थान निर्माण आयोजना

जलवायु प्रभावित समुदायलाई मौसम तथा बाढीसम्बन्धी सूचना प्रवाह गरी प्रकोप न्यूनीकरण गर्ने, मौसम तथा बाढी पूर्वानुमान र भविष्यवाणी थप प्रभावकारी बनाउँदै जलवायु जोखिम व्यवस्थापन गर्ने, सरकारी क्षमता अभिवृद्धि गर्ने, कृषि व्यवस्थापन सूचना प्रणालीको स्थापना गरी कृषि उत्पादन बढाउने र कृषि उत्पादनमा पर्न सक्ने दुष्प्रभाव न्यूनीकरणमा सहयोग पुऱ्याउने उद्देश्यसाथ यो आयोजना विश्व बैङ्कको अमेरिकी डलर ३ करोड १० लाख अनुदान तथा ऋण सहयोगमा ३० अप्रिल २०१३ देखि ३० नोभेम्बर २०१८ सम्म सञ्चालनमा रहने उल्लेख छ । योजनामा यो वर्ष चालु र पुँजीगत समेत रु.२१ करोड ३८ लाख खर्च भएको छ ।

७. **बजेट खर्च -** आयोजनामा नेपाल सरकारको रु.३ करोड ५ लाख र विश्व बैङ्कको रु.२१ करोड ५४ लाख समेत रु.२४ करोड ५९ लाख विनियोजन भएकोमा चालुतर्फ रु.४ करोड ६८ लाख (१९.०२ प्रतिशत) खर्च गरेको छ । पुँजीगततर्फ नेपाल सरकारको रु.९ करोड २८ लाख, विश्व बैङ्कको ऋण र अनुदान रु.५४ करोड ५१ लाख समेत रु.६३ करोड ७९ लाख बजेट विनियोजन भएकोमा रु.१६ करोड ७० लाख (२६.१७ प्रतिशत) खर्च गरेको छ । चालुतर्फ ८०.०८ र पुँजीगततर्फ ७३.८३ प्रतिशत बजेट खर्च नगरी निष्क्रिय राखेको छ । आवश्यकतानुसार बजेट माग गरी प्राप्त बजेटको अधिकतम सदुपयोग गर्नुपर्दछ ।

८. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा कार्यालयले स्वीकृत कार्यक्रम सम्पन्न गरी प्रगति प्रतिवेदन पेस गर्नुपर्ने र तालुक कार्यालयले नियम २६ अनुसार प्रगति समीक्षा गर्नुपर्ने व्यवस्था छ । प्रगति विवरणअनुसार यो बर्ष सञ्चालन गर्नुपर्ने कार्यक्रममध्ये रु.१३ करोड ३५ लाखको ७ कार्यक्रमको प्रगति शून्य र रु.३५ करोड ६० लाखका ७ कार्यक्रममा ५० प्रतिशत वा सोभन्दा कम प्रगति भएको देखियो । उच्च वायुमण्डलीय गतिविधि अध्ययन केन्द्र सञ्चालन गर्न उपकरण खरिद र चट्याङ्ग सञ्जाल प्रणाली स्थापनातर्फ शतप्रतिशत प्रगति देखाएको भए तापनि जडान गरी प्रयोगमा ल्याएको छैन । विभागको विस्तृत प्रारुप तयार गर्ने, खरिद कार्यको लागि टेवा पुऱ्याउने, आवश्यकताको समीक्षा तथा वायुगुण, जलगुण र थेग्रेनी मापन नेटवर्क विकास गर्ने कार्यक्रमतर्फ प्रगति देखाएको भए तापनि विभागले प्रारम्भिक कार्यमात्र भएको उल्लेख गरेको छ । लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ ।

९. **परामर्श सेवा** – विश्व बैङ्कको परामर्शदाता छनौटसम्बन्धी मार्गदर्शन (जनवरी २०११) को खण्ड ४ मा समयबद्ध खरिद सम्झौतामा स्थानीय मुद्रास्फितिको स्तर अस्वाभाविक भएमा पारिश्रमिक दर समायोजन गर्ने प्रयोजनका लागि सम्झौतामा मूल्य समायोजनको व्यवस्था गर्नुपर्ने उल्लेख छ । विश्व बैङ्कको परामर्श सेवासम्बन्धी म्यानुअल २००६ को सि.नं. १५.१.२ मा मूल्य समायोजन दिने प्रयोजनको लागि बजार मूल्यको आधारमा समायोजन भुक्तानीको दर उल्लेख गर्नुपर्ने व्यवस्था छ । विभाग र जलवायु प्रकोप समुत्थान निर्माण आयोजनामा कार्यरत परामर्शदातासँग भएको सम्झौतामा मूल्य समायोजनको व्यवस्था गरेको छैन । विभागले विश्व बैङ्कको पूर्वसहमति लिई ८ परामर्शदाताको वार्षिक १५ प्रतिशतका दरले पारिश्रमिक वृद्धि गर्ने निर्णय गरेको कारण आयोजना २ वर्षमा नै पूरा भई परामर्शदाताको अवधि थप नहुँदा पनि रु.४८ लाख ९५ हजार अतिरिक्त व्ययभार पर्ने देखिन्छ । यो वर्ष मूल्य समायोजनबापत रु.२० लाख ४३ हजार थप पारिश्रमिक भुक्तानी दिएको देखियो । सम्झौतामा मूल्य समायोजनको व्यवस्था नगरी ३६ महिना कार्य गर्न सम्झौता गरेकोले परामर्शदाताहरु सोही पारिश्रमिकमा सम्झौता अवधिभर परामर्श सेवा दिन मन्जुर गरेको देखिन्छ । सम्झौता तथा प्रस्तावका कागजात तयार गर्दा मार्गदर्शनमा उल्लेख भएका कुरामा ध्यान नदिने र सम्झौतापश्चात् अतिरिक्त व्ययभार पर्ने गरी निर्णय गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

वैकल्पिक ऊर्जा र नवीकरणीय ऊर्जा प्रविधिको प्रचार प्रसार, प्रवर्द्धन तथा विकास गरी ग्रामीण जनताको जीवनस्तरमा सुधार ल्याउने, वातावरण संरक्षण गर्ने तथा वैकल्पिक ऊर्जासम्बन्धी उद्योगधन्दाको दिगो विकास गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत २०५३ साल कार्तिक १३ मा वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको स्थापना भएको हो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्य क्षेत्रमा साना तथा लघु जलविद्युत, वायोग्याँस, सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जा, सुधारिएको चुल्हो तथा अन्य वैकल्पिक ऊर्जा पर्दछन् । यो वर्ष केन्द्रको लागि रु.६ अर्ब २७ करोड ५८ लाख विनियोजन भएकोमा रु.३ अर्ब ८७ करोड ९२ लाख खर्च भएको छ ।

१०. **प्रगति स्थिति -** केन्द्रले विभिन्न आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रममध्ये लघु तथा साना जलविद्युत र सौर्य विद्युतको माध्यमबाट देशका १८ प्रतिशत जनतामा विद्युतको पहुँच पुगेको, विभिन्न नवीकरणीय ऊर्जा प्रविधिको प्रयोगबाट ३५ लाखभन्दा बढी घरपरिवार लाभान्वित भएको उल्लेख गरेको छ । केन्द्रले उपलब्ध गराएको विवरणअनुसार कार्यक्रममा हालसम्म भएको प्रगति निम्नानुसार रहेको छ:

कार्यक्रम	इकाई	२०७३।७४ सम्मको प्रगति
वायोग्याँस प्लान्ट जडान	संख्या	३,८०,४३२
ठूला वायोग्याँस प्लान्ट जडान	संख्या	८८
लघु तथा साना जलविद्युतबाट विद्युत उत्पादन	किलोवाट	२९,४५७
घरेलु सौर्य विद्युत प्रणाली	संख्या	७,९४,२७६
सुधारिएको चुलो जडान	संख्या	१३,४३,२४२
सुधारिएको पानीघट्ट जडान	संख्या	१०,६५४
सुधारिएको फलामे चुलो जडान	संख्या	४१,०९०
संस्थागत सौर्य विद्युत प्रणाली	संख्या	१,७०१
सौर्य मिनिग्रिड प्रणाली	किलोवाट	६५

वायोग्यास, सौर्य प्रणाली, लघु तथा साना जलविद्युत जस्ता क्षेत्रमा भएको उपलब्धिको दिगोपना र सौर्य प्रणालीमा प्रयोग हुने ब्याट्रीको वातावरणमैत्री विसर्जन गर्नुपर्दछ ।

११. **कानुनी व्यवस्था -** वैकल्पिक ऊर्जासम्बन्धी उद्योगधन्दाको दिगो विकास गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र विकास समिति स्थापना भई सञ्चालनमा रहेको छ । वैकल्पिक ऊर्जाको क्षेत्रमा सक्षम केन्द्रीय निकायका रुपमा सञ्चालन गर्ने सरकारी नीति र यस क्षेत्रमा प्राप्त सहयोगको व्यवस्थित परिचालनको लागि आवश्यक कानुनको तर्जुमा गरी केन्द्रलाई स्थायित्व प्रदान गर्नुपर्दछ ।

१२. **अनुसन्धान खर्च** - सिन्धुपाल्चोकको कोटडाँडामा रु.१ करोड २८ लाख ४९ हजारको लागतमा वर्ल्ड भिजन इन्टरनेसनल नेपाल, जनहित ग्रामीण सेवा समिति र समुदायको योगदानमा वास परियोजना अन्तर्गत सौर्य खानेपानी आयोजना सम्पन्न गर्न सम्झौता भएको देखिन्छ । सोही खानेपानी आयोजनाको

लागि केन्द्रले उल्लिखित ३ संस्थासँग सम्झौता गरी पुँजीगत अनुसन्धान तथा परामर्श सेवा शीर्षकमा विनियोजन भएको बजेटबाट रु.४० लाख अनुदान दिएको देखियो । एउटा गैरसरकारी संस्थाले सम्पन्न गर्ने गरी सम्झौता गरेको आयोजनामा अनुसन्धानको लागि प्राप्त बजेटबाट खर्च लेखी अनुदान दिएको नियमित देखिएन ।

१३. **अनुदान वितरण -** नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७३ को सि.नं. १४ मा प्राविधिक तथा आर्थिक समस्या भएर सम्पन्न हुन नसकेका आयोजनालाई थप अनुदान दिने व्यवस्था अन्तर्गत यो वर्ष २० लघु जलविद्युत आयोजनालाई प्रथम किस्ता रु.५ करोड १७ लाख ९४ हजार भुक्तानी दिएको देखियो । अनुदान लिन २८ लघु जलविद्युत आयोजनाको निवेदन दर्ता भएको देखिन्छ । केन्द्रले अनुदान वितरणको लागि माग सङ्कलन गर्न सूचना प्रवाह गरी नामावली सङ्कलन तथा सूची तयार गरेको, छनौटको मापदण्ड तयार गरेको तथा अनुदान समितिले अनुदान माग गरेकामध्ये सिफारिस भएका आयोजनाले अनुदान पाउने आधार खुलाई अनुदानको निर्णय गरेको देखिएन । सार्वजनिक सूचनामार्फत माग सङ्कलन गर्ने, सूची तयार गर्ने र निश्चित मापदण्ड तयार गरी सो मापदण्ड पूरा गरेका आयोजनालाई अनुदान दिने व्यवस्था मिलाई अनुदान वितरण प्रक्रिया निष्पक्ष र पारदर्शी बनाउनुपर्दछ ।

१४. **स्वच्छ विकास संयन्त्र -** नेपाल सरकारलाई धुवाँलगायत कार्वनजन्य उत्पादन न्यूनीकरणबापत गत वर्षसम्म प्राप्त रु.५५ करोड ७५ लाख ११ हजार र यो वर्ष प्राप्त रु.११ करोड २२ हजार समेत रु.६६ करोड ७५ लाख ३३ हजार खातामा मौज्दात रहेको देखिन्छ । सन् २००७ देखि प्राप्त रकम खर्च नगरी मौज्दात राखेको छ । कोषको परिचालनको लागि कार्यविधि स्वीकृत भै नसकेको कारण खर्च हुन नसकेको जानकारी केन्द्रले दिएको छ । कार्यविधि तयार गरी प्राप्त रकम उद्देश्यअनुसार उपयोग गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

१५. **असुली -** नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७० मा विभिन्न कम्पनीमार्फत जडान गरिएका सौर्य विद्युत प्रणालीमध्ये कम्तीमा १० प्रतिशत जडान कार्यको नमुना छनौट गरी स्वतन्त्र परामर्शदातामार्फत अनुगमन गर्दा सम्झौताबमोजिम कार्य गरेको नपाइएमा निर्देशिकाबमोजिम अनुदान रकमको ५० प्रतिशतसम्म हर्जाना लगाइने र कम्पनीको मान्यता खारेज गर्नेसम्मको कारबाही हुने व्यवस्था छ । गत वर्ष सौर्य विद्युत प्रणाली जडान गर्न अनुदान वितरण गरेको कार्यको केन्द्रले अनुगमन गर्दा निर्देशिकाबमोजिम नगरेका ६२ सौर्य प्रणाली जडानकर्ता कम्पनीवाट रु.४ करोड ७८ लाख ५२ हजार र २०७१।७२ र २०७२।७३ मा अनुदान प्राप्त गरी वायोग्याँस निर्माण गर्ने कम्पनीहरुको अनुगमन गर्दा १५५ कम्पनीबाट रु. १ करोड ८३ लाख २० हजार समेत रु.६ करोड ६१ लाख ७२ हजार हर्जाना असुल गर्नुपर्ने देखिएको छ । कम्पनीहरुले सम्पादन गरेको कार्यको परिमाण र त्रुटिमा वृद्धि हुँदै गएकोले सोलार जडान कार्यको अनुगमन गर्न तोकेको १० प्रतिशत नमुना छनौट पर्याप्त देखिँदैन । अतः हर्जाना रकम असुल गरी कार्यविधिअनुसार कार्य नगर्ने र लगातार त्रुटि गर्ने यस्ता कम्पनीको मान्यता खारेजसम्मको कारबाही गर्नुपर्ने र नमुना छनौटको प्रतिशतमा पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

१६. **मौज्दात व्यवस्थापन -** केन्द्रीय नवीकरणीय ऊर्जा कोषको वित्तीय व्यवस्थापन संयन्त्रमा छनौट भएको प्रवन्धक बैङ्क टाट पल्टिने सम्भावनालाई जोखिमको रुपमा पहिचान गरेको छ । यो वर्ष मौज्दात रहेको रु.४ अर्ब ६३ करोड ५९ लाखमध्ये प्रवन्धक बैङ्कमा रु.४ अर्ब ४० करोड ८० लाख (९५.०३ प्रतिशत) रकम मौज्दात रहेको पाइयो । २०७४ असार मसान्तमा समाप्त हुने गरी २०७१ पौष १५ मा २.०३८ प्रतिशत ब्याज आर्जन गर्ने गरी कोष व्यवस्थापनको लागि सम्झौता भएको थियो । समयमा प्रबन्धक बैङ्क छनौट हुन नसकेको कारण साविकको प्रबन्धक बैङ्कसँग लागत नव्यहोर्ने र ४ प्रतिशत ब्याज आर्जन गर्ने गरी सहमतिको आधारमा २०७४ असार मसान्तसम्म सम्झौता अवधि थप गरी सोही बैङ्कमा रकम मौज्दात राखेको देखियो । समयमै प्रतिस्पर्धा गराई प्रबन्धक बैङ्क छनौट गर्नुपर्नेमा नगरी साबिक प्रबन्धक बैङ्कलाई निरन्तरता दिएकोले बजारमा वृद्धि भएको ब्याज दरबाट लाभ लिन सक्ने अवस्थालाई ध्यान दिएको पाइएन ।

१७. **मूल्य अभिवृद्धि कर -** राष्ट्रिय ग्रामीण नवीकरणीय ऊर्जा कार्यक्रम र दातृ निकायबीच भएको सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्दा भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रकम कोषले फिर्ता पाउने व्यवस्था छ । सो व्यवस्थाअनुसार केन्द्रले विभिन्न सेवा प्रदायक तथा आपूर्तिकर्तालाई भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रु.१ करोड ८१ लाख ३६ हजार फिर्ता लिन बाँकी देखिएको छ । सो रकम फिर्ता लिनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

काठमाडौँ उपत्यकाको वायु प्रदूषण

मानव स्वास्थ्य, वातावरणीय सुरक्षा एवं संरक्षण गर्नु राज्यको दायित्व हो भने स्वच्छ तथा स्वस्थ वातावरणमा जीवनयापन गर्न पाउनु सबै नागरिकको मौलिक अधिकारको रुपमा रहेको छ । काठमाडौँ उपत्यकामा बढ्दो शहरीकरण, अत्यधिक सवारीसाधन सञ्चालन र विकास निर्माण क्रियाकलापको कार्यान्वयनसँगै वायु प्रदूषण बढ्दो अवस्थामा रहेको छ । काठमाडौँ उपत्यकाको वायु प्रदूषण सम्बन्धमा गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन्:

१८. **वायु प्रदूषण** – वातावरण विभागले वायु प्रदूषणको मापदण्ड निर्धारण गर्ने र वन तथा वातावरण मन्त्रालयले स्वीकृत गरेपछि लागू हुने व्यवस्था छ । काठमाडौँ उपत्यकाको वायुको अध्ययनबाट वायु प्रदूषक निष्काशन गर्ने प्रमुख स्रोतहरुमा निर्माण क्रियाकलापहरु, यातायातक्षेत्र, इँटा उद्योगहरु रहेको छन् । भूकम्पपश्चात् काठमाडौँ उपत्यकामा आवासीय घर, अपार्टमेन्ट, अन्य भवन, सडक गरी जम्मा १४.४५ वर्ग किलोमिटरमा निर्माण कार्य भइरहेको छ ।

वातावरण विभागका अनुसार काठमाडौँ उपत्यकामा वायु प्रदूषणका सम्पूर्ण स्रोतहरुबाट प्रतिवर्ष Total Suspended Particles (TSP) ६३ हजार ३४८ टन, Particulate Matters Less or Equal to 10 Micron (PM_{10}) २२ हजार ८१२.७ टन प्रदूषक निष्काशन भई हावामा मिसिन्छ । यसमध्ये निर्माण क्रियाकलापहरु सञ्चालन हुँदा प्रतिवर्ष TSP ४० हजार ५९६ टन र PM_{10} १२ हजार १२१ टन प्रदूषक उपत्यकाको हावामा प्रवेश गर्ने अनुमान गरिएको छ । वायु प्रदूषण गराउन निर्माण क्रियाकलापहरुको TSP मा करिब ६४ प्रतिशत योगदान रहेको देखिन्छ भने PM_{10} मा ५३ प्रतिशत योगदान रहेको छ ।

यातायात क्षेत्रबाट प्रतिवर्ष TSP २० हजार ७२ टन, PM_{10} ६ हजार ९५३ टन प्रदूषकहरु उपत्यकाको हावामा मिसिने अनुमान भएअनुसार उपत्यकाको वायु प्रदूषण गराउन TSP मा करिब ३१ प्रतिशत र PM_{10} मा ३० प्रतिशत भूमिका रहेको छ । उपत्यकामा सञ्चालनमा रहेका ११२ इँटाभट्टाबाट प्रतिवर्ष TSP २ हजार ६८० टन, PM_{10} १ हजार ९४१ टन प्रदूषकहरु उपत्यकाको हावामा प्रवेश हुने अनुमान गरिएअनुसार TSP मा करिब ४ प्रतिशत र PM_{10} मा ९ प्रतिशत योगदान रहेको छ । अन्य उद्योग, औद्योगिक व्वाइलर, कृषि, घरायसी क्रियाकलाप र फोहोरमैला जलाउँदा समेत वायु प्रदूषणमा वृद्धि हुने देखिन्छ । वायु प्रदूषण बढ्नुको प्रमुख कारण यहाँको भौगोलिक बनावटबाट सिर्जित प्रतिकूल वायुमण्डलीय अवस्थिति र प्रदूषण गराउने स्रोतहरुको निरन्तर वृद्धि नै हो । सडक, ढल, खानेपानी, भवन जस्ता निर्माण क्रियाकलापहरु सञ्चालन गर्दा सम्बद्ध निकायबीचको समन्वय कमजोर हुनु, सम्झौताअनुसार म्यादभित्र कार्य सम्पन्न नगर्नु, धूलो हटाउन नगरपालिकाबाट ब्रुमर जस्ता आधुनिक मेसिनको प्रर्याप्तमात्रामा प्रयोग नहुनु, वातावरणमैत्री प्रविधिको उपयोगलाई प्रोत्साहित नगर्नु, उपत्यकाको सडकको क्षमताभन्दा बढी सवारीसाधन सञ्चालन हुनु, गुणस्तरीय सडक, आधुनिक ट्राफिक व्यवस्थापन र सडकमा सव-वेको व्यवस्था नहुनु, सवारीसाधनको प्रदूषण जाँच तथा अनुगमन प्रभावकारी नहुनु र तोकिएको मापदण्डअनुसार इँटाभट्टाहरु सञ्चालन नहुनु प्रदूषण बढ्नुका कारण रहेका छन् ।

१९. **वायु प्रदूषण मापदण्ड** – वातावरण संरक्षण नियमावली, २०५४ को नियम १५ मा वातावरण नियन्त्रणको लागि आवश्यक मापदण्ड बनाई लागू गर्न सक्ने व्यवस्था रहेको छ । नेपाल सरकारले वायुको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६९ लागू गरी ९ प्रदूषकको मापदण्ड तोकेको छ । वातावरण विभागले उपत्यकामा ६ वायु मापन केन्द्र स्थापना गरी केन्द्रीय पद्धतिमा तथ्याङ्क सङ्कलन हुने र सर्वसाधारणले सबै अवस्थाको जानकारी लिनसक्ने व्यवस्था गरे तापनि राष्ट्रिय मापदण्डले तोकेकामध्ये ३ प्रदूषक PM_{10}, $PM_{2.5}$ र TSP को मात्र मापन गरेको देखिन्छ । स्वीकृत मापदण्डले आर्थिक वर्षमा कम्तीमा ९५ प्रतिशत दिनमा मापदण्ड पूरा गरेको हुनुपर्नेमा मापन गरिएका प्रदूषकहरु जाडो मौसममा सीमाभन्दा बढी देखिएको छ । यसले मानव स्वास्थ्यको अलावा आर्थिक तथा सामाजिक पक्षमा असर परेको छ । स्वास्थ्य सेवा विभागको स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको २०७१।७२ को तथ्याङ्कअनुसार अस्पतालमा बिरामी आउनुको

प्रमुख १० सूचकमध्ये प्रथम स्थानमा Upper Respiratory Tract Infection (५.७) र तेस्रो स्थानमा Lower Respiratory Tract Infection (५.०) रहेको देखिन्छ । प्रदूषणको डरले सडकमा मास्क लगाएर हिड्नुपर्ने, घरको छत, भित्ता, टेबल फोहोर देखिने, कपडा चाँडो मैलो हुँदा पानी, साबुन र श्रमको खपत बढेको छ । वायु प्रदूषणबाट सिर्जित फोहोरको कारण विश्व सम्पदा सूचीमा सूचीकृत १० सम्पदामध्ये काठमाडौँ उपत्यकामा पर्ने ७ सम्पदा र अन्य पुरातात्विक तथा सांस्कृतिक सम्पदाको आकर्षण घटिरहेको छ । सम्पदा अवलोकनको लागि विभिन्न मुलुकबाट भ्रमण गर्ने पर्यटकको संख्यामा कमी आई पर्यटन उद्योगमा असर परेको छ । बढ्दो वायु प्रदूषणबाट कृषि बालीनाली, परिस्थितिजन्य प्रणाली एवं जैविक विविधतामा समेत नकारात्मक असर पुऱ्याएकोले राष्ट्रिय मापदण्डले तोकेका सबै प्रदूषकको मापन गर्ने आवश्यक प्रविधि र क्षमताको विकास गरी कारक तत्वको समुचित व्यवस्थापन गर्न नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन तथा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

प्रदूषण स्रोतहरुको व्यवस्थापन तथा नियन्त्रण कार्य प्रभावकारी नहुँदा उपत्यकामा वायु प्रदूषण बढ्दै गइरहेको छ । यसको लागि शहरी घना मानवबस्तीमा भौतिक संरचनाको निर्माण गर्दा आवश्यक कानुनको व्यवस्था, प्राविधिकरुपमा निर्माण गर्न आवश्यक पर्ने न्यूनतम निर्माण अवधिको निर्धारण, सबै काम गर्ने उपयुक्त प्रविधिको प्रयोग, निर्माणसम्बन्धी विशेष कार्यक्षेत्रगत शर्तको व्यवस्था र सरोकारवाला निकायबीच प्रभावकारी समन्वय हुनुपर्दछ भने सवारीसाधनको संख्या, सडकको गुणस्तर तथा क्षमता सम्बन्धमा वस्तुगत अध्ययन अनुसन्धान गर्ने, सबै मापदण्डलाई समयसमयमा पुनरावलोकन गरीत्यसलाई कडाइका साथ लागू गर्न मौजुदा नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था एवं क्षमतामा सुधार गर्नुपर्दछ । त्यसैगरी उपत्यकाका इँटाभट्टाको मापदण्डअनुसार सञ्चालन गर्न सकिने अवस्था रहे नरहेको सम्बन्धमा निक्यौंल गरी आवश्यक व्यवस्था मिलाउनुपर्दछ । यसका लागि वातावरण विभाग, यातायात व्यवस्था विभाग, सडक विभाग, खानेपानी विभाग र स्थानीय तहलगायतका सम्बद्ध निकायले जिम्मेवारी पूरा नगरेको कारण वायु प्रदूषण दिनानुदिन बढ्न गएको हुँदा सम्बन्धित निकायलाई जिम्मेवार र जवाफदेही बनाइनुपर्दछ ।

- **अनुगमन -** वातावरण संरक्षण नियमावलीअनुसार उद्योगले निवेदन दिएमा एक वर्षको लागि अस्थायी र मन्त्रालयबाट तोकिएको प्रयोगशालाबाट परीक्षण गर्दा सो उद्योग वातावरणीय मापदण्डभित्र परेको देखिए तीन वर्षको प्रदूषण नियन्त्रण प्रमाणपत्र दिने व्यवस्था भएकोमा मन्त्रालयले प्रदूषण परीक्षण गर्न यो वर्ष पनि प्रयोगशाला तोकेको छैन । यो व्यहोरा विगतका प्रतिवेदनमा समावेश भएकोमा सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत १० निकायमा यो वर्ष रु.२२ करोड ८० लाख १ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ करोड २१ लाख ७१ हजार फछ्यौंट गरेकोले रु.२० करोड ५८ लाख ३० हजार बाँकी रहेको छ । सोमध्ये रु.८ करोड ९३ लाख २२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

परराष्ट्र मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा नेपालको परराष्ट्र नीति योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, विदेशी राष्ट्रहरुबीच सम्बन्ध स्थापना, नेपालसम्बन्धी प्रचार-प्रसार, राहदानी तथा भिसा, शिष्टाचार, कूटनीतिक संरक्षण तथा उन्मुक्ति, विदेशस्थित नेपाली नागरिकको हक, हित संरक्षण, आर्थिक कूटनीति र वाणिज्यदूतसम्बन्धी अभ्यास, कूटनीतिक तहमा हुने वार्ता र सम्झौतालगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ४४ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.४ अर्ब ५ करोड २२ लाख, राजस्व रु.३ अर्ब ५९ करोड ९० लाख, धरौटी रु.१ करोड २ लाख र विनियोजन बक्यौता ४ इकाइको रु.४६ करोड ९४ लाख र अन्य कारोबार रु.१ अर्ब ४६ करोड ३७ लाखसमेत रु.९ अर्ब ५९ करोड ४५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम** - नेपालको आर्थिक विकासमा बाह्य सहायता एवं प्रत्यक्ष वैदेशिक लगानी बढाउन र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न आर्थिक कूटनीति परिचालन गर्ने, आगामी आर्थिक वर्षभित्र राहदानी प्राप्त गर्न अनलाइनमार्फत निवेदन गर्न सकिने प्रणाली कार्यान्वयन गर्ने, ई-पासपोर्ट जारी गर्न आवश्यक पूर्वाधार तयार गर्ने, परराष्ट्र सचिवको संयोजकत्वमा कार्यान्वयन तथा अनुगमन इकाई खडा गर्ने, प्रवासमा रहेका नेपाली नागरिकले नेपालमा हुने संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउने २०७३।७४ को नीति र कार्यक्रम रहेको छ । यस सम्बन्धमा परराष्ट्र सचिवको संयोजकत्वमा कार्यान्वयन तथा अनुगमन इकाई गठन गरेको, आर्थिक कूटनीतिको लागि रु.५ करोड ९९ लाख बजेट व्यवस्था गरी परिचालन गरेको, अनलाइनमार्फत राहदानीको निवेदन गर्नसकिने व्यवस्था गरेको पाइयो । प्रवासमा रहेका नेपाली नागरिकले नेपालमा हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था, ई-पासपोर्ट जारी गर्न आवश्यक पूर्वाधार तयार गर्ने आदि कार्यक्रमहरु कार्यान्वयन भएको पाइएन ।

२. **कार्य प्रगति** - मन्त्रालय र मातहतका निकायबाट २०७३।७४ मा उच्चस्तरीय परराष्ट्र नीति पुनरावलोकन कार्यदल गठन, परराष्ट्र मामला अध्ययन प्रतिष्ठानको पुनर्संरचना, देशगत रणनीति निर्माण समिति गठन, कन्सल्टेटिभ समूहको गठन, विभिन्न मुलुकका लागि नेपाली राजदूत नियुक्ति गरेको छ । अष्ट्रियाको भियनामा संयुक्त राष्ट्रसंघको लागि स्थायी नियोग, चीनको ग्वाञ्जाओमा महावाणिज्यदूतावास र स्पेनको म्याड्रिडमा राजदूतावास खोल्ने निर्णय गरेको छ । त्यसैगरी नयाँ दिल्लीमा नेपालका लागि गैरआवासीय विदेशी राजदूतहरुको सम्मेलन, काठमाडौंमा नेपाल लगानी सम्मेलन र बिमस्टेक सम्मेलनको आयोजना गरेको छ । राहदानी विभागले ५ लाख ५७ हजार १८८ राहदानी तथा यात्रा अनुमतिपत्र वितरण र कन्सुलर सेवा विभागबाट विभिन्न किसिमका ९ हजार ३७ सिफारिस तथा २ लाख ६४९ कागजात प्रमाणीकरण गरेको छ ।

३. **वित्तीय प्रतिवेदन** - मन्त्रालयले यो वर्ष ३८ नियोगको विनियोजन तथा राजस्वको केन्द्रीय आर्थिक विवरण तयार गरेको छ । नियोगहरुको वित्तीय विवरणको सम्बन्धमा देहायबमोजिम देखिएको छ:

३.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ बमोजिम आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला हुनुपर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले तयार गरेको आर्थिक विवरणअनुसार यो वर्ष नियोगहरुको लागि रु.२ अर्ब ७४ करोड ५१ लाख निकासा तथा खर्च देखिएकोमा मन्त्रालयले तयार गरेको आर्थिक विवरणले रु.२ अर्ब ७४ करोड ५१ लाख निकासा र रु.२ अर्ब.३६ करोड ७६ लाख खर्च देखाएको छ । नियोगहरुमा निकासाबाट बाँकी रहेको रकमसमेत कोष तथा लेखा नियन्त्रक कार्यालयले खर्च जनाएकोले यथार्थभन्दा रु.३७ करोड ७५ लाख बढी खर्च देखिएको छ । कोष तथा लेखा नियन्त्रक कार्यालयले नियोगहरुमा निकासा बाँकी रकम यकिन गरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

३.२ मन्त्रालयले तयार गरेको राजस्वको केन्द्रीय आर्थिक विवरणअनुसार नियोगहरुले राहदानी शुल्कबापत रु.५० करोड ८९ लाख र प्रवेशाज्ञा शुल्कबापत रु.४२ करोड ९५ लाखसमेत रु.९३ करोड ८४ लाख राजस्व सङ्कलन गरेको देखिन्छ । तर नियोगहरुले मास्केवारी र आर्थिक विवरण नेपाली मुद्रामा तयार नगरेको र मन्त्रालयले एकीकृत आर्थिक विवरण तयार गर्दा नियोगगत रुपमा राजस्व आम्दानी, दाखिला र नगद बाँकीको अभिलेख तयार नगरेकोले राजस्वको हिसाब भिडान गर्न सक्ने स्थिति रहेन । गत वर्षको प्रतिवेदनमा मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयसंग समन्वय गरी नियोगहरुको आर्थिक विवरणले राजस्वको यथार्थ चित्रण गर्ने व्यवस्था गर्नुपर्ने सुझाव औँल्याएकोमा कार्यान्वयन गरेको पाइएन ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः प्रवासमा रहेका नेपाली नागरिकलाई नेपालमा हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था, ई-राहदानी जारी गर्ने नीति कार्यान्वयन, आवश्यकताको विश्लेषण गरी दूतावासहरुको स्थापना, नियोगको भवन खरिद, आर्थिक कूटनीति, हवाई टिकट खरिद, कर कट्टी, ढुवानी भाडा भुक्तानी, परराष्ट्र मामिला अध्ययन प्रतिष्ठानको उद्देश्य अनुरुप सञ्चालन, आन्तरिक लेखापरीक्षण लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

३.३ नेपाली राजदूतावास अबुधाबीले पेस गरेको २०७२।७३ को आर्थिक विवरणअनुसार ३ लाख ५४ हजार ३२५ दिराम मौज्दात देखिएकोमा बैङ्कमा २ लाख ४१ हजार १३० दिराममात्र भएबाट १ लाख १३ हजार १९५ दिरामको हुने रु.३५ लाख ४२ हजार मौज्दात घटी देखियो । घटी मौज्दातको सम्बन्धमा विगत आर्थिक वर्षमा खर्च भएको रकम फाँटवारीमा समावेश गर्न छुट भएको भनी उल्लेख गरेको छ । मौज्दात घटी देखिएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

३.४ आर्थिक कार्यविधि ऐन, २०५५ मा जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने र कानुनले तोकेबमोजिमको रीत पुऱ्याई लेखा राख्नुपर्ने व्यवस्था छ । कतार, संयुक्त अरब इमिरेट्स, सउदी अरब, बहराइन, कुबेतस्थित नेपाली राजदूतावासमा मृतक कामदारको क्षतिपूर्ति र घरेलु कामदारहरुको धरौटीबापत रकम प्राप्त हुने गरेको छ । उपर्युक्त रकमको लेखाङ्कन एवं आर्थिक विवरण तयार गरी लेखापरीक्षण गराएको पाइएन । यस सम्बन्धमा मन्त्रालयबाट अनुगमनसमेत भएको नदेखिएकोले वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउनुपर्दछ ।

४. **नियोग स्थापना -** निजामती सेवा ऐन, २०४९ को दफा ६(क) ले कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्यबोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य र उपलब्ध मानव स्रोत समेतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था गरेको छ । प्रक्रिया पूरा नगरी दरबन्दी सिर्जना गरी पूर्ति गरेको पद स्वतः खारेज हुने व्यवस्था छ । नयाँ संगठन स्थापना गर्दा संगठन तथा दरबन्दी ठीक आकारमा ल्याउने कार्यलाई प्राथमिकता दिनुपर्ने, सकभर नयाँ कार्यालय खोल्नुको सट्टा भैरहेका संगठनको कार्यक्षेत्रमा पुनरावलोकन गरी सोही संगठनबाटै कार्य गर्न गराउन प्राथमिकता दिने नेपाल सरकारको नीति रहेको छ । तर मन्त्रालयले नयाँ नियोगहरु स्थापना गर्दा नीतिगत र प्रक्रियागत व्यवस्था अवलम्बन गरेको पाइएन । यो वर्ष अष्ट्रियाको भियनामा संयुक्त राष्ट्रसंघको लागि स्थायी नियोग, चीनको ग्वान्जाओमा महावाणिज्यदूतावासको स्थापना गरेको र स्पेनको म्याड्रिडमा राजदूतावास खोल्ने निर्णय गर्दा सो प्रक्रिया पूरा गरेको छैन ।

४.१ नियोग स्थापनाको उद्देश्य, लक्ष्य, सेवा दिने कार्यक्षेत्र, पुऱ्याउने सेवाको परिमाण, आवश्यक खर्च तथा जनशक्तिसहितको विश्लेषण गरी सामान्य प्रशासन मन्त्रालय र अर्थ मन्त्रालयबाट सहमति लिई मन्त्रिपरिषद्बाट निर्णय गराउनुपर्दछ । तर आवश्यक प्रक्रिया पूरा नगरी मन्त्रिपरिषद्को निर्णयबाट नियोगहरुको स्थापना हुने गरेको छ । एउटा नियोग स्थापना गर्दा प्रतिवर्ष औसतमा रु.६ करोड ३५ लाख सञ्चालन खर्च व्यहोर्नुपर्दछ । हाल विदेशस्थित नियोगको संख्या ३९ पुगेको छ । विगतदेखि रिक्त रहेका २३ राजदूत तथा २ महावाणिज्यदूतको नियुक्ति यो वर्ष गरिएको छ भने भारतमा ६ महिनादेखि राजदूत पद रिक्त रहेको छ । नियोगहरु थप गर्दा उपलब्ध गराउन सक्ने स्रोत, साधन, लागत र सम्भावित उपलब्धिसमेत विश्लेषण गर्नुपर्दछ ।

४.२ नेपालमा २७ मुलुकका आवासीय राजदूतावास रहेका छन् । कतिपय राष्ट्रले खर्च कटौतीका लागि कन्सुलर सेवाको कार्य आउटसोर्सिङ गर्ने, गाभ्नेलगायतका प्रक्रियाद्वारा राजदूतावासको संख्या कटौतीसमेत गर्ने गरेका छन् । मलेसिया, कतार, संयुक्त अरब इमिरेटस, साउदी अरब, बहराइन, कुबेतस्थित नेपाली राजदूतावासको अधिकांश कार्य वैदेशिक रोजगारीसँग सम्बन्धित रहेको देखिन्छ । युरोपमा बेलायत, बेल्जियम, फ्रान्स, डेनमार्क, स्वीटजरलैण्ड, जर्मनी, अष्ट्रिया र अफ्रिकी महादेशका इजिप्ट र दक्षिण अफ्रिकामा दूतावास रहेका छन् । नियोगहरुको संख्यालाई भौगोलिक र कार्यबोझका हिसाबले अध्ययन र विश्लेषण गरी पुनरावलोकन गर्नुपर्ने देखिन्छ ।

५. **भवन खरिद -** विदेशस्थित ३९ नियोगमध्ये ९ राजदूतावास कार्यालय तथा ११ राजदूत निवासमात्र आफ्नो घर वा लिजमा रहेका छन् । बाँकी कार्यालय भवन, राजदूत निवास, कूटनीतिक कर्मचारीहरुको आवासको लागि घर भाडामा लिएको छ । नियोगहरुको लागि क्रमशः घर खरिद गर्दै जाने नेपाल सरकारको नीति अनुरुप यो वर्ष नियोगहरुको भवन खरिदको लागि रु.१ अर्ब ९५ करोड बजेट विनियोजन भएकोमा भवन खरिद सम्बन्धमा देखिएको व्यहोरा देहायबमोजिम छः

५.१ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा स्वीकृत आयोजना कार्यान्वयन गर्नका लागि विस्तृत अध्ययन, लागत अनुमान र सो आधारमा वार्षिक कार्यक्रम निश्चित गरी वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले आवश्यक अध्ययन र कार्यक्रम तर्जुमा नगरी घर खरिदको लागि बजेट व्यवस्था गरेको पाइयो । साथै मन्त्रालयले २०७२ मा तयार गरेको एक प्रतिवेदनमा आगामी वर्ष ब्रसेल्स, न्युयोर्क, ब्रसिलिया, प्रिटोरिया र बैंककको लागि आवश्यक पर्ने भवन वा अपार्टमेन्ट १।१ खरिद गर्ने र आगामी १० वर्षभित्र सबै नियोग आफ्नै भवनमा हुने गरी परियोजना तयार गरी कार्य गर्ने उल्लेख गरेकोमा त्यस्तो परियोजना तयार भएको छैन । मन्त्रालयले प्रत्येक वर्ष भवन खरिदको लागि बजेट व्यवस्था गर्ने तर कुन कुन नियोगको लागि भवन खरिद गर्ने भन्ने कार्यक्रम नहुँदा बजेटको कार्यान्वयन भएको पाइएन । नियोगहरुको भवन खरिदमा विनियोजन भएको रकमबाट भवन खरिद नगरी अन्यत्र रकमान्तर गरी खर्च गर्ने गरेको पाइयो । गत वर्ष नियोगहरुको भवन खरिदको लागि रु.२ अर्ब बजेट व्यवस्था भएकोमा नेपाली राजदूतावास बैंककले मात्र रु.४५ करोड ७४ लाखमा भवन खरिद गरी बाँकी रकममध्येबाट रु.१ करोड ९८ लाख ३४ हजार रकमान्तर गरी सवारीसाधन खरिद गरेको थियो । यो वर्ष पनि भवन खरिदमा रु.१ अर्ब ९५ करोड ६५ लाख बजेट व्यवस्था भएकोमध्ये रु.१६ करोड ६६ लाख रकमान्तर गरी सवारीसाधन, फर्निचर, मेसिनरी औजार आदि खरिद गरी बाँकी बजेट फ्रिज भएको छ ।

नियोगहरुको घर भाडा खर्च २०७०।७१ मा रु.४४ करोड, २०७१।७२ मा रु.५७ करोड र २०७२।७३ मा रु.६५ करोड र २०७३।७४ मा रु.६८ करोड ५६ लाख भएकोले घर भाडा खर्च प्रत्येक वर्ष बढिरहेको छ । विनियोजित रकम तोकिएको आवश्यक कार्यमा प्रयोग नगर्दा स्रोतको मितव्ययी प्रयोग नहुने, पटक पटक बजेट व्यवस्था गर्नुपर्ने, समयक्रमअनुसार घरजग्गाको मूल्य बढ्दै जाने हुनाले लागत बढ्ने अवस्था छ । मन्त्रालयले तयार गरेको प्रतिवेदन र नेपाल सरकारको नीतिबमोजिम नियोगहरुका लागि विनियोजित रकम उपयोग गरी भवन खरिद गर्नुपर्ने देखिन्छ ।

५.२ परराष्ट्र मन्त्रीस्तरीय २०७३।८।२७ को निर्णयानुसार नेपाली राजदूतावास, वाशिङ्गटनलाई आवश्यकता अनुसारको भवन/एपार्टमेन्ट खरिद कार्य तत्कालै प्रारम्भ गर्न निर्देशन दिएको थियो । तदनुरुप २०७३।९।१७ मा बोलपत्र आह्वान गरी प्राप्त बोलपत्रमध्येबाट खरिद स्वीकृति तथा बजेट निकासाको लागि राजदूतावासले २०७३।११।२० मा मन्त्रालयमा लेखी पठाएकोमा मन्त्रालयले २०७३।११।२४ मा खरिद गरिने घरको आयु तथा संरक्षण, मर्मत सम्भार खर्च, घर खरिद गर्दा पर्ने आर्थिक दायित्व, कानुनी एवम् प्रशासनिक पक्षको मूल्याङ्कन गरी सुझाव सहितको प्रतिवेदन गर्न न्युयोर्कस्थित राष्ट्रसंघका लागि नेपाली स्थायी नियोग प्रमुखको संयोजकत्वमा ४ सदस्यीय समिति गठन गरेको देखियो । मन्त्रालयले बजेटमा समावेश गर्नुभन्दा पहिले नै अध्ययन गरी बजेट तथा कार्यक्रम व्यवस्था गर्नुपर्नेमा खरिद प्रक्रिया कानूनीरुपमा अघि बढिसकेपछि समिति गठन गरेको पाइयो । यस सम्बन्धमा खरिद कार्यविधिबमोजिम खरिद प्रक्रिया अघि बढाउने वा नबढाउने सहमतिसहित मन्त्रालयमा बजेट निकासा माग गर्नुपर्नेमा सो नगरी बोलपत्र आह्वानको सूचना प्रकाशन गरेको हुँदा यस्तो अवस्थाको सिर्जना भएको जवाफ मन्त्रालयले दिएको छ । भवन खरिदको प्रक्रिया स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक निर्णय लिनुपर्दछ ।

६. **आर्थिक कूटनीति -** चौधौं आवधिक योजना (२०७३।७४-२०७५।७६) अनुसार व्यापार, लगानी, पर्यटन तथा रोजगारी प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय, क्षेत्रीय र द्विपक्षीय सम्बन्ध सुदृढ गर्नु आर्थिक कूटनीतिको उद्देश्य रहेको छ । उक्त उद्देश्य प्राप्तिका लागि योजनामा अन्तर्राष्ट्रिय बजार सहजीकरण, वैदेशिक लगानी प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण सहजीकरण, पर्यटन प्रवर्द्धन, वैदेशिक रोजगारी प्रवर्द्धन, विकास सहायता परिचालन र नेपाली डायस्पोराको उपयोग गर्ने कार्यक्रमअर्न्तगत विभिन्न १२५ क्रियाकलाप तर्जुमा गरेको छ । सरकारले नेपालको आर्थिक विकासमा बाह्य सहायता एवं प्रत्यक्ष वैदेशिक लगानी बढाउन र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न आर्थिक तथा विकास कूटनीति परिचालन गर्ने नीति लिएको छ ।

यो वर्ष मन्त्रालयले नियोगहरुमार्फत कार्यान्वयन गर्ने गरी निर्यात प्रवर्द्धन, लगानी सम्मेलनको आयोजना, धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धन र रोजगारीका नयाँ सम्भावनाहरुको पहिचानसम्बन्धी कार्यक्रम तय गरी रु.५ करोड ९९ लाख बजेट व्यवस्था गरेकोमा रु.४ करोड ३७ लाख खर्च गरेको छ । नयाँ दिल्लीमा नेपालका लागि गैरआवासीय विदेशी राजदूतहरुको सम्मेलन र काठमाडौंमा नेपाल लगानी सम्मेलन आयोजना गरेको छ । तर कायरो, दोहा, बहराइन, ओमान, कुबेत, न्युयोर्क, जेद्दा, बेइजिङ, बर्लिन, कोलम्बो, पेरिसस्थित नियोगहरुले कार्यक्रम आंशिकमात्र कार्यान्वयन गरी ५० प्रतिशत पनि खर्च गरेका छैनन् । नियोग आफैले कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्नेमा अष्ट्रेलिया, क्यानडा, अमेरिकास्थित नियोगले स्थानीय नेपाली संघ संस्थाहरुलाई रकम उपलब्ध गराई कार्यक्रम सञ्चालन गरेकोमा अनुगमन गरी कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गरेको छैन ।

परराष्ट्र मन्त्रालयले तयार गरेको आर्थिक कूटनीति कार्यक्रम निर्देशिकामा कूटनीतिलाई आर्थिक विकासतर्फ लैजाने मापनयोग्य रणनीति तथा कार्यनीति उल्लेख गरेको छैन । नेपाल पर्यटन बोर्डले बर्लिनमा पर्यटन प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरेकोमा बर्लिनस्थित राजदूतावासलाई जानकारी समेत नदिएकोले आर्थिक कूटनीति कार्यान्वयन गर्ने निकायबीच समन्वयको कमी देखिन्छ । अतः आर्थिक कूटनीतिको उद्देश्य प्राप्त गर्न सम्बद्ध सबै निकायः पर्यटन एवं संस्कृति मन्त्रालय, उद्योग वाणिज्य मन्त्रालय, अर्थ मन्त्रालय, नेपाल पर्यटन बोर्ड, वैदेशिक रोजगार विभागलगायत अन्य निकायबीचको समन्वयमा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरी एकीकृत प्रगति विवरण तयार गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

७. **महावाणिज्य दूतावासहरुको प्रभावकारिता -** परराष्ट्र मन्त्रालयले महावाणिज्य दूतावासहरुको लागि आर्थिक कूटनीति, श्रम कूटनीति, कन्सुलर तथा डायस्पोरा सम्बन्धी कार्य, सार्वजनिक तथा सांस्कृतिक कूटनीति, कूटनीति सम्बन्ध विस्तार आदि कार्य क्षेत्र तोकेको छ । महावाणिज्यदूतावासहरुले २०७३।७४ मा उपलब्ध गराएका प्रमुख सेवा निम्नानुसार छन्:

कामको विवरण	ईकाइ	कोलकात्ता	हङ्कङ्ग	न्युयोर्क	ल्हासा	जेद्दा
प्रवेशाज्ञा जारी	वटा	६९	२२६९६	२७८६	२१२७७	७२
कागजात प्रमाणीकरण	वटा	-	१८९	२४८	६	१७५
राहदानी वितरण	वटा	३	६३०	९१	६	
यात्रा अनुमतिपत्र वितरण	वटा	-	२२१	५८	४	
मृतकको नावालिग बालबालिकाको उद्धार	जना	-			-	१६१
मृतकको शव नेपाल पठाएको	जना	-				७६
अवैध कामदारहरुको उद्धार	जना	-				२७८०
वार्षिक खर्च रु. हजारमा		२९८२४	६६८४७	६९१६८	१६८६४	२८४०४

महावाणिज्यदूतावासहरुको लागि मन्त्रालयले आर्थिक कूटनीतिअन्तर्गत १४ कार्यक्रम सञ्चालन गर्न रु.६५ लाख बजेट व्यवस्था गरेकोमा रु.४२ लाख खर्च गरेका छन् । महावाणिज्यदूतावास कोलकात्ताले मानव बेचबिखन र ओसार पसार नियन्त्रण, मिडिया अन्तर्क्रिया, भानु जयन्तीमा हाजिरीजवाफ प्रतियोगिता कार्यक्रम गरेको पाइयो । महावाणिज्य दूतावास हंककङले नेपालमा लगानीका सम्भावना विषयक अन्तर्क्रिया कार्यक्रम, नेपाल ट्रेडफेयर र सगरमाथा दिवस सञ्चालन गरेको पाइयो । त्यसैगरी महावाणिज्यदूतावास न्युयोर्कले ग्रेटर न्यूयोर्क चेम्बरको सदस्यता लिई उक्त संस्थाका पदाधिकारीसँग नेपाल लगानी सम्मेलनको बारेमा छलफल गरेको, नेपाल दिवसको अवसरमा स्थानीय नेपालीको सहयोगमा न्यूयोर्कमा नेपालको कला र संस्कृति झल्कने झाँकी प्रदर्शन, स्थानीय पर्यटन व्यवसायीहरुसँग छलफलको आयोजना गरेको, महावाणिज्यदूतावास ल्हासाले

पर्यटन र लगानी प्रवर्द्धनसम्बन्धी अन्तरक्रिया कार्यक्रम, तेस्रो चीन तिब्बत पर्यटन, सांस्कृतिक एक्स्पोमा सहभागिता र महावाणिज्य दूतावास जेद्दाले स्वास्थ्य चेतना र निःशुल्क स्वास्थ्य शिविर, श्रमिक समस्याका बारेमा अन्तरक्रिया सञ्चालन गरेका छन् ।

मन्त्रालयले दूतावासहरुको लागि कार्यसम्पादन सूचक निर्धारण गरेको भए तापनि सूचकहरु मूल्याङ्कन गरी सुधारको लागि पृष्ठपोषण सहित महावाणिज्यदूतावासहरुलाई पठाएको छैन । देशगत रुपमा सम्भाव्य तुलनात्मक लाभका क्षेत्र पहिचान गरी सोबमोजिम विकास कूटनीतिका कार्यक्रम तयार नभएको कारणले महावाणिज्यदूतावासहरु प्रभावकारीरुपमा सञ्चालन हुन सकेको देखिँदैन । मन्त्रालयले देशगत रुपमा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी सोअनुरुप कार्यक्रम तर्जुमा गरी महावाणिज्यदूतावासहरुको कार्यसम्पादन मूल्याङ्कन गरी सुधारको लागि पृष्ठपोषण समेत गर्नुपर्दछ ।

८. **टिकट खरिद -** मन्त्रालयले विशिष्ट पदाधिकारी एवं कर्मचारीको भ्रमणका लागि आवश्यक टिकट खरिद गर्न बोलपत्रको माध्यमबाट एक ट्राभल एजेन्सीसँग सम्झौता गरेको छ । बोलपत्र आह्वान गर्दा भ्रमण गर्नुपर्ने सबै गन्तव्य पहिचान नगरेको एवं कुनै एक गन्तव्यमा भ्रमण गर्न ट्रान्जिटसमेत उल्लेख गरी बोलपत्र गरेको छ । मन्त्रालयले यो वर्ष हवाई टिकट खरिद (रु.१० करोड ३१ लाख) मध्ये बोलपत्र आह्वान गर्दा पहिचान नभएका गन्तव्यका लागि रु.२ करोड ४ लाख खर्च गरेको छ । गन्तव्य पहिचान भएका बोलपत्रमा उल्लिखित ट्रान्जिटको अलावा अर्को ट्रान्जिटबाट भ्रमण गरी ४३ पदाधिकारी एवं कर्मचारीले बोलपत्रमा उल्लिखित दरभन्दा बढी रकमको टिकट लिई रु.३६ लाख व्ययभार परेको छ । अतः बोलपत्र आह्वान गर्दा सबै गन्तव्यको पहिचान गरी जुनसुकै रुटबाट भ्रमण भए तापनि तोकिएको गन्तव्यका लागि सम्झौतामा उल्लिखित दरभन्दा बढी भुक्तानी नहुने व्यवस्था मिलाउनुपर्दछ ।

९. **मितव्ययिता -** भ्रमण खर्च नियमावली, २०६४ को नियम ४ मा भ्रमण किफायती हुनुपर्ने उल्लेख छ । तर मन्त्रालयले भ्रमणको कार्यक्रम निश्चित गरी हवाई टिकट उपलब्ध गराइसकेपछि विभिन्न निर्णयबाट यात्रा रद्द हुने, मिति परिवर्तन गर्ने, रुट परिवर्तन गर्ने आदि कारणले समयमा यात्रा हुन नसकी टिकट रद्द गरेको कारणले यो वर्ष रु.७८ लाख अनावश्यक भार परेको छ । मन्त्रालय तथा सम्बद्ध पक्षबाट यथार्थ यात्रातालिका निश्चित नगर्दा थप व्ययभार पर्न गएकोले समयमै उचित निर्णय गरी स्रोतको मितव्ययी उपयोग गर्नुपर्दछ ।

१०. **कर -** कूटनीतिक नियोगमा कार्यरत कर्मचारीको वैदेशिक भत्ताको ७५ प्रतिशत रकम करयोग्य आयबाट घटाई बाँकी रहने रकममा आयकर गणना गरिने आयकर ऐन, २०५८ को अनुसूची १ को व्यवस्था पालना गर्न विगत वर्षदेखि नै औँल्याउदै आएकोमा सोको पालना नगरी यो वर्ष ३७ नियोगका १७३ पदाधिकारीको तलब तथा वैदेशिक भत्ताको आयमा लाग्ने करमध्ये रु.२ करोड २७ हजार घटी कर कट्टी गरेको छ । कानुनबमोजिम कर तिर्नुपर्ने दायित्व भएका व्यक्तिले कर नतिर्ने र कर असुल गर्नुपर्ने सम्बन्धित कार्यालयले असुलउपर गरेको छैन । कानुनी व्यवस्था पालना गरी पारिश्रमिक कर असुल गर्नु गराउनुपर्दछ ।

११. **सेवा सुविधासम्बन्धी कानुन -** मन्त्रालयले नियोगका कर्मचारीलाई पारिवारिक भत्ता, शैक्षिक भत्ता, सेटलमेन्ट भत्ता, औषधि उपचार, आवास सुविधा आदि उपलब्ध गराउँदै आएको छ । नियोगका पदाधिकारी एवं कर्मचारीलाई सुविधा उपलब्ध गराउन विभिन्न समयमा पटक पटक मन्त्रिपरिषद् एवं मन्त्रालयको सचिव स्तरमा निर्णय गरी तदनुरुप खर्च लेख्दै आएको छ ।

मन्त्रालयले एकै प्रकृतिका विषयमा पटक पटक निर्णय गर्ने तथा कतिपय अवस्थामा अधिकार नभएको विषयमा समेत आर्थिक सुविधा उपलब्ध गराउने निर्णय भएको देखिन्छ । यसबाट नियोगका कर्मचारीको सेवा सुविधामा अस्पष्टता एवं दोहोरोसमेत परेको र खर्च अनियन्त्रित भई नेपाल सरकारको व्ययभार वृद्धि हुँदै गएको देखिएकोले कर्मचारीको सेवा सुविधा सम्बन्धमा स्पष्ट हुने गरी कानुन बनाई खर्च मितव्ययी गर्नुपर्दछ ।

१२. **औषधि उपचार खर्च -** राजदूतावासमा कार्यरत कर्मचारीहरुले औषधि उपचार खर्च समेत पाउने व्यवस्थाअनुसार यो वर्ष नियोगहरुमा कार्यरत कर्मचारीको बीमा तथा औषधि उपचारमा रु.१५ करोड ५० लाख ६३ हजार खर्च गरेको छ । नियोगका प्रायः सबै कर्मचारी र आश्रित परिवारको स्वास्थ्य बीमा गरिए तापनि सोको अतिरिक्त औषधि उपचार खर्च लेख्ने गरेको छ । मन्त्रालयबाट औषधि उपचार खर्चको कुनै सीमा तोकेको छैन । नियोगहरुले स्वास्थ्योपचार सुविधासम्बन्धी निर्देशिकाबमोजिम गत आर्थिक वर्षमा

स्वास्थ्योपचारमा भएको खर्चको विवरण परराष्ट्र मन्त्रालयमा पठाएको र अभिलेख राखेको पनि पाइएन । सार्वजनिक लेखा समितिले राजदूतावासका कर्मचारीको औषधिउपचार खर्चको अभिलेख निजामती किताबखानामा पठाउन निर्देशन दिएको भए तापनि नपठाएको र औषधि उपचार खर्च उपलब्ध गराउँदा नियन्त्रणात्मक पद्धति स्थापित नगरेकोले यस सुविधाको मितव्ययी उपयोग नभएको अवस्था छ । मन्त्रालयले यस सम्बन्धमा सार्वजनिक लेखा समितिले विगतमा गरेको निर्णय कार्यान्वयन तथा औषधि उपचार सम्बन्धमा स्पष्ट नीति बनाई कार्यान्वयन गर्नुपर्दछ ।

१३. **ढुवानी खर्च -** मन्त्रिपरिषद्को २०५१।२।२३ को निर्णयले नियोगबाट सरुवा वा सेवा निवृत्त भई वा आफ्नो कार्यकाल पूरा गरी स्वदेश फर्कदा नियोग प्रमुखलगायत अन्य कर्मचारीले आफ्नो व्यक्तिगत र पारिवारिक प्रयोगमा ल्याएका मालसामान प्याकिङ, बीमा र ढुवानीबापत रकम एकमुष्ट दिइने उल्लेख छ । मन्त्रिपरिषद्ले २०५३।५।१७ मा नियोग प्रमुखले पाउने ढुवानी सुविधामा ५० प्रतिशतले वृद्धि गरी तत्पश्चात् देहायबमोजिम ढुवानी सुविधा उपलब्ध गराउँदै आएको छ ।

देशहरु	नियोग प्रमुख	राजपत्राङ्कित कर्मचारी	राजपत्र अनंकित कर्मचारी
युरोप, अमेरिका तथा जापान	अमेरिकी डलर ९,०००	अमेरिकी डलर ६,०००	अमेरिकी डलर ३,६००
एसियाली तथा अफ्रिकी मुलुक	अमेरिकी डलर ६,०००	अमेरिकी डलर ४,०००	अमेरिकी डलर २,४००
सार्क मुलुकहरु	अमेरिकी डलर ३,०००	अमेरिकी डलर २,०००	अमेरिकी डलर १,२००

उपर्युक्त सम्बन्धमा देहायबमोजिम देखिएको छ :

१३.१ ढुवानी भाडासम्बन्धी निर्णय गर्दा हवाई रुट र हवाई दूरीलाई ध्यान दिएको देखिएन । एसियाली मुलुक क्वालालम्पुर, बैंकक, हङ्कङ्ग, म्यान्मार, सिउलमा रहेका नेपाली दूतावासको दूरी र हवाईरुटलाई दृष्टिगत गर्दा उक्त स्थानको लागि ढुवानी भाडा अफ्रिकी मुलुक दक्षिण अफ्रिकाको प्रिटोरिया र इजिप्टको कायरोमा रहेका दूतावास खटिँदा पाउने ढुवानी भाडा सरह कायम गर्नु मनासिब देखिएन । त्यसैगरी नेपाली दूतावास रहेका युरोपेली मुलुकमा खटिँदा पाउने ढुवानी अमेरिका सरह कायम गर्न पनि उपयुक्त देखिएन । अतः मन्त्रालयले उपलब्ध गराउँदै आएको ढुवानी भाडा हवाई रुट, ढुवानी सुविधा र दूरीलाई आधार मानी पुनरावलोकन गर्नुपर्दछ ।

१३.२ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) अनुसार खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने र बिल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीबाट समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष विभिन्न नियोगबाट सरुवा भई फर्कने ४५ जना नियोग प्रमुख एवं कर्मचारीलाई मन्त्रिपरिषद्ले तोकेको दर अमेरिकी डलर ७७५ देखि अमेरिकी डलर ९ हजारसम्म गरी अमेरिकी डलर १ लाख ६६ हजार ८५३ को हुने रु.१ करोड ७४ लाख ७८ हजार बिल भरपाई बिना भुक्तानी गरेको छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को व्यवस्थाबमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

राहदानी विभाग

१४. **राहदानी छपाइ एवं जारी -** परराष्ट्र मन्त्रालय र फ्रान्सको ओवरथर टेक्नोलोजीबीच २०७२।८।८ सम्ममा ४० लाख मेसिन रिडेबल पासपोर्ट (एम.आर.पी.) छपाइ, आपूर्ति र पर्सनलाइजेसन गर्न प्रति राहदानी अमेरिकी डलर ३.४१ का दरले भुक्तानी गर्ने गरी २०६७।५।११ मा सम्झौता भएको थियो । तत्पश्चात् थप ५ लाख राहदानी आपूर्ति र पर्सनलाइजेसन गर्न शुरु सम्झौताबमोजिम र पछि मन्त्रिपरिषद् आर्थिक तथा पूर्वाधार समितिको २०७२।३।१४ को निर्णयबमोजिम थप २५ लाख पासपोर्ट आपूर्ति र पर्सनलाइजेसन तथा ५० लाइभ इन्रोल्मेण्ट स्टेसन स्थापना समेतको लागि प्रति पासपोर्ट ४.८९ अमेरिकी डलर भुक्तानी गर्ने तथा ७० लाख पासपोर्ट पर्सनलाइजेसन सम्पन्न नभएसम्म सम्झौता म्याद कायम रहने व्यवस्थासहित २०७२।३।३१ मा संशोधित सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन्:

१४.१ आपूर्तकसँगको सम्झौताको परिच्छेद ४ को दफा ४.ई मा आपूर्तिको क्रममा स्पेसिफिकेसनअनुसार नभएका र पर्सनलाईजेसन गर्ने क्रममा बिग्रिएका पासपोर्ट आपूर्तिकर्ताले शोधभर्ना गर्नुपर्ने व्यवस्था छ । विभागबाट उपलब्ध विवरणअनुसार प्रथम चरणको शुरु सम्झौताअनुरुप प्राप्त ४४ लाख ६५ हजार ८६० पासपोर्ट पर्सनलाइजेसन हुँदा ६२ हजार ४०० पासपोर्ट बिग्रिएको देखिन्छ । उक्त बिग्रिएका पासपोर्ट आपूर्तकबाट

शोधभर्ना नगराई विभागले खरिद मूल्य प्रतिपासपोर्ट अमेरिकी डलर ३.४१ ले हुने अमेरिकी डलर २ लाख १२ हजार ७८४ आर्पूतकको बिलबाट कट्टा गरेको छ । शुरु सम्झौताको तुलनामा संशोधित सम्झौतामा प्रति राहदानी मूल्य अमेरिकी डलर १.४८ बढी रहेकोले विभागले बिग्रिएको त्रुटिपूर्ण राहदानीबापतको रकम आपूर्तिकर्ताको बिलबाट कट्टा नगरी राहदानी नै शोधभर्ना लिनुपर्दछ ।

१४.२ नेपाल सरकारले २०७२।७३ भित्र ई-पासपोर्ट जारी गर्न आवश्यक पूर्वाधार तयार गर्ने नीति लिएकोमा सो नीतिलाई २०७३।७४ र २०७४।७५ को बजेट वक्तव्यमा समेत निरन्तरता दिएको छ । एम.आर.पी. जारी संख्या विश्लेषण गर्दा २०७१।७२ पछि निरन्तर कमी आई २०७२।७३ मा ८ लाख ७० हजार र २०७३।७४ मा ५ लाख ५७ हजार राहदानी जारी भएको देखिन्छ । विभागले आपूर्तकसँग सम्झौताबमाजिम प्राप्त हुनुपर्ने ७० लाख राहदानीमध्ये २०७३।७४ को आषाढ मसान्तसम्ममा ४९ लाख ९७ हजार राहदानी वितरण भई विभागसँग २० लाख ३ हजार मौज्दात रहेको छ । हालको राहदानीको माग अनुसार मौज्दातमा रहेको राहदानी खपत हुन ३ वर्षभन्दा बढी समय लाग्ने देखिएकोले ई-पासपोर्ट तयारीमा ढिलाइ हुने देखिएको छ । यस सम्बन्धमा विद्युतीय राहदानी जारी गर्नको लागि आवश्यक कार्ययोजना र कार्यक्रम बनाई अध्ययन तथा मूल्याङ्कन गर्न समितिले कार्य गरिरहेको व्यहोरा राहदानी विभागले जनाएको छ ।



१५. **आन्तरिक लेखापरीक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९६ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयको राजस्व, धरौटी तथा विनियोजन र कार्यसञ्चालन कोषको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ । यो वर्ष आन्तरिक लेखापरीक्षण गर्न महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयका कर्मचारीको टोलीले बेइजिङ, सिउल र बैङ्कस्थित नियोगको राजस्व बाहेकको आन्तरिक लेखापरीक्षण स्थलगत रुपमै गरेको पाइयो । सो बाहेक अन्य ३५ नियोगको २०७३।७४ को स्रेस्ताको आन्तरिक लेखापरीक्षण गरेको देखिएन । साथै मन्त्रालयको २०७३।७४ को आन्तरिक लेखापरीक्षण गरी २०७४।७२ मा दिएको प्रतिवेदनमा आर्थिक वर्षको अन्तमा बाँकी पेस्की रु.३ करोड ५९ लाख ३२ हजार उल्लेख गरेको पाइएन । आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा म.ले.प.फा.नं. १४ बाट देखिने पेस्की बाँकीसमेत उल्लेख नहुँदा आन्तरिक लेखापरीक्षण भरपर्दो देखिएन । महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण समेतको अनुगमनको व्यवस्था गरी यसलाई भरपर्दो बनाउनुपर्दछ ।

परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान

१६. **कार्यसम्पादन स्थिति -** नेपालको परराष्ट्र नीतिलाई सक्षम र प्रभावकारी बनाउन नेपाल सरकारलाई सुझाव तथा परामर्श दिने उद्देश्यले वि.स. २०५० मा स्थापना भएको यस प्रतिष्ठानलाई नेपाल सरकारले यो वर्ष ८४ लाख निःशर्त अनुदान दिएकोमा रु.८३ लाख ९५ हजार खर्च गरेको छ । प्रतिष्ठानले हालसम्म ५५ प्रतिवेदन प्रकाशन गरेको तथा यो वर्ष ७ राजदूतावासमा नियुक्त हुने सैनिक सहचारीहरु, परराष्ट्र सेवाका रा.प.तृतीय र रा.प.अनं.प्रथम श्रेणीका कर्मचारीलाई तालिम प्रदान गरेको छ । तर गठन आदेशअनुसार परराष्ट्र मामिला सम्बन्धमा नीति तर्जुमा गरी नेपाल सरकारलाई परामर्श प्रदान गर्ने, परराष्ट्र मामिला सम्बन्धमा अवलम्बन गर्नुपर्ने रणनीतिबारे अध्ययन अनुसन्धान गरी अवधारणापत्र तयार गरी पेस गर्ने, नेपालले विदेशी मुलुकमा आफ्ना नियोग खोल्दा अपनाउनुपर्ने मापदण्डका सम्बन्धमा सुझाव प्रदान गर्ने कार्य गरेको पाइएन । प्रतिष्ठानको कर्मचारी सेवाशर्त र सुविधासम्बन्धी नियमावली, २०६९, कार्य सञ्चालन नियमावली, २०६९ र आर्थिक प्रशासनसम्बन्धी नियमावली, २०७० मन्त्रालयले स्वीकृतिको कारबाही बढाएको पनि पाइएन । साथै प्रशासन सुधार अनुगमन समिति, २०७० को प्रतिवेदनले 'परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान'लाई 'कूटनीतिक प्रशिक्षण केन्द्र' एवम् 'कूटनीतिक अनुसन्धान केन्द्र'को रूपमा विकास गर्ने सुझाव दिएकोमा सोअनुरुप कार्यान्वयन नगरेकोले प्रतिष्ठान सञ्चालनको लागि आवश्यक वातावरण तयार गर्नुपर्दछ ।

- **अनुगमन -** गत विगत वर्षका प्रतिवेदनमा कर कट्टी नभएको, राजस्व अभिलेख अद्यावधिक नगरेको, राजस्व समयमा दाखिला नगरेको लगायतका व्यहोरा औँल्याएकोमा यो वर्ष पनि सुधार नगरेकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत ४४ निकायमा यो वर्ष लेखापरीक्षणबाट रु.६८ करोड १२ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि निकायले रु.९ करोड ९४ लाख ५६ हजार फछ्यौंट गरी रु.५८ करोड १७ लाख ४४ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.२० करोड ३६ लाख १६ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

पशुपन्छी विकास मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा पशु विकास सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, पशुपन्छीपालन तथा व्यवस्थापन, अनुसन्धान तथा विकास, बजार प्रवर्द्धन, पशुपन्छीका जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन, पशुपन्छीसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १३५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.७ अर्ब ५९ करोड ६० लाख ४५ हजार, राजस्व रु.७ करोड ६४ लाख ५ हजार र धरौटी रु.८ करोड ५७ लाख ५ हजार र अन्य कारोबार रु.१८ करोड ५९ लाख ७४ हजारसमेत रु.७ अर्ब ९४ करोड ४१ लाख २९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित सस्थातर्फ रु.२ अर्ब १४ करोड ८० लाख ९३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **लक्ष्य-प्रगति** - पशुपन्छी उत्पादक कृषक समुदाय सहकारी संस्था एवं उद्यमीहरुलाई स्थानीय तहबाटै एकीकृत रुपमा प्राविधिक, वित्तीय तथा अन्य सेवा उपलब्ध गराउने, परम्परागत एवं निर्वाहमुखी पशुपन्छी पालनलाई व्यवसायीकरण गर्दै यस क्षेत्रमा आत्मनिर्भर हुने, महिला तथा युवा स्वरोजगारको माध्यम बनाई उनीहरुलाई पशुजन्य पदार्थको उत्पादन, प्रशोधन व्यवस्थापन र बजारीकरणमा लाग्न प्रोत्साहन गर्ने चौधौं योजनाको क्षेत्रगत रणनीति रहेको छ । यस वर्षको वार्षिक कार्यक्रमअनुसार ५० हजार रोजगारी सिर्जना लगायतका ११ कार्यक्रममध्ये ८ कार्यक्रममा लक्ष्यअनुसार प्रगति हासिल गरेको उल्लेख गरे तापनि दुध २० लाख ३१ हजार मेट्रिक टन उत्पादन लक्ष्य रहेकोमा १९ लाख ११ हजार मेट्रिक टन उत्पादन भएको, मासु ३ लाख ४४ हजार मेट्रिक टन हुने लक्ष्य राखेकोमा ३ लाख २२ हजार मेट्रिक टन उत्पादन भएको र पशुपन्छी उपचार सेवा २८ लाख पुऱ्याउने लक्ष्य रहेकोमा २४ लाखलाई सेवा पुऱ्याएको देखिएकोले लक्ष्यअनुसार प्रगति भएको छैन । त्यस्तै २०७३।७४ को बजेट वक्तव्यमा मुस्ताङ्गमा च्याङ्ग्रा फर्म स्थापना गरिने उल्लेख भएकोमा सो कार्य नभएको, झापा र कास्कीमा साझेदारीमा नमूना वंगुर व्यवसाय पार्क स्थापना गर्ने उल्लेख भएकोमा कास्कीमा मात्र भएकोले वार्षिक कार्यक्रममा समावेश भएका कार्यक्रम सञ्चालन गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ ।

पशुसेवा विभाग

विभाग मातहतका पशु स्वास्थ्य निर्देशनालय, पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय, पशु उत्पादन निर्देशनालय, लाइभस्टक स्रोत तथा गुण व्यवस्थापन शाखा, पशुपन्छी उत्पादन प्रवर्द्धन शाखा, राष्ट्रिय पशु प्रजनन केन्द्र, पशु विकास फार्म, बाखा विकास फार्म, याक विकास फार्म, कुखुरा विकास फार्म तथा केन्द्रीय भेडाबाखा, बंगुर, कुखुरा, गाई भैँसी प्रवर्द्धन कार्यालय रहेका छन् ।

२. **प्रगति -** यो वर्ष पशुपन्छी व्यवसायमा संलग्न कृषकहरुलाई उपलब्ध गराएको सेवा प्रवाह र उपलब्धिको एकीकृत विवरणअनुसार ७ पशु वधशाला निर्माण सुधार, ५५ चिलिङ भ्याट वितरण, १५ सामुदायिक बाखा स्रोत केन्द्र विकास, ६०० व्यावसायिक बाखा फार्म सुदृढीकरण, ११४ युवा लक्षित बाखा फार्म सुदृढीकरण, ८ गाई भैँसीको स्रोत केन्द्र स्थापना, ६ जिल्लामा दुधालु गाईको वंश सुधार, एक जिल्लामा बंगुर औद्योगिक पार्क स्थापना, ११५ बंगुर फार्म सुदृढीकरण गरेको उल्लेख छ ।

३. **अनुदानको अनुगमन** - यो वर्ष मन्त्रालयबाट स्वीकृत विभिन्न कार्यविधि र निर्देशिकाअनुसार, विभाग र अर्न्तगतका ८६ कार्यालयले पशु व्यवसायमा संलग्न व्यक्ति, समूह तथा सहकारी संस्थाहरुलाई पुँजीगत अनुदान रु.२५ करोड ८६ लाख ४४ हजार र चालु अनुदान रु.४८ करोड ३५ लाख ७ हजारसमेत रु.७४ करोड २१ लाख ५१ हजार अनुदान खर्च लेखेको छ । पशुपन्छी उत्पादनमा आत्मनिर्भर बनाउन पशु आहार, पशु स्वास्थ्य सेवा, दुग्ध पदार्थ र पशुजन्य पदार्थको उत्पादन प्रशोधन व्यवस्थापन र बजारीकरण जस्ता कार्यका लागि दिएको अनुदान परिचालन सम्बन्धमा प्रभाव मूल्याङ्कन हुनुपर्दछ ।

४. **कार्यविधि विपरीत खर्च** - पशु उत्पादन निर्देशनालयले पशुकल्याण प्रवर्द्धनका लागि बेवारिसे बूढी गाई, बाच्छा, बाच्छी व्यवस्थापन तथा उपपदार्थजन्य उद्योग स्थापनामा सहयोगका लागि "रेसुङ्गा-अर्जुन क्षेत्र संरक्षण तथा पर्यटन व्यवस्थापन समिति" गुल्मीलाई रु.२५ लाख अनुदान दिएको छ । उक्त अनुदान रकम आवश्यक भौतिक पूर्वाधार निर्माण, सरसफाई, जैविक सुरक्षा, गहुँत, मल , दूध लगायतको व्यावसायिक उपयोग गर्ने प्रविधि, बायोग्याँस प्लान्ट स्थापना, स्थानीय पशुजातको संरक्षण र उन्नत प्रविधिबाट पशुपालनलाई अगाडि बढाउने गरी पेस भएका कार्ययोजनाबमोजिम साझेदारीमा खर्च गर्ने उल्लेख छ । समितिले कार्यविधिमा उल्लेख नभएका घाँस, दाना, प्रचार प्रसार, गाईको हेरालुमा समेत रु.१५ लाख ३९ हजार खर्च गरेको विल भरपाई पेस भएकोले कार्यविधि विपरीत खर्च गरेको रकमको ५० प्रतिशतले हुने रु.७ लाख ६९ हजार असुल हुनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः वार्षिक कार्यक्रमअनुसारको प्रगति, अनुदानको प्रभावकारी अनुगमन, व्यवस्थित र सुविधा सम्पन्न पशुवधशाला निर्माण, कार्यविधिबमोजिम खर्च, अग्रिम आयकर असुली, अनुदानबाट सञ्चालित आयोजनाबाट लक्षित प्रतिफल, लगानीको प्रतिफल, घुम्ती कोषको एकीकृत आर्थिक विवरण, वर्डफ्लुको क्षतिपूर्ति वितरण, सवारीसाधन तथा रेफ्रिजेरेटरको उपयोग, चिकित्सा सेवाको प्रभावकारिता लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

५. **पशुपन्छी उपचार सेवा -** पशुपन्छी उपचार सेवाको अलावा भेटनरी सेवालाई गुणस्तरीय बनाउन भेटनरी सर्जिकल, इण्डोस्कोपी, जनस्वास्थ्य संरक्षण गर्न जुनोटिक रोगको रोकथाम, उपचार र खोप कार्य सञ्चालन गर्न स्थापित केन्द्रिय पशु चिकित्सालयले यो वर्ष रु.१ करोड ३९ लाख ७७ हजार खर्च गरी विभिन्न १० हजार ८०८ पशुलाई उपचारको लागि मेडिकल र सर्जिकल सेवा, ६ हजार ४० पशुको नमुना सङ्कलन र जाँच, ५८५ पशुलाई कृत्रिम गर्भाधान, ८६२ लाई अल्ट्रासाउण्ड तथा एक्सरे सेवा, ४५० कुकुरलाई बन्ध्याकरण तथा ८०० छाडा कुकुरलाई रेविज खोप लगाएको देखियो । कार्यालयले पशुसेवा उपलब्ध गराएबापत यो वर्ष रु.४ लाख ५२ हजार आम्दानी गरेको छ । सबै पशुपालक कृषकले सहज रुपमा पशु उपचार सेवा पाउन नसकेको सन्दर्भमा चिकित्सालयले प्रदान गर्ने पशु उपचार सेवामा सुधार गरी पशुपालक कृषकमुखी बनाउनु आवश्यक देखिएको छ ।

पशु स्वास्थ्य निर्देशनालय

६. **पशु स्वास्थ्य घुम्ती कोष -** पशु स्वास्थ्य निर्देशनालयले पशुपालन व्यवसायबाट थप आय आर्जन गर्नको लागि यो वर्ष बीउ पुँजीको रुपमा ७५ जिल्ला पशु सेवा कार्यालयमा स्वास्थ्य घुम्ती कोष स्थापनाका लागि रु.२० करोड र विगतको रु.२ करोड ७९ लाख ५२ हजारसमेत रु.२२ करोड ७९ लाख ५२ हजार उपलब्ध गराएको छ । जिल्ला पशु सेवा कार्यालयले प्राप्त रकमउपयोग नगरेकोले खर्चको प्रभावकारिता रहेको देखिएन । बजेटलाई उद्देश्यमूलक बनाउनुपर्दछ ।

७. **क्षतिपूर्ति** - मन्त्रिपरिषदको २०७४।१।७ को निर्णयवाट २०६९।७० मा वर्डफ्लुको संक्रमणले काठमाडौ उपत्यका लगायत ११ जिल्लामा क्षति भई वर्डफ्लु रोग नियन्त्रण आदेश २०६४ मा तोकिएबमोजिम नष्ट गरिएका १ लाख ३१ हजार ६६२ कुखुराको रु.१ करोड ८८ लाख ६८ हजार क्षतिपूर्ति दिएकोमा तत्कालीन समयको उत्पादन लागत एवं बजार मूल्यको तुलनामा न्यून रहेको कारण जनाई २०७१।६।३० को निर्णयबाट २०६९।७० मा नष्ट भएका कुखुराको थप ७० प्रतिशत राहत प्रदान गर्ने निर्णय भई ११ जिल्ला पशुसेवा कार्यालयलाई यो वर्ष रु.१ करोड ३२ लाख ८ हजार क्षतिपूर्ति वितरणका लागि पेस्की उपलब्ध गराएकोमा सम्बन्धितलाई वितरण गरेको देखिएन ।

८. **सवारीसाधन तथा रेफ्रिजेरेटर खरिद -** निर्देशनालयले भ्याक्सिन ढुवानी ट्रक रु.२४ लाख ४० हजारमा र डबल डोर रेफ्रिजेरेटर २५ वटा रु.३६ लाख ९५ हजारमा खरिद गरेको देखियो । निर्देशनालय मातहतको केन्द्रीय जैविक उत्पादन प्रयोगशालाले २ वर्ष अगाडिदेखि मौजुदा रहेको भ्याक्सिन ढुवानी गर्ने सवारीसाधन उपयोग गरेको देखिएन । मौज्दात रहेको सवारीसाधन प्रयोगविहीन रहेको अवस्थामा उक्त साधन उपयोगमा नल्याई थप साधन खरिद गर्नु उचित देखिएन । साथै खरिद गरेको रेफ्रिजेरेटर २५ मध्ये ६ वितरण गरेको देखिएन ।

पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय

९. **अनुगमन मूल्याङ्कन -** यस बर्ष मासुजन्य उद्योग प्रवर्द्धन २५, साना डेरी उद्योग प्रवर्द्धन २५, व्यवस्थित मिटमार्ट स्थापना २० र पशुहाट बजार निर्माण सुधार १० समेत ८० वटालाई लागत साझेदारीमा ७० प्रतिशत अनुदानबापत रु.१९ करोड ७९ लाख २६ हजार भुक्तानी भएको छ । संस्थाहरुले कार्य सम्पन्न गरी प्रतिवेदन पेस गरेकोमा ४५ योजनाको मात्र अनुगमन गरेको छ । अन्य संस्थाहरुलाई समेत लागत साझेदारीमा अनुदान दिएकोमा पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३ को दफा ७ (क) अनुसुची-९ मा संस्थाले नियमित रुपमा कार्यक्रमको प्रगति उपलब्धि एवं कारोबारसम्बन्धी विवरण सम्बन्धित जिल्ला पशुसेवा कार्यालयमार्फत निर्देशनालयलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । निर्देशनालयले अनुदानको प्रगति, खर्चको विवरण र लेखापरीक्षण प्रतिवेदन पेस गरेको छैन ।

१०. **कार्यक्रममा दोहोरोपना -** उत्पादन सहकारी, समूह, किसान संघ, संगठन, व्यवसायी सुदृढीकरण कार्यक्रम पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालयबाट २० जिल्लामा कार्यान्वयन गर्ने गरी रु.१ करोडको अख्तियारी प्रदान भएको मध्ये ११ जिल्लाका ४६ फार्म एवं संस्थालाई रु.४० लाख २२ हजार अनुदान दिएको छ । सोही कार्यक्रम कार्यान्वयन गर्न पशुपन्छी विकास मन्त्रालयअर्न्तगत बजेटबाट पशुसेवा विभागको २०७४।२।२ को अख्तियारीबाट थप रु.१ करोड प्रदान गरी ११ जिल्लाका ३१ संस्थालाई रु.२८ लाख ७४ हजार अनुदान दिएको छ । निर्देशनालयको शुरु वार्षिक कार्यक्रममा भएकै कार्यक्रममा दोहोरो पर्ने गरी वर्षान्तमा मन्त्रालयको लागि स्वीकृत कार्यक्रमको बजेट अख्तियारी दिएको देखिन्छ । उक्त ७७ फार्म तथा संस्थाहरुलाई अनुदान दिएको रु.६८ लाख ९६ हजारको सदुपयोग सम्बन्धमा अनुगमन गरेको छैन ।

११. **पशुबधशाला निर्माण** -निर्देशनालयले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिकाहरुमा मासु बजार लक्षित गरी व्यवस्थित र सुविधासम्पन्न पशुवधशाला स्थल निर्माण गर्नका लागि रु.२० करोड बजेट विनियोजन गरेकोमा कार्य नगरी बजेट रकम फ्रिज गरेको छ । हाल देशभरि कुनै पनि स्थानमा व्यवस्थित र सुविधा सम्पन्न पशुवधशाला स्थापना नभएको अवस्था र पशु अधिकारकर्मी संघ संस्थाले यातनापूर्ण पशु वधको विरुद्ध आवाज उठाइरहेको तथा दुषित एंव अस्वस्थ्यकर मासु बिक्री वितरणका कारण स्वास्थ्यमा परेको असर समेतलाई बिचार गरी पशु वधशाला निर्माण कार्य हुनुपर्दछ ।

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना

उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, जुम्ला, मुगु र हुम्ला गरी १० उच्च पहाडी जिल्लाहरुमा लागु भएको छ । एशियाली विकास वैंकको २० मिलियन, नेपाल सरकारतर्फको ४.५३ मिलियन र लाभान्वित पक्षको ५.७१ मिलियन लागत रहेको आयोजनाको अवधि १ अक्टोवर २०११ देखि २ अक्टोवर २०१७ सम्म रहेको छ । यो वर्ष रु.७८ करोड २९ लाख ४१ हजार बजेट व्यवस्था भएकोमा रु.५१ करोड ५२ लाख ४८ हजार समेत आयोजनामा रु.२ अर्ब ३० करोड ४१ लाख २५ हजार खर्च गरेको छ । आयोजनले हालसम्म ६४० उप-आयोजनाहरुलाई रु.७९ करोड ७१ लाख ७७ हजार शोधभर्ना दिएको छ । कार्यक्रम लागु भएका जिल्लाहरुमा नाफामूलक कृषि व्यवसाय सञ्चालन हुने, ७ हजार ५०० स्थायी रोजगारी सिर्जना हुने, वार्षिक २ करोड अमेरिकी डलर बराबरको कृषि उत्पादन वृद्धि हुने, कार्यक्रमका सहभागी व्यवसायीहरुले आफ्नो लगानीमा वार्षिक १५ प्रतिशत प्रतिफल प्राप्त गर्ने र जलवायु परिवर्तनले पार्ने असर न्यूनीकरण गर्न स्थानीय समुदायलाई सहयोग पुग्ने अपेक्षित प्रतिफल रहेको छ ।

उप आयोजनाहरु सञ्चालनमा आएपछि वार्षिक २ करोड अमेरिकी डलर बराबरको कृषि उत्पादनमा वृद्धि हुने भनिएकोमा उप आयोजनाहरुको वार्षिक आय ४८ लाख ९१ हजार अमेरिकी डलर देखिन्छ भने व्यवसायीहरुले आफ्नो लगानीमा वार्षिक १५ प्रतिशत प्रतिफल प्राप्त गर्ने र जलवायु पविर्तनले पार्ने असर न्यूनीकरण गर्ने दुई लक्ष्यको उपलब्धि उल्लेख छैन । आयोजना कार्यान्वयन अवधिको अन्तिम वर्षसम्म पनि लक्ष्यअनुसार प्रतिफल न्यून देखिएकोले आयोजनाले अवलम्बन गरेका मूल्य श्रृंखला विकास, व्यवसाय अनुदान, लगानीको हिस्सा, वातावरणीय जनचेतनामूलक कार्यक्रम कार्यान्वयन जस्ता प्रक्रियामा परिमार्जन गरी लक्ष्यअनुसारको प्रतिफल प्राप्त गर्न थप प्रयास हुनुपर्दछ ।

१२. **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ अनुसार सेवा खरिदको भुक्तानीमा मूल्य अभिवृद्धि करमा दर्ता नभएकासँग १५ प्रतिशतका दरले स्रोतमा कर कट्टी गर्नु पर्ने व्यवस्था छ । आयोजनाले उप आयोजनाको सहजीकरण, गोष्ठी र भेला सञ्चालन बापत कृषि उद्यम केन्द्रलाई यो वर्ष रु.३ करोड ४० लाख १७ हजार भुक्तानी गरेको छ । कृषि उद्यम केन्द्र आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता नभएकोले भुक्तानीमा १५

प्रतिशत अग्रिम आयकर कट्टी नगरी भुक्तानी गरेको छ । बिगत वर्षका प्रतिवेदनमा समेत आयकर असुल हुनुपर्ने व्यहोरा औँल्याएकोमा यो वर्ष पनि आयकर कट्टी नगरेकोले आयोजना प्रमुखलाई जिम्मेवार बनाई अग्रिम कर रु. ५१ लाख २ हजार असुल गर्नुपर्दछ ।

१३. **स्रोतको उपयोग -**पशुपालन क्षेत्रले देशको कुल गार्हस्थ उत्पादनमा करिव ११ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा २६.८ प्रतिशत योगदान दिएको देखिन्छ । विकसित मुलुकसरह न्यूनतम पशुजन्य पदार्थको उपभोग प्रति व्यक्ति प्रति वर्ष दूध ९१ लिटर, मासु १४ के.जी, अण्डा ४८ गोटा प्राप्तिका लागि बर्तमान दुग्ध उत्पादनमा ४२ प्रतिशत, मासु उत्पादनमा २७ प्रतिशत र अण्डा उत्पादनमा ५० प्रतिशतले वृद्धि गर्नु पर्ने देखिन्छ । देशमा हाल प्रति वर्ष दूध १७ लाख ३४ हजार मेट्रिकटन, मासु ३ लाख ३ हजार मेट्रिकटन र अण्डा ९० करोड उत्पादन भई प्रतिव्यक्ति/प्रतिवर्ष दूध, मासु र अण्डाको उपलब्धता क्रमशः ६४ लिटर, ११ किलोग्राम र ३२ गोटा रहेको छ ।

उपर्युक्त लक्षित उद्देश्य प्राप्तिका लागि विभाग अन्तर्गका ११ पशु विकास फर्म समेतवाट पशु पन्छीजन्य उत्पादन, वितरणलगायतका कार्य हुँदै आइरहेको छ । संचालित पशु विकास फर्महरुले चालु वर्षमा प्राप्त गरेको स्रोतको स्थिति र कार्यक्रम कार्यान्वयनबाट प्राप्त प्रगति अवस्था देहायअनुसार छः

सि.न	फार्मको नाम	बिनियोजित बजेट (रु हजार)	भौतिक प्रगति प्रतिशत	वित्तीय प्रगति प्रतिशत	जनशक्ति पदपूर्ति	जमिन क्षेत्रफल ब.मि.	भवन, टहरा	सवारी साधन	उत्पादन (रु हजारमा)
१	पशु विकास फार्म कास्की, पोखरा	८१४५०	९४.३५	८१.७२	२७	१२०७१५३.३०	१४	११	९८२२
२	पशु विकास फार्म जिरी, दोलखा	३४९६९	७७	६१.७६	१६	७४४९८३.०	५	६	३२०५
३	याक विकास फार्म स्याङ्बोचे सोलु	१९९८९	१००	८९.०६	४	१५७०१०.८१	५	०	३८५
४	बाखा विकास फार्म चिल्लाङ्, मकवानपुर	१९४९४	९३.५	८९.९	१२	१५७६८६.१६	११	०	३५७
५	बाखा विकास फार्म बुढीतोला, कैलाली	१८१९२	९५.१२	९०.३४	९	९००००	९	२	५९५
६	कुखुरा विकास फार्म खजुरा,बाँके	१८६८०	१००	९७.१४	७	४९००	१३	४	१८५७
७	भेडा विकास फार्म, पानसयखोला, नुवाकोट	११४७८	९९.४९	७३.७०	६	३२८३८०	३	१	२४३
८	चरन तथा घाँसेवाली बीउ वृद्धि फार्म गौघाट	१९८६६	९८.९५	९४.७९	११	३३५३७३.५६	५	२	१११२
९	चरन तथा घाँसेवाली बीउ वृद्धि फार्म जनकपुर, धनुषा	१४८८१	९०.१३	८०.९२	१३	२०४७६९.५६	२	१	८९७
१०	चरन तथा घाँसेवाली बीउ वृद्धि फार्म रँजितपुर सर्लाही	१६८९९	९२.००	८३.३०	१३	३१०३६७.५	१७	७	७३९
११	राइजोवियम तथा बीउ बिजन प्रयोगशाला जनकपुर धनुषा	९९७०	९७.१४	९२.३८	७	३९८१.५	४	३	८३
	जम्मा	**२६५८६८**	**९२.१६**	**७९.५८**	**१२५**	**१२७७८.९२**	**८८**	**३७**	**१९२९५**

यो वर्ष ११ फार्ममा रु.२६ करोड ५८ लाख ६८ हजार लगानी भै रु.१ करोड ९२ लाख ९५ हजार बराबरको उत्पादन भएको देखिएको छ । विनियोजित बजेट तथा मौजुदा जनशक्ति, भौतिक पूर्वाधार, साधन स्रोतको उपयोगबाट फार्महरुले विभिन्न प्रविधि विकास गरी कृषकमा हस्तान्तरण गरेको र पशुपन्छी र दुग्ध पदार्थको उत्पादनमा थप वृद्धि भएको उल्लेख गरेको छ । तर नवीन प्रविधिको उपयोगबाट उत्पादन र उत्पादकत्वमा परेको असर र प्रभावको मूल्याङ्कन गरेको छैन । स्रोतको उच्चतम उपयोग गर्न नसक्दा फार्मको उत्पादन तथा उत्पादकत्व कम देखिएको छ । फार्मको उत्पादकत्व वृद्धिका लागि निर्माण सञ्चालन हस्तान्तरण र स्वामित्वग्रहण जस्ता नवीनतम अवधारणालाई अवलम्बन गरी व्यावसायिक उत्पादनतर्फ उन्मुख गराई पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर हुन उन्नत नश्ल, पशु आहार, पशु स्वास्थ्य तथा व्यावसायीकरणका क्षेत्रमा फार्महरुमा थप अनुसन्धान र विकास गर्नु आवश्यक छ ।

संगठित संस्था

दुग्ध विकास संस्थान, २०७२।७३

१४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** संस्थानको २०७२।७३ सम्म कोष रु.७३ करोड, स्थिर सम्पत्ति रु.३३ करोड ९६ लाख, निर्माणाधीन सम्पत्ति रु.१ करोड १५ लाख, लगानी रु.३ करोड २७ लाख तथा खुद चालु सम्पत्ति रु.२८ लाख रहेको छ । सञ्चित नोक्सान गत वर्ष रु.४७ करोड ३६ लाख रहेकोमा यो वर्ष रु.३४ करोड ३४ लाख रहेको छ ।

१५. **मुद्दती रकम -** राष्ट्रिय वाणिज्य बैङ्कको ३ मुद्दती खातामा रु.२ करोड २६ लाख मौज्दात देखाएकोमा सोको प्रमाण संस्थानसँग नभएको तथा ब्याजसमेत प्राप्त नभएको व्यहोरा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा औँल्याएको तथा २०७४।७।२४ मा तत्काल कारबाही गरी संस्थानलाई हानि नोक्सानी हुन नदिन निर्देशन दिएकोमा हालसम्म कारबाही गरेको छैन । सञ्चालक समिति एवं व्यवस्थापन प्रमुखलाई जिम्मेवार बनाई छानबिन गरी उक्त रकम असुल गर्नुपर्दछ ।

१६. **अन्तर आयोजना हिसाब -** सञ्चालक समितिको २०६९।९।१९ को निर्णयअनुसार दूध नोक्सान गरेको जिम्मेवारी आयोजना प्रमुखको हुन्छ । दुग्ध वितरण आयोजना, लुम्बिनीले नेपालगन्जलाई पठाएको र नेपालगन्जको प्राप्तिमा देखिएको फरक रु.२ लाख ४९ हजार, लुम्बिनीले जनकपुरलाई पठाएको र जनकपुरको प्राप्तिमा देखिएको फरक रु.३ हजार, धनगढीले नेपालगन्ज र लुम्बिनीलाई पठाएको र तिनको प्राप्तिमा देखिएको फरक रु.१ लाख ५५ हजार, हेटौंडा, लुम्बिनी र नेपालगन्जले सुजल डेरीलाई पठाएको र उक्त डेरीको प्राप्तिमा देखिएको फरक रु.१ करोड ८० लाख ७३ हजारको सम्बन्धमा छानबिन गरी जिम्मेवार व्यक्तिबाट असुलउपर गर्नुपर्ने व्यहोरा गत विगत वर्षको प्रतिवेदनमा औँल्याइएकोमा कुनै कारबाही गरेको नपाइएकोले व्यवस्थापन प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१७. **प्याकिङ्ग सामान बढी खपत -** संस्थानले गरेको अन्तर्राष्ट्रिय बोलपत्रको बुँदा नम्बर भी (ए) उपबुँदा १० मा प्रति के.जी प्याकिङ्ग सामग्रीबाट कम्तीमा ३८८ प्याकेट दूध प्याकिङ्ग हुनुपर्ने उल्लेख छ । संस्थानबाट निर्धारित नर्म्सअनुसार प्रति के.जी. दही रिलबाट ३०० प्याकेट दही प्याकिङ्ग हुनुपर्ने उल्लेख छ । सो आधारमा दूध तथा दहीको प्याकेट बन्नुपर्नेमा संस्थानका आयोजनामा निर्धारित नर्म्सभन्दा निकै कम प्याकेट प्याकिङ्ग हुने गरेको पाइयो । आठ आयोजनाले नर्म्सभन्दा रु.८३ लाख बराबरको बढी प्याकिङ्ग सामान खपत गरेको पाइयो । संस्थानले खपत गरेको प्याकिङ्ग सामानअनुसार प्याकेट संख्याको आधार विश्लेषण गर्दा दूध तथा दही बिक्री आम्दानी घटी उल्लेख गरेको देखिन्छ । यसर्थ प्याकिङ्गमा खर्च भएको सामानअनुसार उत्पादित सामानको मूल्य असुल नभएकोले छानबिन गरी आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

१८. **बीजक -** बिक्री गरेको दूध तथा दुग्ध पदार्थको बिल बीजक खरिदकर्ताको नाममा जारी गर्नुपर्दछ । काठमाडौँ दुग्ध वितरण आयोजनाले १ हजार ३ सय ३२ बुथलाई रु.२ अर्ब ७० करोड ४१ लाख ८८ हजारको दूध बिक्री गरेकोमा सम्बन्धित खरिदकर्तालाई बीजक जारी नगरी विभिन्न खरिदकर्ता उल्लेख गरी बीजक जारी गरेको देखियो । यसबाट सम्बन्धित खरिदकर्ताको खरिद नदेखिने हुँदा राजस्व चुहावट हुने देखिन्छ । संस्थानले अनिवार्य रुपमा सम्बन्धित खरिदकर्ताको नाममा बीजक जारी गर्नुपर्दछ ।

१९. **अनुगमन परीक्षण -** चिलिङ्ग सेन्टरको बही खाता नरहेको, संस्थानले गुणस्तरीय उत्पादनको लागि आधुनिक उपकरणको प्रयोग नगरेको, प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको, महाप्रबन्धकले मिन्हा दिन सक्ने वार्षिक सीमा नतोकिएको जस्ता व्यहोरा गत विगत वर्षको लेखापरीक्षणबाट औँल्याएकोमा कुनै कारबाही गरेको छैन । लेखापरीक्षणबाट औँल्याएका व्यहोरामा सुधार नगरी यथास्थितिमा रहेको सम्बन्धमा कार्यालय प्रमुख र सञ्चालक समितिका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **बेरुजु स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - मन्त्रालय र मातहतका १३५ कार्यालयमा रु.६३ करोड ३४ लाख ८१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३५ लाख ११ हजार फछ्यौंट गरेकोले रु.६२ करोड ९९ लाख ७० हजार बाँकी रहेको छ । सोमध्ये रु.१६ करोड ११ लाख ३३ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था १ तर्फ रु.८३ लाख ६२ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । यसम्बन्धी विवरण अनुसूची १६ मा छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, जग्गा प्रशासन, सरकारी जग्गा र सार्वजनिक जग्गाको अभिलेख व्यवस्थापन तथा संरक्षण, जग्गा नापजाँचसम्बन्धी प्रशासन लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत २९० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.५ अर्ब १८ करोड ५९ लाख ३ हजार, राजस्व रु.१८ अर्ब ९८ करोड २२ लाख ८ हजार, धरौटी रु.७० करोड ३९ लाख ३ हजार र अन्य कारोबार रु १५.अर्ब ८७ करोड ८६ लाख ७२ हजारसमेत रु.४० अर्ब ७५ करोड ६ लाख ८६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतको संगठित संस्थातर्फ रु.५२ करोड ७१ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** सरकारको नीति तथा कार्यक्रममा समावेश भएको एक वर्षमा एक पटकभन्दा बढी कित्ता काट गर्न नपाइने, जग्गा विकास गर्दा ६ मिटरभन्दा घटी बाटो राख्न नपाइने, एक प्रयोजनको लागि वर्गीकरण गरिएको भूमि अर्कै प्रयोजनमा प्रयोग गर्न नहुने, कृषि जमिन बाझो राखेमा औसत उत्पादनको २५ प्रतिशत जरिबाना लगाउने र यसको अभिलेख सम्बन्धित नापी कार्यालयले राख्नुपर्ने, सरकारी एवं सार्वजनिक र गुठी जग्गामा भएको अतिक्रमण रोक्ने आदि कार्यहरु प्रभावकारी रुपमा भएको छैन ।

२. **वार्षिक लक्ष्य प्रगति -** शासकीय सुधार समितिले २०७३।१०।२४मा कम्तीमा ५० दिन दैनिक ४० भन्दा बढी लिखत पास भएका मालपोत कार्यालय र नापी कार्यालयहरुमा ई-टोकन लागू गर्ने, मातहत कार्यालयमा ई-हाजिरी लागू गर्ने निर्णय गरेकोमा ई टोकन कुनै पनि कार्यालयमा लागू भएको छैन । मालपोत कार्यालय कलंकीलगायतका केही कार्यालयमा ई-हाजिरीको व्यवस्था गरे तापनि प्रयोग गरेको छैन । जमिनको अवस्थानुसार २७ हजार ९७५ वर्ग किलोमिटर क्षेत्रफलको भू उपयोग नक्सा डाटा तयार भएकोमा सो बमोजिम उपयोग भएको छैन । नेपाल राज्यभित्रको १५ हजार हेक्टर गाँउमा व्लक नापी गर्नुपर्नेमा १३ हजार हेक्टर नापी भई २ हजार हेक्टर नापी गर्न बाँकी रहेको देखिन्छ । सोमध्ये धनुषा र सप्तरीमा धेरै व्लक नापी गर्न बाँकी रहेको देखिन्छ । सरकारले लिएको लक्ष्यबमोजिम समयमै कार्यसम्पादन गरी प्रगति हासिल गर्नुपर्दछ ।

३. **सेवा प्रवाह -** सुशासन (व्यवस्थापन तथा संञ्चालन) नियमावली, २०६५ को नियम ३६ मा प्रत्येक पदाधिकारी वा कर्मचारीले कार्यविवरणमा तोकिएबमोजिम आफैंले कार्य फछ्यौंट गर्नुपर्नेमा १० दिन र माथिल्लो तहमा पेस गर्नुपर्नेमा सात दिनभित्र फछ्यौंट गर्नुपर्ने तथा नापी कार्यालयको नागरिक बडापत्रमा रेखाङ्कनसम्बन्धी कार्य १५ दिनभित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३.१ नापी कार्यालयहरुमा जग्गाधनीले फिल्ड रेखाङ्कनको लागि निवेदन दर्ता गरेकोमा नापी कार्यालय भक्तपुरको ४७.१२ प्रतिशत, ललितपुरको ५८.६० प्रतिशत, मनमैजुको २३.६६ प्रतिशत, कलंकीको ३१.५० प्रतिशत, चाबहिलको १४.७१ प्रतिशत, डिल्लीबजारको ६५.२५ प्रतिशत जग्गाधनीको निवेदनमात्र कारबाही सम्पन्न गरेको अभिलेख पेस भएको छ । कारबाही टुङ्गो नलागेका निवेदन सो कार्यको जिम्मेवारी तोकिएका प्राविधिक कर्मचारीकै साथमा रहने कारणले अधिकांश कर्मचारी अन्यत्र सरुवा भएको जनाई कार्य सम्पन्न नभएका फाइलहरु कार्यालयबाट लेखापरीक्षणमा पेस भएको छैन । विभागले तत्सम्बन्धमा कार्यालयबाट भएको कारबाहीको अभिलेख खुल्ने फाइल यथाशीघ्र खोजी गर्न लगाई कर्मचारी दोषी पाइएमा प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गरी जग्गा नापजाँच तथा नक्सा स्रेस्ता अद्यावधिकसम्बन्धी निर्देशिका, २०७३ बमोजिम रेखाङ्कन कार्य सम्पन्न गर्नुपर्दछ ।

३.२ विशेष नापी कार्यालय, अर्घाखाँचीले त्रुटिपूर्ण नियन्त्रण विन्दुको प्रयोग तथा आधार विन्दुविना नै नाप नक्सा तयार गरेको कारण पुनः नापी अनुसार तयार गरेको नक्सा र जग्गाधनीले हकभोग गरेको जग्गा नभिडेको भनी २०७३।९।१४ को प्राविधिक प्रतिवेदनमा उल्लेख छ । तसर्थ उक्त कार्यमा भएको हालसम्मको खर्च रु.३

करोड २० लाख अनुत्पादक बन्न गएकोले छानबिन गरी गलत नाप नक्सा तयार गर्ने कार्यमा संलग्न पदाधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

यसैगरी नापी कार्यालयहरुमा हाल साबिकको लागि सेवाग्राहीबाट दर्ता भएको निवेदन र कारबाही टुङ्गो लागेको अभिलेख राख्ने गरेको छैन । हालसाबिक सम्बन्धी कारबाही टुङ्गो लागिसकेपछि सम्पूर्ण कागजात सहित फाइल मालपोत कार्यालयमा पठाइने जानकारी छलफलको क्रममा प्राप्त भएको छ । सेवाप्रवाह सम्बन्धी अभिलेख कार्यालयमा समेत राखी फाइल हस्तान्तरण गर्नुपर्दछ । साथै नक्साभन्दा घटी, बढी फिल्डमा जग्गा भएको कारण सेवाग्राहीले समस्या भोग्नु परेको देखिदा त्यस्ता जग्गाको अभिलेख यकिन गरी नक्सा, पुर्जा र फिल्डमा एकरुपता कायम गरिनुपर्दछ ।

३.३ मालपोत कार्यालयमा सर्वसाधारणले पाएको हैरानी लाई कम गरी सेवा प्रवाहलाई सहज बनाउन सेवाग्राहीको चाँप बढी हुने मालपोत कार्यालय, डिल्लीबजार, चावहिल, ललितपुर, भक्तपुर लगायतमा टोकन प्रणाली लागू भएको छैन । मालपोत कार्यालय, कलंकीले खरिद गरेको टोकन प्रणाली प्रयोगविहीन अवस्थामा रहेको तथा चालु हालतमा रहेको भए तापनि कर्मचारीले ई-हाजिरी गरेको देखिएन । तामेली फाँटमा लिखतहरु व्यवस्थित नभएको, सम्पूर्ण लिखत वाइन्डिङ भई नसकेको, पुराना लिखत नष्ट हुन लागेको देखियो । जग्गा रजिस्ट्रेसन, जग्गा दर्ता, जग्गा अद्यावधिक, जग्गा विवादको समाधान आदि कार्यमा लेखापढी व्यवसायीको संलग्नता र अतिरिक्त भुक्तानी गर्न सेवाग्राही बाध्य रहेको अवस्था छ । लिखतहरुको संरक्षण र व्यवस्थित प्रयोगको लागि बिद्युतीय प्रणालीमा रुपान्तरण गर्नुपर्दछ । कामअनुसार लेखापढी व्यवसायीले लिन पाउने अधिकतम शुल्क निर्धारण गरी नियमन गर्ने र सेवा प्रवाहमा टोकन प्रणाली लागू गर्नुपर्दछ । ट्रान्सपेरेन्सी इन्टरनेसनलको सन् २०१७ को प्रतिवेदनअनुसार मालपोत कार्यालय अत्यधिक अनियमितता हुने निकायको सूचीमा परेको छ । यो अवस्थामा सुधार ल्याउन मन्त्रालय तथा विभागीय उच्च पदाधिकारीहरुको ध्यानाकर्षण हुनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः जग्गा विकासको मापदण्ड, वर्गीकृत भूमिको प्रयोग, बाझो कृषि जमिनमा जरिबाना, सरकारी एवं सार्वजनिक र गुठी जग्गा अतिक्रमण, ब्लक नापी, रेखाङ्कन, नयाँ नापी, जग्गा रजिस्ट्रेसन, जग्गा दर्ता, जग्गा अद्यावधिक, जग्गा विवादको समाधान आदि कार्यमा लेखापढी व्यवसायीको संलग्नता, हदबन्दीभन्दा बढी जग्गाको व्यवस्थापन, भोगाधिकारमा दिएको जग्गालाई लिजमा परिणत, राजस्व दाखिला, पुँजीगत लाभकर, घर जग्गाको मूल्याङ्कन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४. **मुक्त कमैया -** भूमिहीन मुक्त कमैयालाई जग्गा खरिद गर्न नगद अनुदान दिने निर्देशिका, २०६८ बमोजिम मुक्त कमैयाले आफूले पहिचान गरेको जग्गा खरिद गर्न जिल्ला समन्वय समितिमा निवेदन दिनुपर्ने र उक्त निवेदनउपर सम्बन्धित प्राविधिकले स्थलगत निरीक्षण, जाँचबुझ, छानबिन तथा रेखांकन गरी पेस गर्नुपर्ने तथा मालपोत कार्यालयको प्रतिनीधिको रोहवरमा सम्बन्धित वडाका ७ जनाले मुक्त कमैया तथा हलिया प्रमाणित गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले यो वर्ष दाङ, बाँके, बर्दिया, कैलाली तथा कञ्चनपुर जिल्लाका मुक्त कमैया व्यवस्थापनका लागि जग्गा खरिदमा रु.६ करोड ५५ लाख ६३ हजार, घर निर्माणमा रु.१ करोड २८ लाख १५ हजार, काठ खरिदमा रु.३६ करोड ४ लाख तथा सीप विकास तालिममा रु.७२ लाख ५० हजारसमेत रु.४६ करोड ६० लाख २८ हजार खर्च गरेको छ ।

यसैगरी दार्चुला, कैलाली, सुर्खेतलगायत १२ जिल्लाको मुक्त हलिया पुनः स्थापना कार्यक्रमको लागि जग्गा खरिदमा रु.६ करोड ५५ लाख ६३ हजार, घर निर्माणमा रु.१० करोड ८५ लाख २५ हजार तथा घर मर्मतमा रु.२५ करोड ४१ लाख २५ हजारसमेत रु.४२ करोड ८२ लाख १३ हजार खर्च भएकोमा सम्बन्धित जिल्लाहरुले कार्यविधि तथा निर्देशिकाले तोकेबमोजिमको प्रक्रिया पूरा गरेको देखिएन । जग्गा खरिद गर्दा मुक्त हलिया तथा कमैयाको नाममा अन्यत्र घर जग्गा भए नभएको यकिन नगरेको, पतिपत्नीको संयुक्त नाममा बाटो भएको जग्गा खरिद गर्नुपर्नेमा कतिपय व्यक्तिले बाटो नभएको र एक जनाको नाममा मात्र खरिद गरेको छ । घर मर्मततर्फ निर्देशिकाबमोजिम प्राविधिकबाट लागत अनुमान तयार नगरेको, शुरु किस्ता ७० प्रतिशत र कार्यप्रगतिको आधारमा बाँकी ३० प्रतिशत दिनुपर्नेमा कार्य प्रगति नहेरी प्रति व्यक्ति एकमुष्ट रु.१ लाख २५ हजार उपलब्ध गराएको पाइयो । नमूना छनौटको रुपमा एक जिल्लाको फाइल परीक्षण गर्दा

बाबुको नामको जग्गाधनीपुर्जा पेस गरेको र जग्गाको नक्सामा घर नदेखिएको अवस्थामासमेत मर्मत खर्च दिएको छ । घर निर्माणको लागि प्राविधिकले जग्गाको स्थलगत निरीक्षण गरी लागत अनुमानसहितको प्राविधिक प्रतिवेदन तयार गर्नुपर्नेमा हुम्लालगायतका कार्यालयले प्राविधक नै खटाएको देखिएन । भवनमा समेत कार्य प्रगतिको आधारमा शुरु किस्ता ७० प्रतिशत र दोस्रो किस्ता ३० प्रतिशत दिनुपर्नेमा कार्य प्रगति नै नहेरी एकमुष्ट रकम उपलब्ध गराएको छ । नमूना छनौट गर्दा ६ व्यक्तिको १५ हजार ८८५ देखि ३४ हजार २५० वर्गमिटरसम्म जग्गासहित घर पहिले नै भएको अवस्थामा मुक्त हलिया भनी रकम वितरण गरेको, काठ खरिदको सम्बन्धमा परीक्षण गर्दा एक व्यक्तिले काठ खरिद नगरी रकम बैङ्कमा राखेको, अर्को एक जनाले काठ र रकम दुबै नपाएको, ३ जनाले काठ खरिद नगरी इँटा खरिद गरेको, अर्को २ जनाले रकम प्राप्त नगरेकोले मुक्त कमैया तथा हलिया व्यवस्थापनमा भएको खर्च रु.८९ करोड ४२ लाख ४१ मा नियमित देखिएन । निर्देशिकाबमोजिम वास्तविक कमैया, हलिया पहिचान गरी अन्यत्र घर जग्गा नभएको यकिन गरी अनुदान वितरण गर्ने र वितरण गरेको अनुदान सोही प्रयोजनमा खर्च हुनुपर्दछ ।

५. **हदबन्दी -** भूमिसम्बन्धी ऐन, २०७१ को दफा ७ मा जग्गावालको हैसियतले तोकिएको परिमाणसम्म जग्गा राख्न पाउने र दफा १० मा सो हदबन्दीभन्दा बढी कसैले रजिष्ट्रेसन गरी लिन आएमा त्यस्तो जग्गाको रजिष्ट्रेसन लिखत पास नहुने व्यवस्था छ । मालपोत विभागले उपलब्ध गराएको काठमाडौँ, ललितपुर, भक्तपुर, मोरङ, सुनसरी, सप्तरी, सिरहा, कैलाली, कञ्चनपुरलगायत ३९ जिल्लाको विवरणअनुसार भित्री मधेस तथा सम्पूर्ण तराईका जिल्लामा १ हजार ४८५ हेक्टर जग्गा र पहाडी तथा उपत्यकाका जिल्लामा ४४९ हेक्टर गरी १ हजार ९३४ हेक्टर हदबन्दीभन्दा बढी जग्गा जफत गरी बिक्री वितरण गर्न बाँकी रहेको देखिन्छ । यसैगरी जग्गा धनी पत्ता नलागेको र नेपाल सरकारको नाममा पनि नरहेको जग्गा ७४९ हेक्टर, हदबन्दीभन्दा बढी देखिए तापनि नेपाल सरकारले प्राप्ति तथा जफत गर्न बाँकी रही साबिक जग्गाधनीकै नाममा रहेको जग्गा ५९८ हेक्टर, हदबन्दीभन्दा बढी रहेको साबिक जग्गाधनीबाट अन्य व्यक्तिको स्वामित्वमा गएको जग्गा २३७ हेक्टर, दर्ता बाँकी जग्गा १५४ हेक्टरसमेत कुल ५ हजार ६०६ हेक्टर जग्गा हदबन्दीभन्दा बढी रहेको अभिलेखबाट देखिन्छ । बाँकी ३६ जिल्लाको विवरण विभागले अद्यावधिक गरेको देखिएन । अतः हदबन्दीभन्दा बढी जग्गाको यथार्थपरक विवरण तयार गरी हदबन्दीभन्दा बढी जग्गा व्यवस्थापन गर्नुपर्दछ । साथै मालपोत कार्यालय कलंकीअन्तर्गतका एक जग्गाधनीको नाममा पहिले नै हदबन्दीभन्दा बढी जग्गा रहेको अवस्थामा २०२९ देखि विभिन्न मितिमा छुट जग्गा दर्ता भनी चोभार भुतखेलको कच्ची मोटरबाटोको न्यूनतम मूल्याङ्कनबमोजिमको रु.१५ करोड १२ लाख मूल्य बराबरको ४२ रोपनी जग्गा दर्ता गरेकोले हदबन्दीभन्दा बढी जग्गा दर्ता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नेपाल सरकारको नाममा फिर्ता प्राप्त गर्नुपर्दछ ।

६. **लिज -** मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) को प्रयोजनको लागि सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्य नीति, २०७१ को बुँदा नम्बर २१ अनुसार भोगाधिकारको रुपमा सरकारी जग्गा प्राप्त गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो सरकारी जग्गाको भोगाधिकारलाई लिजमा परिणत गर्नुपर्ने र लिजकर्ताले वार्षिक लिज रकम बुझाउनुपर्ने उल्लेख छ । विगत वर्षदेखि नै १२० संस्थाले भोगाधिकार पाएकोमा विभागले हालसम्म लिजमा परिणत नगरेको कारण प्राप्त हुनुपर्ने लिज रकम प्राप्त भएको छैन । यसरी विभिन्न संस्थालाई भोगाधिकार दिएको जग्गामध्ये एक बहुमुखी क्याम्पसलाई प्रदान गरेको साविक दिव्यश्वरी गा.वि.स. भक्तपुरको ९ रोपनी ७ आना जग्गामा सुकुम्बासीहरु बसोबास गरेको, बन्द भइसकेको एक प्राथमिक विद्यालयको नाममा ४ रोपनी १ आना जग्गा भोगाधिकार कायमै रहेको, कृषि तथा सहकारी मन्त्रालयलाई उपलब्ध गराएको साविक दिव्यश्वरी गा.वि.स. भक्तपुरको ५८ रोपनी ४ आना जग्गामा सुकुम्बासीहरु बसोबास गरेको, एक गैरसरकारी संस्थालाई उपलब्ध गराएको ५ रोपनी ८ आना जग्गा प्रयोगमा नरहेको, चण्डेश्वरी टोखाको ६० रोपनी ४ आना जग्गा त्रि.वि. शिक्षण अस्पताललाई प्रदान गरेकोमा भोगचलनमा नरहेको देखियो ।

दुग्ध विकास संस्थानलाई काठमाडौँ नगर ५(ग) को कित्ता नम्बर ७, ४७१, ४७३, ४७५ को ७ रोपनी ३ आना जग्गा उपलब्ध गराएकोमा उक्त जग्गा नै नभेटिएको, एक प्रस्तावित औद्योगिक विश्वविद्यालयको नाममा भोगाधिकार दिएको काठमाडौँको साविकका डाँछी गा.वि.स. वडा नम्बर ६ को कित्ता नम्बर ५१७, ५१९, ५२०, ५२१ तथा वडा नम्बर ५ को कित्ता नम्बर ७०० र बालुवा गा.वि.स.वडा नम्बर ९ ग कित्ता नम्बर २ को ३३६ रोपनी १४ आना जग्गा सो विश्वविद्यालयले उपभोग गरेको नभई संकल्प नेपाल,

हेल्पिङ हयाण्डस नेपाल, सेती देवी राष्ट्रिय प्रा.वि.ले भोगाधिकार लिएको, एक मिलन केन्द्रलाई का.म.न.पा. ८ख को १ रोपनी जग्गा दिएकोमा बाली लगाएको, सशस्त्र प्रहरी बलको अस्पताल र स्कूल निर्माणको लागि काठमाडौँ मूलपानीमा ११० रोपनी ४ आना जग्गा उपलब्ध गराएकोमा अस्पताल तथा विद्यालय निर्माण नगरी बालुवा उत्खनन् गरी ८४ लाखमा बिक्री गरेको पाइएको छ । यसरी भोगाधिकारको उद्देश्यविपरीत प्रयोग भएका जग्गा निर्णय मितिदेखिको लिज रकमसमेत लिई फिर्ता प्राप्त गर्नुपर्दछ । भोगाधिकारको जग्गाको अन्य उपयोगबाट आय प्राप्त गरेको रकम राजस्व जम्मा गर्नुपर्दछ ।

७. **जग्गा विकास तथा घर मर्मत -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को दफा ४.१५.मा गैरव्यावसायिक करयोग्य सम्पत्ति जग्गा तथा भवनको निसर्गमा पुँजीगत लाभ गणना गर्दा घोषणा फारममा कट्टी गर्न पाउने खर्च यकिन गर्नुपर्ने र विवरण यथार्थ नभएमा करको दायित्व घटाउने प्रबन्ध गरेको मानी घटी भएको करलगायत शुल्क एवं ब्याजसमेत असुलउपर गरिने व्यवस्था छ ।

मालपोत कार्यालय ललितपुर, डिल्लीबजार, चाबहिल, कलंकी, साँखु र बाराका २२९ निसर्गकर्ताले जमिन मिलाएको, परामर्श, विज्ञापन, कमिसन, रेट्रोफिटिङ र मर्मत खर्च आदिमा रु.४३ करोड ४३ लाख १२ हजार दावी गरेकोमा निर्देशिका अनुरुप खर्चको विवरण एवं बिक्रेता/खरिदकर्ताले गर्नुपर्ने घोषणा फाराम समेत अपूर्ण रहेकोले वास्तविक खर्च यकिन नभएको तथा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गरी खर्च दाबी गर्नुपर्नेमा सोसमेत गरेको नदेखिएकोले तोकिएको दरले हुने पुँजीगत लाभकर रु.१ करोड ९२ लाख २४ हजारमा ब्याज तथा शुल्कसमेत गणना गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

८. **खरिद मूल्य फरक -** मालपोत कार्यालय, मुस्ताङअन्तर्गत एक हाइड्रोपावर प्रा.लि. ले जग्गा खरिद गर्दा रु.८ करोड ६० लाख ७५ हजार मूल्य कायम गरेकोमा कम्पनीले वित्तीय विवरणमा रु.२० करोड २१ लाख ८० हजार खर्च देखाएबाट रु.१२ करोड ११ लाख ५ हजार बढी खर्च दाबी गरेको देखिएकोले उक्त जग्गा खरिद बिक्रीमा भएको बैंकिङ कारोबार यकिन गरी मुद्रा निर्मलीकरणका सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

९. **पुँजीगत लाभकर -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धि निर्देशिका, २०७२ को अनुसूची १ बमोजिम जग्गा तथा घरजग्गाको स्वामित्व ५ वर्ष नपुगेको भए ५ प्रतिशत पुँजीगत लाभकर लिनुपर्ने व्यवस्था छ । साथै रु.१ करोडभन्दा बढी रकमको खरिद बिक्री भएको भए खरिदकर्ता र बिक्रेता दुवैले अनिवार्य रुपमा स्थायी लेखा नम्बर उल्लेख गर्नुपर्ने व्यवस्था भएकोमा निसर्गकर्ताको स्वामित्व प्राप्त भएको ५ वर्ष अवधि पूरा नभएको तथा एक करोडभन्दा बढीको कारोबारमा खरिदकर्ता र बिक्रेताले स्थायी लेखा नम्बर लिएको समेत नदेखिएको अवस्थामा पैत्रिक सम्पत्ति हस्तान्तरण, नामसारीलगायतबाट स्वामित्व प्राप्त भएको आधारमा मालपोत कार्यालय ललितपुर, भक्तपुर, चाबहिल, कलंकी, साँखु, खैरहनी, मनमैजु भरतपुरलगायत २५ कार्यालयको ५ वर्ष अवधिभित्रको २१४ निसर्गकर्ताबाट रु.१ अर्ब ९६ करोड ९९ लाखको ५ प्रतिशत पुँजीगत लाभकर असुल गर्नुपर्नेमा २.५ प्रतिशत मात्र असुल गरेकोले छुट रु.५ करोड ४ लाख ७५ हजारमा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको ब्याजसमेत गणना गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१०. **निसर्ग यकिन -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को दफा १२.३ मा एक पटकमा रु.३० लाखभन्दा घटी रकमको कारोबार गरेको तर अर्को कारोबार गर्दा दुवै कारोबारको रु.३० लाखभन्दा बढी हुन गएमा दुवै कारोबारलाई समावेश गरी पुँजीगत लाभ गणना गर्नुपर्ने व्यवस्था छ । सो विपरीत ३० लाख वा सोभन्दा बढीको करयोग्य सम्पत्ति निसर्ग गरे तापनि डिल्लीबजार, ललितपुर, चाबहिल, कलंकीलगायत १७ मालपोत कार्यालयले २३१ निसर्गकर्ताबाट रु.१ अर्ब ६३ करोड ६२ लाख ५६ हजारको निसर्गमा तोकिएको दरले हुने पुँजीगत लाभकर कर रु.६ करोड ३७ लाख ११ हजार असुल गरेको देखिएन । तसर्थ वार्षिक निसर्ग रकम यकिन गरी छुट भएको पुँजीगत लाभकर सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

११. **स्वामित्व र बसोबास छुट -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभ करसम्बन्धी निर्देशिका, २०७२ को परिच्छेद ३ मा कुनै प्राकृतिक व्यक्तिको घर जग्गा गैर व्यावसायिक करयोग्य सम्पत्तिको रुपमा पहिचान नहुने निजी भवनमा १० वर्षभन्दा बढी अवधि स्वामित्व रहेको र पटक पटक वा अविच्छिन्न रुपमा दश वा सोभन्दा

बढी अवधि बसोबास गरेको अवस्था पूरा भएको हुनुपर्दछ । सो विपरीत मालपोत कार्यालय, ललितपुरले कुनै पनि निसर्गकर्ताको घर र घरले चर्चेको क्षेत्रफल नखुलाएको, घरको भुइँतलासहित प्रत्येक तल्लाको अलग अलग क्षेत्रफल खुल्ने प्रमाण पेस नभएको, एक निसर्गकर्ताको २ घर र अर्का एक निसर्गकर्ताको ३ घर छुट दिएको, दुई निसर्गकर्ताको २०७३ मा स्वामित्व प्राप्त भएको घरलाई समेत १० वर्ष स्वामित्व पूरा भएको भनी छुट दिएको लगायतका अवस्थामा ११ निसर्गकर्ताको रु.२७ करोड ६ लाख ८९ हजारको सम्बन्धमा छानबिन तथा निर्धारणयोग्य आय यकिन गरी ५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.१ करोड ३५ लाख ३४ हजार तथा मालपोत कार्यालय, कलंकीको सोहीबमोजिमको १३ निसर्गकर्ताको निर्धारणयोग्य आय रु.२३ करोड ८ लाख ५७ हजारको ५ प्रतिशतले रु.१ करोड १५ लाख ४३ हजार र कटारीको १ निसर्गकर्ताको रु.९८ लाख ४३ हजारको २.५ प्रतिशतले हुने पुँजीगत लाभकर रु.२ लाख ४६ हजार समेत रु.२ करोड ५६ लाख ८५ हजार सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१२. **व्यावसायिक कारोबार** - जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को दफा ४.७ बमोजिम कुनै समयमा एउटा समूहमा पर्ने सम्पत्ति सोको प्रयोग अन्य प्रयोजनको लागि हुन थालेमा सो सम्पत्ति सोही समयमा निसर्ग भए सरह हुने व्यवस्था छ । कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा तथा भवन (गैर व्यावसायिक करयोग्य सम्पत्ति) लाई सो व्यक्तिले व्यावसायिक रुपमा प्रयोग गर्न थालेमा सो सम्पत्ति विगतमा गैर व्यावसायिक करयोग्य सम्पत्तिको समूहमा रहेको भएपनि व्यवसायमा प्रयोग गर्न शुरु गरेको समयबाट ऐनको उपर्युक्त व्यवस्थाअनुसार सो सम्पत्ति व्यापार मौज्दात हुन्छ ।

ऐनको व्यवस्थाविपरीत ललितपुर, कलंकी, भरतपुरलगायत ७ मालपोत कार्यालयअन्तर्गत घर जग्गाको व्यावसायिक कारोबारमा संलग्न १२५ व्यवसायीले आफ्नो स्वामित्वमा रहेको जग्गालाई बाटो निर्माण, घडेरीको रुपमा ससाना क्षेत्रफलमा कित्ताकाट, छिमेकीको जग्गासँग प्लट मिलान, ढल निर्माण तथा सिमाना पर्खाल निर्माण आदि कार्य गरी साबिकको जग्गाको स्वरुपमा परिवर्तन गरी बिक्री गरेको संलग्न ट्रेस नक्साबाट स्पष्ट देखिएकोले निजहरुको आफ्नो स्वामित्वमा भएको जग्गा तथा भवनलाई व्यवसायमा प्रयोग गरेको पाइयो । तसर्थ ऐनको व्यवस्थाअनुसार सो सम्पत्ति व्यापारिक मौज्दात हुने भएबाट निजहरुको बिक्री रकम रु.१ अर्ब ५१ करोड २८ लाखमा पुँजीगत लाभकर नभई व्यवसायको आयमा लाग्ने ३५ प्रतिशतले हुने आयकर रु.५२ करोड ९४ लाख ८८ हजारमा आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको ब्याज तथा दफा १२० बमोजिमको शुल्कसमेत हिसाब गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण हुनुपर्दछ ।

१३. **भवन निर्माण खर्च -** मालपोत कार्यालयहरुले स्थानीय निकायको घरबाटो सिफारिसमा अन्दाजी कायम गरेको भवनको वर्तमान बजार मूल्यलाई नै खर्च कट्टीको आधार लिई सोही मूल्यलाई भवनको बिक्री मूल्य र खर्च कट्टी देखाई सम्पूर्ण लिखतहरुमा भवनतर्फ नाफा शून्य देखाई पुँजीगत लाभकर असुल गरेको छैन । निसर्गकर्तालाई भवन निर्माणका बखत भएको वास्तविक खर्चमात्र छुट दिनुपर्दछ । भवन निर्माण खर्चको अभिलेख राख्ने र खर्चको यथार्थता पुष्टि गर्ने दायित्व निसर्गकर्ताकै रहन्छ । भवन निर्माण खर्च कट्टीको सम्बन्धमा सो भवन निर्माण सम्पन्न भएको मितिको मूल्याङ्कन बमोजिमको लागतमात्र घटाई पुँजीगत लाभ र करको गणना गर्नुपर्नेमा सो बमोजिमको अभिलेख पेस नभएकोले ललितपुर, कलंकीलगायत ८ मालपोत कार्यालयको ३१५ निसर्गकर्ताको भवन बिक्री रु.१ अर्ब २० करोड ५८ लाख ४९ हजारको ५ प्रतिशतले रु.६ करोड २ लाख ९२ हजार पुँजीगत लाभकर असुल गरेको छैन । निर्माण सम्पन्न भएका बखतको यथार्थ खर्च यकिन गरेर मात्र भवन निर्माणको खर्च कट्टी दिई छुट पुँजीगत लाभकर असुल गर्नुपर्दछ ।

१४. **घरबाटो सिफारिस -** लिखत पारित प्रयोजनका लागि २०७३।७४ मा मालपोत कार्यालय, ललितपुरले तयार गरेको न्यूनतम मूल्यांकन पुस्तिकाको द्रष्टव्य ६ अनुसार स्थानीय निकायबाट घरबाटोको सिफारिसमा जे लेखिएको भए तापनि एक आपसमा जोडिएका जग्गा कित्ता एकै व्यक्तिले खरिद गरेमा कुनै एक कित्ताले बाटो छोएको छ भने बाटोमा जोडिए सरहको राजस्व लिई पारित गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय ललितपुरले १३ निसर्गकर्ताको विभिन्न कित्ता जग्गा एकै व्यक्तिले फरक फरक व्यक्तिबाट एकै मितिमा जग्गा खरिद गर्दा समेत बाटोले छोएका कित्तासँग जोडिएका कित्ताहरुलाई बाटो नभएको भनी सिफारिस भई आएबमोजिम मूल्याङ्कन गरेको कारण रु ३ करोड ५७ लाख ५० हजार घटी थैली कायम भई रजिष्ट्रेसन शुल्क

रु.१६ लाख ९ हजार र पुँजीगत लाभकर रु.२१ लाख ५८ हजारसमेत रु.३७ लाख ६७ हजार राजस्व घटी असुल भएको रकम सिफारिसकर्ता पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१५. **रियल स्टेटको निसर्ग -** घर जग्गाको कारोबार गर्ने विभिन्न कम्पनीले गरेको घरजग्गा बिक्री कारोबारको करयोग्य आयमा आयकर ऐन, २०५८ को अनुसूची १ बमोजिम २५ प्रतिशतले कर दाखिला गर्नुपर्दछ । कलंकी, ललितपुर, डिल्लीबजारलगायत १४ मालपोत कार्यालयले घर जग्गाको कारोबार गर्न आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता भएका २०६ कम्पनीको रु.१० अर्ब ६ करोड ३९ लाख ७ हजारको निसर्गका सम्बन्धमा रजिष्ट्रेसन लिखत पारित गर्दाका बखत काठमाडौँ उपत्यका विकास प्राधिकरणको २०७३।८।३० को सार्वजनिक सूचनाबमोजिम प्लानिङ पर्मिट नलिएको र शुरु तथा अन्तिम मौज्दातको घोषणा नगरेकाले व्यापारिक मौज्दातमा रहेको जग्गा तथा भवनको बिक्रीबाट प्राप्त खुद लाभ यकिन नहुँदा निजहरुले आय विवरणमा उक्त रकम समावेश गरी आयकर तिरेको सुनिश्चित हुने अवस्था छैन । तसर्थ उक्त निसर्ग रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण बुझाई आयकर तिरेको प्रमाण पेस गर्नुपर्दछ अन्यथा जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ बमोजिम १० प्रतिशतले हुने अग्रिम कर रु.१ अर्ब ६३ लाख ९१ हजार असुल गर्नुपर्दछ ।

१६. **संस्थागत अग्रिमकर -** रियल स्टेट बाहेकका संस्थागत निसर्गकर्ताको गैरव्यावसायिक करयोग्य सम्पत्तिमा आन्तरिक राजस्व विभागको २०७३।४।९ को परिपत्रबमोजिम १० प्रतिशत अग्रिमकर असुल गर्नुपर्ने व्यवस्था छ । सो विपरीत ललितपुर, चाबहिल, चन्द्रौटालगायत ८ मालपोत कार्यालयले रु.२७ करोड २८ लाख ११ हजारको निसर्गमा तोकिएको दरले अग्रिमकर रु.२ करोड ६४ लाख ६१ हजार असुल नगरेकोले आयकर ऐन, २०५८ को दफा ११९ बमोजिमको ब्याज तथा १२० बमोजिमको शुल्कसमेत गणना गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१७. **राजस्व दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११ मा राजस्व आम्दानी गर्ने प्रत्येक कार्यालयले सम्बन्धित बैङ्कमा जम्मा भएको राजस्वको बैङ्क हिसाब मिलान गरी महिना भुक्तान भएको सातदिन भित्र मासिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ । मालपोत कार्यालय, डिल्लीबजारको रजिष्ट्रेसन शाखाको राजस्व असुलीभन्दा लेखा शाखाले देखाएको दाखिला रु.३ करोड १७ लाख ८४ हजार घटी देखिएकोले छानबिन गरी दाखिला गर्नुपर्दछ साथै मालपोत कार्यालय, चाबहिलको स्रेस्तामा भन्दा बैङ्कमा रु.२ करोड १७ लाख ७९ हजार बढी देखिएकोले स्रेस्तामा आम्दानी बाँधी हिसाब मिलान गर्नुपर्दछ ।

१८. **खर्च कट्टी -** आयकर ऐन, २०५८ को दफा ९५(क) को उपदफा (३) मा निसर्गकर्ताले जग्गा तथा भवनको बिक्री गर्दा अग्रिम करको रुपमा तोकिएबमोजिम पुँजीगत लाभकर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यसरी पुँजीगत लाभकर भुक्तानी गर्दा बिक्री रकममा निसर्गकर्ताले खरिद गरेको मूल्य तथा प्रशासनिक दस्तुर घटाई राजस्व तिर्ने व्यवस्था भएकोमा मालपोत कार्यालय, डिल्लीबजारले ५२ निसर्गकर्ताको जग्गा तथा घर बिक्री गर्दा खरिद गर्दाको खर्च रु.४६ करोड ९० लाख ७४ हजारको प्रमाण बेगर दावी गरी पुँजीगत लाभको घोषणा फारम पेस गरेको देखिएकोले प्रमाण बेगरको खर्च कट्टीलाई निर्धारण योग्य आयमा समावेश गरी तोकिएबमोजिमको दरले हुने पुँजीगत लाभकर रु.२ करोड ९ लाख ३७ हजार असुल गर्नुपर्दछ ।

१९. **फरक गणना -** मालपोत कार्यालय, डिल्लीबजारका एक निसर्गकर्ताले २०७१।२।१५ मा स्वामित्वमा आएको नगर-४ कि.नं.४०९ समेतको क्षेत्रफल ५९०.१० ब.मि.जग्गा रु.४ करोडमा निसर्ग गर्दा निर्धारणयोग्य आय रु.३ करोड ७५ लाख ९६ हजार हुनपर्नेमा गणना फरक पारी रु ९ लाख ५८ हजारमात्र निर्धारणयोग्य आय कायम गरेको कारणबाट घटी लाभकर दाखिला गरेको रु.१८ लाख ३२ हजार सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२०. **घटीमा बिक्री -** भूमिसुधार तथा व्यवस्थापन विभागको २०६७।१२।०७ को परिपत्रानुसार एकपटक थैली कायम गरेको जग्गालाई अर्को पटक बिक्री गर्दा सोही रकम न्यूनतम मूल्याङ्कन कायम गर्नुपर्नेमा ललितपुर, डिल्लीबजार लगायत ५ मालपोत कार्यालयअन्तर्गतका २२ निसर्गकर्ताले रु.५ करोड २२ लाख ६१ हजार खरिद मूल्यभन्दा कम मूल्यमा निसर्ग गरेको देखाएकोले रजिष्ट्रेसन दस्तुर र वाग्मती सभ्यता शुल्क समेतले हुने रु.२८ लाख ३८ हजार सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२१. **घोषणा फाराम -** आयकर ऐन,२०५८ को दफा २ खण्ड (द) र जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ को दफा ३.१(२) मा कुनै प्राकृतिक व्यक्तिको कुनै आय वर्षमा घर जग्गाको निसर्ग वापत प्राप्त भएको रकम तीस लाखभन्दा बढी भएको अवस्थामा त्यस्तो घरजग्गा गैरव्यावसायिक करयोग्य सम्पत्तिको रुपमा पहिचान हुने र यस्तो सम्पत्तिको निसर्ग हुँदा भएको लाभमा पुँजीगत लाभकर दाखिला गर्नु पर्ने उल्लेख छ । मालपोत कार्यालय, पर्साले सोबमोजिम ११३ निसर्गकर्ताको रु.८० करोड ६९ लाख २५ हजार तथा मालपोत कार्यालय, चाबहिलले २५ निसर्गकर्ताको रु.१४ करोड ९६ लाख ७७ हजार निसर्ग रकममा निर्देशिकाको अनुसूची १ बमोजिम घोषणा फाराम नै नभरेको कारण ५ प्रतिशतले हुने रु.४ करोड ३ लाख ४६ हजार र रु.७४ लाख ८४ हजार पुँजीगत लाभकर छुट भएको देखिँदा सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

२२. **आन्तरिक नियन्त्रण -** भूमिसुधार तथा व्यवस्थापन विभागअर्न्तगत १२९ मालपोत कार्यालय रहेकोमा बढी कारोबार हुने मालपोत कार्यालय चितवन, पर्सा, खैरहनी, बारालगायतमा बैङ्कमार्फत कारोबार नगरी नगद बुझेर दाखिला गर्ने गरेको देखियो । आन्तरिक नियन्त्रण प्रणाली कमजोर भएको कारणले मालपोत कार्यालय चितवनले सङ्कलित राजस्व रु.२ करोड ५८ लाख ३ हजार आर्थिक वर्ष समाप्त भएको ७३ दिनदेखि ११६ दिनसम्म ढिला गरी दाखिला गरेको छ । सङ्कलित राजस्व समयमा नबुझाउने र नगदै बुझिलिने विद्यमान व्यवस्थाको अन्त्य गरी यथाशीघ्र करदाता स्वयंले बैङ्क भौचर मार्फत रजिष्ट्रेसन दस्तुर र पुँजीगत लाभकरबापतको रकम जम्मा गरेपछि जग्गा खरिद बिक्री हुने व्यवस्था मिलाउनुपर्दछ ।

भूमिसुधार तथा व्यवस्थापन विभागले राजस्व निर्धारण एवं अभिलेख प्रयोजनको लागि सफ्टवेयर प्रयोगमा ल्याएको भए पनि पूर्णरुपमा उपयोग नभएको अवस्था छ । मालपोत कार्यालय, पर्साले रजिष्ट्रेसन तर्फ क, ख, ग गरी ३ फाँटमा विभाजन गरेकोमा कार्यालयको काममा सहजता र कार्यमा एकरुपता ल्याउन कार्यालयको कार्यक्षेत्रभित्रका विभिन्न स्थानको काम तोकी फाँट विभाजन गर्नुपर्नेमा स्थान नतोकी फाँट विभाजन गरेको र सो फाँटमा पर्ने क्षेत्र निर्धारण गरेको छैन । साथै रजिष्ट्रेसन दर्ता किताबमा अधिकांश बिक्रेताको नाम प्रविष्ट गरेको छैन । लेखापढी व्यवसायी, जग्गा निसर्गकर्ता र कर्मचारीको स्वेच्छामा जुनसुकै स्थानको जग्गा जुनसुकै फाँटबाट खरिद बिक्री भएको देखियो । यसबाट एक व्यक्तिले पुँजीगत लाभकर छली गर्न एकै स्थानको जग्गा बिक्री गर्दा समेत अलग फाँटको प्रयोग गर्ने र वार्षिक निसर्ग यकिन गर्न कठिनाइ भई करको दायरामा नआउने देखियो । यथाशीघ्र फाँट विभाजन गरी सोहीबमोजिम जग्गा रजिष्ट्रेसन गरी दर्ता किताब र घोषणा फाराम पूर्ण रुपमा भर्नुपर्दछ ।

२३. **राजस्व दाखिला -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने, दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले जरिबाना गरी नगद दाखिला गर्न लगाई कसुरको मात्राअनुसार प्रचलित कानुनबमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । मालपोत कार्यालय, पर्साको गत वर्षको नगद बाँकीमध्ये रजिष्ट्रेसन शुल्क बाँकी रु.१ करोड ८२ लाख २ हजार, सेवा शुल्क बाँकी रु.८ लाख १८ हजार र पुँजीगत लाभकर बाँकी रु.२ लाख ९४ हजारसमेत जम्मा बाँकी रु.१ करोड ९३ लाख १४ हजारमध्ये यस वर्ष विभिन्न मितिमा रजिष्ट्रेसन शुल्कमध्ये रु.१ करोड २८ लाख २५ हजारमात्र राजस्व दाखिला भई रु.६४ लाख ८९ हजार लेखापरीक्षण पश्चात् २०७४।१२।८ मा दाखिला भएको छ । आर्थिक वर्ष समाप्त भएको ७ महिनासम्म पनि सेवाग्राहीबाट सङ्कलन भएको राजस्व दाखिला नगर्ने कार्यालय प्रमुख, सम्बन्धित मालपोत अधिकृत तथा फाँटवाला पदाधिकारीहरुलाई जिम्मेवार बनाई ऐनबमोजिमको जरिबाना र विभागीय कारबाहीसमेत गर्नुपर्दछ । यसैगरी रुकुम पूर्वको राजस्व जम्मा गर्न बाँकी रु.१ लाख ११ हजारको सम्बन्धमा पनि सोही ऐनबमोजिम जरिबाना र विभागीय कारबाही गरी उक्त रकम असुल गर्नुपर्दछ ।

२४. **पुँजीगत लाभकर -** जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकरसम्बन्धी निर्देशिका, २०७२ को दफा ४.१० अनुसार कुनै व्यक्तिको आफ्नो स्वामित्वमा रहेको घरजग्गा आफ्नो स्वेच्छाले नभई अन्य कारणले निसर्ग गर्नु परेमा रु.३० लाखभन्दा बढीको निसर्गमा ५ वर्षभन्दा कम स्वामित्वको भए ५ प्रतिशत र ५ वर्ष भन्दा बढी स्वामित्वको भए २.५ प्रतिशत पुँजीगत लाभकर असुल गर्नुपर्ने व्यवस्था छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजनाले १६२ जग्गाधनीलाई रु.१ अर्ब ८३ करोड ४४ लाख २४ हजार मुआवजा

भुक्तानी गरी मालपोत कार्यालय, पोखराबाट नेपाल सरकारको नाममा जग्गा प्राप्ति गर्दा जग्गाधनीहरुबाट असुल गर्नुपर्ने पुँजीगत लाभकर रु.४ करोड ५८ लाख ६१ हजार असुल नभएकोले सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाई आयोजना तथा आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी असुल गर्नुपर्दछ ।

२५. **बहालविटौरी जग्गा -** बाहालविटौरी, कोदाले र आँकड लगतबमोजिम बसोबास गरेका व्यक्ति वा परिवारको नाममा जग्गा दर्तासम्बन्धी गठन आदेश, २०७२ बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित समितिले पटक पटक निर्णय गरी मालपोत कार्यालय, बुटवलअन्तर्गतका २९३ विटौरी जग्गा उपभोग गर्ने व्यक्तिहरुको नाममा ५४ हजार १०१ वर्गमिटर जग्गा दर्ता गरेको देखियो । तत्कालीन अवस्थामा देशभर वितरण भएको विटौरी जग्गाको कुल क्षेत्रफल, हालसम्म दर्ता भएको क्षेत्रफल, दर्ता गर्न बाँकी क्षेत्रफलको अभिलेख नै नभएको मन्त्रालयको २०७४।१२।४ को पत्रद्वारा यस कार्यालयलाई स्पष्ट गरेको छ । नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा सम्बन्धित स्थानीय तहले भाडा प्राप्त गर्ने गरी स्थानीय व्यक्तिहरुलाई बहालमा उपलब्ध गराएकोमा गठन आदेश जारी गरी व्यक्तिको नाममा दर्ता गर्ने कार्य मनासिब नदेखिएकोले बहालस्वरुप उपभोग गर्न दिएको सार्वजनिक जग्गा थप वितरण गर्न रोकी वितरण भइसकेको जग्गा नेपाल सरकारको नाममा फिर्ता प्राप्त गर्नुपर्दछ ।

२६. **घटी कारोबार मूल्य -** मालपोत कार्यालय बुटवलको र.द.न २७६१ख २०७३।६।२ मा एक जग्गाधनीले आनन्दवन ८(ख) को ०–१९–१८.५ बिघा जग्गा रु ६ करोड ९७ लाख ४० हजार मा बिक्री गरेकोमा सोही जग्गा २२ दिनअघि अर्को जग्गाधनीले र.द.न २११५ख बाट रु १ करोड ६१ लाख ४० हजारमा खरिद गरेको छ । यसरी २२ दिनपछि नै रु.५ करोड ३६ लाखमा बिक्री हुने जग्गा २२ दिन अघि घटी कारोबार मूल्य देखाई खरिद बिक्री गरेकोले अघिल्लो पटकको खरिदकर्ताबाट रु.५ करोड ३६ लाखको ४ प्रतिशत रजिष्ट्रेसन शुल्क रु.२१ लाख ४४ हजार असुल गर्नुपर्दछ ।

२७. **न्यूनतम मूल्याङ्कन -** मालपोत कार्यालय, बुटवलको न्यूनतम मूल्याङ्कन पुस्तिका बमोजिम पक्की तथा कच्ची सडकसँग जोडिएको एउटै कित्ता जग्गाको क्षेत्रमध्ये सडक लाइनदेखि १२० फिट वा २ कट्ठा जुन बढी हुन आउँछ सो क्षेत्रफललाई सडकको मूल्याङ्कन कायम गर्ने र सोभन्दा पछाडिको क्षेत्रफललाई खेतीयोग्य बराबरको मूल्याङ्कन कायम गर्ने उल्लेख छ । जसको कारणले न्यूनतम मूल्याङ्कन पुस्तिकामा उल्लेख गरिएको भन्दा न्यून थैली कायम भएको छ । यसरी नापी कार्यालयले १२० फिटभित्र पर्ने जग्गा यकिन गरी कार्यालयबाट खरिद बिक्री भएको मध्ये नमूना छनौटमा परेका ३ निसर्गकर्ताले स्थानीय निकायको बाटो नभएको सिफारिसबमोजिम मूल्याङ्कन भएको कारण रु.७ करोड ५६ लाख ८२ हजार घटी मूल्याङ्कन भई रु.३० लाख २७ हजार रजिष्ट्रेसन शुल्क र रु.३६ लाख ८४ हजार पुँजीगत लाभकरसमेत रु.६७ लाख ११ हजार राजस्व छुट भएको छ । तीन निसर्गकर्तामध्ये एकले बिक्री गरेको साबिक कित्ता नम्बर २३ को ४ बिघा २ कट्ठा १० धुर जग्गाको संलग्न नक्साबमोजिम जग्गाको चारै दिशातर्फ बाटो तथा नहर भएको देखिएको अवस्थामा समेत तिलोत्तमा नगरपालिकाको २०७४।३।८ को पत्रबाट पश्चिमतर्फ १० कट्ठा जग्गालाई मात्र बाटोले छोएको भनी सिफारिस दिएकोले छानबिन गरी नापी कार्यालय तथा स्थानीय निकायका सिफारिसकर्ता पदाधिकारीसमेतलाई जिम्मेवार बनाई छुट राजस्व असुल गर्नुपर्दछ ।

२८. **उद्योगको आन्तरिक कारोबार -** एक ग्याँस उद्योगले उद्योगकै कार्यकारी अध्यक्षसँग २०७४।३।२७ मा रु.१ करोड ६५ लाखमा १ बिगाह १६ कठ्ठा २ धुर जग्गा खरिद गरेको छ । कार्यकारी अध्यक्षले सो जग्गा १ महिना १५ दिनअघि रु.२२ लाखमा खरिद गरेकाले कारोबार व्यावसायिक देखिँदा आयकर ऐन, २०५८ को दफा ७ बमोजिम सो आयमा ३५ प्रतिशत कर लाग्ने देखिन्छ । कारोबार मूल्य रु.१ करोड ६५ लाखमा खर्च रु.२२ लाख (खरिद मूल्य) कट्टा गरी हुने रु.१ करोड ४३ लाखको ३५ प्रतिशतले हुने आयकर रु.३९ लाख २८ हजार कार्यकारी अध्यक्षबाट असुल गरी कार्यकारी अध्यक्ष र उद्योगको आन्तरिक कारोबारले उद्योगको कर दायित्वमा पर्ने असरका सम्बन्धमा समेत आन्तरिक राजस्व कार्यालयसँग समन्वय गरी छानबिन हुनुपर्दछ ।

२९. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(१) मा निर्माण व्यवसायीको ढिलाइका कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । मालपोत कार्यालय, चाबहिलमा कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६९।१।६ मा भएको

सम्झौताबमोजिम रु.१० करोड २३ लाख २९ हजारको लागतमा २ वर्ष भित्र सम्पन्न गर्नुपर्नेमा कार्यतालिकाअनुसार कार्य नगरेकोले तेस्रो पटक २०७३ फाल्गुण मसान्तसम्म म्याद थप गरेको छ । सो अवधिभित्र पनि कार्य सम्पन्न भएको छैन । नवौँ रनिङ बिलसम्म रु.४ करोड ३८ लाख ४९ हजार भुक्तानी भएको देखिन्छ । अन्तिम पटक म्याद थप गर्दा २०७३ फाल्गुणभित्र पनि कार्य सम्पन्न नभए क्षतिपूर्ति लिने गरी म्याद थप भएकोमा हालसम्म कार्य सम्पन्न नभएकोले सम्झौताबमोजिम १० प्रतिशतका दरले हुने रु.१ करोड २ लाख ३३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्यको सम्झौताअनुसार कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायी, कार्यालय प्रमुख प्राविधिकलगायतलाई प्रचलित कानुनअनुसार जिम्मेवार बनाउनुपर्दछ ।

३०. **कालोसूची -** मालपोत कार्यालय, रामपुर पाल्पाको भवन निर्माण कार्यका लागि लागत अनुमान रु.६ करोड ६९ लाख७३ हजारको तयार गरी बोलपत्र आह्वान गरेकोमा पर्न आएका सबैभन्दा घटीवाला एक निर्माण व्यवसायीले रु.४ करोड ८ लाख ३७ हजार मूल्य अभिवृद्धि करसमेतको रकम उल्लेख गरेकोमा एक अपार्टमेन्ट निर्माण गरेको सक्कल प्रति र २०६३।६४, २०६४।६५, २०६५।६६ को उक्त निर्माण कार्यको आयकर तिरेको प्रमाण, जे.भी. सम्झौता र लेखापरीक्षण प्रतिवेदन माग गरेकोमा पेस नगरेको र उक्त कार्य निज निर्माण व्यवसायीले नगरी अर्को एक निर्माण व्यवसायीले एक्लै गरेको भनी जानकारी गराएको आधारमा दोस्रो घटीवाला निर्माण व्यवसायीलाई रु.४ करोड ७७ लाख ४७ हजार मूल्य अभिवृद्धि कर बाहेकमा सम्झौता गरी रु.६९ लाख १० हजार बढी व्ययभार पर्ने गरी ठेक्का दिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ (ख) मा बोलपत्रदाताले तथ्य झुक्याई विवरण पेस गरेमा त्यस्तो बोलपत्रदातालाई सोही ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न सिफारिस गर्नुपर्ने र बढी व्ययभार पारेको रकम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

३१. **शोधभर्ना खर्च -** राष्ट्रिय भू-उपयोग आयोजनाले विभिन्न परामर्श सेवा प्रदायक फर्मलाई गा.वि.स. स्तरीय भू-उपयोग नक्सा डाटा तयार गर्ने कार्यको लागि भएको ३८ सम्झौताको शोधभर्ना खर्च रु.२४ करोड. ८८ लाख ६२ हजार भुक्तानी गर्दा परामर्शदाताले वास्तविक रुपमा खर्च गरेको बिल भरपाईसहितको विवरण तथा लागत अनुमान र आर्थिक प्रस्तावमा समावेश आइटमबमोजिमको रनिङ बिल तयार गरेको छैन । आइटमसमेत नखुलेको कर बीजकको आधारमा एकमुष्ट रकम उल्लेख गरी भुक्तानी भएको छ । भुक्तानी दिएको शोधभर्ना खर्चको बिल भरपाई पेस गर्नुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा भोगाधिकारमा दिएका जग्गाको अभिलेख अद्यावधिक गरी रकम असुल गर्नुपर्ने, मन्त्रालयले २०७२ चैत्र महिनाभित्र हदबन्दीसम्बन्धी नीति कार्यान्वयनको कार्ययोजना बनाउनुपर्ने, पुँजीगत लाभकर ३ महिनाभित्र असुल गर्नुपर्ने, कारोबार मूल्यको आधारमा जग्गा तथा घरको रजिष्ट्रेसन शुल्क असुल गर्नुपर्ने लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ । साथै मन्त्रालय तथा विभागका पदाधिकारीबाट अन्तर्गत कार्यालयहरुको कामकारबाहीमा अनुगमन, नियन्त्रण र निर्देशन हुनुपर्दछ ।

- **बेरुजू -** सरकारी कार्यालयतर्फ २४७ निकायमा रु.२ अर्ब ३२ करोड ३५ लाख ६१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ करोड २९ लाख ६८ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब २८ करोड ५ लाख ९३ हजार बाँकी रहेको छ । सोमध्ये रु. ४ करोड ८० लाख ८६ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा भौतिक पूर्वाधार विकास, स्थलमार्ग, जलमार्ग, रेलमार्ग कार्यसम्बन्धी नीति योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, यातायात तथा परिवहन व्यवस्थापन, अध्ययन, अनुसन्धान, नियमनलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १७७ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.७७ अर्ब ५६ करोड ६१ लाख, राजस्व रु.२१ अर्ब २ करोड ५६ लाख, धरौटी रु.५ अर्ब ५२ करोड ५३ लाख र अन्य कारोबार रु.१६ अर्ब ४२ करोड ४ लाख समेत रु.१ खर्ब २० अर्ब ५३ करोड ७४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । त्यस्तै संगठित संस्थातर्फको २ निकायको रु.१३ अर्ब १२ करोड ५९ लाखको लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा र कार्यान्वयन -** नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई भौतिक पूर्वाधारको विकाससम्बन्धी नीति, यातायात तथा परिवहन व्यवस्थापन र सञ्चालनसम्बन्धी नीति, स्थलमार्ग, जलमार्ग, रेल मार्ग, सब-वे, फ्लाइओभर र रज्जुमार्गको निर्माण तथा विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, नियमन, अनुगमन र मूल्याङ्कन कार्य क्षेत्र तोकिएको छ । अन्य नीतिगत व्यवस्था निम्नानुसार छन्:

१.१. मन्त्रालयले वातावरणमैत्री सवारी तथा यातायात नीति, २०७१ तथा समृद्ध नेपालका लागि सडक, रेल तथा यातायात विकासको पाँच वर्षे रणनीतिक योजना (२०७३-२०७८) कार्यान्वयन गरेको भए पनि नीति तथा योजना कार्यान्वयनको अद्यावधिक प्रगति विवरण लेखापरीक्षणका लागि पेश नगरेकोले उपलब्धि मूल्याङ्कन गर्न सकिएन ।

१.२. राष्ट्रिय योजना आयोगबाट प्रकाशित चौधौं त्रि-वर्षीय योजनामा मन्त्रालयका लागि २०७३।७४ मा ३८ हजारलाई रोजगारी सिर्जना, ६०० कि. मि. रणनैतिक तथा क्षेत्रीय सडक निर्माण र ९०० कि.मि. सडक स्तरोन्नति, पुनर्निर्माण र सुदृढीकरण गर्ने लक्ष्य राखे तापनि सोभन्दा फरक कार्य उल्लेख गरी वार्षिक लक्ष्य किटान गरेको पाइयो ।

१.३. मन्त्रालयले नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ मा उल्लेख भएअनुसार भौतिक पूर्वाधारको विकाससम्बन्धी, जलमार्ग, रेल मार्ग, सब-वे, फ्लाइओभर, रज्जुमार्ग, केवलकार निर्माणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याएको पाइएन । अतः मन्त्रालयले कार्यक्षेत्रमा पर्ने विषयका सम्बन्धमा नीति तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन -** मन्त्रालयले बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा काठमाडौं निजगढ द्रुत मार्गको निर्माण प्रारम्भ, हुलाकी राजमार्गको द्रुत गतिमा निर्माण, तराई मधेशका जिल्लामा पूर्व पश्चिम राजमार्गदेखि जिल्ला सदरमुकाम हुँदै दक्षिण सीमावर्ती नाका जोड्ने सडकहरु, मनाङ-मुस्ताङ-डोल्पा-जुम्ला सडक, बृहत् लुम्बिनी चक्रपथ, स्वर्ण सगरमाथा बृहत् चक्रपथको निर्माण शुरु, भूपरिवेष्ठित मुलुकहरुले समुद्र उपयोग गर्न पाउने अधिकार बमोजिम पानी जहाज सञ्चालनको कानुनी तथा संस्थागत तयारी, सवारीसाधनको उपयुक्तता परीक्षण गर्न प्रत्येक प्रदेशमा भेहिकल फिटनेस टेष्टिङ्ग सेन्टर स्थापना, राष्ट्रिय पूर्वाधार नीति अनुसन्धान प्रतिष्ठान गठन र इन्जिनियरिङ स्टाफ कलेज स्थापना गर्ने कार्य भएको देखिएन । अतः मन्त्रालयले कार्यान्वयन गर्न सक्ने कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

३. **पुँजीगत बजेट र खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९(३) मा बजेट तर्जुमा गर्दा आवधिक योजनाको लक्ष्य, नीति र राष्ट्रिय योजना आयोगको मार्गदर्शनलाई समेत ध्यानमा राखी नेपाल सरकारले गर्नुपर्ने काम, हासिल गर्ने लक्ष्य, कार्यक्रम र आर्थिक स्रोत, सालबसाली गर्नुपर्ने काम, आवधिक योजनाले लक्ष्य लिएका काम, चालु भैरहेका काम, वैदेशिक सहायताका सम्झौतामा उल्लेख भएको अवधिमा गर्नुपर्ने काम, नेपाल सरकारका नीति र कार्यक्रमअनुसारका काम, त्रिवर्षीय बजेट सीमा तोकिएको भए सो बमोजिमका कार्यक्रमको आधारमा अर्थ मन्त्रालयले निर्धारण गरेको क्षेत्रगत र मन्त्रालयगत बजेट रकमको

सीमाअनुसार बजेट तथा कार्यक्रम तयार गरी पेस गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले बजेट तर्जुमा गर्दा उपर्युक्त पक्षमा विचार नगर्नाले शुरु विनियोजित बजेट नपुग भई निम्नानुसार रकमान्तरबाट २८ प्रतिशतसम्म बजेट थप गरी खर्च भएको छ ।

(रु.लाखमा)

आर्थिक वर्ष	शुरु बजेट	संशोधित बजेट	रकमान्तरबाट थप प्रतिशत	खर्च	खर्च प्रतिशत
२०७१/७२	३०६४८१	३६०७०६	१७.६९	३२३६००	८१.२१
२०७२/७३	४२०२१८	५३८०२८	२८.०४	३७१२७५	६९.०१
२०७३/७४	७२६७६०	७९४२५६	९.२७	७१७३२३	९०.३१

उपर्युक्त तालिकाअनुसार मन्त्रालयको लागि शुरुमा विनियोजित बजेट नपुग भएको भनी रकमान्तरबाट बजेट संशोधन गरी वृद्धि गरे पनि शुरु विनियोजित बजेट नै खर्च गर्न सकेको छैन ।

४. **वार्षिक लक्ष्य र प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गर्ने व्यवस्था रहेको छ । मन्त्रालय र मातहतका कार्यालयको २०७३।७४ को लक्ष्य र प्रगतिको अवस्था निम्नानुसार रहेको छ:

विवरण	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
कालोपत्रे सडक	कि.मि.	७२७	६३०	८९.७१
खण्डास्मिथ	कि.मि.	११५५	९९२	८५.८८
माटे सडक ट्रयाक खोल्ने	कि.मि.	१०५४	८०९	७६.७५
आवधिक मर्मत सम्भार	कि.मि.	६००	१९५	३२.५
नियमित मर्मत सम्भार	कि.मि.	९५००	सालवसाली	
पुल निर्माण	संख्या	१००	७२	७२

मन्त्रालयले कार्यान्वयन गरेका ८० बजेट उपशीर्षकमध्ये ५१ मा ८० प्रतिशतभन्दा बढी, १८ मा ५० देखि ८० प्रतिशत र ११ मा ५० प्रतिशतभन्दा कम प्रगति भएको देखिन्छ । त्यसैगरी ९ हजार ५०० कि.मि. सडकको नियमित मर्मत सम्भार गर्ने गरी लक्ष्य तोकेको भए तापनि नियमित सडक मर्मत नगर्नाले सडक जीर्ण भएको, दुर्घटना बढेको र वातावरण प्रदूषित भई जनस्वास्थ्यमा अत्यधिक असर परेको छ । लक्ष्यअनुसार प्रगति हासिल गरी सडक मर्मत सम्भारका लागि ध्यान केन्द्रित गर्नुपर्दछ ।

५. **राष्ट्रिय गौरवका आयोजना -** नेपाल सरकारले मन्त्रालयअन्तर्गतका देहायका आयोजनालाई राष्ट्रिय गौरवका आयोजनाको रुपमा वर्गीकरण गरेको छ:

(रु करोडमा)

सि.नं.	आयोजना	लम्बाई कि.मि.	शुरु वर्ष	सम्पन्न हुने वर्ष	लागत अनुमान	यस वर्षसम्मको खर्च	खर्च प्रतिशत
१	पुष्पलाल (मध्य पहाडी) लोकमार्ग	१७७६	२०६४/६५	२०७७/७८	३३३७	१८९६	५७
२	काठमाडौं तराई फास्ट ट्रयाक	७६	२०६५/६६	२०७४/७५	२५०००	४०९	२
३	पूर्व पश्चिम रेल मार्ग	९४६	२०६४/६५	२०७७/७८	६९४६७	६८५	१
४	उत्तर दक्षिण लोक मार्ग						
	कर्णाली कोरिडोर	२८४	२०६४/६५	२०७९/८०	४१०	२४	६
	कोशी कोरिडोर	१६२	२०६५/६६	२०७७/७८	४०८	११८	२९
	कालीगण्डकी कोरिडोर	४३५	२०६६/६७	२०७६/७७	२७५१	१३४	५
५	हुलाकी राजमार्ग	१७९२	२०६३/६४	२०७४/७५	४७२४	१०९३	२३

५.१. पाँचथर जिल्लाको चियोभन्ज्याङ्गदेखि बैतडी जिल्लाको झुलाघाटसम्म जोड्ने १ हजार ७७६ कि.मि. लम्बाई रहेको मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजनाको निर्माण २०६४।६५ देखि शुरु भई २०७४।७५ मा सम्पन्न हुने शुरु अनुमान रहे पनि २०७७।७८ मा सम्पन्न हुने संशोधित लक्ष्य रहेको छ । आयोजनाका लागि २०७३।७४ मा रु.२ अर्ब ८५ करोड विनियोजन गरेकोमा रकमान्तरबाट रु.२ अर्ब ३२ करोड (८१.४० प्रतिशत) थप भई रु.५ अर्ब १७ करोड बजेट कायम भएकोमा रु.५ अर्ब १५ करोड ५१ लाख खर्च भएको छ । यो वर्ष ५५ कि.मि. कालोपत्रे गर्ने, १०० कि.मि. ग्राभेल गर्ने र १५ पुल निर्माण गर्ने लक्ष्य राखेकोमा २२.५ कि.मि. कालोपत्रे, ९५ कि.मि. ग्राभेल र ९ पुल निर्माण भएको छ । यो वर्षसम्म १ हजार ७७६ कि.मि. ट्रयाक खुलेको, १२५ कि.मि. ग्राभेल गरेको र ४४५ कि.मि. कालोपत्रे गरेको तथा ११० पुलमध्ये ४० सम्पन्न भई ३० निर्माणाधीन रहेका छन् ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयन, लक्ष्य/प्रगति स्थिति, सडकको अद्यावधिक अभिलेख, तेस्रो चौमासिकको खर्च, कार्यक्षेत्र बाहिरका कार्यक्रम कार्यान्वयन, वार्षिक कार्यक्रम स्वीकृति, सडक सीमाको संरक्षण, सडकको भारवहन क्षमता, समयमा सडक मर्मत, खरिदमा प्रतिस्पर्धा, अधुरा सडक एवं पुल आयोजना, यथार्थपरक लागत अनुमान, निर्माण कार्यमा समन्वय, निर्माणस्थलको व्यवस्था एवं खरिद सम्झौता, पूर्वनिर्धारित क्षतिपूर्ति असुली, मूल्य समायोजन भुक्तानी, नर्म्समा एकरुपता, साधन स्रोतको सदुपयोग, निर्माण कार्यको गुणस्तरीयता, डिजाइन एण्ड बिल्ड सम्झौताअन्तर्गत काम गराउन स्वीकृत नर्म्स र कानुनी व्यवस्था, सवारीसाधनको अभिलेख, सवारीसाधन दर्ता, नवीकरणको राजस्व असुली र दाखिला, रेल लाइन निर्माण र सञ्चालन गर्न रेल सम्बन्धी जनशक्तिको उपलब्धता लगायत विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

५.२. राजधानीलाई तराई मधेशसँग जोड्ने काठमाडौँ तराई मधेश द्रुतमार्गको लम्बाई ७६ कि.मि. रहेको छ । फास्ट ट्रयाक आयोजनाको निर्माण कार्य २०६४।६५ मा शुरु भएकोमा २०७३।७४ मा मुआवजा र क्षतिपूर्तिका लागि रु.१ अर्ब ५० करोड, ठेक्का व्यवस्थापनका लागि रु.८ अर्ब र पुँजीगत परामर्श सेवामा रु.५० करोडसमेत रु.१० अर्ब १२ लाख ९७ हजार विनियोजन गरेकोमा रकमान्तरबाट रु.७ अर्ब ८८ करोड ७६ लाख (७८.८७ प्रतिशत) घटाई रु.२ अर्ब ११ करोड ३७ लाख बजेट कायम भएकोमा रु.१ अर्ब ९५ करोड ९३ लाख खर्च भएको छ । आयोजनाले यो वर्ष मुआवजा वितरणका लागि रु.६० करोड पेस्की दिने बाहेक अन्य कुनै भौतिक प्रगति गरेको छैन ।

२०७१।७२ को बजेट वक्तव्यबाट आयोजनाको निर्माण कार्य सार्वजनिक निजी साझेदारीअन्तर्गत गर्न पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ अन्तर्गत सन् २०१४ मा प्रस्ताव आह्वान गर्दा तीन कम्पनी छनौट भई दुई कम्पनीले प्रस्ताव पेस गरेकोमा एक भारतीय कम्पनीको प्रस्ताव स्वीकृत भई ठेक्का प्रदान गर्ने आशयको सूचना जारी गरेको भए पनि प्रस्ताव स्वीकृत नभएको र २०७३।७४ को बजेट वक्तव्यमार्फत निर्माण कार्य नेपाल सरकारले गर्ने र छनौट भएको कम्पनीसँग भएका सबै प्रक्रिया रद्द गरी मन्त्रिपरिषद्को २०७४।१।२१ को निर्णयबाट ४ वर्षमा सम्पन्न गर्न नेपाली सेनालाई हस्तान्तरण भएको छ ।

५.३. हुलाकी मार्गलाई स्तरोन्नति गरी वैकल्पिक राजमार्गको रुपमा निर्माण गर्ने गरी हुलाकी राजमार्गको निर्माण कार्य २०६३।६४ मा शुरु भएको देखिन्छ । आयोजनाका लागि २०७३।७४ मा ५.५ कि.मि. कालोपत्रे, ३४ कि.मि. ग्राभेल र १५ पुल निर्माण गर्न रु.४ अर्ब १७ करोड ५६ लाख विनियोजन गरेकोमा रकमान्तरबाट रु.२६ करोड ३८ लाख (६.३२ प्रतिशत) घटाई रु.३ अर्ब ९१ करोड १८ लाख कायम गरी रु.३ अर्ब ६५ करोड ५३ लाख खर्च भएको छ । आयोजनाले यो वर्ष कालोपत्रे ५.५ कि.मि., ग्राभेल ३० कि.मि. र १० पुलको निर्माण गरेकोमा हालसम्म १ हजार ६४४ कि.मि. माटेस्तरमा, ६८ कि.मि. ग्राभेल स्तरमा र ८० कि.मि. कालोपत्रेस्तरमा तथा १५० पुलमध्ये ५० निर्माण सम्पन्न र ७० निर्माणाधीन रहेका छन् ।

५.४. पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म ९४६ कि.मि. लम्बाईको रेल सञ्जाल निर्माण एवं सञ्चालन गर्ने लक्ष्यअनुरुप २०६६।६७ देखि रेल तथा मेट्रोको निर्माण कार्य शुरु भएको देखिन्छ । आयोजनाका लागि २०७३।७४ मा रु.१ अर्ब ९८ करोड ४२ लाख विनियोजन गरेकोमा रकमान्तरबाट रु.३४ करोड ४० लाख (१७.३४ प्रतिशत) थप भई रु.२ अर्ब ३२ करोड ८२ लाख कायम भई रु.२ अर्ब ३२ करोड ७५ लाख खर्च

भएको छ । आयोजना अन्तर्गत बर्दिवास-काकडभिट्टा खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार भएको र बुटबल-गड्डाचौकी खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार भइरहेको छ । त्यस्तै बर्दिवासदेखि निजगढसम्म ट्रयाक वेड निर्माण कार्य ८० प्रतिशत सम्पन्न भएको छ र बर्दिवासदेखि निजगढसम्म १० पुलको खरिद सम्झौता गरेको छ ।

५.५. उत्तर दक्षिण लोकमार्ग, कोशी कोरिडोरअन्तर्गत तेह्रथुम जिल्लाको वसन्तपुरदेखि संखुवासभा जिल्लाको किमाथांकासम्म १६२ कि.मि. सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ । यो वर्ष ८ कि.मि. ट्रयाक खोल्ने र १० कि.मि. ग्राभेल गर्ने लक्ष्य रहेकोमा ५.५ कि.मि. ट्रयाक खोल्ने कार्य भएको छ । हालसम्म ८० कि.मि. ट्रयाक खोल्ने काम भएको तथा १२ पुलमध्ये १० को ड्रइङ, डिजाइन तयार गर्ने कार्य भइरहेको छ ।

५.६. कालिगण्डकी कोरिडोरअन्तर्गत नवलपरासीको गैंडाकोटदेखि मुस्ताङको कोरलासम्म ४३५ कि.मि. सडक निर्माण तथा स्तरोन्नति गर्ने लक्ष्य रहेको छ । यो वर्ष १२ कि.मि. ट्रयाक खोल्ने र २८ कि.मि. ग्राभेल गर्ने लक्ष्य रहेकोमा १० कि.मि. ट्रयाक खोल्ने र २७ कि.मि. ग्राभेल गर्ने कार्य भएको छ । हालसम्म पूरै ट्रयाक खोलेकोमा २७६ कि.मि. चौडा गरेको, ७९ कि.मि. ग्राभेल भएको र ३३ कि.मि. ग्यावियन वाल लगाउने कार्य सम्पन्न भएको छ ।

५.७. कर्णाली कोरिडोरअन्तर्गत कालिकोटको खुलालुदेखि हुम्लाको सिमिकोटसम्म १९६ कि.मि. र हिल्सा सिमिकोट ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ । यो वर्ष लक्ष्यअनुसार ७ कि.मि. ट्रयाक खोल्ने कार्य गरी हालसम्म ८३.२ कि.मि. ट्रयाक खुलेको, २५ कि.मि. सडक चौडा गरेको र ०.७५ कि.मि. ग्यावियन पर्खाल लगाएको छ । हिल्सा-सिमिकोट खण्डमा ७३ कि.मि. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ ।

राष्ट्रिय गौरवका आयोजनाहरुमा लक्ष्यअनुसार प्रगति गर्न नसकेकोले देखिएका समस्या समयमै समाधान गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

६. **सडकको अभिलेख** - अर्थ मन्त्रालयले व्यवस्थापिका संसदमा प्रस्तुत गरेको आर्थिक सर्वेक्षण र बजेट वक्तव्य अनुसार सडकको अवस्था निम्नानुसार रहेको छ:

(कि.मि. मा)

किसिम	२०७१।७२		२०७२।७३		२०७३।७४		
	सडक विभाग	स्थानीय सडक	सडक विभाग	स्थानीय सडक	सडक विभाग	स्थानीय सडक	जम्मा
आर्थिक सर्वेक्षणअनुसार							
कालोपत्रे	११७९८	१७८४	१२१७३	१८५७	१२३०५	२००४	१४३०९
ग्राभेल/खण्डास्मित	६२८७	१२४२५	६४६०	१२५१३	६८६५	१२८२३	१९६८८
कच्ची	९४११	३८७६८	९६७५	३८९४०	९९८७	४२८०५	५२७९२
जम्मा	**२७४९६**	**५२९७७**	**२८३०८**	**५३३१०**	**२९१५७**	**५७६३२**	**८६७८९**
बजेट वक्तव्यअनुसार							
कालोपत्रे सडक	११३९०	५४०	१२२३३	१६९०	१२७१३	२१००	१४८१३
खण्डास्मित सडक	६२७५	५३१०	६७३७	१२४२५	७४६७	१३१००	२०५६७
माटे सडक	९५१४	३०४००	१००६१	३८७६८	१०७६१	४३००	१५०६१
जम्मा	**२७१७९**	**३६२५०**	**२९०३१**	**५२८८३**	**३०९४१**	**१९५००**	**५०४४१**
आर्थिक सर्वेक्षण र बजेट वक्तव्यमा फरक	**३१७**	**१६७२७**	**(७२३)**	**४२७**	**(१७८४)**	**३८१३२**	**३६३४८**

आर्थिक सर्वेक्षण र बजेट वक्तव्यअनुसार सडकको अभिलेखमा उपर्युक्त अन्तर देखिएको छ । त्यस्तै सडक विभागले प्रकाशन गरेको रोड डायरीमा कालोपत्रे सडक १४ हजार ४९७.६० कि.मि. देखाएको छ भने सडक विभागले कार्यान्वयनमा ल्याएको विद्युतीय अभिलेखबाट १५ हजार ४३०.१६ कि.मि. देखाएकोले तथ्यांकमा अन्तर देखिएको छ ।

उपर्युक्तानुसार सडक रहेको देखिए तापनि सडक निर्माण वर्ष, त्यसमा गरेको लगानी र सडकको अवस्था खुल्ने अभिलेख नभएकोले लागतसमेत खुल्ने गरी संरचना निर्माणको अद्यावधिक अभिलेख राख्नुपर्दछ ।

७. **चौमासिक खर्च** - मन्त्रालयको ३ वर्षको चौमासिक खर्च र आषाढ महिनामा भएको खर्चको अवस्था निम्नानुसार रहेको छ:

(रु.लाखमा)

चौमासिक	२०७१/७२		२०७२/७३		२०७३/७४	
	खर्च	प्रतिशत	खर्च	प्रतिशत	खर्च	प्रतिशत
प्रथम	२५००६	७.७३	३३५०५	९.०२	६११४६	८.५३
दोस्रो	६४६१३	१९.९६	४८४९०	१३.०६	१८७०३३	२६.०७
तेस्रो	२३४०२९	७२.३१	२८९२८०	७७.९२	४६९१४०	६५.४०
जम्मा	**३२३६४८**	**१००**	**३७१२७५**	**१००**	**७१७३१९**	**१००**
आषाढ महिना	१५८३६१	४८.९३	१८३७५४	४९.४९	**२९७२९९**	**४१.४५**
खर्च मध्ये पेस्की	४६५२२	१४.३७	१६५०५०	४४.४५	२७१२१३	३७.८१
पेस्कीबाहेक कुल खर्च	२७७१२७		२०६२२६		४४६१०६	

उपर्युक्त तालिकाबाट कुल खर्चमध्ये ४१ देखि ४९ प्रतिशतसम्म आषाढ महिनामा खर्च गरेको देखिन्छ । साथै बजेट खर्चमध्ये करिब ३८ प्रतिशत पेस्कीको रुपमा रहेको देखिन्छ । तेस्रो चौमासिक र आषाढ महिनामा अत्यधिक खर्च गर्ने प्रवृत्तिले निर्माण कार्यको गुणस्तरमा कमी आउने देखिन्छ । मन्त्रालयले वार्षिक कार्य योजना तयार गरी सबै चौमासिकमा समानुपातिक रुपमा कार्य सञ्चालन गरी भुक्तानी व्यवस्था मिलाउनुपर्दछ ।

८. **संसदीय समितिको निर्देशन** - व्यवस्थापिका-संसदको विकास समितिले उत्तरी सीमामा रहेका नाकाहरुमा पहुँचको अवस्था र स्तरोन्नति, वातावरणमैत्री विद्युतीय सवारीसाधनको प्रवर्द्धन एवं सार्वजनिक यातायात व्यवस्थापन, सडक विस्तार कार्यक्रमहरुको प्रगतिको अवस्था समस्या र भावी कार्यक्रम, हुलाकी राजमार्गको निर्माण कार्यक्रम, मुआवजा तथा क्षतिपूर्ति, निर्माण पक्षमा सुधारका सम्बन्धमा निर्णयहरु, रसुवागढी (केरुङ्ग) नाका र पहुँच मार्गको स्थलगत अध्ययन, पोखरा-वेनी-जोमसोम-कोरोला नाका र पहुँच मार्गको स्थलगत अध्ययन, तातोपानी नाका र अरनिको राजमार्गको स्थलगत अध्ययन, हुलाकी राजमार्गको स्थलगत अवलोकन, कर्णाली कोरिडोर र जाजरकोट डोल्पा (दुनै) सडक खण्डको स्थलगत अवलोकन भ्रमण प्रतिवेदनका सुझावको अभिलेख राखी कार्यान्वयन गरेको पाइएन ।

९. **कार्यक्षेत्र बाहिरका कार्य -** मन्त्रालयअर्न्तगत २०७३।७४ मा रु.७२ अर्ब ६८ करोडका ८ हजार ८० योजना सञ्चालनमा रहेको देखिन्छ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ को अनुसूची २ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई रणनीतिक सडक (गोरेटो/घोडेटो बाटो र स्थानीय सडक बाहेक) तथा पुल (झोलुङ्गे पुल र स्थानीय पुल बाहेक) को निर्माण, मर्मत, सम्भार तथा संरक्षण गर्ने कार्य क्षेत्र तोकेको छ । मन्त्रालय आफ्नो कार्य क्षेत्रमा नपर्ने सडक एवं पुल निर्माणमा समेत संलग्न रहेको देखिन्छ । केही उदाहरण निम्नानुसार रहेका छन्:

(रु.लाखमा)

ब.उ.शी.नं.	कार्यक्रमको नाम	योजना संख्या	शुरु बजेट	संशोधित बजेट	खर्च
३३७१२३	क्षेत्रीय तथा पर्यटकीय महत्वका सडकहरु	२२५७	२२९९९	७२६६६	६९५३७
३३७१४७	काठमाडौं उपत्यका सडक निर्माण तथा सुधार	१२९८	६९९१	१२४३१	१२२४८
३३७१४८	अन्य शहरी सडक	१८९१	९०००	२५६७८	२३०४८
३३७१५७	स्थानीय सडक पुल निर्माण	९०४	२५०००	९४५२०	९२३५२
	जम्मा	६३५०	६३९९०	२०५२९५	१९७१८५

सडक विभागले काठमाडौं उपत्यकाभित्रका ८ मिटरसम्मको सडक स्थानीय निकायले, ८ देखि १४ मिटरसम्मको डिभिजन सडक कार्यालयले विस्तार गर्ने नीति लिएकोमा मन्त्रालयले सोभन्दा कम चौडाईका सडक निर्माण गर्न समेत १ हजार २९८ योजनामा बजेट विनियोजन गरेको छ । मन्त्रालयलाई प्राप्त स्रोत साधन कार्यक्षेत्र बाहिरका स्थानीय सडक र पुल निर्माणमा प्रयोग गरेकोले तोकिएको कार्यमा मात्र संलग्न हुनुपर्दछ ।

१०. **संगठन संरचना र दरबन्दी -** निजामती सेवा ऐन, २०४९ को दफा ६क (२) मा कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न संगठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको संगठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी ७७ योजना कार्यालय स्थापना गरी ती कार्यालयमा राजपत्राङ्कित ३५४, राजपत्र अनङ्कित ५१९ र श्रेणीविहीन २७७ गरी १ हजार १५० कर्मचारीको अस्थायी दरबन्दी सिर्जना गरेको पाइयो । योजना कार्यालयमा सिर्जना भएका दरबन्दीमध्ये राजपत्रांकित कर्मचारीहरु स्थायी कर्मचारीबाट काजमा पदपूर्ति गरेको र श्रेणीविहीन तथा कम्प्युटर अपरेटर करारमा नियुक्त गरेको छ । त्यस्तै योजनाका लागि अस्थायी दरबन्दी स्वीकृत गरी करारमा कर्मचारी नियुक्ति गरेपनि विभिन्न ६८ कार्यालयले सुपरभाइजर एवं अन्य कर्मचारी ज्यालादारीमा राखी रु.१ अर्ब ८५ करोड ९७ लाख पारिश्रमिक भुक्तानी गरेको छ । जसले गर्दा नियमित दरबन्दीतर्फ कर्मचारीको अभाव रहेको देखिन्छ । मन्त्रालयले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारी दरबन्दी यकिन गर्नुपर्दछ ।

११. **बजेट फ्रिज** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३(क) मा फ्रिज नहुने भनी महालेखा नियन्त्रक कार्यालयले तोके बाहेकका बजेट उपशीर्षकमा खर्च नभएको रकम साल तमाम हुनुअघि फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

११.१. मन्त्रालयले सडक बोर्ड, नेपाललाई २०७२।७३ र २०७३।७४ मा रु.८ अर्ब ७४ करोड ९६ लाख निकासा दिएकोमा बोर्डबाट रु.७ अर्ब ४६ करोड ७३ लाख खर्च भई रु.१ अर्ब २८ करोड २३ लाख बाँकी रहेको रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

११.२. सडक विभागले मातहतका कार्यालयबाट कन्टिन्जेन्सी बापत रु. ४७ करोड ३१ लाख ९० हजार प्राप्त गरी रु.४४ करोड ६६ लाख १३ हजार खर्च गरेको र गतवर्षको जिम्मेवारीसमेत रु.६ करोड ३१ लाख २५ हजार खर्च नभई बाँकी रहेको रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१२. **निर्माण व्यवसायी कोष -** निर्माण व्यवसाय ऐन, २०५५ को दफा १७ अनुसार सार्वजनिक कार्यको गुणस्तर र निर्माण व्यवसायीको कार्य क्षमता वृद्धि गराउन, निर्माण व्यवसायीलाई आवश्यक सेवा तथा सहयोग उपलब्ध गराउन २०५६।१।१ देखि निर्माण व्यवसायी कोष स्थापना भएको छ । कोषमा निर्माण व्यवसायीसँग भएको सम्झौता रकमको ०.१० प्रतिशत कट्टा गरी दाखिला हुने गरेको छ । कोषमा २०७०।७१ मा रु.२ करोड १४ लाख आम्दानी भई रु.५ करोड ५४ लाख बैङ्क मौज्दात रहेको आर्थिक विवरणबाट देखिन्छ । कोषमा जम्मा हुनुपर्ने रकम समयमा सबै कार्यालयले दाखिला गरे नगरेको सम्बन्धमा अनुगमन गरेको पाइएन । कोष नेपाल सरकारको नियन्त्रणमा रहेकोमा २०७१।७२ देखिको लेखापरीक्षण महालेखापरीक्षकबाट गराएको छैन ।

१३. **खर्च प्रक्रिया -** सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा सडक र सडक सीमा तोक्ने र दफा ४ मा जग्गा प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ । यस प्रयोजनका लागि जग्गा प्राप्ति गर्न सम्बन्धित सडक कार्यालय/आयोजनामा अख्तियारी जाने र ती कार्यालयले सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई पेस्की दिने र जिल्ला प्रशासन कार्यालयले भुक्तानी गरी सक्कल स्रेस्ता कार्यालयमा फिर्ता पठाउने गरेको छ । यसप्रकार पेस्की दिने प्रक्रियाको अन्त्य गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई खर्च गर्ने अख्तियारी दिने प्रणालीको विकास गर्नुपर्दछ ।

१४. **कार्यक्रम स्वीकृति -** अर्थ मन्त्रालयले २०७३।३।३० मा उपलब्ध गराएको खर्च गर्ने अख्तियारीमा पहिलो प्राथमिकता प्राप्त योजनाको कार्यक्रम २०७३।३।७ भित्र राष्ट्रिय योजना आयोगबाट र दोस्रो तथा तेस्रो प्राथमिकताका विकास कार्यक्रमहरु मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्न निर्देशन दिएको छ । मन्त्रालयले पहिलो प्राथमिकताका आयोजना २०७३।५।१५ देखि २०७४।३।२८ सम्म र दोस्रो तथा तेस्रो प्राथमिकताका आयोजनाको २०७३।५।२४ देखि २०७४।३।२९ सम्म निम्नानुसार स्वीकृत गरेको छ:

(रकम रु. लाखमा)

प्राथमिकता	पहिलो चौमासिक		दोस्रो चौमासिक		तेस्रो चौमासिक		आषाढ महिना	
	योजना संख्या	रकम	योजना संख्या	रकम	योजना संख्या	रकम	योजना संख्या	रकम
पहिलो	३४	७२२०७	३२३४	२७७७४२	९९	६०१४६	२	९४६५
दोस्रो र तेस्रो	४१८	४७२४५	३८४	१०३०१	८९	५८२१७	२७	२२१२४

यसरी राष्ट्रिय योजना आयोग एवं मन्त्रालयबाट वार्षिक कार्यक्रम स्वीकृतिमा नै ढिलाइ गरेको कारण कार्यान्वयनमा समस्या पर्ने गरेको हुँदा तोकिएको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१५. **वार्षिक कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा आवश्यकताअनुसार कार्यक्रम संशोधन गर्न सकिने व्यवस्था छ । मन्त्रालयका लागि विनियोजित बजेटमा निम्नानुसार थपघट भएको छ:

(रकम रु लाखमा)

आर्थिक वर्ष	शुरु विनियोजन		रकम यथावत रहेका ब.उ.शी.	थप मात्र भएको		घट मात्र भएको		थप घट दुवै भएको			कायम बजेट
	ब.उ. शी.	रकम		ब.उ.शी	थप रकम	ब.उ. शी.	घट रकम	ब.उ. शी.	थप रकम	घट रकम	
२०७२/७३	७५	४२०२१८	२२	१४	१०७४६५	२५	२३६५७	१४	६६३९१	३२७१७	५३८०२९
२०७३/७४	८१	७२६७६०	८	१४	७८९१८	२६	११८१२०	३३	३६८३४३	३००८४७	७९४२५६

यसबाट शुरु विनियोजन भएको बजेटमा उल्लेखनीय थप घट भएको देखिएकाले बजेट विनियोजन उपयुक्त देखिएन ।

१५.१. मन्त्रालयमा रहेका योजना सम्बन्धी २ हजार ४७ फाइलमध्ये ६० फाइलको परीक्षण गर्दा ४१३ योजनाको रु.७ अर्ब १८ करोड ६४ लाखको कार्यक्रम तथा बजेट संशोधन गर्न २०७४।३।३० मा राष्ट्रिय योजना आयोगमा पठाएकोमा स्वीकृत भएको छैन । आर्थिक वर्षको अन्तमा कार्यक्रम स्वीकृत नगराई खर्च गरेको नियमसंगत देखिएन । मन्त्रालयले २०७४।३।३० मा ४८ आयोजनाको रु.१ अर्ब ५१ करोड ६२ लाख २२ हजारको कार्यक्रम संशोधन गरेको छ । साथै, मन्त्रालयले शुरु बजेटमा समावेश नभएका योजनाका लागि २०७३।११।१७ र २०७३।१२।११ मा रु.२ अर्ब ४ करोड ६९ लाख बजेट थप गरेको पाइयो । मन्त्रालयले शुरु बजेटको तुलनामा अत्यधिक बजेट थप गरी कार्यक्रम संशोधन गरेका केही कार्यालय निम्न छन्:

(रु लाखमा)

डिभिजन सडक कार्यालय	योजना संख्या	शुरु बजेट	संशोधित बजेट
नुवाकोट	३	१६	५०००
दाङ	१३	१९३	५३३५
झापा	१	८	७०८
सुर्खेत	२७	१४८	९९००
ललितपुर	६	४१	३०१९
मोरङ	२	१२	९२२
रौतहट	६	२१	३०००
बाग्लुङ	४	३२	१०४१
बाँके	१२	७७	२०७५
कञ्चनपुर	१	४	१८०४

शुरुमा रु. १६ लाख बजेट राखिएको कार्यक्रमलाई रु.५० करोड र ४ लाख राखिएकोलाई १८ करोडसम्म बनाई कार्यक्रम संशोधन गर्नु परेको कारण खुलाएको छैन । संसदको स्वीकृतिमा नै असर पर्ने गरी कार्यक्रम संशोधन गर्ने कार्य उचित देखिएन ।

१६. **रकमान्तर एवं स्रोतान्तर:** अर्थ मन्त्रालयले २०७३।३।३० मा उपलब्ध गराएको खर्च गर्ने अख्तियारीमा २०७३ फागुन मसान्तसम्म काम शुरु नभएका कार्यक्रमको सम्पूर्ण बजेट २०७३ चैत्र १ भित्र अनिवार्य फिर्ता गर्नुपर्ने र बुँदा नं. १० मा प्राकृतिक प्रकोप, विपत्ति र विशेष अवस्थामा बाहेक दोस्रो चौमासिक अवधिसम्म कुनै पनि प्रकारका थप निकासा/रकमान्तर मागहरुलाई अर्थ मन्त्रालयबाट सम्बोधन नगरिने उल्लेख छ । सडक विभाग अन्तर्गत यो वर्ष उक्त अवधिपश्चात् स्रोतान्तर भएको रु.८ अर्ब १ करोड ८२ लाख ६९ हजार समेत रु.३५ अर्ब ६३ करोड ६१ लाख ७२ हजार बजेट रकमान्तरबाट थप घट भएको छ ।

आषाढ महिनामा भएको स्रोतान्तरमध्ये २० गते रु.५ अर्ब २७ करोड ३३ लाख ६८ हजार र २९ गते रु.६० करोडको भएको छ । त्यस्तै आषाढको रकमान्तरमध्ये २० गते रु.१० अर्ब ११ करोड ५५ लाख र २९ गते रु.७ अर्ब ९० करोड २६ लाख भएको छ । यसबाट अर्थ मन्त्रालयले नै आफ्नो पूर्व घोषित नीति पालना गरेको देखिएन भने मन्त्रालयले शुरुमा प्रस्ताव गरेको बजेट पनि यथार्थपरक रहेको पाइएन ।

१७. **स्रोत सुनिश्चितता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(१) मा सार्वजनिक निकायले बजेट व्यवस्था नभई खरिदको कारबाही शुरु गर्न नहुने व्यवस्था छ । अर्थ मन्त्रालयले २०७३।३।३० मा उपलब्ध गराएको खर्च गर्ने अख्तियारीमा स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने उल्लेख छ । मन्त्रालयले राष्ट्रिय योजना आयोगबाट प्रकाशन गरेको वार्षिक विकास कार्यक्रम तथा मन्त्रालयले प्रकाशन गरेको जिल्लास्तरीय आयोजनाको विवरणमा उल्लेख भएको बजेटभन्दा बढी हुने गरी ६५४ योजनाका लागि अर्थ मन्त्रालयबाट २०७३।७४ मा कार्य सम्पन्न गर्ने र तेस्रो चौमासिकमा बजेट उपलब्ध गराउने शर्तमा रु.८ अर्ब ११ करोड ११ लाख ३६ हजारको स्रोत सुनिश्चितता प्राप्त गरेको छ । स्वीकृत वार्षिक कार्यक्रम विपरीत बजेट थप गर्नु उचित देखिएन । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१८. **बहुवर्षीय ठेक्का -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३)(क) मा पहिलो वर्षको बजेट व्यवस्था भएपछि अन्य वर्षको लागि खरिद कार्य गर्न सकिने व्यवस्था रहेको छ । आयोजनाहरुको बहुवर्षीय ठेक्का बन्दोबस्तसम्बन्धी निर्देशिका, २०७३ अनुसार विस्तृत आयोजना प्रतिवेदन तयारी गरेको र वातावरणीय प्रभाव मूल्याङ्कन गरेको हुनुपर्ने व्यवस्था छ । यो वर्ष विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव मूल्याङ्कन नगरी बहुवर्षीय ठेक्काअन्तर्गत १३३ आयोजनाको लागि रु.६० अर्ब ४६ करोड ५१ लाख माग भएको मध्ये अर्थ मन्त्रालयबाट ८० योजनामा रु.३६ अर्ब ७१ करोड ७६ लाखको सहमति प्राप्त गरेको देखिन्छ । निर्देशिकाको पालना नगरी बहुवर्षीय ठेक्का लगाउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१९. **दायित्व सिर्जना** - सडक विभागले २०७४।२।२८ मा मातहतका निकायलाई परिपत्र गरी सालवसाली रुपमा सञ्चालनमा रहेका बजेट उपशीर्षक ३३७१२३, ३३७१४७ र ३३७१४८ अन्तर्गत सञ्चालित सडक योजनाहरुको लागि २०७४।७५ मा मन्त्रालयमा बजेट विनियोजन नभई स्थानीय तहमा विनियोजन भएको हुँदा ती बजेट उपशीर्षकका सम्पूर्ण सडक २०७३।७४ मा फरफारक गर्न र २०७४।७५ का लागि कुनै दायित्व बाँकी नराख्न निर्देशन दिएको छ । मन्त्रालय र मातहतका निकायले उपर्युक्तानुसार फरफारक नगर्नाले रु.२३ अर्ब २३ करोड ६० लाख २०७४।७५ का लागि दायित्व सिर्जना भएको छ । कानुनी व्यवस्था विपरीत बहुवर्षीय खरिद सम्झौता गर्न सहमति दिएको एवं तेस्रो चौमासिकमा रकम उपलब्ध गराउने गरी स्रोत सुनिश्चितता दिएको रकम खर्च गर्न नसक्नाले दायित्व सिर्जना भएको देखिन्छ । यस्ता योजना यथाशीघ्र सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण हुनुपर्दछ ।

२०. **वातावरणीय प्रभाव मूल्याङ्कन** - वातावरण संरक्षण नियमावली, २०५४ को नियम ३ मा जिल्ला सडक र शहरी सडक, प्रमुख पुलको निर्माण गर्न प्रारम्भिक वातावरणीय परीक्षण तथा राष्ट्रिय राजमार्ग र प्रमुख सहायक सडकहरु निर्माण गर्न वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ । यसैगरी राष्ट्रिय योजना आयोगद्वारा जारी आयोजनाहरूको बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७३ अनुसार बहुवर्षीय ठेक्का स्वीकृत गर्नु अघि वातावरणीय प्रभाव मूल्याङ्कन हुनुपर्दछ । मन्त्रालयले २०७३।७४मा १३३ आयोजनाको बहुवर्षीय खरिद सम्झौता गर्न अनुरोध गरेपनि मन्त्रालयले ४६ प्रारम्भिक वातावरणीय परीक्षण, ७ वातावरणीय प्रभाव मूल्याङ्कन र १२ पूरक मूल्याङ्कन गरी ६५ वातावरणीय परीक्षण प्रतिवेदनलाई स्वीकृति दिएकोमा बहुवर्षीयमा परेका योजनाहरु उक्त स्वीकृतिमा समावेश रहेको छैन । बहुवर्षीय खरिद सम्झौता भएका आयोजनाको समेत वातावरणीय प्रभाव मूल्याङ्कन नगरी खरीद सम्झौता गरेको देखिन्छ ।

२१. **सडक सीमा -** सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ मा सार्वजनिक सडकलाई राजमार्ग, सहायक मार्ग, जिल्ला मार्ग र शहरी मार्गमा वर्गीकरण गरी त्यस्तो सडकको केन्द्र रेखादेखि दाँया बाँया दुवैतर्फ ३१ मिटरमा नबढाई सडकको सीमा तोक्न सक्ने व्यवस्था छ । नेपाल सडक स्टाण्डर्ड, २०७० ले लोकमार्गको ५० मि. फिडर सडकको ३० मि. र जिल्ला सडकको २० मि. सडक सीमा तोकेको छ । उक्त प्रावधानअनुरुप सडक निर्माण गर्नु अघि उक्त ऐनको दफा ४ बमोजिम सडकको सीमाभित्र पर्ने जग्गा प्राप्त नगरी सडक निर्माण शुरु गर्नाले लक्ष्यअनुरुप सडक निर्माण, विस्तार र स्तरोन्नति कार्य गर्न सकेको पाइएन । सडक सीमाभित्र विद्युत, खानेपानी, टेलिफोनलगायतका संरचना निर्माण गर्नु अघि सडक विभागको स्वीकृति नलिनाले सडक

निर्माण कार्यमा अवरोध आएको देखिन्छ । सडक सीमा निर्धारण गरी कार्यक्षेत्र यकिन गरेर मात्र सडक निर्माणको खरिद सम्झौता गर्नुपर्दछ ।

त्यस्तै सोही ऐनको दफा १९ मा स्वीकृति नलिई सार्वजनिक सडक वा सडक सीमामा कुनै किसिमको काम गर्न नहुने र दफा २२ मा सडक सीमा तोकिएकोमा सडक सीमाको र सडक सीमा नतोकिएकोमा सडकको किनाराबाट दुवैतर्फ २५० मिटरसम्मको जग्गामा विकास कर लाग्ने व्यवस्था छ । सडक सीमामा विद्युत, टेलिफोन तथा खानेपानीका संरचना निर्माण गर्नु अघि सम्बन्धित निकायले सडक विभागको पूर्व स्वीकृति नलिएको र विकास करसमेत लिने गरेको पाइएन । यसरी स्वीकृति विना संरचना निर्माण गर्ने र सडक विस्तार गर्ने क्रममा सम्बन्धित निकायले त्यस्ता संरचना नहटाई दिएको कारण ती संरचना हटाउन सडक निर्माण गर्ने निकायले ठूलो रकम भुक्तानी दिनु परेको छ । अतः सडक सीमामा संरचना निर्माण गर्दा विभागबाट अनिवार्य पूर्वस्वीकृति लिने व्यवस्था मिलाई सडक निर्माण गर्दा त्यस्ता संरचनाहरु सम्बन्धित निकायले नै हटाउने व्यवस्था गर्नुपर्दछ ।

२२. **सडकको भारवहन क्षमता -** सार्वजनिक सडक ऐन, २०३१ को दफा १६क मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सार्वजनिक सडकले वहन गर्न सक्ने वजनको हद तोक्न सक्ने र तोकिएको हदभन्दा बढी वजनको सवारीसाधन चलाउन नपाउने गरी निषेध गर्न सक्ने व्यवस्था छ । नेपाल सरकारले यस्तो सूचना जारी नगर्नाले निर्माण भएका सडकमा डिजाइन क्षमताभन्दा बढी वजनका सवारीसाधन चलाउनाले सडक छिटो विग्रने गरेका छन् । सडकको भार वहन क्षमता सम्बन्धमा विद्यमान मापदण्ड पालना गर्नुपर्दछ ।

२३. **सडक खन्ने स्वीकृति**: सार्वजनिक सडक ऐन, २०३१ को दफा २९ मा कुनै कार्यालयले सडक वा सडक सीमा खन्नु पर्दा सडक विभागको पूर्व स्वीकृति लिनुपर्ने, विभागले तोकेको तरिका वा शर्तको पालना गर्नुपर्ने र दफा २० मा सडक विभागले त्यसरी खनिने सडक वा सडक सीमालाई मर्मत गर्न लाग्ने खर्च रकम धरौटी लिई स्वीकृति दिन सक्ने व्यवस्था रहेको छ । काठमाडौं उपत्यका खानेपानी लिमिटेडले सडकमा खानेपानीको पाइप विच्छ्याउने कामको लागि सडक खन्न सडक विभागको स्वीकृति लिनुपर्नेमा विभागका अतिरिक्त काठमाडौं चक्रपथ सुधार योजना, पशुपति क्षेत्र विकास कोष, काठमाडौं महानगरपालिका, डिभिजन सडक कार्यालय, काठमाडौं उपत्यका सडक विस्तार आयोजनाबाट समेत स्वीकृति लिएको पाइयो । कानुनअनुसार सडक विभागबाट लिनुपर्ने स्वीकृति अधिकार नपाएका निकायबाट लिने र दिने कार्य कानुनसम्मत देखिएन ।

२३.१. सडक विभागले खानेपानी पाइपको कारण भविष्यमा सडकको विस्तार, स्तरोन्नति वा अन्य सडक संरचना निर्माण गर्दा पर्न सक्ने असर र पाइपलाइन विच्छ्याउन सडक खनेपछि समयमा कालोपत्रे नगरेमा वातावरणमा पर्न सक्ने असरको विश्लेषण गरेको छैन । निश्चित समयावधि निर्धारण गरी कार्य सम्पन्न भए नभएको अनुगमन गर्नुपर्नेमा सो समेत गरेको छैन । त्यस्तै खनिएका सडक समयमा मर्मत सम्भार नगर्नाले वातावरणमा प्रतिकूल असर परी जनस्वास्थ्यमा नकारात्मक असर परेको छ ।

२४. **सडकको मर्मत:** मन्त्रालयले निर्माण भएका सडकको मर्मत सम्भार गर्न पर्याप्त बजेट विनियोजन गर्नुपर्दछ । मन्त्रालयले मर्मत गर्नुपर्ने सडक र मर्मत गर्न तोकेको लक्ष्यको अवस्था निम्न रहेको छ:

(लम्बाई कि.मि.मा)

सडकको लम्बाई ग्रामिण सडक समेत				मर्मतको किसिम	मर्मतको लक्ष्य		
किसिम	२०७१।७२	२०७२।७३	२०७३।७४		२०७१।७२	२०७२।७३	२०७३।७४
कालोपत्रे	११९३०	१३९२३	१४८१३	नियमित र पटके	८०००	२९८	१००
खण्डास्मित र ग्राभेल	११५८५	१९१९२	२०५६७	आवधिक	८०५	५५०	२००
माटे	३९९१४	४८८२९	१५०६१				
जम्मा	६३४२९	८१९४४	५०४४१		८८०५	८४८	३००

स्रोत- २०७२।७३, २०७३।७४ र २०७४।७५ को बजेट वक्तव्य ।

२४.१. सडक विभागले जारी गरेको पेभमेन्ट डिजाइन गाइडलाइन्समा राष्ट्रिय लोकमार्ग १५ वर्षको लागि, शहरी सडक २० वर्षको लागि र अन्य सडकको १० देखि १५ वर्षको डिजाइन आयु तोकिएको छ । उक्त आयु

कायम राख्न नियमित मर्मत सम्भार गर्नुपर्दछ । यस मन्त्रालयको लागि २०७१।७२ देखि २०७३।७४ सम्ममा सडक मर्मतमा विनियोजित बजेट र खर्चको स्थिति निम्नानुसार रहेको छ ।

(रु. लाखमा)

ब उ शी नं.	कार्यक्रम	२०७१।७२		२०७२।७३		२०७३।७४	
		बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
३३७१६५	सडक बोर्ड	४२४८७	३६९२१	४३९९२	३५४१३	४३५०४	३९२६०
३३७३५६	रणनीतिक सडक पुर्नस्थापना तथा सुधार	३९०६	३४८५	१०६३०	८५६६	१३९९१	१०९०८
३३७३५७	राजमार्ग स्तरोन्नति	०	०	५४२१	०	२५३६	७४७
	जम्मा	४६३९३	४०४०६	६००४३	४३९७९	६००३१	५०९१५

उपर्युक्त सडक मर्मतका अतिरिक्त मन्त्रालयले पुल मर्मतको लागि छुट्टै बजेट उप शीर्षकबाट २०७३।७४ सम्म रु.२ अर्ब ७४ करोड २१ लाख ९२ हजार खर्च गरेको छ । मन्त्रालयले मर्मत गरेका सडकहरु गाइडलाइन्समा उल्लेख भएको अवधिभन्दा पहिले मर्मत सम्भार गर्नुपर्ने देखिएकाले निर्माण कार्य गुणस्तरीय रहेको देखिएन ।

२४.२. मन्त्रालयले निर्मित सडकको नियमित मर्मत गर्नका लागि लेन्थ वर्कर १ हजार ८६८ र सुपरभाइजर २३९ गरी २ हजार १०७ लाई मासिक ज्यालादारीमा राखी २०७३।७४ मा तलब रु.४५ करोड २ लाख ५९ हजार र अन्य खर्च रु.१० करोड ३५ लाख ६० हजार समेत रु.५५ करोड ३८ लाख १९ हजार खर्च लेखेको छ । लेन्थ वर्कर र सुपरभाइजरले खटिएको साइटमा काम गरे नगरेको सम्बन्धमा नियमित अनुगमन गरेको पाइएन । कतिपय लेन्थ वर्करहरु कार्य सम्पादन गर्न उमेर तथा अन्य कारणले शारीरिक रुपमा सक्षम रहेको देखिएन । विभिन्न सडक कार्यालयको लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गर्दा लेन्थ वर्करहरु काममा खटिएको देखिएन । जसले गर्दा सडक सम्भारको कार्य नियमितरुपमा भएको छैन ।

अत: निर्मित सडक मर्मत गर्न लाग्ने न्यूनतम समयावधि र लागत सम्बन्धी मापदण्ड स्वीकृत गरी सोहीअनुसार बजेट विनियोजन गरी सडकको मर्मत सम्भार गर्नुपर्दछ । यसका लागि सालवसाली रुपमा मर्मत सम्भार गर्नुपर्ने सडकको परिमाण यकिन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची ४ (ज) बमोजिम दररेटमा सम्झौता गरी नापजाँच परिमाणअनुसार भुक्तानी हुने व्यवस्था गर्नुपर्दछ ।

२५. **लेखापरीक्षण -** यो वर्ष १६ कार्यक्रम/आयोजनामा रु.१४ अर्ब २० करोड ४५ लाख वैदेशिक ऋण तथा ७ आयोजनामा रु.२ अर्ब ९० करोड २९ लाख वैदेशिक अनुदान प्राप्त हुने अनुमान भएकोमा क्रमश: रु.११ अर्ब ९ करोड १५ लाख र रु.२ अर्ब ३२ करोड ७५ लाख प्राप्त भएको छ । काठमाडौँ चक्रपथ सुधार आयोजनाले चिनीयाँ सोझै भुक्तानी अनुदान रु.९० करोड र सडक सुधार आयोजनाअन्तर्गत डिभिजन सडक कार्यालय, चितवनले एक्जिम बैङ्क भारतबाट सोझै भुक्तानी ऋण रु.१३ करोड ३६ लाख २३ हजारको लेखापरीक्षण गराएको छैन । सबै वैदेशिक सहायताको लेखापरीक्षण गराउनु पर्दछ ।

बजेट वक्तव्य साथ व्यवस्थापिका-संसदमा पेस भएको प्राविधिक तथा अन्य सहायताको विवरणमा २०७३।७४ मा काठमाडौँ उपत्यकाको शहरी यातायात सुधार, सिन्धुली सडकको सञ्चालन तथा मर्मत र सासेक सडक गरी तीन आयोजना तथा कार्यक्रममा यो वर्ष रु.२८ करोड २७ लाख ७९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख छ । आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६(२) अनुसार र सार्वजनिक लेखा समितिबाट प्राविधिक सहायताको लेखापरीक्षण गराउन दिएको निर्देशनअनुसार आर्थिक विवरण एवं स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छैन ।

यसैगरी यान्त्रिक कार्यालय, झापाले २०७४।७।१० मा कार्यालयमा तोडफोड भई आगलागी हुँदा सम्पूर्ण कागजपत्र एवं स्रेस्ता जली नष्ट भएको भनी रु.१ करोड ८१ लाख ९५ हजार र यातायात व्यवस्था कार्यालय, मेचीले अनुसन्धानको लागि स्रेस्ता अन्य निकायमा गएको भनी रु.४६ करोड ३३ लाख ३ हजारको लेखापरीक्षण गराएको छैन ।

२६. **पेस्की अनुगमन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा रु.२ करोडभन्दा बढी लागत अनुमान भएका आयोजना निर्माण गर्न दिएको पेस्की रकम छुट्टै खोलिएको बैङ्क खातामार्फत भुक्तानी हुने र पेस्की रकमबाट खर्च गरेको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहतका निकायमा गत वर्षसम्म रु.१६ अर्ब ५० करोड ५० लाखसमेत यो वर्षसम्म रु.२७ अर्ब

१२ करोड १३ लाख पेस्की बाँकी रहेकोमा सो पेस्की खर्चको प्रयोजन खुल्ने मासिक विवरण लिई अनुगमन गरेको देखिएन । पेस्कीको दुरुपयोग रोक्न गरिएको प्रावधान नै निस्प्रभावी बनाएको पाइयो ।

२७. **सुरुङ मार्ग -** मन्त्रालयले पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम रु.३४ खर्ब ८८ अर्बको लागत अनुमान रहेको काठमाडौँ-कुलेखानी-हेटौंडा सुरुङ मार्ग परियोजना निर्माण गरी ३० वर्ष सञ्चालन गर्न नेपाल पूर्वाधार विकास कम्पनी लि.सँग २०७०।१।३१ मा सम्झौता भएको देखिन्छ । उक्त कम्पनीले रु.१७ करोडको कार्यसम्पदान जमानत मन्त्रालयमा पेस गरेको छ । परियोजनाको वातावरणीय प्रभाव परीक्षण गर्न जनसंख्या तथा वातावरण मन्त्रालयले २०७४।५।२७ मा सार्वजनिक सूचना प्रकाशन गरेको छ । कम्पनीले २०१६ डिसेम्बरभित्र कार्य सम्पन्न गर्ने गरी सम्झौता गरे पनि निर्माण कार्य शुरु भएको छैन । सम्झौता भएको लामो समयसम्म पनि निर्माण कार्य शुरु नगरेको अवस्थामा मन्त्रालयले सम्झौताका शर्तहरु परिवर्तन गर्ने गरी २०२१ डिसेम्बरसम्म निर्माण कार्य सम्पन्न गर्न २०७४।७।१३ मा म्याद थप गरेको छ । कम्पनीको छनौट प्रतिस्पर्धात्मक रुपमा नभएको र लामो समयसम्म निर्माण कार्य शुरु नभएको सम्बन्धमा पुनरावलोकन गरी सर्वसाधारणबाट समेत संकलन भएको रकम दुरुपयोग नहुने व्यवस्थासहित निर्माण कार्य गराउने सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

सडक विभाग

नेपाल राज्यभित्र तथा बाह्य क्षेत्रसँगको सडक सम्पर्कमा वृद्धि गरी सडक पहुँच नपुगेका क्षेत्रमा पहुँच पुऱ्याउनुका साथै सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाउन आवश्यक योजना तर्जुमा, निर्माण तथा सम्भार कार्यको व्यवस्थापन गर्ने उद्देश्यले विभागको स्थापना भएको देखिन्छ ।

२८. **बजेट अनुमान र खर्च:** विभाग र मातहतका कार्यालयबाट कार्यान्वयन हुने प्राथमिकता १ को ६२ र प्राथमिकता २ को १४ समेत ७६ आयोजनाका लागि रु.७२ अर्ब ३५ करोड ७६ लाख विनियोजन भएको मध्ये रु.६३ अर्ब ८९ करोड २० लाख ७५ हजार खर्च भएको छ । विभागका लागि यो वर्ष ३१ बजेट उपशीर्षकमा रकमान्तरबाट थप घट दुवै भएको, ११ बजेट उपशीर्षकमा रकमान्तरबाट थप भएको र २६ बजेट उपशीर्षकमा रकमान्तरबाट घटेको देखिएको छ । विनियोजन यथार्थपरक बनाउन आवश्यक कार्यदक्षतामा वृद्धि गरिनुपर्दछ ।

२९. **प्रगति स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन प्रगति समीक्षा गर्ने व्यवस्था रहेको छ । लक्ष्यअनुरुप प्रगति नभएका प्रमुख व्यहोरा निम्न छन्:

२९.१. व्यापारिक मार्ग विस्तारअन्तर्गत बेलहिया-बुटवल, रानी धरान, जटही-जनकपुर र वीरगन्ज-पथलैया अन्तर्गत ११४ कि.मि. सडक स्तरोन्नति गर्नुपर्नेमा ३२ कि.मि. मात्र कार्य सम्पन्न भएको छ ।

२९.२. सुनसरी मोरङ पुल निर्माण आयोजनाअन्तर्गत ३५ पुल निर्माणाधीन रहेकोमा २०६४ देखि २०६६ सम्म खरिद सम्झौता भएका ६ पुलको प्रगति २९ देखि ८१ प्रतिशत, २०७०।७१ मा खरिद सम्झौता गरेका ३ पुलको ३० देखि ५५ प्रतिशत र २०७२।७३ मा सम्झौता भएका ७ पुलको प्रगति शून्यदेखि ४० प्रतिशतसम्म रहेको छ । सिंगीयाही खोला पुलको सवस्ट्रक्चर निर्माण गुणस्तरयुक्त नभएको कारण २०६४।६५ देखि निर्माण कार्य रोकिएकोमा खरिद सम्झौता अन्त्य गर्ने कार्य टुङ्गो लगाएको छैन । आयोजनामा प्रमुखलगायत ६ को प्राविधिक दरबन्दी भएपनि ३ कार्यरत रहेका कारण नियमित सुपरभिजन र अनुगमन गर्न सकेको छैन ।

२९.३. काठमाडौँ उपत्यका सडक विस्तार आयोजनाबाट दुईदेखि तीनवर्षमा सम्पन्न गर्ने गरी सम्झौता रु.५ अर्ब ३२ करोड ८७ लाख भएका २० खरिद सम्झौतामा रु.१ अर्ब ७ करोड ७० लाख खर्च भएको छ । ती सम्झौताको अवधि ४३ देखी ९६ प्रतिशतसम्म व्यतीत भए पनि भौतिक प्रगति १ देखि ४७ प्रतिशत रहेको देखिन्छ ।

२९.४. नारायणगढ मुग्लिङ सडक आयोजनाको लागि यो वर्ष रु.१ अर्ब ५५ करोड ६६ लाख ७ हजार विनियोजन भएकोमा रु.५७ करोड ६२ लाख १९ हजार खर्च भई वित्तीय प्रगति ३७.२४ प्रतिशत र भौतिक प्रगति ५१.८२ प्रतिशत रहेको देखिन्छ । २०७४ मंसीरमा सम्पन्न हुने गरी २०७१ चैत्रमा खरिद सम्झौता भएकोमा भेरिएसनपछि सम्झौता रु.३ अर्ब २० करोड २२ लाख कायम भएकोमा हालसम्म रु.१ अर्ब ५२ करोड ८९ लाख (४७.७५ प्रतिशत) भुक्तानी भएको छ । सम्झौता अवधिको ८२.८३ प्रतिशत समय व्यतीत भएकोमा समग्र भौतिक प्रगति ४७.७५ प्रतिशत मात्र रहेको छ ।

२९.५. सडक सुधार आयोजनाअन्तर्गत प्रथम चरणमा शुरु भएका १४ योजनामध्ये एक योजना सम्पन्न भएको छ । दोस्रो चरणमा शुरु भएका ३८५.११ कि.मि. लम्बाई भएका ११ सडक स्तरोन्नति गर्न १७ खरिद सम्झौता भएकोमा १९.८४ देखि ६७.०२ प्रतिशतसम्म औसतमा ४१ प्रतिशत भौतिक प्रगति रहेको छ । १३ सडकमा ५० प्रतिशतभन्दा कम प्रगति भएको छ । त्यस्तै तेस्रो चरण अन्तर्गतका महाकाली नदी पुल र २३ सडकको स्तरोन्नतिको डिजाइन तयार पार्ने कार्य भैरहेको देखिन्छ ।

३०. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, पारदर्शिता, जवाफदेहिता र विश्वसनीयता प्रवर्द्धन गर्ने, बिना भेदभाव सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गर्ने सम्बन्धमा विभिन्न व्यवस्था गरेको देखिन्छ । यो वर्ष ४७ कार्यालयले रु.१ खर्ब ३३ अर्ब ३५ करोड ५७ लाख लागत अनुमान भएका निर्माण कार्य गर्न १ हजार ८ सय बोलपत्र आह्वान गरेकोमा रु. १ खर्ब ३ अर्ब ४७ करोड ४ लाखमा खरिद सम्झौता भई लागत अनुमानको तुलनामा २२.४१ प्रतिशत कममा सम्झौता भएको देखिन्छ । यो वर्ष खरिद सम्झौता गरेका केही कार्यालयको खरिदको अवस्था निम्न रहेका छन्:

(रु.लाखमा)

कार्यालय	खरिद सम्झौता संख्या	लागत अनुमान	स्वीकृत रकम	घटी प्रतिशत
धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक योजना समन्वय इकाई	४	१८७१५९	१८५२७३	१.०१
सडक विभाग, सम्भार महाशाखा (गल्छी-त्रिशूली-मैलुङ्ग-स्याफुबेसी-रसुवागढी सडक)	१	३२६३०	३१४९०	३.४९
सडक विभाग, पुल महाशाखा	२१	६७४४१	६११८८	९.२७
सडक विभाग, वैदेशिक महाशाखा	८	१०३१३	१०२९९	०.१४
उत्तर-दक्षिण/व्यापारिक मार्ग विस्तार योजना निर्देशनालय (रानी-विराटनगर-इटहरी-धरान)	२	१८६४८	१८०७४	३.०८
मध्य पहाडी लोकमार्ग, पश्चिम खण्ड (२०७३।७४ मा खरिद कारबाही शुरु भै २०७४।७५ मा सम्झौता भएको)	६	५६०६०	५५६९६	०.६५

३०.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(३) मा कुनै खास वर्गका निर्माण व्यवसायीले मात्र भाग लिन पाउने वा कुनै खास वर्गका निर्माण व्यवसायीले भाग लिन नपाउने गरी तोक्न नहुने, दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता बोलपत्र रद्द हुने तथा दफा ६१ (झ) मा प्रतिस्पर्धाको लाभबाट वञ्चित गर्ने गराउने उद्देश्यले मिलेमतो गर्न वा गुटबन्दीमा संलग्न हुन नहुने व्यवस्था रहेको छ । धरान-गाईघाट-सिन्धुली-हेटौंडा खण्डको २५६.६ कि.मि. सडक, ७६ पुल निर्माण र गल्छी-स्याफ्रुबेसी-रसुवागढी खण्डको ४६ कि.मि. सडक स्तरोन्नति कार्यको ५ प्याकेजको रु.२१ अर्ब ९७ करोड ८९ लाखको लागत अनुमान रहेकोमा बोलपत्रको माध्यमबाट निम्नानुसार खरिद सम्झौता भएको छ:

(रु.लाखमा)

विवरण	लागत अनुमान	स्वीकृत वोलपत्र	घटी प्रतिशत
धरान-चतरा-गाईघाट -कटारी-सिन्धुली-हेटौंडा सडक स्तरोन्नति (पूर्वी खण्ड) १३९.९ कि.मी.	६३८५४	६३०३७	१.२८
धरान-गाईघाट-सिन्धुली-हेटौंडा सडक स्तरोन्नति (पश्चिम खण्ड) ११५.७ कि.मि.	६४३८४	६३६१९	१.१९
गल्छी-त्रिशुली-स्याफुबेसी-रसुवागढी सडक स्तरोन्नति ४६ कि.मि.	३२६३०	३१४९०	३.४९
धरान-गाईघाट-सिन्धुली-हेटौंडा सडक (पूर्वी खण्ड) खण्डमा पर्ने ४३ पुल	३३१७७	३३००९	०.५१
धरान-गाईघाट-सिन्धुली-हेटौंडा सडक (पूर्वी खण्ड) खण्डमा पर्ने ३३ पुल	२५७४४	२५६०८	०.५३
जम्मा	**२१९७८९**	**२१६७६३**	

नेपाल सरकारको स्रोत परिचालन गरी ३ वर्ष अवधि रहेको धरान-गाईघाट-सिन्धुली-हेटौंडा सडक आयोजना र २ वर्ष अवधि रहेको गल्छी-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजनाको लागि बोलपत्र गर्दा

सार्वजनिक खरिद अनुगमन कार्यालयबाट स्वीकृत बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएभन्दा फरक योग्यता निर्धारण गरी ठेक्का बन्दोबस्त भएको देखियो ।

यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद प्रक्रियाको मूल्याङ्कन गरी प्रकाशित गरेको अनुगमन तथा गुनासोसम्बन्धी प्रतिवेदनको सँगालो-२०७४ मा निर्माण कार्य सामान्य प्रकृतिको भएकोले उपयुक्त परिमाणको प्याकेज निर्माण गर्न सकिनेमा ठूलो प्याकेज निर्माण गरेको र उक्त कार्य प्रतिस्पर्धा सीमित गर्ने, मूल्य पर्याप्त र औचित्यपूर्ण नदेखिएको, बोलपत्रदाताको सहभागिता विश्लेषण गर्दा सबै बोलपत्रमा एकै संख्यामा बोलपत्र बिक्री भएको, एकै संख्यामा बोलपत्र दाखिला भएको, विद्युतीय बोलपत्रमार्फत कुनै पनि बोलपत्र दाखिला नभएको, सबै बोलपत्र लागत अनुमानकै हाराहारीमा भएको, निश्चित बोलपत्रदाता मात्र बारम्बार दोहोरिएको, बोलपत्रमा सहभागी सबैले कुनै न कुनै ठेक्का प्राप्त गरेको आदि कुनै आकस्मिक संयोजन नभई सुनियोजित र योजनाबद्ध भएको, निर्माण व्यवसायीको योग्यता माग गर्दा निर्माण कामको साइज जटिलता र स्ट्याण्डर्डले तोकेभन्दा बढी प्रयोग गरी औसत कारोबार बढी माग गरेको, उक्त खरिद सार्वजनिक खरिद ऐन, २०६३ को मर्म तथा सार्वजनिक खरिदका स्थापित मान्यता र सिद्धान्त अनुकूल भएको नदेखिएको उल्लेख गरेको छ । यस सम्बन्धमा यकिन हुनुपर्दछ ।

३०.२. वैदेशिक महाशाखाले सडक क्षेत्र विकास आयोजना लागू भएका जिल्लामा पुल तथा सडक सुरक्षा सम्बन्धी कार्य गर्न बोलपत्रको माध्यमबाट रु.२ अर्ब ६ करोड १२ लाखको ११ खरिद सम्झौता गरेको मध्ये ८ मा २।२ बोलपत्र परेको र सोमध्ये १ लागत अनुमानभन्दा बढी र १ मा लागत अनुमानको हाराहारी (०.००३ देखि ०.४६४ प्रतिशत घटी) मा पेस भई सोहीसँग सम्झौता भएको र ३ खरिद सम्झौतामा १५.२५ देखि ३०.४७ प्रतिशतसम्म घटी हुने गरी बोलपत्र पेस भएको पाइयो । उल्लिखित सबै निर्माण कार्यको लागत अनुमान रु.२ करोडभन्दा बढी (५ देखि ३० करोड रुपैँयाँसम्म) रहेकोले बोलपत्रको सूचनामा लागत अनुमान नखुलाएकोमा समेत लागत अनुमानको हाराहारी र सोभन्दा बढीको बोलपत्र पेस हुन आएकोले लागत अनुमानको जानकारी कुनै माध्यमबाट चुहावट भएको हुनसक्ने देखिएकोले यस सम्बन्धमा छानबिन गर्नुपर्ने देखिन्छ ।

३०.३. पुल महाशाखाले डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट पुल निर्माण गर्न प्रत्येक पुलको अलग लागत अनुमान तयार गरे तापनि एकभन्दा बढी पुलको प्याकेज बनाई बोलपत्र आह्वान गरेको कारण २०७२।७३ मा खरिद प्रक्रिया शुरु भई यो वर्ष सम्झौता भएका १४ खरिद सम्झौता लागत अुनमानभन्दा समग्रमा १२.२० प्रतिशत र २०७३।७४ मा खरिद कारबाही शुरु गरी खरिद सम्झौता भएका २१ खरिद सम्झौतामा ९.२७ प्रतिशत न्यून रहेको देखिन्छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को मर्म विपरीत केही खरिद कार्यलाई मात्र लागू हुनेगरी बोलपत्र सम्बन्धी कागजातमा रहेको व्यवस्था संशोधन गर्नेलाई जिम्मेवार बनाई सार्वजनिक खरिद कार्य स्वच्छ र प्रतिस्पर्धात्मक हुनेगरी बोलपत्रसम्बन्धी कागजात तयार पार्न र सीमित निर्माण व्यवसायीले मात्र प्रतिस्पर्धा गर्नेगरी योग्यताको आधार नतोक्ने व्यवस्था मिलाउनुपर्दछ । विभागीय सुपरिवेक्षण र नियन्त्रण गर्ने निकाय नै कार्य सञ्चालनस्तरको काममा संलग्न हुँदा नियन्त्रण र सन्तुलनको सिद्धान्त विपरीत देखिएकोले केन्द्रीय निकायबाट खरिद प्रक्रिया टुंग्याई कार्यान्वयनको लागि मातहत निकायमा सम्झौता फाइल पठाउने परिपाटी बन्द गर्नुपर्दछ ।

३१. **अधुरा निर्माण कार्य -** खरिद सम्झौता बमोजिम तोकिएको म्यादभित्र कार्य सम्पन्न गरे नगरेको सम्बन्धमा नमूनाको रुपमा डिभिजन सडक कार्यालय काठमाडौँ १ र २, भक्तपुर, ललितपुर, चितवन लगायत १९ कार्यालयबाट प्राप्त विवरणको विश्लेषण गर्दा सम्झौता रु.३ अर्ब ८६ करोड ६४ लाख भएको २३१ ठेक्काको काम अधुरो रहेको देखिन्छ । अधुरा रहेका मध्ये मध्य पहाडी लोकमार्ग (पश्चिम खण्ड), डिभिजन सडक कार्यालय कञ्चनपुर, दाङ्ग, पाल्पा, काठमाडौँ १ लगायतका १० कार्यालय अन्तर्गतका निर्माण व्यवसायीको नाममा रु.९ करोड ४९ लाख मोबिलाइजेसन पेस्की बाँकी रहेको देखिन्छ । समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीसँग भएको सम्झौता सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ बमोजिम अन्त्य गरी बाँकी काम निजको खर्चमा गराउने, पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्ने, कार्य सम्पादन जमानत जफत गर्ने, ब्याज सहित मोबिलाइजेसन पेस्की असुल गर्ने र कालो सूचीमा राख्ने लगायतका कारबाही गर्नुपर्दछ ।

३२. **आयोजना स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा बजेट तथा कार्यक्रम तयार गर्नुपर्ने र नियम २२ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको संभाव्यता अध्ययन,

आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा विभाग मातहतका देहायका कार्यक्रममा उल्लिखित प्रक्रिया पुरा नगरी यो वर्ष ५ हजार ४०० योजना छनौट गरेको देखिन्छ ।

(रु.लाखमा)

कार्यक्रम	योजना संख्या	शुरु बजेट	अन्तिम बजेट	बजेट वृद्धि प्रतिशत	खर्च
क्षेत्रीय तथा पर्यटकीय महत्वका सडकहरु	२२३८	२२९९९	७२६६६	२१५.९५	६९५३७
काठमाडौं उपत्यका सडक मर्मत तथा सुधार	१२७१	६९९१	१२४३१	७७.८२	१२२४८
अन्य शहरी सडक	१८९१	९०००	२५६७८	१८५.३०	२३०४८
जम्मा	**५४००**	**३८९९०**	**११०७७५**	**१८४.११**	**१०४८३३**

संभाव्यता अध्ययन नै नगरी योजना छनौट गर्ने र छनौट भएका स-साना योजनामा बजेट थप गर्दै जाने प्रक्रिया उचित देखिदैन । यी योजना प्रभावकारी रहेको सुनिश्चित गर्न सकिएन ।

३२.१. व्यापारिक मार्ग विस्तार आयोजना, रुपन्देहीले यो वर्ष १० आकाशे पुल निर्माण गर्न रु.१४ करोड १० लाख ८३ हजार लागत अनुमान स्वीकृत गरी रु.१२ करोड ५५ लाख ६० हजारमा खरिद सम्झौता गरी हालसम्म रु.८१ लाख ८० हजार भुक्तानी गरेको छ । स्वीकृत आयोजना प्रतिवेदनमा सडक निर्माण कार्य ४ प्याकेजमा गराउने उल्लेख भएपनि ६ प्याकेजमा विभाजन गरी निर्माण कार्य चालु राखेको पाइयो । डिभिजन सडक कार्यालय, तनहुँले कार्यान्वयन गरिरहेका चार रणनीतिक सडक योजनासमेत अधिकांश योजनाको विस्तृत आयोजना एवं वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गरेको देखिएन ।

३२.२. राष्ट्रिय योजना आयोगबाट प्रकाशित वार्षिक विकास कार्यक्रम एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्रकाशित जिल्लाहरुमा कार्यान्वयन गरिने वार्षिक विकास कार्यक्रममा समावेश नभएका २७ योजनामा रु.३० करोड ५७ लाख २० हजार बजेट विनियोजन भएको पाइयो । जिल्लाहरुमा कार्यान्वयन गरिने वार्षिक विकास कार्यक्रममा समावेश भएका डिभिजन सडक कार्यालय, कञ्चनपुरको कार्यक्षेत्रमा पर्ने रु.२ करोड ३० लाखका ९ योजना कार्यालयले कार्यान्वयन गरेको देखिएन ।

३२.३. डिभिजन सडक कार्यालय कञ्चनपुर अन्तर्गत ३२ योजनाको संभाव्यता अध्ययन गरी विस्तृत आयोजना प्रतिवेदन तयार नभएको अवस्थामा रु.५ करोड ४५ लाख बजेट विनियोजन गरेको पाइयो ।

३३. **अबण्डा बजेट -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ र नियम ३२ मा बजेट खर्च गर्ने अख्तियारी एवं कार्यक्रम अर्थ मन्त्रालयबाट सम्बन्धित सचिव, विभागीय प्रमुख हुँदै आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र कार्यालय प्रमुखलाई पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयबाट पुँजीगततर्फ ७७ बजेट उपशीर्षकमा शुरु बजेट रु.५९ अर्ब ९२ करोड २१ लाखमा रु.१४ अर्ब ६४ करोड ३० लाख (२४.४३ प्रतिशत) थप भई रु.७४ अर्ब ५६ करोड ५१ लाख अन्तिम बजेट कायम भई वर्षभरिमा रु.७४ अर्ब ५५ करोड ३६ लाख बाँडफाँड भएको मध्ये रु.१५ अर्ब ६३ करोड ३७ लाख (२०.९७ प्रतिशत) तेस्रो चौमासिकमा र रु.७ अर्ब ९४ करोड ५४ लाख (१०.५६ प्रतिशत) आषाढ महिनामा बाँडफाँड भएको छ ।

पुँजीगततर्फ रु.५९ अर्ब ९२ करोड २१ लाखमध्ये पहिलो र दोस्रो चौमासिकको अन्तमा क्रमशः रु.२ अर्ब ९२ करोड ९ लाख र रु.१ अर्ब १७ करोड ८८ लाख ५२ हजार (४.८७ र १.९६ प्रतिशत) बजेट अबण्डा राखेको पाइयो । प्राप्त बजेट अबण्डामा राख्ने तथा ढिला बाँडफाँड गर्नाले वर्षको अन्तमा खर्चको चाप बढ्न गई कामको गुणस्तरमा समेत असर पर्ने भएकोले स्वीकृत बजेट समयमै बाँडफाँड गर्नुपर्दछ ।

विभाग अन्तर्गतका १० बजेट उपशीर्षकहरुमा खर्च गर्ने अख्तियारी प्राप्त भएको सीमाभन्दा रु.३ अर्ब ८४ करोड ८१ लाख बढी हुने गरी अन्य बजेट उपशीर्षकबाट खर्च गरेको र खर्च रकमलाई विभागले २०७४।३।२१ मा थप अख्तियारी प्रदान गरी हिसाब मिलान गरेको पाइयो ।

३४. **अधिकार क्षेत्र -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने उल्लेख छ । केन्द्रीय निकायको रुपमा रहेको विभागले मातहतका कार्यालयले सम्पादन गरेको कामको अनुगमन तथा मूल्याङ्कन एवं नीति निर्माण

कार्यमा केन्द्रित हुनुपर्नेमा विभागको पुल महाशाखा, वैदेशिक महाशाखा, उत्तर दक्षिण लोक मार्ग निर्देशनालय, हुलाकी राजमार्ग निर्देशनालय लगायतका निकाय खरिद सम्झौताको सबै प्रक्रियामा आफैं सहभागी भई पहिलो किस्ता मोबिलाइजेसन पेस्की भुक्तानी गरी खरिद सम्झौता कार्यान्वयन गर्न जिल्लास्थित कार्यालयमा पठाएको देखिन्छ । मातहत निकायबाट भए गरेका कामको अनुगमन र निरीक्षण गरी कमी कमजोरी सुधार गर्न लगाई सेवा प्रवाहलाई सुदृढ गर्नुपर्ने र नियमन गर्ने निकाय नै कार्यान्वयन तहका कार्यालयको क्षेत्राधिकार भित्रको कार्यमा संलग्न भएको पाइयो । विभागका चार महाशाखाले २८ बजेट उपशीर्षक अन्तर्गतको रु.३ अर्ब ६३ करोड ७१ लाखको कार्यक्रम कार्यान्वयन गरेका छन् । सोमध्ये पुल महाशाखाले मातहत कार्यालयले खरिद कारबाही गर्नुपर्ने निम्नानुसार निर्माण कार्यको खरिद सम्झौता गरी मोबिलाइजेसन पेस्की प्रदान गरेको देखिन्छ ।

(रु.लाखमा)

कार्य	सम्झौता रकम	भुक्तानी रकम
विभिन्न स्थानको १४१ पुल निर्माण (२०७२।७३ को १० खरिद सम्झौता)	७६४८	६५६२
काठमाडौं उपत्यकामा पुल निर्माण (२०७२।७३ को ५ खरिद सम्झौता)	४३२७	७१
विभिन्न स्थानमा डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट पुल निर्माण (२०७३।७४ को १७ खरिद सम्झौता)	५६३५	३३२९
जम्मा	**१७६१०**	**९९६२**

यस प्रकारको कार्य बन्द गर्नुपर्दछ ।

३५. **सडक निर्माणमा ढिलाइ -** लामोसाँघु-तामाकोशी-जिरी सडक आयोजना, सिन्धुपाल्चोकले लामोसाँघु-मुडे खण्ड (२५ कि.मि.) पहिलो प्याकेज र मुडे-चरीकोट खण्ड (३० कि.मि.) दोस्रो प्याकेज बनाई भारतीय निर्माण व्यवसायीको नेतृत्वमा रहेका २ संयुक्त उपक्रमबाट काम गर्ने गरी सम्झौता गरेको देखिन्छ । पहिलो प्याकेजको कार्य २०७४।७६ मा सम्पन्न गर्ने गरी रु. ४४ करोड ३६ लाख ९७ हजारमा सम्झौता भएअनुसार रु. २९ करोड ९० लाख ४४ हजार भुक्तानी गरेकोमा ५७.५४ प्रतिशतमात्र भौतिक प्रगति रहेको र २०७४।११।१७ मा सम्पन्न गर्ने गरी दोस्रो प्याकेजको लागि रु. ७९ करोड ९२ लाख ५२ हजारमा सम्झौता भएकोमा रु. ३१ करोड ७१ लाख २० हजार भुक्तानी गरी ४१ प्रतिशतमात्र भौतिक प्रगति गरेको छ । दुवै खण्डको कार्य सम्पन्न गर्नुपर्ने अवधि समाप्त भइसकेको अवस्थामा २०७४ चैत्रमा स्थलगत अवलोकन गर्दा दुवै खण्डमा सडक चौडा गरी ब्रेस्ट वाल र रिटेनिङ्ग वाल लगाउँदै गरेको तर नाली निर्माण, सववेस, वेस कोर्स एवं पुल पुलेसा निर्माणलगायतका कार्य गरी सडक कालोपत्रे गर्ने अवस्थामा पुगेको देखिएन । निर्माणस्थलमा निर्माण सामग्री र जनशक्ति परिचालन गरेको समेत देखिएन । स्वीकृत कार्यक्रमअनुसार निर्माण कार्य अगाडि नबढाउँदा दैनिक आवत जावतमा असर परेको छ । साथै मूल्य वृद्धिलगायतका कारण आयोजनाको लागतमा वृद्धि भइरहेको छ । निर्माण कार्यमा ढिलाइ गर्ने संयुक्त उपक्रमका साझेदार सदस्यलाई आवश्यक कानूनी कारबाही गरी समयमै कार्य सम्पन्न गर्न गराउन नसकेको हुँदा आयोजना व्यवस्थापनलाई जिम्मेवार बनाई यथाशीघ्र सडक विस्तार कार्य सम्पन्न गर्नुपर्दछ ।

३६. **पुरानो सम्झौतामा नयाँ कार्य -** यो वर्षको स्वीकृत वार्षिक कार्यक्रमअनुसार ४५१ पुलको विस्तृत सर्वेक्षण तथा डिजाइन तयार गर्न परामर्शदाता छनौट गर्नुपर्नेमा महानिर्देशकको २०७३।११।१५ को निर्णयले १५० पुलको विस्तृत सर्वेक्षण कार्य विगत वर्ष खरिद सम्झौता भएका परामर्शदातामध्येबाट गराउने गरी भेरिएसन आदेश जारी भएको छ । विगत वर्षमा परामर्शदातासँग भएको सम्झौतामा ६ महिनाको अवधिमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा परामर्शदाताको म्याद थप गर्दै ४।५ वर्षपछि भेरिएसनबाट थप गरेको उचित देखिएन । यस्तो अवस्थामा भेरिएसन आदेश दिन सक्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ मा नरहेकोले आदेश दिने पदाधिकारीलाई आवश्यक कारबाही हुनुपर्दछ ।

३७. **सवारीसाधन/उपकरण खरिद -** यान्त्रिक महाशाखाले राखेको अभिलेखअनुसार विभाग र मातहत निकायमा रहेका एक्साभेटर, लोडर, कार, जीप लगायतका सवारीसाधनको संख्या २ हजार ६९८ रहेको देखिन्छ । तीमध्ये केही साधन ५० वर्षभन्दा अघिको समेत रहेको पाइयो । महाशाखाले पुराना साधन मर्मत वा लिलाम नगरी यो वर्ष रु.२० करोड ४२ लाख ७५ हजार, अमेरिकी डलर ५ लाख ८६ हजार, युरो ८ लाख ८६ हजार र भारतीय रुपैया ९७ लाखका उपकरण एवं सवारीसाधन खरिद गर्न सम्झौता गरेको छ । सबै कार्यालयबाट चालु अवस्थामा रहेका साधनको विवरण प्राप्त गरी पुराना र बेचालु अवस्थाका साधन मर्मत, सम्भार र लिलाम बिक्री गर्नुपर्ने र सो कार्यको अनुगमन समेत गर्नुपर्दछ ।

३८. **भुक्तानीमा कर कट्टी -** आयकर ऐन, २०५८ को दफा ८९(३) मा वासिन्दा व्यक्तिले ठेक्का वा करारअन्तर्गत गैर वासिन्दा व्यक्तिलाई दिने भुक्तानीमा ५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेकोमा विभागले यो वर्ष खरिद सम्झौता गरी विदेशी मुद्रामा प्रतीतपत्र खोली विदेशी मुद्रा भुक्तानी पाउने गैर वासिन्दा व्यक्तिलाई रु.२६ करोड ३३ लाख ३७ हजार भुक्तानी गर्दा रु.१ करोड ३१ लाख ६७ हजार कर कट्टी गरी दाखिला गरेको नदेखिएकाले असुल गर्नुपर्दछ ।

३९. **कन्टिन्जेन्सी खर्च** - नेपाल सरकारले जारी गरेको आर्थिक संकेत तथा खर्च वर्गीकरणमा खर्चसम्बन्धी संकेत तोकिएका छन । उक्त संकेतसँग मेल नखाने गरी सार्वजनिक निर्माण शीर्षकबाट विभाग र अन्तर्गतका ६८ कार्यालयले मष्टररोल ज्याला खर्च रु.१ अर्ब ८५ करोड ९७ लाख, इन्धन खर्च रु.२२ करोड ९९ लाख, सूचना प्रकाशन खर्च रु.७ करोड ७९ लाख, भ्रमण खर्च रु.३८ करोड ७५ लाख, सवारीसाधन मर्मत खर्च रु.५६ करोड ८६ लाख, कार्यालय सामान रु.१ अर्ब ४५ करोड ३६ लाख, अन्य खर्च रु.२६ करोड ३ लाख र सवारीसाधन, उपकरण खरिद गर्न विभाग पठाएको रकम रु.४७ करोड ३२ लाख समेत रु.५ अर्ब ३१ करोड ५ लाख कन्टिन्जेन्सी खर्च गरेका छन् । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

३९.१. विभागले मातहतका कार्यालयलाई सार्वजनिक निर्माण कार्यमा खर्च गर्न अख्तियारी दिएको मध्येबाट दुई प्रतिशतले हुने रु.४७ करोड ३२ लाख प्राप्त गरी रु.४४ करोड ६६ लाख १३ हजार खर्च गरी १२२ थान सवारीसाधन र यन्त्र उपकरण खरिद गर्ने सम्झौता गरेको छ । अर्थ मन्त्रालयले २०७३।३।३० मा उपलब्ध गराएको खर्च गर्ने अख्तियारीको बुँदा नम्बर १३ मा सार्वजनिक निर्माणमा विनियोजित बजेटबाट सवारीसाधन खरिद गर्न नपाइने उल्लेख गरे पनि सोही मन्त्रालयको सहमति लिई सवारीसाधन, मेशीनरी तथा औजार खरिद गरेको छ । प्रचलित कानुनमा खर्च गर्ने अख्तियारी दिएको रकम तालुक कार्यालयले लिई खर्च गर्ने व्यवस्था छैन । अर्थ मन्त्रालयलाई यस्तो सहमति दिने अधिकार नरहेको व्यहोरा गत वर्षको प्रतिवेदनमा उल्लेख गरिएकोमा स्थिति यथावत् छ । अर्थ मन्त्रालय र मन्त्रालयले आर्थिक अनुशासन उल्लङ्घन गरेको विषयलाई प्रक्रियात्मक त्रुटिमात्र मान्न सकिँदैन ।

३९.२. सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निर्माणको लागत अनुमानमा मात्र कन्टिन्जेन्सी रकम थप गर्न पाउने व्यवस्था भए पनि मेसिनरी औजार, पुँजीगत अनुसन्धान तथा परामर्श सेवा खरिद कार्यको लागत अनुमानमा समेत कन्टिन्जेन्सी समावेश गरी खर्च गरेको पाइयो । कानुनविपरीत खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४०. **खरिद सम्झौता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) मा ठेक्का स्वीकृत गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गर्नुपर्ने उल्लेख छ । विभाग मातहतका ४४ कार्यालयले यो वर्ष रु.१ खर्ब ४१ अर्ब ६१ करोडको ४ हजार ९५ खरिद सम्झौता गरेका छन् । सोमध्ये प्रथम चौमासिकमा ३२५ (७.९४ प्रतिशत), दोस्रो चौमासिकमा १ हजार ८२९ (४४.६६ प्रतिशत), तेस्रो चौमासिकमा १ हजार ९४१ (४७.४० प्रतिशत) तथा रु. २६ अर्ब ४८ करोड ७२ लाख (४६.५७ प्रतिशत) को ४५७ खरिद सम्झौता २०७४ आषाढमा भएको छ । कुल मध्ये १००६ (२४.५७ प्रतिशत) सम्झौताको कार्य यो वर्ष सम्पन्न भएको छ । खरिद सम्झौता समयमै सम्पन्न गर्नुपर्दछ ।

४१. **खरिदमा ढिलाइ** - व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले परामर्शदाताबाट विराटनगरको रानीदेखि धरानसम्म ४९ कि.मि. सडकको दायाँ बायाँ १५।१५ गरी ३० मिटरको विस्तृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार गराई २०६९।७० देखि खरिद सम्झौता गर्न शुरु गरेकोमा रानीदेखि इटहरी चोकसम्म ३० मिटर चौडाई कायम गरी सडकको बीचमा प्रिकास्ट आरसीसी कंक्रिटको मेडियन बेरियर राख्ने र विद्युतको पोल छेउमा राख्ने गरी डिजाइन तयार गरेको छ भने इटहरीदेखि धरानसम्म ५० मिटर चौडाइ कायम गरी सडकको बीचमा विद्युतको पोल रहने गरी डिजाइन गरेको छ । आयोजनाले ३२.६५ कि.मि. को लागि १३ प्याकेजमा खरिद सम्झौता गरेकोमा करिब १४ कि.मि.को खरिद कारबाही शुरु गरेको छैन । परामर्शदाताले सन् २०११ मा लागत अनुमान तयार गर्दा १० प्याकेज तयार गरे पनि खरिद सम्झौताको विश्लेषण गर्दा २०६९।७० मा प्रति कि.मि. को रु.१७ करोड ३ लाख, २०७०।७१ मा प्रति कि.मि. रु.१५ करोड ६१ लाख, २०७१।७२ मा प्रति कि.मि. रु.२३ करोड १७ लाख, २०७२।७३ मा प्रति कि.मि. रु.१७ करोड ७३ लाख र २०७३।७४ मा प्रति कि.मि. रु.३५ करोड ३० लाख रहेको छ । यो वर्ष २०७३।७४ को खरिद सम्झौता गर्दा ५० मिटर चौडा गर्ने उल्लेख भए पनि २०७२।७३ सम्मको सबै ठेक्का ३० मिटर चौडाईको लागि भएको छ ।

आयोजनाले खरिद सम्झौता एकै पटक गरेको भए लागत कम भई समयमा निर्माण कार्य सम्पन्न हुनेमा लामो अवधिसम्म खरिद सम्झौता नगरेकोले आयोजना तोकिएको समय र लागतमा सम्पन्न हुने अवस्था छैन ।

४२. **लागत अनुमान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने व्यवस्था छ ।

४२.१. डिभिजन सडक कार्यालय संखुवासभाले मदन भण्डारी मार्गको एक प्याकेजमा माटो काट्ने कामका लागि प्रति घ.मि. रु.१३७।०५ का दरले र सोही सडकको अर्को प्याकेजमा प्रति घ.मि. रु.५०१।१५ का दरले लागत अनुमान स्वीकृत गरी एउटै आईटममा रु.३ करोड ८९ लाख ६६ हजार बढीको लागत अनुमान स्वीकृत गरेको छ ।

४२.२. मध्यपहाडी लोकमार्ग आयोजना (पश्चिम खण्ड) ले बाग्लुङ्ग र दैलेख जिल्लामा सञ्चालन हुने ५ ठेक्कामा म्यानुअल मिक्सिङ्ग विधिबाट सिमेन्ट मोर्टार तयार गर्ने गरी लागत अनुमान तयार गरेकोले १ मानिस दिन (म्यानडेज) को लागत थप हुन गई लागत अनुमानमा रु.३ करोड ५३ लाख ६५ हजार थप भएको छ । त्यस्तै म्यासनरी ड्रेन अन्तर्गत एम २०।२० साइजको कंक्रिट प्रयोग गरी फाउण्डेसन तयार गर्न तय भएको नर्म्सको आधारमा हुने दर प्रयोग गर्नुपर्नेमा सुपर स्ट्रचर, डेक स्लाबको लागि व्यवस्था भएको नर्म्स प्रयोग गरेकोले ४ ठेक्कामा रु.४३ लाख ७८ हजार बढीको लागत अनुमान स्वीकृत भएको छ ।

४२.३. रुकुम जिल्लामा निर्माण हुने सडकको लागत अनुमान तयार गर्दा सिमेन्ट तथा फलामे डण्डी तुल्सीपुर, दाङदेखि ढुवानी गर्ने गरी लागत अनुमान तयार गरेको छ । हाल रुकुमको सदरमुकामसम्म नै पक्की सडकको सुविधा भइसकेको अवस्थामा दाङदेखिको ढुवानी लागत समावेश गरी लागत अनुमान तयार गरेको मनासिब देखिएन । यो वर्ष मध्यपहाडी लोकमार्ग आयोजना (पश्चिम खण्ड) ले रुकुम जिल्लामा निर्माण तथा सुधार गरिने २ सडक खण्डको लागि सिमेन्ट र डण्डी ढुवानीबापत रु.२ करोड ७७ लाख २ हजार थप लागत समावेश गरेको देखियो ।

४२.४. बाग्लुङ-बुर्तिबाङ सडक खण्डको १ ठेक्कामा व्याक फिल वीथ ग्रेडेड फिल्टर मेटेरियलको दर विश्लेषण प्रति घ.मि. दर रु.४४१।४० हुने गरी दर विश्लेषण गरेकोमा लागत अनुमानमा रु.२ हजार ८३९।८१ राखेकोले कुल लागत अनुमानमा रु.८६ लाख ५२ हजार तथा रिटेनिङ्ग वाल तथा म्यासनरी ड्रेन वालको फाउण्डेसन र फुटिङ्गका लागि गरिने एम. २०/२० ग्रेडको पि.सी.सी. को प्रति घ.मि. रु.१२ हजार ४४९।०२ हुने गरी दर विश्लेषण गरेकोमा लागत अनुमानमा रु.१६ हजार ८८२।१७ राखेकोले रु.४८ लाख ३६ हजार थप भएको छ ।

४२.५. नारायणघाट मुग्लिङ सडक आयोजनाको परामर्शदाताले लागत अनुमान तयार गर्दा निर्माण क्रममा प्राप्त हुने ढुङ्गाको प्रयोगको अवस्था नखुलाई खरिद सम्झौता भएकोले निर्माण व्यवसायीले निर्माणको क्रममा साइटमा निस्केका ढुङ्गाको प्रयोग गरी भुक्तानी पाउने अवस्था रहेको देखिन्छ । ढुङ्गा तथा ग्राभेलको प्रमुख स्रोत त्रिशुली नदी किनारलाई लिई ७ देखि ८ कि.मी. लिड कायम गरी दर विश्लेषण गरेको पाइयो । तीन प्याकेजको भेरिएसनबाट थप भएको परिमाणसमेतको गणना गर्दा ढुङ्गा तथा ग्राभेल ढुवानीको लागि रु.९ करोड १ लाख लागत अनुमानमा समावेश गरी सोही बराबर लागत बढ्न गएको पाइयो ।

गलत नर्म्स प्रयोग गर्ने एवं साइटको अवस्था नहेरी लागत अनुमान तयार गर्ने परामर्शदाता र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ (१)(क) मा कार्यालयमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था रहेको छ । परामर्श सेवा खरिद सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४३.१. आर्थिक संकेत तथा वर्गीकरण, २०७० अनुसार संभाव्यता अध्ययन, सर्वेक्षण, डिजाइन ड्राइङमा खर्च गर्दा खर्च शीर्षक नं २९७११ पुँजीगत अनुसन्धान तथा परामर्शबाट व्यहोर्नु पर्ने व्यवस्था रहेको छ । विभाग अन्तर्गतको पुल महाशाखाले पुलको विस्तृत सर्भेक्षण तथा डिजाइन कार्यका लागि रु.५१ करोड ५१ लाख ११ हजार खर्च गरेकोमा रु.२७ करोड ८ लाख ३४ हजार आर्थिक संकेत तथा वर्गीकरण विपरीत खर्च शीर्षक नम्बर २९६११ बाट खर्च लेखांकन गरेको छ । त्यस्तै डिभिजन सडक कार्यालय तनहुँ र कञ्चनपुरले परामर्श खर्च रु.१ करोड ३३ लाख ५७ हजार आर्थिक संकेत तथा वर्गीकरण विपरीत खर्च शीर्षक नम्बर २९६११ बाट व्यहोरेको देखियो ।

४३.२. पुल महाशाखाबाट २०७१।७२ देखि देहायबमोजिम १ हजार ५८७ वटा पुलको विस्तृत सर्वेक्षण तथा डिजाइन सम्पन्न भएकोमा ८०२ पुलको निर्माण कार्य शुरु भएको र ७८५ पुलको विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदन कार्यान्वयनमा आएको छैन । महाशाखाले पुलको सर्वेक्षण गर्न प्रति पुल औसतमा रु.१० लाख खर्च गरेको देखिएकाले निर्माण शुरु नभएका ७८५ पुलको डिजाइन कार्यमा अनुमानित रु.७८ करोड ५० लाख खर्च भएको देखिन्छ ।

४३.३. मन्त्रालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) बमोजिम परामर्श सेवाको नर्म्स स्वीकृत गरेको पाइएन ।

४३.४. परामर्शदाताले अन्तिम प्रतिवेदन पेस गर्नु अघि योजना कार्यालयले मस्यौदा प्रतिवेदनउपर दिएका सुझाव समेत समावेश गर्नुपर्दछ । मध्यपहाडी लोकमार्ग आयोजना, पूर्वी खण्डले नियुक्त गरेका परामर्शदाताले पेस गरेका तीन प्रतिवेदनमा रु.२ अर्ब ४६ करोड १४ लाख लागत लाग्ने उल्लेख गरेकोमा योजना कार्यालयले रु.२ अर्ब ५८ करोड ५९ लाख लागत अनुमान स्वीकृत गरी लागत अनुमानमा रु.१२ करोड ४५ लाख फरक परेकोले यस सम्बन्धमा सम्बन्धित परामर्शदातालाई कार्यालयले जिम्मेवार बनाएको पाइएन ।

४३.५. मध्यपहाडी लोकमार्ग आयोजना, पूर्वी खण्डले हिले-लेगुवाघाट सडक खण्डको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न दुई परामर्शदातालाई रु.१७ लाख ५५ हजार भुक्तानी दिएको छ । उक्त सडक खण्डको विस्तृत सर्वेक्षण कार्य आयोजना निर्देशनालय (ए डि बी) ले गरेको छ । त्यस्तै विभागअन्तर्गतको सम्पत्ति व्यवस्थापन, ठेक्का व्यवस्थापन र गुणस्तर नियन्त्रण आयोजनाले हिलेदेखिको सर्वेक्षण गराएको छ । यसबाट एउटै सडक खण्डको सर्वेक्षण विभिन्न निकायबाट गरी अनावश्यक व्ययभार पारेको देखियो ।

४३.६. नारायणघाट-मुग्लिङ सडक आयोजनाअन्तर्गत निर्माण कार्यको सुपरिवेक्षण गर्ने परामर्शदाताले सम्पादन गरेको कार्यको रेखदेख र नियन्त्रण विभागअन्तर्गतको वैदेशिक महाशाखाबाट भईरहेकोले परामर्शदाता आयोजनाभन्दा विभागप्रति जवाफदेही रहेको देखिन्छ । निर्माण व्यवसायीसँग २०७१ चैत्रमा सम्झौता भएकोमा परामर्शदाता निर्माण स्थलमा ६ महिनापछि पुगेको देखिन्छ । समयमा परामर्शदाता नियुक्ति नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३.७. सडक सुधार आयोजनाले दोस्रो चरणअन्तर्गतका निर्माण कार्यको सुपरभिजनका सम्झौता गरेका परामर्शदातालाई हालसम्म गरेको भुक्तानी र निर्माण कार्यको भौतिक प्रगति देहायअनुसार रहेको छ:

सि.नं	प्याकेज	ठेक्का संख्या	परामर्श सेवाको सम्झौता रकम (रु.लाख)	परामर्शदातालाई हालसम्म गरेको भुक्तानी (रु.लाख)	परामर्श सेवाको वित्तीय प्रगति	निर्माण कार्यको भौतिक प्रगति
१	ई	४	१६,४१	११,६९	७१.२३	५५.३३
२	एफ	११	१६,९७	१३,६६	८०.४८	३५.९५
३	जि	२	४,५३	२,६४	५८.३७	४८.८५

परामर्शदाताले व्यतीत गरेको समयावधि र खर्चको तुलनामा निर्माण कार्यको प्रगति निकै न्यून रहेको छ । निर्माण कार्यमा ढिलाइ हुँदै जाँदा परामर्शदाताको खर्चमा वृद्धि हुन गई आयोजनाको लागत अत्यधिक बढ्ने देखिन्छ । समयमा निर्माण कार्य सम्पन्न गरी परामर्श सेवाको लागत वृद्धि हुन नदिनेतर्फ आयोजनाको ध्यान जानुपर्दछ ।

४४. **समन्वय एवं निर्माणस्थल**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई खरिद कार्य शुरु गर्न नहुने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३)मा अन्य निकायसँग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार एवं छलफल गर्ने कार्य प्रथम चौमासिकमा सम्पन्न गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४४.१. नेपालमा सडक तथा पुल निर्माण गर्ने कार्य सडक विभाग, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, काठमाडौँ उपत्यका विकास प्राधिकरण र स्थानीय तह समेतबाट भइरहेको छ । ती निकायले निर्माण गर्ने सडक एवं पुलको कार्य क्षेत्र किटान गरेको छैन । यस मन्त्रालयका अतिरिक्त संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा ११ र शहरी विकास मन्त्रालयमा ४ बजेट उपशीर्षकमा बजेट विनियोजन भई

सडक निर्माण कार्य भइरहेको छ । सडक निर्माण गर्ने निकाय धेरै भएकोले समन्वय गरी काम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

४४.२. पुल आयोजनामध्ये सेक्टर नं. २ ले बुर्धासिंह नुवाकोटस्थित त्रिशुली नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१५ करोड ६५ लाख ९५ हजारको सम्झौता गरेकोमा यो वर्षसम्म रु.१ करोड २७ लाख ६५ हजार भुक्तानी भएको छ । पुल निर्माण हुने क्षेत्रमा एक पावर कम्पनी लिमिटेडले विद्युत आयोजना निर्माण गर्न लागेको जानकारी गराए अनुसार पुल निर्माण कार्य चालु हुन सकेको छैन । साथै लगानी भई सकेको रकमसमेत खेर जाने स्थिति रहेको छ ।

४४.३. डिभिजन सडक कार्यालय, काठमाडौँ २ अन्तर्गत नयाँ बजार पुलदेखि रिङ्गरोड पुलसम्म सडक निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१२ करोड १५ लाख १६ हजारको सम्झौता भएकोमा रु.८ करोड ३३ लाख ४१ हजार भुक्तानी भएको छ । अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले सडक निर्माण कार्य तत्काल स्थगन गर्न अनुरोध गरेको छ । उक्त समितिसँग समन्वय गरी कार्य नगरेकोले ह्यूम पाइप जडानमा खर्च भएको रु.६९ लाखसमेत हालसम्म भएको खर्च रु.८ करोड ३३ लाख ४१ हजार उपयोगमा आउन सक्ने अवस्था छैन । समिति र क्षेत्रीय सडक निर्देशनालयबीच तत्काल सडक निर्माण कार्य स्थगित गर्ने सहमति भए पनि काम स्थगित नगरी रु.५३ लाख ५१ हजारको भेरिएसन आदेश जारी गरेको उपयुक्त देखिएन ।

४४.४. डिभिजन सडक कार्यालय, दाडबाट लमही-त्रिभुवन नगर सडक निर्माण कार्य सम्पन्न गरी एक निर्माण व्यवसायीलाई रु.३ करोड २३ लाख २ हजार भुक्तानी भएको छ । त्रुटि सच्याउने अवधि बाँकी रहेकोमा सो सडक खण्डको विस्तार गर्न सडक सुधार आयोजनाबाट खरिद कारबाही अगाडि वढाएको छ । यसैगरी तुल्सीपुर–पुरन्धारा सडक खण्डमा सडक निर्माण र विद्युत पोल गाड्ने काम भइरहेको छ । डिभिजन सडक कार्यालयबाट सडक सीमामा विद्युत पोल नगाड्न अनुरोध गरेकोमा सडकको निरीक्षणको क्रममा सडकको नाली नजिकै पोल गाडेकोले सडकको सोल्जरबाट आवागमन गर्न कठिनाइ भएको देखियो । कार्यालयको अनुरोध विपरीत पोल गाडने तथा सडक विस्तार गर्ने समयमा पोल नहटाइदिने र हटाए पनि हटाएको लागत शोधभर्ना दिनुपर्ने अवस्था रहेको छ ।

४४.५. डिभिजन सडक कार्यालय, काठमाडौँ १ अन्तर्गत मनोहरा करिडोर सडक निर्माण गर्न रु.२५ करोड ९५ लाख ४५ हजारको लागत अनुमान स्वीकृत गरी रु.१९ करोड ११ लाख २२ हजारमा सम्झौता भई रु.७ करोड १९ लाख ६६ हजार भुक्तानी भएको छ । निर्माण कार्य रोक्न काठमाडौँ उपत्यका खानेपानी लिमिटेड र अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले अनुरोध गरेको र घरायसी ढल ओछ्याउने कार्य समितिले गर्ने भएकाले सडक निर्माण क्रममा तयार भएका सबै संरचना क्षति हुने देखिन्छ । उक्त अवस्थाले निर्माण भएका सडक संरचनामा भएको रु.६ करोड ७९ लाख ७४ हजार दोहोरो र अनावश्यक हुन गएको छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४४.६. डिभिजन सडक कार्यालय, काठमाडौँ २ ले काठमाडौँ उपत्यका सडक विस्तार आयोजनाअन्तर्गत गल्कोपाखा-सामाखुसी सडक विस्तार कार्य रु.१६ करोड ४८ लाख २० हजारको लागतमा सम्पन्न गर्ने गरी खरिद सम्झौता गरेकोमा यो वर्षसम्म रु.१३ करोड ५९ लाख १८ हजार भुक्तानी भएको देखिन्छ । सडक सीमा स्पष्ट नभएको कारण उक्त निर्माण कार्य अधुरो अवस्थामा रहेको र बिजुली तथा टेलिफोनको खम्बा नहटाई कालोपत्रे गरेको समेत देखियो ।

४४.७. डिभिजन सडक कार्यालय, संखुवासभाले लेगुवाघाटदेखि सभाखोलासम्मको सडक स्तरोन्नति गर्न एक निर्माण व्यवसायीसँग रु.३६ करोड ६४ लाख ९७ हजारको सम्झौता भएको छ । सोही सडक खण्डमा जिल्ला समन्वय समितिबाट रु.६६ लाख २२ हजारको लागत अनुमान स्वीकृत गरी अर्को निर्माण व्यवसायीसँग खरिद सम्झौता भएको छ । अन्तरनिकाय समन्वय नहुँदा एउटै सडक खण्डको एकै चेनेजमा दुई निकायबाट खरिद सम्झौता भएको छ । आफ्नो कार्य क्षेत्रमा मात्र काम गराउने गरी खरिद सम्झौता गरिनुपर्दछ ।

४४.८. काठमाडौँ उपत्यका सडक विस्तार आयोजनाअन्तर्गत त्रिपुरेश्वरदेखि नागढुङ्गासम्मको सडकको रेखाङ्कन तथा सीमांकन कार्य गरी सडक सीमामा परेका भवन तथा संरचनाहरु काठमाडौँ उपत्यका विकास प्राधिकरणले भत्काउनु पर्नेमा नभत्काएकोले सडक विस्तार रोकिएको छ । कतिपय स्थानमा प्राधिकरणले पहिले चिन्ह लगाएको आधारमा घर टहरा तथा अन्य संरचना हटाई सडक आयोजनाले पर्खाल लगाई सकेपछि रेखांकन

फेरबदल गरेको तथा दोहोरो मार्किङ्गको कारण विवाद सिर्जना भएको देखिन्छ । त्यस्तै विद्युत पोल तथा टेलिफोन तारहरु सम्बन्धित निकायले नहटाएको एवं रुख विरुवा नकाटेकोले सडक विस्तार अवरुद्ध भएको छ ।

४४.९. काठमाडौँ उपत्यका सडक आयोजनाअन्तर्गत चावहिल–जोरपाटी–साँखु सडक खण्डमा सडक विस्तार तथा स्तरोन्नति गर्न रु.४२ करोड ४३ लाखको सम्झौता भएकोमा विगत वर्ष पेस्की रु.३ करोड ७३ लाख र यो वर्ष रु.६१ लाख भुक्तानी भएको छ । सडक खण्डमा सीमा विवादको कारणले काम हुन सकेको छैन । निर्माण चरण अघि गर्नुपर्ने कार्य नगरी ठेक्का सम्झौता गरेको कारण यस्तो अवस्था सिर्जना भएकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४४.१०. डिभिजन सडक कार्यालय, काठमाडौँ २ ले निर्माणस्थलको व्यवस्था नभई ठेक्का सम्झौता गरेको कारण सामाखुसी, गल्कोपाखा, बसुन्धरा, धापासी, टोखालगायतका क्षेत्रमा ३४.०५ कि.मी.सडक विस्तार गर्न १९ निर्माण व्यवसायीसँग रु.१ अर्ब ७१ करोड ७५ लाखको सम्झौता भई यो वर्षसम्म रु.८१ करोड २४ लाख (४७.३० प्रतिशत) भुक्तानी भएकोमा निर्माण कार्य अधुरो रहेको छ । निर्माण क्षेत्रमा बिजुली तथा टेलिफोनको पोल, मठ मन्दिर, पाटी, घर कम्पाउण्डलगायतका ४७० अवरोध रहेको देखिन्छ ।

४४.११. डिभिजन सडक कार्यालय, कञ्चनपुरअन्तर्गत बुडर-नाइल-बंक सडक योजना रु.३ करोड २ लाख ८३ हजारमा २०७३।६।३० मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा कार्यस्थल नपाएको भनी २०७४ आषाढसम्म पनि निर्माण कार्य शुरु गरेको छैन । निर्माण व्यवसायीलाई दिएको मोबिलाइजेसन पेस्की रु.२६ लाख ८० हजार बाँकी रहेको छ ।

४४.१२. काठमाडौँ उपत्यका सडक विस्तार आयोजनाले ९ सडक निर्माण गर्न १५ खरिद सम्झौता गरेकोमा शून्यदेखि ३२ प्रतिशतसम्म भौतिक प्रगति भएको छ । उक्त सडक खण्डमा १ हजार ६६९ विद्युत पोल, ९० ट्रान्सफर्मर, ८३३ टेलिफोनको पोल, २ हजार ८६८ घर टहरालगायतका संरचना नहटाई खरिद सम्झौता गरेकोले निर्माण कार्यमा ढिलाइ भएको देखिन्छ ।

४४.१३. मध्यपहाडी लोकमार्ग, पूर्वी खण्डले रु.५९ करोड ८६ लाख ९० हजार लागत अनुमान तयार गरी २० निर्माण व्यवसायीसँग रु.१४ करोड ३६ लाख ९७ हजारको खरिद सम्झौता गरेकोमा ६ निर्माण व्यवसायीले रु.३ करोड ५७ लाख ४१ हजारको कार्य गरेको र १३ निर्माण व्यवसायीले निर्माणस्थल नपाएको कारण निर्माण कार्य शुरु गरेको पाइएन । निर्माण व्यवसायी आर्बिट्रेशनमा गएकोले आयोजनाले थप निर्णय गर्न सकेको छैन ।

४५. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(१) मा निर्माण व्यवसायीको कारणले तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेमा सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । यो वर्ष ३० कार्यालयले निर्माण व्यवसायीको कारणले कार्य सम्पन्न नभएको रु.१७ करोड ५४ लाख ५१ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेका छैन्न ।

४५.१. डिभिजन सडक कार्यालय, तनहुँले खरिद सम्झौता गरेकामध्ये ९८ निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको म्याद समाप्त भएको लामो समय भइसके पनि निर्माण कार्य चालु रहेको छैन । म्याद समाप्त भएका त्यस्तो निर्माण व्यवसायीबाट रु.७९ लाख ६७ हजार पूर्व निर्धारित क्षतिपूर्ति असुल गरेको छैन ।

४५.२. नेपालगञ्ज-कोहलपुर सडक योजनाअन्तर्गतका एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताअनुसारको कार्य थप भएको अवधिमासमेत सम्पन्न नगरेकोले परामर्शदाताको सिफारिसअनुसार पूर्व निर्धारित क्षतिपूर्ति रु.५ करोड ८४ लाख ७७ हजार असुल गर्ने निर्णय भएकोमा रनिङ बिलबाट रु.१ करोड १५ लाख ७९ हजार तथा धरौटीबाट रु.२ करोड २९ लाख ३५ हजार कट्टा गरी बाँकी रु.२ करोड ३९ लाख ५८ हजार कार्य सम्पादन जमानतबाट असुल गर्ने निर्णय गरेकोमा असुल गरेको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

४५.३. सुनसरी मोरङ पुल निर्माण आयोजनाले समयमा कार्य सम्पन्न नगर्ने एवं म्याद थप नभएका ६ निर्माण कार्यका निर्माण व्यवसायीबाट कट्टी गरेको रु.२४ लाख ५८ हजार धरौटी खातामा राखेकोले सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

४५.४. हुलाकी राजमार्ग, योजना कार्यालय पर्साले तियर खोला पुल निर्माण २०७०।३।२६ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.३ करोड ९४ लाख ५१ हजारको सम्झौता गरेकोमा २०७१ कार्तिक मसान्तसम्म

म्याद थप गरेको र त्यसपछि म्याद थप नभएको अवस्थामा रु.१८ लाख ८८ हजार भुक्तानी भएको छ । समयमा कार्य नगर्ने निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति रु.३९ लाख ४५ हजार असुल गर्नुपर्दछ ।

४६. **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ । यो वर्ष २४ कार्यालयले रु.६१ करोड ४६ लाख ५० हजारको भेरिएसन आदेश जारी गरेको पाइयो । भेरिएसन आदेश सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्न छन्:

४६.१. डिभिजन सडक कार्यालय, दाङले दुई सडक खण्डको लागत अनुमान माथिल्लो तहबाट स्वीकृत भएकोमा तल्लो तहका कार्यालय प्रमुखबाट रु.७ करोड ९७ लाख ६५ हजारको भेरिएसन आदेश जारी गरेकोले नियमविपरीत भेरिएसन आदेश जारी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४६.२. डिभिजन सडक कार्यालय, दाङबाट सडकमा स्टील क्यास वेरियर जडान कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.२२ करोड २ लाख ९८ हजारमा सम्झौता भएकोमा सम्झौताअनुसारको कार्यमा डब्लुबीएम लङ्ग स्ट्रेटको परिमाण बढ्न गएकोले सम्झौता रकम रु.२३ करोड ४५ लाख २५ हजार (६.४६ प्रतिशत बढी) कायम गरी भेरिएसन आदेश स्वीकृत भएको छ । कर्भ इनर रेडियस ४ हजार १७२ थान प्राप्त भएकोमा ९८५ थान प्रयोग भई रु.१ करोड ३३ लाख २२ हजारका ३ हजार १८७ थान मौज्दात राखेको देखिन्छ । आवश्यकता निर्धारण नगरी बढी समान प्राप्त गरेको र मालसामान पुनः प्रयोग समेत नहुने हुँदा संशोधित लागत अनुमान स्वीकृत गर्दा उक्त आइटम घटाएको देखिएन । सामान प्रयोग नहुने गरी मौज्दात राखी भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४६.३. डिभिजन सडक कार्यालय, काठमाडौँ १ ले एक खरिद सम्झौतामा शुरु सम्झौता रु.४ करोड ५० लाख ९६ हजार रहेकोमा भेरिएसन स्वीकृत नगरी रु.४ करोड ७७ लाख ४१ हजार (५.८६ प्रतिशत बढी) भुक्तानी गरेको छ । त्यस्तै अर्को खरिद सम्झौताको सम्झौता रु.५ करोड ८९ लाख ४८ हजार रहेकोमा भेरिएसन आदेश स्वीकृत नगरी सार्क सम्मेलन अवधिमा भएका कामको भुक्तानी गर्न बाँकी देखाई रु.१ करोड ५९ लाख ५४ हजार थप भुक्तानी गरेको छ ।

४६.४. नारायणगढ-मुग्लिङ सडक आयोजनाका ३ खरिद सम्झौताको शुरु सम्झौता रु.२ अर्ब ८८ करोड ७० लाख रहेकोमा दुई खरिद सम्झौतामा २।२ पटक र एक खरिद सम्झौतामा एक पटक भेरिएसन गरी सम्झौता रु.३ अर्ब २० करोड २२ लाख कायम गरेको छ । भेरिएसनबाट थप भएको रु.३१ करोड ५२ लाखमध्ये कंक्रिट, प्लम कंक्रिट, ग्याबियन वाललगायत ६ आइटममा शुरु परिमाणमा ८८.२८ प्रतिशतसम्म थप गरी रु.२३ करोड ८४ लाखको भेरिएसन भएको छ । ती आइटम पूर्वानुमान गर्न सकिने प्रकृतिकै देखिएकोले परामर्शदाताले तयार गरेको विस्तृत सर्वेक्षण, डिजाइन र लागत अनुमान यथार्थपरक रहेको देखिएन । तसर्थ लागत अनुमान तयार गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

४६.५. नेपालगन्ज-कोहलपुर सडक खण्डको एक प्याकेजको शुरु सम्झौता रु.४५ करोड ८७ लाख ९२ हजार रहेकोमा ३८.४० प्रतिशत वृद्धि हुने गरी तेस्रो भेरिएसन आदेश मन्त्रिपरिषद्बाट जारी गरी सम्झौता रु.६३ करोड ४९ लाख ८६ हजार पुगेको छ । विभागका महानिर्देशकबाट यो वर्ष चौथो भेरिएसन आदेश जारी गरी सम्झौता रु.५७ करोड २८ लाख ८२ हजार (शुरु सम्झौताको २४.८७ प्रतिशत बढी) कायम गरेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ (१) (घ) अनुसार १५ देखि २५ प्रतिशतसम्मको भेरिएसन मन्त्रालयको सचिवले स्वीकृत गर्नुपर्नेमा महानिर्देशकबाट स्वीकृत भएको छ । मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्दा काम थप भएको उल्लेख गरी ठेक्का अवधिसमेत बढाएकोमा पुनः १३.५ प्रतिशत घटीको भेरिएसन स्वीकृत गरी कार्य सम्पन्न गरेकोले परामर्शदाताले अस्वाभाविक भेरिएसन सिफारिस गरी अवधिसमेत थप गरेकोले परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

४६.६. व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले पाँच ठेक्काको रु.१ अर्ब ५७ करोड ६७ लाखको खरिद सम्झौता गरेकोमा भेरिएसन आदेशबाट ११.४० प्रतिशतले वृद्धि गरी सम्झौता रु.१ अर्ब ७७ करोड ९८ लाख पुगेको छ । पूर्वानुमान गर्न सकिने खालका म्यासनरी वाल, ब्रिक वाल, आर.सि.सि. कंक्रिट र फलामे डण्डीको कार्यमा परिमाण थप गरेको छ । ड्रइङ्ग, डिजाइन परिवर्तन नभएकोमा समेत धेरै परिमाण थपघट हुने गरी भेरिएसन आदेश जारी गरेकोले सर्वेक्षण, लागत अनुमान तयार गर्ने र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४६.७. नदाहा-कोशीपुल-चतरा सडकको लागत अनुमान रु.२ अर्ब २० करोड ५१ लाख महानिर्देशकबाट स्वीकृत गरी खरिद सम्झौता भएकोमा रु.७ करोड २९ लाख ९५ हजार थप हुने गरी तल्लो तहको अधिकारीबाट भेरिएसन आदेश जारी गरेको देखियो ।

४७. **आइटम भेरिएसन** - निर्माण व्यवसायीसँग भएको ठेक्का सम्झौताको सामान्य शर्तमा बिल अफ क्वान्टिटीमा उल्लिखित कुनै आइटमको परिमाणमा २५ प्रतिशतभन्दा वृद्धि भएमा वा उक्त वृद्धि रकम कुल सम्झौता रकमको २ प्रतिशतभन्दा बढी हुने भई भेरिएसन आदेश जारी भएमा २५ प्रतिशतभन्दा बढी परिमाणको लागि दररेट पुनरावलोकन गर्नुपर्ने उल्लेख छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्न छन्:

४७.१. मध्यपहाडी लोकमार्ग आयोजना, पश्चिम खण्डले स्वेडा-दसेरा सडक खण्ड, जाजरकोटमा सडक निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग भएको रु ११ करोड ७९ लाखको सम्झौतामा सिमेन्ट म्यासनरी वाल लगाउने कार्य ७२० घनमिटर रहेकोमा भेरिएसन आदेश जारी नगरी १ हजार ९३४.०८ घनमिटर कायम गरेकोमा १ हजार ९८६.३० घनमिटर कार्य भएको छ । सो कार्यको प्रति घनमिटर लागत अनुमान दर रु.८ हजार ६८.२२ र सम्झौताको दर रु.६ हजार रहेको देखिन्छ । लागत अनुमानको तुलनामा समग्रमा ५३.५८ प्रतिशत घटी कबोल गरे पनि उक्त आइटममा २५.६३ प्रतिशत घटेको देखिन्छ । सम्झौताभन्दा बढी परिमाणको कार्य गराउँदा सम्झौतामा समग्र घटेको आधारमा नयाँ दर निर्धारण गर्दा नेपाल सरकारलाई रु.२४ लाख ४९ हजार वचत हुनेमा नयाँ दर निर्धारण नगरी बढी कबोल दरमा कार्य गराउनेलाई जिम्मेवार गराउनुपर्दछ ।

४७.२. डिभिजन सडक कार्यालय, दाङले तुलसीपुर–पुरन्धारा–बोटेचौर सडक निर्माण गर्न रु.१४ करोड ८४ लाख २५ हजारमा सम्झौता गरेकोमा भेरिएसन आदेश जारी गरी सम्झौता रु.१७ करोड ४ लाख ६९ हजार कायम भएको देखिन्छ । बढी परिमाणको कार्य गराउँदा ठेक्कामा घटेको दरको आधारमा नयाँ दर निर्धारण गरेको भए रु २८ लाख ९२ हजार वचत हुनेमा सम्झौताअनुसार नयाँ दर तय नगरी बढी कबोल गरेको कार्य बढी परिमाणमा गराई खर्च लेख्नेलाई जिम्मेवार गराउनुपर्दछ ।

४७.३. मध्यपहाडी लोकमार्ग आयोजना, पश्चिम खण्डबाट लोहरेखोला-दैलेख सडक खण्डमा विभिन्न निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.८ करोड ९ लाख ९९ हजारमा सम्झौता भएकोमा स्टोन सोलिङ, सप्लाई अफ ह्युम पाइप र फर्मवर्कको कार्य सम्झौता भएको परिमाणभन्दा बढी परिमाणमा निर्माण कार्य गराएको देखिन्छ । निर्माण व्यवसायीले उक्त कार्यमा लागत अनुमानभन्दा बढी दर कबोल गरेको तथा समग्र ठेक्कामा घटेको प्रतिशतभन्दा कम घटेको देखिन्छ । सम्झौताअनुसार बढी परिमाणमा कार्य गराउँदा समग्र लागत अनुमानमा घटेको दरको आधारमा नयाँ दर तय गरेको भए रु.५४ लाख ४५ हजार बचत हुनेमा सोतर्फ ध्यान नदिई भेरिएसन नगरी भुक्तानी खर्च लेखेको देखिन्छ । यसरी कार्य गराउनेलाई जिम्मेवार गराउनुपर्दछ ।

४७.४. मध्यपहाडी लोकमार्ग आयोजना, पश्चिम खण्डबाट कार्की गाउँ–काडा सडक खण्ड जाजरकोटको विभिन्न निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ९७ लाख २५ हजारमा सम्झौता भएकोमा मेसिनरी वाल, सप्लाइ अफ ह्युम पाइप र ग्याबियन वालको कार्य सम्झौताभन्दा बढी परिमाणमा गराएको देखियो । निर्माण व्यवसायीले लागत अनुमानभन्दा बढी दर कबोल गरेको कार्य बढी परिमाण गराएकोमा २५ प्रतिशत बढीको परिमाणमा समग्र लागत अनुमानमा घटेको दरको आधारमा नयाँ दर तय गरेको भए रु २३ लाख ६३ हजार बचत हुनेमा सोतर्फ ध्यान नदिई भेरिएसनसमेत नगरी भुक्तानी खर्च लेखेको देखिन्छ । यसरी कार्य गराउनेलाई जिम्मेवार गराउनुपर्दछ ।

४७.५. सडक सुधार आयोजनाअन्तर्गतका दुई सडक योजनाहरुले आइटम नं. २.३ मा १२ रुख काटी हटाउन ठेक्का सम्झौता गरेकोमा थप ११० रुखको नयाँ दर कायम गरी भुक्तानी दिएको छ । परामर्शदाताले तयार गरेको लागत दरमा सम्झौतामा घटेको ३८.१७ प्रतिशत घटाउँदा रु.२१ लाख २५ हजार बढी व्ययभार पर्ने गरी भेरिएसन आदेश जारी गरी भुक्तानी गरेको पाइयो । त्यसैगरी चोभार दक्षिणकाली सडक खण्डमा ग्याबियन बक्स बुन्ने कार्य सम्झौताको आइटममा २५ प्रतिशतभन्दा बढी २ हजार ५९३.२५ वर्गमिटरको रु.३२ लाख १३ हजार बढी हुने गरी भेरिएसन आदेश जारी भएको छ । थप भएको परिमाणमा नयाँ लागत अनुमान दरभन्दा बढीको दररेट स्वीकृत गरी भुक्तानी दिन मिल्ने नदेखिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

४८. **नर्म्स** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने र लागत अनुमान तयार गर्दा मन्त्रिपरिषद्बाट स्वीकृत नर्म्सबमोजिम गर्नुपर्ने व्यवस्था छ ।

४८.१. विभागको पुल महाशाखाले २०७१।७२ मा ६२ पुल निर्माणको लागत अनुमानको औसत गणना गरी प्रति मिटर लागत रु.१० लाख २९ हजार, निर्माण खर्चको ०.३ प्रतिशत गुणस्तर नियन्त्रण, ०.४ प्रतिशत बीमा, प्रति कि.मि. रु.१ करोड १४ लाख पर्ने एप्रोच सडक कालोपत्रे गरी महानिर्देशकबाट अन्तरिम नर्म्स स्वीकृत गरी पुलको लागत अनुमान तयार गर्ने गरेको छ । नियमअनुसार नेपाल सरकारबाट नर्म्स स्वीकृत भएको पाइएन । महानिर्देशकबाट नभएको अधिकार प्रयोग भएकोमा छानबिन गरी कारवाही गरिनुपर्दछ ।

४८.२. विभागको नर्म्समा फलामे डण्डीको कार्य गर्दा काट्ने, बाँध्ने, फिक्स गर्ने आदि कार्यमा १५ प्रतिशत जर्ती उल्लेख छ । सडक विभागबाहेक अन्य निकायको नर्म्समा ५ प्रतिशतमात्र जर्ती जाने उल्लेख छ । यो वर्ष १२ निकायले ७५ खरिद कार्यमा फलामे डण्डीको कार्यमा १५ प्रतिशत जर्ती समावेश गरी रु.९ करोड २० लाख ६८ हजार बढीको लागत अनुमान स्वीकृत गरेको छ । त्यस्तै सडक विभागको नर्म्समा सिमेन्ट बालुवाको जोडाई भएको ढुंगाको गाह्रो लगाउँदा प्रति घनमिटर गाह्रोमा १.१५ घ.मि. र अन्य विभागको स्वीकृत नर्म्समा प्रति घ.मि. गाह्रो लगाउँदा १.१० घ.मि. ढुंगा लाग्ने व्यवस्था गरेको पाइयो । यो वर्ष १७ निकायको १२५ खरिद कार्यमा रु.१० करोड ३ लाख ५९ हजार बढी हुने गरी लागत अनुमान स्वीकृत गरेको देखियो । सबै निकायको नर्म्समा एकरुपता कायम गर्नुपर्दछ ।

४८.३. काली गण्डकी कोरिडोर सडक खण्डअन्तर्गत पाल्पा जिल्लामा निर्माण हुने सडकको लागि पाल्पा जिल्लाको दररेट प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्नेमा ९ ठेक्कामा जिल्ला दररेटभन्दा फरक दर राखी दर विश्लेषण गरेको कारणबाट फलामे डण्डीमा रु.३८ लाख ७५ हजार थप लागत समावेश भएको छ ।

४८.४. निर्माण कार्यको दर विश्लेषण स्वीकृत नर्म्सको आधारमा तयार गरी विभाग मातहतका निकायमा एकरुपता कायम हुनुपर्दछ । उत्तर दक्षिण लोकमार्ग आयोजना निर्देशनालयअन्तर्गत धरान-कटारी-सिन्धुली-हेटौंडा सडक आयोजना, पूर्वी खण्डले दुई खरिद सम्झौतामा सडकको माटो र चट्टान काट्ने काम २० प्रतिशत मानिस र ८० प्रतिशत उपकरण, गल्छी-स्याफ्रुबेसी-रसुवागढी सडक आयोजनाले १० प्रतिशत मानिस र ९० प्रतिशत उपकरण र केही सडक डिभिजन कार्यालयले ५ प्रतिशत मानिस र ९५ प्रतिशत उपकरणको प्रयोग गर्ने गरी दररेट कायम गरेको देखिन्छ । मानिस र मेसिनबाट गर्ने कामको अनुपात सम्बन्धमा नर्म्समा स्पष्ट व्यवस्था नभएको एवं निर्माण कार्यमा उपकरणको प्रयोग बढ्दै गएको सम्बन्धमा नर्म्समा एकरुपता ल्याउनुपर्दछ ।

४८.५. नर्म्सअनुसार सिमेन्ट र बालुवाको १:४ जोडाइ भएको इँटाको गाह्रो लगाउने कार्यमा प्रति घनमिटर गाह्रो लगाउन २२४*१०८*५७ एम.एम. साइजको ५६० वटा इँटा लाग्ने र इँटाको साइज, आकार घटी बढी भएमा सोही अनुपातमा इँटाको परिमाण घटी बढी हुने हुँदा सोहीअनुसार लागत अनुमान तयार गर्नुपर्दछ । व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले दुई ठेक्काको निर्माण कार्यमा ४३० इँटा लाग्ने गरी र चार प्याकेजमा ५६० इँटा प्रयोग गर्ने गरी दर विश्लेषण गरेको छ । ती कार्यमा ४३० इँटा प्रयोग गर्ने गरी दर विश्लेषण गर्दा रु.५ करोड २७ लाख ५२ हजार कम लागत लाग्ने देखिन्छ । तर निर्माण कार्यमा २५०*१२५*७५ एम.एम.साइजको प्रयोग भएकाले एक घनमिटर गाह्रोमा ३३५ गोटासम्म प्रयोग हुने देखिन्छ । अतः इँटाको साइजअनुसार प्रयोग हुने परिमाण यकिन गरी लागत अनुमान तयार गर्नुपर्दछ ।

४८.६. व्यापारिक मार्गविस्तार आयोजना, सुनसरीबाट लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन भएका कार्यहरुको दर विश्लेषण परीक्षण गर्दा फलामे डण्डीको मूल्य २०७२।७३ मा मोरङ जिल्लाको दररेट प्रति के.जी. रु.७९।४५ देखि रु.८१।४५ सम्म र सुनसरी जिल्लाको दररेट प्रति के.जी. रु.७४।- कायम गरेको देखियो । समान प्रकृतिका जिल्लामा सुनसरीको तुलनामा मोरङमा बढी हुने गरी दररेट कायम गरेको छ । मोरङतर्फको चार प्याकेजको लागत अनुमानमा समावेश ९७५.३४१ मेट्रिक टन फलामे डण्डीमा सुनसरीको तुलनामा रु.७२ लाख ६६ हजार बढी लागत पर्न गएको छ ।

४८.७. स्ट्याण्डर्ड स्पेसिफिकेसन र नर्म्समा सिमेन्ट बालुवा जोडाइ भएको ढुङ्गाको गाह्रो लगाउने कार्यमा पाइप आवश्यक नपर्ने उल्लेख भए पनि सडक सुधार आयोजनाले दुई योजनाको लागत अनुमानमा प्रति घनमिटर गाह्रोमा १.३० मिटरको १०० एमएम पाइपसमेत समावेश गरेकोले रु.१ करोड ४४ लाख ८८ हजार बढी लागत अनुमान स्वीकृत भएको छ ।

४९. **खरिद सम्झौता अन्त्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२७ मा खरिद सम्झौता अन्त्य सम्बन्धी व्यवस्था रहेको छ । यस सम्बन्धी देखिएका व्यहोरा निम्न छन्:

४९.१. मध्यपहाडी लोकमार्ग आयोजना, पश्चिम खण्डले २ निर्माण व्यवसायीबाट रु ९३ लाख २१ हजार र डिभिजन सडक कार्यालय, दाङले १ निर्माण व्यवसायीबाट रु १ करोड ९ लाख ७७ हजार क्षतिपूर्ति लिने गरी ठेक्का अन्त्य गरे तापनि असुल गरेको छैन । उक्त रकम असुल हुनुपर्दछ ।

४९.२. मध्यपहाडी लोकमार्ग आयोजना, पश्चिम खण्डअर्न्तगत धादिङ जिल्लामा पर्ने कटुन्जे–त्रिपुरेश्वर सडक खण्डको स्तरोन्नति कार्य गर्न एक निर्माण व्यवसायीसँग रु.६ करोड ४९ लाख ८६ हजारको सम्झौता भएको छ । बुढीगण्डकी जलविद्युत आयोजना विकास समितिको २०७२।१२।२२ को पत्रबाट उक्त आयोजनाको जलाशयको माथिल्लो भाग समुन्द्री सतहबाट ५४५ मिटर रहेको साथै जुनसुकै संरचना निर्माण गर्दा सो जलाशयको रेखाभन्दा माथि हुने गरी र भविष्यमा समेत प्राविधिक रुपले सुरक्षित स्थानमा मात्र निर्माण कार्य गर्न जानकारी गराएको आधारमा ठेक्का अन्त्य गरेको देखियो । जिल्ला प्रशासन कार्यालय, धादिङ तथा सडक विभागबाट उक्त स्थानमा निर्माण कार्य नगर्न २०७२ चैत्रमा जानकारी गराउँदा पनि समयमै ठेक्का अन्त्य नगरी यो वर्षसम्म रु.१ करोड ७० लाख ३० हजार खर्च गरेको छ । यस सम्बन्धमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४९.३. डिभिजन सडक कार्यालय, सुर्खेतले सुर्खेत-जुम्ला सडकमा पर्ने २ पुल समयमै निर्माण नभएको एवं निर्माण व्यवसायीले नक्कली बैङ्क जमानत राखेको आधारमा र डिभिजन सडक कार्यालय, चितवनले धादिङ जिल्लामा पर्ने १ पुल सम्झौताबमोजिम कार्य नभएको जनाई खरिद सम्झौता अन्त्य गरी कालोसूचीमा राखेकोमा सम्झौता बमोजिम क्रमशः रु.१ करोड ३१ लाख ५३ हजार र रु.५१ लाख ७६ हजार समेत रु.१ करोड ८३ लाख २९ हजार क्षतिपूर्ति असुल गर्नुपर्दछ ।

४९.४. डिभिजन सडक कार्यालय, तनहुँअन्तर्गत मर्स्याङ्दी नदी पुल भोटेओडार लमजुङको निर्माण कार्यका लागि रु.५ करोड ४४ लाख ९७ हजारमा २०६७।०४।०२ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०६४।११।१२ मा खरिद सम्झौता गरेकोमा खरिद सम्झौताको म्याद २०७०।३।२५ सम्म थप भई रु.३ करोड ५१ लाख ४१ हजार भुक्तानी लिई ५१.१३ प्रतिशत भौतिक प्रगति गरेको छ । निजले लिएको पेस्की रु.१५ लाख समेत फछ्यौंट हुन बाँकी रहेको छ । उक्त निर्माण व्यवसायीलाई कालोसूचीमा राखी निजसँग भएको खरिद सम्झौताबमोजिम बैकल्पिक व्यवस्था हुनुपर्दछ ।

४९.५. धरान-कटारी-सिन्धुली-हेटौंडा सडक आयोजना, पूर्वी खण्डले एउटै चेनेजमा दोहोरो पर्नेगरी निर्माण कार्य गराउन नमिल्ने भएकोले दुई प्याकेजको सडक स्तरोन्नतिको खरिद सम्झौता भए पछि सोही चेनेजमा त्यसअघि नै सम्झौता गरेको ८ खरिद सम्झौता सुविस्ताको आधारमा अन्त्य गरेको छ । सडक स्तरोन्नतिको लागि पछिल्लो सम्झौता हुनासाथ अघिल्लो ८ खरिद सम्झौता अन्त्य नगरी ती ठेक्काको लागि यो वर्ष रु.४ करोड ५१ लाख समेत रु.३० करोड १९ लाख भुक्तानी भएको देखिन्छ । नयाँ खरिद सम्झौता गर्दा पुराना ८ खरिद सम्झौताअन्तर्गत भएका कामको मूल्याङ्कन गरी पछिल्लो कामको लागत अनुमानमा समायोजन नगरेको एवं समयमै स्तरोन्नति सम्बन्धी कार्य शुरु नभएका कारण ती खण्डमा पुराना ठेक्काअन्तर्गत भएको खर्चको सार्थकता देखिएन । यस सम्बन्धमा निर्णयकर्तालाई जिम्मेवार बनाउनुपर्दछ ।

५०. **बजेटबेगर खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था रहेको छ । मन्त्रालयले २०७३।४।१३ मा उपलब्ध गराएको अख्तियारीमा बहुवर्षीय ठेक्का व्यवस्थापन गर्न अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने उल्लेख छ । डिभिजन सडक कार्यालय, कञ्चनपुरले यो वर्ष रु.४२ करोड ६४ लाख बजेट विनियोजन भएका ९ योजनामा रु.१ अर्ब ९० करोड १५ लाखको बहुवर्षीय खरिद सम्झौता गरेकोमा अर्थ मन्त्रालयको स्वीकृति लिएको देखिएन । सम्बन्धित निकायबाट स्वीकृति लिई खरिद कारबाही गर्नुपर्दछ ।

५१. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा बीमाको छुट्टै आइटम बनाई लागत अनुमान समावेश गर्नुपर्ने र नियम ११२ तथा खरिद सम्झौतामा कार्यादेश मितिदेखि त्रुटि सच्याउने

अवधिसम्मको लागि निर्माण कार्य, औजार उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ ।

५१.१. विभाग मातहतका कार्यालयले बीमासम्बन्धी आइटम प्रोभिजनल सममा राखी वास्तविक खर्चको आधारमा भुक्तानी दिने गरी खरिद सम्झौता गर्नुपर्नेमा प्रतिस्पर्धा हुने आइटमको रुपमा लमसममा राखी निर्माण व्यवसायीले कबोल गरेको रकम भुक्तानी दिने गरेको पाइयो । यो वर्ष २१ कार्यालयले विभिन्न निर्माण व्यवसायीले बीमा कम्पनीलाई भुक्तानी गरेको रकमभन्दा बढी हुने गरी रु.४ करोड ६९ लाख ३० हजार निर्माण व्यवसायीलाई भुक्तानी दिएकोले नेपाल सरकारलाई थप व्ययभार परेको छ ।

५१.२. व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले खरिद सम्झौतामा बीमा गरेबापत निर्माण व्यवसायीलाई निर्माण अवधिमा ७० प्रतिशत र त्रुटि सच्याउने अवधिमा ३० प्रतिशत भुक्तानी दिनु पर्ने व्यवस्था छ । आयोजनाले प्रथम बिलबाट ७० प्रतिशत र दोस्रो बिलबाट ३० प्रतिशतले हुने रु.१३ लाख ८३ हजार निर्माण अवधिमै भुक्तानी दिएकोले सम्झौता विपरीत भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

५२. **मूल्य अभिवृद्धि कर -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्ति वा संस्थाले वस्तु वा सेवा आपूर्ति गर्दा तोकिएको ढाँचामा कर बीजक दिनुपर्ने उल्लेख छ । विभाग मातहतका १८ कार्यालयले रीतपूर्वको कर बीजक पेस नगरे पनि निर्माण व्यवसायीलाई रु.२ करोड ४६ लाख ८८ हजार मूल्य अभिवृद्धि कर भुक्तानी दिएको देखियो । यस्तै ओखलढुङ्गा-सल्लेरी सडक योजनाले एक निर्माण व्यवसायीलाई कर बीजकबेगर मूल्य अभिवृद्धि कर रु.४१ लाख २६ हजार भुक्तानी दिएको छ । मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस हुनुपर्दछ ।

५३. **नन् फाइलरलाई भुक्तानी -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिवृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गर्नुपर्ने व्यवस्था छ । यो वर्ष २७ कार्यालयसँग खरिद सम्झौता गरेका निर्माण व्यवसायीले मूल्य अभिवृद्धि कर भुक्तानी लिएकोमा आन्तरिक राजस्व विभागको वेभसाइटमा खोजी गर्दा ती निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयमा मासिक कर विवरण नबुझाई नन् फाइलर देखाएको हुँदा कार्यालयबाट भुक्तानी दिएको मूल्य अभिवृद्धि कर रकम र समयमा विवरण नबुझाएबापत ऐनको दफा २९ बमोजिम जरिबानासमेत रु.१४ करोड ७९ लाख ५५ हजार असुल गर्नुपर्दछ ।

५४. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(१) मा १५ महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्दा मूल्य समायोजन गर्न सकिने, दफा ५५(२) मा खरिद सम्झौता गर्नेको ढिलाइको कारण काम सम्पन्न नभएमा र निश्चित बजेटको आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था छ । यो वर्ष ३२ कार्यालयले विभिन्न निर्माण व्यवसायीलाई रु.८५ करोड ५९ लाख ९० हजार मूल्य समायोजन भुक्तानी गरेको देखियो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५४.१. धरान-कटारी-सिन्धुली-हेटौंडा सडक योजनाले प्रोभिजनल सममा रहेका आइटममा मूल्य समायोजन रु.२१ लाख १७ हजार भुक्तानी गरेकोले असुल गर्नुपर्दछ ।

५४.२. विभागअन्तर्गतका कार्यालयले डिजाइन एण्ड बिल्ड सम्झौतामा उल्लिखित निश्चित रकममात्र निर्माण व्यवसायीलाई भुक्तानी दिनुपर्ने देखिन्छ । उपर्युक्त प्रावधानविपरीत पुल आयोजना पूर्वी सेक्टर नं.१, मध्यक्षेत्र सेक्टर नं.२ र पश्चिम सेक्टर नं.३ ले रु.२० करोड ५ लाख ६२ हजार मूल्य समायोजन भुक्तानी गरेको देखियो । उक्त खरिद सम्झौता निश्चित बजेटमा आधारित सम्झौता भएको, पुल निर्माण कार्यको सम्पूर्ण जोखिम निर्माण व्यवसायीमा रहेको र पुलको संरचनाको लागत एकमुष्टमा राखी सम्झौता गरेकोले यस्तो सम्झौतामा मूल्य समायोजनको व्यवस्था गरी भुक्तानी गर्न मिल्ने देखिँदैन ।

५४.३. डिभिजन सडक कार्यालय भक्तपुर, सुर्खेत र मध्यपहाडी लोकमार्ग आयोजना पश्चिम खण्डले चार निर्माण व्यवसायीलाई नयाँ दर कायम गरेको मितिभन्दा अगाडिको मूल्य सूची प्रयोग गरी मूल्य समायोजन रकम गणना गर्दा रु.२२ लाख ६४ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

५४.४. धरान-कटारी-सिन्धुली-हेटौंडा सडक योजनाले प्रथम बिलबाट भुक्तानी भएको मूल्य समायोजन बापतको रु.१३ लाख ८८ हजार दोस्रो बिलबाट समेत भुक्तानी दिएकोले असुल गर्नुपर्दछ ।

५४.५. व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले एक निर्माण व्यवसायीलाई नवौँ रनिङ बिलसम्मको मूल्य समायोजन रु.१८ करोड ८४ लाख ३० हजार भुक्तानी दिएको छ । पाँचौँ र सातौँ रनिङ बिलको गणना गर्दा रु.९६ लाख १३ हजार भुक्तानी गर्नुपर्नेमा रु.१ करोड २० लाख ५५ हजार भुक्तानी गरेकोले बढी भुक्तानी रु.२४ लाख ४२ हजार असुल हुनुपर्दछ ।

५५. **साधन स्रोतको सदुपयोग** - सरकारी कार्यालयहरुले प्राप्त साधन स्रोतको मितव्ययिता, कार्य दक्षता एवं प्रभावकारिता विचार गरी उपयोग गर्नुपर्दछ ।

५५.१. डिभिजन सडक कार्यालय, कञ्चनपुरअन्तर्गतको टनकपुर लिंक रोड २०६५ मा सम्पन्न हुने गरी २०५९ मा निर्माण शुरु भएकोमा यो वर्षसम्म रु २४ करोड ७ लाख १ हजार खर्च भए पनि सम्पन्न भएको छैन । सो सडक खण्डको निर्माण कार्य भारत सरकारले गर्ने भनी महाकाली सन्धिमा उल्लेख भएअनुसार भारतीय कम्पनीले सर्वेक्षण गरे पनि भारत सरकारले निर्माण नगरेकोले नेपाल सरकारले निर्माण गर्नु परेको छ । निर्माणाधीन उक्त सडक भारत सरकारले निर्माण गरेको टनकपुर बाँधसम्म जोडिने गरी वा नेपाल सरकारले निर्माण गर्ने महाकाली कोरिडोरसम्म जोडिने गरी निर्माण नभएकोले उपयोग हुने संभावना न्यून रहेको छ ।

५५.२. डिभिजन सडक कार्यालय, तनहुँले मर्स्याङ्दी नदीमा निर्माण गरिरहेका नयाँपुल र विमलनगरका पुलहरु बीचको दूरी करिव १.५ किलोमिटर रहेको, नयाँ पुलमा साना सवारीसाधन मात्र चल्ने पुल रहेको छ । उक्त स्थानमा रणनीतिक वा सहायक मार्गमा नरहेकोले पुल निर्माण गर्ने कार्य स्रोत साधनको अधिकतम उपयोग एवं लाभ हुने गरी छनौट भएको देखिएन ।

५५.३. पुल आयोजनामध्ये सेक्टर नं. २ बाट त्रिशूली नदीमा ८ पुल र सुनकोशी नदीमा ५ पुल निर्माणाधीन रहेकोमा दुई पुलबीचको न्यूनतम दूरी सम्बन्धी मापदण्ड नतोकेकोले एउटै नदीमा धेरै नजिकको दूरीमा पुल निर्माण गरेको देखियो ।

५५.४. जनकपुर परिक्रमा व्यापारिक मार्ग विस्तार आयोजनाले ढल्केवर जनकपुर जिरो माइल दुधमती पुलसम्म सडक विस्तार गरी कालोपत्रे (आस्फाल्ट कंक्रिट) गर्न एक निर्माण व्यवसायीसँग रु.४७ करोड ८७ लाखको खरिद सम्झौता गरेको छ । उक्त सडक खण्डमा केही वर्ष अगाडि रु.५० करोड ८ लाखको लागतमा कालोपत्रे (सर्फेस ड्रेसिङ्ग) गरेको थियो । खरिद सम्झौतामा साविकको कालोपत्रे भत्काई पुनः कालोपत्रे गर्ने व्यवस्था गरेको छ । सडक ६ लेनको हुने गरी निर्माण भइरहेकोमा १ हजार ३२० मिटर हुलाकी राजमार्ग आयोजनाको कार्यक्षेत्रमा परी ४ लेनको निर्माण हुने क्रममा रहेको छ । केही वर्ष अघि निर्माण गरेको कालोपत्रे भत्काउनु परेकोले सो सडकमा गरेको लगानीमा ध्यान दिएको पाइएन ।

५५.५. डिभिजन सडक कार्यालय, ललितपुरले नख्खु खोलामा पुल निर्माण गर्न रु.३ करोड ४ लाखमा खरिद सम्झौता गरेकोमा म्याद थप भएको छ । निर्माण व्यवसायीले काम नगरेको अवस्थामा थप रु.३० लाख पेस्की दिएको छ । निर्माणस्थलको अवलोकन गर्दा उत्तरतर्फ पुल प्रयोग गरी आवतजावत गर्ने सडक नदेखिएको, पुलको दक्षिणतर्फको सडक साँगुरो रहेको र विस्तार गर्ने कार्यक्रम नरहेकोले सो स्थानमा पुल निर्माण गर्नु औचित्यपूर्ण देखिएन ।

५५.६. मोहना पुल-अत्तरिया सडक योजना, कैलालीअन्तर्गत मोहनापुलदेखि अत्तरियासम्मको १४ कि.मि. सडकमध्ये १० कि.मि. ६ लेनको र ४ कि.मि. ४ लेनको निर्माण गर्ने गरी ठेक्का व्यवस्थापन भएकोले ६ लेन सडकबाट भित्रिएका सवारीसाधन ४ लेनको सडकबाट बाहिरिनु पर्दा सडकमा अवरोध सिर्जना भई निर्वाध रुपमा यातायात सञ्चालन हुन सकेको छैन । उक्त सडक ६ लेनको निर्माण गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५६. **एज बिल्ट नक्सा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भएबमोजिमको एज बिल्ट नक्सा पेस नगरेमा निश्चित रकम भुक्तानी रोक्का गर्नुपर्ने व्यवस्था छ । विभाग मातहतका १० कार्यालयले एज बिलट नक्सा पेस नगरेको अवस्थामा रोक्का गर्नुपर्ने रु.८ करोड ७६ लाख ८५ हजार रोक्का नगरी सबै रकम भुक्तानी भएको छ । एज बिल्ट नक्सा पेस नगर्नेबाट उक्त रकम असूल गर्नुपर्दछ ।

५७. **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) मा कट्टा गरेको रिटेन्सन मनी आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेस गरेको प्रमाण पेस गरेपछि भुक्तानी दिनुपर्ने व्यवस्था रहेको

छ । यो वर्ष २० कार्यालयले धरौटीबापत कट्टी गरेको रु.३ करोड ७१ लाख ७२ हजार कर विवरण पेस गरी मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाणबेगर निर्माण व्यवसायीलाई फिर्ता दिएका छन् । उक्त प्रमाण पेस हुनुपर्दछ ।

५८. **सोझै खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । सोअनुसार विभागले २०६९।९।२४ मा परिपत्र गरी सोझै खरिद कार्य नगर्न निर्देशन दिएको र २०७३।३।३१ मा परिपत्र गरी सोझै खरिद कार्य गर्ने कार्यालय तथा लेखा प्रमुखलाई विभागीय कारबाही गरिने जानकारी गराए तापनि यो वर्ष ७ कार्यालयले रु.३ करोड २० लाख ९ हजारको खरिद कार्य सोझै गरेका छन् ।

५९. **मोबिलाइजेसन पेस्की -** निर्माण व्यावसायीसँग भएको खरिद सम्झौतामा पहिलो किस्ता पेस्की लगेपछि न्यूनतम १० प्रतिशत काम सम्पन्न भएपछि दोस्रो किस्ता पेस्की दिनुपर्ने उल्लेख छ । विभागले स्वीकृत पेस्की रकमको निश्चित प्रतिशत पहिलो किस्ता र कार्य प्रगतिको आधारमा दोस्रो किस्ता दिन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन्:

५९.१. डिभिजन सडक कार्यालय, महेन्द्रनगरले एक निर्माण व्यवसायीलाई न्यूनतम १० प्रतिशत भौतिक प्रगति भएपछि दोस्रो किस्ता पेस्की दिन सक्नेमा २०७३।१२।२७ मा रु.२ करोड ८ लाख भुक्तानी दिए तापनि २०७४ आषाढ मसान्तको भौतिक प्रगति ९.२८ प्रतिशत मात्र रहेको छ । त्यस्तै अर्को निर्माण व्यवसायीलाई न्यूनतम १० प्रतिशत भौतिक प्रगति भएपछि थप पेस्की दिनुपर्नेमा २०७४।२।११ मा रु.८० लाख थप पेस्की दिएकोमा २०७४ आषाढ मसान्तको भौतिक प्रगति ७.८२ प्रतिशत रहेको छ ।

५९.२. डिभिजन सडक कार्यालय, मोरङले पेस गरेको आर्थिक विवरणमा ८ बजेट उपशीर्षकमा रु.१८ करोड ५१ लाख ६६ हजार पेस्की बाँकी उल्लेख भएकोमा बाँकी पेस्कीको मास्केवारीमा २५ निर्माण व्यवसायीलाई रु.४ करोड २० लाख ३९ हजार दिनु पर्ने (ऋणात्मक) देखाएको छ । निर्माण व्यवसायीले लगेको पेस्की बाँकी भएकोमा कार्यालयले दिनुपर्ने देखिएकाले पेस्कीको अभिलेख यथार्थपरक रहेको पाइएन । यस सम्बन्धमा छानबिन गरी कार्यालय प्रमुख र लेखा प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

६०. **असम्बन्धित खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटममात्र समावेश गर्नुपर्ने र सार्वजनिक लेखा समितिको २०६९।९।२ को निर्णयअनुसार सडक निर्माणसँग असम्बन्धित खर्चहरु ठेक्कामा समावेश नगर्न विभागले २०६९।१०।०५ मा परिपत्र गरेको छ । यो वर्ष १५ कार्यालयले खरिद सम्झौताको कार्य परिमाण सूचीमा ल्याव स्थापना, गाडी भाडा, गुणस्तर परीक्षण, मोटर साइकल, प्रिन्टर, इन्जिनियर सुविधा आदि समावेश गरी रु.३ करोड ५८ लाख ५७ हजार भुक्तानी गरेको पाइयो । यस्तो खर्चमा नियन्त्रण गर्नपर्दछ ।

६१. **काममा दोहोरोपना -** डिभिजन सडक कार्यालय, काठमाडौँ १ ले अठारौं सार्क शिखर सम्मेलनमा त्रिपुरेश्वर, शहीद गेट, रत्नपार्क, जमल, केशरमहललगायत सडक खण्डमा रेलिङ तथा फुटपाथ निर्माण र मर्मत सम्भारको कार्य रु.४ करोड ७६ लाख ७१ हजारमा गरेकोमा काठमाडौँ दिगो शहरी यातायात आयोजनाले सार्क सम्मेलन अवधिमा बनाएका उपर्युक्त स्थानका फुटपाथ र रेलिङ भत्काई पुनः ९८१ मिटर रेलिङ र ५४७.६१ वर्गमिटर इन्टरलक वे ब्लक तथा पी.सी.सी. भत्काई सफा गर्ने कार्यमा रु.२७ लाख ५६ हजार खर्च गरेको छ । दुवै निकायको अलग अलग कार्यक्षेत्र निर्धारण भएकोमा कार्यक्षेत्र बाहिर काम गर्ने र भत्काई दोहोरो खर्च गराउनेलाई जिम्मेवार बनाइनुपर्दछ ।

त्यस्तै डिभिजन सडक कार्यालय, रुपन्देहीले भूमही-परासी-भैरहवा, परासी-महेशपुर र भैरहवा-लुम्बिनी सडक खण्डको मर्मत कार्य गर्न रु.७ करोड ८ लाख ६३ हजारमा खरिद सम्झौता गरी रु.१२ लाख ५३ हजार भुक्तानी गरेको छ । उक्त खरिद सम्झौतामा समावेश भएको भैरहवा-लुम्बिनी सडक खण्डको ४.४ कि.मि. को आवधिक मर्मत गर्न रु.७७ लाख ४४ हजारको अर्को खरिद सम्झौता गरेको पाइयो । काममा दोहोरोपना हुने गरी सम्झौता गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६२. **पटक पटक मर्मत -** डिभिजन सडक कार्यालय, काठमाडौँ १ ले पेप्सीकोला-कार्कीगाउँ सडक खण्डको एक चेनेजको आवधिक मर्मत कार्य गरी रु.३ करोड २७ लाख ३६ हजार भुक्तानी दिएको छ । उक्त मर्मत कार्य सम्पन्न भएको छैन । यसै सडक खण्डको एकै चेनेजभित्रको क्षेत्रमा विशेष मर्मत गर्न रु.२८ लाख २८

हजारमा अर्को खरिद सम्झौता गरेको छ । एकै सडक खण्डमा पटक पटक मर्मत सम्भार कार्यको एकभन्दा बढी सम्झौता गरी भुक्तानी दिएकोले काममा दोहोरोपना रहेको छ । यस्तै कार्यस्थलमा ओभरल्यापको अवस्था रहेको र पहिलो ठेक्काको कामको त्रुटि सच्याउने अवधि बाँकी रहेकै अवस्थामा पुनः सोही कार्य गर्न ठेक्का लगाएकोले दोहोरो खर्च हुने अवस्था देखियो । यस सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

६३. **नक्कली कागजात -** डिभिजन सडक कार्यालय, कञ्चनपुरअन्तर्गत दैजी-लिप्ना-जोगबुडा सडक विस्तार र सुधार गर्न रु.२७ करोड ६३ लाख २९ हजारको लागत अनुमान स्वीकृत भई बोलपत्र आह्वान गर्दा परेका १४ बोलपत्रमध्ये कम कबोल गर्ने एक संयुक्त उपक्रमका निर्माण व्यवसायीले कबोल गरेको रु.१७ करोड ८९ लाख ६० हजारको प्रस्ताव स्वीकृत गर्न आशयको सूचना जारी गरेपछि व्यवसायीले पेस गरेको भारतीय बैङ्कले जारी गरेको लाइन अफ क्रेडिट नक्कली भएको ठहर भई निजले राखेको बोलपत्र जमानत बापतको रु.६९ लाख ५० हजार जफत गर्ने निर्णय गरी दोस्रो कम कबोल गर्ने अर्को निर्माण व्यवसायीले पेस गरेको रु.१८ करोड ४९ लाख २८ हजार प्रस्ताव स्वीकृत भई निर्माण कार्य चालु रहेको छ । कार्यालयले बोलपत्र जमानत जफत नगरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

६४. **फरक आइटममा भुक्तानी -** मध्यपहाडी लोकमार्ग, पश्चिम खण्डले २ निर्माण व्यवसायीलाई माटो काट्ने आइटमबाट पहिरो सफा गरेको भनी रु.२९ लाख ८५ हजार भुक्तानी गरेको छ । माटो काट्ने कार्य र पहिरो सफा गर्ने कार्यको अलग अलग नर्म्स हुने तथा माटो काट्ने दरभन्दा पहिरो सफा गर्ने कार्यको दर घटी हुने देखिन्छ । घटी दररेटको काम गराई बढी दररेटमा भुक्तानी गरेकोले निर्माण व्यवसायीलाई फाइदा पुग्न गएको देखियो । त्यस्तै दुई सडक खण्डमा ठूलो पहिरो आएकोले पन्छाउने कार्यको आइटम थप गरी वार्ताद्वारा दररेट तय गरी रु.५१ लाख ३२ हजार भुक्तानी गरेको पाइयो । खरिद सम्झौताको अवधि तथा त्रुटि सच्याउने अवधिसम्मको कार्य निर्माण व्यवसायीको जिम्मेवारीभित्र पर्ने भएकाले यस्तो भुक्तानी गर्न मिल्ने देखिँदैन । यस सम्बन्धमा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

६५. **फरक स्थानमा कार्य -** डिभिजन सडक कार्यालय, काठमाडौँ २ अन्तर्गत सामाखुसी-टोखा सडक निर्माण सुधार गर्न एक निर्माण व्यवसायीसँग रु.८ करोड २८ लाख ३३ हजारको सम्झौता भएकोमा रु.७ करोड ९२ लाख ८४ हजार भुक्तानी भएको छ । उक्त कार्यको पाँचौ बिलसम्म ६ हजार ७०७.३१ घन मिटर रेन्डम रब्बल म्यासनरीको कार्य गराई रु.४ करोड १५ लाख ६७ हजार भुक्तानी भएको छ । लेखापरीक्षणको सिलसिलामा स्थलगत अवलोकन गर्दा त्यस सडक खण्डमा सो कार्य भएको देखिएन । उक्त कार्य पासाङ ल्हामु लोकपथ, गुह्येश्वरी मार्ग, वालाजुमा गराएको पाइयो । सो कार्यको लागत अनुमानमा रेन्डम रब्बल म्यासनरी आइटमको रु.३ करोड १० लाख ३१ हजार रहेकोमा सडक खण्डमा सो कार्य आवश्यक नपर्ने देखिए तापनि भेरिएसनबाट ९६.०५ प्रतिशत थप गरी रु.६ करोड ८ लाख ३८ हजार पुऱ्याई अर्कै सडकमा काम गराई भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६६. **निर्माण कार्यको गुणस्तर -** लेखापरीक्षणको क्रममा सडक निर्माण कार्यको स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा निम्न छन्:

६६.१. डिभिजन सडक कार्यालय, काठमाडौँ २ ले कीर्तिपुर ल्याबोरेटरी स्कूलदेखि कीर्तिपुर प्रवेश द्वारसम्म १.१ कि.मि. सडक कालोपत्रे एवं फुटपाथ निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.९ करोड ३२ लाख ४६ हजारको सम्झौता भएकोमा रु.५ करोड ९५ लाख १४ हजार भुक्तानी भएको छ । उक्त निर्माण कार्यको स्थलगत अवलोकन गर्दा सडकको विभिन्न खण्डमा जमिनबाट पानी रसाएको, सडकको छेउतिर मूल पलाएको, कालोपत्रे चर्केको, उप्केको, पाप्रा उठेको एवं दबेको देखियो । कार्यालयले उक्त निर्माण कार्यको नापजाँच गरी भुक्तानी गर्न बाँकी रहेको जनाएकोले छानबिन गरी निर्माण कार्य सच्याउनु पर्दछ । त्यस्तै निर्वाचन क्षेत्र कार्यक्रमअन्तर्गत रु.३ करोड ८२ लाख ३८ हजार लागतमा सम्पन्न भएको एक सडकको स्थलगत अवलोकन गर्दा सडक निकै उकालो भएको, ठाउँ ठाउँमा पहिरो खसेको एवं ग्यावियन पर्खाल लगाएको स्थानमा सडक भासिएको देखियो । त्रुटि सच्याउने अवधिभित्र रहेकोले निर्माण व्यवसायीलाई विग्रे भत्केको स्थानमा मर्मत गर्न लगाउनुपर्दछ ।

६६.२. मध्यपहाडी लोकमार्ग, पश्चिम खण्डको स्थलगत अवलोकन गर्दा एकभन्दा बढी परामर्शदाताले दिएको टुक्रा टुक्रा विस्तृत आयोजना प्रतिवेदनको आधारमा सडक निर्माण कार्य गराएको कारण स्लोप स्ट्याबिलिटी सम्बन्धमा विचार नगरी अनस्टेबल अलाइनमेन्टमा समेत सडक निर्माण कार्य गराएको पाइयो । यस्ता ठाउँमा

स्लोप फेलर हुने हुँदा स्लोप स्ट्याबिलिटी एनालिसिसबाट स्टेबल गर्ने विभिन्न विधि अनुशरण गरेको देखिँदैन । यस्तो कार्य अछाम जिल्लाको वीरपथ, वेलखेतमाथि जंगल क्षेत्र, गैरीटाडलगायतका स्थानमा देखिएको छ । उक्त सडक खण्डअन्तर्गत निर्माण गरिएका साइड ड्रेन तथा रिटेनिङ्ग वालको लागि गरिएको स्टोन म्यासनरीको कार्यमा ढुंगा जोडाइमा राख्नुपर्ने जति सिमेन्ट मोर्टार नराखेको, क्युरिङ्ग राम्रोसँग नगरेको, सिमेन्ट मोर्टार १:४ को अनुपातमा लगाएको भनेकोमा कतिपय स्थानमा सो अनुसार रहेको नपाइएकोले पर्खाल भत्किएको, म्यासनरी वालको फिनिशिङ्ग राम्रो नदेखिएको, वालमा ढुंगा बाहिर निस्किएको र बल्जिङ्ग भएको समेत देखियो । उल्लिखित कार्यमा सुधार गर्नुपर्दछ ।

६६.३. विभागले स्वीकृत गरेको स्ट्याण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्समा निर्माण कार्यमा प्रयोग हुने सामग्रीको गुणस्तर परीक्षणको लागि दर विश्लेषण गर्दा निश्चित प्रतिशत थप गर्ने व्यवस्था रहेको छ । धरान चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक योजनाले लागत अनुमानमा प्रत्येक आइटमको दर विश्लेषणमा गुणस्तर परीक्षण कार्य गर्न रु.९९ लाख ७० हजार समावेश गरेकोमा पुनः गुणस्तर परीक्षणको छुट्टै आइटम बनाई रु.२६ लाख ४५ हजार समावेश गर्दा दोहोरो पर्न गएको रकम असुल गर्नुपर्दछ ।

६७. **प्रोभिजनल सममा ओभरहेड -** धरान-चतरा-गाईघाट-कटारी-सिन्धुली-हेटौंडा सडक योजनाले निर्माण व्यवसायीसँग गरेको खरिद सम्झौतामा प्रोभिजनल समबाट खर्च गर्दा ओभरहेड दिने व्यवस्था नभएकोमा एक निर्माण व्यवसायीलाई रु.५९ लाख ५५ हजार भुक्तानी दिएको छ । उक्त रकम असुल हुनुपर्दछ ।

६८. **बिल भरपाईबेगर खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा बिल भरपाई अनुसार लेखा राख्नुपर्ने व्यवस्था भएपनि यो वर्ष १० कार्यालयले जोड जम्मा फरक पारी बढी भुक्तानी दिएको रु.६९ लाख ५२ हजार असुल हुनुपर्ने र २३ कार्यालयले बिल भरपाइ बेगर रु.१५ करोड २ लाख ८३ हजार भुक्तानी दिएकोले भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

६९. **डिजाइन एण्ड बिल्ड -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ अन्तर्गत अनुसूची ४ मा एकमुष्ट रकम सम्झौता गर्न सकिने व्यवस्था रहेको छ । सडक विभागअन्तर्गत निर्माणाधीन पुलमध्ये १४६ (९ प्रतिशत) पुल डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण भइरहेको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

६९.१. डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट निर्माण कार्य गराउने सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत व्यवस्था नगरिएको एवं सोको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले नमूना बोलपत्र सम्बन्धी कागजात तयार नगरेकोले मूल्य समायोजन र भेरिएसन आदेशलगायतका पक्षमा एकरुपता रहेको देखिएन । यस सम्बन्धमा सार्वजनिक खरिद ऐन, नियममा विस्तृत रुपमा उल्लेख हुनुपर्ने र त्यस विधिबाट खरिद गर्न बोलपत्र सम्बन्धी कागजात तयार गरी यस्तो खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

६९.२. डिजाइन एण्ड बिल्ड विधिमा निर्माण भएका पुलको भुक्तानी गर्दा विभागले २०७१।७२ सम्म गरेका खरिद सम्झौतामा डिप फाउण्डेसनको बढी र स्यालो फाउण्डेसनको कम प्रतिशत भुक्तानी गर्ने गरी लागत अनुमान तयार गरेकोमा २०७२।७३ मा भएका खरिद सम्झौतामा डिप फाउण्डेसन र स्यालो फाउण्डेसनको लागत अनुमान र भुक्तानी व्यवस्था निम्नानुसार देखिन्छ:

पुलको प्रकार	पुरानो ठेक्का सम्झौता (प्रतिशतमा)			२०७२।७३ पछिका सम्झौता (प्रतिशतमा)		
	फाउण्डेसन	सबस्ट्रक्चर	सुपरस्ट्रक्चर	फाउण्डेसन	सबस्ट्रक्चर	सुपरस्ट्रक्चर
आर.सी.सी. ब्रिज						
डिप फाउण्डेसन	४५	१५	४०	३५	१५	५०
स्यालो फाउण्डेसन	३०	१५	५५			
प्रिस्ट्रेस्ड कंक्रिट ब्रिज						
डिप फाउण्डेसन	३५	१५	५०	३५	१५	५०
स्यालो फाउण्डेसन	३०	१५	५०			
स्पेसल लंग स्पान ब्रिज						
डिप फाउण्डेसन	२५	१५	६०	२०	१५	६५
स्यालो फाउण्डेसन	२०	१०	७०			
आर्क नेटवर्क ब्रिज	-	-	-	३०	३०	४०

डिप फाउण्डेसन भएका पुलको लागत बढी र स्यालो फाउण्डेसन भएका पुलको लागत कम लाग्ने आधार परिवर्तन गरी समान बनाएको कारण ओपेन फाउण्डेसनको तुलनामा डिप फाउण्डेसनको लागत बढी हुने भएकोले पुलहरुको समान लागत बनाई ठेक्का व्यवस्थापन गर्ने र ओपेन फाउण्डेसनको डिजाइन स्वीकृति गर्ने कार्य त्रुटिपूर्ण देखिन्छ । यसमा सुधार हुनुपर्दछ ।

६९.३. पुल योजना, पूर्वी क्षेत्र सेक्टर नं. १, इटहरीअन्तर्गत डिजाइन एण्ड बिल्ड विधि अनुसार निर्माण भएका पुलको डिजाइन ओपन फाउन्डेशन रहेको र एबुटमेण्ट र पायरको गहिराई ४ देखि ५.५ मिटरसम्म रहेको देखियो । लेखापरीक्षणको क्रममा अवलोकन गर्दा द्वारखोला, चिसाङ खोला, मावा खोला र रतुवा खोलामा पानीको बहावले जमिन पुर्दै आएको र पानीको स्रोत जमिनभन्दा निकै तलसम्म रहेको देखिन्छ । पुलको सुपरस्ट्रक्चर बक्स गर्डर रहेको र सबस्ट्रक्चरको उचाई जमिन लेभलबाट होचो देखिएकोले ठूलो बाढीको समयमा जमिन कटान भै पुल जोखिममा पर्न सक्ने देखिन्छ ।

६९.४. पुल महाशाखाले निर्माण व्यवसायीसँग खरिद सम्झौता गर्दा विस्तृत सर्वेक्षण, पुल निर्माण, पहुँच सडक निर्माण, नदी नियन्त्रण कार्य समेतको सम्झौता गरी कुल सम्झौता रकमको आधारमा पेस्की दिने गरेको छ । डिजाइन स्वीकृत नभएसम्म निर्माण कार्य शुरु नहुने तर सम्झौता रकमको आधारमा पेस्की दिने गरेको छ । जसले गर्दा दुई बजेट उपशीर्षकमा रु.५ अर्ब ९ करोड ३१ लाख पेस्की बाँकी रहेको छ । अतः निर्माण व्यवसायीलाई शुरुमा डिजाइन कार्यको लागि मात्र पेस्की दिई डिजाइन स्वीकृत भएपछिमात्र निर्माण कार्यको लागि पेस्की दिने व्यवस्था गर्नुपर्दछ ।

६९.५. पुल महाशाखाले काठमाडौँ उपत्यकाको वाग्मती, विष्णुमती, मनहरा र हनुमन्ते खोलामा डिजाइन एण्ड बिल्ड माध्यमबाट ५ पुल ३ वर्षभित्र निर्माण गर्ने गरी ४ निर्माण व्यवसायीसँग रु.४३ करोड २६ लाख ५९ हजारको खरिद सम्झौता गरेकोमा यो वर्षसम्म रु.७ करोड ५ लाख भुक्तानी गरेको छ । खरिद सम्झौता बमोजिम ९ महिना (२०७२ चैत्र मसान्त) भित्र पुलको डिजाइन पेस गर्ने गरी विष्णुमतीमा दुई पुल निर्माण कार्यका निर्माण व्यवसायीलाई रु.५० लाख पेस्की दिएकोमा २०७४ आषाढसम्म पनि पुलको डिजाइन पेस गरेको पाइएन ।

६९.६. खरिद सम्झौतामा निर्माण व्यवसायीले सम्झौता भएको ६ महिनाभित्र ड्रइङ्ग, डिजाइन पेस गर्नुपर्ने र पेस भएको ३ महिनाभित्र कार्यालयले स्वीकृत गर्नुपर्ने उल्लेख भएकोमा सो अनुरुप नभएका केही उदाहरण निम्न छन्:

निर्माण कार्य	सम्झौता मिति	डिजाइन स्वीकृत मिति	स्वीकृत गर्न लागेको महिना
तमोर नदी पुल	२०७३/०३/२९	२०७४/३/२२	१२ महिना
मावा खोला पुल	२०७२/३/२९	२०७३/२/२७	११ महिना
सुनकोशी पुल	२०६९/१२/२३	२०७३/३/३०	३९ महिना
माइखोला पुल, इलाम	२०६९/३/२६	२०७०/१०/६	१८ महिना
वाग्मती नदी पुल	२०६९/०३/२६	२०७०/११/२	१९ महिना

सम्झौताबमोजिम कार्य सम्पादन नगर्नेलाई नियमानुसार कारबाही गर्नुपर्दछ ।

६९.७. सगरमाथा लोकमार्ग आयोजनाअन्तर्गत सुनकोशी नदीमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१९ करोड ६० लाख १० हजारमा ४८ महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निर्माण व्यवसायीले २०७१।२।२१ मा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन र प्रारम्भिक डिजाइन २०७१।५।३० मा पेस गरेको भए पनि विभागले २०७२।११।२ मा फिर्ता पठाएको छ । निर्माण व्यवसायीले पेस गरेको अन्तिम डिजाइन स्वीकृत नगरी विभागले आर्क नेटवर्कको डिजाइन तयार गर्न लगाई २०७३।३।३० मा स्वीकृत गरेको देखियो । यसरी सम्झौता भएको ९ महिनाभित्र स्वीकृत गरिसक्नुपर्ने डिजाइन ३ वर्ष ३ महिनापछि स्वीकृत गरेको देखियो । सम्झौताको शुरु म्याद समाप्त भएको ९ महिना तथा डिजाइन स्वीकृत भएको १ वर्ष ६ महिना व्यतीत भए पनि जग खन्ने कार्य समेत सम्पन्न गरेको छैन ।

७०. **अधुरा पुल -** पुल महाशाखामा रहेको पुल व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कअनुसार सञ्चालनमा रहेको रणनीतिक पुल १ हजार ७९० रहेको देखिन्छ । यसैगरी रणनीति सडक पुल तथा स्थानीय सडक पुलसमेत १

हजार ५५५ निर्माणाधीन रहेको देखिन्छ । निर्माणाधीनमध्ये १४६ पुल डिजाइन एण्ड बिल्ड प्रक्रियाबाट र बाँकी एकाई दर प्रक्रियाबाट छनौट भएको पाइयो ।

७०.१. खरिद सम्झौतामा उल्लिखित म्यादभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । २०७० अगाडि सम्झौता भएका निम्न १०९ पुल निर्माणको लागि रु.७ अर्ब २५ करोड ४१ लाखको खरिद सम्झौता भएकोमा यो वर्षसम्म रु.४ अर्ब ३० करोड ६१ लाख भुक्तानी भएको छ । शुरु म्याद समाप्त भएको वर्षौं बितिसकेको अवस्थामा समेत सम्पन्न नभई अधुरो अवस्थामा रहेको छ ।

(रु.लाखमा)

सम्झौता वर्ष	पुल संख्या	खरिद सम्झौता रकम	यो वर्षसम्म भुक्तानी रकम
२०५८	१	१३४	६७
२०६५	१	९१४	१११८
२०६६	१३	६६४३	४७५८
२०६७	१८	९१२०	७१४८
२०६८	३९	२२४९९	११८३६
२०६९	३७	३३२३२	१८१३४
जम्मा	**१०९**	**७२५४२**	**४३०६१**

७०.२. उपर्युक्त पुलमध्ये लामो समयसम्म सम्पन्न हुन नसकेका केही पुलको अवस्था निम्नानुसार रहेको छः

(रु.लाखमा)

पुलको नाम	सम्झौता रकम	अद्यावधिक खर्च रकम	खर्च प्रतिशत	कैफियत
कर्णाली नदी पुल, सुर्खेत	१४८५	३२६	२१.९५	डिजाइन रिभ्यु गर्न समय लागेको, यो वर्ष कार्य नभएको, रु.१ करोड ३८ लाख पेस्की बाँकी रहेको,
भेरी नदी पुल, सुर्खेत	१६१६	३७१	२२.९६	डिजाईन परिवर्तन नभएको, यो वर्ष कार्य नभएको, रु.१ करोड ७७ लाख पेस्की बाँकी रहेको,
गिदेरी खोला पुल, सिराहा	१३४०	१९२	१४.३३	सम्झौता भएको ३ वर्षसम्ममा १४.३५ प्रतिशतमात्र भौतिक प्रगति भएको,
वेलाउती पुल, सिराहा	२६७	४१	१५.३५	पेस्कीमात्र दिएको, पाइल लोड टेष्टमा असफल भएको,
ठूटे खोला पुल, पर्सा	६९७	१२३	१७.६५	सीमा विवादले २०७३।८।२२ सम्म काम शुरु नभएको, चितवन राष्ट्रिय निकुञ्जभित्र वातावरणीय अध्ययन नगरेको, पुल निर्माण स्थल किटान नगरेको,
देवसैन पुल, बझाङ्ग	१०३५	१०३	९.९५	पेस्कीमात्र दिएको, निर्माणस्थलमा एप्रोच सडक नभएकोले निर्माण शुरु नभएको,
पवेरानाला पुल, कैलाली	१३१	६५	४९.६२	पिलरको उचाई बढी भएकोले डिजाईन संशोधन गर्न पेस भएको ३ वर्ष ८ महिनासम्म निर्णय नभएको ।

७०.३. डिभिजन सडक कार्यालय, चितवनले देवीघाट ठिमुरा जोड्ने गरी त्रिशुली नदीमा पुल निर्माण गर्न रु.१६ करोड ५३ लाख २४ हजारको सम्झौता गरेकोमा रु.५ करोड ७६ लाख ४५ हजार भुक्तानी भएको छ । सम्झौतामा प्रोभिजनल सममा रु.१० लाख राखी सो रकमबाट डिजाइन परिवर्तन गरी खरिद सम्झौताको १३.८२ प्रतिशत थप हुने गरी महानिर्देशकबाट भेरिएसन स्वीकृत भएकोमा शुरु डिजाइनकर्ता परामर्शदातालाई कुनै कारबाही गरेको देखिएन । पहुँच सडक र नदी नियन्त्रण कार्यमा ५९.६२ प्रतिशत घटाई फाउण्डेसन र सबस्ट्रक्चरमा ८१.४६ प्रतिशत थप गरेको छ । स्थलगत अवलोकन गर्दा बायाँ एवुटमेन्ट, बीचको दुई पाइल निर्माण भएको एवं दायाँ एवुटमेन्टको जग खन्ने कार्य भइरहेको र नदीले कटान गरेको कारण एवुटमेन्टको समयमै संरक्षण कार्य नभएको अवस्थामा निर्मित संरचना जोखिममा पर्ने अवस्था रहेको पाइयो । साइटको अवस्थाअनुसार संरक्षणको कार्य गर्नुपर्दछ ।

७०.४. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(८) मा निर्माण व्यवसायीको कारण खरिद सम्झौता अन्त्य भएमा बाँकी कार्य पूरा गर्न लाग्ने रकम बोलपत्रदाताबाट असुल गर्ने व्यवस्था छ । डिभिजन सडक कार्यालय, प्युठानले रोल्पा जिल्लास्थित माडीखोला घर्तीगाँउमा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०६८।९।३०

मा कार्य सम्पन्न गर्ने गरी रु. ३ करोड ५१ लाख ५२ हजारको सम्झौता भएकोमा २०७१ आषाढसम्म पनि निर्माण कार्य सम्पन्न नगरेकोले खरिद सम्झौता अन्त्य गर्न २०७१।७।१४ मा सूचना प्रकाशन गरी सम्झौता अन्त्य गरेको जानकारी २०७४।४।१२ मा दिए पनि पुल निर्माण गर्न लाग्ने लागत रकम निर्माण व्यवसायीबाट असुल गरेको छैन ।

७१. **त्रुटिपूर्ण डिजाइन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तथा ड्रइङ/डिजाइन तयार गरी सोहीअनुसार कार्य गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

७१.१. डिभिजन सडक कार्यालय, जनकपुरले बिगी र जुगा खोलामा पुल निर्माण गर्न रु.२४ करोड १७ लाख २ हजारमा खरिद सम्झौता गर्दा फाउण्डेसन र सब स्ट्रक्चरको मात्र डिजाइन स्वीकृत गरेको र सुपर स्ट्रक्चरको डिजाइन स्वीकृत नगरेको कारण पुल निर्माण कार्यमा ढिलाइ हुन गएको देखिन्छ । यसैगरी बिगी खोला पुलको बायाँ एबुटमेन्टभन्दा करिब ६० मिटर पर तटबन्ध निर्माण भइरहेको कारण नदीको बहाव र पुल निर्माण कार्य फरक फरक धारमा रहेको पाइयो ।

७१.२. डिभिजन सडक कार्यालय, पाल्पाले २०६७।६८ मा खरिद सम्झौता गरेका कालीगण्डकी नदीमा दामाचौर र चापाकोट गरी दुई पुलको लागि निर्माण व्यवसायीलाई रु.९ करोड ९१ लाख १७ हजार भुक्तानी भइसकेको अवस्थामा त्रुटिपूर्ण डिजाइन स्वीकृत गरेकोले पुल निर्माण कार्य अलपत्र अवस्थामा रहेको र यो वर्ष पुल निर्माण कार्य वार्षिक कार्यक्रममा समेत समावेश गरेको देखिएन ।

७१.३. डिभिजन सडक कार्यालय काठमाडौं १ ले बौद्धस्थित वाग्मती नदीमा पुल निर्माण कार्य २०६९।८।१८ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.२ करोड ७० लाख ७३ हजारको खरिद सम्झौता भएकोमा रु.२ करोड ३८ लाख १८ हजार भुक्तानी भएको छ । तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेकोले २०७३।३।२० पछि पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप भएकोमा महानिर्देशकबाट पुनः पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी म्याद थप भएको छ । खरिद सम्झौता भइसकेपछि डिजाइन संशोधन गरेकोमा स्थलगत निरीक्षण गर्दा संशोधित डिजाइन समेत पूर्ण नरहेको, पुलको एप्रोच स्लाब नदी किनारको सडकभन्दा ५.५ मिटर उचाइमा रहेको देखियो । सो कार्यमा १४ प्रतिशतले वृद्धि हुने गरी भेरिएसन भै सकेको छ । त्रुटिपूर्ण डिजाइन गर्ने परामर्शदाता र स्वीकृत गर्ने जिम्मेवार पदाधिकारीले जिम्मेवारी पालना नगरेकोले पुल निर्माण कार्य सम्पन्न भए तापनि सञ्चालनमा आउन सकेको छैन ।

७१.४. डिभिजन सडक कार्यालय, झापाअन्तर्गत कमल खोलामा पुल निर्माण गर्न रु.१६ करोड २१ लाख ८२ हजारमा एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा रु.९ करोड ३१ लाख ७ हजार भुक्तानी भएको छ । निर्माणाधीन पुलको स्थलगत निरीक्षण गर्दा खोलाको सम्पूर्ण चौडाई समेट्ने गरी डिजाईन नगरेकोले दाँया अबुटमेन्टतर्फ खोलाको गहिरो भाग परेको देखिन्छ । उत्तर र दक्षिणतर्फ ४०० मिटर नदी नियन्त्रण कार्य र पहुँच सडक फिलिङ कार्य सम्पन्न गर्न सम्झौतामा भएको परिमाण अपुग हुने देखिएकोले पुल सञ्चालन हुने अवस्था देखिएन । निर्माणस्थलको अवस्थालाई ध्यान नदिई ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्ने परामर्शदाता एवं स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

७१.५. व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीअन्तर्गत इटहरी देखि दुहबी खण्डमा पर्ने टेंग्रा खोलाको किनारमा करिब ५.५ कि.मि. सडक निर्माण गर्न खरिद सम्झौता भएका तीन प्याकेजको कार्यमध्ये धेरैजसो कार्य खोलाको किनारमा पर्ने, सडकको चौडाई ३० मिटर गर्ने, दुबै साइडमा वाल लगाउने, ड्रेन बनाउने, सडक पिच गर्ने आदि रहेको छ । निर्माण व्यवसायीले सडकको पूर्वतर्फ खोला परेकोले सो साइडमा काम शुरु गरेको छैन । सडकको बीचबाट १५ मिटर सडक सीमा कायम गर्दा सडक सीमा खोलाको बीचमा पर्ने देखिन्छ । परामर्शदाताले सन् २०११ मा तयार गरेको डिजाइनमा खोलाको विस्तृत अध्ययन र विश्लेषण नगरी सबै खण्डमा ३० मिटर विस्तार गर्ने उल्लेख गरेअनुसार नै डिजाइन स्वीकृत भएको छ । त्रुटिपूर्ण डिजाइन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

७१.६. डिभिजन सडक कार्यालय, विराटनगरबाट रतुवा खोलामा पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.११ करोड ७८ लाख ३५ हजारमा खरिद सम्झौता भई रु.११ करोड ४१ लाख २९ हजार भुक्तानी भएको छ । शुरुमा २०५.७६ मिटर लम्बाई र ४.२५ मिटर क्यारिज वे हुने गरी डिजाइन गरेकोमा सडकको चौडाई

इन्टरमेडियन लेन ६ मिटर चौडाई कायम हुने गरी विभागीय प्रमुखबाट डिजाइन संशोधन गरी सम्झौताको म्याद २०७२।३।३० सम्म थप गरेकोमा हालसम्म पनि कार्य सम्पन्न भएको छैन । निर्माण व्यवसायीले पुलको फाउण्डेसन, सबस्ट्रक्चर र सुपरस्ट्रक्चरको काम सम्पन्न गरे पनि नदी नियन्त्रण र पहुँच सडकको काम समयमा नगरेकोले पुलको पूर्वतर्फ खोलाले कटान गरेको कारण हाल पुलले ओगटेको क्षेत्रभन्दा बाहिरबाट नदी बगेको छ । समयमा पुल निर्माण कार्य सम्पन्न नगरेकोले अलपत्र परेको, हजारौं बिघा जमिन कटान भएको र जनताले सहज यातायातको पहुँचबाट बन्चित हुनु परेको देखियो । यस सम्बन्धमा सम्बन्धित पक्षलाई जिम्मेवार बनाउनुपर्दछ ।

७२. **सम्झौताका शर्त** - सडक सुधार आयोजनाका लागि भारत सरकारसँग भएको सम्झौतामा निर्माण कार्य गर्न निर्माण व्यवसायीहरुको संयुक्त उपक्रम हुनुपर्ने, संयुक्त उपक्रममा भारतीय कम्पनीको शेयर ५१ प्रतिशत हुनुपर्ने, वस्तु तथा सेवासँग सम्बन्धी कार्यको लागि कम्तीमा ७५ प्रतिशत र निर्माण कार्यको लागि आवश्यक मालसमान ५० प्रतिशतभन्दा बढी भारतमा उत्पादित हुनुपर्ने र भारतमा उत्पादन भएको प्रमाण पेस गरेपछि मात्र भुक्तानी हुने शर्त रहेका छन् । सडक निर्माण कार्यको लागि तयार गरेको संयुक्त उपक्रमको मुख्य साझेदार भारतीय कम्पनी भए पनि नेपाली साझेदारमात्र निर्माण कार्यमा संलग्न रहेको अवस्था छ । निर्माणस्थलमा उपस्थित भई निर्माण कार्यमा संलग्न नहुने मुख्य कम्पनीलाई कारबाही गरेको छैन । नेपाल सरकारले ऋण सम्झौता गर्दा सार्वजनिक खरिद कानुनको प्रावधानलाई समेत ध्यान दिई प्रतिस्पर्धामा समान अवसरको व्यवस्था हुनुपर्दछ ।

७३. **कमसल निर्माण -** डिभिजन सडक कार्यालय, नेपालगञ्जले बबई नदीको जव्दीघाटमा पुल निर्माण कार्य ४२ महिनाभित्र सम्पन्न गर्नेगरी २०६८।३।२२ मा एक निर्माण व्यवसायीसँग रु.१६ करोड ६८ लाखमा खरिद सम्झौता भएकोमा रु.१९ करोड ७५ लाख भुक्तानी भएको छ । पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी २०७३।७।३० सम्म म्याद थप भएकोमा रु.१ करोड ६६ लाख ८० हजार क्षतिपूर्ति असुल गरेको छैन । अधिकांश निर्माण कार्य सम्पन्न भएपछि २०७४।४।२९ मा आएको वाढीले पुलमा क्षति पुऱ्याएकोले निर्माण व्यवसायीलाई उक्त क्षतिको समाधान गरी यथाशीघ्र कार्य सम्पन्न गर्न ताकेता गर्दा पनि काम शुरु गरेको छैन । लेखापरीक्षणको सिलसिलामा २०७४ माघमा स्थलगत अवलोकन गर्दा एक पिलर जमिनमा धस्सिएको र अन्य केही पिलर बाङ्गिएको, केही स्ल्याव छुट्टिएको र पुलको माथिल्लो सतह तल-माथि भई पुल प्रयोग गर्न नहुने अवस्थामा रहेको, निर्माण कार्य सम्पन्न हुनै लागेको पुलमा क्षति हुनुमा सम्बन्धित पदाधिकारी पहिचान गरी जिम्मेवार गराएको पाइएन ।

क्षतिग्रस्त जव्दीघाट पुल, बर्दिया

७४. **दोहोरो नापजाँच** - डिभिजन सडक कार्यालय, ललितपुरले टुंगुन कोरिडोर सडकमा ४१ हजार ६५१.३३७ घन मिटर सडक कटिङ्ग गरेको देखाई निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा सोही चेनेजभित्र सोही निर्माण व्यवसायीलाई १५ हजार ६१३.३७१ घ.मि. कटिङ्ग गरेको देखाई पुनः भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको परिमाणको प्रति घन मिटर रु.१३५।०० का दरले हुने रु.२१ लाख ८ हजार असुल गर्नुपर्दछ ।

७५. **साइट परिवर्तन -** काठमाडौं चक्रपथ सुधार आयोजनाअन्तर्गत ग्वार्को चोकदेखि सातदोबाटोसम्म सर्भिस ट्रयाकमा ढल सहितको कालोपत्रे गर्ने कार्य एक निर्माण व्यवसायीबाट रु.१ करोड ९ लाख ९४ हजारमा गर्ने गरी खरिद सम्झौता भएकोमा म्याद समाप्त भएको २५ महिना व्यतीत भइसके पनि निर्माण कार्य शुरु नै भएको देखिएन । निर्माण व्यवसायीले म्यासनरी वाल निर्माण गर्नुपर्ने ठाउँ नदेखिएको भनी सम्झौता बाहिरको क्षेत्रमा रु.२३ लाख २१ हजारमा पर्खाल लगाउन साईट परिवर्तन गरेको छ । शुरुमा तोकेको क्षेत्रमा निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई कारबाही गर्न सार्वजनिक सूचना प्रकाशन गरेकोमा सोको कार्यान्वयन नगरी निर्माण स्थल परिवर्तन गर्ने निर्णय गर्ने गराउनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

७६. **सडक सीमा अतिक्रमण -** राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अनुसार नेपाल सरकारले २०२१।११।११ मा जोगवनी–धरान सडकको केन्द्र रेखादेखि २५।२५ गज गरी ५० गज राजमार्ग क्षेत्र कायम गरेकोमा पुन: २०३४।३।२० मा ५० मिटर, २०४८।४।१३ मा विराटनगर शहरी क्षेत्रमा १५।१५ मिटर गरी ३० मिटर तथा २०५४।१२।३ मा दुहवी बजार क्षेत्रको ६३० मिटर सडकलाई २७।२७ फिट गरी ५४ फिट सडक सीमा कायम गरेको छ । यसरी सडक सीमा कायम गरे पनि सडक विभागले जग्गाको कित्ताकाट गरी स्वामित्वमा नल्याएका कारण सडकको सीमाङ्कनमा समस्या देखिएको छ । विराटनगर र दुहबी क्षेत्रको करिव १३ कि.मि.सडकको चौडाई घटाएको र करिव १७ कि.मि. सडकमा ५० मिटर नै सीमा कायम रहे तापनि व्यापारिक मार्ग विस्तार आयोजना, सुनसरीले सो स्थानमा ३० मिटरमा सडक निर्माण गर्ने गरी डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गरी निर्माण कार्य चालु रहेको छ । सो सडक खण्डमा १०।१० मिटर गरी २० मिटर सडक विभिन्न व्यक्ति तथा उद्योगले भोगचलन गरिरहेको देखिन्छ । सडकको सीमा मिची निर्माण भएको संरचना यथाशीघ्र हटाई सडक सीमाको संरक्षण हुनुपर्दछ ।

लुम्बिनी चक्रपथ सडक योजनाले लुम्बिनी परिक्रमा सडकको चौडाई २५।२५ मिटर कायम गर्ने गरी सार्वजनिक सूचना प्रकाशन गरेकोमा ६.५।६.५ मिटर कायम गरी निर्माण कार्य गर्ने गरी जग्गा प्राप्ति प्रक्रिया अगाडि बढाएको पाइयो ।

७७. **क्षतिपूर्ति रकम -** डिभिजन सडक कार्यालय, बुटवलअन्तर्गतको बौलाहा खोलाको पुल ट्रकको ठक्करले पूर्ण रुपमा क्षतिग्रस्त भएकोले पुल मर्मत कार्य गर्न लाग्ने सम्पूर्ण खर्च ट्रक धनीले नै व्यहोर्ने सहमति भई रु.९६ लाखको लागत अनुमान तयार गरी ट्रक धनीलाई जानकारी पठाएकोमा रकम प्राप्त भएको छैन । कार्यालयले विशेष परिस्थिति आइपरेको उल्लेख गरी रु.४७ लाख ८४ हजारमा पुल मर्मत गरेकोले ट्रक धनीबाट उक्त रकम असुल गर्नुपर्दछ ।

मध्यपहाडी (पुष्पलाल) लोकमार्ग आयोजना

पाँचथर जिल्लाको चियो भन्ज्याङ्गदेखि बैतडी जिल्लाको झुलाघाटसम्म जोडिने गरी निर्माण हुने लोकमार्गको लम्बाई १ हजार ७७६ कि.मि. रहने अनुमान गरेअनुसार २०६४।६५ बाट निर्माण शुरु भएकोमा २०७४।७५ मा सम्पन्न गर्ने लक्ष्य भएपनि २०७७।७८ मा सम्पन्न गर्ने गरी कार्यतालिका संशोधन भएको छ । आयोजनाको अनुमानित लागत करिब रु.३३ अर्ब ३७ करोड १७ लाख रहेकोमा २०७३।७४ सम्ममा रु.१८ अर्ब २७ करोड ७५ लाख खर्च भएको छ ।

७८. **कार्यक्षेत्र -** आयोजना अन्तर्गतको सडकमध्ये ६२१ कि.मि. अन्य निकायको कार्यक्षेत्रमा परेको छ । आयोजनाले निर्माण गर्ने सडकको चौडाई, जग्गा प्राप्ति, परामर्शदाताको प्रयोगका सम्बन्धमा एकरुपता छैन । सिन्धुली जिल्लाको खुर्कोटदेखि नुवाकोट जिल्लाको पातीभन्ज्याङ्ग खण्डमा ११६ कि.मि. नयाँ रेखांकन भएकोमा १७ कि.मि. मात्र ट्रयाक खुलेको छ ।

आयोजनाको पूर्वीखण्डले लोकमार्ग बाहिरको २८० कि.मि. कोशी कोरिडोर (घुर्मी-चतरा सडक, काबेली-चतरा र लेगुवा- चतरा) सडक निर्माण कार्य गर्न रु.१८ अर्ब ४७ करोड ९१ लाखको लागत अनुमान स्वीकृत गरी खरिद सम्झौता गरेको छ । आयोजनाको रुपमा रेखाङ्कन भएका बाहेक अन्यत्रको सडक यस आयोजनामार्फत निर्माण गर्नु उपयुक्त होइन ।

७९. **विस्तृत आयोजना प्रतिवेदन -** लोकमार्ग अन्तर्गतको १ हजार ७७६ कि.मि. सडक निर्माण गर्न रु.६६ अर्ब ११ करोड ५९ लाख लाग्ने अनुमान भए पनि आयोजनाको एकमुष्ट विस्तृत आयोजना प्रतिवेदन एवं वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत भएको देखिएन । प्रतिवेदन स्वीकृत नगरी आयोजना कार्यान्वयन गर्न मिल्दैन ।

लोकमार्गको रेखाङ्कन शुरुमा काभ्रेपलान्चोक जिल्लाको नेपालथोक-धुलिखेल-पाँचखाल जीरो कि.मि.-पाटी भन्ज्याङ्ग-त्रिशुली-सामरी भन्ज्याङ्ग-गोला भन्ज्याङ्ग-सल्यानटार-आरुघाट-घ्याम्पेसाल-लुइङटेल भन्ज्याङ्ग-पालुङटार-कालीमाटी-कुन्छा-सोतीपसल-भोर्लेटार-वेगनासताल-तालचोक-पोखरा-कास्की रहेकोमा २०७०।५।२६ को नेपाल सरकारको निर्णयबाट पाँचखाल जिरो कि.मि.-सिपाघाट-बाहुनेपाटी-चिलाउनेबेंसी-पाटी भन्ज्याङ्ग-सानो कार्तिके- छहरे-त्रिशूली-सल्यानटार-पालुङटार-भोर्लेटार-पोखरा कायम गरी आयोजनाले विस्तृत सर्वेक्षण गर्दा सिन्धुपाल्चोक जिल्लाको बाहुनेपाटी- पिपलमोड- रिपीनी खोला- भिमटार- कटुन्जेपानी- आम्बोटेखोला-

पचुवारघाट-चौरी खोला-लुभुघाट-राकाथुम-खुर्कोट सिन्धुली कायम गरेको छ । यसप्रकार सडकको रेखांकन परिवर्तन भइरहेकोले निर्माण हुने सडकको लम्बाई, स्थान एवं लागत यकिन हुन सकेको छैन ।

काठमाडौँ दिगो शहरी यातायात आयोजना

८०. **स्वार्थ बाझिएको कार्य**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३८ मा परामर्शदाताले स्वार्थ बझाउन नहुने व्यवस्था छ । आयोजनाअन्तर्गत नियुक्त परामर्शदाताको लागि उपलब्ध गराउने कार्यालय, सवारीसाधन, कार्यालय सञ्चालन, सहायक कर्मचारीको व्यवस्था जस्ता आइटम निर्माण व्यवसायीसँगको सम्झौतामा समावेश गरी ११ औं रनिङ बिलसम्म रु.२ करोड ५९ लाख ७८ हजार भुक्तानी गरेको छ । निर्माण व्यवसायीको कामको सुपरिवेक्षण तथा गुणस्तर कायम गर्ने दायित्व रहेका परामर्शदाताले प्राप्त गर्ने सुविधा निर्माण कार्यको सम्झौतामा राखी निर्माण व्यवसायीमार्फत भुक्तानी गर्ने गरेकोले स्वार्थ बाझिने अवस्था देखियो । यस्तो कार्यमा तालुक निकायले समेत अनुगमन गरी नियन्त्रण गर्नुपर्दछ ।

८१. **स्टिल ट्रस पुल -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५क(२) मा एक पटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्यस्तो संशोधन त्रुटिपूर्ण डिजाइन गरेको कारणले क्षति भएमा डिजाइन तयार गर्ने र जाँच स्वीकृत गर्ने पदाधिकारी र परामर्शदातालाई कारबाही गर्नुपर्ने व्यवस्था छ । आयोजनाअन्तर्गत ढल्को, काठमाडौँमा निर्माणाधीन पैदलयात्री स्टिल ट्रस पुल निर्माण कार्यको लागि रु.२ करोड २९ लाख २१ हजारको लागत अनुमान स्वीकृत गरी रु.१ करोड ८६ लाख ३ हजारमा निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा हालसम्म रु.१ करोड ३४ लाख ७९ हजार भुक्तानी भएको छ । उक्त पुल निर्माणाधीन अवस्थामा भाच्चिएकोले पुलको डेडिकेटेड डिजाइन लोडको परिवर्तन (६ टनबाट २४ टन कायम) गराई भेरिएसन स्वीकृत गरेको छ । पुलमा भएको क्षतिको बीमा रकमबाट पूर्ति गरी बाँकी रकम मात्र भुक्तानी गर्नुपर्दछ ।

८२. **निर्माण कार्य** - आयोजनाबाट विष्णुमती लिंक रोड दक्षिण खण्ड - फलफूल बजारमा सडक निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग खरिद सम्झौता भएकोमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले काम गर्न रोक्का गरेको छ । निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१ करोड ६१ लाख १७ हजार बाँकी रहेको छ । पेस्की जमानतको म्याद र खरिद सम्झौताको म्याद समाप्त भएको छ । उक्त पेस्की रकम असुल गर्नुपर्दछ ।

हुलाकी राजमार्ग आयोजना

तराईका २० जिल्लाअन्तर्गत पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म १ हजार ७९२.४२ कि.मि. सडक तथा उक्त सडक खण्डमा पर्ने अनुमानित १४९ वटा पुल समेत निर्माण गर्ने गरी आयोजना २०६३।६४ मा निर्माण शुरु गरेकोमा रु.४७ अर्ब २४ करोड लागत लाग्ने अनुमान रहेको छ ।

८३. **रेखाङ्कन परिवर्तन:** आयोजना अन्तर्गत निर्माण गरिने सडकको सीमा घटीमा १५।१५ मिटर रहने र पुलको चौडाई ६ मिटर हुने उल्लेख छ । आयोजनाले कन्चनपुर जिल्लास्थित मोहना खोला-डोकेबजार-बेलौरी-बेलडागी-दैजी खण्डमा सडक निर्माण गर्न निर्माण व्यवसायीसँग रु.१ अर्ब १६ करोड ४६ लाख ५२ हजारमा खरिद सम्झौता गरेको छ । खरिद सम्झौता भइसकेपछि मन्त्रीस्तरको २०६९।२।२४ को निर्णयबाट कञ्चनपुर बोर्डर-कजगाउँ-दोधाराको सट्टा साविकको सिँचाइ नहरको सर्भिस रोडलाई कायम गरेको देखिन्छ । रेखाङ्कन परिवर्तन गर्दा हुलाकी राजमार्गको मापदण्ड पूरा नहुने र साविक एलाइन्मेण्टमा निर्माण भइसकेका संरचनाको उपयोगका सम्बन्धमा यकिन गरेको पाइएन ।

८४. **मुआवजा वितरण**: हुलाकी राजमार्ग योजना, धनगढीबाट संचालित लम्की-टिकापुर-खकौला- सति-भजनी-धनगढी सडक खण्डका ९ जगाधनीले जग्गाको मूल्याङ्कन कम भएको भनी मुआवजा वुझ्न नमानेकोले शुरु मूल्याङ्कनको शतप्रतिशतभन्दा बढी हुने गरी पुन: मूल्याङ्कन गरी भुक्तानी गर्दा शुरु मूल्याङ्कनभन्दा रु.२ करोड ४३ लाख ७५ हजार बढी भुक्तानी भएको छ । यसरी भुक्तानी गरेकोमा रु.२१ लाख २४ हजार पुँजीगत लाभ कर असुल गरेको देखिएन । एकै प्रकृतिको जग्गामा दुई महिनाको अवधिमा शतप्रतिशतभन्दा बढी हुने गरी पुन: मूल्याङ्कन गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

आयोजना निर्देशनालय (ए.डी.बी.)

एसियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोगअन्तर्गत सञ्चालित यस निर्देशनालयले सासेक रोड कनेक्टीभिटी कार्यक्रममा ६, उपक्षेत्रीय यातायात अभिवृद्धि कार्यक्रममा ३, राष्ट्रिय पुर्नर्निमाण कोषबाट ३ र सार्क रोड सुधार कार्यक्रममा ३ सडक खण्डको निर्माण कार्य गर्दै आएको छ ।

८५. **प्रगति स्थितिः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ मा तालुक निकायले सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी समीक्षा गर्नुपर्ने व्यवस्था छ । नदाहा-कोशीपुल-चतरा सडक योजनाको अवधि ९२.२७ प्रतिशत समाप्त भएकोमा ६९.१७ प्रतिशत, हलेसी दिक्तेल सडक योजना-०१ को अवधि समाप्त भएकोमा ५७.६२ प्रतिशत, हलेसी दिक्तेल सडक योजना-०२ को अवधि समाप्त भएकोमा ५१.३३ प्रतिशत, हलेसी दिक्तेल सडक योजना-०३ को अवधि समाप्त भएकोमा ५१.३५ प्रतिशत र दोलखा सिगटी सडकको अवधि ४६ प्रतिशत समाप्त भएकोमा ११.८४ प्रतिशत मात्र भौतिक प्रगति भएको देखियो । लक्ष्य बमोजिम प्रगति हुन नसक्नाको कारण पत्ता लगाई सुधार हुनुपर्दछ ।

८६. **थप पेस्की -** खरिद सम्झौतामा १५ प्रतिशत पेस्की दिन सकिनेमध्ये सम्झौता भएपछि प्रथम किस्ताबापत ७.५ प्रतिशत र दोस्रो किस्ता न्यूनतम १० प्रतिशत भौतिक प्रगति हासिल गरेपछि दिने व्यवस्था रहेकोमा आरुघाट-गोरखा सडक योजनाले निर्माण व्यवसायीलाई भौतिक प्रगति नभएको अवस्थामा दोस्रो किस्ताबापत रु.४ करोड ६ लाख ८ हजार पेस्की दिएको छ । सम्झौता विपरीत पेस्की दिने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८७. **स्वामित्व र क्षतिपूर्ति -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३ मा नेपाल सरकारलाई आवश्यक पर्ने जग्गा अधिग्रहण गर्नु परेमा समिति गठन गरी गर्नुपर्ने व्यवस्था छ ।

नदहा-कोशीपुल-चतरा सडक खण्डको ऐलानी (पर्ती) जग्गामा वनाएको घर लगायतका १४० संरचना सम्बन्धित व्यक्तिले नै भत्काई लैजाने गरी गत वर्ष रु.४ करोड ७० लाख २८ हजार र यो वर्ष रु.५ करोड ६ लाख ५७ हजार मुआवजा तथा क्षतिपूर्ति भुक्तानी गरेकोमा मुआवजा दिएको जग्गाको स्वामित्व नेपाल सरकारमा प्राप्त भएको छैन । सार्वजनिक जग्गामा निर्मित संरचनाको क्षतिपूर्ति रु.५८ लाख ८५ हजार भुक्तानी गरेको छ । सडक विस्तारको लागि सार्वजनिक र पर्ती जग्गामा बनाएको संरचनाको क्षतिपूर्ति दिने र जग्गाको स्वामित्व प्राप्त नगरी मुआवजा भुक्तानी दिने कार्य नियमसम्मत देखिएन । जग्गाको स्वामित्व प्राप्त गर्नुपर्दछ ।

८८. **बिल भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रनिङ बिल भुक्तानी गर्दा कामको नापजाँच गरी नापी किताबमा चढाएको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।

८८.१. हलेसी-दिक्तेल सडक खण्डको एक निर्माण व्यवसायीलाई सातौं बिलबाट साधारण माटो काट्ने कामको रकम भुक्तानी गरेकोमा आठौं बिलमा सो कामको परिमाणलाई कडा चट्टानमा परिणत गरी भुक्तानी गरेका कारण रु.१४ लाख १७ हजार बढी भुक्तानी भएको र आठौं बिलमा अर्को एक आइटममा सम्झौतामा उल्लिखित दर भन्दा बढी दररेटले रु.१४ लाख ८२ हजार गरी बढी भुक्तानी भएको रु.२८ लाख ९९ हजार असुल हुनुपर्दछ ।

८८.२. नदाहा-कोशीपुल-चतरा सडक योजनाका निर्माण व्यवसायीलाई नापी विवरणमा समावेश गरी भुक्तानी गरेको परिमाणलाई फरक चेनेज उल्लेख गरी पुनः भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको रु.१९ लाख १ हजार असुल हुनुपर्दछ ।

८८.३. नदाहा-कोशीपूल चतरा सडक योजनाका निर्माण व्यवसायीलाई दुई रनिङ बिलको रु.४ करोड ८५ लाख ८३ हजार भुक्तानी गरेकोमा निर्माण व्यवसायीले १० अगष्ट २०१६ सम्म गरेको कामको रु.६८ लाख ७ हजार समेत समावेश उक्त बिलमा छ । अघिल्लो बिलबाट भुक्तानी भैसकेको रकममध्ये रु.६३ लाख २५ हजार पुनः एघारौं बिलमा समावेश गरी भुक्तानी दिएकोले दोहोरो भुक्तानी भएको रु.७३ लाख ४७ हजार असुल हुनुपर्दछ ।

८९. **प्रोभिजनल समबाट भुक्तानी -** खरिद सम्झौतामा प्रोभिजनल सममा व्यवस्था भएको रकमबाट शोधभर्ना भुक्तानी दिँदा खर्च पुष्टि हुने सक्कल बिल बीजक पेस हुनुपर्ने व्यवस्था भएपनि नदाहा-कोशीपुल-चतरा सडक योजनाका एक निर्माण व्यवसायीले नेपाल विद्युत प्राधिकरणका तीन कार्यालयको खातामा जम्मा गरेको आधारमा रु.१ करोड ४३ लाख ३७ हजार शोधभर्ना भुक्तानी दिएको छ । सोमध्ये एक कार्यालयको खातामा

जम्मा गरेको रु.१ करोड ९ लाख २४ हजारमध्ये रु.८७ लाख ३९ हजार खर्चको बिल भरपाई पेस भएकोले बाँकी रु.२१ लाख ८५ हजार असुल गर्नुपर्दछ ।

रेल विभाग

मेची महाकाली विद्युतीय रेलमार्ग र काठमाडौँ उपत्यकामा मेट्रो रेल मार्ग निर्माण कार्यलाई राष्ट्रिय गौरवको आयोजना घोषणा गरी रेल सेवाको विकास र विस्तार गरी सुरक्षित, सुलभ र भरपर्दो रेल यातायात प्रणालीको विकास गर्ने उद्देश्यले २०६८ आषाढमा रेल विभागको स्थापना भएको देखिन्छ । आगामी ५ वर्षभित्र ७५० कि.मि. र १० वर्षभित्र १ हजार ५०० कि.मी. रेल मार्ग निर्माण गर्ने २० वर्षे दीर्घकालीन लक्ष्य राखेको छ ।

९०. **न्यून प्रगति -** मेची–महाकाली विद्युतीय रेलमार्ग रु.६ खर्ब ९४ अर्ब ६७ करोडको लागतमा सन् २०१८।१९ मा सम्पन्न गर्ने लक्ष्य भएपनि सन् २०२२।२३ मा सम्पन्न गर्ने गरी संशोधन भएको छ । आयोजनाको कूल अवधि १३ वर्षमध्ये ७ वर्ष (५४ प्रतिशत) समाप्त भइसकेकोमा यो वर्ष रु.६ अर्ब ८४ करोड ५५ लाख ३४ हजार खर्च भई कुल लक्ष्यको तुलनामा ८.७८ प्रतिशत मात्र भौतिक प्रगति भएकोले लक्षित अवधिमा आयोजना सम्पन्न हुने देखिँदैन । लक्ष्य अनुसार प्रगति हासिल गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

९१. **जनशक्ति -** विभागमा कार्यरत प्राविधिकहरुबाट उच्च गतिको विद्युतीय रेल निर्माण, सञ्चालन गर्न तथा विदेशी परामर्शदाताबाट तयार गरेको विस्तृत आयोजना प्रतिवेदनको विश्वसनीयता तथा यथार्थताको जाँच/परीक्षण गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ । रेल विभागको वर्तमान संगठन संरचना, स्रोत व्यवस्थापन र रेलमार्ग निर्माण तथा सञ्चालनको लागि आवश्यक दक्ष जनशक्तिको अवस्थाअनुसार कार्य सम्पादन गर्दा रेलमार्गको निर्माण र सञ्चालनको लक्ष्य पुरा हुने अवस्था देखिँदैन ।

९२. **मूल्य समायोजन -** निर्माण व्यवसायीसँग भएको सम्झौताको दफा ४५ मा मूल्य समायोजन रकम भुक्तानी गर्दा काम भएको १ महिना अगाडिको मूल्य सूचीको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख भए तापनि बीमा गरेको २६ महिनापछिसम्मको मूल्य सूची प्रयोग गरी रु.८१ लाख ५२ हजार मूल्य समायोजन भुक्तानी गरेको नियमसम्मत देखिएन । साथै दुई निर्माण व्यवसायीलाई भेरियसन आदेशबाट नयाँ दर कायम गरी भुक्तानी गरेकोमा भेरियसन आदेश जारी गरेको मितिभन्दा अगाडिको अवधिको मूल्यसूची प्रयोग गरी मूल्य समायोजन रकम गणना गर्दा रु.१७ लाख २४ हजार बढी भुक्तानी भएको छ । उक्त रकम असुल हुनुपर्दछ

यातायात व्यवस्था विभाग

सवारी तथा यातायातको कार्य व्यवस्थित रुपले सञ्चालन गर्न बनेको राष्ट्रिय यातायात व्यवस्था ऐन, २०२६ बमोजिम २०४१ बैशाखमा यस विभागको स्थापना भएको हो ।

सवारीसाधन	२०४६।४७ सम्म	२०७३।७४ सम्म
बस/ट्रक	३९७८	४६३४६
मिनिबस/मिनिट्रक	२०६४	२३६२२
क्रेन/डोजर/एक्साभेटर	६५३२	७८२५७
कार/जीप/भ्यान	२१३५०	२१३३२०
पिक अप		४५६३१
माइक्रोबस		५७२४
टेम्पो	२३५९	२९४६३
मोटरसाइकल	३४५७६	२१८९०९९
ट्रेक्टर, पावर टेलर	५४१७	१३०५६६
ई रिक्सा		१४१४१
अन्य	१०२	७२५९
जम्मा	**७६३७८**	**२७८३४२८**

९३. **दर्ता र अभिलेख:** विभागबाट प्राप्त बिवरण अनुसार यो वर्षसम्म मातहतका कार्यालयमा २७ लाख ८३ हजार ४२८ सवारीसाधन दर्ता भएको र सोमध्ये वाग्मती अञ्चलमा मात्र १० लाख ४२ हजार ८५६ रहेको देखिन्छ । विभागले प्रकाशन गरेको सवारी दर्ता संख्याको बिवरण अनुसार २०४६।४७ सम्म ७६ हजार ३७८ सवारीसाधन दर्ता भएकोमा यो वर्षसम्म ३ हजार ६४४ प्रतिशत थप भएको छ । २०६७६८ को तुलनामा यो वर्षसम्म १३६ प्रतिशतले वृद्धि भएको छ ।

सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ६ मा एक कार्यालयको कार्यक्षेत्रमा दर्ता भएको सवारी अर्को कार्य क्षेत्रमा चलाउनु परेमा सरुवा दर्ताको निवेदन दिनुपर्ने व्यवस्था छ । यसरी निवेदन प्राप्त भएपछि

सरुवा दर्ता गरी सोको जानकारी शुरु दर्ता कार्यालयलाई दिनुपर्ने र जानकारी प्राप्त भएपछि लगत कट्टा गर्नुपर्ने व्यवस्था भएपनि सरुवा दर्ता गर्ने कार्यालयले जानकारी दिने नगरेकोले सवारीसाधन दर्ताको अभिलेख अद्यावधिक रहेको देखिएन । एउटै सवारीसाधनको अभिलेख एकभन्दा बढी कार्यालयमा रही वास्तविकभन्दा बढी सवारीसाधन दर्ता भएको देखिने अवस्था छ । यसबाट विभागले प्रकाशित गरेको सवारीसाधनको संख्या यथार्थपरक रहेको छैन । विभागले दर्ता, नवीकरण र सरुवा दर्ताको अभिलेख अद्यावधिक राख्नु पर्दछ ।

९४. **सवारी चालक अनुमति -** यातायात व्यवस्था निर्देशिका, २०६० को दफा १४.५ मा नयाँ चालक अनुमति पत्रको लागि निवेदन प्राप्त भएपछि ७ दिनभित्र परीक्षा लिई १५ दिनभित्र सवारी चालक अनुमति पत्र प्रदान गर्नुपर्ने व्यवस्था छ । काठमाडौँ उपत्यका भित्र प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन भएको लामो समयसम्म पनि सवारी चालक अनुमति पत्र प्राप्त गर्न सकेको देखिएन । यसबाट सर्वसाधारण नागरिकलाई अनावश्यक खर्च, झन्झट र हैरानी भएको देखिन्छ । निर्धारित समयावधिभित्रै सवारी चालक अनुमति पत्र प्रदान गर्ने व्यवस्था हुनुपर्दछ ।

९४.१. सोही निर्देशिकाको दफा १४.५ मा सम्पूर्ण कागजात सहितको नयाँ चालक अनुमति पत्रको लागि निवेदन दर्ता भएको ७ दिनभित्र परीक्षा हुने गरी परीक्षाको मिति र समय तोकी प्रशिक्षार्थीलाई प्रवेशपत्र दिने, लिखित परीक्षाको नतिजा भोलिपल्ट निकाली १ हप्ताभित्र चालक अनुमति पत्र दिई पठाउनु पर्ने उल्लेख भएकोले समग्रमा १५ दिनभित्र सम्बन्धित निवेदकलाई सवारी चालक अनुमति पत्र प्रदान गरिसक्नुपर्ने व्यवस्था रहेको देखिन्छ । काठमाडौँ उपत्यकाभित्र प्रयोगात्मक परीक्षाको नतिजा प्रकाशन भएको ५ देखि ६ महिनापछि मात्र सेवाग्राहीले सवारी चालक अनुमति पत्र प्राप्त गर्ने गरेको बुझियो । समयमा स्मार्ट कार्ड छपाइ हुन नसकेको कारण ढिलाइ भएको उल्लेख गरेपनि समयमा छपाइ गरी निर्धारित समयावधि (१५ दिनभित्रै) सवारी चालक अनुमति पत्र प्रदान गर्ने व्यवस्था हुनुपर्दछ । यसबाट विभाग र मातहतका कार्यालयको सेवा प्रवाहमा अत्यधिक गुनासो रहेकोले सेवा प्रवाह सन्तोषजनक छैन ।

९५. **इम्बोस्ड नम्बर प्लेट -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा नियमावली, २०५४ को नियम ४ मा सवारीसाधनमा राख्ने नम्बर प्लेट इम्बोस्ड जडान गरिएको हुनुपर्ने प्रावधान छ । अर्थ मन्त्रालयले २०७२।२।२५ मा नम्बर प्लेट प्रतिस्पर्धात्मक विधिले खरिद गर्ने र प्रतिस्पर्धाबाट कायम मूल्य उपभोक्ताबाट लिने भएकोले आर्थिक दायित्व नपर्ने गरी सहमति प्रदान गरेको देखिन्छ । विभागले प्रति सवारीसाधनको लागि अमेरिकी डलर १८ का दरले अमेरिकी डलर ४ करोड ४९ लाख ९९ हजारको लागत अनुमान स्वीकृत गरी अन्तर्राष्ट्रिय बोलपत्र प्रक्रियाबाट अमेरिका र बंगलादेशका व्यवसायीको संयुक्त उपक्रमको बोलपत्रदाताको अमेरिकी डलर ३ करोड ८७ लाख ५० हजारको प्रस्ताव स्वीकृत गरी खरिद सम्झौता गरेको छ । उक्त सम्झौतामा सम्पूर्ण लगानी बोलपत्रदाताले गरी अन्तिम उत्पादनका रुपमा विभागलाई आपूर्ति गरेपछि सेवाग्राहीबाट उठेको रकमबाट ३० दिनभित्र भुक्तानी गर्ने व्यवस्था छ । विभागले यो वर्ष आपूर्तिकर्ता कम्पनीले आयात गरेको मेसिन तथा उपकरण, प्लेट लगायतका विभिन्न सामग्रीमा लागेको भन्सार महसूल रु.२ करोड ९४ लाख १ हजार, दस्तुर रु.११ हजार र मूल्य अभिवृद्धि कर रु.५ करोड २ लाख ४१ हजार समेत रु.७ करोड ९६ लाख ५३ हजार भन्सार कार्यालयलाई भुक्तानी दिएको छ । प्रस्तुत खरिद कार्यमा नेपाल सरकारलाई आर्थिक भार नपर्ने तथा आपूर्तिकर्ता कम्पनीले नम्बर प्लेट जडान गरेपछि प्राप्त राजस्वको आधारमा भुक्तानी गरिने व्यवस्था भएकोले विभागले भुक्तानी गरेको रु.७ करोड ९६ लाख ५३ हजार असुल हुनुपर्दछ ।

९६. **परामर्श सेवा -** सवारी चालक अनुमतिपत्र तथा सवारीसाधन दर्ता, नवीकरणको लागि दुई परामर्शदातासँग २०६९ मा सम्झौता भएकोमा प्रत्येक वर्ष सेवा अवधि थप गर्दै आएको र सम्झौता अवधि दुई पटक थप गरी ती परामर्शदातालाई यो वर्ष रु.३ करोड ८० लाख १७ हजार भुक्तानी गरेको छ । सवारीसाधनसँग सम्बन्धित कार्यको लागि भी.आर.एस. सफ्टवेयरको निर्माण गरी सवारीसाधन दर्ता, नवीकरण लगायतका ११ कार्य गर्ने गरी ६ महिनाको लागि खरिद सम्झौता नवीकरण गर्दा एकाउण्ट बिल ७ लाख थान प्रिन्ट हुने र प्रति बिल प्रिन्ट खर्च रु.३।५३ का दरले भुक्तानी गर्ने व्यवस्था रहेको छ । विभागले यो वर्ष ४ कार्यका लागि सम्झौता नवीकरण गरेकोमध्ये २०७३ श्रावणदेखि पौषसम्म १६ लाख ८१ हजार र २०७३ माघदेखि २०७४ आषाढसम्म २७ लाख गरी ४३ लाख ८१ हजार थान बिल प्रिन्ट हुने उल्लेख छ । तर परामर्शदातालाई यो वर्ष ५७ लाख ९७ हजार बिलको रु.२ करोड ३१ लाख २२ हजार भुक्तानी गरेको छ । परामर्शदाताले सम्झौता अनुसार चार कार्यको एउटै बिल प्रिन्ट गर्नुपर्नेमा छुट्टाछुट्टै बिल प्रिन्ट गरी बढी बिलको रकम दावी गरी भुक्तानी लिएको

देखिन्छ । परामर्शदातालाई फाइदा हुने गरी राजस्व शीर्षक अनुसार अलग अलग बिल जारी गरेको देखिएकाले यस सम्बन्धमा छानबिन गरी परामर्शदातालाई बढी भुक्तानी भएको रु.४९ लाख ९७ हजार असुल गर्नुपर्दछ ।

९७. **बढी बिल जारी** - विभागले मातहतका सबै कार्यालयलाई भी.आर.एस. र डी.एल.आर.एस.को तथ्याङ्क प्रिन्ट गर्न ई-बिल ४२ लाख ६४ हजार सेट पठाएकोमा एक परामर्शदातालाई ५७ लाख ६३ हजार ४४० सेटको रु.२ करोड ३ लाख ४५ हजार र अर्को परामर्शदातालाई १० लाख २१ हजार ५८१ सेटको रु.१९ लाख ३१ हजार समेत ६७ लाख ८५ हजार २१ सेट ई–बिल प्रिन्ट गरेको देखाइ रु.२ करोड २२ लाख ७६ हजार भुक्तानी दिएको छ । यसरी प्रिन्ट गरेका बिल विभागले मातहतका कार्यालयलाई पठाएको संख्याभन्दा २५ लाख २१ हजार २१ सेट बढी देखिएकोले रु.१ करोड ५६ हजार बढी भुक्तानी भएको छ । बढी भुक्तानी दिनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

९८. **अनुमति पत्रको म्याद -** सवारी तथा यातायात व्यवस्था ऐन,२०४९ को दफा ५४(३) मा सवारी चालक अनुमतिपत्र दिएको मितिले ५ वर्षसम्म बहाल रहने उल्लेख छ । सवारी चालक अनुमतिपत्रको लागि हाल स्मार्ट कार्ड प्रचलनमा ल्याई ५ वर्षको म्याद राखी वितरण हुँदै आएको छ । स्मार्ट कार्डको वारेण्टी अवधि १० वर्ष रहेको र प्रति स्मार्ट कार्ड लागत रु.१७३।२९ रहेको आधारमा यो वर्ष वितरण भएका २ लाख १८ हजार स्मार्ट कार्डको म्याद १० वर्ष कायम गरेको भए कार्ड खरिद लागतमा मात्र रु.१ करोड ८८ लाख ८७ हजार वचत हुने तथा सेवाग्राहीलाई सुविधा हुने देखिन्छ । अत: कानुनमा संशोधन गरी वारेण्टी अवधि अनुसार १० वर्ष म्याद भएको सवारी चालक अनुमति पत्र (स्मार्ट कार्ड) वितरण गर्ने व्यवस्था भएमा सेवाग्राहीलाई सुविधा हुने तथा कार्ड खरिद र छपाइमा समेत मितव्ययिता आउने देखिन्छ ।

९९. **यातायात सेवाको पञ्जीकरण -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९३ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ४४ मा यातायात सेवा सञ्चालन गर्न चाहने सवारी धनी वा व्यवस्थापकले यातायात सेवाको नाम पञ्जीकृत गर्नुपर्ने व्यवस्था भएपनि हालसम्म ९८ मात्र पञ्जीकृत भएको देखिन्छ । यातायात सेवा सञ्चालनलाई व्यवस्थित बनाउन सबै यातायात सेवाको पञ्जीकरण हुनुपर्दछ ।

१००. **एकाधिकार -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६८ मा सार्वजनिक सवारीलाई चक्रीय प्रणालीअन्तर्गत यातायात सेवा सञ्चालन गर्न इजाजतपत्र प्रदान नगरिने व्यवस्था छ । यातायात व्यवस्था कार्यालय, वाग्मतीबाट काठमाडौँ-जिरी, काठमाडौँ-चौतारा, काठमाडौँ-त्रिशूलीलगायत १६ रुटको प्राप्त विवरण परीक्षण गर्दा चक्रपथ परिक्रमा र लगनखेल रत्नपार्क बाहेक काठमाडौँ उपत्यकाका रुटहरुमा एक मात्र यातायात समिति वा व्यवसायीबाट सवारीसाधन सञ्चालन हुनुले यातायात प्रणालीमा रहेको दृश्य एकाधिकार (सिण्डिकेट) को अवस्थालाई दर्शाउँछ । काठमाडौँ उपत्यका लगायत अन्य स्थानमा समेत सार्वजनिक यातायात/आवागमन व्यवस्थित, सहज, सुलभ र प्रभावकारी बनाइनुपर्दछ ।

१०१. **राजस्व मस्यौट -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा नगदी जिन्सी दाखिला र लेखा राख्ने व्यवस्था रहेको छ । यातायात व्यवस्था कार्यालय (सवारी), कोशीले राजस्व आम्दानी र दाखिलाको लेखा परामर्शदाताले तयार गरेको सफ्टवेयरमा राखेको जनाई म्यानुअल रुपमा लेखा राखेको छैन । कार्यालयले सफ्टवेयरमा राखेको नगदी रसिद, खाता एवं बिवरण प्रमाणित गरेको छैन । कार्यालयबाट प्राप्त विवरण अनुसार २०७३/७४ मा रु.१ अर्ब २५ करोड ७ लाख राजस्व संकलन भएकोमा दुई बैङ्कमा रु.८७ करोड ७३ लाख मात्र दाखिला भई रु.३७ करोड ३३ लाख दाखिला भएको छैन । सो असुलीका अतिरिक्त पटके इजाजत तथा भारवहनको असुली रु.१९ लाख समेत रु.३७ करोड ५२ लाख सवारी दर्ता सफ्टवेयरले देखाएको आम्दानी भन्दा बैङ्क दाखिला घटी देखिएको छ । त्यस्तै बैङ्कमा दाखिला नगरेको रकममध्ये २०७४।१।६ देखि २०७४।१।२४ सम्मको रु.१ करोड ८५ लाखको ई–रसिद रद्द गर्न बाँकी रहेको उल्लेख गरेपनि हालसम्म रद्द सम्बन्धी निर्णय भएको छैन । यसका अतिरिक्त २०७२।७३ मा रु.८४ करोड १९ लाख राजस्व असुली भएकोमा रु.६० करोड ९ लाख मात्र दाखिला भई रु.२४ करोड १० लाख दाखिला भएको छैन । संकलित राजस्व भन्दा कम दाखिला भएको रु.६१ करोड ६२ लाख र आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) बमोजिम लाग्ने जरिबानासहित उक्त रकम जिम्मेवार व्यक्तिबाट असुल हुनुपर्दछ ।

यातायात व्यवस्था कार्यालय (सवारी), कोशीले २०७३ श्रावणदेखि चैत्रसम्मको राजस्व लेखा सम्बन्धी कागजात पेस नगरेकाले उक्त अवधिको राजस्व सम्बन्धी कारोबारको यथार्थका सम्बन्धमा राय व्यक्त गर्न सकिएन ।

१०२. **अस्थायी इजाजत दस्तुरः** सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ३२ मा सवारी धनी वा व्यवस्थापकले दस्तुर तिरी पटके इजाजत लिन सक्ने व्यवस्था छ ।

१०२.१. यातायात व्यवस्था कार्यालय, कोशीको अभिलेखअनुसार पटके इजाजतबाट गत वर्ष रु.१० लाख र यो वर्ष रु.१५ लाख राजस्व असुल गरेको देखिन्छ । कार्यालयले अस्थायी इजाजतको लागि ४ श्रेणीबिहीन कर्मचारीलाई खटाई दस्तुर असुल गर्ने गरेको छ । यसरी असुल हुने रकम विभागले प्रयोगमा ल्याएको सवारी दर्ता सफ्टवेयरमा अभिलेख हुने व्यवस्था छैन । राजस्व रकम तोकिएको ढाँचामा लेखा नराखेकोले यथार्थपरक रहेको छैन । कार्यालयले अस्थायी सडक इजाजतपत्र प्रयोजनको लागि गत वर्षको जिम्मेवारीसमेत ५८५ ठेली नगदी रसिदमध्ये ५४७ ठेली प्रयोग भएको देखाएकोमा ३९० ठेलीबाट रु.५२ लाख आम्दानी गरेको छ । यो वर्ष बुझेको १८५ ठेली रसिद लेखापरीक्षणमा पेस भएन । कार्यालयले प्राप्त गरेको रु.५२ लाखमध्ये रु.१८ लाख मात्र राजस्व खातामा दाखिला भई रु.३४ लाख दाखिला भएको छैन । दाखिला नभएको रु.३४ लाख र पेस नभएका नगदी रसिद १८५ ठेलीबाट प्राप्त रकम यकिन गरी जिम्मेवार कर्मचारीबाट जरिबाना सहित असुल हुनुपर्दछ ।

१०२.२. यातायात व्यवस्था कार्यालय, वीरगन्जले नेपाली गाडीको लागि ९९६ र भारतीय गाडीको लागि १५० ठेली नगदी रसिद प्रयोग गरेकोमध्ये नेपालीतर्फको ६८६ र भारतीय गाडीतर्फको ११३ समेत ७९९ ठेली रसिद लेखापरीक्षणको लागि पेस नभएकाले सो ठेलीबाट संकलन भएको राजस्वका सम्बन्धमा छानबिन गरी जिम्मेवार कर्मचारीबाट असुल गर्नुपर्दछ ।

१०३. **अनुमतिपत्र दस्तुर** - विभागले कार्यान्वयनमा ल्याएको सवारी चालक अनुमतिपत्र अभिलेख प्रणाली सम्बन्धी सफ्टवेयरले गरेको कम्प्युटर प्रिन्टमा दर्ता एवं बिल नम्बर, सेवाग्राहीको नाम, क्याटेगोरी र रकममात्र उल्लेख हुने तर दर्ता नम्बर र बिल नम्बर सिलसिलेबार रुपमा नआउने, एकै बिल नम्बरबाट एक भन्दा बढी व्यक्तिको नामबाट रसिद जारी हुने, विवरणमा बैङ्क भौचर नम्बर र मिति उल्लेख नहुने भएकाले एक दिनमा जारी भएका बिल र उक्त बिलबाट सफ्टवयेरमा प्रविष्ट रकम सम्बन्धमा यकिन गर्न सकिने अवस्था छैन । प्रविष्टी भएको प्रत्येक राजस्व कारोवारको सिलसिलेबार रुपमा मिति र बिल नं. जारी हुने व्यवस्था गरी राजस्व हिनामिना हुन सक्ने जोखिमलाई न्यून गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।

१०४. **सवारी परीक्षण केन्द्र -** सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा भएको व्यवस्था अनुसार सवारी परीक्षण केन्द्र स्थापना भई १४ कर्मचारीको दरबन्दी स्वीकृति भएकोमा ८ जना कार्यरत रहेको देखिन्छ । सो केन्द्रको कार्यक्षेत्रमा विभिन्न दुईपाँग्रे, तीनपाँग्रे तथा चारपाँग्रे विद्युतीय तथा नेपालमा एसेम्बल भएका सवारीको रोड वर्थिनेस परीक्षण गर्ने, रात्रि सेवामा सञ्चालन हुने बस तथा डिलक्स, सुपरडिलक्स, नर्मल सवारीको मापदण्ड अनुसार प्राविधिक निरीक्षण गरी यातायात व्यवस्था विभागमा पठाउने, लामो दूरी (२५० कि.मि.भन्दा बढी) को बाटो ईजाजत लिई काठमाडौँ उपत्यका प्रवेश गर्ने सबै बस, मिनिबस, माइक्रोबस र वाग्मती अञ्चलबाट बाटो ईजाजत लिई काठमाडौँ उपत्यकामा सञ्चालन भएका माइक्रोबसको जाँचपास गर्ने रहेकोमा सो अनुसार कार्य गरेको देखिएन ।

केन्द्रमा विभागबाट १९ प्रकारका रु.१ करोड ९१ लाख ९३ हजारका उपकरणहरु जडान गरेको तथा रु.१ करोड ७३ लाख ६ हजार खर्च भए पनि सवारीसाधनको परीक्षण गर्न नसकेको, मेसिन तथा उपकरणको प्रयोग नभएको, पर्याप्त दक्ष जनशक्ति नभएकोले कार्यालय स्थापना गर्नुको औचित्य पुष्टि हुन सकेको छैन ।

संगठित संस्था

सडक बोर्ड नेपाल

सडकको नियमित, पटके, आवधिक तथा आकस्मिक मर्मत सम्भार गर्न तथा सडकमा चल्ने सवारीसाधनहरुमा दस्तुर लगाई उठाउने व्यवस्था गर्न सडक बोर्ड ऐन, २०५८ बमोजिम २०५९।३।२४ मा सडक बोर्डको स्थापना भएको हो ।

१०५. **कार्यसम्पादन स्थिति** - सडक बोर्ड ऐन, २०५८ को दफा ५ मा बोर्डका काम, कर्तव्य र अधिकार तोकिएको छ । बोर्डले सडक उपभोग गरेबापतको दस्तुर, सवारीसाधनमा प्रयोग हुने इन्धनमा लगाएको दस्तुर, सवारी दर्ता प्रमाणपत्रमा लगाएको दस्तुर र विदेशमा दर्ता भएका नेपाल राज्यभित्र प्रवेश गर्ने सवारीसाधनमा

लगाएको दस्तुर उठाउन सकेको छैन । बोर्डले सडक मर्मत सम्भार सम्बन्धी गुणस्तर तोक्ने, सडक मर्मत सम्भार कार्यको सुपरीवेक्षण गर्ने, सबै सडक बोर्डको कार्यक्षेत्रमा पार्ने, सडक र पुलको सूची तथा डाटावेस तयार गर्ने, सडकको वर्गीकरण गर्ने र सडक मर्मत तथा सम्भारको लागि नर्म्स तथा मापदण्ड निर्धारण गरी प्रकाशन गर्ने जस्ता कार्य सम्पादन गर्न सकेको छैन । अतः समस्त कार्य सम्पादन हुने गरी बोर्डको पुनर्संरचना हुनुपर्दछ ।

१०६. **बढी खर्च** - सडक मर्मत गर्न रकम उपलब्ध गराएका निकायमध्ये ३ कार्यालयले निकासाभन्दा रु.१ करोड ३३ लाख ६३ हजार बढी खर्च गरेको देखिएकाले बढी खर्च गर्ने निकायका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०७. **दस्तुर सङ्कलन** - सडक बोर्डले औसत वार्षिक रुपमा कम्तीमा प्रतिदिन ९०० सवारीसाधन चल्ने सडकमध्येबाट उपयुक्त देखिएको सडक छनौट गरी दस्तुर लगाउन नेपाल सरकारलाई सिफारिस गर्ने व्यवस्था रहेको छ । सडक विभागबाट प्रकाशित सडक डायरी, २०७३।७४ मा औसत दैनिक ९०० भन्दा बढी सवारीसाधन चल्ने १२८ स्टेशन रहेका छन् । नेपाल सरकारबाट राजपत्रमा प्रकाशित सूचना अनुसार ११ सडक खण्डमा दस्तुर उठाउन सक्ने अधिकार पाएको भएपनि बोर्डले चार सडक खण्डबाट दस्तुर सङ्कलन गरेको पाइयो । सम्भाव्य र अधिकार पाएका सबै खण्डमा दस्तुर संकलन गर्नुपर्दछ ।

१०८. **कर असुली** - मूल्य अभिवृद्धि कर, २०५२ को दफा १५(३) मा सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने व्यवस्था छ । बोर्डले सडक दस्तुर बापतको रकम असुल गर्दा १३ प्रतिशतले हुने मूल्य अभिवृद्धि कर रु.१ करोड २३ लाख ९७ हजार असुल नगरेकोले असुल गरी दाखिला गर्नुपर्दछ ।

१०९. **बोर्ड संरचना -** सडक बोर्ड ऐन, २०५८ को दफा ३(८) बमोजिम बोर्डको कार्यकारी समितिमा १३ सदस्य रहेका छन् । बोर्डमा १७ कर्मचारी दरबन्दी स्वीकृत भएतापनि १४ कार्यरत रहेको देखिन्छ । नेपाल सरकारले स्वायत्त संस्थाको सञ्चालक समितिमा बढीमा ५ सदस्य राख्ने नीति लिएपनि सो अनुसार बोर्डको ऐन संशोधन भएको छैन । कार्यकारी समितिका सदस्य संख्यालाई उपयुक्त संख्यामा कायम गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।

११०. **बढी पेस्की -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात् निर्माण व्यवसायीलाई अग्रिम बैङ्क जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेस्की दिन सक्ने उल्लेख छ । बोर्डले कार्यालय भवन निर्माण कार्यका निर्माण व्यवसायीसँग मूल्य अभिवृद्धि कर बाहेक रु.२९ करोड ८७ लाख ७४ हजारको खरिद सम्झौता गरेको छ । सम्झौताअनुसार रु.५ करोड ९७ लाख ५५ हजार मोबिलाइजेसन पेस्की दिनुपर्नेमा रु.६ करोड ७५ लाख २३ हजार दिएकोले बढी दिएको रु.७७ लाख ६८ हजार असुल हुनुपर्दछ ।

नेपाल रेल्वे कम्पनी लिमिटेड, २०७१।७२

१११. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** लिमिटेडको २०७१।७२ को अन्तमा शेयर पुँजी रु.१ करोड, सञ्चित नोक्सान रु.२३ करोड ८३ लाख, दीर्घकालीन ऋण तथा सापटी रु.२३ करोड ३४ लाख, चालु दायित्व तथा व्यवस्था रु.२ करोड १७ लाख, स्थिर सम्पत्ति रु.११ लाख र चालु सम्पत्ति रु.२ करोड ५७ लाख रहेको छ । गत वर्ष रु.२ करोड ८२ लाख नोक्सान भएकोमा यो वर्ष रु.६ करोड ९१ लाख नोक्सान भएको छ ।

११२. **जग्गा संरक्षण -** वीरगन्जको रक्सौलस्थित १६ बिघा जग्गामध्ये करिब ४ बिघा जग्गामा रहेको पोखरी, भवन तथा गोदाम भाडामा लगाएको देखिन्छ । बाँकी जग्गा संरक्षण नगरेकोले स्थानीयद्वारा अस्थायी घर टहरा बनाई अतिक्रमण भएको अवस्था छ । जनकपुर रेल्वे स्टेशनस्थित जग्गा तरकारी बजारका लागि ठेक्का दिएको सम्झौतापत्र लेखापरीक्षणको लागि पेस भएन । सञ्चालक समितिले सम्झौता रकमको मूल्याङ्कन नगरी वर्षेनि नवीकरण गर्दै आएको र प्रतिस्पर्धा नगरी जग्गा भाडामा लगाएको पाइयो । कम्पनीको सम्पत्तिलाई उचित संरक्षण र उपयोग नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

११३. **ऋण दायित्व सम्बन्धमा -** कम्पनीले अर्थ मन्त्रालय, रेल्वे तथा मेट्रो विकास कोष, राष्ट्रिय वाणिज्य बैंङ्क र नेपाल बैङ्क लिमिटेडबाट लिएको ऋण रकमसँग सम्बन्धित कागजात लेखापरीक्षणको क्रममा उपलब्ध भएन । ऋण दायित्व रकमको ब्याजसमेत गणना गरेको छैन । अतः वित्तीय विवरणमा प्रस्तुत गरेको ऋण दायित्व रु.२३ करोड ३४ लाखको वास्तविकता यकिन भएन ।

- **अनुगमन -** गत विगतका प्रतिवदनमा कार्यक्रम संशोधनबेगर खर्च गरेको, लक्ष्यअनुसार प्रगति नभएको, पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेको, मूल्य समायोजन बढी भुक्तानी गरेको, बीमा नगरेको, सोझै खरिद गरेको, निर्माण कार्यमा समन्वय नगरेको, तेस्रो चौमासिकमा बढी खर्च भएको, खरिद सम्झौता प्रथम चौमासिकमा नभएको, पेस्की फछ्यौंट नभएको लगायतका व्यहोरा औंल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति:** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छ:

  - सरकारी कार्यालयतर्फ १६७ निकायमा रु.२१ अर्ब ५७ करोड २४ लाख १८ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४२ निकायले रु.३० करोड २५ लाख ७८ हजार फछ्यौंट गरेकोले रु.२१ अर्ब २६ करोड ९८ लाख ४० हजार बाँकी रहेको छ । सोमध्ये रु.१६ अर्ब ३२ करोड ५१ लाख ६९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्थातर्फ रु.२ करोड ५२ लाख ९३ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा नीति योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन, अनाथ बालबालिका, असहाय महिला, वृद्धवृद्धा, अपाङ्ग र अशक्तको संरक्षण, समाज कल्याण परिषद्, बाल मन्दिर, युवालय र सरकारी एवं गैरसरकारी संघ संस्थाद्वारा सञ्चालित कार्यक्रमको मूल्याङ्कन, गैरसरकारी संस्थाको समन्वय, परिचालन र अनुगमन लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ८५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२ अर्ब २४ करोड ४६ लाख ३३ हजार, राजस्व रु.३४ लाख ९६ हजार, धरौटी रु.१ करोड ४५ लाख ४२ हजार र अन्य कारोबार रु.४४ करोड ४८ लाख ७८ हजारसमेत रु.२ अर्ब ७० करोड ७५ लाख ४९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था ३ र समिति १ समेतको रु.५८ करोड ५ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम –** चौधौं त्रि–वर्षीय योजनामा ज्येष्ठ नागरिकसम्बन्धी राष्ट्रिय नीति तर्जुमा र समय सापेक्ष ऐन कानुनको परिमार्जन गर्ने, ज्येष्ठ नागरिकको लागि प्रदान गरिने सेवा सुविधाको मापदण्ड निर्धारण गरी सुविधा उपलब्ध गराउने, प्रत्येक प्रदेशमा कम्तीमा एउटा सुविधासम्पन्न वृद्धाश्रम सञ्चालन गर्ने उल्लेख भए तापनि मन्त्रालयको वार्षिक कार्यक्रममा ती विषय समावेश गरेको देखिएन । आवधिक योजना तथा बजेटले निर्धारण गरेको नीतिअनुसारका कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **ढिलो अख्तियारी –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) मा बजेट विवरण र खर्च गर्ने अख्तियारीपत्र प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मातहतका कार्यालयमा अख्तियारी पठाउनुपर्ने तथा संघ संस्थालाई अनुदान वितरणसम्बन्धी निर्देशिका, २०७३ मा स्थानीयस्तरबाट छनौट भएका संघ संस्थालाई अनुदान दिने व्यवस्था छ । अर्थ मन्त्रालयको २०७४।३।२७ को पत्रबाट रकमान्तर भई आएअनुसार वर्षान्तमा सम्पूर्ण कार्य सम्पन्न गर्ने उल्लेख गरी २०७४।३।२८ को मन्त्रालयको अख्तियारीअनुसार महिला तथा बालबालिका विभाग मार्फत जिल्लास्थित कार्यालयमा रु.२ करोड ५१ लाखको अख्तियारी पठाएको देखियो । उक्त निकासामध्ये पर्वत जिल्लामा रु. ७ लाख निकासा हुनुभन्दा पहिले नै तालिम सम्पन्न गरेको बिल भरपाईका आधारमा भुक्तानी दिएको पाइयो । त्यसैगरी सिन्धुली जिल्लामा दिएको अनुदान रु.३५ लाखमध्ये रु.८ लाख ज्येष्ठ नागरिक सेवा केन्द्रलाई २०७४।३।२३ मा निर्माण सम्पन्न गरेको जनाई बिल भरपाई पेस भएकोमा स्थलगत निरीक्षण गर्दा निर्माण शुरु नै नगरी निकासा रकम व्यवस्थापन समितिको खातामा राखेको देखिएको छ । बालबालिका तथा अपाङ्ग हित केन्द्र सिन्धुलीलाई अपाङ्गसम्बन्धी तथ्याङ्क सङ्कलन र प्रतिवेदनबेगर रु.८ लाख भुक्तानी दिएको देखिएकोले वर्षान्तमा दिएको अनुदानको उपयोग प्रभावकारी देखिएन । वर्षान्तमा रकमान्तर गर्ने तथा निकासा दिने कार्य निरुत्साहित गर्नुपर्दछ ।

३. **अनुदान वितरण तथा उपयोग –** मन्त्रालय र अन्तर्गत कार्यालयले समाज कल्याण कार्यक्रमबाट २३१ संस्थालाई चालु तथा पुँजीगत अनुदान रु.१९ करोड ५१ लाख उपलब्ध गराएकोमा अनुदान उपलब्ध गराउने संस्था छनौटको आधार तथा प्रक्रिया निर्धारण गरेको छैन । वितरित अनुदान तोकिएको काममा खर्च गरे नगरेको, लक्ष्यअनुसार प्रगति भए नभएको र लेखापरीक्षण भए नभएको सम्बन्धमा अनुगमन गरेको छैन । अनुदान सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन्:

३.१. मन्त्रालयले यो वर्ष अनुदानसम्बन्धी निर्देशिका, २०७३ जारी गरे तापनि संस्था छनौट गर्दा सो निर्देशिका अनुसारको प्रक्रिया पालना गरेको छैन । छनौट भएका संस्थालाई अनुदान दिनुपर्ने आधार तयार नगरी ७ संघ, संस्थालाई चालु र पुँजीगत अनुदान रु.४ करोड ७५ लाख वितरण गरेकोले छनौट विधि पारदर्शी देखिएन । निर्देशिकाअनुसार संस्थाको छनौट गरी अनुदान वितरण पारदर्शी र विधिसम्मत बनाउनुपर्दछ ।

३.२. महिला, बालबालिका तथा समाज कल्याणका क्षेत्रमा काम गर्ने संस्थालाई दिइने अनुदानसम्बन्धी निर्देशिका, २०७३ को दफा ४ मा कम्तीमा ५० व्यक्ति रहन सक्ने दीर्घकालीन पुनर्स्थापना गृह र वृद्धाश्रम निर्माणको लागि मन्त्रालयले तोकेको मापदण्डबमोजिम हुन आउने कुल लागतको ७० प्रतिशत र दिवा सेवा केन्द्र निर्माणको लागि एक पटकमा वा पटक पटक गरी बढीमा रु.५ लाखसम्म अनुदान दिन सकिने व्यवस्था छ । पुँजीगत अनुदान प्रदान गर्दा ती संस्थाहरुले निर्माण गर्न लागेका पुनर्स्थापना गृह तथा वृद्धाश्रमको क्षमता, कुल लागत र मन्त्रालयले व्यहोर्ने हिस्सा उल्लेख गरी यो वर्ष सम्म पुँजीगत अनुदान प्राप्त गरेका सस्थाको अभिलेख तयार गरेको देखिएन । संस्थाहरुको अभिलेख तयार गरी निर्देशिकाले तोकेअनुसार अनुदान दिने व्यवस्था मिलाउनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः आवधिक योजना र कार्यक्रमबीचको तादात्म्यता, वर्षान्तिमा रकमान्तर, अनुदान रकमको प्रभावकारिता, अनुदान वितरणमा मापदण्डको पालना, कार्यसञ्चालन कोषको केन्द्रीय आर्थिक विवरण तयारी, राजस्व छुटमा पैठारी भएका मालसामानको उपयोग स्थितिको अनुगमन, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग राष्ट्रिय प्राथमिकता प्राप्त क्षेत्रमा उपयोग, गैरसरकारी संस्थाबाट धार्मिक गतिविधि सञ्चालन, गैरसरकारी संस्थाहरुबाट कानुन प्रतिकूलका क्रियाकलाप लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

३.३. मन्त्रालय र स्वावलम्बन जीवन पद्धति नेपालबीच ३३ थान ह्वीलचेयर निर्माण गरी वितरण गर्न र अवरोध मुक्त अभियानलगायतका कार्यक्रम सञ्चालन गर्न रु.१८ लाखको सम्झौता भएको छ । सो कार्यको लागि रु.३० हजारका दरले ३३ थान ह्वीलचेयर बनाउन रु.९ लाख ९० हजार भुक्तानी दिएकोमा सम्झौताअनुसार ह्वीलचेयर उत्पादन गरी वितरण गरेको देखिएन । अतः सम्झौताअनुसारको ह्वीलचेयर निर्माण तथा वितरण भएको सुनिश्चित गर्नुपर्दछ ।

३.४. मन्त्रालय र नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्रबीच भएको सम्झौताअनुसार केन्द्रलाई रु.३० लाख अनुदान उपलब्ध गराएको फाइल परीक्षण गर्दा सम्झौताबमोजिमका बिल भरपाई संलग्न गरेको देखिएन । सम्झौताअनुसार बिल भरपाई पेस हुनुपर्दछ ।

४. **कोषको आर्थिक विवरण –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८७ बमोजिम मन्त्रालयले अन्तर्गत विभाग एवं ७५ जिल्लास्थित महिला तथा बालबालिका कार्यालयले सञ्चालन गरेका एकल महिला सुरक्षा कोष, ज्येष्ठ नागरिक स्वास्थ्य उपचार कोष, लैङ्गिक हिंसा निवारण कोष, बीउपुँजी कोष लगायतका कार्य सञ्चालन कोषको केन्द्रीय आर्थिक विवरण तयार गरेको छैन । लेखापरीक्षणको क्रममा प्राप्त आर्थिक विवरणअनुसार गत वर्षको जिम्मेवारीसहित कोषमा रु.४९ करोड ८२ लाख आम्दानी र रु.२५ करोड ९२ लाख खर्च भई रु.२३ करोड ९० लाख मौज्दात रहेको देखिन्छ । नियमावलीमा उल्लेख भएबमोजिम कोषको केन्द्रीय आर्थिक विवरण तयार गरी व्यवस्थित अभिलेख राख्नुपर्दछ ।

५. **निर्माण कार्य –** महिला तथा बालबालिका कार्यालय, बाँकेले बाल सुधार गृह हिरमिनियाको कम्पाउण्ड वाल २०७४।९।३० सम्म निर्माण सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग रु.३३ लाख ८३ हजारको सम्झौता गरी २०७३।१०।१८ मा तेस्रो रनिङ बिलसम्मको रु.१४ लाख २ हजार भुक्तानीपछि निर्माण व्यवसायीले बाँकी कार्य गरेको छैन । प्रत्येक बिलबाट २० प्रतिशत कट्टा गर्ने गरी उपलब्ध गराएको मोबिलाइजेसन पेस्की रु.६ लाख ७६ हजारमध्येबाट पहिलो बिल भुक्तानीमा रु.३० हजार कट्टा गरे पनि बाँकी पेस्की पछिल्लो रनिङ बिल भुक्तानी गर्दा कट्टा गरेको छैन । सम्झौताअनुसार निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

सोही कम्पाउण्ड वालभित्र बाल सुधार गृह निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.५१ लाख २६ हजारको सम्झौता भई रु.१० लाख २५ हजार मोबिलाइजेसन पेस्की र रु.८ लाख ९१ हजार भुक्तानी गरेको छ । डी.पी.सी.सम्म कार्य भएको बाल सुधार गृहमा प्रयोग गर्न किचन उपकरण, पर्दा कपडा, सिरक, डसना, कुर्सी, कम्प्युटरलगायतका मालसामान खरिद गरी रु.१५ लाख ७८ हजार खर्च गरेको छ । निर्माण कार्य पूरा नहुँदै बजेट खर्च गर्ने उद्देश्यले खरिद गरी सामान अलपत्र राखेको देखिएकोले यस्तो प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

६. **विदेश भ्रमण –** मन्त्रालयबाट दातृ निकायले सोभै व्यहोर्ने गरी यो वर्ष विशिष्ट श्रेणीदेखि अधिकृतस्तर र अन्य कर्मचारी समेत २४ जनाले १५ दातृ संस्थाको सहयोगमा २६ पटक १० मुलुकमा २३७ दिन भ्रमण

गरेको देखिन्छ । दातृ निकायले खर्च व्यहोर्ने गरी भ्रमण स्वीकृत गरेकोमा खर्च खुल्ने अभिलेख राखेको छैन । विदेश भ्रमणको अभिलेख व्यवस्थित गरी प्राप्त ज्ञान र सीपलाई उपयोग गर्नुपर्दछ ।

केन्द्रीय बालकल्याण समिति

७. **कानुनी व्यवस्था** - बालबालिकासम्बन्धी ऐन, २०४८ को व्यवस्थाअनुसार केन्द्रीय बालकल्याण समिति गठन भएको छ । बालबालिकासम्बन्धी नियमावली, २०५१ मा राष्ट्रिय एवं अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाको सहभागितामा बालबालिकाको संरक्षण तथा विकासका लागि कल्याणकारी कार्य सञ्चालन गर्ने गराउने र त्यस्तो कार्य सञ्चालन गर्न नेपाल सरकारको स्वीकृति लिई विदेशी सरकार एवं अन्तर्राष्ट्रिय संघ, संस्थालाई सहभागी गराउने व्यवस्था छ । समितिले यो वर्ष नेपाल सरकारबाट रु.११ करोड ६३ लाख ८८ हजार र विभिन्न दातृ संस्थाबाट ८ करोड २० लाख ३५ हजारसमेत रु. १९ करोड ८४ लाख २४ हजार निकासा प्राप्त गरी रु. १८ करोड ४८ लाख ५४ हजार खर्च गरेको छ । यो बर्ष समितिले भूकम्प प्रभावित जिल्लाका बालबालिकालाई युनिसेफमार्फत सहयोग, द्वन्द्वप्रभावित २० जिल्लाका बालबालिका पहिचान गरी ८ हजार ६७३ लाई शैक्षिक सहयोग, १२५ लाई स्वस्थ्य उपचार सहयोग, ७२३ लाई आयमूलक सहयोग, ७८० लाई मनोसामाजिक परामर्श र १९८ लाई कानुनी सहयोग उपलब्ध गराएको विवरण प्राप्त भएको छ । समितिले आर्थिक तथा प्रशासनिक कार्य व्यवस्थित गर्न आवश्यक कानुन तर्जुमा गरी काम, कारबाही व्यवस्थित गर्नुपर्दछ ।

८. **अभिलेख व्यवस्था** - बालबालिका सम्बन्धी नियमावली, २०५१ को नियम ३(च) मा नेपालभित्र सञ्चालित बालकल्याण गृह, बालसुधार गृह वा केन्द्रको क्षमता र सुविधा आदिको तथ्याङ्क सङ्कलन गरी गराई अभिलेख राख्ने केन्द्रीय बालकल्याण समितिको काम कर्तव्य हुने उल्लेख छ । केन्द्रीय वालकल्याण समितिबाट प्रकाशित बालबालिकाको स्थितिसम्बन्धी प्रतिवेदन, २०७४ अनुसार २०७३ असार मसान्तसम्म ४४ जिल्लामा ५७७ बालगृह सञ्चालनमा रहेको र सोमध्ये ५६७ आवासीय बालगृहमा १६ हजार ५३६ बालबालिका संरक्षणमा रहेको देखिन्छ । समितिमा अद्यावधिक भएका २९ जिल्लामा सञ्चालित १६४ धार्मिक आवासीय संस्थामा ८ हजार ५२१ बालबालिका संरक्षणमा रहेको देखिन्छ । दर्ता नभएका तथा अद्यावधिक हुन नसकेका धार्मिक आवासीय संस्थाको रुपमा रहेका बालगृह एवं त्यस्ता बालगृहको संरक्षणमा रहेका बालबालिकाको स्थिति सम्बन्धमा समितिमा अभिलेख रहेको छैन । अतः दर्ता नभएका बालगृहरुको सम्बन्धमा सम्बद्ध तालुक निकाय एवं समितिले अनुगमन गरी बालबालिकाको उचित संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।

अन्य संस्था

समाज कल्याण परिषद्

समाजको सर्वाङ्गीण विकासको लागि समाज कल्याण तथा सामाजिक सेवासँग सम्बन्धित विभिन्न क्रियाकलापलाई विकास निर्माण कार्यसँग आवद्ध गराई कमजोर तथा असहाय व्यक्ति, वर्ग र समुदायलाई मानवोचित जीवनयापनको लागि सक्षम तुल्याउन समाजसेवी व्यक्ति तथा संस्थाहरुको मर्यादा र प्रतिष्ठा बढाउन तथा गैरसरकारी सामाजिक संघ-संस्थाको काममा समन्वय गर्ने उद्देश्यले २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय समितिको नामले स्थापना भई हाल समाज कल्याण ऐन, २०४९ अन्तर्गत यो परिषद् सञ्चालन भई कार्य गर्दै आएको छ । परिषद्को लेखापरीक्षणबाट देखिएका मुख्य व्यहोरा यसप्रकार रहेका छन्:

९. **बक्यौता असुली –** समाज कल्याण परिषद् आर्थिक प्रशासन नियमावली, २०५० को नियम ६२ मा परिषद्ले भवन, जमिन र उपकरण भाडामा उपयोग गर्न सक्ने व्यवस्था छ । काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालयको रु.७० लाख, राष्ट्रिय अपाङ्ग महासंघको रु.५२ लाख, नेपाल नेत्रहीन संघको रु.३३ लाख, उपभोक्ता मञ्चको रु.२९ लाख, नेपाल पत्रकार महासंघको रु.१० लाख समेत ५१ संस्था तथा व्यक्तिबाट जमिन, घर, स्टल र हल भाडालगायतका सम्पत्तिमा २०६८ सालभन्दा पहिलेदेखिको रकम बक्यौता रहेको छ । गत वर्षसम्म रु.३ करोड ८१ लाख २९ हजार बक्यौता उठ्न बाँकी रहेकोमा यो वर्ष रु.४४ लाख ८० हजार थप भई रु.४ करोड २६ लाख ९ हजार असुल गर्न बाँकी देखिन्छ । प्रत्येक वर्ष बक्यौता रकम बढ्दै गएकोले असुली प्रभावकारी बनाउनुपर्दछ ।

१०. **भाडा कर –** परिषद्ले बूढानीलकण्ठ र भृकुटीमण्डपमा भएको जग्गा, भवनलगायतका सम्पत्ति बहालमा लगाई रु.७ करोड ७३ लाख ७७ हजार आम्दानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८८ अनुसार लाग्ने कर रु. ७७ लाख ३८ हजार सञ्चितकोष दाखिला गरेको छैन । उक्त रकम दाखिला गर्नुपर्दछ ।

११. **पैठारीमा राजस्व छुट –** समाज कल्याण परिषद्को साधारण सम्झौता तथा सेवा सुविधा निर्देशिका, २०७१ को निर्देशन २० मा छुट सिफारिस भएका सामग्री संस्थाले प्राप्त गरेपछि संस्थाले परिषद्बाट अनुगमन गराउनुपर्ने र प्राप्त सामग्री जिन्सी स्रेस्तामा आम्दानी बाँधी प्रयोग, वितरण वा हस्तान्तरणको विवरण परिषद्मा उपलब्ध गराउनुपर्ने उल्लेख छ । परिषद्बाट प्राप्त विवरणअनुसार नेपाल आई प्रोग्रामलाई अमेरिकी डलर ३ लाख २१ हजारको आँखासम्बन्धी उपकरण तथा औजार, करुणा फाउण्डेसनलाई युरो ३१ हजारको अर्थोपेडिक शू मेकिङ्ग गुड्स, राधास्वामी सत्सङ्ग व्यास नेपाललाई भा.रु.६० लाखको शेड निर्माण सामग्री, रोटरी क्लब डिल्लीबजारलाई युरो ४५ लाखको मेटल फिल्टरसमेत यो वर्ष रु.१ अर्ब ४७ करोड ४८ लाखको सामानमा लाग्ने भन्सार तथा मूल्य अभिवृद्धि कर छुट सिफारिस गरेको देखिन्छ । छुटमा ल्याएका सामानको अनुगमन गरेको देखिएन । परिषद्ले संघ संस्थाद्वारा छुटमा आयात गरेको सामानको निर्देशिका बमोजिम अनुगमन गरी निर्धारित कार्यमा उपयोग गरेको सुनिश्चित गर्नुपर्दछ ।

१२. **कार्यक्रम स्वीकृति –** समाज कल्याण परिषद्ले यो वर्ष ९० अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई रु.२९ अर्ब २ करोड ८४ लाख र ७४८ गैरसरकारी संस्थालाई रु.१८ अर्ब ९५ करोड १७ लाखको कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त हुने सहयोग जनचेतना, तालिम, शैक्षिक क्षेत्र जस्ता कार्यक्रममा केन्द्रित रहेको देखिन्छ । अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहयोग विकास सहायता नीतिले निर्धारण गरेको राष्ट्रिय प्राथमिकताको क्षेत्रतर्फ केन्द्रित गरी परिचालन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३. **संघ सस्था अनुगमन –** समाजकल्याण परिषद्द्वारा जारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको आवद्धतासम्बन्धी निर्देशिकाको सि.नं. ६ मा अनुगमनबाट औँल्याइएका व्यहोरा कार्यान्वयन गर्ने प्रतिबद्धताका आधारमा साधारण सम्झौता नवीकरण हुने उल्लेख छ । परिषद्बाट यो वर्ष अनुगमन भएका देहायका गैरसरकारी संघसंस्थाबाट सञ्चालित परियोजनाको अनुगमन मूल्याङ्कन प्रतिवेदन र परियोजना स्वीकृत फाइलसाथ संलग्न कागजात परीक्षण गर्दा देहायको अवस्था देखिएको छ:

१३.१. समाज कल्याण नियमावली, २०४९ को नियम १५ मा संस्थाले लाभांश वितरण गर्न नहुने व्यवस्था छ । मेरी स्टप्स इन्टरनेसनलबाट १ जनवरी २०१४ देखि ३१ अगस्ट २०१७ सम्म सञ्चालित लैङ्गिक तथा प्रजनन् स्वास्थ्यबाट बञ्चित समूहको लागि पहुँच नामक परियोजनाको अनुगमन मूल्याङ्कन प्रतिवेदनमा मेरी स्टप्स इन्टरनेसनल र सुनौलो परिवार नेपालको संयुक्त उपक्रमबाट सञ्चालनमा आएको मेरी स्टप्स सर्भिसेज प्रा.लि. मा सुनौलो परिवार नेपालको रु.१३ लाख ६५ हजार को साधारण शेयर र रु.५ करोड ७४ लाख २५ हजार अग्राधिकार शेयरमा लगानी रहेको उल्लेख छ । संयुक्त उपक्रमको सम्झौतामा नगद लाभांश वितरण नगरिने उल्लेख गरेको भए तापनि शेयर हस्तान्तरण सम्बन्धमा उल्लेख गरेको छैन । आफ्नै संयुक्त उपक्रमको साझेदार कम्पनी छनौट गरी अप्रत्यक्ष रुपमा नाफा हस्तान्तरण हुन सक्ने अवस्था विद्यमान भएको, जिल्लामा शाखा कार्यालय रहेकोमा सम्बन्धित निकायमा शाखा दर्ता नगरेको, प्रतिस्पर्धात्मक तरिकाले स्थानीय गैरसरकारी संस्था छनौट नगरी पटक पटक एउटै संस्थामार्फत कार्यक्रम सञ्चालन गरेकोले संस्था सञ्चालन समाज कल्याण नियमावली अनुकूल रहेको देखिएन ।

१३.२. नयाँ पादरीलाई प्रशिक्षित गर्दै सबै हिन्दूलाई पादरीमा रुपान्तरण गर्ने विषय पृष्ठभूमिमा उल्लेख भएको भिजन नेसनल्स नामक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट निरन्तर सहयोग प्राप्त गरी सन् २००८ देखि सञ्चालनमा रहेको मर्सिमिसन हिमालयज नामक संस्थाले सो अन्तर्राष्ट्रिय गैरसरकारी सस्थासँग सन् २०१५।१६ को लागि रु.१ करोड ८ लाख र २०१६।१७ को लागि रु.१ करोड ९ लाखको सम्झौता गरेको छ । समाज कल्याण परिषद्सँग मर्सी तालिम केन्द्र परियोजना स्वीकृतिको लागि पेस गरेको प्रारम्भिक प्रस्तावको सि.नं.७ मा चर्चसँग आबद्ध युवालाई ग्रामीण तथा हिमालय क्षेत्रमा परिचालन गर्न प्रशिक्षित गर्ने, बाइबलको ज्ञान फैलाउने तथा स्थानीय चर्चमा नेतृत्व विकास गर्ने, हिमाली जिल्लाका दुर्गम ग्रामीण क्षेत्रमा अल्पकालीन मोबाइल बाइबल तालिम सञ्चालन गर्नको लागि सक्षम प्रशिक्षक तयार गर्ने कार्य उल्लेख गरेको देखियो ।

उक्त संस्थाको २०७१।७२ को प्रगति प्रतिवेदनमा ६ महिने बाइबल तालिमबाट १० जना दीक्षित भएको, घुम्ती बाइबल तालिमबाट ३०० पास्चरलाई तालिम दिएको उल्लेख छ ।

१३.३. तीन जिल्लाका सीमान्तकृत समूहको जीवनस्तर सुधार एवं दिगो जीवनयापनको लागि क्षमता अभिवृद्धि गर्न १४ जून २०१३ मा परिषद्सँग रु.५ करोड २३ लाख ७० हजारको परियोजना सम्झौता गरेको टियर फण्ड, बेलायतको संस्थागत उद्देश्यमा संसारभरका मानिसलाई गरिबी, पीडा र रोगबाट मुक्ति दिलाउँदै क्रिश्चियन शिक्षा र ज्ञानको प्रचार गर्ने उल्लेख छ । सो गैरसरकारी संस्थासँग कार्य गर्ने स्थानीय गैरसरकारी संस्थासँग १६ जुलाई २०१३ मा भएको सम्झौतापत्रमा क्रिश्चियनको अस्तित्व कायम गर्न र अनुयायीबीच एकता कायम गर्न क्रिश्चियन कर्मचारी भर्ना गर्न प्रतिबद्ध गराएको देखियो । यस्ता संस्थाबाट कार्यक्रम सञ्चालन गर्न स्वीकृति दिँदा तटस्थ हुने विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

१३.४. समाज कल्याण परिषद्द्वारा जारी भएको परियोजना सम्झौतासम्बन्धी निर्देशिका, २०७१ मा अन्तर्राष्ट्रिय संघ संस्थाको परियोजनाको खाता देशीय प्रतिनिधि र एक नेपाली कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन हुनुपर्ने उल्लेख छ । परिषद्बाट २६ जुलाई २०१२ मा नेपालका ५ जिल्लामा सञ्चालन गर्ने गरी स्वीकृत गरेको रु.३ करोड ९० लाख ७५ हजारको ५ वर्षे मेरीनोल फादर एण्ड ब्रदर्श परियोजना सञ्चालनका लागि प्राप्त भएको वैदेशिक सहयोग संस्थाको नाममा खाता नखोली देशीय प्रतिनिधिको व्यक्तिगत खातामा जम्मा गर्ने गरेको छ । नियमको पालना नगर्ने गैरसरकारी संस्थालाई कारवाही गरेको देखिएन ।

अनुगमनका क्रममा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले नेपालको संविधान तथा समाज कल्याण ऐन अनुकूल नहुने गरी कार्य गरेको देखिएकोले यस्ता क्रियाकलापबाट समाजमा पर्न सक्ने प्रभाव कम गर्न कानुन अनुकूलको कार्य नगर्ने संस्थाको आवद्धता रद्द गर्नुपर्दछ ।

- **अनुगमन –** गत विगतका प्रतिवेदनमा समाज कल्याण परिषद्, लैनचौरको भोगचलनमा रहेको दुवाकोट भक्तपुर, भृकुटीमण्डप र बाल्मीकि क्याम्पसको पूर्वपट्टि रहेको समेत ६५७ रोपनी जग्गाको जग्गाधनी प्रमाणपुर्जा प्राप्त नगरेको, खुलामञ्चबाट २०४९ मा तीन महिनाका लागि भृकुटीमण्डपमा सारिएका व्यापारीलाई सो स्थानबाट अन्यत्र सार्ने कार्य नभएको, परिषद्को आर्थिक प्रशासन नियमावली, २०५० मा तोकिएबमोजिम वासलात तयार नगरेको व्यहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू –** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजू स्थिति देहायअनुसार छ:

  - मन्त्रालय र मातहतसमेत ८५ निकायमा यो वर्ष रु.४३ करोड ७९ लाख ७१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२४ करोड ७६ लाख ७७ हजार फछ्यौंट गरेकोले रु.१९ करोड २ लाख ९४ हजार बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ७१ लाख ७० हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था अन्य संस्था समिति ४ तर्फ यो वर्ष रु.२ करोड ७१ लाख ४४ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.८ लाख पेस्की रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

युवा तथा खेलकुद मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा युवा जनशक्ति र खेलकुद नीति, योजना कार्यक्रम तर्जुमा र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरी युवा खेलकुद एवं स्काउटको विकासका लागि प्रशिक्षण तालिम, अध्ययन, अनुसन्धान र अन्तर्राष्ट्रिय सम्बन्ध स्थापित गरी सो क्षेत्रको प्रवर्द्धन एवं विकास गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ७६ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२ अर्ब ९७ करोड ३० लाख, राजस्व रु. १२ करोड ७० लाख, धरौटी रु.३१ लाखसमेत रु.३ अर्ब १० करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य संस्था १ को आर्थिक वर्ष २०७२।७३ को रु.२ अर्ब ४६ करोड ३४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम** - चालु त्रिवर्षीय योजनामा मन्त्रालय र अन्तर्गतका निकायहरुले युवाहरुलाई राष्ट्रको सर्वाङ्गिण विकासमा मूल प्रवाहीकरण, स्थानीय तथा राष्ट्रियस्तरका भौतिक पूर्वाधार विकास, उत्कृष्ट खेल कौशल प्रदर्शन तथा स्काउट परिचालन मार्फत समाज सेवा गर्ने उद्देश्य राखेको छ । यसैगरी चालु वर्षको बजेट वक्तव्य अनुसार सन् २०१८ मा नेपालमा आयोजना हुने १३ औं दक्षिण एशियाली खेलकुदका लागि आवश्यक भौतिक पूर्वाधार तयारी, आगामी तीन वर्षभित्र मूलपानी, भैरहवा र धनगढीमा क्रिकेट मैदान निर्माण, काठमाडौं र झापाको लखनपुरमा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण, विद्यालयदेखि नै योजनाबद्ध रुपमा खेलाडीहरुको उत्पादन र विकास गर्न ७५ जिल्लाका सबै सामुदायिक विद्यालयहरुमा अनिवार्य रुपमा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता आयोजना गर्ने कार्यक्रम रहेको छ ।

२. **प्रगति स्थिति -** मन्त्रालयबाट प्राप्त वार्षिक प्रगति विवरणअनुसार वैदेशिक भ्रमण आदान प्रदान, विराटनगरमा सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुदमा सहभागिता, दशरथ रंगशालाको निर्माण कार्यसञ्चालन, मूलपानी क्रिकेट मैदानको ९० प्रतिशत र भैरहवा क्रिकेट मैदानको ३० प्रतिशत कार्य सम्पन्न, धनगढीको क्रिकेट मैदानको विस्तृत आयोजना प्रतिवेदन तयार र ७३ जिल्लामा २३३ ग्रामीण युवा उद्यम लगायतका कार्यक्रम सञ्चालन गरेको देखिन्छ ।

युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष स्थापना भएपनि युवा लक्षित राष्ट्रिय स्वरोजगार कार्यक्रम सञ्चालन विधि र प्रक्रियाको लागि ऐन नियमको अभाव रहेको छ । खेलकुदतर्फ राष्ट्रिय र १३ औं दक्षिण एशियाली खेलकुद प्रतियोगिताको लागि खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नती एवं मर्मत सुधार कार्य समयमै सम्पन्न गर्नुपर्ने देखिन्छ ।

३. राष्ट्रिय युवा नीति, २०७२ बमोजिम अन्तर मन्त्रालय राष्ट्रिय युवा नीति अनुगमन तथा मूल्याङ्कन समिति गठन गरेको देखिएन । युथ भिजन, २०२५ मा भएका व्यवस्था बमोजिम कार्य योजना तयार तथा कार्यान्वयन नहुनुको साथै वार्षिक मूल्याङ्कन गरी प्रतिवेदन सार्वजनिक गर्ने भनिए तापनि सो कार्य गरेको नदेखिएकोले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

राष्ट्रिय युवा परिषद्

४. **कार्यक्रम लक्ष्य तथा प्रगति -** युवा लक्षित स्वरोजगार कार्यक्रममा रु.३ करोड ५० लाख बजेट विनियोजन भएकोमा सो अनुसार ७ प्रदेशमा सार्वजनिक-निजी साझेदारी कार्यक्रम अन्तर्गत रु.५० लाखका दरले कार्यक्रम सञ्चालन हुनुपर्नेमा सो कार्य नभई बजेट फ्रिज भएको छ । युवा विप्रेषण लगानी तथा सामाजिक सुरक्षा कोष स्थापनार्थ रु.५० लाख २५ हजार निकासा भएकोमा कोष सञ्चालनका लागि कार्यविधि स्वीकृत नभएकोले उक्त कोष सञ्चालनमा आउन सकेको छैन । कार्यविधि स्वीकृत गरी कोष सञ्चालनमा ल्याउनु पर्दछ ।

यसैगरी राष्ट्रिय युवा नीति, २०७२ बमोजिम परिषद् स्वयंले राष्ट्र, राष्ट्रियता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र मानव अधिकारका कार्यक्रमका आधारभूत सिद्धान्त एवं मूल्य मान्यता बोध गराउने समेत २५ वटा युवा नीति कार्यान्वयनका लागि ठोस एवं स्पष्ट रणनैतिक योजना तथा कार्यक्रम बनाई लागू गर्नुपर्नेमा सोको कार्यक्रम लक्ष्य अनुरुप कार्यान्वयन गरेको छैन ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः युवा विप्रेषण लगानी, सामाजिक सुरक्षा कोष कार्यविधिको अभाव, ग्रामीण युवा उद्यम कार्यक्रम लक्ष्यको तुलनामा ४७.६ प्रतिशतमात्र लगानी, वार्षिक मूल्याङ्कन प्रतिवेदन सार्वजनिक, समयमै पेस्की फछ्यौंट, संस्था नवीकरण, खर्च नभएको रकम सञ्चितकोष दाखिला, तोकिएभन्दा बढी पदाधिकारी साग खेलकुदमा सहभागी, भुक्तानीमा कर कट्टी, काठमाडौं मूलपानी क्रिकेट एकेडेमीको निर्माण कार्य र दशरथ रंगशाला मर्मत कार्यमा ढिलाइ लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

५. **ग्रामीण युवा उद्यम कार्यक्रम -** युवा उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७३ बमोजिम प्रत्येक निर्वाचन क्षेत्रका १६ देखि ४० वर्ष उमेर समूहका युवा उद्यम समुहलाई रु.५ लाखका दरले २४० समुहलाई ऋण उपलब्ध गराउने कार्यक्रम अन्तर्गत २३३ युवा समुहको लागि विना धितो निर्व्याजी ऋण प्रदान गर्न नेपाल बचत तथा ऋण केन्द्रीय संघ लिमिटेडलाई रु.११ करोड ५२ लाख उपलब्ध गराएको छ । राष्ट्रिय युवा परिषद्बाट २०७४।११।२० मा प्राप्त प्रतिवेदन अनुसार उक्त संस्थालाई उपलब्ध गराएको रकममध्ये १५३ समूहमा रु.५ करोड ४८ लाख ५० हजार (लक्ष्यको तुलनामा ४७.६ प्रतिशत) लगानी गरी बाँकी रकम मौज्दात रहेको छ । उक्त लगानीको अवस्था, असुली र कार्य प्रगतिको सम्बन्धमा परिषद्ले अनुगमन गरेको देखिएन ।

यसरी कार्यालयको मुख्य उद्देश्य अनुरुप युवा लक्षित सशक्तिकरण तथा सर्वाङ्गिण विकासको कार्यमा केन्द्रित नभई आयमूलक कार्यक्रममा सोही प्रकृतिको कार्य गर्ने अन्य कार्यालयसँग दोहोरो नपर्ने गरी प्रत्येक जिल्लामा छुट्टै कार्यालय स्थापनाको सम्बन्धमा तालुक निकायबाट पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

अन्य संस्था

राष्ट्रिय खेलकुद परिषद्

६. **लेखापरीक्षण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८५(३) मा आर्थिक वर्ष समाप्त भएको ३५ दिनभित्र आर्थिक विवरण पेस गर्नुपर्ने व्यवस्था छ । परिषद्को २०७३।७४ को लेखापरीक्षण गर्न महालेखापरीक्षकको कार्यालयबाट २०७४।६।२२ मा लेखापरीक्षण टोली खटाइएको र आन्तरिक लेखापरीक्षण गराई २०७४ फागुनभित्र अन्तिम लेखापरीक्षणका लागि आर्थिक विवरण पेस गर्न २०७४।११।२० र २०७४।११।२९ मा अनुरोध गरिएकोमा उक्त अवधिमा वित्तीय विवरण एवं आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेस नगरेकोले लेखापरीक्षण हुन सकेन । वित्तीय विवरण २०७४।१२।१९ मा मात्र प्राप्त भएको छ । प्रचलित नियमानुसार स्रेस्ता तथा विवरण समयमै तयार गरी लेखापरीक्षण नगराउने परिषद्का पदाधिकारी तथा कर्मचारीलाई कानुनबमोजिम कारबाही गर्नुपर्दछ ।

२०७२।७३

७. **लेखापरीक्षण व्यवस्था -** खेलकुद विकास ऐन, २०४८ को दफा २१(२) मा परिषद्को लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेकोमा परिषद् मातहत क्षेत्रीय तथा जिल्ला खेलकुद विकास समितिको लेखापरीक्षण खेलकुद विकास नियम, २०४९ को नियम १३(ठ) मा परिषद्ले तोकेको लेखापरीक्षकबाट गराई सोको प्रतिवेदन परिषद्मा पठाउनुपर्ने व्यवस्था छ । ऐनबमोजिम महालेखापरीक्षकको कार्यालयबाट परिषद्को लेखापरीक्षण हुने व्यवस्था गरेको र परिषद्कै लागि विनियोजित रकम क्षेत्रीय तथा जिल्ला खेलकुद विकास समितिमा निकासा जाने र उक्त समितिको कर्मचारीहरुको तलब भत्ता सबै परिषद्ले व्यहोर्ने भए तापनि लेखापरीक्षण सम्बन्धमा ऐनविपरीत नियममा व्यवस्था गरेको देखियो । ऐनसम्मत नियममा व्यवस्था गरी लेखापरीक्षण व्यवस्थापन गर्नुपर्दछ ।

८. **आन्तरिक लेखापरीक्षण -** परिषद्ले अन्तिम लेखापरीक्षण हुनुअघि आन्तरिक लेखापरीक्षण गराई स्रेस्ता अद्यावधिक गरी राख्नुपर्नेमा २०७४।३।११ मा मात्र आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेस गरेको छ । परिषद्का खाताहरुमध्ये निर्माण कार्य र बाह्रौ सागतर्फको आन्तरिक लेखापरीक्षण नगरी २ खाताको मात्र गरेको, आय–व्ययको रकम उल्लेख नगरेको तथा प्रतिवेदनमा खुलासा गर्नुपर्ने व्यहोराहरु स्पष्ट खुलाएको छैन । समयमै सम्पूर्ण खाताहरुको आन्तरिक परीक्षण गर्ने र आय–व्ययको समग्र परीक्षण गरी प्रतिवेदन गर्ने कार्य गरेको नदेखिएकोले आन्तरिक लेखापरीक्षण व्यवस्थामा सुधार गर्नुपर्दछ ।

९. **लक्ष्य/प्रगति -** परिषद्को वार्षिक लक्ष्य बमोजिम कार्य सम्पन्न गर्नुपर्नेमा कार्यक्रम खर्चतर्फ भौतिक प्रगति ८२.९९ प्रतिशत र वित्तीय प्रगति ९६.८३ प्रतिशत देखिन्छ । कुल ४७ वटा कार्यक्रममध्ये राष्ट्रिय लिग फुटवल, एन.पि.एल क्रिकेट खेल सञ्चालन र खेलकुद पुस्तकालय स्थापना कार्य नगरेको र अन्य १२ कार्यक्रमहरुमा ३७ देखि ९४ प्रतिशत प्रगति गरेको छ । निर्माणतर्फ भौतिक प्रगति ८०.६० प्रतिशत र वित्तीय प्रगति ९१.१३ प्रतिशत भएको छ । विभिन्न कार्यक्रममध्ये राम जानकी क्रिकेट मैदान र स्की एकेडेमी निर्माणको सम्भाव्यता अध्ययन लगायत ७ वटा कार्यक्रमहरु सञ्चालन भएको पाइएन । निर्वाचन क्षेत्रमा खेल मैदान २३७, भूकम्प प्रभावित क्षेत्रका ९९ विद्यालयमा खेल मैदान निर्माण र देशका विभिन्न स्थानमा खेल मैदान, रंगशाला, कभर्डहल निर्माण गर्न र अन्य कार्यक्रमको लागि समेत रु.४८ करोड २० लाख ५२ हजार जिल्ला खेलकुद विकास समितिहरुलाई निकासा गरेको देखिन्छ । जिल्लाहरुमा उक्त निर्माण कार्यहरु भए नभएको सम्बन्धमा अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन लिने गरेको पाइएन ।

१०. **खेलकुद सञ्चालन -** खेलकुदसम्बन्धी प्रगति विवरण २०७२।७३ अनुसार ४८ वटा खेलकुदसम्बन्धी क्रियाकलापमध्ये ३ वटा कार्यक्रम सञ्चालन भएको पाइएन । सञ्चालित कार्यक्रममध्ये बाह्रौं साग समेत ३ वटा वैदेशिक र प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता, माउण्टेनियरिङ्ग खेलकुद प्रतियोगिता समेत १३ वटा राष्ट्रिय खेलकुद कार्यक्रम सञ्चालन गरेको छ ।

२०७३।७४ मा ६७ वटा खेलकुदसम्बन्धी क्रियाकलापमध्ये वर्ष उत्कृष्ट फुटबल खेलाडी पुरस्कार वितरण कार्य नभएको, रियो ओलम्पिक र बीच एसियन गेम तयारी समेत ५ वटा वैदेशिक खेलमा सहभागिता र सातौं राष्ट्रिय खेलकुद समेत २७ वटा राष्ट्रिय खेलकुद कार्यक्रम सञ्चालन गरेको पाइन्छ ।

११. **कन्टिन्जेन्सी खर्च -** वित्तीय विवरणअनुसार अन्य खर्च रु.२ करोड १२ लाख १७ हजार खर्च लेखाङ्कन गरेको मध्ये विस्तृत आयोजना प्रतिवेदन तयारीको लागि रु.७ लाख ७७ हजार र भौतिक पूर्वाधार लजिस्टीक सपोर्टको लागि रु.१ करोड २५ लाख ९० हजार खर्च गरेकोमा भौतिक सम्पत्तिमा पुँजीकृत हुनुपर्नेमा खर्च लेखाङ्कन गरेको देखियो । कन्टिन्जेन्सी खर्च गर्दा योजनागत अभिलेख राखी लागत अनुमान बमोजिम खर्च लेख्नुपर्नेमा सो समेत नराखी खर्च गरेकोले अभिलेख राखी सम्बन्धित सम्पत्तिमा पूँजीकृत गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **कार्यक्रम संसोधन** - परिषद्ले सुरुमा स्वीकृत गरेका योजनाहरुमध्ये केन्द्रीयस्तरका २० योजना सञ्चालन नगरी जिल्लास्तरका साना २९९ नयाँ योजनाको लागि रु.१७ करोड ९५ लाख र विगत वर्षदेखि चालू रहेका २९ योजनाको लागि रु.१२ करोड ४९ लाख समेत रु.३० करोड ४४ लाख रकमान्तर गरी २०७३।१।२७ र २०७३।२।१६ मा कार्यक्रम संसोधन गरेको छ । ठूला योजनाको लागि विनियोजित रकम सम्बन्धित योजनामा खर्च नगरी आर्थिक वर्षको अन्त्यतिर स–साना योजनाको लागि रकम निकासा गरेको उचित देखिएन । साथै ती योजना सम्पन्न भए नभएको सम्बन्धमा परिषद्बाट अनुगमन समेत गर्ने गरेको छैन ।

१३. **सातौं राष्ट्रिय खेलकुद -** सातौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७२ सालमा गर्न परिषद्ले रु.२९ लाख ३१ हजार पेस्की समेत रु.१ करोड ८७ लाख ७४ हजार खर्च गरेको छ । उक्त वर्ष सो खेलकुद प्रतियोगिता सञ्चालन भएको देखिएन । प्रतियोगिता सञ्चालन गर्न खर्च लेखेकोमा खेलकुद प्रतियोगिता नै हुन नसक्दा उक्त खर्चको उपादेयता देखिएन ।

१४. **पेस्की व्यबस्थापन -** आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६२ को नियम ७९ मा तोकिएको म्यादभित्र पेस्की फछर्यौटको फाँटवारी पेस नगरेमा म्याद सकिएको मितिले वार्षिक १० प्रतिशतका दरले साँवा र व्याज समेत बुझाउनुपर्ने व्यवस्था छ । प्राप्त वित्तीय विवरण अनुसार यस वर्षसम्म रु.७५ करोड ९७ लाख २८ हजार पेस्की बाँकी रहेको छ । पेस्की रकममा कर्मचारी, पदाधिकारी, संघसस्था तथा व्यवसायिक सस्थाको

आर्थिक वर्ष सहित विवरण खुलाएको छैन । पेस्की बाँकीको विवरण अनुसार रु.७५ करोड ४८ लाख ४३ हजार पेस्की बाँकी देखाएकोले वित्तीय विवरण तथा पेस्की बाँकीको विवरणमा रु.४८ लाख ८५ हजार फरक देखिएकोले यकिन हुनुपर्दछ ।

१४.१. वर्षान्तमा ९६ वटा खेलसँग आवद्ध संघको मात्र रु.२० करोड ६१ लाख ८५ हजार पेस्की बाँकी रहेको देखिँदा पेस्की फछ्यौंट नगरी पेस्की दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

१४.२. स्वीकृत वार्षिक कार्यक्रम बमोजिम चौमासिकरुपमा नगरी आर्थिक वर्षको अन्तमा (२०७३।३।२९ देखि २०७३।३।३१ सम्म) १७ खेलकुद संघ तथा व्यक्तिहरुलाई रु.५४ लाख ७३ हजार पेस्की उपलब्ध गराएको छ ।

यसरी समयमै कार्यक्रम गर्न नसक्ने र सो आर्थिक वर्षमा खर्च गर्न सम्भव नहुने अवस्थामा पेस्की दिनु औचित्यपूर्ण देखिएन ।

१५. **संस्था दर्ता -** खेलकुद विकास ऐन, २०४८ को दफा १३ मा खेलकुदसम्बन्धी संस्था परिषद्मा दर्ता हुनुपर्ने र दर्ता नभएको संस्थाले खेलकुदसम्बन्धी गतिविधि सञ्चालन गर्न नपाउने व्यवस्था छ । हालसम्म १८२ खेल संघहरुको दर्ता भएकोमा २०७२।७३ सम्मको दर्ता तथा खारेजी समायोजन गर्दा १५६ संघहरु अस्तित्वमा रहेको देखिन्छ । नवीकरण नगर्ने संघलाई परिषद्बाट उपलब्ध हुने कुनैपनि सुविधा तथा सिफारिस उपलब्ध नगराउने व्यवस्था राष्ट्रिय खेल संघ सहजीकरण, २०७० ले गरेतापनि नवीकरण नभएका २६ वटा संस्था/संघलाई रु.१ करोड ३ लाख १६ हजार उपलब्ध गराएको छ । यस्तो प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

१६. **कर्मचारी पदपूर्ति -** कार्यालयको कार्यबोझ र उपलब्ध मानव स्रोतको आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी आवश्यक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । अर्थ मन्त्रालयको २०६१।१।२५ को पत्र अनुसार स्थायीतर्फ ७५० र करारतर्फ २५० रहने उल्लेख छ । प्राप्त विवरण अनुसार स्थायी ७२०, पदाधिकारी, करार तथा ज्यालादारी ३८४ र मौसमी कर्मचारी ११ गरी १ हजार ११५ जना कार्यरत रहेको देखिन्छ । यो वर्ष करारका कर्मचारीको पारिश्रमिक तथा सुविधामा रु.५ करोड ७० लाख ९४ हजार बजेट व्यवस्था रहेकोमा रु.५ करोड ९९ लाख ९८ हजार खर्च भई रु.२९ लाख ४ हजार बढी खर्च गरेको छ । अर्थ मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको निर्देशन समेतलाई मध्यनजर राखी आवश्यक दरबन्दी यकिन गर्ने र पदपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

१७. **फिर्ता दाखिला -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा वर्षान्तमा खर्च नभई बाँकी रहेको रकम फ्रिज गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्षभित्र कार्यक्रम सम्पन्न नहुने अवस्थामा समेत परिषद्ले प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिता सञ्चालन गर्न मुख्य प्रशिक्षक जगत टमाटालाई २०७३।३।१९ मा रु.४० लाख पेस्की दिएकोमा कार्य नगरी पछिल्लो आर्थिक वर्ष (२०७३।५।२६ र २७) मा परिषद्को कृषि बिकास बैङ्कस्थित खातामा फिर्ता दाखिला गरेकोले उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१८. **साग खेलकुद -** परिषद्को १०५ औं बैठकले १२ औं साग सहभागीताको लागि माननीय मन्त्रीदेखि परिषद्का पदाधिकारीसहित ४२ जना अफिसियल सहभागी हुने निर्णय गरेकोमा ८२ जना अफिसियल सहभागी भएको देखिन्छ । यसरी परिषद्को निर्णयभन्दा ४० जना अफिसियल बढी सहभागी हुँदा प्रतिव्यक्ति औषत खर्च रु.१ लाख ७३ हजारका दरले (१२ औं सागको पेस्की बाँकी सहितको कुल खर्च रु.१० करोड २८ लाख ३३ हजार र कुल सहभागी ५९६ लाई आधार मान्दा) न्यूनतम पनि रु.६९ लाख २ हजार परिषद्लाई थप व्ययभार परेको देखियो ।

त्यस्तै १२ औं सागको लागि परिषद्ले दैनिक भ्रमण भत्ता, प्रशासनिक खर्च, भैपरी खर्च लगायतका ९ वटा खर्च शीर्षकमा कुल रु.४ करोड ११ लाख ५० हजार रकम विनियोजन गरेकोमा विनियोजित बजेटभन्दा रु.१ करोड १५ लाख ३९ हजार (पेस्की बाँकी समेत) बढी खर्च गरेको पाइयो । यसरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत वा समर्थन नगराई तोकिएभन्दा बढी अफिसियल सहभागी गराई खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

१९. **भुक्तानीमा कर -** परिषद्ले आयकर ऐन, २०५८ बमोजिम स्वीकृति नलिएको अवकाश कोषबाट १९ कर्मचारीलाई अवकाश सुविधा भुक्तानी गरेकोमा सोही ऐनमा भएको व्यवस्थाबमोजिम करयोग्य रकममा १५

प्रतिशतका दरले कर कट्टी गर्नुपर्नेमा ५ प्रतिशत मात्र कट्टी गरेको देखिएकोले नपुग कर रु.१९ लाख २० हजार सम्बन्धितबाट असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२०. **क्रिकेट एकेडमी निर्माण -** काठमाडौं मूलपानी क्रिकेट एकेडमी प्याकेज–१ को ३ व्लक प्याराफिट, मैदान र नाली निर्माण गर्न मूल्य अभिवृद्धि करबाहेक रु.१४ करोड ६३ लाख २४ हजारको कार्य २०७३।३।१८ मा सम्पन्न गर्ने गरी २०७१।१०।१९ मा एक निर्माण व्यवसायी संयुक्त उपक्रमसँग सम्झौता भएको छ । उक्त कार्य गराई यो वर्ष रु.१३ करोड २८ लाख ५९ हजार र २०७३।७४ मा रु.३ करोड ५५ लाख ५० हजार गरी रु.१६ करोड ८४ लाख ९ हजार (मूल्य अभिवृद्धि कर समेत) भुक्तानी भएको छ । साथै मूल्य समायोजन वापत २०७२।७३ मा रु.३८ लाख ५८ हजार र २०७३।७४ मा रु.९ लाख १९ हजार समेत रु.४७ लाख ७७ हजारसमेत भुक्तानी भएकोमा निम्नबमोजिम पाइयो:

२०.१. सम्झौताबमोजिम २०७३।३।१८ मा कार्य सम्पन्न गर्नुपर्नेमा भूकम्प, नाकाबन्दी लगायत कारण दर्शाई म्याद थप माग गरेअनुसार दुई पटक गरी २०७४।३।१८ सम्म म्याद थप भएको छ । तत्पश्चात निर्माण कार्य सम्पन्न नभई २०७४।३।३० मा सदस्य सचिवबाट मूल्य समायोजन नपाउने गरी २०७४।६।१२ सम्म म्याद थप भएको देखिन्छ । उक्त अवधिभित्र अन्तिम बिल पेस गरे तापनि गुणस्तर परीक्षण प्रतिवेदन प्राप्त नभएकोले भुक्तानी हुन बाँकी रहेको जनाएको छ ।

२०.२. गत वर्ष र यस वर्ष गरी ४ वटा भेरिएसनबाट १२.६ प्रतिशतले हुने रु.२ करोड ८ लाख ३७ हजार थप हुनेगरी भेरिएसन आदेश जारी गरेकोमा आठौं रनिङ्ग विलसम्म भेरिएसन वापतको रु.१ करोड ७२ लाख ६ हजार भुक्तानी भएको छ । आर्थिक वर्ष २०७३।७४ मा पाँचौ भेरिएसनबाट रु.२३ लाख २५ हजारको थप समेत १४.१९ प्रतिशत र छैठौं भेरिएसनबाट कार्य परिमाण मात्र थपघट भएको छ ।

२०.३. कागेश्वरी मनोहरा नगरपालिका–९ स्थित खेल मैदान रहेको ५२ आना जग्गाको पश्चिमतर्फका विभिन्न व्यक्तिहरुको स्वामित्वमा रहेको जग्गा प्राप्त गर्न मुआवजा वितरण गर्ने प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई रु.२ करोड ९४ लाख पेस्की दिएकोमा जग्गा प्राप्त भएको देखिएन । उक्त जग्गा प्राप्त गरी तारबार तथा पर्खाल लगाई निर्माण कार्य गनुपर्नेमा सो नगरी उक्त निर्माण कार्य सुरु गरेकोले ग्राउण्डको आकारसमेत मिलेको देखिएन ।

२०.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम त्रुटि सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ । सुरु अवधि २०७३।३।१८ सम्मको लागि बीमा गरी रु.७ लाख ५५ हजार भुक्तानी गरेकोमा तत्पश्चात् बीमाको म्याद थप गरेको छैन ।

२१. **दशरथ रंगशाला मर्मत -** दशरथ रंगशालामा छाना छाउने तथा रेट्रो फिटिङ्ग कार्यको लागि मूल्य अभिवृद्धि करबाहेक रु.७ करोड ४१ लाख ३८ हजारको कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७२।४।८ सम्म कार्य सम्पन्न गर्ने गरी २०७१।१।८ मा सम्झौता गरेकोमा २०७२।७३ सम्म रु.३ करोड ६४ लाख ७० हजार र २०७३।७४ मा रु.२ करोड ७९ लाख २५ हजार समेत रु.६ करोड ४३ लाख ९५ हजार भुक्तानी भएकोमा निम्न बमोजिम देखियो :

२१.१. सम्झौता बमोजिम २०७२।४।८ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा रेट्रोफिटको लागि कार्यस्थल खाली नभएको, भूकम्प र नाकाबन्दीले कार्य गर्न बाधा भएको भनी ४ पटक गरी २०७४ आषाढ मसान्तसम्म म्याद थप भएको छ । पुन: २०७४।३।३० मा नेचुरल प्याराफिटको कार्य गराउनु परेकोले २०७४ पौष मसान्तसम्म म्याद थप भएको छ । सुरु कार्य अवधि १५ महिना रहेको कामका लागि २ वर्ष म्याद थप हुँदा समेत कार्य सम्पन्न भएको छैन ।

२१.२. यो वर्ष ७६ वटा नयाँ आइटम र १४ वटा पुराना आइटमको लागि ३ वटा भेरिएसन आदेश जारी गरी रु.७० लाख ८८ हजार थप गरेकोमा भेरिएसन आदेश जारी गर्नु पर्नाको प्राविधिक पुष्ट्याई संलग्न गरेको छैन । २०७३।७४ मा २ वटा भेरिएसन आदेश जारी गरी रु.२९ लाख २ हजारको काम थप गरेको समेत सुरु सम्झौताभन्दा कुल रु.९९ लाख ९० हजार (१३.४७%) थप गरेको छ ।

२१.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम त्रुटि सच्याउने अवधिसम्मको लागि निर्माण कार्य, औजार उपकरण र निर्माण कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्ने उल्लेख छ । सुरु सम्झौता अवधि २०७२।४।८ सम्म रहेको र सो अवधिसम्मको बीमा गरी रु.४ लाख २४ हजार (मूल्य अभिवृद्धि कर बाहेक) भुक्तानी भएकोमा तत्पश्चात् बीमाको अवधि थप गरेको पाइएन ।

२१.४. उक्त निर्माण कार्यको विस्तृत डिजाइन तथा लागत अनुमान कार्य रु.३९ लाख ९७ हजारमा बाह्य परामर्शबाट गराएकोमा समेत पटक पटक भेरिएसन आदेश जारी गर्नुपर्ने अवस्था आएको पाइयो । सम्बन्धित परामर्शदाता समेतलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ ५७ निकायमा रु.४ करोड ५५ लाख ९६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.११ लाख ७६ हजार फछ्यौंट गरेकोले रु.४ करोड ४४ लाख २० हजार बाँकी रहेको छ । सोमध्ये रु.६६ लाख ११ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - सगठित सस्था १ तर्फ रु.२५ करोड १ लाख ८४ हजार बेरुजू बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

रक्षा मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा राष्ट्रिय सुरक्षासम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, सेनाको व्यवस्थापन, विपद् उद्धार कार्यमा सहयोग, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र महत्वपूर्ण राष्ट्रिय सम्पदा तथा स्मारकको सुरक्षा, सुरक्षा क्षेत्र सुधार लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत २८० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.५४ अर्ब १७ करोड ३० लाख, राजस्व रु.३३ करोड ९ लाख, धरौटी रु.१ अर्ब ७ करोड ५५ लाखसमेत रु.५५ अर्ब ५७ करोड ९४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । समिति र अन्य संस्थासमेत ६ को रु.४० अर्ब ३२ करोड ६२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति कार्यान्वयन स्थिति -** बजेट वक्तव्य, २०७३ मा उल्लेख भएका मध्ये राष्ट्रिय हितको लागि राष्ट्रिय सुरक्षा नीति कार्यान्वयन गरी राष्ट्रिय सुरक्षा सम्बन्धी कानुन तर्जुमा गरिने र इटहरी तथा सुर्खेतमा नेपाली सेनाको एयरवेस स्थापना गर्ने कार्य हुन सकेको पाइएन । एयरवेस स्थापनाको लागि हवाई साधनहरु खरिद भएको, दरबन्दी स्वीकृत भएको, सुर्खेतमा जग्गाको व्यवस्था भई भौतिक संरचनाको काम भएको जनाएको छ ।

२. **लक्ष्य प्रगति -** मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार प्राकृतिक प्रकोप तथा उद्धार कार्यतर्फ बम निष्क्रिय, आगलागी नियन्त्रण, स्वास्थ्य शिविर सञ्चालन, रक्तदान, सरसफाइ, माइन जोखिम शिक्षा, सर्पदंश उपचार सेवाको काम भएको छ । राष्ट्रिय सेवा दलको कार्यक्रममार्फत ६६ जिल्लाका विद्यालय छनौट गरी राष्ट्रप्रति समर्पित हुने देशभक्ति पूर्ण तालिम प्रदान गरेको छ । सेनाले प्रयोगमा ल्याएको निजी भवन तथा जग्गाको मुआव्जा वितरण कार्य, सुशासनतर्फ सरल सूचना प्रदान, गुनासो फछ्यौंट, अभिलेख व्यवस्थापन, ऐन नियमावलीमा संशोधन, नेपाली सेनालाई वड्करबाट ब्यारेकसम्म पुर्नस्थापना, सैनिक सामग्रीमा आत्मनिर्भर, पुराना हतियारलाई प्रतिस्थापन, मेडिकल क्षमता, हवाई सुरक्षा प्रवर्द्धन गरी अपरेसनल क्षमता अभिवृद्धि लगायतका कार्य सम्पादन गरेको छ । नेपाली सेनालाई सडक निर्माण कार्यतर्फ पाँच सडक आयोजना जिम्मा दिएअनुसार निर्माण कार्य भैरहेको छ ।

३. **अख्तियारी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ मा आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र वार्षिक कार्यक्रम र अख्तियारी पठाउनुपर्ने उल्लेख छ । मन्त्रिपरिषद्को २०७४।१।२१ को निर्णयअनुसार काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिएको छ । रक्षा मन्त्रालयले काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजनाको लागि २०७४।३।८ मा रु.१ अर्ब ३४ करोड ९० लाखको अख्तियारी दिएकोमा हेभिइक्यूप्मेन्ट, सवारीसाधन र इन्धनको लागि रु.१ अर्ब ४ करोड १६ लाख पेस्की समेत सबै रकम खर्च जनाएको छ । कुल खर्चमध्ये ७७.२१ प्रतिशत पेस्की बाँकी रहेकोमा शतप्रतिशत भौतिक प्रगति भएको देखाएको छ । वर्षान्त र हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुसार अख्तियारी समयमै पठाई खरिद व्यवस्थापन गर्नुपर्दछ ।

४. **राशन आपूर्ति -** सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५९ मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेको कारणले सम्झौता अन्त्य भएकोमा सम्झौताबमोजिम बाँकी रहेको कार्य पूरा गर्न आवश्यक पर्ने रकम सम्झौताबमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने र निजले राखेको कार्यसम्पादन जमानत जफत हुने उल्लेख छ । नेपाली सेनाका ७ कार्यालयले राशन खुवाउन सम्झौता गरेका आपूर्तकहरुले सम्झौताअनुसार राशन आपूर्ति नगरेको कारण निजहरुसँगको सम्झौता अन्त्य गरी अर्को ठेक्का व्यवस्था नभएसम्म अमानतमा राशन खुवाउँदा रु.१ करोड १४ लाख ३० हजार बढी व्ययभार परेकोले उक्त रकम सम्बन्धितबाट असुल हुनुपर्दछ ।

पश्चिम पृतना हेडक्वाटरले रु.१ करोड ६७ लाख र नं.३ बाहिनी अड्डा खैरेनीटारले रु.४८ लाख ३९ हजारको राशन आपूर्ति नगरेका आपूर्तकले सम्झौता गर्दा पेस गरेको कार्यसम्पादन जमानत रकम जफत गरी राजस्व दाखिला गर्नुपर्दछ ।

प्रबन्ध तथा सम्भाररथी विभाग

विभागले नेपाली सेनालाई आवश्यक पर्ने विभिन्न सामान, उपकरण, सवारी साधन र पार्टपुर्जाको आवश्यकता यकिन गरी खरिद बन्दोबस्त गर्दै आएको छ ।

५. **प्रतीतपत्र पेस्की :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा आपूर्तिकर्ताबाट निर्धारित समयभित्र मालसामान प्राप्त हुन नसकेमा साधारणतया प्रतीतपत्र रद्द गरी सो वापत बैंङ्कमा जम्मा भएको रकम फिर्ता लिई प्रतीतपत्र पेस्की रकम फछ्यौंट गर्नुपर्ने उल्लेख छ । विभागले यो वर्ष स्वदेशतर्फ ८२ बोलपत्र र विदेशतर्फ ६२ बोलपत्रको माध्यमबाट रु.५ अर्ब २९ करोड ६३ लाखको सामान उपकरण र पार्टपुर्जा खरिद गर्न सम्झौता गरेको छ । विभागले २०६५।६६ देखि २०७२।७३ सम्म गरेका खरिद सम्झौता अनुसार आपूर्तिकर्ताको नाममा रु.१ अर्ब १ करोड ७३ लाखको सामान प्राप्त गर्न प्रतीतपत्र खोलेकोमा सामान प्राप्त नभएको कारण ती प्रतीतपत्र बन्द गरेको छैन । सम्झौताबमोजिमको सामानहरु आपूर्ति नगर्ने आपूर्तिकर्तालाई नियमानुसार कारवाही गरी प्रतीतपत्र पेस्की फछ्यौंट गर्नुपर्दछ ।

यो वर्षको लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः राष्ट्रिय सुरक्षा सम्बन्धी कानुन तर्जुमा, इटहरी र सुर्खेतमा एयरवेश स्थापनामा आंशिक प्रगति, अमानतबाट राशन व्यवस्था, प्रतीतपत्रबाट सामान प्राप्ति, समयमा सुरक्षा सामग्री आपूर्ति, हेलिकोप्टर खरिदमा प्रतिस्पर्धा, सेनाद्वारा निर्माणाधीन भवनको नक्सा पास र बीमा, सडक आयोजनाको बजेट स्वीकृत, सडक आयोजनाको विस्तृत ड्रइङ, डिजाइन सहितको लागत अनुमान, दूध र बिस्कुट खरिदमा गुणस्तर परीक्षण, कल्याणकारी कोषको लगानी जोखिम, सैनिक विमान चार्टर भाडा, बिरामी भान्छाघर निर्माण, लिफ्ट जडानको भुक्तानी लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

६. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा आपूर्तिकर्ताको ढिलाइको कारणले तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रति दिन सम्झौता रकमको ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने उल्लेख छ । नेपाली सेनालाई आवश्यक सुरक्षाका सामान खरिदको लागि एक विदेशी आपूर्तकसँग अमेरिकी डलर ६ लाख ६० हजार ७५६ को खरिद सम्झौता २०७१।३।१५ मा भएको देखिन्छ । सम्झौता अनुसार आपूर्तिकर्ताले २०७२।९।१५ भित्र सबै सामान आपूर्ति गरी सक्नु पर्ने उल्लेख गरेकोमा सो अवधि भन्दा २२५ दिन ढिला गरी २०७३।४।२७ मा सामान प्राप्त भएको छ । सामान ढिला आपूर्ति गरेकोमा १० प्रतिशतले हुने अमेरिकी डलर ६६ हजार ७५ पूर्वनिर्धारित क्षतिपूर्ति कट्टागर्नु पर्नेमा १०२ दिनको मात्र अमेरिकी डलर ३३ हजार ६९८ पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गरेकोले नपुग अमेरिकी डलर ३२ हजार ३७७ को हुने रु.३४ लाख ६५ हजार असुल गर्नुपर्दछ ।

७. **हेलिकोप्टर खरिद -** अर्थ मन्त्रालयबाट २०७४।२।१८ मा रकमान्तर गरी विभागलाई हेलिकोप्टर खरिद गर्न रु.१ अर्ब ६८ करोड निकासा भएको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

७.१ सार्वजनिक खरिद ऐन, २०६३ दफा ४(३) अनुसार कुनै खास उत्पादक कम्पनीबाट निर्मित सामान खरिद गर्ने गरी स्पेसिफिकेसन तयार गर्न नहुने र नियमावली, २०६४ को नियम ११ मा चालु वा अघिल्ला वर्षमा खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय वा अन्य बजारको प्रचलित दरभाउ र ढुवानी खर्चसमेतको आधार लिई लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । मिडियम हेलिकोप्टर १ खरिद गर्न इटालीको एक कम्पनीले उपलब्ध गराएको मूल्यलाई मात्र आधार लिई युरो १ करोड ४० लाखको लागत अनुमान स्वीकृत गरी सुचिकृत हुन सूचना माग गर्दा ६ देशका कम्पनी सूचीकृत भएको देखिन्छ । सूचीकृत सबै कम्पनीबाट प्रस्ताव माग गरेकोमा लागत अनुमानको लागि मूल्यसूची उपलब्ध गराउने इटालीको एक कम्पनीले मात्र प्रस्ताव पेस गरेकोले निजसँग युरो १ करोड ३९ लाख ८४ हजार २४३ मा खरिद सम्झौता गरी प्रतीतपत्र खोलेको छ । नेपाल सरकारले सुरक्षा सामरिक वा प्रतिरक्षा सामग्री आपूर्ति गर्ने कार्यविधि, २०६४ जारी गरेको छ । उक्त कार्यविधिअनुसार मन्त्रिपरिषद्को २०७३।३।१६ को बैठकबाट प्रतिस्पर्धा सुनिश्चितता हुने गरी खरिद गर्न स्वीकृति दिएकोमा एक मात्र प्रस्ताव पेस भएको र सोही बोलपत्र स्वीकृत भएकोले प्रतिस्पर्धाको सुनिश्चितता देखिएन ।

७.२ उक्त हेलिकोप्टर खरिद गर्ने निर्णय भएपछि हेलिकोप्टरको सञ्चालन क्षमता अभिवृद्धि गर्न अतिरिक्त उपकरण आवश्यक रहेको भनी हेलिकोप्टर खरिद गरी बचत हुने युरो ३ लाख ८६ हजार २०० मा ४ किसिमका उपकरण सो कम्पनीबाट खरिद गर्ने निर्णय भएको छ । खरिद योजनामा समावेश नभएको सामान विनियोजित रकम बचत भएकै आधारमा खरिद गर्नु मनासिब देखिएन । उक्त उपकरण खरिदको सम्झौतामा प्रतीतपत्र खोलेको मितिले १ वर्षभित्र आपूर्ति गर्नुपर्ने उल्लेख छ । हेलिकोप्टरको लागत अनुमान तयार गर्दा आवश्यक पर्ने उपकरण समेत समावेश गरी खरिद गर्नुपर्नेमा भेरिएसन गरी खरिद गरेकोले ती उपकरणहरु आवश्यक थियो भन्ने अवस्था देखिएन ।

७.३ कम्पनीको स्थानीय एजेन्ट नभएको उल्लेख गरी बोलपत्र पेस गरे तापनि बोलपत्रसाथ पेस भएका कागजात परीक्षण गर्दा वाणिज्य विभागको २०७३।६।१६ को पत्रानुसार काठमाडौंस्थित एक फर्मले इटालीस्थित उक्त कम्पनीको एजेन्ट भई काम गरेको देखिएकोले उक्त एजेन्टले पाउने कमिसन, मुद्रा, कर चुक्ता प्रमाण आदि संलग्न गरेको छैन । बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रसम्बन्धी कागजातहरु पर्याप्त अध्ययन र परीक्षण गरेको देखिएन । यसमा सम्बन्धित पदाधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्दछ ।

८. **लाइट हेलिकोप्टर खरिद -** नेपाली सेनाको विपद व्यवस्थापन क्षमता अभिवृद्धिका लागि लाइट हेलिकोप्टर खरिद गर्न युरो ३१ लाख ९० हजार ८७२ को लागत अनुमान स्वीकृत गरी बोलपत्र माग गर्दा फ्रान्स र अमेरिकाको हेलिकोप्टर निर्माता कम्पनीले बोलपत्र पेस गरेको देखिन्छ । कम कबोल गर्ने फ्रान्सको कम्पनीको तर्फबाट सिंगापुर स्थित एक एजेन्टले कबोल गरेको युरो २५ लाख ६७ हजार ३७६ (१९.५४ प्रतिशत) घटी कबोलपत्र स्वीकृत गरेको छ । नेपाल सरकार मन्त्रिपरिषद्ले २०७३।३।१६ मा एउटा मिडियम र दुई वटा लाइट हेलिकोप्टर खरिद गर्न स्वीकृति दिएकोमा दुई वटा लाइट हेलिकोप्टर खरिद गर्ने गरी बोलपत्र आह्वान गरेकोमा एउटामात्र खरिद गरेको छ । दुई वटा हेलिकोप्टर खरिद गर्ने बोलपत्र माग गरी खरिद प्रक्रियामा गैसेकपछि उचित र पर्याप्त कारणबेगर उक्त आपूर्तकबाट एक मात्र खरिद गरेको छ । एक अर्को लाइट हेलिकोप्टर खरिद गर्न आर्थिक प्रस्ताव माग गरेकोमा अमेरिकाको वेल हेलिकोप्टर कम्पनीको आर्थिक प्रस्ताव पेस भएकोले सोही कम्पनीबाट अमेरिकी डलर ३८ लाखमा खरिद गर्ने गरी सम्झौता भएको छ । नेपाली सेनाको सिफारिसमा रक्षामन्त्रीस्तरीय निर्णयबाट नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय गरी तोकिएको भन्दा फरक स्पेसिफिकेसनको हेलिकोप्टर खरिद गरेको मनासिब देखिएन ।

इन्जिनियरिङ विभाग

नेपाली सेनाको लागि आवश्यक भवन तथा आवास गृह निर्माण र मर्मत गर्न २०७१।११।५ मा यस कार्यालयको स्थापना भएको देखिन्छ । यो वर्ष ४२ भवन, आवास गृह र काठमाडौं तराई मधेश द्रुतमार्ग सडक आयोजना सम्बन्धी कार्य सञ्चालन गरेको छ ।

९. **भवन निर्माण अनुमति -** स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्ने अनुमति नलिई कसैले पनि भवन निर्माण गर्न नहुने, दफा १५० मा नगरपालिका क्षेत्रमा भवन निर्माण गर्न चाहने व्यक्ति वा सरकारी कार्यालयले भवनको नक्सा सहित नगरपालिकामा निवेदन दिनुपर्ने व्यवस्था छ । नेपाली सेनाले निर्माण गरिरहेको मुख्यालय भवन लगायत आन्तरिक निर्माणका अन्य सबै भवनहरुको नगरपालिकाबाट अनुमति लिएको पाइएन । भवन निर्माण गर्दा स्थानीय निकायको अनुमति नलिदा कानुनको पालना नहुने एवम् भवन तोकिएको मापदण्ड अनुसार निर्माण भएको सुनिश्चित नहुने हुँदा कानुनबमोजिम अनुमति लिई मात्र भवन निर्माण गर्नुपर्दछ ।

१०. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ अनुसार १० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य, उपकरण तथा सो कार्यमा संलग्न जनशक्तिको बीमा गर्नुपर्नेमा रु.१ अर्ब ७४ करोड १९ लाख ५२ हजारको मुख्यालय भवन, रु.१९ करोड ४५ लाख ३८ हजारको वीरेन्द्र अस्पतालमा जवान लाइन भवन, रु.४ करोड ६६ लाख २ हजारको सैनिक प्रहरी गणमा जवान लाइन भवन, रु.४ करोड ४० लाख ७५ हजारको लक्ष्मी निवास, महाराजगन्ज भवनको भुक्तानी गरेकोमा नियमको व्यवस्थाबमोजिम बीमा गरेको छैन । निर्माणाधिन कार्यको बीमा नहुँदा जोखिम बढेको छ । नियममा व्यवस्था भएबमोजिम तोकिएबमोजिम निर्माण कार्यको बीमा गराउनुपर्दछ ।

११. **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने उल्लेख छ । विभागबाट अत्यावश्यक कार्य र भैपरी खरिद भनी बोलपत्र बेगर १७ विक्रेताबाट पटक पटक रु.५७ लाख ४१ हजारको खरिद गरेको छ । नियमावलीको प्रक्रिया र कार्यविधि अनुरुप बोलपत्रको माध्यमबाट सामान खरिद हुनुपर्दछ ।

विकास निर्माण निर्देशनालय

नेपाली सेनालाई देश विकास तथा निर्माण कार्यमा संलग्न गराई विकास प्रक्रिया अगाडि बढाउने उद्देश्यले २०५२ मा विकास निर्माण महाशाखाको रुपमा स्थापना भएको हो । नेपाली सेनाद्वारा निर्माण गरिने भवन र सडक जस्ता विकास निर्माणका कार्य यस निर्देशनालयबाट हुँदै आएकोमा २०७१ मा इन्जिनियरिङ विभागको स्थापना भएपछि मुख्य रुपमा सडक निर्माण सम्बन्धी कार्य गर्दै आएको छ ।

१२. **निर्माण कार्य र प्रभावकारिता -** यस निर्देशनालयले नेपाल सरकारले तोकिदिएबमोजिम हालसम्म निम्न सडक आयोजना निर्माण गरेको देखिन्छ:

सि.नं.	सडकको नाम	कि.मि.	सम्पन्न वर्ष	सि.नं.	सडकको नाम	कि.मि.	सम्पन्न वर्ष
१.	हिले-लेगुवाघाट	२८	२०५८/५९	२.	छिन्चु-जाजरकोट	४५	२०६६
३.	कटारी-ओखलढुंगा	८८	२०६१/६२	४.	कर्णाली राजमार्ग	८८	२०६८
५.	कान्ती-लोकमार्ग	६५	२०१६	६.	नाग्मा-गमगढी	९४	२०६९/७०
७.	त्रिशुली-सोमदाङ	१०५	२०४७	८.	काठमाडौं तराई फाष्ट ट्याक	९०	२०६९
९.	गोरखा-मनकामना	३६	२०६२/६३	१०.	मुसिकोट-सल्ले	३	नखुलेको
११.	गोरखा-आरुघाट	४५	२०६२/६३	१२.	होलेरी-चुनवाङ	१६	नखुलेको
१३.	द्रव्यशाह मार्ग	२६.५०	२०६२/६३	१४.	रायचौर-फारुल्लाचौर	९	नखुलेको
१५.	सातदोबाटो-निवेल-वालुवा	२०	२०६२/६३	१६.	भद्रकाली-माइतीघर	०.५६	नखुलेको
१७.	बेसिशहर-चामे	६५	२०७०	१८.	मैलुङ-स्याप्रुवेसी	१६	निर्माण भैरहेको
१९.	वाग्लुङ-वेनी-जोमसोम	७५	२०६४	२०.	वेनीघाट-आरुघाट-लार्केभन्ज्याङ	११६	निर्माण भैरहेको
२१.	जोमसोम-कागवेनी	९	२०६४	२२.	कालीगण्डकी करिडोर	७६	निर्माण भैरहेको
२३.	सल्यान-मुसिकोट	४४	२०६२/६३	२४.	जाजरकोट-डोल्पा-दुनै	११६	निर्माण भैरहेको
२५.	मुसिकोट-वुर्तिवाङ	३५	२०६९	२६.	कर्णाली करिडोर	१९६.३४	निर्माण भैरहेको
२७.	देवीस्थान-खानीडांडा-चौरजहारी	४२	२०७०				

नेपाली सेनाले निर्माण गरेका आयोजनाहरु तोकिएको समयभित्र सम्पन्न भएको छ । तर निर्देशनालयले विभिन्न निकायबीच समन्वय अभावलगायतका कार्यक्रम तथा अख्तियारी समयमै प्राप्त नहुँदा पहिलो चौमासिकभित्र बन्दोवस्त गरिसक्नुपर्ने ठेक्कामा ढिला हुने गरेको छ । अत: आयोजनाको बजेट तथा कार्यक्रम समयमै स्वीकृत गर्नुपर्ने देखिन्छ ।

१३. **सडक निर्माण -** निर्देशनालयले देहायका ५ सडक आयोजनाको ट्याक खोल्ने कार्यमा यो वर्षको रु.१ अर्ब २९ करोड ५० लाखसमेत हालसम्म रु.३ अर्ब ५० करोड १८ लाख खर्च गरेको छ । कर्णाली करिडोर सडक आयोजनामा गत विगत वर्षसम्म सडक विभागले खर्च गरेको रु.२३ करोड ६३ लाखसमेत तालिकामा समावेश छ ।

(रु.लाखमा)

क्र आयोजनाको नाम	आयोजना शुरु वर्ष	सम्पन्न गर्नुपर्ने मिति	कुल लम्बाई कि.मि.	सम्पन्न कि.मि.	लागत अनुमान रकम	गत वर्षसम्मको रकम	यो वर्षको खर्च रकम	जम्मा खर्च रकम
१. जाजरकोट–डोल्पा	२०६४/६५	नखुल्ने	११६	११३	१४७८६	९८७०	२३००	१२१७०
२. कालीगण्डकी करिडोर	०६९/७०	नखुल्ने	७६	७६	८२६५	६०६५	३३००	९३६५
३. कर्णाली करिडोर	२०६५/६६	नखुल्ने	१९६.३४५	५८	२८४११	४५६३	३१००	७६६३
४.मैलुङ-स्याप्रुवेसी	२०७१/७२	नखुल्ने	१६	१७	नखुल्ने	१५७०	३५००	५०७०
५.बेनिघाट-आरुघाट लार्केभन्ज्याङ सडक	२०७३/७४	नखुल्ने	११६	४.५	नखुल्ने	०	७५०	७५०
		जम्मा	**५२०.३४५**	**२६८.५**	**७८८.८४५**	**२२०६८**	**१२९५०**	**३५०१८**

वार्षिक कार्यक्रम तथा प्रगति विवरणमा सबै आयोजना सम्पन्न गर्ने मिति र मैलुङ स्याप्रुवेसी तथा वेनीघाट आरुघाट लार्केभन्ज्याङ सडक आयोजनाको लागत खुलाएको छैन । जाजरकोट–डोल्पा दुनै सडक बाहेक अन्य सडकको विस्तृत सर्भेक्षण गरी ड्रइङ्ग, डिजाइन लागत अनुमान तयार नगरेको कारण

आयोजनाको कुल लागत र सम्पन्न गर्ने अवधि यकिन गर्न नसकेको व्यहोरा विगतमा औल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । यस सम्बन्धमा नेपाली सेनालाई सडक निर्माण कार्यको जिम्मेवारी दिँदा केही सडक आयोजनाको लागत अनुमान खुलाएको र केहीको नखुलाई पठाएको, लागत तथा खर्च खुलेका आयोजनामा नेपाली सेनाले प्रत्येक वर्ष खर्च रकमसमेत उल्लेख गरी अद्यावधिक गर्दै वार्षिक लागत अनुमान र कार्यक्रम तयार गर्ने गरेको जवाफ दिएको छ । वार्षिक कार्यक्रमअनुसार ५ सडक आयोजनामा १७ लाख २ हजार घनमिटर माटो कटिङ गरी रु.७६ करोड ५१ लाख ९१ हजार ज्यामी ज्याला खर्च गरेको छ । सडक आयोजनाहरुको विस्तृत ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार गरी चेनेज वाइज माटो, नरम तथा कडा चट्टान कटिङ गर्नुपर्ने परिमाण खुलाउनुपर्नेमा लागत अनुमान तयार नगरेको र वार्षिक कार्यक्रममा पनि माटो वा चट्टान कटिङ गर्नुपर्ने परिमाण नखुलाएकोले सम्पन्न परिमाण भिडान गर्नसक्ने स्थिति छैन । विस्तृत ड्रईङ, डिजाइनसहितको लागत अनुमान तयार गरी सम्पन्न गर्नुपर्ने कामको परिमाण खुलाउनुपर्दछ ।

१४. **कार्यसम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौताबमोजिम निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भएबमोजिमको एजविल्ट नक्सा पेस गर्नुपर्ने र प्राविधिकबाट जाँचवुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पुरानो गोरख गणले क्वाटर गार्ड निर्माणको लागि विनियोजित रु.४७ लाखबाट अमानतमा निर्माण कार्य गर्ने गरी निर्माण सामग्री रु.३६ लाख ९९ हजार, ज्याला भुक्तानी रु.९ लाख ७६ हजार र अन्य सामान रु.२५ हजार खरिद गरी भुक्तानी दिएको देखियो । लेखापरीक्षणको सिलसिलामा उक्त कार्यको निरीक्षण गर्दा निर्माण शुरु मात्र भएकोमा विनियोजित सबै रकम खर्च लेखेको छ । काम नगरी भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

राशन, इन्धन र परिवहन महाशाखा

नेपाली सेनाको लागि आवश्यक विस्कुट, दूध र मट्टीतेलको ठेक्का व्यवस्था गरी आपूर्ति गर्ने, खाद्य परिवहन सम्बन्धी नीति निर्देशन तथा बजेट बाँडफाँड, योजना तयारी एवं अनुगमन गर्ने कार्य यस महाशाखाले गर्दै आएको छ । नेपाली सेनाको नफ्री संख्या ९६ हजार ५९९ को लागि २०७३।७४ मा रु.३८ करोड ६३ हजारको हाई इनर्जी विस्कुट, रु.१६ करोड ९८ लाख ५२ हजारको स्वीटेण्ड कण्डेन्स मिल्क, रु.६३ करोड ६ लाख ४१ हजारको इन्धन र सेवा शुल्क समेत रु.१ अर्ब १८ करोड ५ लाख ५६ हजारको खरिद तथा आपूर्ति भएको छ ।

१५. **गुणस्तर परीक्षण -** नेपाली सेनाको लागि आवश्यक हाइ इनर्जी विस्कुट र कण्डेन्स मिल्क २०७२ माघ १ देखि २०७५ पुससम्म आपूर्ति गर्ने गरी एक विस्कुट उद्योग र एक दुग्ध व्यवसायीसँग २०७२।८।२४ मा क्रमशः रु.३८ करोड ६४ हजार र रु.१६ करोड ९८ लाख ५३ हजारको सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार हाल नमूनाको रुपमा पेस भएको हाई इनर्जी विस्कुटको गुणस्तर निरन्तर रुपमा कायम राख्नको लागि आपूर्तिकर्ताले आफ्नै खर्चमा प्रत्येक ४/४ महिनामा स्वदेशस्थित खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र विदेशस्थित अन्तर्राष्ट्रिय मान्यता प्राप्त प्रयोगशालामा परीक्षण गराई प्रतिवेदन पेस गर्नुपर्ने तथा खरिदकर्ताले आवश्यकताअनुसार आकस्मिक गुणस्तर परीक्षण गराउनुपर्दछ । तर हाई इनर्जी विस्कुट र स्वीटेण्ड कण्डेन्स मिल्ककको आपूर्तिकर्ताले यो वर्ष स्वदेश तथा विदेशको प्रयोगशालामा गुणस्तर परीक्षण गराई प्रतिवेदन पेस नगरेको एवं कार्यालयले गुणस्तर परीक्षण गराएको पाइएन । सम्झौताअनुसार गुणस्तर परीक्षण नगर्ने आपूर्तिकर्ता र परीक्षण नगराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

अन्य संस्था, समिति

नेपाली सैनिक कल्याणकारी कोष

संयुक्त राष्ट्रसंघको अनुरोधमा शान्ति स्थापना गर्ने कार्यमा नेपाली सेनाले भाग लिएबापत प्राप्त रकममध्ये कल्याणकारी कोषमा जम्मा हुने रकम लगानी गरी आर्जित ब्याजबाट बहालवाला तथा पूर्वसैनिक र निजहरुको परिवारको लागि कल्याणकारी कार्य सञ्चालन गर्ने उद्देश्यले २०३० मा नेपाली सेना संयुक्त राष्ट्रसंघको शान्ति स्थापना गर्ने कार्यको लागि मिसनमा सहभागी भएबापत प्राप्त रु.१ करोड २४ लाख १ हजार कोषमा जम्मा गरी २०३२ मा यस कोषको स्थापना भएको हो । हाल सैनिक ऐन, २०६३ र सैनिक कल्याणकारी कोष सञ्चालन नियमावली, २०६५ अनुरुप यो कोष सञ्चालनमा छ । कोषअन्तर्गत विभिन्न इकाईबाट सैनिक कल्याणकारी कार्यक्रम सञ्चालन हुँदै आएका छन् । हाल विभिन्न द्वन्द्वग्रस्त देशहरुमा शान्ति स्थापनार्थ ४ हजार ६७२ सैनिक कार्यरत छन् ।

१६. **वित्तीय अवस्था -** कोषमा गत वर्षको मौज्दात रु.३७ अर्ब २६ करोड ९८ लाख र यो वर्षको आम्दानी रु.१३ अर्ब ७८ करोड १५ लाख समेत रु.५१ अर्ब ५ करोड १३ लाखमध्ये चालुतर्फ रु.१० अर्ब २४ करोड ४३ लाख र पुँजीगततर्फ रु.१ अर्ब १९ करोड १२ लाखसमेत रु.११ अर्ब ४३ करोड ५५ लाख खर्च गरी रु.३९ अर्ब ६१ करोड ५८ लाख मौज्दात रहेको छ । उक्त खर्चमध्ये शान्ति सेना सञ्चालनमा रु.७ अर्ब १९ करोड ३५ लाख, स्वास्थ्यमा रु.३७ करोड १३ लाख, शिक्षामा रु.७३ करोड ३१ लाख, मेडिकल कलेजमा रु.२६ करोड ८९ लाख, पुरस्कार र छात्रवृत्तिमा रु.३३ करोड ४५ लाख, राहतमा रु.६१ करोड ५४ लाख, निवृत्तभरणमा रु.३४ करोड ९३ लाख, पुँजीगत खर्चमा रु.१ अर्ब १९ करोड १२ लाख तथा प्रशासनिक खर्च, ब्याज, कर, बीमा, आयमूलक कार्य आदिमा रु.३७ करोड ८३ लाख खर्च गरेको छ ।

१७. **निक्षेप -** कोषबाट प्राप्त विवरणअनुसार २०७४ असार मसान्तसम्म ३० वाणिज्य बैङ्क, २ विकास बैङ्क र ५ वित्त कम्पनीमा रु.२५ अर्ब ८७ करोड ६९ लाख, विदेशी मुद्रातर्फ विभिन्न बैङ्कमा रु.७ अर्ब ६५ करोड ५४ लाख मौज्दात र बाँकी रु.६ अर्ब ५८ लाख ३५ हजारमध्ये लगानी रु.४ अर्ब ८० करोड ४३ लाख, कल्याण योजनामा रु.१ अर्ब ७८ करोड ३२ लाख सेयर डिवेन्चर र बचतपत्रमा लगानी गरेको छ । कुल निक्षेपमध्ये देहायका बैङ्क र वित्तीय संस्थाबाट २०७४ असार मसान्तसम्म प्राप्त हुनुपर्ने मुद्दती एवं बचत खाताको साँवा रु.२२ करोड ९८ लाख र ब्याज रु.५ करोड ३१ लाखसमेत रु.२८ करोड २९ लाख यो वर्ष पनि असुल नभई जोखिममा रहेको छ । उक्त रकम असुल गर्नुपर्दछ । (रु.लाखमा)

सि.नं.	बैङ्क/वित्तीय संस्थाका नाम	साँवा	ब्याज	जम्मा
१.	युनाइटेड विकास बैङ्क	१५७	०	१५७
२.	क्यापिटल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड	१७९५	४१०	२२०५
३.	नेपाल सेयर मार्केट एण्ड फाइनान्स लिमिटेड	२३३	४८	२८१
४.	सम्झना फाइनान्स लिमिटेड	१००	६७	१६७
५.	हिमालय फाइनान्स लिमिटेड	१३	६	१९
	जम्मा	**२२९८**	**५३१**	**२८२९**

१८. **शोधभर्ना -** सैनिक कल्याणकारी नियमावली, २०६५ को नियम १८ मा मिसनमा खटाएबापत प्राप्त गर्ने भत्ता, मेसिनरी औजार तथा उपकरणको डिप्रिसियबलबापत प्राप्त हुने शोधभर्ना रकमलगायतका अभिलेख शान्तिसेना सञ्चालन निर्देशनालयले राख्नुपर्ने उल्लेख छ । कोषबाट प्राप्त विवरणअनुसार २०६८।६९ देखि २०७३।७४ सम्ममा संयुक्त राष्ट्रसंघबाट रु.५७ अर्ब ९९ करोड प्राप्त भएको मध्ये रु.३२ अर्ब ८६ करोड खर्च भई रु.२५ अर्ब १३ करोड बचत रहेको देखिन्छ । कोषले गत वर्षको शोधभर्ना प्राप्तमध्ये रु.९ अर्ब ५३ करोड ४४ लाख (अमेरिकी डलर ९ करोड ५६ लाख ५३ हजार) को विवरण नखुलेको उल्लेख गरेकोमा यो वर्ष शोधभर्ना प्राप्त रु.१० अर्ब ६४ करोड ४ लाखमध्ये रु.१० अर्ब ६३ करोड ८८ लाख (अमेरिकी डलर १० करोड ७ लाख ५९ हजार) शीर्षक नखुलाई एकमुष्ट आम्दानी जनाएको छ । कोषले शोधभर्ना प्राप्त गर्नुपर्ने हिसाबको अभिलेख नराखेकोले उक्त रकमको यथार्थता यकिन गर्न सकिएन । अतः कोषले मिसनमा उपलब्ध गराएका उपकरणलगायतका सामग्री, त्यसको शोधभर्ना प्राप्त हुनुपर्ने रकम र प्राप्त हुन बाँकी रकम खुल्ने अभिलेख राख्नुपर्दछ ।

१९. **पेस्की** - कोष अन्तर्गत २०७४ आषाढमसान्तमा विभिन्न इकाईमा फछ्यौंट गर्न बाँकी पेस्की रु.३ अर्ब ८२ करोड ५६ लाख रहेको मध्ये शान्ति सेना सञ्चालन निर्देशनालयतर्फ रु.३ अर्ब ४७ करोड ८१ लाख बाँकी छ । त्यसैगरी विदेशी मुद्रातर्फको पेस्कीमध्ये ३० इकाईको अमेरिकी डलर १ करोड ९६ लाख ९ हजार बाँकी छ ।

इन्जिनियरिङ तथा निर्माण कार्यकारिणी समिति

२०. **प्रगति -** नेपाली सैनिक कल्याणकारी कोष अन्तर्गतका निर्माण कार्य गर्न गठन भएको यो समितिले यो वर्ष ५१ कार्यक्रम सञ्चालन गरी रु.१ अर्ब ९ करोड (९९.९० प्रतिशत) खर्च गरेकोमा भौतिक प्रगति विवरण तयार गरेको छैन ।

२१. **कार्य स्थगित -** समितिले वीरेन्द्र अस्पताल, छाउनीमा बिरामी भान्छाघर निर्माण गर्न रु.३ करोड ४२ लाख ४५ हजारको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग २०७४ असार मसान्तमा कार्य सम्पन्न गर्ने गरी रु.३ करोड ४२ लाख २४ हजारको खरिद सम्झौता भएको देखिन्छ । साइट क्लियरेन्स, अर्थ वर्क,

इँटा सोलिङ, ह्युम पाइपलगायतको काममा रु.३३ लाख खर्च गरेपछि उक्त भवन निर्माण नगर्ने गरी २०७४।२।२८ मा निर्णय भएअनुसार निर्माण कार्य स्थगित गरेको पाइयो । निरीक्षण गर्दा इँटा सोलिङको काम, साइट क्लियरेन्स तथा ह्युम पाइपसम्बन्धी केही काममात्र भएको देखिन्छ । उचित कारणबेगर निर्माणको कार्य स्थगित गर्नु उपयुक्त देखिएन । उक्त कार्य २०७४।७५ देखि सुचारु गरिने प्रतिक्रिया प्राप्त भएको छ ।

२२. **अधुरो कार्य -** वीरेन्द्र अस्पताल, छाउनीमा २ वटा लिफ्ट जडान कार्यको लागि रु.१ करोड ४ लाखको लागत अनुमानमा एक विजनेश हाउससँग २०७४ आषाढ मसान्तमा कार्यसम्पन्न गर्ने गरी रु.१ करोड २ लाखमा सम्झौता भएको देखिन्छ । कार्यसम्पन्न गरेको भनी २०७४।३।२५ मा तयार गरेको कार्य सम्पन्न प्रतिवेदनअनुसार रु.१ करोड १५ लाख २६ हजार भुक्तानी भएकोमा २०७४।९।२५ मा निरीक्षण गर्दा निर्माण कार्य भैरहेको देखियो । निर्माण कार्य सम्पन्न नभै कार्यसम्पन्न प्रतिवेदन तयार गर्ने र भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

भेट्रान्स तथा सिभिल अस्पताल निर्माण कार्यदल

२३. **प्रगति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार निर्माण कार्य सम्पन्न गरी कार्यालयको उद्देश्यअनुसार अस्पताल सञ्चालनमा आउनुपर्दछ । नेपाली सेना प्रबन्धरथी विभागको नाममा रहेको महांकालस्थित ई.स. १९२५ मा निर्मित साबिकमा त्रिचन्द्र मिलिटरी हस्पिटल र नर्सिङ कलेज रहेको स्थानमा १२ रोपनी १४ आना ३ पैसा क्षेत्रफलको जग्गामा २ वटा वेसमेन्ट, ग्राउण्ड फ्लोरसमेत १७ तलाको भेट्रान्स तथा सिभिल अस्पताल भवन निर्माण गर्न रु.२ अर्ब ६२ करोड ८९ लाख ४३ हजारको लागत अनुमान स्वीकृत गरी २०७०।७१ देखि निर्माण कार्य शुरु भएकोमा २०७२ वैशाखको भूकम्पपश्चात् जी प्लस सेभेनको भवन निर्माण गर्ने गरी पुनरावलोकन भएको छ । नेपाली सेनाका जवानहरुले शान्ति स्थापना कार्यमा खटिई सेवा गरेबापत प्राप्त रकमबाट सैनिक कल्याणकारी कोष नियमावली, २०६५ अनुसार यस अस्पतालको निर्माण कार्यमा लगानी भएको छ । उक्त निर्माण कार्य सम्पन्न गरिसक्नुपर्ने अवधि किटान गरेको छैन । उक्त निर्माण कार्यमा २०७०।७१ देखि यो वर्षसम्म रु.१ अर्ब २३ करोड २६ लाख ५६ हजार खर्च भएको छ ।

भवन निर्माणको लागि २०७१।७२ मा खरिद गरेको रु.१० करोड ३२ लाख ६९ हजार मूल्यको ३७ हजार १७३ वर्गमिटर टायलको र रु.२ करोड ९३ लाख ४६ हजारको एबीएस डोरसमेत १३ करोड २६ लाख १५ हजारको सामान हालसम्म प्रयोग भएको छैन । अस्पतालको २०७४।४।२० को संशोधित लागत अनुमानअनुसार १७ हजार २५६ वर्गमिटरमा टायलहरु प्रयोग हुने भनी उल्लेख गरेकोमा सो आवश्यकताभन्दा १९ हजार ९१७ वर्ग मिटर टायल बढी खरिद भएको देखिन्छ । उक्त भवन १७ तलाको बनाउने गरी डिजाइन तयार भएअनुसार टायल खरिद भएको र २०७२ वैशाख १२ को भूकम्पपछि ९ तलामात्र बनाउने निर्णय भएकोले बढी मौज्दात रहन गएको जनाएको छ । टायल प्रयोग गर्ने अवस्थामा निर्माण कार्य नपुग्दै टायल खरिद गरी बढी मौज्दात गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

नेपाली सैनिक विमान चार्टर उडान विकास समिति

नेपाली सेनाका हवाई साधनहरुलाई नागरिक सेवाअन्तर्गतका अत्यावश्यकीय क्षेत्रहरुमा नियमित एवं मितव्ययी रुपमा आवश्यक सेवाहरु प्रदान गर्न विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाली सैनिक विमान चार्टर विकास समिति गठन आदेश, २०७३ अनुसार यो समिति गठन भएको हो ।

२४. **चार्टर भाडा -** मध्य एयरवेशतर्फ २०७३।७४ को ४५ निकायबाट रु.४ करोड १० लाख ९५ हजार र भी.भी.आई.पी. उडान सेवातर्फ २०४२।४३ देखि २०७२।७३ सम्म २८ निकाय र संस्थाबाट रु.५९ लाख ३४ हजार समेत रु.४ करोड ७० लाख २९ हजार हवाई चार्टर भाडा उठ्न बाँकी रहेको छ । यो वर्षको ८ निकायबाट उठ्न बाँकी ड्राइ भाडा रु.२ करोड ४३ लाख ८३ हजारसमेत रु.७ करोड १४ लाख १२ हजार असुल गर्नुपर्दछ ।

- **अनुगमन** - विगतका प्रतिवेदनमा स्वयम्भू बारुदखाना, बसुन्धरा क्यान्टिन र सुनाचुरी इमल्सन प्लाण्टले आर्थिक कारोबारको सम्पत्ति तथा दायित्व देखिने गरी लेखा तयार नगरेको, सैनिक कल्याणकारी कोषले सवारी साधन, उपकरण, भौतिक पूर्वाधार र फर्निचरको मूल्य वासलातमा समावेश नगरेको, स्थपति महानिर्देशनालय (कल्याणकारी कोष) ले खरिद गुरुयोजना तयार नगरेको, सैनिक कल्याणकारी कोषले खरिद गरेको सरकारी

जग्गाको विवरण र ती जग्गामा निर्मित भवनलगायत भौतिक संरचनाको अद्यावधिक लगत नराखेको र विकास निर्माण निर्देशनालयले बेचालु सामानको लिलाम बिक्री नगरेको, प्रबन्ध तथा सम्भाररथी विभागले प्रतीतपत्रको पुरानो पेस्की रु.१ अर्ब १ करोड ७३ लाख फछ्र्यौट नगरेको लगायतका व्यहोरा उल्लेख गरेकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजूको स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको वेरुजूको स्थिति देहाय अनुसार छः

  - मन्त्रालय र मातहतका समेत ८६ निकायमा यो वर्ष रु.६ अर्ब ६२ करोड ७५ लाख ८२ हजार वेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि २७ निकायले रु.३ करोड ५१ लाख ९७ हजार फछ्र्यौट गरेकोले रु.६ अर्ब ५९ करोड २३ लाख ८५ हजार बाँकी रहेको छ । सोमध्ये रु.६ अर्ब ५१ करोड १० लाख ८५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - अन्य संस्था ६ तर्फ यस वर्ष रु.२९ करोड २७ लाख ५९ हजार वेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रु.१ करोड ६० हजार फछ्र्यौट गरेकोले रु.२८ करोड २६ लाख ९९ हजार बाँकी रहेको छ । सोमध्ये रु.२१ करोड ७५ लाख १५ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

वन तथा भू -संरक्षण मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा वन तथा भू-संरक्षण सम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन अनुगमन र मूल्याङ्कन, वनजन्य उद्योगको प्रबर्द्धन, राष्ट्रिय निकुञ्ज तथा आरक्षको व्यवस्थापन, प्रकृति संरक्षण लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १९१ निकायबाट सेवा प्रवाह हुदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१२ अर्ब ६० करोड ८५ लाख, राजस्व रु.१ अर्ब ५३ करोड ९५ लाख, धरौटी रु.९७ करोड २७ लाख र अन्य कारोबार रु.८९ करोड ५० लाखसमेत रु.१६ अर्ब १ करोड ५७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था ८० र समिति १ को रु.४ अर्ब ९ करोड २३ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **योजना कार्यान्वयन -** चौधौं योजना अवधिमा सघन तथा विविधतायुक्त वन स्रोत, विभिन्न जैविक विविधता, समृद्ध जलाधार र उद्यमशीलतायुक्त वन क्षेत्रसहित रोजगारी सिर्जना र जीविकोपार्जनमा सुधार गर्ने उल्लेख छ । वनजन्य क्रियाकलापबाट २०७३।७४ मा ५८ हजार श्रमदिन रोजगारी सिर्जना गर्ने उल्लेख भएकोमा १५ लाख ७१ हजार जनाको लागि रोजगारी सिर्जना भएको प्रगति पेस भएको छ । उद्यमशीलता विकास र रोजगारी सिर्जनाको विस्तृत विवरण एवं आधार मन्त्रालयसंग छैन । योजनामा सार्वजनिक जग्गामा कृषि विकास कार्यक्रम, नगर तथा ग्रामीण वनको स्थापना, उत्पादनदेखि उपभोगसम्ममा बाधा हटाउने कानुन निर्माण, हरित रोजगार अनुसन्धान तथा तालिम केन्द्र स्थापना जस्ता कार्यहरु वार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

२. **बजेट कार्यान्वयन -** बजेट वक्तव्य २०७३।७४ मा उल्लेख भएअनुसार आयात प्रतिस्थापन र राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउन वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम ११ जिल्लामा बिस्तार गरे पनि विदेशी काठ आयातको प्रतिस्थापन र राजस्व प्राप्त सम्बन्धमा अभिलेख नराखेको, जडीबुटी २०० टन उत्पादन गर्ने र २०० हेक्टरमा खेती गर्ने कार्यक्रम भए तापनि उत्पादन तथा कार्यक्रम सञ्चालन नभएको, चुरेमार्फत २६ जिल्लामा नदी नियन्त्रण प्रणालीको कार्य गर्ने उल्लेख भएकोमा गुरुयोजनाअनुसार कार्य नभएको, डढेलो लगाउनेलाई कानुनी कारबाही गर्ने उल्लेख भएकोमा कार्यविधि बनाउने क्रममा रहेको, प्राणी उद्यान ७ प्रदेशमा सञ्चालन गर्ने उल्लेख भएकोमा १ प्रदेशमा घेराबार गर्ने कार्य शुरु भएको, रोजगारी र आयआर्जन कार्यक्रम सञ्चालन हुने उल्लेख भएकोमा त्यस प्रकारको कार्यक्रम सञ्चालन भएको देखिएन । साथै रारातााल क्षेत्रमा पर्यापर्यटन विकासको पूर्वाधार निर्माणको कार्य नभएको, काठ दाउराको उत्पादन वृद्धि गरी काठ आयातको प्रतिस्थापन गर्ने उल्लेख भए पनि अभिलेखबाट नदेखिएको, राप्ती, कर्णाली, भेरी र सेती अञ्चलमा पर्यापर्यटन विकास गरी रोजगारी सृजना र आय आर्जनको कार्यक्रम सञ्चालन गर्ने उल्लेख भए पनि पर्यापर्यटनको पूर्वाधारको कार्य भएको देखिएन ।

मन्त्रालयले आर्थिक कार्यविधि नियमावलीको नियम २० र २५ को अनुसूची २ बमोजिमको ढाँचामा प्रतिवेदन तयार नगरी वित्तीय प्रगतिलाई भौतिक प्रगति देखाएकोले प्रगति यथार्थपरक देखिदैन । तसर्थ निर्धारित कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्दछ ।

३. **काठको मूल्य निर्धारण** - वन नियमावली, २०५१ को नियम ९ को अनुसूची २ बमोजिम सरकारी काठको न्यूनतम मूल्य कायम गरी लागत अनुमान तयार गरी काठ दाउरा लिलाम र मूल्याङ्कन गर्ने व्यवस्था छ । टिम्बर कर्पोरेशन, प्रचलित बजार दर, सरकारी नियमावलीको मूल्याङ्कन बीच ठूलो अन्तर रहेको छ । उक्त नियमावलीले साल, सिसौं र ओखर ३ प्रजातिका काठको मूल्य प्रति घन फिट क्रमशः रु.८००, ६०० र ३०० तोकेकोमा टिम्बर कर्पोरेशनले क्रमशः रु.१ हजार ४७१, १ हजार ६७३ र ८५३ एवं प्रचलित बजार मूल्य क्रमशः रु.६ हजार ५००, ६ हजार २०० र १ हजार ५०० रहेको छ । प्रचलित बजार दर एवं सरकारी मूल्यबीच ठूलो अन्तर देखिएकोले बजार मूल्यसमेतलाई आधार लिई काठ दाउराको मूल्य कायम गरी लिलाम बिक्री गरिनुपर्दछ ।

४. **भूकम्पपीडितलाई काठ वितरण** - भूकम्पपीडितहरुका लागि काठ उत्पादन तथा आपूर्ति र व्यवस्थापन निर्देशिका, २०७२ बमोजिम भूकम्पपीडित जनतालाई काठ उपलब्ध गराउने व्यवस्था छ । जसमा २५९ परिवारले १ लाख १३ हजार ७६५ घन फिट काठ माग गरेकोमा ७३ परिवारलाई टिम्बर कर्पोरेशन मार्फत २४ हजार घन फिट काठ वितरण भएको छ । मागको आधारमा २१ प्रतिशत काठ उपलब्ध गराएको छ । त्यसैगरी भूकम्पपीडितलाई वितरण गर्न टिम्बर कर्पोरेशनलाई १ लाख ५५ हजार ३२८ घन फिट काठ उपलब्ध गराएकोमा निर्देशिकाबमोजिम काठको प्रयोग सम्बन्धमा अनुगमन गरेको अभिलेख पेस गर्नुपर्दछ । त्यस्तै बाँकी १ लाख ३१ हजार ३२७ घन फिट काठ वितरणको विवरण पेस भएको छैन । जिल्ला वन पैदावार आपूर्ति समिति ५ मार्फत ४८ हजार घन फिट काठ गोरखा, सिन्धुपाल्चोक, रामेछाप, नुवाकोट र धादिङ्ग जिल्लाका भूकम्पपीडितलाई उपलब्ध गराएकोमा सो काठ ढुवानी प्रक्रियामा रहेको उल्लेख छ । वितरणको अवस्था यकिन गरी समयमै अनुगमन गर्ने र वितरण प्रक्रियामा सुधार गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन, भूकम्पपीडितलाई काठ वितरण, वन अतिक्रमण नियन्त्रण, उत्पादित बिरुवा र वृक्षारोपणको अभिलेख, वन क्षेत्रको आय, वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयन, काठको व्यवस्थापन, खोटो सङ्कलन व्यवस्थापन, वन क्षेत्रको राजस्वको लगत जिम्मेवारी, यार्सागुम्बाको लिलाम प्रतिस्पर्धा, प्राविधिक ग्रेड भुक्तानी, प्राणी उद्यान निर्माणको गुणस्तरीयता, राजस्व असुली, फेवा संरक्षण क्षेत्र घोषणा र अतिक्रमण, शिरोभार खर्च भुक्तानी, अन्नपूर्ण क्षेत्रको प्रवेश शुल्क पुनरावलोकन, मूल्य अभिवृद्धि कर असुली, अनुगमन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

५. **वन अतिक्रमण** – बढ्दो अतिक्रमण नियन्त्रण गर्न वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८ र वन क्षेत्र सुरक्षा योजना, २०७० तर्जुमा गरी कार्यान्वयनमा ल्याए पनि गत वर्षसम्म ६२ जिल्लाका ७४० स्थानमा १ लाख २१ हजार २३४ घरधुरीले ९४ हजार २३३ हेक्टर वन र ६ राष्ट्रिय निकुञ्ज तथा आरक्षको ३ हजार ८७६ हेक्टर समेत ९८ हजार १०९ हेक्टर जमिन अतिक्रमण गरी ३० हजार १९४ घर टहरा निर्माण गरेको उल्लेख छ । त्यसै गरी २०७१।७२, २०७२।७३ र २०७३।७४ मा क्रमशः ६३८, ६८० र २ हजार ९७३ हेक्टर समेत कुल ४ हजार २९१ हेक्टर अतिक्रमण मुक्त गरेकोमा अतिक्रमणको तुलनामा ४.४ प्रतिशत प्रगति गरेको छ । प्रत्येक वर्ष अतिक्रमित जमिनको नगण्य क्षेत्रफलमात्र अतिक्रमण मुक्त भएको देखिएकाले सबै अतिक्रमित वन क्षेत्र मुक्त गर्न प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६. **उत्पादित बिरुवा र वृक्षारोपण** – नेपालको कुल क्षेत्रफल १ लाख ४७ हजार १८१ वर्ग कि.मि. रहेकोमा ६५ हजार ४२२ वर्ग कि.मि. (४४.४५ प्रतिशत) निकुञ्ज र वन क्षेत्रले ओगटेको छ । बाँकी ८१ हजार ७९७ वर्ग कि.मि. (८१ लाख ७५ हजार ९ सय हेक्टर) मा मानव बस्ती, कृषियोग्य जमिन, उद्योग धन्दा रहेका छन् । विगत ८ वर्षमा १० करोड ९३ लाख ७९ हजार बिरुवा सरकारी क्षेत्रबाट उत्पादन भएको देखिन्छ । उत्पादित बिरुवाको सरदर मृत्युदर २० प्रतिशत कट्टा गर्दा उक्त बिरुवाबाट ५४ हजार ६९० हेक्टरमा वृक्षारोपण हुने देखिन्छ । तर वन विभागले रुख कटानी, वृक्षारोपण, रोपण क्षेत्रको काठ उत्पादन, आयात एवं उपभोग सम्बन्धी एकीकृत अभिलेख राखेको छैन । भू तथा जलाधार संरक्षण विभाग र वनस्पति विभागबाट भएका वृक्षारोपण सम्बन्धी केन्द्रीय तथ्यांक रहेको पाइएन । लगानीबाट अपेक्षित नतिजा प्राप्त गर्ने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

वन सम्बद्ध निकायले सरकारी लागतमा बिरुवा उत्पादन एवं खरिद गरी वितरण गर्ने गरेको पाइन्छ । वन विभागले केही प्रजातिका बिरुवाको सम्बन्धमा मूल्य तोकेको भए पनि अधिकांश बिरुवा निःशुल्क वितरण गरेको छ । वनस्पति विभाग, पाइलट शाखाले रु.१० मा लोठ सल्ला बिक्री गरेकोमा जिल्ला वन कार्यालय, ललितपुरले रु.३० का दरले अनुदान खर्च लेखेको छ । सरकारी निकाय बीच बिरुवा खरिद बिक्रीको मूल्यमा एकरुपता कायम गर्ने गरी मूल्य निर्धारण, गुणस्तर नियन्त्रण आदि कार्य मन्त्रालयबाट भएको छैन । तसर्थ एकरुपता कायम गरी मूल्य निर्धारण तथा बिक्री वितरण प्रक्रियालाई व्यवस्थित गरिनुपर्दछ ।

७. **वन क्षेत्रको आय** – काठ, दाउरा बिक्री, आयात निर्यात, वन पैदावार र जडीबुटी निकासी, राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रको शुल्क आदिबाट विगत ५ वर्षमा सरकारी लगानीको तुलनामा आम्दानी निम्नानुसार देखिएको छ:

(रु.लाखमा)

आर्थिक वर्ष	वन क्षेत्रमा सरकारी लगानी	वन क्षेत्रबाट प्राप्त आय	लगानीको अनुपातमा आम्दानी प्रतिशत
२०६९/७०	३७०९३	१३९५७	३८
२०७०/७१	६०२३३	११८२१	२०
२०७१/७२	७०५८१	५३६१	८
२०७२/७३	१०१४०२	७०८२	७
२०७३/७४	१२६०५०	१५१५०	१२

७.१. वन क्षेत्र २०६९।७० सम्म ३९.६ प्रतिशत रहेकोमा हाल ४४.४५ प्रतिशत रहेको छ । वन क्षेत्र बिस्तार र लगानीमा वृद्धि भएतापनि वन क्षेत्रबाट प्राप्त हुनुपर्ने आम्दानी २०७२।७३ सम्म घट्दो दरमा रहेकोमा २०७३।७४ मा केही सुधार आई लगानीको तुलनामा आम्दानी १२ प्रतिशत पुगेको छ ।

७.२. यो वर्षसम्म १ लाख ९८ हजार घन फिट ढलापडा काठ सङ्कलन गर्ने लक्ष्य रहेकोमा १ लाख ७६ हजार घन फिट सङ्कलन भएको छ । लक्ष्यअनुरुप ढलापडा काठ सङ्कलन नभएकोले वर्षेनी वनजंगलको काठबाट प्राप्त हुने आयमा नोक्सानी परेको देखिन्छ । तसर्थ सबै ढलापडा रुख सङ्कलन गरी आय प्राप्त गरिनुपर्दछ ।

७.३. यो वर्षसम्म जडीबुटी विकास कार्यक्रमलाई प्रथम प्राथमिकता प्राप्त योजनामा समावेश गरी १५ जिल्लामा लागू गरेको देखिन्छ । जडीबुटी विकास कार्यक्रमका लागि यो वर्ष रु.१० करोड १२ लाख विनियोजन भएकोमा रु.५ करोड ६३ लाख खर्च भएको छ । मन्त्रालयले जडीबुटीलाई प्रथम प्राथमिकताको योजनामा राखे पनि जडीबुटी पकेट क्षेत्र तोकी जडीबुटी बिक्रीबाट आय वृद्धि गर्ने गरी लक्ष्य निर्धारण सहित गुरु योजना बनाएको छैन । जडीबुटीबाट प्रत्येक आर्थिक वर्षमा लक्षित आय समेत अनुमान गरेको पाइएन ।

७.४. रेड कार्यान्वयन इकाई कार्यालयको उद्देश्य अनुसार वन विनाश एवं वनको क्षयीकरणलाई कम गरी हरित गृह ग्यासको उत्सर्जनमा कटौती गरी कार्वन व्यापारबाट सन् २०२३ सम्म लाभ लिने गरी कार्यक्रम कार्यान्वयनमा आएको छ । तर यो वर्ष ६ कार्यक्रममा शून्य र कुल प्रगति ११.५८ प्रतिशत रहेको छ । तोकिएको काम समय मै सम्पन्न गरी कार्बन आय प्राप्त गर्नुपर्दछ ।

उल्लिखित परिस्थितिमा "हरियो वन नेपालको धन" भनिए पनि वन क्षेत्रबाट अपेक्षित रुपमा आय आर्जन एवं रोजगारीको सिर्जना हुन सकेको देखिएन । तसर्थ वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट लक्षित उद्देश्य हासिल गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।

८. **वैज्ञानिक वन व्यवस्थापन** - वैज्ञानिक वन व्यवस्थापन कार्यविधि, २०७१ बमोजिम वन व्यवस्थापन कार्ययोजना लागू गर्ने व्यवस्था छ । वालिचक्र विश्लेषण गरी परिपक्व रुखको कटान र वृक्षारोपण गर्ने, पुनर्उत्पादन गर्ने, बिरुवा हुर्काउन ५ देखि १० वर्षको फिलिङ साइकल अपनाउने जस्ता व्यवस्थासँगै लागत लाभ विश्लेषण, खुद वर्तमान मूल्य कायम गरी वन क्षेत्रबाट प्रर्याप्त लाभ लिने व्यवस्था गरेकोमा मन्त्रालयले हालसम्म वैज्ञानिक वन व्यवस्थापनको माध्यमबाट लागत लाभ विश्लेषण आधारमा आय प्राप्त गरेको अभिलेख पेस भएको छैन ।

चौधौं योजनामा दिगो वन व्यवस्थापनद्धारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्ने उल्लेख भएअनुरुप २०७३।७४ मा २५ लाख घनफिट काठ र ३ हजार चट्टा दाउरा उत्पादन गर्ने लक्ष्य निर्धारणभएकोमा १२ लाख ८८ हजार (५१.५ प्रतिशत) घनफिट काठ र १ हजार ३७४ (४५.०८ प्रतिशत) चट्टा दाउरा उत्पादन भएबाट वन क्षेत्रबाट लक्ष्यअनुरुप उत्पादन वृद्धि हुन सकेको छैन । तराई र भित्री मधेशका सबै जिल्लामा वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम लागू नगरेबाट परिपक्व रुखको पहिचान, कटान र सो क्षेत्रमा पुनः वृक्षारोपण हुन नसेकेको, सोबाट प्राप्त हुनुपर्ने आयसमेत प्राप्त नभएको र परिपक्व रुखमा दिनानुदिन हुने ह्रासले काठ दाउरा उत्पादनमा घटी हुन गई राजस्व प्रभावित हुने देखिन्छ । तसर्थ कार्य योजनाबमोजिम वन व्यवस्थापन गरी उद्देश्यअनुरुप आय वृद्धि र रोजगारी सिर्जना गरिनुपर्दछ ।

८.१. वन ऐन, २०४९ ले राष्ट्रिय वन क्षेत्रलाई धार्मिक, सामुदायिक एवं कबुलियती वनमा उपभोग गर्न स्थानीय समुदायलाई दिन सक्ने र समुदायले प्राप्त गरेको वन उपभोक्ता समूहले कार्य योजना आधारमा संरक्षण, उपयोग र व्यवस्थापन स्वतन्त्र रुपले गरी वन पैदावारको मूल्य निर्धारण, बिक्री एवं उद्योग सञ्चालन गर्न सक्ने व्यवस्थाअनुसार २०७३।७४ सम्म समुदायलाई १७ लाख ९८ हजार ७३३ हेक्टर वन क्षेत्र हस्तान्तरण भएको छ । त्यसैगरी चौधौं योजनाले उद्यमशीलता र रोजगारी वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवं वैज्ञानिक वन व्यवस्थापन गर्ने उल्लेख छ । यद्यपि वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनको लागि प्लट निर्धारण, पुन:वृक्षारोपण काठ दाउरा निष्काशन, रोजगारी तथा आय सिर्जना हुन सकेको छैन । तसर्थ राष्ट्रिय वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न सामुदायिक वनको माध्यमबाट वैज्ञानिक वन व्यवस्थापन कार्यान्वयन गरिनुपर्दछ ।

८.२. वन नीति, २०७१ मा वन, वनस्पति, वन्यजन्तु संरक्षित क्षेत्र तथा जलाधार संरक्षणद्वारा सन्तुलित कार्य गरी वन क्षेत्रको योगदान अभिवृद्धि गर्ने उद्देश्य राखिएको छ । वन जन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरणबाट आय वृद्धि हुन नसेकेको, काठ आयात बढेको, काठ सङ्कलन र वितरण प्रभावकारी नभएको, काठ दाउरा समयमै बिक्री नभई मौज्दात रहेको, वृक्षारोपण र संरक्षणबाट हुने आम्दानीसँग तालमेल नभएबाट हरियो वन नेपालको धन/संवृद्धिको लागि वन कार्यान्वयनमा ल्याएको देखिएन । तसर्थ वन नीतिको उद्देश्य प्राप्तीको लागि वन व्यवस्थापन गरिनुपर्दछ ।

वन विभाग

वन सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने उद्देश्यले ७४ वन कार्यालयको व्यवस्थापन, वातावरण संरक्षण र सम्वर्द्धन, वनजन्य कच्चा पदार्थ र जडीबुटी व्यवस्थापन गर्न यो विभागको स्थापना भएको हो ।

९. **काठ व्यवस्थापन** – वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ अनुसार काठ दाउरा थुपार्ने र घाटगद्धी रहने स्थान समेत यकिन गरी जिल्ला वन कार्यालयमा अभिलेख राखी वन विभागमा पठाउनु पर्ने व्यवस्था छ । वन विभागले २०७३।७४ मा काठ, दाउरा उत्पादन वितरण तथा वांकीको विवरण निम्नानुसार पेस गरेको छ ।

गत वर्षको मौज्दात		यो वर्ष सङ्कलन		जम्मा		बिक्री		बाँकी	
काठ (क्यू.फि.)	दाउरा (चट्टा)	काठ (क्यू.फि.)	दाउरा (चट्टा)	काठ (क्यू.फि.)	दाउरा (चट्टा)	काठ (क्यू.फि.)	दाउरा (चट्टा)	काठ (क्यू.फि.)	दाउरा (चट्टा)
११५६०७४.१०	७६२.७९	१२८८३६७.४९	१३७४.७०	२४४४४४१.५९	२१३७.५६	११३५७७७.०८	१०६७.२८	१३०८६६४.५१	१०७०.२८

९.१. यो वर्ष ११ लाख ३५ हजार ७७७.०८ घन फिट काठ तथा १ हजार ६७.२८ चट्टा दाउरा बिक्री गरी रु.७१ करोड ८६ लाख ४३ हजार राजस्व सङ्कलन भएको छ । २०७२।७३ मा १३ लाख ४० हजार ६८३ घनफिट काठ र २७३ चट्टा दाउरा घटी जिम्मेवारी सारेको तथा २०७३।७४ मा गतवर्ष मौज्दात देखाएको भन्दा १ लाख ६ हजार ६७२ घनफिट काठ बढी देखाएको र २८५ चट्टा दाउरा घटी जिम्मेवारी देखाएकोमा घटीबढी जिम्मेवारी सारेको पुष्टि हुने विवरण पेस गरेको छैन ।

९.२. जिल्ला वन कार्यालय २६ वाट प्राप्त विवरणअनुसार यो वर्ष बिक्री गरी १३ लाख ९ हजार घनफिट काठ बाँकी रहेको छ । उक्त मौज्दात काठलाई गत विगतको लिलाम बिक्रीको औसत प्रति घनफिट दर रु.८५९ को आधारमा रु.१ अर्ब १२ करोड ४४ लाख र प्रचलित बजार दर रु.५ हजार ५०० का आधारमा रु.७ अर्ब १९ करोड ९५ लाख हुने देखिन्छ । मौज्दात काठको ग्रेड नखुलाएको, समयमा लिलाम बिक्री नगरेको, काठको हैसियत बिग्रने जस्ता समस्याले राजस्व नोक्सानी हुनुको साथै काठको वास्तविक अवस्था समेत अनिश्चित देखिएकोले यससंग सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **खोटो सङ्कलन –** वन विभाग र एक उद्योग बीच खोटो सङ्कलन गर्न २०६३।१०।१४ मा १० वर्षको करार सम्झौता भएकोमा सम्झौताअनुसार रिल प्रविधि नअपनाई खोटो सङ्कलन गरी कुनै रुख मर्न गएमा त्यस्ता प्रत्येक रुखको मूल्य बिगो कायम गरी प्रचलित वन ऐन, २०४९ र नियमावली बमोजिम व्यवसायीबाट हर्जाना असुल गरिने व्यवस्था भएकोमा रुखको अवस्था खुल्ने गरी अभिलेख राखेको छैन ।

प्रत्येक ३ वर्षमा खोटो सङ्कलनको नियमित अनुगमन गरी कामको मूल्याङ्कन गरिने उल्लेख छ । सुदूरपश्चिमान्चलका ९ जिल्ला मध्ये बैतडी, डोटी, अछाम र डडेलधुराका राष्ट्रिय वन र सामुदायिक वनमा रहेका खोटे सल्लाबाट १० कम्पनीले खोटो सङ्कलन कार्य गर्दै आएकोमा खोटो सङ्कलन कार्यविधि निर्देशिका, २०६४ को दफा १७ (५) बमोजिम क्षेत्रीय वन निर्देशनालय, कैलालीले अनुगमन गरी २०७३ मा प्रतिवदेन तयार गरेको छ । उक्त प्रतिवेदनमा रुखको नम्बरिङ्ग गर्ने, सङ्कलनको तालिम दिने, १५ वर्ष भन्दा बढी एउटै रुखबाट खोटो सङ्कलन नगर्ने लगायतको सुझाव उल्लेख भएकोमा उक्त सुझाव कार्यान्वयन गरेको छैन । प्रतिवेदनको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

११. **अन्य प्रयोजनमा वन क्षेत्र -** वन ऐन, २०४९ को दफा ३२ वमोजिम वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा दिन सकिने व्यवस्था छ । व्यावसायिक प्रयोजनमा उपलब्ध गराएको जग्गाको प्राप्त हुनुपर्ने राजस्व असुल भए नभएको यकिन गरी असुल गर्न बाँकी रकमको अभिलेख राखेको देखिएन । यो वर्ष थप ९१४.४४ हेक्टर समेत १४ हजार ९४३.८३ हेक्टर वन क्षेत्र विभिन्न प्रयोजनको लागि उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

११.१. वन नियमावली, २०५१ को नियम ४५(१)'ख' मा कवुलियती वनमा कार्ययोजनाले गर्न हुने भनी तोकेको बाहेकका अन्य कार्य गर्न नहुने व्यवस्था छ । एक व्यवसायीसँग भएको कबुलियतनामामा चन्द्रागिरी कवुलियती वन क्षेत्रमा वातावरणमैत्री हिसाबले उपयुक्त हुने खालका चारदेखि आठ कोठा भएका कटेज प्रकृतिका ३० वटासम्म भवन निर्माण गर्ने उल्लेख छ । तर उक्त स्थानमा बहुतले आर.सी.सी. भवन निर्माण भैरहेकोले वन नियमावली र सम्झौता विपरीत भवन निर्माण गरेको सम्बन्धमा छानबिन गरी कारबाही गर्नुपर्दछ ।

११.२. नेपाल विद्युत प्राधिकरण र वन बिभाग बीच भएको सम्झौता अनुसार त्रिशुली ३ए विद्युत आयोजनाले आफ्नै खर्चमा जिल्ला वन कार्यालयले तोकेको स्थान धादिङमा १.७३६ हेक्टर, नुवाकोटमा ४५.४१ हेक्टर र काठमाडौंमा २९.६१ हेक्टरमा वृक्षारोपण गर्नुपर्नेमा कार्यालयले स्थान तोकेको छैन । स्थान तोकी वृक्षारोपण गर्नुपर्दछ ।

११.३. पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालयले धनकुटास्थित एक सिमेन्ट उद्योगले स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनबमोजिम माइनिङ स्किम एवं वन क्षेत्रमा भए गरेको कार्यको प्रगति विवरण पेस नगरेको, खानीबाट चुनढुङ्गा उत्खनन्का कारण खानी क्षेत्रको पानीको वहाव व्यवस्थापन नगरेको तथा सम्झौताको १२ वर्ष पछिसम्म उक्त प्रतिवेदन कार्यान्वयन गरेको छैन । सम्झौता कार्यान्वयन गर्नुपर्दछ ।

११.४. वन विभाग र चमेलिया जलविद्युत आयोजना तथा १३२ के.भी.ए. विद्युत प्रसारण लाइन आयोजनाबीच बैतडी, डोटी, डडेल्धुरा, कैलाली जिल्लाको लागि १४७.६१ हेक्टर वन क्षेत्र बढीमा ३५ वर्षसम्म भोगाधिकार उपलब्ध गराउने र १० हजार ९०७ रुख हटाउनको लागि २०६८।८।२८ मा सम्झौता भएको छ । आयोजनाले सङ्कलन गरेको काठ दाउराको लगत उपलब्ध गराएको पाइएन । बजार मूल्यअनुसार हुन आउने रकम यकिन गरी आयोजनाबाट असुल गर्नुपर्दछ ।

११.५. जिल्ला वन कार्यालय, कास्की र अपरमोदी हाइड्रो पावर प्रा.लि. बीचको सम्झौतामा काटिएका रुख तोकिएको स्थानमा घाटगद्दी गर्नुपर्ने व्यवस्था छ । तर ४७५ रुख कटानका लागि छपान भए पनि ४८२ रुख कटान भएको छ । प्लट क्लियर नभएको उल्लेख गरी कटान गरेको रुखको काठ र दाउरा बुझाएको पाइएन । सम्झौता कार्यान्वयन नगराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

११.६. वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०६३ को बुँदा नं. ५ मा वन क्षेत्रको जग्गा प्रयोग गर्नेले जिल्ला वन कार्यालयले तोकेको स्थानमा वृक्षारोपण गरी पाँच वर्षसम्म स्याहार र संरक्षण गरी वन कार्यालयलाई बुझाउनुपर्ने र बुँदा नं. ४ र ५ बमोजिम प्राप्त हुन आउने नर्म्स अनुसारको लागत रकम राजस्व खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । यो वर्षसम्म १४ हजार ९४३.८३ हेक्टर वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराएकोमा वृक्षारोपण गरेको र वृक्षारोपण गर्न लाग्ने लागत रकम प्राप्त गरेको देखिएन ।

११.७. वन नियमावली, २०५० को अनुसूची २० मा पर्यापर्यटन उद्योगका लागि वन क्षेत्रको जग्गा लिजमा लिई प्रयोग गर्दा हिमाली, पहाडी र तराई वा काठमाडौंमा प्रति हेक्टर दस्तुर क्रमशः रु.२ हजार, रु.३ हजार ५००

र रु.५ हजार र रोयल्टी प्रति वर्ष प्रति रोपनी क्रमशः रु.१०१.५२, १७७.६५ र २५३.८० असुल गर्ने व्यवस्था छ । न्यून दस्तुर तोकेकोमा पुनरावलोकन हुनुपर्दछ ।

१२. **लगती राजस्व –** जिल्ला वन कार्यालय, बाँकेको विगतको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४ करोड ८४ लाख ३१ हजार लगती राजस्व रहेकोमा असुल नगरी लगतबाट हटाएको पाइयो । लगती राजस्व असुल नगरी लगतबाटै हटाउने कार्य कानुनसम्मत नदेखिएकोले सम्बन्धित विभाग, मन्त्रालयले छानबिन गरी राजस्वको यथार्थ लगत तयार गरिनुपर्दछ ।

१३. **यार्सागुम्बा लिलाम** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५९ मा जुनसुकै कारणबाट जफत भएको मालसामान बोलपत्रको माध्यमबाट लिलाम गर्नुपर्ने व्यवस्था छ । अपि नाम्पा संरक्षण क्षेत्र कार्यालय, दार्चुलाले जफत गरेको ३.७ के.जी. यार्सागुम्बा छोडपूर्जी शुल्कको दरअनुसार प्रति के.जी. रु.२५ हजार मूल्य कायम गरी रु.९४ हजार ५०० मा लिलाम गरेको छ । उक्त लिलाम मूल्य प्रचलित बजार मूल्यभन्दा न्यून रहेको देखिदा पर्याप्त प्रतिस्पर्धा भएको देखिएन । यसरी नियम विपरीत कार्य गरी हानि नोक्सानी पार्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१४. **प्राविधिक ग्रेड** – आर्थिक ऐन, २०७३ मा निजामती तथा अन्य कर्मचारीको २०७३।७४ को तलब सम्बन्धमा साविकको ग्रेड समायोजन गरी प्राविधिक कर्मचारीले साविकमा पाइआएको थप २ ग्रेडबापतको रकममात्र पाउने व्यवस्था भएकोमा प्राविधिक कर्मचारीलाई सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट २०७३।७४ को लागि पारित भएको तलबी प्रतिवेदनमा उल्लेख भएको ग्रेड रकमभन्दा वन विभाग र मातहत ३८ निकायबाट रु.१ करोड ७ लाख बढी भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

वनस्पति, वन्यजन्तु र भू-क्षयहरुको संरक्षण संवर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले विभागको स्थापना, २०२९ सालमा भएको हो ।

१५. **भेरिएसन -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४(घ) अनुसार १५ प्रतिशतदेखि माथि २५ प्रतिशतसम्मको भेरिएसन आदेश मन्त्रालयको सचिवबाट जारी गर्न सक्ने व्यवस्था छ । राष्ट्रिय प्राणी उद्यान भक्तपुरको फेन्सिङ कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.२ करोड ९२ लाख ४४ हजारमा सम्झौता भएकोमा रु.२ करोड ३९ लाख ७३ हजार भुक्तानी गरी कार्य सम्पन्न गरेको छ । सम्झौताभन्दा १८.०२ प्रतिशत घटीको कार्य गरी कार्य सम्पन्न गरेकोमा भेरिएसन आदेश जारी गरेको छैन । साथै प्राविधिकबाट केही पोलहरुको जमिनमुनि सम्झौताअनुसार कंक्रिटिङ्ग (पी.सी.सी.) नभएको भनी प्रतिवेदन दिएकोमा सोबापतको रकम कट्टा गरी भुक्तानी दिएको छ । त्यस सम्बन्धमा थप छानबिन एवं कारबाही भएको पाईएन । सम्झौता र स्वीकृत डिजाईन विपरीत कार्य गर्ने गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१६. **असुली –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९ बमोजिम राजस्व असुल गर्नुपर्नेमा लामटाङ राष्ट्रिय निकुञ्जले ५३ व्यावसायीबाट रु. ६३ लाख राजस्व असुल गरेको छैन । असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई ब्याज समेत असुल गरिनुपर्दछ ।

चितवत राष्ट्रिय निकुञ्ज कार्यालयले ९० र उपभोक्ता समितिले १० प्रतिशत व्यहोर्ने गरी ३ उपभोक्ता समितिसँग रु.१ करोड ४१ लाख १६ हजारको सम्झौता गरी तारजाली निर्माण कार्य गरेकोमा सम्पूर्ण रकम कार्यालयले व्यहोरेको छ । उपभोक्ताले व्यहोर्नुपर्ने रु.१४ लाख १६ हजार जिम्मेवार व्यक्तिबाट असुल गरिनुपर्दछ ।

१७. **मानव वन्यजन्तु द्वन्द्व** - नेपालको कूल भूभागको ४४.५ प्रतिशत वन क्षेत्रले ओगटेको छ । वन जंगल संरक्षणको कारण वन्यजन्तुमा आएको वृद्धिको अनुपातमा आहार विहार क्षेत्र सोही अनुपातमा विस्तार नभएको, मध्यवर्ती क्षेत्र मानवीय अतिक्रमणमा परेको साथै संरक्षित क्षेत्र वरपर बढ्दो जनघनत्व एवं अव्यवस्थित भू उपयोगका कारण वन्यजन्तुको वासस्थानमा भएको क्षयीकरण एवं संकुचनले गर्दा वन्यजन्तु आफ्नो वासस्थान छोडी गाउँ वस्तीमा पस्ने गरेको पाइन्छ । यसबाट वन्य जन्तुका अतिरिक्त निकुञ्ज र आरक्षको वरिपरि बसोबास गर्ने समुदायको कृषि बाली नोक्सानी हुनुको साथै मानवीय क्षति वृद्धि हुँदै गएको फलस्वरुप क्षतिपूर्ति भुक्तानीमा समेत वृद्धि भएको छ ।

आर्थिक वर्ष	मानवीय क्षति		वन्यजन्तु क्षति		धन क्षति	क्षतिपूर्ति भुक्तानी (रु.हजारमा)
	मृत्यु	घाइते	मृत्यु	घाइते		
२०७२/७३	१०	३८	१६०	३३	नखुलेको	१,२४,१४
२०७३/७४	२२	४३	३२६	नखुलेको	२७१ घर गोठ, २७७ पशुधन र १७१ स्थानमा अन्नबाली नोक्सानी	३,८८,६५

मानव वन्यजन्तु द्वन्द्वलाई न्यूनीकरण गर्न आवश्यक प्रवन्ध गरिनुपर्दछ ।

भू तथा जलाधार संरक्षण विभाग

जलाधार क्षेत्रहरुको संरक्षण तथा संवर्द्धन गरी बाढी, पहिरो, भूक्षय जस्ता प्राकृतिक प्रकोपहरुको चाप कम गर्ने तथा भू-संरक्षणसम्बन्धी कार्यक्रमहरुको बारेमा प्रचार प्रसार गरी जनचेतना अभिवृद्धि गराउने उद्देश्यले भू तथा जलाधार संरक्षण विभागको स्थापना भएको हो ।

१८. **फेवा संरक्षण आयोजना -** भू जलाधार संरक्षण ऐन, २०३९ को दफा ३ मा जलाधार संरक्षण क्षेत्र तोक्न सकिने र सोही ऐनको दफा ४ मा रोकथाम नियन्त्रण गर्ने, वृक्षारोपण, वनस्पती लगाउने, माटो र पानीको स्वच्छता कायम गर्न सक्ने व्यवस्था छ । फेवातालमा हर्पन खोला मिसिने स्थानमा बालुवा ढुङ्गा थुप्रिई पुरिने क्रममा रहेको, माथिल्लो केही भूभाग वगरमा परिणत भएको, १० वर्ग किलोमिटर ताल ४.४ किलोमिटर कायम भएको, तालमा शहरी क्षेत्रको ढल मिसाएको, जलकुम्भी झार उम्रेको, तालका किनाराबाट ६५ मिटरसम्मको क्षेत्र फेवाक्षेत्र रहेकोमा सो क्षेत्रमा बस्ती बसी व्यापारिक कार्य गरेको, १२३ वर्ग किलोमिटरको क्षेत्रमा तालसँग घर बनाएको, फेवा जलाधार क्षेत्रलाई संरक्षित क्षेत्र घोषणा गर्न २०७३।९।२९ मा भू तथा जलाधार संरक्षण विभागमा अनुरोध भएकोमा कुनै निर्णय नभएको, अतिक्रमित जग्गा छानबिन समितिको प्रतिवेदनले १ हजार ६९२ रोपनी जग्गा दर्ता बदर गर्नुपर्ने, ५४० मुआवजा दिई अधिग्रहण गर्नुपर्ने र सरकारी निकायले रोक्का राखेको ७४७ रोपनी जग्गासमेत लिनुपर्ने उल्लेख गरेको, ६५ मिटर भित्रको संरक्षित क्षेत्र कायम गर्नुपर्नेमा गर्न नसकेको, संरक्षित क्षेत्रमा पक्की घर वा सार्वजनिक निर्माण गर्न नमिल्नेमा ताल किनारमा पक्की संरचनाहरु निर्माण गरी व्यापार एवं होटल व्यवसाय सञ्चालन भएको देखिएकोले फेवाताल संरक्षणमा कार्यरत निकायबीच समन्वय गरी संरक्षण कार्य गर्नुपर्दछ ।

१९. **शिरोभार खर्च –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पर्वतीय जलाधार संरक्षण आयोजना, डडेलधुरा अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्ने भू संरक्षण कार्यालय अछाम, बाजुरा, डोटी, डडेलधुरा र बैतडीले नियमावलीले गरेको व्यवस्था विपरीत सामान खरिद कार्यमा १५ प्रतिशत ओभरहेड थप गरी लागत अनुमान तयार गरी यो वर्ष आपूर्तिकर्तालाई रु.१ करोड ८६ लाख ओभरहेड खर्च भुक्तानी दिएको छ । यसरी नियम विपरीत लागत अनुमान तयार गरी खर्च लेख्ने पदाधिकारी र परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

२०. **ग्याबियन बक्स खरिद –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा रु.२० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । जिल्ला भू-संरक्षण कार्यालय रामेछाप, काठमाडौं, महेन्द्रनगर र कास्कीले उपभोक्ता समितिसंग सम्झौता गरी समितिको मागको आधारमा सामान खरिदको रकम रु.३ करोड ६८ लाख ५८ हजार आपूर्तिकर्तालाई भुक्तानी गरेको छ । नियमसंगत प्रक्रियाबाट प्रतिस्पर्धा गरी कार्य गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

प्राकृतिक स्रोत (काठ दाउरा) को उपयोग

भौगोलिक अवस्थाका कारण नेपालमा प्राकृतिक स्रोतको प्रचुर सम्भावना रहेको र परिवर्तित संघीय संरचनाअनुसार स्थानीयस्तरमा उपलब्ध प्राकृतिक स्रोतको अधिकतम परिचालन गर्नु आवश्यक छ । यसै वस्तु तथ्यलाई मध्यनजर राखी प्राकृतिक स्रोत (काठ दाउरा) को उपयोग सम्बन्धमा गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

२१. **नीतिको कार्यान्वयन** – वन नीति, २०७१ अनुसार उत्पादकत्व र उत्पादन वृद्धिको सम्भाव्यता पहिचान र दिगो व्यवस्थापन, आपूर्ति तथा वितरण गर्ने संरचना निर्माण, वन व्यवस्थापन विषयमा कार्यमूलक अनुसन्धान, काष्ठ तथा गैरकाष्ठ प्रजातिको काठको गुणस्तर अभिवृद्धि गरी उपयोग तथा बजार प्रवर्द्धन गर्ने नीति कार्यान्वयनमा आएको छैन । नीतिको बुँदा नं. ५ अनुसार निजी क्षेत्रलाई वन विकास तथा विस्तारमा संलग्न गराउँदै वनजन्य उद्यमको प्रवर्द्धन विविधीकरण र बजारीकरणबाट मूल्य अभिवृद्धि र हरित रोजगारी सिर्जना गर्ने उल्लेख भएकोमा सोको कार्ययोजना तयार गरेको छैन । नेपाल सरकार, दातृ निकाय र अन्य संघ, संस्था र समूहको परिचालन, वैज्ञानिक वन व्यवस्थापनलगायत गैरकाष्ठ प्रजातिको उपयुक्त प्रशोधन गर्ने प्रविधिको प्रयोग र बजारीकरण गरी नीतिको उद्देश्य प्राप्तिमा जोड दिनुपर्दछ ।

२२. **काठ दाउराको व्यवस्थापन** – वन पैदाबार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३ को परिच्छेद २, ३ र ४ मा छपान, कटान तथा सङ्कलन, ढुवानी तथा घाटगद्दी, नाप, स्तर र बिक्रीसम्बन्धी गरेको व्यवस्थाअनुसार वार्षिक योजना र लक्ष्य तोकी काठ दाउराको सङ्कलन तथा बिक्री वितरण गर्दै आएको छ । विगत ३ वर्षको उत्पादन, बिक्री र राजस्व आम्दानीको अवस्था निम्नअनुसार रहेको देखिन्छ:

विवरण	इकाई	आर्थिक वर्ष		
		२०७१/७२	२०७२/७३	२०७३/७४
काठ उत्पादन	घनफिट	१५९५५६६	१९९४१४४	२४४४४४२
दाउरा उत्पादन	चट्टा	१७९३	१६७१	२१३८
काठ बिक्री	घनफिट	७४१९४५	८३८००६	११३५७७७
दाउरा बिक्री	चट्टा	९३८	९०८	१०६७
राजस्वआम्दानी	(रु.लाखमा)	४९३८	४९७०	७१८६
काठको मौज्दात	घनफिट	८५३६२१	११५६१३८	१३०८६६५

काठ बिक्रीपछि बाँकी मौज्दात देखिए तापनि विभिन्न प्रजातिका काठ आयात हुने गरेको, वन व्यवस्थापन तालिकाअनुसार निरीक्षण र बिक्री वितरण गर्दासम्म एक वर्ष समय लाग्ने गरेको, सरकारी वनको मौज्दातबाहेक सामुदायिक, कबुलियती, साझेदारी वनबाट उत्पादन हुने परिमाण यकिन हुन सकेको छैन । काठ दाउराहरुको प्रशोधन बिक्री वितरण कार्यका लागि टि.सि.एन., वन पैदावार विकास समिति, जिल्ला वन पैदावार आपूर्ति समिति जस्ता विभिन्न निकायलाई सामूहिकरुपमा जिम्मेवार बनाई काठ दाउराको उपयोग अवस्थामा सुधार गर्नुपर्दछ ।

२३. **समन्वय** – वनसम्बन्धी नीति, नियम, निर्देशिका निर्माण एवं कार्यान्वयनका लागि मन्त्रालय, विभाग, अनुसन्धान निर्देशनालय, विकास समिति, आयोजना/परियोजनाहरु रहेका छन् । वन पैदावारको सङ्कलन, बिक्री, वितरणका लागि सरकारी, सामुदायिक, साझेदारी वनका लागि छुट्टाछुट्टै निर्देशिका कार्यान्वयनमा रहेका छन् । फरक फरक निर्देशिकाबाट कार्य गर्दा बिक्री वितरणमा समन्वय नदेखिएको, मूल्य एकरुपता नभएको, मौज्दात परिमाण यकिन हुन नसक्नुका साथै यी निकायहरुमा वातावरण संरक्षणसम्बन्धी भएको कार्य, वनसम्बन्धी गरेको अनुसन्धान र नेपाल पक्ष भएका सन्धि/महासन्धिअनुसार गर्नुपर्ने कार्य, भएका प्रयास र उपलब्धिको जानकारी भएको देखिएन । स्थापना भएका निकायहरुको समन्वयात्मक परिचालनबाट काठ दाउराको प्रभावकारी उपयोग गर्नुपर्दछ ।

२४. **रक्तचन्दन मौज्दात** – नेपाल सन् १९७५ देखि दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रणसम्बन्धी महासन्धिको पक्षराष्ट्र हो । महासन्धिअनुसार नेपालले निषेधित गरिएका वनपैदावारको नियन्त्रण गर्दछ । भारतबाट नेपाल हुँदै चीन निर्यात गर्ने क्रममा विभिन्न समयमा समातिएका कुल २ लाख ६४ हजार किलो रक्तचन्दनमध्ये मन्त्रिपरिषद्ले ८१ हजार किलो भारत फिर्ता पठाउने निर्णय गरेकोमा ३७ हजार किलोफिर्ता भएको तथा नमूना प्रयोजनलगायतमा २० हजार किलो लगत कट्टा भई बाँकी १ लाख ६५ हजार किलो मौज्दात रहेको छ । ऐन नियम तर्जुमा गरी रक्तचन्दन व्यवस्थापन गर्नुपर्दछ ।

२५. **कार्बन व्यापार** – कार्बन उत्सर्जनका लागि आधार वर्ष यकिन गरेको छैन । वनको संरक्षण, दिगो व्यवस्थापनद्वारा कार्बन सञ्चितिमा वृद्धि गरी लाभ लिन आधार वर्ष यकिन गरी वनको अतिक्रमण, वन विनाश रोकथामलगायतबाट वनपैदावारको प्रभावकारी उत्पादन र उत्पादनमा भएको परिवर्तन यकिन हुनुपर्दछ । बहुपक्षीय संस्थाहरुको संलग्नता भएको भुक्तानी प्रणालीलाई व्यवस्थित गर्नका लागि आवश्यक पर्ने

नीति, ऐन, नियम निर्माण तथा परिमार्जन गरी व्यवस्थित गर्ने लगायतका प्रक्रिया पूरा गरेको छैन । कार्वन व्यापारमा सहभागी हुनका लागि आवश्यक मौज्दातको आँकलन गर्ने कार्यको प्रारम्भिक चरणमात्र पूरा गरेको अवस्था छ । कार्वनडाइअक्साइड ग्याँस जैविक पिण्डको रुपमा रुखमा सञ्चित भएको अवस्थालाई अन्तर्राष्ट्रियस्तरको मापनविधिमार्फत कार्यक्रम सञ्चालन गर्ने निकायले तोकेको स्वतन्त्र तेस्रो पक्षलाई आमन्त्रण गरी मापनको आधारमा गणना हुने भएकोले नेपालमा भएका वन पैदावारको मौज्दात पहिचान तथा चुहावटका क्षेत्र नियन्त्रण गरी भुक्तानी गर्नुका साथै ऐन, नियममा व्यवस्थापन गरी कार्वन व्यापारबाट लाभलिन सक्नुपर्दछ ।

प्राकृतिक सम्पदा

नेपालमा वनक्षेत्र ४४.७४ प्रतिशत र संरक्षित क्षेत्र २३ प्रतिशतभन्दा बढी रहेको, रामसार सूचीमा १० सिमसार क्षेत्रहरु तथा अन्य दुर्लभ वन्यजन्तु तथा फ्लोरा फाउनाहरु रहेका छन् । प्राकृतिक सम्पदाको संरक्षण सम्बन्धमा कार्यमूलक लेखापरीक्षणका लागि चितवन राष्ट्रिय निकुञ्ज, अन्नपूर्ण संरक्षण क्षेत्र, कास्की जिल्लास्थित ९ तालतलैयालाई नमूना छनौट गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

चितवन राष्ट्रिय निकुञ्ज

२६. **निकुञ्ज अतिक्रमण** – राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३(१) अनुसार राष्ट्रिय निकुञ्जको रुपमा घोषणा भएको चितवन राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रमा नवलपरासी ५, चितवन ५ र मकवानपुर तथा पर्सा जिल्लामा १/१ गरी देहायका १२ क्षेत्रमा करिब १ हजार २११ हेक्टर जमिन अतिक्रमण भएको छ । अतिक्रमणमा बेवास्ता, अनियन्त्रित बसाई सराई, गरिब, भूमिहीन परिवारको संख्या वृद्धि, बाढीपीडितको लागि अस्थायी बसाई क्षेत्रको रुपमा वन क्षेत्र प्रयोग गर्न दिएपछि वैकल्पिक व्यवस्थापन नगर्दा अतिक्रमण बढेको देखिएको छ । सम्पदा संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था गर्नुपर्दछ ।

क्र.सं.	स्थान/क्षेत्र	क्षेत्रफल (हेक्टरमा)	घरधुरी	अतिक्रमण भएको वर्ष
१.	गजग्राह (गजेन्द्र मोक्ष) क्षेत्र, साबिकको सुस्ता गा.वि.स., नवलपरासी	१०.०६	निकुञ्ज भित्र, नखुलेको	२०३४/३५
२.	साबिकको त्रिवेणी सुस्ता गा.वि.स. वडा नं. २ को सानो कउलानी, वडा नं. ३ को क्यापटाडी र वडा नं. ८ को साहुमारा, शिवनगरगढी, नवलपरासी	४८.५१	करिब ८०/८५	२०३४/३५
३.	दाउन्नेदेवी उपभोक्ता समिति अर्न्तगत साबिकको नयाँ बेलाहानी गा.वि.स.को वडा नं. १, २, ३ र ५ तमासपुरमा पर्ने ठूलो पोखरा र पानबारी मध्यवर्ती सामुदायिक वन, नवलपरासी	२४१.५५	करिब ७००	२०३६
४.	मध्यवर्ती क्षेत्रमा पर्ने लामीचौर उपभोक्ता समितिअर्न्तगत साविकको पिठौली गा.वि.स.को वडा नं. ४, ७ र ९ मा पर्ने शान्ती, राजरत्न र कुढौली मध्यवर्ती सामुदायिक वनको सिमाना, नवलपरासी	२७.०२	करिब ७०	२०४५
५.	सिखौली उपभोक्ता समिति अर्न्तगत साबिकको मुकुन्दपुर गा.वि.स.को वडा नं. ६ मा पर्ने प्रस्तावित पितौजी मध्यवर्ती सामुदायिक वन पूर्व पश्चिम राजमार्गको किनार नवलपरासी	८.०६	करिब ५५	२०५०
६.	साबिकको अयोध्यापुरी गा.वि.स. वडा नं ९ स्थित बाँदरझुल्ला चुरे क्षेत्र तथा बगाई क्षेत्रको चक्ला वन अन्तर्गतको मुख्य क्षेत्र चितवन	५३९.०१	करिब ५५०	२०४७
७.	कुसम खोला,प्याउलीमा र कान्छी बगाई, चितवन	१९३.४१	करिब १५०	२०३३
८.	बरण्डाभार वन क्षेत्रको पश्चिमतर्फ पर्ने साबिकका गा.वि.स.हरु, चितवन	६०.६९	करिब ५१२	२०४०
९.	कुमरोज मध्यवर्ती सामुदायिक वन क्षेत्रको सिम्रेनी र हरनरी चौर,चितवन	१७.७७	करिब २००	२०४७
१०.	जनकौली मध्यवर्ती सामुदायिक वनको सौराहा क्षेत्र नजिक बाटोको किनार चितवन	१.४८	करिब २०	
११.	लोथर उपभोक्ता समितिअन्तर्गत रहेको मकवानपुर जिल्लाको साविकको मनहरी गा.वि.स. वडा नं. २ सुनाचुरी क्षेत्र, मकवानपुर	करिब ६०.९३	करिब ५००	२०५९
१२.	साबिकको निर्मलबस्ती गा.वि.स.को वडा नं ४ मा पर्ने शिकारी बास क्षेत्र, पर्सा	करिब २.७	करिब ५०	
	जम्मा	**१२११.१९**	**करिब २८९२**	

२७. **मध्यवर्ती क्षेत्र व्यवस्थापन** – वन्यजन्तुबाट हुने क्षति सम्बन्धी राहत सहयोग निर्देशिका, २०५९ को बुँदा ३ (छ) मा राहत वितरणको क्षेत्रहरु उल्लेख छ । लेखापरीक्षणको क्रममा त्रिवेणी सुस्ता, माडी बघौडा र मृगकुञ्ज मध्यवर्ती क्षेत्रको स्थलगत अवलोकन तथा लाभग्राहीसँग अन्तरक्रिया गर्दा राष्ट्रिय निकुञ्जका वन्यजन्तुबाट मध्यवर्ती क्षेत्रका बासिन्दामा भएको जनधनको हानि नोक्सानीको क्षतिपूर्ती प्राप्तिमा ढिलाई र झण्झटिलो हुने गरेको, बंदेलले बालीनालीमा क्षति गर्ने गरेको, चित्तल र खरायोले गरेको नोक्सानीको क्षतिपूर्ति दिने व्यवस्था नभएको, गैंडाले मानवीय क्षति गरेकोमा क्षतिपूर्ति दिइए तापनि भण्डारण गरेको खाद्यान्न र बालीको क्षतिमा क्षतिपूर्तिको व्यवस्था नभएको गुनासो गरेका छन् । राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रको स्पष्ट सिमाङ्कन, मध्यवर्ती क्षेत्रका भूमिहीन तथा गरीब जनताको लागि उचित व्यवस्थापन र क्षतिपूर्ति सम्बन्धी व्यवस्थामा परिमार्जन गर्नुपर्दछ ।

रामसार सूचीकृत ताल

नापी विभागबाट प्रकाशित टोपोग्राफिक सिटबमोजिम देशभर ५ हजार ३ सय ५८ ताल रहेकोमा कास्की जिल्लाको पोखरासमेतका १० ताल रामसार सूचीमा सूचीकृत छन् ।

२८. **ताल अतिक्रमण** – फेवातालको जग्गा अतिक्रमण छानबिन समितिले २०६९।२।४ मा पेश गरेको प्रतिवेदन अनुसार रामसार सूचीमा सूचीकृत पोखराका ९ तालको क्षेत्रफल १ हजार २७३.३९ हेक्टर (२५०३०-६-३-१ रोपनी) मध्ये पानीको भाग ९८५.६७ हेक्टर (७७.४१ प्रतिशत) र पुरिएको भूभाग ७०.४७ हेक्टर (५.५३ प्रतिशत) रहेको छ । त्यस बाहेक २१७.२५ हेक्टर (१७.०६ प्रतिशत) क्षेत्र अतिक्रमण भएको छ । अतिक्रमण भई जग्गा आवाद गरेकोमध्ये कमलपोखरीमा ७२.६२ प्रतिशत र बेगनास तालमा ३.४१ प्रतिशत रहेको छ । लेखापरीक्षणको क्रममा देखिएका मुख्य व्यहोरा देहाय बमोजिम छन् :

२८.१. जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ६(ग) मा साबिकमा कसैले सार्वजनिक जग्गा अतिक्रमण गरी भोग गरेको भएपनि नाप जाँच गर्दा त्यस्तो जग्गा सार्वजनिक जग्गाको रुपमा दर्ता गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी मुलुकी ऐनको जग्गा आवाद गर्नेको महल र जग्गा मिच्नेको महल, मालपोत ऐन, २०३४ मालपोत नियमावली लगायत मौजुदा ऐन, कानुन, नियम र निर्देशिकामा सरकारी जग्गा व्यक्ति बिशेषले हकभोग गरेको भए जुनसुकै समय उजुर गरे दर्ता बदर हुने व्यवस्था छ । अदालती बन्दोबस्त नं. ३६ मा सरकारी वा सार्वजनिक जग्गाको हकमा दर्ता बदर गराउनु परेमा हदम्याद लागु नहुने उल्लेख छ । फेवातालको छेउमा २०१९ मा निर्मित पार्दी बाँध २०३१।९।१७ मा फुटेर तालको ५० प्रतिशत पानी बगेपछि केही भाग जमिन बन्न गएको र २०३३।३४ मा त्यस क्षेत्रमा सर्पट नापी भएको साथै तालको १ हजार ६९२-६-०-१ रोपनी भूभागलाई ६७३ व्यक्तिले व्यक्तिगत नाममा दर्ता गरी अतिक्रमण गरेको देखिएको छ । नक्साको अध्ययनबाट समेत उक्त कित्ता ६५० मिटरभन्दा बढी लम्बाई रहेका, कतिपय कित्ता हाल पानीमुनि रहेका र सामान्य जग्गाको नक्साको प्रकृतिभन्दा फरक देखिएकोले ती जग्गाको दर्ता खारेज गर्न छानबिन समितिले सिफारिस गरेकोमा हालसम्म उक्त जग्गा दर्ता खारेज गरी सरकारीकरण भएको छैन । उपर्युक्त सबै आधारमा यी जग्गा ताल क्षेत्रमा पर्ने भएकोले गैरकानुनी रुपमा दर्ता भएका जग्गाको दर्ता खारेज गर्नुका साथै कानुन विपरीत नाप नक्सा र दर्ता गर्ने कार्यमा संलग्न पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२८.२. नेपाल सरकारले पोखरा उपत्यकाको विकासको लागि २०३१ मा तयार पारेको भौतिक विकास योजना कार्यान्वयनका लागि तत्कालीन नगर योजना कार्यान्वयन समितिले नियन्त्रित संरक्षण क्षेत्र भनी रोक्का राखेको ३६१ रोपनीमध्ये २०० रोपनी सार्वजनिक र १६१ रोपनी व्यक्तिगत जग्गा भएको देखिन्छ । कास्की जिल्ला परिषद्को २०६४।३।१५ र पोखरा उपत्यका नगर समितिको २०६४।४।२८ को बोर्ड बैठकले तालको वरपर ६५ मिटर संरक्षण क्षेत्र कायम गर्ने निर्णय गरे तापनि कार्यान्वयन भएको छैन ।



अतिक्रमण गरी नापी नक्सा अंकित अस्वाभाविक लम्बाईका कित्ताहरु

२९. **जलाधार क्षेत्र संरक्षण** – नेपाल सरकार र फिनल्याण्ड सहयोग नियोगबाट १९९२ मा गरेको अध्ययनले फेवातालको जलाधार क्षेत्रमा रहेका हर्पन लगायत २ दर्जन खोलाले बगाएर ल्याउने गिटी, बालुवा, ढुङ्गा माटो, मलखाद (सिल्ट) ले करिब १ लाख ४२ हजार मेट्रिक टन माटो भू-क्षय भई फेवातालमा मिसिने गरेको कारण वर्षेनि १ हेक्टर क्षेत्रफलमा नयाँ जमिन बन्ने देखिएको छ । फेवातालको क्षेत्रफल १९५७ मा करिब २२ हजार रोपनी रहेकोमा हाल ९ हजार ९ सय ५५ रोपनीमा सीमित भएको छ । वर्षेनि बगाएर ल्याउने सिल्ट तथा मानवीय क्रियाकलाप रोकथाम गर्नुपर्ने व्यहोरा फेवाताल संरक्षणका लागि गरिएका सबै अध्ययन प्रतिवेदनमा उल्लेख भए तापनि कार्यान्वयन हुन सकेको छैन । फेवातालको वरपर अनधिकृत र अव्यवस्थित संरचना निर्माण तथा बजारबाट निस्केको ढललाई सिधै तालमा मिसाएकोले ताल प्रदूषित भई प्राकृतिक सौन्दर्य, पानीको शुद्धता तथा पर्यावरणमा असर परेको छ । भू-संरक्षण कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला समन्वय समिति, पोखरा लेखनाथ महानगरपालिका लगायतका निकायले फेवातालको संरक्षणका लागि कार्य गरेको भए तापनि ठोस र एकीकृत रुपमा संरक्षणको कार्य हुन नसक्दा सकारात्मक नतिजा हासिल भएको छैन । ताल संरक्षण सम्बन्धमा एकीकृत रुपमा ठोस कार्य हुनुपर्दछ ।

३०. **रुपाताल गुरुयोजना** – रुपाताल संरक्षण एकीकृत गुरुयोजना तयार भई रु.४ अर्ब ५१ करोड ६६ लाख ५९ हजार बराबरको लागत अनुमान २०७४।४।२६ मा स्वीकृत भएको छ । सो लागत अनुमान बमोजिमको ठेक्का प्रक्रिया अवरुद्ध भएको देखिएकोले संरक्षण कार्यमा असर परेको छ । ठेक्का व्यवस्थापनको कार्य सम्पन्न गरी ताल संरक्षण एकीकृत गुरुयोजना कार्यान्वयन गर्नुपर्दछ ।

उक्त योजना कार्यान्वयनका लागि करिब १ हजार ४६१ रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने र करिब रु.३ अर्ब ५० करोड मुआवजा लाग्ने अनुमान रहेकोमा कानुनबमोजिम जग्गा मूल्याङ्कन कार्य तथा बजेट व्यवस्थापन नहुँदा गुरुयोजना कार्यान्वयनमा कठिनाई भएको छ । हाल उक्त जग्गाको सम्बन्धमा सूचना प्रकाशन गरी मालपोत कार्यालयबाट कारोबार रोक्का भएको र २०७४।७५ मा मुआवजाका लागि रु. ५ लाख मात्र बजेट विनियोजन भएको देखिएकोले अधिग्रहण प्रक्रिया टुंग्याई गुरुयोजना कार्यान्वयन गर्नुपर्दछ ।

समिति तथा संगठित संस्था

राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

झापादेखि कञ्चनपुरसम्म ३६ जिल्लामा ३ हजार ४२९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको चुरे क्षेत्रको संरक्षणको लागि राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति गठन आदेश, २०७१ बमोजिम यस समितिको स्थापना भई कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

३१. **कार्यक्रम सञ्चालन -** समितिको बजेट रु. १ अर्ब ८४ करोड ७३ लाख रहेकोमा समितिबाट रु.१२ करोड ३३ लाख (६.७ प्रतिशत) खर्च गरी बाँकी ९३.३ प्रतिशत अन्य १५ निकायबाट खर्च भएको छ । वृक्षारोपण, भू–क्षय रोकथाम, जलाधार क्षेत्रको संरक्षण, अनुसन्धान जस्ता कार्यक्रम वन मन्त्रालयमार्फत कार्यान्वयन गर्ने गरी समिति स्थापना भएको छ । कार्यक्रम सञ्चालन गर्न समितिको आफ्नै संरचना एवं पूर्वाधार रहेको छैन । केन्द्रीय समन्वय समितिले कार्यक्रम सिफारिस गर्ने र सञ्चालक समितिले अनुमोदन गरी वन तथा भू-संरक्षण मन्त्रालय मातहत निकायलाई अख्तियारी दिने गरेको छ ।

३१.१. समितिले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ अनुसार प्रस्ताव आह्वान नगरी गैरसरकारी संस्थामार्फत सोझै कार्यक्रम गराई रु.१ करोड ६४ लाख ९९ हजार खर्च लेखेको छ । भुक्तानी गर्दा कार्यतालिका प्रमाणित नगरेको, अनुसन्धान कार्यको अभिलेख नराखेको, कार्य सम्पन्न प्रतिवेदन र अन्तिम प्रतिवेदन समेत प्राप्त गरेको छैन । यस्तै समितिले सम्पादन गर्ने नियमित प्रकृतिका कार्यका लागि नेपाल सरकारबाट काजमा आएका कर्मचारीलाई ३५ प्रतिशत थप भत्ता दिँदा रु.३० लाख थप व्ययभार परेको छ ।

३१.२. समितिको गठन आदेश, २०७१ को दफा ५ मा चुरे क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि नीति तथा रणनीति तर्जुमा गर्ने, तटीय क्षेत्र बीचको सम्बन्ध स्थापित हुने गरी व्यवस्थापन कार्य योजना बनाउने र कार्यान्वयन गर्ने, जोखिमयुक्त र सम्वेदनशिल क्षेत्रहरुको पहिचान गरी संरक्षण योजना बनाई कार्य गर्ने, प्राविधिक र वित्तीय सहायता जुटाउने काम गर्ने गरी समितिको काम, कर्तव्य र अधिकार तोकेको छ । नेपाल सरकार कार्य विभाजन नियमावलीअनुसार वन तथा भू संरक्षण मन्त्रालय र समितिको कार्य प्रकृति एकै प्रकारको देखिन्छ । समितिको काम कारबाही दक्ष र क्षमतायुक्त नदेखिएकोले संगठनात्मक संरचनाको पुनरावलोकन हुनुपर्ने देखिन्छ ।

अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना कार्यालय

३२. **प्रवेश शुल्क आम्दानी –** संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १९(१) अनुसार विदेशी नागरिकले संरक्षण क्षेत्र भित्र प्रवेश गर्न चाहेमा अनुसूची–२ बमोजिम सार्क राष्ट्रका नागरिकलाई रु २०० र अन्य विदेशी नागरिकलाई रु २ हजारका दरले प्रवेश शुल्क लिने व्यवस्थाअनुरुप यो वर्ष विभिन्न मुलुकका पर्यटकबाट रु २३ करोड ७३ लाख ८१ हजार प्रवेश शुल्क आम्दानी गरेको छ । आम्दानी संचित कोषमा दाखिला गरी विनियोजन पद्धतिबाट खर्च गर्नुपर्नेमा राष्ट्रिय प्रकृति संरक्षण कोषमा दाखिला गरी खर्च गरेको छ । साथै निकुञ्ज तथा आरक्षमा प्रवेश शुल्क तथा अन्य दस्तुरमा पटक पटक संशोधन भई सक्दा पनि संरक्षण क्षेत्र प्रवेश शुल्क विगत १६ वर्ष देखि पुनरावलोकन गरेको पाइएन । आयोजनाको आयवृद्धि हुने गरी शुल्कमा समयसापेक्ष वृद्धि गर्नुका साथै राजस्व संचित कोषमा दाखिला गरी विनियोजन मार्फत खर्च गर्ने गरी ऐन नियम पुनरावलोकन गरिनु पर्दछ ।

३३. **मूल्य अभिवृद्धि कर –** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को अनुसूची–१ को समूह ८ को खण्ड (ग) अनुसार राष्ट्रिय निकुञ्जको प्रवेश शुल्कमा मूल्य अभिवृद्धि कर लाग्ने देखिन्छ । सोबमोजिम अन्नपूर्ण संरक्षण क्षेत्र र मनास्लु संरक्षण क्षेत्रले प्राप्त शुल्कमा मूल्य अभिवृद्धि कर क्रमशः रु.४ करोड ९१ लाख १५ हजार र रु.१४ लाख ९३ हजार असुल गरेको छैन । कानुनबमोजिम मूल्य अभिवृद्धि कर असुल नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३४. **होटल व्यवस्थापन** – अन्नपूर्ण संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ को दफा १८ मा संरक्षण क्षेत्र भित्र व्यवसाय सञ्चालन गर्न संरक्षण अधिकृत समक्ष निवेदन दिनुपर्ने व्यवस्था छ । अन्नपूर्ण संरक्षण क्षेत्र परियोजनाबाट प्राप्त विवरणअनुसार २०७४।१०।१२ सम्म १६३ होटल दर्ता भई सञ्चालनमा रहेका छन् । आयोजना क्षेत्रका ७ ईलाका संरक्षण कार्यालय मध्ये स्वीकृतिबेगर सञ्चालनमा रहेका घान्द्रुकमा ११,

जोमसोममा १६, लोमान्थाङमा ३६ र सिक्लेसमा २ गरी ६५ होटलबाट राजस्व असुल हुन सकेको छैन । नियम विपरीत सञ्चालनमा आएका होटललाई दर्ता गराई व्यवस्थित गर्नुपर्दछ ।

३५. **द्वैध कार्यक्षेत्र** – राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०२९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको स्थापना भएको छ । राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत रहेको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागअन्तर्गत रहेको अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क कार्यालयबीच बाटो निर्माण, सेल्टर निर्माण, संरक्षण सहयोगी कार्यमा दोहोरोपना रहेको छ । सम्पर्क कार्यालयले कार्यान्वयन गर्ने गरी स्वीकृत भएका कार्यक्रमसमेत आयोजना क्षेत्र व्यवस्थापन सामुदायिक संस्थाबाट कार्यान्वयन गरेको देखिएको छ । न्यायिक अधिकारबाहेक अन्य क्षेत्राधिकार समान रहेका दुई संस्थाका कार्यक्षेत्र र अधिकार पुनरावलोकन गरी एकीकृत रुपमा संरक्षण एवं विकास गतिविधि कार्यान्वयन गर्नुपर्दछ ।

- **अनुगमन** – विगतका प्रतिवेदनमा वृक्षारोपणका लागि आवश्यक व्यवस्था नगरेको, सामुदायिक वन विकास र संरक्षण कार्यमा भएको खर्चको जिल्लागत एवं केन्द्रीय अभिलेख नराखेको, हस्तान्तरित सामुदायिक वनको नियमित अनुगमन गरी प्रतिवेदन प्राप्त नगरेको, प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, वनस्पति ऐन र नियमावली तर्जुमा नगरेको लगायतका व्यहोरा समावेश भएकोमा यो वर्ष पनि सुधार भएको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ १८४ निकायमा रु.४८ करोड ४४ लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. २ करोड ८५ लाख ७७ हजार फछ्यौंट गरेकोले रु.४५ करोड ५९ लाख ७ हजार बाँकी रहेको छ । सोमध्ये रु.७ करोड ४७ लाख ५९ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था, अन्य संस्था र समिति ९ तर्फ रु.१३ करोड ५२ लाख ३७ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.६६ लाख ९९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

वाणिज्य मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा वाणिज्य तथा व्यापारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, निकासी प्रवर्द्धन, अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता तथा व्यापार कूटनीतिको सञ्चालन र प्रवर्द्धन लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ११ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२९ करोड १३ लाख ९९ हजार, राजस्व रु.३५ करोड ५७ लाख ३३ हजार, धरौटी रु.२ करोड ३५ लाख ९४ हजार र अन्य कारोबार रु.६ करोड ६९ लाख ५८ हजारसमेत रु.७३ करोड ७६ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेतको रु.१ अर्ब ४३ करोड ५१ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **नीति तथा कार्यक्रम** - बजेट वक्तव्य २०७३।७४ मा व्यापार लागत कम गर्न तथा नेपाली उत्पादनको अन्तर्राष्ट्रिय बजारमा प्रवेश एवं विस्तार गर्न थप मुलुकहरुसँग व्यापार सम्झौता र दुवै छिमेकी मुलुकहरुबाट पारवहन सहज गर्ने उल्लेख भएकोमा भारतको विशाखापटनम् बन्दरगाह प्रयोगमा ल्याइएपश्चात् समुचित लाभ प्राप्त भएको भए तापनि उत्तरतर्फ थप नाका खोल्ने कार्य हुन नसकेको एवं बंगलादेशसँग सचिवस्तरमा बैठक भए पनि राधिकापुरको ट्रान्जिट उपयोग हुन सकेको छैन ।

साथै निकासी प्रवर्द्धन केन्द्रबाट आधुनिक ड्रायर ७० थान तथा अदुवा भण्डारण गर्ने सोलार ८० थान वितरण गरेको र सुर्खेतमा जडिबुटी प्रशोधन केन्द्र निर्माणको लागि उद्योग वाणिज्य संघलाई आर्थिक सहायता उपलब्ध गराएकोमा उल्लिखित वस्तुको प्रयोगको अवस्था, यसबाट वैदेशिक निर्यात बढाउनमा पुगेको योगदान सम्बन्धमा मन्त्रालयले अनुगमन तथा अध्ययन गरेको छैन ।

२. **प्रगति स्थिति** - मन्त्रालय र मातहत निकायले २०७३।७४ मा सम्पादन गर्नुपर्ने गरी तोकिएका कार्यहरु सोही अवधिभित्र कार्यान्वयन गर्नुपर्नेमा यो वर्ष तोकिएका कार्यमध्ये दोधरा-चाँदनीमा सुख्खा बन्दरगाह निर्माण गर्न विस्तृत अध्ययन कार्य सम्पन्न गरी जग्गा प्राप्त गरी निर्माण कार्य प्रारम्भ गर्ने कार्य भइनसकेको, वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धमा व्यवस्थापन तथा नियमन गर्न बनेको ऐन, २०७४ कार्यान्वयनको लागि नियमावली तयार नभएको, कृषि विकास मन्त्रालयअन्तर्गत बाली संरक्षण निर्देशनालय, काठमाडौंमा अत्याधुनिक ल्याब बनाउने कार्यको डिजाइनको कार्यमात्र सम्पन्न भए पनि निर्माण कार्य प्रारम्भ नभएको र नेपाल र चीनबीच स्वतन्त्र व्यापार सम्झौता (Free Trade Agreement) को सम्भाव्यता अध्ययन गर्न सन् २०१६ मा उच्चस्तरमा सहमति भएकोमा सोको सम्भाव्यता अध्ययनको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्यमात्र भएको छ । अतः तोकिएका कार्य यथासमय सम्पन्न गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३. **अन्तर्राष्ट्रिय व्यापार -** मन्त्रालयवाट उपलब्ध भएको २ वर्षको आयात निर्यातसम्बन्धी तथ्याङ्कअनुसार नेपालले २०७२।७३ मा रु.७ खर्ब ८१ अरव १४ करोड ५९ लाखको विभिन्न मालवस्तु आयात गरेकोमा २०७३।७४ मा सो रकम २६.२२ ले वृद्धि भई रु.९ खर्ब ८५ अरव ९५ करोड १३ लाख पुगेको छ । निर्यातर्तफ २०७२।७३ मा रु.७१ अर्ब १३ करोड ७६ लाख रहेकोमा २०७३।७४ मा रु.७३ अर्ब १२ करोड ५३ लाखको मालवस्तु निकासी भएको देखिन्छ । दुई वर्षको तुलना गर्दा निकासी वृद्धि २.७९ प्रतिशत रहेको पाइयो । आयात तीव्ररुपमा बढिरहेको र निर्यातको वृद्धि न्यून रहेकोले २०७३।७४ को अन्त्यसम्म व्यापार घाटा रु.९ खर्ब १२ अर्ब ८२ करोड ६० लाख पुग्न गएको छ ।

आयात निर्यातको विश्लेषण गर्दा विलासी एवं अनुत्पादनशील वस्तु सुन, चाँदी, सवारीसाधन, पेट्रोलियम पदार्थ जस्ता मालवस्तुको आयात २० देखि ७७ प्रतिशतसम्म बढेको छ भने ऊनी गलैचा, तयारी पोशाक, अलैंची, अदुवाजस्ता नेपालको बेग्लै पहिचान भएका वस्तुहरुको निर्यात ९ देखि ६२ प्रतिशतसम्म घटेको देखिन्छ । प्राप्त विवरणअनुसार २०७१।७२ मा निर्यातभन्दा आयात ९.१ गुणा बढी रहेकोमा आयातमा प्रतिवर्ष औसत २ गुणा वृद्धि भई २०७३।७४ मा निर्यातभन्दा १३.५ गुणा आयात बढी रहेबाट अर्थतन्त्रमा

परनिर्भरता बढेको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले निर्यातयोग्य वस्तुहरुको पहिचान गरी निकासी गर्न प्रोत्साहन गरेकोमा विगत २ आर्थिक वर्षको निर्यातजन्य वस्तुहरुको तुलनात्मक अध्ययन गर्दा चियामा ४.३ प्रतिशत, छालाजन्य वस्तुमा ६.३ प्रतिशत तथा फेब्रिक, टेक्सटायल, यार्न र रोपको निर्यातमा ६.३ प्रतिशत वृद्धि देखिए तापनि अदुवामा ६२.६ प्रतिशत, फुटवेयरमा २३.३ प्रतिशत, औषधिजन्य वस्तुहरुमा २० प्रतिशत, पश्मिनामा १७.३ प्रतिशत, अलैचीमा १६ प्रतिशत र गलैँचामा ९.९ प्रतिशत निर्यातमा कमी आएको देखिन्छ । तर वैदेशिक व्यापार सम्बन्धमा बढ्दो व्यापार घाटा कम गर्न स्वदेशी उद्योगको उत्पादन वृद्धि गरी आयात प्रतिस्थापन गर्ने, स्वदेशी उद्योगको संरक्षण र संवर्द्धन गर्नको लागि निकासी पैठारी ऐनको प्रावधान कार्यान्वयनगर्नुका साथै विश्व व्यापार संगठन (WTO) को प्रावधानबमोजिम आयातलाई आंशिकरुपमा परिमाणात्मक बन्देज लगाउने व्यवस्थाको लागि एन्टिडम्पिङ्ग, काउण्टर भ्यालिङ्ग र सेफगार्डसम्बन्धी ऐन निर्माण गरी स्वदेशी औद्योगिक उत्पादन सुरक्षा प्रत्याभूति गर्ने र निर्यातजन्य वस्तुहरुको पहिचान, विकास, उत्पादन तथा वितरण र बिक्री बढाई परिमाणात्मक र गुणात्मक वृद्धि गरी व्यापार सन्तुलन कायम राख्न प्रभावकारी कदम चाल्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः उत्तरतर्फ थप नाका खोल्ने कार्य, निर्यात प्रवर्द्धनको लागि विभिन्न संस्थामार्फत भएको कार्यको अनुगमन, दोधारा चाँदनीमा सुख्खा बन्दरगाह निर्माण, नेपाल भारत क्षेत्रीय व्यापार परियोजना अन्तर्गत प्रयोगशाला निर्माणको कार्य, वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धमा व्यवस्थापन तथा नियमन गर्ने ऐनको कार्यान्वयनका लागि नियमावली तयारी, निर्यात प्रवर्द्धनको लागि विभिन्न सामानको प्रशोधन केन्द्र निर्माण, भण्डारणको लागि सामान वितरण, अन्तर्राष्ट्रिय मेला आयोजनालगायतमा गरिएको खर्चको प्रभावकारिता, निर्यातभन्दा आयात १३.५ गुणा बढेको, अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा वाणिज्यदूतावाससँगको समन्वय, निर्देशन र नियन्त्रण कार्यको प्रभावकारिता, साफ्टाको कार्यान्वयनको असर, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको आन्तरिक आय परिचालन, विभिन्न संस्थालाई सशर्त अनुदान दिएको खर्च रकमको अनुगमन, व्यापार व्यवसायको लागि दिएको अनुमतिपत्रको शर्तको पालना, नवीकरण र कारोबार सञ्चालनलगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४. **वाणिज्यदूतावासको कार्यसम्पादन -** आयात निर्यातलाई सहजीकरण गर्न र निर्यात प्रवर्द्धनको लागि भारतको कोलकाता, चीनको ल्हासा तथा हङकङ्ग, साउदी अरबको जेद्दा र अमेरिकाको न्युयोर्कसमेत ५ देशमा ६ वाणिज्यदूतावास स्थापना गरिएको छ । वाणिज्यदूतावासको कार्यसम्पादन सम्बन्धमा दूतावासहरुबाट यस मन्त्रालयसँग सम्बन्धित भए गरेका कार्यहरुको प्रतिवेदन गर्ने गरेको छैन । नेपाल सरकारको कार्यसम्पादन नियमावलीबमोजिम वाणिज्यसम्बन्धी कार्यक्षेत्र यस मन्त्रालयको रहेको र संगठन संरचनाअनुसार वाणिज्यदूतावास पररा्ष्ट्र मन्त्रालयअन्तर्गत रहेकोले वाणिज्यदूतावासले गर्नुपर्ने वाणिज्यसम्बन्धी काम कर्तव्य र अधिकार सम्बन्धमा दुवै निकायबीच समन्वय गरी कार्य सम्पादन भए नभएको अनुगमन, प्रतिवेदन तथा कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

५. **सन्धि सम्झौता** - दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठनका सदस्य राष्ट्रहरुको संगठन सार्कको सन् १९९७ मा सम्पन्न नवौँ शिखर सम्मेलनले यस क्षेत्रलाई स्वतन्त्र व्यापार क्षेत्र कायम गर्ने उद्देश्यले साफ्टा सम्झौता भएको छ । सम्झौताको प्रावधानअनुसार सदस्य राष्ट्रहरुले आयात गर्ने वस्तुमा साफ्टामा आबद्ध राष्ट्रहरुको लागि संवेदनशील सूचीमा समावेश भएका बाहेक अन्य सामानको भन्सार महसुल दर आवधिक रुपमा घटाउँदै लैजाने र संवेदनशील वस्तुको सूचीसमेत ५०० मा झार्नुपर्ने व्यवस्थाअनुरुप नेपालले हाल साफ्टामा आबद्ध राष्ट्रहरुमध्ये कम विकसित मुलुकको लागि ९९८ र अन्य मुलुकको लागि १ हजार ३६ वस्तुलाई संवेदनशील वस्तुमा समवेश गरी बाँकी वस्तुको भन्सार महसुल दर क्रमशः घटाउँदै लगेको छ । भन्सार महसुल दर घटेका कारण घट्न गएको राजस्व सदस्य राष्ट्रहरुले उपलब्ध गराएको सहुलियत पूर्ण भन्सार महसुल दर उपयोग गरी निर्यात वृद्धिको माध्यमबाट पूर्ति गरी थप लाभ लिन साफ्टाको अवधारणा लागू गरिएको भए पनि नेपालले सोअनुरुप निर्यातमा वृद्धि गर्न सकेको छैन । निर्यात वृद्धि हुन नसकेमा राजस्व सङ्कलनमा असर पर्ने र साफ्टाको सहुलियतअनुसार भन्सार महसुल दर घटेका कारण विलासी वस्तुको उपभोगमा वृद्धि हुने भएकोले सोको सन्तुलन कायम गर्न सदस्य राष्ट्रहरुले घटाएको भन्सार महसुल दरअनुसार निर्यात वृद्धि गर्नुपर्दछ ।

वाणिज्य विभाग

नेपाल सरकारको कार्य सञ्चालन नियमावलीबमोजिम फर्म दर्ता तथा नवीकरणको कार्य वाणिज्य विभाग, अर्न्तगतका ६ कार्यालय र कार्यालय नभएका जिल्लामा घरेलु तथा साना उद्योग कार्यालयबाट हुने गरेको छ ।

६. **दर्ता तथा नवीकरण -** व्यक्ति वा संस्थाले एकलौटी, साझेदारी वा एजेन्सीको रुपमा व्यापारिक कारोबार गर्दा प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४, नियमावली, २०३४, साझेदारी ऐन, २०२० तथा नेपाल एजेन्सी ऐन, २०१४ तथा नियमावली २०१९ बमोजिम फर्म नवीकरण दर्ता तथा नवीकरण गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षसम्मको दर्ता तथा नवीकरणको अवस्था देहायबमोजिम छ:

आर्थिक वर्ष	गत वर्ष सम्म दर्ता संख्या	यो वर्ष दर्ता	नवीकरण
२०७३/७४	१३४०१९	६९२३	७४८३
२०७२/७३	१२८३६०	५९४१	२७७३
२०७१/७२	१२४४१२	५१२१	४५५४
२०७०/७१	११८९४७	५६४१	११२८
२०६९/७०	११२०६७	७१८९	३२४५

उल्लिखित तालिकाअनुसार दर्ता भएका फर्मको तुलनामा नवीकरण गर्ने फर्मको संख्या न्यून देखियो । विभागले नवीकरण नगराएका फर्मको अभिलेख राखेको छैन । अनुगमनको क्रममा इजाजत नलिई तथा नवीकरण नगराई कारोबार गरेको देखिएकोले अनुगमन प्रभावकारी बनाई इजाजतबेगर कारोबार गर्नेलाई कारबाही गर्ने र नवीकरण नगराई कारोबार गर्नेको इजाजतपत्र खारेज गर्नुपर्दछ ।

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

व्यापारिक सूचना सङ्कलन गरी यसको प्रवाह तथा सम्प्रेषण गर्ने, निर्यातयोग्य वस्तुहरुको पहिचान गर्ने, प्रोत्साहन दिने तथा नयाँ वस्तुहरुको पहिचान गरी निकासी गर्न प्रोत्साहन गर्ने, स्थानीय तथा अन्तर्राष्ट्रियस्तरमा मेलाहरुको आयोजना गर्ने तथा आयोजित मेलाहरुमा निकासीकर्ताहरुलाई सहभागी गराउने व्यवस्था मिलाउनका लागि २०६३ मा यस केन्द्रको स्थापना भएको हो ।

७. **अन्तर्राष्ट्रिय मेला -** व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रले अन्तराष्ट्रिय मेला आयोजना गरी भारतमा रु.४६ लाख, बंगलादेशमा रु.२५ लाख, जर्मनीमा रु.४५ लाख, चीनमा रु.२० लाख, हङकङमा रु.२० लाख र भुटानमा रु.२५ लाख खर्च गरेकोमा मेला आयोजना नभएका राष्ट्रहरुमध्ये रसियामा २५२.४० प्रतिशत, टर्कीमा ९६.६ प्रतिशत, यू.ए.ई.मा ३२ प्रतिशत, चेक रिपब्लिकमा ३४.१ प्रतिशत निर्यातमा वृद्धि भएको छ । तर मेला आयोजना भएको भारतमा ४ प्रतिशतमात्र निर्यात वृद्धि भएको छ भने चीनमा १६.१ प्रतिशत, हङकङमा ३४.२ प्रतिशत, बंगलादेशमा १३.३ प्रतिशत, जर्मनीमा ३.५ प्रतिशत र भुटानमा ४९.३२ प्रतिशत निर्यात घटेको स्थिति छ ।

८. **राजस्व दाखिला -** केन्द्रको विगत ५ वर्षको आन्तरिक कोषको आम्दानी खर्चको स्थिति विश्लेषण गर्दा आम्दानीको तुलनामा ३.५६ प्रतिशतदेखि ९.२३ प्रतिशतसम्म खर्च हुने गरेको छ । व्यापार तथा निकासी प्रवर्द्धन कार्यको लागि रु.१० करोड ५९ लाख ७२ हजार निकासा तथा खर्च भएकोमा कार्यविधि बनाई व्यापार प्रवर्द्धन कार्यको लागि आवश्यक हुने रकम मौज्दात राखी बाँकी रकम राजस्व दाखिला गर्नुपर्दछ ।

९. **निष्क्रिय मौज्दात -** केन्द्रको कोष तथा लेखा नियन्त्रक कार्यालयमा विविध खाता तथा अन्य ५ बैङ्क खातामा गत विगतदेखि नै रु.३ करोड ६६ लाख ३२ हजार निष्क्रिय राखेको छ । यसप्रकारका निष्क्रिय कोषमा रहेको रकम यकिन गरी सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

१०. **अनुगमन -** केन्द्रले १८ संघ संस्था तथा निकायसँग सम्झौता गरी रु.१ करोड ६२ लाख ७४ हजार अनुदान उपलब्ध गराएको छ । नेपाली रत्न पत्थरसम्बन्धी आवासीय तालिम आयोजना गर्न एक गैरसरकारी संस्था र एक कलेजसँग रु.३७ लाख ५० हजारमा सम्झौता गरी काम सम्पन्न गरेको छ । केन्द्रले उल्लिखित संस्थाहरुलाई दिएको अनुदान रकमको उद्देश्यअनुरुप खर्च भए नभएको सम्बन्धमा अनुगमन गरेको छैन । सम्झौतानुसार सम्बन्धित संस्थाको लेखापरीक्षण प्रतिवेदनसमेत विश्लेषण गरी नियमित अनुगमन गनुपर्दछ ।

संगठित संस्था, समिति

इन्टरमोडल यातायात विकास समिति

देशमा स्थलमार्गबाट हुने आयात निर्यातको सहजीकरणको लागि सुख्खा बन्दरगाह (Inland Container Depot) को सम्भाव्यता अध्ययन, निर्माण, तथा सञ्चालन गर्ने गराउने उद्देश्यले विकास समिति ऐन, २०१३ अर्न्तगत इन्टरमोडल यातायात विकास समिति स्थापना भई सञ्चालनमा रहेको छ ।

११. **मौज्दात रकम -** नेपाल सरकारबाट ठूला संरचनाको निर्माण कार्य सम्पन्न गरी सञ्चालनका लागि यस समितिलाई हस्तान्तरण गर्ने गरेको र समितिले भौतिक संरचना भाडामा लगाई आय आर्जन गर्ने गरेको छ । भौतिक संरचनाको भाडाबाट प्राप्त रकममध्ये यो वर्षको अन्त्यसम्म समितिको खातामा रु.९९ करोड ५६ लाख ३२ हजार बचत रहेको छ । नेपाल सरकारले ऋण लिई निर्माण गरेका भौतिक संरचनाको बहालबाट प्राप्त आय समितिको खातामा निष्क्रिय रुपमा रहेको छ । समितिको आयबाट थप भौतिक संरचना निर्माण गर्ने वा प्राप्त आय नेपाल सरकारको राजस्व खातामा दाखिला गर्ने सम्बन्धमा स्पष्ट नीति बनाउनुपर्दछ ।

- **अनुगमन -** वीरगन्जलगायतका सुख्खा बन्दरगाह भाडामा दिएकोमा सम्झौताबमोजिम प्राप्त गर्नुपर्ने रकम असुल गर्नुपर्ने तथा बजार अनुगमन कार्यलाई प्रभावकारी तुल्याउनुपर्ने लगायतका ब्यहोरा औँल्याएकोमा सुधार भएको पाइएन । विगतको व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वषं मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ ३ निकायमा रु.४ करोड ३३ लाख ३६ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख ६ हजार फछ्यौंट गरेकोले रु.४ करोड ३० लाख ३० हजार बाँकी रहेको छ । सोमध्ये रु.१७ लाख ५४ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - सगठित सस्था र अन्य संस्था समिति २ तर्फ रु.२ करोड ४९ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.३५ लाख ९९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

विज्ञान तथा प्रविधि मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा विज्ञान तथा प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने अन्तरीक्ष, जैविक, पारमाणविकलगायत विज्ञान र प्रविधिका विभिन्न विधामा अध्ययन, अनुसन्धान, विकास, उपयोग र नियमन गर्ने, प्लानेटोरियम, वेधशाला, विज्ञान सङ्ग्रहालय, राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको विकास र उपयोग गर्नेलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.९४ करोड १० लाख २४ हजार, राजस्व रु.७ लाख ६१ हजार, धरौटी रु.७ करोड १४ लाख ८० हजार र अन्य कारोबार रु.८ लाखसमेत रु.१ अर्ब १ करोड ४० लाख ६५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था एक र समिति एक समेतको रु.५९ करोड २८ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** चौधौं त्रि–वर्षीय योजनामा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको व्यावसायिक योजना तयार पार्ने, पारमाणविक कानुन तयार गरी रेडियोधर्मी पदार्थको नियमन गर्ने, विश्वविद्यालयका अनुसन्धानलाई व्यावसायिक प्रयोजनमा ल्याउन इन्कुवेसन सेन्टर र प्रविधि हस्तान्तरण केन्द्र स्थापना गर्ने, सूचना प्रविधि पार्कलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने नीति भए तापनि मन्त्रालयको वार्षिक कार्यक्रममा ती विषय समावेश गरेको देखिएन । आवधिक योजनाले निर्धारण गरेको नीति अनुसारका कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

२. **विज्ञान अध्ययन केन्द्र -** नेपाल–भारत मैत्री विज्ञान अध्ययन केन्द्र स्थापना गर्न २०६६।१०।१२ मा नेपाल र भारत सरकारबीच सम्झौता भएअनुरुप रु.६ करोड ८३ लाखको लागत अनुमान स्वीकृत गरी २०६४।९।२० मा शिलान्यास भएकोमा हालसम्म निर्माण कार्य शुरु भएको छैन । सम्झौता भएको १० वर्षसम्म निर्माण कार्य शुरु नभएको सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

३. **डिजिटल हस्ताक्षर -** विद्युतीय कारोबार ऐन, २०६३ को दफा ३० अनुसार इजाजतपत्र प्राप्त एक सेवा प्रदायकले २०७२।९।१ देखि विद्युतीय हस्ताक्षरको साँचो वितरण कार्य शुरु गरेको छ । यो वर्षसम्म २०० थान वितरण गरी रु.१० हजार रोयल्टी आम्दानी गरेको छ । विद्युतीय हस्ताक्षरसम्बन्धी जनचेतना अभिवृद्धि गर्दै सो साँचो वितरणलाई प्रभावकारी बनाउनुपर्दछ ।

४. **विदेश भ्रमण -** यो वर्ष विशिष्ट श्रेणीदेखि अधिकृतस्तर र अन्य कर्मचारीसमेत १९ कर्मचारीले ३९ पटक २ दातृ संस्थाको सहयोगमा १४ मुलुकमा ४८१ दिन भ्रमण गरेको देखिन्छ । दातृ निकायले खर्च व्यहोर्ने गरी भ्रमण स्वीकृत गरेकोमा खर्च खुल्ने गरी अभिलेख राखेको छैन । विदेश भ्रमणको अभिलेख व्यवस्थित गरी प्राप्त ज्ञान र सीपलाई उपयोग गर्नुपर्दछ ।

सूचना प्रविधि विभाग

५. **ई-भिलेज –** चौधौं त्रि-वर्षीय योजनामा सूचना प्रविधिबाट प्राप्त हुने लाभांशको पहुँच ग्रामीणस्तरमा पुऱ्याउन ई–भिलेजसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ । सूचना प्रविधि विभागले २०७१।७२ देखि २०७३।७४ सम्म ४५ ई–भिलेज स्थापना गर्न रु.२ करोड २५ लाख ४९ हजारको हार्डवेयर खरिद गरी विभिन्न विद्यालय, पुस्तकालय र संस्थालाई हस्तान्तरण गरेको छ । हस्तान्तरणपछि उद्देश्यअनुसार ई–भिलेज सञ्चालन अवस्थाको अनुगमन गरेको छैन । हस्तान्तरित सामानको सदुपयोग सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

सरकारी निकायमा सूचना प्रविधि प्रणालीको प्रयोग

सरकारी निकायबाट सेवा प्रवाह गर्न प्रयोगमा ल्याईएका सूचना प्रविधि प्रणालीको वैधानिकता र तिनको उपयोगको स्थिति सम्बन्धमा लेखापरीक्षण गरिएको छ । यसको लागि ती निकायको कार्यसम्पादनमा उपयोग गरिएको सूचना प्रविधि सफ्टवेयरको दुरुस्तता, पूर्णता र नियमितता एवं प्रमाणीकरण पद्धति परीक्षण गरी नियन्त्रण पद्धति, उपलब्ध हुने सूचनाको विश्वसनीयता तथा सुरक्षा प्रणालीको मूल्याङ्कन गरिएको छ । एप्लिकेसन प्रणालीको उपयुक्तता, प्रविधिको उपयोग, सूचनाको निष्पक्षता, निष्ठा एवं कानुनी प्रावधानको परिपालनाको जाँच गरिएको थियो । सूचना प्रविधि लेखापरीक्षणका लागि सूचना प्रविधि प्रयोग गर्ने निकायहरुमध्ये लोक सेवा आयोग, कम्पनी रजिष्ट्रारको कार्यालय, यातायात व्यवस्था विभाग, सूचना प्रविधि विभाग र राष्ट्रिय सूचना प्रविधि केन्द्रको छनौट गरिएको छ ।

६. **सरकारी निकायमा सूचना प्रविधि -** नेपालका प्रायः सबै सरकारी, गैरसरकारी तथा संघ संस्थाहरुमा सूचना प्रविधि प्रयोग गरिएको छ । सरकारी कामकाज नियमित सञ्चालन गर्ने र विशेष कार्यहरु सूचना प्रविधिको माध्यमबाट सञ्चालन गर्ने प्रणाली बढ्दो छ । निर्वाचन आयोगले निर्वाचन कार्यको बहुसंख्यक हिस्सा सूचना प्रविधि प्रणालीबाट सञ्चालन गरेको छ भने केन्द्रीय तथ्याङ्क विभागले जनसंख्याको आँकडा सङ्कलन र विश्लेषण गर्ने कार्य पनि यसै प्रणालीबाट सम्पादन गर्दै आएको छ । त्यसबाहेक लोक सेवा आयोगले कर्मचारी छनौट प्रणाली, यातायात व्यवस्था कार्यालयले सवारी दर्ता र चालक अनुमतिपत्र व्यवस्थापन, अर्थ मन्त्रालयले बजेट व्यवस्थापन र सूचना प्रविधि विभागले ई-भिलेज, ई-स्कूल, अनलाईन हाजिरी जस्ता कार्य गर्दै आएको छ । आन्तरिक राजस्व विभागद्वारा सञ्चालित एकीकृत कर सूचना प्रणाली, भन्सार विभाग कार्यालयहरुले स्वचालित भन्सार जाँचपास प्रणाली, महालेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरुद्धारा सञ्चालित एकीकृत कोष लेखा प्रणालीमा सूचना प्रविधि प्रभावकारी ढंगले प्रयोग गरेको देखिन्छ । त्यसबाहेक पररराष्ट्र मन्त्रालयले राहदानी प्रक्रिया र निजामती किताबखानाले कर्मचारीको अभिलेख प्रणालीको अभिलेखमा सूचना प्रविधि प्रणालीको प्रभावकारी प्रयोग गरेको छ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः आवधिक योजनाअनुसारको वार्षिक कार्यक्रम सञ्चालन, १० वर्ष अघि शिलान्यास भएको विज्ञान अध्ययन केन्द्रको निर्माण, डिजिटल हस्ताक्षर कार्यक्रमको प्रभावकारी प्रचार प्रसार, हस्तान्तरित सामानको सदुपयोग सम्बन्धमा अनुगमन, सफ्टवेयरको अभिलेखीकरण लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

चौधौँ योजना (२०७३।७४-२०७५।७६) मा उल्लेख भएअनुसार २०७२।७३ सम्म नेपालमा इन्टरनेट सेवामा पहुँच प्राप्त जनसंख्या ४४.४ प्रतिशत रहेकोमा चौधौँ त्रिवर्षीय योजनाको अन्तिम वर्ष २०७५।७६ सम्म ६५ प्रतिशत पुऱ्याउने लक्ष्यका साथ सूचना प्रविधि प्रणाली अवलम्बन गरिएको छ । नेपालमा हाल २ करोड ६५ लाख जनसंख्यामध्ये १ करोड २५ लाख १७ हजार जनसंख्यामा इन्टरनेट सुविधाको पहुँच छ । कुल जनसंख्याको ७५ प्रतिशतलाई सूचना प्रविधि साक्षर बनाउने र सूचना तथा सञ्चार प्रविधि प्रयोगका कारण राष्ट्रिय आयमा २.५ प्रतिशत वृद्धि ल्याउने लक्ष्य रहेको छ । विद्युतीय सरकार कार्यान्वयनका लागि विद्युतीय सरकार गुरुयोजना कार्यान्वयनको क्रममा छ । त्यसबाहेक सूचना प्रविधि नीति, २०५७ अनुसार एकीकृत तथ्याङ्क केन्द्रको निर्माण भै सञ्चालनमा आएको छ ।

७. **सफ्टवेयरको अभिलेखीकरण -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा १५ ले नेपाल सरकारका निकायहरुमा प्रयोगमा रहेका सूचना प्रविधि प्रणालीलाई वर्गीकरण गर्न सूचना प्रविधि विभागमा अभिलेखिकरण गराउनुपर्ने व्यवस्था गरेको छ । लेखापरीक्षणमा समेटिएका लोक सेवा आयोग, कम्पनि रजिष्ट्रारको कार्यालय, राष्ट्रिय सूचना प्रविधि केन्द्र र यातायात व्यवस्था विभागबाट उपयोगमा ल्याएका सफ्टवेयर सूचना प्रविधि विभागमा अभिलेखीकरण गराएका छैनन् । यस सम्बन्धमा सूचना प्रविधि विभागले सफ्टवेयरहरुको अभिलेखीकरण गर्न पत्राचार गरेकोमा सोको कार्यान्वयन भएको छैन । अतः सरकारी निकायहरुमा उपयोग गरिएका सूचना प्रविधि सफ्टवेयर अभिलेखीकरण गरी वर्गीकरण गर्नुपर्दछ ।

८. **प्रणाली परीक्षण** - सूचना प्रविधि उपयोग गर्ने निकायहरुको सूचना प्रविधि प्रणालीको भल्नरेबिलिटी एनालाइसिस् एण्ड पेनेट्रेसन टेष्ट (Vulnerablity Analysis and Penetration Test - VAPT) सूचना प्रविधि विभागमार्फत परीक्षण गराउने सन्दर्भमा स्पष्ट कानुनी व्यवस्था रहेको देखिएन । सूचना प्रविधि प्रणालीतर्फ लोक सेवा आयोग, कम्पनी रजिष्ट्रारको कार्यालय, यातायात व्यवस्था विभाग, राष्ट्रिय सूचना प्रविधि केन्द्रहरुले सूचना प्रविधि विभागमार्फत भी.ए.पी.टी. गराएको देखिएन । जसले गर्दा सुरक्षा प्रणाली स्थिति कमजोर रहने देखिन्छ । अतः सुरक्षा व्यवस्थालाई मजबुद तथा प्रभावकारी बनाउन सरकारी कार्यालयहरुमा प्रयोगमा ल्याइएका सूचना प्रविधि प्रणालीहरुको भी.ए.पी.टी. गराउनु पर्ने र यस व्यवस्थालाई बाध्यात्मक बनाउनुपर्दछ ।

९. **जनशक्ति तथा पूर्वाधार व्यवस्था -** कार्यालयलाई सुचारु रुपमा सञ्चालन गर्नको लागि दक्ष जनशक्तिको उचित व्यवस्थापन, सूचना प्रविधि तालिम, सिप हस्तान्तरण तथा सूचना प्रविधि पूर्वाधारहरुको उचित व्यवस्थापन गर्नुपर्दछ । लोक सेवा आयोगका सूचना प्रविधि जनशक्तिलाई सूचना प्रविधिसम्बन्धी तालिम तथा सीप हस्तान्तरण गर्ने नगरेको, यातायात व्यवस्था विभागको सूचना प्रविधि शाखामा स्मार्ट कार्ड लाइसेन्स प्रिन्टिङ्ग कार्यमा जनशक्ति अपुग रहेको, सूचना प्रविधिका जनशक्तिलाई प्रशासनिक काममा व्यस्त राखेको, स्मार्ट कार्ड प्रिन्टिङ्गका लागि अत्याधुनिक Matica Technology को लागि तापक्रम नियन्त्रित, धूलोमुक्त, पर्याप्त भण्डार कोठा, बिजुलीको निरन्तर आपूर्तिमा अवरोध रहेको पाइयो । जसले गर्दा देशभरिका लागि प्रवाह गरिने स्मार्ट कार्ड लाइसेन्सको प्रिन्टिङ्गमा ढिलाई हुने अवस्था देखियो । सूचना प्रविधि जनशक्तिलाई उचित तालिम तथा सीप हस्तान्तरणको व्यवस्था गरिनुपर्ने साथै सूचना प्रविधि पूर्वाधारहरुको उचित व्यवस्थापन गर्नुपर्ने र राष्ट्रिय सूचना प्रविधि केन्द्रमार्फत प्रदान हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन एउटा प्रणाली अवरुद्ध हुँदा स्वचालित रुपमा स्वतः अर्को प्रणालीमार्फत सेवा प्रवाह हुने व्यवस्था हुनुपर्दछ ।

१०. **युजर लग -** सरकारी कार्यालयहरुमा प्रयोग भएको सूचना प्रविधि प्रणालीको उपयोग गर्दा कार्यालयको सम्बन्धित कर्मचारीले लग इन गरेर प्रणाली चलाएपछि आधिकारिक प्रयोगकर्ताले गरेका काम र गतिविधिहरुको लग रेकर्ड व्यवस्थित गरिनुपर्दछ । यसबाट भविष्यमा आवश्यक परेको समयमा छानबिन गर्न सजिलो पर्दछ । लोक सेवा आयोगको कार्यालयमा प्रयोग गरिएको सफ्टवेयरमा युजर लग व्यवस्था गरेको पाईएन । यसले सुरक्षा प्रणालीमा समस्या उत्पन्न हुन सक्छ । अतः सूचना प्रविधि प्रणालीको उपयोगमा प्रयोगकर्ताको युजर लग व्यवस्था गरिनुपर्दछ ।

११. **स्मार्ट कार्ड लाईसेन्स -** यातायात व्यवस्था कार्यालय, एकान्तकुना, काठमाडौले स्मार्ट कार्ड लाइसेन्स वितरण गर्ने व्यवस्था मिलाएको छ । सेवाग्राहीले स्मार्ट कार्ड लाईसेन्सको निम्ति निवेदन दिए पश्चात् लाइसेन्स प्राप्त गर्ने बीचको समयावधिको आँकलन गर्न २४ लाइसेन्स नमूना छनौट गरी परिक्षण गर्दा स्मार्ट कार्ड लाइसेन्स प्राप्त गर्न ८ महिनाभन्दा बढी समय लागेको देखियो । समयमा छपाई नहुने कारणले स्मार्ट कार्ड लाइसेन्स वितरण गर्न ढिलाइ भएको भन्ने कार्यालयको भनाइ रहेको छ । सेवाग्राहीले समयमै सेवा प्राप्त गर्न स्मार्ट कार्ड लाइसेन्स वितरणमा प्रभावकारी व्यवस्थापन गर्नु जरुरी देखिन्छ ।

१२. **त्रुटि पत्ता लगाउने र समाधान -** कार्यालयमा प्रयोग भएको सूचना प्रविधि प्रणालीमा देखिने त्रुटि सम्बन्धमा त्रुटि वर्गीकरण गर्ने, सोही अनुरुप मेसेज दिने तथा समयमै त्रुटि पत्ता लगाउने र समय समयमा प्रयोगकर्ताको आवश्यकताअनुरुप सयमसापेक्ष प्रविधिमा सुधार गर्ने प्रणालीको विकास गरेको हुनुपर्दछ । लोक सेवा आयोगको सन्दर्भमा प्रणालीको सहजताका लागि बाह्य निकायको सहयोग लिए तापनि जटिल प्रकारका समस्याका निम्ति कार्यालयको तर्फबाट कुनै योजना तयार गरेको देखिएन । लोक सेवा आयोगले प्रयोगमा ल्याएको सूचना प्रविधि प्रणालीलाई थप सेवाग्राहीमैत्री बनाउन सेवाग्राहीले परीक्षाको लागि फर्मको आवश्यक विवरण भरिसकेपछि फर्म स्वीकृत भएको जानकारी मोबाइल मेसेजमा मात्र सीमित नराखी ईमेल, टेलिफोनमार्फत जानकारी गराउनुपर्ने, लोक सेवा आयोगको भर्ना छनौट प्रणाली (PSCRMS) र राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) बीच उचित एवं सुदृढ समन्वय गनुपर्ने, पुरानो प्रयोगकर्ताले आफ्नो केही विवरण अद्यावधिक गर्नुपर्‍यो भने विवरण विशेषका हरेक खण्ड (Tab) मा गएर सुरक्षित गर्नुपर्ने भएकोले प्रयोगकर्ताले अद्यावधिक गर्न चाहेको विवरणको खण्ड (Tab) मा सोझै जान पाउने व्यवस्था गर्नुपर्ने पक्षमा सुधार गर्नुपर्ने देखिन्छ ।

१३. **फुल अटोमेसन -** कम्पनी रजिष्ट्रारको कार्यालयले सेवाग्राहीले कम्पनी दर्ता एवं अद्यावधिक गर्ने कार्य विद्युतीय प्रणालीबाट गर्ने व्यवस्था मिलाएको छ । अनलाईन प्रणाली परीक्षण गर्दा सेवाग्राहीले सेवा रजिष्ट्रर गरेपछि शुल्क भुक्तानी र कोड लिन पुनः कार्यालयमा उपस्थित हुनुपर्ने देखियो । विद्युतीय प्रणालीका ईमेल वा सिस्टमको अन्य माध्यमबाट अद्यावधिक सेवा प्रवाह गर्ने प्रावधान मिलाइनुपर्दछ ।

- **अनुगमन –** गत विगतका प्रतिवेदनमा बी.पी. कोइराला प्लानेटोरियम तथा अब्जरभेटोरी विकास समितिको रु.२ करोड १८ लाख मूल्यका उपकरण भण्डारमा मौज्दात नरहेकोमा छानबिन गरी टुङ्गो नलगाएको, रु.६४ करोडको लागतमा निर्मित विज्ञान सङ्ग्रहालय भवन उद्देश्यबमोजिम प्रयोग नगरेको, सूचना प्रविधि पार्क सञ्चालनमा नल्याएको, सूचना प्रविधि विभागको अभिलेखअनुसार १६८ रोपनी ४ आना जग्गाको जग्गाधनी पुर्जा प्राप्त नगरेको, लगतभन्दा ६० रोपनी जग्गा घटी भएकोमा खोजी नगरेको लगायतका व्यहोरा औँल्याएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छः

  - मन्त्रालय र मातहतसमेत ५ निकायमा यो वर्ष रु.८० लाख ८३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६८ लाख ५९ फछ्यौंट गरेकोले रु.१२ लाख २४ हजार बाँकी रहेको छ । सोमध्ये रु.८ लाख ६८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था एवं समिति २ तर्फ यो वर्ष रु.१ करोड ७७ लाख ३३ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सो मध्ये रु.१ करोड ५३ लाख ८४ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

शहरी विकास मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा शहरी विकास र शहरी पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, सरकारी भवनको निर्माण, मर्मत सम्भार, रेखदेख र सुरक्षा, बसोबास र विशिष्ट पदाधिकारीहरुको आवास व्यवस्थापन लगायतका कार्यहरु रहेका छन् । मन्त्रालयसमेत ७० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२६ अर्ब ३७ करोड १२ लाख, राजस्व रु.२६ करोड ५२ लाख, धरौटी रु.१ अर्ब रु.१७ करोड ७८ लाख र अन्य कारोबार रु.१४ करोड ५ लाखसमेत रु.२७ अर्ब ९५ करोड ४७ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, अन्य संस्था र समितिसमेत ३७ को रु.७ अर्ब ८८ करोड ४७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम कार्यान्वयन -** बजेट वक्तव्यमा उल्लिखित २०७३।७४ को मन्त्रालयको नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था निम्नानुसार देखिएको छ:

नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
सघन शहरी विकास कार्यक्रमअन्तर्गत तराईका १८ नगरपालिकामा रु.५० करोडको शहरी सडक, ढल, बसपार्क, हाटबजार, पोखरी, ताल, मनोरञ्जन पार्क निर्माण कार्यक्रम सञ्चालन गर्ने	२१ प्याकेज ठेक्कामा रु.५ अर्ब ३६ करोडको सम्झौता भई ३० प्याकेजमा रु.२५ अर्ब ९७ करोडको ठेक्का सम्झौता हुन नसकेको
जनता आवास कार्यक्रमअन्तर्गत २० हजार परिवारका लागि आवास निर्माण गर्ने	१ हजार ७३ आवास निर्माण सम्पन्न भएको
मध्य पहाडी लोकमार्गमा १० नयाँ शहरको भौतिक पूर्वाधार निर्माण गर्ने	५ नयाँ शहरको जग्गा एकीकरण आयोजना स्वीकृत भए तापनि भौतिक पूर्वाधार निर्माण कार्य लक्ष्यअनुसार सञ्चालन नभएको
हुलाकी लोकमार्गमा १० नयाँ शहरको स्थान पहिचान, विस्तृत परियाजना प्रतिवेदनको तयारी र पूर्वाधार निर्माण गर्ने	शहरको पहिचान गरिए तापनि विस्तृत परियोजना प्रतिवेदनको तयारी र पूर्वाधार निर्माण हुन नसकेको
भवन निर्माण संहिता अन्तर्गत सभाहल २१, एकीकृत सरकारी भवन ५ र सरकारी भवन २२ निर्माण गर्ने	सभाहल २ सम्पन्न भई ११ निर्माणाधीन रहेको र ८ सभाहल भवन, एकीकृत सरकारी कार्यालय ५ र २२ अन्य सरकारी कार्यालय निर्माणका लागि डिजाइन चरणमा रहेको
गोरखाको पालुङटारलाई केन्द्र मानी मर्स्याङदी आसपासका क्षेत्रमा स्मार्ट सिटीको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने	गुरुयोजना तयार नभएको
१० शहरलाई आधुनिक एवं समृद्ध स्मार्ट सिटीको रुपमा गुरुयोजना तयार गरी भौतिक निर्माण कार्य आरम्भ गर्ने	१२ शहरलाई स्मार्ट सिटीको रुपमा छनौट गरे तापनि गुरुयोजना तयार नभएको
विराटनगरदेखि इटहरी आसपास, सिद्धार्थनगर बुटवल आसपास, पोखरा लेखनाथ आसपासको क्षेत्रलाई समेटी महानगर निर्माण गर्न विस्तृत अध्ययन र गुरुयोजना तयार गरी कार्यान्यन गर्ने	गुरुयोजना तयार नभएको
७० नयाँ नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा गर्ने	परामर्शदाता छनौटका लागि सूचना प्रकाशन भएको
राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय र निवास, सर्वोच्च अदालत भवन, व्यवस्थापिका-ससद भवन, सांसद निवास, मन्त्री निवास र नेपाली सेनाको मुख्यालयको निर्माण कार्य प्रारम्भ गर्ने	सर्वोच्च अदालतको भवनको सुपरस्ट्रक्चरको काम मात्र भैरहेको
एक शहर एक पहिचानको अवधारणअनुसार १५ शहर विकास गर्न गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने	गुरुयोजना तयार नभएको
भक्तपुरलाई सांस्कृतिक शहरको रुपमा विकास गर्ने	कार्य नभएको
भवन संहितालाई परिमार्जन गर्ने र भवन संहिताअनुसार भवन निर्माण भए नभएको सघन अनुगमन गर्ने	भवन संहिता परिमार्जन गर्न टोली गठन भए तापनि कार्य सम्पन्न नभएको र अनुगमन कार्य समेत नभएको

नीति तथा कार्यक्रम	कार्यान्वयन अवस्था
भवन संहिता मापदण्डअनुसार निर्माण नगरिएका भवनमा खानेपानी, ढल, विद्युत, टेलिफोनको सेवाहरु उपलब्ध नहुने व्यवस्था गर्ने	काम नभएको
काठमाडौँको बबरमहलमा बहुतल्ले प्रशासनिक प्लाजाको निर्माण गर्ने	डिजाइनको काम समेत सम्पन्न नभएको
बुटवलमा निर्माणाधीन अन्तर्राष्ट्रिय सभाभवन तथा अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलको निर्माण कार्य आगामी २ वर्ष भित्र सम्पन्न गर्ने	सभाहलको प्रथम चरणको ए, बी र सी ब्लकको निर्माण कार्य शुरु भई दोस्रो चरणको लागि सम्झौता भएको र अन्तर्राष्ट्रिय प्रदर्शनीस्थलको निर्माण कार्य शुरु नै नभएको
आगामी आर्थिक वर्षभित्र लुम्बिनीमा पाँच हजार क्षमताको सभा भवन निर्माण कार्य आरम्भ गर्ने	कार्य नभएको
• बाढी पहिरो जस्ता प्राकृतिक जोखिममा परेको बस्तीलाई एकीकृत गरी व्यवस्थित बस्तीको विकास गर्ने • बाजुरा जिल्लाका जोखिममा रहेका पाँच गाउँ विकास समितिको बस्ती विकास कार्यक्रम गर्ने	कार्य नभएको
काठमाडौँ वाग्मती सँग्रहालयको स्थापना गरिने	कार्य नभएको

उपर्युक्त नीति तथा कार्यक्रममध्ये १४ कार्यक्रम आंशिक रुपमा कार्यान्वयन भएको छ । ५ कार्यक्रम शुरु नै भएको छैन । स्वीकृत नीति कार्यक्रम तोकिएको समयमै सञ्चालन गर्नुपर्दछ ।

२. **सीमाभन्दा बढी रकमान्तर -** विनियोजन ऐन, २०७३ को दफा ३(२) अनुसार मन्त्रालयको लागि विनियोजित रकममध्ये एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकबाट अर्को एक वा एकभन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिने व्यवस्था छ । यो वर्ष मन्त्रालयको लागि रु.२३ अर्ब ५० करोड ५२ लाख विनियोजन भएकोमा अन्तर मन्त्रालय रकमान्तर गरी रु.२६ अर्ब ४२ करोड अख्तियारी दिएकोले रु.१४ करोड ८५ लाख सीमाभन्दा बढी रकमान्तर भएको छ । संसदबाट स्वीकृत भएको बजेटमा ऐनको सीमा भन्दाबढी रकमान्तर गर्नु नियमित देखिएन ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः ऐनको सीमाभन्दा बढी रकमान्तर, असम्बन्धित कार्यमा खर्च, भूकम्पपश्चात् क्षतिग्रस्त भवनको पुनर्निर्माण कार्यमा ढिलाइ, बजेट सिद्धान्तविपरीत कन्टिन्जेन्सी खर्च, भवन निर्माण कार्य अधुरो, कार्यक्रमबेगर खर्च, निर्माणसम्बन्धी मापदण्डको पालना, ऋण फिर्ता, फरक नर्म्स प्रयोग, सोझै खरिद, बढी मुआवजा भुक्तानी, दर विश्लेषणबेगर लागत अनुमान, लागत अनुमान तयारी, पूर्वनिर्धारित क्षतिपूर्ति असुली लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

३. **असम्बन्धित खर्च -** सार्वजनिक लेखा समितिले २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारी साधन तथा मेसिनरी सामान खरिद तथा भाडा समावेश गरी ठेक्का सम्झौता गर्न नपाइने निर्णय गरेको छ । यो वर्ष १६ कार्यालयले विभिन्न निर्माण कार्यको ठेक्काबाट रु.३ करोड ५१ लाखको सवारीसाधन, ल्यापटप, प्रिन्टर, मोटरसाइकल आदि आपूर्ति गर्ने गरी ठेक्का सम्झौता गरेको पाइयो । उक्त निर्णयको पालना नगर्नेलाई आवश्यक कारबाही गर्नुपर्दछ ।

४. **प्रयोगविहीन भवन -** मन्त्रालयको गत विगतको स्वीकृत कार्यक्रमअनुसार शहरी गरीब र न्यून आयवर्गका लागि संयुक्त आवास निर्माण कार्यक्रमअन्तर्गत प्रथम चरणमा १२७ परिवार र दोस्रो चरणमा १०० परिवारको लागि काठमाडौँको इचंगुनारायणमा रु.१२ करोड २७ लाखको लागतमा निर्माण कार्य सम्पन्न भएको देखिन्छ । आवास भवन हालसम्म प्रयोगविहीन अवस्थामा छ । यस्तै वाग्मती सुधार आयोजनाअन्तर्गत नदी किनारको दुवैतर्फ कोरिडोर निर्माण गरी उपत्यकाको ट्राफिक व्यवस्थापन सहज गराउने गरी सडक निर्माण गर्न भीमसेनगोला पुलदेखि भी.एस. निकेतन स्कूल, मीनभवनसम्मको क्षेत्रमा ढल, सडक तथा नदी नियन्त्रण गर्न निर्माण व्यवसायी छनौट भई १५ महिनामा निर्माण सम्पन्न गर्न २०६६।३।१० मा रु.१३ करोड ७३ लाखको ठेक्का सम्झौता भएकोमा नदीको दुवै किनार अतिक्रमण गरी बसोबास भएको कारण निर्माण कार्य अलपत्र रहेको छ ।

५. **क्षतिग्रस्त भवन -** काठमाडौँ उपत्यकालगायत २०७२।१।१२ मा आएको भूकम्प प्रभावित जिल्लामा भूकम्पले क्षति भएका भवनहरु भग्नावशेष वा जोखिमपूर्ण रुपमा रहेका छन् । भूकम्पको कारण काठमाडौँ उपत्यकामा

रहेका ऐतिहासिक, पुरातात्विक दरबार र सरकारी भवनहरु जस्तो सिंहदरबार, हरिहर भवन, केशरमहल, श्रीमहल, बबरमहललगायतको हालसम्म मर्मत सम्भार वा पुनर्निर्माण हुन सकेको देखिएन । मर्मत सम्भारको अभावमा भवनको अवस्था बिग्रँदै जाने, थप क्षति हुने, घरको अभावमा नेपाल सरकारको अत्यधिक रकम घरभाडामा खर्च भैरहेको सन्दर्भमा भवनहरुको यथाशीघ्र मर्मत सम्भार तथा पुनर्निर्माण गरी प्रयोगमा ल्याउनुपर्दछ ।

शहरी विकास तथा भवन निर्माण विभाग

विद्यमान सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक क्षेत्रको संरक्षण तथा संवर्द्धन हुने गरी आधुनिक भौतिक सुविधाको व्यवस्था गरी दिगोरुपले शहरको विकास गर्ने र व्यवस्थित बसोबासको प्रबन्ध गर्दै सुरक्षित र किफायती आवास उपलब्ध गराउने, नयाँ सरकारी निकायहरुको भवन निर्माण, सुधार र पुनः निर्माण गर्ने उद्देश्यले विभागको स्थापना भई सञ्चालन हुँदै आएको छ ।

६. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची १ मा निर्माण कार्यको लागत अनुमानमा वर्कचार्ज स्टाफ खर्च २.५ र सानातिना अन्य खर्च २.५ प्रतिशत समावेश गर्ने व्यवस्था छ । अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्रअनुसार कन्टिन्जेन्सीबापतको रकम मध्येबाट २ प्रतिशत रकम पुँजी निर्माण तथा सम्पत्ति खरिदसम्बन्धी शीर्षकमा अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति लिई अनिवार्य रुपमा खर्च गर्नुपर्दछ । विभागले मातहत कार्यालयलाई अख्तियारी दिँदा नै एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रममा १.३ प्रतिशत र अन्य कार्यक्रममा १ प्रतिशत कट्टा गरी सवारीसाधन खरिद लगायतका कार्यमा रु.१२ करोड ९ लाख खर्च गरेको छ । सार्वजनिक निर्माण शीर्षकमा खर्च लेखाङ्कन गरी सवारीसाधन लगायतमा खर्च गरेको अवस्थाले आर्थिक विवरणले यथार्थ स्थिति प्रस्तुत गरेको देखिएन । एक शीर्षकमा विनियोजित बजेट अर्को शीर्षकमा खर्च गर्न सहमति दिने कार्य बजेट सिद्धान्त विपरीत देखिन्छ ।

७. **अधुरा भवन निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा लागत अनुमान तयार गर्दा निर्माण कार्य सम्पन्न गर्ने समयावधि किटान गर्नुपर्ने व्यवस्था छ । गत विगत वर्षमा विभिन्न स्वास्थ्य संस्थाको भवन निर्माण गर्न स्वास्थ्य मन्त्रालयबाट यस मन्त्रालय हुँदै मातहत कार्यालयलाई अख्तियारी दिएकोमा १ हजार १०३ स्वास्थ्य संस्था भवनमध्ये २०७३।७४ सम्म १८४ भवनको कार्य सम्पन्न भई ९१९ भवन निर्माणाधीन छन् । कार्यालयहरुले लागत अनुमान तयार गर्दा समयको किटान गरेको देखिएन । भवन निर्माण कार्य अधिकांश सम्झौतामा १८ महिनामा सम्पन्न गर्ने उल्लेख गरे तापनि सो अवधिभित्र सम्पन्न भएको छैन । निर्माणाधीनमध्ये १३३ भवन समस्याग्रस्त रहेकोमा २०७४ मंसिर मसान्तसम्म १०९ भवनको म्याद थप, पूर्वनिर्धारित क्षतिपूर्ति असुलीलगायतको कारबाही गरी समस्याग्रस्त सूचीबाट हटाएको छ । तर निर्माण कार्यको मूल्याङ्कन गर्दा २०६५ देखि २०६९ सम्म २४ भवनको सम्झौता रकम रु.३६ करोड २१ लाख रहेकोमा पटक पटक म्याद थप हुँदा समेत ती भवनको भौतिक प्रगति ५ देखि ९० प्रतिशतसम्म रहेको पाइयो । सोमध्ये ३३ प्रतिशतभन्दा घटी प्रगति हुने ५ आयोजनाको स्थिति देहायअनुसार छः

(रु.लाखमा)

क्र.सं.	आयोजनाको नाम	सम्झौता आर्थिक वर्ष	सम्झौता रकम	वित्तीय प्रगति (प्रतिशतमा)	भौतिक प्रगति (प्रतिशतमा)	विवरण
१	स्वास्थ्य चौकी भवन निर्माण काफलकोट, सुर्खेत	२०६८/६९	१,५६	३६	३३	भूइँतल्लाको ढलान सम्पन्न र हाल कार्य स्थगित रहेको
२	स्वास्थ्य चौकी भवन निर्माण मष्टमण्डली, अछाम	२०६८/६९	१,२५	३३	३३	भूइँतल्लाको ढलान सम्पन्न र हाल कार्य स्थगित रहेको
३	स्वास्थ्य चौकी भवन निर्माण चुङ्गमाङ्गा, धनकुटा	२०६८/६९	१,७१	१६	२०	प्लिन्थ विमसम्मको कार्यमात्र सम्पन्न
४	प्रशूति कोठा निर्माण कार्य, गोलवजार हे.पो. सिरहा	२०६५/६६	२१	३	५	साइट विवाद भई कार्यक्रम रद्द गर्नुपर्ने
५	जनस्वास्थ्य स्टोर भवन निर्माण, काभ्रे	२०६८/६९	४१	२०	५	सम्झौता रद्दको लागि टिप्पणी विभागमा पेस भएको

निर्माण कार्यमा भएको ढिलाइको विश्लेषण गर्दा निर्माण व्यवसायीले बिना कारण निर्माण कार्य स्थगित गरेको र जग्गा विवादका कारण समयमा काम सम्पन्न नभएको देखिन्छ । सार्वजनिक निकायले म्याद

थप गर्नुअघि छानबिन गरी ढिलाइको कारण यकिन गर्नुपर्नेमा सोअनुसार नगरी विभागबाट पटक पटक म्याद थप भएकोले निर्माण व्यवसायीलाई उत्तरदायी बनाउन सकेको छैन । समयमै भवन निर्माण सम्पन्न नहुँदा सरकारले प्रदान गर्ने सेवा उपलब्ध नहुने, मूल्य समायोजनलगायतबाट भवनको लागत बढ्ने जस्ता समस्या देखिएको छ । तोकिएको समयमा काम सम्पन्न गर्न गराउन सम्बन्धित पक्षलाई कानुनबमोजिम जिम्मेवार बनाई कारवाही गर्नुपर्दछ ।

काठमाडौँ उपत्यका विकास प्राधिकरण

काठमाडौँ उपत्यकामा नगरहरूको पुनः निर्माण, विस्तार र विकासको साथै योजनाबद्ध रूपमा भौतिक विकास गरी जनसाधारणलाई आवश्यक सेवा र सुविधा पुऱ्याउन काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ अनुसार स्थापना भई सञ्चालन हुँदै आएको छ ।

८. **ऋण लगानी कोष -** काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा १२ अनुसार प्राधिकरणले अर्थ मन्त्रालयबाट विभिन्न जग्गा विकास योजना सञ्चालनको लागि ४ प्रतिशत ब्याजदरमा २०७१।१२।३० मा लिएको रु.४० करोड ऋणको अवधि २०७३।१२।३० मा समाप्त भएको छ । २०७४ असार मसान्तसम्म २७ महिनाको ब्याज रु.३ करोड ६० लाख र जडीबुटी उत्पादन तथा प्रशोधन केन्द्रको जग्गा खरिद गर्न २०७१ आषाढ र २०७२ जेठमा लिएको रु.६० करोड ऋणको अवधि क्रमशः २०७३ आषाढ र २०७४ जेठमा समाप्त भएकोले २०७४ असार मसान्तसम्मको ब्याज रु.७ करोड १३ लाख र किस्ता समेत फिर्ता गरेको देखिएन ।

९. **डे वर्कबाट कार्य गराएको -** खरिद सम्झौताको सामान्य शर्तमा अग्रिम अनुमान र नापी गर्न नसकिने सानोतिनो निर्माण कार्य डे वर्कमा व्यवस्था गरी गर्न सकिने व्यवस्था छ । इचँगुनारायण जग्गा एकीकरण आयोजनाअन्तर्गत सडकमा डे वर्क आईटममा भेरिएसन गरी ग्राभेलिङ्ग कार्य गरेकोमा सुरुको परिमाणमा ४ हजार ८१४.६४ प्रतिशतसम्म वृद्धि गरी भुक्तानी गरेको छ । ग्राभेलिङ्ग कार्यको शुरु दररेटभन्दा बढी हुने गरी डे वर्क आइटमबाट भुक्तानी गर्दा रु.५४ लाख बढी भुक्तानी भएकोले असुल गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१०. **कार्यक्रमबेगर खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षको अन्तसम्म खर्च नभई बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । गत वर्ष मेलम्ची खानेपानी आयोजनाको जग्गा मुआवजा र क्षतिपूर्ति दिई बाँकी रहेको रु.५ करोड ८२ लाखबाट यो वर्ष घर जग्गाको क्षतिपूर्तिमा रु.४० लाख र काठमाडौँका विभिन्न स्थानको बाटो विस्तार तथा जग्गा संरक्षण कार्यमा रु.४ करोड २७ लाखसमेत रु.४ करोड ६७ लाख खर्च गरेको छ । गत वर्ष निकासा भएको रकम फ्रिज नगरी कार्यक्रमविपरीत यो वर्ष खर्च गरेकोले यसमा संलग्न पदाधिकारीलाई कानुनबमोजिम जिम्मेवार बनाउनुपर्दछ ।

११. **मापदण्डको पालना -** काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ तथा नियमावली, २०६८ र बस्ती विकास शहरी योजना तथा निर्माणसम्बन्धी मापदण्ड, २०६४ अनुसार जिल्ला आयुक्तको कार्यालय काठमाडौँ, ललितपुर र भक्तपुरलाई निजी क्षेत्रलाई प्लटिङ गर्न स्वीकृत दिने, ग्रुप हाउजिङ तथा अपार्टमेन्टको लागि स्वीकृति दिने, प्राप्त उजुरी छानबिन गरी तथ्य पत्ता लगाउने, सार्वजनिक र पर्ति जग्गा संरक्षण गर्ने जिम्मेवारी तोकेको छ । यो वर्ष लेखापरीक्षणको क्रममा ललितपुरको ३, भक्तपुरको ४ र काठमाडौँको ५ स्थानमा स्थलगत निरीक्षण, प्रमाण कागजात सङ्कलन, तथ्याङ्क विश्लेषण र सरोकारवालासँग छलफल गर्दा योजना सञ्चालन सम्बन्धमा निम्नानुसार देखिएको छः

११.१ योजनाकर्ताले प्लटिङ्ग गर्दा पर्ति, गोरेटो बाटो तथा कुलोले ओगटेको क्षेत्रफल बराबरको जग्गालाई सट्टाजग्गाको रुपमा खुल्ला राख्नुपर्दछ । तर स्थलगत निरीक्षण गर्दा काठमाडौँमा ३४, ललितपुरमा ३-३-३-० र भक्तपुरमा ५-१२-२-२ रोपनी जग्गा खुल्ला क्षेत्र, बाटो र हरियाली क्षेत्रबापत खुल्ला राखी सार्वजनिक गर्नुपर्नेमा गरेको देखिएन ।

११.२ सामान्यतया योजना स्थलको बीचमा सबैलाई पायक पर्ने स्थानमा खुल्ला क्षेत्र हुनुपर्दछ । व्यवसायीले प्रस्ताव गरेको नक्सामा खुल्ला क्षेत्रको लागि वनको छेउ, बिक्री गर्न नमिल्ने, आवासको लागि अनुकूल नहुने जग्गा देखाएकोमा प्राधिकरणले सोही रुपमा स्वीकृति दिएकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनुपर्ने देखिएको छ ।

निरीक्षण गरिएका केही स्थानमा प्रस्तावित नक्सामा भन्दा फिल्डमा बाटोको चौडाई कम भएको, बाटोमा घर बनिसकेको, मापदण्ड विपरीत आवास तयार भएको, खुल्ला क्षेत्र भनी नक्सामा देखाएको जग्गा बिक्री गरेको र आवासीय क्षेत्रमा कारखानासमेत स्थापना भएको छ ।

११.३ सञ्चालकले जग्गा बिक्री गर्दा शुरु जग्गाधनीबाट आफ्नो नाममा ल्याई बिक्री गर्नुपर्नेमा जग्गाधनीबाट सीधै ग्राहकको नाममा बिक्री गराउने, प्लटिङकर्ता वा व्यक्तिको कारोबार नदेखाउने गरेकोले नेपाल सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिवृद्धि कर, पुँजीगत लाभकर एवं आयकर छुट भएको छ । केही योजनाकर्ताले आन्तरिक राजस्व कार्यालयमा कारोबारको विवरण पेस नगरेको, केही व्यवसायी नन्फाईलरको रुपमा रहेको, केहीले झुट्टा विवरण पेस गरेको, कतिपय व्यवसायी आयकरमा दर्ता समेत भएको देखिएन । योजना सञ्चालनको लागि बैङ्कबाट ऋण लिने प्रयोजनका लागि प्राधिकरणसँग स्वीकृति लिने गरेको तर जग्गा खरिद, बिक्री, बाटो र प्लटको क्षेत्रफल मापदण्डअनुरुप राख्ने गरेको देखिएन ।

११.४ प्लटिङ तथा हाउजिङ निर्माणकर्ताले स्वीकृतिको लागि प्राधिकरणमा दिएको निवेदनउपर मालपोत र नापी कार्यालयको प्रतिनिधिसमेतको उपस्थितिमा निर्णय हुने गरेको देखिन्छ । तर सो निर्णयलाई मालपोत र नापी कार्यालयले बेवास्ता गरेको कारण प्रस्तावित खुल्ला क्षेत्र बिक्री हुने, पर्तीजग्गा लोप हुने, प्रस्तावित नक्साभन्दा फरक ढङ्गले जग्गा बिक्री वितरण हुने गरेको छ ।

काठमाडौँ उपत्यका विकास प्राधिकरणको व्यवस्थापकीय कमजोरीका कारण निजी क्षेत्रबाट सञ्चालन हुने प्लटिङ तथा आवास निर्माण कार्यमा मापदण्ड र कानुनको पालना हुनसकेको छैन । तोकिएको मापदण्ड पालना गराउनेतर्फ सबै निकायले जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्दछ ।

काठमाडौँ उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय, काठमाडौँ

१२. **कार्यक्रमको यथार्थता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २४ अनुसार स्वीकृत कार्यक्रममा काठमाडौँ उपत्यकाको विभिन्न भागमा सडक चौडा गर्ने, पर्खाल लगाउने तथा सडक सुधार गर्ने गरी रु.१ अर्ब २७ करोड ७३ लाखको संशोधित कार्यक्रम स्वीकृत भएकोमा रु.६९ करोड १५ लाख (५४.१४प्रतिशत) खर्च गरी भौतिक प्रगति ९७ प्रतिशत देखाएको छ । सोमध्ये १५ किलोमिटर सडकको लागि रु. ७७ करोड ५१ लाख बजेट व्यवस्था भएकोमा रु.१८ करोड ९४ लाख (२४.४३ प्रतिशत) मात्र खर्च गरी शतप्रतिशत भौतिक प्रगति देखाएको छ । कार्यक्रमको प्रगति विवरण यथार्थपरक देखिएन । प्राधिकरणले जिल्लाभित्र काम गर्ने सडक, स्थान, चेनेजअनुसार कार्यक्रम र बजेट स्वीकृत नगराई एकमुष्ट परिमाण देखाई बजेट विनियोजन गरी खर्च गरेको छ । कार्यान्वयन गर्न नसकिने कार्यक्रम स्वीकृत गरी थप बजेट माग गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्नेमा मन्त्रालय र राष्ट्रिय योजना आयोगले समेत २०७४।३।२९ मा संशोधित कार्यक्रम स्वीकृत गरेको मनासिब देखिएन ।

१३. **कार्यक्रमबेगर खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा बार्षिक कार्यक्रम स्वीकृत गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले २०७२।७३ मा कलंकी नागढुङ्गा सडक र चावहिल साँखु सडक खण्डको मुआवजा र क्षतिपूर्ति वितरण गर्न रु.८० करोड प्राप्त गरेकोमा सोको ब्याजसमेत रु.८० करोड ३५ लाख जिम्मेवारी सारेको छ । उक्त रकमबाट यो वर्ष कार्यक्रम स्वीकृत नगरी कलंकी र चावहिल सडक खण्डको क्षतिपूर्ति रु.४५ करोड, काठमाडौँका विभिन्न सडकमा ४६ व्यक्तिलाई क्षतिपूर्ति रु.२ करोड ४९ लाख र सार्वजनिक निर्माणमा रु.३२ करोड ७५ लाख समेत रु.८० करोड २४ लाख खर्च गरेको छ । स्वीकृत कार्यक्रमबेगर अनियमित तवरले खर्च गर्ने पदाधिकारीलाई कानुन बमोजिम जिम्मेवार बनाउनु पर्दछ ।

१४. **नर्म्स स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट नर्म्स स्वीकृत गर्नुपर्ने व्यवस्था छ । मन्त्रालय मातहत कार्यालयले शहरी विकास तथा भवन निर्माण विभागले स्वीकृत गरेको नर्म्सको आधारमा कामको लागत अनुमान तयार गरेको देखियो । नेपाल सरकारबाट स्वीकृत हुनुपर्ने नर्म्स विभागीय प्रमुखले स्वीकृत गर्न मिल्ने देखिँदैन ।

सडक विभागले तयार गरेको नर्म्समा १:४ अनुपातको सिमेन्टको जोडाइमा ढुङ्गाको गाह्रो लगाउने एक घनमिटर काम ३० मिटर ढुवानीसहित ४.५ दिन श्रमिक लाग्ने उल्लेख छ भने विभागले तयार गरेको नर्म्समा १० मिटर ढुवानीको लागि ५ ज्यामी दिन लाग्ने उल्लेख छ । त्यसैगरी विभागले सोही काममा एक

घनमिटर कामको लागि ०.१५९ मेट्रिक टन सिमेन्ट लाग्ने नर्म्स तयार गरेको छ भने सडक विभागले प्रयोग गरेको नर्म्समा ०.१५५ मेट्रिक टन लाग्ने उल्लेख छ । यसरी १ घन मिटर कार्यमा रु.३८१.३० वढी दायित्व पर्ने आधारमा कार्यालयले यो वर्ष २११ प्याकेजमा ५४ हजार ५२६ घनमिटर काम गराउँदा सडक विभागको नर्म्सभन्दा रु.२ करोड ८ लाख वढी लागत अनुमान स्वीकृत गरी थप दायित्व पारेको छ । अधिकारबेगर नर्म्स स्वीकृत गर्ने र बढी दायित्व पार्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१५. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले एकै स्थान र प्रकृतिको कार्य गर्नका लागि एकमुष्ट लागत अनुमान नगरी रु.५ लाखभन्दा घटीको १६७ टुक्रे लागत अनुमान तयार गरी बाटो विस्तार र सार्वजनिक जग्गा संरक्षण कार्यमा रु.७ करोड ६९ लाख भुक्तानी गरेको छ । बोलपत्रको माध्यमबाट काम गराउँदा यसै कार्यालयमा ५४ प्रतिशतसम्म घटीमा निर्माण कार्य भएको छ । बोलपत्रको माध्यमबाट गर्नु पर्ने एउटै प्रकृतिको कार्य लागत अनुमानकै दरमा सोझै खरिद गरी खर्च गरेकोमा कामको गुणस्तर समेत परीक्षण गरेको छैन । नियमविपरीत खर्च गर्ने पदाधिकारीलाई कानुनबमोजिम जिम्मेवार बनाई यसप्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१६. **गैरसरकारी संस्थाबाट निर्माण कार्य -** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था छ । काठमाडौँको टोखा, कपन, बुढानीलकण्ठ, लगायतका स्थानमा १४७ गैरसरकारी संस्थाबाट बाटो विस्तार, मेसनरी वाल निर्माण जस्ता कार्य गराई यो वर्ष रु.४९ करोड १५ लाख खर्च गरेको छ ।

विभिन्न संस्थालाई निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने लाभग्राही समूह मानी श्रमदानबापत जग्गा योगदान गरेको भनी रु.७ लाख देखि रु.९ लाखका दरले रु.१३ करोड २३ लाख सम्झौतामा समावेश गरेको छ । कार्यालयले लाभग्राही समूहले योगदान गरेको जग्गा, सडकमा परेको पर्ति जग्गालगायतको अभिलेख राखेको छैन । सडकमा परेको जग्गाको स्वामित्व नेपाल सरकारमा प्राप्त भएको छैन । त्यस्ता संस्थाले बीजक जारी नगरेको, बैकिङ्ग प्रणालीबाट कारोवार नगरेको, राजस्व कार्यालयमा आय विवरण नबुझाएको जस्ता कैफियत देखिएका छन् । गैरसरकारी संस्थालाई लाभग्राही समूह मानी वास्तविक रुपमा जग्गा योगदान गर्ने उपभोक्ता पहिचान नगरी खरिद ऐन, नियमविपरीत कार्य गराई भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई छानबिन तथा कारबाही गर्नुपर्दछ ।

१७. **मुआवजा -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ बमोजिम नेपाल सरकारले कुनै सार्वजनिक कामको निम्ति जग्गा प्राप्तिको मुआवजा रकम निर्धारण गर्न दफा १३ बमोजिम प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन गरी मुआवजाको दर कायम गर्ने व्यवस्था छ । यो वर्ष ४९ व्यक्तिलाई रु.२ करोड २९ लाख मुआवजा वितरण गर्दा निम्नानुसार देखिएको छ :

१७.१ घर जग्गाको क्षतिपूर्ति/मुआवजा निर्धारण सम्बन्धमा विभिन्न घरको बनावटअनुसार जिल्ला दररेट निर्धारण भएको छ । सोअनुसार मुआवजा वितरण नगरी शहरी विकास तथा भवन निर्माण विभागको २०७३।१२।१६ को पत्रलाई आधार लिई स्वीकृत जिल्ला दररेटभन्दा वढी दरमा ३० व्यक्तिलाई रु.१ करोड १६ लाख वढी क्षतिपूर्ति भुक्तानी दिएको छ । बढी दरमा भुक्तानी दिने गरी निर्णय गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१७.२ जग्गा प्राप्ति ऐन, २०३४ मा सार्वजनिक जग्गामा अनधिकृत रुपमा वनाएको घरको क्षतिपूर्ति दिन मिल्ने व्यवस्था छैन । स्थानीय निकायको सिफारिसको आधारमा जग्गाधनी प्रमाणपुर्जा नभएका १५ व्यक्तिको घरको रु.८४ लाख क्षतिपूर्ति भुक्तानी गरेको छ । कानुनी आधार बेगर भुक्तानी दिनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

१८. **बैठक भत्ता -** अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७० को परिच्छेद ७ अनुसार स्पष्ट विषयवस्तु बेगर बैठक बस्न नपाइने उल्लेख छ । प्राधिकरणले महिनामा १७ देखि २३ दिनसम्म बाटो निर्माणसम्बन्धी विषय उल्लेख गरी स्पष्ट एजेन्डाबेगर बैठक बसी वाग्मती नगर जग्गा एकीकरण वडा नं. ६ का १० पदाधिकारीलाई रु.१४ लाख र वडा ८ मा १२ पदाधिकारीलाई रु.२६ लाखसमेत रु.४० लाख बैठक भत्ता भुक्तानी गरेको देखियो । यस्तो खर्च नियमसम्मत नदेखिएकोले नियन्त्रण गर्नुपर्दछ ।

१९. **उपभोक्ता समितिको योगदान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (४) मा उपभोक्ता समितिलाई निर्माण कार्यको भुक्तानी दिँदा जनसहभागिताको अंश कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । दिव्यश्वरी जग्गा एकीकरण आयोजनाले यो वर्ष ४ उपभोक्ता समितिलाई रु.२ करोड ३७ लाख र वाग्मती जग्गा एकीकृत आयोजनाले उपभोक्ता समितिलाई रु.५८ लाखको भुक्तानी दिई खर्च लेखेको छ । उपभोक्ता समितिसँग सम्झौता गर्दा उपभोक्ताको योगदान रहने व्यवस्था नगरी खर्च लेखेको नियमसम्मत देखिएन ।

धोबीखोला कोरिडोर आयोजना

चावहिल (बैजनी पुल) देखि वाग्मती दोभानसम्मको ५.५ किलो मिटर खोलाको दुवै किनारबाट ३२।३२ मीटर चौडा क्षेत्रमा जग्गा एकीकरण गरी सडक निर्माण कार्य रु.२ अरब ५५ करोडको लागतमा २०७३।७४ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी मन्त्रीस्तरको निर्णयले २०६७।६८ देखि आयोजना शुरु भएको हो । हालसम्म रु.१ अर्ब ७१ करोड ६९ लाख खर्च भएको छ । आयोजनाको निर्माण कार्य सम्पन्न हुने अवधि किटान गरेको छैन ।

२०. **नर्म्स स्वीकृति -** सार्वजनिक खरिद नियमावली, २०६४को नियम १०(२) मा नेपाल सरकार (मन्त्रिपरिषद्) ले निर्माण कार्यको नर्म्स स्वीकृत गर्ने व्यवस्था छ । मन्त्रालय मातहतका कार्यालयले शहरी विकास तथा भवन निर्माण विभागबाट स्वीकृत नर्म्सको आधारमा लागत अनुमान तयार गरेको छ ।

सडक विभागले प्रयोग गरेको नर्म्समा उल्लिखित परिमाणको तुलना गर्दा एक घनमिटर कामको लागि १:४ सिमेन्टमा ढुङ्गाको गाह्रो लगाउने काम ३० मिटर ढुवानी सहित एक घनमिटरको लागि ४.५ श्रमिक दिन लाग्ने उल्लेख भएको र भवन विभागले प्रयोग गरेको नर्म्समा १० मिटर ढुवानीसहित ५ श्रमिक दिन लाग्ने उल्लेख छ । त्यसैगरी १:४ सिमेन्ट जोडाईमा १ घनमिटर गाह्रोको काममा ०.१५९ मेट्रिक टन सिमेन्ट लाग्ने अनुमान गरेकोमा सडक विभागले ०.१५५ मेट्रिक टन सिमेन्ट लाग्ने उल्लेख गरेको छ । उल्लिखित काममा १ घन मिटर मा रु.३८१.३० वढी दायित्व पर्ने देखिएकोले आयोजनाले सम्झौता गरेको ३४ प्याकेजका ६ हजार ९४३.३७ घन मिटर काममा रु.२६ लाख वढी दायित्व परेको छ । अधिकार बेगर नर्म्स स्वीकृत गर्ने र बढी दायित्व पार्ने पदाधिकारीलाई जिम्मेवार वनाउनुपर्दछ ।

२१. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पाँच लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सक्ने व्यवस्था छ । कार्यालयले यो वर्ष एकै स्थान र प्रकृतिको कार्यका लागि रु. ५ लाखभन्दा घटीको ५० टुक्रा लागत अनुमान तयार गरी बाटो विस्तार र सार्वजनिक जग्गा संरक्षण कार्यका लागि रु.२ करोड २८ लाख भुक्तानी गरेको छ । बोलपत्रको माध्यमबाट निर्माण कार्य गराउँदा ५४ प्रतिशतसम्म घटीमा कार्य भएको छ । वोलपत्रको माध्यमबाट गर्नुपर्ने कार्य लागत अनुमानकै दरमा सोझै खरिद गरेकोमा कामको गुणस्तर समेत परीक्षण गरेको छैन । नियम विपरीत खर्च गर्ने पदाधिकारीलाई कानुनबमोजिम जिम्मेवार बनाई यसप्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२२. **गैरसरकारी संस्थाबाट निर्माण कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतनासम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थाबाट गराउन सक्ने व्यवस्था भएकोमा ३४ गैरसरकारी संस्थाबाट बाटो विस्तार, मेसनरी वाल निर्माण जस्ता कार्य गराई यो वर्ष रु.१० करोड ९० लाख भुक्तानी गरेको छ ।

विभिन्न संस्थालाई निर्माण कार्यबाट प्रत्यक्ष लाभ पाउने लाभग्राही समूह मानी श्रमदान बापत जग्गा योगदान गरेको भनी रु.७ लाखदेखि रु.९ लाखका दरले रु. २ करोड ९५ लाख सम्झौतामा समावेश गरेको छ । लाभग्राही समूहले योगदान गरेको जग्गा सडकमा परेको पर्ति जग्गालगायतको अभिलेख आयोजनाले राखेको देखिँदैन । सडकमा परेको जग्गाको स्वामित्व नेपाल सरकारमा प्राप्त भएको छैन । ती संस्थाले बीजक जारी नगरेको, बैकिङ्ग प्रणालीबाट कारोवार नगरेको, आन्तरिक राजस्व कार्यालयमा आय विवरण नबुझाएको जस्ता कैफियत देखिएका छन । गैरसरकारी संस्थालाई लाभग्राही समूह मानी वास्तविक रुपमा जग्गा योगदान गर्ने उपभोक्ता पहिचान नगरी खरिद ऐन, नियम विपरीत कार्य गराई भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई कारबाही गर्नुपर्दछ ।

२३. **जग्गा प्राप्ति -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३ मा जग्गा प्राप्तिको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा समिति गठन गरी मुआवजाको दर कायम गर्नुपर्ने व्यवस्था छ । आयोजनाले यो वर्ष सडक

विस्तार गर्दा सडकमा परेका ११ व्यक्तिको पूरै जग्गा बाटोमा परेको र बचेको जग्गा पनि उपयोगविहीन भएको भनी रु.५ करोड ९८ लाख भुक्तानी गरेकोमा जग्गाको स्वामित्व प्राप्त गरेको छैन । जग्गा प्राप्ति ऐन बमोजिम सार्वजनिक सूचना प्रकाशन, वास्तविक क्षतिको पहिचान, मुआवजा निर्धारण समितिको निर्णयबेगर आयोजनाका प्राविधिकले मूल्याङ्कन गरेको आधारमा भएको भुक्तानी नियमसम्मत देखिएन ।

शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालयहरु

२४. **एकमुष्ट लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा खास प्रकारको नर्म्स आवश्यक परेमा विभागीय प्रमुखबाट स्वीकृत हुनुपर्ने र नियम ११ मा मालसामानको बजार भाउ, अघिल्ला वर्षमा खरिद गरेको दर वा उद्योग वाणिज्य संघले जारी गरेको दरलाई आधार लिनुपर्ने व्यवस्था छ । डिभिजन कार्यालय, नुवाकोटले सभाहल निर्माण गर्न रु.२२ करोड ८ लाखको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग रु.२२ करोड ७ लाखमा सम्झौता भएको छ । सभाहलमा भिआरएफ डिसि इन्भेस्टर, साउण्ड सिस्टम, एयर कुलिङ लगायतका कामको लागत अनुमान एकमुष्ट रु.३ करोड उल्लेख गरेकोमा व्यवसायीले रु.५ लाख कबोल गरेको छ । उक्त कार्यको लागि आवश्यक सामानको विवरण र स्पेसिफिकेसनसहित दर विश्लेषण नगरेको र निर्माण व्यवसायीले लागत अनुमानको तुलनामा अत्यन्त न्यून (१.६७ प्रतिशत) रकम कबोल गरेको सम्बन्धमा बोलपत्र मूल्याङ्कन समिति मौन रहेको छ । सो रकमबाट उक्त कार्य सम्पन्न हुने सम्बन्धमा सुनिश्चित हुनुपर्दछ ।

२५. **सिमेन्टको दररेट -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ को उपनियम (४) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सामग्रीको मूल्य जिल्ला दररेटको आधारमा गर्नुपर्ने व्यवस्था छ । जिल्ला दररेट निर्धारण समितिले २०७३/७४ को लागि सिमेन्टको मूल्य नेपालमा उत्पादित ओपीसी सिमेन्ट प्रतिबोरा रु.७९७ र पीपीसी सिमेन्ट रु.७६५ कायम गरेको छ । डिभिजन कार्यालय, नुवाकोटले दर विश्लेषण गर्दा दुवैको औषत मूल्य रु.७८१ र लोड अनलोड रु.१० थप गरी रु.७९१ हुनेमा रु.८१७ समावेश गरी प्रतिबोरा रु.२६ का दरले सभाहल र केन्द्रीय कारागार भवन निर्माण कार्यको ७ आइटममा प्रयोग हुने ९३ हजार ९०३ बोरा सिमेन्टको लागि रु.२४ लाख ४१ हजार लागत बढाएको देखिन्छ । यस्तो कार्यमा संलग्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२६. **ढलानमाथि पी.सी.सी. कार्य** - डिभिजन कार्यालय, नुवाकोटले निर्माणाधीन केन्द्रीय कारागार भवनको छत (स्ल्याव) ढलान पछि १९० एम एम र १४० एम.एम. साइजको माटोको गोलाकार गमला १ लाख ७५ हजार ११५ गोटाको रु.३४/५० का दरले रु.६० लाख ४१ हजार र उक्त गमला माथि १.२७४ पि.सि.सी. कार्य १ हजार ६७४.८२ घ.मी. रु.११ हजार ४४१.१४ का दरले रु.१ करोड ९२ लाख समेत रु.२ करोड ५२ लाख लागत अनुमानमा समावेश गरेको छ । उक्त २ आइटमको क्रमशः रु.५० र रु.१ हजारका दरले रु.१ करोड ४ लाख भुक्तानी गर्ने गरी सम्झौता भएको छ । उक्त कार्यको ड्रइङ, डिजाइन र लागत अनुमान तयार गर्दा माटोको गमलामाथि पी.सी.सी. गर्ने कार्यको आवश्यकता, दिगोपना र आर्थिक तथा प्राविधिक पक्षको विश्लेषण नगरी थप व्ययभार पारेको देखियो ।

२७. **बहुवर्षीय ठेक्का -** आयोजनाहरूको बहुवर्षीय ठेक्का बन्दोवस्तसम्बन्धी निर्देशिका, २०७३ मा बहुवर्षीय ठेक्का बन्दोवस्त गर्नु अघि विस्तृत आयोजना प्रतिवेदन तयार भएको, आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन/प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न भएको, राष्ट्रिय महत्वको आयोजनाका रुपमा रहेको, स्रोत सुनिश्चितता भएको, खरिद गुरुयोजना स्वीकृत भएको लगायतका आधार तथा मापदण्डलाई अनिवार्य रुपमा अपनाउनुपर्ने उल्लेख छ । डिभिजन कार्यालय, बाँकेले यो वर्ष उल्लिखित मापदण्ड एवं आधार नलिई रु.२ अर्ब ४१ लाखको निर्माण कार्यको सम्झौता गरेको छ । बजेटको सुनिश्चितताबेगर बहुवर्षीय ठेक्का गरी दायित्व सिर्जना गरेको उचित देखिएन ।

२८. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौताबमोजिम काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको १० प्रतिशतसम्म पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । तत्सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२८.१ डिभिजन कार्यालय, बाँकेले लक्ष्मणपुरमा प्राथमिक स्वास्थ्य चौकी भवन निर्माण कार्यको ९० दिनको पूर्वनिधारित क्षतिपूर्ति असुल गर्ने गरी २०७४।२।३१ सम्म म्याद थप गरेकोमा हालसम्मको भुक्तानीमा पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेकोले सम्झौताको शर्तबमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति रु.३२ लाख असुल हुनु पर्ने देखिन्छ । उक्त निर्माण कार्य सम्पन्न नभएको र तत्पश्चात म्याद थप समेत भएको देखिएन ।

२८.२ डिभिजन कार्यालय, लमजुङअन्तर्गत गौडा प्राथमिक स्वास्थ्य भवन निर्माण कार्यको लागि महानिर्देशकबाट २०७३।३।२०मा म्याद थप गर्दा २०७३।१२।३० सम्म सम्पन्न नभए अनिवार्य पूर्वनिधारित क्षतिपूर्ति लिने उल्लेख छ । तत्पश्चात् पुनः २०७४।१२।३० सम्म एक वर्ष म्याद थप गरी ६० दिनको पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय गरेकोमा एकै तहबाट फरक फरक निर्णय गरेको मनासिब देखिएन । अतः चौथो पटकको म्याद थप गर्दा निर्णय भएअनुसार २०७३।१२।३०देखि २०७४।३।३० सम्म ३ महिनाको सम्झौता रकम रु.४ करोड ५० लाखको प्रति दिन ०.०५ प्रतिशतका दरले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.२० लाख असुल हुनुपर्दछ ।

२८.३ डिभिजन कार्यालय, गोरखाले बोर्लाङ्ग स्वास्थ्य चौकी भवन निर्माण कार्य २०७२।७।२६ सम्म सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७१।१।२७ मा रु.१ करोड ७३ लाखको सम्झौता भएको देखियो । ठेक्काको म्याद डिभिजन प्रमुखबाट २०७३।१।२५ सम्म थप गरेको र सो अवधिपछि विभागीय प्रमुखबाट २४३ दिन पूर्वनिर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप भएको देखिन्छ । खरिद सम्झौताको व्यवस्था अनुसार सम्झौता रकमको १० प्रतिशतले क्षति हुने रु.१७ लाख पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रु.५ लाखमात्र असुल भएकोले नपुग रु.१२ लाख असुल हुनुपर्दछ ।

२९. **बढी दरमा लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) बमोजिम सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा मितव्ययितासमेत विचार गर्नुपर्दछ । डिभिजन कार्यालय, दाङबाट घोराही सभाहल निर्माण कार्य रु.२६ करोड ८४ लाखको लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.२६ करोड ७७ लाखमा सम्झौता भएको छ ।

लागत अनुमान गर्दा सिमेन्ट कंक्रिटको कार्य मिक्चर मेसिन प्रयोग गरी गर्दा प्रतिघन मिटर रु.१६ हजार २०६.३३ हुनेमा म्यानुअल मिक्सिङ दर रु.१६ हजार ७२४.६८ ले गर्दा ३ हजार १११.१२० घन मिटर कामको लागि रु.१६ लाख बढी पर्न गएको छ । यसैगरी मेसिन प्रयोग गरी सिमेन्ट कंक्रिट १:३:६ को कार्य गर्दा प्रतिघन मिटर रु.८ हजार ८८३.०६ दर कायम हुनेमा म्यानुअल दर प्रतिघन मिटर रु.९ हजार ३८१.०१ प्रयोग गरी ७९६.५ घन मिटर काममा रु.४ लाखसमेत २ आइटममा मात्र रु.२० लाख बढी समावेश गरी लागत अनुमान तयार गरेको देखियो । निर्माण कार्यको सम्झौता लागत अनुमानकै हाराहारीमा भएकोले सोहीअनुरुप बढी दायित्व परेको पाइयो । यसरी लागत अनुमान तयार गर्ने कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **अनुगमन -** विगतको प्रतिवेदनमा उल्लेख भएका व्यहोरामध्ये विशिष्ट व्यक्तिहरुको लागि सेवा सुविधा उपलब्ध गराउँदा मापदण्ड तोक्नुपर्ने, काठमाडौँ उपत्यका विकास प्राधिकरणले कमेरेटार जग्गा एकीकरण आयोजनाबाट सापटी फिर्ता भएको रु.४ करोड ब्याज बाँकी राखी साँवामा घटाएको, ब्याज रु.११ लाख असुल नगरेको, प्राधिकरण जिल्ला आयुक्तको कार्यालय, काठमाडौँले वार्षिक खरिद योजना तथा खरिद गुरुयोजना बेगर रु.६९ करोड १५ लाख खर्च गरेको लगायत व्यहोरा यो वर्षको लेखापरीक्षणबाट समेत देखिएको छ । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।
- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ७० निकायमा रु.५ अर्ब १४ करोड १६ लाख ८४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ करोड ७४ लाख ५७ हजार फछ्यौंट गरेकोले रु.५ अर्ब १२ करोड ४२ लाख २७ हजार बाँकी रहेको छ । सोमध्ये रु.३ अर्ब ५६ करोड ८८ लाख ८८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - सगठित सस्था र अन्य संस्था समिति ३६ तर्फ रु.४७ करोड ७७ लाख ९४ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.७ करोड ४९ लाख ८२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

शान्ति तथा पुनर्निर्माण मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा शान्ति स्थापना, द्वन्द्व व्यवस्थापन तथा विकास र द्वन्द्वबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, भूकम्पबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण, द्वन्द्वपीडित क्षेत्रको सामाजिक तथा आर्थिक विकास, विस्तृत शान्ति सम्झौतालगायतका अन्य सम्झौता, सहमति र निर्णयको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने, शान्ति प्रक्रिया र द्वन्द्वको सङ्क्रमणकालीन व्यवस्थापन गर्ने लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १५ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.९ अर्ब ५९ करोड ९१ लाख ९ हजार, राजस्व रु.१४ लाख १२ हजार, धरौटी रु.१ करोड ३९ हजारसमेत रु.९ अर्ब ६१ करोड ५ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **समग्र प्रगति -** मुलुकमा भइरहेको हत्या हिंसा समाप्त गरी दिगो शान्ति र विकासको लागि विभिन्न कार्यक्रम सञ्चालन भएका छन् । शान्ति प्रक्रियाको लागि तय भएका कार्यक्रममध्ये द्वन्द्वबाट क्षति भएका कुल सरकारी भवन र संरचना ९१८ मध्ये ४७६, पुनर्निर्माणको लागि माग भएका आयोजना ९ हजार ४०९ मध्ये ३ हजार ७८०, शान्तिको लागि विकास कार्यक्रमअन्तर्गत माग भएका आयोजना ४ हजार ३६८ मध्ये ४८९, द्वन्द्व प्रभावित क्षेत्र विशेष कार्यक्रमको १३ हजार ७७७ मध्ये ३ हजार ८६१ र द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाअन्तर्गतका २७ मध्ये ८ योजना सम्पन्न भएका छन् । मन्त्रालयले २०७३।७४ मा सम्पन्न गरिसक्नुपर्ने योजनाहरुमा ११.१९ प्रतिशतदेखि ५१.८५ प्रतिशतसम्म भौतिक प्रगति भएको देखिन्छ । तोकिएको अवधिभित्र काम सम्पन्न नहुँदा शान्ति प्रक्रियाको लक्ष्य पूरा हुने अवस्था छैन ।

> ***यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः ११.१९ देखि ५१.८५ प्रतिशत प्रगति, राहत तथा क्षतिपूर्ति, सेना समायोजन, शिविर व्यवस्थापनसम्बन्धी कार्यको अद्यावधिक विवरण र प्रगति, कोष मौज्दात लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।***

सत्य निरुपण तथा मेलमिलाप आयोगमा ५९ हजार ७४८ उजुरी अनुसन्धान हुँदै रहेको र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगबाट ३ हजार ९३ उजुरीमध्ये १ हजार ७७ को छानबिन भैरहेको जनाएको छ । राहत तथा क्षतिपूर्ति, सेना समायोजन, शिविर व्यवस्थापन सम्बन्धी कार्य विभिन्न निकायबाट कार्यान्वयन गरेकोमा सोको अद्यावधिक विवरण र अभिलेख समावेश गरी समग्र प्रगति प्रतिवेदन तयार गरेको छैन ।

२. **रकमान्तर -** मन्त्रालयका लागि यो वर्ष चालू तथा पुँजीगत शीर्षकमा रु.२ अर्ब ७३ करोड ६४ लाख ४६ हजार बजेट विनियोजन भएकोमा रकमान्तरबाट रु.९ अर्ब ८९ करोड ८५ लाख ७० हजार थप भै रु.१२ अर्ब ६३ करोड ५० लाख १६ हजार बजेट कायम भएको छ । रकमान्तरबाट थप भएको रकमबाट शहीद एवं बेपत्ता परिवारका सदस्य, सशस्त्र द्वन्द्वका क्रममा मृत्यु भएका र बेपत्ता पारिएका व्यक्तिका हकदार र विस्थापित व्यक्ति तथा परिवारलाई राहत एवं क्षतिपूर्ति वितरण गरेको छ । उक्त रकम वितरण गर्न जिल्ला प्रशासन कार्यालयहरुलाई अख्तियारी दिएकोमा लेखापरीक्षणबाट ती कार्यालयहरुले उक्त रकम कोषमा मौज्दात राखेको, कर्मचारीलाई पेस्की दिई फछ्यौंट नगरेको लगायतका व्यहोरा देखिएका छन् । मन्त्रालयले राहत तथा क्षतिपूर्ति वितरणको प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

३. **फ्रिज -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा फ्रिज नहुने भनी तोकेको उपशीर्षकहरुको हकमा बाहेक अन्य उपशीर्षकमा खर्च नभै बाँकी रहेको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले अख्तियारी दिएको मध्ये द्वन्द्वपीडितका लागि मनोसामाजिक परामर्श सेवा परियोजनामा रु.२९ लाख ६७ हजार र जिल्ला प्रशासन कार्यालय १० मा खर्च नभै बाँकी रहेको रु.८३ लाख ९० हजारसमेत रु.१ करोड १३ लाख ५७ हजार मौज्दात रहेकाले सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेत १३ निकायमा रु.३ करोड ६२ लाख ३२ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.१० लाख ९६ हजार फछ्यौंट गरेकोले रु.३ करोड ५१ लाख ३६ हजार बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।

शिक्षा मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा शिक्षा सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासंग सम्पर्क तथा समन्वय, विश्वविद्यालयहरु, नेपाल शिक्षा सेवाको सञ्चालन लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत १४८ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.१ खर्ब ८ अर्ब ९१ करोड ९१ लाख, राजस्व रु.८९ करोड ४ लाख, धरौटी रु.११ करोड ५० लाख र अन्य कारोबार रु.८१ करोड ४ लाखसमेत रु.१ खर्ब १० अर्ब ७३ करोड ४९ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था १९६, समिति ५, अन्य संस्था ५ समेत २०६ को रु.७५ अर्ब ८८ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** चौधौं योजनाले शिक्षामा समतामूलक अवसर सुनिश्चित गर्दै शिक्षालाई सीपयुक्त, समय सान्दर्भिक र गुणस्तरयुक्त बनाउने, सबै तह एवं विषयको शिक्षा र सीपमूलक तालिमको पहुँच अभिवृद्धि गर्ने, शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्ने उद्देश्य राखेको छ । यसैगरी चालु वर्षको बजेट बक्तव्यमा विद्यालयमा बालबालिकाको पहुँच विस्तार गर्ने, अध्ययन अध्यापनको गुणस्तरमा सुधार ल्याउने र व्यवस्थापकीय संरचनालाई जवाफदेही, पारदर्शी र सुदृढ बनाउन विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गर्ने, नक्साङ्कनका आधारमा विद्यालय र शिक्षकको दरवन्दी पुनर्वितरण गरी प्राथमिक तहमा अधिक हुने दरवन्दीलाई ६ देखि ८ कक्षासम्म समायोजन गर्ने, प्रत्येक सामुदायिक माध्यमिक विद्यालयमा सूचना तथा प्रविधिका पूर्वाधारको स्थापना गर्न अनुदान दिने उल्लेख छ ।

मन्त्रालयबाट प्राप्त विवरण अनुसार आवधिक योजना तथा वार्षिक कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये विद्यालय शिक्षामा ६ वर्षे विद्यालय क्षेत्र विकास कार्यक्रम कार्यान्वयन शुरुवात गरेको, विद्यालय भौतिक सुधार कार्यक्रम, छात्रवृत्तिको व्यवस्था मार्फत दलित तथा सीमान्तकृत वर्गका सबै तहको शिक्षा निःशुल्क बनाउने, भर्ना दरमा लैङ्गिक समता, विभिन्न संस्थाहरु मार्फत व्यावसायिक सीप विकास तालिम, खुला विश्वविद्यालय ऐन पारित भई पदाधिकारी नियुक्ति तथा कार्य सञ्चालन लगायत कार्यक्रम सञ्चालन गरेको देखिन्छ । शैक्षिकसत्र २०७३ को तथ्याङ्क अनुसार प्राथमिक खुद भर्ना ९६.९ प्रतिशत, आधारभूत तह कक्षा ६-८ को ८०.९ प्रतिशत, माध्यमिक तह कक्षा (९-१०) को खुद भर्ना दर ५९.५ प्रतिशत पुगेको देखिन्छ । वार्षिक लक्ष्यमध्ये कक्षा १२ सम्मको माध्यमिक शिक्षालाई क्रमशः अनिवार्य र निःशुल्क तुल्याउने, आधारभूत तहको दरवन्दी समायोजन तथा माध्यमिक तहमा शिक्षकको विषयगत आवश्यकता यकिन गर्नुपर्ने लगायतका कार्य सम्पन्न हुन सकेको छैन ।

२. **प्रगति समीक्षा** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम मातहतका बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्रगति विवरण प्राप्त गरी मन्त्रालयले त्यसको भौतिक र वित्तीय पक्षको केन्द्रीयस्तरको प्रगति विवरण तयार गरी त्यसको समीक्षा गर्नुपर्ने व्यवस्था छ । समीक्षामा प्रगति कम हुनाका कारण र सोको निमित्त जिम्मेवार व्यक्ति समेत पहिचान गरी सुधारका लागि चाल्नुपर्ने कदम र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही उल्लेख गर्नुपर्दछ । केन्द्रीयस्तरको प्रगतिउपर समीक्षा नगर्नुका साथै मन्त्रालय स्वयंले सम्पन्न गर्ने भनी स्वीकृत भएका कार्यक्रमको समेत भौतिक प्रगति तयार गरेको देखिएन ।

३. **बजेट र खर्चको स्थिति** - शिक्षा मन्त्रालयको लागि यो वर्ष चालु खर्चतर्फ रु.१ खर्ब १७ अर्ब ७९ करोड ७ लाख र पूंजीगततर्फ रु. ३० करोड ४५ लाख समेत कुल रु.१ खर्ब १८ अर्ब ९ करोड ५२ लाख विनियोजन भएकोमा क्रमशः रु.१ खर्ब ८ अर्ब ८४ करोड ५५ लाख (९२.४१ प्रतिशत) र रु.२३ करोड ७२ लाख (७७.९० प्रतिशत) समेत रु.१ खर्ब ९ अर्ब ८ करोड २७ लाख (९२.३७ प्रतिशत) खर्च भएको छ ।

चालु खर्चमध्ये कर्मचारी पारिश्रमिक सुविधा, शिक्षक पारिश्रमिक सुविधा, प्रशासनिक खर्च, कार्यक्रम र अनुदान खर्चको स्थिति निम्नानुसार रहेको छ :

(रु.लाखमा)

सि.नं.	खर्च विवरण	खर्च	प्रतिशत
१	कर्मचारी तलव भत्ता	१०८९०	१.००
२	विद्यालय शिक्षक तलव भत्ता (सामुदायिक विद्यालय)	५५३४३१	५०.८४
३	विद्यालय शिक्षक सेवा निवृत्त सुविधा	९४६७०	८.७०
४	कार्यालय सञ्चालन खर्च	७५७६	०.७०
५	कार्यक्रम तथा तालिम गोष्ठी खर्च	१९८०८	१.८२
६	सशर्त चालु अनुदान (सामुदायिक विद्यालय)	१४१४२२	१२.९९
७	सशर्त चालु अनुदान (विश्वविद्यालय, परिषद, समिति)	१०९३१९	१०.०४
८	सशर्त पुँजीगत अनुदान (सामुदायिक विद्यालय)	९९६७७	९.१६
९	सशर्त पुँजीगत अनुदान (विश्वविद्यालय, परिषद, समिति)	३३६६२	३.०९
१०	छात्रवृत्ति	१८०००	१.६५
	जम्मा:	**१०८८४५५**	**१००.००**

चालु खर्चमध्ये कर्मचारी र विद्यालय शिक्षकको पारिश्रमिक तथा सुविधाको लागि ६०.५४ प्रतिशत खर्च भएको छ भने पाठ्यपुस्तक वितरण, बाल विकास कक्षा सञ्चालन, विद्यालयका कर्मचारी व्यवस्थापन, प्रयोगशाला तथा पुस्तकालय, दिवा खाजा जस्ता कार्यको लागि सामुदायिक विद्यालयलाई १३ प्रतिशत, विद्यालय भवन निर्माण, मर्मत कार्यमा ९.१६ प्रतिशत, विश्वविद्यालय, परिषद्, समितिको लागि तलव भत्ता, कार्यालय सञ्चालन तथा कार्यक्रम सञ्चालनमा १०.०४ प्रतिशत र भवन निर्माण, सवारी साधन आदि कार्यमा ३.०९ प्रतिशत र छात्रवृत्ति वितरण गर्न १.६५ प्रतिशत खर्च गरेको छ । विद्यालय भवन निर्माण जस्तो पुँजीगत कार्यको लागि समेत चालु बजेटमा विनियोजन गरी अनुदान दिएको छ । उक्त खर्चमध्ये वैदेशिक स्रोत अनुदानतर्फ रु.४ अर्ब ८४ करोड ५३ लाख र ऋणतर्फ रु.५ अर्ब ६६ करोड ८८ लाख समेत रु.९ अर्ब ५१ करोड ५२ लाख (८.२६ प्रतिशत) रहेको छ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः एकीकृत प्रगति विवरणको तयारी, मन्त्रालयको कार्यक्रम सञ्चालन, कार्यक्रम खर्चबाट प्रशासनिक खर्चतर्फ रकमान्तर, जिल्लाबाट खर्च हुने कार्यक्रमको बजेट मन्त्रालयको बजेटमा समावेश, अनुदान रकमको अनुगमन, अनुदान खर्च नभएकोमा सञ्चित कोष फिर्ता, अनुदान सम्बन्धी नीति, विद्यार्थीको सिकाइस्तर, निजीको तुलनामा सरकारी विद्यालयको एस.ई.ई. नतिजा, ऋणबाट परामर्श सेवामा १५ प्रतिशतसम्म खर्च गर्न सम्झौता, परामर्शदातालाई सवारीसाधन भाडाबापत अस्वभाविक रकम भुक्तानी, अख्तियारी ढिला दिएको कारण विद्यालय भवन निर्माण कार्यमा ढिलाइ, सामुदायिक विद्यालयलाई शिक्षक तलब भत्ता तथा अन्य कार्यक्रममा बढी निकासा, उत्तरपुस्तिका आवश्यकताभन्दा बढी छपाइ, प्राविधिक शिक्षा तथा तालिम सञ्चालनको लागि स्थायी सम्बन्धन, तालिम खर्चमा व्ययभार लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४. **वार्षिक कार्यक्रम तथा खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा कार्यालयको उद्देश्य, नीतिगत लक्ष्य र स्वीकृत बजेट अन्तर्गत आफ्नो मन्त्रालय र अन्तर्गत सञ्चालन हुने कार्यक्रम मन्त्रालयले स्वीकृत गर्ने व्यवस्था छ । शिक्षा मन्त्रालयबाट खर्च गर्ने गरी यो वर्ष चालुतर्फ रु.३ अर्ब ८३ करोड ५४ लाख र पुँजीगततर्फ रु.६ करोड ८९ लाख समेत रु.३ अर्ब ९० करोड ४३ लाख विनियोजन भएकोमा चालुतर्फ रु.५० करोड ३ लाख (१३.०४ प्रतिशत) र पुँजीगततर्फ रु.४ करोड १४ लाख (६०.०८ प्रतिशत) खर्च गरेको देखिन्छ ।

४.१. मन्त्रालयबाटै खर्च गर्ने गरी विनियोजित रकममध्ये भैपरी शीर्षकमा रु.२ अर्ब २८ करोड ५० लाख बजेट व्यवस्था भएकोमा अर्थ मन्त्रालयको २०७३।१२।७ को निर्णयबाट विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत सशर्त पुँजीगत अनुदानमा रु.२ अर्ब २८ करोड ४८ लाख रकमान्तर गरी भूकम्प प्रभावित ३१ जिल्लामा २

हजार ८७२ ट्रस व्लक (विद्यालय भवन) निर्माण गर्न शिक्षा विभागलाई २०७३।१२।२२ मा अख्तियारी पठाएको र विभागले ३१ जिल्ला शिक्षा कार्यालयलाई २०७४ आषाढमा अख्तियारी दिएको छ । यसरी कार्यक्रम निश्चित नगरी भैपरी शीर्षकमा बजेट विनियोजन गर्ने र आर्थिक वर्षको अन्तितर रकमान्तर गरी अख्तियारी दिएको कारण २० जिल्लाका १ हजार ७६९ विद्यालयमा रु.१ अर्ब ३१ करोड ५१ लाखको भवन निर्माण कार्य सम्पन्न हुन सकेको छैन । यसरी यथासमयमा कार्यक्रम स्वीकृत गरी अख्तियारी नदिएको कारण भौतिक प्रगति हुन नसकेको र निकासा रकम विद्यालयको खातामा मौज्दात हुने अवस्था देखियो । आर्थिक वर्षको अन्तमा खर्च नभएको रकम सञ्चित कोष दाखिला गरेको देखिएन ।

यस्तै मन्त्रालयमा सशर्त पुँजीगत अनुदानमा रु.६१ करोड २२ लाख विनियोजन गरेकोमध्ये न्यूनतम एक विद्यालयको लागि जिल्ला शिक्षा कार्यालय, हुम्लालाई रु.५ लाख र अधिकतम ३४ विद्यालयको लागि जिल्ला शिक्षा कार्यालय, स्याङ्जालाई रु.६ करोड ५७ लाखसमेत ३७९ विद्यालयलाई निकासा दिने गरी रु.६० करोड ९६ लाख ६३ जिल्ला शिक्षा कार्यालयलाई अख्तियारी दिएको छ । उक्त रकमबाट विद्यालय भवन निर्माण, कक्षाकोठा थप, मेशिन उपकरण खरिद, कम्प्युटर ल्याव, बिज्ञान प्रयोगशाला, शौचालय, कम्पाउण्डवाल, खेल मैदान निर्माण र सोलार जडान तथा सोलार ब्याट्री खरिद कार्यको लागि खर्च गर्न सकिने उल्लेख छ । सो रकममध्ये ३२ जिल्ला शिक्षा कार्यालयले २१२ विद्यालयलाई निकासा दिएको रु.३५ करोड १९ लाखको कार्य सम्पन्न भएको देखिएन । विद्यालयगत भौतिक पूर्वाधार तथा अन्य सामग्रीको माग र आवश्यकता सम्बन्धमा अध्ययन विश्लेषण नगरी विद्यालयलाई दिनुपर्ने रकम मन्त्रालयको नाममा विनियोजन गर्ने र मन्त्रालयबाटै विद्यालय र रकम निर्धारण गरी जिल्ला शिक्षा कार्यालयलाई अख्तियारी दिएको उपयुक्त देखिएन । आवश्यकता र मागको आधारमा कार्यक्रम स्वीकृत गरी खर्च गर्ने नियमको व्यवस्थाको मन्त्रालयबाटै पालना नहुनु उपयुक्त देखिएन ।

४.२. मन्त्रालयको लागि चालुतर्फ रु.३ अर्ब ८३ करोड ५४ लाख विनियोजन भएकोमध्ये रकमान्तरबाट थपघट भई समायोजन गर्दा रु.१ अर्ब ४ करोड ३४ लाख खुद बजेट कायम भएको छ । खुद बजेटमध्ये प्रशासनिक बाहेक कार्यक्रम सञ्चालन गर्न रु.८० करोड ६३ लाख विनियोजन भएकोमा रु.२६ करोड ४५ लाख (३२.८० प्रतिशत) खर्च भएको छ भने प्रशासनिक खर्च मर्मत, कार्यालय सामान, इन्धन, विविध जस्ता शीर्षकमा शतप्रतिशत खर्च गरेको देखिन्छ । उल्लिखित कार्यक्रम सञ्चालनको लागि अनुगमन भ्रमण कार्यमा रु.६६ लाख ९५ हजार खर्च भएको छ । कार्यक्रम सञ्चालन न्यून गरी भ्रमण खर्च लगायत प्रशासनिक खर्च शतप्रतिशत गर्ने अवस्था उपयुक्त देखिएन । तसर्थ मन्त्रालयको कार्यसम्पादन स्थितिमा सुधार हुनुपर्दछ ।

४.३. मन्त्रालयमा कार्यक्रम खर्च शीर्षकमा विनियोजित रकमबाट शिक्षा मन्त्रालयको निर्णयअनुसार इन्धनमा रु.५ लाख, सञ्चालन तथा मर्मतमा रु.११ लाख, कार्यालय खर्चमा रु.१६ लाख र मर्मत सम्भार खर्चमा रु.१२ लाख गरी रु.४४ लाख र अर्थ मन्त्रालयको निर्णयअनुसार सञ्चालन तथा मर्मतमा रु.८ लाख ६५ हजार समेत रु.५२ लाख ६५ हजार रकमान्तर गरी खर्च गरेको छ । यसरी कार्यक्रम सञ्चालन गर्न विनियोजित बजेटबाट कार्यक्रम सञ्चालन नगरी प्रशासनिक कार्यमा रकमान्तर गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

५. **नवीकरण तथा छात्रवृत्ति -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थाले प्रति विद्यार्थी रु.१ हजार ५०० का दरले प्रत्येक वर्ष माघ मसान्तभित्र राजस्व दाखिला गरी अनुमतिपत्र नवीकरण गर्न निवेदन दिनुपर्ने व्यवस्था छ । २०७४ आषाढ मसान्तसम्म ९७ संस्थाले शिक्षण अनुमति प्राप्त गरेकोमा १३ संस्थाले नवीकरण गराएका छैनन् । नवीकरण नगर्ने संस्थामध्ये ७ बन्द रहेको, २ सम्पर्कमा नरहेको, एक संस्था नवीकरण हुन नपर्ने उल्लेख भएको, २ ले कार्यक्रम सञ्चालन नगरेको र ३ ले कार्यक्रम सञ्चालन गरिरहेको देखिएको छ । निर्देशिकाबमोजिम नवीकरण नगर्ने संस्थाको अनुमतिपत्र रद्द गरेको छैन । नवीकरण नगराई सञ्चालन भएका शिक्षण संस्थाको अनुगमन गरी निर्देशिका बमोजिम कारबाही गर्नुपर्दछ ।

यस्तै उक्त निर्देशिका र निजी लगानीमा सञ्चालन गरिने प्राविधिक महाविद्यालय (कलेज/क्याम्पस) सम्बन्धमा बनेको आधारभूत नीति, २०६३ मा अनुमति प्राप्त शिक्षण संस्थाले स्वदेशी लगानीकर्ता भए कूल क्षमताको १० र विदेशी लगानीकर्ता भए २० प्रतिशत छात्रवृत्ति कोटा नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । सञ्चालनमा रहेका शिक्षण संस्थाहरुमध्ये चिकित्सा क्षेत्रका स्नातक तहका कार्यक्रमहरुमा छात्रवृत्ति उपलब्ध गराएको छ । ईन्जिनियरिङ्ग, कृषि लगायत अन्य कार्यक्रममा स्नातक तथा स्नातकोत्तर र

चिकित्सा क्षेत्रको स्नातकोत्तर तहमा छात्रवृत्ति उपलब्ध गराएको देखिएन । यस सम्बन्धमा विगत वर्षदेखि औंल्याएकोमा सुधार भएको छैन । निर्देशिका बमोजिम छात्रवृत्ति कोटा प्राप्त गर्नुपर्दछ ।

६. **अनुदान निकासा :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) अनुसार बजेटमा समावेश गरी मन्त्रालयले निम्न निकायलाई निम्नानुसार अनुदान उपलब्ध गराएको छ:

(रु.लाखमा)

सि.नं	विवरण	निकासा		
		चालु	**पूंजीगत**	**जम्मा**
१	विश्वविद्यालय अनुदान आयोग	७९,७४९	२४१८६	१०३,९३५
२	द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम	१,१०९	९२२	२,०३१
३	उच्च माध्यमिक शिक्षा परिषद	१२५	०	१२५
४	प्राविधिक शिक्षा तथा व्य.तालिम परिषद्	१३,६९२	७,१८०	२०,८७२
५	मनमोहन पोलिटेक्निक स्मृति प्रतिष्ठान	२५०	२००	४५०
६	युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोग	१३२	०	१३२
७	सीप विकास परियोजना	४,८९४	९७५	५,८६९
८	उच्च शिक्षा सुधार परियोजना	९,२०२	२५५	९,४५७
९	मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति	१११	४,८८९	५,०००
१०	काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय	०	५०	५०
११	डिल्लीरमण स्मृति पुस्तकालय	५५	१०५	१६०
	जम्मा:	**१०९,३१९**	**३८,७६२**	**१४८,०८१**

६.१. यस्तो अनुदान दिएको रकमको आयव्यय विवरण, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी अनुगमन मूल्याङ्कन गर्ने दायित्व सम्बन्धित मन्त्रालयको हुने व्यवस्था छ । मन्त्रालयले अनुदान सम्बन्धी नीति तर्जूमा गरेको छैन । अनुदान रकमबाट ती निकायले सम्पादन गरेका कामको सम्बन्धमा मन्त्रालयबाट अनुगमन गर्ने गरेको छैन । अनुदानको उपयोग सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको बाहेक अन्य सबै रकम खर्च नभएकोमा फ्रिज हुनुपर्ने व्यवस्था छ । अनुदान दिएको सबै रकम २०७४ आषाढ मसान्तसम्म तोकिएको कार्यक्रम सञ्चालन गर्न दिएको सशर्त अनुदान रकम हो । उल्लिखित ११ बजेट उपशीर्षकमा विनियोजित रकम फ्रिज नहुने भनी महालेखा नियन्त्रक कार्यालयबाट तोकेको नदेखिंदा सशर्त अनुदान स्वरुप गएको अनुदान रकममध्ये निम्न निकायको आय-व्यय विवरणअनुसार रु.४ अर्ब ३८ करोड ९९ लाख मौज्दात देखिएकोले सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

(रु. लाखमा)

क्र.सं.	**निकायको नाम**	**मौज्दात रकम**
१	विश्वविद्यालय अनुदान आयोग	३,२३,१५
२	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	२९,३८
३	मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति	२५,९६
४	द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम	९,९०
५	उच्च शिक्षा सुधार परियोजना	१०,३९
६	डा. डिल्लीरमण पुस्तकालय	१,००
७	कृषि तथा वन विश्वविद्यालय	२३,६१
८	पोखरा विश्वविद्यालय	५,५०
९	मध्यपश्चिमाञ्चल विश्वविद्यालय	३,७४
१०	लुम्बिनी बौद्ध विश्वविद्यालय	३,४६
११	सुदूरपश्चिमाञ्चल विश्वविद्यालय	२,७९
	जम्मा	**४,३८,९९**

त्रिभुवन विश्वविद्यालयलाई पुँजीगत रु.१ अर्ब ६ करोड ९४ लाखसमेत रु.७ अर्ब ४८ करोड १२ लाख, काठमाडौं विश्वविद्यालयलाई रु.२० करोड २० लाख र पूर्वाञ्चल विश्वविद्यालयलाई रु.११ करोड २५ लाख अनुदान गएकोमा ती निकायमा बचत रकम यकिन गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

६.३. मन्त्रालयले संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएको एक गैरसरकारी संस्था (शहीद प्रतिष्ठान नेपाल) लाई द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम अन्तर्गत १ हजार ४२० विद्यार्थीलाई निःशुल्क पठनपाठन, खानेबस्ने सुविधा आदि कार्य गर्न चालुतर्फ रु.११ करोड ८ लाख ४८ हजार र भवन निर्माण, विद्यालय स्तरोन्नति, फर्निचर, सवारी साधन खरिद आदि कार्य गर्न पुँजीगततर्फ रु.९ करोड २२ लाख २६ हजार समेत रु.२० करोड ३० लाख ७४ हजार अनुदान दिएको छ । मन्त्रालयले अनुदान सम्बन्धी नीति तय नगरी गैरसरकारी संस्थालाई विद्यालय सञ्चालन गर्न अनुदान दिएको छ ।

७. **सहकारी संस्थालाई अनुदान** - सहकारी ऐन, २०४८ बमोजिम दर्ता भएको संस्थालाई नेपाल सरकारले अनुदान दिने सम्बन्धमा नीति तय गरेको छैन । सो ऐन अन्तर्गत दर्ता भएको साझा प्रकाशन सहकारी संस्था लिमिटेडलाई मन्त्रिपरिषद्को २०७३।८।२६ को निर्णयानुसार रु.१० करोड अनुदान दिएको छ । जनक शिक्षा सामग्री केन्द्र लिमिटेडबाट छपाइ भएका कक्षा १ देखि १२ सम्मका पाठ्यपुस्तक साझा प्रकाशनले १८ प्रतिशत सेवा शुल्क लिई बिक्री वितरण गर्ने जिम्मेवारी प्राप्त गरे अनुसार पाठ्यपुस्तकहरु बिक्री गर्दै आएको र पाठ्यपुस्तक बिक्रीबाट २०७३ आषाढसम्ममा रु.१३ करोड ३ लाख ४ हजार सङ्कलन गरेकोमा जनक शिक्षालाई भुक्तानी नदिई साझा प्रकाशनले खर्च गरेको पाइयो । केन्द्रलाई तिर्नुपर्ने रकमको अभाव भएको दर्शाई माग गरेबमोजिम उक्त रकम साझा प्रकाशनको नाममा अनुदान खर्च जनाई मन्त्रालयबाटै केन्द्रलाई भुक्तानी दिएको छ । केन्द्रलाई तिर्नुपर्ने रकम नतिरी साझा प्रकाशनले खर्च गरेको सम्बन्धमा छानविन हुनुपर्दछ ।

८. **पुस्तकालय र गुरुकुललाई अनुदान -** यो वर्ष मन्त्रालयले ६० पुस्तकालय, गुरुकुल र विद्याश्रमलाई चालु खर्चतर्फ रु.२ करोड ९३ लाख सशर्त अनुदान उपलब्ध गराएकोमा आयव्यय विवरण, कार्य प्रगति, लेखापरीक्षण प्रतिवेदन आदि प्राप्त गरी अनुगमन र मूल्याङ्कन गरेको छैन । उक्त अनुदान सशर्त अनुदान भएकोले आर्थिक वर्षको अन्तसम्ममा तोकिएको काममा खर्च नभएको भए सञ्चित कोष दाखिला हुनुपर्दछ ।

९. **पुँजीगत अनुदान -** यो वर्ष बुढानीलकण्ठ स्कूललाई भवन निर्माण गर्न रु. २ करोड, गण्डकी बोर्डिङ्ग स्कूललाई कम्प्यूटर तथा अन्य उपकरण खरिद गर्न र भवन निर्माण गर्न रु.१ करोड ५० लाख, स्वर्गद्वारी आश्रमलाई भवन निर्माण गर्न रु.१५ लाख, ५ पुस्तकालय र अन्य २ संस्थालाई फर्निचर तथा पुस्तक खरिद गर्न रु.१५ लाख समेत रु.३ करोड ८० लाख सशर्त पुँजीगत अनुदान दिएकोमा ती संस्थाले तोकिए बमोजिम कार्यसम्पन्न गरे/नगरेको सम्बन्धमा मन्त्रालयबाट अनुगमन मूल्याङ्कन गरेको छैन । स्वर्गद्वारी आश्रमबाहेक अन्य संस्थाले कार्यसम्पन्न गरेको प्रमाण पेश गरेका छैनन् । मन्त्रालयबाट अनुगमन मूल्याङ्कन गरी अनुदान रकमको सदुपयोग सम्बन्धमा सुनिश्चित हुनुपर्दछ ।

१०. **छात्रवृत्ति निकासा -** यो वर्ष छात्रबृत्ति वितरण गर्न बुढानीलकण्ठ स्कूललाई रु.५ करोड, गण्डकी बोर्डिङ्ग स्कूललाई रु.१ करोड १० लाख, चीनमा चिकित्सा शिक्षातर्फ स्नातक तहमा अध्ययनरत १६ विद्यार्थीलाई रु.१ करोड १२ लाख, नेपाल संगीत विद्यालयलाई रु.२० लाख, अन्य ५ विद्यालयलाई रु.४० लाख ५० हजार र चिनिया विद्यार्थीलाई रु.४ लाख ७१ हजार गरी रु.९ करोड ८७ लाख २१ हजार अनुदान दिएको छ । मन्त्रालयले छात्रवृत्ति अनुदान सम्बन्धमा नीति तर्जुमा नगरी पटके निर्णयको आधारमा निकासा दिने गरेको छ । मन्त्रालयले प्रदान गरेको रकमबाट ती विद्यालय/संस्थाले छात्रबृत्ति वितरण गरे/नगरेको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरेको देखिएन । ती निकायबाट छात्रवृत्ति वितरणको विवरण प्राप्त गरी मन्त्रालयबाट अनुगमन मूल्याङ्कन हुनुपर्दछ ।

११. **छात्रा शिक्षा कोष** - मन्त्रालयले छात्रा शिक्षा कोष सञ्चालन गर्ने प्रयोजनको लागि यो वर्षको रु.२ करोड समेत २०६१।६२ देखि हालसम्म रु.३१ करोड उक्त कोषमा जम्मा गरेको छ । गत वर्षसम्म विनियोजित रकम रु.२९ करोड ६ वटा बैङ्कमा मुद्दती खातामा राखी ब्याज आर्जन गरेको रु.१५ करोड ८६ लाख ७० हजार समेत कोषमा हालसम्म रु.४६ करोड ८६ लाख ७० हजार मौज्दात रहेको छ । यो वर्ष सम्पूर्ण रकम खर्च समूहको खातामा ब्याज आर्जन नहुने गरी एभरेष्ट बैङ्क लिमिटेडमा जम्मा गरेको छ । तत्काल कार्यविधि बनाई कोषको उपयोग गर्न सार्वजनिक लेखा समितिबाट २०७२।१०।२४ मा निर्णय भएतापनि हालसम्म कार्यविधि नबनाएकोले खर्च हुन सकेको छैन । उक्त रकम सञ्चितकोष दाखिला हुनुपर्ने व्यहोरा गत वर्ष औंल्याएकोमा स्थिति यथावत रहेको छ । उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

१२. **सोझै भुक्तानी -** शिक्षा मन्त्रालय र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम बीच प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी नीतिमा सुधार गर्ने उद्देश्यले अमेरिकी डलर ५० लाख लागत हुने गरी २०७१।१२।२३ मा सम्झौता भएको देखिन्छ । सो कार्यक्रम २०७१।१०।१८ मा शुरु गरी २०७४।९।१६ मा समाप्त हुने उल्लेख छ । सम्झौता अन्तर्गत यो वर्ष जीवन पर्यन्त सिकाइलाई सीप र ज्ञानका लागि सहयोग कार्यक्रम सञ्चालन गर्न सोझै भुक्तानी हुने गरी रु.३ करोड बजेट विनियोजन गरी वार्षिक कार्यक्रममा समावेश भएकोमा उक्त कार्यक्रम सञ्चालन गर्ने परियोजनाबाट इमेलमा जानकारी गराए अनुसार रु.१ करोड ७२ लाख ६५ हजार खर्च लेखाङ्कन गरेको छ । मन्त्रालयको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी खर्चको स्रेस्ता लेखापरीक्षणका लागि पेश भएन ।

यस्तै नेपाल र स्वीस सरकारबीच २०७२।१२।२२ मा भएको सम्झौताबमोजम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा यो वर्ष चालु र पुँजीगततर्फ स्वीस फ्रेंक ७ लाख ६५ हजार सोझै भुक्तानीअन्तर्गत प्राप्त भई उपयोग हुनुपर्नेमा कारोबारको अभिलेख पेस भएको छैन । सम्झौतामा सोझै भुक्तानीमार्फत प्राप्त कोषको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने व्यवस्था रहेकोमा यो वर्ष प्राप्त हुनुपर्ने स्वीस फ्रेंक ७ लाख ६५ हजारको वर्षान्तको विनिमय दर रु.१०६।२२ ले हुने रु.८ करोड १२ लाख ५८ हजारको स्रेस्ता कागजात लेखापरीक्षणको लागि पेस भएन । उल्लिखित रकमको स्रेस्ता पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

१३. **कार्यसम्पादन परीक्षण** : यो वर्ष ५०० विद्यालय तथा निकायको कार्यसम्पादन (गुणस्तर) परीक्षण गर्न रु.२ करोड ५० लाख बजेट व्यवस्था भए अनुसार ताप्लेजुङ, सिरहा, रसुवा, भक्तपुर, म्याग्दी, कपिलवस्तु, मुगु र डडेलधुरा जिल्लाका जिल्ला शिक्षा कार्यालय, ३९० सामुदायिक विद्यालय, २३ संस्थागत मा.वि. र ७९ स्रोतकेन्द्रको कार्यसम्पादन परीक्षण गर्न छनौट गरेको देखियो । उक्त कार्य ४ परामर्शदाता फर्मबाट गराई रु.१ करोड ९९ लाख ७६ हजार भुक्तानी गरेको छ ।

१३.१. परामर्शदाताले १०० पूर्णाङ्कलाई आधार लिई कार्यसम्पादन मूल्याङ्कन गरेकोमा कार्यसम्पादन स्थिति निम्नानुसार रहेको छ:

जिल्ला	विद्यालय			स्रोतकेन्द्र			जिल्ला शिक्षा कार्यालय		
	संख्या	सूचक संख्या	कार्य सम्पादनस्तर	संख्या	सूचक संख्या	कार्य सम्पादनस्तर	संख्या	सूचक संख्या	कार्य सम्पादनस्तर
भक्तपुर	५१	८८	७०.७	८	४९	५५.०	१	७९	६०.३
डडेल्धुरा	६३	८८	६३.८	८	४९	६०.१	१	७९	७२.७
कपिलवस्तु	७१	८८	६४.१	१०	४९	५४.९	१	७९	५६.१
मुगु	२२	८८	५६.४	८	४९	५५.३	१	७९	४६.६
म्याग्दी	६०	८८	६५.६	१२	४९	६१.५	१	७९	७६.३
रसुवा	२०	८८	६०.६	८	४९	५९.२	१	७९	७३.८
सिरहा	७२	८८	५८.२	११	४९	५१.५	१	७९	६५.४
ताप्लेजुङ्ग	५४	८८	६२.३	१४	४९	५३.८	१	७९	४४.०
औसत			**६३.२**			**५६.३**			**६१.९**

माथिको तालिकाअनुसार विद्यालय, स्रोत केन्द्र तथा जिल्ला शिक्षा कार्यालयको कार्यसम्पादन स्थिति कमजोर देखिएको छ ।

१३.२. परामर्शदातासँग भएको खरिद सम्झौतामा काम गरेको समयावधिको आधारमा पारिश्रमिक र वास्तविक खर्चको आधारमा अन्य खर्च शोधभर्ना भुक्तानी हुने व्यवस्था छ । मन्त्रालयले खर्च पुष्टि हुने कागजात बेगर परामर्शदातालाई भुक्तानी दिएको छ । सम्झौता बमोजिम खर्च पुष्टि गर्ने कागजात, बिल भरपाई पेश हुनुपर्दछ ।

१४. **गुणस्तर परीक्षण** - शैक्षिक गुणस्तर परीक्षण केन्द्र व्यवस्थापन कार्यविधि निर्देशिका, २०६७ मा आवधिक रुपमा विद्यार्थीको सिकाइ उपलब्धिस्तर परीक्षण गरी शैक्षिक नीति तथा कार्यक्रम तर्जुमाका लागि पृष्ठपोषण प्रदान गर्ने व्यवस्था रहेको छ । सो अनुसार यो वर्ष कक्षा ८ मा अध्ययरत विद्यार्थीको ३ विषयको सिकाइ उपलब्धि (गुणस्तर) परीक्षण गर्ने कार्यको लागि रु.२ करोड बजेट व्यवस्था भएकोमा २६ जिल्लाका १ हजार ९५० विद्यालयका ४८ हजार ११ विद्यार्थीको परीक्षा लिने, उत्तरपुस्तिका परीक्षण गर्ने, तथ्याङ्क प्रविष्ट गर्ने,

तथ्याङ्क भिडाउने र सो सम्बन्धी विद्युतीय तथ्याङ्क तयार गरी पेश गर्ने कार्य एक परामर्शदाताबाट गराई रु.१ करोड २३ लाख ७८ हजार भुक्तानी दिएको छ ।

१४.१. उक्त कार्य सम्पन्न गरी परामर्शदाताले २०७४ आषाढमा नै विद्युतीय तथ्याङ्क बुझाएकोमा लेखापरीक्षण अवधि (२०७४।११।२०) सम्म पनि सो तथ्याङ्क विश्लेषण गरी नतिजा यकिन गरेको छैन ।

१४.२. परामर्शदातासँग भएको खरिद सम्झौतामा काम गरेको समयावधिको आधारमा पारिश्रमिक र वास्तविक खर्चको आधारमा अन्य खर्च शोधभर्ना भुक्तानी हुने व्यवस्था छ । मन्त्रालयले खर्च पुष्टि हुने कागजात बेगर परामर्शदातालाई भुक्तानी दिएको छ । सम्झौताबमोजिम खर्च पुष्टि हुने कागजात र बिल भरपाई पेश हुनुपर्दछ ।

१४.३. शैक्षिक गुणस्तर परीक्षण केन्द्रले प्रत्येक वर्ष सिकाइ उपलब्धि परीक्षण गर्दै आएको छ । केन्द्रले २०६९ र २०७२ मा कक्षा ३ को नेपाली र गणित तथा कक्षा ५ को नेपाली, गणित र अंग्रेजी विषयको र २०७० तथा २०७३ मा कक्षा ८ को नेपाली, गणित र विज्ञान विषयको विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गरेकोमा नतिजा निम्नानुसार देखिएको छ:

कक्षा	२०६९ साल			२०७२ साल		
	नमूना छनौट विद्यालय संख्या	विद्यार्थी संख्या	औसत सिकाइ स्तर	नमूना छनौट विद्यालय संख्या	विद्यार्थी संख्या	औसत सिकाइ स्तर
कक्षा ३						
नेपाली	८४७	१९,५०१	६३	७७१	१६७८९	५२
गणित	८४३	१९९५०	६०	७७१	१७०७४	४५
कक्षा ५						
नेपाली	५७०	१३९७१	६०	५१४	१३३५५	४६
गणित	५५७	१३७१४	५३	५१६	१३५१४	४८
अंग्रेजी	५६३	१३७९४	५४	५१३	१३१४६	४७
कक्षा ८	**२०७० साल**			**२०७३ साल**		
नेपाली	४०४	१५३३६	४८	प्राप्त नभएको		
गणित	३९७	१४५००	३५	,,		
विज्ञान	३९८	१४२३१	४१	,,		

नेपाल सरकारले प्रत्येक वर्ष भौतिक पूर्वाधार, शिक्षक तालिम, पाठ्यसामग्री उपलब्धता, छात्रवृत्ति, दिवाखाजा जस्ता विषयमा लगानी वृद्धि गरेकोमा सोको उपलब्धि भने निरन्तर घट्दो अवस्थामा रहेको देखिएको छ ।

१५. **माध्यमिक शिक्षा परीक्षा** - कक्षा १० को अध्ययन सम्पन्न गरेका विद्यार्थीहरुको लागि परीक्षा नियन्त्रण कार्यालयले माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) सञ्चालन गर्दै आएको छ । २०७२ देखि एस.ई.ई. परीक्षाको नतिजा अक्षराङ्कन प्रणाली अनुसार प्रकाशित गर्ने गरेको छ । शैक्षिक वर्ष २०७२ र २०७३ को उक्त परीक्षामा नियमिततर्फ क्रमशः ४ लाख ३७ हजार ३९५ र ४ लाख ४५ हजार ५६४ परीक्षार्थी समावेश भएकोमा नतिजा निम्नानुसार रहेको छ:

परीक्षार्थी संख्यामध्ये		शैक्षिक सत्र २०७२ (परीक्षार्थी संख्या)			शैक्षिक सत्र २०७३ (परीक्षार्थी संख्या)		
		सरकारी विद्यालय	संस्थागत विद्यालय	जम्मा	सामुदायिक विद्यालय	संस्थागत विद्यालय	जम्मा
जि.पि.ए.	३.६५–४.०० प्राप्त गर्ने	१,०३०	११,२५७	१२,२८७	१,१६४	११,१२०	१२,२८४
जि.पि.ए.	३.२५–३.६० प्राप्त गर्ने	५,९०३	३४,५७१	४०,४७४	६,३६१	३६,०६६	४२,४२७
जि.पि.ए.	२.८५–३.२० प्राप्त गर्ने	१५,९५४	३२,०३९	४७,९९३	१७,२१५	३३,४३१	५०,६४६
जि.पि.ए.	२.४५–२.८० प्राप्त गर्ने	४१,२३५	१९,५३३	६०,७६८	४१,४६६	२०,४८९	६१,९५५
जि.पि.ए.	२.०५–२.४० प्राप्त गर्ने	८२,४०७	८,६९७	९१,१०४	८१,७६४	९,५५०	९१,३१४
जि.पि.ए.	०–२.० प्राप्त गर्ने	१,७९,०३६	४,६६८	१,८३,७०४	१,७९,४३२	४,९०९	१,८४,३४१
	जम्मा:	**३,२५,५६५**	**१,१०,७६५**	**४,३६,३३०**	**३,२७,४०२**	**१,१५,५६५**	**४,४२,९६७**

उल्लिखित २०७२ को नतिजाअनुसार जि.पी.ए. २.०५ देखि ४.० प्राप्त गर्ने संख्या सामुदायिक विद्यालयतर्फ ४४.८७ प्रतिशत र संस्थागत विद्यालयतर्फ ९५.७४ प्रतिशत रहेको, जि.पी.ए. ० देखि २.० सम्म प्राप्त गर्ने संख्या क्रमशः ५४.८२ र ४.२१ प्रतिशत देखिएको छ । यसैगरी २०७३ को नतिजाअनुसार जि.पी.ए.२.०५ देखि ४.० प्राप्त गर्ने संख्या सामुदायिक र संस्थागत विद्यालयतर्फ क्रमशः ४४.८९ र ९५.४७ प्रतिशत रहेको, जि.पि.ए. ० देखि २.० सम्म प्राप्त गर्ने संख्या क्रमशः ५५.४३ र ४.२४ प्रतिशत रहेकोले सामुदायिक विद्यालयतर्फको नतिजा कमजोर देखिएको छ । लगानी, भौतिक पूर्वाधार, शिक्षक/शिक्षिकाको पारिश्रमिक एवं वृत्ति विकासको अवसर संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयमा बढी रहेको तर संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर न्यून रहेको नतिजाले पुष्टि गर्ने हुंदा नतिजा न्यून हुनुको कारण पहिचान गरी सुधार गर्नुपर्दछ ।

१६. **लेखापरीक्षण** - मन्त्रालयको कुल खर्च रु.१ खर्व ९ अर्ब ९ करोडमध्ये सामुदायिक विद्यालयका शिक्षकको तलव भत्ता, सामुदायिक विद्यालयहरुलाई दिएको कार्यक्रम तथा पूंजीगत अनुदान, विश्वविद्यालय अनुदान आयोग मार्फत सामुदायिक क्याम्पसहरुलाई दिएको अनुदान, पोखरा र पूर्वाञ्चल विश्वविद्यालयलाई दिएको अनुदान र मन्त्रालयबाटै संघसंस्थालाई दिएको अनुदान तथा छात्रवृत्ति समेत रु. ८० अर्ब ४८ करोड २५ लाख (७३.७८ प्रतिशत) सम्बन्धित संस्थालाई निकासा दिने प्रक्रियासम्मको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुने र सोको खर्चको लेखापरीक्षण सम्बन्धित संस्थाले नियुक्त गरेको दर्तावाल लेखापरीक्षकबाट हुने गरेको छ ।

१७. **विदेश भ्रमण** - भ्रमण खर्च नियमावली, २०६४ को नियम १४ मा कुनै पदाधिकारी वा कर्मचारीलाई सरकारी कामको सिलसिलामा विदेश भ्रमण पठाउँदा खर्च व्यहोर्ने स्रोत र नेपाल सरकारको स्रोतबाट पठाइने भएमा निजले पाउने सुविधा खुलाउनुपर्ने र नियम २१ मा अनुसूची ६ को ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारीले विदेश भ्रमण गरेको सम्बन्धमा खर्च व्यहोर्ने स्रोत, भ्रमण गरेको मुलुक र खर्च रकमसहितको विवरण माग गरिएकोमा १८९ पदाधिकारी र कर्मचारीले २०३ पटक २३ मुलुकको भ्रमण गरेको विवरण प्राप्त भएको छ । उक्त विवरणमा खर्च व्यहोर्ने स्रोत र खर्च रकम खुलाएको छैन । तत्कालीन शिक्षा मन्त्री, सचिव लगायत १० जनाले अष्ट्रेलिया र १९ जनाले हङकङ भ्रमण गरी सीप विकास परियोजनाबाट रु.९९ लाख ६३ हजार खर्च गरेकोमा मन्त्रालयबाट प्राप्त विवरणमा उक्त भ्रमणको विवरण समावेश नगरेकोले मन्त्रालयले दिएको विवरण अपूर्ण रहेको देखिन्छ । यसरी लेखापरीक्षणको सिलसिलमा माग भएको विवरण पूरा नदिने, खर्चको स्रोत र रकम नखुलाई विवरण दिने कार्यले मन्त्रालयमा कानून बमोजिम राख्नुपर्ने भ्रमण अभिलेख व्यवस्थित नरहेको देखिएको छ । विदेश भ्रमणबाट पदाधिकारी तथा कर्मचारीले प्राप्त गरेको ज्ञान, सीप, अनुभवको उपलब्धि सम्बन्धमा भ्रमण प्रतिवेदन लिई मूल्याङ्कन गर्ने गरेको देखिएन ।

केन्द्रीय आयोजना कार्यान्वयन इकाई

२०७२ बैशाखको विनाशकारी महाभूकम्पबाट क्षति भएका विद्यालय भवनहरुको पुनःनिर्माण, रेट्रोफिटिङ्ग तथा मर्मत गर्न निम्न दातृसंस्थाबाट निम्नानुसार ऋण तथा अनुदान सहायता प्राप्त गर्ने गरी सम्झौता गरेको छ । उक्त सम्झौतामा व्यवस्था भएका कार्यहरुमध्ये विद्यालय भवन पुनर्निर्माण कार्यको लागि यस इकाईको स्थापना २०७२ फागुनमा भएको देखिन्छ ।

दातृ निकाय	सहयोगको प्रकार	कुल सम्झौता रकममध्ये		जम्मा	कुल रकममध्ये विद्यालय निर्माणसंग सम्बन्धित रकम	मुख्य क्रियाकलाप
		दातृ निकायको	नेपाल सरकारको			
एसियाली विकास बैक	ऋण	अमेरिकी डलर २० करोड	३ करोड २० लाख	२३ करोड २० लाख	९ करोड २ लाख ७० हजार	कम्तीमा ७०० विद्यालय भवन पुन निर्माण, रेट्रोफिटिङ्ग र ५ नमूना विद्यालय भवन निर्माण गर्ने
ए.डी.वी. (गरिवी घटाउनको लागि जापानी कोष)	अनुदान	अमेरिकी डलर १ करोड ५० लाख	१३ लाख	१ करोड ६३ लाख	८१ लाख २३ हजार	कम्तिमा १४ नमूना विद्यालय भवन निर्माण गर्ने
जाइका	ऋण	जापानी येन १४ अर्ब	२ अर्ब ५२ करोड	१६ अर्ब ५२ करोड	१६ अर्ब ५२ करोड	भूकम्प अति प्रभावित १४ जिल्लामा विद्यालय भवन पुनर्निर्माण, रेट्रोफिटिङ्ग तथा मर्मत गर्ने ।

उक्त सम्झौतामध्ये एसियाली विकास बैङ्कसँग भएको सम्झौताको म्याद ३ वर्ष (३१ मार्च २०१९) र जाइकासंग भएको सम्झौताको म्याद ८ वर्ष उल्लेख भए तापनि सम्झौतामा उल्लिखित कार्यहरु अक्टोबर २०१९ मा सम्पन्न गर्ने सहमति भएको छ ।

१८. **भूकम्प प्रभावित विद्यालय** - आयोजनाबाट प्राप्त विवरणअनुसार भूकम्पबाट प्रभावित भई पुननिर्माण गर्नुपर्ने ७ हजार ९२३ विद्यालय र लागत अनुमान रु.१ खर्व ३० अर्ब रहेको छ । सोमध्ये ५ हजार ८०३ विद्यालय भवन निर्माण गर्न स्रोतको सुनिश्चितता भएको छ भने २ हजार १२० को लागि स्रोत सुनिश्चित भएको छैन । स्रोत सुनिश्चित भएकामध्ये सर्भेक्षणको क्रममा रहेका, निर्माण कार्य शुरु भएका, निर्माण प्रक्रिया शुरु नभएका र निर्माण कार्य सम्पन्न भएका भवनको अवस्था निम्नानुसार छ :

स्रोत/संस्था	जम्मा भवन संख्या	सर्भे चरणमा रहेका संख्या	निर्माणाधिन रहेको संख्या	निर्माण सम्पन्न भएका संख्या	निर्माण प्रक्रिया शुरु नभएको संख्या
नेपाल सरकार/विद्यालय व्यवस्थापन समिति	३४६३	५६४	९३६	१९६३	-
एसियाली विकास बैङ्क	१६२	-	१६१	१	-
जाइका	२४०	७७	१०९	१	५३
ए.डी.बी.(प्रकोप जोखिम न्यूनीकरण)	३००	१२५	-	-	१७५
भारत सरकार	७०	७०	-	-	-
चीन सरकार	१८	७	२	-	९
गैरसरकारी संघ/संस्था	१५५०	-	२५०	९२६	३७४
जम्मा:	**५८०३**	**८४३**	**१४५८**	**२८९१**	**६११**

एसियाली विकास बैङ्कको ऋण सहयोगमा कम्तिमा ७०० विद्यालय भवन र ५ नमूना विद्यालय भवन निर्माण गर्ने लक्ष्य रहेकोमा सम्झौता रकमबाट नमूना विद्यालय समेत १३७ विद्यालय भवन निर्माण हुने देखिएको छ भने सोही बैङ्कको अनुदान रकमबाट कम्तिमा १४ नमूना विद्यालय निर्माण गर्ने लक्ष्य रहेकोमा सम्झौता रकमबाट ८ भवन मात्र निर्माण हुने देखिएको छ । यसबाट ऋण तथा अनुदान सम्झौता गर्दा लक्ष्य र सम्झौता रकम बीच सामन्जस्य भएको देखिएन ।

भारत सरकारसंग भवन निर्माण गर्न सहमति भएतापनि विस्तृत सम्झौता हुन बांकी रहेको छ । सम्पूर्ण विद्यालय भवन २०७५।७६ मा पुननिर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखेकोमा सो अवधिमा सम्पन्न हुने अवस्था देखिदैंन ।

१९. **प्रगति स्थिति** - आयोजनाको केन्द्रीय इकाई र जिल्ला इकाईबाट २०७४ आषाढ मसान्तसम्म भएको खर्चको स्थिति निम्नानुसार छ:

(रु.हजारमा)

विवरण	आर्थिक वर्ष		
	२०७२।७३	२०७३।७४	जम्मा
एसियाली विकास बैङ्क ऋण	२१,११६	९८५,९९४	१,००७,११०
एसियाली विकास बैङ्क अनुदान	-	१२,६८४	१२,६८४
जाइका	३४,८६२	१,१८१,८३६	१,२१६,६९८
नेपाल सरकार	१०,३२३	२,२४७,२७८	२,२५७,६०१
जम्मा:	**६६,३०१**	**४,४२७,७९२**	**४,४९४,०९३**

यो वर्ष ४१२ विद्यालय भवन निर्माण गर्न रु.५ अर्ब १३ करोड र अन्य विभिन्न कार्यक्रम गर्न रु.१ करोड ३८ लाख समेत रु.५ अर्ब ९४ करोड ३८ लाखको कार्यक्रम स्वीकृत गरी राष्ट्रिय पुननिर्माण प्राधिकरणबाट २०७४।११।१९ मा पुँजीगततर्फ रु.७ अर्ब ९ करोड ८८ लाख र चालुतर्फ रु.९ करोड ५० लाख समेत रु.७ अर्ब १९ करोड ३८ लाखको अख्तियारी प्राप्त भएकोमा पटक पटक संशोधन गरी २०७४।३।२९ मा पुँजीगततर्फ रु.८ अर्ब २६ करोड ८८ लाख बजेट कायम गरेको छ । कायम बजेटमध्ये १४ जिल्ला आयोजना कार्यान्वयन इकाई र १७ जिल्ला शिक्षा कार्यालयलाई पठाएको अख्तियारी घटाउँदा यस इकाईमा चालुतर्फ रु.४ करोड १२ लाख र पुँजीगततर्फ रु.५ अर्ब ७३ करोड ७२ लाख खुद बजेट कायम भएकोमा क्रमश: रु.३ करोड २६ लाख (७९.०८ प्रतिशत) र रु.२ अर्ब ३५ करोड ५४ लाख (४१.०५ प्रतिशत) खर्च भएको छ ।

पुँजीगततर्फ खर्चमध्ये रु.१ अर्ब १३ करोड ७९ लाख पेश्की बांकी देखिएकोले खुद खर्च रु.१ अर्ब २१ करोड ७५ लाख (२१.२२ प्रतिशत) रहेको छ । वार्षिक कार्यक्रममा यो वर्ष ४१२ विद्यालय भवन निर्माण सम्पन्न गर्ने लक्ष्य राखेकोमा कुनै पनि निर्माण कार्य सम्पन्न हुन सकेको देखिएन ।

२०. **न्यून प्रतिस्पर्धा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(२) मा एउटामात्र बोलपत्र सारभूत रुपमा प्रभावग्राही भएको कारण बोलपत्र अस्वीकृत वा पुनः बोलपत्र आह्वान गर्न नसकिने व्यवस्था छ भने दफा ६२(२)(च) मा बोलपत्रदाताहरु बीच स्वतन्त्र प्रतिस्पर्धाको लाभबाट बञ्चित गर्न नहुने उल्लेख छ । यस इकाईबाट २०७४ आषाढसम्म विद्यालय भवन निर्माण कार्यको ४१ ठेक्काको बोलपत्र स्वीकृत गरी सम्झौता भएकोमा ठेक्काका लागि न्यूनतम ८ देखि ६३ सम्म गरी १ हजार ३३ हार्डकपि बोलपत्र बिक्री भएकोमा ई-बिडिङ ५ समेत ९५ (९.१९ प्रतिशत) मात्र दर्ता गरेको देखिन्छ । कुल ठेक्कामध्ये १४ को लागि १।१ र १० लागि २।२ बोलपत्र दर्ता भएकोले न्यून प्रतिस्पर्धा भएको छ ।

कुल ठेक्कामध्ये २५ ठेक्कामा लागत अनुमान रु.४ अर्ब ८३ करोड १८ लाखभन्दा ९.०६ प्रतिशतले बढी हुने गरी रु.५ अर्ब ५ करोड ४४ लाखको र १६ ठेक्काको लागत अनुमान रु.३ अर्ब १४ करोड ४५ लाख रहेकोमा रु.३ अर्ब ८ करोड ८४ लाख (शून्यदेखि ७.१८ प्रतिशतसम्म घटी) को बोलपत्र स्वीकृत भएको छ । सोमध्ये एउटै संयुक्त उपक्रमका निर्माण व्यवसायीले ४, एक निर्माण व्यवसायीले ४, अर्का एक निर्माण व्यवसायीले ४ र सबै ठेक्काको लागि २५ निर्माण व्यवसायीले संयुक्त उपक्रम बनाई ठेक्का प्राप्त गरेको देखिएको छ ।

२१. **परामर्श सेवा** - नेपाल सरकार र जाइकाबीच भएको ऋण सम्झौतामा भूकम्प प्रभावित जिल्ला ललितपुर, धादिङ्ग, गोरखा, रसुवा, नुवाकोट र मकवानपुरमा निर्माण हुने विद्यालय भवनको ड्रइङ्ग डिजाइन र निर्माण कार्यको अनुगमन गर्न परामर्श सेवामा जापानी येन १ अर्ब ६६ लाख ५० हजार विनियोजन गरेको छ । उक्त रकम भवन निर्माण (सिभिल वर्क) को लागि व्यवस्था भएको जापानी येन ११ अर्ब १७ करोड ७० लाखको तुलनामा १४.९० प्रतिशत रहेको छ । सो कार्यको लागि एक जापानी परामर्शदाता फर्मसंग जापानी येन ४७ करोड २३ लाख र रु.१ अर्ब ४ करोड ४२ लाखमा २०७३।१०।५ मा ४५ महिनाको लागि सम्झौता गरी यो वर्ष पेश्की रु.१७ करोड ६८ लाख समेत रु.३६ करोड ४९ लाख भुक्तानी गरेको छ ।

२१.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(२) मा परामर्शसेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले नर्म्स् तयार गरेको भए त्यस्तो नर्म्स्, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने उल्लेख छ । नियममा रहेको उक्त व्यवस्थालाई आधार नलिई अर्थ मन्त्रालय र दातृ निकायका प्रतिनिधि बीच जुलाई १५, २०१५ मा सम्पन्न बैठकबाट लागत अनुमान तयार गरेको देखियो । परामर्श सेवाको लागि लाग्ने वास्तविक लागतको अनुमान नगरी ऋण सम्झौतामा परामर्श सेवाको लागि छुट्याएको बजेटको परिधिलाई आधार लिएको देखियो । अर्थ मन्त्रालयको संलग्नतामा तयार गरेको लागत अनुमान कानुनसम्मत देखिएन ।

२१.२. उक्त परामर्शदातालाई सवारी साधन भाडा उपलब्ध गराउन ४५० महिनाको लागि प्रति महिना रु.३ लाखका दरले रु.१३ करोड ५० लाखको लागत अनुमान स्वीकृत भएको छ । ३९ महिनाको लागि ३ कारको रु.६ करोड ३१ लाख ८० हजार, ३६ महिनाको लागि ६ कारको रु.६ करोड ४८ लाख र ३६ महिनाको लागि एउटा कारको रु.८६ लाख ४० हजार समेत ३६९ महिनाको लागि रु.१३ करोड ६६ लाख २० हजार भाडा भुक्तानी गर्ने सम्झौता गरी यो वर्ष रु.१ करोड ५० लाख १८ हजार भुक्तानी गरेको छ । कार भाडा ३६९ महिनाको लागि सम्झौता गरेकोले त्यति अवधिको लागत अनुमान रु.११ करोड ७ लाख हुने र सम्झौता रकम लागत अनुमानको तुलनामा २३.४१ प्रतिशतले बढी रहेको छ । सम्झौताअनुसार एउटा कारको भाडा मासिक रु.५ लाख ४० हजारका दरले रु.२ करोड १० लाख ६० हजार, अर्को प्रकृतिको एउटा कारको भाडा मासिक रु.३ लाखका दरले रु.१ करोड ८ लाख र पुनः भिन्न प्रकृतिको एउटा कारको भाडा मासिक रु.२ लाख ४० हजारका दरले रु.८६ लाख ४० हजार हुने देखिन्छ । भाडा खर्चको बिल बीजक समेत आवश्यक नपर्ने गरी सम्झौता भएको र कारको स्पेसिफिकेसन समेत खुलाएको छैन । कार खरिद गरी परामर्शदातालाई उपलब्ध गराएको भए धेरै किफायती हुने देखिएको छ । भूकम्पबाट भत्केका विद्यालय भवन निर्माण गर्न प्राप्त ऋण रकमबाट कार भाडाबापत खर्च गर्ने गरी गरेको सम्झौता उपयुक्त देखिएन ।

२१.३. जाइकाबाट प्राप्त हुने ऋणतर्फ निर्माण खर्चको तुलनामा परामर्श सेवा खर्च १४.९ प्रतिशत रहेको र एसियाली विकास बैङ्कबाट प्राप्त हुने ऋण तथा अनुदानतर्फ निर्माण कार्यको खरिद सम्झौता रकमको तुलनामा परामर्श सेवाको सम्झौता रकम २.३० प्रतिशत रहेको छ । उक्त दुबै स्रोततर्फका परामर्शदाताको कार्य विवरणमा विद्यालय भवनको ड्रइङ्ग डिजाइन र निर्माण कार्यको सुपरिवेक्षण गर्ने उल्लेख छ । एकै प्रकृतिको कामको लागि परामर्श सेवामा हुने खर्चमा अस्वभाविक अन्तर रहेको पाइयो ।

शिक्षा विभाग

विद्यालय शिक्षाका समग्र नीति, योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमलाई देशव्यापी रुपमा प्रभावकारी ढङ्गमा कार्यान्वयन र अनुगमन गर्ने र शिक्षा नीति तथा योजना निर्माणमा शिक्षा मन्त्रालयलाई सहयोग गर्ने निकायका रुपमा शिक्षा विभाग रहेको छ ।

२२. **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची–२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने र नियम २६ मा सोको समीक्षा गर्नुपर्ने व्यवस्था छ । विभाग र अन्तर्गतका कार्यक्रमहरुको लक्ष्य तथा प्रगति स्थिति निम्नानुसार रहेको छ :

२२.१. विभागको लागि रु.१ अर्ब १७ करोड १५ लाख विनियोजन भएकोमा रु.१ अर्ब २ करोड ३८ लाख (८७.३९ प्रतिशत) खर्च भएको छ । सोमध्ये बिशेष शिक्षा कार्यक्रम चालु र पुँजीगततर्फ वित्तीय प्रगति क्रमशः ७९.६३, ६०.२१, ६३.२४ र ७९.७० प्रतिशत र भौतिक प्रगति क्रमशः ८५.३०, ६५, ६५, र ८५ प्रतिशत रहेको छ । सोमध्ये निम्नानुसार लक्ष्यअनुसार प्रगति नभएको सम्बन्धमा समीक्षा गरेको पाइएन ।

(रु. लाखमा)

क्र.सं.	ब.शि.नं.	कार्यक्रम	बजेट	खर्च	वित्तीय प्रगति प्रतिशत	भौतिक प्रगति प्रतिशत
१	३५००२३३	विशेष/शिक्षा कार्यक्रम	१३,०२	१०,३६	७९.६३	८५.३०
२	३००११८३	इएफए इसिइडि	६,५६	३,९५	६०.२१	६५
३	३५०१३८३	पढाई सीप प्रवर्द्धन कार्यक्रम	१०,४९	६,६३	६३.२४	६५
४	३५०१३८४	पढाई सीप प्रवर्द्धन कार्यक्रम	१८	१४	७९.७०	८५

२२.२. विद्यालय क्षेत्र विकास कार्यक्रमतर्फको लक्ष्य प्रगति स्थिति निम्नानुसार छः

(रु.लाखमा)

क्र.सं.	ब.शी.नं.	विवरण		बजेट	खर्च	वित्तीय प्रगति %	भौतिक प्रगति %
१	३५०१४०३	विद्यालयक्षेत्र विकास कार्यक्रम	केन्द्रस्तर	५९,००	४५,४३	७६.९९	८०.५०
२	३५०१४०४	विद्यालयक्षेत्र विकास कार्यक्रम	केन्द्रस्तर	१,०४	६३	६०.६३	६५.९०
३	३५०८०६३	विद्यालयक्षेत्र विकास कार्यक्रम	जिल्लास्तर	२७,६९,४९	२५,२१,७७	९१.०६	४४.३०
४	३५०८०६४	विद्यालयक्षेत्र विकास कार्यक्रम	जिल्लास्तर	१८,६३	१३,४९	७२.४३	७५.९०
			जम्माः	**२८,४८,१६**	**२५,८१,३२**	**९०.६३**	

लक्ष्यअनुसार समग्रमा ९०.६३ प्रतिशत वित्तीय प्रगति भए तापनि भौतिक प्रगति ४४.३० देखि ८०.५० प्रतिशत रहेको छ । एक बजेट उपशीर्षकमा ९१.०६ प्रतिशत खर्च गरी ४४.३० प्रतिशत भौतिक प्रगति देखिएको छ । सोको कारण र प्रभाव सम्बन्धमा समीक्षा गरेको पाइएन । तोकिएको लक्ष्य हासिल नगर्ने सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

२३. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य "सबैको लागि समतामूलक तथा समावेशी गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवन पर्यन्त सिकाइका अवसर प्रवर्द्धन गर्ने" विषयमा केन्द्रित छ । उक्त लक्ष्य हासिल गर्न विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत २०१६।१७ को लागि निम्नानुसार कार्यक्रम निर्धारण गरेको छः

सि.नं.	कार्यक्रम	लक्ष्य
१.	एकीकृत विद्यालय शिक्षा र अपाङ्ग बालबालिकाको लागि सुविधा सम्पन्न स्रोतकेन्द्र स्थापना	३६५ वटा
२.	सुस्त श्रवणशक्ति भएका बालबालिकाको लागि विद्यालय	३४ वटा
३.	सीमान्तकृत वर्गका विद्यार्थीलाई शिक्षामा संलग्न गर्ने	१००० जना
४.	कामदार युवा तथा प्रौढहरुको लागि विद्यालय	१४८ वटा
५.	लक्षित शैक्षिक कार्यक्रम	५००० वटा
६.	सामुदायिक केन्द्र सुदृढीकरण	३६१० केन्द्र
७.	महिलाका लागि अनौपचारिक शिक्षा कार्यक्रम	२८४ केन्द्र
८.	अनौपचारिक शिक्षाका विशेषज्ञ र सहजकर्ताको पेशागत क्षमता वृद्धि	१०० जना
९.	साक्षरता तथा नवसाक्षरता कार्यक्रम	३ लाख जना

उल्लिखित लक्ष्य निर्धारण भएकोमा सोको प्रगति स्थिति मूल्याङ्कन गरेको छैन । यसबाट दिगो विकास लक्ष्य हासिल गर्ने पहिलो वर्षको लक्ष्य प्राप्ति नभएमा पछिल्ला वर्षको लक्ष्य प्राप्तिमा असर पर्ने हुँदा समयमै ध्यान दिनुपर्दछ ।

२४. **शिक्षक दरबन्दी -** कुल शिक्षक दरवन्दी १ लाख ५३ हजार ५४५ मध्ये साधारणतर्फ १ लाख ११ हजार १२५ र राहततर्फ ४२ हजार ४२० रहेको छ । तहगतरुपमा प्राथमिकतर्फ १ लाख २ हजार ६५, निम्न माध्यमिकतर्फ २५ हजार ८३६, माध्यमिकतर्फ १९ हजार ६४४ र उच्च माध्यमिकतर्फ ६ हजार रहेको छ ।

उल्लिखित कुल शिक्षक दरबन्दीमध्ये राहततर्फको ४२ हजार ४२० दरबन्दीको जिल्लागत र विद्यालयगत अभिलेख अद्यावधिक छैन । विभागबाट शिक्षक पदपूर्ति तथा कार्यरत शिक्षकको विवरण उपलब्ध भएन । राहत शिक्षकको अभिलेख अद्यावधिक गरी स्थायी शिक्षकतर्फ माध्यमिकतह (९–१२) र आधारभूततह (६–८) का शिक्षक दरबन्दीलाई विषयगत रुपमा कायम गरी शिक्षक दरबन्दी अद्यावधिक गर्नुपर्दछ ।

२५. **वर्षान्तमा अख्तियारी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२)मा वार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र सम्बन्धित कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष विभागले मातहत कार्यालयलाई रु.८९ अर्ब ११ करोड ८४ लाखको अख्तियारी पठाएकोमा शुरु बजेटभित्रको रु.२६ करोड ३९ लाख (०.२९ प्रतिशत) र थप बजेट अन्तर्गत रु.२ अर्ब २४ करोड ८६ लाख (२.७५ प्रतिशत) को अख्तियारी २०७४ आषाढमा पठाएको छ । २०७४ आषाढमा अख्तियारी पठाएको कारण विद्यालयको भौतिक सुविधा विस्तार कार्यक्रम नै प्रभावित भएको छ । नियममा उल्लिखित अवधिमा अख्तियारी दिने व्यवस्था मिलाउनुपर्दछ ।

२६. **सम्बन्धन -** शिक्षा ऐन, २०७३ को दफा ४१ ले २०७३।३।१५ देखि उच्च माध्यमिक शिक्षा ऐन, २०४६ खारेज गरेको छ । विभागले यो वर्ष उच्च माध्यमिक शिक्षा परिषद् सम्बन्धन सम्बन्धी विनियम, २०५५ को विनियम ३.३ अनुसार ३६ सामुदायिक र ५५ संस्थागत समेत ९१ विद्यालयलाई कक्षा ११ सञ्चालन गर्न अनुमति दिएको र ६३९ विद्यालयलाई विषय थपको अनुमति दिएको छ । यसरी खारेज भइसकेको ऐन अन्तर्गत बनेको विनियमको आधारमा कक्षा सञ्चालन गर्न सम्बन्धन तथा अनुमति दिएको नियमसंगत देखिएन ।

सम्बन्धन तथा अनुमति दिँदा २५ प्रकारका पूर्वाधार र १७ वटा शर्त पूरा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा उल्लिखित पूर्वाधार र शर्त पूरा भए नभएको परीक्षण गर्न १० विद्यालयको फाइल माग गरिएकोमा सो सम्बन्धी फाइल व्यवस्थित नगरेको कारण जनाई उपलब्ध भएन । अतः सम्बन्धन दिएका विद्यालयका फाइलहरु व्यवस्थित राख्नुका साथै सम्बन्धन दिँदा उक्त आधार परीक्षण गरेको प्रमाण अभिलेखीकरण हुनुपर्दछ ।

२७. **छात्रवृत्ति -** विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ को आधारमा अनुमति तथा स्वीकृति प्राप्त सबै सामुदायिक/संस्थागत विद्यालयका कक्षा १० सम्मका विद्यार्थीलाई छात्रवृत्ति निकासा दिने र कक्षा ११, १२ को लागि परीक्षा सञ्चालन गरी सिफारिस गर्ने व्यवस्था छ ।

२७.१. छात्रवृत्ति व्यवस्थापन निर्देशन समिति, शिक्षा विभाग एवं क्षेत्रीय शिक्षा निर्देशनालयले निर्धारित समयावधिभित्र छात्रवृत्ति रकम विद्यालयमा पुगे नपुगेको, तोकिएबमोजिमको जिम्मेवारी विद्यालय स्रोत केन्द्र र जिल्लास्तरीय संयन्त्रबाट सम्पादन भए नभएको सम्बन्धमा अनुगमन गर्नसक्ने व्यवस्था छ । ती निकायबाट अनुगमन गरेको

अभिलेख राखेको देखिएन । यसबाट निर्देशिकाबमोजिम छात्रवृत्ति वितरण भएको सुनिश्चित हुने आधार रहेन । सम्बन्धित निकायबाट तोकिए बमोजिम अनुगमन गरी सुधार गर्नुपर्दछ ।

२७.२. छात्रवृत्तिबाट सम्बन्धित विद्यार्थीको नियमितता, सिकाइ उपलब्धि लगायतका विषयमा परेको प्रभाव सम्बन्धमा विद्यालयले श्रोतकेन्द्रमा र स्रोतकेन्द्रले जिल्ला शिक्षा कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था भएकोमा प्रभाव मूल्याङ्कन गरी प्रतिवेदन पेश गरेको देखिएन । अतः छात्रवृत्तिले विद्यार्थीको नियमितता, सिकाइ, उपलब्धि लगायतका विषयमा परेको प्रभाव मूल्याङ्कन गरी तोकिए बमोजिम प्रतिवेदन पेश गर्नुपर्दछ ।

२८. **संस्थागत विद्यालयको शुल्क निर्धारण** - संस्थागत विद्यालयहरुको शुल्क निर्धारणमा एकरुपता नभएको, तोकिएको सीमाभन्दा बढी शिक्षण र भर्ना शुल्क लिने गरेकोमा सरकारबाट शुल्क निर्धारण मापदण्ड लागू गर्न नसकेको र संस्थागत विद्यालयले शिक्षा नियमावली, २०५९ परिपालना नगरेको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छः

२८.१. शिक्षा ऐन, २०२८ को दफा १६(घ)५ मा संस्थागत विद्यालयले शुल्क निर्धारण गर्दा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा तोकिएको अधिकारीबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम १४७ को अनुसूची २२ को (ख) मा शुल्क निर्धारणको लागि "ग" श्रेणीको विद्यालयमा कक्षा सञ्चालनको आधारमा शिक्षक कर्मचारी १५ देखि २५ जनासम्म हुनुपर्ने उल्लेख छ । मन्त्रालयबाट "ग" श्रेणीका आधारभूत सुविधायुक्त विद्यालयले लिने शुल्क तोकी सकेपछि "घ" श्रेणीका विद्यालयहरुले सोभन्दा २५ प्रतिशतले कम हुने गरी नगरपालिका तथा सदरमुकामको क्षेत्रको आधारमा शुल्क निर्धारण गर्नुपर्दछ ।

काठमाडौं उपत्यकाको १० विद्यालयको नमूना छनौट गरी परीक्षण गर्दा संस्थागत विद्यालयहरुले उल्लिखित ऐनमा भएको व्यवस्था बमोजिम शुल्क निर्धारण नगरेको, नयाँ शैक्षिक सत्रसंगै शुल्क वृद्धि गर्ने गरेको र भर्ना तथा वार्षिक शुल्क क्रमशः रु.५० हजार र रु.३० हजार तथा अन्य शुल्क बाहेक मासिक रु.३० हजारसम्मको शिक्षण शुल्क असुल गर्ने गरेकोले शुल्क निर्धारणको उपयुक्त मापदण्ड र आधार तयार गरी सोको कार्यान्वयन हुनुपर्दछ ।

२८.२. शुल्क निर्धारणमा देखिएको विविधतालाई नियन्त्रण गर्न विद्यालयको न्यूनतम मापदण्ड हुनुपर्ने, भौतिक पूर्वाधार र प्रशासनिक खर्चमा पारदर्शिता हुनुपर्ने, न्यून आय भएका विद्यार्थीलाई विशेष छुट तथा छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने, शैक्षिक विकास कार्य र संस्थागत विकासमा खर्च गर्ने प्रतिशत (अंश) तोकी सो आधारमा विद्यार्थीबाट लिने शुल्क निर्धारण गर्नुपर्दछ । विद्यालयको सार्वजनिक जवाफदेहिता र स्वायत्तता आत्मसात गरी शुल्क दर आंकलन मंसिर मसान्तसम्ममा प्रारम्भ गरी अभिभावक शिक्षक सभामा पेश तथा अनुमोदन गराई चैत्रमा शुल्कको दर स्वीकृत गरी सार्वजनिक गर्ने व्यवस्था मिलाई शुल्क दर निर्धारण कार्यतालिका बनाउनु पर्दछ । विद्यमान शुल्क निर्धारण प्रक्रियामा देखिएको विविधतालाई अन्त्य हुने गरी शुल्क निर्धारण प्रक्रियामा प्रचलित नियम कानूनको पालना हुनुपर्दछ

२९. **शुल्क निर्धारणको अनुगमन –** संस्थागत विद्यालय मापदण्ड तथा सञ्चालन निर्देशिका, २०६९ बमोजिम शिक्षा विभागले यो वर्ष संस्थागत विद्यालय शुल्क निर्धारण समिति गठन गरी उपत्यकाभित्र जिल्ला शिक्षा कार्यालय मार्फत ३४ संस्थागत विद्यालयहरुको तथा उपत्यका बाहिर सल्यान, दाङ्ग, बाँके, कैलाली, चितवन, सुनसरी र झापा जिल्लाका १३ संस्थागत विद्यालयहरुको शुल्क निर्धारण सम्बन्धमा अनुगमन गरेको छ । तर शुल्क निर्धारण प्रक्रिया सम्वन्धी अभिलेख अद्यावधिक नभएकोले सोको मूल्याङ्कन गर्न नसकिएको उल्लेख गरेको छ । साथै अनुगमनबाट देखिएका व्यहोराहरु प्रतिवेदन मार्फत प्रस्तुत गरी कारबाही गरेको तथा सुधारका लागि सुझाव दिएको देखिएन । शुल्क निर्धारण सम्बन्धी अनुगमन प्रतिवेदन पेश गरी सो उपर आवश्यक कारबाही हुनुपर्दछ ।

जिल्ला शिक्षा कार्यालयहरु

३०. **भवन तथा अन्य निर्माण** - विद्यालयको क्षमता अभिवृद्धि गर्ने र गुणस्तरीय शिक्षा प्रदान गर्न बजेट स्वीकृति, निकासा तथा निर्माण कार्य समयमा नै सम्पन्न हुनुपर्दछ । कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७३।७४ अनुसार निर्माण कार्यको लागि विद्यालय व्यवस्थापन समितिसंग प्रथम चौमासिकमा सम्झौता गरिसक्नु पर्ने व्यवस्था छ । विभागबाट बजेट निकासा भएपछि जिल्ला शिक्षा कार्यालयहरुले विद्यालय छनौट गरी बजेट निकासा दिँदा विद्यालयहरुले आषाढ मसान्तभित्र निर्माण कार्य सम्पन्न गर्न नसकिने स्थिति रहेको छ । यो वर्ष

विद्यालयलाई भौतिक निर्माणतर्फ ६७ जिल्लाले उपलब्ध गराएको रु.३ अर्ब ५७ करोड ५० लाखको निर्माण कार्य सम्पन्न गरेको छैन । त्यसैगरी छात्रा शौचालयतर्फ रु.२१ करोड १० लाख ७८ हजार र मर्मततर्फ रु.३२ करोड ७० लाख ९९ हजार समेत रु.४ अर्ब ११ करोड ३२ लाखको कार्य सम्पन्न गरेको देखिएन । अत: निर्माण कार्य सम्पन्न गर्न आर्थिक वर्षको शुरुमा विद्यालय छनौट गर्ने र छनौट कार्य सम्पन्न भए पश्चात मात्र स्वीकृत लागत अनुमानको आधारमा बजेट व्यवस्थापन गर्नुपर्दछ ।

३१. **बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७३।७४ बमोजिम जिल्ला शिक्षा कार्यालयले विद्यालय शिक्षक किताबखानाबाट पारित तलवी प्रतिवेदनको आधारमा तलव भत्ता, चाडपर्व खर्च समेत हिसाव गरी निकासा दिनुपर्दछ । सर्लाही, रौतहट र काठमाडौं लगायत ३२ जिल्ला शिक्षा कार्यालयले यो वर्ष तलव भत्तामा पाउनेभन्दा रु.२ करोड ५५ लाख ५१ हजार बढी निकासा दिएका छन् । यसैगरी जिल्ला शिक्षा कार्यालय, काठमाडौं, बारा समेत ३१ ले सेवानिवृत र बिदा बसेका शिक्षकहरुका लागि तलव भत्ता वापत रु.१ करोड ८६ लाख ८५ हजार निकासा दिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको कम्पोनेण्टमा कक्षा ११ र १२ मा अध्ययनरत लक्षित समूहका विद्यार्थीहरुको लागि पाठ्यपुस्तक व्यवस्थापनको लागि प्रतिविद्यालय रु.५० हजारका दरले निकासा दिनुपर्नेमा जिल्ला शिक्षा कार्यालय, ताप्लेजुङले ५ माध्यमिक विद्यालयलाई रु.११ लाख बढी निकासा दिएको पाइएकोले जिम्मेवार बनाई सम्बन्धितबाट असुल गर्नुपर्दछ ।

जिल्ला शिक्षा कार्यालय, पर्सा र बैतडी लगायत ८ कार्यालयले नि:शुल्क पाठ्यपुस्तकतर्फ जनक शिक्षा सामग्री केन्द्रको दर तथा भर्ना विद्यार्थी संख्याभन्दा रु.६८ लाख ५८ हजार बढी निकासा दिएका छन् । बढी निकासा दिएको असुल गरी जिम्मेवार कर्मचारीलाई कारबाही समेत गर्नुपर्दछ ।

शिक्षकहरुको तलब, भत्तालगायतका सुविधा भुक्तानी गर्दा अनिवार्य रुपमा बैङ्क खाता खोल्न लगाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेकोमा सोको कार्यान्वयन भएको छैन । उक्त व्यवस्थाको कार्यान्वयन हुनुपर्दछ ।

३२. **लेखापरीक्षणबाट असुली -** शिक्षा नियमावली, २०५९ को नियम १७९ बमोजिम कुनै कामको लागि आवश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानूनबमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम सम्बन्धित पदाधिकारीबाट असुलउपर गरिने व्यवस्था छ । जिल्ला शिक्षा कार्यालयहरुले विद्यालयलाई बढी निकासा दिने र लेखापरीक्षकले बेरुजू औंल्याएपछि सञ्चित कोष दाखिला गर्ने प्रवृत्ति वर्षौंदेखि यथावत् छ । बढी निकासा गर्ने कर्मचारी एवं आन्तरिक लेखापरीक्षकलाई कानून बमोजिम कारबाही नगर्नाले यो प्रवृत्ति प्रत्येक वर्ष दोहोरिने गरेको हो । लेखापरीक्षण गर्दा ५० कार्यालयबाट दोहोरो तलव भत्ता, अवकाश पछिको तलब, भौतिक निर्माणमा दोहोरो भुक्तानी लगायतमा रु.४ करोड ९५ लाख ४७ हजार लेखापरीक्षणको क्रममा औंल्याएपछि असुल गरी सञ्चित कोष दाखिला भएको छ । बढी भुक्तानीका सम्बन्धमा छानविन गरी सम्बन्धित कर्मचारीलाई आर्थिक कार्यविधि ऐन तथा नियमावली, शिक्षा नियमावली लगायत प्रचलित कानुनबमोजिम आवश्यक कारबाही गर्नुपर्दछ । सोमध्ये देहायका असुली उल्लेखनीय रहेको छ :

(रु.हजारमा)

सि.नं.	कार्यालय	दाखिला रकम	कैफियत
१	जिल्ला शिक्षा कार्यालय, सोलुखुम्बु	११२९४	भौतिक निर्माणतर्फ रोक्का रकम भुक्तानी समेत
२	जिल्ला शिक्षा कार्यालय, संखुवासभा	६६१९	तलब भत्तामा बढी निकासा
३	जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोक	५१९८	भौतिकतर्फ मापदण्डबेगर निकासा
४	जिल्ला शिक्षा कार्यालय, गोरखा	४१७५	तलव र ग्रेडमा बढी निकासा
५	जिल्ला शिक्षा कार्यालय, काठमाडौं	२८४९	कार्यक्रम बेगर निकासा दिएको (दुई आ.व.)

३३. **अन्य बढी निकासा** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७३ बमोजिम बाल शिक्षा तथा विद्यालय शिक्षक तथा कर्मचारी पदपूर्ति भएको आधारमा रकम निकासा गर्नुपर्नेमा काठमाडौं, चितवन लगायत ७ जिल्ला शिक्षा कार्यालयले शिक्षक, विद्यार्थी, कर्मचारी र सहयोगी कार्यकर्ता कार्यरत रहेको प्रमाण बेगर तथा रित नपुऱ्याई अतिरिक्त भत्ता समेतमा रु.५ करोड २१ लाख ७२ हजार भुक्तानी गरेको देखिन्छ । प्रमाण बेगर भुक्तानी गरेको उक्त रकम सम्बद्ध कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

३४. **खर्चका बिल भरपाई** - जिल्ला शिक्षा कार्यालय, सर्लाही, दोलखा, सिन्धुपाल्चोक लगायत २९ जिल्लाले विज्ञान प्रयोगशाला, पुस्तकालय व्यवस्थापन, सूचना प्रविधि कार्यका लागि रु.४२ करोड ७१ लाख ३० हजार विद्यालयहरुलाई निकासा दिएको देखिन्छ । उक्त कार्यहरु भए/नभएको सम्बन्धमा प्रमाण पेश हुनुपर्दछ ।

३५. **प्रधानाध्यापक व्यवस्था -** शिक्षा नियमावली, २०५९ को नियम ९३ मा सामुदायिक विद्यालयमा प्रधानाध्यापक पदमा नियुक्तिको लागि माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरूमध्येबाट दरखास्त आव्हान गर्ने व्यवस्था छ । सो अनुरुप शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेका शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउने उल्लेख छ । तर जिल्ला शिक्षा कार्यालय, काठमाडौंको व्यवस्थापन समितिले १४ माध्यमिक तहका विद्यालयमा माध्यमिक तहका शिक्षक भए पनि सो तहभन्दा तल्लो तहका शिक्षकलाई प्रधानाध्यापक गराएको छ । यस्तो अनियमित कार्यले निरन्तरता पाइरहेकोले यसमा तत्काल कारबाही हुनुपर्दछ ।

३६. **विद्यालय छनौट मापदण्ड -** जिल्ला शिक्षा कार्यालय, काभ्रेपलाञ्चोकले ट्रसमा बनेका ३६५ विद्यालय ब्लक मर्मतका लागि २०७४।३।२३ मा रु.२६ करोड ४३ लाख ७१ हजार निकासा प्राप्त गरी आषाढको अन्त्यमा विद्यालयको खातामा पठाई खर्च लेखेको छ । विद्यालय ब्लक मर्मतका लागि मापदण्ड पूरा भएका विद्यालयलाई छनौट गर्नुपर्नेमा उक्त मापदण्ड बिना नै २०७४।३।२१ मा विद्यालय छनौट गरेको, तत्पश्चात पटक पटक संशोधन गरी रु.४ करोड २७ लाख ७५ हजार एकखाताबाट अर्को खातामा रकम ट्रान्सफर गरेको देखियो । बजेट फ्रिज हुन नदिने उद्देश्यले विद्यालयलाई रकम खर्च लेख्नु उचित देखिएन ।

प्रधानमन्त्री राहत कार्यक्रमबाट विद्यालय भवन निर्माणका लागि रकम निकासा भएका विद्यालयलाई समेत ट्रष्ट भवन मर्मतका लागि रु. रु.१ करोड ३० लाख ५० भुक्तानी दिएको छ । प्रधानमन्त्री राहत कार्यक्रम निर्देशिकामा सरकारी तथा अन्य निकायबाट अनुदान उपलब्ध भएका विद्यालयलाई उक्त निकासा नदिने उल्लेख भएकोमा १८ विद्यालयलाई निकासा दिएकोले रु.१ करोड ३० लाख ५० हजार असुल गरी दाखिला गराउनु पर्दछ ।

शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयका शिक्षकहरुको स्थायी नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्ने, अध्यापन अनुमति पत्र प्रदान गर्ने लगायत कार्य गर्न शिक्षा ऐन, २०२८ अनुसार राष्ट्रिय शिक्षक सेवा आयोगको गठन भएको छ ।

३७. **वार्षिक कार्यतालिका** - आयोगको काम कारबाहीलाई व्यवस्थित गर्न परीक्षा सञ्चालन कार्यको वार्षिक कार्यतालिका तयार गर्नुपर्दछ । आयोगले त्यसप्रकारको कार्यतालिका तयार गरेको छैन । वार्षिक प्रगति प्रतिवेदन अनुसार आयोगले यो वर्ष ७५ हजार जनालाई अध्यापन अनुमति पत्र दिने लक्ष्य राखेकोमा २२ हजार ९८६ जनालाई अस्थायी अनुमति पत्र दिएको छ । शिक्षक पदपूर्तिको लागि खुलातर्फ ३ लाख र बढुवातर्फ ३० हजार आवेदन सङ्कलन गरी परीक्षा सञ्चालन गर्ने लक्ष्य राखेकोमा क्रमशः १५ हजार ६९० र ४ हजार ७१४ को मात्र आवेदन परी बढुवाको परीक्षा सञ्चालन गरी २०७४ श्रावणमा लिखितको नतिजा प्रकाशन गरेको छ । निम्न माध्यमिक शिक्षकको लागि २०७२।७३ मा विज्ञापन प्रकाशित गरेकोमा २०७३।७४ मा परीक्षा सञ्चालन भई १ हजार ११७ जनालाई सिफारिस गरेको देखिन्छ । यसरी अघिल्लो वर्ष विज्ञापन तथा लिखित परीक्षा सञ्चालन र पछिल्लो वर्ष लिखित तथा अन्तर्वार्ताको नतिजा प्रकाशन हुने अवस्थाले गर्दा वार्षिक कार्यक्रमअनुसार प्रगति तथा खर्च समेत नहुने हुंदा वार्षिक कार्यतालिका तर्जुमा गरी कार्य सम्पन्न गर्नुपर्दछ ।

३८. **कार्यक्रम निर्माण प्रक्रिया -** वार्षिक कार्यक्रम तयार गर्दा मूल कार्यक्रम अन्तर्गत गर्नुपर्ने क्रियाकलाप, सोको परिमाण, लागत समावेश गर्नुपर्ने र प्रत्येक क्रियाकलापको वित्तीय तथा भौतिक प्रगति बीच तुलना गर्न सकिने गरी तयार गर्नुपर्दछ । आयोगले वार्षिक कार्यक्रम तयार गर्दा अध्यापन अनुमति पत्रको परीक्षा सञ्चालन गर्न रु.३ करोड १२ लाख ६३ हजार, खुल्ला प्रतियोगिताको परीक्षा सञ्चालन गर्न रु.६ करोड १८ लाख र बढुवातर्फको २५ प्रतिशत र ७५ प्रतिशतको लागि रु.२ करोड ६३ लाख ६२ हजार एकमुष्ट छुट्याएको छ । ती कार्यक्रम अन्तर्गत गर्नुपर्ने क्रियाकलापको परिमाण र लागत खुलाई कार्यक्रम तयार गरेको छैन ।

३९. **उत्तरपुस्तिका मौज्दात -** वर्षान्तमा मौज्दात परिमाणको आधारमा आगामी वर्षको खरिद योजना तय गर्नुपर्दछ । गत वर्षको मौज्दात मुल ५ लाख ८७ हजार ९६२ र थप ३ लाख ८४ हजार ३७४ समेत ९ लाख ७२ हजार ३३६ थान उत्तरपुस्तिका रहेकोमा यो वर्ष मुल १० लाख र थप ६ लाख समेत १६ लाख उत्तरपुस्तिका छपाइ

गरी रु.४० लाख ३२ हजार खर्च गरेको छ । यसरी मुल १५ लाख ८७ हजार ९६२ र थप ९ लाख ८४ हजार ३७४ समेत कुल २५ लाख ७२ हजार ३३६ थान उत्तरपुस्तिकामध्ये यो वर्ष मुल २ लाख ७१ हजार १९८ र थप ७७ हजार ४ गरी ३ लाख ४८ हजार २०२ (कुल संख्याको १३.५४ प्रतिशत) खपत भई मुल १३ लाख १६ हजार ७६४ र थप ९ लाख ७ हजार ३७० समेत २२ लाख २४ हजार १३४ थान (८६.४६ प्रतिशत) उत्तरपुस्तिका मौज्दात रहेको छ । गत वर्षको मौज्दातको ३५.८१ प्रतिशत मात्र यो वर्ष खपत भएकोमा पुन: खरिद गरी मौज्दात राखेको देखियो । लेखापरीक्षणको क्रममा उत्तरपुस्तिकाको अवस्था परीक्षण गर्दा गुणस्तर बिग्रँदै गएको देखिएको छ । उत्तरपुस्तिका छपाइ सम्बन्धमा मापदण्ड तय गरी उपयुक्त परिमाण मौज्दात रहने व्यवस्था मिलाई खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

परीक्षा नियन्त्रण कार्यालय

४०. **उत्तरपुस्तिका छपाइ र ढुवानी -** उतरपुस्तिका छपाइ तथा ढुवानी गरी परीक्षा केन्द्रसम्म पुऱ्याउँदा नोक्सान हुनसक्ने परिमाण सम्बन्धमा हालसम्म कुनै नर्म्स् स्वीकृत गरेको छैन । गत वर्ष २०७२ एस.ई.ई. परीक्षाको लागि मूल उतरपुस्तिका ४९ लाख २४ हजार थान आवश्यक पर्नेमा ८२ लाख ३१ थान छपाइ गरेकोले ३३ लाख ७ हजार थान बढी छपाइ गरी रु.१ करोड ३० लाख ७९ हजार थप व्ययभार परेको सम्बन्धमा छानविन हुनुपर्ने व्यहोरा औँल्याइएकोमा छानविन गरी प्राप्त प्रतिवेदनमा ६ लाख १५ हजार ५५३ विद्यार्थीको लागि १५ प्रतिशत सुखन चुहन थप गर्दा ६० लाख ३४ हजार ४७४ थान उत्तरपुस्तिका आवश्यक पर्ने देखिएकोले २३ लाख २१ हजार मौज्दात हुनुपर्ने उल्लेख छ । यो वर्ष २०७३ को एसईई परीक्षाको लागि विद्यार्थी संख्याको आधारमा आवश्यक पर्ने ५४ लाख ८६ हजार १३२ मूल उत्तरपुस्तिकामा १५ प्रतिशत थप गर्दा ६३ लाख ९ हजार ५२ थान उतरपुस्तिका छपाइ गर्नुपर्नेमा ५६ लाख ६ हजार थान उत्तरपुस्तिका छपाइ गरी ७ लाख ३ हजार ५१ थान गत वर्षको मौज्दात प्रयोग गर्ने उल्लेख छ । २०७२ को मौज्दात १६ लाख १८ हजार रहेकोमा ती उतरपुस्तिका प्रयोगको अवस्था खुलाएको छैन ।

यो वर्ष मुल र थप उत्तरपुस्तिका १५ प्रतिशत थप गरी छपाइ गर्दा मूल्य अभिबृद्धि कर समेत रु.६५ लाख ७३ हजार थप व्ययभार परेको छ । विद्यार्थी संख्याको आधारमा छपाइ गर्नुपर्नेभन्दा १५ प्रतिशत बढी छपाइ गर्ने सम्बन्धमा मापदण्ड स्वीकृत गरेको छैन । यसका अतिरिक्त ६ लाख १५ हजार ५५३ विद्यार्थीका लागि थप उत्तरपुस्तिका ४२ लाख ५९ हजार छपाइ गरी खपत देखाएकोले प्रति विद्यार्थी झण्डै ७ (६.९२) प्रति छपाइ गरेको छ । उत्तरपुस्तिका छपाइ सम्बन्धमा स्पष्ट मापदण्ड तय गर्नुपर्ने तथा खपत र मौज्दातको यथार्थ अभिलेख राख्नुपर्दछ ।

विश्वविद्यालय अनुदान आयोग

४१. **पुँजीगत अनुदान -** पुँजीगततर्फ यो वर्ष निम्न ९ विश्वविद्यालयलाई रु १ अर्ब ४४ करोड ८६ लाख निकासा दिएकोमा विश्वविद्यालयको रणनैतिक योजनाअनुसार सो निकासाको उपयोग भए नभएको अनुगमन गरेको छैन । उक्त रकम सशर्त अनुदान स्वरुप पूँजीगत कार्यमा खर्च गर्ने गरी प्राप्त भएकोले अन्य खर्च गर्न नमिल्ने हुदा सम्बन्धित विश्वविद्यालयबाट खर्चको विवरण प्राप्त गरी खर्च नभएको रकम नेपाल सरकारको संघीय सञ्चितकोष खातामा जम्मा गर्नुपर्दछ ।

(रु. लाखमा)

सि.नं	विश्वविद्यालय	पुँजीगत रकम निकासा	सि.नं	विश्वविद्यालय	पूजिगत रकम निकासा
१.	त्रिभुवन विश्वविद्यालय	५७,४४	२.	लुम्बिनी विश्वविद्यालय	६,५०
३.	नेपाल संस्कृत विश्वविद्यालय	६,६५	४.	मध्य पश्चिम विश्वविद्यालय	१५,००
५.	पूर्वाञ्चल विश्वविद्यालय	४,५०	६.	सुदुर पश्चिम विश्वविद्यालय	१३,००
७.	पोखरा विश्वविद्यालय	५,५०	८.	कृषि तथा वन विश्वविद्यालय	२२,२७
९.	काठमाण्डौ विश्वविद्यालय	१४,००		**जम्मा**	**१,४४,८६**

४२. **पुन:निर्माण निकासा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ (क) र ३५ (४) बमोजिम फ्रिज हुने गरी त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्यापसहरुको लागि रु ४५ करोड ५० लाख, ललितकला क्याम्पसको लागि रु.२ करोड र वालिङ्ग बहुमुखी क्याम्पसको लागि रु.२ करोड समेत रु.४९ करोड ५० लाख

राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको कार्यक्रम र मोडालिटीअनुसार खर्च गर्ने गरी निकासा भएकोमा सोको प्रगति विवरण पेश नभएकोले उक्त रकम सदुपयोग भएको सुनिश्चित हुने आधार रहेन । निकासा प्राप्त गर्ने निकायबाट खर्चको विवरण प्राप्त गरी खर्च नभएको रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

४३. **अनुगमन -** विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा ७ मा अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था रहेको छ । आयोगले उक्त व्यवस्था अनुसार विश्वविद्यालयहरुसंग विवरण माग गरी अनुगमन गर्ने गरे तापनि विश्वविद्यालय र अन्तगर्तका निकायको लेखापरीक्षण भए नभएको, लेखापरीक्षण भएकोमा प्रतिवेदन उपर कारबाही भए नभएको आदि विषयमा अनुगमन भएको देखिएन । त्रिभुवन विश्वविद्यालय अन्तगर्तका २७३ इकाईले २०३३।३४ देखि लेखापरीक्षण गराएका छैनन् । आयोगले त्रिभुवन बिश्वविद्यालयलाई यस वर्ष चालुतर्फ रु.६ अर्ब ४१ करोड १८ लाख र पुँजीगततर्फ रु.१ अर्ब ६ करोड ९४ लाख समेत रु.७ अर्ब ४८ करोड १२ लाख निकासा दिँदां बिश्वविद्यालय र अन्तगर्तको निकायको लेखापरीक्षण नगराएको सम्बन्धमा अनुगमन गरी लेखापरीक्षण नगराउने इकाईलाई अनुदान दिन नमिल्ने गरी निर्देशन दिएको नदेखिएकोले आयोगको अनुगमन पक्ष कमजोर देखियो ।

राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा ऐन, २०२८ को आठौं संशोधन पश्चात २०७३।३।१५ बाट साविक उच्च माध्यमिक शिक्षा परिषद् खारेज गरी राष्ट्रिय परीक्षा बोर्डको गठन भएको छ । माध्यमिक शिक्षा ९-१२ को परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापन गर्ने यसको मुख्य उद्देश्य रहेको छ ।

४४. **खाता व्यवस्थापन** - साविक उच्च माध्यमिक शिक्षा परिषद्को केन्द्रीय तथा मातहत कार्यालयको कोष, कार्यसञ्चालन र धरौटी खाता राष्ट्रिय परीक्षा बोर्डको नाममा परिवर्तन गरी खाता बन्द गर्नुपर्ने भएमा बन्द गरी बांकी रहेका सबै रकम बोर्डको खातामा सार्ने निर्णय भएको देखिन्छ । तत्कालीन परिषद्को नाममा रहेका ९ खातामा रहेको रु.९ करोड ७९ लाख २५ हजार विगत वर्षदेखि जिम्मेवारी सार्दै आएको छ । ती खाताबाट आर्थिक कारोबार नभएकोले बन्द गरी बैङ्क खाता अद्यावधिक गर्नुपर्दछ ।

४५. **आन्तरिक लेखापरीक्षण** - साविकको परिषद् तथा हालको राष्ट्रिय परीक्षा बोर्डको आर्थिक प्रशासन सम्बन्धी विनियम, २०५३ को ३.५(१) मा आन्तरिक लेखापरीक्षण गर्न बोर्डमा आन्तरिक लेखापरीक्षण इकाई रहने व्यवस्था छ । विनियमले गरेको व्यवस्था बमोजिम छुट्टै इकाई गठन गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्नेमा केन्द्रीय कार्यालयको लेखा शाखाका कर्मचारी र बेरुजू हेर्न करारमा नियुक्त कर्मचारीबाट आन्तरिक लेखापरीक्षण गराएको छ । विनियममा भएको व्यवस्थाबमोजिम आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था मिलाउनुपर्दछ ।

४६. **शैक्षिकस्तर वृद्धि कोष** - साविक परिषद्बाट सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिका लक्षित कार्यक्रम कार्यान्वयन गर्न संस्थागत विद्यालयबाट प्रतिविद्यार्थी रु.२००।- र सामुदायिक विद्यालयबाट प्रतिविद्यार्थी रु.१००।- का दरले सङ्कलन गरी शैक्षिकस्तर वृद्धि कोष खडा गर्ने व्यवस्था भएअनुरुप गत वर्षसम्म प्राप्त भएको रु.४ करोड ६ लाख ६१ हजार खर्च नभई मौज्दात रहेको छ । यो वर्ष सो कोषमा सम्बन्धन शुल्क समेत रु.५ करोड १७ लाख ७० हजार प्राप्त भएको छ । शिक्षा ऐन, २०२८ मा विद्यार्थीको शैक्षिकस्तर वृद्धि गर्ने गरी शुल्क उठाउन र परिचालन गर्नसक्ने व्यवस्था गरेको नदेखिएकोले उक्त कोषमा रहेको रु.९ करोड २४ लाख ३१ हजार सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

४७. **कर्मचारी कल्याण कोष -** परिषद्को २०६२।२।१२ मा बसेको ११५ औं बैठकले परिषद्को आर्थिक दायित्व कम गर्ने उद्देश्यले परिषद्का कर्मचारी सेवाबाट अलग हुँदा पाउने उपदान, विदा, औषधि उपचार आदि वापत प्राप्त गर्ने रकम भुक्तानी दिन कर्मचारी कल्याण कोषमा जम्मा भएको रकम नागरिक लगानी कोषमा जम्मा गर्ने निर्णय गरेको देखिन्छ । कर्मचारी कल्याण कोषमा यो वर्ष सुरु मौज्दात रु.२३ करोड ३४ लाख २८ हजार रहेको छ । विनियोजित बजेटबाट उपदान प्रयोजनको लागि रु.२५ करोड नागरिक लगानी कोषमा पठाउँदा वार्षिक रुपमा कर्मचारीको अवकाश हुँदा लाग्ने दायित्वको हिसाब, आर्थिक वर्षमा प्राप्त आम्दानी र खर्चको हिसाब लगायतका विषयको आधार तथा मापदण्ड तय नगरी एकमुष्ट रुपमा पठाएको पाइयो । यसमा आवश्यक सुधार गर्नुपर्दछ ।

४८. **बैठक भत्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत ध्यान दिनुपर्ने व्यवस्था छ । बोर्डले

यो वर्ष ४६३ बैठकको लागि बैठक भत्ता वापत रु.४० लाख ११ हजार खर्च गरेको छ । एकै प्रकृतिको बिषयवस्तुलाई पनि पटक पटक बैठक राखी बैठक भत्ता खर्च गरेको देखिएकोले यस्तो प्रक्रियामा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

४९. **नर्म्स -** बोर्डले नियमित तथा आँशिक परीक्षाको उत्तरपुस्तिका परीक्षण गरेबापत परीक्षकलाई प्रति उत्तरपुस्तिका १०० पूर्णाङ्कसम्म रु.३० र ७५ भन्दा कम पूर्णाङ्कमा रु.२२ दिने गरेकोमा कक्षा ११ र १२ को मौका परीक्षाको लागि नर्म्समा व्यवस्था गरी दोब्बर पारिश्रमिक दिने गरेको छ । मौका परीक्षाको उत्तरपुस्तिकाको परीक्षण तथा सम्परीक्षणमा प्रशिक्षकलाई ९६ हजार ४९२ उत्तरपुस्तिकाको लागि दोब्बर पारिश्रमिक बापत रु.२८ लाख ५१ हजार दिनुको औचित्य स्पष्ट हुनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार अवस्था

विगतका केही वर्षदेखि राष्ट्रिय बजेटको सबैभन्दा बढी अंश शिक्षा क्षेत्रमा खर्च हुने गरेको छ । शिक्षामा १९९९ मा कुल गार्हस्थ्य उत्पादनको २.४ प्रतिशत लगानी हुने गरेकोमा २०१० मा ४.७ प्रतिशत पुगेको छ । नेपाल सरकारको २०७३।७४ को कुल वार्षिक बजेट रु.१० खर्ब ४८ अर्ब ९२ करोडमध्ये शिक्षा क्षेत्रको बजेट रु.१ खर्ब १५ अर्ब ८३ करोड (११ प्रतिशत) रहेको देखिन्छ । चौधौँ योजनामा शैक्षिक प्रशासनमा निरन्तर सुधार, नवप्रवर्तन र सुशासनलाई संस्थागत गर्ने उल्लेख छ । बजेट वक्तव्य २०७३।७४ मा विद्यालयमा बालबालिकाको पहुँच बिस्तार गर्ने, गुरुकुल, गुम्बा र मदरसा शिक्षालाई शैक्षिक मूलधारमा ल्याई प्रवर्द्धन गरिने, प्रत्येक सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको स्थापना गर्न अनुदान दिने, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशालाको स्थापना, स्मार्ट बोर्डको प्रयोग र अन्तरक्रियात्मक विद्युतीय शिक्षण सिकाइ पद्धतिको बिस्तार गरिने उल्लेख छ । देशभर ३५ हजार २२२ विद्यालय र ३६ हजार ९३ बाल विकास केन्द्र तथा पूर्व प्राथमिक विद्यालय रहेकोमा २९ हजार २०७ सामुदायिक विद्यालय र ३० हजार ४४८ समुदायिक बाल बिकास केन्द्र रहेका छन् । सामुदायिक विद्यालयमध्ये १ हजार ८६ विद्यालय धार्मिक विद्यालय रहेका छन् । सामुदायिक बिद्यालयको भौतिक पूर्वाधारको अवस्था मूल्याङ्कन गर्ने उद्देश्यले कास्की, रुपन्देही र चितवन जिल्लालाई नमुना छनौट गरी लेखापरीक्षण गरिएको छ । कार्यमूलक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु निम्नानुसार छन्:

५०. **प्रगति** – शिक्षा विभागबाट प्रकाशित प्रतिवेदन २०१६।१७ बमोजिम विद्यालयको ट्रस पुनर्स्थापना ९६.७७ प्रतिशत, २ कोठ भवन ९९.६५ प्रतिशत ४ कोठे भवन निर्माण ९९.३७ प्रतिशत, ६ कोठे भवन शतप्रतिशत ८ कोठे भवन ९९.५८ प्रतिशत, सफाई सुबिधा सहितको शौचालय निर्माण शतप्रतिशत, विद्यालय मर्मत ९४ प्रतिशत र रेट्रो फिटिङ्गमा ७९ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । विद्यालयको खातामा २०७२।७३ मा रु.१० अर्ब ९ करोड ३३ लाख निकासा गरेको आधारमा खर्च जनाई उक्त प्रगति तयार गरेको छ । वास्तविक निर्माण कार्यको आधारमा प्रगति विवरण तयार गर्नुपर्दछ ।

समस्या

- देशभरको भवन निर्माणको लागि अनुदान समान हुनु,
- ढिला अख्तियारी दिनु,
- विद्यालयले आन्तरिक स्रोत जुटाउन नसक्नु,
- नियामक निकायबाट पर्याप्त अनुगमन नहुनु,

५१. **कार्यसम्पन्न** – सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२५(२) मा निर्माण सम्पन्न भएका कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गराउनुपर्ने व्यवस्था छ । भद्रकाली माध्यमिक विद्यालय, कुडहर कास्कीलाई २०७२।७३ मा रु.१३ लाख ५० हजार अनुदान दिएकोमा २ कोठे कक्षा कोठा निर्माण गर्नुपर्नेमा एक कोठाको हल निर्माण गरेको र लागत अनुमानमा भ्याल ढोकामा काठको फ्रेम र सटर राख्ने उल्लेख भएकोमा फलामको फ्रेम राखेको स्थलगत अवलोकनबाट देखिएको छ । बाराही आधारभूत विद्यालय ल्वाङ्ग, कास्कीलाई २/२ कोठे २ भवनको लागि रु.२७ लाख अनुदान दिएकोमा दुवै भवनको भ्याल ढोका र फल्स सिलिङ्ग नराखेको, रंगरोगन नभएको र भित्ता तथा छानाको बीचमा पारदर्शी पाता नराखेकोले निर्माणकार्य अधुरो रहेको देखियो । देवदह माध्यमिक विद्यालय, देवदह रुपन्देहीलाई ४ कोठे भवन निर्माणका लागि रु.३२ लाख अनुदान दिएमा रु.४७ लाख ५९ हजार लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट एक निर्माण व्यवसायीसँग रु.४२ लाख ५० हजारमा सम्झौता गरेकोमा कार्य सम्पन्न भएको छैन ।

केरवानी माध्यमिक विद्यालय, देवदह रुपन्देहीलाई ३ कोठे भवन निर्माणका लागि रु.१६ लाख ५० हजार अनुदान दिएकोमा लागत अनुमानमा डबलकोट पेन्ट गर्नुपर्ने व्यवस्था रहेकोमा सिङ्गल कोट पेन्टिङ्ग गरेको, ढोकाको ३ सटर नराखेको र बत्ती जडान सम्बन्धी कार्य नगरेको पनि देखिएको छ । बछौली माध्यमिक विद्यालय, रत्ननगर चितवनलाई २ कोठे भवन निर्माणका लागि रु.१३ लाख ५० हजार अनुदान दिएकोमा पुरानो भवनको छतमा गाह्रो लगाई ट्रसयुक्त २५ मिटर लम्बाई र ९ मिटर चौडाई रहेको सभाहल निर्माण गरेको छ । नापी किताबमा ३ आल्मुनियम ढोकाको नापजाँच र मूल्याङ्कन गरेकोमा २ ढोकामात्र रहेकाले एउटा ढोकाको बढी मूल्याङ्कन भएको छ । भवन निर्माणको कार्य तोकिएको समयमा सम्पन्न नहुनुमा वर्षान्तमा अनुदान प्राप्त हुने, कमजोर जनसहभागिता, जिल्ला शिक्षा कार्यालयमा पर्याप्त प्राविधिक जनशक्तिको अभाव र प्रभावकारी अनुगमन नहुनु प्रमुख कारण रहेको देखिन्छ । सम्बन्धित पक्षलाई जिम्मेवार बनाई तोकिएबमोजिम भवन निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

५२. **भवनको मापदण्ड** – गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ को दफा २.६ मा विद्यालयको भौतिक अवस्था सम्बन्धी न्यूनतम र अपेक्षित मापदण्ड तोकेको छ । उक्त मापदण्ड अनुसार भूकम्प निरोधक भवन निर्माण गर्नुपर्नेमा भद्रकाली माध्यमिक विद्यालय, पोखरा लगायत १८ विद्यालयमा रहेका पुराना भवनहरु भूकम्प निरोधक नरहेको र नयाँ निर्माण गरेका भवन समेत भूकम्प निरोधक भएको देखिएन । शिक्षा विभागले हाल १३ प्रकारका भवन र ७ प्रकारका शौचालयको भूकम्प प्रतिरोधी नमूना डिजाइन तयार गरी २०७३ फागुनदेखि लागु गरेको जनाएको छ । नेपाल सरकारको राष्ट्रिय भवन निर्माण संहिता र शिक्षा विभागले तोकेको मापदण्ड पालना गरी भवन निर्माणको पर्याप्त अनुगमन हुनुपर्दछ ।

५३. **डिजाइन स्वीकृति** – शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७३/०७४ को अनुसूची २(ग) मा उल्लिखित विद्यालय भवन डिजाइन तथा निर्माणका लागि विभागको मापदण्डको बुँदा ७ मा बहुतले पक्की भवन बनाउँदा साइट प्लान सहितको विस्तृत ड्रइङ तथा डिजाइन बनाई अन्तिम स्वीकृतिका लागि विभागमा अनिवार्य पेश गर्ने व्यवस्था छ । देवदह माध्यमिक विद्यालय, रुपन्देही लगायतका ५ विद्यालयले बहुतले पक्की भवन बनाएकोमा विभागको स्वीकृति लिएको देखिएन । स्वीकृति नलिई भवन निर्माण गर्दा तोकिएको मापदण्ड भन्दा कमजोर संरचना निर्माण हुने भएकोले मापदण्डको पालना गर्न गराउन सम्बन्धित निकायले अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्दछ ।

५४. **अनुदान दर** – विद्यालय भवन निर्माणका लागि तोकेको ड्रइङ, डिजाइनबमोजिम जिल्ला दररेटका आधारमा लागत अनुमान तयार गरी सोको आधारमा अनुदान दिनुपर्ने व्यवस्था छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२।७३ र २०७३।७४ मा फर्निचरसहितको भवन निर्माणतर्फ २ कोठे भवनका लागि रु.१६ लाख, ४ कोठे भवनका लागि रु.३२ लाख, ६ कोठे भवनका लागि रु.४८ लाख र ८ कोठे भवनका लागि रु.५७ लाखका दरले देशभरका सम्पूर्ण विद्यालयलाई एउटै दरमा अनुदान दिने प्रावधान छ । हिमाली तथा दुर्गम क्षेत्रमा ढुवानी लागत बढी हुने भएकोले तोकिएको डिजाइन बमोजिमको भवन निर्माण गर्न अनुदान रकम अपर्याप्त हुने र ढुवानी सहज भएको क्षेत्रमा तोकिएको डिजाईनमा थप गरी विद्यालय भवन निर्माण गर्ने गरेको देखिएकोले एउटै दरमा अनुदान दिने प्रणालीमा सुधार गरी लागत अनुमानको आधारमा अनुदान दिने व्यवस्था मिलाउनुपर्दछ ।

५५. **भौतिक पूर्वाधार** – गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७ को दफा २.६ तथा कार्यक्रम कार्यान्वयन पुस्तिका २०७३/७४ मा भौतिक पूर्वाधारको न्यूनतम र अपेक्षित मापदण्ड तोकेको छ । उक्त मापदण्ड बमोजिम एक कक्षा कोठामा हिमाली क्षेत्रमा ३०, पहाडी क्षेत्रमा ३५ र तराईमा ४० विद्यार्थी अध्यापन गराउन सकिने उल्लेख छ । देशभर सामुदायिक विद्यालयमा अध्ययनरत कुल ८४ लाख २० हजार विद्यार्थीका लागि उक्त मापदण्डको आधारमा आवश्यक कक्षाकोठा र वर्तमान स्थितिको बिश्लेषणको आधारमा शिक्षा विभागले भवन निर्माणको दीर्घकालीन योजना तयार नगरी २०७३।७४ मा १३ हजार कक्षा कोठा निर्माण गर्ने लक्ष्य राखी बजेट निकासा गरेको छ । सोमेश्वर माध्यमिक विद्यालय, माडी चितवन लगायत ६ विद्यालयमा मापदण्डभन्दा बढी हुनेगरी एक कक्षा कोठामा १३५ सम्म विद्यार्थी राखी अध्ययन अध्यापन गराएको देखिएको छ । त्यसैगरी तारेबराह आधारभूत

सुझाउ

- भौतिक पूर्वाधारको लागतको आधारमा अनुदान दिनुपर्दछ,
- अनुदान रकम समयमै उपलब्ध गराउनुपर्दछ,
- संलग्न प्राविधिक जनशक्तिको सक्षमता वृद्धि गर्नुपर्दछ,
- सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्नुपर्दछ ।

विद्यालय माछापुच्छ्रे ८, कास्की लगायत ६ विद्यालयमा मापदण्ड बमोजिमको खेलमैदान नभएको, बेलहिया माध्यमिक विद्यालय, रुपन्देही लगायत ९ विद्यालयमा मापदण्ड बमोजिमको बिज्ञान तथा कम्प्युटर प्रयोगशाला सञ्चालनमा नरहेको, आधारभूत विद्यालय मोहनपुर, चितवन लगायत ६ विद्यालयमा फर्निचर सहितको पुस्तकालय व्यवस्थापन भएको देखिएन । यसबाट विद्यार्थीको शारीरिक र मानसिक विकास तथा गुणस्तरीय शिक्षा प्रवाहमा असर पर्ने देखिएकाले विद्यार्थी चापको आधारमा कक्षा कोठा व्यवस्थापन लगायतका न्यूनतम तथा अपेक्षित भौतिक पूर्वाधार तयार गर्नुपर्दछ ।

५६. **स्वामित्व** – शिक्षा विभागबाट प्राप्त विवरणबमोजिम देशभर २९ हजार २०७ विद्यालय भएकोमा विभागले ती विद्यालयको जग्गाको स्वामित्व सम्बन्धी अभिलेख राखेको छैन । लेखापरीक्षणको क्रममा स्थलगत अवलोकन गरिएका १८ मध्ये १५ (८३.३३ प्रतिशत) विद्यालयको जग्गाको स्वामित्व विद्यालयको नाममा रहेको देखिएन । अधिकांश सामुदायिक विद्यालय सार्वजनिक, सरकारी र पर्ती जग्गामा सञ्चालित छन् । यसले गर्दा थप भवन निर्माण गर्नका लागि स्थान अभाव हुने र अन्य नियामक निकायमा मापदण्ड स्वीकृतिका लागि पेश गर्दा जग्गाको स्वामित्व आवश्यक हुने भएकाले स्वीकृति लिन कठिनाई भएको छ । सम्बन्धित निकायले देशभरका विद्यालयको जग्गाको स्वामित्वको अभिलेख राख्ने, विद्यालयलाई दाताबाट हस्तान्तरण गरेका जग्गा नामसारी गरी लिने तथा स्वामित्व प्राप्त नभई सार्वजनिक, सरकारी र पर्ती जग्गामा सञ्चालित विद्यालयलाई आवश्यक जग्गा तथा स्वामित्व प्रदान गर्न नेपाल सरकारले अविलम्ब पहल गर्नुपर्ने देखिन्छ ।

५७. **जग्गा अतिक्रमण** – जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ६ (ग) बमोजिम साबिकमा सरकारी वा सार्वजनिक जग्गा जनिई नापजाँच भएको जग्गा कसैले आवाद, कमोद वा घरबास गरी अतिक्रमण गरी भोग गरेको भएपनि नापजाँच गर्दा त्यस्तो जग्गा सरकारी वा सार्वजनिक जग्गाको रुपमा दर्ता गर्नुपर्ने व्यवस्था छ । स्थलगत अवलोकनबाट २ विद्यालयको करिब ४ रोपनी ११ आना जग्गा स्थानीय युवा क्लब, नगरपालिकाको वडा कार्यालय र स्वास्थ्य चौकीले अतिक्रमण गरी कार्यालय भवन स्थापना गरेको देखियो । देशभरका सामुदायिक विद्यालयको अतिक्रमित जग्गाको लगत विभागले तयार गरी अतिक्रमण हटाई विद्यालयको नियन्त्रण कायम गर्नुपर्दछ ।

५८. **अन्य निकायबाट भवन निर्माण** – विकास साझेदार संस्थाबाट परिचालन हुने विकास सहायता केन्द्रीय बजेट प्रणालीबाट प्रवाह हुनुपर्दछ । लेखापरीक्षणको क्रममा: भद्रकाली माध्यमिक विद्यालय, कुंडहर कास्कीको एक भवन भारतीय राजदुतावास मार्फत प्राप्त सहयोगबाट निर्माण भएको, अन्नपूर्ण माध्यमिक विद्यालय, सिक्लेस कास्कीको एक भवन पाहार ट्रष्ट नेपालले निर्माण गरेकोमा जिल्ला शिक्षा कार्यालयको अनुमति लिएको देखिएन । विभागले रुम टु रिड, सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, वर्ल्ड भिजन, जर्मन नेपाल हेल्थ एशोसियसन, हिमालयन ट्रयट, वर्ल्ड एजुकेशन जस्ता संस्थाले विद्यालय भवन निर्माण कार्य गर्ने गरेको जनाए तापनि अभिलेख राखेको छैन । यस्ता संस्थाको नियमन गरी आवश्यकता र प्राथमिकताको आधारमा केन्द्रीय बजेट प्रणालीमार्फत सहयोग प्रवाह हुने व्यवस्था मिलाइनुपर्दछ ।

५९. **पूर्वाधार निर्माण अवस्था** – कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७२।७३ र २०७३।७४ मा कक्षा कोठा निर्माण गर्न विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा कार्यालयबीच प्रथम चौमासिकमा सम्झौता गरिसक्नुपर्ने, कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम निकासा दिनुपर्ने, कार्य सम्पन्न नगर्ने विद्यालयलाई अन्तिम किस्ता निकासा नदिने र आषाढ १५ सम्म कार्यालयले प्रतिवेदन प्रमाणित गरी सम्बन्धित निकायमा उपलब्ध गराई सक्नुपर्ने व्यवस्था गरेको छ । भौतिक सुविधा विस्तार कार्यक्रमको लागि २०७२।७३ मा रु.११ अर्ब २८ करोड १७ लाख बजेट विनियोजन भएकोमा रु.१० अर्ब ९ करोड ३३ लाख विद्यालयको खातामा निकासा गरेको आधारमा खर्च लेखेको र सोमध्ये ७२ जिल्ला शिक्षा कार्यालयले भवन निर्माण गर्न निकासा दिएको रु.६ अर्ब ५७ करोड १७ लाख र २०७३।७४ मा ६७ जिल्ला शिक्षा कार्यालयले भवन निर्माण गर्न दिएको रु.३ अर्ब ५७ करोड ५० लाख, छात्रा शौचालय रु.२१ करोड १० लाख ७८ हजार र भवन मर्मत रु.३२ करोड ७० लाख ९९ हजार समेत रु.४ अर्ब ११ करोड ३२ लाखको भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न गरेको छैन् । भौतिक पूर्वाधार निर्माण कार्य सम्पन्न नभएको, भवन अधुरो रहेको, तोकेको डिजाइन भन्दा फरक हुनेगरी भवन निर्माण भएको तथा कक्षा कोठा निर्माणको अनुदानबाट सभाहल जस्ता संरचना बनाएका कारण भौतिक पूर्वाधार निर्माण कार्य दक्ष र प्रभावकारी देखिएन ।

संगठित संस्था, अन्य संस्था र समिति

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

६०. **सम्बन्धन -** परिषद् अन्तर्गत ३४ आंगिक शिक्षालय, १८५ सामुदायिक विद्यालय, ५ साझेदारी विद्यालय र ९७९ निजी विद्यालयसमेत तालिम प्रदायक संस्था १ हजार २०३ रहेका छन् । यस सम्बन्धी विस्तृत विवरण निम्नानुसार छ:

क्र.सं.	संस्थाको प्रकार	डिप्लोमा कार्यक्रम मात्र सञ्चालन गर्ने	प्राविधिक एस.एल.सी.कार्यक्रम मात्र सञ्चालनगर्ने	दुवै कार्यक्रम सञ्चालन गर्ने	व्यावसायिक तालिम सञ्चालन गर्ने	जम्मा
१	आंगिक शिक्षालय	२१	२	९	२	३४
२	सामुदायिक विद्यालय	१७	१२६	४२	-	१८५
३	साझेदारी शिक्षालय	३	-	२	-	५
४	निजीस्तरबाट सञ्चालित शिक्षालय	१६८	१२६	३५	६५०	९७९
	जम्मा:	२०९	२५४	८८	६५२	१२०३

विभिन्न विषयका १ हजार २०३ संस्था दर्ता रहेकोमा ६ वटाले नवीकरण गराएका छैनन् । सम्बन्धनका लागि २०६८ सालभन्दा अगाडि माग भएका २५ प्रस्ताव तथा २०६९ सालको १ हजार ६९३ प्रस्ताव स्वीकृतिको प्रक्रियामा रहेको छ । परिषद्को नियमावली, २०५१ को नियम १९ मा अस्थायी स्वीकृति प्राप्त संस्थालाई २ वर्षभित्र स्थायी स्वीकृति दिन सक्नेमा हालसम्म कुनैपनि संस्थालाई स्थायी सम्बन्धन दिएको छैन । सम्बन्धनको लागि पेश भएका प्रस्ताव उपर छानविन गरी सम्बन्धन दिने कार्य समयमा टुङ्गो लगाउने, सम्बन्धन प्राप्त निकायको दर्ता, नवीकरण, सञ्चालन अवस्था, थप कार्यक्रम स्वीकृति आदि खुल्ने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने र ती संस्थाले पालना गर्नुपर्ने आचार संहिता, कार्यविधि, मार्गदर्शन तयार गरेको देखिएन । उक्त अभिलेख अद्यावधिक गरी सम्बन्धन प्राप्त संस्थाले पालना गर्नुपर्ने आचारसंहिता, कार्यविधि, मार्गदर्शन स्वीकृत गरी लागू गर्नुपर्दछ ।

६१. **अनुगमन -** परिषद् ऐन, २०४५ र नियमावली, २०५१ अनुसार प्राविधिक शिक्षालय सञ्चालन गर्न स्वीकृति लिनुपर्ने, अस्थायी/स्थायी स्वीकृति लिन र रद्द गर्न निवेदन दिनुपर्ने र परिषद्ले स्वीकृत स्थगन र रद्द गर्नसक्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार परिषद्बाट २०७३।७४ मा डिप्लोमातर्फ २०० संस्थाको ३५३ कार्यक्रमको अनुगमन हुँदा २ मा पर्याप्त पूर्वाधार नभएको र ५ सञ्चालनमा नरहेको देखिन्छ । यस्तै प्राविधिक एस.एल.सी.तर्फ २४० संस्थाको ४७० कार्यक्रमको अनुगमन हुंदा १६ संस्थाको २५ कार्यक्रमका लागि पर्याप्त पूर्वाधार नभएको र २० सञ्चालनमा रहेको देखिएन । सोमध्ये २ संस्थाको सम्बन्धन रद्द गर्ने कारबाही भएको छ । तर मापदण्ड पूरा नगरी सञ्चालन गरेका २७ र सञ्चालनमा नरहेका २५ मध्ये २ लाई मात्र कारबाही गरेकोले अनुगमन तथा कारबाही प्रक्रिया प्रभावकारी देखिएन ।

६२. **कार्य प्रगति -** परिषद्को आर्थिक प्रशासनसम्बन्धी विनियमावली, २०६२ को विनियम ६९ मा कार्यतालिका वा ठेक्काको शर्तबमोजिम निर्माण कार्यमा प्राविधिक कारण विना काममा ढिलाइ हुन गएमा आयोजना प्रमुख तथा लेखा उत्तरदायी अधिकारी जवाफदेही हुने व्यवस्था छ । परिषद्बाट प्राप्त विवरण अनुसार विभिन्न पोलिटेक्निकको भवन निर्माण र पुँजीगत सुधारमा भएको निकासा र खर्चको स्थिति निम्नानुसार छ:

(रु हजारमा)

वर्ष	निकासा	खर्च	प्रतिशत	बाँकी	प्रतिशत
२०७२/७३ सम्मको	१,७२,९५,६३,	१,१९,८१,२२	६९.२७	५३,१४,४१	३०.७२
२०७३/७४ को	५५,२८,१३	४०,२४,६७	७२.८०	१५,०३,४६	२७.२०
२०७३/७४ सम्मको	२,२८,२३,७६	१,६०,०५,८९	७०.१३	६८,१७,८७	२९.८७

ती कार्यको लागि हालसम्म रु.२ अर्ब २८ करोड २३ लाख ७६ हजार निकासा दिएकोमा ७०.१३ प्रतिशत खर्च भएको छ । यो वर्ष २४ पोलिटेक्निक भवन निर्माण तथा पुँजीगत सामान खरिदका लागि रु.५५ करोड २८ लाख १३ हजार निकासा दिएकोमा ७२.८० प्रतिशत खर्च गरेको छ । निर्माण कार्य सम्पन्न हुन नसकेकोले स्वास्थ्य सम्बन्धी तालिम दिई दक्ष जनशक्ति उत्पादन गर्ने कार्यमा असर परेको छ । अत:

तोकिएको समयमा खरिद तथा निर्माण कार्य सम्पन्न गरी उपलब्ध श्रोत साधनको प्रभावकारी तवरले उपयोग नभएको सम्बन्धमा लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार बनाइनुपर्दछ ।

जग्गा खरिद गर्न यो वर्ष रु.६ करोड निकासा दिएकोमा रु.९ लाख ९० हजार मात्र खर्च भई रु.५ करोड ९० लाख १० हजार बाँकी रहेको छ । परिषद्को वार्षिक कार्यक्रममा जग्गा खरिद कार्यक्रम नरहेकोले उक्त रकमबाट खरिद गर्नुपर्ने संस्था र स्थान समेत यकिन भएन । उक्त रकम प्रयोगविहीन अवस्थामा रहेकोले परिषद्मा फिर्ता हुनुपर्दछ ।

६३. **भवन निर्माण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ (१) मा सार्वजनिक निकायले निर्माण कार्य गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन, योजना, नक्सा डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने उल्लेख छ । जय किशान पोलिटेक्निक इन्स्टिच्यूट, रौतहतमा गत वर्ष रु.४ करोड १२ लाख १२ हजारको लागतमा १ हजार ५४५ वर्गमिटर प्लिन्थ एरिया रहेको भूईंतला भवन निर्माण गरेकोमा यो वर्ष सोही भवनमा २.५ तल्ला थप गर्न रु.९ करोड ७६ लाख ८६ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र प्रक्रियाबाट एक निर्माण व्यवसायीसँग २०७५।३।१४ सम्म सम्पन्न गर्ने गरी २०७४।३।१५ मा रु.७ करोड ७८ लाख ७८ हजारमा सम्झौता भएको छ । यो वर्ष रु.१ करोड ३७ लाख ८३ हजार मोविलाइजेशन पेश्की भुक्तानी भएको छ । भवनको लागत अनुमान एकै पटक नगरी पटक पटक तयार गरी कार्य गराउँदा प्रतिस्पर्धा र गुणस्तरमा असर पर्ने, निर्माण लागत वृद्धि तथा समय बढी लाग्ने अवस्था रहेको छ ।

उक्त कार्यको सम्झौता तथा कार्यादेशअनुसार २०७५।३।१४ मा सम्पन्न गर्नुपर्नेमा २०७५ कार्तिक मसान्तसम्म हस्तान्तरण गर्नेगरी सदस्य सचिवबाट कार्यतालिका स्वीकृत गरेको देखियो । यसरी सम्झौताको शर्त विपरीत बढी समयावधि भएको कार्यतालिका स्वीकृत गर्ने सदस्य सचिवलाई जिम्मेवार बनाइनुपर्दछ ।

सीप विकास परियोजना

नेपाल सरकार र एसियाली विकास बैक बीचको अनुदान सम्झौता अनुरुप बजारमैत्री, सामाजिक, लैङ्गिकमैत्री, रोजगारमूलक, प्राविधिक तथा व्यावसायिक तालिम प्रदान गर्नु, आधारभूत, मध्यकालीन, बजारोन्मुख तालिम प्रदान गरी स्वदेशी तथा विदेशी श्रम बजारमा आवश्यक पर्ने ४५ हजार सीपयुक्त जनशक्ति तयार गर्ने उद्देश्यले अमेरिकी डलर २ करोड र ५० लाखको लागतमा यस परियोजना २०७० श्रावणदेखि सञ्चालन हुदैं आएको र २०७५ कार्तिकमा सम्पन्न गर्ने लक्ष्य रहेको छ ।

६४. **लक्ष्य, प्रगति तथा खर्च** - वार्षिक रुपमा सम्पादन गर्ने गरी बजेट र कार्यक्रममा तोकिएका कार्यहरु निर्धारित समयमा सम्पन्न गर्नुपर्दछ । परियोजनाको लागि यो वर्ष रु.६४ करोड ३९ लाख ९७ हजार विनियोजन भई रु.५४ करोड ८ लाख २९ हजार (८४.९८ प्रतिशत) खर्च गरेको छ । सोमध्ये कार्यक्रमसंग सम्बन्धित प्रत्यक्ष खर्च (परामर्श सेवा, कर्मचारी तालिम, सीप विकास र कार्यक्रम) का लागि रु.४८ करोड ६४ लाख २२ हजार विनियोजन भएकोमा रु.४२ करोड ७४ लाख ३५ हजार (८७.८७ प्रतिशत) खर्च गरी ७१.२९ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ । परियोजनाले यो वर्ष २८ मुख्य कार्यक्रम सञ्चालन गर्ने गरी वार्षिक कार्यक्रम स्वीकृत भएकोमा रु.६ करोड ५९ लाखको २ कार्यक्रम सञ्चालन गरेको पाइएन । वार्षिक लक्ष्य अनुरुपको कार्यक्रम सञ्चालन नगरी निकासा रु.४ करोड ६० लाख ८१ हजार फ्रिज भएको छ ।

६५. **लागत अनुमान तथा बोलपत्र स्वीकृति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४(२) मा परामर्श सेवाको पचास लाख रुपैंयाभन्दा बढी रकमको लागत अनुमान र ३ करोड रुपैंयाभन्दा बढीको बोलपत्र विभागीय प्रमुखबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ । संगठन संरचना अनुसार परियोजना प्रमुखलाई विभागीय प्रमुखको अधिकार दिएको नदेखिएकोमा तालिम सञ्चालनका १३ प्याकेजको प्रति प्याकेज पचास लाख रुपैंयाभन्दा बढीको लागत अनुमान र ३ करोड रुपैंयाभन्दा बढीको बोलपत्र परियोजना प्रमुखबाट स्वीकृत भएको छ । उक्त लागत अनुमान र बोलपत्र परिषदका सदस्य सचिवबाट स्वीकृत हुनुपर्दछ ।

६६. **प्याकेज निर्माण** - परियोजनाले निजी तालिम प्रदायक संस्था मार्फत ३६ हजार जनालाई तालिम दिने लक्ष्यअनुसार १ हजार ८०० देखि ३ हजार ४२० जनासम्मको १३ प्याकेज बनाई प्रति प्याकेज मूल्य अभिवृद्धि करबाहेक रु.४ करोड ७४ लाख देखि रु.१० करोड ९ लाखसम्म हुने गरी लागत अनुमान स्वीकृत भएको छ । उक्त सबै प्याकेजको लागत अनुमान रु. १ अर्ब ११ करोड ५ लाख रहेकोमा रु.१ अर्ब १६ करोड ६६ लाख (समग्रमा ५.०५ र प्याकेजगतमा ९८.५५ देखि ११६.८१ प्रतिशतसम्म) को प्रस्ताव स्वीकृत गरेको छ ।

उल्लिखित संख्याको लागि तालिम सञ्चालन गर्ने स्थान (कक्षा/हल), तालिमको लागि आवश्यक पर्ने सामग्रीहरु, व्यवहारिक कक्षाको लागि आवश्यक पूर्वाधार लगायतका क्षमता तालिम प्रदायक संस्थासंग भए नभएको माग गर्ने प्रावधान बोलपत्र कागजातमा उल्लेख छैन भने ती विषयमा बोलपत्र मूल्याङ्कन गर्दा समेत ध्यान दिएको छैन । सीमित संस्थाले मात्र भाग लिन सक्ने गरी तालिम प्याकेज ठूलो बनाएको कारण ९ संस्थाले १३ प्याकेजको काम पाएको देखिएको छ । लागतमा प्रतिस्पर्धा भएको समेत देखिएन ।

६७. **थप व्ययभार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले नर्म्स् स्वीकृत गरेकोमा त्यस्तो नर्म्स् सम्बन्धित सेवाको कार्यक्षेत्रगत शर्त, अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्ने उल्लेख छ । परियोजना अवधिभर निजी सेवा प्रदायक संस्था मार्फत ३६ हजारलाई छोटो अवधिको ३ महिना/३९० घण्टाको तालिम सञ्चालन गर्ने उल्लेख छ । परियोजनाले प्रतिव्यक्ति लागत अनुमान मूल्य अभिवृद्धि कर बाहेक रु.२६ हजार ३२७ देखि रु.३६ हजार ९७६ सम्म हुने गरी स्वीकृत गरेकोमध्ये प्रशिक्षार्थीलाई दिने छात्रवृत्ति तथा तालिम प्रदायक संस्थाले रोजगारमा सहयोग गरेवापत पाउने अतिरिक्त भुक्तानी समेत ३ आइटमको लागत कटाउंदा प्रत्यक्ष तालिम खर्च प्रतिव्यक्ति रु.२७ हजार १७६ सम्म रहेको छ । परियोजनाले लागत अनुमान तयार गर्दा आधार खुलाएको छैन ।

शिक्षा मन्त्रालय अन्तर्गतकै व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (इभेण्ट) ले समेत विश्व बैङ्कको सहयोगमा यस्तै प्रकारको तालिम प्रदान गर्दै आएको छ । उक्त दुवै परियोजनाले सञ्चालन गर्ने तालिमको पाठ्यक्रम र अवधि समान रहेको छ । इभेण्ट परियोजनाले परिषद्का निर्देशकको अध्यक्षतामा गठित लागत अनुमान निर्धारण समितिको सिफारिसलाई आधार लिई २०६९।७० देखि २०७२।७३ सम्म प्रतिव्यक्ति लागत रु.१५ हजारदेखि रु.१६ हजार २ सयसम्म हुने गरी स्वीकृत गरेको छ ।

लागत अनुमान तयार गर्दा यस्तै प्रकृतिका अन्य परियोजनाले खरिद गर्दा लागेको वास्तविक लागतलाई आधार लिनुपर्नेमा सोअनुसार गरेको पाइएन । सीप विकास परियोजनाले प्रतिव्यक्ति रु.१० हजार ९७६ सम्म बढी हुने गरी ३५ हजार ८४० जनाको लागि रु.३९ करोड ३३ लाख ८० हजार बढीको लागत अनुमान स्वीकृत गरी समग्रमा लागत अनुमानभन्दा ५.०५ प्रतिशत बढीको आर्थिक प्रस्ताव स्वीकृत गरेको सम्बन्धमा छानविन गरी कारबाही गर्नुपर्दछ ।

६८. **प्रचार प्रसार सेवा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्ने आधार निर्धारण गरेको छ । परियोजनाबाट सञ्चालित तालिम कार्यक्रमको रेडियो तथा टेलिभिजनबाट प्रचार प्रसार गर्न रु.१ करोड ११ लाख ७३ हजारको लागत अनुमान स्वीकृत गरेकोमा उक्त कार्यमा संलग्न जनशक्ति, समयावधि तथा दररेट सम्बन्धमा कुनै आधार लिएको छैन । उक्त कार्य गर्न एक फर्मको मूल्य अभिवृद्धि कर समेत रु.१ करोड ११ लाख ६४ हजारको प्रस्ताव स्वीकृत गरी यो वर्ष रु.४६ लाख ३५ हजार भुक्तानी भएको छ । नियम १४(२) बमोजिम उक्त लागत अनुमान परिषदका सदस्य सचिवबाट स्वीकृत हुनुपर्नेमा परियोजना निर्देशकबाट स्वीकृत भएको छ ।

६८.१. प्रचार प्रसार सामग्री लेखन कार्यको लागि ६ महिनाको पारिश्रमिक रु.७ लाख ५० हजार लाग्ने उल्लेख भएकोमा उक्त कार्य समयावधिको आधारमा हुने प्रकृतिको काम नभएकोले उक्त समय र रकम निर्धारण गरेको आधार स्पष्ट छैन । पाँच स्थानीय भाषामा रेडियोबाट १।१ मिनेटको प्रसारण सामग्री (जिंगल) उत्पादन गर्न शोधभर्ना खर्च अन्तर्गत रु.१ लाख ५० हजारको लागत अनुमान स्वीकृत भएकोमा रु.२२ लाख ५० हजारको प्रस्ताव स्वीकृत गरी खर्च पुष्टि हुने बिल भरपाई बेगर भुक्तानी दिएको छ ।

६८.२. सम्झौताको अनुसूची डी मा प्रोभिजनल सम र शोधभर्ना हुने खर्च वास्तविक खर्चको आधारमा भुक्तानी दिने र प्रोभिजनल सममा व्यवस्था भएको रकम खर्च गर्नुपर्ने भएमा सोको छुट्टै लागत अनुमान तथा दररेट परियोजनाबाट पूर्व स्वीकृत हुनुपर्ने व्यवस्था छ । यो वर्ष शोधभर्ना हुने खर्च अन्तर्गत रु.२७ लाख १९ हजार, प्रोभिजनल समबाट रु.९ लाख ४ हजार र सम्झौतामा समावेश नभएको स्टाफ खर्च रु.४ लाख ७८ हजार समेत मूल्य अभिवृद्धि कर बाहेक रु.४१ लाख १ हजार भुक्तानी भएकोमा ती खर्च पुष्टि हुने बिल भरपाई लगायतका कागजात पेश गरेको छैन । प्रोभिजनल समबाट खर्च लेखेकोमा परियोजनाबाट पूर्व स्वीकृति लिएको र दररेट तय गरेको छैन । सम्झौतामा उल्लिखित शर्त पूरा नगरी भुक्तानी दिनेलाई कारबाही गरी

सम्झौतामा उल्लेख नभएको मूल्य अभिवृद्धि करसमेत रु.५ लाख ४० हजार असुल गरी खर्च पुष्टि हुने कागजात पेस हुनुपर्दछ ।

६९. **अनुगमन विज्ञ नियुक्ति** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । तालिम कार्यक्रमको अनुगमन गर्ने कार्यको लागि २ जना अनुगमन विज्ञ १४ महिनाको लागि नियुक्ति गर्न प्रतिव्यक्ति मासिक रु.३ लाख ४९ हजारका दरले रु.९७ लाख ७७ हजारको लागत अनुमान स्वीकृत गरी लागत अनुमान बमोजिमकै पारिश्रमिक पाउने गरी नियुक्ति भएअनुसार २०७४ आषाढसम्म रु.६ लाख ७८ हजारका दरले रु.१३ लाख ५६ हजार भुक्तानी गरेको छ । अनुगमन कार्यको लागि परियोजनामा १२ स्थायी कर्मचारी कार्यरत रहेकोमा सोही कामको लागि थप अनुगमनकर्ता नियुक्ति गरी खर्च लेखेको औचित्यपूर्ण देखिएन । अनुगमन विज्ञ छनौट गर्दा छनौट समितिले मूल्याङ्कन समेत गलत गरी नपाउने अङ्क प्रदान गरी छनौट गरेकोले छनौट समितिका पदाधिकारीलाई कारबाही गरिनुपर्दछ ।

निजहरुलाई दैनिक पारिश्रमिक रु.७ हजार, भ्रमण खर्च तथा दैनिक भत्ता रु.९ हजार ५०० लगायत सुविधा पाउने र २२ दिन काम गरेपछि मासिक रु.३ लाख ४९ हजार भुक्तानी गर्ने गरी दररेट तय गरेकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ बमोजिम आधार खुलाएको छैन । शिक्षा मन्त्रालयले विभिन्न निकायको कार्यसम्पादन परीक्षण गर्ने कार्यको लागि दैनिक पारिश्रमिक रु.५ हजार र भ्रमण तथा दैनिक भत्ता रु.७ हजार पाउने गरी लागत अनुमान स्वीकृत गरी विद्यावारिधी गरेका प्रध्यापकबाट काम गराएको छ । तालिम अनुगमन जस्तो सामान्य कामको लागि आधार बेगर स्वीकृत गरेको लागत अनुमान वास्तविक देखिदैंन । सवारी साधन भाडा वापत रु.३१ लाख भुक्तानी दिने गरी सम्झौता गरेको छ । उक्त रकमबाट सवारी साधन खरिद गर्न सकिने देखिन्छ ।

७०. **विदेश भ्रमण** - परियोजना म्यानुअलमा पहिलो वर्ष १० जना र दोस्रो, तेस्रो, चौथौ वर्ष ५।५ जनाका दरले १५ जना गरी ४ पटकमा नीति निर्माण कार्यमा संलग्न हुने उच्च तहका २५ जनालाई दुई हप्ताको लागि एशिया प्यासिफिक क्षेत्रमा भ्रमण गराउने उल्लेख छ । यो वर्ष तत्कालीन शिक्षा मन्त्री लगायत १० जनाले अष्ट्रेलिया र १९ जनाले हङकङ समेत २९ जनाले भ्रमण गरी रु.९९ लाख ६३ हजार खर्च लेखेको छ । परियोजना म्यानुअलमा २५ जना भ्रमण गर्ने उल्लेख भएकोमा गत वर्ष २२ जनाले भ्रमण गरेको र यो वर्ष २९ जनाले भ्रमण गरेको सम्झौता विपरीत देखियो ।

७०.१. यो वर्ष २४ जनाले भ्रमण गर्ने गरी शिक्षा मन्त्रालयबाट वार्षिक कार्यक्रम स्वीकृत भएकोमा कार्यक्रम संशोधन नगरी २९ जनाले भ्रमण गरेको र भ्रमणको लागि रु.५९ लाख बजेट व्यवस्था भएकोमा मन्त्रालयबाट कार्यक्रम संशोधन र रकमान्तर स्वीकृत हुनुपर्नेमा परिषद्का सदस्य सचिवले सीप विकास तथा जनचेतना शीर्षकमा बचत रकमबाट रु.३२ लाख ५० हजार रकमान्तर गरी भ्रमण खर्च लेखेको नियमित देखिएन ।

७०.२. अष्ट्रेलिया भ्रमणको सहजकर्ता भई काम गर्ने भनी कोलम्बो प्लान स्टाफ कलेज, फिलिपिन्सलाई रु. १४ लाख १८ हजार र हङकङ भ्रमणको सहजकर्ता भई काम गर्न उक्त कलेज र अर्को एक फर्मलाई क्रमशः रु.२ लाख २७ हजार र रु.५ लाख १० हजार समेत रु.२१ लाख ५५ हजार भुक्तानी दिएको छ । सो खर्चमा स्थानीय यातायात खर्च, समन्वयकर्ताको पारिश्रमिक, सांस्कृतिक कार्यक्रम, विविध खर्च र व्यवस्थापन तथा समन्वय खर्च समावेश रहेको देखिन्छ । भ्रमण खर्च नियमावली, २०६४ मा भ्रमण कार्यमा भ्रमण एजेन्सीको सहयोग लिई खर्च गर्ने व्यवस्था छैन । नियम विपरीत खर्च लेख्नेलाई कारबाही गर्नुपर्दछ ।

७१. **बढी भुक्तानी** - अर्थ मन्त्रालयबाट जारी भएको कार्य सञ्चालन निर्देशिका, २०७३ विपरीत हुने गरी भुक्तानी दिएको बैठक भत्ता रु.१० लाख ७८ हजार, भवन निर्माण कार्यको नापी किताबमा उल्लिखित परिमाणभन्दा बढी भुक्तानी दिएको रु.१२ लाख ९० हजार, विदेश भ्रमण गर्दा नपाउने दैनिक भत्ता भुक्तानी रु.४ लाख ९० हजार, नियमले नपाउने व्यावसायिक उडानको हवाई भाडा रु.३ लाख ६३ हजार र हङकङ भ्रमणमा बढी भुक्तानी भएको यातायात खर्च रु.२ लाख ८३ हजार समेत रु.३५ लाख ४ हजार असुल हुनुपर्ने देखिएकोमा बैठक भत्ता रु.९ लाख ३३ हजार र विदेश भ्रमणको दैनिक भत्ता रु.२ लाख ८८ हजारसमेत रु.१२ लाख २१ हजार असुल भएको छ । बाँकी रु.२२ लाख ८३ हजार असुल हुनुपर्दछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१)ख मा निर्माण कार्यको नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ । परियोजनाले प्राविधिक

शिक्षालय, धनकुटा र तनहूंको भवन निर्माण कार्यको अधिल्ला रनिङ्ग बिलबाट नभएको कामको रु.२३ लाख ४० हजार भुक्तानी गरेकोले अन्तिम बिलबाट समायोजन गरेको छ । यसरी नभएको कामलाई भएको भनी निर्माण व्यवसायीलाई अग्रिम भुक्तानी दिने पदाधिकारी तथा नापजाँच गर्ने प्राविधिकलाई कारबाही गर्नुपर्दछ । अग्रिम भुक्तानी प्राप्त गरेको र अन्तिम बिलबाट हिसाव मिलान गरेको अवधिको लागि १० प्रतिशत ब्याज असुल गर्नुपर्दछ ।

यस्तै परियोजना बाहिरका नम्बर र स्वामित्व समेत नखुल्ने साधनको लागि इन्धन दिएको, मापदण्ड विपरीत खाजा, खाना खर्च लेखेको, नियमावलीविपरीत सवारीसाधन भाडा दिएको समेत रु.१५ लाख नियमविपरीत भुक्तानी दिएको छ । यसरी नियम तथा मापदण्डविपरीत बढी भुक्तानी दिने पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

परीक्षा नियन्त्रण कार्यालय

७२. **मितव्ययिता -** कार्यालयले १६ पेजको मूलउत्तरपुस्तिका १२ लाख ५९ हजार ५०० थान रु.१०।- का दरले र थपउत्तरपुस्तिका ३ लाख ९७ हजार १०० थान रु.२।५० का दरले जनक शिक्षा सामग्री केन्द्रबाट सोझै खरिद गरी रु.१ करोड ५३ लाख ५४ हजार भुक्तानी गरेको छ । एस.ई.ई परीक्षा सञ्चालन गर्ने परीक्षा नियन्त्रण कार्यालयले बोलपत्रको माध्यमबाट ७५ जिल्ला सदरमुकामसम्म ढुवानीसहित १६ पेजको मूलउत्तरपुस्तिका प्रतिथान रु.५।१५ का दरले खरिद गरेको छ । उक्त केन्द्रबाट सोझै खरिद गर्दा मुल उत्तरपुस्तिकाको लागि प्रति थान रु.४।८५ ले मूल्य अभिवृद्धि कर समेत रु.६९ लाख ३ हजार थप व्ययभार परेको देखियो । खरिद कार्य गर्दा मितव्ययितातर्फ ध्यान दिनुपर्दछ ।

त्रिभुवन विश्वविद्यालय

आवश्यक दक्ष जनशक्ति तयार गर्न उच्च शिक्षा प्रदान गर्ने स्वायत्त संस्थाको रुपमा २०१६ सालमा स्थापना भएको त्रिभुवन विश्वविद्यालय अन्तर्गत ६० आङ्गिक र १ हजार ६३ सम्बन्धन प्राप्त समेत १ हजार १२३ क्याम्पस रहेका छन् । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, सेवा आयोग, केन्द्रीय विभाग ३९, अनुसन्धान केन्द्र ४, आंगिक क्याम्पस ६० र अन्य कार्यालय २६ लगायत १२९ निकाय सञ्चालनमा रहेका छन् ।

७३. **वित्तीय विवरण –** विश्वविद्यालयले २०७३।७४ को केन्द्रीय कार्यालय, मातहतका आङ्गिक क्याम्पस तथा निकाय समेतको एकीकृत वासलात र वित्तीय विवरण २०७४।१२।१६ मा मात्र पेस गरेको छ । विश्वविद्यालय र अन्तर्गतका निकायले पूँजीगत सम्पत्तिको विवरण खुल्ने सम्पत्ति खाता, पेस्की, दायित्व तथा धरौटी लगायत केन्द्रीय कोषका खाताहरु अद्यावधिक गरेका छैनन् । यसबाट विश्वविद्यालयको समग्र आय-व्यय एवं सम्पत्ति तथा दायित्वको स्थिति यकिन गर्न सकिएन ।

७४. **लेखापरीक्षण -** विश्वविद्यालयको आय-व्ययको विवरण तयार गरी लेखा अद्यावधिक राखी आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यो वर्ष विश्वविद्यालय अन्तर्गतका १२९ मध्ये ८५ निकायले आन्तरिक लेखापरीक्षण गराई वित्तीय विवरण पेस गरेका छन् । समयमा आन्तरिक लेखापरीक्षण गरी वित्तीय विवरण पेस नगरेकोले केन्द्रीय कार्यालय, शिक्षण अस्पताल लगायत ४४ निकायको लेखापरीक्षण हुन सकेन । आन्तरिक लेखापरीक्षण गराई वित्तीय विवरण पेस नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

गत वर्षसम्मको वक्यौता ४१७ मध्ये यो वर्ष १८३ इकाइले वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराएका छन् । विश्वविद्यालय, केन्द्रीय कार्यालय र अन्तर्गतका निकायहरुको चालू वर्ष र विगत आर्थिक वर्षहरुको लेखापरीक्षण नगराएको कार्यालय संख्या ९३ र आर्थिक वर्ष संख्या २७८ (चालू ४४ र बक्यौता २३४ समेत) रहेको छ । सार्वजनिक लेखा समितिले २०६९ वैशाखमा तीन महिनाभित्र बक्यौता लेखापरीक्षण गराउन निर्देशन दिएको भए तापनि सोको पालना नभएको व्यहोरा विगत प्रतिवेदनमा औँल्याइएको थियो । महालेखापरीक्षकको कार्यालयबाट पटक पटक छलफल तथा पत्राचार गरी यो वर्ष ती कार्यालयहरुको लेखापरीक्षण गर्न टोली खटाई संस्थाका पदाधिकारीलाई प्रमाणित वित्तीय विवरणसहित स्रेस्ता उपलब्ध गराउन निर्देशन दिए तापनि लेखा तथा वित्तीय विवरण पेस नगरेकोले लेखापरीक्षण हुन सकेन । यसमा सम्बन्धितलाई जिम्मेवार बनाई भविष्यमा लेखापरीक्षण नगराउने प्रवृत्तिको पुनरावृत्ति नहुने व्यवस्था गर्नुपर्दछ ।

७५. **विश्वविद्यालय कोष** - त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ मा विश्वविद्यालयको एक कोष रहने व्यवस्था छ । विश्वविद्यालय अनुदान आयोगबाट यो वर्ष ७ निकायमा रु(११ करोड ७७ लाख ७० हजार निकासा भएकोमा विश्वविद्यालयको केन्द्रीय खातामा जम्मा नगरी सम्बन्धित निकायले सिधै खर्च गरेको छ । सबै किसिमका आम्दानी कोषमा देखाई लेखापरीक्षण गराउनुपर्दछ ।

७६. **कोष दाखिला -** नियमित शीर्षकदेखि बाहेक अन्य आम्दानीबाट ९० प्रतिशतसम्म खर्च गरी बाँकी रकम विश्वविद्यालय कोषमा जम्मा गर्नुपर्ने व्यवस्था भएकोमा यो वर्ष विश्वविद्यालय अन्तर्गतका ५६ (बक्यौता समेत) इकाइले आम्दानी देखाएको रु.१ अर्ब ५० करोड १२ लाखको १० प्रतिशतले हुने रु.१५ करोड १ लाख २७ हजार विश्वविद्यालय कोषमा जम्मा गरेको छैन । सो रकम यथाशीघ्र जम्मा हुनुपर्दछ ।

७७. **धरौटी** - त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० मा खर्च नभई बाँकी रहेको रकम केन्द्रीय कार्यालयको कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा १५ निकायले उच्च शिक्षा परियोजनाबाट निकासा भएको रकममध्ये रु.९ करोड २ लाख १६ हजार त्रि.वि.कोषमा फिर्ता नगरी धरौटीमा सारेको छ । उक्त रकम केन्द्रीय कोषमा जम्मा गर्नुपर्दछ ।

७८. **पेस्की -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० मा तोकिएको म्यादभित्र पेस्की फछ्यौंट नगरेमा म्याद नाघेको मितिले वार्षिक १२ प्रतिशतका दरले व्याज लिने र त्यस्तो शिक्षक, कर्मचारी उपर सेवा शर्तसम्बन्धी नियम बमोजिम आवश्यक कारबाही गरिने उल्लेख छ । विश्वविद्यालय र अन्तर्गत ७६ निकायमा यो वर्षसम्म कर्मचारी पेस्की रु(३ करोड ३६ लाख ७७ हजार र १३१ निकायमा अन्य पेस्की रु.६९ करोड ६३ लाख ७१ हजार समेत रु(७३ करोड ४८ हजार फछ्यौंट हुन बाँकी रहेको छ । नियमको व्यवस्था बमोजिम आवश्यक प्रक्रिया अवलम्बन गरी समयमा नै पेस्की फछ्यौंट गराउनुपर्दछ ।

७९. **बढी खर्च -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० मा स्वीकृतिबेगर विनियोजित बजेटभन्दा बढी खर्च गर्न नहुने व्यवस्था छ । यो वर्ष ६१ निकायले धरौटी तथा अन्य मौज्दातबाट तलव भत्तासमेतका शीर्षकमा स्वीकृत बजेटभन्दा रु.४७ करोड ६१ लाख ९ हजार बढी खर्च गरेका छन् । यस प्रकार खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

८०. **बैङ्क हिसाब मिलान -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० मा संगठन वा निकाय प्रमुखले हिसाब किताब रीतपूर्वक राखी सम्बन्धित निकायमा पेस गर्नुपर्ने व्यवस्था छ । आर्थिक कारोबार सञ्चालन गदां बैङ्क हिसाब भिडान गरी हिसाब मिलान गर्नुपर्नेमा लेखापरीक्षण सम्पन्न भएकामध्ये मानविकी डीनको कार्यालय, जनसंख्या केन्द्रीय विभाग, शिक्षण अस्पताल, रत्नराज्य लक्ष्मी क्याम्पस र भक्तपुर बहुमुखी क्याम्पससमेत ५ निकायको रु.२८ करोड ३८ लाख ६३ हजार स्रेस्ताभन्दा बैङ्क घटी र अर्थशास्त्र केन्द्रीय विभाग, इन्जिनियरिङ थापाथली क्याम्पस लगायत ६३ निकायको रु.३ अर्ब ५८ करोड ६१ लाख ४८ हजार बैङ्क बढी देखिन्छ । नियमित बैङ्क हिसाब मिलान नगरिँदा बैङ्क घटी भएको सम्बन्धमा सम्बद्ध कर्मचारीलाई जिम्मेवार बनाई तालुक निकायले छानविन गरी टुङ्गो लगाउनुपर्दछ । बैङ्क हिसाब मिलान गरी वास्तविक बैङ्क मौज्दातको यकिन गनुंपदंछ ।

८१. **भुक्तानीमा कर -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम पारिश्रमिक आय, सेवा शुल्क, भाडा र ठेक्का रकम भुक्तानीमा कर कट्टा गर्नुपर्नेमा ७८ निकायले रु.१ करोड ४३ लाख ५८ हजार कर कट्टा गरेका छैनन् । उक्त रकम सम्बन्धितबाट असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

८२. **दरबन्दी र पदपूर्ति –** त्रिभुवन विश्वविद्यालय शिक्षक कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ४ मा शिक्षक तथा कर्मचारीको दरबन्दी तोकिनुपर्ने र सेवा आयोगबाट सिफारिस भई आएकालाई नियुक्ती दिने व्यवस्था छ । सेवा आयोगलाई पद रिक्त भएको सूचना दिई नियमको व्यवस्था बमोजिम पदपूर्तिको प्रक्रिया अगाडि नबढाई ३१ निकायले शिक्षक र कर्मचारी करारमा भर्ना गरी रु.२२ करोड ५४ लाख २९ हजार तलब भत्ता खर्च लेखेका छन् । नियमानुसार दरबन्दी निर्धारण गरी पदपूर्ति गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

८३. **शिक्षक विद्यार्थी अनुपात** – विश्वविद्यालय मातहत ५ अध्ययन संस्थान, ४ संकाय अन्तर्गत ६० आंगिक क्याम्पस, ३८ केन्द्रीय विभाग र १ हजार ८४ सम्बन्धन प्राप्त क्याम्पसमा विभिन्न कार्यक्रमहरु सञ्चालन

भइरहेका छन् । प्राप्त विवरणअनुसार विश्वविद्यालयअन्तर्गत विद्यार्थी संख्या १ लाख ३८ हजार ५२१ र शिक्षकको संख्या ८ हजार ६५ रहेको छ । निजी क्याम्पसतर्फ अध्ययनरत विद्यार्थी संख्या २ लाख २८ हजार ९०६ रहेको देखिन्छ । विश्वविद्यालयले विगत ३ वर्षमा क्रमशः ६१ हजार ६७७, ८३ हजार ४२८ र ६८ हजार ५७५ जनशक्ति उत्पादन गरेको छ ।

लेखापरीक्षण गरिएकामध्ये उपत्यकास्थित केन्द्रीय विभागतर्फ मनोविज्ञान, भूगोलशास्त्र, समाजशास्त्र, गणित, अंग्रेजी र क्याम्पसतर्फ महाराजगञ्ज चिकित्साशास्त्र अध्ययन संस्थान, रत्नराज्य लक्ष्मी क्याम्पस, पद्मकन्या क्याम्पस, ईन्जिनियरिङ्ग क्याम्पस पुल्चोक, थापाथली र अमृत साइन्स क्याम्पस समेत १३ विभाग तथा क्याम्पसको शिक्षक विद्यार्थीको संख्या अध्ययन गर्दा विद्यार्थी संख्या १३ हजार ६९७ र शिक्षकको संख्या १ हजार २५१ रहेको पाइयो । उल्लेखित क्याम्पसले तलवमा मात्र रु.६६ करोड ८५ लाख ६२ हजार खर्च भएको देखिन्छ । कुल शिक्षक विद्यार्थी संख्या भूगोलशास्त्र केन्द्रीय विभागमा सबैभन्दा न्यून १:०.४६ र रत्नराज्य लक्ष्मी क्याम्पसमा बढी १:२५.८८ देखिएको छ । विश्वविद्यालयले शिक्षक विद्यार्थी अनुपातको मापदण्ड तय गरी बढी भएका शिक्षकहरुको दरबन्दी मिलान गरी शिक्षक विद्यार्थी अनुपातमा सामन्जस्य ल्याउन र उपलब्ध स्रोत साधनको उच्चतम उपयोग गर्न ध्यान दिनुपर्दछ ।

८४. **वार्षिक परीक्षाको नतिजा स्थिति -** शैक्षिक संस्थाहरुमा गरेको लगानीको उचित प्रतिफल प्राप्त हुनुपर्दछ । इन्जिनियरिङ अध्ययन संस्थान परीक्षा नियन्त्रण कार्यालयबाट प्राप्त विवरणअनुसार शैक्षिक सत्र २०६८ देखि २०७० सम्मको इञ्जिनियरिङ स्नातक (बी.ई.) ४ वर्षे कार्यक्रमको नतिजा स्थिति निम्नानुसार रहेको छ ।

शैक्षिक सत्र	आंगिकतर्फ विद्यार्थी संख्या (वि.ई.तर्फ)			सम्वन्धन प्राप्त क्याम्पस तर्फ विद्यार्थी संख्या (वि.ई.तर्फ)			समग्र (वि.ई.तर्फ)		
	परीक्षामा सहभागी विद्यार्थी	उत्तीर्ण	उत्तीर्ण प्रतिशत	परीक्षामा सहभागी विद्यार्थी	उत्तीर्ण प्रतिशत	उत्तीर्ण प्रतिशत	परीक्षामा सहभागी विद्यार्थी	उत्तीर्ण	उत्तीर्ण प्रतिशत
२०६८	१६२३	१३९७	८६.०८	१९८७	१२६६	६३.७१	३६१०	२६६३	७३.७७
२०६९	१५१०	१२०६	७९.८७	१७५०	९४१	५३.७७	३२६०	२१४७	६५.८६
२०७०	१२४७	७३३	५८.७८	२००२	५८०	२८.९७	३२४९	१३१३	४०.४१

उल्लिखित नतिजाअनुसार विद्यार्थी उत्तीर्ण प्रतिशत विगत तीन वर्षमा क्रमशः घट्दो अवस्थामा रहेको छ । त्रिभुवन विश्वविद्यालय इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतको आंगिक क्याम्पसको तुलनामा निजी स्रोतबाट सञ्चालित सम्बन्धन प्राप्त क्याम्पसको नतिजा स्थिति कमजोर देखिएको छ । तालुक निकायवाट भौतिक पूर्वाधार तथा शैक्षिक गुणस्तर सम्बन्धमा अनुगमन गरी आंगिक तथा सम्बन्धन प्राप्त क्याम्पसको शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्दछ ।

८५. **आम्दानी र खर्चको अभिलेख –** त्रि.वि.आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० को नियम ९ अनुसार विभागले प्राप्त गर्ने सम्पूर्ण आम्दानी अनिवार्य रुपमा मूल खातामा जम्मा गर्नुपर्दछ । शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर र पद्मकन्या बहुमुखी क्याम्पसले सोधकार्य बापत प्राप्त गरेको क्रमशः रु.२१ लाख ५१ हजार र रु.९ लाख ३३ हजार समेत रु.३० लाख ८४ हजार आम्दानी लेखामा अभिलेख गरेको छैन । विषयगत विभागबाट विद्यार्थीलाई सिधै भुक्तानी गर्दा समेत आय–व्ययमा लेखाङ्कन गरेको देखिएन । सबै प्रकारको आय–व्यय लेखाङ्कन गरी भुक्तानीको प्रमाण पेस गर्नुपर्दछ ।

८६. **परीक्षा सञ्चालन कोष –** त्रि.वि.कार्यकारी परिषद्को २०७१।१०।२० को निर्णय बमोजिम परीक्षाबाट प्राप्त रकमको ३० प्रतिशत रकम जम्मा गरी परीक्षा सञ्चालन कोष खडा गनुपर्ने व्यवस्था छ । व्यवस्थापन संकाय डीनको कार्यालयले यो वर्ष रु.१ करोड ९५ लाख ७४ हजार आम्दानी गरेकोमा कोष खडा गरेको छैन । उक्त रकम परीक्षा सञ्चालन कोषमा दाखिला गर्नुपर्दछ ।

८७. **बढी कक्षाको भुक्तानी –** त्रिभुवन विश्वविद्यालय विद्या परिषद्ले एउटा विषयको अध्यापन १४४ घण्टा (४८ क्रेडिट आवर) मा सम्पन्न गर्नुपर्ने गरी स्वीकृत गरेको छ । तत्सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

८७.१. नेपाल कमर्श क्याम्पस कार्य समितिले उक्त अवधिमा अध्यापन गर्न नसकिने जनाई २७० घण्टा (९० क्रेडिट आवर) मा अध्यापन सम्पन्न गर्न निर्णय गरी प्रतिघण्टा रु.६००।– र रु.७००।– का दरले यो वर्ष रु.७० लाख ९० हजार थप भुक्तानी गरेको छ ।

८७.२. शंकरदेव क्याम्पसको कार्य समितिले उक्त अवधिमा अध्यापन गर्न नसकिने व्यहोरा उल्लेख गरी ३०० घण्टा (१०० क्रेडिट आवर) मा अध्यापन सम्पन्न गर्ने निर्णय गरेर प्रतिघण्टा रु.६००।– र रु.७००।– का दरले २०७२।७३ मात्र रु.६४ लाख ६४ हजार थप भुक्तानी गरेको छ । विद्या परिषद्को स्वीकृत नीतिलाई क्याम्पसको निर्णयबाट फेरबदल गर्नु उपयुक्त देखिएन ।

८८. **प्रश्नपत्र छपाइ –** परीक्षा फाराम भरेका परीक्षार्थी संख्याको आधारमा प्रश्नपत्र छपाइ गर्नुपर्दछ । प्रश्नपत्र छपाइको परिमाण कर्मचारीले पाउने प्रोत्साहन भत्तासँग समेत सम्बन्धित देखिन्छ । परीक्षा नियन्त्रण कार्यालय, बल्खुले २०७२।७३ मा परीक्षा दिने ६ लाख ६४ हजार १९३ को परीक्षार्थीको लागि ५४ लाख ५१ हजार १ सय प्रश्नपत्र छपाइ गरेको छ । प्रश्नपत्र छपाइको आधारमा एक परीक्षार्थी बराबर ८ प्रश्नपत्र खपत गरेको छ । एक परीक्षार्थीले प्रयोगात्मक बोहक औषतमा ४ विषयको परीक्षा दिने र १० प्रतिशत थप गर्दा समेत ३६ लाख ५३ हजार ६१ थान प्रश्नपत्र आवश्यक पर्नेमा ५४ लाख ५१ हजार १ सय छपाइ गरी १७ लाख ९८ हजार ३९ थान बढी प्रश्नपत्र छपाइ गरेको छ । उक्त बढी परिमाणको छपाइ खर्च प्रतिपाना रु.१।– र कर्मचारी प्रोत्साहन ५० पैसाले रु.२६ लाख ९७ हजार बढी व्ययभार परेको छ ।

८९. **अध्ययन विदा** – त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम, २०५० को नियम ३० तथा सम्झौता बमोजिम तीन वर्ष अध्ययन विदा उपभोग गरेका शिक्षक वा कर्मचारीले कम्तीमा तीन वर्षसम्म विश्वविद्यालय सेवामा रही काम गर्नुपर्ने उल्लेख छ । अंग्रेजी केन्द्रीय विभाग, कीर्तिपुरका एक उप–प्राध्यापकले क्यानाडामा ३ वर्षे एम.फिल र २०७२।५।३ देखि २०७३।३।१ सम्म विद्यावारिधि गर्न अध्ययन विदा लिएको देखियो । त्यसैगरी एक उप–प्राध्यापकले छात्रवृत्ति प्राप्त गरी यूनिभर्सिटी अफ अल्बर्टामा ३ वर्षे विद्यावारिधिको लागि २०६९।१०।२ देखि २०७३।१०।२ सम्म विदामा रहेको देखिन्छ । दुवै प्राध्यापकको अध्ययन विदाको म्याद समाप्त भए तापनि त्रिभुवन विश्वविद्यालयमा हाजिर भएको पाइएन । विश्वविद्यालयसँग गरेको सम्झौता अनुसार ३ वर्ष सेवा नगरेकोले उक्त अवधिमा प्राप्त गरेको तलव र सो रकमको १० प्रतिशतले हुने व्याज समेत असुलउपर गर्नुपर्ने देखिएको छ ।

९०. **अतिरिक्त पारिश्रमिक भुक्तानी -** त्रि.वि.को २०५७।६।१ को परिपत्र र कार्यकारी परिषद्को २०६९।५।७ को निर्णय नं.४४१ मा स्नातक तहमा १५ र स्नातकोत्तर तहमा १२ साप्ताहिक कक्षाभार अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था छ । पव्लिक युथ क्याम्पसले नियमित कार्यक्रमतर्फ त्रि.वि. ले तोकेको साप्ताहिक कक्षाभार नपुग्ने गरी कक्षा तालिका तयार गरी कक्षा सञ्चालन गरेको छ । लेखापरीक्षणका लागि पेस भएको कक्षा तालिका अनुसार ५२ शिक्षकको नियमानुसार ६६६ कक्षाभार नपुऱ्याई करार सेवा र आंशिक शिक्षकहरुलाई अतिरिक्त पारिश्रमिक रु.१८ लाख १९ हजार भुक्तानी गरेको छ । नियमानुसार अनिवार्यरुपमा त्रि.वि.बाट तोकिएको कक्षाभार लिन लगाई अतिरिक्त शिक्षण पारिश्रमिक खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

९१. **कोषको लेखापरीक्षण –** त्रि.वि.आर्थिक व्यवस्थापन तथा संचय कोष सम्बन्धी नियम, २०५० को नियम ४२ मा प्रत्येक आर्थिक वर्षको आय–व्यय विवरण तयार गरी सोको आन्तरिक लेखापरीक्षण एवं अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । विश्वविद्यालयले त्रि.वि.सञ्चय कोषको २०४०।४१ देखि २०७२।७३ सम्मको लेखापरीक्षण नगराई लामो अवधिसम्म बक्यौता राखी यो वर्ष मात्र स्रेस्ता पेस गरी लेखापरीक्षण गराएको छ । कायंकारी परिषद्को २०७३।३।२९ को निर्णय न)(६५५ अनुसार कर्मचारीको सञ्चय कोष, पुल्चोकमा रु.५ अर्ब १९ करोड ६० लाख स्थानान्तरण गरी २०७३ आषाढदेखि कोषको कारोबार बन्द गरिएको छ ।

सञ्चय कोष हस्तान्तरण गर्ने क्रममा कार्यालयले विभिन्न बैङ्कमा राखेको ३३ थान मुद्दती रसिदमा उल्लेखित व्याज र संचयकर्तालाई दिनुपर्ने व्याज (६.५० प्रतिशत) को नपुग रकम कर्मचारी संचय कोषले माग गरेको आधारमा रु.९० लाख ७० हजार थप खर्च लेखी कोषलाई भुक्तानी गरेको छ । औषतमा ५.२५ प्रतिशत व्याजमा राखेको मुद्दती रकमको व्याज वृद्धि हुने अवस्थाको प्रक्षेपण गरी भुक्तानीको स्रोत जुटाउने पर्याप्त गृहकार्य नगरिँदा कार्यालयलाई उक्त रकम थप व्ययभार परेको देखिन्छ ।

९२. **असुली –** २०६५।६६ मा २०६६ पौषदेखि २०७३ आषाढसम्म अवकाश भएका र विभिन्न निकायमा गएका शिक्षक कर्मचारीहरुलाई बढी ग्रेड तलब भुक्तानी गरी कट्टी भएको कर्मचारी संचय कोषको आधारमा कार्यालयले पुन: गणना गर्दा बढी तलब भुक्तानी भएको रकम २०७२ आषाढसम्म रु.५० लाख २२ हजार रहेकोमा यो वर्ष रु.१५ लाख ५५ हजार थप भई रु.६५ लाख ७८ हजार कायम गरेको छ । २०४०।४१ देखि हालसम्म बढी भुक्तानी भएको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

९३. **दाखिला गर्न बाँकी कर –** आयकर ऐन, २०५८ को दफा ९० अनुसार कट्टी भएको कर अर्को महिनाको २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालय बुझाउनुपर्दछ । आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट कर कट्टी घटी भएको व्यहोरा औंल्याएकोमा रु.२२ लाख ८७ हजार हालसम्म राजस्व दाखिला गरेको देखिएन । उक्त रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल, २०७२।७३

चिकित्साशास्त्र अध्ययनरत विद्यार्थीलाई प्रयोगात्मक तालिम दिनुका साथै आधुनिक स्वास्थ्य सेवा प्रदान गर्ने र चिकित्साशास्त्रको क्षेत्रमा अनुसन्धान समेत गर्ने उद्देश्यले जापान सरकारको सहयोगमा त्रिभुवन विश्वविद्यालय, चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत रहने गरी २०४०।३।३० मा यो अस्पताल स्थापना भएको देखिन्छ । यो वर्ष अस्पतालले रु.१ अर्ब ५१ करोड ८४ लाख ६९ हजार आम्दानी गरी रु.१ अर्ब १ करोड १८ लाख ८३ हजार खर्च गरेकोमा अस्पतालको स्व-आर्जन रु.९३ करोड २५ लाख ६४ हजार रहेको देखिन्छ । अस्पतालले २० विभाग र ७३७ शैय्याबाट सेवा प्रदान गर्दै आएकोमा आकस्मिक, बहिरङ्ग, अन्तरङ्गलगायतमा ५ लाख ६५ हजार ७५१ बिरामीलाई सेवा उपलब्ध गराएको छ ।

९४. **बजेटभन्दा बढी खर्च -** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम २४(१) मा स्वीकृत बजेटको सीमाभित्र रही खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले स्वीकृत बजेटभन्दा रु.३२ करोड २६ लाख ६१ हजार बढी खर्च गरेको देखियो । स्वीकृत बजेटको सीमाभित्र रही खर्च गर्नुपर्दछ ।

९५. **कोषमा दाखिला नगरेको –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चय कोषसम्बन्धी नियम, २०५० को नियम ६ (२) मा विश्वविद्यालयबाट तोकिएको आम्दानीका नियमित शीर्षकबाहेक अन्य कुनै किसिमबाट आम्दानी गरेमा प्राप्त रकमको १० प्रतिशत रकम विश्वविद्यालय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । अस्पतालले यो वर्ष आन्तरिक स्रोतबाट प्राप्त गरेको रु.७ करोड ८१ लाख ६३ हजारको १० प्रतिशतले हुने रु.७८ लाख १६ हजार त्रि.वि. निवृत्तिभरण तथा उपदान कोषमा दाखिला गरेको छैन । उक्त रकम कोष दाखिला गर्नुपर्दछ ।

९६. **खरिद प्रक्रिया –** सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ को प्रक्रिया अवलम्बन गरी ठेक्का व्यवस्थापन गरी खरिद गर्नुपर्नेमा अस्पतालले बोलपत्र र दरभाउपत्रको ठेक्का टुङ्गो नलागेसम्म २०७१।७२ को स्वीकृत दरभाउअनुसार खरिद गर्ने निर्णय गरी २०७२।७३ मा रु.४ करोड २५ लाख ९४ हजारको सामान खरिद गरेको छ । समयमै प्रतिस्पर्धात्मक तवरबाट खरिद व्यवस्थापन गरी खर्चमा मितव्ययिता ल्याउनुपर्दछ ।

९७. **भवन निर्माण –** सुरेश वाग्ले स्मृति क्यान्सर केन्द्रको ८ तले भवन निर्माण गर्न रु.४९ करोड ३१ लाख ९१ हजार लागत (मूल्य अभिवृद्धि करबाहेक) को आधारमा बोलपत्र प्रक्रिया अपनाई एक निर्माण व्यवसायीसँग ३ वर्षभित्र सम्पन्न गर्नुपर्ने गरी रु.४९ करोड १२ लाख ६४ हजारको बोलपत्र स्वीकृत गरी २०६८।८।२८ मा सम्झौता भएको थियो । सम्झौताअनुसार भवन निर्माण सम्पन्न नभएकोले दोस्रो पटक २०७४।८।२७ सम्म म्याद थप भएको छ । भवन निर्माणमा दशौँ रनिङ बिलसमेत रु.२० करोड ५१ लाख २८ हजार भुक्तानी भएको छ । निर्माण कार्यको लागि नेपाल सरकारबाट २०६५।६६ देखि यो वर्षसम्म रु.३६ करोड २५ लाख निकासा प्राप्त गरेकोमा पेश्कीसमेत रु.२५ करोड ९६ लाख ६८ हजार खर्च गरी रु.१० करोड २८ लाख ३२ हजार बाँकी देखिन्छ । उक्त बाँकी रहेको रकम निकासा फिर्ता नगरी धरौटी तथा दायित्वमा राखेको छ । निर्माण व्यवसायीले कार्यतालिकाअनुसार काम नगरेको कारण भवन निर्माण कार्य अधुरो रहेको देखियो । यथाशीघ्र भवन निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

९८. **जिन्सी निरीक्षण –** त्रिभुवन विश्वविद्यालय आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को परिच्छेद २० को नियम ८२ अनुसार नियम ८१ बमोजिम लगत खडा गरी राखेको जिन्सी सामानहरुको कार्यालय प्रमुखले वर्षमा कम्तीमा १ पटक निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन राख्ने प्रबन्ध गर्नुपर्नेमा गत विगत वर्ष २०५९।६० देखि सोबमोजिम जिन्सी निरीक्षण तथा भौतिक परीक्षण गरे, गराएको पाइएन । जिन्सी निरीक्षण गरी प्राप्त प्रतिवेदनअनुसार जिन्सी अद्यावधिक गर्न अस्पतालले ध्यान दिनुपर्दछ ।

९९. **पारिश्रमिक कर –** आयकर ऐन, २०५८ को दफा ८७ (१) अनुसार रोजगारदाताले रोजगारीबापत तलब, भत्ता तथा अन्य सुविधा रकम सबै हिसाब गरी अनुसूची १ अनुसार प्रतिशतका दरले कर गणना गरी मासिक रुपमा पारिश्रमिक कर कट्टी गर्नुपर्ने व्यवस्था छ । अस्पतालले आफ्नो कार्यालयका पदाधिकारी, कर्मचारी र चिकित्सा क्याम्पस महाराजगञ्जका चिकित्सकहरुलाई पारिश्रमिक भुक्तानी गर्दा विस्तारित स्वास्थ्य सेवा (ई.एच.एस.सेवा) तर्फको पारिश्रमिक समावेश गरेको छैन । अस्पतालको ई.एच.एस.सेवातर्फ २५ प्रतिशत पारिश्रमिक कर लाग्नेमा १५ प्रतिशतमात्र कर कट्टी गरेको हुँदा नपुग कर रु.४५ लाख ६९ हजार असुलउपर गर्नुपर्दछ ।

१००. **दाखिला गर्न बाँकी कर –** आयकर ऐन, २०५८ को दफा ९० (१) मा अग्रिम कर कट्टी गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र दाखिला गर्नुपर्ने उल्लेख छ । अस्पतालले निर्धारित समयमा अग्रिम कर राजस्वमा दाखिला नगरी आर्थिक वर्षको अन्त्यमा रु.३ करोड ७२ लाख ९२ हजार धरौटी तथा दायित्वमा राखेको देखियो । उक्त कर दाखिला गर्नुपर्दछ ।

१०१. **मुद्दती लगानी -** त्रि.वि. आर्थिक व्यवस्थापन तथा सञ्चयकोष सम्बन्धी नियम, २०५० को नियम ३८ मा नियम ३७ बमोजिम विश्वविद्यालयको प्रत्येक संगठन वा निकायले आय-व्यय, पेस्की, धरौटीलगायतका आर्थिक कारोबारको स्थिति तोकिएबमोजिमको लेखा ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले २०६८।६९ भन्दा अघिदेखि मुद्दती लगानीमा देखाएको रु.२ करोड ४६ लाख ६३ हजारको मुद्दती रसिद पेस नभएको व्यहोरा औंल्याउँदै आएकोमा यो वर्ष पनि स्थिति स्पष्ट गरी हिसाब पेस गरेको छैन । उक्त रकम बैङ्कमा मौज्दात नरहेकोले छानबिन गरी सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

नेपाल संस्कृत विश्वविद्यालय

संस्कृत भाषा एवं शिक्षाको आधुनिकीकरण र यसको मूल्य मान्यताको जगेर्ना गर्न वि.सं.२०४३ मा नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो । विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, परीक्षा नियन्त्रण कार्यालय, अनुसन्धान केन्द्र, सम्पर्क कार्यालय, सेवा आयोगको कार्यालय, आयुर्वेद अध्ययन संस्थान डीन कार्यालय, विद्यापीठ १४, संस्कृत माध्यामिक विद्यालय २ र अन्य कार्यालय ३ समेत २४ कार्यालय रहेका छन् । यो विश्वविद्यालयमा १ हजार ६८२ विद्यार्थीहरु रहेका छन् ।

१०२. **जग्गा अतिक्रमण –** विश्वविद्यालय अन्तर्गत १२ आंगिक क्याम्पस र केन्द्रीय कार्यालयको नाममा १ हजार ७१८ बिघा १८ कट्ठा ५ धुर र १०२ रोपनी ९ आना १२ पैसा १ दाम जग्गा रहेको देखिन्छ । विश्वविद्यालयको स्वामित्वमा रहेको देउखुरीस्थित १ हजार ३३६ बिघा ७ धुर जग्गाबाट गत विगत वर्षमा जस्तै यो वर्ष पनि कुनै आय आर्जन गर्न सकेको देखिएन । ५०० बिघामा मोही रहेको र अन्य जग्गा समेत २०५८ सालदेखि विभिन्न व्यक्तिहरुबाट अतिक्रमण भई जग्गाको उपयोग गर्न सकेको छैन । विश्वविद्यालयले आफ्नो जग्गा हकभोगमा लिई आयआर्जन गर्नुपर्दछ ।

१०३. **असुली बाँकी** – यो वर्ष ३ व्यक्ति तथा संस्थालाई जग्गा भाडामा दिएकोमा १ व्यक्तिबाट लिनुपर्ने रु.१७ लाख ९५ हजारमध्ये रु.११ लाख ४५ हजार असुल गरेको छैन । उक्त रकम हर्जाना सहित असुलउपर गर्नुपर्दछ ।

१०४. **पेस्की -** विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिभित्रै पेस्की फछ्यौट गर्नुपर्ने र नगरेमा बाँकी रकममा वार्षिक १० प्रतिशतका दरले ब्याजसमेत लिने व्यवस्था छ । यो वर्षसम्म पदाधिकारी, कर्मचारी र संस्थाको नाममा रु.४ करोड ४९ लाख पेस्की बाँकी देखिएकोले नियमानुसार फछ्यौट हुनुपर्दछ ।

१०५. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ तथा ठेक्का सम्झौतानुसार कार्य सम्पन्न गर्ने अवधिभन्दा पछि गरिएको काममा मूल्य समायोजन नपाउने र पहिलेको कार्यमा पेस्की रकम घटाएरमात्र मूल्य समायोजन भुक्तानी गर्नुपर्ने व्यवस्था छ । आयुर्वेद अध्ययन संस्थान, डीनको कार्यालयले लागत अनुमान रु.२४ करोड ७९ लाख रहेको भवन निर्माण गर्दा बोलपत्र प्रक्रिया अपनाई २०७२।०३।१६ मा कार्य सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.२२ करोड ५२ लाखमा सम्झौता भएकोमा मूल्य समायोजन वापत भुक्तानी गर्दा पेस्की कट्टा नगरी बढी भुक्तानी गरेको रु.३५ लाख असुलउपर गर्नुपर्दछ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

कृषि, पशु तथा वन क्षेत्रमा गुणस्तरीय शिक्षण, अनुसन्धान र विस्तारको माध्यमबाट ग्रामीण क्षेत्रको सामाजिक आर्थिक अवस्था अभिवृद्धि गर्ने लक्ष्यसहित २०६७ मा स्थापना भएको हो । कृषि तथा वन विज्ञान विश्वविद्यालय अन्तर्गत केन्द्रीय कार्यालय, अनुसन्धान तथा प्रचार निर्देशनालय, परीक्षा नियन्त्रण कार्यालय र ३ विषयगत संकाय र १ क्याम्पस समेत ७ निकाय सञ्चालनमा रहेका छन् । विश्वविद्यालय अन्तर्गत २ आंगिक क्याम्पस रहेका छन् । प्राप्त विवरणअनुसार यो विश्वविद्यालयमा १ हजार ८८३ विद्यार्थीहरु तथा शिक्षकको संख्या १०७ भई शिक्षक तथा विद्यार्थी अनुपात १:१७.६० रहेको देखिन्छ ।

१०६. **आर्थिक विवरण** - विश्वविद्यालयले केन्द्रीय कार्यालय र मातहतका संकाय तथा निकाय समेतको एकीकृत आर्थिक विवरण पेस गरेको छैन । विश्वविद्यालय र अन्तर्गतका सबै निकायले पुँजीगत सम्पत्तिको विवरण खुल्ने सम्पत्ति खाता अद्यावधिक राखेको छैन । उपरोक्त स्थितिमा वासलातले विश्वविद्यालयको वास्तविक सम्पत्ति, दायित्व तथा समग्र आर्थिक स्थिति चित्रण गर्ने अवस्था छैन ।

१०७. **मूल्य समायोजन** - खरिद सम्झौताको बुँदा ४५.१ र ४५.२ मा मूल्यमा घटबढ भए अनुसार सम्झौता अवधिभित्रको मूल्य समायोजन बापत भुक्तानी गर्नुपर्ने उल्लेख छ । विश्वविद्यालयले केन्द्रीय कार्यालयको भवन निर्माण कार्यको पेस्की रकमको मूल्य समायोजन रु.३८ लाख ९९ हजार भुक्तानी दिएको छ । कार्यालयबाट लिएको पेस्की फछ्यौंट बराबर रकममा निर्माण व्यवसायीलाई मूल्य समायोजन दिन नमिल्ने हुँदा उक्त रकम असुलउपर गर्नुपर्दछ ।

१०८. **पेस्की –** विश्वविद्यालयको आर्थिक प्रशासन सम्बन्धी नियम, २०६७ को नियम ३३ मा तोकिएको अवधिभित्रै पेस्की फछ्यौंट गर्नुपर्ने र नगरेमा बाँकी रकममा १० प्रतिशतका दरले ब्याजसमेत लिने व्यवस्था छ । यो वर्षसम्म पदाधिकारी, कर्मचारी र संस्थाको नाममा रु.२ करोड २७ लाख ५८ हजार पेस्की बाँकी देखिएकोले नियमको व्यवस्था बमोजिम फछ्यौंट गर्नुपर्दछ ।

१०९. **कृषि कार्यमा खर्च –** कृषि तथा वन विज्ञान विश्वबिद्यालय आर्थिक व्यवस्थापन प्रणाली, २०७१ को परिच्छेद १ सँग सम्बन्धित बजेट शीर्षक ०९।०२५ मा बगैचाको लागि गमला, मल, बिरुवा, खेतीको लागि प्रयोग हुने बिउ, ज्यामी खर्च, मालपोत महसुल लगायतका खर्च समावेश गरिएको छ । उक्त खर्च सोही शीर्षकबाट ज्यालादारीमा कार्यरत कर्मचारीको समेत खर्च लेखेको पाइयो । क्याम्पस अन्तर्गत सञ्चालित पशु बिकास फर्म, बागवानी फर्म, बाली विज्ञान फर्म र मत्स्य विज्ञान फर्ममा सञ्चालन खर्च समेत सोही शीर्षकबाट खर्च गर्ने गरेकोले प्रत्यक्ष कृषि कार्यभन्दा अन्य पारिश्रमिक भुक्तानीमा खर्च लेखेको अवस्था छ । उक्त खर्च शीर्षकमा रु.४२ लाख बजेट स्वीकृत भएकोमा रु.१ करोड ७१ लाख ६३ हजार खर्च गरेकोले विनियोजनभन्दा रु.१ करोड २९ लाख ६३ हजार (३०८.६४ प्रतिशत) बढी भुक्तानी भएको छ ।

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड २०७२।७३

११०. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** केन्द्रको २०७२।७३ सम्म शेयर पुँजी रु.४५ करोड, जगेडा कोष तथा संचित नाफा रु.१ अर्ब ६५ करोड ८७ लाख ऋणात्मक, मध्यम तथा दीर्घकालीन ऋण रु.१ अर्ब ४७ करोड ८ लाख, चालु दायित्व तथा व्यवस्था रु.६३ करोड ५८ लाख रहेको छ । सम्पत्तितर्फ स्थिर सम्पत्ति रु.२४ करोड ८९ लाख, चालु सम्पत्ति रु.६४ करोड ८९ लाख रहेको छ । नोक्सानी गत वर्ष रु.६० करोड ८ लाख रहेकोमा यो वर्ष रु.१६ करोड १७ लाख रहेको छ ।

१११. **अविच्छिन्नता -** संस्था २०६३।६४ देखि नै हालसम्म निरन्तर घाटामा रहेको छ । आर्थिक वर्ष २०५९।६० देखि खुद सम्पति निरन्तर नकारात्मक रहेको देखिन्छ । आर्थिक वर्ष २०७२।७३ मा जगेडा तथा सञ्चित नोक्सानी र नकारात्मक खुद सम्पत्ति क्रमशः रु १ अर्ब ६५ करोड ८७ लाख र रु.१ अर्ब २० करोड ८७ लाख रहेको छ । जसले गर्दा संस्था आफ्नो आयले अविच्छिन्न रुपमा सञ्चालन हुन सक्ने स्थिति देखिँदैन । कागज खरिदको वार्षिक योजना नबनाएको, अतिरिक्त समय भत्ता लगायतका खर्च नियन्त्रण गर्न नसकी लागत बढेको, विद्यमान मानवीय तथा भौतिक स्रोत साधनको समुचित सदुपयोग गर्न नसकी छपाइ तथा बाइण्डिङको काम अन्य प्रेसमार्फत गराउनु परेको, सूचना प्रविधिको न्यून प्रयोग गरेको जस्ता अवस्था विद्यमान छन् । यस्तो

अवस्थामा सुधार गरी दूरदर्शिताका साथ कार्ययोजनासहित संस्थालाई सबल बनाउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

११२. **व्यापारिक तथा अन्य प्राप्य रकम -** संस्थाले लिनुपर्ने असामीको विस्तृत आयुगत विवरण तयार नगरेको, असुल गर्नुपर्ने पुराना रकम नउठाएको, करबापतको रकम मिलान नगरेको, असामी बाँकी रकमको समर्थन पत्र लिने नगरेको र २०५६।५७ देखिका असामीहरुको रकम फरफारक नगरेको अवस्था देखियो । साझा प्रकाशनसँग गत आर्थिक वर्षको अन्तसम्म प्राप्त गर्नुपर्ने रु.१८ करोड ११ लाख रहेकोमा यो वर्षको अन्तसम्म ब्याजसहित रु. २१ करोड २१ लाख रहेकोमा सोको समर्थन पत्र लिएको देखिएन । यसरी पुरानो रकम नउठाई र समर्थनपत्र समेत नलिई यो वर्ष सोही संस्थालाई रु.१ करोड पेस्की प्रदान गर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई पुरानो पेस्की तथा अन्य लिनुपर्ने रकम ब्याजसहित असुल फछ्यौंट गर्नुपर्दछ ।

१. **लेखापरीक्षण नगराएको** - लेखापरीक्षण ऐन, २०४८ र कम्पनी ऐन, २०६३ को व्यवस्था अनुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको २०७१।७२, २०७२।७३ र २०७३।७४ को लेखापरीक्षण गर्न नियुक्त लेखापरीक्षक समक्ष, समयमा स्रेस्ता तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने सन्दर्भमा सञ्चालक समितिका अध्यक्ष तथा जिम्मेवार पदाधिकारी समेतलाई महालेखापरीक्षकबाट निर्देशन भएपछि सो लिमिटेडले २०७१।७२ र २०७२।७३ को लेखापरीक्षण सम्पन्न गराई लेखापरीक्षण प्रतिवेदन जारी भएको छ । आर्थिक वर्ष २०७३।७४ को पनि लेखापरीक्षण गराउन पटक पटक ताकेता गरी अवसर दिँदासमेत लेखापरीक्षण सम्पन्न नगराएको स्थिति छ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा निकासा बढी दिने गरेको, विद्यालय भवन समयमा निर्माण नभएको, अनुदानको अनुगमन नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, मूल उत्तरपुस्तिका बढी छपाइ गरेको, त्रिभुवन विश्वविद्यालयले समयमै लेखापरीक्षण नगराएको लगायतका व्यहोरामा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ १४० निकायमा रु.१० अर्ब ९९ करोड ३९ लाख ७७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२० करोड १० लाख ६७ हजार फछ्यौंट गरेकोले रु.१० अर्ब ७९ करोड २९ लाख १० हजार बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ८३ करोड २ लाख १९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था १९५ र अन्य संस्था, समिति १० तर्फ रु.५ अर्ब ३० करोड ५८ लाख ६६ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.३४ करोड ३९ लाख ८९ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

श्रम तथा रोजगार मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगार सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, समन्वय, अनुगमन र मूल्यांकन, श्रम शक्ति र श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान, तथ्यांक सङ्कलन तथा विश्लेषण, श्रमिक र व्यवस्थापक बीचको सम्बन्ध, रोजगार, सेवा तथा श्रमिक आपूर्ति, श्रमिकहरुको सामाजिक सुरक्षा, विदेशीहरुका लागि श्रम स्वीकृति लगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ४३ निकायवाट सेवा प्रवाह हुदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.८८ करोड ९६ लाख ६२ हजार, राजस्व रु.३ करोड ५४ लाख ७६ हजार, धरौटी रु.१ अर्ब ७७ करोड ९२ लाख ३३ हजार र अन्य कारोबार रु.१८ अर्ब ६३ करोड ५६ लाख ८८ हजारसमेत रु.२१ अर्ब ३४ करोड ५९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम -** आवधिक योजना तथा बजेटमा समावेश भएको कार्यस्थल दुर्घटना बीमा, मातृत्व संरक्षण बीमा, बिरामी र औषधि उपचार लागु गर्ने सम्बन्धी कार्यविधि, एकीकृत सामाजिक सुरक्षासम्बन्धी ऐन, उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरुको कार्य वातावरणलाई स्वच्छ र सुरक्षित बनाउन व्यवसायजन्य स्वास्थ्य र सुरक्षासम्बन्धी नीति निर्माण कार्य सम्पन्न भएको छैन । सामाजिक सुरक्षा कर सङ्कलन गरिए पनि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन हुन नसकेको, वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड गठन भए पनि रोजगारीमा जानेको हकहित संरक्षण तथा सुरक्षासंग सम्बन्धित कार्यक्रमहरु न्यूनरुपमा मात्र सञ्चालन भएका छन् । यसैगरी निजी तथा सरकारी प्रतिष्ठानमा कार्यरत श्रमिकहरुको सुरक्षा तथा हकहित प्रवर्द्धन गर्ने उद्देश्यले राष्ट्रियस्तरको कल्याणकारी कोष गठन भए पनि कार्यक्रम सञ्चालन नगरेबाट उद्देश्य प्राप्त गर्न सकेको छैन । कारखाना तथा कार्यस्थलमा श्रम परीक्षण अनिवार्य रुपमा गर्नुपर्ने, राष्ट्रिय रोजगार नीतिलाई कार्ययोजना बनाई कार्यान्वयन गर्ने आदि कार्य भएका छैनन् । आवधिक योजना र बजेटले परिलक्षित गरेको नीति कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।

२. **वार्षिक लक्ष्य प्रगति -** वैदेशिक रोजगारको लागि सुरक्षित आप्रवासन परियोजनाअन्तर्गत ६७ हजार ९०० लाई सामूहिक र व्यक्तिगत परामर्श दिने, २४ हजार ३१२ लाई साप्ताहिक अभिमुखीकरण गर्ने, २०० श्रुङ्खला रेडियो कार्यक्रम सञ्चालन गर्ने, ११८ अन्तरक्रिया गर्ने, २ हजार आप्रवासमा ठगिएका पीडितलाई कानुनी सहायता दिने, १ हजार २०० महिलालाई आश्रय, मनोसामाजिक परामर्श र औषधि उपचार दिने, २ हजारलाई नि:शुल्क व्यावसायिक तालिम दिने, २ हजारलाई वित्तीय साक्षरता तालिम दिने, २ हजार ८५० सुविधा वञ्चित समूहलाई अभिमुखीकरण गर्ने, ४०० घटनाको सामाजिक मनोपरामर्श सहायता दिने, ११ हजार ४६३ स्थानीय तहका सामाजिक परिचालकलाई तालिम दिने, १०० लाई सूचना प्रविधि तालिम सञ्चालन गर्ने जस्ता क्रियाकलाप गर्ने उल्लेख भएकोमा प्रगति विवरण तथा आयोजनागत हिसाब तयार गरेको छैन ।

नेपाल सरकार र स्वीस सरकारबीच जुलाई १२, २०१३ मा २०१३ जुलाई १६ देखि २०१७ जुलाई १५ सम्म अवधि कायम हुने गरी (दोस्रो चरण) भएको सम्झौताअनुसार कुल योजना अवधिमा नगद अनुदान तर्फ १५ लाख २४ हजार १४४ स्वीस फ्रेंक अर्थात् नेपाली मुद्रा १५ करोड ३६ लाख ५ हजार र सोझै भुक्तानीतर्फ ७४ लाख ४० हजार ३३५ स्वीस फ्रेंक अर्थात् रु.६५ करोड १० लाख २९ हजार प्राप्त हुनुपर्नेमा मन्त्रालयको अभिलेखअनुसार नगद अनुदानतर्फ २०७३।७४ सम्म रु.१६ करोड ४३ लाख ८६ हजार निकासा प्राप्त भै रु.१५ करोड ८८ लाख ९२ हजार खर्च भएको देखिन्छ । सोझै भुक्तानीतर्फ हालसम्म प्राप्त रकमको अभिलेख मन्त्रालयमा नरहेकोले आयोजना हिसाब तयार गरी सम्झौताबमोजिमका क्रियाकलाप सम्पादन भए नभएको यकिन गर्नुपर्दछ ।

३. **वैदेशिक सहायता -** आर्थिक कार्यविधि ऐन,२०५५ को दफा १६(२) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्ययको तोकिएबमोजिमको लेखा र आर्थिक विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट

लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । मन्त्रालयले स्विस सहयोगतर्फ रु २५ करोड २९ लाख ३२ हजार सोझै भुक्तानी अनुदान प्राप्त गर्दा सम्झौताको दफा ११ बमोजिम 'क' वर्ग को लेखापरीक्षकबाट लेखापरीक्षण गराउने गरी सम्झौता भएको पाइयो । महालेखापरीक्षकको क्षेत्राधिकारलाई नै सीमित गरी वैदेशिक सहायता सम्बन्धी सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई सोझै भुक्तानीतर्फको स्रेस्ता लेखापरीक्षणको लागि पेस हुनुपर्दछ ।

४. **निष्क्रिय कोष -** मन्त्रालयअन्तर्गत ३ कोष सञ्चालनमा रहेको देखिन्छ । बालबालिका विकास तथा पुनः स्थापना कोषमा रु.२ करोड ५१ लाख २१ हजार मौज्दात रहेकोमा रु २१ लाख ८५ हजार खर्च भई रु.२ करोड २९ लाख ३६ हजार प्रत्याभूति र आतंक पीडितकोषमा रु.८१ लाख ९४ हजार, बालश्रम निवारण कोषमा रु.५६ लाख ४५ हजार र व्यावसयिक तथा सीप विकास तालिम केन्द्रको आन्तरिक कोषमा रु.६ करोड ९० लाख ७५ हजार गत विगत वर्षदेखि नै निष्क्रिय रहेको छ । सम्बन्धित ऐन नियमबमोजिम कार्यक्रमहरु सञ्चालन नभई निष्क्रिय रहेको कोषको रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः दुर्घटना एवं मातृत्व संरक्षण बीमा, बिरामी र औषधि उपचार लागु गर्ने सम्बन्धी कार्यविधि, उद्योग तथा व्यावसायिक प्रतिष्ठानहरुको कार्य वातावरण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्बन्धी नीति, वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको हकहित संरक्षण, राष्ट्रियस्तरको कल्याणकारी कोष गठन, सोझै भुक्तानी तर्फको लेखापरीक्षण, निष्क्रिय मौज्दात, निःशुल्क हवाई टिकट तथा प्रवेशाज्ञासम्बन्धी व्यवस्था, वैदेशिक रोजगारमा जाने कामदारलाई श्रम इजाजत प्रदान र सेवा पाउने पद्धति, विचौलियामार्फत सेवा लिनुपर्ने अवस्था, वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका व्यक्तिलाई क्षतिपूर्ति, बिगो दाबी हुने संस्थागत मुद्दाहरुको फछ्यौंट, वैदेशिक रोजगार विभागअन्तर्गत काठमाडौं कार्यालयमा ११ कर्मचारी दरबन्दीभन्दा बढी रहेको, सामाजिक सुरक्षा कोषमा जम्मा भएको रु.१६ अर्ब ७९ करोडको कोषको उद्देश्यअनुसार खर्च गर्नुपर्ने लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

श्रम विभाग

स्वदेशी तथा विदेशी श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सीपयुक्त जनशक्तिको उत्पादनबाट रोजगार एवं स्वरोजगारका अवसर सिर्जना गर्नुका साथै विभेदरहित, सुरक्षित, मर्यादित र स्वस्थ्य काम गर्ने वातावरण प्रदान गरी राष्ट्रिय अर्थ व्यवस्थाको सुदृढीकरण र गरीबी निवारणमा योगदान पुऱ्याउने उद्देश्यले श्रम विभागको स्थापना भएको हो ।

५. **श्रम स्वीकृति -** श्रम विभागले २०७३।७४ मा चीन, भारत, अमेरिका, संयुक्त अधिराज्य, अष्ट्रेलियालगायत २७ मुलुकका १५९ महिला र १ हजार १६५ पुरुषसमेत १ हजार ३२४ गैरनेपाली नागरिकलाई श्रम स्वीकृति दिएको छ । विभागबाट श्रम स्वीकृति प्राप्त गर्ने गैरनेपाली नागरिकले सम्झौता र श्रम स्वीकृतिको शर्तबमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने अधिकार श्रम कार्यालयलाई भए तापनि प्रभावकारी अनुगमन भएको छैन । जसले गर्दा स्वीकृति नलिई काम गर्ने तथा स्वीकृत लिएको अवधिभन्दा बढी बसेर गैरकानुनी गतिविधि सञ्चालन गर्ने कार्य रोक्न कठिनाइ परेको छ । श्रम स्वीकृति सम्बन्धमा अनुगमन सुदृढ गर्नुपर्दछ ।

६. **श्रम ऐनको कार्यान्वयन -** श्रम ऐन, २०७४ बमोजिम यो ऐन तथा यस ऐनअन्तर्गत बनेको नियममा उल्लिखित पारिश्रमिक वा सुविधाभन्दा कम पारिश्रमिक वा सुविधा लिने दिने गरी वा यस ऐनमा उल्लिखित शर्तविपरीत हुने गरी रोजगारदाता तथा श्रमिकबीच रोजगार सम्झौता भए तापनि ऐनविपरीत भएको मानिने र सो हदसम्म त्यस्तो रोजगार सम्झौता बदर हुने व्यवस्था छ । श्रम ऐन, २०७४ मा श्रमिक आपूर्ति र दर्तासम्बन्धी कानुनी व्यवस्था गरे तापनि नियमावली र कार्यविधि नहुँदा कार्यान्वयन हुन सकेको छैन । विभागले स्वदेशमा श्रमिक जनशक्ति आपूर्ति गर्ने कम्पनीहरुले ऐन, नियमविपरीत कम सुविधा दिएको वा ऐन, नियमको शर्तविपरीत सम्झौता गरे नगरेको सम्बन्धमा अनुगमन गरेको देखिएन ।

वैदेशिक रोजगार विभाग

श्रम विभागले गर्दै आएको वैदेशिक रोजगार सम्बन्धी कार्यको जटिलता र कार्यबोझले गर्दा वैदेशिक रोजगार ऐन, २०६४ बमोजिम २०६५ सालमा विभागको स्थापना गरिएको हो । वैदेशिक रोजगारलाई व्यवस्थित, मर्यादित, र सुरक्षित बनाउने विभागको उद्देश्य रहेको छ ।

७. **निःशुल्क टिकट तथा भिसा -** श्रम तथा रोजगार राज्यमन्त्रीस्तरको २०७२।२।२६ को निर्णयअनुसार बहराइन, कतार, साउदी अरब, संयुक्त अरब इमिरेट्स, ओमन, कुवेत र मलेसियाको लागि रोजगारदाता कम्पनीले भिसा खर्च, आतेजाते हवाइ टिकट निःशुल्क उपलब्ध गराई सोबापत लाग्ने प्रर्वद्धन खर्च तथा सेवा शुल्कबापत रु.१० हजारसम्म वैदेशिक रोजगार कम्पनीले लिन पाउने व्यवस्था गरेको देखिन्छ । तर कामदारबाट अनलाईन दर्ता गराउन रु.३ हजार ३००, जैविक विश्लेषणसहित स्वास्थ्य परीक्षण गर्न रु.४ हजार ५००, कामदारले ल्याउने राहदानी बुझ्न रु.३ हजार १६४, सङ्कलित राहदानी दूतावास पुऱ्याउन रु.३ हजार ६१६ र अध्यागमन सुरक्षा जाँच प्रमाणित गर्न रु.३ हजार २०० समेत रु १७ हजार ७०० असुल गरिरहेको अवस्था विद्यमान छ । सो बाहेक वैदेशिक रोजगार व्यवसायीहरुले सेवा शुल्क भनी अभिलेखबेगर हजारौँ रकम असुल गरेको आमरुपमा गुनासो रहेको छ । निःशुल्क हवाई टिकट तथा भिसासम्बन्धी व्यवस्था कामदारको हितमा रहे तापनि सो नीति कार्यान्वयनमा ल्याउनुपूर्व सम्बन्धित रोजगारदाता मुलुकसँग सोही अवधारणाअनुरुप कूटनीतिक पहल गरी श्रम सम्झौता गर्नेतर्फ पर्याप्त गृहकार्य भएको देखिएन । निःशुल्क हवाई टिकट तथा भिसासम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालय र विभागले ध्यान दिएको छैन ।

उपर्युक्तबमोजिम अनलाइन दर्ता गर्न, राहदानी बुझ्न, सङ्कलित राहदानी दूतावास पुऱ्याउन र अध्यागमन सुरक्षा जाँच प्रमाणित गर्न बेग्लाबेग्लै निकाय खडा गरी तोकिएको रकम लिने गरेको देखियो । उक्त कार्य सामान्यरुपमा रोजगारमा जाने व्यक्तिहरु स्वयंले गर्न सक्ने प्रकृतिको भएको र सो कार्यको लागतसमेत न्यून हुनेमा एजेन्ट खडा गरी बढी रकम असुल गर्ने गरेको छ । यस सम्बन्धमा विभागले प्रभावकारी अनुगमन गर्न सकेको छैन ।

८. **वैदेशिक रोजगारी** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने मुलुक तोक्ने उल्लेख छ । यस आर्थिक वर्षसम्म ११० देशमा वैदेशिक रोजगारको लागि पठाउन खुल्ला गरेकोमा हाल इराक र लिवियामा रोक्का गरिएको उल्लेख छ । प्राप्त विवरणअनुसार २०७१।७२ मा ७ लाख ३ हजार ८३०, २०७२।७३ मा ६ लाख ४२ हजार ५७७ र २०७३।७४ मा ६ लाख ४३ हजार १६५ व्यक्ति रोजगारीको लागि विदेशमा गएको देखिन्छ । रोजगारीको लागि १०८ राष्ट्र खुल्ला गरेकोमा २०७३।७४ मा ५ राष्ट्रमा रोजगारीको लागि नगएको, ५ राष्ट्रमा ५० जना, ४ राष्ट्रमा १०० जना, ६ राष्ट्रमा १ हजार, ४ राष्ट्रमा ५ हजार रोजगारीको लागि गएको देखिन्छ । वार्षिक ५० हजारभन्दा माथि रोजगारीमा जाने देशको संख्या ४ रहेको छ । वैदेशिक रोजगारीको सम्बन्धमा राजदूतावासमार्फत सम्भाव्यता र उपयुक्तताको जानकारी लिई रोजगारीमा जाने व्यक्ति तथा व्यवसाय सञ्चालकलाई जानकारी दिने र अभिमुखीकरण गर्ने तथा सीपयुक्त एवं पेसागत जनशक्तिमार्फत वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउनुपर्दछ ।

९. **सेवा प्रवाह -** वैदेशिक रोजगारमा जाने कामदारलाई श्रम इजाजत प्रदान गर्न तथा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने व्यवसायीलाई कामदार पठाउन पूर्व तथा अन्तिम स्वीकृति दिन विभाग मातहत काठमाडौं कार्यालय, मलेसिया शाखा, साउदी अरब शाखा, कतार शाखा, ईपीएस कोरियासमेत ५ कार्यालय सञ्चालनमा रहेका छन् । लेखापरीक्षणको क्रममा ती कार्यालयमा स्थलगत निरीक्षण गर्दा सेवाग्राहीको अव्यवस्थित भिड लागेको, पहिले आउनेले पहिले सेवा पाउने पद्धति नरहेको, सेवा पाउन पेस गर्नुपर्ने कागजात सम्बन्धमा अन्यौल भएको, सेवा लिन लाईन बस्नुपर्ने स्थान आदि सम्बन्धमा सेवाग्राहीमा अन्यौलता देखिएकोमा सहजीकरण गर्ने पद्धति नरहेको, विचौलियामार्फत सेवा लिनुपर्ने अवस्था रहेको जस्ता सेवाग्राहीको गुनासो रहेको पाइयो । सुशासन नियमावली, २०६५ को नियम ४० बमोजिम मन्त्रालय र विभागले ती कार्यालयको सम्पादन भएका कामको गुणस्तर, सेवाग्राहीका समस्या, गुनासो आदि सम्बन्धमा समस्या सम्बोधन हुने गरी प्रभावकारी निरिक्षण तथा अनुगमन व्यवस्थाको अवलम्बन गरेको पाइएन । विभागबाट मातहत कार्यालयमा टोकन प्रणाली लागू गरी पहिले आउने सेवाग्राहीलाई पहिले सेवा पाउने व्यवस्था गर्नुपर्ने, सेवाग्राहीलाई सहजीकरणको व्यवस्था गर्नुपर्ने तथा सेवाग्राहीले सरकारले तोकेको सेवा शुल्क भन्दा बढी भुक्तानी गर्नुपर्ने अवस्था रहे नरहेको सम्बन्धमा सेवाग्राहीलाई अनुभूति हुने गरी अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउनुपर्दछ ।

१०. **उजुरी व्यवस्थापन -** वैदेशिक रोजगारीमा जाने व्यक्तिले वैदेशिक राजगारीको सिलसिलामा भएका ठगी तथा अपराधजन्य क्रियाकलापको उजुरी सुन्न तथा वैदेशिक रोजगार न्यायधिकरणमा मुद्दा दायर गर्ने कामको लागि विभागमा न्यायतर्फ सरकारी वकिल समूहको ११ दरबन्दी रहेको मुद्दा फाँट स्थापना गरिएको छ । विभागबाट

प्राप्त विवरणअनुसार वैदेशिक रोजगारीमा गएका व्यक्तिलाई तोकिएबमोजिमको सेवा सुविधा प्राप्त नभएको, तोकिएभन्दा बढी शुल्क लिएको, सम्झौतामा उल्लेख भएको भन्दा फरक र कठिन काम दिएको, मेडिकल जाँच गरी विदेशमा गएकोमा अयोग्य भनी फिर्ता पठाएको लगायतका २०७१।७२ मा २ हजार ६७९, २०७२।७३ मा २ हजार १७२ र २०७३।७४ मा २ हजार ३८३ उजुरी परेकोमा २०७१।७२ मा ६६३ फरफारक र १६६ मुद्दा दायर गरेको, २०७२।७३ मा ५२० उजुरी फरफारक र २२० उजुरीमा मुद्दा दायर गरेको, २०७३।७४ मा ८४६ उजुरी फरफारक भएको र ३१७ उजुरीमा मुद्दा दायर गरेको उल्लेख छ । कुल उजुरीमा सम्बन्धित वर्षमा फरफारक तथा मुद्दा दायर गरेको प्रतिशत क्रमशः ३१, ३४ र ४९ रहेको छ । उजुरीमाथि कारबाहीको प्रतिशत क्रमशः बढ्दो भए तापनि सम्बन्धित वर्षमा कुल उजुरीको ५० प्रतिशत पनि कारबाही टुङ्गो लागेको अवस्था छैन । यसबाट उजुरी फछ्यौंट प्रणाली प्रभावकारी रहेको पाइँदैन ।

विभागले वार्षिक प्रतिवेदन तयार गर्दा सो वर्षमा परेको उजुरी र फछ्यौंटको विवरणमात्र तयार गरेको र पछिल्लो वर्षको प्रतिवेदन तयार गर्दा अघिल्लो वर्षमा फछ्यौंट नभई बाँकी रहेका मुद्दा सम्बन्धमा उल्लेख नगरेकोले प्रत्येक वर्ष फछ्यौंट नभई बाँकी रहेका उजुरीको जानकारी हुने अवस्था छैन । उजुरीको टुङ्गो समयमा लगाउनेतर्फ विभाग संवेदनशील हुनुपर्ने देखिएको छ । सम्बन्धित वर्षमा फछ्यौंट नभई बाँकी रहेका मुद्दाको जिम्मेवारी पछिल्लो वर्ष सारी मुद्दाको आयुगत वर्गीकरण गरी पुराना मुद्दालाई प्राथमिकता दिई फछ्यौंट गर्नुपर्दछ ।

११. **क्षतिपूर्ति -** वैदेशिक रोजगारीको सिलसिलामा ठगीमा परेका व्यक्तिलाई विभागले क्षतिपूर्ति दिलाउने गरेको छ । यस्तो क्षतिपूर्ति दुबै पक्षको मिलापत्र, विभागको निर्णय तथा वैदेशिक रोजगार न्यायाधिकरणको फैसलामार्फत दिलाउने गरेको छ । विभागबाट प्राप्त विवरणअनुसार यस आर्थिक वर्षमा व्यक्तिगततर्फ ९३१ उजुरीबाट रु.३२ करोड १७ लाख ७७ हजार माग दाबी गरेकोमा रु.६ करोड ९१ लाख ३ हजार (२१.४७ प्रतिशत) बिगो भराएको छ । त्यस्तै २६५ उजुरीको सम्बन्धमा अदालतमा मुद्दा दायर गरी रु.१६ करोड ६५ लाख ४२ हजार (५१.७५ प्रतिशत) बिगो दाबी गरेको छ । सस्थागततर्फ पीडितबाट १ हजार ४५२ उजुरीबाट रु.४३ करोड ६० लाख ६५ हजार दाबी गरेकोमा रु ९ करोड ३ लाख १४ हजार (२०.७१ प्रतिशत) बिगो भराएको छ भने अदालतमा ५२ मुद्दा दर्ता गरी रु.१५ लाख दाबी गरेको छ । व्यक्तिगततर्फ पीडितको संख्याको आधारमा २८.४६ प्रतिशत र दाबी रकमको आधारमा ५१.७५ प्रतिशतको लागि अदालतमा मुद्दा दायर गरेकोमा संस्थागततर्फ संख्याको आधारमा ३.५८ प्रतिशत र बिगो दाबी रकमको आधारमा ०.३४ प्रतिशतको लागि अदालतमा मुद्दा दर्ता गरेको पाइयो । संस्थागततर्फ न्यून मात्रामा मुद्दा दायर गर्नुको कारण विभागले स्पष्ट पारेको छैन । बढी बिगो दाबी हुने संस्थागत मुद्दाहरुको फछ्यौंटमा विभागले ध्यान दिनुपर्दछ ।

१२. **अनधिकृत काज -** निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५० अनुसार कुनै पनि कार्यालयमा दरबन्दीअनुसार हाजिर गराई पारिश्रमिक दिने व्यवस्था छ । वैदेशिक रोजगार विभागअन्तर्गत काठमाडौं कार्यालयमा ३८ दरबन्दी रहेकोमा ४९ कर्मचारी कार्यरत रहेको देखिन्छ । दरबन्दीभन्दा बढी रहेका ११ कर्मचारीमध्ये ८ जनाको २०७३ सालको दशै खर्च रु.३ लाख ६९ हजार पेस्की दिएकोमा पछि क्रमशः पदस्थापन गर्दै पेस्की फछ्यौंट गरी हिसाब मिलान गरी खर्च लेखेको पाइयो । दरबन्दीभन्दा बढी कर्मचारी राखी तथा कार्यविवरण बेगर खर्च लेखेको रकम नियमित देखिएन । दरबन्दी तथा कार्यविवरण बेगर काज बसेको अवधिको तलब भत्ता रु.२४ लाख ४५ हजार निजामती सेवा ऐनअनुसार काजमा खटाउने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

१३. **श्रमिकको मृत्यु -** ईपिएस प्राणालीबाट दक्षिण कोरिया जाने नेपाली कामदारको संख्या सन् २००८ मा २ हजार ८१४ रहेकोमा सन् २०१७ सेप्टेम्बरसम्ममा यो संख्या ४८ हजार ४८८ पुगेको छ । सोमध्ये महिला ३ हजार ३१ र पुरुष कामदार ४५ हजार ४५७ रहेका छन् । कोरिया जाने कामदारमध्ये पूर्ण अवधि कोरियामा काम गरेका र बीचैमा काम छोडी स्वदेश फर्किएकाको अभिलेख छैन । कोरिया जाने कामदारमध्ये कार्यालयको अभिलेखअनुसार सन् २०१७ सेप्टेम्बरसम्ममा ७८ कामदारको मृत्यु भएको देखिन्छ । मृत्यु भएका मध्ये १६ ले आत्महत्या, १७ सुतेकै अवस्थामा मृत्यु भएको, ९ कार्यस्थलमा दुर्घटना तथा तेस्रो पक्षबाट भएको हत्यालगायतका अन्य कारणबाट ३६ को मृत्यु भएको देखिन्छ । मृत्युको मुख्य कारणमा जोखिमपूर्ण काम, सहकर्मी तथा रोजगारदाताबाट हुने दुर्व्यवहार, कम्पनी परिवर्तन गर्न नपाउने प्रावधान, शैक्षिक योग्यता र कामको बेमेल मुख्य कारण रहेका छन् । मलेसिया तथा खाडी मुलुकमा समेत सोही अवस्था छ । कामदारको सुरक्षाको मुख्य जिम्मेवारी रोजगारदाताको भए तापनि श्रम सम्झौता गरी तेस्रो मुलुक गएका आफ्ना

नागरिकको संरक्षण गर्नुपर्ने जिम्मेवारी नेपाल सरकारको पनि हो । कामदारको कार्य अवस्था, रोजगारी र जीवनको सुरक्षाका सम्बन्धमा नियमित अनुगमन गरी कामदारको आत्मसम्मानमा वृद्धि गर्ने सूचकहरुको पहिचान र प्रयोग गरी वैदेशिक रोजगारलाई सुरक्षित गर्नुपर्दछ ।

१४. **पोशाक वितरण -** चालु वर्ष २०७३।७४ देखि कोरियामा काम गर्न जाने कामदारले भिसा शुल्कबापत प्रति व्यक्ति रु.६ हजारका दरले ६ हजार ८९ जनाको प्राप्त भएकोमा ६ हजार ४१ जनाको रु.३ करोड ६२ लाख ४६ हजार कोरियन दूतावास काठमाडौंलाई बुझाएको र ४८ जनाको रु.३६ लाख ५३ हजार दूतावासलाई भुक्तानी हुन बाँकी देखिन्छ । तर जिन्सी शाखाबाट ७ हजार ४६६ जनालाई ज्याकेट र टोपी वितरण भएको देखिएकोले प्रवेशाज्ञा शुल्क बुझाउने तथा ज्याकेट र टोपी लिने कामदार संख्या १ हजार ३७७ जना फरक पर्न गएको छ । प्रवेशाज्ञा प्राप्त कामदारभन्दा १ हजार ३७७ जना बढीलाई बुझाई खर्च देखाएको प्रतिव्यक्ति रु.४ हजार ८६२ का दरले रु ६६ लाख ९५ हजार फरक परेको सम्बन्धमा हिसाब मिलान विवरण पेस गर्नुपर्दछ ।

ई.पी.एस. कोरिया शाखा (२०७२।७३)

१५. **पोशाक खरिद** - दक्षिण कोरियामा जाने कामदारको निम्ति २०७२।७३ मा ज्याकेट तथा टोपी खरिद गर्न रु.१ करोड ३२ लाख ६१ हजार लागत अनुमान तयार गरी बोलपत्र आह्वान गर्दा घटी अङ्क कबोल गर्ने एक आपूर्तकको रु.१ करोड २५ लाख ७७ हजार बोलपत्र स्वीकृत भएकोमा रु.१ करोड ४३ लाख ७३ हजार भुक्तानी भएकोले रु.१७ लाख ९६ हजार बढी भुक्तानी भएको असुल गर्नुपर्दछ । साथै कार्यालयले पोशाक खरिद गरी वितरण गर्ने व्यवस्था मनासिब नदेखिएकोले श्रमिक स्वयंले तोकिएको मापदण्डबमोजिमको पोशाक खरिद गर्ने व्यवस्था मिलाइनुपर्दछ ।

१६. **सवारी साधन खरिद -** ई.पी.एस. कोरीया शाखाले १ थान सवारीसाधन हुदाँहुदै राष्ट्रिय योजना आयोगबाट कार्यक्रम स्वीकृति नगराई १ थान स्कारपियो जिप खरिद गरी रु.५६ लाख ६० हजार खर्च लेखेकोमा सो जिप महानिर्देशकको प्रयोजनको लागि भनी खरिद गरेको व्यहोरा उल्लेख गरेको देखियो । कामदारको हकहितको लागि सङ्कलित रकमबाट तालुक निकायको लागि सवारीसाधन खरिद गर्न मिल्ने देखिएन ।

राष्ट्रियस्तरको कल्याणकारी कोष

बोनस ऐन, २०३० को दफा ५ मा मुनाफा आर्जन गर्ने कुनै पनि प्रतिष्ठानले एक आर्थिक वर्षमा गरेको खुद मुनाफाको १० प्रतिशत रकम बोनस वितरणका लागि छुट्याउनुपर्दछ । बोनस वितरणका लागि छुट्याइएको रकमबाट बोनस वितरण गरेपछि बाँकी रहन गएको रकमको ७० प्रतिशत सम्वन्धित प्रतिष्ठानको कल्याणकारी कोषमा जम्मा गरी बाँकी ३० प्रतिशत रकम यस कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

१७. **कोष परिचालन -** कोषमा गत वर्षसम्म रु.१० अर्व ६ करोड ४६ लाख ८३ हजार मौज्दात रहेकोमा यो वर्ष नाम नामेसी खुलेका १३७, नाम नामेसी नखुलेका ३९ समेत १७६ इकाईबाट रु.२ अर्ब ४९ करोड ६८ लाख ६८ हजार प्राप्त भएको छ । गत वर्षको मौज्दात, यो वर्ष प्राप्त रकम र उक्त रकममा वाणिज्य बैङ्कहरुबाट प्राप्त ब्याजसमेत कोषमा रु.१३ अर्व २२ करोड ४७ लाख ६७ हजार मौज्दात रहेको छ । कोषको कार्यसञ्चालन कोषतर्फ गत वर्ष रु.४४ लाख १८ हजार मौज्दात रहेकोमा यो वर्ष रु.२२ लाख ८४ हजार खर्च भई रु.२१ लाख ३४ हजार बाँकी रहेको छ । हाल उक्त रकम सामाजिक सुरक्षा कोषमा जम्मा भएकोले योजना एवं कार्यविधि तयार गरी उद्देश्यअनुरुप कोष परिचालन गर्नुपर्दछ ।

१८. **लेखा व्यवस्था -** औद्योगिक प्रतिष्ठानवाट बोनस वितरण गरी बाँकी हुन आएको ३० प्रतिशत कोषको नेपाल राष्ट्र बैङ्कमा रहेको खातामा जम्मा भएको रकमबाट ब्याज आर्जन गर्ने उद्देश्यले समितिको निर्णयअनुसार प्रतिस्पर्धाको आधारमा विभिन्न वाणिज्य बैङ्कमा मुद्दती खाता खोल्ने र ब्याजसहित सोही खातामा जम्मा गर्ने कार्य प्रक्रिया कोषले अवलम्बन गरेको छ । उल्लिखित कार्य पद्धति अवलम्बन गर्दा समितिले नेपाल राष्ट्र बैङ्कमा जम्मा भएको रकम र विभिन्न वाणिज्य बैङ्कमा रहेका मुद्दती खाताबाट प्राप्त ब्याज र साँवा रकमको लेखा आंशिक राखेको पाइयो । सञ्चालक समितिको निर्णयबाट एक बैङ्कको रकम अर्को बैंङ्कमा ट्रान्सफर गर्दा वा सोही बैङ्कमा नयाँ खाता खोल्दा बैङ्क भौचर उठान गरेको तर भौचरमा उल्लेख भएको रकमको लेजर

प्रविष्टि गरेको पाइएन । त्यस्तै बैङ्कबाट प्राप्त ब्याजको भौचर उठाई आम्दानी बाँधेको पाइएन । कोषले विभिन्न वाणिज्य बैङ्क तथा राष्ट्र बैङ्कबाट बैङ्क विवरण प्राप्त गरी मौज्दातको आधारमा आय व्यय विवरण तयार गरेको छ । आंशिक लेखाको आधारमा पेस गरेको विवरणमा उल्लिखित रकमको यथार्थता जाँच गर्न नसकिएकोले सम्पूर्ण कारोबारको नेपाल लेखामानबमोजिम भौचर उठान तथा लेजर प्रविष्टि गरी लेखा तयार गर्नुपर्दछ ।

१९. **अभिलेख व्यवस्था -** विभिन्न कम्पनी, प्रतिष्ठानले नाफा आर्जन गरेको र बोनस घोषणा गरेका वित्तीय विवरणहरु सार्वजनिक गरे तापनि कोषमा पठाएको अभिलेख राखी अनुगमन गर्ने गरेको छैन । जसले गर्दा हालसम्म १७६ प्रतिष्ठानबाट मात्र योगदान भएकोमा अन्य प्रतिष्ठानलाई कोषको दायरामा ल्याउन कुनै प्रयास गरेको छैन । योगदान गरेको मध्येबाट पनि बुझाउन ल्याए बुझिदिने काममात्र गरेको छ । प्रत्येक प्रतिष्ठानबाट प्राप्त हुनुपर्ने, प्राप्त भएको र प्राप्त हुन बाँकी रकम खुलाई लेखा राख्नुपर्ने र रकम प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

सामाजिक सुरक्षा कोष

सामाजिक सुरक्षा करबाट असुल भएको रकमबाट सामाजिक सुरक्षा योजनाका कार्यक्रम बेरोजगारी सुविधा, कार्यस्थल दुर्घटना, विरामी सुविधा, मातृत्व संरक्षण, आर्थिक सुविधा, असक्त सुविधा, वृद्धावस्था सुविधा, औषधि उपचार र पारिवारिक सुविधा कार्यान्वयन गरी सामाजिक सुरक्षा प्रणाली लागू गर्न २०७० सालमा यस कोषको व्यवस्था भएको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२०. **कोष व्यवस्थापन** - बजेट वक्तव्य २०६६।६७ ले व्यवस्था गरेअनुसार सरकारी निकाय, बोर्ड, समिति, केन्द्र, सार्वजनिक संस्थान तथा निजी क्षेत्रका प्रतिष्ठानमा कार्यरत व्यक्तिबाट एक प्रतिशतका दरले सामाजिक सुरक्षा कर असुल गरी बेरोजगार बीमा योजना, रोजगारीमा घाइते वा दुर्घटना बीमा योजना, प्रसूति बीमा योजना, आश्रित बीमा योजनालगायत ९ किसिमका सामाजिक सुरक्षा कार्यक्रममा खर्च गर्ने व्यवस्था गरेकोमा २०७४ मा मात्र ऐन स्वीकृत भएकोले यो वर्षको रु.४ अर्ब २ करोड ७९ लाखसमेत हालसम्म कोषमा रु.१६ अर्ब ७९ करोड जम्मा भएको रकमको कोषको उद्देश्यअनुसार तोकिएको कार्यमा खर्च भएको देखिएन । कोषको उद्देश्य पूरा हुने गरी खर्च गर्नुपर्दछ ।

२१. **कोषमा सहभागिता -** सामाजिक सुरक्षा कोष व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६७ को नियम १५ अनुसार सरकारी तथा औद्योगिक प्रातिष्ठानमा कार्यरत सबै कर्मचारी यस कोषको दायराभित्र पर्ने उल्लेख भए तापनि कार्यालयबाट प्रकाशित वार्षिक प्रतिवेदनअनुसार हालसम्म सरकारी क्षेत्रको ८३ प्रतिशत, निजी क्षेत्रको १६ प्रतिशत र अन्य क्षेत्रको १ प्रतिशतमात्र योगदान रही कर असुली भएको विवरण प्राप्त भएको छ । निजी क्षेत्र र अन्य क्षेत्रका कामदार एवं कर्मचारीलाई कोषमा सहभागी गराउन पहल गर्नुपर्ने देखिन्छ ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड

वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्न, सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने प्रयोजनको लागि २०६४ सालमा बोर्डको स्थापना भएको हो । बोर्डबाट मुख्य रुपमा मृतकका परिवारलाई आर्थिक सहायता, बिरामी एवं अंगभंग भएकालाई उपचार खर्च, विदेशमा अलपत्र परेको शव ल्याउन सहयोग गर्न, विदेशमा सुरक्षित गृह सञ्चालन आदि कार्य गर्दै आएको छ ।

२२. **आम्दानी उपयोग -** बोर्डको विगत ५ वर्षको आम्दानी खर्चको स्थिति विश्लेषण गर्दा आम्दानीको तुलनामा ७.७४ प्रतिशतदेखि १०.४४ प्रतिशतसम्म खर्च हुने गरेको देखिएकोले कार्यविधि बनाई कार्यक्रमको लागि आवश्यक हुने निश्चित प्रतिशतमात्र मौज्दात राखी बढी रकम राजस्वमा जम्मा गर्नुपर्ने देखिन्छ । साथै सो रकमबाट बढीभन्दा बढी रोजगारमा जाने कामदारको हकहित संरक्षण तथा परिवारको आर्थिक उत्थान हुने कार्यक्रम खर्च गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । सो कार्यको लागि आवश्यक रकम निश्चित गरी बाँकी रहेको रु.४ अर्ब ३ करोड ४८ लाख ७५ हजार राजस्व दाखिला गर्नुपर्दछ ।

२३. **छात्रवृत्ति -** वैदेशिक रोजगार छात्रवृत्ति सञ्चालन कार्यविधि, २०७१ को बुँदा ११ अनुसार १२ जिल्ला शिक्षा कार्यालयमार्फत १ हजार २५५ लाई वैदेशिक रोजगार छात्रवृत्ति वितरण गरी रु.१ करोड ९ लाख ४४ हजार खर्च लेखेको छ । छात्रवृत्ति छनौट र वितरणका सम्बन्धमा बोर्डले अनुगमन गरी अभिलेख राखेको छैन ।

२४. **तालिम केन्द्र -** नेपाल सरकारको वार्षिक कार्यक्रमअनुसार २०३४ सालमा स्थापना भएको व्यावसायिक तथा सीप विकास तालिम केन्द्रको दरबन्दी स्वीकृत भएको देखिँदैन । मातहतमा १५ कार्यालय रहने गरी विभागस्तरीय कार्यालयको रुपमा सञ्चालन हुँदै आएको देखिएकोले स्थायी संगठन एवं संरचना नबनाई अस्थायी रुपमा लामो समयसम्म सञ्चालन हुनु मनासिब देखिएन । कार्यालय दर्ता र स्वीकृत दरबन्दीबेगर तलब भत्तामा रु.२ करोड ४६ लाख १ हजार खर्च लेखेको र निजामती सेवा ऐन, २०४९ को दफा ७(२)ख बमोजिम तलबी प्रतिवेदनसमेत पारित नभएकोले उक्त खर्च कानुनसम्मत देखिएन । संघीयता कार्यान्वयनका सन्दर्भमा तालिम केन्द्रको अवश्यकता पुनरावलोकन गरी संगठनको औचित्य पुष्टि हुनुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा निःशुल्क भिसा तथा टिकटको कार्यान्वयन, कोष परिचालन तथा व्यवस्थापनलगायतका व्यहोरा औल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका ३३ निकायको लेखापरीक्षणबाट रु.१९ करोड १० लाख ८७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायले रु.२४ लाख १९ हजार फछ्यौंट गरेकोले रु.१८ करोड ८६ लाख ६८ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.२ करोड ९२ लाख ९५ हजार पेस्की बेरुजू रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा संस्कृति, पर्यटन तथा हवाई यातायातको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, विमानस्थल निर्माण, सांस्कृतिक सम्पदा धरोहर र ऐतिहासिक महत्वका दरबार संरक्षण तथा संवर्द्धन एवं पर्यटनसँग सम्बद्ध, संगठन संस्था र समिति, प्रतिष्ठान, कोषसमेत अनुगमन मूल्याङ्कन गर्ने लगायतका कार्य रहेको छ। मन्त्रालयसमेत ६२ निकायबाट सेवा प्रवाह हुँदै आएको छ।

मन्त्रालय र मातहत निकायको विनियोजनतर्फ रु.४ अर्ब १४ करोड ७१ लाख राजस्व रु.८० करोड ९८ लाख र धरौटी रु.१८ करोड ३५ लाख, अन्य कारोबार रु.४ करोड ७१ लाखसमेत कुल रु.५ अर्ब १८ करोड ७५ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। उक्त खर्चमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको रु.५५ करोड ८३ लाख र भाषा आयोगको रु.३ करोड २३ लाखसमेत समावेश छ। मन्त्रालय मातहतका संगठित संस्था र समितिको रु.१ खर्ब ३७ अर्ब ७२ करोड ४७ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो कारोवारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **योजना कार्यान्वयन -** आर्थिक समृद्धिका लागि पर्यटन विकास भन्ने सोचका साथ चौधौं योजनाको पहिलो वर्ष २०७३ लाई आन्तरिक भ्रमण वर्ष र सन् २०१८ लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउने, २५ हजार रोजगारी सिर्जना गर्ने, प्रत्येक प्रदेशमा एक/एक पर्यटक गन्तव्यलगायत अन्य पर्यटकीय स्थलमा आवश्यक पूर्वधारसहित पदमार्ग, एकीकृत पर्यटकीय र मनोरञ्जनस्थल निर्माण तथा सञ्चालन गर्ने लक्ष्य रहेकोमा तदनुरुप कार्यक्रम सञ्चालन भएको पाइएन। योजनाको सोचअनुसारका कार्यक्रम समयमै सञ्चालन गरी निर्धारित उपलब्धि हासिल गर्नुपर्दछ।

२. **वार्षिक नीति कार्यान्वयन** - आर्थिक वर्ष २०७३/७४ को बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित विभिन्न कार्यक्रम तथा बजेट प्रस्तुत भएकोमा कार्यान्वयन अवस्था निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	कार्यक्रम	कार्यान्वयन अवस्था
१	गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल २०७४ माघदेखि सञ्चालनमा ल्याउने, पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य २०७६।७७ भित्र सम्पन्न गर्ने, आगामी आर्थिक वर्षमा निजगढमा अन्तराष्ट्रिय विमानस्थल निर्माणका लागि जग्गा प्राप्ति र सीमाङ्कनको कार्य सम्पन्न गर्ने, विस्तृत परियोजना प्रतिवेदन र कार्यान्वयनको ढाँचा तयार गरी स्रोत व्यवस्थापनका लागि पहल गर्ने	गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थल सञ्चालनमा नआएको, पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थलको डिजाइन कार्य जारी रहेको, निजगढमा अन्तर्राष्ट्रिय विमानस्थलका लागि मुआवजा दिने कार्य सम्पन्न नभएको, अन्य कार्य नभएको
२	बन्द रहेका दोलखाको जिरी, बैतडीको पाटन, अछामको साफेबगर, दार्चुलाको गोकुलेश्वर, सप्तरीको राजविराज र कञ्चनपुरको कञ्चनपुर विमानस्थलको मर्मत गरी सञ्चालनमा ल्याउने। धनगढी, दाङ र विराटनगर विमानस्थलको क्षमता विस्तार गर्ने	विमानस्थल सञ्चालनमा नआएको, धनगढी, दाङ र विराटनगर विमानस्थलको क्षमता विस्तार कार्य सम्पन्न नभएको
३	बृहत् लुम्बिनी विकास गुरुयोजना तयार गरी सोअनुसारको निर्माण कार्य अगाडी बढाइने, पशुपति, जनकपुर र मुक्तिनाथ क्षेत्र विकासको गुरुयोजना आगामी आर्थिक वर्षमा तयार गरी कार्यान्वयन गर्ने	लुम्बिनी विकासका लागि गुरुयोजना तयार भई काम शुरु भएको, पशुपति, जनकपुर र मुक्तिनाथ क्षेत्रको गुरु योजना तयार नभएको
४	काठमाडौंको कीर्तिपुरमा सबै जातजाति, भाषाभाषी, रहन सहन, रितिरिवाज, साहित्य र परम्परा झल्कने गरी राष्ट्रिय सांस्कृतिक संग्रहालय निर्माण कार्य आगामी आर्थिक वर्षमा प्रारम्भ गर्ने, नारायणहिटी दरबारलाई ऐतिहासिक संग्रहालयको रुपमा विकास गर्ने	सम्झौता भई पहिलो र दोस्रो किस्ता रकम उपलब्ध गराएको, नारायणहिटी ऐतिहासिक संग्रहालयको काम शुरु नभएको
५	प्राचीन तिलौराकोटको उत्खनन् तथा संरक्षणको लागि आवश्यक पर्ने जग्गाको अधिकरण गर्ने, रामग्रामको संरक्षण तथा विकासको लागि उच्च प्राथमिकता दिइने र ऐतिहासिक सिंजा सभ्यता	तिलौराकोटको लागि मुआवजा वितरण कार्य सम्पन्न भएको, उत्खनन संरक्षणको कार्य भइरहेको, सिंजा सभ्यता संरक्षण तथा विकास प्रतिष्ठान स्थापना

क्र.सं.	कार्यक्रम	कार्यान्वयन अवस्था
	संरक्षण तथा विकास प्रतिष्ठान स्थापना गर्ने	नभएको
६	हिमाल आरोहीलाई दृष्टिगत गरी सगरमाथा, अन्नपूर्ण, रोल्वालिङ क्षेत्रमा एकीकृत उद्धार केन्द्र निर्माण गर्ने	एकीकृत उद्धार केन्द्र निर्माण कार्य सम्पन्न भएको
७	नेपाल वायुसेवा निगमलाई प्रतिस्पर्धी बनाई सेवा विस्तार गर्न कम्पनीमा परिणत गर्नका साथै रणनीतिक साझेदार र व्यवस्थापन करारबाट सञ्चालन गर्ने, आगामी आर्थिक वर्षमा दुई वाइड बडी विमान खरिद गर्ने	रणनीतिक साझेदारका लागि प्राप्त एक प्रस्ताव आह्वान सहमति प्रक्रियामा रहेको, विमान खरिदका लागि प्री डेलिभरी रकम पठाएको
८	अछाम, कालिकोट, मुगु, जुम्ला, डोल्पा, रुकुम, रोल्पा, जाजरकोट, दैलेख क्षेत्रलाई समेटेर पर्यटनको एकीकृत विकासको लागि कुसेमुसे चाखुरे पर्यटन एकीकृत विकास कार्यक्रम सञ्चालन गर्ने	पर्यटन एकीकृत विकासको कार्य हुन नसकेको
९	थारुहरुको सांस्कृतिक परम्परालाई संरक्षण र संवर्द्धन गर्न बर्दियामा थारु र कञ्चनपुरमा रानाथारु संग्रहालय निर्माण गर्ने	बर्दियामा जग्गा खरिद गरी निर्माण प्रक्रिया शुरु भएको, कञ्चनपुरमा काम नभएको
१०	विपद् व्यस्थापनमा सघाउ पुऱ्याउन स्थानीय निकायको अग्रसरता र जनताको सहभागितामा प्रत्येक गाउँपालिका र नगरपालिकामा हेलीप्याड निर्माण गर्ने	हेलीप्याड निर्माण नभएको
११	जननेता मदन भण्डारी तथा जीवराज आश्रितको स्मृतिमा चितवनको दासढुङ्गा र गुञ्जनगरमा मदन-आश्रित स्मृति पार्क निर्माण गर्ने, दासढुङ्गादेखि गुञ्जनगरसम्म जलयात्रा गर्ने व्यवस्था मिलाउने	काम नभएको
१२	नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान गरी पर्यटकीय सडक र पदयात्रा मार्गको स्तरोन्नति गर्ने	नयाँ गन्तव्यको पहिचान नभएको, साविकमा पहिचान भएका सडक र पदयात्रा मार्ग निर्माण कार्य भइरहेको
१३	कास्कीको विन्दवासिनी, गोरखाको मनकामना, काठमाडौँको दक्षिणकाली, दोलखाको भीमेश्वर, पलाञ्चोक भगवती, खोटाङको हलेसी, प्युठानको स्वर्गद्वारी, ताप्लेजुङको पाथीभरा, बाराको गढीमाई, सप्तरीको छिन्नमस्ता, सिरहाको सहलेस फुलवारी, सुनसरीको बराहक्षेत्र, बैतडीको त्रिपुरासुन्दरी र जुम्लाको चन्दननाथ विकासको लागि गुरुयोजना तयार गरी निर्माण तथा सञ्चालनमा निजी क्षेत्रलाई सहभागी गराइने	गुरुयोजना तयार नभएको
१४	पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष र बृहत्तर जनकपुर विकास समितिको कानुनी तथा संस्थागत पुनर्संरचना गर्ने	काम नभएको
१५	२०७३ लाई आन्तरिक भ्रमण वर्ष र सन् २०१८ लाई नेपाल भ्रमण वर्षको रुपमा मनाउन आवश्यक पूर्व तयारी गर्ने	आन्तरिक भ्रमण वर्ष हुन नसकेको, नेपाल भ्रमण वर्षका लागि अवधारणा पत्र तयार हुँदै गरेको भनाइ रहे पनि अन्य काम नभएको
१६	पुष्पलाल, बी.पी. कोइराला, मदन भण्डारी, मनमोहन अधिकारी, गणेशमान सिंह, जीवराज अश्रित, तुल्सीलाल अमात्य, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सहाना प्रधानलगायतका शहीद स्मृति प्रतिष्ठानलाई पुँजीगत अनुदान उपलब्ध गराउने	सम्बन्धित जिल्ला समन्वय समितिबाट अनुदान वितरणका लागि अख्तियारी पठाएको

उल्लिखित तालिकाअनुसार बजेट वक्तव्यमा प्रस्तुत भएका अधिकांश कार्यक्रम कार्यान्वयन भएको देखिएन । कार्यान्वयन गर्न सकिने कार्यक्रममात्र राखी कार्यान्वयनमा जोड दिनुपर्दछ ।

३. **भेटी व्यवस्थापन -** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ९ अनुसार तीर्थस्थल वा देवालयको आय व्यय बेहिसाब हुन नदिन नेपाल सरकारले आवश्यक प्रबन्ध गर्न सक्ने व्यवस्थाबमोजिम ऐन लागू भएको ६० वर्षपछि भेटी व्यवस्थापन निर्देशिका, २०७३ जारी गरेको छ । उक्त निर्देशिकामा धार्मिक संस्थाले धार्मिक व्यवस्थापनको लागि मन्त्रालयको स्वीकृति लिनुपर्ने, नगद भेटी बैङ्कमा जम्मा गर्नुपर्ने, जिन्सीका हकमा विवरण राखी जीर्णोद्धार, पुनर्निर्माण तथा धार्मिक र सामाजिक कार्यमा खर्च गरी लेखापरीक्षण प्रतिवेदन अनिवार्य पेस गर्न लगाई अनुगमन गर्नुपर्ने व्यवस्था छ । निर्देशिका जारी भएपछि कुनै संस्था स्वीकृति लिन नआएको, स्वीकृतिको लागि आवश्यक कागजात एवं विधि नतोकेको र निर्देशिकाले तोकेबमोजिम अनुगमन, मूल्याङ्कन नभएकोले प्राप्त भेटीको यथार्थता यकिन भएन । निर्देशिकाबमोजिम काम गर्ने गराउने व्यवस्था हुनुपर्दछ ।

४. **अभिलेख तथा लेखापरीक्षण -** मन्त्रालयबाट नियमितरुपमा बजेट प्राप्त गर्ने १२ निकायले भेटीबाट भएको खर्चको यस कार्यालयबाट लेखापरीक्षण गराउँदै आएका छन् । सो बाहेक भेटीबाट सङ्कलित रकम शहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मातहत निकाय, गुठी संस्थान र सम्बन्धित व्यवस्थापन समितिले समेत खर्च गर्ने गरेको जानकारी प्राप्त भएको छ । काठमाडौँ उपत्यकाको तीर्थस्थल वा देवालयको संख्या यकिन भइनसकेको तर ७४ जिल्लामा रहेका ७९९ मध्ये केही धार्मिक संस्थाको भेटी, आय व्यय तथा सम्पत्तिको सम्बन्धमा स्थलगत अवलोकन, मन्दिर व्यवस्थापन समितिसँगको छलफल समेतबाट जानकारी हुन आएका व्यहोरा निम्नानुसार छन्:

क्र.सं.	धार्मिकस्थलको नाम	दर्ता	लेखापरीक्षण अवस्था	देखिएका अन्य व्यहोरा
१	काँक्रे विहार, सुर्खेत	नखुल्ने	प्रमाण नरहेको	स्थानीय नगरपालिकाले श्री शिव विहार पुस्तकालयसँग सम्झौता गरी नगरपालिकाको नगदी रसिदबाट आम्दानी गर्ने गरेको, नगदी रसिदको अभिलेख नरहेको ।
२	मुक्तिनाथ, मुस्ताङ	२०६४ मा जिल्ला प्रशासनमा दर्ता	२०७२।७३ सम्म भएको	मन्दिरमा प्राप्त हुने सबै सम्पत्ति आयमा समावेश नगरेको, व्यवस्थापन समितिमा प्रमुख जिल्ला अधिकारी, मालपोत अधिकृत रहेपनि आय व्यय पारदर्शी र व्यवस्थित नरहेको, नगदी रसिदबाट प्राप्त हुने रकम बाहेक अन्य रकम भेटी आयमा समावेश नभएको, जग्गा भवनलगायतका स्थिर सम्पत्तिको विवरण संलग्न नगरेको तथा भारतीय दूतावासको सहयोगमा निर्मित धर्मशाला प्रयोगमा नआएको ।
३	मनकामना, गोरखा	गठन आदेश, २०५३	२०७३।७४ सम्म भएको	नेपाल सरकारबाट प्राप्त अनुदान, जुत्ता चप्पलको आय र अन्य आय समेत रु.२८ लाख ११ हजारमात्र समितिको कोषमा जम्मा गरी लेखापरीक्षण गराएको, दानपेटीको आय समितिको कोषमा आम्दानी गरी लेखापरीक्षण नगराएको, जग्गा जमिनको हिसाबसमेत समावेश गरी वासलात तयार नगरेको ।
४	लोमान्थाङ्ग गुम्बा, मुस्ताङ	नखुल्ने	नखुल्ने	विद्यालय सञ्चालन गर्न विदेशी संघ संस्था र व्यक्तिबाट सहयोग प्राप्त हुने गरेकोमा प्राप्त सहयोग गुम्बाको कोषमा प्राप्त हुनुपर्नेमा स्थानीय क्लबले आम्दानी गर्ने र उसैले उपयुक्त ठानेका कार्यमा खर्च गर्ने गरेको ।
५	ज्वालामाई, सोलुखुम्बु	जिल्ला प्रशासनमा दर्ता भएको	प्रमाण नरहेको	वार्षिक रु.५ लाखदेखि रु.७ लाखसम्म आम्दानी गरी मन्दिर परिसरमा निर्माण तथा मर्मत सुधार कार्य हुँदै आएको, सुन आम्दानी भएमा त्यसको गहना बनाई देवीलाई लगाइदिने र मौज्दात रहेमा मन्दिरको पुजारीको जिम्मा राख्ने गरेको ।
६	शैलेश्वरी, डोटी	२०६० मा जिल्ला प्रशासनमा दर्ता	२०७३।७४	मन्दिरको गुठी जग्गा उपभोग गर्नेले बुझाउनुपर्ने आय नबुझाएकोले सोअनुसार बुझाउन सहजीकरण गरिदिन विभिन्न निकायमा अनुरोध गरे पनि कुनै निकायले सहयोग नगरेको व्यहोरा महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराएको, व्यवस्थापन समिति समाज कल्याण परिषद्मा आबद्ध भएको, ९१७ रोपनी जग्गा र सुन चाँदी सहित जिन्सी सामानको मूल्य रु.७ लाख ८२ हजारमात्र आय देखाई वासलातबेगर लेखापरीक्षण गराएको ।
७	पाथीभरा, ताप्लेजुङ	गठन आदेश, २०५३	२०७३।७४ सम्म भएको	पुजारीलाई तलब दिने गरेको, टीका लगाई पुजारीलाई दिने बाहेक अन्य रकम आयमा समावेश हुने गरेको, नेपाल सरकारबाट प्राप्त अनुदान र अन्य आय रु.४० लाख ९७ हजार समावेश गरी लेखापरीक्षण गराएको ।
८	स्वर्गद्वारी, प्युठान	२०७४ मा जिल्ला प्रशासनमा दर्ता	२०७३।७४ सम्म भएको	जग्गा, वन, भवन, सुन, चाँदी आदिको उचित संरक्षण तथा पुँजीकृत गरी लेखाङ्कन नगरेको, रु.३ करोड ४५ लाख ५१ हजारमात्र आय देखाई लेखापरीक्षण गराएको, २०६५ देखि धान र तोरी बिक्रीबाट प्राप्त हुनपर्ने रकम उठ्न बाँकी हिसाबमा देखाएको, प्युठानतर्फको आश्रमको नाममा २८ हजार ६७० रहेको मध्ये दर्ता प्रमाणपुर्जामा ९ हजार २६ रोपनीमात्र देखिएको, दाङमा रहेको ९९८ बिघामध्ये ७७६ बिघा मोही लागेको, २८१ ले जग्गा अतिक्रमण गरेको ।
९	रेसुङ्गा, गुल्मी	२०५५ मा जिल्ला प्रशासनमा दर्ता	२०७२।७३ सम्म भएको	प्राप्त भेटी रेसुङ्गा व्यवस्थापन समितिले सङ्कलन गरी खर्च गर्ने गरेको, रुरु-रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति (गठन) आदेश, २०६३ अनुसार मन्दिरमा चढाएको रकममध्ये केही रकम उक्त समितिमा जम्मा गर्नुपर्नेमा नगरेको ।
१०	दक्षिणकाली, काठमाडौँ	मन्त्रिपरिषद्को निर्णयले २०४५	२०७३।७४ सम्म भएको	दक्षिणकाली प्रबन्ध समितिबाट संचालित सेडको भाडा असुल हुन बाँकी रहेको जग्गा जमिनको हिसाब समेत समावेश गरी वासलात

क्र.सं.	धार्मिकस्थलको नाम	दर्ता	लेखापरीक्षण अवस्था	देखिएका अन्य व्यहोरा
		मा गठन		तयार नगरेको, देवीको पाउमा नै चढाएको बाहेक अन्य रकम रु.२ करोड ९१ लाख ७१ हजार आयमा समावेश गरी लेखापरीक्षण गराएको ।
११	बौद्धनाथ, काठमाडौं	गठन आदेश, २०५३	२०७३।७४ सम्म भएको	बौद्धनाथ क्षेत्र विकास समितिबाट यो वर्ष रु.३१ करोड ४५ लाख ५१ हजारको आय गरी लेखापरीक्षण गराएको, वासलात नबनाएको, बौद्धनाथ परिसरभित्र रहेको अजिमाथान मन्दिरको आय समितिमा जम्मा नगरी घ्याङ गुठीले असुल गरी खर्च गर्ने गरेको ।
१२	बागेश्वरी, बाँके	२०५७ मा जिल्ला प्रशासनमा दर्ता	२०७३।७४ सम्म भएको	देवीको पाउमा चढाएको रकम मन्दिरको आयमा समावेश नहुने, अन्य आम्दानी रु.७४ लाख १७ हजारमात्र आय व्ययमा समावेश गरी लेखापरीक्षण गराएको, सम्पत्तिको यथार्थ मूल्याङ्कन गरी वासलात तयार नभएको ।
१३	विन्दवासिनी, कास्की	२०६४ मा जिल्ला प्रशासनमा दर्ता	२०७३।७४ सम्म भएको	दान बाकसमा जम्मा भएको रु.२ करोड ४३ लाख ९ हजारमात्र आयमा समावेश गरी लेखापरीक्षण गराएको छ । देवीको पाउमा चढाएको रकम पुजारीले लाने गरेको ।
१४	भीमेश्वर, दोलखा	२०७१ मा जिल्ला प्रशासनमा दर्ता	२०७३/७४ सम्म भएको	भगवानको पाउमा चढाएको रकम आयमा समावेश नहुने गरेकोमा २०७४।७५ बाट सो रकमसमेत आयमा समावेश गर्ने गरेको जानकारी गराए तापनि सो अनुसारको अभिलेख तयार भइनसकेको ।
१५	बंगलामुखी, ललितपुर	दर्ता भएको नदेखिएको	गराएको देखिने प्रमाण नभएको	दर्ता नै नभएकोले आय र व्यय परादर्शी नभएको ।
१६	छिन्नमस्ता, सप्तरी	२०५२ मा जिल्ला प्रशासनमा दता	२०७३।७४ सम्म भएको	देवीको पाउमा चढाएको रकम मन्दिरको आयमा समावेश नहुने ।

तालिकाअनुसार धार्मिकस्थल सञ्चालन गर्ने सबै व्यवस्थापन समितिले कानुनबमोजिम संस्था दर्ता गरी आय, व्यय तथा सम्पत्तिको लेखांकन गरी लेखापरीक्षण नगराएको र आय प्राप्त गरी धार्मिकस्थलको प्रयोजनमा लगाउन नसकेको स्थिति देखियो । यस सम्बन्धमा प्रचलित ऐन नियमअनुसार दर्ता गराउने, प्राप्त आय धार्मिकस्थलको व्यवस्थापनमा प्रयोग गर्ने तथा सबै आय व्यय तथा सम्पत्ति लेखाङ्कन गरी लेखापरीक्षण गराउने व्यवस्था हुनुपर्दछ ।

५. **ऐन, नियममा अस्पष्टता -** नेपालमा रहेका पुरातात्विक महत्वका वस्तुहरु संरक्षण र संवर्द्धन गर्नका लागि स्थापित संग्रहालय प्राचीन स्मारक संरक्षण ऐन, २०१३ एवं नियमावली, २०४६ बमोजिम सञ्चालनमा रहेको पाइयो । पुरातात्विक संग्रहालयको रुपमा स्थापना भएका मन्त्रालय मातहतका सात संग्रहालयको खुल्ने र बन्द हुने समयमा विविधता रहेको छ । हनुमानढोका र पाटन दरबार संग्रहालयलाई मात्र विकास समितिको रुपमा सञ्चालन गरी अर्थ मन्त्रालयको सहमतिबेगर कर्मचारीलाई अतिरिक्त भत्ता दिएको, राष्ट्रिय संग्रहालय र अन्य संग्रहालयले लिएको आधारभन्दा फरक व्याख्या गरी पाटन संग्रहालयले एक मित्रराष्ट्रका नागरिकलाई बढी प्रवेश शुल्क लिने गरेको, राष्ट्रिय संग्रहालय छाउनीले टेक्सीडर्मी गरिएका वस्तु प्रर्दशनयोग्य नभई लगत कट्टा गर्न विभागमा पत्राचार गरे पनि लगत कट्टा गर्ने कानुनी आधार नभएकोले कुनै कारबाही गरेको देखिएन । संग्रहालय सञ्चालन गर्न आवश्यक पूर्वाधार, सञ्चालन हुने समय, शुल्क निर्धारण गर्ने आधार, प्रदर्शनीमा रहने सामानको अभिलेख राख्ने ढाँचा तथा लगत कट्टा गर्ने आधार सम्बन्धमा कानुनमा स्पष्ट गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः तीर्थस्थल तथा देवालयको भेटी व्यवस्थापन, संरक्षित स्मारक क्षेत्रमा घरको मापदण्ड, धरहरा पुनर्निर्माण, क्षति भएका सम्पदाको पुनर्निर्माणमा ढिलाइ, वायुसेवा कम्पनीको इजाजत तथा नवीकरण, रोयल्टी असुल, ढुकुटीका पुराना सामग्री प्रदर्शनीलगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

६. **मापदण्डविपरीत निर्माण -** प्राचीन स्मारक संरक्षण ऐन, २०१३ बमोजिम हनुमानढोका, पाटन र भक्तपुर दरबारक्षेत्र तथा चांगुनारायण, स्वयम्भूनाथ स्तुप तथा बौद्धनाथ क्षेत्रको केही भूभागलाई संरक्षित स्मारक क्षेत्र घोषणा गरी उक्त क्षेत्रमा गरिने निर्माण कार्यको लागि निर्माणसम्बन्धी मापदण्ड एवं निर्देशिका, २०४८ लागू गरेको छ । निर्देशिकामा घर वा भवनको उचाई ३५ फिट र तलाको उचाई ८ फिट हुने, गारोको इँटा देखिनु पर्ने, भ्याल ढोका काठबाट बनेको हुनुपर्ने, छाना झिंगटी वा टायलबाट छाउनुपर्ने, अण्डरग्राउण्ड निर्माण गर्न नपाइने, आर.सी.सी. र स्टिल फ्रेम स्ट्रक्चर राखी घर निर्माण गर्न नदिइने उल्लेख छ । काठमाडौं

महानगरपालिका वडा नं. २४ को एक कित्ता जग्गामा एक व्यावसायिक संस्थाले मापदण्ड विपरीत भवन निर्माण गरिरहेको सार्वजनिक भएपछि मापदण्डविपरीत भएको ठहऱ्याई निर्माण रोक्का राख्न स्थानीय प्रशासनसँग पत्राचार गरेको, युनेस्कोका काठमाडौँ प्रतिनिधिले विश्वसम्पदा सूचीमा परेको हनुमानढोका क्षेत्रमा भइरहेको निर्माण कार्य नियम तथा निर्देशिकाले तोकेबमोजिम हुनुपर्ने आशयको पत्र पठाएको र लेखापरीक्षणको क्रममा हनुमानढोका क्षेत्रको अवलोकन गर्दा उक्त क्षेत्रमा निर्माण भएका धेरै घर मापदण्ड विपरीत निर्माण भएको देखिन्छ । हनुमानढोका जस्तै विश्वसम्पदा क्षेत्रमा परेका सबै स्थानको निर्माण भइरहेका संरचनाको नक्सा पारित गरी अनुगमन गर्ने दायित्व भएका निकाय तथा पदाधिकारीको कामको समेत निरन्तर अनुगमन, मूल्याङ्कन गर्ने र दोषीउपर कानुनबमोजिम कारबाही हुनुपर्दछ ।

७. **काठको भुक्तानी -** २०७२ वैशाखको भूकम्पबाट काठमाडौँ हनुमानढोकास्थित काष्ठमण्डपलगायत क्षतिग्रस्त सम्पदाहरुको पुनर्निर्माणका लागि आवश्यक पर्ने आठ लाख क्युबिक फिट सालको काठ टिम्बर कर्पोरेसन अफ नेपालले पुरातत्व विभागको सिफारिसमा सरकारी मूल्यमा सम्बन्धित आयोजनालाई आगामी ५ वर्षभित्रमा उपलब्ध गराउन मन्त्रिपरिषद्बाट २०७३।५।२६ मा निर्णय भएको छ ।

काठको लागत अनुमान तयार गर्दा टिम्बर कर्पोरेसनको दररेटबाट तयार गरी सोही आधारमा निर्माण व्यवसायीलाई उपलब्ध गराउनुपर्नेमा अधिकांश ठेक्कामा बजार मूल्यलाई आधार लिएको छ भने केहीमा प्रोभिजनल सममा राखेको छ । प्रोभिजनल सममा रहेको रकमबाट काठको मूल्य भुक्तानी दिँदा खरिद बिल र निर्माण कार्यमा उपयोग गरेको परिमाणलाई आधार मान्नुपर्नेमा बिल बीजकबेगर बजार मूल्यको आधार लिई भुक्तानी दिएको छ । भुक्तानी दिँदा टिम्बर कर्पोरेसनले सार्वजनिक गरेको दररेटभन्दा ६ ठेक्कामा रु ५६ लाख ७ हजार बढी भुक्तानी गरेको देखिन्छ । मन्त्रिपरिषद्को निर्णयअनुसार काठ उपलब्ध गराइदिन पत्राचार नै नगरी टिम्बर कर्पोरेसनबाट काठ उपलब्ध नभएको भनी बजार मूल्यअनुसार भुक्तानी गरेको उपयुक्त देखिएन ।

८. **वैदेशिक सहायता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७ (१) मा कुनै कार्यालयले विदेशी संघ, संस्था, एजेन्सी वा राष्ट्रबाट नगदी वा जिन्सी सहायता प्राप्त गर्दा वा प्राप्त गर्ने सम्झौता गर्दा राष्ट्रिय योजना आयोगको परामर्श लिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्ने व्यवस्था छ । पुरातत्व विभागले १३ इकाईबाट वैदेशिक सहायता लिई पुनर्निर्माणमा सहभागी गराएको विवरण उपलब्ध गराएको छ । काठमाडौँ भ्याली प्रिजरभेसन ट्रष्ट यू.एस.ए.को नामबाट काठमाडौँ भ्याली हेरिटेज ट्रष्टसँग सन् २०१६ देखि २०२० सम्ममा अमेरिकी डलर २१ लाख ९ हजारमा काठमाडौँ र पाटन दरबार क्षेत्रभित्र तोकिएका सम्पदाको मर्मत सम्भार गर्ने गरी २०७३/११/१० मा पुरातत्व विभागका महानिर्देशकले सम्झौता गरेको देखिन्छ । उक्त सम्झौताअन्तर्गत प्राप्त रकम र खर्चको लेखापरीक्षण भएन । अन्य १२ इकाईबाट भएको सम्झौता र प्राप्त रकमको विवरणसम्म पेस भएको छैन । नियमावलीमा तोकिएअनुसार अर्थ मन्त्रालयको स्वीकृति लिई तालुक मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा जानकारी पठाएको समेत देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना गरी लेखापरीक्षण गराउनुपर्दछ ।

९. **भूकम्प पश्चातको पुनः निर्माण -** पुरात्तत्व विभागबाट प्राप्त विवरणअनुसार देशभरि ७ हजार ४०२ र काठमाडौँ उपत्यकामा मात्र ५ हजार ४०२ पुरातात्विक सम्पदा रहेका छन् । काठमाडौँ उपत्यकाका १ हजार १०४ र उपत्यका बाहिरका ४९४ सहित १ हजार ५९८ सम्पदामा क्षति पुगेको विवरण प्राप्त हुन आएको छ । क्षति भएका सम्पदाको पुनः निर्माण गर्न आवश्यक रकम हालसम्म यकिन गरेको छैन । क्षति भएकामध्ये पुनः निर्माण सम्पन्न, निर्माणाधीन र बाँकीको संख्यासमेत यकिन गरी राखेको पाइएन । भूकम्प गएको ३ वर्ष बित्न लाग्दा पनि क्षतिको मूल्याङ्कन गरी पुनः निर्माण तथा सम्पूर्ण क्षतिको मर्मत सम्भारको काम सुरु नहुनु मनासिब देखिँदैन । पुनः निर्माणका लागि लाग्ने लागत र संख्या यकिन गरी कार्य सञ्चालन गर्नुपर्दछ ।

१०. **समिति संरचना -** विकास समिति ऐन, २०१३ को दफा ३ मा नेपाल सरकारले विकास योजना वा विकास कार्यलाई कार्यान्वयन गर्न समिति गठन गर्न सक्ने व्यवस्था छ । संस्कृति तथा पर्यटनसम्बन्धी काम गर्न (पञ्चाङ्ग निर्णायक समितिसमेत) २५ समिति गठन भएको छ । ती समितिलाई यो वर्ष रु.२४ करोड १४ लाख ९८ हजार निकासा दिएकोमध्ये ४ समितिमा अर्थ मन्त्रालयको पूर्वस्वीकृतिमा र ८ समितिमा आवश्यकताअनुसार समितिबाटै कर्मचारी नियुक्ति गर्ने प्रावधान राखेको, ९ समितिमा नेपाल सरकारका कर्मचारी कार्यकारी निर्देशक हुने व्यवस्था गरेको, ५ समितिमा कार्यकारी निर्देशक नियुक्ति गर्दा स्नातक उत्तीर्ण

हुनुपर्ने प्रावधान राखेको र अन्यमा शैक्षिक योग्यता नतोकेकोले योग्यतामा विविधता रहेको, ९ समिति बाहेक अन्यलाई वार्षिक प्रतिवेदन तयार नगरे पनि हुने गरी छुट दिएको, आन्तरिक आय तुलनात्मक रुपमा बढी भएका उपत्यकाका तीन समितिमा मन्त्रालयका सचिव नै अध्यक्षको रुपमा रहेको, १२ समितिको आन्तरिक लेखापरीक्षणसम्बन्धी व्यवस्था नराखेको, कार्य क्षेत्र निर्धारण गर्दा स्पष्ट आधार र मापदण्ड नबनाएको, समिति गठन गर्न कुनै आधार लिने नगरेको देखिएको छ । समिति गठन गर्दा निश्चित मापदण्ड तयार गरी गठन तथा सञ्चालन गर्ने र सोअनुसार भए नभएको सम्बन्धमा नियमित अनुगमन मूल्याङ्कन हुनुपर्दछ ।

११. **कार्य सञ्चालन -** गैरसैनिक हवाई उडान (सिभिल एभिएसन) ऐन, २०१५ को दफा १६ मा नेपाल सरकार वा नेपाली सेनाको वायुयान बाहेक सबैलाई उक्त ऐन लागू हुने देखिन्छ । ऐनको दफा ३(१) मा वायुयान र विमानस्थल सञ्चालन गर्ने इजाजत तथा अनुमति दिने लगायत ऐन कार्यान्वयन गर्न नियम बनाउन सकिने भए पनि ऐन बनेको ५९ वर्षसम्म नियम नबनाई कार्यविधि स्वीकृत गरी काम गर्दै आएको छ । उडान अनुमति पाएका १६४ निकायमध्ये ५० अस्तित्वमा नरहेको विवरण प्राप्त भएको छ । कार्यविधिमा इजाजत लिन चाहनेले विभिन्न प्रमाण कागजात पेस गर्नुपर्ने, धरौटी राख्नुपर्ने, सेवा सञ्चालन नगरे धरौटी जफत हुने, इजाजतपत्रको अवधि ४ वर्ष हुने र तत्पश्चात् नवीकरण गर्नुपर्ने उल्लेख छ । तर ती व्यहोरा खुल्ने गरी अभिलेख नराखेकोले उल्लिखित व्यहोरा पालना भए नभएको परीक्षण गर्न सकिने अवस्था छैन । इजाजत दिँदा र नवीकरण गर्दा मन्त्रीस्तरबाट निर्णय गरी उडान गर्ने यन्त्रको संख्यालाई आधार नलिई उडान क्षेत्रका आधार लिने गरेकोले मन्त्रीस्तरको निर्णयबाट योग्यता निर्धारण गर्ने, संशोधन गर्ने तथा शुल्क निर्धारण गर्ने गरेको छ । कार्यविधि तयार गर्नु अगावै इजाजत पाएको नेपाल वायु सेवा निगम छुट्टै ऐनबाट स्थापित भएकोले इजाजत नलिएको र ९ वायु सेवा कम्पनीलाई नवीकरण गर्नुपर्ने दायित्वबाट उन्मुक्ति दिएको देखिन्छ । ती कम्पनीलाई ऐनमा इजाजतपत्र लिनु नपर्ने तथा नवीकरण गर्नु नपर्ने गरी छुट दिएको देखिँदैन । यस सम्बन्धमा मन्त्रालयले बनाएको कार्यविधिमा पनि छुट दिने व्यवस्था नगरेकोले नवीकरण शुल्क नलिने गरी उन्मुक्ति दिनु मनासिब देखिएन । नियम नबनाएकोले मन्त्रालयले यो वर्ष हवाई यातायात क्षेत्रबाट असुल गरेको राजस्व रु.१ करोड २१ लाख ४९ हजार यथार्थपरक छ भन्न सकिएन ।

सोही ऐनको दफा ३ (२)(क) मा कुनै स्थानमा विमानस्थल स्थापना गर्न पाउने, सोको लागि अनुमति दिने र दस्तुर तोक्ने सम्बन्धमा नियम बनाउन सक्ने व्यवस्था छ । हालसम्म नियम नबनाएकोले नागरिक उड्डयन प्राधिकरणले विमानस्थल प्रयोग गरेबापत वायुसेवा कम्पनीबाट शुल्क असुल गरी रहे पनि विमानस्थल सञ्चालनबापत अनुमति लिई सरकारलाई दस्तुर बुझाउनुपर्ने दायित्वबाट प्राधिकरणले उन्मुक्ति पाउँदै आएको देखियो । सो प्रयोजनका लागि समेत नियम बनाउनुपर्ने देखिन्छ । ऐनले तोकेअनुसार इजाजत दिने र नवीकरण गर्ने कार्यलाई नियम बनाई व्यवस्थित गर्नुपर्दछ ।

१२. **अनुदान** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(६) मा अनुदान दिँदा योजना, कार्यक्रम र यथासम्भव लागतसमेत खुलाई दिनुपर्ने व्यवस्था छ । यो वर्ष मन्त्रालयले विभिन्न संस्था/निकायलाई रु.१ अर्ब ११ करोड ९८ लाख अनुदान दिएकोमा नियममा उल्लेख भएअनुसार व्यहोरा खुलाई दिएको देखिएन । नेपाल सरकारको कार्य विभाजन नियमावली, २०६९ अनुसार यो मन्त्रालयको कार्य क्षेत्रमा अन्य कामका अतिरिक्त संस्कृतिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन मूल्याङ्कन एवं सांस्कृतिक सम्पदा, धरोहर र ऐतिहासिक महत्वका दरबारको संरक्षण तथा संवर्द्धनको कामसमेत रहेको देखिन्छ । तर यो मन्त्रालयको कार्यक्षेत्रमा पर्ने मठ, मन्दिर परिसर र अन्य पूर्वाधार निर्माण गर्न करिब १ हजार ६०० क्रियाकलापमा शहरी विकास मन्त्रालय मातहत निकायबाट समेत रु.६३ करोड २६ लाख खर्च गरेको छ । त्यसैले स्पष्ट लागत अनुमानका आधारमा दोहोरो नपर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने र त्यसको निरन्तर अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३. **प्रदर्शनमा नरहेको -** नेपाल सरकार, मन्त्रिपरिषद्को २०६५।२।१५ को निर्णयमा नारायणहिटी दरबारभित्र तथा परिसरमा रहेका सम्पूर्ण सम्पदालाई ऐतिहासिक संग्रहालयलगायत राष्ट्रिय हितमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाउने उल्लेख भएअनुसार पूर्व राजारानीले प्रयोग गरेको श्रीपेच, राजदण्डलगायतका बहुमूल्य सामग्री प्रदर्शन गर्न आवश्यक बुलेट प्रुफ सिसाभित्र राख्न मिल्ने गरी सोकेशको निर्माण, सी.सी.टी.भी. जडान, वैकल्पिक विद्युतका लागि जेनेरेटरसमेत खरिद गरी २०६८।६९ मा नारायणहिटी दरबार संग्रहालयले

रु.२ करोड ६ लाख २० हजार खर्च गरेको देखिन्छ । हालसम्म पनि ती सामान प्रर्दशनमा राखेको पाइएन । सो लगायत प्रर्दशनमा राख्नुपर्ने अन्य सामान यकिन गरी प्रदर्शनमा राख्नुपर्दछ ।

पर्यटन विभाग

पर्यटनको विकास गरी सर्वसाधारण जनताको आर्थिक हित कायम राखी नेपालमा आउने विदेशी र नेपाली पर्यटकको स्वास्थ्य, सुवधा र हितका निमित्त आवश्यक व्यवस्था गर्न विभाग, १ पर्यटक प्रहरी इकाई र ७ कार्यालयमार्फत सेवा प्रवाह हुँदै आएको छ ।

१४. **धरौटी -** पर्वतारोहणसम्बन्धी नियमावली, २०५९ को नियम २६ बमोजिम अनुसूची ९ मा तोकिएअनुसार फोहोरमैला व्यवस्थापनका लागि न्यूनतम अमेरिकी डलर ५ सयदेखि ४ हजार धरौटी राख्नुपर्ने व्यवस्था छ । यसरी राखेको धरौटी सगरमाथा प्रदूषण नियन्त्रण समितिले फोहोरमैला व्यवस्थापन गरेको भनी पत्र लेखेको आधारमा यो वर्ष रु.४ करोड ९६ लाख ९ हजार फिर्ता दिएको छ । उक्त समिति कुनै निकायमा दर्ता नभएको तथा प्रचलित आयकर ऐन र नियमावलीअनुसार आयकरमा दर्ता भई आयकर बुझाउने गरेको समेत नदेखिएकोले विभागले उक्त समितिलाई आधिकारिक निकाय माने पनि त्यस समितिले फोहोरमैला व्यवस्थापन गर्न पर्यटकबाट असुल गर्न पाउने शुल्क विभागले निर्धारण नगरेको र असुल गरेको शुल्क सम्बन्धमा अनुगमन गरेको छैन । उक्त समिति रहेकै क्षेत्रमा विभाग मातहतकै पर्यटन कार्यालय रहे पनि उक्त कार्यालयलाई फोहोर व्यबस्थापनमा उपस्थितिसम्म नगराई गैर सरकारी निकायले लेखिदिएको पत्रलाईमात्र आधार मान्नु मनासिब देखिदैन । यस सम्बन्धमा कानुनबमोजिम दर्ता भएका संस्था वा निकायलाई मात्र प्रतिस्पर्धाको आधारमा काम दिने व्यवस्था हुनुपर्दछ ।

१५. **आइसफलको बाटो निर्माण -** सगरमाथा, लोत्से र नुप्से हिमशिखरको आरोहण गर्न प्रयोग गरिने खुम्बु आइसफलको बाटो निर्माण एवं मर्मत सम्भार गर्न ती हिमाल आरोहण गर्न अनुमति प्राप्त विदेशी नागरिकबाट वसन्त ऋतुमा प्रति पर्यटक अमेरिकी डलर ४०० र अन्य ऋतुमा अमेरिकी डलर १ हजार सेवा शुल्क असुल गर्ने अनुमति सगरमाथा प्रदूषण नियन्त्रण समितिलाई दिएको देखियो । उक्त समितिलाई अनुमति दिने निर्णय, सम्झौता, असुलीको विवरण तथा अन्य हिमशिखर आरोहीबाट सेवा शुल्क असुल गर्ने निर्णय एवं सम्झौता समेतको कागजात पर्यटन विभागसँग २०७४।११।२३ मा माग गरेकोमा विभाग स्वयंले गरेको निर्णय तथा सम्झौतासम्बन्धी कागजात उपलब्ध नगराई २०६६ अगावै मन्त्रालयबाट तयार गरेको टिप्पणीको प्रतिलिपिमात्र उपलब्ध गराएको छ । मन्त्रालयबाट प्राप्त र विभागले उपलब्ध गराएको प्रतिलिपि सम्झौताअनुसार उक्त समितिले उठाएको शुल्क र खर्चको विवरण ६/६ महिनामा पेस गर्नुपर्ने, आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र र संस्था नवीकरणको प्रमाण विभागमा पेस गर्नुपर्ने उल्लेख छ । कानुनी आधार र प्रतिस्पर्धाबेगर शुल्क उठाउने अनुमति दिई राजस्वमा दाखिला तथा कागजात पेस नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई असुल गरेको रकम यकिन गरी राजस्वमा दाखिला गर्ने तथा उक्त कार्य गर्नुपर्ने भए विनियोजनतर्फ कार्यक्रम स्वीकृत गरी प्रतिस्पर्धाको आधारमा ठेक्का लगाई काम गराउने व्यवस्था हुनुपर्दछ ।

१६. **क्यासिनो इजाजत र रोयल्टी -** क्यासिनो नियमावली, २०७० को नियम १० मा क्यासिनो सञ्चालनको लागि दुई करोड रुपैयाँ इजाजत दस्तुर लाग्ने तर आधुनिक मेसिन वा उपकरणको माध्यमबाट मात्र खेलाइने खेलको हकमा एक करोड रुपैयाँ इजाजत दस्तुर लाग्ने, नियम १२ मा इजाजतपत्रको अवधि एक आर्थिक वर्षको हुने, नियम १३ मा इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा एक महिना अगावै इजाजतपत्र नवीकरणका लागि निवेदन दिनुपर्ने व्यवस्था छ ।

१६.१ उक्त व्यवस्थाअनुसार इजाजतपत्र प्राप्त गर्नेले २०७४।७५ को लागि २०७३।७४ मा नै इजाजतपत्र दस्तुरको पचास प्रतिशतले हुने रकम बुझाई नवीकरण गर्नुपर्ने देखिए पनि पाँच कम्पनीले रु.१४ करोड इजाजत दस्तुर नै नबुझाएको र ६ कम्पनीले रु.७ करोड नवीकरणबापतको राजस्व दाखिला नगरी क्यासिनो सञ्चालन गरेका छन् । आर्थिक ऐन, २०७४ को दफा १७ (१) र (२) अनुसार आधुनिक मेसिन वा उपकरणको माध्यमबाट खेलाइने खेल (क्यासिनो) को लागि एक इजाजतपत्रबाट एक स्थानमा मात्र खेलाउन सकिनेमा एक कम्पनीले महेन्द्रनगर, वीरगन्ज, विराटनगर र काठमाडौँ गरी ४ स्थानमा सञ्चालन गरे पनि नवीकरण दस्तुर एक

स्थानको रु.५० लाखमात्र दाखिला गरेको हुँदा नपुग रु.१ करोड ५० लाखसमेत रु.२२ करोड ५० लाख असुल हुनुपर्दछ

१६.२ क्यासिनो सञ्चालन गर्न इजाजतपत्र प्राप्त गर्नेले रोयल्टी रकम आर्थिक वर्ष प्रारम्भ भएको मितिले दुई महिनाभित्र बुझाउनुपर्ने, वार्षिक पन्ध्र प्रतिशतका दरले शुल्क र सो म्याद नाघेको मितिले तीन महिनासम्म नबुझाएमा पन्ध्र प्रतिशतका दरले थप शुल्कसमेत लगाई रोयल्टी रकम असुल गर्नुपर्नेमा तीन कम्पनीले रु.७ करोड २५ लाख रोयल्टी नबुझाएकोले थप शुल्कसमेत असुल हुनुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

सांस्कृतिक सम्पदा

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले मानव निर्मित प्राचीन स्मारक र पुरातात्विक वस्तुहरुलाई सांस्कृतिक सम्पदाको रुपमा लिएको छ । विश्व सम्पदा सूचीमा १० सांस्कृतिक तथा प्राकृतिक सम्पदा परेका छन् । सांस्कृतिक सम्पदाको संरक्षण सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणका लागि लुम्बिनी विकास कोष, पशुपति क्षेत्र विकास कोष तथा रानीपोखरी, बुङमती, धरहरा र काष्ठमण्डपको पुनर्निर्माणको कार्यलाई नमूना छनौट गरिएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

लुम्बिनी विकास कोष

१७. **गुरुयोजना कार्यान्वयन** – लुम्बिनी विकास कोष ऐन, २०४२ बमोजिम गठन भएको कोषले स्थापनाकालदेखि ३२ वर्षको अवधिमा १९७८ मा तयार भएको गुरुयोजनाको कार्यान्वयन गदै आएको देखिन्छ । उक्त गुरुयोजनाको प्रथम चरणको कार्य २ वर्षभित्र र दोस्रो चरणको कार्य १९९५ सम्म सम्पन्न गर्ने लक्ष्य रहेकोमा उल्लिखित कार्य गर्न २०३५ मा अमेरिकी डलर १ करोड १६ लाख १७ हजार (तत्कालीन विनिमय दरअनुसार रु.१२ करोड १९ लाख ७९ हजार) को लागत अनुमान तयार भएको देखिन्छ । व्यवस्थापिका-संसदबाट २०६७।१।१४ मा पारित "लुम्बिनीलाई अन्तराष्ट्रिय शान्ति शहर निर्माण तथा अधुरो रहेको लुम्बिनी विकास गुरुयोजनालाई सम्पन्न गरी विश्वशान्तिको केन्द्र बनाउने" सम्बन्धी संकल्प प्रस्ताव पारित भए बमोजिम जापानी प्राध्यापक केन्जो टाँगेले तयार गरेको लुम्बिनी विकास गुरुयोजना र नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७२।५।२८ मा स्वीकृत भएको "लुम्बिनी विश्व शान्ति नगर" को गुरुयोजना सहितको प्रतिवेदन कार्यान्वयन गर्न सैद्धान्तिक सहमति प्राप्त भएको छ । २०७२।७३ को बजेट वक्तव्यमा "बृहत लुम्बिनी विकास गुरुयोजना" तयार गरी सो अनुसारको निर्माण कार्य प्राथमिकताका साथ अगाडी बढाउने उल्लेख छ । लुम्बिनी क्षेत्रको विकासका लागि मुख्य क्षेत्रमा केन्जो टाँगेको गुरुयोजना, बफर जोन र प्रतिबन्धित क्षेत्रको व्यवस्थापनका लागि प्रोफेसर क्वाकको आर्य अष्ठाङ्गिक मार्गको नमूनामा तयार गरिएको विश्व शान्ति नगरमा गुरुयोजना तथा "बृहत लुम्बिनी विकास गुरुयोजना" गरी ३ गुरुयोजना कार्यान्वयन गर्ने नेपाल सरकारको नीति रहेको देखिन्छ ।

गुरुयोजनाअनुसारका कार्य यो वर्षसम्म करिब ८० प्रतिशत सम्पन्न भइसकेको कोषले जनाएको छ । लुम्बिनी सांस्कृतिक केन्द्र भवन, वाटर टावर लगायतका १६ कार्यहरु सम्पन्न हुन बाँकी रहेको र सोको लागि करिब रु ५ अर्ब ६५ करोड लागत लाग्ने अनुमान रहेको छ । गुरुयोजना कार्यान्वयनका लागि आवश्यक मानव संसाधन लगायतका स्रोतको व्यवस्थापन हुनुपर्दछ ।

१८. **विहार निर्माण** – विहार क्षेत्र विनियमावली, २०५८ को विनियम २(१) मा विहार बनाउनको लागि बुद्ध धर्मावलम्वी वा बुद्ध धर्मसँग सम्बन्धित मित्रराष्ट्र वा संघ संस्थाले अनुरोध गरेमा बहालगिरी (लिज) सम्झौता गरी साधारणतया एक पक्षलाई विहार क्षेत्रको एउटा चक्ला मात्र उपलब्ध गराउन सक्ने र विनियम ५(३) मा कार्य प्रारम्भ भएको मितिले ३ वर्ष भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । विहार क्षेत्रमा लिजमा दिन सकिने ४२ प्लटमध्ये ३६ प्लट लिजमा दिएकोमध्ये २१ प्लटमा कार्य सम्पन्न भएकोमा १५ प्लटमा ५ देखि २४ वर्षसम्म पनि निर्माण कार्य सम्पन्न नगरेको, एक संस्था तथा राष्ट्रलाई एकभन्दा बढी ८ प्लट उपलब्ध गराएको, कोषबाट प्रदान गरेको प्लटमा गेष्ट हाउस निर्माण गरी सञ्चालन गर्न स्वीकृति दिएको सम्बन्धमा स्पष्टता देखिएको छैन । गुरुयोजना तथा विनियमावलीको पालना गरी तोकिएको म्यादभित्र विहार निर्माण कार्य गराउनुपर्ने देखिएको छ ।

१९. **आय तथा मुद्रा** – लुम्बिनी विकास कोष कार्यव्यवस्था विनियमावली, २०५८ को विनियम ५(१) मा लुम्बिनी क्षेत्रमा राखिने चन्दा बाकसहरुमा प्राप्त रकम समितिले तोकेको खातामा जम्मा गर्नुपर्ने व्यवस्था छ । दानपात्रमा जम्मा भएको २४ देशका १ लाख ४९ हजार थान मुद्रा र १० देशका एकमुष्ठ (थान नखुलेका) मुद्रा नेपालमा सटही सुविधा नभएको भनी नगदै लगत राखेको र आम्दानीसमेत जनाएको छैन । विहार क्षेत्रको लागि छुट्याएको चक्लाको भू-शुल्कलगायत शुल्क कार्यकारिणी समितिको २०६१।९।९ लगायतका बैठकबाट निर्धारण भएको दरमा लिने गरेको छ । सेवा तथा संरक्षण शुल्क, क्यामरा शुल्क, संग्रहालय सेवा तथा संरक्षण शुल्कलगायतका शुल्कमा समसामयिक पुनरावलोकनसहित मुद्रा सटहीको व्यवस्था गर्नुपर्दछ ।

२०. **वातावरणीय पक्ष** – औद्योगिक प्रवर्द्धन बोर्डको १८४ औं बैठकबाट लुम्बिनी क्षेत्र संरक्षण गर्न निर्माण भएको पर्खालदेखि दक्षिणतर्फ राष्ट्रको सीमानासम्म र पूर्व, पश्चिम तथा उत्तरतर्फ कोषको पर्खालदेखि १५ किलोमिटर दूरीसम्म कार्वन उत्सर्जन गर्ने उद्योग स्थापना गर्न नदिने निर्णय गरेको छ । उक्त निर्णयमा प्रदूषण निष्काशन गर्ने उद्योगले वातावरण संरक्षण ऐनले तोकेको मापदण्ड एवं शर्त पूरा गरी मात्र उद्योग सञ्चालन गर्नुपर्ने, शर्त पूरा नगर्ने उद्योग २ वर्षभित्र स्थानान्तरण गर्न लगाउने समेत उल्लेख छ । उक्त निर्णयबाट निषेध गरेको क्षेत्रमा कार्बन उत्सर्जन गर्ने १५ भन्दा बढी उद्योग सञ्चालनमा रहेका छन् । प्रदूषण नियन्त्रणका मापदण्ड एवं शर्त पुरा गरे नगरेको सम्बन्धमा कोषले अभिलेख राखेको छैन ।

२१. **संरक्षण कार्य** – प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ८ मा प्राचीन स्मारक संरक्षणको निमित्त तथा प्राचिन स्मारक रहेको ठाउँ वरिपरी सुरुङ्ग खोल्ने वा विष्फोटक पदार्थ हाली जमिन फोर्ने काममा नियन्त्रण गर्ने व्यवस्था रहेको र दफा १२(ख) मा प्राचीन स्मारकलाई अनधिकृत प्रयोग गरेमा वा हानी नोक्सानी पुऱ्याएमा नगद वा कैद सजाय हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा अवलोकन गर्दा सिसहनिया क्षेत्रमा अनुमती बेगर संरक्षित क्षेत्रको जग्गा भित्रबाट पर्ने गरी सिसहनियादेखि गणेशपुर जाने ५ किलोमिटरको बाटो हेभी मेशिनको प्रयोग गरी निर्माण भइरहेको र उक्त स्थलमा प्राचीन इट्टा तथा प्राचीन वस्तुका भग्नावशेष यत्रतत्र छरिएको, कुदान क्षेत्रको भग्नावशेषको पश्चिमपट्टी करिब २० मिटरको दूरिमा कोषले अध्ययन केन्द्र भवन निर्माण गर्न फाउण्डेसन र आर.सी.सी. पिलर राखेकोमा पुरातत्व विभागको अनुमतिबेगर संरचना बनाएको भनी निर्माण कार्य रोक्का गरेको देखियो । गोटिहवा क्षेत्रमा रहेको अशोकस्तम्भ भाँचिएको, चर्किएको र सुरक्षा बारसमेत भाँचिई दुवैतर्फ खुल्ला रहेको छ । २०७३।७४ को बजेट वक्तव्यको बुदाँ नं.२६८ मा प्राचीन तिलौराकोटको उत्खनन तथा संरक्षणको लागि आवश्यक पर्ने जग्गाको अधिग्रहण गरिने उल्लेख भए तापनि जग्गा अधिग्रहण हुन नसकेको र उत्खनन कार्य विगत ६१ वर्षदेखि जारी रहेको स्थिति छ । अरौराकोट क्षेत्रमा संरक्षणको कुनै कार्य नभएको, रामग्राम क्षेत्रको स्तुप १८९९ मा पत्ता लागेकोमा ११९ वर्ष बितिसक्दा समेत उल्लेख्य रुपमा उत्खनन, संरक्षण र विकास नभएको स्थिति छ । रामग्राम क्षेत्रमा जग्गा अधिग्रहण हुन नसकेको र संभाव्य क्षेत्रको रुपमा नवलपरासी जिल्लामा रहेको पंडितपुरमा पुरातत्व विभागले उत्खनन् गरेकोमा इशापूर्व छैठौं शताब्दीसम्मका प्राचीन वस्तु फेला परेको छ । उक्त क्षेत्र लुम्बिनी क्षेत्रको परिभाषामा नसमेटेकोले संरक्षण र संवर्द्धन गर्ने कार्यहरु हुन सकेको देखिएन । यस क्षेत्रलाई समेत वृहत लुम्बिनी गुरुयोजनामा समेट्नुपर्ने देखिन्छ ।

सम्पदा पुनर्निर्माण

पुरातत्व विभागद्वारा प्रकाशित भूकम्पद्वारा प्रभावित स्मारकको प्रारम्भिक प्रतिवेदनबमोजिम २० जिल्लाका १ हजार ५९८ सम्पदा भूकम्पबाट प्रभावित भएको उल्लेख छ । जसमध्ये काठमाडौं उपत्यकामा मात्र १ हजार १०४ (काठमाडौं ५६४, ललितपुरमा २८४ र भक्तपुरमा २५६) सम्पदामा क्षति पुगेको देखिएकोमा हालसम्म ७९ (४.९४ प्रतिशत) सम्पदा मात्र पुनर्निर्माण भएको विभागले जनाएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

२२. **रानीपोखरी पुनर्निर्माण** – सम्माननीय राष्ट्रपतिबाट २०७२।१०।२ मा शिलान्यास भएको रानीपोखरी पुनर्निर्माण तथा सौन्दर्यकरण कार्य अन्तर्गत बालगोपाल मन्दिर पुनर्निर्माण, पोखरी सफाई, सौन्दर्यकरण (हरियाली प्रवर्द्धन, ट्रयाक निर्माण, प्याविलियन, प्यारापिट लगायत) कार्य शौचालय र विद्युतिकरणको कार्य गर्ने गरी काठमाडौं महानगरपालिकाको २०७३।१।१० को निर्णयबाट एक निर्माण व्यावसायीसँग रु.७ करोड ११ लाखमा खरिद सम्झौता भएको र उक्त कार्य २०७३ कार्तिक मसान्तसम्म सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण

व्यवसायीलाई तेस्रो रनिङ बिलसम्म रु.२ करोड ३० लाख ३८ हजार भुक्तानी भइसकेपछि बालगोपालेश्वरको मन्दिर पुनर्निर्माण कार्य पुरातत्व विभागबाट गर्ने र रानीपोखरी पुनर्निर्माण कार्यमा आधुनिक प्रविधि एवं सिमेन्टको प्रयोग गरेको भनी विवाद शुरु भएको देखिन्छ । काठमाडौं महानगरपालिकाले ड्रईङ, डिजाईन तथा लागत अनुमान तयार गरी स्वीकृतिका लागि पुरातत्व विभागमा अनुरोध गरेकोमा फुड स्टल र एम्पिथिएटरको पछाडि पट्टीको पिलर हटाउनुपर्ने भनी विभागले सहमति दिएकोमा महानगरपालिकाले निर्देशन बमोजिम संरचना नहटाई ठेक्का व्यवस्था गरेको कारण विवाद भएको देखिएको छ । हाल बालगोपालेश्वर मन्दिर पुनर्निर्माण कार्य पुरातत्व विभागले गरिरहेको र रानीपोखरी पुनर्निर्माणको बाँकी कार्य अर्को निर्णय नभएसम्म स्थगित गर्न विभागबाट २०७४।९।१२ मा महानगरपालिकामा लेखी पठाएको तथा नेपाल सरकार, मन्त्रिपरिषद्को २०७४।९।१३ को निर्णयबाट रानीपोखरीको ऐतिहासिक, सांस्कृतिक एंव पुरातात्विक महत्वलाई कायम राख्दै पुरातत्व विभागले स्वीकृत गरेको मापदण्ड बमोजिम निर्माण कार्य अगाडि बढाउन निर्देशन दिएपछि भैसकेको निर्माण कार्य भत्काई मापदण्ड बमोजिम निर्माण गर्नुपर्ने भएकोले निर्माण कार्य स्थगित भएको छ । हालसम्म भुक्तानी भएको रकम उपलब्धिविहीन भएको छ । महानगरपालिका तथा पुरातत्व विभागबीचको विवादका कारण पुनर्निर्माण कार्य अलपत्र छोड्नु उपयुक्त नदेखिएकोले आवश्यक समन्वय र सहकार्य गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२३. **बुङमती पुनर्निर्माण** – भूकम्पले भत्किएका सम्पदाको पुनर्निर्माण कार्यको शुरुवात भएको उद्घोषसहित २०७३।१०।२ मा सम्माननीय प्रधानमन्त्रीबाट शिलान्यास भएको देखिन्छ । रातो मच्छिन्द्रनाथको मन्दिर पुनर्निर्माण गर्न रु.४ करोड ९८ लाख ८८ हजारको लागतमा श्रीलंका र नेपाल सरकारबीच २०१६ अप्रिल २२ मा सम्झौता भएअनुसार श्रीलंकन राजदूतावासबाट बोलपत्र आह्वान भई रु.४ करोड ७४ लाख ४५ हजारमा एक संयुक्त उपक्रमसँग सम्झौता भएकोमा काठको मात्रा बढेको, सिंह गरुड राख्ने, फलामको जोडाई र कार्नेस कर्भिङ्गको कार्य छुट भएको भनी सम्झौता रकम संशोधन भई रु.५ करोड २१ लाख ८५ हजार भएको छ । उक्त कार्य २०१८ जूनसम्म सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा २०७४।१२।१३ सम्म २२ प्रतिशत मात्र प्रगति भएको छ । निर्माण व्यवसायीले पेश गरेको कार्यतालिकाबमोजिम हालसम्म सुपर स्ट्रक्चरको कार्य, काठको बिम, छाना राखिसक्नुपर्नेमा प्लिन्थ एरियाको काम मात्र भएको, भ्याल ढोका तयार गरी राखेको र युनेस्कोद्धारा चुना ३ हप्ता पानीसँग भिजाई सुर्खी बनाउनुपर्नेमा सो नगरेको कारण जनाई निर्माण कार्य स्थगित भएको छ । उत्खनन् र क्षमापूजा ढिला भएको, तोकिएको इट्टाको प्रबन्ध गर्ने तथा जगमा ढुङ्गा राखेको नमिलेको जस्ता कारणले निर्माण कार्यमा ढिलाई भएको छ । पुरातत्व विभाग, श्रीलंकाली राजदूतावास र युनेस्कोको आवश्यक समन्वय र अनुगमनको निर्देशनमा एकरुपता नहुँदा निर्माण कार्य स्थगित भएको देखिएकोले निर्माण समग्रीको गुणस्तर परीक्षण गर्ने व्यवस्था गरी यथाशीघ्र निर्माण सम्पन्न गर्नुपर्दछ ।

२४. **धरहरा पुनर्निर्माण** – नेपाल सरकार, मन्त्रिपरिषद्ले २०७३।३।३१ मा 'मेरो धरहरा म आफै बनाउछु' भन्ने अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । धरहरा निर्माणका लागि नेपाल सरकारको खातामा जम्मा भएको रु.९ करोड र नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट संयुक्त लगानी गर्ने गरी सूचना तथा सञ्चार र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबीच द्विपक्षीय सम्झौता गरी निर्माण प्रकिया अगाडि बढाउने निर्णय भएको छ । निर्णय कार्यान्वयनका लागि उक्त लिमिटेडबाट संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयमा रु.३ अर्ब ६१ करोड देखि ६ अर्ब ८० करोडसम्मका ५ विकल्पको छुट्टाछुट्टै भ्यू टावरसहितको डिजाईन प्रस्ताव पेस गरेकोमा सहमति हुन नसकेको र राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, निर्देशक समितिले पुरातत्व विभागले २०७४।२।९ मा पेस गरेको रु.३ अर्ब ६७ करोड १९ को लागत अनुमान स्वीकृत गरेकोमा नेपाल टेलिकमले लाभ लागत दृष्टिले दिगो नहुने कारण जनाई पुनर्निर्माण कार्य गरेको छैन । उक्त लागत अनुमान संशोधन गरी २०७४।११।१४ मा रु.४ अर्ब २७ करोड ८७ लाख कायम गरे तापनि ठेक्का व्यवस्थापन हुन सकेको छैन । यसबाट ठेक्का व्यवस्था नहुँदै शुरु लागत अनुमानमा १६.५२ प्रतिशतले लागत वृद्धि भइसकेको छ । निकायगत समन्वयको अभाव र धरहराको डिजाइनमा सहमति हुन नसकेको कारण रहेको देखिएकोले सम्बन्धित निकायले जिम्मेवारी लिई धरहरा पुनर्निर्माण हुनुपर्दछ ।

२५. **काष्ठमण्डप पुनर्निर्माण** – हनुमान ढोका संरक्षित स्मारक क्षेत्रमा अवस्थित काष्ठमण्डपको पुनर्निर्माण गर्ने सम्बन्धमा पुरातत्व विभागबाट तयार भएको रु.१९ करोड ८८ लाख ११ हजारको लागत अनुमान महानगरपालिकाले २०७३।४।३० मा स्वीकृत गरेको छ । नेपाल सरकारले काष्ठमण्डप लगायतका संरचना निर्माण गर्न आवश्यक पर्ने ८ लाख क्यूबिक फीट सालको काठ टिम्बर कर्पोरेशन अफ नेपालले पुरातत्व विभागको

सिफारिसमा सम्बन्धित आयोजनालाई ५ वर्ष भित्र सरकारी मूल्यमा उपलब्ध गराउने निर्णय गरेपछि काठ बाहेकको रु.७ करोड १३ लाख २६ हजारको लागत अनुमान स्वीकृत गरी दोस्रो पटक बोलपत्र आव्हान गर्दा समेत ३ बोलपत्रदाताले पेस गरेको आर्थिक प्रस्तावमा लागत अनुमान भन्दा २३.०४ देखि ४१.६९ प्रतिशत बढी उल्लेख गरेकोले २०७४।२।२२ मा सबै बोलपत्र अस्वीकृत भई पुनर्निर्माण कार्य अवरुद्ध भएको छ । पुनर्निर्माण प्रतिको निकायगत जिम्मेवारीबोध गरी काष्ठमाण्डप पुनर्निर्माणको कार्य शुरु हुन सकेको देखिएन ।

पशुपति क्षेत्र विकास कोष

२६. **गुरुयोजना** – पशुपतिलाई सनातन तीर्थस्थलको रुपमा कायम गर्ने, चलअचल श्रीसम्पति र पुरातात्विक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संभार, संरक्षण र सर्म्वद्धन गर्ने उद्देश्यले पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ तर्जुमा भई लागू भएको छ । यो क्षेत्र विश्व सम्पदा सूचीमा सन् १९७९ मा सूचीकृत भएको र ५१८ स्मारक रहेका छन् । पशुपति क्षेत्र विकास कोषले पशुपति क्षेत्रको अवधारणात्मक गुरुयोजनाको रुपरेखा, २०५३ रु. २ अर्ब २ करोड ९५ लाखमा १० वर्षमा सम्पन्न गर्ने गरी नेपाल सरकारबाट स्वीकृत भई २०५८ बाट लागू भएको छ । २०४६ मा कोषको गठनसँगै पशुपति क्षेत्र भनी २६४ हेक्टर क्षेत्रफल तोकेकोमा कोर क्षेत्रमा ३.९ हेक्टर, कन्सोन्यान्ट क्षेत्रमा ९४.९ हेक्टर, कन्टिनियन क्षेत्रमा ५.२ हेक्टर र बाँकी कन्टिनियन क्षेत्रमा १६० हेक्टर रहेको छ । गुरुयोजनामा कम्पोनेन्टवाइज लागत उल्लेख नहुँदा कार्यान्वयनको मापन गर्न सक्ने अवस्था छैन । गुरुयोजना कार्यान्वयनमा २०६८।६९ सम्म रु.४ अर्ब २० करोड २१ लाख खर्च भएको छ । पशुपति क्षेत्रको अवधारणात्मक गुरुयोजनाको बुँदा नं. १०(१) मा यस क्षेत्रमा ३२ निर्माण कार्य गर्ने उल्लेख भएकोमा २० सम्पन्न भई संग्रहालय, पुस्तकालय, अनुसन्धान केन्द्र लगायतका १२ कार्य बाँकी रहेको छ । शुरु लागतमा १०७.०५ प्रतिशतले वृद्धि भएको र हाल राष्ट्रिय गौरवको आयोजना घोषणा भएको अवस्थामा समेत गुरुयोजनाबमोजिम गर्नुपर्ने कार्य नभएकोले अपेक्षित उद्देश्य हासिल भएको देखिएन । पशुपति क्षेत्रको विकास तथा संरक्षण गर्न स्वीकृत भएको अवधारणात्मक गुरुयोजनामा इकाईगत लागत र डिजाईन नतोकेको कारण कार्यान्वयन हुन नसकेकोले नयाँ गुरुयोजना बनाई कार्यान्वयन गर्नुपर्दछ ।

२७. **सम्पदा पुनर्निर्माण** – २०७२ वैशाखको भूकम्पबाट यस क्षेत्रका प्राचीन स्मारक तथा सम्पदामा क्षति पुगेको छ । कोषले उक्त क्षेत्रका ४६ स्मारक पुनर्निर्माणको लागि रु.२ अर्ब ६ करोड १५ लाख लागत अनुमान स्वीकृत गरेकोमध्ये ६ स्मारक तथा मन्दिर निर्माणका लागि दाताबाट प्रतिबद्धता हासिल गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन्:

२७.१ कोषले २०७७।७८ सम्म पुनर्निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य राखेकोमा २ वर्ष व्यतीत भइसकेको अवस्थामा लेखापरीक्षण अवधि (२०७४।११।२९) सम्म भट्टहरुको आवास मर्मत र वालगणेश मन्दिर निर्माण सम्पन्न भएको, १० कार्यको ठेक्का व्यवस्थापन भएको र बाँकी ३४ निर्माण कार्य शुरु नभएकोले समयमा पुनर्निर्माणको कार्य सम्पन्न नहुने देखिएको छ । कोषमा प्राविधिक जनशक्ति पर्याप्त नभएको र पुरातत्व विभागबाट स्मारक पुनर्निर्माणको ड्रइङ डिजाइन स्वीकृतिमा ढिलाइ भएको छ । निकायगत समन्वय र प्राविधिक सक्षमता अभिवृद्धि गरी पुनर्निर्माणलाई गति दिनुपर्दछ ।

२७.२ कोषले पुनर्निर्माण गर्नुपर्ने राजेश्वरी श्राद्ध पाटी, गौरीघाट चौघेरा सत्तल, बज्रेश्वरी सत्तल, जयवागेश्वरी मन्दिर र महास्नान घरको पुनर्निर्माण गर्न ५ दातासँग सम्झौता गरेकोमा कार्य शुरु भएको छैन । महास्नान घर एक बैङ्कले ठेक्का व्यवस्थापन गर्ने चरणमा रहेको र अन्य ५ दाताले कार्य नगरेका कारण सम्झौता तोड्ने चरणमा रहेको कोषले जनाएको छ । दाताको सक्षमता मूल्यांकन नगरेको र सम्झौतामा पुनर्निर्माण गर्नुपर्ने अवधिसमेत नतोकेकोले सम्झौता कार्यान्वयन हुन सकेको छैन ।

२७.३ भूकम्पपश्चात् कोषअर्न्तगतका वनकाली धर्मशाला जीर्ण भई सञ्चालनमा नरहेको, महास्नान घर र मृगस्थली क्षेत्रमा रहेको विश्वरुप मन्दिरको भग्नावशेष नहटाएको, काठ र मूर्तिहरु यत्रतत्र छरिएको, आधा भाग भाँचिएको, मूर्ति खुला आकाशमा रहेकोले रडरोगन उडेको र संरक्षण नभएको देखिएको छ । पुरातत्व विभाग, युनेस्को र कोषको निकायगत समन्वयको अभावमा भग्नावशेष व्यवस्थापन हुन सकेको छैन ।

भग्नावशेष समेत नहटाइएको मृगस्थलीको विश्वरुपको मन्दिर

२७.४ कोषअर्न्तगत शंकराचार्य मन्दिर पुनर्निर्माण कार्यको भौतिक प्रगति करिब ६० प्रतिशत रहेको छ । मन्दिरको पूर्व र पश्चिम इँटा पर्खालको भित्री भागको एलाइनमेन्ट नमिलेको र सिल ब्याण्डसमेत नराखी निर्माण कार्य गरेकोले सम्पदा पुनर्निर्माणमा आवश्यक अनुगमनको अभाव रहेको देखिन्छ । यसबाट निर्माण भएका सम्पदाको गुणस्तरप्रति विश्वस्त हुने आधार नदेखिएकोले 'बिल्ड व्याक बेटर' को उद्देश्य हासिल हुनसक्ने नदेखिएकोले निर्माण प्रक्रियाको आवश्यक अनुगमन हुनुपर्दछ ।

२७.५ मृगस्थलीमा योगी नरहरीनाथ सत्तल र गोरखनाथ सत्तल पुनर्निर्माण कार्य ठेक्काको माध्यमबाट भइरहेकोमा पुरातात्विक सम्पदाको पुनर्निर्माणका लागि प्रयोग हुने सुर्खी बनाउन निर्माण व्यावसायीले मेसिन राखी सोही सम्पदाको भग्नावशेषका पुराना इँटा प्रयोग गरेको देखियो । स्मारकहरु १०० वर्ष पुरानो भएको र भग्नावशेषबाट निकालेका इँटा पिसेर बनाएको सुर्खीको गुणस्तर सम्बन्धमा सम्बन्धित निकायले अनुगमन र प्रयोगशाला परीक्षणसमेत नगरेकोले उक्त कार्यको पुरातत्व विभागबाट परीक्षण र नियमन हुनुपर्दछ ।

२७.६ गुरुयोजना कार्यान्वयनका लागि तिलगंगा स्थित बाहिरी कन्सोनेन्ट क्षेत्र बी-१३ को करिब ७५ घरको मुआवजा दिई कोषको स्वामित्वमा आइसके तापनि बस्ती हटाएको छैन । यसबाट गुरुयोजनाअर्न्तगत निर्माण गर्नुपर्ने पूर्वाधार निर्माण कार्य प्रभावित भएको छ । कोषको उद्देश्यअनुरुप उक्त क्षेत्रको उपयोग गर्नुपर्दछ ।

२८. **वासलातमा समावेश नभएको -** कोषको आर्थिक प्रशासन नियमावली, २०४५ को नियम ११ मा लगत खडा गरी राखेका जिन्सी सामानको अवस्थाका बारेमा कोषाध्यक्षले वर्षमा कम्तिमा २ पटक स्वयं वा कर्मचारीद्वारा निरीक्षण गर्न लगाई अनुसूची- २ बमोजिम लिखित प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कोषका सबै जग्गा जमिन, मन्दिर, पाटीआदि र सोमा रहेका गजुर, घण्टा, मूर्ति, भाडावर्तन, गरगहना आदिको अद्यावधिक अभिलेख रहेको छैन । त्यस्तै २०६८।१२।२६ देखि २०७४ आषाढसम्ममा विभिन्न व्यक्ति तथा संस्थाबाट प्राप्त सुन ८४३.७५ ग्राम, चाँदी १०८.२९२ किलोग्राम, तामा २८८.५२ किलोग्राम, पित्तल १३.९३४ किलोग्राम, ढलोट ४५१.४२ किलोग्राम, काँस ९.६७ किलोग्राम, स्टिल १४४.७९ किलोग्राम विसेट नाइके जिम्मा रहेको पाइयो । यस्ता सामान प्राप्त हुँदा रसिद जारी गरेको छैन ।

कोषअन्तर्गत ऐलानी जमिन, जंगल, सार्वजनिक जग्गा तथा श्री पशुपतिनाथका नाममा रहेका निजी गुठी, राज गुठीतर्फको सम्पूर्ण जग्गा जमिन तथा अचल सम्पत्तिको पेस भएका स्रेस्ताअनुसार ४ हजार ६७३ रोपनी ७ आना २ पैसा जग्गा रहेको देखियो । अन्य जग्गा सम्बन्धमा ४ ठेली लगतमा उल्लेख गरी राखे पनि जोडजम्मा नगरेकोले क्षेत्रफल यकिन छैन । सबै सम्पत्ति तथा दाताबाट प्राप्त सबै जिन्सी आम्दानी गर्दा रसिद जारी गरी अभिलेख राख्ने र सबै जग्गाको यथार्थ विवरणसहित क्षेत्रफलको जोडजम्मा गरी एकीकृत अभिलेख तयार गरी जग्गाको मूल्य वासलातमा समावेश गर्नुपर्दछ ।

२९. **नियमको पालना -** कोषको आर्थिक प्रशासन नियमावली, २०४५ र मन्दिर तथा पूजा व्यवस्था नियमावली, २०६८ मा कुनै व्यक्ति वा संस्थालाई थप सेवा सुविधा प्रदान, पूजाको दरबन्दी व्यवस्था तथा परम्परागत धार्मिक रीति स्थितिबमोजिम गरिने काममा खर्च गर्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएकोले सदस्य सचिव तथा

अन्य पदाधिकारीको आदेशबाट यस्तो कार्यमा खर्च लेखेको मनासिब देखिएन । यसरी खर्च लेख्ने सम्बन्धमा नियममा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ ।

३०. **जग्गा उपयोग -** कोषअन्तर्गत काठमाडौँ जिल्लामा रहेका जग्गा उपभोग गर्नेबाट वार्षिक निम्नानुसार कूतबाली प्राप्त भएको देखिन्छ ।

(रु.हजारमा)

जग्गा उपभोग गर्ने	जग्गाको क्षेत्रफल	कूतवाली धान (मुरी-पाथी-माना-मुठी)	नगद
एक गुम्बा	१०-१-१-२	११-३-३-६	२२
एक विहार	५-६-३-३	५-९-१-५	११
एक होटल	१७-४-१-२	१६-८-५-२	३३
एक एकेडेमी	५६४-४-०-०	०-१-१-४	२२
एक होटेल	११-१-२-०	०-१२-०-०	१
एक विमानस्थल	११६१-१४-३-०	१३६८-०-५-७	१००००
एक धर्मशाला	९-९-२-०	-	१८

उल्लिखित संस्थाले जग्गा उपयोग गरेबापत तिर्नुपर्ने कूतलाई धानको मूल्यमा परिवर्तन गरी लिने गरेको देखियो । तत्कालीन अवस्थामा उक्त जग्गाबाट धान उत्पादन हुने र धान नै कूत लिने व्यवस्था रहे पनि हाल उक्त जग्गा व्यापारिक प्रयोजनमा रहेको र धानको मूल्य गणना गर्दा प्रचलित जग्गाको भाडाको मूल्यमा नगरी २०६० सालदेखि धानको मूल्यका आधारमा लिइरहेको देखिन्छ । तसर्थ समयानुकूल मूल्य र जग्गा उपयोगको प्रयोजनअनुसार कूतबाली असुल हुनुपर्दछ ।

संगठित संस्था र समिति

नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७२।७३

३१. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** प्राधिकरणको २०७२।७३ को अन्तमा शेयर पुँजी रु.१८ अर्ब १९ करोड, जगेडा कोष रु.११ अर्ब ८५ करोड, दीर्घकालीन ऋण रु.३ अर्ब ८८ करोड, स्थिर सम्पत्ति रु.१३ अर्ब ३२ करोड, निर्माणाधीन सम्पत्ति रु.६ अर्ब ३६ करोड, खुद चालु सम्पत्ति रु.१३ अर्ब ९९ करोड तथा स्थगन कर र अपलेखन गर्न बाँकी खर्च रु.२६ करोड रहेको छ । सञ्चित नाफा गत वर्ष रु.६ अर्ब ८१ करोड ८९ लाख रहेकोमा यो वर्ष रु.८ अर्ब ९ करोड ७९ लाख पुगेको छ ।

३२. **असामी -** प्राधिकरणले रु.२ अर्ब ६० करोड असामी असुलउपर गर्नुपर्नेमध्ये रु.१ अर्ब १२ करोड शंकास्पद असामी भनी नाफा नोक्सान हिसाबमा व्यवस्था गरी घटाएको देखिन्छ । असामीको व्यवस्थित विश्लेषण एवं रकम समयमै उठाउने कार्य नगरी अवधि बढी भएको आधारमा शंकास्पद असामीमा वर्गीकरण गर्ने गरेकोले असामी यकिन गरी कानुनबमोजिम असुल गर्न गराउन सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३३. **बोनस व्यवस्था -** बोनस ऐन, २०३० को दफा ५(३) मा वितरण गर्ने बोनसको प्रतिशत र बोनससम्बन्धी अन्य कुरा नेपाल सरकारले निर्णय गरेबमोजिम हुने र ऐनको दफा ९(२) अनुसार आर्थिक वर्ष समाप्त भएको आठ महिनाभित्र बोनस वितरण गर्नुपर्ने तथा तोकिएको अवधिभित्र बोनस वितरण गर्न नसकेमा कारणसहित श्रम कार्यालयमा निवेदन दिनुपर्ने व्यवस्था भएकोमा प्राधिकरणले २०६८।६९ देखि २०७२।७३ सम्म बोनसमा छुट्टयाएको रु.५९ करोड १३ लाख वितरण गर्न मिल्ने नदेखिँदा पुनः आम्दानी बाँध्नुपर्दछ ।

३४. **अन्तर कार्यालय हिसाब -** प्राधिकरणको प्रधान कार्यालय र अन्तर्गतका कार्यालयको एक आपसको हिसाब भिडान नभएको कारणबाट लिनुपर्ने रु.२ अर्ब ६२ करोड र तिर्नुपर्ने रु.१ अर्ब १० करोड फरक परेको देखिन्छ । सोमध्ये कन्ट्रा हिसाबमा रु.१० करोड र हिसाब गर्दा नमिलेको रु.३ करोड ६७ लाख ५४ हजार पेन्डिङ्ग राखी हिसाब मिलाएको छ । पेन्डिङ रकमको हिसाब यकिन नगर्दा हिनामिना वा मस्यौट नभएको भनी विस्वस्त हुन सकिने अवस्था छैन । अतः हिसाब भिडान र यकिन नगर्ने सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई वित्तीय अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

३५. **प्रतीतपत्र पेस्की -** प्राधिकरणको २०५६।५७ देखि २०६६।६७ सम्मको प्रतीतपत्र पेस्की रु.७ करोड २६ लाखको कुनै अभिलेख तथा हिसाब नभएकोले हिनामिना वा मस्यौट नभएको सम्बन्धमा यकिन हुन सकिने अवस्था

छैन । तसर्थ सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ । विभिन्न आपूर्तिकर्तालाई दिएको पेस्की रु.१ अर्ब २ करोड ९६ लाख फछ्यौंट गर्न बाँकी देखिन्छ । विगतदेखि बाँकी रहेको पेस्की बाँकीको अभिलेख नराखेकोले म्याद नाघेको र ननाघेको पेस्की यकिन गर्न सकिने देखिँदैन । पेस्की अभिलेखलाई अद्यावधिक गरी नियमानुसार पेस्की असुल फछ्यौंट गर्नुपर्ने देखिन्छ ।

३६. **छुट प्रदान -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम २८(४) बमोजिम बिल जारी भएको सात दिनभित्र शुल्क बुझाउने संस्थालाई तीन प्रतिशत छुट दिने प्रावधान छ । सोअनुसार अघिल्लो महिनाको अवतरण र यात्रु सेवा शुल्क चुक्ता गर्ने वायुसेवा सञ्चालक संस्थालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले यस आर्थिक वर्षमा रु.७ करोड ७२ लाख छुट दिएको छ । तर वायुसेवा सञ्चालक संस्थाले तिर्नु बुझाउनुपर्ने अन्य रकम जस्तैः टर्मिनल बहाल, विद्युत, पानी, टेलिफोन शुल्क, जग्गा बहाल आदि रकम नबुझाई बक्यौता रहेको देखिन्छ । म्याद नाघेको प्राप्त हुन बाँकी रकममा विलम्ब शुल्क पनि असुल नगरेको स्थितिमा यस्तो छुट दिन उचित देखिँदैन ।

३७. **विलम्ब शुल्क -** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम २८ अनुसार वायुसेवा प्रदायकले प्राधिकरणलाई तिर्नुपर्ने शुल्क बिल जारी भएको मितिले ३० दिनभित्र बुझाउनुपर्ने वा सो सम्बन्धमा अलग्गै सम्झौता भएको भए सो सम्झौतामा उल्लेख भएको अवधिभित्र नबुझाएमा म्याद समाप्त भएको मितिले १५ दिनसम्म ५ प्रतिशत, सोदेखि ३० दिनसम्म १५ प्रतिशत र त्यसपछि जतिसुकै अवधिका लागि भए पनि ३० प्रतिशतका दरले विलम्ब शुल्क असुल गर्नुपर्नेमा असुल गरेको देखिएन । ४ वायु सेवा सञ्चालक संस्थासँग मात्र रु.१ करोड ३२ लाख विलम्ब शुल्क असुल गर्नुपर्ने देखिन्छ । साथै अन्य वायु सेवा प्रदायक संस्थाबाट पनि छानबिन गरी कानुनअनुसार लिनुपर्ने विलम्ब शुल्क असुल गर्नुपर्दछ ।

नेपाल पर्यटन बोर्ड, २०७२।७३

३८. **लेखापरीक्षण नगराएको -** नेपाल पर्यटन बोर्डले २०६९।७० को लेखापरीक्षणको प्रतिवेदनको जवाफ र वित्तीय विवरण पेश नगरेकोले लेखापरीक्षण सम्पन्न भएको थिएन । २०७०।७१ देखि २०७३।७४ सम्मको वित्तीय विवरण तयार नगरी लेखापरीक्षण नगराएकोले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव र बोर्डका पदाधिकारीलाई पटक पटक निर्देशन गर्दा २०७०।७१ देखि २०७२।७३ सम्मको लेखापरीक्षण गराए पनि हालसम्म वित्तीय विवरण प्रमाणित गरी अन्तिम प्रतिवेदनको लागि जवाफ पेश गरेको छैन । २०७३।७४ को लेखापरीक्षणको लागि स्रेस्ता र वित्तीय विवरण पेस गरेको छैन । २०७०।७१ को आय व्यय विवरणसहित स्रेस्ता माग गरेकोमा ७४७ भौचर को रु.१९ करोड ३८ लाख को स्रेस्ता छानबिनको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लगेको र ८३२ भौचरको रु.१२ करोड २८ लाखको स्रेस्ता हराएको भनी लेखापरीक्षणको लागि पेस गरेको छैन । २०७१।७२ मा बोर्डले खर्च गरेको ३२३ भौचरको रु.९ करोड ४९ लाखको स्रेस्ता लेखापरीक्षणमा पेस भएन । स्रेस्ता अद्यावधिक नराख्ने र लेखापरीक्षण समेत नगराउने पदाधिकारीलाई आवश्यक कारबाही गर्नुपर्दछ ।

३९. **प्राप्य रकम** - बोर्डले २२० व्यक्ति तथा संस्थाको नाममा साहुको तिर्न बाँकी णात्मक रु.२ करोड ९८ लाख २४ हजार देखाएको छ । ऋणात्मक देखाएका व्यक्ति तथा संस्थालाई असामी कायम तथा लिनुपर्ने हिसाब अद्यावधिक गरी ब्याजसहित असुल गर्न गराउन सम्बन्धित पदाधिकारीहरुलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०७१।७२

४०. **बैङ्क हिसाब** - स्रेस्ताअनुसार एक बैङ्कमा रु.११ करोड ५१ लाख मौज्दात देखाएकोमा बैङ्क स्टेटमेन्टअनुसार रु.५२ लाखमात्र मौज्दात रहेको छ । अर्को बैङ्कमा स्रेस्ताअनुसार रु.३८ करोड ६३ लाख मौज्दात देखाएकोमा बैङ्क स्टेटमेन्टसम्म पनि प्राप्त गरेको छैन । मौज्दात रकम यकिन नभएकोले समायोजन विवरण तयार गरी बैङ्कमा कम देखिएको कारण पत्ता लगाउन सम्बन्धित पदाधिकारीलाइं जिम्मेवार बनाउनुपर्दछ ।

४१. **वर्षान्तमा पेस्की** - आर्थिक वर्षको अन्तमा स्वीकृत कार्यक्रम सञ्चालन गर्न २१ निकायलाई रु.५ करोड ४९ लाख ३० हजार पेस्की दिएकोमा खर्च गर्ने प्रक्रिया, खर्चको प्रतिवेदन, भौतिक प्रतिवेदन, लेखापरीक्षण व्यवस्था, प्रगति विवरण जस्ता विषय उल्लेख गरेको पाइएन । उक्त रकम पेस्की जनाउनुपर्नेमा नजनाई खर्च

लेखेको देखियो । उक्त कार्यको प्रगति विवरण प्राप्त गरी अनुगमन तथा मूल्याङ्कन समेत भएको नदेखिएकोले बजेटको दुरुपयोग हुने देखिँदा सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०७०।७१

४२. **अग्रिम आयकर असुली -** आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ अनुसार सेवा शुल्क, ठेक्का वा करारको भुक्तानी गर्दा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष बोर्डले विभिन्न एयरलाइन्स, फर्म तथा कर्मचारीलाई सेवा शुल्क, पारिश्रमिक लगायतका रकम भुक्तानी गर्दा अग्रिम कर कट्टी नगरी रु.६७ लाख ३२ हजार लिन बाँकी हिसावमा देखाएको छ । लिन बाँकी देखाएको अग्रिम आयकर असुल गरी सञ्चितकोष दाखिला हुनुपर्दछ ।

४३. **कर कट्टी दाखिला -** आयकर ऐन, २०५८ को दफा ९५ क.(५) मा कर असुल गर्नुपर्ने व्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र कर विवरण दाखिला गर्नुपर्ने उल्लेख छ । त्यस्तै ऐनको दफा ११७(१)(ख) मा अग्रिम कर असुल गर्नुपर्ने कुनै व्यक्तिले तोकिएको समयमा विवरण दाखिला नगरेमा अग्रिम कर असुल गर्नुपर्ने रकममा वार्षिक १.५ प्रतिशतका दरले शुल्क लाग्ने उल्लेख छ । यो वर्ष बोर्डले विभिन्न फर्म, निर्माण व्यवसायी र कर्मचारीबाट कट्टी गरेको कर रु.४० लाख ४४ हजार राजस्व दाखिला गरेको छैन । उक्त रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

नेपाल वायु सेवा निगम, २०७३।७४

४४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** नेपाल वायुसेवा निगमको २०७३।७४ को अन्तमा शेयर पुँजी रु.१६ करोड २३ लाख, पुनर्मूल्याङ्कन कोष रु.७ अर्ब ४७ करोड ५३ लाख, सञ्चित नोक्सानी रु.२ अर्ब ५१ करोड ४० लाख, नेपाल सरकारको लगानी रु.२ अर्ब ९४ करोड १५ लाख र मध्यम तथा दीर्घकालीन ऋण रु.२० अर्ब ७१ करोड ३९ लाख रहेको छ । सम्पत्तितर्फ स्थिर सम्पत्ति रु. २० अर्ब ९७ करोड ९३ लाख, निर्माणाधीन सम्पत्ति रु.८ अर्ब ३४ करोड ४१ लाख, लगानी रु.६२ लाख र खुद चालु सम्पत्ति रु.५५ करोड ६ लाख ऋणात्मक रहेको छ । नाफा गत वर्ष रु.२६ करोड ३६ लाख रहेकोमा यो वर्ष रु.७ करोड ४६ लाख भएको छ ।

४५. **विमान खरिद -** नेपाल वायुसेवा निगमले वाइड बडी ए ३३०-२०० विमान खरिद गर्नको लागि प्रति विमान अमेरिकी डलर ११ करोड ८१ लाख ६३ हजार लागत अनुमान गरी प्रति विमान अमेरिकी डलर १० करोड ४८ लाखका दरले २ विमान खरिद गर्न २० करोड ९६ लाख अमेरिकी डलरमा सम्झौता गरेको छ । विमान खरिदको लागि १ मार्च २०१७ मा अमेरिकी डलर १० लाख र १९ जून २०१७ मा अमेरिकी डलर ७ करोड ९० लाख गरी अमेरिकी डलर ८ करोड पेस्की दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४५.१ नेपाल वायुसेवा निगमको आर्थिक विनियमावली, २०६५ को विनियम २३६ (१) अनुसार निर्माता कम्पनी सँग मात्र नयाँ विमान खरिद गर्न सकिनेमा विमान निर्माता कम्पनीसँग खरिद नगरी १ हजार घण्टा उडेको भनी पुरानो विमान खरिद गर्ने प्रक्रिया अपनाई अन्य आपूर्तिकर्तासँग नयाँ विमान रोल्स रोएस ट्रेन्ट ७७२ बी इन्जिन जडान भएको र प्रत्येकमा १८ बिजिनेस क्लास र २३८ देखि २६२ सम्म इकोनोमी क्लासका सिट क्षमता भएका ए ३३०-२०० दुई वाइड बडी खरिद गर्न सम्झौता गरेको छ । बिक्रीपश्चात्को मेन्टिनेन्स सेवा तथा पार्टपुर्जा आपूर्तिमा हुनसक्ने उपलब्धि, तालिम, प्राविधिक सहयोग र वारेन्टी जस्ता पक्षलाई महत्व नदिई बिचौलियाका रुपमा रहेका आपूर्तिकर्तामार्फत एयरबस कम्पनीको विमान खरिद गर्ने सम्झौता गरे गराएको कानुनसम्मत देखिएन ।

वायुसेवा निगमको विनियमावलीमा नयाँ विमान खरिद गर्न विमान कम्पनीहरुसँग मात्र प्रतिस्पर्धा गर्नुपर्ने प्रावधान रहेकोमा सो प्रक्रिया नअपनाई पुरानो वा नयाँ स्पष्ट उल्लेख नै नगरी १ हजार उडान घण्टा ननाघेको भनी पुरानो विमान खरिद गर्ने प्रक्रियाद्वारा बोलपत्र आह्वान गरी नयाँ विमान खरिद गर्न गरिएको सम्झौता कानुनसम्मत देखिएन ।

४५.२ एयरबसको वेबसाइटमा उल्लिखित सूचीकृत मूल्यमा एयरबस कम्पनीले बिक्रीमा ठूलो छुट दिने गरेको पाइन्छ । विगतमा एयरबसको न्यारोबडी विमान खरिद गरेको र हाल एयरबससँग निगमको प्रत्यक्ष सञ्चार सम्पर्क रहेको अवस्थामा एयरबससँग सोझै खरिद गर्दा तिर्नुपर्ने मूल्य र बोलपत्रबाट कायम मूल्यबीच तुलना

गर्न सकिने अवस्थामा तुलना गरेको छैन । आपूर्तिकर्ताले निश्चित रकम नाफा नलिई विमान आपूर्ति गर्ने सम्भावना नरहने हुँदा निगमले गरेको सम्झौता मूल्य मितव्ययी भएको यकिन गर्न सकिने अवस्था देखिएन ।

४६. **असामी र अन्य प्राप्य** - गत वर्ष रु.७७ करोड ४१ लाख ९९ हजार रहेकोमा यो वर्ष रु.६६ करोड २२ लाख ७३ हजार रहेको छ । एक वर्षभन्दा लामो समयदेखि असुल नभएका ११० ट्राभल एजेन्सीबाट रु.१९ करोड ५१ लाख ८ हजार र अन्य १६ विविध असामी रु.१ करोड २५ लाख ९७ देखिन्छ । यस्ता १२६ संस्थाबाट एक वर्षभन्दा पुराना लिनुपर्ने रु.२० करोड ७७ लाख असुल गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४७. **कारोबार भिडान नभएको -** एक विदेशी सिभिल एभिएसन अथोरिटीले ल्यान्डिङ एण्ड पार्किङ, एयरपोर्ट विकास शुल्क र ब्याज रु.४५ लाख ३० हजार र अर्को विदेशी सिभिल एभिएसन अथोरिटीले ओभर फ्लाइङ शुल्क र ब्याज रु.१ करोड १३ लाख ५० हजार निगमसँग दाबी गरेको भए तापनि निगमले उक्त रकम तिर्न बाँकी हिसाबमा उल्लेख गरेको छैन । सो रकम निगमले तिर्नुपर्ने हो वा होइन यकिन गरी टुङ्गो लगाउन निगमका सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

४८. **उडान रद्द -** यो वर्ष ३ हजार ५४४ अन्तर्राष्ट्रिय उडान गर्ने लक्ष्य भएकोमा ३ हजार ३५८ र ९ हजार १६८ आन्तरिक उडान गर्ने लक्ष्य भएकोमा ४ हजार ५३८ उडान भएको छ । उडान राख्ने तर विभिन्न कारण उल्लेख गरी उडान रद्द गर्ने गरेको देखियो । यसबाट निगम पदाधिकारीको कार्यदक्षता कमजोर देखियो । उडान रद्द र ढिलाइ भएको कारण यात्रुहरुले अनावश्यक झन्झट व्यहोर्नु परेकोले निगमको विश्वसनीयता र प्रभावकारितामा ह्रास पुऱ्याएको देखिन्छ । यस्तो अवस्थामा सुधारको लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४९. **ग्लोबल डिस्ट्रिव्युसन खर्च -** निगमले अन्तर्राष्ट्रिय हवाई टिकट बिक्रीका लागि निगम र ट्राभल एजेन्सी बीचमा रहेर काम गर्ने तीन सेवा प्रदायकबाट ग्लोबल डिस्ट्रिव्युसनको सेवा लिएको छ । सेवा प्रदायकलाई भुक्तानी गरेको खर्च रु.३१ करोड ९६ लाख रहेको छ । निगमको अन्तर्राष्ट्रिय टिकट बिक्री आम्दानी रु.४ अर्ब ३३ करोड १२ लाख रहेको छ । उक्त बिक्रीसँग तुलना गर्दा यो खर्च ७.३८ प्रतिशत रहेको छ । निगमले उपर्युक्त सेवा प्रदायकको सेवा लिनुभन्दा अगाडि लागत लाभ एवं आवश्यक सेवा प्रदायक संख्या सम्बन्धमा विश्लेषण गरेको देखिएन । एजेन्टहरुले वदनियतवश नेटवर्क प्रयोग गरेमा त्यसलाई नियन्त्रण गर्ने संयन्त्र रहेको छैन । निगमले यस्तो कार्यको प्रभावकारी अनुगमन गर्ने गरेको छैन ।

५०. **कर्मचारी व्यवस्था -** निगमको स्वीकृत दरबन्दीअनुसार प्रशासन, एयरक्राफ्ट मेन्टेनेन्स् र एभिएसनमा गरी २ हजार ३६९ दरबन्दी रहेकोमा २०७४ आषाढ मसान्तसम्म १ हजार ४०८ कर्मचारी पदपूर्ति भएको छ । कुल पदपूर्तिमध्ये सामान्यतर्फ ४२३ र एभिएसनतर्फ २२६ जना करार सेवामा रहेको पाइयो । यो संख्या कुल पदपूर्तिमा क्रमशः ३०.०४ र ६०.७५ प्रतिशत रहेको छ । कर्मचारी संरचना हेर्दा निगमका लागि नभै नहुने एभिएसन कर्मचारीको संख्या न्यून रहेको पाइयो । निगम तथा जहाज भित्र्याउने अन्तिम तयारीमा रहेको अवस्थामा एभिएसन कर्मचारीको संख्या न्यून हुनुले भविष्यको मागलाई पूरा गर्न सक्ने गरी जनशक्ति योजना बनाएको देखिएन ।

५१. **कर भार** - निगमको २०६९।७० को संशोधित कर २०७४।३।३० मा निर्धारण भएबमोजिम निगमले थप कर रु.५ करोड ८ लाख, ब्याज रु.३ करोड ५ लाख र शुल्क रु.२ करोड ५४ लाखसमेत रु.१० करोड ६७ लाख दाखिला गरेको देखियो । आयकर कानुन पालना नगरेको कारण दण्डित हुनुपरेको तथा दण्डित हुँदाको भार निगम स्वयंले वहन गरेको कारण निगमलाई रु.१० करोड ६७ लाख आर्थिक भार परेको छ ।

५२. **विमानको कार्यसम्पादन -** चीनमा निर्माण भएका विमानहरु एम ए ६० अप्रिल २०१४ मा र वाई १२ ई नोभेम्वर २०१४ मा पहिलो पटक नेपाल ल्याएको थियो । यी दुवैले हाल आन्तरिक उडान गरिरहेका छन् । एम ए ६० को क्षमता ५६ सिट र वाई १२ ई को क्षमता १७ सिट रहेको छ । यी दुई जहाजको २०७३।७४ को वित्तीय कार्य सम्पादन स्थिति निम्नानुसार रहेको छः

(रु लाखमा)

विवरण	एम ए ६०	वाई १२ ई
सञ्चालन आम्दानी	१७,४६	१,५६
सञ्चालन खर्च	२४,१३	५,५०
सञ्चालन घाटा	**६,६७**	**३,९४**

प्रत्यक्ष आम्दानी र खर्चलाई मात्र हेर्दा ती विमान सञ्चालनबाट निगमलाई आर्थिक घाटा भइरहेको देखिन्छ । नाफामा सञ्चालन गर्नको लागि ठोस कार्ययोजना बनाई लागू गर्न निगमका सम्बन्धित पदाधिकारीलई जिम्मेवार बनाउनुपर्दछ ।

५३. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८(२) मा रोजगारदाताबाट कुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिएको सुविधाबापतका भुक्तानी सो आय वर्षको रोजगारीको आयमा गणना गरी करयोग्य आयमा कर कट्टी गर्नुपर्ने व्यवस्था छ । निगमले यो वर्ष क्रु सदस्यहरुलाइं रु.१२ करोड ४२ लाख खाना भत्ता भुक्तानी गरेकोमा सो रकम सम्बन्धित व्यक्तिको आयमा समावेश गरेको पाइएन । तसर्थ औसतमा २५ प्रतिशतले रु.३ करोड १० लाख सम्बन्धित व्यक्तिबाट कट्टी गरी राजस्व दाखिला गर्नुपर्ने देखिन्छ ।

तारागाउँ विकास समिति, २०७२।७३

५४. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** समितिको २०७२।७३ सम्म पुँजी तथा जगेडा कोष रु.३३ करोड ३७ लाख तथा चालु दायित्व र व्यवस्था रु.६ करोड ५३ लाख रहेको छ । सम्पत्तितर्फ स्थिर सम्पत्ति रु.१५ करोड ५५ लाख, चालु सम्पत्ति रु.१ करोड ३० लाख तथा अन्य सम्पत्ति रु.१७ करोड २२ लाख रहेको छ । सञ्चित नोक्सान गत वर्षसम्म रु.४ करोड ६५ लाख रहेकोमा यो वर्ष रु.१ करोड १८ लाख थप भई रु.५ करोड ८३ लाख पुगेको छ ।

५५. **पसल भाडा -** विभिन्न ३ व्यापारिक फर्मबाट समितिको नयाँ सडकस्थित भवनको पसल भाडाबापतको बक्यौता रु.३८ लाख ७७ हजार रहेको छ । सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई सम्झौता तथा प्रचलित कानुनअनुसार बक्यौता असुल गर्नुपर्दछ ।

५६. **जग्गाको प्रतिफल र मूल्याङ्कन -** समितिको स्वामित्वमा रहेको, १५० रोपनी जग्गा हाल तारा गाउँ रिजेन्सी होटल लिमिटेडलाई पट्टा भाडामा दिएकोमा जग्गाको पुनर्मूल्याङ्कन हुन सकेको छैन । समितिले २०५०।५१ मा तारा गाउँ रिजेन्सी होटल लिमिटेडको साधारण शेयरमा रु.१७ करोड (१५० रोपनी जग्गाको मूल्य रु.१५ करोड र घरको मूल्य रु.२ करोड) लगानीबापत ३९.७७ प्रतिशत शेयर प्राप्त गरेकोमा हालसम्म शेयर लगानीबाट प्रतिफल प्राप्त भएको देखिँदैन ।

बौद्धस्थित अधिग्रहणबाट प्राप्त ३०४ रोपनीमध्ये बाँकी १५४ रोपनी जग्गा पनि होटल सञ्चालन भएको ५ वर्षभित्र सोही होटलबाट निष्कासित १७ प्रतिशत सञ्चय योग्य अग्राधिकार शेयर वा साधारण शेयरमा लगानी गर्नुपर्ने व्यवस्था रहेकोमा सार्वजनिक लेखा समितिले २०५०।९।२१ र २०५०।१२।१८ मा "घर जग्गाको यथार्थ मूल्याङ्कन हुन नसकेको देखिए तापनि १५० रोपनी जग्गामा सञ्चालन गर्ने भनी प्रस्ताव गरिएको अन्तर्राष्ट्रियस्तरको होटेल सञ्चालन गर्न इच्छुक पार्टीले समितिले तोकेको मूल्याङ्कनलाई स्वीकार गरी प्रचलित नियमबमोजिम होटेल सञ्चालन गर्न समितिसँग सम्झौता पनि गरिसकेको देखिएकोले समितिले आफ्नो हितलाई ध्यानमा राखी कारबाही अगाडि बढाउनु आवश्यक देखिन्छ । बाँकी १५४ रोपनी जग्गाको हकमा उचित तवरले पुन:मूल्याङ्कन गरी उपयोग गर्न निर्देशन दिइन्छ" भनी निर्णय गरेको भए तापनि तारागाउँ रिजेन्सी होटेल लिमिटेडले प्रकाशित गरेको २०७२।७३ को वित्तीय विवरणअनुसार होटेलको शेयर पुँजी रु.१ अर्ब ८९ करोडको ९.०१ प्रतिशतले रु.१६ करोड ९९ लाखमात्र समितिको शेयर लगानी देखिएकोले जग्गाको यथार्थ मूल्याङ्कन नभएको देखिन्छ । नेपाल सरकारले तारागाउँ विकास समितिमार्फत २५ वर्ष पहिले होटललाई ३९.७७ प्रतिशत शेयरबापत दिएको घर तथा जग्गाको बजार मूल्यको आधारमा विशेषज्ञबाट पुनर्मूल्याङ्कन नगरी अन्य शेयर होल्डरले लगानी बढाएको आधारमा तारागाउँ विकास समितिको शेयर स्वामित्व ३९.७७ प्रतिशतबाट घटाएर ९.०१ प्रतिशत कायम गरेको उपयुक्त देखिएन ।

समितिको ३०४ रोपनी जग्गा र घरमध्ये १५० रोपनी जग्गा र रु.२ करोड बराबरको घरबाट गरिएको ३९.७७ प्रतिशत शेयर लगानी घटेर हाल ९.०१ प्रतिशत कायम भएको र बाँकी १५४ रोपनी जग्गा पुनर्मूल्याङ्कन गर्ने सम्बन्धमा सार्वजनिक लेखा समितिले निर्देशन दिए तापनि कार्यान्वयन नभएकोले छानबिन गरी जिम्मेवार पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

हनुमानढोका दरबार संग्रहालय

५७. **पुरानो ढुकुटी प्रयोग -** हनुमानढोका दरबार परिसरमा विगतका राजा, महाराजाले राष्ट्रिय ढुकुटीको रुपमा विभिन्न सम्पत्ति जम्मा गरी राखेकोमा त्यस सम्पत्तिमा थप गर्ने र राष्ट्रको आवश्यकतामा प्रयोग गर्दै आएकोमा वि.स. १९७० मा तत्कालीन श्री ३ महाराज चन्द्रशम्सेरले ढुकुटी घर बनाएको अभिलेखबाट देखिन्छ । उक्त ढुकुटी तत्कालीन राजा महेन्द्रको राज्याभिषेकमा प्रयोगमा ल्याएपछि बन्द रहेकोमा नेपाल सरकारको २०६९।४।३२ को निर्णयबाट गठन भएको समितिको रोहवरमा खोली तयार गरेको विवरणमा मुख्यतया निम्न सामान रहेको उल्लेख छः

क्र.सं.	विवरण	परिमाण (के.जी.)	क्र.सं.	विवरण	परिमाण (के.जी.)
१	चाँदीका सामान (इँटा र मुद्रा)	१११८९.८३१	७	सुनका भाडा	१३.४००
२	मिश्रित धातु (चाँदी १, तामा २ भाग)	४२०२.०६०	८	बहमूल्य पत्थर	३.६०६
३	सुनका ढिक्का	१६.२२१	९	तामाका सिक्का	३२९३
४	काँचो सुन	०.१५२३	१०	सुनचाँदीका सामाग्री	२२३४.५५७
५	वुकी सुन	२.२१०	११	धातु सामाग्री (सुन जलप भएका समेत)	२६८४.७००
६	सुनका मुद्रा	१९.३९३			

नेपाल सरकारले उल्लिखित सामानमध्ये निश्चित आकार प्रकार नखुलेका सामग्री उपयुक्त प्रयोजनमा व्यवस्थापन गर्ने, मर्मत सम्भार गरी प्रर्दशनी योग्य सामग्री प्रर्दशनीमा राख्न सुझाव दिएकोमा हालसम्म निर्णय कार्यान्वयन भएको छैन ।

बौद्धनाथ क्षेत्र विकास समिति

५८. **अमानतमा पुनर्निर्माण -** बौद्ध महास्तुप पुनः निर्माण गर्न रु.१२ करोड ४६ लाख ७ हजारको लागत अनुमान स्वीकृत भएकोमा समितिका दुई सदस्य र एक कर्मचारीमार्फत अमानतबाट काम गराई रु.२१ करोड ९८ लाख ४८ हजार (७६.४३ प्रतिशत बढी) मा कार्य सम्पन्न गरेको छ । महास्तुपको हर्मिका, त्रयोदश भूवन, छत्रको सेट तथा गजुरको सम्पूर्ण भागमा मोलम्ब लगाउने काम गर्न पहिचान नखुल्ने मित्रराष्ट्र चीनको एक संस्थाले आफ्नै खर्चमा गर्न अनुरोध गरेकोले २०७३ असोजसम्ममा काम सम्पन्न गर्ने गरी त्यस संस्थाका प्रतिनिधिसँग २०७२।१०।१० मा सम्झौता गरेको देखिन्छ । सम्झौतापश्चात् विभिन्न व्यक्ति र संस्थाले समितिमा छुट्टै उपलब्ध गराएको ४८ तोला ८९ लालसमेत कुल ३१ किलोग्राम सुन खर्च भएको जनाएको छ । चिनियादातासँग भएको सम्झौतामा कुनै श्रद्धालुले अर्पण गरेको सुन मोलम्ब लगाउन प्रयोग गर्नुपर्ने उल्लेख भएकोले छुट्टै प्राप्त भएको सुनसमेत सोही कार्यमा प्रयोग गरेको समितिको भनाई रहे पनि दाता र श्रद्धालुले दिएको स्पष्ट अभिलेख तयार नगरेकोले खर्च परिमाण यकिन गर्न सकिएन । भूकम्पले क्षति पुऱ्याउनु अगाडि महास्तुपको हर्मिका, त्रयोदश भूवन, छत्रको सम्पूर्ण सेटमा जडित सुनको मोलम्ब पुनः प्रयोगमा ल्याएको छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार बोलपत्रको माध्यमबाट गराउनुपर्ने कार्य नियम विपरीत अमानतबाट गराएको छ । खर्चको बिल भरपाई र डोर हाजिरी फाराम परीक्षण गर्दा जिल्ला दररेटअनुसार ज्याला भुक्तानी दिएपछि पुनः खाजा खुवाएको भनी थप खर्च दाबी गरेको, सुरु लागत अनुमानको तुलनामा ७६.४३ प्रतिशत बढी खर्च गरे तापनि भेरिएसन स्वीकृत नभएको तथा सुनको प्रयोग सम्बन्धमा यथार्थ हिसाब नदेखाएकोले पुनर्निर्माणमा भएको खर्च सम्बन्धमा विश्वस्त हुन सकिएन । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २७(१) मा कुनै विदेशीदाताबाट जिन्सी सहयोग प्राप्त गर्दा राष्ट्रिय योजना आयोगको परामर्शलिई अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेमा सो समेत भएको देखिएन । यस सम्बन्धमा तालुक निकायबाट छानबिन गरी खर्च यकिन गर्नुपर्दछ ।

५९. **बढी सुन खपत** - पुरातात्विक महत्वका संरचनाको निर्माण तथा मर्मत कार्य गर्दा पुरातत्व विभागबाट स्वीकृत नर्म्स प्रयोग गर्नुपर्दछ । बौद्ध महास्तुप पुनर्निर्माणको मुख्य आइटमको रुपमा रहेको हर्मिका, त्रयोदश भूवन, छत्रको सेट तथा गजुरसमेतको ५ हजार ५८६ वर्गफिटमा प्रतिवर्गफिट आधा तोला सुन प्रयोग गर्न सुनको मूल्य रु १४ हजार ७२३ का दरले कुल रु.८ करोड २२ लाख ५३ हजारको लागत अनुमान विभागको नर्म्स प्रयोग नगरी स्वीकृत गरेको छ । समितिले स्वीकृत गरेको लागत अनुमानमा सुन प्रयोग सम्बन्धमा आधार खुलाएको देखिएन । कार्य सम्पन्न प्रतिवेदनमा सुन प्रयोगसम्बन्धी कार्य ४ हजार ९९९ वर्ग फिटमा गरी रु.३३ हजार ५३३.७१ को दरले ३१ किलोग्राम सुन प्रयोग गरेको भनी रु.१६ करोड ७६ लाख ६५ हजार खर्च भएको उल्लेख छ ।

पुरातत्व विभागको नर्म्सअनुसार दर विश्लेषण गर्दा प्रति वर्गफिट एक चौथाइ (१/४) तोला सुन रु.१६ हजार ४५८.६४ का दरले रु ८ करोड २२ लाख ९२ हजार मूल्यको १४ किलो ५८० ग्राम मात्र खपत हुनसक्नेमा ३१ किलोग्राम खपत देखाएकोले बढी खपत देखिएको १६ किलोग्राम ४२० ग्रामको हुने मूल्य रु ८ करोड ८८ लाख ८ हजार बढी खर्च गरेको मनासिब देखिएन । यसमा छानबिन हुनुपर्दछ ।

- **अनुगमन** - प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा १७घ(१) मा ऐतिहासिक तथा कलात्मक दृष्टिले महत्वपूर्ण मानिएका प्राचीन स्मारकको संरक्षण गर्न तोकिएबमोजिम एउटा कोष रहने, सो कोषमा स्मारक क्षेत्रमा प्रवेश गर्न लगाएको प्रवेश शुल्क वा अन्य शुल्कबाट प्राप्त हुने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषमा काठमाडौँ महानगरपालिकाले हनुमानढोका दरबार क्षेत्रको प्रवेश शुल्क असुलीको केही रकम र ललितपुर महानगरपालिकाले पाटन दरबार क्षेत्र प्रवेश शुल्कबाट उठेको १५ प्रतिशत रकम जम्मा गर्ने गरे तापनि भक्तपुर उप-महानगरपालिकाले भक्तपुर दरबार क्षेत्र प्रवेश शुल्कबाट प्राप्त कुनै रकम नदिएको व्यहोरा गत वर्ष पनि औँल्याइएकोमा सुधार भएको छैन ।

  त्यस्तै नेपालका ३३ हिमालको आरोहण शुल्क उठाउने अधिकार नेपाल पर्वतारोहण संघलाई दिएको छ । त्यस संघबाट व्यवस्थापन हुने सम्पूर्ण हिमचुलीबाट प्राप्त हुने रोयल्टी रकममध्ये स्थानीय विकास कोषमा २०, वातावरण संरक्षण कोषमा १०, उद्धार कोषमा ५ र संघको प्रशासनिक खर्चमा २० प्रतिशतभन्दा बढी खर्च गर्न नपाउने व्यवस्थाको पालना नभएको व्यहोरा औल्याइएकोमा यो वर्षको असुली रु.६ करोड ४७ लाख ८८ हजारबाट उल्लिखित तीन कोषमा रु.२ करोड २६ लाख ७६ हजार दाखिला नगरी संघले नै खर्च गरेको छ । उक्त संघले शुल्क उठाउने ३३ मध्ये १५ हिमालको आरोहण शुल्कमध्येबाट नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समितिलाई ५ प्रतिशत उपलब्ध गराउनुपर्नेमा सो समेत उपलब्ध गराएको छैन । नेपाल सरकारको निर्णयअनुसार कोषमा दाखिला नगरी संघ स्वयंले खर्च गर्नु मनासिब देखिएन । तोकिएअनुसारको रकम सम्बन्धित कोषमा दाखिला हुनुपर्दछ । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छ:

  - मन्त्रालय र मातहतसमेत २२ निकायमा यो वर्ष रु. ५९ करोड ३१ लाख बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु. ६ लाख फछ्यौंट गरेकोले रु. ५९ करोड २५ लाख बाँकी रहेको छ । सोमध्ये रु.१४ करोड ४४ लाख पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति २० तर्फ यो वर्ष रु.६९ करोड १९ लाख ४४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६० हजार फछ्यौंट गरेकोले रु.६९ करोड १८ लाख ८४ हजार बाँकी रहेको छ । सो मध्ये रु.७ करोड ४७ लाख ७२ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

स्थानीय स्वायत्त शासनको माध्यमबाट जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यले २०३७ सालमा स्थापना भएको स्थानीय विकास मन्त्रालयलाई २०६२।६३ मा भएको राजनीतिक परिवर्तनले संघीय मामिलाको कार्य क्षेत्र थप गरी सो व्यवस्थापनका लागि साविकमा मन्त्रालयअन्तर्गत २७७ कार्यालय क्रियाशील रहेकोमा २०७३।११।२८ को मन्त्रिपरिषद्को निर्णयले स्वायत्त निकायको रुपमा ७५३ स्थानीय तहसमेत समाहित गरेपश्चात हाल मन्त्रालय र मातहत १ हजार ३० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहतसमेत २७७ निकायको यो वर्ष विनियोजन रु.१ खर्ब ५४ अर्ब ४४ करोड २९ लाख ३५ हजार, राजस्व रु.६० करोड ६ लाख ७८ हजार, धरौटी रु.६९ करोड ९२ लाख ८६ हजारसमेत रु.१ खर्ब ५५ अर्ब ७४ करोड २८ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो रकममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, शिक्षा मन्त्रालय र कृषि मन्त्रालयसमेत १५ निकाय बाट प्राप्त रु.७३ अर्ब २६ करोड ३० लाख ३० हजार समावेश छ । मन्त्रालय मातहतका ६४ निकायको रु.१ अर्ब २१ करोड ८८ लाख १४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वार्षिक नीति तथा कार्यक्रम** – नेपाल सरकारको २०७३।७४ को वार्षिक नीति तथा कार्यक्रममध्ये मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको अवस्था निम्नानुसार देखिएका छन् :

१.१. काठमाडौं उपत्यकामा दीर्घकालीन ल्याण्डफिल्ड साइट पूर्वाधार निर्माणको कार्य ३ वर्षभित्र सम्पन्न गर्ने लक्ष्य अनुसार पहिलो वर्ष लगानी बोर्डमार्फत निजी क्षेत्रबाट फोहोरमैला व्यवस्थापन गराउने प्रक्रिया अगाडि बढेको उल्लेख गरे तापनि ठोस काम हुन सकेको देखिएन ।

१.२. फोहोरलाई उर्जा र मलमा रुपान्तरण गर्ने परियोजना द्रुतरुपमा अघि बढाउने उल्लेख भएकोमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रमार्फत अनुदान माग गरेमा महानगरपालिकाले साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको उल्लेख भए तापनि परियोजनाको प्रारुप खडा भएको देखिएन ।

१.३. प्राकृतिक र प्राविधिक दृष्टिले सम्भव नभएका बाहेक यातायात सञ्जालले नछोएका ३६८ साविक गाउँ विकास समितिमा २ वर्षभित्र सडक सञ्जालले जोड्ने कार्यक्रममा प्रथम वर्ष १०० गाउँ विकास समितिमा सडक सञ्जाल जोड्ने लक्ष्य राखेकोमा ३६५ किलोमिटर कच्ची सडक निर्माण एवं ५५० किलोमिटर सडक मर्मत गरी हाल कायम ७५३ स्थानीय तहमध्ये ७०५ मा सडक सञ्जाल जोडिएको जानकारी प्राप्त भएको छ ।

१.४. भूकम्पबाट अति प्रभावित १४ र कम प्रभावित १७ समेत ३१ जिल्लामा दुई वर्षभित्र सबै निजी घर निर्माण गर्ने उल्लेख भएकोमा २०७४ आषाढसम्म ६ लाख ४७ हजार ७९९ निजी घरधुरीमध्ये ५ लाख ७१ हजार ५५३ घरधुरीसँग अनुदान सम्झौता गरी प्रथम किस्ता रकम भुक्तानी दिएको उल्लेख छ । सोमध्ये ४७ हजार ९८९ (८.४० प्रतिशत) ले दोस्रो किस्ता र २ हजार २३४ (०.३९ प्रतिशत) ले तेस्रो किस्ता रकम भुक्तानी लिएको प्रगति विवरणमा उल्लेख छ । प्रथम, दोस्रो र तेस्रो किस्तासमेत २०७४ आषाढसम्म रु.३५ अर्ब ८९ करोड २७ लाख ५० हजार खर्च भएको देखिएकोले रकम उपयोग भएको सुनिश्चित हुने आधार छैन ।

१.५. देशभर रहेका १५५ तुइनलाई २०७४ भाद्रसम्म झोलुङ्गेपुलद्वारा विस्थापन गर्ने उल्लेख भएकोमा २०७४ आषाढसम्म ५७ झोलुङ्गेपुलको निर्माण कार्य सम्पन्न गरे तापनि ८२ झोलुङ्गेपुल निर्माणाधीन रहेको जानकारी प्राप्त भएको छ । लक्ष्य अनुसार प्रगति हुन नसकेकोले वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित व्यहोरा कार्यान्वयन गर्न ध्यान दिनुपर्ने देखिन्छ ।

२. **बजेट वक्तव्यको कार्यान्वयन** - बजेट वक्तव्यमार्फत सरकारले स्थानीय पूर्वाधार विकास गरी स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाउने, संवैधानिक व्यवस्था अनुसार गाउँ विकास समितिलाई स्थानीय तहको सरकारको रुपमा विकास गर्ने, त्यसको प्रशासनिक संरचनालाई स्तरोन्नति गरिने, प्राविधिक कर्मचारीको व्यवस्था गरी गाउँस्तरबाट प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउने, नगरपालिकाहरुको पूर्वाधार विकास

गर्न आफ्नो नगर आफै सजाऔँ कार्यक्रमलाई अघि बढाउने, सामाजिक सुरक्षा भत्ता दोब्बर गरी बैङ्कमार्फत उपलब्ध गराइने, जननिर्वाचित सांसदमार्फत निर्वाचन क्षेत्र पूर्वाधार एवं विकास कार्यक्रम अगाडि बढाइने, मुलुकभर रहेका १५५ तुइनलाई २०७४ भाद्रसम्ममा झोलुङ्गेपुलद्वारा विस्थापन गरिने, सबै गाउँ विकास समितिमा दुई वर्षभित्र मोटर बाटो पुऱ्याउने र सबै नगरपालिकामा सौर्य सडक बत्ती जडान गरिने कार्यक्रम बजेट वक्तव्य २०७३।७४ मा उल्लेख गरिएको थियो ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः केन्द्रीय बजेटतर्फ प्राविधिक सहायता र सोझै भुक्तानीको लेखापरीक्षण, भूकम्प आपत्कालीन सहायताबाट खरिद भएका मोटरको प्रयोग, मूल्य वृद्धिबापत भुक्तानी, दोहोरो भुक्तानी, भूकम्प प्रभावितको आवास निर्माण, तुइन विस्थापन, अधुरा योजना, पूर्व निर्धारित क्षतिपूर्ति, तोकिएको सीमाभन्दा बढी प्रशासनिक खर्च, फ्रिज गर्नुपर्ने रकम कोषमा ट्रान्सफर, प्राकृतिक स्रोतको ठेक्काबापत असुली, बहाल रकम असुली लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

बजेट कार्यान्वयन सम्बन्धी मध्यावधि समीक्षा प्रतिवेदन अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने १२ लाख ८४ हजार लाभग्राहीको अभिलेख व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी ४५ जिल्लाका १६८ नगरपालिका १९० गाउँ विकास समितिमा बैकिङ्ग प्रणालीबाट भत्ता वितरण शुरु गरिएको, तुइन प्रतिस्थापनअन्तर्गत १० झोलुङ्गेपुल निर्माण र ६५ झोलुङ्गेपुल निर्माणका लागि सम्झौता सम्पन्न भएको, जनसहभागिता हुने गरी सौर्य सडक बत्तीका लागि ५० करोड रुपैयाँ नगरपालिकाहरुलाई उपलब्ध गराइएको मध्यावधि समीक्षा प्रतिवेदनमा उल्लेख छ ।

बजेट वक्तव्यले निर्दिष्ट गरेका कार्यक्रममध्ये स्थानीय तहको प्रशासकीय संरचना स्तरोन्नति, आफ्नो नगर आफै सजाऔँ कार्यक्रम, सबै गाउँ विकास समितिमा बाटो पुऱ्याउने र कर्मचारी व्यवस्थापन गरिने जस्ता कार्यक्रम कार्यान्वयन हुन सकेको देखिएन ।

३. **बजेट कार्यान्वयन** - मन्त्रालय र मातहत कार्यालयमा चालुतर्फ विनियोजित बजेट रु.८८ अर्ब ८३ करोड ४४ लाख ६६ हजार र पूँजीगततर्फ रु.२७ अर्ब ९० करोड ३४ लाख ४२ हजार रहेकोमा चालुतर्फ रु.८७ अर्ब १२ करोड ६६ लाख १३ हजार (९८.०७ प्रतिशत) र पूँजीगततर्फ रु.२२ अर्ब ५१ करोड ९१ लाख ८ हजार (८१.३३ प्रतिशत) खर्च भएको देखिन्छ ।

३.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(२) बमोजिम आर्थिक वर्ष शुरु भएको १५ दिनभित्र बजेट खर्च गर्ने अख्तियारी सम्बन्धित कार्यालय प्रमुखलाई उपलब्ध गराउनुपर्नेमा पुनः निर्माण तथा पुनःस्थापना लगायत ४ कार्यक्रममा रु.१ अर्ब ९ करोड ३१ लाख ६१ हजारको अख्तियारी २०७४।३।३० मा पठाएको छ । स्थानीय स्तरका सडक पुल तथा पहुँच सुधार कार्यक्रमअन्तर्गत २९ जिल्लालाई शुरु विनियोजित रकममा २०७४।३।२७ मा ५६.७० देखि १७० प्रतिशतसम्म थप गरी रु.४३ करोड १४ हजारको अख्तियारी पठाएको छ ।

३.२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमलगायत ४ कार्यक्रममा रु.१ अर्ब २८ करोड ६ लाख ८ हजार अबण्डा राखेको छ ।

३.३. स्वीकृत बजेटमध्ये २०७४ आषाढ महिनामा रकमान्तर गरी ३२ निकायबाट रु.१ अर्ब २१ करोड २५ लाख ७५ हजार घटाएको तथा ७३ निकायमा रु.२ अर्ब २४ करोड ८५ लाख ९४ हजार थप गरेको देखिन्छ ।

३.४. कुल खर्च रु.१ खर्ब ९ अर्ब ८२ करोडमध्ये रु.११ अर्ब २५ करोड ५९ लाख अर्थात् १०.२५ प्रतिशत आषाढ २५ गते पछि खर्च भएको छ ।

३.५. वैदेशिक सहायतातर्फ शोधभर्ना हुने खर्चमध्ये अनुदानतर्फ रु.२ अर्ब ८६ करोड ८९ लाख, ऋणतर्फ रु.९२ करोड ६४ लाखसमेत रु.३ अर्ब ७९ करोड ५३ लाख शोधभर्ना हुन बाँकी छ ।

३.६. वैदेशिक सहायतातर्फ दातृ संस्थाबाट अनुदान रु.१४ अर्ब ९० करोड ६८ लाख, ऋण रु.३ अर्ब ५७ करोड ३१ लाख प्राप्त हुनुपर्नेमा अनुदान रु.७ अर्ब ९२ करोड ७८ लाख, ऋण रु.१ अर्ब ५५ करोड १३ लाख प्राप्त भएको छ ।

३.७. विश्व बैङ्कको सहायतामा सञ्चालित सेफ्टी नेट्स आयोजनामा खर्च भएको रकममध्ये सम्झौतामा उल्लिखित वर्गीकरण फरक पारी खर्च गरेको कारण दाताले शोधभर्ना दिन अस्वीकार गरेको रु.६ करोड ५ लाख ६०

हजारको हिसाब मिलान भएको छैन । सम्झौताको उल्लिखित वर्गीकरणभन्दा बाहिर गई खर्च गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

उपर्युक्त स्थितिले बजेट कार्यान्वयन पक्ष सवल नदेखिँदा सुधार गर्नुपर्दछ ।

४. **वैदेशिक सहायताको लेखापरीक्षण** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० र १६ अनुसार प्राविधिक सहायतातर्फ रु.१० अर्ब १७ करोड २९ लाख र सोभैं भुक्तानीतर्फ रु.८६ करोड ५८ लाखको लेखापरीक्षण गराएको छैन ।

४.१. अर्थ मन्त्रालयले सार्वजनिक गरेको प्राविधिक सहायता सम्बन्धी विवरण पुस्तिकाअनुसार २५ क्रियाकलापका लागि संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, डेनमार्क, स्वीट्जरल्याण्ड, जापान, फिनल्याण्ड जस्ता द्विपक्षीय र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष, एसियाली विकास बैङ्क, जस्ता बहुपक्षीय स्रोतसमेतबाट २०७४ आषाढ मसान्तको विनिमय दर १ अमेरिकी डलरको रू.१०३।४६ ले हुने रु.१० अर्ब १७ करोड २९ लाख बराबरको रकम प्राविधिक सहयोग प्राप्त हुनुपर्ने देखिन्छ । सो प्राविधिक सहायता रकमको वित्तीय तथा भौतिक प्रगति विवरण र खर्चका फाँटवारी लेखापरीक्षणमा प्रस्तुत भएको छैन ।

४.२. कृषि सडक विभागअन्तर्गत स्वीस विकास सहयोगबाट प्राप्त आर्थिक विवरणमा समावेश गरेको सोभैं भुक्तानीतर्फ ४ कार्यक्रमको रु.६४ करोड ५६ लाख ९९ हजारको लेखापरीक्षण गराएको छैन । दातृ संस्थाको तर्फबाट गरेको खर्चको आधारमा आर्थिक विवरणमा खर्च देखाएको उल्लेख गरेको छ ।

४.३. विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम ललितपुरको लागि यो वर्ष प्राप्त हुने अनुमान गरेको स्वीस सहयोगतर्फ अमेरिकी डलर १७ लाख ६५ हजारमध्येबाट सोभैं भुक्तानीमा खर्च भएको रु.४ करोड ८१ लाख ७३ हजार आर्थिक विवरणमा समावेश गरे तापनि लेखापरीक्षण गराएको छैन ।

४.४. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमले उपलब्ध गराएको विवरणअनुसार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमतर्फ आर्थिक विवरणमा समावेश रु.१७ करोड १८ लाख ८२ हजारको सम्बन्धमा २०६५।१२।१६ मा भएको सम्झौतामा उक्त खर्चको लेखापरीक्षण महालेखापरीक्षकबाट गराउने उल्लेख भए तापनि लेखापरीक्षण गराएको छैन ।

बजेट व्यवस्था गर्ने तर सो रकम प्राप्त भए नभएको यकिन नगर्ने तथा निकासा एवं खर्च रकमको लेखापरीक्षण नगराउने परिपाटीले आर्थिक अनुशासन कायम हुनसक्ने देखिएन । ऐन र सम्झौतामा उल्लेख भएअनुसार महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्दछ ।

५. **चौधौं योजना कार्यान्वयन** - चौधौं योजना (२०७३।७४-२०७५।७६) मा उल्लेख भएबमोजिम नीतिगत तथा कानूनी सुधारतर्फ सामाजिक सुरक्षा कोष ऐन तर्जुमा एवं कार्यान्वयन, जेष्ठ नागरिक/एकल महिला/अपाङ्गता भएका व्यक्ति एवं लोपोन्मुख समुदायका परिवारलाई दिने सामाजिक सुरक्षा भत्ता, स्वास्थ्य बीमा, पशु एवं बाली बीमा लगायतका सामाजिक सुरक्षा प्रणालीको एकीकृत ढाँचा कार्यान्वयनमा ल्याएको देखिएन । त्यस्तै संविधानले निर्धारण गरेका राज्य पुनर्संरचना र शासकीय स्वरुपबमोजिम स्थानीय निकायलाई सामाजिक, प्रशासकीय तथा वित्तीयरुपमा सवल र प्रभावकारी इकाईको रुपमा रुपान्तरण गर्ने जस्ता कार्यक्रमअन्तर्गत स्थानीय तहको गठन, नमूना कानूनको तर्जुमा गरेको भए तापनि प्रादेशिक कानून, वित्तीय हस्तान्तण, राजस्व बाँडफाँडको ढाँचा, अन्तर प्रादेशिक समन्वय लगायतका कार्य हुन बाँकी रहेको देखियो ।

यसैगरी भौतिक पूर्वाधार सुधारतर्फ २०७३।७४ का लागि तोकिएको लक्ष्य कार्यान्वयनको अवस्था यस प्रकार रहेको छ:

क्र.सं.	नतिजा सूचक	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
१.	नयाँ ग्रामीण सडक निर्माण	कि.मी.	१४२०	१२२४	८६.२०
२.	ग्रामीण सडक स्तरोन्नति/ग्राभेल	कि.मी.	२२९०	६१२	२६.७२
३.	ग्रामीण सडक कालोपत्रे	कि.मी.	१९५	२८	१४.३६
४.	लघु जलविद्युत योजना सञ्चालनबाट विद्युत उत्पादन	कि.वाट	२५०	२३ (निर्माणाधीन)	९.२
५.	साना सिँचाइमार्फत सिंचित गर्ने क्षेत्रफल	हेक्टर	१८१७७	६६२१	३६.४३
६.	स्थानीय सडक पुल निर्माण	गोटा	११८	११५	९७.४५

क्र.सं.	नतिजा सूचक	इकाई	लक्ष्य	प्रगति	प्रगति प्रतिशत
७.	झोलुङ्गेपुल निर्माण	गोटा	५२२	५५८	१०६.९०

उपर्युक्त ७ कार्यक्रममध्ये सडक स्तरोन्नति एवं कालोपत्रे, विद्युत उत्पादन र साना सिँचाइ लगायत ४ स्थानीय तहको विकाससँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमको प्रगति स्थिति न्यून देखियो । लक्ष्यअनुसार वार्षिक प्रगति हासिल गर्न ध्यान दिनुपर्दछ ।

६. **प्रगति** - मन्त्रालयअन्तर्गत यो वर्ष पहिलो प्राथमिकताका ३४, दोस्रो प्राथमिकताका १३ र तेस्रो प्राथमिकताको १ समेत ४८ आयोजना सञ्चालन भएकोमा प्राप्त विवरणअनुसार पहिलो प्राथमिकतामा सञ्चालित ३४ आयोजनामध्ये २७ ले ८० प्रतिशतभन्दा बढी, ४ आयोजनाले ५० देखि ८० प्रतिशत, ३ आयोजनाले ५० प्रतिशतभन्दा कम प्रगति गरेको उल्लेख छ । ८० प्रतिशतभन्दा कम प्रगति गर्ने आयोजनाको स्थिति यस प्रकार छ :

क्र.सं.	आयोजनाको नाम	बजेट (रु.हजारमा)	प्रगति अवस्था	प्रगति प्रतिशत
१.	उन्नति समावेशी आर्थिक विकास कार्यक्रम	१५५५८०९	५० प्रतिशतभन्दा कम	१७.३१
२.	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	३९२२७४४	,,	४७.७४
३.	पूर्वी चितवन नदी व्यवस्थापन तथा जीविकोपार्जन सुधार कार्यक्रम	१९५९१९	५० देखि ८० प्रतिशतसम्म	५३.४४
४.	सुनौला हजार दिन कार्यक्रम	१३५५६८०	,,	५७.७३
५.	राष्ट्रिय ग्रामीण यातायात कार्यक्रम	७६२२९३२	,,	६७.१४
६.	सीमा क्षेत्र विकास कार्यक्रम	१०००० २१	,,	७९.५५
७.	साना विकास आयोजना	१०००	प्रगति विवरण नै पेस नगरेको	०

मन्त्रालयले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २६ बमोजिम न्यून प्रगति भएका उपर्युक्त ७ आयोजनाको कारण पहिचान गरी सुधारको लागि आवश्यक सुझाव दिएको देखिएन । न्यून प्रगति गर्ने जिम्मेवार व्यक्तिलाई नियमावलीको व्यवस्थाअनुसार कारबाही गरेको छैन । त्यस्तै सुशासन ऐन, २०६४ को दफा ४१ बमोजिम वार्षिक प्रगति प्रतिवेदनसमेत तयार गरेको देखिएन ।

७. **सुझाव कार्यान्वयन** - मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिले दिएका प्रमुख सुझावमा मुख्य राजमार्गबाट स्थानीय केन्द्रसम्म तथा वडा कार्यालयबाट स्थानीय तहको केन्द्रसम्म पँहुच मार्ग निर्माण गर्नुपर्ने, सबै स्थानीय तहको प्रशासनिक संरचना निर्माण गरी कार्यालय सञ्चालन र जनशक्ति व्यवस्थापन गर्नुपर्ने, स्थानीय तहमा जनशक्ती र संस्थागत संरचना हस्तान्तरण गर्नुपर्ने, सबै स्थानीय तहमा बैङ्क तथा वित्तीय संस्थाको स्थापना र वित्तीय सेवा सञ्चालन गर्नुपर्ने, स्थानीय तहको कार्यक्षेत्र भित्र परेका विद्यालय तथा स्वास्थ्य संस्थाको भौतिक संरचना र सुविधाको न्यूनतम मापदण्ड तयार गर्नुपर्ने, स्थानीय तह (वडा) समेतको कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा एवं बजेटको व्यवस्थापन गर्नुपर्ने, स्थानीय तहका राजनीतिक पदाधिकारी एवं कर्मचारीको क्षमता विकास गर्नुपर्ने र उपत्यकालगायत सबै स्थानीय तहलाई आवश्यक पर्ने फोहोरमैला व्यवस्थापन स्थलको लागि जग्गा व्यवस्थापन गर्नुपर्ने उल्लेख छ ।

मन्त्रालयबाट उक्त समस्या समाधान गर्न स्थानीय तहमा कर्मचारी खटाउने कार्य गरेको, ७५३ स्थानीय तहको भवन निर्माण गर्न रु.१ खर्ब २२ अर्ब स्रोत सुनिश्चितताको लागि अर्थ मन्त्रालयमा पठाएको पूर्वाधार निर्माण प्राविधिक संरचनाको खाका सहितको प्रतिवेदन तयार गरेको, समिति गठन गरी मन्त्रालयअन्तर्गत रहेका बोर्ड/संस्था/प्रतिष्ठान/आयोग मिलान वा खारेज गर्ने प्रतिवेदन तयार गरेको उल्लेख छ । मन्त्रालयले उक्त सुझाव कार्यान्वयन तथा परिमाणात्मक उपलब्धि हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

८. **राज्यको संरचना** - नेपालको संविधानको धारा ५६ मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी ३ तहको हुने र राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान र कानूनबमोजिम गर्ने व्यवस्था छ । धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने व्यवस्था छ भने संघले साझा सूचीका विषयमा र आर्थिक अधिकारका अन्य क्षेत्रमा प्रदेशलाईसमेत लागू हुने गरी आवश्यक नीति, मापदण्ड र कानुन बनाउन सक्ने व्यवस्था छ । संविधानअनुसार तीनै तहको सरकारले पर्यटन शुल्क, सेवा शुल्क र दस्तुर असुल गर्ने र प्रदेश र स्थानीय तहले सवारीसाधन कर, विज्ञापन कर, मनोञ्जन कर, घर जग्गा कर उठाउन सक्ने व्यवस्था गरेको छ ।

नेपालको संविधान, २०७२ आश्विनमा जारी हुँदा राज्यको पुनःसंरचना गरी स्थानीय, प्रदेश र संघीय संरचना तयार गर्ने, तिनै तहको सरकारको छुट्टाछुट्टै र साझा सूचीको कार्यक्षेत्र निर्धारण गर्ने भनिए तापनि २०७४ जेष्ठमा स्थानीय तह र २०७४ मार्गमा प्रदेश तहको गठन भएको छ । संविधानले तिन तहको कार्यक्षेत्र निर्धारण गरे तापनि प्रदेश तह र स्थानीय तहको कार्य सञ्चालन लगायतको स्रोत साधन व्यवस्थापन सम्बन्धी कानुनको अभावमा कार्य प्रभावकारी हुन सकेको छैन ।

९. **वैदेशिक भ्रमण -** मन्त्रालयवाट प्राप्त विवरणअनुसार चालु आर्थिक वर्षमा मन्त्रालय र मातहतका विभाग, कार्यालय तथा नगरपालिकासमेतबाट विभिन्न तहका २७२ कर्मचारी अवलोकन, अध्ययन, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, विभिन्न सेमिनार, बैठक आदि कार्यक्रममा सहभागी हुन डेनमार्क, चीन, दक्षिण कोरिया, मलेसिया, ईजरायल, जापान, थाइल्याण्ड, फिलिपिन्स, दक्षिण अफ्रिका, नेदरल्याण्डलगायतका देशको भ्रमणमा गएको देखिन्छ । उक्त भ्रमण खर्चको स्रोत र रकम खुलेको विवरण नराखेबाट खर्च यकिन गर्न सकिएन । विदेश भ्रमणको अभिलेख व्यवस्थित गरी स्रोत तथा रकम खुलेको विवरण पेश हुनुपर्छ । यी भ्रमणबाट प्राप्त उपलब्धि सहितको प्रतिवेदन प्राप्त गरी ज्ञान र सीप उपयोग गर्नुपर्दछ ।

१०. **सवारीसाधन खरिद** - यो वर्ष मन्त्रालयले आवश्यक पर्ने थप संख्या यकिन नगरी काठमाडौं उपत्यका स्थित १३ कार्यालयमार्फत ४ पाँग्रे सवारीसाधन-५, मोटरसाइकल-३५, स्कुटर-३ र अटोरिक्सा-१० खरिद गरी रु.३ करोड ९१ लाख ४० हजार खर्च गरेको छ ।

भूकम्प आपत्कालीन सहायता आयोजनाको लागि विनियोजित बजेटबाट यो वर्ष जीप ३, पिकअप २ र मोटरसाइकल २८ खरिद गरी रु.४ करोड ५७ लाख ८१ हजार भुक्तानी दिएको छ । खरिद भएका सवारीसाधनमध्ये रु.२ करोड २२ लाख मूल्यका २ जीप मन्त्रालयमा प्रयोग गर्ने गरी पठाएको भए तापनि हस्तान्तरण गरेको छैन । आयोजनाको बजेटबाट खरिद सवारीसाधन आयोजनाको उद्देश्य विपरीत तालुक कार्यालयमा प्रयोग गर्नु मनासिव देखिएन । यसले अनावश्यक रुपमा आयोजनाको लागत वृद्धि गरेको छ ।

यसै गरी विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रम, ललितपुरले रु.२ करोड ६५ लाख ९६ हजारमा गत विगतमा खरिद गरेका ६ पिकअप, १६ मोटरसाइकल मन्त्रालय, विभागमा प्रयोग भएको देखिन्छ । आयोजनाको नाममा खरिद भएका सवारी साधन अन्यत्र प्रयोगमा नियन्त्रण गर्नुपर्दछ ।

११. **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा भत्ता पाउनेको संख्या व्यवस्थित गर्न पञ्जिकरण विभागले सफ्टवेयर विकास गरी डाटा इन्ट्री गर्दै आएको छ । प्राप्त विवरणअनुसार विगत ३ वर्षको जेष्ठनागरिक, विधवा, पूर्ण अपाङ्ग, अति अशक्त अपाङ्ग, एकल महिला, बालबालिका, लोपोन्मुख/आदिवासी जनजातिसमेत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको संख्या २०७१।७२ मा २१ लाख ६० हजार ५७६, २०७२।७३ मा २२ लाख ६५ हजार ५३५ र २०७३।७४ मा २२ लाख ५५ हजार ५४७ भएकोले सो बापतको रकमसमेत वृद्धि भई क्रमशः रु.१२ अर्ब २६ करोड ३४ लाख, रु.१६ अर्ब १५ करोड ८ लाख र रु.३४ अर्ब ७१ करोड ७२ लाख पुगेको छ । जुन चालु खर्चतर्फ विनियोजित बजेट रु.८८ अर्ब ८३ करोड ४५ लाखको ३९ प्रतिशत हुन आउँछ ।



११.१. सूचना प्रणालीमा तथ्याङ्क प्रविष्ट गर्दा दोहोरिएको घट्न गई २०७३ मा भन्दा २०७४ मा ९ हजार ९८८ संख्या घटेको देखिए तापनि समाजिक सुरक्षा भत्ता रकम वृद्धि भएको कारण २०७२।७३ मा भन्दा २०७३।७४ मा रु.१८ अर्ब ५६ करोड ६४ लाख बढ्न गएको छ ।

११.२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल संख्या २२ लाख ५५ हजार ५४७ मध्ये १६ लाख ८४ हजार ११३ को मात्र सफ्टवेयरमा अनलाइन तथ्याङ्क प्रविष्ट गरेको छ ।

११.३. सामाजिक सुरक्षा भत्ता बैंकिङ्ग प्रणालीमार्फत भुक्तानी गर्नुपर्ने उल्लेख गरिए तापनि पहाडी जिल्लाहरुको सदरमुकाम बाहेकका गाउँ विकास समितिमा बैकिङ्ग प्रणाली लागू हुन सकेको देखिएन ।

११.४. यो वर्ष जिल्ला विकास समितिको कार्यालय, सिरहा, सल्यान, सुनसरी लगायत ३१ ले सामाजिक सुरक्षा कार्यक्रममा गरेको खर्चमध्ये रु.३ अर्ब ३६ करोड ६८ लाख पेस्की बाँकी रहेको छ ।

११.५. पाँचथर, सुनसरी, कालिकोट लगायत ११ जिल्ला समन्वय समितिअन्तर्गत रकम निकासा भएका २२ साविक गाउँ विकास समितिको सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी स्रेस्ता परीक्षण गर्दा पाँचथर, दोलखा, काभ्रेपलाञ्चोक र कालिकोटले मृत्यु भइसकेका र एउटै व्यक्तिलाई दोहोरो गरी रु.१४ लाख ६५ हजार भुक्तानी दिएको र लगतमा नाम नभएका, नागरिकता नम्बर र परिचयपत्र नम्बर नखुलेका २ हजार ४४० व्यक्तिलाई रु.१ करोड १ लाख ६६ हजार रकम भुक्तानी दिएको देखियो । बाँकी गाउँ विकास समितिमा समेत सोही अवस्था हुनसक्ने हुँदा जिल्ला समन्वय समितिले परीक्षण गरी वास्तविक रकम यकिन गर्नुपर्दछ ।

११.६. संघीय संरचनाअनुसार सामाजिक सुरक्षा भत्ता पाउनेको अभिलेख व्यवस्थित गर्नुपर्ने देखिनुका साथै प्रत्येक वर्ष यस्तो खर्च बढ्दै गएको सन्दर्भमा वितरण प्रणालीको ढाँचा तथा व्यवस्थापनमा पुनरावलोकन गर्नुपर्दछ ।

१२. **खर्चको सार्थकता** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार प्राविधिक तथा प्रशासनिक उपयुक्तताको आधारमा प्रतिफल समेतलाई विचार गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

१२.१. खोकना झोलुङ्गेपुल निर्माणको कार्य अन्तिम चरणमा रहेकोमा उक्त पुल द्रुत मार्गमा परेकोले निर्माण कार्य स्थगन गर्न नेपाली सेनाबाट पत्राचार गरेको देखियो । निर्माण व्यवसायीलाई सम्झौताबमोजिम रु.५२ लाख २० हजार भुक्तानी भइसकेको अवस्थामा उक्त पुल हटाउनु पर्ने देखिएको छ । निर्माणस्थलको उचित पहिचान नगरी खरिद कार्य गरेकोले नेपाल सरकारलाई थप नोक्सानी पुग्ने देखिएको छ ।

१२.२. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) मा सार्वजनिक निकायले सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्नसक्ने उल्लेख छ । कार्यालयले १० पुल निर्माणमा खरिद सम्झौता भइसकेपछि ती पुलहरु द्रुत मार्गमा परेको, अन्य निकायबाट मोटरेवल पुल निर्माण गरेको, त्रुटिपूर्ण डिजाइन रहेको, स्थानीयबाट अवरोध भएको जस्ता कारणबाट खरिद सम्झौताको अन्त्य गर्नुपर्ने जनाएको छ । आयोजना छनौटको सही पहिचान नगरेकोले निर्माण व्यवसायीलाई दिएको मोविलाइजेशन पेस्की रु.१ करोड ६ लाख ८२ हजार निष्क्रीय रहेको छ । यस सम्बन्धमा समयमै आवश्यक निर्णय लिनुपर्दछ ।

१२.३. ललितपुर जिल्लाको खोकना-सौखेल सडकअन्तर्गत वाग्मती नदी पहुँच मार्ग तथा पुल निर्माण सम्बन्धमा नेपाली सेना, काठमाडौं-तराई, मधेश द्रुत मार्ग सडक आयोजनाको २०७४।४।१२ को पत्रको बुँदा नं.(ख) बमोजिम उक्त पक्की पुलले द्रुत मार्गलाई असर गर्ने हुँदा सो निर्माण कार्य रोक्ने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालयलाई पत्र लेखेकोले हालसम्म भुक्तानी भएको रु.२ करोड १५ लाख १३ हजार खर्च उपलब्धिविहीन हुने देखिन्छ । डिजाइन, सर्भे र योजना छनौट गर्दा सो द्रुत मार्ग पर्ने स्थान यकिन गरी ठेक्का बन्दोवस्त नगरेको कारणले उक्त खर्चको प्रतिफल प्राप्त नहुने अवस्था रहेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग

स्थानीयस्तरमा आधारभूत आवश्यकता परिपूर्ति गर्न स्थानीय बाटो, पुल पुलेसा निर्माण एवं मर्मत गर्ने र गरिबी निवारणको लागि स्थानीयस्तरमा आयमूलक कार्यक्रम सञ्चालन गर्ने र सहभागीतामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई आर्थिक लाभ पुऱ्याउने उद्देश्यले विभागको स्थापना गरिएको हो । विभागले यो वर्ष तलब, भत्ता लगायत प्रशासनिक खर्चमा रु.३ करोड ९० लाख ४५ हजार र कार्यक्रम सञ्चालनमा रु.५४ करोड ८८ लाख १२ हजार खर्च गरेको छ । सडक तथा पुल निर्माण कार्य गर्दा सडक विभागसँग समन्वय कायम गरी निर्माण कार्यमा दोहोरोपना हटाउने, एक अर्कोबीचको कार्यक्षेत्र स्पष्ट गरी समन्वयात्मक रुपमा निर्माण कार्य सञ्चालन गर्नुपर्दछ ।

१३. **भेरिएसन** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकेको अवस्था सिर्जना भएमा भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । भेरिएसन आदेशबाट पुन्तरागाड पुल, लिखु खोला पुल, सुनकोशी नदी पुल र कमला नदी पुलसमेतमा रु.४ करोड ३३ लाख ७३ हजारको काम भेरिएसनबाट थप गरी गराएको छ । सो सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन् :

१३.१. डडेल्धुरा जिल्लामा पुन्तरागाड सडक पुल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.१० करोड ४० लाख ५८ हजारमा ठेक्का सम्झौता भएको देखिन्छ । सो कार्यमा ३ पटकसम्म भेरिएसन आदेशबाट ७.९२ प्रतिशत कार्य थप गरी ठेक्का अङ्क रु.११ करोड २२ लाख ९६ हजार पुऱ्याएको छ ।

वेल फाउण्डेशनको सट्टा ओपेन फाउण्डेशन राख्नुपर्ने, दोस्रो पटक बहाव क्षेत्रमा नदीजन्य पदार्थ जम्मा भएको र तेस्रो पटक केही आइटम छुट भई थप गरेको जस्ता कारण उल्लेख गरी भेरिएसनबाट रु.८३ लाख ३७ हजार थप खर्च गरेको छ ।

१३.२. रामेछाप र सोलुखुम्बु जिल्ला जोड्ने लिखु खोला पुल निर्माण २०७०।१०।३० सम्म काम सम्पन्न गर्ने गरी रु.३ करोड ९६ लाखमा एक निर्माण व्यवसायीसँग सम्झौता गरेकोमा भेरिएसनबाट ठेक्का अङ्क रु.४ करोड ४९ लाख ३८ हजार पुऱ्याई रु.२ करोड ७७ लाख ८८ हजार भुक्तानी दिएको देखिन्छ । डिजाइन परिवर्तन भएको, भूकम्प, तराई मधेश बन्द जस्ता कारण देखाई तेस्रो पटक २०७४ आषाढ मसान्तसम्म म्याद थप गरेको देखिन्छ ।

१३.३. काभ्रेपलाञ्चोक जिल्ला स्थित सुनकोशी नदी पुल निर्माण कार्यको लागि २०७०।७१ मा रु.९ करोड ९७ लाख ७८ हजार कबोल अङ्कमा एक संयुक्त उपक्रमका निर्माण व्यवसायीसँग २०७४।३।१८ सम्म काम सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ । हालसम्म २ पटक भेरिएसनबाट रु.१ करोड ४९ लाख ३६ हजार थप गरी रु.११ करोड ४७ लाख १४ हजार सम्झौता रकम कायम गरेको छ ।

१३.४. सिन्धुली/उदयपुर जिल्लाको वेलसोत-टाँडी-भिमान सडक खण्डअन्तर्गत कमला नदीमा पुल निर्माणको लागि २०७५।३।२४ सम्म काम सम्पन्न गर्ने गरी रु.१२ करोड ५७ लाख ३५ हजारमा सम्झौता भएको छ । पुल निर्माणमा हालसम्म रु.३ करोड ७४ लाख २१ हजार भुक्तानी गरी एवुटमेन्टको काम र पहुँच मार्गको काम सम्पन्न गरेको छ भने ४ आइटममा निर्माण व्यवसायीसँग नयाँ दर कायम गरी प्रथम पटक भेरिएसनबाट रु.१ करोड ४७ लाख ६४ हजार कार्य थप गरेको कारण सम्झौता रकम रु.१४ करोड ७६ लाख ४४ हजार पुगेको छ ।

लागत अनुमान गर्दा फाउण्डेशनको प्रकार, स्पान संख्या जस्ता प्राविधिक पक्षमा विस्तृत अध्ययन गरी लागत अनुमान तयार गर्नुपर्नेमा नगरेकोले त्रुटिपूर्ण डिजाइन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१४. **दोहोरो भुक्तानी** - ललितपुर जिल्लाको खोकना-सौखेल सडकअन्तर्गत बाग्मती नदीमा पहुँच मार्गसहित सडक पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.९ करोड ४१ लाख ७५ हजारमा २०७५ वैशाख २८ सम्ममा काम सम्पन्न गर्ने गरी सम्झौता भएअनुसार २०७३।७४ मा दोस्रो रनिङ बिलसम्ममा रु.२ करोड १५ लाख १३ हजार भुक्तानी गरेको छ । दोस्रो रनिङ्ग बिलको रु.१ करोड ४० लाख ८३ हजारमा प्रथम रनिङ बिलको नापी एवं भुक्तानी गरी सकेको रकमसमेत पुनः भुक्तानी गरेकोले दोहोरो भुक्तानी गरेको रु.५० लाख ८५ हजार असुल गर्नुपर्दछ ।

१५. **फोहोर व्यवस्थापन** - फोहोरमैलालाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग प्रशोधन वा बिर्सजन गरी व्यवस्थापन तथा फोहोरमैलाको प्रभाववाट जनस्वास्थ्य र वातावरणमा पर्नसक्ने प्रतिकूल प्रभावलाई कम गर्ने उद्देश्यले फोहोरमैला व्यवस्थापन ऐन, २०६८ जारी भई फोहरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र सञ्चालनमा रहेको छ । उक्त ऐनको व्यवस्था कार्यान्वयन सम्बन्धमा २०७०।७१ मा वातावरणीय लेखापरीक्षण गरी सुझाव प्रेषित गरिएको थियो ।

१५.१. फोहोरमैला व्यवस्थापन ऐनको विभिन्न दफामा फोहोरमैला सङ्कलन, पृथकीकरण एवं बिर्सजन गर्ने संरचना निर्माण, सञ्चालनको जिम्मेवारी स्थानीय निकायको हुने व्यवस्था छ । प्राप्त विवरणको आधारमा कुल फोहोरमध्ये जैविक र अजैविक फोहोर उत्सर्ग प्रतिशत क्रमशः ६६.०० र ३४.०० रहेको छ । विगत ३ वर्षको तथ्याङ्क तुलना गर्दा कुहिने फोहोर प्रतिशत ६३ बाट ६६ पुगेको छ ।



स्रोत: फोहरमैला व्यवस्थापन सहयोग केन्द्र

१५.२. फोहोरको पृथकीकरण गर्न केन्द्रले रु.४७ लाख १८ हजारमा खरिद गरेको फोहोर सेग्रीगेसन बकेट १ हजार ७३१ थान वितरण नगरी मौज्दात राखेको छ । फोहोर व्यवस्थापन नहुँदा दुर्गन्ध फैलिई वातावरणीय समस्या सिर्जना भएको छ ।

१५.३. काठमाडौं उपत्यकाको फोहोर सङ्कलन कार्य व्यवस्थित गर्न स्रोतमा पृथकीकरण गर्नुपर्ने, सङ्कलन केन्द्र व्यवस्थित गर्नुपर्ने, अस्पताल, शैक्षिक संस्था, होटल आदिबाट निष्कासित फोहोरको लागि विशेष व्यवस्था गर्नुपर्ने, खुला स्थानान्तरण केन्द्रलाई व्यवस्थित गर्नुपर्ने, फोहोर ढुवानी व्यवस्था सुधार गरी सुरक्षितरुपमा समयमा दुर्गन्ध नफैलिने गरी ढुवानी व्यवस्था मिलाउनुपर्ने, ल्याण्डफिल्ड साईटको दीर्घकालीन व्यवस्था गरी सुधार गर्नुपर्ने लगायतका सुझाव कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ ।

१५.४. फोहोर सङ्कलन, ढुवानी तथा व्यवस्थापन कार्यमा निजी क्षेत्रलाईसमेत संलग्न गराई जैविक फोहोरबाट उर्जा निकाल्ने र अजैविक फोहोरलाई सुरक्षित व्यवस्थापन गरी "फोहोरलाई मोहरमा रुपान्तरण" गर्न अध्ययन अनुसन्धान जरुरी देखिन्छ ।

१५.५. काठमाडौं उपत्यकाभित्रबाट दैनिक उत्पादन हुने १ हजार मेट्रिकटन फोहोरमैलालाई दिगो व्यवस्थापन गर्नको लागि सिसडोल, ओखरपौवा र धादिङको बञ्चरे डाँडामा पूर्वाधारको लागि १ हजार ७९० रोपनी जग्गा अधिग्रहण गरी रु.६२ करोड खर्च गरेको छ । बञ्चरे डाँडामा पूर्वाधार विकासको लागि विस्तृत डिजाइन प्रतिवेदनअनुसार रु.२ अर्ब ४१ करोड लागत लाग्ने अनुमान गरिएको छ । दीर्घकालीन ल्याण्डफिल साइटको पूर्वाधार विकासअन्तर्गत प्रवेशमार्ग निर्माण, कोल्पुखोला डाइभर्सन र नदी नियन्त्रण कार्य सञ्चालन भइरहेको छ । ऐनको दफा ६(१) अनुसार स्थानीय निकायले फोहोरमैलालाई छिटो सड्ने र ढिलो सड्ने गरी व्यवस्थापन गर्न प्रवर्द्धनात्मक तथा दण्डनीय व्यवस्थाको परिपालना गरी जैविक फोहोरको उपयोगको व्यवस्था र अजैविक फोहोर मात्र ल्याण्डफिल्ड साइटमा व्यवस्थापन गर्न सके ल्याण्डफिल्ड साइटको आयु बढ्ने देखिन्छ ।

१५.६. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा नियमावली २०७० बमोजिम फोहर पृथकीकरण स्रोतमा नै गर्नु गराउन नसक्नु, फोहोरमैला व्यवस्थापन कार्य स्थानीय निकायको प्राथमिकतामा नपर्नु, ढुवानी कार्य तोकिएको समयमा नहुनु, ल्याण्डफिल साइटमा सामाजिक एवं वातावरणीय मैत्री स्थितिमा सन्तुलन कायम गराउन नसक्नु, स्थानीय जनता र फोहोर ढुवानी गर्ने निकाय (नगरपालिका/विभिन्न संस्था) बीच पटक पटक अवरोध सिर्जना भई मैत्रीपूर्ण व्यवहार नहुनु र पूर्वाधार निर्माणको कार्य सुस्त रहनु जस्ता समस्या यथावत् रहेका छन् ।

१५.७. ऐन कानुनको प्रभावकारी कार्यान्वयनको लागि जनचेतनाका कार्यक्रम व्यापकरुपमा सञ्चालन गर्नुपर्ने, फोहोर पृथकीकरण गर्ने कार्य स्थानीय निकायबाट प्रभावकारी कार्यान्वयन गराउनुपर्ने, ढुवानीमा स्थानीय जनतावीच वातावरण मैत्री व्यवस्था कायम गर्नुपर्ने जस्ता कार्यमा थप ध्यान पुऱ्याउनु आवश्यक छ ।

१५.८. फोहोर व्यवस्थापनका लागि जिम्मेवारी सहित संस्थागत, नीतिगत र कानुनी व्यवस्था र सोको लागि बजेट व्यवस्था भए तापनि फोहोर सङ्कलन, ढुवानी र ल्याण्डफिल्ड साइट व्यवस्थापनमा समस्या अद्यापि रहेको छ । विश्वका सबै मुलुक र शहरमा फोहोर व्यवस्थापन कार्य चुनौतिपूर्ण रहेको भए तापनि अधिकांश देशमा प्रभावकारी व्यवस्थापन गरेको देखिन्छ । फोहोर व्यवस्थापनका लागि सरकारी निजी साझेदारी (PPP), फोहोर गर्नेले तिर्नुपर्ने (Polluted to Pay), पुनः प्रयोग (Reuse), फोहोरलाई मोहर बनाउने (Sale Waste), फोहोरलाई उर्जामा रुपान्तरण (Waste for Energy) गर्ने आदि विधिहरु (Approach) प्रयोग गरेको पाइन्छ । फोहोर व्यवस्थापनकै सन्दर्भमा मन्त्रालय, विभाग, नगरपालिका र सम्बन्धित निकायका पदाधिकारीले विभिन्न मुलुकको भ्रमण गरी ज्ञान, सीप, जानकारी हासिल गरे तापनि उपयुक्त विधि अवलम्बन गर्न नसकेका कारण फोहोर व्यवस्थापन गर्न नसकेको स्थिति छ । अतः फोहोर सङ्कलन, ढुवानी, विसर्जन एवं उर्जा उत्पादन कार्य व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

१६. **प्राकृतिक स्रोत उपयोग** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ को २१८ मा जिल्ला समन्वय समितिले आफ्नो क्षेत्रभित्रका प्राकृतिक स्रोत साधनहरु (बालुवा, गिट्टी, ढुङ्गा, स्लेट, माटो, दहत्तर, बहत्तर आदि) तोकिएबमोजिम बिक्री वितरण एवं व्यवस्थापन गरी आन्तरिकरुपमा आर्थिक स्रोत जुटाउनसक्ने व्यवस्था छ । प्राकृतिक स्रोत सङ्कलन/उत्खनन् र प्रशोधन गर्न मन्त्रालयले कार्यविधि बनाएको भए तापनि कार्यान्वयन नभएका उदाहरण देहायबमोजिम छन्:

१६.१. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकले सुनकोशी र इन्द्रावती नदीबाट क्रमशः वार्षिक ९ लाख १२ हजार ५०० र १ लाख २२ हजार ६१० घनमिटर, मकवानपुरले ९ नदीबाट २ करोड ७४ लाख २१ हजार ३२३ घनमिटर र चितवनले ८ खोलाबाट ६ लाख ८१ हजार ६३९ घनमिटर तथा जिल्ला समन्वय समिति, ललितपुरले ढुङ्गाखानीबाट १२ लाख ४६ हजार ४०१ घनमिटर ढुङ्गा निकाल्न मिल्ने प्रतिवेदन दिए तापनि परिमाण नियन्त्रण गर्ने आधार र स्थान उल्लेख नभएकोले प्रतिवेदनमा उल्लिखित परिमाणअनुसार उत्खनन् भएको आधार स्पष्ट छैन ।

१६.२. जिल्ला समन्वय समिति, सिन्धुपाल्चोकले ठेक्का व्यवसायीसँग इन्द्रावती र सुनकोशी नदीबाट क्रमशः ५५ लाख ४५ हजार १८६ र ६७ हजार ७२२ घनमिटर, मकवानपुरले ९ नदीबाट ७ लाख ७७ हजार २४८ घनमिटर, चितवनले २ लाख ९१ हजार ४२५ घनमिटर गिट्टी, ढुङ्गा, बालुवा र ललितपुरले ७८ हजार ९२० घनमिटर ढुङ्गा सङ्कलन एवं बिक्री गर्नसक्ने गरी सम्झौता गरे तापनि सङ्कलन र निकासी भएको परिमाणको दैनिक अभिलेख राखी तोकिएको परिमाणभन्दा बढी सङ्कलन र निकासी भए नभएको सुनिश्चित हुने व्यवस्था नगरेको, बिक्री रसिदको अर्धकट्टीसमेत बुझाउने नगरेकोले गिट्टी, ढुङ्गा, बालुवाको बिक्री एवं निकासी शुल्कबापत असुल भएको रु.४५ करोड ४५ लाख ६३ हजार भिडान गर्ने आधार भएन । व्यवसायीले सम्झौताअनुसारको रकममात्र बुझाउने हुँदा बढी बिक्री वा निकासी गरी प्राकृतिक स्रोतको अत्यधिक दोहनलाई नियन्त्रण गर्न सकेको पाइएन ।

१६.३. जिल्ला समन्वय समिति र व्यवसायीबीच भएको सम्झौताअनुसार नदीजन्य पदार्थहरु उत्खनन् तथा सङ्कलन गर्ने कार्य व्यवसायीले गर्नुपर्नेमा क्रसर सञ्चालकले गर्ने गरेको र व्यवसायीले बाटोमा बसी बिक्री र निकासी दस्तुर लिने गरेको देखियो । यसबाट उत्खनन्मा जिल्ला समन्वय समितिको नियन्त्रण हुने अवस्था छैन ।

१६.४. मन्त्रिपरिषद्को २०७१।४।११ को निर्णयमा गिट्टी ढुङ्गा बालुवा जस्ता प्राकृतिक स्रोत सङ्कलन र घाटगद्दी गरी परिमाण चेकजाँच पश्चात प्रशोधनको लागि बिक्री गर्नुपर्ने उल्लेख भएकोमा सिन्धुपाल्चोक, दाङ, ललितपुर लगायत सबै जिल्ला समन्वय समितिका घाटगद्दी एवं परिमाण चेकजाँच बेगर क्रसर उद्योगले सीधै नदीबाट ढुङ्गा, गिट्टी, बालुवा आदि उत्खनन् एवं सङ्कलन र प्रशोधन गरी बिक्री वा निकासी गरेको देखियो ।

१६.५. क्रसर सञ्चालनसम्बन्धी मापदण्ड, २०७३ अनुसार नदी, खोलाको किनार र राजमार्गबाट ३०० मिटरभित्र क्रसर उद्योग राख्न नपाइने उल्लेख छ । सिन्धुपाल्चोकमा १०, धादिङमा २६, चितवनमा २, मकवानपुरमा १०

र ललितपुरको लेले नल्लु क्षेत्रमा इजाजत नलिएका र नवीकरण नगरिएकासमेत २० क्रसर उद्योग मापदण्ड विपरीत सञ्चालन भएको देखिन्छ ।

१६.६. जिल्ला समन्वय समितिको कार्यालय, धादिङ, दाङ, बारालगायत १५ ले विभिन्न आय ठेक्काका व्यवसायीबाट गत विगत वर्षसम्मको रु.२५ करोड ८५ लाख ६९ हजार र सुनसरी, पर्वत, बाँकेसमेत २० जिल्ला समन्वय समितिले ११० व्यवसायीबाट यो वर्षको रु.७ करोड ६ लाखसमेत रु.३२ करोड ९१ लाख ६९ हजार सेवा शुल्क, कर दस्तुर र बिक्रीबापतको रकम असुल गरेका छैनन् । असुल गर्नुपर्ने निकायलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

१६.७. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार जिल्ला समन्वय समिति दाङ, इलाम, कास्की लगायत ३२ ले आन्तरिक आय ठेक्कामा मूल्य अभिवृद्धि कर दाखिला गरेका छन् । जिल्ला समन्वय समितिको कार्यालय, धादिङ, कैलाली, झापा लगायत ३२ ले यो वर्ष असुल गरेको गिट्टी, ढुङ्गा, बालुवा बिक्री तथा निकासी ठेक्काको आम्दानी रु.९१ करोड २४ लाख ३८ हजारमा लाग्ने मूल्य अभिवृद्धि कर रु.११ करोड ८६ लाख १७ हजार असुल गरेका छैनन् । मूल्य अभिवृद्धि कर असुलीमा एकरुपता ल्याई बाँकी कर असुल गर्नुपर्दछ ।

१६.८. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १७०(२) बमोजिम सम्झौतानुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा बढीमा १० प्रतिशतसम्म छुट दिनसक्ने व्यवस्था छ । जिल्ला विकास समितिको कार्यालय, काठमाडौं, मकवानपुर र ताप्लेजुङले सम्झौताबमोजिम ठेक्का रकमको १३ प्रतिशत मूल्य अभिवृद्धि करसमेत रु.१ करोड ९१ लाख २४ हजार नबुझाएको अवस्थामा पूरै रकम दाखिला गरेको भनी रु.१ करोड ५७ लाख ३४ हजार छुट दिएको देखियो । एकमुष्ट रकम अग्रिम दाखिला नगरेको अवस्थामा छुट दिने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

१६.९. जिल्ला समन्वय समितिको कार्यालय, धनुषा, तनहुँ, बारालगायत ८ ले ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन एवं निकासी गर्न १३ ठेक्का सम्झौता गर्दा राखेको रु.९८ लाख ७७ हजार धरौटी सदरस्याहा गरी हिसाब मिलान गर्न व्यवसायीले निवेदन दिए तापनि सदरस्याहा गरी आम्दानी जनाएको छैन । धरौटीमा रहेको रकम राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

१६.१०. मन्त्रिपरिषद्को २०७०।३।२७ को निर्णयले प्राकृतिक स्रोत उत्खनन् तथा सङ्कलन गर्न भारी औजार उपकरण प्रयोग गर्न नहुने र गर्नुपरेमा कारण एवं अवस्था जनाई स्वीकृत दिनसक्ने उल्लेख भएकोमा सिन्धुपाल्चोक, धादिङ, ललितपुर, मकवानपुर र चितवनले एक्साभेटर प्रयोग गर्ने गरी सम्झौता गरेकोले मन्त्रिपरिषद्को निर्णय पालना भएको छैन ।

१६.११. रोडा, ढुङ्गा, बालुवा सङ्कलन गरी क्रसर उद्योग सञ्चालन गर्न इजाजत दिने र नवीकरण गर्ने कार्य उद्योग विभागले गर्ने, वातावरणीय असरको मूल्याङ्कन वातावरण मन्त्रालयले हेर्ने, वन तथा भू-क्षयमा पर्ने प्रभाव वन तथा भू-संरक्षण मन्त्रालयले हेर्ने, अवैध ओसारपसार नियन्त्रण जिल्ला प्रशासन तथा जिल्ला प्रहरी कार्यालयले गर्ने तथा सङ्कलन, बिक्री तथा स्वीकृत परिमाणभन्दा बढी दोहन भए नभएको अनुगमन प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठित समितिले गर्ने र प्राकृतिक स्रोतको ठेक्का व्यवस्थापन जिल्ला समन्वय समितिले गर्ने व्यवस्था भएकोले समन्वयमा कठिनाइ रहेको स्थिति छ । मूलतः समन्वय र अनुगमनको समस्या छ ।

उपर्युक्त अवस्थामा सुधार ल्याउन अनुगमन कार्य प्रभावकारी बनाउनुपर्ने, सम्झौता परिमाणभन्दा बढी परिमाणको ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन गर्ने कार्य बन्द गर्नुपर्ने, वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लिखित परिमाणको सङ्कलन तथा उत्खननको अभिलेख राखी भौगोलिक क्षेत्रअनुसार उत्खनन् मापदण्ड बनाउनुपर्ने, मापदण्डअनुसार सञ्चालन नगर्ने क्रसर उद्योगलाई बन्द गराउनुपर्ने र उद्योग मन्त्रालय, खानी विभाग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबीच प्राकृतिक स्रोत उत्खनन्, सङ्कलन र व्यवस्थापन सम्बन्धमा समन्वय गरी सङ्कलन तथा बिक्री वितरणमा एकद्वार प्रणाली अवलम्बन गरी प्राकृतिक स्रोतको उपयोग सम्बन्धमा राष्ट्रिय नीति र कानुन बनाउनुपर्दछ ।

१७. **झोलुङ्गेपुल निर्माण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपर्युक्तताको आधारमा प्रतिफलसमेत विचार

गरी आयोजना स्वीकृत गर्नुपर्ने र स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्भेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था छ ।

१७.१. विभिन्न स्थानमा झोलुङ्गेपुल निर्माण गर्न २०७२।७३ मा माग भएका ३२५ पुलमध्ये ६६ पुल निर्माण गर्न छनौट गरेको छ । पुलको सम्भाव्यता अध्ययन गरेपछि सम्भाव्य देखिएका आयोजनाको विस्तृत सर्भेक्षण गरी छनौट गर्नुपर्नेमा जिल्ला परिषद्, सांसदको सिफारिस तथा सरोकारवालाको मागसमेतको आधारमा झोलुङ्गेपुलहरु निर्माण गर्न प्राथमिकतामा राखी छनौट गर्ने गरेको जानकारी प्राप्त भएको छ । पुल छनौटको मापदण्ड र आधार स्वीकृत गरेको छैन ।

१७.२. विगत ३ वर्षमा ४७२ पुलको सम्भाव्यता अध्ययन भएकोमा २१२ पुलमात्र कार्यान्वयनमा आएको छ भने २६० पुल कार्यान्वयनमा आएको छैन । सम्भाव्यता अध्ययन भई कार्यान्वयनमा नआएका २६० पुलको विस्तृत सम्भाव्यता अध्ययनमा रु.३ करोड ५८ हजार खर्च भएको छ । विस्तृत सम्भाव्यता अध्ययन भएका पुल निर्माण गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

१७.३. यो वर्ष ७१ ठेक्का व्यवस्थापन गरेकोमा प्रथम चौमासिकमा २५ र तेस्रो चौमासिकमा ४६ ठेक्का व्यवस्थापन गरेको छ । यो वर्ष निर्माण कार्य सम्पन्न सुनिश्चित नगरी १८ ठेक्कामा मोविलाइजेशन पेस्की रु.२ करोड ९२ लाख ३० हजार उपलब्ध गराएको छ ।

१७.४. असम्बन्धित खर्च ठेक्कामा समावेश गर्न नहुने भनी सार्वजनिक लेखा समितिले निर्देशन दिएको छ । यो वर्ष ५ कार्यालयले झोलुङ्गेपुल निर्माणको सम्झौतामा टोटल स्टेशन, मोटरसाइकल, सवारीसाधन, भाडा जस्ता आइटमको रु.६० लाख ८३ हजार समावेश गरी ठेक्का सम्झौता गरेकोले सार्वजनिक लेखा समितिको निर्देशन पालना भएको देखिएन ।

१७.५. चार निर्माण व्यवसायीलाई ६ ठेक्कामा सम्झौताबमोजिम दिएको रु.४६ लाख २० हजार पेस्की सम्बन्धित काममा प्रयोग भएको छैन । निर्माण कार्य प्रारम्भ नै नहुँदा खरिद सम्झौताबमोजिम मोविलाइजेशन पेस्की लिई काम शुरु नगर्ने निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ तथा ५२(क) बमोजिम बैङ्क जमानत जफत गरी कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्ने देखिन्छ ।

१८. **सामुदायिक सिँचाइ आयोजना** - एसियाली विकास बैङ्कको अनुदान सहयोगमा गरिब, बिपन्न र सामाजिक रुपले पिछडिएका कृषक समुदायबाट सञ्चालित सिँचाइ प्रणालीको दिगो र भरपर्दो पूर्वाधार विकास गरी कृषि बाली प्रणालीमा सुधार तथा बाली सघनतामा वृद्धि ल्याई किसानहरुको सामाजिक तथा आर्थिक स्थितिमा सुधार ल्याउने उद्देश्यले १२ जिल्लामा सञ्चालन भएको छ । आयोजनाको लागत अमेरिकी डलर ३ करोड ४० लाख अर्थात रु.३ अर्ब ५० करोड २० लाख रहेको छ । ८ फेब्रुअरी २०११ देखि २८ फेब्रुअरी २०१७ सम्म ६ वर्षमा सम्पन्न हुने गरी सम्झौता भएकोमा लक्षित उपलब्धि हासिल हुन नसकेको कारण १५ जुलाई, २०१८ अर्थात २०७५ असार ३० सम्म आयोजनाको अवधि थप गरेको छ ।

आयोजनाले २०७४ असारसम्म दातृ निकायतर्फ रु.२ अर्ब २ करोड ८१ लाख ८६ हजार नेपाल सरकारतर्फ रु.५८ करोड ९४ लाख ४० हजार गरी कुल रु.२ अर्ब ६१ करोड ७६ लाख २६ हजार अर्थात आयोजना लागतको ७४.८ प्रतिशत खर्च गरेको छ ।

१८.१. सामुदायिक सिँचाइ आयोजना कार्यान्वयन निर्देशिकाबमोजिम यस आयोजनाको सुरुमा सतह सिँचाइ प्रणाली, पोखरी तथा टंकी सिँचाइ प्रणाली, लिफ्ट सिँचाइ प्रणाली तथा अल्प गहिराई भूमिगत सिँचाइ प्रणाली गरी ४ प्रकारका सिँचाइ प्रणालीको नयाँ निर्माण तथा पुनः स्थापना गरी १७ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य भए तापनि सतही सिँचाइतर्फ ३६५ आयोजना सञ्चालन गरी ९ हजार ७५७ हेक्टर जमिनमा सिँचाई सुविधा पुऱ्याएको छ । पोखरी तथा टंकी, लिफ्ट, भूमिगत सिँचाइ प्रणाली सञ्चालनमा आएको पाइएन ।

१८.२. कार्यान्वयनको अवस्थामा रहेका ४५६ उप-आयोजनामध्ये २०७४ असार मसान्तसम्म ३६५ अयोजनाको निर्माण कार्य सम्पन्न भएको र बाँकी ९१ उप-आयोजनामध्ये ८२ चालु अवस्थामा रहेको तथा ९ लिफ्टिङ सिँचाइ उप-आयोजना हालसम्म कार्यान्वयन भएको देखिँदैन । आयोजनाको समयावधि १ वर्ष बाँकी रहेको

अवस्थामा थप ७ हजार २४३ हेक्टर अर्थात ४२.६ प्रतिशत सिँचित क्षेत्र विस्तार गर्ने कार्य सम्पन्न गर्न चुनौतीपूर्ण देखिन्छ ।

१८.३. आयोजना सञ्चालनका लागि केन्द्रमा आयोजना समन्वय इकाई र जिल्लास्तरमा जिल्ला प्राविधिक कार्यालयबाट आयोजना सञ्चालित छन् । आयोजना सञ्चालनका लागि जिल्ला छनौट गर्ने आधार स्पष्ट छैन । अन्य निकायसँगको समन्वय, आयोजना प्रतिफल दर, समग्र आर्थिक वृद्धिमा पार्ने प्रभाव, प्राविधिक जनशक्ति आदि सम्बन्धमा स्पष्ट नगरी आयोजना सञ्चालन गरेको देखिन्छ । नेपाल सरकार कार्य विभाजन नियमावली, २०७२ अनुसार सिँचाइ मन्त्रालयको कार्य क्षेत्रभित्र पर्ने कार्य यस आयोजनाबाट सञ्चालन गर्नु उपयुक्त नदेखिँदा सिँचाइ मन्त्रालयअन्तर्गतबाट गराउने व्यवस्था मिलाउनुपर्दछ ।

१९. **परामर्शदाता खर्च** - मन्त्रालय र मातहत निकायबाट यो वर्ष परामर्श सेवामा रु.४१ करोड ५९ लाख ७६ हजार खर्च भएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क) मा सम्बन्धित निकायमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने काममा मात्र परामर्श सेवा खरिद गर्नसक्ने व्यवस्था छ । मन्त्रालय र मातहत निकायबाट नियुक्त राष्ट्रिय र अन्तर्राष्ट्रिय परामर्शदाताको विवरण र खर्च माग गरेकोमा अन्तर्राष्ट्रिय परामर्शदाताको विवरण प्राप्त भएन । मन्त्रालय र मातहत निकायबाट नियुक्त परामर्शदाताको भुक्तानी प्राविधिक सहायता, सोझै भुक्तानीतर्फबाट हुने र सोको स्रेस्ता लेखापरीक्षणमा पेश नगर्ने स्थितिमा सुधार गरी मन्त्रालयमा अभिलेख व्यवस्थित गर्नुपर्दछ । सो सम्बन्धमा देखिएका व्यहोरा यसप्रकार छन्:

१९.१. परामर्श सेवा खरिद गर्दा खरिद नियमावलीको नियम १२ बमोजिम आधार स्पष्ट गरी लागत अनुमान तयार गर्नुपर्नेमा सो विपरीत १५ प्रतिशत ओभरहेड खर्च थप गरी तयार गरेका कारण भूकम्प आपत्कालीन सहायता आयोजनाले ३ परामर्शदातासँग रु.३ करोड ७१ लाख २ हजारमा सम्झौता गर्दा ओभरहेड बापत रु.४८ लाख ३९ हजार व्ययभार पारेको छ । यस्तै स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रमले एक परामर्शदातासँग रु.१३ लाख ३८ हजारमा सम्झौता गर्दा ओभरहेड बापत रु.३ लाख ५५ हजार र सस्पेन्सन ब्रिज डिभिजनले १५० आयोजनाको परामर्श सेवामा रु.१ करोड ३ लाख ५८ हजार सम्झौता गर्दा ओभरहेड बापत रु.१५ लाख ५४ हजारसमेत ६७ लाख ४८ हजार थप व्ययभार पारेको छ ।

१९.२. विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जीविकोपार्जन सुधार कार्यक्रममा विकास साझेदारसँग सम्झौता हुँदा निर्माण कार्यमा रु.२ अर्ब ७७ करोड ३६ लाख र परामर्शदाता खर्चमा रु.२१ करोड ४ लाख २६ हजार खर्च हुने उल्लेख भएकोमा संशोधित विवरणअनुसार क्रमश: रु.४ अर्ब ९७ करोड ६७ लाख र रु.६२ करोड ९३ लाख २३ हजार खर्च गरी निर्माण लागतको १२.६४ प्रतिशत परामर्श सेवामा खर्च गरेको छ ।

१९.३. सस्पेन्सन ब्रिज डिभिजनले १५० पुलको विस्तृत सम्भाव्यता अध्ययन गर्न परामर्शदाता नियुक्ति गरी रु.१ करोड ३ लाख ५८ हजार खर्च गरेको छ । आयोजनाले २०७०।७१ मा १ र २०७२।७३ मा ३ परामर्शदातासँग विभिन्न आयोजनाको विस्तृत सर्भेक्षण कार्यको लागि रु.१६ लाख ९० हजारको खरिद सम्झौता गरेकोमा ३ परामर्शदाताले सम्झौताबमोजिम कार्य सम्पादन नगरेको र एक परामर्शदाताले त्रुटिपूर्ण डिजाइन गरी निर्माण कार्य हुन नसकेकोले ती परामर्शदातालाई ऐनको दफा ६३ बमोजिम कालोसूचीमा राख्न लेखी पठाउनुपर्दछ ।

१९.४. ग्रामीण पुनर्निर्माण तथा पुन:स्थापना आयोजना समन्वय इकाई, ललितपुरले २० जिल्लाका ७४ सडकको १ हजार किलोमिटरको विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, डिटेल ईन्जिनियरिङ्ग सर्भे, डिजाइन, लागत अनुमान, प्रारम्भिक वातावरणीय प्रतिवेदन, सामाजिक प्रतिवेदन, आधार तह प्रतिवेदन र पुनर्वास योजना तयार गरी पेश गर्नुपर्ने तथा थप ३५ सडक पुलको सम्भाव्यता अध्ययन एवं दाताको लगानीमा परियोजना प्रस्ताव बनाई पेश गर्नुपर्ने कार्यको लागि परामर्श सेवा लिएको छ । परामर्श सेवाको कबोल अङ्क रु.१३ करोड ५८ लाख ८८ हजारमा सम्झौता गरी सम्झौता रकममध्ये दशौं रनिङ बिलसम्म रु.१२ करोड २१ लाख ६३ हजार खर्च गरी ८९ प्रतिशत भुक्तानी गरेको छ । १ अगष्ट, २०१३ देखि ३१ अक्टोबर २०१४ सम्म (१३ महिना) मा सम्पन्न गर्नुपर्ने उक्त कार्यको म्याद २३.५ महिना थप गरी ३६.५ महिना पुऱ्याउँदासमेत कार्यसम्पन्न भएको छैन । यसले सडक निर्माण कार्यमा ढिलाई हुनुको साथै प्रशासनिक खर्चमासमेत वृद्धि भएको छ । समयमा काम सम्पन्न नगर्ने परामर्शदातालाई कालो सूचीमा राख्ने व्यवस्था गर्नुपर्दछ ।

१९.५. परामर्शदाता नियुक्त गरी प्रतिवेदन प्राप्त भएपछि सो कार्यान्वयनका लागि नीतिगत निर्णय गर्नुपर्नेमा प्राप्त प्रतिवेदनको अभिलेख व्यवस्थित नभएकोले परामर्शदाताले दिएको प्रतिवेदन कार्यान्वयनको अवस्था यकिन छैन । परामर्श सेवामा करोडौँ खर्च हुने तर सुझाव कार्यान्वयन नहुने स्थितिमा सुधार ल्याउन जरुरी छ ।

२०. **उपभोक्ता समितिको काम** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु.१ करोडसम्म लागत अनुमान भएका निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने, उपभोक्ताले लिएको काममा ठूला मेशिन प्रयोग गरी गराउन नहुने र स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५ अनुसार अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।

२०.१. जिल्ला समन्वय समितिको कार्यालय, रामेछापले रु.१ करोड ८ लाख ५३ हजार लागत अनुमान भएका दिलौरा-साप्रा-कौलेश्वर सडक निर्माण कार्य दुई टुक्रा गरी एउटै उपभोक्ता समितिसँग रु.९७ लाख ८१ हजार र रु.१० लाख ७२ हजारको अलग अलग सम्झौता गरी गराई यो वर्ष पहिलो रनिङ्ग बिलबाट रु.५० लाख ३ हजार खर्च लेखेको पाइयो । नियमावलीमा भएको रु.१ करोडको सीमा पालना नगरी सम्झौता गर्ने पदाधिकारीलाई कारबाही गरी यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२०.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समितिमार्फत सञ्चालित योजनामा सम्झौतानुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने अनुदान रकममासमेत अनुपातिक हिसाबबाट कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय, सिराहा, बैतडी, डोल्पा लगायत ३४ ले २१२ उपभोक्ता समितिलाई खुद कामको रु.२३ करोड २० लाख ४५ हजार भुक्तानी गर्नुपर्नेमा रु.२४ करोड ८० लाख ८४ हजार भुक्तानी गरी रु.१ करोड ६० लाख ३९ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ । यसमा संलग्न पदाधिकारीलाई कारबाही गर्नुपर्दछ ।

२०.३. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितिबाट सञ्चालन गर्ने निर्माण कार्यमा भारी मेसिन प्रयोग गर्न नहुने व्यवस्था छ । जिल्ला समन्वय समिति, रुकुमले ३ उपभोक्ता समितिमार्फत माटो, ढुङ्गा काट्ने काम मानिसबाट गर्ने गरी रु.९४ लाख ९३ हजारको लागत अनुमान तयार गरी सोही आधारमा भुक्तानी गरेको छ । निर्माण स्थलको निरीक्षण गर्दा उक्त कार्यमा भारी मेसिन प्रयोग गरेको देखिँदा मेसिनबाट गराउँदा लाग्ने रु.१९ लाख ४४ हजार मात्र भुक्तानी गर्नुपर्नेमा रु.९४ लाख ९३ हजार भुक्तानी गरेबाट रु.७५ लाख ४९ हजार थप व्ययभार पर्न गएको छ । थप व्ययभार पार्ने कर्मचारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

जिल्ला समन्वय समिति तनहुँले ६ उपभोक्ता समितिमार्फत रु.४४ लाख ६ हजारको काममा हेभी मेसिन प्रयोग गरी रु.३५ लाख ८३ हजार भुक्तानी दिएको देखियो । जिल्ला समन्वय समिति, मनाङले ७ योजनाको लागि यन्त्र उपकरण प्रयोग गरी रु.३३ लाख ८८ हजारको कार्य गराएको देखियो । कानुनी व्यवस्था बमोजिम कार्य गराउन सम्बन्धित कर्मचारी तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०.४. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख एवं मर्मत सम्भार गर्ने जिम्मेवारीसमेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, मनाङसमेत ६ जिल्लामा उपभोक्ता समितिमार्फत २ हजार ७४ योजना सम्पन्न भई रु.२ अर्ब ४ करोड २७ लाख ४७ हजार खर्च भएको छ । तर ती योजना उपभोक्ता समितिलाई हस्तान्तरण गरेको छैन । सम्पन्न भएका योजना सम्बन्धित उपभोक्ता समितिलाई नियमानुसार हस्तान्तरण गर्नुपर्दछ ।

उपभोक्ता समितिहरुलाई रोजगारी सिर्जना गर्न श्रमप्रधान कार्य गराउने नियमको पालना नगरी भारी मेसिनहरु (डोजर रोलर आदि) भाडामा लिई निर्माण कार्य गर्ने गराउने, प्राविधिक दृष्टिले जटिल प्रकृतिका कार्य गर्ने, सम्पन्न योजना हस्तान्तरण नगर्ने, तोकिएको समयमा कार्य सम्पन्न नगर्ने जस्ता क्रियाकलापमा सुधार गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम

ग्रामीण क्षेत्रमा यातायातको पहुँच पुऱ्याउने उद्देश्यले नेपाल सरकारको रु.७ अर्ब ४० करोड ८८ लाख तथा विश्व बैङ्कको ऋण रु.२ अर्ब ७५ करोड २८ लाख र अनुदान सहयोग रु.७ अर्ब ७४ करोड ७ लाख को लागतमा २४ मार्च २०१४ देखि ५ वर्षका लागि यो कार्यक्रम ३६ जिल्लामा सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत सञ्चालित योजनाको लागत, सञ्चालत स्थिति र दिगोपना सम्बन्धमा गरिएको कार्यमूलक लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहायबमोजिम रहेका छन् :

२१. **वित्तीय एवं भौतिक प्रगति** – कार्यक्रमको मुख्य लक्ष्य ग्रामीण सडकको नियमित मर्मत सम्भार ५ हजार ५०० किलोमिटरमध्ये ५ हजार २२८ किलोमिटर (९५ प्रतिशत), आवधिक मर्मत सम्भार १ हजार ५०० किलोमिटरमध्ये २५९ किलोमिटर (१७ प्रतिशत), सडक स्तरोन्नति कार्य १ हजार ४०० किलोमिटरमध्ये १८८ किलोमिटर (१३ प्रतिशत) र पुल पुलेसा निर्माण १ हजार ५०० मिटरमध्ये २७५ मिटर (१८ प्रतिशत) प्रगति भएको छ । यस कार्यक्रमको कुल बजेट रु १७ अर्ब २३ करोड ४८ लाखमध्ये २०७४।७५ को प्रथम चौमासिकसम्म रु ७ अर्ब १५ करोड ६८ लाख (४१.५ प्रतिशत) खर्च भएको छ । हालसम्म १५० योजना सञ्चालनमा रहेकोमा ६० योजनाको ८५ प्रतिशतभन्दा बढी प्रगति भएको र ६ योजनामा ५ प्रतिशतभन्दा कम प्रगति भएको छ । धनुषाको एक योजना शुरु नै भएको छैन । त्यसैगरी २३ योजनाको प्रगति ५० प्रतिशतभन्दा कम देखिएको छ । शुरु सम्झौता अवधिपश्चातको म्याद थपसमेत समाप्त भैसकेका २८ योजनाको प्रगति न्यून भई कार्यक्रमको समग्र प्रगतिमा असर परेको छ । तोकिएबमोजिम समयमै कार्य सम्पन्न गर्न गराउन सम्बन्धित सबैलाई जिम्मेवार बनाउनुपर्दछ ।

तालिका नं. १

भौतिक प्रगति											
		पूर्वी क्षेत्र			पश्चिम क्षेत्र			जम्मा		
सि न	प्रतिशत	योजना	पूल	सडक	योजना	पूल	सडक	सडक	पूल	योजना
१	८५ प्रतिशत भन्दा बढी	१६	२	१४	४४	१०	३४	४८	१२	६०
२	५० देखि ८५ सम्म	२१	२	१९	२५	७	१८	३७	९	४६
३	२५ देखि ५० सम्म	१२	०	१२	११	०	११	२३	०	२३
४	५ देखि २५ सम्म	१३	२	११	२	१	१	१२	३	१५
५	५ प्रतिशतभन्दा कम	४	२	२	२	०	२	४	२	६
	जम्मा	६६	८	५८	८४	१८	६६	१२४	२६	१५०

२२. **म्याद थप** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ (२) मा काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि बढाउनुपर्ने भएमा अधिकार प्राप्त अधिकारीले बढाउनसक्ने व्यवस्था छ । कार्यक्रमअन्तर्गत २०७४ पौषसम्म पूर्वी क्षेत्रका ८४ योजनामध्ये शुरु म्यादभित्र १२ योजना सम्पन्न भएका छन् भने १ योजनामा कार्यसञ्चालन पेस्की गएको छ । यस्तै पश्चिम क्षेत्रका ६६ योजनामध्ये शुरु म्यादभित्र ७ योजना सम्पन्न भएका र ३ योजनामा कार्यसञ्चालन पेस्की दिएको छ । म्याद थप भएकामध्ये ४३ योजना सम्पन्न भई त्रुटि सच्याउने अवधिमा रहेका र १०७ योजना सञ्चालनमा रहेको देखिन्छ । कार्यतालिकाबमोजिम योजना सम्पन्न गर्न सम्बन्धित सबैलाई जिम्मेवार बनाउनुपर्दछ ।

तालिका नं. २

म्याद थपको अवस्था			
सि न	प्रतिशत	पूर्वी क्षेत्र	पश्चिम क्षेत्र
१	४ पटकसम्म म्याद थप	०	१
२	३ पटकसम्म म्याद थप	४	२
३	२ पटकसम्म म्याद थप	१४	११
४	१ पटकसम्म म्याद थप	३६	२२
५	म्याद थप नभएका	३०	३०
	जम्मा	८४	६६

२३. **प्रतिस्पर्धा र कार्यप्रगति** – सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम पारदर्शी र प्रतिस्पर्धात्मक तरिकाले सार्वजनिक खरिद गर्नुपर्ने व्यवस्था छ । कार्यक्रमअन्तर्गत खरिद व्यवस्थापन गरेका १५० योजनामध्ये लागत अनुमानको तुलनामा ५ प्रतिशतभन्दा कममा सम्झौता भएका योजना २५ रहेकोमा १४ सम्पन्न भैसकेका छन् । कार्यप्रगति सन्तोषजनक भएका योजना ३ र सन्तोषजनक नभएका योजना ८ रहेका छन् । लागत अनुमानको तुलनामा २५ प्रतिशतभन्दा घटीमा सम्झौता भएका ३१ योजनामध्ये ९

सम्पन्न भैसकेका, १८ को कार्यप्रगति सन्तोषजनक नभएको र ४ को प्रगति सन्तोषजनक रहेको छ । प्रगति अवस्था शून्य रहेका ३ र ५ प्रतिशतभन्दा कम रहेका ३ योजनामा न्यून प्रतिस्पर्धा भए तापनि कामको प्रगतिमा सकारात्मक प्रभाव छैन । निर्माण व्यवसायीले कार्यतालिकाबमोजिम कार्य सम्पादन नगरेको र आयोजना तथा जिल्ला प्राविधिक कार्यालयहरुले प्रभावकारी नियमन र व्यवस्थापन गर्न सकेको देखिएन । खरिद सम्झौताको कार्यान्वयनमा सम्बन्धित पक्षहरु जिम्मेवार बन्नुपर्दछ ।

२४. **कार्यसञ्चालन र संरचना** – आयोजना सञ्चालन गर्नका लागि कामको प्रकृति र क्षेत्र बमोजिमको संगठन संरचना तथा उपयुक्त कार्यसञ्चालन पद्धति अवलम्बन गर्नुपर्दछ । यो कार्यक्रम सञ्चालन गर्न काठमाडौंमा केन्द्रीय समन्वय इकाई, हेटौंडा र बुटवलमा आयोजना व्यवस्थापन कार्यालय स्थापना गरी ३६ जिल्लालाई पूर्वी तथा पश्चिम क्षेत्र विभाजन गरी जिल्ला प्राविधिक कार्यालयमार्फत कार्य सञ्चालन गरेको छ । विस्तृत आयोजना प्रतिवेदन स्वीकृति, म्याद थप, अनुगमन, मूल्याङ्कन, भेरिएसन लगायतका खरिद व्यवस्थापन सम्बन्धि कार्य गर्न धेरै तहका कार्यालय क्रियाशील रहेका छन् । साविकमा स्थानीय विकास अधिकारीबाट विभागीयस्तरको निर्णय हुने गरेकोमा स्थानीय तहको निर्वाचनपछि सोही प्रकृतिको निर्णय स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागबाट हुने गरेको छ । जिल्लास्तरमा सञ्चालन हुने योजनाका लागि २ तहभन्दा बढी हुने गरी कार्यसञ्चालन पद्धति अवलम्बन गरेको अवस्थामा सुधार हुनुपर्दछ । साथै आयोजनाका परामर्शदाता बाहेक ३६ जिल्ला प्राविधिक कार्यालयका जनशक्तिसमेत संलग्न रहने अवस्थामा अतिरिक्त कार्यबोझ परेको छ । समान प्रकृति र स्तरमा कार्य गर्ने परामर्शदाताको सेवा सुविधासँग निजामती कर्मचारीको तादाम्यता नहुँदा समन्वयमा समस्या देखिएको छ । कार्यक्रमले जिल्ला प्राविधिक कार्यालयका कर्मचारीको उपयोग गर्दा स्पष्ट कार्य विवरण उपलब्ध गराउनु जरुरी देखिएको छ ।

२५. **जनशक्ति परिचालन** – कार्यक्रमको उद्देश्य हासिल गर्नका लागि कार्य प्रकृति एवं कार्यबोझ अनुरुप दक्ष जनशक्ति व्यवस्था गर्नुपर्दछ । तालिम, अभिमुखीकरणद्वारा उपलब्ध जनशक्तिको दक्षता अभिवृद्धि गरी सम्बन्धित क्षेत्रमा परिचालन गर्नुपर्दछ । कार्यक्रमका लागि केन्द्रीय आयोजना समन्वय इकाईले केन्द्रीय समन्वय इकाई, आयोजना व्यवस्थापन इकाई र ३६ जिल्ला प्राविधिक कार्यालय मार्फत सञ्चालित योजनाका लागि खटाएको छ । उक्त कार्यमा जिल्ला प्राविधिक कार्यालयमा कार्यरत जनशक्ति समेत संलग्नता रहने व्यवस्था गरेकोले १ जिल्लामा प्राविधिक पक्ष हेर्न २ जना, सामाजिक र वातावरणीय पक्ष हेर्न १/१ समेत रहने गरी ४ जनाको दरले परामर्शदाता परिचालन गरेको छ । ग्राभेल सडकको आवधिक मर्मत, स्तरोन्नति र पुल निर्माणसँग सम्बन्धित योजनाका आधारमा योजनाको निर्माण कार्य नै शुरुवात नभएका सिन्धुपाल्चोक, गोरखा र लमजुङ्ग, १/१ योजना रहेका तेह्रथुम र रसुवा, २/२ योजना रहेका संखुवासभा, मकवानपुर, धादिङ्ग, प्यूठान, बाँके र कैलाली, ८ योजना रहेको दाङ्ग, १८ योजना रहेको धनुषा र ३ देखि ७ योजना रहेका २३ जिल्लामा समान ४/४ जनाको दरले परामर्शदाता खटाएको छ । कार्यबोझको आधारमा परामर्शदाता खटाई जनशक्तिलाई नतिजाउन्मुख हुने गरी कार्यक्षेत्र प्रदान गर्नुपर्दछ ।

२६. **पूर्वनिर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा १२१ (क) मा निर्माण व्यवसायीको ढिलाईको कारणले तोकिएको म्यादमा निर्माण कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । खरिद सम्झौताअनुसार हालसम्म २१ जिल्लाका ४५ योजनामा रु १३ करोड ४६ लाख ८३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति लिने निर्णय भएको देखिन्छ । यसरी निर्णय भएको पूर्वनिर्धारित क्षतिपूर्ति रकम सञ्चित कोष दाखिला हुनुपर्नेमा ११ जिल्लाले रु ७ करोड ८८ लाख ४२ हजार सञ्चित कोष दाखिला गरेको, ६ जिल्लाले रु.५६ लाख ९५ हजार धरौटीमा राखेको तथा ७ जिल्लाले रु.४ करोड ३७ लाख ३५ हजार भुक्तानी रोक्का राखेका छन् । यसरी रोक्का राखेकोमध्ये ४ जिल्लाले रु.२ करोड ७५ लाख ७२ हजार सम्बन्धित व्यवसायीलाई फिर्ता र मूल्य समायोजन गरेका छन् ।

व्यवसायीले समयमा कार्यसम्पादन गर्न नसकेको कारणबाट भुक्तान गर्नुपर्ने पूर्वनिर्धारित क्षतिपूर्ति रकम बिलमा रोकिराख्ने कार्य नियमसम्मत नदेखिएको, कार्यक्रम अन्तर्गत पूर्व निर्धारित क्षतिपूर्ति रकमलाई दाखिला गर्ने विषयमा द्विविधा तथा फरक प्रवृति रहेको, शुरु सम्झौतामा तोकिएको कार्यावधिमा म्याद थप नभएको अवस्थामा क्षतिपूर्ति रकममा समेत रु २ करोड ७५ लाख ७२ हजार मूल्य समायोजन गरी अन्तिम भुक्तानी भएको तथा नेपाल सरकारले समयमै राजस्व प्राप्त नगरेको देखिएको छ । सम्झौतामा माइलस्टोन बमोजिम गर्नुपर्ने कार्यका लागि विस्तृत विवरण नराखी कार्य भएको प्रतिशतमात्र खुलाएको आधारमा हर्जाना

असूल गर्ने वा नगर्ने व्यवस्थाले सार्वजनिक निर्माणको खरिद व्यवस्थापनमा अन्योल देखिएको छ । भूकम्प, सीमा अवरोध तथा मधेश आन्दोलनका कारण नेपाल सरकारले सहुलियत दिएको अवधिमा ध्यान दिई अन्य जुनकुनै तरिकाले हर्जानाको निर्णय भएको रकम सञ्चित कोष दाखिला गरी सम्झौताको कार्यान्वयनमा कार्यक्रमले तदारुकता देखाउनुपर्दछ ।

२७. **योजना छनौट** – ग्रामीण सडकलाई दिगो, भरपर्दो र बाह्रै महिना सञ्चालनयोग्य बनाउनका लागि लागत अनुमान तयार गर्ने समय तथा सम्झौता भइसकेपछि कार्यालय र व्यवसायीको संयुक्त सर्भेको समयमा नै अवस्था पहिचान गरी वास्तविक लागतको निकटतम बजेट व्यवस्था गर्नुपर्नेमा कार्यक्रमअन्तर्गत सञ्चालित १५० योजनामध्ये ४९ योजनामा भेरिएसन भैसकेको र थप योजनामा भेरिएसनका लागि प्रक्रियामा रहेको देखिएको छ । कुल सञ्चालित योजनामध्ये ३२.६७ प्रतिशत योजनामा भेरिएसन हुनु, १० प्रतिशतभन्दा बढी थप लागत लाग्ने गरी भेरिएसन भएका योजना संख्या १३ पुगिसकेको देखिन्छ । आयोजना छनौट र लागत अनुमान पद्धति निश्चित मापदण्ड, स्थानीय आवश्यकता र वस्तुगत अवस्थामा आधारित नबनाई स-साना वा धेरै योजना छनौट गरेको, राजनैतिक आग्रह र सन्तुलनका लागि योजना छनौट भएको देखिन्छ । योजनाको शुरु लागतमा बजेट सीमितताका नाममा आयोजना व्यवस्थापन इकाई, केन्द्रीय आयोजना समन्वय इकाई, परामर्शदाता र दाताका विषय विज्ञहरुबाट लागत कटौती गर्दा कार्यान्वयन चरणमा अधिक भेरिएसन हुने अवस्था सिर्जना भएको देखिन्छ । जिल्ला प्राविधिक कार्यालय ३६ बाट प्राप्त प्रश्नावलीको विश्लेषण तथा १० स्थानका अन्तरक्रिया कार्यक्रमका सहभागीबाट व्यक्त धारणाबाट समेत यसको पुष्टि भएको छ । कार्यक्रमको लागि करिब २०० प्राविधिक जनशक्ति संलग्न रहेको तथा योजनाको शुरुवातदेखि अनुगमन र मूल्याङ्कनमा विश्व बैङ्क, राष्ट्रिय सतर्कता केन्द्र, केन्द्रीय आयोजना समन्वय इकाई एवं २ आयोजना व्यवस्थापन इकाईको प्रत्यक्ष संलग्नता रहेको छ । उल्लिखित तथ्यहरुले कार्यक्रमको प्रक्रिया र कार्यशैलीमा परिमार्जनको आवश्यकता देखिएको छ ।

२८. **शोधभर्ना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(१) बमोजिम स्रोतगत खर्च भएको रकम शोधभर्ना लिनुपर्ने व्यवस्था छ । यो कार्यक्रममा २०७४।७५ को प्रथम चौमासिकसम्म विश्व बैङ्क (अन्तर्राष्ट्रिय विकास संस्था) को स्रोतबाट शोधभर्ना हुनेगरी अनुदानबाट रु.४ अर्ब ९९ लाख खर्च गरेकोमा रु.१ अर्ब ६८ करोड ८ लाख र ऋणतर्फ रु.२९ करोड ५८ लाख समेत जम्मा रु.१ अर्ब ९६ करोड ६६ लाख सोधभर्ना हुन बाँकी रहेको छ ।

२९. **ओटासिल प्रविधि** – सडक कालोपत्रे, मर्मत र स्याण्डसिल गर्न ६७ योजनामा ओटासिल प्रविधि प्रयोग गर्ने गरी रु.६ अर्ब २० करोड ६५ लाखको सम्झौता गरेकोमा भेरिएसनपछि सम्झौता रकममा रु.१८ करोड ४३ लाख थप भई रु.६ अर्ब ३९ करोड ८ लाख पुगेको छ । ओटासिल प्रविधिले अपेक्षित नतिजा दिन नसक्ने अवस्था भएका मकवानपुरको कुलेखानी फाखेल हुमानेभञ्ज्याङ्ग सडकमा सवारी चाप नियन्त्रण हुन सक्ने अवस्था नरहेका कारण त्रुटि सच्याउने अवधिमा निर्माण व्यवसायीले त्रुटि सच्याए तापनि सडकको दुरवस्था यथावत रहेको, अत्यधिक वर्षा तथा हिमपात हुने मकवानपुरको दामन डाँडाबास बैकुण्ठ खैराङ्ग काकडा सडक, अत्यधिक वर्षा हुने एवं सवारी चाप बढी हुने कास्कीको सराङ्गकोट नौडाडा कास्कीकोट सडक, अत्यधिक वर्षा र ओसिलो भूगोल भएको पाल्पाको हार्थोक छहरा टिंग्रे सडक, अत्यधिक नदीजन्य सामाग्री ढुवानी हुने कपिलवस्तुको सिवलवा लबनी एमआरएम सडक, अत्यधिक सवारी साधन चल्ने नवलपरासीको दलदले मुन्दे सडक, सवारी चाप, ग्रेड र घुम्ती धेरै भएको तनहुँको दुलेगौडा साँखे राईपुर लगायत सडकमा ओटासिल प्रविधिको प्रयोग भएको छ । लागत अनुमान तथा ठेक्का व्यवस्थापनको समयमा सि.आर.एम लेयरको मोटाई १० सेन्टिमिटर कायम गरेकोमा योजना कार्यान्वयन अवधिमा केही सडकमा १५ सेन्टिमिटर कायम गरी तथा अति भिरालो र घुम्तीमा डबल ओटासिल गर्ने गरी भेरिएसन आदेश जारी गरेको अवस्था छ ।

विगतमा ग्रामीण पहुँच सुधार कार्यक्रममा प्रयोग गरेको प्रविधिमा सि.आर.एम.लेयर र स्याण्ड सिल थप गरी प्रयोग गरे तापनि ओटासिल गरेको ४०-४५ दिनपछि मात्रै स्याण्डसिल गर्न सकिने, सम्झौता अवधि १५ महिनामध्ये ओटासिलका लागि आवश्यक न्यूनत्तम तापक्रम १७ डिग्री सेन्टिग्रेड भदौ-कार्तिक र फागुन-जेठको समयमा मात्र हुने, घुम्ती, ओसिलो एवं भिरालो भूगोल ओटासिलका लागी उपयुक्त नहुने, सर्फेस कार्य समाप्त भएको १९ दिनपछि पानी नपरेको अवस्थामामात्र ओटासिल गर्न सकिने, सडकमा सवारी चापको अवस्था लगायतका विषयमा पर्याप्त विश्लेषण नगरी ओटासिल प्रविधि प्रयोगमा ल्याएको छ । प्रयोग गरेको प्रविधिबाट उच्च नतिजा प्राप्त गर्ने गरी आधारभूत मापदण्ड बमोजिमका कार्य सम्पन्न हुने व्यवस्था गर्नुपर्दछ ।

३०. **स्थलगत अवलोकन** – कार्यक्रम अन्तर्गत सञ्चालित योजनाको स्थलगत अवलोकन गर्दा देखिएका व्यहोरा निम्नानुसार छन् :

३०.१. नवलपरासी स्थित दलदले मुन्दे कुम्सेट सडकको मुन्दे कुम्सेट खण्डमा ओटासिल कार्यका लागि २०१५ सेप्टेम्बर २४ मा एक निर्माण व्यवसायीसँग रु ६ करोड ९६ लाखमा सम्झौता भएकोमा तेस्रो पटक म्याद थप गरी भई २०१७ डिसेम्बर १८ सम्म कार्य सम्पन्न गर्नुपर्ने भएतापनि हालसम्म सम्पन्न भएको छैन । योजनास्थलमा कार्य सञ्चालन भैरहेको, उच्च ग्रेड र पहिरोको समस्या रहेको, बन क्षेत्रमा जमिन ओसिलो भई ओटासिल गर्न समस्या हुने देखिएको छ । कार्य सञ्चालन गर्ने क्रममा संरचनालाई बाढीले असर गरेका कारण बीमा दावीको प्रक्रिया लम्बिई समस्या सिर्जना भएतापनि २०७५ वैशाखसम्म सम्पन्न हुने जिल्ला प्राविधिक कार्यालयले जनाएको छ । व्यवसायीले सि.आर.एम साइटमा संकलन गर्न नसकेको लगायतका कारणले पूर्व निर्धारित क्षतिपूर्ती लिने निर्णय भई रनिङ्ग बिलबाट रु.९ लाख ३९ हजार कट्टी गरी राखेको यस योजनाको म्याद थपका लागि आयोजना समन्वय इकाईमा पठाइएको कार्यालयले जनाएको छ । रनिङ्ग बिलबाट कट्टी गरेको रकम राजस्व दाखिला गर्नुपर्दछ ।

३०.२. चिलाङ्गदी चापपानी राम्दी सडक, पाल्पामा ओटासिल कार्यका लागि सन् २०१६ सेप्टेम्बर २० मा एक संयुक्त उपक्रमसँग रु ७ करोड ५१ लाखमा सम्झौता भएकोमा पहिलो पटक म्याद थप भई सन् २०१७ डिसेम्बर २० सम्म कार्य सम्पन्न गर्नुपर्ने भए तापनि सडक संरचनाहरु तयार हुने अवस्थामा पुगेको र ग्राभेलीङ्ग, नाली निर्माण लगायत ओटासिल गर्ने कार्य बाँकी नै रहेको छ । उक्त योजना रणनैतिक सडकमा पर्ने र स्थानीयको घरलाई प्रत्यक्ष असर परेको, ग्रेड अत्यन्तै उच्च रहेको तथा सडक निर्माणको क्रममा फालेको माटोले रुख विरुवालाई निकै असर परेको देखिएको छ । धुलो र धुवाको कारण सास्ती व्यहार्नु परेकोले स्थानीयले समयमै ओटासील गर्नुपर्ने बताएका छन् । खरिद सम्झौता भएपछि ४ महिनासम्म निर्माण व्यवसायी सम्पर्कमा नआएको लगायतका कारणले कार्यतालिकाबमोजिम कार्य नभएकोले पुर्व निर्धारित क्षतिपूर्ति रु.११ लाख लिने निर्णयले बिलबाट कट्टी गरे तापनि सञ्चितकोष दाखिला गरेको छैन । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

३०.३. बाँसटारी झडेवा गोठादी सडक, पाल्पामा ओटासिल कार्यका लागि २०१५ सेप्टेम्बर १५ मा एक संयुक्त उपक्रमसँग रु ९ करोड २४ लाखमा सम्झौता भएकोमा तेस्रो पटक म्याद थप भई २०१७ नोभेम्बर २८ सम्म कार्य सम्पन्न गर्नुपर्ने भए तापनि सडक संरचनाहरु निर्माण कार्य भइरहेको, पहिरोका कारण योजनामा असर परेको, न्यून संख्यामा कामदार राखी काम भैरहेको, आधा खण्डसम्म ओटासिल राखी तथा स्याण्डसिल गर्न बाँकी रहेको, टिक ड्रेनको केही भाग भत्किसकेको तथा निर्माण कार्य बाँकी नै रहेको देखिएको छ । पहिरो तथा ओसिलो भूगोलका कारण ओटासील प्रविधिबाट कालोपत्रे गर्ने कार्य प्रभावकारी हुने नदेखिएकोले स्थानीय भूगोल र अवस्थालाई ध्यान दिई राज्यको स्रोत, साधन र समय खेर नजाने गरी काम गर्नुपर्ने देखिएको छ ।

३०.४. टिक्कर बुढी विजगौरी सडक, कपिलवस्तुमा ओटासिल कार्यका लागि सन् २०१५ सेप्टेम्बर २४ मा एक निर्माण व्यवसायीसँग रु.६ करोड २६ लाखमा सम्झौता भएकोमा दोस्रो पटक म्याद थप भई २०१७ अक्टोवर २४ सम्म कार्य सम्पन्न गर्नुपर्ने भएतापनि हालसम्म सम्पन्न भएको छैन । हालसम्म रु ४ करोड २४ लाख भुक्तानी भईसकेको छ । बक्स कल्भर्ट र नालीको काम अनावश्यक देखिएको र ८६ प्रतिशतभन्दा बढी कार्य सम्पन्न भैसकेका र थप काम गर्न नसक्ने उल्लेख गरी नियमानुसार लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति तिर्न स्वीकार गरी निर्माण व्यवसायीले निवेदन दिएको छ । योजना फरफारक गर्ने सम्बन्धमा जिल्ला प्राविधिक कार्यालय, आयोजना व्यवस्थापन इकाई र केन्द्रीय आयोजना समन्वय इकाईबीच फरक फरक धारणा रहको देखिएकोले कानूनबमोजिम टुङ्गो लगाउनुपर्दछ ।

३०.५. वालिङ्ग हुवास ग्रामीण सडक, स्याङ्गजामा ओटासिल कार्यका लागि २०१४ मे २६ मा एक निर्माण व्यवसायीसँग रु.५ करोड ९८ लाखमा सम्झौता भएकोमा भेरिएसनबाट सम्झौता रकम रु.६ करोड ५४ लाख कायम भई रु.६ करोड ४३ लाख भुक्तानी भई कार्यसम्पन्न भएको छ । उच्च ग्रेड र सवारी चाप धेरै रहेको यस सडकको २ किलोमिटरभन्दा बढी खण्डमा पहिरोले असर गरी ओटासील बिग्रेको, ३ स्थानमा पानीको कारण ओटासिल बिग्रेको, शाखा सडक लैजाने क्रममा केही खण्डमा ओटासील बिग्रेको तथा पहिरोको जोखिम उच्च देखिएको छ । उक्त निर्माण कार्य त्रुटि सच्याउने अवधिमा रहेको देखिएकोले सम्झौता बमोजिम निर्माण व्यवसायीबाट त्रुटि सच्याउन कार्यालय र सम्बन्धित इकाई जिम्मेवार बन्नुपर्दछ ।

३०.६. बाँडखोला टक्सार दुलेगौँडा ग्रामीण सडक, स्याङ्गजामा ओटासिल कार्यका लागि २०१४ मे २८ मा एक संयुक्त उपक्रमसँग रु.७ करोड ६३ लाखमा सम्झौता भएकोमा भेरिएसनबाट सम्झौता रकम रु.८ करोड ३९ लाख कायम भई रु.७ करोड ९० लाख भुक्तानी भई कार्यसम्पन्न भएको छ । अत्यधिक घुम्ती र उच्च ग्रेड रहेको यस सडकको केही स्थानमा पहिरो खसी नालीमा असर परेको, ओटासिलको क्रममा राखेका गिट्टी सफा नगरेको, कजवे वा ह्यूमपाइप अधिकांश राख्नुपर्ने स्थानमा ड्राइ स्टोन कजवे राखेका कारण योजना तयारीमा पर्याप्त ध्यान दिएको देखिएन । उक्त निर्माण कार्य अवधिमा रहेकोले सम्झौताबमोजिम व्यवसायीबाट त्रुटि सच्याउन कार्यालय र सम्बन्धित इकाई जिम्मेवार बन्नुपर्दछ ।

३०.७. भिमाद भिरकोट सडक, तनहुँमा ओटासिल कार्यका लागि २०१५ जुन १५ मा एक निर्माण व्यवसायीसँग रु.१० करोड ३७ लाखमा सम्झौता भएकोमा तेस्रो पटकसम्म ३५४ दिन म्याद थप भई २०१७ सेप्टेम्बर २० सम्म कार्य सम्पन्न गर्नुपर्ने भए तापनि भौतिक प्रगति ३२ प्रतिशतमात्र देखिएको छ । कार्य प्रगति सुस्त रहेकोले योजना समयमै सम्पन्न गर्नका लागि जिल्ला प्राविधिक कार्यालय, आयोजना समन्वय तथा व्यवस्थापन इकाई जिम्मेवार बन्नुपर्दछ ।

३०.८. सातमुहाने रुपाकोट थुम्की सडक, कास्कीमा ओटासिल कार्यका लागि २०१६ सेप्टेम्बर ६ मा एक निर्माण व्यवसायीसँग रु.११ करोड ९२ लाखमा सम्झौता भएकोमा प्रथम पटक म्याद थप भई सन् २०१७ डिसेम्बर ५ सम्म कार्य सम्पन्न गर्नुपर्ने भए तापनि भौतिक प्रगति ३० प्रतिशतमात्र देखिएको छ । सडक अत्यधिक घुम्ती र उच्च ग्रेडको रहेको, अधिकांश स्थानमा नाली विग्रिसकेको, धुलो र निर्माण सामाग्रीमा समस्या देखिएको तथा धुलोका कारण स्थानीय होटलमा पर्यटकको आगमनमा समेत असर परेको देखिएको छ । योजना सम्पन्न गर्नका लागि जिल्ला प्राविधिक कार्यालय र सम्बन्धित इकाई जिम्मेवार बन्नुपर्दछ ।

३०.९. कास्की जिल्ला स्थित आपुँखोलामा मोटरेबल पुल निर्माण गर्न २०१६ फेब्रुअरी १५ मा एक संयुक्त उपक्रमसँग रु.२ करोड ३९ लाखमा सम्झौता भएकोमा दोस्रो पटक म्याद थप गरेपछि २०१८ मार्च १९ सम्म कार्य सम्पन्न गर्नुपर्नेमा विगत ३ महिनादेखि कार्य अवरुद्ध भएको देखियो । पुल निर्माणको क्रममा निकालेको माटोको व्यवस्थापन खोलाकै किनारमा गरेकोले बर्षातमा जोखिम बढाएको, डिजाइन परिवर्तनको कारण भेरिएसनको प्रक्रियामा रहेको कार्यालयले जनाएको छ । कार्य स्थगन भएको तथा कार्य सम्पन्न गर्नुपर्ने अवधिसमेत समाप्त हुने अवस्थामा समयमै योजना सम्पन्न गर्नका लागि जिल्ला प्राविधिक कार्यालय र सम्बन्धित इकाई जिम्मेवार बन्नुपर्दछ ।

३०.१०. कुलेखानी फाखेल हुमानेभञ्ज्याङ्ग सडक, मकवानपुरमा ओटासिल कार्यका लागि २०१५ नोभेम्बर १८ मा एक निर्माण व्यवसायीसँग रु.१२ करोड ५४ लाखमा सम्झौता भएकामा तेस्रो पटक म्याद थप भई निर्माण कार्य सम्पन्न भएको छ । सडकमा ओटासिल तथा केही स्थानमा पहिरो र सडक संरचनामा समस्या देखिएको छ । ओटासिल कार्यमा समस्या देखिएपछि निर्माण व्यवसायीबाट आंशिक रुपमा त्रुटि सच्याए पनि सन्तोषजनक स्थिति देखिएन । योजना सम्पन्न गर्ने क्रममा थप रु.१ करोड ५२ लाख लागतमा केही स्थानमा डबल ओटासील तथा प्रिमिक्स प्रविधिबाट कालोपत्रे गरेकोले हाल अवस्था सामान्य देखिएको छ । यस सडकमा अत्यधिक सवारी चाप रहेको र पहिरोको कारण ओटासिल विग्रेको देखिन्छ । अत्यधिक सवारी चाप रहेको सडकमा ओटासिल प्रविधिबाट कालोपत्रे गरेकोमा निर्माण व्यवसायीले त्रुटि सच्याए पनि समस्याको समाधान हुने देखिदैन । योजना सञ्चालन हुने भूगोल र सवारी चापको अनुमान नगरी योजना सञ्चालन गर्ने कार्यमा सुधार हुनुपर्ने योजना तयारीको समयमा पर्याप्त ध्यान दिनुपर्दछ ।

३१. **सुधारका क्षेत्रहरु** – विस्तृत आयोजना सर्वेक्षणमा लागतभन्दा आवश्यक पूर्वाधारलाई बढी ध्यान दिनुपर्ने, कार्यस्थलमा आइपर्ने अवरोध तथा द्विविधाका सम्बन्धमा समयमै स्पष्ट निर्देशन दिनुपर्ने, स्थानीय जलवायुको अवस्था तथा भूगोल सम्बन्धमा वृहत अध्ययन गरी उपयुक्त प्रविधिको चयन गर्नुपर्ने, सवारी संख्याको चापलाई ध्यान दिई प्रविधि र संरचना निश्चित गर्नुपर्ने, स्थानीय आवश्यकता अनुसार डिजाइन पुनरावलोकन गर्नुपर्ने तथा सडक निर्माण गर्ने निकायबीच क्षेत्राधिकार स्पष्ट गरी योजना शुरु गर्नुपर्ने, प्राविधिक जनशक्तिलाई ओटासिल प्रविधिको प्रयोग विधि सम्बन्धमा पर्याप्त तालिम उपलब्ध गराउनुपर्ने देखिएको छ । ओटासिल प्रविधिबाट गरेको कालोपत्रे सम्बन्धमा अधिकांश स्थानमा समस्या देखिएकोले लागतको तुलनामा अपेक्षित लाभ लिन सक्ने अवस्था रहँदैन । प्रविधिको प्रयोगबाट उच्च नतिजा र प्रभावकारी उपयोगका लागि आधारभूत मापदण्ड पूरा हुने अवस्थामा मात्र ओटासिल प्रविधिको प्रयोग गर्नुपर्दछ ।

जिल्ला समन्वय समितिहरु

स्थानीय तहमा सञ्चालन हुने पूर्वाधार निर्माण, सुधार एवं सामाजिक सेवा सञ्चालनका लागि मन्त्रालय मातहत गठन भएका ७५ जिल्ला विकास समितिको कार्यालय २०७३।११।२८ देखि जिल्ला समन्वय समितिमा रुपान्तरण भएका छन् । यो वर्ष ७५ जिल्ला समन्वय समितिअन्तर्गत रु.२ खर्ब १४ अर्ब २२ करोड ३१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो सम्बन्धमा देखिएका मुख्य व्यहोरा निम्नानुसार छन्:

३२. **गत वर्षको जिम्मेवारी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४३(५) अनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम आगामी वर्ष जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय प्यूठान, संखुवासभा, बैतडी र सल्यानले कोषतर्फ गत वर्षको मौज्दातभन्दा रु.१ करोड ३१ लाख ५६ हजार घटी तथा जिल्ला समन्वय समितिको कार्यालय ताप्लेजुङ, धनकुटा र ओखलढुङ्गाले रु.४५ लाख ९२ हजार बढी जिम्मेवारी सारेका छन् । घटी/बढी जिम्मेवारी सारेको सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

३३. **बैङ्क समायोजन** - जिल्ला समन्वय समितिको कार्यालय, दाङ, काठमाडौं, धनुषासमेत १८ ले स्रेस्तामाभन्दा बैङ्कमा रु.१ अर्ब ६ करोड ६० लाख बढी तथा भोजपुर, संखुवासभा, म्याग्दीसमेत ६ ले रु.३ करोड ९६ लाख ८ हजार घटी देखाएकोमा बैङ्क समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुन सकेन । बैङ्क मौज्दात घटी/बढी देखिएको सम्बन्धमा छानबिन गरी टुङ्गो लगाउनु पर्दछ ।

३४. **आयोजना छनौट** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ११(२) मा आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकासअन्तर्गत विनियोजन भएको पूँजीगत अनुदानबाट रु.५ लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय बैतडी, धादिङ, अछामलगायत १० ले यो वर्ष पूँजीगत शीर्षकबाट रु.५ लाखभन्दा कम लागतका १ हजार ५६७ आयोजना छनौट गरी रु.२७ करोड ७६ लाख ५० हजार खर्च गरेकोले कार्यविधिको पालना भएको देखिएन । कार्यविधि पालना नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३५. **अधुरा योजना** - स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा कार्यालयले योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफलसमेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर, सर्लाही, डोटी लगायत १४ ले लागत अनुमान रु.१ अर्ब ४० करोड २६ लाख भएका गत विगत वर्षदेखि सञ्चालित १०६ योजनामा यो वर्ष रु.३० करोड १४ लाख ६२ हजार खर्च गरेकोमा ती योजनाहरु सम्पन्न भएका छैनन् । शुरु म्याद समाप्त भई पटक पटक म्याद थप गर्दासमेत सम्पन्न नभएका उक्त आयोजना सम्पन्न गर्न कार्यालयले पर्याप्त ध्यान दिएको देखिएन । यस सम्बन्धमा तालुक कार्यालयले आवश्यक कारबाही गर्नुपर्दछ ।

३६. **ठेक्का स्वीकृति** - जिल्ला समन्वय समिति, सिरहाले गागन नदीमा पक्की पुल निर्माण गर्न रु.७ करोड ७३ लाख ३३ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेकोमा कार्यालयले स्वीकृत गरेकोभन्दा फरक स्पेसिफिकेसन सूचनामा प्रकाशित भएकोले मूल्याङ्कन आधार तयार गर्दा प्रतिस्पर्धा सीमित हुने गरी तोकेको छ । स्वीकृत स्पेसिफिकेसनभन्दा फरक सूचना र मूल्याङ्कन आधार फरक नहुने व्यवस्था गर्न ध्यानाकर्षण हुनुपर्दछ ।

३७. **असम्बन्धित कामको भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर, चितवन, उदयपुरसमेत १२ ले सडक तथा पुल निर्माण कार्यको सम्झौतामा मोटरसाइकल, ल्यापटप, गाडी भाडा र आदि निर्माण कार्यसँग असम्बन्धित कार्य समावेश गरी रु.२ करोड ३७ लाख २५ हजार बराबरको सम्झौता गरेकोले लागत बढेको छ । सोमध्ये रु.१ करोड ८ लाख ८७ हजार भुक्तानी भइसकेको र रु.२० लाख २८ हजार भुक्तानी गर्न बाँकी रहेको छ ।

लागत अनुमानमा असम्बन्धित खर्च समावेश र भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई खरिद सामान जिन्सी दाखिला गर्नुपर्दछ । सार्वजनिक लेखा समितिको २०६९।१।८ को निर्णय अनुसार यस प्रकारको खर्चमा नियन्त्रण गर्ने उल्लेख भए तापनि स्थिति यथावत् रहेको छ ।

३८. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायी, आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौताबमोजिम तोकिएको म्यादमा काम सम्पन्न हुन नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशतले पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय धनुषा, तनहुँ, पर्वत लगायत १६ ले सम्झौताबमोजिम तोकिएको मितिमा कार्य सम्पन्न नगरेकोमा उल्लिखित प्रावधानअनुसार २९ निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति रु.१ करोड ६६ लाख २४ हजार असुल गरेका छैनन् । पूर्वनिर्धारित क्षतिपूर्ति नलिई भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

३९. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, सप्तरी, नुवाकोट, बैतडी लगायत ११ ले सार्वजनिक निर्माण, परामर्श सेवा तथा सामान खरिदमा प्रतिस्पर्धा बेगर सोझै खरिद गरी रु.४ करोड १७ लाख ३४ हजार भुक्तानी गरेका छन् । नियमको पालना नगरी खरिद गर्ने गराउने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

४०. **बिल भरपाई बेगर खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । जिल्ला समन्वय समितिको कार्यालय बारा, धनुषा, सर्लाहीसमेत ७ ले बिल भरपाईभन्दा रु.३२ लाख ९४ हजार बढी खर्च लेखेको देखियो । सो रकम असुल गर्नुपर्दछ ।

जिल्ला समन्वय समितिको कार्यालय, काठमाडौं, संखुवासभा, काभ्रेपलाञ्चोक, डोल्पा लगायत ५१ ले यो वर्ष सञ्चालित योजना तथा कार्यक्रममा नापी किताब, टेष्ट रिपोर्ट, दाखिला प्रतिवेदन, कार्यसम्पादन प्रतिवेदन लगायत खर्चको बिल भरपाई नराखी रु.५ करोड ९ लाख २१ हजार भुक्तानी गरेका छन् । सार्वजनिक लेखा समितिको २०६९।१।१० को निर्णयअनुसार यस्तो खर्च सम्बन्धितबाट असुल एवं विभागीय कारबाही गर्न निर्देशन दिएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

४१. **चालु प्रकृतिका खर्च** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को बुँदा १३ मा जिल्ला विकास कोषको पूँजीगत रकमबाट कुनै पनि प्रकारको चालु प्रकृतिका खर्च, आर्थिक सहायता, चन्दा एवं पुरस्कार सम्बन्धी खर्च तथा सापटी ल्याई वा रकमान्तर गरी चालु शीर्षकमा खर्च गर्न नपाइने उल्लेख छ । पूँजीगततर्फको कार्यक्रमबाट जिल्ला समन्वय समितिको कार्यालय, धादिङ, रसुवा, ताप्लेजुङ लगायत ८ ले प्रशासनिक खर्च, आर्थिक सहायता, तालिम लगायत चालु प्रकृतिका कार्यमा रु.९८ लाख ९६ हजार खर्च लेखेकोले कार्यविधिको पालना भएको छैन । कार्यविधिको पालना गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४२. **कन्टिन्जेन्सी** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा जिल्ला विकास समितिले आफ्नो स्रोतबाट सञ्चालित वा अन्य निकायको कार्यक्रमलाई पूँजीगत लगानीको रकमबाट "क" "ख" र "ग" वर्गका जिल्लामा क्रमशः ५,४ र ३ प्रतिशत रकम छुट्याई कन्टिन्जेन्सी खर्च गर्नसक्ने व्यवस्था छ । यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय, कञ्चनपुर, कालिकोट, बैतडीलगायत ७ ले विभिन्न बजेट शीर्षकमा नियमले तोकेभन्दा रु.५९ लाख ८८ हजार बढी कन्टिन्जेन्सी खर्च लेखेका छन् । सार्वजनिक लेखा समितिले २०६९।१।१० मा यस्तो कार्य गर्नेलाई सचेत गराउने निर्णय गरेकोमा यसको पालना भएको छैन ।

४३. **प्रशासनिक खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही जिल्ला समन्वय समितिले आफूले आर्जन गरेको आन्तरिक आय रु.२५ लाखसम्म भए ६० प्रतिशत, रु.५० लाखसम्म भए ४० प्रतिशत र रु.१ करोडसम्म भए ३० प्रतिशत र रु.१ करोडभन्दा बढी आम्दानी गर्ने भए २५ प्रतिशत प्रशासनिक कामको लागि खर्च गर्न पाउने व्यवस्था छ ।

जिल्ला समन्वय समितिको कार्यालय, दाङ, धनुषा, कपिलवस्तुलगायत ३२ ले यो वर्ष आन्तरिक आयबाट तोकिएको सीमाभन्दा रु.२२ करोड ३६ लाख ५९ हजार बढी खर्च गरेका छन् । यस सम्बन्धमा २०६८।१२।१ मा सार्वजनिक लेखा समितिबाट बढी खर्च गर्नेलाई विभागीय कारबाही गर्ने निर्णय भए तापनि स्थिति यथावत् छ । कर्मचारीहलाई अतिरिक्त सुविधा, प्रोत्साहन भत्ता लगायतमा खर्च गरेका कारण प्रशासनिक खर्च बढी भएको छ । यसका केही उदाहरण देहायबमोजिम छन् :

४३.१. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६३ मा स्थानीय निकायमा कर्मचारीले आफ्नो धर्म, संस्कृति, परम्परा अनुसार मनाउने चाडपर्व खर्चको लागि आफूले खाइपाई आएको एक महिनाको तलब

बराबर प्रत्येक वर्ष चाडपर्व खर्च लिन पाउने व्यवस्था छ । सोही व्यवस्थाअनुसार जिल्ला समन्वय समितिको कार्यालय तनहुँले कोष, निजामती र जिल्ला प्राविधिक कार्यालयतर्फका सबै कर्मचारीलाई एकपटक चाडपर्व खर्च बापत भुक्तानी दिइसकेकोमा पुनः आवास, इन्धन, खाजा तथा परिवहन, परिषद् सञ्चालन बापत १ महिना बराबरको खर्च रु.६३ लाख ४६ हजार जिल्ला परिषद्को निर्णयानुसार खर्च लेखेकोले प्रशासनिक खर्च बढेको छ । यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

४३.२. सरकारी कर्मचारीले पाउने चाडपर्व खर्चको अतिरिक्त जिल्ला समन्वय समिति बाराले स्थानीय चाड पर्व र प्रोत्साहन भत्ता बापत रु.५२ लाख २८ हजार, सप्तरीले रु.५१ लाख ८८ हजार र पर्साले रु.२० लाख १८ हजारसमेत रु.१ करोड २४ लाख ३४ हजार थप सुविधा खर्च लेखेको छ ।

४३.३. स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ को अनुसूची-२६ मा जिल्ला समन्वय समितिलाई प्राप्त हुने राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्न नपाउने व्यवस्था भए तापनि जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, धनुषा, कालिकोट, रामेछाप र महोत्तरीले राजस्व बाँडफाँड बापत प्राप्त रु.४ करोड ३८ लाख ५५ हजार चालु खर्च खातामा ट्रान्सफर गरी खर्च गरेका छन् ।

नियममा भएको व्यवस्थाको पालना नगरी राजस्व बाँडफाँडबाट प्राप्त रकम प्रशासनिक कार्यमा खर्च गर्ने, कानुन विपरीत चाडपर्व खर्च, प्रोत्साहन भत्ता खर्च तथा अन्य सुविधा दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४३.४. जिल्ला समन्वय समितिको कार्यालय काभ्रेपलाञ्चोकले कार्यरत कर्मचारीको दैनिक भ्रमण भत्ताको सट्टामा उपलब्ध गराउँदै आएको फिल्ड तथा प्रोत्साहन भत्ता जिल्ला प्राविधिक कार्यालयका कर्मचारीसमेतलाई उपलब्ध गराउने निर्णय गरी रु.३४ लाख ३३ हजार भुक्तानी गरेको पाइयो । उक्त रकम भुक्तानी गरेपछि अनुगमन तथा भ्रमण भत्ता रकम भुक्तानी गर्न नमिल्नेमा अनुगमन भत्ता रु.११ लाख ३० हजार र दैनिक भ्रमण भत्ता रु.१५ लाख ६६ हजार भुक्तानी गरेको देखियो । फिल्ड तथा प्रोत्साहन भत्ता भुक्तानी भइसकेको अवस्थामा दैनिक भ्रमण तथा अनुगमन भत्ता भुक्तानी दिन नमिल्ने देखिएकोले रु.२६ लाख ९६ हजार असुल गर्नुपर्दछ ।

४३.५. जिल्ला समन्वय समिति, महोत्तरीले भुक्तानी दिन बाँकीको प्रमाण बेगर ३९ कर्मचारीलाई २०७०।७१ को छुट प्रोत्साहन भत्ता रु.२५ लाख ३३ हजार र इन्धन खर्च रु.१५ लाख ९८ हजारसमेत रु.४१ लाख ३१ हजार भुक्तानी दिएको छ । उक्त रकम असुल गरी सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४४. **रकम ट्रान्सफर** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, धनुषा, पर्वत, रामेछापसमेत २५ ले केन्द्रीय बजेट शीर्षकअन्तर्गत प्राप्त रकममध्ये रु.१३ करोड ८६ लाख ३६ हजार सञ्चित कोष फिर्ता दाखिला गर्नुपर्नेमा जिल्ला विकास कोषमा ट्रान्सफर गरेका छन् । यस सम्बन्धमा सार्वजनिक लेखा समितिबाट २०६९।११।१० मा सम्बन्धितलाई सचेत गराउने र यस्तो प्रवृति नदोहोऱ्याउने तथा बाँकी रकम फिर्ता गर्ने निर्णय भएकोमा यो वर्ष पनि स्थिति यथावत् छ । यस्तो रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

४५. **अबण्डा** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३(ज) मा स्थानीय निकायको परिषद्बाट आयोजनागतरुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय, धनुषा, पर्वत र कास्कीले परिषद्बाट २०७३।७४ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी एकमुष्ठ रुपमा रु.२ करोड २७ लाख २८ हजार राखी विभिन्न कार्यक्रममा खर्च गरेको पाइयो । यस सम्बन्धमा सार्वजनिक लेखा समितिले २०६९।११।१० मा आइन्दा अवण्डाबाट काम गरेको पाइएमा कारबाही गर्ने निर्णय गरेको भए तापनि सुधार भएको देखिएन ।

४६. **अन्य प्रयोजनको खर्च** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २७(१) मा कार्यालयमा प्राप्त हुन आएको रकम तोकिएको काममा मात्र खर्च गर्न पाइने तथा तोकिएको बाहेक अन्य काममा खर्च गरेको देखिएमा जिम्मेवार व्यक्तिबाट असुल गरी विभागीय कारबाहीसमेत गर्न सकिने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय दाङ, काठमाडौं, रौतहटलगायत १५ ले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्ला स्थित जिल्ला प्रशासन, प्रहरी, अदालतलगायत ३० कार्यालयको विभिन्न निर्माण कार्यसमेतमा रु.१ करोड ३६ लाख २३ हजार भुक्तानी गरेको पाइयो । ऐनमा भएको व्यवस्थाअनुसार आवश्यक कारबाही गर्नुपर्दछ ।

४७. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष जिल्ला समन्वय समितिको कार्यालय, धनुषा, सुनसरी, बैतडीसमेत ३० ले नियमानुसार भुक्तानीमा १.५ प्रतिशत अग्रिम कर रु.४४ लाख ६४ हजार, अछाम, ताप्लेजुङ, पर्वतसमेत २६ ले १० प्रतिशत भाडा कर रु.२ करोड १ लाख ३१ हजार र काभ्रेपलाञ्चोक, बाजुरा, जुम्लालगायत २८ ले १५ प्रतिशत पारिश्रमिक कर रु.३१ लाख ५६ हजारसमेत रु.२ करोड ७७ लाख ५१ हजार कट्टा गरेको देखिएन । कट्टा गर्न बाँकी आयकर रकम असुल गर्नुपर्दछ ।

४८. **स्थायी लेखा नम्बर** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु.२० हजारभन्दा बढीको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय दाङ, अछाम, चितवन लगायत १५ ले मूल्य अभिवृद्धि करमा दर्ता नभएका ३१ फर्मबाट रु.९१ लाख १८ हजार मूल्यको सामान खरिद गरेको देखियो । नियमको पालना नगर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

४९. **गैरसरकारी संस्था छनौट** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० मा गैरसरकारी संस्थाबाट काम गराउँदा मौजुदा सूचीमा समावेश भएका संस्थालाई नियम २३३(६) अनुसार योग्य र न्यून रकम कबोल गर्ने परामर्शदातालाई छनौट गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समितिको कार्यालय पर्वत, तेह्रथुम, डोल्पा लगायत ७ ले खरिद प्रक्रिया र प्रतिस्पर्धा बेगर ६० झोलुङ्गेपुल निर्माणको परामर्श कार्यमा गैरसरकारी संस्थाको प्राविधिक क्षमतासमेत परीक्षण नगरी विगतको सम्झौताका आधारमा म्याद थप गरी यो वर्ष रु.५७ लाख ४६ हजार खर्च लेखेका छन् । नियम विपरीत गैरसरकारी संस्था छनौट गरी खर्च गर्न नमिल्ने हुँदा यसमा नियन्त्रण हुनुपर्दछ ।

५०. **अक्षय कोष** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १९ र २० मा अर्थ मन्त्रालयले तोकेको सीमा, दिग्दर्शन, परिपत्रबमोजिम मन्त्रालयले आफू र मातहत कार्यालयको कार्यक्रम बजेट स्वीकृत गर्नुपर्ने र नियम २६ मा प्रगति प्रतिवेदन लिई मन्त्रालयले त्यसको भौतिक र वित्तीय प्रगति लिई समीक्षा गर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति काठमाडौं, ललितपुर र भक्तपुरले संस्कृति पर्यटन कार्यक्रमअन्तर्गत अक्षय कोष खडा गर्न भनी ३५ प्रतिष्ठानलाई विस्तृत कार्यक्रम बिना रु.१५ करोड ४३ लाख ४२ हजार सीधै निकासा खर्च लेखेको छ । यसरी ठूलो रकम विभिन्न संस्थालाई अक्षय कोष बापत निकासा दिने परिपाटी उपयुक्त छैन । यस्तो कार्यमा नियन्त्रण गर्न सम्बन्धित मन्त्रालय एवं अर्थ मन्त्रालयलेसमेत ध्यान दिनुपर्दछ ।

५१. **बजेटभन्दा बढी खर्च** - स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम ४५ मा स्वीकृत बजेटभित्र र खर्च गर्न बाँकी भए खर्च गर्न सकिने व्यवस्था छ । रकम नपुग भएमा स्थानीय स्वायत्त शासन ऐन, २०६४ को दफा २२४ अनुसार २० प्रतिशतसम्म जिल्ला विकास समितिले रकमान्तर गर्नसक्ने व्यवस्था छ । जिल्ला विकास समिति काभ्रेपलाञ्चोकको २४ औं जिल्ला परिषद्ले बैठक भत्ता, कार्यालय सम्बन्धी खर्च, मर्मत सम्भार, सवारी इन्धन, विविध खर्च, अनुगमन खर्च आदिमा पारित गरेको रु.३८ लाख ५० हजार बजेटभन्दा रु.१ करोड ८२ लाख ६१ हजार बढी खर्च गरेको र जिल्ला समन्वय समिति, चितवनले दुई आर्थिक केन्द्र जोड्ने सडकमा विनियोजित बजेट रु.१ करोड २० लाख ९६ हजार खर्च लेख्नुपर्नेमा रु.२ करोड १ लाख ९६ हजार खर्च गरी रु.८१ लाख बढी खर्च गरेको नियमित देखिएन । बजेट नाघी अधिक खर्च लेख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

५२. **दोहोरो खर्च** - जिल्ला समन्वय समिति बाग्लुङ्गले कुश्मी शेरा सडक निर्माणको लागि एक निर्माण व्यवसायीसँग रु.३ करोड ९३ लाख ९९ हजारमा सम्झौता गरी २०७३।२।१७ मा कार्य सम्पन्न गरेको देखिन्छ । कार्य सम्पन्न गर्नुपर्ने म्यादभन्दा १ वर्षपछि अन्तिम बिल भुक्तानी गरेकोमा भुक्तानी दिन बाँकीको प्रमाण बेगर रु.४४ लाख ४५ हजार भुक्तानी भएको छ । सोही सडकको सोही चेनेजमा अर्को एक निर्माण व्यवसायीसँग २०७४।३।२० मा कार्य सम्पन्न गर्ने गरी रु.५८ लाख ९१ हजारमा सम्झौता गरी रु.५७ लाख १९ हजार भुक्तानी भएको छ । एउटै चेनेजमा दोहोरो पर्ने गरी निर्माण कार्य गरेको देखिएकोले सम्बन्धित कर्मचारीहरुलाई जिम्मेवार बनाई दोहोरो परेको रकम असुल गर्नुपर्दछ ।

५३. **योजना मर्मत** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५(५) को खण्ड (ज) मा उपभोक्ता समितिले जिम्मा लिएको योजना कार्यसम्पन्न भएपछि सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी

उपभोक्ता समितिको हुने र आयोजनाको सेवा बापत दस्तुर तोकी समितिले कोष खडा गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, मनाङ्गले विगतमा उपभोक्ता समितिलाई हस्तान्तरण भईसकेको विद्युत आयोजनाको मर्मत सम्भारको लागि उपभोक्ता समितिलाई रु.१ करोड ५४ हजार ९५ हजार अनुदान खर्च लेखेको पाइयो । हस्तान्तरण भएका आयोजनाको मर्मत संभार सम्बन्धितबाट हुने व्यवस्थाको पालना गराउनुपर्दछ ।

५४. **व्यापारिक संस्थाको भवन निर्माण** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिको दफा १३ मा संघ संस्था वा व्यक्तिलाई खर्च गर्न निषेध गरेको छ । तत्कालीन जिल्ला विकास समिति गोरखा र दाङले उद्योग वाणिज्य संघको भवन निर्माण गर्न रु.२४ लाख ४० हजार भुक्तानी गरेको छ । सरकारी रकमबाट व्यावसायिक संस्थाको भवन निर्माणमा खर्च गर्नु नियमसंगत देखिएन । यसरी खर्च गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५५. **बजेटभन्दा बढी खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेटभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष साना सिँचाइ नदी नियन्त्रण कार्यक्रम जाजरकोटले ५५ योजनाको लागि रु.७ करोड १२ लाख बजेट स्वीकृति गरेकोमा ४२ योजनामा रु.८ करोड १२ लाख खर्च लेखी विनियोजित बजेटभन्दा रु.१ करोड बढी खर्च गरेको छ ।

राष्ट्रिय योजना आयोगको सहमति तथा अर्थ मन्त्रालयको स्वीकृति बेगर बजेटभन्दा बढी खर्च लेखेको अनियमित देखिन्छ । कार्यालयले स्वीकृत बजेट र कार्यक्रम बमोजिम बजेट खर्च गर्नुपर्दछ ।

५६. **अधुरो निर्माण** - जिल्ला समन्वय समिति, अछामले कैलाशखोला दर्ना सडक पुल निर्माणका लागि २०७०।४।१३ मा एक निर्माण व्यवसायीसँग रु.२ करोड ८९ लाख ४० हजारमा सम्झौता गरेकोमा अन्तिम बिलबाट रु.२ करोड ९८ लाख ७० हजार भुक्तानी गरेको छ । थप कार्यका लागि उपभोक्ता समितिसँग रु.४३ लाख २० हजारमा छुट्टै सम्झौता गरी रु.२४ लाख ६८ हजारसमेत ३ करोड २३ लाख ३८ हजार भुक्तानी गरी पुल निर्माण कार्य सम्पन्न भएको कागजात पेश गरेको छ । स्थलगत निरीक्षणका क्रममा पुलको दायाँ बायाँतर्फ पहुँच मार्ग पुगेको देखिएन । अतः पुलको त्रुटिपूर्ण डिजाइन तयार गर्ने परामर्शदाता र त्रुटिपूर्ण डिजाइनमा ठेक्का लगाउने जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाउनुपर्दछ ।

५७. **असुली** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) मा भुक्तानी दिनुपूर्व भुक्तानी दिने पदाधिकारीले रित पुगे नपुगेको चेकजाँच गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार चेकजाँच नगरेको कारण लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराएपछि जिल्ला समन्वय समिति, दाङले सामाजिक सुरक्षा भत्ताको रु.९० लाख ९१ हजार, जिल्ला समन्वय समिति, नुवाकोटले रोयल्टी व्यवस्थापनको रु.५२ लाख ४२ हजार, जिल्ला समन्वय समिति, मोरङ्गले धरौटीमा राखेको रु.३५ लाख ४० हजारसमेत रु.१ करोड ७८ लाख ७३ हजार बेरुजू खातामा दाखिला गरेका छन् ।

५८. **जमानत** - जिल्ला प्राविधिक कार्यालय सिरहाले, सिरहा सुखिपुर सडक स्तरोन्नति कार्यको लागि एक निर्माण व्यवसायीसँग २५ अक्टोवर २०१५ मा १५ महिनाभित्र कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा निर्माण व्यवसायीले २०७३ सम्म कार्य शुरु नगरेको कारण मोविलाइजेशन बापत दिएको रु.१ करोड ६० लाखको नेपाल बंगलादेश बैङ्कले जारी गरेको जमानत बापतको रकम बैङ्कबाट २०७४।१।२५ मा प्राप्त गरी धरौटी खातामा जम्मा गरेको देखियो । उक्त रकम सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम

५९. **निर्माण व्यवसायीबाट कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने तथा कुनै निर्माण व्यवसायीबाट गराउन नसकिने व्यवस्था छ । जिल्ला समन्वय समिति, मकवानपुर र उपभोक्ता समितिबीच ५ डीप ट्यूववेल बोरिङ्ग कार्य गर्न

रु.६१ लाख ४५ हजारमा सम्झौता भएपछि उपभोक्ता समितिले उक्त सबै काम निर्माण व्यवसायीलाई दिई काम सम्पन्न गरेको देखियो । यसरी नियम विपरीत हुने गरी काम गराउने उपभोक्ता समितिलाई नियम अनुसार कारबाही गर्नुपर्दछ।

६०. **उपभोक्ताबाट कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा दश लाख रुपैँयाभन्दा बढीको लागत अनुमान भएको खरिद कार्य बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । जिल्ला समन्वय समिति, मकवानपुरले यस कार्यक्रमबाट विभिन्न सांसदले विद्युत पोल खरिद कार्य गर्न योजना स्वीकृत गरेको देखियो । एकै प्रकारको लागत अनुमानअनुसार १० उपभोक्ता समितिले एउटै फर्मबाट विद्युत पोल खरिद गरेको बिलको आधारमा रु.१ करोड ८ लाख २५ हजार भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिले आफैले श्रम गर्ने प्रकारका काम मात्र गर्ने गरी सम्झौता गर्न सकिने व्यवस्था रहे तापनि बोलपत्र छल्ने मनसायले एउटै मालसामान मात्र खरिद गर्ने कार्यपनि विभिन्न उपभोक्ता समितिबाट गराई खर्च लेखेको नियमसँगत देखिएन ।

६१. **वितरणमुखी खर्च** - स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १०(७) मा लक्षित समूहको कार्यक्रम सञ्चालन गर्दा लक्षित समूहको नाममा कुनै पनि प्रकारका वितरणमुखी कार्यक्रम, सभा, सम्मेलन वा गोष्ठी जस्ता कार्यक्रममा खर्च गर्न नपाइने व्यवस्था छ । यस कार्यक्रमबाट जिल्ला समन्वय समिति, बाराले १७० र रौतहटले ३१४ समेत ४८४ साइकल वितरण गरी ३४ लाख २८ हजार बजेट खर्च लेखेको देखियो । यस्ता वितरणमुखी कार्यक्रममा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६२. **बिल भरपाई** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ बमोजिम खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । जिल्ला समन्वय समिति, पर्साले निर्वाचन क्षेत्र विकास कार्यक्रमतर्फ २८ योजनाको रु.१ करोड ७ लाख ९८ हजारको स्रेस्ता बाढीले भिजेको भनी लेखापरीक्षणमा पेश गरेको छैन । स्रेस्ता बाढीले भिजेको आधिकारिक पुष्टि गरी फरफारक लिने व्यवस्था मिलाउनुपर्दछ ।

६३. **योग शिविर सञ्चालन** - जिल्ला समन्वय समिति, काठमाडौंले १ सांसदको सांसद विकास कार्यक्रमबाट काठमाडौं महानगरपालिका कोटेश्वरमा उपभोक्ता समितिमार्फत योगशिविर चलाएको भनी प्रशिक्षण भत्ता बापत रू.७ लाख २८ हजार, खाना, साउण्ड र त्रिपाल भाडामा रू.६ लाख ६१ हजार र कागेश्वरी मनहरामा भाषा र योग शिविरमा रू.६ लाख ४२ हजारसमेत रू.२० लाख ३१ हजार र कुलेश्वरको योगपार्क निर्माणमा रू.११ लाख ५० हजारसमेत रू.३० लाख ७६ हजार खर्च गरेको पाइयो । निर्वाचन क्षेत्र विकास कार्यसञ्चालन कार्यविधि, २०५८ मा योग शिविर कार्यक्रम सञ्चालन गर्नसक्ने उल्लेख गरेको नदेखिँदा खर्च रकम नियमित देखिएन ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्राविधिक सहायताको लेखापरीक्षण नगराएको, पेस्की फछ्यौंट नगरेको, निर्माण कार्य समयमै सम्पन्न नभएको, कार्यविधि विपरीत योजना छनौट गरेको, नियमावली विपरीत उपभोक्ता समितिबाट कार्य गरेको लगायतका व्यहोरा औँल्याइएकोमा यो वर्षपनि सुधार गरेको पाइएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहत २७७ निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ २१३ निकायमा यो वर्ष रु.१४ अर्ब ४ करोड २४ लाख २४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ अर्ब ६७ करोड ५० लाख ४२ हजार फछ्यौंट गरेकोले रु.११ अर्ब ३६ करोड ४३ लाख ८२ हजार फछ्यौंट गर्न बाँकी रहेको छ । सोमध्ये रु.६ अर्ब ७२ करोड ४७ लाख १५ हजार पेस्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१५ मा छ ।

  - सँगठित संस्था, अन्य संस्था र समितितर्फ ६४ निकायमा रु.७ करोड ६३ लाख ६३ हजार बेरुजू देखिएको छ । सोमध्ये रु.२ करोड ५ लाख ५० हजार फछ्यौंट गरेकोले रु.५ करोड ५८ लाख १३ हजार बाँकी रहेको छ । सोमध्ये रु.२४ लाख ७ हजार पेस्की बेरुजू रहेको छ । यस सम्बन्धी विवरण अनुसूची-१६ मा छ ।

सहकारी तथा गरिबी निवारण मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा सहकारी र गरिवी निवारणसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, सहकारी संघ संस्थाको विकास, सुदृढीकरण र नियमन, अन्तर्राष्ट्रिय सहकारी संगठनसम्बन्धी विषयलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ४३ निकायबाट सेवा प्रवाह हुदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.७६ करोड ३० लाख, राजस्व रु. १ करोड ३ लाख, धरौटी रु. १ करोड ५७ लाख र अन्य कारोबार रु.३२ लाखसमेत रु.७९ करोड २२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका अन्य एक संस्था को रु.३५ करोड ७२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तथा कार्यक्रम कार्यान्वयन** - मन्त्रालयबाट २०७३।७४ को बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रममध्ये सीमान्तकृत, भूमिहीन र पिछडिएका वर्गलाई सहकारी खेती र परम्परागत पेशालाई सहकारी मार्फत प्रोत्साहनको लागि अनुदान दिन रु.१२ करोड ७६ लाख विनियोजन भएकोमा सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ समयमै स्वीकृत नभएको कारण रु.९९ लाखमात्र अनुदान दिएको छ । सहकारीमार्फत कृषि प्रशोधन तथा सामूहिक खेतीका लागि मापदण्डका आधारमा पुँजीगत अनुदान दिन रु.२० करोड १५ लाख विनियोजन भएकोमा विभागले तयार गरेको कार्यविधिअनुसारको प्रस्ताव पेस हुन नआएको कारण अनुदान दिएको छैन । सहकारीबाट उत्पादित वस्तुको बिक्री वितरणमा सहयोग हुने गरी ललितपुर र भरतपुरमा सहकारी बजार केन्द्र निर्माण गर्न रु.३९ करोड ७३ लाख विनियोजन भएकोमा रु.८ करोड ११ लाख अनुदान दिएको छ । ड्रइङ्ग, डिजाइन तथा लागत अनुमान तयार नभएकोले निर्माण कार्य भएको छैन । गरिबीको रेखामुनि रहेका नागरिक पहिचान गरी २५ जिल्लामा राज्य सुरक्षा परिचयपत्र वितरण गर्न रु.३६ करोड ४१ लाख विनियोजन भएकोमा रु.२ करोड ५६ लाख खर्च गरेको छ । गरिबीको रेखामुनि रहेका ३ लाख ९१ हजार ८३१ घर परिवारको अन्तिम सूची तयार गरी गरीब घरपरिवार सहयोग समन्वय बोर्डमा पेस भएकोमा निर्णय नभएकोले परिचयपत्र वितरण हुन सकेको छैन । बजेट वक्तव्यमा उल्लिखित नीति तथा कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सहकारी संस्थाहरुमार्फत उत्पादन वृद्धि तथा रोजगारी सिर्जनाका कार्यहरु गरिनुपर्दछ ।

सहकारी विभाग

सहकारी क्षेत्रको विकास र विस्तारको लागि सहकारी संस्थाको दर्ता, सुपरिवेक्षण तथा अनुगमन गर्ने, सहकारी क्षेत्रको लागि कार्यक्रम तथा नीति लागू गर्ने, सहकारी क्षेत्रमा कार्यरत जनशक्तिलाई तालिम प्रदान गर्ने लगायतका कार्य सम्पादन गर्न विभागको स्थापना भएको हो । यो वर्ष रु.२३ करोड ९२ लाख बजेट व्यवस्था भएकोमा रु.४ करोड १० लाख खर्च गरेको छ ।

२. **अनुगमन र लेखापरीक्षण** - राष्ट्रिय सहकारी नीति, २०६९ को बुँदा १०.५ मा लेखापरीक्षणलाई व्यवस्थित बनाउने र बाह्य लेखापरीक्षण गराउने व्यहोरा उल्लेख छ । त्यस्तै सहकारी ऐनको दफा ३४ अनुसार वार्षिक रुपमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा २६ अनुसार नेपाल राष्ट्र बैङ्कको पूर्वस्वीकृति लिई १५ सहकारी संस्थाले बैंकिङ्ग कारोबार गरेका छन् । यस्ता बैङ्कहरुले गरेको कारोबारको अनुगमन गरी सञ्चालकहरुले व्यापार व्यवसाय गर्न लिएको ऋण तथा सापटी फिर्ता गरे नगरेको सम्बन्धमा मूल्याङ्कन गरी नियमनको कार्यलाई प्रभावकारी बनाएको छैन । विभागमा दर्ता भएका २० केन्द्रीय विषयगत सहकारी संघमध्ये ५ सहकारी संस्थाले लेखापरीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन पेस नगरेको र ३ ले चालु वर्षमा लेखापरीक्षण गराएका छैनन् । त्यसैगरी ३४ डिभिजन कार्यालयअन्तर्गत १० हजार ९२४ संस्थाले लेखापरीक्षण नगराएको र १२ हजार ८२७ ले वार्षिक विवरण पेस गरेका छैनन् । त्यस्तै २५ डिभिजन कार्यालयको कार्यक्षेत्रभित्र रहेका ३ हजार ४५० सहकारी संस्था निष्क्रिय रहेका छन् । ऐनको पालना नगर्ने सहकारी संघ/संस्थाहरुलाई विभागले आवश्यक कारबाही गरेको पाइएन ।

३. **सञ्चालक फरार -** विभागबाट उपलब्ध तथ्याङ्कअनुसार १२ जिल्लाका ८७ सहकारी संस्थाका सञ्चालक फरार रहेका छन । वाग्मती अञ्चलभित्र रहेका ६ डिभिजन सहकारी कार्यालयमध्ये काठमाडौंमा ४५, ललितपुरमा ६,

भक्तपुर र नुवाकोटमा १/१, धादिङमा २ समेत ५५ सहकारी संस्थाका सञ्चालक फरार रहेका छन् । यस्तै कास्कीमा ४, कैलालीमा ६, बाँकेमा ५, धनुषामा ४, कञ्चनपुरमा ४, रुपन्देहीमा ६ र सर्लाहीमा ३ समेत ८७ फरारमध्ये काठमाडौंका १९ ले रु.७ करोड ५६ लाख, नुवाकोटको १ ले रु.२० लाख, धादिङका २ ले रु.२ करोड ५४ लाख, बाँकेका ५ ले रु ७ करोड, धनुषाका ४ ले रु ४ करोड ५० लाख, कञ्चनपुरको १ ले रु.९ लाख, रुपन्देहीका ६ ले रु.४ करोड ६७ लाख र सर्लाहीका २ ले रु.२ करोड ४ लाखसमेत ४० फरार सहकारी संस्थाका सञ्चालकले रु.२८ करोड ६० लाख रकम हिनामिना गरेका छन् । ललितपुरका ६, भक्तपुरको १, कास्कीका ४ र कैलालीका ६ को रकम यकिन हुन नसकेको विवरण पेस भएको छ । फरार सहकारी सञ्चालकहरुलाई कारबाही गरी हिनामिना गरेको रकम असुल गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः सीमान्तकृत, भूमिहीन र पिछडिएका वर्गलाई सहकारी खेतीमा प्रोत्साहन, कृषि प्रशोधन तथा सामूहिक खेती व्यवस्थापन, सहकारी बजार केन्द्र निर्माण गर्न अनुदान दिने नीतिको कार्यान्वयन, गरिबीको रेखामुनि रहेका नागरिक पहिचान गरी राज्य सुरक्षा परिचयपत्र वितरण, सहकारी संस्थाको अनुगमन, सहकारी संस्थाका फरार सञ्चालकलाई कारबाही, बचत तथा निक्षेपको सुरक्षा व्यवस्थापन लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने लेखिएको छ ।

४. **शेयर, निक्षेप तथा लगानीको सुरक्षा** - साना तथा न्यून आय भएका सर्वसाधारणबाट सङ्कलन गरी सञ्चालित सहकारी संस्थाको शेयर तथा निक्षेप उपयोग तथा सुरक्षित गरिनुपर्दछ । लेखापरीक्षणको समयमा विभागबाट पेस भएको विवरणअनुसार २०७४ को आषाढ मसान्तसम्म ३४ हजार ५१२ सहकारी संस्थाको शेयर पुँजी रु.७३ अर्ब १८ करोड, निक्षेप रु.३ खर्ब २ अर्ब १६ करोड, ऋणलगानी रु.२ खर्ब ७३ अर्ब ७१ करोड तथा अन्य लगानी रु.४४ करोड रहेको छ । सहकारी संस्थाहरुमा रहेको शेयरपुँजी, निक्षेप तथा लगानीको सुरक्षाको लागि बीमालगायतका सुरक्षाका उपायहरुको अवलम्बन गरेको देखिएन । यसबाट न्यून आय भएका वर्गको शेयरपुँजी, निक्षेप तथा लगानीलगायतको रकम जोखिममा पर्नसक्ने अवस्था रहेकोले सुरक्षाका उपायहरुको व्यवस्थापन गर्नेतर्फ विभागले ध्यान दिनुपर्दछ ।

५. **कार्यालय संरचना -** विभागले उपलब्ध गराएको विवरणअनुसार २०७२।७३ सम्म दर्ता भएका सहकारी संस्था ३४ हजार ८७४ मा यो वर्ष थप ५९५ र कारबाहीमा परी खारेज भएका ९६१ घटाउँदा २०७४ असार मसान्तसम्म ३४ हजार ५१२ पुगेको छ । यसको अतिरिक्त १ राष्ट्रिय सहकारी संघ, १ राष्ट्रिय सहकारी बैङ्क, २० केन्द्रीय विषयगत सहकारी संघ, ६९ जिल्ला सहकारी संघ र २५६ विषयगत जिल्ला सहकारी संघ रहेका छन् । सहकारी संस्थाको प्रकृति हेर्दा सबैभन्दा बढी ४०.५ प्रतिशत बचत तथा ऋण सहकारी रहेको, ३०.३ प्रतिशत कृषिसँग सम्बन्धित, १२ प्रतिशत वित्त तथा उत्पादन क्षेत्रमा काम गर्ने, १२ प्रतिशत बहुउद्देश्यीय तथा ४.२ प्रतिशत उपभोक्ता सहकारी संस्था रहेका छन् । यसैगरी स्वास्थ्य, विद्युत, संचार, जडिबुटी जस्ता क्षेत्रमा समेत सहकारी संस्था क्रियाशील रहेका छन् । उक्त संस्थामध्ये ७ हजार ६६१ को नियमित तथा २ हजार ४५१ को सघन अनुगमन गरेको छ । सरकारले २०६१ सालअघि ६८ जिल्लामा रहेको डिभिजन सहकारी कार्यालयलाई घटाई ३८ जिल्लामा सीमित गरेको छ भने १ हजार २ सयको हाराहारीमा रहेको कर्मचारीको संख्यासमेत कटौती गरी ४०० सम्म गरेको छ । तर २०६१ सालको सहकारीको संख्या ८ हजार ४५ बाट बढेर ३४ हजार ५१२ भएको अवस्थामा कम कर्मचारीबाट सहकारी संघ, संस्था दर्ता र सञ्चालन स्थितिको अनुगमन कार्य प्रभावकारी हुन सकेको छैन ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा बढी अनुदान रकम फिर्ता नगरेको, अनुदान खर्चका बिल भरपाई पेस नगरेको, कार्य संचालन कोष रकम राजस्व खातामा दाखिला नगरेको लगायतका व्यहोरा औल्याइएकोमा यो वर्ष पनि सुधार गरेको नदेखिँदा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतका समेत ३९ निकायमा रु १० करोड ३४ लाख १७ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.३ लाख ९ हजार फछ्यौंट गरेकोले रु.१० करोड ३१ लाख ८ हजार बाँकी रहेको छ । सोमध्ये रु. २३ लाख ९३ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

सामान्य प्रशासन मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा निजामती कर्मचारी प्रशासन, व्यवस्थापन तथा अभिलेखसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा र नेपाल विविध सेवाको सञ्चालनलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत २ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.९० करोड ९२ लाख ७२ हजार, राजस्व रु.१३ लाख ४७ हजार, धरौटी रु.६ करोड १५ लाख ९९ हजारसमेत रु.९७ करोड २२ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । मन्त्रालय मातहतका संगठित सँस्था, अन्य संस्था र समितिसमेत ३ को रु.१ अर्ब ८६ करोड ७७ लाख ७७ हजारको लेखापरीक्षण गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **छात्रवृत्ति वितरण** – निजामती कर्मचारीका सन्ततिलाई छात्रवृत्ति उपलब्ध गराउने निर्देशिका, २०७२ अनुसार स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीलाई लागतको आधारमा रु.१ लाख ५० हजारदेखि रु ५ लाखसम्म छात्रवृत्ति वितरण गर्दै आएको छ । वितरित छात्रवृतिको कबुलियतनामाबमोजिम अध्ययन पूरा नगरेमा, अध्ययनको वार्षिक प्रगति नबुझाएमा, अन्य निकायबाट छात्रवृत्ति प्राप्त गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति प्राप्त गरेमा तथा अध्ययन पूरा गरी नेपाल सरकारले खटाएको काम नगरेमा वा विषय परिवर्तन गरेमा छात्रवृत्तिको रुपमा प्राप्त गरेको रकम तथा सोमा समितिले निर्धारण गरे बमोजिमको ब्याजसमेत सरकारी बाँकी सरह असुलउपर गरिने व्यवस्था छ । निर्देशिकामा छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीलाई अध्ययन सकी उत्तीर्ण गरेको एक वर्षभित्र नेपाल सरकारले कुनै संस्था वा निकायको काममा खटाउन सक्ने व्यवस्था छ । मन्त्रालयले २०६६।६७ देखि २०७३।७४ सम्म २ हजार ८२२ लाई छात्रवृत्ति प्रदान गरी रु.६० करोड ४१ लाख ४ हजार वितरण गरिसकेको छ । हालसम्म कुनै पनि विद्यार्थीलाई नेपाल सरकारको कुनै संस्था वा निकायको काममा खटाएको देखिएन ।

२. **काज अभिलेख -** निजामती सेवा ऐन, २०४९ को दफा १८ अनुसार कर्मचारीहरु वर्षभरमा काज खटिएको, ऐनले तोकिएको काज अवधि नाघे ननाघेको र तोकिएको अवधि पूरा हुनासाथ काज फिर्ता गरेको लगायतका विवरण स्पष्ट खुल्ने अभिलेख तयार गर्नुपर्दछ । लेखापरीक्षणका लागि छनौट गरिएका सामान्य प्रशासन, संघीय मामिला तथा स्थानीय विकास, भौतिक पूर्वाधार तथा यातायात, श्रम तथा रोजगार र गृहसमेत ५ मन्त्रालयले काजको अभिलेख तयार गरेको देखिएन । कर्मचारी काजमा खटाएको र काज फिर्ता गरेको पत्रको जानकारी निजामती किताबखानामा पठाउने नगरेको कारण काजसम्बन्धी विवरण प्रविष्ट नहुनाले व्यक्तिगत सूचना अभिलेखसमेत अद्यावधिक हुन सकेको देखिएन । तसर्थ काजसम्बन्धी स्पष्ट विवरण देखिने अभिलेख तयार गर्न मन्त्रालयले ध्यान पुऱ्याउनुपर्दछ ।

३. **काज सहमति -** निजामती सेवा ऐन, २०४९ को दफा १८ अनुसार कुनै पनि निजामती कर्मचारीलाई काजमा खटाउँदा वा फिर्ता गर्दा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्ने, यस्तो काज एक वर्षभन्दा बढी नहुने, कुनै निजामती कर्मचारीको विशेषज्ञताको सेवा लिनको लागि कर्मचारी कार्यरत निकाय र काजमा लिने निकायको सहमतिमा बढीमा ३ महिनाको लागि सामान्य प्रशासन मन्त्रालयले काजमा खटाउन सक्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा काज सहमतिसम्बन्धी विवरण माग गरेकोमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय बाहेक अन्य मन्त्रालयबाट प्राप्त हुन आएन । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त विवरणअनुसार २०७१।७२ मा ३१, २०७२।७३ मा ४२, २०७३।७४ मा ९५ कर्मचारीलाई विभिन्न सडक आयोजनामा र ५ कर्मचारीलाई रेल, मोनोरेल, मेट्रोरेल विकास आयोजनामा काज खटाउन सामान्य प्रशासन मन्त्रालयसँग सहमति माग गरे तापनि सहमति प्राप्त भएको देखिएन । निजामती सेवा ऐनले गरेको काजसम्बन्धी व्यवस्थाको पालनामा मन्त्रालयहरुले ध्यान दिएको देखिएन । तसर्थ यसमा सुधार गरिनुपर्दछ ।

४. **काज अवधि -** निजामती सेवा ऐन, २०४९ को दफा १८ मा तालिम गोष्ठी बाहेक निजामती कर्मचारीलाई सोही निकायको काममा एक वर्षमा तीन महिनाभन्दा बढी अवधिको काज खटाउन नपाइने र दफा १८ (क) (३) मा उपदफा १,२ ,२(क) र २(ख) विपरीत हुने गरी निजामती कर्मचारीलाई काजमा खटाएमा त्यसरी काज खटिएको निजामती कर्मचारीले सो अवधिमा खाईपाई आएको तलब भत्ता र अन्य सुविधाबापतको रकम काज खटाउने पदाधिकारीबाट सरकारी बाँकी सरह असुलउपर गरी विभागीय कारबाही गरिने व्यवस्था छ ।

लेखापरीक्षण छनौटमा परेका मध्ये सामन्य प्रशासनबाहेक ४ मन्त्रालयबाट प्राप्त विवरण, अभिलेख परीक्षण एवं भिडान गर्दा २०७१।७२ देखि २०७३।७४ सम्म ३ महिनाभन्दा बढी अवधि काज खटाई तलब बापत श्रम तथा रोजगार मन्त्रालयले अधिकृतस्तरका ३३ र सहायकस्तरका ५८ कर्मचारीलाई रु.१ करोड १४ लाख ३३ हजार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको अधिकृतस्तरका १९ र सहायकस्तरका ४० लाई रु.३७ लाख १८ हजार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको अधिकृतस्तरका ५८ र सहायक स्तरका ४ लाई रु.१ करोड १६ लाख १९ हजार र गृह मन्त्रालयको अधिकृतस्तरका ३४८ र सहायकस्तरका ७ लाई रु.१२ करोड ८३ लाख ३५ हजार तलब भुक्तानी गरेको छ । प्राप्त विवरणअनुसार ३ महिनाभन्दा बढी अधिकृतस्तरमा ३ दिनदेखि १ हजार ५० दिनसम्म र सहायकस्तरमा ५ दिनदेखि ६१९ दिनसम्म काज बसेको देखिएको छ । सामान्य प्रशासन मन्त्रालयबाट तत्सम्बन्धी विवरण प्राप्त भएन । ऐनले गरेको काजसम्बन्धी व्यवस्थालाई पालना गर्न मन्त्रालयहरुले ध्यान दिनुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः निजामती कर्मचारीका सन्तति छात्रवृत्ति वितरण, अनुगमन, कर्मचारी काज र अभिलेख व्यवस्था, कर्मचारी समायोजन, निजामती कर्मचारी अस्पतालको आय-व्यय लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

५. **कर्मचारी समायोजन -** स्थानीय तहको निर्वाचन २०७४ जेठ र आषाढ महिनामा सम्पन्न भई स्थानीय तह गठन भएका छन् । सो अवधि अघि नै वा सो समयसम्ममा कार्यस्थलमा कर्मचारी पुग्ने गरी कार्ययोजना बनाई कर्मचारी समायोजन गर्नुपर्नेमा नेपालको संविधानको धारा ३०२ बमोजिमको कर्मचारी समायोजन ऐन, २०७४ असोजमा मात्र कार्यान्वयनमा आएको देखिन्छ । संविधानमा व्यवस्था भएको कर्मचारी समायोजनको व्यवस्था मन्त्रालयले कार्ययोजना बनाई समयमा कार्यान्वयन गर्न नसक्दा सेवा प्रवाहमा असर परेको छ ।

समिति

निजामती कर्मचारी अस्पताल विकास समिति

बहालवाला तथा सेवा निवृत्त निजामती कर्मचारी तथा तिनका परिवारको स्वास्थ्य उपचार सम्बन्धी व्यवस्था गर्ने उद्देश्यले चीन सरकारको सहयोगमा अस्पतालको स्थापना भएको हो । अस्पताल विकास समिति गठन आदेश, २०६४ को दफा ४(३) को व्यवस्थाअनुसार २०६६।२।१६ देखि सेवा शुरुवात भएको देखिन्छ । निजामती कर्मचारी र निजका परिवार बाहेकका सर्वसाधारणले पनि अस्पतालवाट उपलब्ध सेवा लिन पाउने व्यवस्था रहेको छ । यो वर्ष अस्पतालले ४७ हजार ७६० निजामती कर्मचारी र १ लाख ४५ हजार ८७७ अन्य सर्वसाधारणसमेत १ लाख ९३ हजार ६३७ बिरामीलाई विभिन्न सेवा प्रदान गरेको छ ।

६. **सञ्चालन अवस्था -** अस्पताल सेवा विस्तारसहितका आवश्यक निर्णय लिनको लागि अस्पताल विकास समितिको बैठक वर्षमा कम्तीमा ६ पटक बस्ने र दुई बैठकको बीचको अवधि २ महिनाभन्दा बढी हुन नहुनेमा यो वर्ष केवल ४ पटक बसेको छ । समितिले यो वर्षको आन्तरिक आय रु.४७ करोड ७९ लाख ३२ हजारबाट निजामती कर्मचारीलाई छुट दिएको रु.५ करोड ९५ लाख १३ हजारसमेत रु.६ करोड ९१ लाख २० हजार छुट घटाउँदा कायम खुद आन्तरिक आय रु.४० करोड ८८ लाख १२ हजार रहेकोमा रु.५० करोड ५१ लाख ६९ हजार खर्च गरेकोले रु.९ करोड ६३ लाख ५७ हजार बढी खर्च भएको देखिन्छ । आयभन्दा व्यय बढी हुनुको कारण अस्पतालले निजामती कर्मचारी तथा अन्य बिरामीलाई दिएको छुट रु.६ करोड ९१ लाख २० हजार नेपाल सरकारबाट शोधभर्ना नहुनु तथा समितिको चालु खर्चमा वृद्धि हुनु रहेको देखिन्छ । यसरी

आम्दानीभन्दा बढी खर्च गर्दा अस्पताल आत्मनिर्भर हुन नसकी सरकारी अनुदानमा चल्नुपर्ने स्थिति देखिएकोले आम्दानीका थप स्रोतहरु पहिचान गर्ने र खर्चमा मितव्ययी हुन समयमै ध्यान दिनुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति** - यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति देहायअनुसार छः
  - मन्त्रालय र मातहतसमेत २ निकायमा यो वर्ष रु.७७ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था एवं समिति ३ निकायमा यो वर्ष रु.९० लाख ४३ बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १ निकायले रु.१ लाख ५६ हजार फछ्यौंट गरेकोले रु.८८ लाख ८७ हजार बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १६ मा छ ।

सिँचाइ मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा सिँचाइ क्षेत्रको विकास, संरक्षण, व्यवस्थापन, नियन्त्रण र उपयोग एवं विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलगायतका कार्य रहेको छ । मन्त्रालयसमेत १८० निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.२७ अर्ब २ करोड ७० लाख, राजस्व रु.६ करोड ९५ लाख र धरौटी रु.२ अर्ब ६० करोड ३ लाखसमेत रु.२९ अर्ब ६९ करोड ६८ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सिँचाइ नीतिको कार्यान्वयन -** सिँचाइ नीति, २०७० मा सिँचाइ क्षेत्रको विकास तथा विस्तारसम्बन्धी चुनौतीहरुलाई सम्बोधन गर्न सिँचाइ गुरुयोजना बनाई कार्यान्वयन गरिने उल्लेख भएकोमा नीति कार्यान्वयन भएको ४ वर्ष व्यतीत भए तापनि मन्त्रालयले गुरुयोजना बनाएको देखिएन ।

सिँचाइ नीतिमा नेपाल सरकारले सिँचाइ सुविधा प्राप्त क्षेत्रलाई सिञ्चित क्षेत्र घोषणा गर्ने र घोषित क्षेत्रभित्रको जग्गा गैरकृषि प्रयोजनका लागि उपयोग गर्नु पूर्व आवश्यकताअनुसार नेपाल सरकारको अनुमति अनिवार्य रुपमा लिनुपर्ने व्यवस्था रहेकोमा सोको कार्यान्वयन हुन सकेको छैन । सिँचाइ विभागबाट प्राप्त विवरणमा सिञ्चित क्षेत्र घोषणा नगर्दा सिञ्चित क्षेत्रलाई घडेरीमा परिणत गरी बिक्री गर्ने प्रवृत्ति बढेको व्यहोरा उल्लेख छ । विभागको विवरणमा नारायणी लिफ्ट योजनाबाट सिँचाइ गर्ने नहर नै बन्द भैसकेको, सुनसरी मोरङ सिँचाइ योजनाको विराटनगर शाखा मूल रुपमा र हरिनगरा शाखाको आंशिक भागमा घरघडेरी विकास भएको, पोखरा उपत्यकाअन्तर्गतका फेवा नहर प्रणाली, सेती जल उपभोक्ता सिँचाइ प्रणाली जग्गा प्लटिङ्गले प्रभावित भएको, रुपन्देहीको भैरहवा लुम्बिनी भूमिगत जल परियोजनाबाट सिँचाइ हुने क्षेत्र प्रभावित भएको उल्लेख छ ।

२. **वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन -** बजेट वक्तव्य २०७३।७४ को बुँदा १४८ मा तराई र भित्री मधेसका ११ जिल्लामा समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रम प्रारम्भ गरिने उल्लेख भएकोमा २२ जिल्लामा सो कार्यक्रम सञ्चालन भई समग्र भौतिक प्रगति ५६ प्रतिशत र वित्तीय प्रगति ८८ प्रतिशत रहेको देखियो । साविक सिँचाइ विकास डिभिजन र भूमिगत जल सिँचाइ डिभिजनहरुले गर्ने कार्य समन्वय गर्न २०७३।७।१२ मा समृद्ध तराई मधेस विशेष कार्यक्रम संयोजक कार्यालय खडा भएको छ । सो कार्यालयले यो वर्ष चालुतर्फ रु.२४ लाख ९२ हजार र पुँजीगततर्फ रु.३ करोड ६६ लाख ७५ हजारसमेत रु.३ करोड ९१ लाख ६७ हजार खर्च गरेको छ । एउटै प्रकृतिको कार्य गर्न नयाँ संरचना खडा गर्ने कार्य औचित्यपूर्ण देखिएन ।

त्यस्तै, सुनकोशी-मरिन डाइभर्सन बहुउद्देश्यीय सिँचाइ आयोजनाको निर्माण कार्य शुरु गरिने उल्लेख भएकोमा सोको निर्माण कार्य शुरु नभएको, दाङ जिल्लाको ग्वार खोला बहुउद्देश्यीय जल उपयोग आयोजनाको गुरुयोजना निर्माण नभएको, बजेट वक्तव्यमा उल्लेख ठूला सिँचाइ आयोजनाको मूल नहरमा मत्स्यपालन व्यवसाय र सौर्य बत्ती उत्पादन गर्ने उल्लेख भएकोमा सो कार्य शुरु भएको छैन ।

३. **सिँचाइको अवस्था -** राष्ट्रिय जल योजना, २०६२ अनुसार नेपालमा ६ हजार नदीनालाबाट वार्षिक २२५ अर्ब क्युविक मिटर पानी उपलब्ध हुने र कुल उपलब्धतामध्ये १५ अर्ब क्युविक मिटर आर्थिक तथा सामाजिक (६.६७ प्रतिशत) क्षेत्रमा उपयोग हुने गरेको छ ।

३.१. जलस्रोत रणनीति, २०५७ ले २०७४ सम्म सिञ्चित क्षेत्रको दुई तिहाई भागमा वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य लिएको छ । त्यस्तै राष्ट्रिय जल योजना, २०६२ ले पनि २०७४ सम्म ६४ प्रतिशत सिञ्चित क्षेत्रमा वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य निर्धारण गरेको छ । नेपालमा करिब २६ लाख हेक्टर कृषियोग्य जमिन रहेको मध्ये करिब १८ लाख हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउन सकिने अवस्था छ । सो क्षेत्रफलमध्ये २०७३।७४ सम्म १४ लाख ३३ हजार हेक्टर क्षेत्रमा सिँचाइ संरचना निर्माण भएको छ । यस अनुसार अझै पनि करिब ४ लाख हेक्टर (२२.२२ प्रतिशत) कृषियोग्य जमिनमा सिँचाइ संरचना पुग्न बाँकी रहेको छ । संरचना निर्माण भएको मध्ये करिब ४ लाख ७७ हजार हेक्टर (३३ प्रतिशत) मा मात्र वर्षभरि

सिँचाइ सुविधा उपलब्ध भएकोले २०७४ सम्म ६४ प्रतिशत सिञ्चित क्षेत्रमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने लक्ष्य हासिल भएको छैन ।

३.२. सिँचाइ विभागको वार्षिक पुस्तिका २०७३।७४ अनुसार संयुक्त व्यवस्थापनअन्तर्गत ३१ सिँचाइ प्रणालीको ३ लाख २५ हजार ९१९ हेक्टर कमाण्ड क्षेत्रफलमध्ये चैत्रदेखि जेष्ठसम्मको अवधिमा ५३ हजार ९४५ हेक्टर (१६.५५ प्रतिशत) मा मात्र सिँचाइ पुगेको छ । त्यस्तै कमला सिँचाइ प्रणालीलगायतका ५ सिँचाइ प्रणालीबाट चैत्रदेखि जेष्ठसम्म सिँचाइ सुविधा नै प्राप्त नहुने उल्लेख छ । निम्न सिँचाइ प्रणालीबाट हुने सिँचाइको अवस्था देहायअनुसार छः

सिँचाइ प्रणाली	जिल्ला	कमाण्ड क्षेत्रफल (हेक्टर)	चैत्र-जेष्ठ सिञ्चित क्षेत्रफल (हेक्टर)	प्रतिशत
नारायणी	बारा, पर्सा	२८,७००	५००	१.७४
महाकाली	कञ्चनपुर	११,६००	२००	१.७२
वाणगंगा	कपिलवस्तु	६,२००	१००	१.६१
मोहना	कैलाली	२,०००	५०	२.५०

उल्लिखित सिँचाइको अवस्थाले गर्दा जलस्रोत रणनीति तथा राष्ट्रिय जल योजनाले सिञ्चित क्षेत्रको दुई तिहाई भागमा वर्षैभरि सिँचाइ सुविधा उपलब्ध गराउने भनी राखेको लक्ष्य हासिल भएको देखिएन ।

४. **नहरको उपयोग -** सिँचाइ विभागबाट प्राप्त प्रगति विवरणअनुसार ३१ सिँचाइ प्रणालीबाट ३ लाख २६ हजार हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा उपलब्ध गराउने गरी सिँचाइ प्रणाली सञ्चालनमा रहेको छ । उक्त प्रणालीबाट आषाढदेखि कार्तिकसम्म २ लाख ९६ हजार, मंसिरदेखि फागुनसम्म २ लाख र चैत्रदेखि जेष्ठसम्म ५४ हजार हेक्टर सिँचाइ सुविधा उपलब्ध गराएको उल्लेख छ । सोमध्ये मुख्य सिँचाइ प्रणालीको निकासा खर्च तथा उपलब्ध गराएको सिँचाइको अवस्था निम्नानुसार छः

सिँचाइ प्रणाली	निकासा खर्च (रु. लाखमा)	कमाण्ड क्षेत्रफल हेक्टर (हजारमा)	आषाढ-कार्तिक सिञ्चित क्षेत्रफल (हेक्टर हजारमा)	मंसिर-फागुन सिञ्चित क्षेत्रफल (हेक्टर हजारमा)	चैत्र-जेष्ठ सिञ्चित क्षेत्रफल (हेक्टर हजारमा)
सुनसरी मोरङ सिँचाइ प्रणाली	९९१९	६८.०	६६.०	५८.०	१७.०
वाग्मती सिँचाइ प्रणाली	७४३८	४५.६	३९.७	२५.५	१३.०
कमला सिँचाइ प्रणाली	४१७६	२५.०	२५.०	१०.०	०
नारायणी सिँचाइ प्रणाली	२४०७	२८.७	२८.०	१८.०	०.५
महाकाली सिँचाइ प्रणाली	४५२५	११.६	११.०	९.०	०.२
जम्मा	**२८४६५**	**१७८.९**	**१६९.७**	**१२०.५**	**३०.७**

उपर्युक्त विवरणबमोजिम सुनसरी मोरङ सिँचाइ आयोजनाको ७५ प्रतिशत, वाग्मती सिँचाइ आयोजनामा ७१ प्रतिशत, कमला सिँचाइ प्रणालीमा ६० प्रतिशत, नारायणी सिँचाइ प्रणालीमा ३६ प्रतिशत र महाकाली सिँचाइ प्रणालीमा १९ प्रतिशत कमाण्डक्षेत्र सिञ्चित हुन नसकेको अवस्था देखिएको छ । सिँचाइ योजनाहरुको कार्यदक्षता एवं प्रभावकारिता न्यून रहेको तर्फ तालुक निकायको ध्यानाकर्षण हुनुपर्ने देखियो ।

५. **असम्बन्धित खर्च -** सार्वजनिक लेखा समितिबाट २०६९।१।८ मा निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सवारीसाधनको भाडा समावेश नगर्ने र निर्माण कार्यको लागत वृद्धि नियन्त्रण गर्न एक नीति बनाउने निर्णय भएको छ । बी.ओ.क्यू. मा राखी गाडी भाडामा नलिने, गाडी भाडामा लिनुपर्ने अवस्था परेमा विभागबाट स्वीकृति लिने नीति तयार गरेको छ । यो वर्ष रानी जमरा कुलरिया सिँचाइ आयोजना कैलाली, महाकाली सिँचाइ आयोजना कञ्चनपुर, बबई सिँचाइ आयोजना र सिँचाइ विकास डिभिजन चितवनले रु.२ करोड १० लाख ९४ हजार बिल अफ क्वान्टिटीमा समावेश गरी सवारीसाधन भाडा भुक्तानी गरेको छ । अनावश्यक शिरोभार खर्च घटाउने सार्वजनिक लेखा समितिको निर्णय एवं तत्सम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ ।

६. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा बीस लाख रुपैयाँभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । यो वर्ष भूमिगत जल सिँचाइ विकास डिभिजन सिरहा, दाङ, महोत्तरी, पर्सालगायत २२ निकायले पटक पटक गरी रु.१३ करोड ४ लाख ५८ हजारको खरिद सोझै गरेका छन् । नियममा भएको व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

७. **पूर्वनिर्धारित क्षतिपूर्ति -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(१) मा निर्माण व्यवसायीको कारणले खरिद सम्झौताबमोजिमको काम तोकिएको अवधिमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीको ढिलाइका कारण तोकिएको समयमा कार्यसम्पन्न हुन नसकेकोमा यो वर्ष सिँचाइ विकास डिभिजन कञ्चनपुर, पाल्पा, नुवाकोट, भोजपुर, सिक्टा सिँचाइ आयोजना बाँके तथा जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन, दाङसमेत ६ कार्यालयले रु.१ करोड २६ लाख ३५ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल नगरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः सिँचाइ नीति तथा गुरुयोजना कार्यान्वयन, सिँचाइ सुविधाको उपलब्धता, कार्यक्षेत्र बाहिरको खर्च, एकीकृत डी.पी.आर., नर्म्सको स्वीकृति, निर्माण स्थलको व्यवस्था, संरचनामा क्षति, विभागीय जनशक्ति र परामर्श सेवाको उपयोग, विस्तृत सम्भाव्यता अध्ययन, आयोजना छनौट, बजेट विनियोजन, नदी उकास जग्गाको अभिलेख, गुणस्तर परीक्षण लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

८. **बढी भुक्तानी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) अनुसार खर्चका बिल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना ललितपुर, सिँचाइ विकास डिभिजन हुम्ला, जुम्ला, महाकाली पथरैया सिँचाइ व्यवस्थापन डिभिजन कञ्चनपुर, महाकाली सिँचाइ योजना कञ्चनपुरलगायत १८ निकायले कामबेगर, स्वीकृत दररेटभन्दा बढी, परामर्शदातालाई बिदाको अवधिको, अघिल्लो रनिङ बिलबाट भुक्तानी भएको रकम समेत कट्टा नगरी रु.८३ लाख ९३ हजार भुक्तानी गरेकोले यसमा सम्बन्धितलाई जिम्मेवार बनाई रकम असुल गर्नुपर्दछ ।

९. **नन् फाइलर** - मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २६(१) मा मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले विक्रम सम्वत्अनुसारको एक महिनाको कर अवधिको कर विवरण सो अवधि समाप्त भएको मितिले २५ दिनभित्र सम्बन्धित कर अधिकृतसमक्ष पेस गर्नुपर्ने उल्लेख छ । सो व्यवस्थाअनुसार करदाताले लेखापरीक्षणको अवधिसम्म पनि विवरण दाखिला नगरेको व्यहोरा आन्तरिक राजस्व विभागको वेभसाइटबाट देखियो । यो वर्ष जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग ललितपुर, जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन मोरङ, झापा, सिँचाइ विकास डिभिजन इलाम, रोल्पा, समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना ललितपुरलगायत २१ निकायले विभिन्न निर्माण व्यवसायीलाई रु.२८ करोड ६० लाख ९२ हजार भुक्तानी दिएकोमा उक्त रकमको कर दाखिला नगरी नन् फाइलर रहेको पाइयो । भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.३ करोड ७१ लाख ९२ हजार दाखिला हुनुपर्दछ ।

१०. **कर बीजक -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ अनुसार प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई तोकिएको ढाँचाबमोजिमको बीजक दिनुपर्ने व्यवस्था छ । यो वर्ष सिँचाइ विकास डिभिजन डोटी, दाङ, सुर्खेत, धनुषा, सुनसरी मोरङ सिँचाइ योजना मोरङ, सिक्टा सिँचाइ आयोजना बाँकेलगायत ३० कार्यालयले विभिन्न निर्माण व्यवसायीहरुलाई केरमेट भएको तथा नम्बर नभएको बीजक पेस गरेको अवस्थामा समेत रु.१० करोड ३३ लाख ५४ हजार खर्च लेख्दा सोको मूल्य अभिवृद्धि करबापत रु.१ करोड ३४ लाख ३६ हजार भुक्तानी गरेको छ । तोकिएको ढाँचामा बीजक लिएर भुक्तानी गर्नुपर्दछ ।

११. **विनिमय घटबढ -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४.१ मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ । त्यस्तै, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ । पुँजीगत बजेट उपशीर्षकतर्फ निर्माण व्यवसायीले विनिमय सटही घाटाको रकम समावेश गरी तयार गरेको आई.पी.सी.को आधारमा बिल जारी गरी रानीजमरा कुलरिया सिँचाइ आयोजना कैलालीले रु.२ करोड ८५ लाख र सिक्टा सिँचाइ आयोजनाले रु.८२ लाख कर बीजकबेगर भुक्तानी गरेको छ । सो रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा आय विवरण पेस गर्दा आयमा समावेश गर्नुपर्दछ ।

१२. **कार्यक्षेत्र** - विश्व बैङ्कले २०६८।२।२१ मा तयार गरेको रानी जमरा कुलरिया सिँचाइ आयोजनाको पहिलो चरणको प्रोजेक्ट एप्रेजल डकुमेन्टमा आयोजनाको कार्यक्षेत्र प्रतापपुर, पथरिया र मुनुवा गाउँ विकास समिति

समेत रहेकोमा सिँचाइ विकास डिभिजन, कैलालीले ती गाउँ विकास समितिभित्र सिँचाइ आयोजना सञ्चालन गरी रु.८० लाख ६८ हजार खर्च लेखेको छ । रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कमाण्डक्षेत्रभित्र डिभिजनले कार्य गर्दा काममा दोहोरोपना हुने अवस्था देखिएको छ । त्यसैगरी दाङ जिल्लामा सिँचाइ मन्त्रालय मातहतका एकै क्षेत्रमा लमही दाङमा रहेको प्रगन्ना वङ्कापथ सिँचाइ आयोजना र प्रगन्ना तथा वङ्कापथ सिँचाइ व्यवस्थापन डिभिजनले यो वर्ष रु.३६ करोड ८१ लाख २४ हजार खर्च गरेका छन् । सो क्षेत्रमा सिँचाइ विकास डिभिजन, दाङबाट समेत यो वर्ष रु.६१ लाख ७० हजार खर्च गरेको छ । यसरी एकै जिल्लामा एउटै प्रकृतिको कार्य गर्न धेरै कार्यालय स्थापना गर्नु मनासिब देखिएन ।

१३. **आयोजना हस्तान्तरण -** विश्व बैङ्कले सन् २०१३ को नोभेम्बरमा तयार गरेको सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाको प्रोजेक्ट एप्रेजलमा कम्पोनेन्ट बी अन्तर्गत छनौट गरिएका सिँचाइका केही स्किमलाई जल उपभोक्ता संघ तथा समूहलाई व्यवस्थापन हस्तान्तरण गर्नको लागि अमेरिकी डलर १२.८४ मिलियन खर्च गरिने उल्लेख छ । सोमध्ये २०७३।७४ सम्म ९.७६ मिलियन अमेरिकी डलर अर्थात् रु.१ अर्ब ३५ लाख ५२ हजार खर्च भएको छ । व्यवस्थापन हस्तान्तरण अन्तर्गत सिँचाई स्किमहरुको व्यवस्थापन, सञ्चालन अद्यावधिक गरिने र सोबाट जल उपभोक्ताहरुलाई उचित रुपमा नहरबाट पानी वितरण हुने उल्लेख छ । आयोजनाबाट प्राप्त विवरणअनुसार हस्तान्तरण गरिने स्किमअन्तर्गत नहर प्रणालीको पानी डिस्चार्ज गर्ने, डिजाइन क्षमता, सिञ्चित हुने क्षेत्र र उपलब्ध पानीको स्थितिबाट ती स्किमहरुमा सरदर न्यूनतम २५ प्रतिशतदेखि अधिकतम ३९.४१ प्रतिशतसम्म पानी उपलब्ध हुने गरेको देखियो । नहरबाट पर्याप्त पानी उपलब्ध नभएको अवस्थामा सिँचाई सुविधा उपलब्ध गराई कृषि उत्पादकत्व वृद्धि गर्ने आयोजनाको उद्देश्यमा असर पर्ने देखियो । नहरको डिजाइन क्षमताअनुसार पानी वितरण गर्न सकिने प्रबन्ध गर्नुपर्छ ।

सिँचाई प्रणाली	क्षेत्रफल (हेक्टर)	डिजाइन डिस्चार्ज (घन मिटर प्रति सेकेण्ड)	सरदर डिस्चार्ज (घन मिटर प्रति सेकेण्ड)	सरदर डिस्चार्ज (प्रतिशत)
महाकाली प्रथम र दोस्रो चरण	११६००	१७	४.२५	२५.००
कन्काई	७०००	१०.१५	४	३९.४१
नारायणी (ब्लक २)	३०००	३.४०	१.३१	३८.५३
नारायणी (ब्लक ८)	३०००	३.१८	१.२३	३८.६८
सुनसरी-मोरङ (रामगंज)	७८००	४.९५	१.८	३६.३६
सुनसरी–मोरङ (सीतागंज)	८०००	५.६०	१.८	३२.१४

१४. **राष्ट्रिय गौरवका आयोजना -** यस मन्त्रालयअन्तर्गत रहेका राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति स्थिति देहायअनुसार रहेको छ:

(रु. लाखमा)

सि.नं.	आयोजनाको नाम	शुरु वर्ष	सम्पन्न हुने वर्ष	कुल लागत अनुमान	हालसम्मको खर्च	लक्ष्य हेक्टर	भौतिक प्रगति प्रतिशत
१	रानीजमरा कुलरीया सिँचाइ आयोजना	२०६६/६७	२०७४/७५	१२,६३,२१	८४,९६३	३८,३००	६५
२	सिक्टा सिँचाइ आयोजना	२०५९/६०	२०७६/७७	२५,०२,००	१३,२३,००	४२.७६६	५६
३	बबई सिँचाइ आयोजना	२०४५/४६	२०७४/७५	१२,५७,५४	५५,२१५	३६,०००	४९
४	भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना	२०६८/६९	२०७७/७८	१६,४३,३०	२३,३६०	५१,०००	२०
जम्मा				**६६,६६,०५**	**२९,५८,३८**		

उल्लिखित विवरणअनुसार तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुने अवस्था नदेखिएको, मुआवजा वितरण कार्य सम्पन्न नभएको, ठेक्का सम्झौताअनुसार निर्माण कार्य नगरेकोमा कारबाही नगरेको अवस्था छ । आयोजना सञ्चालनमा ढिलाई हुँदा समय तथा लागत वृद्धि हुँदै गएको छ । बजेटको अभाव हुन नदिने भनी सञ्चालन भएका आयोजनाहरु तोकिएको समयमा सम्पन्न हुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

सिँचाइ विभाग

१५. **विभागीय जनशक्ति -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा त्यस्तो निकायले व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट

परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ । यो वर्ष सिम्ली भेरी कोरिडोर सिँचाई आयोजनालगायतका ९६ आयोजनामा बाह्य परामर्शदाताबाट विस्तृत सम्भाव्यता अध्ययन कार्य गराई रु.४ करोड ३२ लाख ९८ हजार खर्च लेखेको छ । विभागको तलबी भरपाईअनुसार सिनियर हाइड्रोलोजिष्ट, जिओलोजिष्टलगायत २५ इन्जिनियर, सोसियोलोजिष्टसमेत पर्याप्त जनशक्ति कार्यरत रहेको देखिन्छ । विस्तृत सम्भाव्यता अध्ययनको लागत अनुमानको दर विश्लेषण गर्दा उल्लिखित पदहरु नै समावेश गरी इन्पुट (म्यानमन्थ) गणना गर्ने गरेको छ । विभागमा विस्तृत सम्भाव्यता अध्ययन गर्न आवश्यक जनशक्ति रहेकोले यसप्रकारको कार्यमा विभागीय जनशक्तिको उपयोग नहुनुको कारण स्पष्ट हुनुपर्दछ ।

१६. **लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमानसम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्सलाई आधार लिनुपर्ने उल्लेख छ । सिँचाई मन्त्रालयले यस्तो नर्म्स तयार गरेको देखिएन । सम्भाव्यता अध्ययन तथा निर्माण गुणस्तर कार्यक्रमअन्तर्गत सिँचाई विभागका महानिर्देशकको निर्णयले कालीगण्डकी-तिनाउ डाइभर्सन बहुउद्देश्यीय आयोजनाको रु.६ करोड १० लाख ४० हजारको लागत अनुमान स्वीकृत गरेको छ । सो लागत अनुमान स्वीकृत गर्दा प्रोफेसनल र सपोर्ट स्टाफको पारिश्रमिक रु.३ करोड ३६ लाख ३४ हजार र अन्य शीर्षकमा पारिश्रमिकको ३७.५० प्रतिशतले रु.१ करोड २६ लाख १३ हजार थप गरी लागत अनुमान तयार गरेको देखियो । निर्माण कार्यमा निर्माण व्यवसायीको ओभरहेड १५ प्रतिशतले हुने रकम जोड्न पाउने व्यवस्था छ । तर सार्वजनिक खरिद नियमावलीमा पारिश्रमिकको अलावा अन्य कार्यको लागि परामर्श सेवामा ३७.५० प्रतिशत थप खर्च गर्न पाउने व्यवस्था रहेको देखिएन । सार्वजनिक खरिद नियमावलीको पालना हुनुपर्दछ ।

१७. **सम्भाव्यता अध्ययन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ मा विकास आयोजनाको सम्भाव्यता अध्ययनबाट छनौट भएका आयोजनाको लागि बजेट व्यवस्था गर्नुपर्ने उल्लेख छ । मझौला सिँचाई आयोजनाले निर्माण चरणमा बजेट व्यवस्था भएका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययनमा रु.७८ लाख ३३ हजार र समृद्ध तराई मधेश सिँचाइ विशेष कार्यक्रममा रु.८४ लाख ३८ हजार समेत रु.१ करोड ६२ लाख ७१ हजार खर्च लेखेको छ । विस्तृत सम्भाव्यता अध्ययन नभई बजेट विनियोजन गर्नु मनासिव देखिएन ।

१८. **सर्वेक्षण प्रतिवेदन कार्यान्वयन -** नयाँ प्रविधिमा आधारित सिँचाइ आयोजनाले यो वर्ष अरेवा लिफ्ट सिँचाइ गुल्मी, बिरुवा पोखरी सिँचाइ दोलखा, रोसी खोला लिफ्ट सिँचाइ काभ्रे, सिम्टाडा सिँचाइ पोखरी दैलेख र भोटेचौर थोपा सिँचाइ दोलखा लगायत १७१ सिँचाइ योजनाको विस्तृत सम्भाव्यता सर्वेक्षण प्रतिवेदन तयार गरेबापत रु.२ करोड ६३ लाख ८३ हजार भुक्तानी गरेको छ । सो प्रतिवेदनमध्ये रोल्पा ४, लम्जुङ ६, काभ्रे ३, गुल्मी ३, स्याङ्जा १, नुवाकोट १, ओखलढुङ्गा ८, उदयपुर २, पर्वत ५ समेत ३३ आयोजनाको प्रतिवेदन सम्बन्धित कार्यालयमा पठाएको छ । बाँकी १३८ प्रतिवेदन सम्बन्धित कार्यालयमा पठाएको छैन । विस्तृत सम्भाव्यता सर्वेक्षण प्रतिवेदन तयार भएको योजना सञ्चालनसम्बन्धी अभिलेख आयोजनामा नरहेकोले सर्वेक्षण प्रतिवेदनको कार्यान्वयन सम्बन्धमा यकिन हुने आधार पेस भएन । विस्तृत सर्वेक्षण प्रतिवेदन सम्बन्धित कार्यालयमा नपठाई आयोजनामा राख्नु मनासिव देखिएन । योजना कार्यान्वयनको लागि विस्तृत सम्भाव्यता सर्वेक्षण प्रतिवेदन तयार भई लागत अनुमान स्वीकृत हुनुपर्दछ ।

१९. **क्षतिग्रस्त हेडवर्क्स** - सिँचाइ विकास डिभिजन, बाँकेअन्तर्गत साविक महादेवपुरी गा.वि.स. ओभरीमा २२५ हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले २०७१।७२ देखि निर्माण शुरु भएको ठूरे सिँचाइ योजना २०७३।७४ मा सम्पन्न भएको पाइयो । योजनामा यो वर्ष रु.१ करोड ९५ लाख ६७ हजार भुक्तानी भएको छ । योजनाको हेडवर्क्स पूर्ण क्षति भएको, केही भाग खोलामा पुरिएको र केही भाग खोलाको किनारामा रहेको अवलोकनबाट देखियो । मूल नहर करिब ६० मिटर पुरिएको छ । खोलाको बहावअनुसार हेडवर्क्सको लम्बाई ५० देखि ६० मिटर हुनुपर्नेमा ४० मिटरमात्र भएको र बाढीको ठूलो दबाबबाट हेडवर्क्स क्षति भएको देखिएको छ । यसबाट नेपाल सरकारको लगानी खेर गएको छ । कार्यालयले अविरल वर्षाको कारणबाट क्षति भएको जानकारी विभागमा गराए तापनि हेडवर्क्सको डिजाइन ४० मिटर मात्र भएको कारणबाट डिजाइनमा त्रुटि भएको प्राविधिकहरुको राय रहेको पाइएकोले डिजाइन गर्ने प्राविधिकलाई जिम्मेवार बनाई क्षति सम्बन्धमा छानबिन गरी कारबाही हुनुपर्छ ।

२०. **नहर सञ्चालन -** कञ्चनपुर र कैलाली जिल्लाका केही भागमा सिँचाइ सुविधा पुऱ्याउन महाकाली सिँचाइ आयोजना तेस्रो चरणको निर्माण कार्य २०६३।६४ मा शुरु भई २०७४।७५ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ । विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदनअनुसार रु. ११ अर्ब १६ करोड ८३ लाख लागत रहेको सो आयोजनामा २०७३।७४ सम्म रु.१ अर्ब ५७ करोड ७१ लाख खर्च भई १९.७६ प्रतिशत भौतिक प्रगति भएको छ । आयोजनाले हालसम्म १२.६९ कि.मि. मूल नहर निर्माण गर्ने सम्झौता गरेको छ । नेपाल र भारत सरकारबीच सन् १९९६ फेब्रुअरी १२ मा भएको दुई पक्षीय सन्धिअनुसार टनकपुर बाँधबाट आयोजनाले निर्माण शुरु गरेको बिन्दुसम्मको १ हजार २०० मिटरको निर्माण कार्य तथा हेड रेगुलेटर भारतीय सरकारले निर्माण गर्ने उल्लेख भएकोमा उक्त निर्माण कार्य हुन नसकेको र वर्षायाममा २८.३५ घनमिटर प्रतिसेकेण्ड र सुख्खा याममा ८.५० घनमिटर प्रतिसेकेण्ड परिमाणमा पानी उपलब्ध नभएकोले आयोजना सञ्चालनमा आउने अवस्था छैन । सन्धिअनुसार निर्माण कार्य सम्पन्न गरी मूल नहर सञ्चालनमा ल्याउनुपर्दछ ।

२१. **समन्वय -** विस्तृत आयोजना प्रतिवेदनअनुसार रु.५ करोड ७२ लाख लागत अनुमान भएको २३० हेक्टर जमिन सिँचाइ हुने प्युठान जिल्लाको लुग्रीमाडी सिँचाइ योजना २०४४।४५ मा सञ्चालन भएको र सो मध्येको एक कम्पोनेन्टको काम २०७०।७१ देखि शुरु भई हालसम्म रु.४ करोड ८७ लाख खर्च भएको छ । योजनाको कार्य सम्पन्न नहुँदै स्थानीय सडकले नहर क्रसिङ र समानान्तर रुपमा खनेको सडकको माटोले नहरलाई बाधा पुऱ्याएकोले नहर सञ्चालनमा आएको छैन । स्थानीय सडकबाट पर्न गएको प्रभावबाट अर्को सरकारी योजनामा अवरोध हुने स्थिति उपर सम्बन्धित निकाय बीच समन्वय गरेको देखिएन । सम्बन्धित निकायबीच समन्वय गरी योजना सञ्चालनमा ल्याउनुपर्दछ ।

२२. **डिजाइन परिवर्तन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (६) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्ने प्राविधिकभन्दा एक तहमाथिको प्राविधिक वा प्राविधिकको समूहलाई डिजाइन ड्राइङ जाँच्न लगाई कुनै त्रुटि देखिएमा त्यस्तो त्रुटि सच्चाउन लगाउनुपर्ने उल्लेख छ । वाग्मती सिँचाइ आयोजनाको पश्चिमी मूल नहरको चेनेज १+३५० कि.मि. मा ड्रेन साइफनमा परिवर्तन गर्ने सेटलिङ्ग वेसिनको लम्बाई र चौडाई बढाउने र फ्लसिङ च्यानलको लम्बाई घटाई शुरुको डिजाइनमा परिर्वतन गरेको छ । यसले डिभाइड वालको मोटाई तथा डण्डीको काममा वृद्धिलगायत ९ आइटमको काममा वृद्धि भई शुरु सम्झौता रु.२२ करोड ३१ लाख २४ हजारमा १४.७१ प्रतिशतले हुने रु.३ करोड २८ लाख २२ हजार भेरिएसनबाट वृद्धि भएको छ । शुरुको डिजाइन स्वीकृत गर्ने पदाधिकारी वा विशेषज्ञको समूहले अध्ययन नगरी डिजाइन स्वीकृत गरेको र पछि डिजाइन उपयुक्त नभएको उल्लेख गरी भेरिएसनमार्फत काम गराउँदा थप व्ययभार परेको छ । निर्माणको क्रममा भेरिएसन गर्नुपर्ने गरी त्रुटिपूर्ण डिजाइन तयार गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ ।

जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग

जलउत्पन्न प्रकोप नियन्त्रण कार्य सञ्चालन गर्न विभागमा ४ महाशाखा, केन्द्रीयस्तरका ४ नदी नियन्त्रण आयोजना, जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम कार्यान्वयन गर्न ७ फिल्ड कार्यालय र जिल्लास्तरमा कार्यक्रम कार्यान्वयन गर्न २६ डिभिजन तथा सव डिभिजन कार्यालय रहेका छन् ।

२३. **नीति कार्यान्वयन -** यो वर्ष जलउत्पन्न प्रकोप नियन्त्रण ऐन तर्जुमा गर्ने, नदी नियन्त्रण तथा पहिरो रोकथामसम्बन्धी डिजाइन म्यानुअल तयार गर्ने, प्रमुख नदीहरुको गुरुयोजना स्वीकृत गरी सञ्चालनमा ल्याउने, आयोजना छनौटका आधार यकिन गर्ने, प्रकोप रोकथाम एवं नियन्त्रणका मोडेल प्रोजेक्टहरु तयार गर्ने र आपत्कालीन कार्य समेटी कार्यविधि अद्यावधिक गर्न नसकेको अवस्था छ । विभागले तत्कालीन आवश्यकताका आधारमा कार्यक्रम बनाई समस्या हल गर्ने खालका कार्यक्रमलाई जोड दिएकाले जलउत्पन्न प्रकोप व्यवस्थापन नीतिमा भएका व्यवस्थाको पूर्ण कार्यान्वयन हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२४. **विस्तृत आयोजना प्रतिवेदन -** विभागबाट ठूला प्रकृतिका नदीहरुमा व्यवस्थित नदी नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम गर्न केन्द्रीयस्तरका आयोजना र जनसहभागितामा आधारित जनताको तटबन्ध कार्यक्रम सञ्चालनमा रहेकोमा २०७३।७४ सम्म कर्णाली, नारायणी, पूर्वी राप्ती, कन्काईलगायत ३१ नदीमध्ये २७ नदीको रु.६१ अर्ब १२ करोड ५९ लाख लागत अनुमानको विस्तृत आयोजना प्रतिवेदन तयार गरेको छ । सो प्रतिवेदनअनुसार गुरुयोजना स्वीकृत गरी बहुवर्षीय कार्यक्रमको रुपमा बजेट व्यवस्थापन गर्नुपर्नेमा हालसम्म गुरुयोजना तयार गरेको छैन । उक्त नदीहरुमा हालसम्म रु.७ अर्ब ४४ करोड ११ लाख खर्च भएको छ ।

कमला, महुली, बलुवा र पसाह नदीको विस्तृत आयोजना प्रतिवेदन तयार नगरी हालसम्म रु.१८ करोड ६६ लाख २९ हजार खर्च गरेको छ । गुरुयोजना स्वीकृत गरी बहुवर्षीय कार्यक्रमको रुपमा बजेट व्यवस्थापन हुनुपर्ने, विस्तृत आयोजना प्रतिवेदनमा उल्लिखित लागत अनुमानको आधारमा कार्यक्रम तथा बजेट स्वीकृत हुनुपर्नेमा उक्त प्रतिवेदन स्वीकृत भएको देखिएन । गुरुयोजना तयार गरी वार्षिक कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२५. **लागत लाभ विश्लेषण -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेत विचार गरी आयोजना स्वीकृत गर्नुपर्नेमा विभागले सञ्चालन गरेका नदी नियन्त्रण आयोजनामध्ये महाकाली, पूर्वी राप्ती, विरिङ, बबई र लालबकैया समेत १७ नदीको नियन्त्रणबाट १५ लाख ४५ हजार जनता लाभन्वित हुने र ८ हजार ७१ हेक्टर जमिनको पुनः प्राप्ति हुने जनाएको छ भने अन्य नदीहरुको सम्बन्धमा विश्लेषण गरेको देखिएन । विभागबाट सञ्चालित सबै नदी नियन्त्रण आयोजनाको लागत लाभ विश्लेषण गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२६. **नदी उकास जग्गाको संरक्षण -** विभागले नदी नियन्त्रण आयोजना कार्यान्वयनबाट प्राप्त उकास जग्गाको अभिलेख राखी त्यसको समुचित संरक्षण गर्नुपर्नेमा २०६७६८ सम्म कन्काई नदी झापा, रतुवा मावा नदी मोरङ, रातो नदी महोत्तरी, नारायणी नदी चितवन, तिनाउ दानव नदी रुपन्देहीलगायत १० नदीबाट १२१.५० हेक्टर सार्वजनिक र ३७९.२२ हेक्टर व्यक्तिगत गरी ५००.७२ हेक्टर जग्गा उकास गरेकोमा उक्त अवधिपछि नदी नियन्त्रणबाट उकास भएको जग्गाको अभिलेख राखेको छैन । साथै उकास भएको सार्वजनिक जग्गाको संरक्षणको लागि कार्यक्रम बनाई लागू गरेको पाइएन ।

२७. **आयोजनाको स्वीकृति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ (१) अनुसार आयोजना कार्यान्वयन गर्नको लागि स्वीकृत सर्वेक्षण ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ । यो वर्ष नयाँ प्रविधिमा आधारित नदी नियन्त्रणसम्बन्धी नमूना कार्य गर्न रु. ३ करोड १९ लाख २९ हजारको एकमुष्ट कार्यक्रम स्वीकृत गरेकोमा दाङ जिल्लाका ५ स्थानमा नयाँ प्रविधिमा आधारित नदी व्यवस्थापन कार्य सञ्चालनको लागि विभागबाट निर्णय गरी उपभोक्ता समितिमार्फत काम गराई रु.१ करोड ३१ लाख ५२ हजार खर्च गरेको छ । विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन र लागत अनुमान स्वीकृत गरी बजेट व्यवस्थापन नगरी आयोजना सञ्चालन गर्नु बजेट तथा कार्यक्रम तर्जुमा सिद्धान्त अनुकूल देखिएन । आर्थिक कार्यविधि नियमावलीबमोजिम योजना छनौट गरी कार्यक्रम स्वीकृत तथा सञ्चालन गर्नुपर्दछ ।

२८. **कार्यक्षेत्र बाहिर खर्च -** स्थान विशेष किटान नगरी नदी नियन्त्रण कार्यको मोडेल साइट स्थापना र विकासको लागि बजेट व्यवस्था भएकोमा अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले गुहेश्वरी मन्दिरदेखि करिब एक डेढ किलोमिटरसम्मको माथिल्लो भागमा नदीको दुवै किनारमा तटबन्ध र आवश्यक संरचना निर्माण गर्न वाग्मती नदीको गुह्येश्वरी क्षेत्रमा ५०० मिटर ढुङ्गाको सट्टा कंक्रिट ब्लक प्रयोग गर्ने गरी ग्यावियन ब्लक रिभेटमेन्ट र ग्यावियन लन्चिङ एप्रोन निर्माण गर्न एक निर्माण व्यवसायीको रु.१ करोड ८८ लाख १५ हजारको बोलपत्र स्वीकृत गरेकोमा कार्य गराउँदा नक्सा बनाएको स्थानभन्दा तल निर्माण कार्य गराई हालसम्म रु.१ करोड ३४ लाख ८९ हजारको भुक्तानी गरेको छ । विभागको कार्य क्षेत्र अर्न्तगत पर्ने कार्यक्रम सञ्चालन गर्नको लागि विशेष स्थान किटान गरी सोही आधारमा कार्यक्रम स्वीकृत गराएर मात्र नदी नियन्त्रण कार्य गराउनुपर्नेमा स्थान किटान नगरी वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यक्षेत्रभित्र पर्ने स्थानमा कार्यक्रम सञ्चालन गरेको नियमसम्मत देखिएन ।

२९. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा ठेक्का सम्झौताअनुसार तटबन्ध निर्माणमा प्रयोग हुने निर्माण सामग्री ढुङ्गा, गिट्टी, बालुवा, डण्डी, जी.आई. तार, कम्प्याक्सन, फिलिङ मेटेरियल आदिको गुणस्तर परीक्षण गर्ने व्यवस्था रहेकोमा महाकाली नदी नियन्त्रण आयोजनाले २ ठेक्का कार्यको २ वटा रनिङ बिलबापत रु.२ करोड २३ लाख ९८ हजार भुक्तानी गरेकोमा निर्माण कार्यको गुणस्तर परीक्षण गराएको छैन । परामर्शदाताको प्रस्तावअनुसार दैनिक रुपमा गर्नुपर्ने आधारभूत परीक्षणको लागि चाहिने औजार तथा उपकरणसहितको ल्याव सुविधा परामर्शदातालाई आयोजनाले उपलब्ध गराउनुपर्नेमा लेखापरीक्षणको क्रममा ल्याव निरीक्षण गर्दा बालुवा, गिट्टी र कंक्रिट क्युव टेष्ट गर्ने सुविधामात्र उपलब्ध

भएको देखियो । ल्यावमा सिमेन्ट, माटो, तारको जिंक र फलामे डण्डी टेष्ट गर्ने उपकरणको अभाव रहे तापनि अन्यत्रका ल्यावबाट परीक्षण गर्न सकिनेमा सो समेत गरेको छैन । साइटमा ३ ठेक्काको काम भैरहे पनि २०७४।१०।१८ मा ल्याव निरीक्षण गर्दा कुनै पनि प्रकारका नमूना गुणस्तर परीक्षणको लागि साइटबाट ल्याएको देखिएन । हाल तटबन्ध निर्माण भैरहेका २ ठेक्कामा काउण्टर फोर्ट वाल निर्माणको ढलान गरिने स्थानमा जम्मा भएको पानी ननिकाली ढलान गरेको कारण कंक्रिट मिक्सले पर्याप्त स्ट्रेन्थ लिनसक्ने अवस्था देखिएन । ठेक्का सम्झौताअनुसार नदी नियन्त्रण कार्यमा ग्याविन वाल लगाउँदा ढुङ्गाको परीक्षणअन्तर्गत ग्राभिटी अफ स्टोन, पानी सोस्ने क्षमता, साइज आदि परीक्षण गरेको पाइएन ।

३०. **पर्खालको अवस्था -** महाकाली नदी नियन्त्रण आयोजनाको तटबन्ध निर्माण कार्यअन्तर्गत चेनेज ०+६४० देखि ०+७०० सम्म कंक्रिट रिटेनिङ वाल लगाउन एक निर्माण व्यवसायीसँग सम्झौता भई शेयर कि प्रविधिको वाल लगाउने कार्य भएकोमा २०७४ असोजमा उक्त वाल ढल्किएको, भाच्चिएको र धसिएको स्थलगत निरीक्षणबाट देखियो । वालको सुरक्षाका लागि निर्माण व्यवसायीले डिजाइन अनुसार अघिल्लो भागमा लन्चिङ एप्रोन र स्टड निर्माण गर्नुपर्नेमा गरेको पाइएन । सोही काम नगरेको कारण खोतिला पहिरोले पानीको वहाव तटबन्धतर्फ बढ्न गई तटबन्धलाई प्रभावित पारेको छ । निर्माण व्यवसायीले नदीमा पानीको परिमाण बढ्ने समयलाई समेत विचार गरी तटबन्ध निर्माण कार्यको व्यवस्थापन गरेको देखिएन । आयोजना, परामर्शदाता र निर्माण व्यवसायीहरुबीच २०७३।१०।२५ मा बसेको बैठकको निर्णय पश्चात् तटबन्ध निर्माण शुरु गरेको र महाकाली नदीमा चैत्र महिनादेखि पानीको सतह बढ्ने विषयमा निर्माण व्यवसायीले ध्यान दिन नसक्दा ठेक्काको काम सम्पन्न नहुँदै वाल भत्केको देखियो । निर्माण व्यवसायीबाट पुनः बनाउनुपर्नेमा २०७४ माघसम्म सो काम गर्न आयोजनाबाट निर्देशन दिएको देखिएन । रु.१ करोड ४९ लाख लागतको उक्त काम निर्माण व्यवसायीमार्फत गराउनु पर्दछ ।

३१. **डिजाइन परिवर्तन -** महाकाली नदी नियन्त्रण आयोजनाको तटबन्ध निर्माणको सर्भे तथा डिजाइन कार्य परामर्शदाताले गरेको र सो डिजाइनअनुसार काम गर्दा लन्चिङ ब्लकको साइज वृद्धि गर्नुपरेको, जग खन्दा स्याण्ड वोइलिङ भएको, तटबन्ध पछाडिको रिटेनिङ वालको क्वान्टिटी कम राखेको, जगमा ठूला रक भेटिएको, काउण्टरफोर्ट वालको लागि जमिनको चौडाई नपुगेको आदि कारण देखाई महानिर्देशकबाट ठेक्का नं. १ देखि १० सम्मको तटबन्ध निर्माण कार्यको डिजाइन परिवर्तन भएको छ । शुरुको डिजाइन, एलाइनमेण्ट तथा लागत अनुमानमा सामान्य परिवर्तन स्वाभाविक भए पनि भौगर्भिक अध्ययन नगरी वालको जगको डिजाइन गरेको छ । त्रुटिपूर्ण डिजाइन गर्ने परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

३२. **त्रुटिपूर्ण डिजाइन -** महाकाली नदी नियन्त्रण आयोजनाले निर्माण गर्नुपर्ने ४ हजार ५०० मिटर पक्की तटबन्ध मध्ये हालसम्म ४ हजार ९० मिटर निर्माण भैसकेको छ । त्यसमध्ये काउण्टरफोर्ट प्रविधिको वाल २ हजार ६७४ मिटर र ग्राभिटी वाल १ हजार ४१६ मिटर छ । ग्राभिटी वालमध्ये पनि कन्स्ट्रक्सन ज्वाइन्ट वाल १ हजार १८२ मिटर र शेयर कि वाल २३४ मिटर छ । वाल जोडिने स्थानमा मात्र डण्डी राखी ठेक्का नं. १० अन्तर्गत निर्माण गरेको ६० मिटर शेयर कि वाल २०७४ असोजमा धसिएको र भाँचिएको अवस्था छ । वालको जोडाइमा मात्र डण्डी प्रयोग भएको र जोडाइमा कंक्रिट आपसमा नजोडिएर स्लाइसिङ भएको देखिएकोले यसप्रकारको वालको डिजाइन त्रुटिपूर्ण देखिन्छ । ग्राभिटी वालमा तलदेखि माथिसम्म उपयुक्त परिमाणमा डण्डी राखी निर्माण गर्दा सुरक्षित हुने विषयमा प्राविधिकको ध्यान पुग्न सकेको देखिएन । यो आधारमा डण्डी बेगर निर्मित ज्वाइन्ट वाल पूर्णरुपले विश्वसनीय हुने आधार देखिएन । यसको छानबिन गर्नुपर्दछ ।

३३. **लागत अनुमान -** मन्त्रिपरिषद्बाट नर्म्स स्वीकृत गराई सोबमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्नेमा खाँडो नदी नियन्त्रण आयोजना, सप्तरीले नदी नियन्त्रण कार्यको विभिन्न चेनेजमा प्रोक्युपाइन पद्धतिबाट २ हजार ६०० सेटको प्रतिसेट रु.२ हजार ५०० का दरले लागत अनुमान तयार गरी ४ उपभोक्ता समितिलाई रु.६५ लाख भुक्तानी गरेको छ । स्वीकृत नर्म्सबेगर लागत तयार गरी निर्माण गराउनु नियमसम्मत देखिएन ।

३४. **बाढीबाट क्षति -** जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन, सिरहाले सप्तरी जिल्लामा पर्ने महुली खोलामा जनसहभागितामा आधारित तटबन्ध कार्यक्रमअन्तर्गत नदी नियन्त्रण कार्यको लागि एक निर्माण व्यवसायीलाई रु.१ करोड ६४ लाख ५० हजार भुक्तानी गरेको छ । लेखापरीक्षणका क्रममा स्थलगत निरीक्षण गर्दा २ हजार ४०० मिटरसम्मको तटबन्ध कार्य वर्षात्को बाढीले बगाई क्षति पुऱ्याएकोले नदी नियन्त्रण कार्य हुनसकेको

छैन । साथै स्थानीय जग्गाधनीहरुले आफ्नो जग्गा मिचेको भनी उच्च अदालतमा मुद्दा दायर गरेकोले निषेधाज्ञा जारी भई थप कार्य हुन सकेको छैन ।

३५. **अधुरो कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उपभोक्ता समितिले पाएको कार्य आफैले सम्पन्न गर्नुपर्ने व्यवस्था छ । कुनै कारणवश समितिले काम गर्न नसकेमा सो कुराको जानकारी सार्वजनिक निकायलाई दिनुपर्ने र सार्वजनिक निकायले आवश्यक जाँच गरी ठेक्का तोडी उक्त कार्य गराउन आवश्यक व्यवस्थापन गर्नुपर्दछ । जलउत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय, बाराले भारतीय अनुदान सहयोगमा सञ्चालित वाग्मती नदी नियन्त्रण कार्यको लागि ४ उपभोक्ता समितिसँग रु. १ करोड ४४ लाखको सम्झौता गरेकोमा ती समितिबाट रु.८४ लाख ५० हजारको कार्य गराई अन्तिम बिल भुक्तानी गरेको छ । सम्झौताअनुसारको कार्य सम्पन्न नगरेको र खर्च सार्वजनिक नभएको अवस्थामा कार्यालयबाट अनुगमन नगरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोले यसमा भएको लगानीको अपेक्षित उपलब्धि प्राप्त भएको छैन । यस सम्बन्धमा छानबिन गरी यकिन गर्नुपर्दछ ।

३६. **स्रोत सुनिश्चितता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ अनुसार खरिदको लागि बजेट व्यवस्था नभई खरिद कारबाही शुरु गर्न नहुने उल्लेख छ । जनताको तटबन्ध कार्यालय, महेन्द्रनगरले यो वर्ष महाकाली, मोहना, खुटिया र दोधा नदी नियन्त्रण कार्यको लागि रु.२४ करोड बजेट स्वीकृत गरेकोमा गत वर्षको दायित्व भुक्तानी रु.६ करोड ३४ लाख कट्टा गरी रु.१७ करोड ६६ लाख उपलब्ध हुनेमा स्रोत सुनिश्चितता नगरी रु.७८ करोड ८ लाखको खरिद कारबाही गरी ११ कार्यको लागि बोलपत्र स्वीकृत गरेको छ । जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय, कास्कीले रु.१० करोड ४४ लाखको शुरु अख्तियारी पाए तापनि रु.२० करोड ३० लाख खर्च गरेको छ । त्यस्तै, रुपाताल संरक्षण एकीकृत विकास परियोजनाले रुपाताल संरक्षणको लागि कार्यक्रम र अख्तियारी प्राप्त नहुँदै रु.२ करोड १ लाख खर्च गरेको छ । संशोधित कार्यक्रम र थप बजेट अख्तियारी प्राप्त नभएको अवस्थामा खरिद कार्य गर्नु नियमसम्मत देखिएन ।

३७. **अनुगमन -** कन्टिन्जेन्सी रकमको २ प्रतिशत रकम पुँजीगत कार्यमा खर्च गर्नुपर्नेमा यो वर्ष १०५ इकाइले पुँजीगत तथा चालु खर्च शीर्षक यकिन नगरी रु.६८ करोड ६३ लाख २१ हजार खर्च गरेको छ । कन्टिन्जेन्सीबाट ज्यामी ज्याला खर्च गरेकोमा सुम्पिएको जिम्मेवारी तथा सम्पादित कामको अभिलेख तयार नगरेको, आयोजनाको कामसँग प्रत्यक्ष सरोकार नभएका कार्यमा खर्च गरेको, सबै सिँचाइ प्रणालीबाट सिँचाइ शुल्क सङ्कलन नगरेको, एउटै नहर प्रणाली तथा संरचना निर्माणको कार्य तोकिएको सीमाभित्र रहने गरी स-साना टुक्रा गरी उपभोक्ता समितिमार्फत गराएको, उपभोक्ता समितिमार्फत काम गराउँदा उपभोक्ता समितिको बैठकबाट आम्दानी खर्च अनुमोदन तथा खर्च सार्वजनिक नगरेको, बीमा पोलिसी र प्रिमियम तिरेको प्रमाण नलिई सम्बन्धित निर्माण व्यवसायीलाई बीमाबापत भुक्तानी गरेको लगायतका व्यहोरा औँल्याएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

रानीजमरा कुलरिया सिँचाइ आयोजना

कैलाली जिल्लाको ३८ हजार ३०० हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले पूर्व-पश्चिम राजमार्गको कर्णाली पुलभन्दा १०० मिटर तल साइड इन्टेक तथा नहर प्रणाली निर्माण गर्न वि.सं. २०६६ मा आयोजना कार्यालयको स्थापना भएको हो । नेपाल सरकार र विश्व बैङ्कको वित्तीय सहयोगमा सञ्चालित आयोजनाको प्रथम चरणको निर्माण कार्य अवधि २०७४।७५ सम्म रहेको छ । आयोजनामा २०६६।६७ देखि २०७३।७४ सम्म रु.८ अर्ब ४९ करोड ६३ लाख खर्च भई समग्र भौतिक प्रगति ६५ प्रतिशत रहेको देखिन्छ ।

३८. **एकीकृत डी.पि.आर.** - रानीजमरा कुलरिया सिँचाइ आयोजनामा नेपाल सरकार, नेपाल सरकारको काउन्टर पार्ट र विश्व बैङ्क गरी ३ किसिमबाट बजेट व्यवस्था गरी खर्च हुने गरेको छ । विश्व बैङ्क र नेपाल सरकारको काउन्टर पार्टअन्तर्गतका खर्च विश्व बैङ्कले २०६८।२।२१ मा तयार गरेको प्रोजेक्ट एप्रेजल डकुमेन्टमा आधारित रहेको छ । सो डकुमेन्टमा उल्लिखित कार्यहरुलाई पहिलो चरणभित्रका कार्यमा समावेश गरेको छ । फिडर नहरबाट अपस्ट्रिमतर्फका मूल नहर, पावर हाउस, सेटलिङ्ग वेसिन, इन्टेक जस्ता निर्माण कार्यको लागि नेपाल सरकारको स्रोततर्फमात्र बजेट व्यवस्था भएको र ती कार्यहरुमा २०७३।७४ सम्म रु.४ अर्ब ५२ करोड ८१ लाख खर्च भएको छ । उल्लिखित खर्च डी.पी.आर.मा आधारित हुनुपर्नेमा खरिद गुरुयोजनामा आधारित रहेको देखियो । आयोजनाको एकीकृत डी.पी.आर. तयार हुनुपर्छ ।

३९. **अधुरो ठेक्का** - आयोजनाले ड्रेन इन्लेट स्ट्रक्चरसम्बन्धी काम गर्न एक निर्माण व्यवसायीसँग २०७२।१२।१६मा रु.१४ करोड ९ लाख १४ हजारको काम सम्झौता गरी सम्झौताको मितिदेखि १५ महिना म्याद रहेको उक्त निर्माण कार्यको प्रगति ३० प्रतिशतमात्र भएको देखियो । उक्त ठेक्काको म्याद समाप्त भएकोले निर्माणसम्बन्धी काम अधुरो रहन गएको देखिन्छ । लामो समयसम्म काम अधुरो राख्दा निर्मित संरचनामा असर पर्ने भएकोले निर्माण व्यवसायीलाई कानुनबमोजिमको काम सम्पन्न गर्न लगाउनुपर्दछ ।

४०. **अधिकारबेगर नर्म्स स्वीकृत -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (२) मा निर्माण कार्यको लागत अनुमान मन्त्रिपरिषद्बाट स्वीकृत भएको नर्म्सबमोजिम तयार गर्नुपर्ने उल्लेख छ । मन्त्रिपरिषद्बाट २०४१ सालमा स्वीकृत भएको निर्माण कार्यको नर्म्समा २०४६ मा दोस्रो संस्करण स्वीकृत भएको छ । सो नर्म्समा आर.सी.सी. ढलानको लागि फलामे डण्डी काट्ने, मोड्ने, नक्सा अनुसार ठाउँमा राख्ने, डण्डी बाँध्ने कामका लागि प्रति मेट्रिकटन सिपालु कामदार ८ जना लाग्ने उल्लेख छ । आयोजनाले नेपाल सरकारबाट स्वीकृत नर्म्स प्रयोगमा नल्याई सिँचाइ विभागका महानिर्देशकबाट २०५९ (सन् २००२) मा स्वीकृत भएको नर्म्सअनुसार प्रतिमेट्रिकटन १२ जना सिपालु कामदार लाग्ने गरी लागत अनुमान तयार गरेकोले फलामे छडको कार्यमा प्रति मेट्रिकटन ४ जना बढी लाग्ने गरी लागत अनुमान तयार गरेको छ । मूल नहर, ब्यारेल, सेटलिङ्ग वेसिनलगायतको निर्माण कार्यको ठेक्काको लागत अनुमानमा रु.१ करोड ७४ लाख ३७ हजार, नहर लाइनिङ, सडक सुधार कार्यको अर्को ठेक्काको लागत अनुमानमा रु.४० लाख ८२ हजार तथा लम्की विस्तारतर्फको ठेक्कामा रु.१ करोड १३ लाख ५५ हजारसमेत तीन ठेक्कामा रु.३ करोड २८ लाख ७४ हजार बढीको लागत अनुमान स्वीकृत गरेको देखियो । मन्त्रिपरिषद्बाट स्वीकृत गर्नुपर्ने नर्म्स महानिर्देशकबाट स्वीकृत गरी बढी दरमा लागत अनुमान स्वीकृत गरेकोले नेपाल सरकारलाई हानि नोक्सानी हुन गएको छ । यसमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई सुधार हुनुपर्दछ ।

४१. **निर्माण व्यवसायी कोष -** निर्माण व्यवसायी नियमावली, २०५६ को नियम १४ मा कुनै पनि सार्वजनिक निर्माण कार्य गर्ने निर्माण व्यवसायीको स्वीकृत ठेक्का अंकको ०.१० प्रतिशतले हुने रकम उक्त कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आयोजनाले निर्माण व्यवसायीहरुलाई ठेक्का विलको भुक्तानी गर्दा यो वर्ष मूल्य अभिवृद्धि कर बाहेक रु.१ अर्ब ७६ करोड २५ लाख भुक्तानी गरेकोमा सो भुक्तानीको ०.१० प्रतिशतले हुने रु.१७ लाख ६२ हजार निर्माण व्यवसायी कोषमा दाखिला भएको देखिएन । उक्त रकम दाखिला हुनुपर्दछ ।

४२. **पानीको उपलब्धता -** प्रति सेकेण्ड १०० घन मिटर क्षमताको साइड इन्टेक निर्माणको ठेक्कामा रु. १ अर्ब २२ करोड ८८ लाख भुक्तानी भैसकेको छ । विश्व बैङ्कले तयार गरेको प्रोजेक्ट एप्रेजल डकुमेन्टको दफा ७९ मा कर्णाली नदीले आफ्नो धार परिवर्तन गर्न सक्ने भई सुख्खा मौसम र हिउँदमा पानीको अभाव हुने सम्भावना रहने उल्लेख छ । त्यस्तै, इन्टेकको अपस्ट्रिमतर्फ माथिल्लो कर्णाली आयोजनाले विद्युत उत्पादन गर्न कर्णाली नदीको पानी प्रति दिन २१ घण्टा थुन्ने र ३ घण्टा मात्र छोड्ने हुनाले सो को असर यस आयोजनालाई पर्ने देखिन्छ । सन् २०१४ मा लगानी बोर्ड र विद्युत उत्पादक कम्पनीबीच भएको सम्झौताको दफा ६.३ मा सिँचाइ आयोजनालाई पर्ने असरका सम्बन्धमा ६ महिनाभित्र अध्ययन गरी प्रतिवेदन पेस गर्नुपर्ने उल्लेख भएकोमा ३ वर्ष व्यतीत भइसके तापनि प्रतिवेदन तयार भएको छैन । कर्णाली नदीमा बाँधलगायतका स्थायी संरचना निर्माण नहुनु र विद्युत आयोजनाले समेत सिँचाइको लागि पानीको उपलब्धतामा असर पुऱ्याउने हुँदा निरन्तर रुपमा १०० घनमिटर प्रतिसेकेण्ड पानी उपलब्ध हुन सक्नेमा आशंका रहेको छ ।

४३. **निर्माणस्थलको व्यवस्था** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारबाही शुरु गर्न नहुने व्यवस्था छ । आयोजनाले लम्की विस्तारका ठेकेदारलाई वातावरणीय प्रभाव, जग्गा अधिकरण, पुनर्वास जस्ता कार्य नटुंग्याई अर्थात् निर्माणस्थलको व्यवस्था नगरी रु.१ अर्ब ७१ करोड ७९ लाखको २०७३।४।२३ मा सम्झौता गरी निर्माण व्यवसायीलाई रु.२२ करोड ७४ लाख मोबिलाइजेसन पेस्की दिएकोमा २०७४ माघ सम्ममा पनि काम शुरु हुन सकेको छैन । निर्माणस्थलको व्यवस्था नगरी ठेक्का लगाई निर्माण व्यवसायीलाई फाइदा पुग्ने गरी पेस्की दिएको उचित देखिएन ।

४४. **सुरक्षा व्यवस्था -** आयोजनाले निर्माणाधीन नहरमा पर्याप्त मात्रामा सुरक्षा व्यवस्थाको प्रबन्ध मिलाउनुपर्दछ । आयोजनाले निर्माण गरेको मूल नहर तथा फिडर क्यानलमा सर्भिस रोडको ग्राभेल र मानव तथा जीवजन्तु

खस्न सक्ने स्थिति रहेको देखियो । जनावरको परम्परागत बाटो छेकिएको तर पर्याप्त सुरक्षा प्रबन्ध अपनाएको पाइएन । सुरक्षा व्यवस्थाको तयारीमा आयोजनाको ध्यान जानुपर्दछ ।

४५. **विद्युत उत्पादनमा पानी अपुग -** नेपाल सरकारको स्रोतबाट कटासे भन्ने स्थानमा ४.८ मेगावाट क्षमताको विद्युत उत्पादन गर्ने कार्य समेतलाई आयोजनाले आफ्नो कार्य क्षेत्रभित्र समावेश गरेको छ । इन्टेकबाट १०० घनमिटर प्रतिसेकेण्ड पानी प्रवाह भएपछि २० घनमिटर प्रतिसेकेण्ड पानीलाई सेटलिङ वेसिनमार्फत कर्णाली नदीमा नै पठाएपछि बाँकी ८० घनमिटरमध्ये विद्युत गृह नपुग्दै ४० घनमिटर पानी लम्की विस्तारतर्फ पठाई बाँकी ४० घनमिटर पानीमात्र विद्युत उत्पादन र रानीजमरा कुलरिया सिँचाइ प्रणालीअन्तर्गत पठाउने व्यवस्था गरेको छ । सिँचाइको लागि नयाँ क्षेत्र लम्की विस्तारतर्फ आधा पानी पठाएपछि लक्ष्यअनुसार विद्युत उत्पादनको लागि पानी पर्याप्त पुग्ने/नपुग्ने सम्बन्धमा आयोजनाले विश्लेषण गरेको देखिएन ।

सिक्टा सिँचाइ आयोजना

बाँके जिल्लाको अगैयास्थित राप्ती नदीमा बाँध निर्माण गरी जिल्लाको ४२ हजार ७६६ हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको यो आयोजना २०५९।६० देखि शुरु भएको देखिन्छ । आयोजनाको शुरु लागत रु.७ अर्ब ४४ करोड भएकोमा २०७१।७२ मा संशोधित लागत अनुमान रु.२५ अर्ब २ करोड र आयोजना सम्पन्न हुने अवधि २०७६।७७ सम्म पुऱ्याएको छ । यो वर्षसम्म रु.१३ अर्ब २३ करोड खर्च भई समग्र भौतिक प्रगति ५६ प्रतिशत पुऱ्याएको छ । कार्यतालिकाअनुसार काम हुन नसक्दा आयोजनाको लागत र अवधि वृद्धि हुँदै गएको छ ।

४६. **निर्माण कार्यमा ढिलाइ -** आयोजनाको मूल नहर निर्माण गर्न एक जे.भी.सँग २८ महिनाभित्र कार्य सम्पन्न गर्न २०७३ आषाढ ६ मा रु.९८ करोड ८१ लाखमा सम्झौता गरी २०७४ आषाढसम्म रु.१ करोड २३ लाख ९६ हजार भुक्तानी भएको छ । सम्झौता भएको १९ महिनाको अवधिमा २ प्रतिशतमात्र काम गरेकोले २ पटकसम्म राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी ताकेता गर्दा समेत काम सुचारु गरेको पाइएन । सम्झौताअनुसार २०७२।७३ मा दिएको मोबिलाइजेसन पेस्की रु.८ करोड ३३ लाख बाँकी नै रहेको छ । तटबन्ध निर्माण तथा नदी नियन्त्रण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७१ फागुन १८ मा रु.६ करोड ७५ लाख ९० हजारको सम्झौता गरी यो वर्षसम्म रु.४ करोड ४८ लाख ७४ हजार भुक्तानी भएको छ । उक्त कार्य सम्पन्न गर्न २०७२ आषाढ २५ सम्म म्याद तोकिएकोमा ३ पटकसम्म म्याद थप गर्दा समेत काम सम्पन्न नगरेकोले आयोजनाले सो पश्चात् म्याद थप नगर्ने जानकारी गराएको छ । निर्माण व्यवसायीको नाममा रु.३३ लाख ८० हजार पेस्की बाँकी नै छ । तोकिएको समयमा काम सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताअनुसार कारबाही गरी काम सम्पन्न गर्नुपर्दछ ।

४७. **संरचनामा क्षति -** आयोजना सम्पन्न हुने लक्ष्य राखेको ११ वर्ष व्यतीत भइसक्दा समेत पानी वितरणको लागि शाखा नहर तयार भएको छैन । कमाण्ड एरिया तोकिएको पूर्वतर्फ राप्ती सोनारी गाउँपालिकाको सिँचाइयोग्य स्थानमा सिँचाइ सुविधा उपलब्ध गराउन ५३.५० कि.मि. को मूल नहर निर्माण शुरु हुन बाँकी नै छ । २०७१।७२ मा निर्माण भएको आयोजनाको मुख्य नहरमा ठाउँ ठाउँमा बेड फुटेको, सर्भिस रोड भत्किएको, नहरको स्लोप फुटेको र भत्किएको देखिएको छ । वितरण प्रणाली नै तयार नभई मूल नहरको धेरै ठाउँमा नोक्सान पुगेको देखिन्छ । आयोजनाले निर्माण कार्यको गुणस्तरमा पुनरावलोकन गर्नुपर्दछ ।

४८. **माटो परीक्षण -** मूल नहरको चेनेज नं. २० कि.मि.मा सर्भिस रोडबाट पानी छिर्ने, बेड फुट्ने, स्लोप फुट्ने आदि कारणले मूल नहर बिग्रेको देखिएको छ । अवलोकनको क्रममा उक्त स्थानमा घुलनशील माटोको कारण करिब २ कि.मि. क्षेत्र तथा उक्त स्थानकै माटो लगेर निर्माण भएको अन्य केही स्थानको नहर र सर्भिस रोडमा समेत समस्या भएको जानकारी हुन आएको छ । सतहमा नै देखिने घुलनशील माटोको पहिचान, त्यसको विश्लेषण एवं उपचारको व्यवस्था नगरी नहर निर्माण गर्नाले योजना तयारी चरणमा पर्याप्त ध्यान पुगेको देखिएन ।

सुनसरी मोरङ सिँचाइ योजना

नेपाल सरकार र भारत सरकारबीच २०११ मा भएको कोशी सम्झौताबमोजिम चतरा नहरको विकास गरी मोरङ र सुनसरी जिल्लामा ५३ कि.मि. मूल नहर निर्माण गरी करिब ६८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा

उपलब्ध गराउने उद्देश्यले चतरा नहर सिँचाइ योजनाको निर्माण कार्य २०२१ मा शुरु गरी २०२९ मा सम्पन्न भए पश्चात् २०३२ मा नेपाल सरकारलाई हस्तान्तरण भएको हो ।

४९. **बाँध निर्माण -** विश्व बैङ्कसमेतको वित्तीय सहयोगमा सुनसरी जिल्लाका ४० हजार हेक्टर र मोरङ जिल्लाका २८ हजार हेक्टरसमेत ६८ हजार हेक्टर जमिनमा सिँचाइ सेवा पुऱ्याउने उद्देश्यले सुनसरी जिल्लाको चतरा भएर बग्ने कोशी नदीमा ६० घनमिटर प्रतिसेकेण्ड क्षमताको इन्टेक निर्माण गरी मूल नहरमा पानी प्रवाह हुने व्यवस्था रहेको छ । इन्टेकमा रहेको मिटर रिडिङ रजिष्टरअनुसार श्रावण, भाद्र र असोज महिना बाहेक प्रत्येक महिनाको पानीको डिस्चार्ज अंक तथा सिञ्चित क्षेत्रफल देहायअनुसार रहेको देखिन्छ:

विवरण	महिना	कुल क्षमता (प्रति सेकेण्ड)	डिस्चार्ज अङ्क (प्रति सेकेण्ड)	प्रतिशत
पानी डिस्चार्ज	मार्ग, पौष, माघ, फागुन, चैत्र	६० घ.मि.	२५ घ.मि.	४१.६७
पानी डिस्चार्ज	बैशाख, जेष्ठ, आषाढ	६० घ.मि.	३० घ.मि.	५०.००

हिँउद महिनामा समेत पर्याप्त पानी डिस्चार्ज हुने व्यवस्था गरी स्थायी बाँध निर्माण गरी पर्याप्त सिँचाइ सुविधा पुऱ्याउनेतर्फ योजनाको ध्यान जानुपर्दछ ।

५०. **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षणका विषयसमेत लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम १११(१)(ङ) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था भएकोमा उपभोक्तामार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आइटम समावेश नगरी २० उपभोक्ता समितिमार्फत २१६ पटक कार्य गराई रु.३८ करोड ८ लाख ४८ हजार भुक्तानी दिएको छ । निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्रीलगायत निर्माण कार्यको गुणस्तर परीक्षण गराएको छैन । नियमावलीअनुसार गुणस्तर परीक्षण हुनुपर्दछ ।

५१. **मर्मत सम्भार -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम एक करोड रुपैयाँसम्मको लागत अनुमान भएको काम वा सो सम्बन्धी सेवा उपभोक्ता समितिमार्फत गराउन सकिने व्यवस्था छ । यसैगरी सिँचाइ नीति, २०७० बमोजिम आयोजना/प्रणालीका उपभोक्तालाई कुलोदेखि मूल नहरसम्मको विभिन्न तहमा संगठित गराइने र यसप्रकार संगठित उपभोक्तालाई आयोजना प्रणाली कार्यान्वयन तथा व्यवस्थापनका क्रियाकलापमा सहभागी गराइने उल्लेख छ । योजनाले रु.५ लाखभन्दा तलको ५०५ खरिद कार्यको रु.२२ करोड ३४ लाख ८८ हजारको लागत अनुमान तयार गरी सोझै खरिद प्रक्रियाबाट मर्मत सम्भारको कार्य गराएको छ । उपभोक्ता समूहलाई प्राथमिकता नदिई निर्माण व्यवसायीबाट टुक्रा टुक्रा मर्मत कार्य गराएको नियमसम्मत देखिएन ।

५२. **संयुक्त उपक्रम -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० मा कुनै दुई वा सोभन्दा बढी व्यक्तिले कुनै निश्चित अवधिका लागि तोकिएको कार्य गर्न संयुक्त उपक्रम खडा गरेमा मूल्य अभिवृद्धि करमा दर्ता हुनुपर्ने र दर्ता भएका यस्ता संयुक्त उपक्रमले उपक्रम खडा गर्दा गरेको सम्झौतामा तोकिएको अवधि समाप्त भएपछि दर्ता खारेज गर्नुपर्ने व्यवस्था छ । एक संयुक्त उपक्रमले पटक पटक त्यही मूल्य अभिवृद्धि करमा दर्ता भएको स्थायी लेखा नम्बरबाट कार्य गरेको देखियो । योजनाले कुल रु.७ करोड ७६ लाख ४४ हजारमा २ कार्य उक्त जेभीबाट गराई यो वर्ष मूल्य अभिवृद्धि करसमेत रु.२ करोड ७९ लाख ३९ हजार भुक्तानी गरेको देखियो । एकै जेभीलाई भुक्तानी दिएको रु.३२ लाख १४ हजारको मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेस गर्नुपर्दछ ।

सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना

नेपालको सिञ्चित कृषि क्षेत्रको उत्पादकत्व र सिँचाइ आयोजनाको व्यवस्थापन सुधार गरी एकीकृत जलस्रोत व्यवस्थापनमा संस्थागत क्षमता अभिवृद्धि तथा नीतिगत सुधार गर्ने उद्देश्यले नेपाल सरकार र अन्तर्राष्ट्रिय विकास संस्थाबीचको वित्तीय व्यवस्थापनमा आयोजना सञ्चालनमा रहेको छ । आयोजनाले २०७३।७४ सम्म रु.३ अर्ब १२ करोड ३३ लाख खर्च गरेको र सोको अवधि ३० जून २०१८ सम्म रहेको छ ।

५३. **न्यून प्रगति -** विश्व बैङ्कले सन् २०१३ को नोभेम्बरमा तयार गरेको आयोजनाको प्रोजेक्ट पेपरमा आयोजनाले सञ्चालन गर्ने क्रियाकलापहरुलाई चार वटा कम्पोनेन्टमा वर्गीकरण गरी प्रत्येक कम्पोनेन्टमा गरिने खर्चको निर्धारण गरी नेपालले अन्तर्राष्ट्रिय विकास संस्थासँग वित्तीय सम्झौता गरेको छ । आयोजनाअन्तर्गत सिँचाइ

पूर्वाधार तथा सुधार कम्पोनेन्टमा सञ्चालित १०६ सिँचाइ योजनामध्ये ३० वटा (२८ प्रतिशत) सम्पन्न भएको, सिँचाइ प्रणालीको व्यवस्थापन सुधार कम्पोनेन्टमा कन्काई, सुनसरी मोरङअन्तर्गत रामगन्ज र सीतागन्ज, नारायणी सिँचाइअन्तर्गत ब्लक २ र ८, महाकाली सिँचाइअन्तर्गत पहिलो र दोस्रो चरण सिँचाइ प्रणालीको उपभोक्ताबाट व्यवस्थापन, सञ्चालन र मर्मत सम्भार भएको देखिएन । त्यस्तै, पश्चिम राप्ती, बबई, कर्णाली र गण्डकी नदीहरुको नदी बेसिन योजना तर्जुमा भएको देखिएन । अन्तर्राष्ट्रिय विकास संस्थासँग भएको सम्झौताअनुसारका कार्य सम्पन्न हुनुपर्दछ ।

५४. **विस्तृत सम्भाव्यता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ को (१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा त्यस्ता आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन गरी उपयुक्तताको आधारमा विस्तृत सर्वेक्षण, डिइइ, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नुपर्ने उल्लेख छ । सिँचाइ विकास डिभिजन, कैलालीलाई तीन सिँचाइ उपआयोजना निर्माण गर्न क्रमागत उपआयोजनाअन्तर्गत रु.३ करोड ५ लाख बजेट विनियोजन गरेको छ । उपआयोजनाको विस्तृत सम्भाव्यता अध्ययन नभएकोले सो उपआयोजना सञ्चालन भएको देखिएन । निर्माणको लागि बजेट विनियोजन भएकोमा ती आयोजना निर्माण चरणमा नै प्रवेश नभई खर्च नभएर शून्य प्रगति रहेको देखियो । स्वीकृत बजेट तथा कार्यक्रमअनुसार आयोजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा आयोजनाका लक्ष्यअनुसार प्रगति नभएको, लागत अनुमान बढी गरेको, असम्बन्धित कार्यमा खर्च गरेको, सोझै खरिद गरेको, पूर्वनिर्धारित क्षतिपूर्ति नलिएको, बढी भुक्तानी गरेको, कमाण्ड क्षेत्र सिँचाइ हुन नसकेको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार भएको देखिएन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** मन्त्रालय र मातहतसमेत १८० निकायमा यो वर्ष रु.२ अर्ब ८९ करोड ३३ लाख ३१ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.५७ करोड ६९ लाख ३८ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ३१ करोड ६३ लाख बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब ४६ करोड २४ लाख १७ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विवरण अनुसूची १५ मा छ ।

सूचना तथा सञ्चार मन्त्रालय

मन्त्रालयको कार्यक्षेत्रमा सूचना तथा सञ्चारसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, प्रेस तथा सूचना र सुरक्षण मुद्रण, हुलाक सेवाको सञ्चालन, विकास र प्रवर्द्धन, कुरियर सेवाको सुपरिवेक्षण, नियमन तथा नियन्त्रण, पत्रपत्रिकाको विकास तथा प्रकाशन, रेडियो तथा टेलिभिजन प्रसारण, डाउनलिङ्क तथा केबुल सञ्चालन, चलचित्र विकास, सूचना तथा सञ्चार प्रविधिको विकास तथा विस्तार, फ्रिक्वेन्सी वितरण, व्यवस्थापन तथा अनुगमनलगायतका कार्य रहेका छन् । मन्त्रालयसमेत ९२ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

मन्त्रालय र मातहत निकायको यो वर्ष विनियोजन रु.५ अर्ब १५ करोड ४१ लाख १६ हजार, राजस्व रु.७ अर्ब ५४ करोड ६० लाख ६१ हजार, धरौटी रु.६ करोड ५५ लाख ८० हजार र अन्य कारोबार रु.७ करोड ७६ लाख ४३ हजारसमेत रु.१२ अर्ब ८४ करोड ३४ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था, समिति, अन्य संस्थासमेत रु.५२ अर्ब ५ करोड ५० लाख ४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **योजना, नीति र बजेट कार्यान्वयन -** आवधिक योजना र यो वर्षको बजेट वक्तव्यमा मध्यपहाडी र हुलाकी राजमार्गमा अप्टिकल फाइबर सञ्जाल विस्तार गरी ७२ जिल्ला सदरमुकाममा तीव्र गतिको ब्रोडव्याण्ड इन्टरनेट सुविधा पुऱ्याउने, ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी माइक्रोवेभ ट्रान्समिसनबाट सामुदायिक क्याम्पस, उच्च माध्यमिक र माध्यमिक विद्यालय एवं प्राथमिक स्वास्थ्य केन्द्रहरुमा निःशुल्क इन्टरनेटको सुविधा पुऱ्याउने लक्ष्य तय गरेकोमा नेपाल टेलिकमलगायत ३ दूरसञ्चार सेवा प्रदायकसँग सम्झौता भएको र निःशुल्क इन्टरनेट सुविधाको लागि बोलपत्रसम्बन्धी कागजात तयार भएको उल्लेख छ । हुलाक सेवालाई पुनः संरचना गरी स्थानीय निकायमार्फत सञ्चालन गरिने र सार्वजनिक सेवाका भुक्तानी हुलाक सेवामार्फत हुने नीति रहेकोमा संघीय व्यवस्था अनुरुप हुलाक सेवा विभागको पुनः संरचना गर्ने कार्य भैरहेको छ । प्रसारण प्रविधिमा विविधता कायम गरी इन्टरनेट प्रोटोकल टेलिभिजन, मल्टिच्यानल मल्टिपोइन्ट डिष्ट्रिब्युसन सर्भिस तथा भू-उपग्रह प्रविधिको उपयोग गरिने उल्लेख भएकोमा सोसम्बन्धी काम भएको छैन । नेपाललाई प्राप्त अर्बिटल स्लट प्रयोग गरी भू-उपग्रह प्रक्षेपण कार्यको शुरुवात गरिने उल्लेख भएकोमा आशयपत्र माग गरी मूल्याङ्कन भैरहेको र मुद्रा, पासपोर्ट, अन्तःशुल्क स्टिकरलगायतका सामग्री स्वदेशमै मुद्रण गर्न सुरक्षण मुद्रण छापाखाना स्थापना गर्ने नीति लिएकोमा ऐनको मस्यौदा तयार भएको उल्लेख छ । वार्षिक कार्यक्रमअनुसार २०७३।७४ मा आधारभूत टेलिफोन सेवा ८ लाख ८० हजार पुग्नु पर्नेमा ८ लाख ५९ हजार, इन्टरनेट ग्राहक संख्या १ करोड ५५ लाख ५६ हजार, टेलिफोन संख्या ३ करोड ५२ लाख र मोबाइल टेलिफोन ग्राहक संख्या ३ करोड ३५ लाख पुगेको छ । त्यसैगरी ए.बी.बी.एस. बैंकिङ्ग सेवा सञ्चालन गर्ने हुलाक बचत बैङ्क ६८ पुऱ्याउने, हुलाक काउण्टर अटोमेसन भएका हुलाक ५० पुऱ्याउने र थप ३ हजार रोजगारीको सिर्जना गर्ने कार्यक्रम रहेकोमा यी कार्य पूरा भएको छैन । आवधिक योजना तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्नुपर्दछ ।

२. **फ्रिक्वेन्सी नीति -** रेडियो फ्रिक्वेन्सी निर्धारण समितिको २०७३।३।२८ मा बसेको बैठकले दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य सम्बन्धी) नीति, २०६९ परिमार्जनसहित स्वीकृत गरेको छ । उक्त नीतिको बुँदा नं. ५ मा प्राधिकरणले यो नीति प्रारम्भ भएको ३ महिनाभित्र ७०० मेगाहर्ज र २ हजार ६०० मेगाहर्ज ब्याण्डको न्यूनतम फ्रिक्वेन्सी दस्तुर तोक्ने र बढाबढ गरी वितरण गर्ने उल्लेख छ । उक्त नीति लागू भएको १६ महिनापछि समितिको २०७४।७।२१ को बैठकले न्यूनतम दस्तुर तोके तापनि बढाबढ गरी वितरण गरेको छैन । न्यूनतम दस्तुर तोक्न ढिलाई गरेको कारण सरकारलाई प्राप्त हुने राजस्व नोक्सान भएको छ । समयमा निर्णय नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३. **बढाबढ -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्य) सम्बन्धी नीति, २०६९ मा फोरजीमा प्रविधि तटस्थता नीति अपनाइने भएकोले सेवा प्रदायकको छनोट मूलतः फ्रिक्वेन्सी बढाबढको माध्यमबाट गरिने र व्याण्डमा तत्काल उपलब्ध प्रविधिअनुरुप सबै सेवा सञ्चालन गर्न दिइने व्यवस्था छ । नीति लागू भएको ५ वर्षसम्म प्रतिस्पर्धा नगराई २०७३।३।२८ मा उक्त नीति परिवर्तन गर्दा प्रविधि तटस्थतासम्बन्धी

व्यवस्था गरी २०७३।७४ मा २ सेवा प्रदायकलाई फोरजी सेवा सञ्चालन गर्ने अनुमति दिएको छ । अनुमति दिँदा बढाबढको प्रक्रिया नअपनाई तोकिएको न्यूनतम दस्तुरको आधारमा दिएको छ । सबै फ्रिक्वेन्सीमा प्रतिस्पर्धा गराउनुपर्दछ ।

४. **न्यूनतम फ्रिक्वेन्सी दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी सम्बन्धी नीति, २०६९ को बुँदा नं. ११ मा जिएसएम मोबाइल सेवाको निमित्त छुट्याएको न्यूनतम फ्रिक्वेन्सी दस्तुर सेवाप्रदायक संस्थाको वार्षिक कुल आम्दानीको ०.४ प्रतिशत कायम गरिने व्यवस्था छ । यो वर्ष २ सेवा प्रदायकबाट न्यूनतम फ्रिक्वेन्सी दस्तुर घटी असुल गरेको छ । उक्त नीतिको बुँदा नं. १६ बमोजिम प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुरसमेत लगाई रु.१० करोड ५७ लाख ८४ हजार असुल गर्नुपर्दछ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः फ्रिक्वेन्सीको न्यूनतम दस्तुर निर्धारण र असुली, फोर जी सेवा सञ्चालन अनुमति, चार सेवा प्रदायकको थप फ्रिक्वेन्सी दस्तुर असुली, अधिकतम फ्रिक्वेन्सी दस्तुर तथा भिस्याटको अग्रिम दस्तुर दाखिला, दूरसञ्चार रोयल्टी दाखिला, रोयल्टी तथा फ्रिक्वेन्सी किस्ताबन्दीमा दाखिला, राजस्वको लगत, नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चिति रकम सञ्चित कोष दाखिला, बढी सटही सिफारिस, विज्ञापनरहित प्रसारण नीति, व्यवस्थापन परामर्शदाताले तयार गर्नुपर्ने हयाण्डबुक र म्यानुअलको तयारी, पूर्वनिर्धारित क्षतिपूर्ति, निजी क्षेत्रबाट सञ्चालित हुलाक सेवाको इजाजत, हुलाक बचत बैङ्क र टेलिसेन्टर सञ्चालनको पुनरावलोकन, टिकट छपाइ, लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

५. **फ्रिक्वेन्सी दस्तुर -** दूरसञ्चार सेवाको रेडियो फ्रिक्वेन्सी (बाँडफाँड तथा मूल्यसम्बन्धी) नीति, २०६९ को बुँदा नं. १६ मा न्यूनतम फ्रिक्वेन्सीबाहेक थप फ्रिक्वेन्सी, अधिकतम फ्रिक्वेन्सी र भिस्याट दस्तुर आर्थिक वर्ष शुरु भएको ३ महिनाभित्र अग्रिम भुक्तानी गर्नुपर्ने र सो अवधिभित्र भुक्तानी नगरेमा प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुरसमेत लाग्ने व्यवस्था छ । यो वर्ष ४ सेवा प्रदायकले थप फ्रिक्वेन्सी दस्तुर, अधिकतम फ्रिक्वेन्सी दस्तुर तथा भिस्याटको अग्रिम दस्तुरबापत दाखिला गर्नुपर्ने रु.५५ करोड १ लाख ११ हजार दाखिला गरेका छैनन् । दाखिला गर्न बाँकी फ्रिक्वेन्सी दस्तुरमा थप दस्तुरसमेत असुल गर्नुपर्दछ ।

६. **दूरसञ्चार रोयल्टी -** दूरसञ्चार नियमावली, २०५४ को नियम २६ मा अनुमतिप्राप्त व्यक्तिले कुल वार्षिक आम्दानीको ४ प्रतिशतले हुने रकम प्रत्येक वर्ष रोयल्टीको रुपमा नेपाल सरकारलाई बुझाउनु पर्ने व्यवस्था छ । रोयल्टी प्रयोजनको लागि वार्षिक कुल आम्दानी भन्नाले अनुमति प्राप्त व्यक्तिले लिएको धरौटी, सेवाकर र मूल्य अभिवृद्धि करलगायत अन्य अप्रत्यक्ष तथा दूरसञ्चार उपकरण बिक्री गर्दा प्राप्त हुने रकमबाहेक दूरसञ्चार सेवा दिएबापत अनुमतिप्राप्त व्यक्तिले प्राप्त गरेको आम्दानी जनाउने व्यवस्था छ । यसरी प्राप्त हुने आयमा १८ सेवा प्रदायकबाट रु.५ करोड ३४ लाख ६८ हजार घटी रोयल्टी दाखिला गरेकोले उक्त रकम असुल गर्नुपर्दछ ।

७. **रोयल्टी तथा फ्रिक्वेन्सी -** एक दूरसञ्चार सेवा प्रदायकले अनुमतिपत्रको शर्तबमोजिम बुझाउन बाँकी रोयल्टी रु.१ अर्ब ६३ करोड ३५ लाख रहेको छ । नेपाल सरकारबाट २०६९।६।१४ मा ८ किस्तामा तिर्ने गरी किस्ता निर्धारण गरेकोमा २०७३ आश्विनसम्म बुझाउनु पर्ने किस्ता रु.२० करोड ४१ लाख ८८ हजार २०७४ आषाढ मसान्तसम्म दाखिला गरेको छैन । त्यसैगरी अर्को एक सेवाप्रदायकले २०६७।६८ देखि २०७३।७४ सम्मको बुझाउनु पर्ने फ्रिक्वेन्सी दस्तुर र थप जरिवानासमेत रु.२९ करोड २९ लाख २२ हजार २०७४ माघदेखि वार्षिक ५ किस्तामा बराबर तिर्ने व्यवस्था मिलाउने गरी नेपाल सरकारबाट २०७४।१०।२२ मा निर्णय भएको छ । उक्त सेवा प्रदायकले पहिलो किस्ता रु.५ करोड ८५ लाख ८४ हजार २०७४।१०।२८ मा दाखिला गरेको छ । रोयल्टी तथा फ्रिक्वेन्सी दस्तुर ब्याजसहित असुल गर्नुपर्दछ ।

८. **रोयल्टी ढिला दाखिला -** दूरसञ्चार ऐन, २०५३ को दफा ३२ मा रोयल्टी बुझाउने समय र तरिका प्राधिकरणले तोकेबमोजिम हुने व्यवस्थाअनुरुप दूरसञ्चार प्राधिकरणले सेवाप्रदायकलाई अनुमतिपत्र दिँदा आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने उल्लेख छ । सेवाप्रदायकले सो अवधिभित्र रोयल्टी रकम नबुझाई ढिला बुझाउने गरेका छन् । तोकिएको अवधिपश्चात् बाँकी रोयल्टीमा प्रत्येक महिना २ प्रतिशतका दरले थप दस्तुर लगाउन प्राधिकरणले २०७३।१।२४ मा निर्णय गरी २०७३।२।३ मा मन्त्रालयमा पठाएकोमा मन्त्रालयले हालसम्म निर्णय गरेको छैन ।

९. **राजस्व बक्यौता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १५ बमोजिम मन्त्रालयले राजस्वको लगत राखेको छैन । नेपाल दूरसञ्चार प्राधिकरणको विवरणमा फ्रिक्वेन्सीतर्फ २०७३।७४ अघिको रु.४५ करोड १८ लाख ३२ हजार र रोयल्टीतर्फ रु.३ करोड ६ लाख ९१ हजार समेत रु.४८ करोड २५ लाख २३ हजार बक्यौता देखिएको छ । नियमअनुसार राजस्वको लगत अद्यावधिक गरी बक्यौता असुल गर्नुपर्दछ ।

१०. **सञ्चिति -** दूरसञ्चार ऐन, २०५३ को दफा ४५(३) मा नेपाल दूरसञ्चार प्राधिकरणलाई प्राप्त रकमले कार्य सञ्चालन गर्न नपुग भएमा नेपाल सरकारसँग माग गर्न सक्ने र सरकारले उपलब्ध गराएको रकम बढी भएमा फिर्ता गर्नुपर्ने उल्लेख छ । प्राधिकरणको गत वर्षसम्मको सञ्चिति रु.२९ अर्ब २७ करोड ३० लाख रहेकोमा यो वर्ष रु.३२ अर्ब १९ करोड ८४ लाख पुगेको छ । उक्त सञ्चितिमध्ये ग्रामीण दूरसञ्चार कोषको रु.१५ अर्ब ५९ करोडबाहेक रु.१६ अर्ब ६० करोड ८४ लाख सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

११. **सटही सुविधा -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १६ मा कुनै प्रसारण संस्थालाई विदेशी प्रसारण संस्थासँग आवद्ध हुँदा वा त्यस्तो संस्थासँग सिग्नल वितरण सम्बन्धमा सम्झौता गर्दा विदेशी मुद्रा आवश्यक पर्ने भएमा त्यस्तो मुद्रा प्रचलित विनिमय दरमा विदेशी मुद्रा उपलब्ध गराउन मन्त्रालयले सम्बन्धित निकायमा सिफारिस गर्न सक्ने व्यवस्था छ । सो व्यवस्था अन्तर्गत प्रसारण संस्थाले प्रसारण सेवा शुल्कबापत कानुनबमोजिम कर कटाई खुद भुक्तानी गर्नुपर्ने रकमको सटही सुविधा दिनुपर्नेमा सोभन्दा बढीको सटही सुविधा सिफारिस गरेको पाइयो । यसरी खुद भुक्तानी गर्नुपर्ने रकमभन्दा ५ प्रसारण संस्थालाई भारतीय रुपैयाँ ३९ लाख ९९ हजार बढी सटही सिफारिस गरेकोले सिफारिस प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

१२. **विज्ञापनरहित नीति -** विज्ञापनरहित नीति, २०७३ अनुसार निःशुल्क च्यानलहरुले विज्ञापनसहित प्रसारण गर्दा ग्राहकसँग शुल्क नलिने र सशुल्क च्यानलले विज्ञापनरहित प्रसारण गर्दा ग्राहकबाट शुल्क लिन पाउने व्यवस्था छ । विज्ञापनरहित नीतिको अभावमा निःशुल्क हेर्न पाउने विदेशी च्यानलहरुलाई वार्षिक करोडौं रुपैयाँ बराबरको विदेशी मुद्रा भुक्तानी गर्नुपरेको छ । बहुराष्ट्रिय कम्पनी तथा स्वदेशी कम्पनीबाट प्राप्त हुने अर्बौं रकमको विज्ञापन प्राप्त नभई राजस्वमा क्षति पुगेको छ । विज्ञापनरहित नीति, २०७३ को बुँदा नं. ८ मा २०७३ भाद्रसम्ममा विज्ञापनरहित नीति कार्यान्वयन कार्ययोजना स्वीकृत गरी २०७४ श्रावणदेखि विज्ञापनरहित प्रसारण पूर्णरुपले कार्यान्वयन हुने उल्लेख भएकोमा सो नीति कार्यान्वयन स्थगन भएको छ । प्रसारणका लागि १५५ विदेशी टेलिभिजन च्यानललाई डाउनलिङ्क इजाजत, अनुमति/नवीकरण दिँदा विज्ञापनरहित नीतिबमोजिम नवीकरण गरेकोमा तत्कालका लागि सो नीति स्थगित भएकोले २०७४।४।४ सम्म ८० विदेशी च्यानलले विज्ञापनसहित प्रसारण गर्न नवीकरण गरेका छन् । विज्ञापनरहित नीतिको उद्देश्यअनुरुप उपभोक्तालाई गुणस्तरीय सेवा दिन, स्वदेशी विज्ञापन एजेन्सी र च्यानलहरुलाई आत्मनिर्भर बनाउन र स्वदेशी विज्ञापन बजारलाई विस्तार गरी रोजगारी एवं राजस्वमा वृद्धि गर्न यो नीति लागू गर्नुपर्दछ ।

१३. **डिजिटल प्रविधिमा परिवर्तन -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम ४ मा उक्त नियम प्रारम्भ हुनु अघि एनालग प्रणालीबाट सिग्नल वितरण गरेकोमा मन्त्रालयले २०७३।११।१८ मा सूचना प्रकाशन गरी महानगरपालिकामा २०७४।१।१५ सम्म, उपमहानगरपालिका/नगरपालिकामा २०७४।७।१५ सम्म र बाँकी क्षेत्रमा २०७५।१।१५ सम्म डिजिटल केबुल प्रसारण गर्न अवधि तोकेको छ । प्राप्त विवरणअनुसार ८५३ एनालग केबुल प्रसारण संस्थामध्ये १० ले मात्र डिजिटल प्रणाली परिवर्तन गरेकोले डिजिटल प्रणालीमा रुपान्तरण गर्ने कार्य हुन सकेको देखिएन । तोकिएअनुसार डिजिटल प्रणाली परिवर्तनको अनुगमन गर्नुपर्दछ ।

१४. **अनुगमन -** राष्ट्रिय प्रसारण नियमावली, २०५२ को नियम १८(१०) मा तोकिएको अधिकारीले प्रसारण सम्बन्धी संस्थाको निरीक्षण वा छानबिन गर्न, गराउन सक्ने व्यवस्था छ । सञ्चालन इजाजत लिएका टेलिभिजन ११६, एफ.एम.रेडियो ७९७, केबुल प्रसारक ८५३, डिजिटल केबुल १०, सिग्नल वितरक ५४, डाउनलिङ्क १५५ र डिटिएच २ शर्त बमोजिम सञ्चालन भए नभएको निरीक्षण गरी प्रतिवेदन अद्यावधिक गरेको छैन । नियमावलीको व्यवस्थाबमोजिम निरीक्षण र अनुगमन गर्नु पर्दछ ।

१५. **पत्रकार कल्याणकोष :** नेपाल सरकारको निर्णयअनुसार पत्रकार कल्याणकोष स्थापना गर्न मन्त्रालयमा रु.१ करोड र सूचना विभागमा रु.१ करोड ३४ लाख २५ हजारसमेत रु.२ करोड ३४ लाख २५ हजार विगत वर्षदेखि मौज्दात रहेको छ । उपयोग नभै मौज्दात रहेको रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

सासेक सूचनामार्ग आयोजना

दक्षिण एसियाका बंगलादेश, भुटान, भारत र नेपालबीच आईसीटी कनेक्टिभिटीमा तीव्रता ल्याउनुका साथै यी मुलुकका ग्रामीण तथा दूर्गम क्षेत्रमा सूचना प्रविधिको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालित सासेक सूचनामार्ग आयोजना एसियाली विकास बैङ्कको अनुदानमा सञ्चालन भएको हो । आयोजना सम्पन्न भई १७० किलोमिटरमा अप्टिकल फाइबर बिच्छ्याएको, सात जिल्लाका ३० स्थानमा सामुदायिक सूचना केन्द्रको स्थापना, रिजनल नेटवर्कको स्थापना र केवल ल्याण्डिङ स्टेशन निर्माणलगायतका काम सम्पन्न भई नेपाल सरकारको स्रोतबाट रु.९ करोड ३५ लाख ४७ हजार र एसियाली विकास बैङ्कको अनुदानबाट रु.४० करोड ९३ लाख ७९ हजारसमेत रु.५० करोड २९ लाख २६ हजार खर्च भएको छ ।

१६. **परामर्श खर्च -** आयोजना र व्यवस्थापन परामर्शदाताबीच रु.२ करोड १९ लाख ५३ हजार र अमेरिकी डलर १ लाख ९५ हजार ४९२ को सम्झौता भएकोमा भेरिएसनबाट ९६.५९ प्रतिशत थप भै रु.४ करोड ५९ लाख ८६ हजार र अमेरिकी डलर ३ लाख ५६ हजार १७ भुक्तानी भएको छ । आयोजना सञ्चालन गर्ने अवस्था सिर्जना भएपछि मात्र परामर्शसेवाका लागि सम्झौता गर्नुपर्नेमा काम गर्ने पूर्वाधार नै तयार नगरी सम्झौता गरेको र पटक पटक भेरिएसन जारी गरी परामर्शदाताको अवधि २१ महिनाबाट बढाई ७१ महिना पुऱ्याएको छ । थप अवधिसम्ममा पनि तोकिएको ह्याण्डबुक र म्यानुअलसमेत तयार नगरी परामर्शदातासँगको सम्झौता अन्त्य गरेको पाइयो । उक्त ह्याण्डबुक र म्यानुअलबेगर आयोजना सञ्चालन हुन सक्ने अवस्था नरहेकोले परामर्शसेवामा भएको खर्चको उपादेयता देखिएन । सम्झौताबमोजिमका कार्य पूरा नगरी परामर्शदातालाई उन्मुक्ति दिनु उचित देखिएन ।

१७. **अप्टिकल फाइबर -** अप्टिकल फाइबर बिच्छ्याउने कार्य गर्न निर्माण व्यवसायीसँग रु.९ करोड ३१ लाख २८ हजार र अमेरिकी डलर ६ लाख ७८ हजारको सम्झौता भएकोमा क्रमशः रु.१२ करोड ६१ लाख ८७ हजार र अमेरिकी डलर ६ लाख ७८ हजार खर्च भएको देखिन्छ । सम्झौताअनुसार निर्माण व्यवसायीले धुलिखेलदेखि बर्दिवाससम्म (बी.पी. राजमार्ग) को सडकको १५ मिटर बाहिरबाट अप्टिकल फाइबर बिच्छ्याउनुपर्नेमा उक्त राजमार्गको ड्रेनमा तार बिच्छ्याई पिसिसि गरेको र धुलिखेल, नमोबुद्ध, खुर्कोट एवं राजमार्गका केही स्थानमा स्टील पोलबाट तार लगेको स्थलगत निरीक्षणको क्रममा देखियो । स्वीकृत ड्रइङ्ग डिजाइनभन्दा फरक हुने गरी काम सम्पन्न गर्दा लागतमा पर्ने असरको सम्बन्धमा केही उल्लेख गरेको देखिएन । शुरुको ड्रइङ्ग डिजाइनभन्दा फरक गरी काम सम्पन्न गर्दा आयोजनाको गुणस्तर र लागतमा परेको असरका सम्बन्धमा छानबिन गरी सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१८. **रिटेन्सन मनी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा रिटेन्सन मनीबापत रनिङ्ग बिलबाट ५ प्रतिशत रकम कट्टा गरी राख्ने व्यवस्था छ । आयोजनाले निर्माण व्यवसायीलाई भुक्तानी गर्दा रिटेन्सन मनीबापतको रकम घटाई बजेट खर्च लेख्ने गरेको कारण रिटेन्सन मनी धरौटी खातामा दाखिला भएको छैन । बिल रकम भुक्तानी गर्दा धरौटी रकमसमेत खर्च लेखाङ्कन गरेको भए सो रकम दातृ निकायबाट शोधभर्ना लिन सकिनेमा नेपाल सरकारको स्रोतबाट निर्माण व्यवसायीलाई रु.१ करोड ४० लाख १४ हजार भुक्तानी दिनुपर्ने अवस्था रहेको छ । नेपाल सरकारलाई आर्थिक दायित्व पर्ने गरी निर्माण व्यवसायीसँग सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

१९. **पूर्वनिर्धारित क्षतिपूर्ति -** अप्टिकल फाइबर बिछ्याउने, सामुदायिक सूचना केन्द्रको लागि भवन निर्माण गर्ने, रिजनल नेटवर्कको स्थपनालगायतको कार्यको निर्माण व्यवसायीले सम्झौताबमोजिम काम नगरेको कारण सम्झौता रकमको १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.४ करोड १७ लाख १७ हजार असुल गर्ने निर्णय भएको छ । असुल गर्नुपर्ने पूर्वनिर्धारित क्षतिपूर्ति रकममध्ये रु.३ करोड ४२ लाख ४९ हजार बिलबाट कट्टा गरी सञ्चितकोष दाखिला भएको र रु.७४ लाख ६८ हजार कट्टा नगरी अन्तिम बिल भुक्तानी गरेकोले उक्त रकम असुल हुनुपर्दछ ।

२०. **आयोजना सञ्चालन -** आयोजना सम्पन्न भएपछि सोको सञ्चालन सम्बन्धमा मन्त्रालय र नेपाल दूरसञ्चार कम्पनीबीच ११ नोभेम्बर २०११ मा समझदारी भएको देखिन्छ । समझदारीअनुसार आयोजना सञ्चालन गर्ने जिम्मेवारी नेपाल दूरसञ्चार कम्पनीको हुने र सोबापत कम्पनीले आयोजनाको कुल खर्च रु.५० करोड २९ लाख २६ हजारको ७० प्रतिशत रकम नेपाल सरकारलाई बुझाउनुपर्ने देखिन्छ । आयोजना सम्पन्न भएको वर्ष दिन वितिसक्दा पनि समझदारी कार्यान्वयन भएको छैन । पूर्वाधार तयार भएको अवस्थामा सेवा सञ्चालनका लागि भएको समझदारी कार्यान्वयन गर्नुपर्दछ ।

हुलाक सेवा विभाग

यस विभागले चिठीपत्र सम्बन्धित समक्ष पुऱ्याउने, हुलाक टिकट प्रकाशन गर्ने, धनादेश व्यवस्था गर्ने, बचत बैङ्क सञ्चालन गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । यो वर्ष विभाग र अन्तर्गत रु.४ अर्ब ६ करोड ३१ लाख ४२ हजार खर्च भएको छ ।

२१. **इजाजत -** हुलाक ऐन, २०१९ को दफा ३ मा नेपाल सरकारले व्यक्ति वा संस्थालाई हुलाक सेवा सञ्चालन गर्न इजाजत दिने प्रयोजनको लागि शर्त तोक्नुपर्ने व्यवस्था छ । निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न शर्त निर्धारण गरी इजाजतपत्र नदिए पनि २०६९।५।२७ देखि २०७४।३।२८ सम्म स्वदेशतर्फ २१ मेल तथा कुरियरलाई घरेलु कार्यालयमा कार्गो र कुरियर सेवा सञ्चालन गर्न सहमति पठाएको छ । इजाजतपत्र नलिई विदेशी संस्थाले हुलाक सेवा सञ्चालन गरिरहेका छन् । इजाजतबेगर स्वदेशी र विदेशी संस्थालाई हुलाक सेवा सञ्चालन गर्न दिँदा इजाजत दस्तुर, नवीकरण दस्तुर र रोयल्टी प्राप्त हुने अवस्था देखिदैन । विभागले ऐनको प्रावधानअनुसार हुलाक सेवा सञ्चालनको इजाजत दिने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

२२. **हुलाक सेवा सञ्चालन -** सूचना तथा सञ्चारको क्षेत्रमा भएको प्रविधिको विकास तथा निजी क्षेत्रले समेत चिठीपत्र, पार्सल तथा कुरियर सेवा सञ्चालन गरेकोले सरकारी हुलाक सेवाको कार्यक्षेत्र साघुँरिदै गएको छ । स्वदेशतर्फ सन् २०१५ मा ३ करोड ६८ लाख ३० हजार साधारण तथा रजिष्ट्री, चिठीपत्र, बीमा, पार्सल, बुकपोष्टलगायत आदान प्रदान भएकोमा सन् २०१६ मा ३ करोड ४५ लाख ५१ हजार वटा आदान प्रदान भै अघिल्लो वर्षको तुलनामा २२ लाख ७९ हजारले घटेको छ । त्यसैगरी मनी अर्डर २०१५ मा १२१ भएकोमा २०१६ मा ८४ मात्र भएको देखिन्छ । यसरी विगत वर्षको तुलनामा क्रमशः हुलाकको काम घट्दै गएको देखिएको छ । हुलाकको सेवा प्रवाहमा भएको परिवर्तनलाई मध्यनजर राखी हुलाक सेवाको पुनः संरचना गर्नुपर्ने देखिन्छ ।

२३. **चिठीपत्र/पार्सल ढुवानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाखभन्दा बढी लागत अनुमान भएको सेवा खरिद बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने व्यवस्था छ । डाँक ढुवानी कार्यको अन्तर्राष्ट्रिय बोलपत्र माग गर्दा कुनै पनि विमानसेवाले भाग नलिएकोले मन्त्रालयस्तरीय निर्णयबाट युनिभर्सल पोष्टल युनियनले निर्धारण गरेको दरमा नबढ्ने गरी एक विमान कम्पनीसँग सम्झौता गरेको छ । यो वर्ष उक्त विमान कम्पनीसँग सम्झौता गर्नुभन्दा अगाडिको खर्चसमेत ६ विदेशी विमान कम्पनीलाई रु.४ करोड ५८ लाख २२ हजार भुक्तानी भएको छ । सार्वजनिक खरिद नियमावलीमा युनिभर्सल पोष्टल युनियनको दररेटमा ढुवानी गर्दा प्रतिस्पर्धा गर्न नपर्ने व्यवस्था छैन । नियमावलीअनुसार प्रतिस्पर्धा गराउनुपर्दछ ।

२४. **टर्मिनल ड्यूज -** विभाग र विश्व हुलाक संघबीचको सम्झौताअनुसार विभिन्न मुलुकबाट लिनु दिनुपर्ने रकमको हिसाब वर्ष व्यतीत भएको छ महिनाभित्र गरिसक्नुपर्ने व्यवस्था छ । उक्त अवधिभित्र विभागले लिनुदिनु पर्ने हिसाब गरेको छैन । विभागबाट प्राप्त विवरणअनुसार सन् २०१६ मा एक्सप्रेस मेल सर्भिसको एसडीआर ७० हजार ३४०, पार्सलको एसडीआर ४ लाख ९२ हजार १२३ र अन्य चिठीपत्रको एसडीआर ४८ हजार ८८६ हजारसमेत एसडीआर ६ लाख ११ हजार ३४९ प्राप्त हुनुपर्ने देखिएको छ । प्राप्त हुनुपर्ने रकम समयमा नै प्राप्त गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

२५. **भवन निर्माण -** विभागको भवन निर्माण गर्न २०६७।६।२४ मा एक निर्माण व्यवसायीसँग रु.९ करोड २७ लाख २२ हजारको सम्झौता भएको र २०६९।६।२४ मा कार्य सम्पन्न गर्ने उल्लेख छ । उक्त कार्यको म्याद २०७१ मंसिर मसान्तसम्म थप भएको र २०७१।७२ मा एघारौं रनिङ बिलसम्म रु.५ करोड ११ हजार भुक्तानी भएको छ । तत्पश्चात् सम्झौताको म्याद थप भएको छैन । भवन निर्माण अधुरो हुँदा वर्षौंदेखि घर भाडामा लिई वार्षिक रु.१६ लाख ८० हजारका दरले भुक्तानी गर्नु परेकोले अनावश्यक आर्थिक दायित्व परिरहेको छ । निर्माण व्यवसायीले भवन निर्माण कार्य सम्पन्न गर्नेमा विश्वस्त हुने आधार नदेखिएकोले सम्झौता अन्त्य गरी कालोसूचीमा राख्ने तथा काम गर्न नपुग रकम सरकारी बाँकी सरह असुलउपर गर्ने सम्बन्धमा २०७३।२।१७ मा सूचना प्रकाशित गरे तापनि हालसम्म कुनै टुङ्गो लागेको छैन । सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई आवश्यक कारवाही गरी भवन निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

२६. **हुलाक बचत बैङ्क -** देशभरि छरिएर रहेका स-साना पूँजीलाई एकीकृत गरी देश विकासमा टेवा पुऱ्याउन र न्यून आय भएका जनतामा समेत केही रकम बचत गर्ने बानीको विकास गराउने उद्देश्यले २०३१ मा हुलाक

बचत बैङ्कको स्थापना भएको हो । गोश्वारा र जिल्ला हुलाक कार्यालयमध्ये ६८ ले हुलाक बचत बैङ्कको कारोबार गरी बचत बैङ्क सञ्चालन गरेका छन् । यो वर्षको अन्त्यमा बचत बैङ्कमा रु.२ अर्ब ११ करोड ८५ लाख मौज्दात रहेको छ । हुलाक बचत बैङ्कको हिसाब सफ्टवेयरमा नरहेको, कारोबारको परिमाण प्रत्येक वर्ष वृद्धि हुँदै गएको, केही जिल्लामा कार्यरत कर्मचारीबाट रकमको अपचलन भएको, लगानीको क्षेत्र फराकिलो नभएको जस्ता कारणले हुलाक बचत बैङ्कमा समस्या देखिएका छन् । प्रविधि र बैंकिङ प्रणालीको विकास एवं विस्तार हुँदै गएको सन्दर्भमा बचत रकमको परिचालन सुरक्षित तवरबाट गर्नुपर्ने आवश्यकतालाई दृष्टिगत गरी बचत बैङ्कको सञ्चालनलाई पुनरावलोकन गर्नुपर्दछ ।

२७. **टेलिसेन्टर -** सूचना तथा सञ्चार प्रविधिमा ग्रामीण र पिछडिएका समुदायको पहुँच पुऱ्याउने एवं ग्रामीण र शहरी क्षेत्रको डिजिटल डिभाइड कम गर्ने उद्देश्यले टेलिसेन्टरको स्थापना भएको हो । काठमाडौं र भक्तपुरबाहेक ७३ जिल्लामा ४०१ टेलिसेन्टर सञ्चालनमा रहेका छन् । टेलिसेन्टर सञ्चालनका लागि यो वर्ष रु.५ करोड ८१ लाखसमेत हालसम्म रु.३३ करोड ६६ लाख पारिश्रमिक तथा मर्मतमा खर्च भएको छ । राष्ट्रिय योजना आयोगले गरेको आन्तरिक मूल्याङ्कन अनुसार टेलिसेन्टरमा नियुक्त भएका अपरेटरहरुको नियमित उपस्थिति नभएको, उपकरणहरु विग्रिएकोमा मर्मत नभएको, सञ्चालन गर्ने पर्याप्त कोठा नभएको, कम्प्युटर तालिम नियमित रुपमा सञ्चालन नभएको देखिएको छ । टेलिसेन्टर सञ्चालन गर्दा प्रत्येक वर्ष सरकारी कोषमा व्ययभार पर्ने तर लक्षित वर्गले सेवा सुविधा उपयोग गर्ने अवस्था न्यून रहेको छ । यस सम्बन्धमा पुनरावलोकन गर्न विगतमा सुझाव दिएकोमा सुधार नभएकोले अविलम्ब आवश्यक निर्णय लिनुपर्ने देखिएको छ ।

सूचना विभाग

२८. **लोक कल्याणकारी विज्ञापन -** नेपाल सरकार(मन्त्रीस्तर) को २०६९।२।२९ को निर्णयमा लोक कल्याणकारी विज्ञापनबापतको सुविधा पाउन नियमित रुपमा ३ वर्षसम्म प्रकाशन भएको र प्रेस काउन्सिलबाट २ पटक वर्गीकरणमा परेको हुनुपर्ने उल्लेख छ । यो वर्ष विभागले रु.६ करोड २३ लाख २ हजार र सूचना केन्द्र विराटनगर, हेटौँडा, पोखरा, नेपालगन्ज र कैलालीसमेत ५ ले रु.९ करोड ५६ लाख ७ हजारसमेत रु.१५ करोड ७९ लाख ९ हजार २०६९।७० र २०७०।७१ मा प्रेस काउन्सिलमा भएको वर्गीकरणलाई आधारमा मानी वितरण गरेका छन् । यसरी ४/५ वर्ष पुरानो वर्गीकरणलाई अद्यावधिक नगरी खर्च लेख्न मिल्ने देखिएन । तसर्थ मापदण्डअनुसार मात्र वितरण गर्ने व्यवस्था हुनुपर्ने तथा वितरित विज्ञापनबापतको रकमबाट सर्वसाधारणले पनि सुविधा पाउने व्यवस्था गर्नुपर्दछ ।

केन्द्रीय टिकट भण्डार

२९. **टिकट मौज्दात -** कार्यालयको भण्डारमा गत वर्षसम्म रु.९७ करोड ५ लाख ४४ हजार मूल्यका ६ करोड २४ लाख २२ हजार ८४९ थान टिकट मौज्दात रहेको छ । यो वर्ष ६ करोड ५ लाख ११ हजार २०० थान टिकट खरिद भएको र २ करोड ३३ लाख ३४ हजार ७३० थान खर्च भै रु.१ अर्ब ८४ करोड ११ लाख ८२ हजार मूल्य बराबरको ९ करोड ९५ लाख ९९ हजार ३१९ थान टिकट मौज्दात रहेको छ । गत वर्षको तुलनामा यो वर्ष मौज्दातमा वृद्धि भएको छ । मौज्दात र खर्चको विश्लेषण नगरी टिकट छपाई गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३०. **हुलाक टिकट ठेक्का -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११८ मा अधिकार प्राप्त गरेका अधिकारीको अधिकारमा तालुक कार्यालय वा पदाधिकारीले हस्तक्षेप गर्न नपाइने उल्लेख छ । केन्द्रीय निकायको रुपमा रहेको विभागले मातहतका कार्यालयले सम्पादन गरेका कामको अनुगमन तथा मूल्याङ्कन र नीति निर्माण कार्यमा केन्द्रित हुनुपर्नेमा हुलाक सेवा विभागले हुलाक टिकट छपाई गर्न २०७२।७३ मा एक विदेशी आपूर्तिकर्तासँग अमेरिकी डलर ४ लाख ८७ हजार १०० को दुई वर्षे सम्झौता गरी त्यसको कार्यान्वयन गर्न केन्द्रीय टिकट भण्डारलाई पठाएको छ । यस भण्डारलाई टिकट छपाईबापतको खर्च गर्ने अख्तियारी दिएपछि सोसँग सम्बन्धित सबै खरिद प्रक्रियाका काम गर्ने अधिकारसमेत सोही कार्यालयका प्रमुखलाई हुने अवस्थामा पनि टिकट छपाई एवं आपूर्ति कार्यको लागि खरिद व्यवस्थापन कार्य विभागबाट भएको छ । खरिद व्यवस्थापन विभागले गर्ने हो भने सोको लागि बजेट पनि विभागमै व्यवस्था हुनुपर्ने अथवा खरिद कार्य केन्द्रीय टिकट भण्डारबाट हुने हो भने खरिद व्यवस्थापन पनि सोही भण्डारबाट हुनुपर्दछ ।

संस्था र समिति

रेडियो प्रसार विकास समिति

राज्यले अवलम्बन गरेको नीति, कार्यक्रम र जनसरोकारका विषय आमजनतासमक्ष पुऱ्याउने राष्ट्रिय प्रसारण संस्थाको रुपमा कार्य गर्दै आएको रेडियो नेपालले हाल मिडियम वेभ र एफ.एम. प्रविधिमार्फत केन्द्रीय र क्षेत्रीय प्रसारण सेवाबाट करिब ८६ प्रतिशत जनता समक्ष २१ भाषामा समाचार प्रसारण गर्दै आएको छ । साथै अनलाइन/इन्टरनेट प्रसारण सेवासमेत थप गरी सेवा विस्तार गरेको छ ।

२०७३।७४

३१. **आय व्यय स्थिति -** गत वर्षको जिम्मेवारी रु.२६ करोड १७ लाख ५६ हजारमा नेपाल सरकारबाट प्राप्त अनुदान रु.२८ करोड ७५ लाख र आन्तरिक आय रु.११ करोड ६५ लाख ३४ हजारसमेत रु.६६ करोड ५७ लाख ९० हजारमा रु. ४० करोड ३३ लाख ८६ हजार खर्च गरी रु.१२ करोड ५६ लाख ६ हजार लगानीमा र रु.१३ करोड ६७ लाख ९८ हजार मौज्दात देखिएको छ ।

३२. **जग्गा भाडा -** समितिको स्वामित्वमा रहेको खुमलटार ट्रान्समिटिङ स्टेसनको १२१ रोपनी १४ आना १ पैसा जग्गा भाडाबापत २०७१।७२ मा रु.३३ लाख ७९ हजार, २०७२।७३ मा रु.४१ लाख ६२ हजार र २०७३।७४ मा रु.६६ लाख ७१ हजार प्राप्त गरेको छ । यो वर्ष विगतदेखि जग्गा उपयोग गर्दै आएका ३ व्यापारिक संस्थासँग प्रतिमहिना प्रतिरोपनी रु. ३५ हजारको दरले १७ रोपनी ८ आना जग्गा वार्षिक रु.७३ लाख ५० हजार भाडा प्राप्त गर्ने गरी सम्झौता गरेको छ । बजार मूल्यको आधारमा प्रतिस्पर्धा नगराई भाडा सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२०७२।७३

३३. **सञ्चालन स्थिति** - समितिले आन्तरिक आयतर्फ विज्ञापनबाट रु.९ करोड १३ लाख ८१ हजार, ब्याज आम्दानी रु.८२ लाख ८ हजार, विविध आम्दानी रु.१ करोड ४४ लाख २१ हजार, विगत वर्षको उधारो प्राप्त रु.४२ लाख ९८ हजार गरी रु.११ करोड ८३ लाख ८ हजार प्राप्त गरेकोमा रु.२९ करोड ९२ लाख ९८ हजार सञ्चालन खर्च गरेको छ । यसरी आम्दानीभन्दा रु.१८ करोड ९ लाख ८९ हजार (१५३ प्रतिशत) बढी खर्च गरेको छ । यसको परिपूर्ति नेपाल सरकारबाट प्राप्त अनुदान रु.२२ करोड ५ लाखबाट भएको छ । नेपाल सरकारबाट प्राप्त सम्पूर्ण रकम तलब, निवृत्तिभरण र कर्मचारीको सेवा सुविधा, बैठक भत्ता, दैनिक भ्रमण भत्ता, कार्यक्रम निर्माण, सञ्चालन भत्ता जस्ता चालु प्रकृतिका कार्यमा खर्च गरेकोले समिति आत्मनिर्भर हुन सकेको देखिएन ।

३४. **करार कर्मचारी -** रेडियो नेपाल कर्मचारी सेवा शर्त नियमावली, २०५७ को नियम ३८ मा करार सेवामा काम गर्नेहरुको संख्या स्वीकृत स्थायी दरबन्दीको १० प्रतिशतभन्दा बढी नहुने व्यवस्था छ । समितिको स्थायी दरबन्दी ५५८ मध्ये ३७६ कर्मचारी कार्यरत रहेको देखिन्छ । स्थायी दरबन्दीको १० प्रतिशतले हुने ५६ जनासम्म करार नियुक्त गर्न सकिनेमा ११६ जना नियुक्त गरी तलबमा रु.१ करोड ३१ लाख ९२ हजार खर्च लेखेको छ । करारका कर्मचारीलाई बढीमा २ वर्षसम्म नियुक्ति गर्न सकिने व्यवस्था भएपनि ६ महिनाको करारनामा बनाई पटक पटक म्याद थप गर्ने गरेको पाइयो । तोकिएको सीमाभन्दा बढी कर्मचारी भर्ना गर्नु नियमसम्मत देखिएन ।

२०७१।७२

३५. **लगानी स्थिति -** सञ्चालक समितिको २०६१।५।१० को निर्णयअनुसार कर्मचारी कल्याणकोष कार्यविधि, २०६१ स्वीकृत गरी कर्मचारीलाई घर सापटी, सामाजिक कार्य सापटी र औषधि उपचार सापटी उपलब्ध गराउँदै आएको छ । कोषमा रु.२ करोड २० लाख तथा कर्मचारीको नाममा सापटीबापत रु.९४ लाख ३० हजारसमेत रु.३ करोड १४ लाख ३० हजार लगानी रहेकोमा राष्ट्रिय वाणिज्य बैङ्क खातामा रु.१ करोड ६ लाख ११ हजार र सिद्धार्थ डेभलपमेन्ट बैङ्कको मुद्दती खातामा रु.६२ लाख ४० हजार गरी रु.१ करोड ६८ लाख ५१ हजार रहेकोले कल्याणकोषमा रु.१ करोड ४५ लाख ७९ हजार हिसाब फरक परेको छ । हिसाब फरक सम्बन्धमा यकिन गरी टुङ्गो लगाउनुपर्दछ ।

३६. **निवृत्तिभरण दायित्व -** समितिको २०७१।७२ को लागि पेन्सन प्रयोजनमा रु.१ करोड ८५ लाख प्रस्ताव गरेकोमा रु.२ करोड १४ लाख ५३ हजार खर्च गरेको छ । समितिको आय स्रोतबाट पेन्सन व्यहोर्ने गरी प्रस्ताव पारित गरेकोमा नेपाल सरकारको विनियोजनबाट रु.२९ लाख ५३ हजार निवृत्तिभरण भुक्तानी गरेको छ । स्वीकृतिबेगर खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

गोरखापत्र संस्थान, २०७२।७३

३७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** संस्थानको २०७३।७४ सम्म शेयर पुँजी रु.१ करोड १५ लाख, साधारण जगेडा तथा कोष रु.१० करोड ९६ लाख, सञ्चित नाफा हिसाब रु.१६ करोड ५४ लाख, ऋण रु १० करोड ६८ लाख र चालु दायित्व तथा व्यवस्था रु.१२ करोड २८ लाख रहेको छ । अचल सम्पत्ति रु.८ करोड ८४ लाख र चालु सम्पत्ति रु.४२ करोड ७६ लाख रहेको छ । गत वर्ष खुद नाफा रु.३ करोड ८७ लाख रहेकोमा यस वर्ष रु.४ करोड ३५ लाख उल्लेख गरेको छ ।

३८. **संस्थान सञ्चालन -** संस्थानले २०७२।७३ मा रु.४ करोड ८३ लाख खुद नाफा देखाएर कर्मचारी बोनस बापत रु.५३ लाख व्यवस्था गरेको समेत बोनस व्यवस्था रकम रु.२ करोड ८९ लाख रहेको पाइयो । उपदानबापत खर्चमा रु.४४ करोड ९० लाख कम व्यवस्था गरेकाले संस्थान नाफामा नभै नोक्सानीमा रहेको देखिन्छ । नोक्सानीमा रहेको संस्थाले खर्च लेखी बोनस व्यवस्था गरेको रकम आम्दानी बाँध्नुपर्दछ । यस वर्षको अन्त्यसम्म लिनुपर्ने असामी रकममा शंकास्पद असामीको व्यवस्था नगरेको, कुल प्रत्यक्ष आम्दानीको अत्यधिक प्रतिशत कर्मचारी खर्च हुनु साथै नेपाल सरकारको ऋणको भाका नाघेको साँवा तथा ब्याज गरी रु.२ करोड ५७ लाख भुक्तानी गर्न नसक्नाले सरकारी सहयोगबेगर संस्थान सञ्चालन हुन समस्या देखिन्छ । निजी क्षेत्रको प्रकाशन गृहसँग प्रतिस्पर्धा गर्न क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

३९. **शंकास्पद असामी -** असामीअन्तर्गत कुल लिनुपर्ने रकम रु.१७ करोड ६७ लाखमध्ये ३६५ दिन भन्दा पुराना रु. १५ करोड २४ लाख रहेको छ । जुन कुल असामी रकमको ८६.२५ प्रतिशत हुन आउने र असुल हुने सम्भावना न्यून देखिन्छ । उक्त रकमलाई आयुगत वर्गीकरण गरी पुरानो असामी असुल गर्न कार्ययोजना तयार तथा कार्यान्वयन गर्न संस्थान प्रमुखलाई जिम्मेवार बनाउनुपर्दछ ।

१. **आयकर पेस्की -** आन्तरिक राजस्व कार्यालयमा पेस गरेको आय विवरणको अनुसूची १० मा भन्दा वासलातअनुसार आयकर पेस्की रकम रु.१ करोड ७० लाख ८४ हजार बढी उल्लेख गरेको छ । आयविवरणसँगै पेस गरेको उक्त अनुसूचीमा दाबी नगरेको तर आयकर पेस्की भनिएको सो रकम आयकर पेस्की नभै संस्थानले अरु कसैलाई फाइदा दिलाई संस्थानलाई नोक्सानी पुऱ्याएको रकम होइन भन्न सकिएन । यस सम्बन्धमा छानबिन गरी नियमानुसार टुङ्गो लगाउन संस्थानका पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रसारण इजाजत नवीकरण नगराएको, प्रतिस्पर्धा नगराई फ्रिक्वेन्सी बाँडफाँड र वितरण गरेको, फ्रिक्वेन्सी नीतिले तोकेबमोजिमको फ्रिक्वेन्सी दस्तुर असुल नगरेको, रोयल्टी घटी असुल गरेको, विदेशी चलचित्र विकास शुल्कको लगत नराखेको, हुलाक टिकटको मौज्दात बढी राखेको जस्ता व्यहोरा औल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहायअनुसार छः

  - सरकारी कार्यालयतर्फ ९२ निकायमा रु.१ अर्ब ३७ करोड ६१ लाख ६९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायले रु.५३ लाख ८१ हजार फछ्यौंट गरेकोले रु.१ अर्ब ३७ करोड ७ लाख ८८ हजार बाँकी रहेको छ । सोमध्ये रु.१६ लाख ८८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १५ मा छ ।

  - संगठित संस्था तथा अन्य संस्थातर्फ रु.१२ करोड ३८ लाख २७ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१ करोड ४४ लाख ८८ हजार पेस्की बाँकी रहेको छ । यससम्बन्धी विस्तृत विवरण अनुसूची १६ मा छ ।

स्वास्थ्य मन्त्रालय

मन्त्रालयको कार्य क्षेत्रमा स्वास्थ्यसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने, स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय स्वास्थ्य सेवालाई प्रयोगमा ल्याउने वातावरण प्रत्याभूति गराउने, एलोप्याथिक, आयुर्वेदिक, होमियोप्याथिक र युनानीजस्ता चिकित्सा प्रणालीसम्बन्धी प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनः स्थापना, अनुसन्धान तथा विकास गर्ने, नर्सिङ होम, निजी तथा सामुदायिक अस्पतालको नियमन गर्ने, औषधिको अनुसन्धान, उत्पादन, गुणस्तर निर्धारण, मूल्य निर्धारणलगायतका कार्य रहेको छ। मन्त्रालयसमेत १८३ निकायबाट सेवा प्रवाह हुँदै आएको छ।

मन्त्रालय र मातहत निकायको विनियोजन रु.३७ अर्ब २९ करोड ८९ लाख, राजस्व रु.१६ करोड ६७ लाख, धरौटी रु.२० करोड ८४ लाखसमेत रु.३७ अर्ब ६७ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न भएको छ। समिति तथा अन्य संस्थासमेत १२४ को रु.४७ अर्ब ४२ करोड ७५ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **स्वास्थ्य नीति कार्यान्वयन -** जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक स्रोत साधनको अधिकतम परिचालन गरी नागरिकको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार एवं पुनः स्थापना गर्न राष्ट्रिय स्वास्थ्य नीति, २०७१ लागू भएकोमा सोमा रहेका प्रमुख नीतिको कार्यान्वयन स्थिति देहायमा उल्लेख छ:

सि.नं.	स्वास्थ्य नीतिको मुख्य व्यहोरा	कार्यान्वयन अवस्था
१	सबै नागरिकलाई सहज र प्रभावकारीरुपमा गुणस्तरीय एवं आधारभूत स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउने।	७० प्रकारका औषधि निःशुल्क वितरण गर्ने कार्यक्रम सञ्चालन भए तापनि सबै औषधिको उपलब्धता नरहेको।
२	स्वास्थ्य सेवा सर्वसुलभ एवं प्रभावकारीरुपमा प्रवाह गर्न आवश्यक दक्ष जनशक्तिको योजना, उत्पादन, प्राप्ति, विकास तथा उपयोग गर्ने।	जनशक्ति उत्पादनार्थ मेडिकल कलेज र प्रतिष्ठानको स्थापना भए पनि कतिपय संस्थामा चिकित्सक पद रिक्त रहेकोले पूर्ण कार्यान्वयन हुन नसकेको ।
३	अस्पतालले आफ्नै स्वामित्वको फार्मेसीमार्फत सेवा दिने र औषधि वितरणमा योग्यता प्राप्त फार्मेसी जनशक्तिमार्फत बिरामीलाई औषधि वितरण गर्ने।	आफ्नै स्वामित्वमा रहेका ११२ सरकारी अस्पताल मध्ये ५२ अस्पतालले फार्मेसी सञ्चालन गर्न नसकेकोले पूर्णरुपमा कार्यान्वयन हुन नसकेको।
४	भूगोल र जनसंख्याको अनुपातमा ३० मिनेटको दूरीमा एक गाउँ एक स्वास्थ्य संस्था, २० हजार जनसंख्यामा १ प्राथमिक स्वास्थ्य केन्द्र र १ लाख जनसंख्याको लागि २५ शय्याको अस्पताल निर्माण गर्ने।	मापदण्ड तयार भए पनि पूर्णरुपमा कार्यान्वयन हुन नसकेको।
५	औषधिको उत्पादनमा देशलाई आत्मनिर्भर बनाइने।	आत्मनिर्भर बनाउनेतर्फ ठोस कार्यक्रम तयार हुन नसकेको र यो वर्ष रु.२२ अर्ब ६९ करोड ९५ लाखको औषधि आयात भएको।
६	औषधिको अनुमानित खरिद र वितरण व्यवस्थालाई प्रभावकारी बनाउन वर्तमान व्यवस्थालाई सुदृढ तुल्याउन प्रक्रियागत सुधारका साथै दक्ष फर्मासिष्ट जनशक्तिको संलग्नता गराइने।	केन्द्रीयस्तरबाट बोलपत्र गरी खरिद गर्न सम्भाव्यता अध्ययन भए पनि कार्यान्वयन हुन नसकेको।

२. **क्षेत्रगत लक्ष्य -** चौधौँ योजना (२०७३।७४-२०७५।७६) मा स्वास्थ्य क्षेत्रमा परिमाणात्मक लक्ष्य तोकिएकोमा निम्नानुसार प्रगति भएको विवरण प्राप्त भएको छ:

सूचक	२०७३।७४ लक्ष्य	२०७३।७४ प्रगति	सूचक	२०७३।७४ लक्ष्य	२०७३।७४ प्रगति
क्षयरोगको अनुमानित संख्याको आधारमा रोग निदान भएको दर	८५	७२	डीपीटी र हेपाटाइटिस खोप प्राप्त गर्ने बालबालिका (प्रतिशत)	९३	९४
पहिचान भएका क्षयरोगीमध्ये उपचारको सफलता (प्रतिशत)	९०	९१	पाँच वर्षमुनिका बच्चाको मृत्युदर (प्रति हजार जीवित जन्ममा)	३८	३९
कुल प्रजनन् दर	२.३	२.३	मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)	१५१	२३९
परिवार नियोजनको आधुनिक साधन प्रयोग दर (प्रतिशत)	५०	४३	वार्षिक नयाँ एचआइभी सङ्क्रमित रोगी (संख्या)	१२००	९४१
स्वास्थ्य संस्थामा प्रसूति सेवाको उपभोग (प्रतिशत)	६०	५७	दादुरा खोप प्राप्त गर्ने बालबालिका (प्रतिशत)	९०	९०
स्वास्थ्यकर्मीद्वारा प्रसूति सेवा प्राप्त गर्ने (प्रतिशत)	५५	५८	निःशुल्क मुटुरोग उपचार पाउने (जना)	११५०	२२६६
नवजात शिशु मृत्युदर(प्रति हजार जीवित जन्ममा)	२३	२१	औलोरोग पत्ता लागेको बिरामी (संख्या)	१०००	११२८
चौथो पटकसम्म गर्भवती जाँच गर्ने महिला (प्रतिशत)	६१	६८	गर्भवती महिलामध्ये पीएमटीसी सेवा पाएका गर्भवती महिला (प्रतिशत)	४०	४६.२
पाँच वर्षमुनिका बालबालिकामा भएको पुड्कोपना (प्रतिशत)	३६	३६	निःशुल्क औषधिको उपलब्धता (प्रकार)	७०	७०
भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला (प्रतिशत)	६०	४३	सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम विस्तार (बीमा) जिल्ला	२५	२२

स्वास्थ्य सेवा प्रवाह प्रभावकारी नभएका कारणबाट स्वास्थ्य संस्थामा प्रसूति सेवाको उपभोग ५७ प्रतिशत, भिटामिन ए प्राप्त गर्ने गर्भवती महिला ४३ प्रतिशत, पाँच वर्षमुनिका बच्चाको मृत्युदर (प्रति हजार जीवित जन्ममा) ३९ जना, मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) २३९ जना, अनुमानित संख्याको क्षयरोग निदानदर ७२ प्रतिशतजस्ता मुख्य सूचकमा तोकेको लक्ष्य प्राप्त हुन सकेको देखिएन । तोकेको लक्ष्य प्राप्त गर्न थप प्रयास गर्नुपर्ने देखिन्छ ।

३. **बजेट वक्तव्य:** बजेट वक्तव्य २०७३।७४ मा उल्लेख भएका नीति तथा कार्यक्रम र मन्त्रालयबाट भएको कार्यान्वयन अवस्था निम्नानुसार रहेको छ:

सि.नं.	बजेट वक्तव्यको व्यहोरा	कार्यान्वयन अवस्था
१	कुनै पनि नागरिकले व्यक्तिगत सम्पत्तिको अभावमा औषधि उपचार गराउनबाट बञ्चित हुनुपर्ने अवस्थालाई सदाको लागि अन्त्य गर्न आगामी तीन वर्षभित्र सबै नेपालीको स्वास्थ्य बीमा गर्ने लक्ष्यसहित राष्ट्रिय स्वास्थ्य बीमा योजना चरणबद्धरुपमा कार्यान्वयन गर्ने ।	यो वर्ष २५ जिल्लामा विस्तार गर्ने लक्ष्य रहेकोमा २२ जिल्लामा विस्तार भई २०७४ आषाढ मसान्तसम्म २२ जिल्लाका कुल जनसंख्याको ४.९ प्रतिशतले स्वास्थ्य बीमा गरेका तथ्याङ्क रहेको छ ।
२	विशेषज्ञ चिकित्सकसहितको अत्याधुनिक स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले वीर अस्पताललाई काठमाडौँ उपत्यकाभित्रको उपयुक्त स्थानमा न्यूनतम पाँच सय रोपनी क्षेत्रफलमा अत्याधुनिक भौतिक पूर्वाधार, यन्त्र उपकरण र विशेषज्ञ सेवासहितको अर्न्तराष्ट्रियस्तरको सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गर्न जग्गा पहिचान र गुरुयोजना तयारी गरी निर्माण कार्य आरम्भ गर्ने ।	भक्तपुरको दुवाकोटमा जग्गा पहिचान र गुरुयोजना तयारीको कार्य आरम्भ भएको तर उल्लेखनीय प्रगति नभएको ।

३	भक्तपुरको सल्लाघारीस्थित तीनकुनेमा आधुनिक स्वास्थ्य प्रयोगशाला र मृगौला उपचार केन्द्र स्थापना गर्ने ।	मन्त्रालयले वार्षिक कार्यक्रममा राखेको भए पनि कार्यान्वयन हुन नसकेको ।
४	महिलालाई सुरक्षित प्रसूति सेवा निःशुल्क रुपमा उपलब्ध गराउन सघन आकस्मिक प्रसूति सेवा र नवजात शिशु सेवालाई ७५ जिल्लामा विस्तार गर्ने । आमा र बच्चाको पोषण सुनिश्चित गर्न सुनौला हजार दिन कार्यक्रमलाई थप प्रभावकारी बनाउने ।	सघन आकस्मिक प्रसूति सेवा र नवजात शिशु सेवा ७५ जिल्लामा विस्तार हुन नसकेको । आमा र बच्चाको पोषण सुनिश्चित गर्न सुनौला हजार दिन कार्यक्रम १५ जिल्लामा सञ्चालित रहेको ।
५	आयुर्वेदिक औषधिको गुणस्तरमा सुधार ल्याउन सिंहदरबार वैद्यखानाको औषधि उत्पादन प्रक्रियामा असल उत्पादन प्रक्रिया (जीएमपी) अवलम्बन गर्ने ।	आयुर्वेदिक औषधिको गुणस्तरमा सुधार ल्याउन सिंहदरबार वैद्यखानाको औषधि उत्पादन प्रक्रियामा असल उत्पादन प्रक्रिया (जीएमपी) अवलम्बनको लागि भवन निर्माणको कार्य मात्र भइरहेको ।
६	विपन्न नागरिकलाई आठ प्रकारका रोग क्यान्सर, मूटु, मृगौला, कलेजोलगायतको उपचार र डायलासिस सेवालाई मृगौला प्रत्यारोपण नगरेसम्म निःशुल्क गर्ने ।	उक्त कार्यक्रम कार्यान्वयनमा रहेको, यो वर्ष १७ हजार ४७१ विपन्न नागरिकलाई सो सेवाबापत अस्पतालहरुलाई रु.९६ करोड ६ लाख ४२ हजार शोधभर्ना भएको ।
७	सरकारी छात्रवृत्तिमा एम.डी. र एम.एस. गरेका विशेषज्ञ चिकित्सकहरुले दुर्गम क्षेत्रमा अनिवार्यरुपमा सेवा गर्नुपर्ने व्यवस्था गर्ने ।	सरकारी छात्रवृत्तिमा पढ्न जानेको विस्तृत अभिलेख उपलब्ध हुन नसकेको एवं पूर्णरुपमा कार्यक्रम कार्यान्वयन नभएको ।
८	स्वास्थ्य सेवा प्रदायक संस्था वा निकायहरुको सेवा प्रवाह, औषधिको गुणस्तर, स्वास्थ्यकर्मीको आचारसंहिताको पालनालगायतका विषयको अनुगमनको लागि सशक्त प्रणालीको विकास गर्ने ।	विभिन्न निकायमार्फत कार्यान्वयन हुने गरेको ।

बजेट वक्तव्यमा समावेश भएका उपर्युक्त कार्यक्रम पूर्णरुपमा कार्यान्वयन हुन सकेका छैनन् । स्वीकृत बजेटबमोजिम कार्य सञ्चालन गर्नुपर्दछ ।

४. **प्राविधिक सहायता -** अर्थमन्त्रीले २०७३।७४ को बजेट वक्तव्यसाथ व्यवस्थापिका-संसदसमक्ष पेस गरेको प्राविधिक सहायताको विवरणमा यो वर्ष ८ दाताबाट ९ कार्यक्रमको लागि रु.३ अर्ब ८ करोड ६३ लाख सहायता प्राप्त हुने उल्लेख छ । प्राविधिक सहायताअर्न्तगत भएको खर्चको विवरण माग गरिएकोमा उपलब्ध भएन । प्राविधिक सहायताअर्न्तगत भएको खर्चको विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

५. **निर्माणाधीन स्वास्थ्य संस्था -** विभिन्न स्वास्थ्य संस्थाको भवन निर्माण गर्न शहरी विकास मन्त्रालयअन्तर्गतका कार्यालयलाई अख्तियारी दिएकोमा कुल १ हजार १०३ स्वास्थ्य संस्थाका भवनमध्ये २०७३।७४ सम्म १८४ भवनको कार्य सम्पन्न भई ९१९ निर्माणाधीन अवस्थामा रहेको देखियो । निर्माणाधीन भवनमध्ये २०६८।६९ अगाडिका १३६, २०७०।७१ मा ११०, २०७१।७२ मा २०७, २०७२।७३ मा ११८ र २०७३।७४ मा ३४८ भवन निर्माण सम्झौता भएका छन् । सम्पन्न हुन बाँकी भवनमध्ये २४ भवनको निर्माण कार्य हुन नसकी समस्याग्रस्त रहेको पाइयो । खरिद ऐन तथा नियमावलीबमोजिम यथासमयमा कारबाही भएको पाइएन । स्वास्थ्य संस्थाहरुको निर्माण समयमा सम्पन्न हुन नसक्दा भूकम्पबाट क्षतिग्रस्त भएका कतिपय स्वास्थ्य संस्थामा एउटै कोठाबाट सबै सेवा सञ्चालन गर्नु परेको, पुराना र जोखिमपूर्ण भवनमा सेवा सञ्चालन गर्नु परेको जस्ता कारणबाट सेवा प्रवाहमा प्रत्यक्ष प्रभाव परेको स्थिति रहेकोले सम्झौताबमोजिमको काम नगर्ने निर्माण व्यवसायी तथा पदाधिकारीलाई जिम्मेवार बनाई यथासमयमा निर्माण कार्यसम्पन्न गराउनुपर्दछ ।

६. **अनुमति एवं सञ्चालन -** मन्त्रालयबाट पेस भएको विवरणअनुसार मुलुकभर जिल्ला अस्पताल र सो सरहका अस्पताल ७३, क्षेत्रीय, उपक्षेत्रीय, अञ्चल र सो सरहका अस्पताल १५, केन्द्रीयस्तरका अस्पताल १४, मेडिकल कलेज १४, मिसन अस्पताल ७ र निजी सामुदायिक र सहकारी अस्पताल ४१५ समेत ५३८ अस्पताल सञ्चालन रहेको र शय्या संख्या ३० हजार २८७ रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:

६.१. स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० को दफा ८ मा तोकिएका पूर्वाधार एवं मापदण्ड पूरा भएको निजी, सामुदायिक वा सहकारी अस्पताललाई अनुमति प्रदान गर्ने निकायले पाँच वर्षका लागि सञ्चालन अनुमति प्रदान गर्न सक्ने र दफा १२ बमोजिम नवीकरण गराउनुपर्ने व्यवस्था छ त्यस्तै दफा १३ मा नवीकरण नभएका स्वास्थ्य संस्था स्वतः खारेज हुने व्यवस्था छ । मन्त्रालयले ४१५ निजी सामुदायिक तथा सहकारी अस्पताललाई सञ्चालन अनुमति प्रदान गरेको ५१ शय्याभन्दा बढीका ८२ अस्पतालमध्ये १६ अस्पतालले नवीकरण गरेको र ७६ अस्पतालको अनुमतिको म्याद समाप्त भएको अवस्थामा पनि नवीकरण नै नगराई सञ्चालनमा रहेको देखिन्छ । विवरण पेस नभएका ३३३ अस्पतालको स्वास्थ्यसम्बन्धी सूचना प्रणालीबाट प्राप्त तथ्याङ्क परीक्षण गर्दा १२३ अस्पतालले प्रतिवेदन दिएको देखिएन ।

सञ्चालन अनुमति नवीकरण नभएको अवस्थामा स्वास्थ्य संस्था स्वतः खारेज हुने उल्लेख भएकोमा त्यस्ता अस्पतालहरु तोकिएका मापदण्ड एवं पूर्वाधारसहित सञ्चालनमा रहेको यकिन नगरी कानुनी हैसियत समाप्त भएको अवस्थामा पनि स्वास्थ्य जस्तो संवेदनशील सेवा सञ्चालन गरिरहनु उपयुक्त देखिएन । स्वास्थ्य सेवामा प्रत्यक्ष असर पर्न सक्ने अवस्थामा मन्त्रालयले कुनै कारबाही गरेको छैन । अतः तोकिएबमोजिम नवीकरण नगराउने अस्पतालको यथाशीघ्र अनुगमन गरी सञ्चालनमा निरन्तरताका सम्बन्धमा निर्णय हुनुपर्दछ ।

यो वर्षको लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः राष्ट्रिय स्वास्थ्य नीतिको प्रभावकारी कार्यान्वयन, बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमको कार्यान्वयन, वस्तुगत सहायता अन्तर्गत भएको खर्चको लेखापरीक्षण, स्वास्थ्य संस्थाहरुको भवन निर्माणमा विलम्ब, अस्पतालको सञ्चालन अनुमति र नवीकरण, अनुदानको प्रगति प्रतिवेदन तथा वित्तीय प्रतिवेदन, स्वास्थ्य कर कोषको रकमबाट कार्यक्रम सञ्चालन, छात्रवृत्ति प्राप्त गर्ने कर्मचारीको अद्यावधिक लगत, चिकित्सकको पदपूर्ति, बिरामीको चापअनुसार चिकित्सक तथा उपकरण, भौतिक पूर्वाधार, शल्यक्रिया सेवा, स्वास्थ्य उपकरणको उपयोग, औषधि एवं भण्डार व्यवस्थापन, निःशुल्क उपचारका लागि औषधि मौज्दात, कतिपय अस्पतालमा फार्मेसी सञ्चालन, उपकरण खरिद, आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम सञ्चालन, अस्पतालजन्य उत्पादित फोहोरको प्रभावकारी व्यवस्थापन, प्रभावकारी अनुगमनका लागि नियमनकारी निकाय, बजेट तथा कार्यक्रमको सीमा, क्याटलग सपिङ्ग, सीमित बोलपत्रदातामार्फत खरिद कार्य, पूर्वनिर्धारित क्षतिपूर्ति, कम म्याद भएका औषधि खरिद, ठेक्कामा नाफा र ओभरहेड, दातृ निकायबाट खरिद, खरिद कार्यमा ढिलाई, अत्यधिक मौज्दात, विपन्न बिरामीलाई दिएको उपचार सेवाको विवरण, औषधि पसलको प्रभावकारी अनुगमन, फार्मेसी सञ्चालन, दातृ निकायसँग भएको सम्झौताबमोजिम खर्च, सम्झौताको शर्त पालना, बीमा कार्यक्रमको प्रभावकारिता, कर्मचारी काज, शैक्षिक कार्यक्रम सञ्चालन, बोलपत्र कागजात, उपकरणको सञ्चालन, फार्मेसीको आय तलबमा खर्च, अस्पताल सेवाको प्रभावकारिता, जग्गाको उपयोग, अनुसन्धान नतिजा कार्यान्वयन, अस्पतालको भाडा असुली, ग्रेड भुक्तानी लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

६.२. स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त गरेका संस्थाहरुले प्रदान गरेको सेवाको गुणस्तरका सम्बन्धमा अनुगमन गर्न मन्त्रालय, विभाग, क्षेत्र र जिल्लास्तरीय अनुगमन समितिको व्यवस्था छ । अनुमति पाएका संस्थाले प्रतिवेदन पेस नगरेको तथा अनुगमन गर्न गठित समितिले अनुगमन गरी गुणस्तरीय एवं मापदण्डअनुरुपको सेवा सुविधा प्रवाह भए नभएको सुनिश्चित गर्नुपर्नेमा अनुगमन समितिबाट अनुगमनसमेत गरेको छैन । गुणस्तरीय सेवा प्रदान भएको तथा मापदण्ड पूरा गरेको सुनिश्चित गर्न अनुगमनलाई प्रभावकारी बनाउनु जरुरी छ ।

६.३. निजीस्तरमा सञ्चालन हुने स्वास्थ्य संस्थाले लिने सेवा शुल्क निर्धारण गर्न स्वास्थ्य मन्त्रालयका सचिवको अध्यक्षतामा सेवा शुल्क निर्धारण समिति गठन हुने व्यवस्था छ । अस्पतालहरुले प्रदान गर्ने सेवाको शुल्कसम्बन्धी मापदण्ड निर्धारण गरेको पाइएन । सोको कारण एकै प्रकारको सेवाको शुल्कमा समेत विविधता रहेको छ । अतः उपयुक्त शुल्कमा उपचार सेवा प्राप्त गर्न सक्ने संयन्त्र तयार गर्नुपर्दछ ।

६.४. अनुमति प्राप्त सरकारी तथा निजी क्षेत्रमा सञ्चालित अस्पतालहरुले कुल शय्याको दश प्रतिशत शय्यामा अनिवार्यरुपमा निःशुल्क उपचार सेवा उपलब्ध गराउनुपर्ने तथा पचास शय्याभन्दा बढी क्षमता भएका

अस्पतालमा जेष्ठ नागरिकलाई विशेष सुविधा उपलब्ध गराउनुपर्ने व्यवस्था भए तापनि सामुदायिक तथा निजी अस्पतालबाट जेष्ठ नागरिकका लागि तोकिएबमोजिमको सेवा सुविधा प्रदान गरेको सम्बन्धमा सम्बन्धित अस्पतालले प्रतिवेदन गरेको पाइएन । अनुगमनलाई प्रभावकारी गराई निःशुल्क उपचार सेवा तथा जेष्ठ नागरिकको स्वास्थ्य सुविधा सुनिश्चित गरिनुपर्दछ ।

६.५. आर्थिक ऐनले प्रदान गरेको राजस्व छुटमा स्वास्थ्य संस्थालगायत विभिन्न निकायले खरिद गरेका एम्बुलेन्समा स्वास्थ्य उपकरण एवं औजार जडान गरेको हुनुपर्ने, सिट राख्न नपाउने र बिरामी ओसार पसार गर्दा लिने भाडा मन्त्रालयले तोक्नुपर्ने व्यवस्था भए तापनि हालसम्म मन्त्रालयले भाडादर तोकेको र मन्त्रालयको सिफारिसमा राजस्व छुट भएका यस्ता एम्बुलेन्सको अभिलेख राखी अनुगमन गरेको छैन । राजस्व छुटमा पैठारी भएका एम्बुलेन्सको अनुगमन गर्नुपर्दछ ।

७. **अनुदान -** सामुदायिक अस्पताललाई अनुदान दिने निर्देशिका, २०७३ को दफा १२ तथा सम्झौताको शर्त बमोजिम आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र अनुदान लैजाने सामुदायिक अस्पतालले स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन गरी सोको वित्तीय तथा फोटोसहितको भौतिक प्रगति पठाउनुपर्ने व्यवस्था छ । यो वर्ष २७ अस्पताललाई रु.२४ करोड ९९ लाख ७९ हजार अनुदान उपलब्ध गराएको छ । रकम उपलब्ध गराएको ९ महिनाभन्दा बढी अवधि व्यतीत भइसकेकोमा समेत निर्देशिकाले तोकेबमोजिम १० अस्पतालले रु.९ करोड ५४ लाख १३ हजार अनुदानको सम्बन्धमा प्रतिवेदन नलिएकोले सम्झौताबमोजिम अनुदान रकम उपयोग भएकोमा आश्वस्त हुन सकिएन । मन्त्रालयले नेपाल मेडिकल काउन्सिललाई भवन मर्मत सुधारमा रु.१ करोड, एक स्वास्थ्य विज्ञान प्रतिष्ठान काठमाडौँलाई एन्टी स्नेक भेनम तयार गर्ने सम्बन्धमा विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रु.८५ लाख तथा नेपाल क्यान्सर अस्पताल, बाँकेलाई सेवा विस्तार कार्यका लागि रु.५० लाखसमेत रु.२ करोड ३५ लाख अनुदान उपलब्ध गराएको छ । कार्यक्रमबमोजिम कार्य सम्पादन गरेको सम्बन्धमा प्रगति तथा वित्तीय प्रतिवेदन पेस नहुँदा तोकेबमोजिम खर्च भएको सम्बन्धमा आश्वस्त हुन सकिएन । सम्झौताबमोजिम कार्य भएको प्रतिवेदन पेस हुनुपर्दछ ।

८. **स्वास्थ्यकर कोष -** धुम्रपान तथा सुर्ती सेवनले मानव जीवनको आर्थिक सामाजिक र सांस्कृतिक क्रियाकलापमा समेत नकारात्मक असर पर्ने भएकोले सुर्ती सेवन गर्ने कार्यलाई न्यूनीकरण, नियन्त्रण तथा नियमन गर्ने उद्देश्यले स्वास्थ्यकर कोषको स्थापना भएको छ । सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने नियमावली, २०६८ बमोजिम सुर्तीजन्य पदार्थको अन्तःशुल्कबाट उठेको रकमको २५ प्रतिशत स्वास्थ्यकर कोषमा जम्मा गरिने र सोको ७५ प्रतिशत सरकारी अस्पताल, १५ प्रतिशत स्वास्थ्य मन्त्रालय र मातहतका निकाय र १० प्रतिशत सामाजिक संस्था वा गैरसरकारी अस्पतालमार्फत खर्च गरिने व्यवस्था छ ।

सुर्तीजन्य पदार्थको अन्तःशुल्कबाट २०७२।७३ मा रु.८ अर्ब ९५ करोड राजस्व प्राप्त भएकोमा सोको २५ प्रतिशतले रु.२ अर्ब २४ करोड बजेट व्यवस्था गरी सोहीबमोजिम कार्यक्रम स्वीकृत गरी कार्य सञ्चालन गर्नुपर्नेमा यो वर्ष कोषमा विनियोजन हुनुपर्ने रकमको २९.६८ प्रतिशतले हुने रु.६६ करोड ५० लाखमात्र विनियोजन भै सोमध्ये रु.५५ करोड ३२ लाखको कार्यक्रम स्वीकृत गरी खर्च गरेको छ । उक्त बजेटबाट बी.पि. कोइराला क्यान्सर अस्पताल चितवनलाई रु.३० करोड ५० लाख, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रलाई रु.९ करोड, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानलाई रु.१ करोडसमेत ६ अस्पताललाई रु.४४ करोड ५० लाख मापदण्ड बेगर कार्यक्रम सञ्चालन गर्न अख्तियारी दिई खर्च गरेको छ । नियमको व्यवस्थाबमोजिम कार्यक्रम संञ्चालन गर्नुपर्नेमा उपलब्ध हुन सक्ने स्रोतसमेतको कार्यक्रम तयार नगरेबाट दक्षतापूर्वक कार्यक्रम सञ्चालन हुन सकेको देखिएन ।

९. **छात्रवृत्ति -** स्वास्थ्य मन्त्रालयबाट छनौट भई गत विगतदेखि स्वदेश तथा विदेशमा छात्रवृत्तिमा अध्ययन गर्न मन्त्रालय र मातहतका स्वास्थ्यकर्मीलाई पठाएको देखिन्छ । मन्त्रालयबाट स्वीकृति लिई छात्रवृत्तिमा अध्ययन गर्न गएका, अध्ययन पूरा गरी फर्केका, अध्ययन पूरा नगरी फर्केका, फर्केपछि सम्झौता र नियमानुसार सेवा गरिरहेका र सेवा नगर्ने स्वास्थ्यकर्मीहरुको अद्यावधिक लगत राखेको देखिएन । सोसम्बन्धी लगत अद्यावधिक र अनुगमन गरी सेवा प्राप्त भएको सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ ।

१०. **नियमनकारी निकाय** - स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्डसम्बन्धी निर्देशिका, २०७० मा स्वास्थ्य संस्थाहरुको अनुगमन गर्न मन्त्रालय र अर्न्तगतका निकायलाई तोकेको छ । हाल उक्त संयन्त्रबाट प्रभावकारी अनुगमन र नियमन हुन नसक्दा अस्पतालको स्थापना, संञ्चालन, नवीकरण, शुल्क निर्धारण तथा मापदण्डबमोजिमको सेवा प्रवाहमा कमी कमजोरी देखिएको छ । यसैगरी शिक्षा मन्त्रालयको

अनुमतिमा सञ्चालनमा रहेका मेडिकल कलेज र छुट्टै ऐनअन्तर्गत गठित प्रतिष्ठानले समेत स्वास्थ्य सेवा प्रवाह गरिरहेका छन् । नवीकरण नभएको स्वास्थ्य संस्था स्वत: खारेज हुने उल्लेख भएकोमा त्यसतर्फ नियमनकारी निकाय जिम्मेवार नभएको अवस्थाका कारण वर्षौं नवीकरण नगरी सञ्चालनमा रहेको अवस्था छ । अत: स्वास्थ्य सेवा जस्तो संवेदनशील विषयमा अनुगमन र नियमन कार्य प्रभावकारी नहुँदा स्वास्थ्य सेवा प्रवाह गुणस्तरीय नहुनुका साथै प्राप्त सुविधाको तुलनामा शुल्कमा समेत एकरुपता नभएको परिप्रेक्ष्यमा स्वास्थ्य सेवाको गुणस्तर, लागत र सेवा प्रवाह कमजोर देखिएको छ । तसर्थ सबै स्वास्थ्य संस्थाको नियमन र अनुगमन कार्यलाई प्रभावकारी बनाउन ऐनद्वारा स्वतन्त्र र अधिकार सम्पन्न नियमनकारी निकायको व्यवस्था गरिनुपर्दछ ।

औषधि बिक्रेता र उत्पादक, स्वास्थ्य सामग्री उत्पादक, बिक्रेता, खाद्य पदार्थ उत्पादन, वितरण, प्रशोधन एवं खानयोग्य बनाउन संलग्न व्यवसायीहरुका गतिविधि तथा उत्पादित वस्तुको पर्याप्त रुपमा अनुगमन गरी गुणस्तर आश्वस्तता हुन सकेको छैन । उक्त कार्य दुई बेग्लाबेग्लै निकाय औषधि व्यवस्था विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट हुँदै आए पनि प्रभावकारी देखिएन । यी विषय अन्तरसम्बन्धित भएको र मानव स्वास्थ्यमा असर पार्ने महत्वपूर्ण विषय भएकोले नियमन गर्न अधिकार सम्पन्न खाद्य तथा औषधि नियमन प्राधिकरण खडा गर्ने व्यवस्था हुनुपर्दछ ।

- **स्वास्थ्य सेवा प्रवाह:**

११. **स्वास्थ्य सेवा** - स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७२।७३ बमोजिम स्वास्थ्यसम्बन्धी केही सूचकाङ्कको स्थिति देहायअनुसार रहेको छ:

(सेवा प्रवाह प्रतिशतमा)

विवरण	आर्थिक वर्ष		
	२०७०/७१	२०७१/७२	२०७२/७३
१ वर्षमुनिका बच्चाको खोप बी.सी.जी.	९९	९४	८७
१ वर्षमुनिका बच्चाको खोप डी.पी.टी	९२	९१	८२
१ वर्षमुनिका बच्चाको खोप ओ.पी.भी.३.	९२	९०	७९
१ वर्षमुनिका बच्चाको खोप मिजल्स	८८	८५	७७
खोप पूरा गर्ने प्रोटोकलअनुसार	०	७३	६६
प्रसूति आमाको प्रोटोकल चारपटक परीक्षण	५९	५२	५१
स्वास्थ्य संस्थाहरुको ओ.पी.डी. सेवा लक्ष्यको तुलनामा	७९	७३	६६

माथिको तालिकाअनुसार विभिन्न खोप सेवाको उपलब्धि तथा स्वास्थ्य संस्थाहरुको ओ.पी.डी. सेवा विगत ३ वर्षमा लगातार घटेको छ । सर्वसुलभ एवं प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न सम्बन्धित पक्षले ध्यान दिनुपर्ने देखिन्छ ।

१२. **दरबन्दी पदपूर्ति** - स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १३ मा पद रिक्त भएको ७ दिनभित्र लोक सेवा आयोगमा स्थायी कर्मचारी माग गरी पठाउनुपर्ने व्यवस्था छ । मन्त्रालयअर्न्तगत प्रशासनिक र स्वास्थ्य सेवाका ३३ हजार १४० दरबन्दी रहेकोमा २८ हजार ३७५ कर्मचारी कार्यरत रही ४ हजार ७६५ दरबन्दी रिक्त रहेको विवरण पेस भएको छ । तर चिकित्सक तथा नर्सको रिक्त दरबन्दी विवरण पेस भएन ।

स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदन २०७२।७३ अनुसार ७५ जिल्लामा स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालयअर्न्तगत ४६८ चिकित्सकको दरबन्दी रहेकोमा २७९ पदपूर्ति भई १८९ रिक्त रहेको देखिन्छ । चिकित्सक दरबन्दीमध्ये उदयपुरमा १०, नुवाकोटमा १४, सप्तरीमा २७, सिरहामा ६, बाग्लुङमा २, नवलपरासीमा १०, म्याग्दीमा ११, जाजरकोटमा ९, कैलालीमा ५ रिक्त रहेकोमा सप्तरी, सिरहा, बाग्लुङ, नवलपरासी, कैलालीमा करारमा समेत चिकित्सक पठाएको छैन । त्यस्तै ७५ जिल्लाअर्न्तगत १३ हजार ७८५ पारामेडिक्स दरबन्दी रहेकोमा ९ हजार ६३९ पूर्ति भई ताप्लेजुङमा ८०, इलाममा ४८, भोजपुरमा १००, धनुषामा ८०, महोत्तरीमा ८३, जाजरकोटमा २२, अछाममा ९० तथा कैलालीमा ११० समेत ४ हजार १४६ पद रिक्त रहेको छ ।

चिकित्सक तथा पारामेडिक्स पदहरु रिक्त रहेको अवस्थामा सेवा प्रवाहमा प्रत्यक्ष असर पर्न गएको छ । रिक्त पदहरु समयमा नै पूर्ति गरी स्वास्थ्य सेवा प्रवाहलाई चुस्त दुरुस्त तुल्याउन सम्बन्धित निकायको ध्यान जानुपर्दछ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

१२.१. लेखापरीक्षणको क्रममा अस्पतालहरुमा चिकित्सकको दरबन्दीअनुसार पदपूर्ति नगरेको केही उदाहरण निम्नानुसार छन्:

अस्पताल	स्वीकृत दरबन्दी	पदपूर्ति	रिक्त
इलाम अस्पताल	१६	३	१३
मेची अञ्चल अस्पताल	२८	१५	१३
इनरुवा अस्पताल	१५	१	१४
सगरमाथा अञ्चल अस्पताल	२६	४	२२
हेटौंडा अस्पताल	१५	४	११
सिन्धुली अस्पताल	११	४	७
बर्दिया अस्पताल	१५	५	१०
प्युठान अस्पताल	१४	५	९
सेती अञ्चल अस्पताल	२९	१३	१६
बी.पी. कोइराला क्यान्सर अस्पताल चितवन	७४	५९	१५
सर्लाही अस्पताल	१५	८	७
कोशी अञ्चल अस्पताल	९३	७९	१४

रिक्तमध्ये प्रमुख मेडिकल सुपरिण्टेण्डेण्ट, बालरोग विशेषज्ञ, वरिष्ठ कन्सल्टेण्ट सर्जन, अर्थोपेडिक सर्जन, रेडियोलोजिष्ट, साइकियाट्रिसियन, एनेस्थेसियोलोजिष्ट, जनरल फिजिसियन, फिजिसियन, मेडिकल ल्याव टेक्नोलोजिष्ट जस्ता विशेषज्ञ पदहरुको दरबन्दी रिक्त रहेको देखिन्छ ।

१२.२. पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहने चिकित्सक ४१ र नर्सिङ विभागमा ६९ दरबन्दी रिक्त रहेको छ भने फार्मेसी, ओ.पी.डी, ल्याव/प्याथालोजीमा क्रमशः ८, १९, १७ कर्मचारी रिक्त रहेको पाइयो । अस्पतालमा प्रत्येक वर्ष बिरामीको संख्या बढ्दै गइरहेको परिप्रेक्षमा अत्यावश्यक जनशक्ति पूर्ति नहुँदा अस्पतालले गुणस्तरीय सेवा पुऱ्याउन नसक्ने भएकोले रिक्त दरबन्दी पदपूर्ति गर्नेतर्फ सेवा आयोग क्रियाशील हुनुपर्दछ ।

१२.३. कान्ति बाल अस्पतालले आन्तरिक नियन्त्रण प्रणालीलाई सबल गर्न २०७२ श्रावणदेखि विद्युतीय हाजिरीको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा २०७४ आषाढको ८० चिकित्सकको विवरण माग गरी परीक्षण गर्दा कुनै पनि चिकित्सकको हाजिरी अभिलेख अद्यावधिक रहेको छैन । हाजिरी अभिलेखबाट ११ चिकित्सकले अस्पतालमा आएको समय जनाएको तर गएको समय नजनाएको, ३१ चिकित्सकले महिनामा १५ दिनभन्दा कम दिनको गएको समय उल्लेख गरेको अवस्था छ । उपर्युक्त स्थितिले चिकित्सकहरु तोकिएको अवधिसम्म अस्पतालमा कार्यरत रहेको विश्वस्त हुने अवस्था देखिएन । यसबाट सेवा प्रवाहमा प्रत्यक्ष असर पर्ने हुँदा आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गरी सेवा प्रवाहमा दक्षता ल्याउनुपर्दछ ।

१३. **आई.सी.यू. सञ्चालन** - कान्तिबाल अस्पतालले यो वर्ष ५२ शय्याको सघन उपचार कक्ष (आई.सी.यू.सेवा) सञ्चालन गर्न आवश्यक पूर्वाधार तयारी कार्य सम्पन्न गरेको छ । अस्पतालले आई.सी.यू.को निर्माण कार्य, अक्सिजन पाइप लाइन, एयरकन्डिसिनिङ सिस्टमलगायतका कार्यमा यो वर्षसम्म रु.३ करोड ९८ लाख ३ हजार खर्च भएको देखिन्छ । अस्पतालले ५२ शय्याको आई.सी.यू. सेवा सञ्चालन गर्ने लक्ष्य राखेकोमा हाल ३९ शय्यामात्र सञ्चालनमा रहेको छ । पूरै शय्या सञ्चालन नभएको सम्बन्धमा छलफल गर्दा स्थान जनशक्ति, र उपकरण अपर्याप्त भएको कारणले सञ्चालन गर्न नसकेको जनाएको छ । प्राप्त विवरणअनुसार २०७३ मार्गदेखि २०७४ आषाढ मसान्तसम्म ३५५ बिरामीलाई आई.सी.यू.मा शय्याको अभाव भएको कारण अन्यत्र (निजी तथा सरकारी समेत १५) अस्पतालमा रेफर गरेको देखिएको छ । तोकिएबमोजिमका शय्याको व्यवस्था नगरी बिरामी अन्यत्र रेफर गर्नु उपयुक्त देखिँदैन ।

१४. **चिकित्सकको उपस्थिति** - सगरमाथा अञ्चल अस्पतालको आकस्मिक कक्षमा चिकित्सकसमेत रहनुपर्नेमा प्यारामेडिक्सबाट सेवा प्रदान हुने गरेको र अस्पतालका केही चिकित्सक कार्यालय समयमा समेत निजी क्लिनिकमा साइनबोर्ड राखी कामकाज गर्ने गरेकोले नीतिविपरीत क्लिनिक सञ्चालन गरेको पाइयो । अस्पतालमा दरबन्दीबमोजिम चिकित्सक नहुनु तथा भएका चिकित्सकहरु कार्यालय समयमा निजी

क्लिनिकमा रहनुले अस्पतालको स्वास्थ्य सेवा प्रवाह प्रभावित भएको छ । कार्यालय समयमा अन्यत्र कार्य गर्ने व्यवस्थाको पूर्ण नियन्त्रण हुनुपर्दछ ।

बी.पी. कोइराला क्यान्सर अस्पताल, चितवनमा स्वीकृत दरबन्दीमध्ये २० प्रतिशत चिकित्सक, ५५ प्रतिशत नर्स र ३१ प्रतिशत पारामेडिक्स पदहरु रिक्त छन् । कार्यालयको भ्रमण अभिलेख परीक्षण गर्दा कार्यकारी निर्देशक २६ पटकमा १२६ दिन, एक चिकित्सक २० पटकमा ६६ दिन, अर्को एक चिकित्सक ११ पटकमा ४३ दिन जिल्ला बाहिर भ्रमणमा रहेको देखिन्छ । यसबाट अस्पतालको सेवा प्रवाह चुस्त दुरुस्त तुल्याउने कार्यमा उपर्युक्तानुसार चिकित्सकको अनुपस्थितिले सेवाग्राहीलाई प्रत्यक्ष असर पर्न गएको छ । पूर्णकालीन चिकित्सकहरु निजी क्लिनिकमा संलग्न भएको सम्बन्धमा छानबिन गरी बिरामीले समयमा नै केमोथेरापी (आन्तरिक तथा बाह्य सेकाई), अपरेसन तथा अन्य सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनुपर्दछ ।

१५. **बिरामीको चाप** - मानव अंग प्रत्यारोपण केन्द्र, भक्तपुरले ४० वटा हेमोडायलासिस मेसिनबाट २४ सै घण्टा दैनिक औसत १०० भन्दा बढीलाई डायलासिस सेवा प्रदान गर्दै आएको छ । केन्द्रले गत वर्ष १३२ जनाको मृगौला र २ जनाको कलेजो प्रत्यारोपण कार्य सम्पन्न गरेको देखिन्छ । प्राप्त विवरणअनुसार पूर्वाधार तथा जनशक्तिको अभावमा हेमोडायलासिसमा ५६, नियमित मृगौला प्रत्यारोपणमा २०, पियर एक्सचेन्जमा २ तथा अङ्ग फेल भएका ५० बिरामी नियमित सेवा पाउन नसकी प्रतीक्षामा रहेको देखियो । डायलासिसमा अत्यधिक चाप देखिएको तर हाल बढीमा १०० सेसन देखि १२० सेसन सेवा दिनसक्ने शय्या, जनशक्ति तथा पूर्वाधारको अभावमा अन्य सेवा प्रवाहमा कठिनाइ रहेको केन्द्रको भनाइ रहेको छ । अस्पतालको क्षेत्र विस्तार गरी पर्याप्त भवन, उपकरणलगायत जनशक्तिसमेत व्यवस्था गरी सेवा विस्तार गर्नुपर्दछ ।

१६. **भौतिक पूर्वाधार** - केही अस्पतालको भौतिक पूर्वाधारको स्थिति देहायअनुसार छ:

१६.१. परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, थापाथलीले यो वर्ष १ लाख ५८ हजारलाई प्रसूति तथा स्त्रीरोग सम्बन्धी सेवा दिएको देखिन्छ । अस्पतालमा अति आवश्यक यू.एस.जी. सेवाका लागि ३ मेसिनबाट दैनिक औसतमा २२० जनाभन्दा बढीलाई सेवा दिनुपरेको अवस्था छ । सीमित संख्यामा मेसिन तथा जनशक्ति रहेको, भवनको अभावमा बस्ने स्थान साँघुरो रहेको, शौचालयको पर्याप्त व्यवस्था नरहेको, आकस्मिक कक्षसमेत साँघुरो रहेको तथा भूकम्पले भवन भत्किएका कारण एकेडेमिक भवनबाट सेवा सञ्चालन भए पनि भर्ना हुनुपर्ने महिलाहरुका लागि बेड अभावका कारण करिडोर तथा भूईमा राखी सेवा दिनु परेको अवस्था देखिएकोले सेवा प्रवाहमा कठिनाइ रहेको छ । भवन, उपकरणलगायत जनशक्तिसमेत व्यवस्था गरी सेवा प्रभावकारी बनाउनु जरुरी देखिन्छ ।

१६.२. वीर अस्पतालमा साविक २५ शय्याको आई.सी.यू. रहेकोमा २०७२।१।१२ को भूकम्पपश्चात् भौतिक संरचना क्षतिग्रस्त भएको कारण हाल पुरानो ६ र नयाँ ५ समेत ११ आई.सी.यू. कक्ष पूर्ण क्षमतामा सञ्चालनमा रहेको छ । बिरामीको चापको कारण आई.सी.यू.कक्ष सहज रुपमा प्राप्त हुने अवस्था देखिएन । सर्वसाधारणको सहज पहुँच हुने गरी आई.सी.यू. शय्या संख्या वृद्धि हुनुपर्ने देखिएको छ ।

१६.३. सोही अस्पतालको पोष्ट अपरेटिभ वार्डमा ११ बेड रहेकोमा मनिटर ८ मात्र रहेको, दुई भेन्टिलेटरमध्ये १ बिग्रेको, बिरामीको सबै रेकर्ड हुने अत्याधुनिक मनिटर उपलब्ध नभएको सम्बन्धित स्वास्थ्यकर्मीको भनाइ रहेको छ । न्युक्लियर मेडिसिनतर्फ कोवाल्ट ६० चालु अवस्थामा नभएकोले रेडियोथेरापी सेवा बन्द रहेको छ । यसैगरी गामा क्यामराको डिटेक्टर बिग्रेकोले पूर्ण क्षमतामा सञ्चालन नहुँदा सेवा प्रवाहमा असर परेको छ ।

१६.४. रोगको निदान तथा उपचारको लागि एक्स-रे, सी.टी. स्क्यान, एम.आर.आई, अल्ट्रासाउण्ड लगायतका रेडियोलोजी सेवा सर्वसाधारणलाई समयमै उपलब्ध हुनुपर्दछ । वीर अस्पतालमा बिरामी चापको तुलनामा एम.आर.आई तथा सी.टी.स्क्यान न्यून रहेको कारण सर्वसाधारणले सेवाको लागि आफ्नो पालो नपाई एम.आर.आई. सेवाको लागि कम्तीमा ७ दिन र परीक्षण प्रतिवेदन (रिपोर्ट) को लागि थप ४ दिन कुर्नुपर्ने अवस्था रहेको, सी.टी.स्क्यानको लागि न्यूनतम थप ३ दिन लाग्ने र खाली पेटमा गर्नुपर्ने सी.टी.स्क्यानको सेवा बाहेक अन्यमा थप तीनदेखि चार दिन रिर्पोटिङको लागि लाग्ने गरेको पाइयो । एम.आर.आई. तथा सी.टी.स्क्यान सेवा बाह्य निजी स्वास्थ्य संस्थाभन्दा रु.३ र ४ हजार सस्तो देखिए तापनि उक्त सेवा प्राप्त गर्न रिर्पोटिङसमेतका लागि ७ देखि १२ दिन समय लाग्ने देखिँदा बिरामी र बिरामी कुरुवाको बसाई खर्च महंगो पर्ने देखिन्छ । अत: उपयुक्त पूर्वाधारको व्यवस्था गरी सेवा प्रवाहलाई छिटो छरितो बनाउनुपर्दछ ।

१७. **ढिला शल्यक्रिया -** चिकित्सकको सिफारिसबमोजिम शल्यक्रिया गर्नुपर्ने बिरामीको समयमा नै उपचार हुनुपर्दछ । केही अस्पतालको शल्यचिकित्सासम्बन्धी विवरण माग गरी विश्लेषण गर्दा कान्तिबाल अस्पतालमा हर्निया, हाइड्रोसिलको शल्यक्रिया गर्न १२ महिनासम्म, परोपकार प्रसूति तथा स्त्रीरोग अस्पतालमा पाठेघरको शल्यक्रिया गर्न ३ महिनासम्म, वीर अस्पतालमा सामान्य शल्यक्रिया गर्न ६ महिनासम्म, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा मुटुरोगको शल्यक्रिया गर्न २ महिनासम्म पर्खनुपर्ने स्थिति छ । भौतिक पूर्वाधारको तुलनामा बिरामीको चाप अधिक रहेकोले यस्तो स्थिति रहेको अस्पतालले जनाएको छ । अस्पतालले समयमा नै सेवा दिन नसकेका कारण बिरामी उपचारको लागि निजी अस्पताल जानुपर्ने अवस्थामा सुधार गर्नु जरुरी छ ।

१८. **अति विशिष्ट कक्षको प्रयोग -** वीर अस्पतालमा अति विशिष्ट व्यक्तिको उपचारका लागि ६ कोठाको कक्ष रहेको छ । अस्पतालको अभिलेखअनुसार २०४६ सालपछि अति विशिष्ट उपचार कक्ष उपयोगविहीन अवस्थामा रहेको पाइयो । साथै अस्पतालमा रहेको एक विशिष्ट कक्षसमेत नियमित प्रयोगमा आएको छैन । अस्पतालमा बिरामी चापको अनुपातमा आई.सी.यू. तथा अन्य बेड संख्या न्यून भएको अवस्थामा अति विशिष्ट कक्षको लागि सुविधा सम्पन्न छ कोठाको उपयोग सम्बन्धमा उपयुक्त व्यवस्था गर्नुपर्दछ ।

१९. **सेवा सञ्चालन** - अस्पतालहरुले बहिरङ्ग, अन्तरङ्ग, आकस्मिक, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवालगायतका सेवा सञ्चालन गर्नुपर्दछ । १५ शय्याको अनुमित पाएका मालाखेती अस्पताल कैलालीले रु.२ करोड १६ लाख, दमक अस्पताल झापाले रु.१ करोड ११ लाख र शिशुवा अस्पतालले रु.१ करोड ६४ लाख खर्च गरेकोमा अन्तरङ्ग, आकस्मिक, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजनलगायतका सेवा सञ्चालन गरेको देखिएन । अस्पतालको उद्देश्यअनुसार यथाशीघ्र सेवा सञ्चालन गर्नुपर्दछ ।

२०. **प्रयोगविहीन उपकरण** - खरिद भएका उपकरण तथा मेसिनरी तोकिएको सेवामा उपयोग हुनुपर्दछ । निम्नानुसारका मेसिनरी उपकरण सम्बन्धित विशेषज्ञ तथा पूर्वाधार अभाव एवं समयमा मर्मत हुन नसक्दा सेवा सञ्चालनमा उपयोग हुन सकेको देखिएन ।

अस्पतालको नाम	उपकरणको नाम	उपयोगमा नआएको विवरण	मूल्य र खर्च (रु हजारमा)
मेची अञ्चल अस्पताल, झापा	ई.एन.टी.माइक्रोस्कोप, सिआर्म मेसिन, फ्लेक्जिबल न्यासो फयारिइगोस्कोप, एनेस्थेसिया विथ भेन्टिलेटर, इन्डोस्कोपी मेसिन, अल्ट्रासाउण्ड मेसिन	सञ्चालन गर्ने जनशक्ति अस्पतालमा नभएको ।	१,०२,५८
भक्तपुर अस्पताल	आई.सी.यु उपकरणमा लगाएको खर्च	२०७२।७३ मा खरिद भएको सञ्चालन गर्ने जनशक्ति नभएको ।	१,२२,४१
शुक्राज ट्रपिकल अस्पताल	४ शय्याको आई.सी.यू सञ्चालनको लागि भएको खर्च	२०७४ मा प्राप्त भएकोमा सञ्चालन गर्ने जनशक्ति नभएको ।	१,९०,२३
सगरमाथा अञ्चल अस्पताल	एड्भान्स कलर डोपलर ईको, २ थान डायलासिस मेसिन र एनेस्थेसिया मेसिन	सञ्चालन गर्ने जनशक्ति समेत अस्पतालमा नभएको ।	९६,०५
	प्यासेन्ट मोनिटर, कल्चर हेमाटोलोजी एनालाइजर, एक्सरे ५०० एम ए, अटोमेटिक हेमाटोलोजी एनालाइजर	भौतिक पूर्वाधार नभएकोले जडान तथा सञ्चालन नभएको ।	४८,७१
धवलागिरी अञ्चल अस्पताल	डायलासिस मेसिन र एनेस्थेसिया मेसिन	सञ्चालन गर्ने जनशक्ति समेत अस्पतालमा नभएको ।	५९,६६
सर्लाही अस्पताल	अल्ट्रासाउण्ड मेसिन १ थान	सञ्चालन गर्ने जनशक्ति नभएको ।	नखुलेको
	डिजिटल एक्सरे मेसिन १ थान	विद्युत आपूर्ति नभएकोले संञ्चालन नभएको ।	नखुलेको
नारायणी उपक्षेत्रीय अस्पताल	डायलासिस मेसिन थान १	स्थान अभावका कारण जडान गर्न नसकेको ।	नखुलेको
पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान	अटोक्लेभ १, एक्सरे मेसिन १, सी.टी. स्क्यान मेसिन विग्रीएको	मर्मत हुन नसकेकोले सी.टी. स्क्यान मेसिन ३ महिनादेखि सञ्चालनमा नआएको ।	नखुलेको
भेरी अञ्चल अस्पताल	ईको कार्डियोग्राफी १, एक्सरे मेसिन १	६ महिना देखि सञ्चालनमा नआएको ।	नखुलेको

अस्पतालको नाम	उपकरणको नाम	उपयोगमा नआएको विवरण	मूल्य र खर्च (रु हजारमा)
	डायलासिस मेसिन १, भेन्टिलेटर १,	१ वर्ष देखि सञ्चालनमा नआएको ।	नखुलेको
	सेमी अटो एनार्लाजर र एम्बुलेन्स	२ वर्ष देखि सञ्चालनमा नआएको ।	नखुलेको
क्षेत्रीय अस्पताल सुर्खेत	डायलासिस मेसिन १,	पानी फिल्टर गर्ने मेसिनको अभावमा सञ्चालनमा नआएको ।	३७,६६
	अटोक्लेभ १,	जडान भए पनि सञ्चालनमा नआएको ।	१२,४०
बन्दिपुर अस्पताल	यू.एस.जी.मेसिन १, एक्स रे मेसिन १, सेमी अटो एनालाइजर १, ई.सी.जी. मेसिन १	मर्मत हुन नसकेकोले सञ्चालनमा नआएको ।	३१,६७
परोपकार स्त्रीरोग तथा प्रसूति गृह, थापाथली	वेवी इन्क्युवेटर २, एक्सरे मेसिन १, यू.एस.जी. मेसिन १, बेड साइड मोनिटर २, ओ.टी. टेबल १, फोटो थेरापी मेसिन ३,	चालु हालतमा नरहेको, मर्मत गर्न नसकेको ।	नखुलाएको

उपर्युक्तानुसार पूर्वाधार तयार नहुँदै मेसिनरी उपकरण आपूर्ति गरेको, सञ्चालन नभई उपकरणहरु बिग्रेको तथा सञ्चालनमा आई बिग्रेका मेसिन समयमै मर्मत नहुँदा सामान्य बिरामीहरु समेत रेफर गर्नुपर्ने अवस्था रहेको देखियो । आई.सी.यू.को अभावमा शुक्रराज ट्रपिकल अस्पतालले यो वर्ष १३२ बिरामीलाई अन्यत्र रेफर गरेको छ । पूर्वाधार तयार नगरी मेसिनरी आपूर्ति तथा खरिद गरी प्रयोगविहीन अवस्थामा राख्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

- **औषधि भण्डार व्यवस्थापन**

२१. **भण्डारण व्यवस्थापन -** २०७२ साल वैशाख १२ को भूकम्पपश्चात् आपत्कालीन सहयोगबापत दातृ निकाय तथा संस्थाबाट विभिन्न औषधि प्राप्त भएको छ । प्राप्त भएका औषधिमध्ये कतिपय औषधिको सन् २०१५ मा नै म्याद समाप्त भएको तथा प्रयोग गर्न नमिल्ने उल्लेख गरेको देखिन्छ । त्यसरी प्राप्त भएका औषधि स्वास्थ्य सेवा विभागको परिसरको टेण्टमा राखेको छ । प्राप्त विवरणअनुसार एमोक्सिलिनलगायतका ९९ प्रकारका १८ लाख ३६ हजार ट्याबलेट, मेट्रोक्लोपारामाइडलगायत २० प्रकारका ४१ हजार ५८७, टेट्रासाइक्लिनलगायत १२ प्रकारका २२ हजार ४३९ क्याप्सुलसमेत २०१ प्रकारका १९ लाख ३७ हजार ४२७ परिमाण औषधि म्याद समाप्त भएका र प्रयोग गर्न नमिल्ने देखिएको छ । औषधिको भण्डार परीक्षण गर्दा म्याद समाप्त भएका औषधि र नभएका औषधिसमेत अव्यवस्थित तवरले भण्डारण गरेको देखियो ।

जनस्वास्थ्य कार्यालय, सप्तरीले २ सटरमा म्याद नाघेका जिंक चक्की, सिटामोल, सर्जिकल ग्लोब्स, युरिकालगायतका औषधि तथा औषधिजन्य सामग्री थुप्रो लगाई राखेको पाइयो । कुपोषित बच्चाको लागि आपूर्ति भएको रुटिफ, एमोक्सीलिन, पोटासियम ट्याबलेट, भी.एस.पी. ५००, १२५, ८७५ एम.जी.लगायतको औषधिको म्याद २०१८ मार्चसम्म रहेकोमा म्याद नाघेका औषधिसँगै थुप्रो लगाई राखेको पाइयो । सन् २०१९ सम्म म्याद भएको ५० कार्टुनभन्दा बढी औषधिहरु दूर्गन्धित कोठाभित्र चिसो भूईमा भण्डारण गर्दा डल्लो परेको देखियो । औषधि व्यवस्थापनमा संलग्न पदाधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन तालुक निकायको ध्यान जानुपर्दछ ।

२२. **औषधि शून्य मौज्दात -** सरकारको नीतिबमोजिम निःशुल्क औषधिहरु नियमित एवं सहज रुपमा उपलब्ध गराउनुपर्दछ । बालस्वास्थ्य महाशाखाबाट प्राप्त विवरणअनुसार केन्द्रीय मेडिकल स्टोर, पथलैयामा २०७३ श्रावणमा बी.सी.जी, बी.सी.जी. घोलक, पोलियो २०, दादुरा रुवेला, दादुरा रुवेला घोलक र २०७४ आषाढमा पोलियो २० र सिरिन्ज ०.०५ शून्य मौज्दात रहेको देखिन्छ ।

यस्तै सुनसरीमा एमोक्सीलिनलगायत ११, झापामा एमोक्सिलिन, सिप्रोफ्लोक्सासिनलगायत १२, ईलाममा पिल्स, डिपोलगायतका ५, ओखलढुङ्गामा जीवनजलसहित ८, सोलुखुम्बुमा पारासिटामोलसहित ४, राप्ती उपक्षेत्रीय अस्पतालमा सालवुटामोललगायतका ५, राप्ती अञ्चल अस्पतालमा आईब्रुफिनसहित ५, जिल्ला जनस्वास्थ्य कार्यालय बारामा सिप्रोफ्लोक्सासिन २५० एम.जी.तथा धादिङमा क्लोरोम्फेनिकल आई ड्रप, जिल्ला जनस्वास्थ्य कार्यालय म्याग्दीमा बि.कम्प्लेक्ससमेत २, तनहुँमा क्लोरोहाइमिन, धनकुटामा

एमोक्सिसिनलगायत ८ तथा सप्तरीमा मेट्रोनिडाजोलसहित ६ प्रकारका औषधिसमेत शून्य मौज्दात भएको पाइयो । यस्तै सिरिन्जहरु, गज, माक्सजस्ता अत्यावश्यक सर्जिकल सामानसमेत मौज्दात शून्य रहेको पाइयो ।

निःशुल्क उपचारका लागि आवश्यक औषधि, वर्थिङ्ग सेण्टरका लागि आवश्यक इन्जेक्सन, बच्चाको उपचारको लागि आवश्यक खोप, सिरिन्जलगायतका औषधिको मौज्दात शून्य हुँदा सेवा प्रवाहमा समस्या हुने देखिन्छ । सम्भावित समस्या समाधानका लागि सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

२३. **म्याद नाघेका औषधि** - सरकारले निःशुल्क उपलब्ध गराउन घोषणा गरेका औषधिहरु समयमै उपयोग गर्न सकिने गरी व्यवस्थापन गर्नुपर्दछ । यो वर्ष १९ कार्यालयमा १३८ प्रकारका ५ लाख २१ हजार ट्याबलेट र भायल औषधिको म्याद समाप्त भएको पाइयो । राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुरमा रु.३२ लाखभन्दा बढी मूल्य बराबरका साईलोसिरिन २५० एम.जी. १ लाख ६४ हजार ७०० ट्याबलेट तथा इथाइनोमाइड २५० एम.जी. २८ हजार १०० ट्याबलेटको म्याद समाप्त भएको छ । त्यस्तै ताप्लेजुङ अस्पतालमा क्यालसियम सिरप, ओफ्लोक्सासिलिन, लाइसिप सिरप, ट्राफिको इन्जेक्सन जस्ता ५१ थरी औषधिको म्याद समाप्त भएको छ । समयमै उपयोग गर्न सकिने गरी खरिद गर्ने व्यवस्था मिलाई सार्वजनिक स्रोतको सदुपयोग गर्नुपर्दछ ।

२४. **फार्मेसी सञ्चालन** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ बमोजिम सबै अस्पतालले आफ्नै स्वामित्वमा फार्मेसी सञ्चालन गर्नुपर्दछ । यो वर्ष मन्त्रालयले फार्मेसी सञ्चालन गर्न ११२ अस्पताललाई रु.४ करोड ४५ लाख निकासा गरेकोमा ६० ले फार्मेसी सञ्चालन गरेको र ५२ अस्पतालले हालसम्म फार्मेसी सञ्चालन गरेको देखिएन । फार्मेसी सञ्चालन नगर्ने मध्ये बी.पी.कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, नरदेवी आयुर्वेद चिकित्सालय, दमक अस्पताललगायत छन् । निर्देशिकाबमोजिम फार्मेसी सञ्चालन गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

निर्देशिकाको बुदाँ नं.१७ मा विशेष औचित्य भएकोमा बाहेक बिरामीलाई खास ब्राण्ड तोकी औषधि सिफारिस गर्न नहुने उल्लेख छ । कान्ति बाल, कोशी अञ्चल, इलाम, मेची अञ्चल, सगरमाथा अञ्चल अस्पतालका केही प्रेष्क्रिप्सनको नमूना परीक्षण गर्दा निर्देशिकाविपरीत ब्राण्ड तोकी औषधि सिफारिस गरेको देखियो । निर्देशिकामा उल्लिखित प्रावधानको पालना गर्नुपर्दछ ।

२५. **उपकरण जडान** - बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले अक्सिजन जेनेरेसन सिस्टम खरिद गर्न एक आपूर्तकसँग रु.३ करोड २४ लाखमा २०७३।३।२९ मा खरिद सम्झौता गरेको छ । उक्त सिस्टमका उपकरण तथा मेसिनरीहरु प्रतीतपत्रमार्फत २०७३।७।२५ देखि विभिन्न मितिमा प्राप्त भई रु.३ करोड १० लाख भुक्तानी भएकोमा हालसम्म जडान हुन नसकेकोले २०७३।७४ मा मात्र अक्सिजन खरिदमा रु.५० लाख खर्च भएको छ । उक्त उपकरण तथा मेसिनहरु यथाशीघ्र जडान गरी सेवा सञ्चालन गर्नुपर्दछ ।

२६. **उपकरण मौज्दात** - आपूर्ति व्यवस्था महाशाखाले विभिन्न स्वास्थ्य संस्था सञ्चालन गर्न आवश्यक १५ प्रकारका ५३९ थान मेसिन औजार रु.१ करोड ५८ लाख ५३ हजारमा खरिद गरी सम्बन्धित क्षेत्रमा नपठाई केन्द्रको स्टोरमा मौज्दात राखेको छ । त्यस्तै राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले विभिन्न स्वास्थ्य संस्थाको प्रयोगशाला सञ्चालन गर्न आवश्यक मेसिन, औजार तथा किटहरु रु.३ करोड ७ लाखमा खरिद गरी मौज्दात राखेको छ । मेसिन, उपकरण जडान गर्न आवश्यक भौतिक पूर्वाधारनै खडा नगरी यस्ता मेसिन, उपकरण खरिद गरेको देखिन्छ । खरिद भएका मेसिन, उपकरण प्रयोगमा ल्याउनुपर्दछ ।

२७. **निःशुल्क सेवा -** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम कार्यविधि निर्देशिका, २०६५ ले सरकारी स्वास्थ्य संस्थाबाट जन्मेदेखि २८ दिनसम्मका नवजात शिशुको उपचार गर्दा रोगको प्रकृतिअनुसार प्याकेज वर्गीकरण गरी अधिकतम रु.८ हजारसम्मको सेवा निःशुल्क दिने कार्यक्रम रहेकोमा बालरोगको लागि केन्द्रीय अस्पतालको रुपमा रहेको कान्ति बाल अस्पतालले नै सेवा सञ्चालन नगरी सो कार्यमा विनियोजित रु.१ करोड २३ लाख खर्च हुन सकेको छैन । स्वीकृत कार्यक्रमबमोजिम विनियोजित बजेट खर्च नहुने र सरकारको नीतिअनुसार जनताले सेवा सुविधा नपाउने स्थितिको सिर्जना हुनु उपयुक्त होइन ।

२८. **फोहोरमैला व्यवस्थापन -** अस्पतालको सेवा प्रवाह चुस्त हुन अस्पताल परिसरको वातावरण स्वच्छ हुन आवश्यक छ । वीर अस्पताल, परोपकार प्रसूति गृह, कान्ति बाल अस्पताल, भेरी अञ्चल अस्पताललगायतका अस्पतालले अस्पतालजन्य उत्पादित फोहोरको व्यवस्थापन प्रभावकारी रुपमा गर्न सकेको पाइएन ।

कान्ति बाल अस्पतालले सरसफाईतर्फ ६५ कर्मचारीको लागि पारिश्रमिकमा मात्र वार्षिक रु.१ करोड ४५ लाख ३८ हजार खर्च गरे पनि अस्पतालको २०७४।५।१८ मा स्थलगत निरीक्षण गर्दा ओ.पी.डी वार्डको शौचालय जाम भै दूर्गन्धित रहेको, आई.सी.यू. भवन पछाडि फोहोर अव्यवस्थित रुपमा थुपारेको पाइयो । फोहोरको उचित व्यवस्थापन नहुँदा नवजात शिशुहरु थप संक्रमित हुनसक्ने अवस्थाप्रति संवेदनशील भई अस्पतालबाट निस्कने फोहोरलाई कुहिने, नकुहिने तथा पुनः प्रयोगमा ल्याउन सकिने गरी उचित व्यवस्थापन हुनुपर्दछ ।

२९. **लोगो नराखेको -** निःशुल्क रुपमा वितरण गरिने औषधिमा "नेपाल सरकारद्वारा निःशुल्क वितरणका लागि" भन्ने लोगो अनिवार्य अंकित गरी औषधि वितरण गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा ३२ कार्यालयको नमूना परीक्षण गरिएका २१५ औषधिमध्ये १३७ प्रकारका औषधिमा त्यस्तो लोगो राखेको पाइएन । अनिवार्य लोगो राख्ने व्यवस्थाको पालना हुनुपर्दछ ।

३०. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम जुनसुकै खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्नेमा ९३ कार्यालयले रु.३३ करोड १६ लाख ८८ हजारको औषधिलगायतको सामान सोझै खरिद गरेको पाइयो । ऐन नियमको व्यवस्थाबमोजिम खरिद कार्य गर्नुपर्दछ ।

३१. **लेखापरीक्षण नगराएको -** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६ मा विनियोजन बजेटमा समावेश भएको खर्चको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्नेमा निम्नानुसारको खर्चको स्रेस्ता लेखापरीक्षणका लागि पेस भएन ।

३१.१. बी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले एम.आर.आई मेसिन खरिदको रु.१६ करोड ५२ लाख तथा दमक, जिरी र सुन्दरबजार अस्पताल, अस्पताल विकास समिति ओखलढुङ्गा, दोलखा, चिसापानी, नवलपरासी र मातृशिशु मितेरी अस्पताल पोखराले विकास समितितर्फको लेखापरीक्षण गराएका छैनन् ।

३१.२. दातृ निकायबाट प्राप्त भएको खर्चको विवरण र सूचनाको आधारमा बालस्वास्थ्य महाशाखाले ४ दातृ निकायबाट रु.१७ करोड ४८ लाख र राष्ट्रिय क्षयरोग केन्द्रले रु.६ करोड ६४ लाखसमेत रु.२४ करोड १२ लाख सीधै भुक्तानीतर्फ खर्च लेखाङ्कन गरी वित्तीय विवरण तयार गरेको देखियो । उक्त खर्चको लेखापरीक्षण गराएको छैन ।

३१.३. वस्तुगत सहायता प्राप्त भएको देखाई बाल स्वास्थ्य महाशाखाले रु.८९ करोड १८ लाख ६५ हजार र इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले रु.१९ करोड ९७ लाख २० हजारसमेत रु.१ अर्ब ९ करोड १५ लाख ८५ हजार खर्च समावेश गरी वित्तीय विवरण तयार गरेकोमा स्रेस्ता लेखापरीक्षणमा पेस भएन । वस्तुगत सहायता प्राप्त गर्ने सम्झौतालगायत स्रेस्ता, कागजात पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

स्वास्थ्य सेवा विभाग

सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको स्वास्थ्य सेवामा पहुँच र सेवाको उपलब्धता सुनिश्चित गर्दै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्य सेवाको पहुँचमा स्तरोन्नति गर्न पोषण, विस्तारित खोप, औषधि एवं उपकरणहरु देशभरका विभिन्न स्वास्थ्य संस्थामा सहज रुपमा आपूर्तिको व्यवस्था मिलाउने लगायतका कार्य गर्न यस विभागको स्थापना भएको देखिन्छ ।

३२. **वैदेशिक सहायता उपयोग** - विभागअर्न्तगत ६ महाशाखाको लागि रु.५ अर्ब ८२ करोड ९३ लाख बजेट व्यवस्था गरेकोमा रु.४ अर्ब ७७ करोड ३३ लाख खर्च भएको मध्ये वैदेशिक सहायतातर्फ विनियोजित रु.२ अर्ब ५४ करोड ९९ लाखमध्ये रु.१ अर्ब ७० करोड २४ लाख (६६.७६ प्रतिशत) खर्च भएको छ । वैदेशिक सहायताको उपयोगमा प्रभावकारिता ल्याउनुपर्दछ ।

३३. **कार्यक्रम कार्यान्वयन -** बालस्वास्थ्य महाशाखाबाट नवजात शिशुको लागि एन.आई.सी.यू.स्थापना, नवजात शिशुको निःशुल्क उपचार, १० अस्पतालमा स्वस्थ्य बच्चा क्लिनिक स्थापना, तीव्र कुपोषण व्यवस्थापन लगायतका रु.८ करोड ६० लाखको २८ कार्यक्रम सञ्चालन नभएकोले बालस्वास्थ्यसम्बन्धी क्रियाकलाप सेवाग्राहीसम्म पुग्न सकेको देखिएन । आपूर्ति व्यवस्था महाशाखालाई प्राथमिक स्वास्थ्य केन्द्रहरुमा २०० थान औजार, उपकरण खरिद गरी वितरण गर्न रु.७६ करोड ६० लाख विनियोजन भएकोमा खरिद कार्य हुन सकेको छैन । परिवार स्वास्थ्य कार्यक्रमअर्न्तगत अक्सिटोसिन ४ लाख भाइल, पिल्स चक्की २० लाख

ट्याबलेटलगायत १७ कार्यक्रममा रु.९ करोड ६२ लाख खर्च हुन सकेको छैन । सर्वसाधारण जनताको उपचारका लागि सुविधा विस्तार गर्ने उद्देश्यले विनियोजित बजेट, कार्यक्रमको कार्यान्वयन नगर्ने पदाधिकारीलाई जिम्मेवार गराई तोकिएको समय सीमाभित्र लक्षित कार्य सञ्चालन गर्नेतर्फ थप प्रयास हुनु आवश्यक देखिन्छ ।

३४. **कार्यक्रम विपरीत खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) मा स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षकमा खर्च गर्न बाँकी भएमात्र बजेट खर्च गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ । विभागका विभिन्न महाशाखाको लागि छुट्टाछुट्टै बजेट तथा कार्यक्रम स्वीकृत गरी खर्च गर्ने व्यवस्था रहेको छ ।

आपूर्ति व्यवस्था महाशाखाले बालस्वास्थ्य महाशाखाको बजेट तथा कार्यक्रमबाट रु.२ करोड ४ हजार, परिवार स्वास्थ्य महाशाखाको बजेट तथा कार्यक्रमबाट रु.३८ लाख ८९ हजार, व्यवस्थापन महाशाखाको बजेट तथा कार्यक्रमबाट रु.१५ लाख ७५ हजार र जिल्ला स्वास्थ्य कार्यालयहरुको बजेट तथा कार्यक्रमबाट रु.३० लाख तथा आन्तरिक रुपमा हिसाब मिलान रु.१ करोड ४३ लाख ९३ हजारसमेत रु.४ करोड २८ लाख ६१ हजारको मेसिन, उपकरण खरिद गरी खर्च गरेको देखिन्छ । यस्तै आपूर्ति व्यवस्था महाशाखामा बजेट तथा कार्यक्रममा मेसिन, उपकरण खरिद गर्ने कार्यक्रम रहेअनुसार खरिद गरी खर्च गरेको रु.१ करोड १४ लाख बालस्वास्थ्य महाशाखाबाट भुक्तानी गरेको छ । बालस्वास्थ्य महाशाखाको बजेट तथा कार्यक्रमअनुसार खरिद भएको रु.२ करोड २९ लाख ९८ हजारको औषधिको भुक्तानी पुनर्जागरण महाशाखाबाट भएको देखिन्छ । यसरी एक महाशाखाको लागि स्वीकृत बजेट तथा कार्यक्रमबाट खर्च गर्नुपर्ने रकम अर्को महाशाखाबाट भुक्तानी गरी खर्च गर्ने गरेको देखिएको छ । महाशाखाले बजेट तथा कार्यक्रमलाई बेवास्ता गरी खर्च गर्दै जाने र आर्थिक वर्षको अन्तमा अन्य महाशाखाको बजेटमा खर्च लेखाङ्कन गरी हिसाब मिलान गरेको उपयुक्त देखिएन । वित्तीय अनुशासन उल्लङ्घन गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

३५. **क्याटलग सपिङ्ग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख. मा सार्वजनिक निकायले मेसिन, उपकरणलगायतका यान्त्रिक सामानहरु उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताबाट गुणस्तर, मूल्य र सुविधासहितको विवरणका आधारमा आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने व्यवस्था छ । सार्वजनिक खरिद अनुगमन कार्यालयले २०७४।३।२६ मा स्वीकृत गरेको कार्यविधिमा रु.६० लाखसम्मको सवारीसाधन, रु.४० लाख सम्मको एक्सरे मेसिन र रु.२५ लाखसम्मको मेसिनरी औजार एकै पटक वा पटक पटक गरी क्याटलग सपिङ विधिबाट खरिद गर्न सक्ने उल्लेख छ । यो वर्ष स्वास्थ्य सेवा विभागले बालस्वास्थ्य र आपूर्ति व्यवस्था महाशाखातर्फ उक्त कार्यविधि स्वीकृत हुनु अगावै ६ आर्पूतकबाट ८ प्रकारका रु.१९ करोड २६ लाख लागत अनुमान भएका मेसिनरी उपकरण क्याटलग विधिबाट खरिद गरी रु.१५ करोड ६६ लाख ८० हजार खर्च लेखेको छ । वार्षिक खरिद योजनामा यसप्रकारको खरिद कार्य उक्त प्रक्रियाबाट गर्ने उल्लेख नभएको र यो वर्ष सामान प्राप्त हुने अवस्था नरहेकोमा कार्यविधि जारी हुनु अगावै तोकिएको सीमाभन्दा बढी रकमको खरिद गर्नु कानुनअनुकूल देखिएन । खरिद कार्य प्रतिस्पर्धात्मक प्रक्रियाबाट गर्नुपर्दछ ।

३६. **कानुनविपरीत घटाघट** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ बमोजिम न्यून मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रको कबोल अङ्क लागत अनुमानभन्दा बढी भएमा त्यस्तो बोलपत्र सार्वजनिक निकायले रद्द गर्नुपर्ने व्यवस्था छ । आपूर्ति व्यवस्था महाशाखाअर्न्तगत १२ खरिद प्याकेजमा सबै सारभूतरुपमा प्रभावग्राही बोलपत्रको कबोल अङ्क लागत अनुमानभन्दा बढी भएकोमा खरिद ऐन तथा नियमावलीअनुसार रद्द नगरी निम्न बोलपत्रदातालाई घटाघटको सुविधा दिई बोल अङ्क घटाई खरिद सम्झौता गरेको छः

(रु. हजारमा)

सामानको नाम	लागत अनुमान रकम	कबोल रकम	कैफियत
एक्सरे १०० एम ए १० थान	६०००	६४०६	एक आपूर्तकलाई मात्र घटाघटको सुविधा दिई रु.५८ लाख ६१ हजारमा सम्झौता गरेको ।
एक्सरे ३०० एम ए १० थान	१४०००	१४४१४	एक आपूर्तकलाई मात्र घटाघटको सुविधा दिई रु.१ करोड ३८ लाखमा खरिद सम्झौता गरेको ।
अन्ट्रासाउण्ड मेसिन ३५ थान	१०५००	१०७८४	एक आपूर्तकलाई मात्र घटाघटको सुविधा दिई रु.१ करोड ३ लाखमा खरिद सम्झौता गरेको ।
पल्स अक्सो मीटर	३७५०	४०६१	एक आपूर्तकलाई मात्र घटाघटको सुविधा दिई रु.३६ लाख ५५ हजारमा खरिद सम्झौता गरेको ।
जम्मा	३४२५०	३५६६५	

उल्लिखित ४ ठेक्कामा खरिद ऐन, नियमविपरीत घटाघट गराएको, घटाघटको अवसर प्रभावग्राही सबै बोलपत्रदातालाई नदिई चारलाई मात्र दिएकोले उक्त खरिद कार्य कानुनसम्मत देखिँदैन । खरिद प्रक्रियामा कानुन तथा वस्तुगत आधार बेगर दोहोरो मापदण्ड अपनाउनेलाई जिम्मेवार बनाउनुपर्दछ ।

३७. **भेरिएसन आदेश -** पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान आर्थिक प्रशासन नियमावली, २०६७ को नियम ३.८१ मा सम्झौता मूल्यको पन्ध्र प्रतिशतसम्मको भेरिएसन आदेश प्राविधिक पुष्ट्याई गरी अधिकार प्राप्त अधिकारी र सोभन्दा बढीको भेरिएसन आदेश कार्यकारी परिषद्ले जारी गर्ने व्यवस्था छ । तर अस्पतालले १९ आपूर्तकसँगको सम्झौता रकम रु.१० करोड ५५ लाख ४८ हजारको ३२.०६ प्रतिशतले घटी हुने गरी रु.७ करोड १७ लाख ६ हजारको औषधि तथा औषधिजन्य सामान खरिद गरेको छ । त्यस्तै १६ आपूर्तकसँग सम्झौता रकमको १०.९९ देखि ६७.९६ प्रतिशतसम्म घटी र ३ आर्पूतकसँग सम्झौता रकमको २४.६९ देखि ५६.६९ प्रतिशतसम्म बढी मूल्यको औषधि तथा औषधिजन्य सामान खरिद गरेकोमा नियमावलीमा भएको व्यवस्थाअनुसार भेरिएसन आदेश जारी भएको देखिएन । प्रचलित कानुनअनुसार भेरिएसन आदेश जारी गरी खरिद गरिने सामानको परिमाण थप/घट गर्नुपर्ने र खरिद भएका सामान समयमै उपयोग गर्नुपर्दछ ।

३८. **गुणस्तरहीन सामान खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(४) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिमका भए नभएको परीक्षण गराउनुपर्ने र तोकिएको स्पेसिफिकेसन र गुणस्तरको नभए फिर्ता गर्नुपर्ने व्यवस्था छ । सगरमाथा अञ्चल अस्पतालले यो वर्ष एड्भान्स डप्लर मेसिन एक थान एक आपूर्तकबाट रु.४७ लाख ६ हजारमा खरिद गरेकोमा सो सामान परीक्षण गरी प्राविधिकले पेस गरेको प्रतिवेदनमा सिष्टमले काम नगरेको, टचस्क्रीन फेलियर भएको, स्पेसिफिकेसनबमोजिम नभएको उल्लेख भएको अवस्थामा सो मेसिन फिर्ता गर्नुपर्नेमा नगरी भुक्तानी दिनुले अस्पताललाई नोक्सानी भएको छ । तोकेको स्पेसिफिकेसनबमोजिम नभएको मेसिन स्वीकार गरी रकम भुक्तानी दिने जिम्मेवारबाट असुल गरी संञ्चितकोष दाखिला हुनुपर्दछ ।

३९. **पूर्व निर्धारित क्षतिपूर्ति -** खरिद सम्झौताबमोजिमको समयमा वस्तु तथा सेवा आपूर्ति नभएमा खरिद सम्झौता तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिनुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

३९.१. आपूर्ति महाशाखा र एक आपूर्तकबीच १६ हजार ६८० गोटा ब्याग र माक्स ३ वर्षसम्म खरिद गर्न रु.३ करोड १९ लाख ४५ हजार र एक आपूर्तकसँग एन्टिरेविज भ्याक्सिन ३, वर्षमा ९ लाख भाइल खरिद गर्न रु.२२ करोड ३ लाखमा सम्झौता भएको देखिन्छ । सम्झौता अवधिमा औषधि र सामान आपूर्ति नगरेकोमा पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा नगरेको र घटी कट्टा गरेको क्रमशः रु.१० लाख ६४ हजार र १८ लाख २२ हजारसमेत रु.२८ लाख ८६ हजार असुल गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

३९.२. मानवअङ्ग प्रत्यारोपण केन्द्र, भक्तपुरले मोडुलर ओ.टी. खरिद गर्न एक आपूर्तकसँग रु.१ करोड ९४ लाख ६९ हजारमा २०७२।१२।१३ मा २०७३ जेष्ठ मसान्तसम्म आपूर्ति गर्ने गरी सम्झौता गरेकोमा सम्झौता अवधिभन्दा १ वर्षपछि (२०७४।२।२१) मात्र मेसिन प्राप्त भएको देखिन्छ । अतः खरिद नियमावली तथा सम्झौताबमोजिम अधिकतम १० प्रतिशतले हुने पूर्वनिर्धारित क्षतिपूर्ति रु.१९ लाख ४६ हजार असुल गर्नुपर्दछ ।

३९.३. आपूर्ति व्यवस्था महाशाखाले एक आपूर्तकसँग फोर्टीफाईड फ्लवर (Fortified Flour) खरिद गर्न प्रथम सिपमेन्ट २०७२।१०।१९ तथा तेस्रो सिपमेन्ट २०७३।६।१९ भित्र केन्द्रीय मेडिकल स्टोर्स पथलैयामा आपूर्ति गर्ने गरी रु.५ करोड ५१ लाख ८ हजारमा सम्झौता भएकोमा आपूर्तिकर्ताले सम्झौताअनुसार आपूर्ति नगरी प्रथम सिपमेन्टको १६० दिन तथा तेस्रो सिपमेन्टको ३ दिन गरी १६३ दिन ढिला गरी आपूर्ति गरेकोले सम्झौताको शर्तबमोजिम दैनिक रु.२७ हजार ५५४ का दरले हुने रु.४५ लाख ७३ हजार पूर्वनिर्धारित क्षतिपूर्ति कट्टा गर्नुपर्नेमा ढिला आपूर्ति गरेको सामानको मूल्यको मात्र गणना गरी रु.१४ लाख ६३ हजार असुल गरेकोले नपुग रु.३१ लाख १० हजार जिम्मेवारबाट असुल गर्नुपर्दछ ।

३९.४. पुर्नजागरण महाशाखाले एक आपूर्तकलाई बी कम्प्लेक्स र ओ.आर.एस. आपूर्तिबापतको रकम भुक्तानी गर्दा पूर्वनिर्धारित क्षतिपूर्तिबापत रु.१ करोड १८ लाख ५८ हजार कट्टा गरी धरौटी खातामा राखेको छ । उक्त रकम राजस्व खातामा दाखिला हुनुपर्दछ ।

खरिद सम्झौतामा तोकेको समयमा सामान आपूर्ति नगरेकोमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले ३ आपूर्तिकर्ताबाट रु.२२ लाख १४ हजार, परोपकार प्रसूति गृहले एक आपूर्तिकर्ताबाट रु.९ लाख ४ हजारसमेत १० कार्यालयले १४ आपूर्तिकर्ताबाट रु.३३ लाख ३८ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा गरेको पाइएन । उक्त रकम जिम्मेवारबाट असुल गर्नुपर्दछ ।

४०. **म्याद कम भएका औषधि** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) मा सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तरबमोजिम भए नभएको परीक्षण गर्नुपर्ने र सोबमोजिम नभए फिर्ता गर्नुपर्ने व्यवस्था छ । आपूर्ति व्यवस्था महाशाखाले एक आपूर्तकसँग ४ जुलाई २०१३ मा विभिन्न प्रकारका औषधि ३ वर्षको लागि रु.१२ करोड ४२ लाखमा खरिद गर्ने गरी बहुवर्षीय सम्झौता भएको देखिन्छ । खरिद सम्झौतामा औषधिको म्याद १८ महिना वा ७५ प्रतिशत म्याद भएको हुनुपर्ने व्यवस्था गरेकोमा रु.१६ लाख ७८ हजारका ५ प्रकारका ६ लाख ७८ हजार ट्याबलेट्स १० देखि १३ महिनासम्म मात्र तथा ७५ प्रतिशतभन्दा कम म्याद भएको औषधि आपूर्ति भएकोमा उक्त रकम जिम्मेवारबाट असुल हुनुपर्दछ ।

४१. **वार्षिक मर्मत सम्झौता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३(५) मा मेसिनरी, औजार, उपकरण मर्मत सम्भार कार्यको लागत अनुमान तयार गर्नुपर्ने र नियम ९६ मा मालसामान मर्मत सम्भार गराउने कार्यविधिको व्यवस्था छ । काठमाडौँ उपत्यका बाहेकका ७२ जिल्लाका अस्पताल तथा स्वास्थ्य संस्थाका उपकरण वार्षिक रुपमा मर्मत सम्भार गर्न ३ प्याकेज बनाई रु.५२ करोड ३६ लाखको लागत अनुमान स्वीकृत गरी बोलपत्रको माध्यमबाट व्यवस्थापन महाशाखाबाट १३ जनवरी २०१७ र ६ जून २०१७ मा ४ वर्षको लागि खरिद सम्झौता भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन्:

४१.१. मेसिनरी, उपकरण मर्मत सम्भार गर्न स्वीकृत गरेका लट नं १ को रु.१४ करोड ९ लाख ७५ हजार, लट नं २ को रु.१८ करोड ७२ लाख ३६ हजार तथा लट नं ३ को रु.१९ करोड ५३ लाख ८९ हजारसमेत रु.५२ करोड ३६ लाखको लागत अनुमानमा ओभरहेड १० प्रतिशतले हुने रु.४ करोड १८ लाख ८८ हजार र नाफा १५ प्रतिशत रु.६ करोड २८ लाख ३२ हजारसमेत समावेश गरेको छ । सार्वजनिक खरिद नियमावलीमा मेसिन, औजार, उपकरण मर्मतको लागत अनुमानमा ओभरहेड र नाफा समावेश गर्ने व्यवस्था छैन । यसरी नियममा व्यवस्था नभएको ओभरहेड तथा नाफा समावेश गरी स्वीकृत गरेको लागत अनुमान कानुनसम्मत देखिएन ।

४१.२. उक्त कार्यको लागि लट नं १ को रु.१४ करोड १ लाख १५ हजार, लट नं २ को रु.१८ करोड ३३ लाख २५ हजार तथा लट नं ३ को रु.१५ करोड १३ लाख ९१ हजारसमेत रु.४७ करोड ४८ लाख ३१ हजारको बोलपत्र स्वीकृत गरी सम्झौता गरेको छ । उक्त सम्झौता रकममा ओभरहेड तथा नाफाबापत रु.९ करोड ४९ लाख ७२ हजार समावेश छ । प्रचलित नियमविपरीत सम्झौतामा समावेश भएको ओभरहेड तथा नाफा भुक्तानी गर्न मिल्ने देखिँदैन । यस सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट पुनरावलोकन हुँदा मन्त्रालयबाट छानबिन गर्ने उल्लेख गरेकोमा सोबमोजिम छानबिन नगरी ठेक्का बन्दोबस्त गरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४१.३. विभागबाट स्वीकृत बोलपत्र कागजातको बुँदा नं. २.४.१ मा सामान्य अनुभवअर्न्तगत नेपालभित्रकै अस्पतालमा उपकरण मर्मतको काम गरेको ५ वर्षको अनुभव हुनुपर्ने व्यवस्था गरेको कारण विदेशमा त्यस्तै प्रकृतिको काम गरेको स्वदेशी वा विदेशी कम्पनी बोलपत्र प्रक्रियामा सहभागी हुन नसक्ने अवस्था देखियो । लट नम्बर १ मा ०.६१ प्रतिशत कम कबोल गर्ने एक ट्रेडर्सको रु.१४ करोड ९ लाख र लट नम्बर २ मा एक मात्र बोलपत्रदाता सारभूतरुपमा प्रभावग्राही भई २.०९ प्रतिशत घटी कबोल गर्ने एक इन्टरप्राइजेजको रु.१९ करोड ५३ लाखको बोलपत्र स्वीकृत भएको छ । यसरी बोलपत्रदाताको अनुभवलाई सीमित गरेकोले न्यून संख्यामा बोलपत्र पेस हुने अवस्था सिर्जना भई लागत अनुमानकै हाराहारीमा खरिद सम्झौंता भएको देखियो । खरिद कार्यमा प्रतिस्पर्धा सीमित हुने गरी बोलपत्रको शर्त राखेको सम्बन्धमा आवश्यक छानबिन हुनुपर्दछ ।

४२. **औषधिको प्रतिस्थापन -** विभागअन्तर्गत बालस्वास्थ्य महाशाखाले एक आपूर्तकसँग २८ जुलाई २०१३ मा जिंक सल्फेट खरिद गर्न रु.१९ करोड २० लाखको बहुवर्षीय खरिद सम्झौता गरेको देखिन्छ । सम्झौताअनुसार कैफियत भएका औषधिहरु ६० दिनभित्र प्रतिस्थापन गर्नुपर्ने र सेल्फ लाईफ २ वर्ष वा ७५

प्रतिशत म्याद रहेका औषधिमात्र आपूर्ति गर्नुपर्दछ । जिंक सल्फेटको सेल्फ लाईफ २ वर्ष हुने भएकाले १८ महिना म्याद भएको औषधिमात्र आपूर्ति गर्नुपर्नेमा दोस्रो वर्ष आपूर्ति गरेको रु.४ करोड ८० लाखको २ करोड जिंक ट्याबलेटको म्याद ११ महिनामात्र बाँकी रहेको अवस्था छ । उक्त औषधि मेडिकल स्टोरमार्फत जिल्ला स्वास्थ्य कार्यालयहरुमा वितरण भएकोमा केही जिल्लाबाट प्राप्त विवरणअनुसार खपत नहुँदै १० लाख ट्याबलेट औषधिको म्याद समाप्त भएको देखिन्छ । सबै जिल्लाबाट विवरण प्राप्त हुँदा उक्त संख्या अझै वृद्धि हुने अवस्था छ ।

कम अवधिको औषधि आपूर्ति गरेकोले आपूर्तकलाई भुक्तानी नगरेको कारण निजले उच्च अदालत, पाटनमा मुद्दा दायर गरेको र अदालतबाट एक महिनाभित्र जे जो गर्नुपर्ने हो गरी भुक्तानी दिनु भन्ने २०७३।१०।१९ मा फैसला भएको छ । फैसलाअनुसार म्याद समाप्त भएका प्रतिस्थापन गर्नुपर्ने औषधिको संख्या यकिन नै नगरी विभागले रु.४ करोड ८० लाख भुक्तानी गरेको छ । प्रतिस्थापन गर्नुपर्ने औषधि अविलम्ब पहिचान गरी सोबापतको हालको मूल्य असुल गर्नुपर्दछ ।

४३. **खोप कोष -** बालस्वास्थ्य महाशाखाअन्तर्गत खोप कोषमा गत वर्षसम्मको मौज्दात रु.७ करोड १२ लाख ५० हजार र यो वर्ष थप भएको रु.२ करोड २५ लाख ५३ हजारसमेत रु.९ करोड ३८ लाख ३ हजार मौज्दात रहेको छ । कोष सञ्चालनसम्बन्धी कार्यविधि तयार नगरेको कारण हालसम्म कुनै प्रकारको खर्च गरेको छैन । कार्यविधि तयार नगरी कोषमा रकम निष्क्रिय रहेकोले उक्त रकम उद्देश्यबमोजिम उपयोग गर्नुपर्दछ ।

४४. **सह-वित्तीयकरण -** स्वास्थ्य मन्त्रालय, विश्व बैङ्क तथा गाभी फण्डलगायतको सह-वित्तीय व्यवस्थाअन्तर्गत विभिन्न खोप आपूर्तिका लागि २०१४ देखि २०१७ सम्म १२ पटक युनिसेफलाई उपलब्ध गराएको रकममध्ये सबै खर्च नभई अमेरिकी डलर ४ लाख ७ हजार ४९४.९५ युनिसेफकै खातामा बाँकी रहेको विवरण पेस भएको छ । बालस्वास्थ्य महाशाखाअर्न्तगत गाभी फण्डबाट प्राप्त हुने रकमबाट खरिद गर्नुपर्ने औषधि युनिसेफले ठेक्का बन्दोबस्त गरी खरिद गर्ने र सोबापत नेपाल सरकारले व्यहोर्नुपर्ने रकम मन्त्रालयले युनिसेफलाई भुक्तानी दिने व्यवस्था छ । सोही व्यवस्थाअर्न्तगत विगतको बाँकी रकमको हिसाब किताव राफसाफ नगरी यो वर्ष रु.१० करोड ६ लाख ३९ हजार सह-वित्तीयकरणअन्तर्गत युनिसेफलाई पेस्की जनाइ भुक्तानी गरेको देखियो । नेपाल सरकारको बजेटबाट खर्च हुने रकमको खरिद कार्य दातृ निकायबाट हुने व्यवस्था नियमसम्मत देखिएन । खर्च नभई बाँकी रहेको रु.४ करोड २१ लाख ५९ हजार फिर्ता प्राप्त गरी सन्चितकोष दाखिला हुनुपर्दछ ।

४५. **ढिला खरिद -** बालस्वास्थ्य महाशाखाको संशोधित वार्षिक खरिद योजनाअनुसार खरिदसम्बन्धी सबै कार्य २०७३।११।१७ सम्म पूरा गर्ने उल्लेख छ । यसै वर्ष रेफ्रिजेरेटर भ्यान, कोल्चेन इक्विपमेन्टलगायतका सामान खरिद कार्य सम्पन्न गर्नुपर्नेमा २०७४।४।९ मा मात्र ६ आपूर्तिकर्ताका लागि रु.१७ करोड ४२ लाखको प्रतीतपत्र खोल्न बालस्वास्थ्य महाशाखाले आपूर्ति व्यवस्था महाशाखालाई पत्राचार गरेको देखिन्छ । त्यस्तै डिपो सुई खरिद गर्न परिवार स्वास्थ्य महाशाखाले एक विदेशी आपूर्तिकर्तासँग अमेरिकी डलर ९ लाख ९५ हजार ४०० मा आपूर्ति गर्ने गरी २०७४ आषाढमा सम्झौता गरेको देखिन्छ । सम्झौताअनुसार सबै परिमाणको सुई २०१७ को डिसेम्बरको अन्त्यसम्म केन्द्रीय मेडिकल स्टोर टेकुमा प्राप्त हुनुपर्दछ । तर रु.१० करोड ३० लाख ८ हजारको प्रतीतपत्र २०७४।४।११ मा मात्र खोलेको छ । वार्षिक कार्यक्रमअनुसार खरिद कार्य नगरी २०७४।७५ मा प्रतीतपत्र खोलेको अवस्थामा समेत कार्यालयले २०७३।७४ मा भौतिक तथा वित्तीय प्रगति देखाएकोले प्रगति विवरण यथार्थपरक देखिएन । कार्यालयको कार्यक्रम सञ्चालन प्रक्रिया सबल नभै स्वास्थ्य सेवा प्रवाहमा असर पर्नसक्ने हुँदा यसमा सुधार गर्नुपर्ने देखिएको छ ।

४६. **अत्यधिक मौज्दात** - अटोडिस्पोजेवल सिरिन्ज (ए.डी.५ एम. एल.) ४५ लाख ३६ हजार गोटा खरिद गर्न मे १६, २०१३ मा अमेरिकी डलर १ लाख ५३ हजार ९०६.४८ को तीन वर्षीय सम्झौता गरेकोमा दोस्रो लटको २२ लाख ६८ हजार जून २०१४ मा र तेस्रो लटको २२ लाख ६८ हजार जून २०१५ मा केन्द्रीय मेडिकल स्टोर टेकुमा आपूर्ति गर्ने गरी सम्झौता गरेको देखियो । विभागको २०७१।१०।२३ को त्रैमासिक पाइपलाइन मोनिटरिङ्ग प्रतिवेदनमा भएको छलफलबाट ५ एम.एल.को ए.डी.सिरिन्ज १२ महिनालाई पुग्नेगरी मौज्दात रहनुपर्नेमा ५३ महिनालाई पुग्ने गरी मौज्दात देखिएकोले विभागले आपूर्तिकर्तालाई २०१६ अक्टोबरसम्म क्षतिपूर्ति नलाग्ने गरी आपूर्ति तालिका संशोधन गरेको छ । यसप्रकार ५३ महिनालाई पुग्ने सिरिन्ज मौज्दात रहेकोमा २० महिना नबित्दै तेस्रो वर्ष आपूर्ति गर्नुपर्ने सिरिन्ज खरिद गरी १ करोड ३२ लाख ४१ हजार इकाई मौज्दात रहन गएको छ । उक्त मौज्दातले ६५ महिनालाई पुग्ने देखिन्छ । साथै जनवरी २०१७ मा दातृ

निकायबाट वस्तुगत अनुदानको रुपमा २७ लाख १२ हजार इकाई प्राप्त हुने सुनिश्चित भइसकेको पाइपलाइन रिपोर्टबाट देखिन्छ । औषधि खरिद तथा आपूर्ति गर्दा मौज्दातको अवस्थालाई ध्यान दिई आवश्यकताका आधारमा वस्तु आपूर्ति नगरी बजेट खर्च गर्नकै लागि खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

४७. **न्यून कबोल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(१) मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधीनमा रही तयार गर्नुपर्ने व्यवस्था छ । पुनर्जागरण महाशाखाबाट ५३ प्रकारका औषधि खरिद गर्न ३४ प्याकेज बनाई रु.७९ करोड ५ लाखको लागत अनुमान स्वीकृत गरी बोलपत्र हुँदा ३४ प्रकारका औषधिका लागि रु.२४ करोड ४२ लाखमा विभिन्न आपूर्तकसँग खरिद सम्झौता भएको देखिन्छ । खरिद सम्झौता भएकामध्ये एमलोडीपाइन १ करोड ट्याबलेटको रु.२ करोड २९ लाख लागत अनुमान स्वीकृत भएकोमा रु.२२ लाख ३० हजार (९०.२६ प्रतिशत घटी) मा कबोल गरेको छ । अन्य १५ प्रकारका औषधि ५० प्रतिशतभन्दा बढी घटी कबोल गरेकोले रु.९ करोड ७१ लाखमा खरिद सम्झौता भएको छ । यसबाट लागत अनुमानको तुलनामा ९० प्रतिशतभन्दा घटी हुने गरी सम्झौता भएकोले लागत अनुमान ठीक छ भन्न सकिने अवस्था देखिएन । यसका अतिरिक्त ९० प्रतिशतसम्म घटी मूल्यमा आपूर्ति हुने औषधि गुणस्तरयुक्त छ भनी आश्वस्त हुने अवस्था छैन ।

४८. **पेस्की -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सरकारी कामको निमित्त पेस्की लिनुपर्दा आवश्यक पर्ने रकम र कामको विवरण पेस गर्नुपर्ने र आवश्यक पर्ने रकमभन्दा बढी नहुने गरी पेस्की दिनुपर्ने व्यवस्था छ भने नियम ७६ मा मालसामान खरिद गर्दा सोझै बिक्रेतालाई भुक्तानी दिनुपर्ने उल्लेख छ । सामान खरिद, तालिम सञ्चालन, खाजा व्यवस्थापनलगायतका कार्यमा सोझै फर्मलाई भुक्तानी दिन सकिनेमा कर्मचारीलाई पेस्की दिने गरेको देखियो । पेस्कीमार्फत भुक्तानी गर्दा सरकारी रकम दुरुपयोग हुने भएकोले जिम्मेवार पदाधिकारी संवेदनशील हुनु जरुरी छ । यससम्बन्धी अन्य व्यहोरा निम्नानुसार छन्:

४८.१. बालस्वास्थ्य महाशाखाले ९ कार्यक्रमका लागि रु.१ करोड ३९ लाख पेस्की दिएकोमा रु.५६ लाख फिर्ता भएको र परिवार स्वास्थ्य महाशाखाको ९ कार्यक्रमका लागि रु.२ करोड २ लाख पेस्की दिएकोमा रु.७९ लाख ४० हजार नगदै फिर्ता भएको छ । उक्त पेस्की फछ्यौटको फाँटवारी परीक्षण गर्दा आवश्यकताभन्दा बढी पेस्की दिएको र काम सम्पन्न भएको ६ महिनापश्चात् पेस्की फछ्यौट गरी खर्च नभएको रकम बैङ्क दाखिला गरेको देखिन्छ ।

जिल्ला स्वास्थ्य कार्यालय, भोजपुरले एक कर्मचारीलाई हात्तीपाइले कार्यक्रमका लागि रु.६३ लाख पेस्की दिएकोमा रु.६ लाख ५० हजार फिर्ता गरेको, ओखलढुङ्गाले एक कर्मचारीलाई रु.४० लाख ५० हजार दिएकोमा रु.१९ लाख २१ हजार फिर्ता गरेको, संखुवासभाले ४ कार्यक्रममा रु.१३ लाख ९३ हजार दिएकोमा रु.३ लाख १० हजार फिर्ता गरेको, चितवनले २ कार्यक्रममा रु.१४ लाख ५३ हजार दिएकोमा रु.११ लाख ३ हजार फिर्ता गरेको र खोटाङले विभिन्न कार्यक्रममा दिएको पेस्कीमध्ये रु.७ लाख २९ हजार फिर्ता गरेको छ ।

४८.२. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७८ मा आर्थिक वर्षको अन्तमा फ्रिज नहुने उद्देश्यले पेस्की दिन नहुने व्यवस्था छ । जिल्ला जनस्वास्थ्य कार्यालय, धनुषाले विभिन्न पदाधिकारी तथा संस्थालाई यो वर्ष दिएको पेस्की रु.४ करोड ४५ लाखमध्ये २०७४।३।८ देखि २०७४।३।२३ सम्म भिटामिन ए, औलो निवारण, समीक्षा गोष्ठीलगायत ५ कार्यक्रममा रु.५९ लाख पेस्की दिएको छ । उक्त पेस्की फछ्यौट गरेको छैन । यस्तै जिल्ला स्वास्थ्य कार्यालय, सप्तरीले ८ जनालाई दिएको रु.१६ लाख ४२ हजार पेस्की बाँकी रहेको छ ।

आवश्यकताभन्दा बढी पेस्की दिने, समयमा खर्चको फाँटवारी पेस नगर्ने, पहिला दिएको पेस्की फछ्यौट नगरी पुनः पेस्की दिने कार्य बन्द गर्नुपर्दछ । साथै समयमा पेस्की फछ्यौट नगर्ने पदाधिकारीउपर आवश्यक कारबाही गरी बाँकी रकम ब्याजसहित असुल फछ्यौट हुनुपर्दछ ।

४९. **विपन्न नागरिक उपचार -** आर्थिक रुपमा विपन्न नागरिकलाई औषधि उपचार सुविधा उपलब्ध गराउन विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७१ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । स्वास्थ्य सेवा विभागले विपन्न नागरिकलाई मुटुरोग, मृगौलारोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाईनल इन्जुरी, हेड इन्जुरी र सिकलसेल एनिमियासमेत ८ प्रकारका रोगको उपचारमा सहायता उपलब्ध गराउँदै आएको छ । यो वर्ष यस कोषको लागि रु.१ अर्ब १७ लाख २४ हजार निकासा तथा खर्च भएको पाइयो । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

४९.१. औषधि उपचार सेवा प्रदान गर्न ७४ अस्पताललाई तोकेकोमा ४२ अस्पतालबाट १७ हजार ४७१ नागरिकलाई स्वास्थ्य सेवा प्रदान गरी यो वर्ष रु.९६ करोड ६ लाख ७ हजार भुक्तानी भएको छ । निर्देशिकाबमोजिम अस्पतालले राख्नुपर्ने उल्लिखित ८ प्रकारका कडा रोगका बिरामीको अभिलेख तथा विपन्न बिरामीलाई दिएको उपचार सेवाको विवरण नराखी बिरामीको संख्यामात्र उल्लेख गरी शोधभर्ना माग गरेको आधारमा अस्पतालहरुलाई भुक्तानी गरेको छ । कार्यक्रमबाट लाभान्वितको अवस्था तथा प्रभावकारिताको मूल्याङ्कन गर्न सक्ने गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

४९.२. निर्देशिकामा विपन्न नागरिकलाई औषधि उपचार सहायता प्रदान गर्ने गरी तोकिएका ८ कडा रोगको उपचारमा प्रत्येक नागरिकलाई एक पटकभन्दा बढी सिफारिस गर्न नपाइने व्यवस्था छ । विभिन्न अस्पतालबाट उपचार गरिएका बिरामीहरुले प्राप्त गरेको सेवा, रकमलगायतका विवरणसहित अभिलेख अद्यावधिक गरी सहायता प्रदान गर्न सक्ने व्यवस्थातर्फ प्रयास हुनु आवश्यक देखिन्छ ।

५०. **भुक्तानी अभिलेख -** कार्यालयले सम्झौताअनुसारको रकम भुक्तानी गर्दा भुक्तानीसम्बन्धी सहायक खाता तथा अभिलेख राखी दोहोरो भुक्तानी नहुने गरी अभिलेख राख्नुपर्दछ । तर यस्तो अभिलेखबेगर आपूर्ति व्यवस्था महाशाखाले ४ आपूर्तकलाई रु.५१ लाख २३ हजार, बालस्वास्थ्य महाशाखाले ३ आपूर्तकलाई रु.१ करोड ३६ लाख ३७ हजार तथा पुनर्जागरण महाशाखाले ५ आपूर्तकलाई रु.६७ लाख ६८ हजारसमेत रु.२ करोड ५५ लाख २८ हजार गत विगतको बाँकी रकम भुक्तानी दिएको छ । भुक्तानी दोहोरो नपर्ने गरी अभिलेख राख्नुपर्दछ ।

औषधि व्यवस्था विभाग

औषधिको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी, सञ्चय तथा सेवनको व्यवस्थापन एवं नियन्त्रण गर्न औषधि ऐन, २०३५ अनुसार यस विभागको स्थापना भएको देखिन्छ । सर्वसाधारण जनतालाई स्तरीय तथा प्रभावकारी औषधिहरु उपलब्ध गराउन, औषधिको उपयोग सम्बन्धमा प्रचार प्रसार गर्ने, औषधि उद्योगको स्थापना र औषधिको आयात निर्यातको सिफारिस एवं औषधि उद्योग र बिक्रेताको निरीक्षण गर्ने प्रमुख उद्देश्य रहेको छ । यो वर्ष विभागले रु.६ करोड १६ लाख १४ हजार बजेट खर्च गर्ने अख्तियारी प्राप्त गरेकोमा रु.४ करोड ७७ लाख ३८ हजार खर्च गरेको छ ।

५१. **औषधि पसल अनुगमन -** औषधि ऐन, २०३५ मा विभागले नियमित रुपमा औषधि पसलको अनुगमन गर्नुपर्ने, अनुगमनबाट देखिएका कमजोरी सुधार गर्न सचेत गराउने, निलम्बन गर्ने, दण्ड जरिबाना गर्ने जस्ता कार्यको माध्यमबाट नियमन गर्ने व्यवस्था रहेको छ । विभागको तथ्याङ्कअनुसार १४ हजार ७६२ औषधि पसल रहेको मध्ये यो वर्ष २ हजार ५२१ (१७.०७ प्रतिशत) अनुगमन गरेको, सोमध्ये १ हजार ५७६ लाई कारबाही गरेको छ । कारबाही गरेकामध्ये दर्ता नभई सञ्चालनमा रहेका ४८, तालिम प्राप्त व्यवसायी उपस्थित नभएको ४३५, लागू तथा मनोद्दीपक औषधिको अभिलेख नराखेको १०४, दर्ता नभएका औषधि बिक्री गरेको १४९, म्याद नाघेका औषधि संञ्चय गरेको ३१, प्रमाणपत्र नवीकरण नगरेको १३५, पसलको साईनबोर्ड नराखेको ४०, बिक्री वितरणको बिल तोकेको ढाँचामा नरहेको २९९ रहेका छन् । कानुन पालना नगरेका फार्मेसीमध्ये १८७ पसललाई निलम्बन गरेको, ६६ पसल बन्द गरेको र २५५ लाई सचेत गराएको देखिन्छ । अनुगमन गरेकामध्ये ६२.५२ प्रतिशत पसलले औषधि ऐनको पालना नगरी व्यवसाय सञ्चालन गरेको स्थितिमा न्यून संख्याका औषधि पसलको मात्र अनुगमन हुनु मनासिब भएन । अनुगमनको दायरा बढाई गुणस्तरीय औषधि प्राप्त हुने व्यवस्था मिलाउनुपर्दछ ।

५२. **औषधि उपयोग र फार्मेसी निरीक्षण -** औषधि व्यवस्था शाखा कार्यालय वीरगन्जले यो वर्ष ५०८ पटक औषधि पसल र ७ पटक औषधि उद्योग निरीक्षण गरी अनुगमन मूल्याङ्कनमा रु. १२ लाख खर्च गरेको छ । अनुगमनबाट २१ औषधि पसलले लागू औषधि सञ्चय गरेको, २१ पसलले उचित तापक्रममा भ्याक्सिन सञ्चय नगरेको, २८ पसलले औषधि बिक्री गर्दा बिल प्रयोग नगरेको र १० औषधि पसल दर्ताबेगर सञ्चालनमा रहेको देखिएकोले फार्मेसी सञ्चालन स्थिति नाजुक रहेको छ । कार्यालयले औषधि ऐन, २०३५ विपरीत हुने गरी भए गरेको उपर्युक्त कामका सम्बन्धमा कारबाही गरेको देखिएन । यसप्रकारको अवस्थालाई निरुत्साहन गर्न प्रभावकारी अनुगमन गरी कारबाही गर्नुपर्दछ ।

राष्ट्रिय क्षयरोग केन्द्र, भक्तपुर

विभिन्न निकायसँग समन्वय गरी केन्द्रीय, क्षेत्रीय, जिल्लास्तर र उपचार केन्द्रमार्फत क्षयरोग रोकथाम, निदान तथा उपचार कार्यको संयोजन, अनुगमन एवं मूल्याङ्कन गर्न राष्ट्रिय क्षयरोग केन्द्रको स्थापना भएको हो ।

५३. **उपलब्धि** - यो वर्ष रु.८१ करोड ४२ लाख २२ हजार विनियोजन भएको रु.३२ करोड ४७ लाख ८१ हजार (३९.८ प्रतिशत) खर्च गरेकोमा ५३ कार्यक्रम सञ्चालन हुन नसकी रु.१६ करोड २२ लाख बजेट निष्क्रिय भएको छ । यो वर्ष पहिचान भएको ३१ हजार ५३३ र विगतको समेत ३१ हजार ९७० क्षयरोगीले उपचार पाएको तथा २८ हजार ९०९ ले स्वास्थ्य लाभ गरेको केन्द्रले जनाएको छ ।

५४. **औषधिको मौज्दात -** मौज्दात विवरणअनुसार वाटर फर इन्जेक्सन र आइसोनाइज्ड ३०० एम.जी. यो वर्ष खर्च भएको आधारमा क्रमशः करिब ५ र ३.१ गुणा बढी रहेकोले उक्त परिमाणले ५ वर्ष र ३ वर्षलाई पुग्ने देखिन्छ । यस्तै इथामुटोल १०० एम.जी.लगायतका अन्य ७ किसिमका औषधिको १ वर्षभन्दा बढी र एच.आर.जेड.ई.लगायत अन्य ३ किसिमका औषधि ६ महिनाभन्दा बढी अवधिलाई पुग्ने गरी मौज्दात राखेको छ । यो वर्ष खरिद ओरल रिहाइड्रेसन साल्ट पाउडर खर्च नभई मौज्दात राखेको छ । आइसोनाइज्ड १०० एम.जी.लगायत अन्य ३ किसिमका औषधिको मौज्दातले ६ महिना पुग्ने देखिन्छ । कतिपय औषधिको मौज्दात अधिक र ९ किसिमका औषधिको मौज्दात शून्य रहेको पाइयो । औषधिको माग तथा न्यूनतम मौज्दात परिमाणलाई ध्यान दिई यथार्थपरक रुपमा औषधिको खरिद तथा मौज्दात व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

५५. **ग्लोबल फण्ड अनुदान** - स्वास्थ्य मन्त्रालय, ग्लोबल फण्ड तथा सेभ द चिल्ड्रेनबीच भएको त्रिपक्षीय सम्झौताबमोजिम १६ जुलाई २०१६ देखि १५ मार्च २०१८ सम्मका लागि ग्लोबल फण्डसँग एचआईभी एड्स, क्षयरोग र मलेरिया रोग नियन्त्रणको लागि अमेरिकी डलर ४३ मिलियन अनुदान उपलब्ध गराउने गरी १८ अक्टोबर २०१६ मा सम्झौता गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्:

५५.१. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २९ मा वैदेशिक सहायतासम्बन्धी सम्झौता गर्नु अघि सम्बन्धित कार्यालयले लेखापरीक्षण सम्बन्धमा महालेखापरीक्षकको कार्यालयको राय लिनुपर्ने व्यवस्था भएकोमा राय नलिई सम्झौता गरेको छ । सम्झौताको दफा १६ मा सरकारी निकायबाट खर्च हुने रकमको महालेखापरीक्षकको कार्यालयबाट र अन्य रकमको नेपालकै कानुनअनुसार स्वतन्त्र लेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था रहेको छ ।

क्षयरोग कार्यक्रम स्वास्थ्य टिबी स्ट्रेटेजी कार्यान्वयनसम्बन्धी खर्चको लेखापरीक्षण गरी स्वतन्त्र लेखापरीक्षकले पेस गरेको प्रतिवेदनमा अमेरिकी डलर १२ लाख २० हजार ६४९ प्रिन्सिपल रिसिपेन्टको नाममा, अमेरिकी डलर ९ लाख ६७ हजार ५१० सहायक रिसिपेन्टको नाममा अमेरिकी डलर २२ लाख ६२ हजार राष्ट्रिय क्षयरोग केन्द्रको नाममा खर्च भएको उल्लेख छ । तर राष्ट्रिय क्षयरोग केन्द्रको लागि रातो किताबमा रु.१४ करोड १५ लाख ८७ हजार (अमेरिकी डलर १३ लाख ६९ हजार ३१३) मात्र विनियोजन भएको छ । यसरी रातो किताबमा समावेश नभएको अमेरिकी डलर ८ लाख ९२ हजार ६८६ समेत प्रिन्सिपल रिसिपेन्टबाट राष्ट्रिय क्षयरोग केन्द्रको नाममा खर्च गरेको पाइयो । सोसम्बन्धी खर्चको विवरण क्षयरोग केन्द्रमा रहेको पाइएन । कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च प्रिन्सिपल रिसिपेन्ट र सहायक रिसिपेन्टबाट समेत हुने भएकोले राष्ट्रिय क्षयरोग केन्द्रसँग समन्वय नगरी समानान्तररुपमा कार्यक्रम सञ्चालन हुने अवस्था देखियो । विकास सहायता उपयोगमा पेरिस घोषणाको भावनाभन्दा फरक गरी रिसिपेन्ट कन्ट्रीको स्वामित्व नरहने गरी भएको त्रिपक्षीय सम्झौता तथा खर्च गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

५५.२. सम्झौताको दफा १३ मा प्रिन्सिपल रिसिपिएन्टको रुपमा छनौट भएको सेभ द चिल्ड्रेन इन्टरनेशनलले आवश्यक औषधि तथा अन्य सामानहरु खरिद गर्ने उल्लेख छ । उक्त संस्थाबाट खरिद हुने खर्चका आइटम तथा राष्ट्रिय क्षयरोग केन्द्रबाट हुने खर्चका आइटम छुट्याउने स्पष्ट समझदारी नहुँदा यी दुई निकायबीच खर्च गर्ने सम्बन्धमा अन्यौलता देखिएको छ । उदाहरणको रुपमा केन्द्रको वार्षिक कार्यक्रममा जेन एक्सपर्ट मेसिन ४ थान खरिद गर्न रु.८६ लाख विनियोजन गरेकोमा केन्द्रका निर्देशकले चलानी नम्बरसमेत उल्लेख नगरी उक्त इन्टरनेसनललाई २०७३।९।२ मा लेखेको पत्रमा उक्त सामान खरिद गर्नु भनी पत्राचार गरेको छ । केन्द्र स्वयंले उक्त मेसिन १० थान खरिद गरेको देखिँदा एउटै कार्य दुई निकायबाट भएको पाइयो । यस्तै केन्द्रका निर्देशकले २०७३।१०।१८ को पत्रबाट रु.२७ लाख ४९ हजार विनियोजन भएका ६ कार्यक्रम

सञ्चालन गर्न उक्त इन्टरनेशनललाई पत्र लेखेको पाइयो । सम्झौताको शर्तविपरीत हुने गरी खर्च गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५५.३. सम्झौताको दफा १३ मा सेभ द चिल्ड्रेन इन्टरनेशनलले खरिद गर्ने औषधि तथा उपकरणहरु खरिद भएको भनी केन्द्रको प्रगति विवरणमा उल्लेख गरे तापनि लेखापरीक्षण अवधिसम्म सो कार्यको लागि विनियोजित रु.७ करोडमध्ये रु.४ करोड (अमेरिकी डलर ३ लाख ६७ हजार ५३०) बराबरको मात्र औषधि प्राप्त भएको छ । यसैगरी जेन एक्सपर्ट मेसिन ४ थान खरिद नभए तापनि केन्द्रले प्रगति देखाएकोले प्रगति प्रतिवेदन यथार्थतामा आधारित देखिएन । साथै सम्झौतानुसार खरिद सामान यो वर्ष नै सम्बन्धित कार्यालय तथा केन्द्रमा प्राप्त हुनुपर्नेमा दातृ निकाय तथा प्रिन्सिपल रिसिपिएण्टबाट आपूर्ति गरिने सामानसमेत समयमा प्राप्त हुन सकेको छैन । सम्झौताबमोजिम प्राप्त हुनुपर्ने औषधि एवं उपकरण यथा समयमा प्राप्त हुनुपर्दछ ।

५५.४. पेरिस घोषणा, २००५ तथा नेपालको वैदेशिक सहायता नीति, २०७१ मा सहायताको प्रभावकारिता अभिवृद्धि गर्ने उल्लेख छ । क्षयरोग नियन्त्रण कार्यक्रममा २०७३ श्रावणदेखि २० महिनाभित्रमा १ अर्ब रुपैयाँभन्दा बढी (अमेरिकी डलर १०.८ मिलियन) खर्च गर्ने सम्झौता गरेकोमा यस केन्द्रको कार्यक्रममा समाबेश भई विनियोजित रु.१४ करोड १५ लाखबाट खर्च भएको रु.८४ लाख ५५ हजार बाहेक अन्य निकायबाट भएको खर्च देखिने एकीकृत वित्तीय विवरण तयार गरेको पाइएन । सेभ द चिल्ड्रेन इन्टरनेशनललाई प्रिन्सिपल रिसिपेन्टको रुपमा नियुक्त गर्दा एड म्यानेजमेन्टमा नै अमेरिकी डलर १७ लाख १५ हजार खर्च गरेको छ । सहायता रकम सबै नेपाल सरकारको प्रणालीबाट खर्च नहुने तथा खर्चसम्बन्धी सम्पूर्ण विवरण प्राप्त नहुँदा सहायताको प्रभावकारिता तथा स्वामित्व अभिवृद्धि पक्ष विचारणीय रहेको छ ।

५६. **जेन एक्सपर्ट मेसिन** - बोलपत्रसम्बन्धी कागजातको टेक्निकल स्पेसिफिकेसनमा मेसिन सञ्चालन, मर्मतसम्बन्धी तालिम र जडान तथा सुचारु गर्ने कार्य आपूर्तिकर्ताले गर्ने उल्लेख छ । एक अन्तर्राष्ट्रिय आपूर्तकसँग बोलपत्रको माध्यमबाट जेन एक्सपर्ट मेसिन १० थान खरिद गरी रु.२ करोड ८५ लाख ७७ हजार २०७४।२।७ मा भुक्तानी गरेको छ । सम्झौताको शर्तबमोजिम सञ्चालन, मर्मतसम्बन्धी जनशक्तिलाई तालिम दिएको र मेसिन जडान कार्य गरेको छैन । सम्झौताको शर्तबमोजिम कार्य नहुँदै भुक्तानी गर्नेलाई जिम्मेवार बनाउनुपर्दछ ।

राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र

नेपालमा एच.आई.भी. एड्स र यौनरोगको संक्रमणको उच्च जोखिममा रहेका लक्षित समुदायमा एच.आई.भी. रोकथाम कार्यक्रम, उपचार, हेरचाह तथा सहयोग र यौनरोगको रोकथाम तथा नियन्त्रण कार्यक्रम ७५ जिल्लाका स्वास्थ्य संस्थाबाट सञ्चालन हुंदै आएको छ । केन्द्रले यो वर्ष १ लाख ७३ हजार ७४९ जना र गर्भवती महिला ३ लाख ६ हजार ८७२ को एच.आई.भी परीक्षण गरेको उल्लेख छ । उच्च जोखिममा रहेका माइग्रेन्ट र उनीहरुको परिवार एम.एस.एम., एस.एस.डब्लू., टी.जी., पी.डब्लू आई.डी. र पी.एल.एच.आई.भी.लाई लक्षित गरी गैरसरकारी संस्थाहरुलाई करार सेवामार्फत विस्तृत एच.आई.भी. रोकथाम कार्यक्रम संञ्चालन गरेको देखिन्छ । यो वर्ष एड्स तथा यौनरोग नियन्त्रण कार्यमा रु.६० करोड १९ लाख ७६ हजार खर्च भएको छ ।

५७. **वस्तुगत सहायता -** केन्द्रको आर्थिक विवरणअनुसार यो वर्ष वस्तुगत सहायतातर्फ औषधि खरिदमा खर्च देखाएको रु.४१ करोड २८ लाख १३ हजारको स्रेस्ता, प्रमाण कागजात पेस नभएकोले लेखापरीक्षण गरिएको छैन । आर्थिक विवरणमा वस्तुगत सहायतातर्फ रु.४१ करोड २८ लाख १३ हजार खर्च देखाए तापनि लेखापरीक्षणमा रु.४० करोड ८१ लाख ३८ हजारको विवरण पेस भएकोले रु.४६ लाख ७४ हजार फरक देखिएको सम्बन्धमा स्पष्ट हुनुपर्दछ ।

५८. **सर्वेक्षण कार्य -** वार्षिक कार्यक्रममा उल्लिखित इन्टिग्रेटेड बायोलोजिकल एण्ड बिहावियरल सर्भिलेन्स सर्भे एमोङ कि पपुलेसन अफ हायर रिक्स टु एच.आई.भी. सम्बन्धी ५ सर्वेक्षण कार्य ३ परामर्शदाताबाट गराई यो वर्ष रु.१ करोड ६० लाख ८० हजार खर्च लेखेकामा सो कार्यको लागत अनुमान तथा परामर्शदाता छनौट सम्बन्धी कागजात लेखापरीक्षणको लागि पेस भएन । परामर्शसम्बन्धी खर्चको स्रेस्ता, कागजात पेस गरी लेखापरीक्षण गराउनुपर्दछ ।

सामाजिक सुरक्षा विकास समिति, टेकु

स्वास्थ्य उपचारको क्रममा भइरहेको व्यक्तिगत खर्चलाई व्यवस्थित गर्दै सबै नेपाली नागरिकलाई सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न सुरक्षा विकास समिति गठन भएको हो ।

५९. **कोष -** स्वास्थ्य बीमा कार्यक्रममा सहभागीबाट प्राप्त रकम समितिको कोषमा जम्मा गर्ने गरेको छ । यो वर्षसम्म कोषमा रु.६ करोड ३३ लाख १९ हजार जम्मा भएको छ । कोष परिचालनसम्बन्धी कानुनी व्यवस्था गरेको छैन । कार्यक्रम सञ्चालन गर्न आवश्यक रकम सरकारले उक्त समितिलाई उपलब्ध गराउने भएकोले कोषमा निष्क्रिय रहेको रकम संञ्चितकोष दाखिला गर्नुपर्दछ ।

६०. **स्वास्थ्य उपकरण खरिद -** सामाजिक सुरक्षा विकास समिति गठन आदेश, २०७१ मा स्वास्थ्य बीमामार्फत सेवा उपलब्ध गराउने संस्थाको भौतिक पूर्वधार विकासका कार्यहरु समितिबाट गर्ने व्यवस्था छैन । समितिले यो वर्ष एक्सरे, सेमी अटो एनालाइजर (वायो केमिष्ट्री), यू.एस.जी., इसीजी आदि ८० थान खरिद गर्न रु.२५ करोड ७० लाख विनियोजन भएकोमा रु.३ करोड १० लाख ६४ हजार खर्च भएको छ । समितिले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न स्वास्थ्य संस्थामा आवश्यक पर्ने सामानहरुको मूल्याङ्कन गरी आवश्यकता निर्धारण गरेको छैन । साथै स्वास्थ्य संस्थाको लागि चाहिने उपकरण खरिद गर्न यस्तै कार्य गर्ने स्वास्थ्य सेवा विभागसँग समन्वय गरेको समेत पाइएन । यो वर्ष खरिद सम्झौता भएकामध्ये यू.एस.जी. इसीजी खरिद हुन नसकेको र सेमी अटो एनालाइजर (वायो केमिष्ट्री) ८०, एक्सरे मेसिन ८० मध्ये ५० मात्र खरिद भएको र खरिद भएका सामान पनि सम्बन्धित स्वास्थ्य संस्थामा हस्तान्तरण गरेको पाइएन । उद्देश्यअनुरुप आवश्यकता पहिचान गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

६१. **कार्यक्रमको दिगोपना -** नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा व्यवस्था गरे अनुरुप नागरिकको स्वास्थ्य बीमालाई सुनिश्चित गर्दै सबै नेपालीलाई स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था बनाउने नीतिअनुरुप यो कार्यक्रम शुरु भएको छ । यो कार्यक्रम २०७१।७२ देखि ३ जिल्लामा शुरु गरी चरणवद्धरुपमा सबै जिल्लामा लागू गर्ने नीतिअनुरुप २०७३।७४ सम्म २२ जिल्लामा लागू भएको छ ।

नेपाल सरकारद्वारा सञ्चालन गरिने कार्यक्रमहरुको दिगोपनाको लागि कार्यक्रमसम्बन्धी सबल र दुर्बल पक्षहरुको गहन रुपमा विश्लेषण गरी सञ्चालनका क्रममा आउन सक्ने जोखिम तथा चुनौतीको व्यवस्थापनका लागि उचित संयन्त्र बनाउन सकेमात्र कार्यक्रमद्वारा लक्षित गरिएका सेवा सहज एवं निरन्तर रुपमा प्रवाह गर्न सकिन्छ ।

सर्वसाधारणको योगदानमा आधारित यो कार्यक्रमको दिगोपनाका लागि सरकारले जोखिम पहिचान गरी निराकरणका उपाय अपनाएको देखिएन । उपलब्ध सेवाको गुणस्तरमा आश्वस्त गर्ने गराउने पर्याप्त गृहकार्य नगरी कार्यक्रम सञ्चालन गरेको अवस्था छ । यो कार्यक्रममा २०७१।७२ मा कैलाली, बागलुङ र इलामका कुल घरधुरी २ लाख ६८ हजार ५०४ मध्ये ०.९८ प्रतिशत सहभागी भएका छन् भने २०७३।७४ मा सो कार्यक्रममा सहभागी घरधुरी प्रतिशत ४.९० रहेको देखिएकोले यो कार्यक्रम वाञ्छित गतिमा अगाडि बढेको देखिँदैन ।

सहभागीबाट प्रिमियम लिई लगानी गरी आय आर्जन गर्ने र सर्वसुलभ पहुँच हुने गरी जुनसुकै अस्पतालमा उपचार गराए पनि शोधभर्ना हुने व्यवस्था मिलाएको देखिन्छ । तर बीमा योजनामा सहभागी २ लाख २८ हजार ११३ जनाबाट रु.६ करोड ३४ लाख ८१ हजार प्रिमियम प्राप्त भएकोमा २२ हजार २२८ जनाले स्वास्थ्य सेवा लिई सोबापत रु.१ करोड ८४ लाख ५६ हजार शोधभर्ना भुक्तानी गरेको छ । सेवाग्राहीबाट लिएको बीमा प्रिमियमले उपचार खर्च धान्न सक्ने अवस्था देखिँदैन । संघीय शासकीय व्यवस्थाबमोजिम संघ, प्रदेश र स्थानीय तहमा छुट्टाछुट्टै कार्यक्षेत्र रहने हुँदा अन्तर्राष्ट्रिय सिद्धान्त र असल अभ्यासका आधारमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनका लागि कानुन परिमार्जन गरी कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नुपर्दछ ।

स्वास्थ्य तथा जनस्वास्थ्य कार्यालयहरु

६२. **काम नहुँदै भुक्तानी** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५७ तथा खरिद सम्झौतामा व्यवस्था भएबमोजिम निर्माण कार्यको कामको मूल्याङ्कनको आधारमा भुक्तानी हुने व्यवस्था छ । जिल्ला जनस्वास्थ्य कार्यालय सोलुखुम्बुले जिल्ला अस्पताल, हेल्थपोष्ट र स्वास्थ्यकेन्द्र गरी ३ निर्माण तथा मर्मत कार्य गर्न एउटै निर्माण व्यवसायीसँग सम्झौता गरेको छ । निर्माण कार्य सम्पन्न नभएको अवस्थामा बिल बनाई ३ निर्माण कार्यको रु.३७ लाख ८३ हजार भुक्तानी भएकोले कामै नभएको अवस्थामा भुक्तानी गर्ने गराउनेलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्दछ ।

६३. **बढी भुक्तानी -** पूर्वाञ्चल क्षेत्रीय स्वास्थ्य तालिम केन्द्र, धनकुटाका लेखा प्रमुखले बिल, भरपाईको अङ्क सच्याई थप भुक्तानी गरेको, बिल भरपाईभन्दा बढी पेस्की फछ्यौट गरेको, दैनिक भ्रमण भत्तालगायत अन्य खर्च रु.५ लाख ६९ हजार सम्बन्धित व्यक्तिलाई नबुझाई हिनामिना मस्यौट गरेको, जिल्ला जनस्वास्थ्य कार्यालय, अछामले विभिन्न पदका १६ कर्मचारीलाई दोहोरो, अवकाश र रमाना भए पश्चात् नपाउने तलब भत्ता रु.१० लाख ५७ हजार भुक्तानी गरेको समेत रु.१६ लाख २६ हजार रकम असुल गरी सम्बन्धित पदाधिकारीलाई कारबाही गरिनुपर्दछ ।

६४. **जिन्सी आम्दानी -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ बमोजिम जिन्सी मालसामान दाखिला गरी जिन्सी आम्दानी गर्नुपर्ने उल्लेख छ । जिल्ला स्वास्थ्य कार्यालय, सप्तरीले रु.१३ लाख ९७ हजारका १३ प्रकारका कार्यालय सामान र रु.४ लाख ६३ हजारका खप्ने सामानसमेत रु.१८ लाख ६० हजार मूल्यका सामानको भुक्तानी गरेकोमा जिन्सी आम्दानी गरेको पाइएन । त्यस्तै सगरमाथा अञ्चल अस्पताल, सप्तरीले अस्पताल सामान खरिद गरी रु.६ लाख ४० हजार भुक्तानी गरेकोमा जिन्सी आम्दानी गरेको पाइएन । यस सम्बन्धमा छानबिन गरी भुक्तानी भएको रु.२५ लाख सम्बन्धित जिम्मेवार पदाधिकारीबाट असुल हुनुपर्दछ ।

६५. **बढी ग्रेड** - निजामति सेवा ऐन, २०४९ तथा स्वास्थ्य सेवा ऐन, २०५३ बमोजिम स्थायी कर्मचारीको तलबी प्रतिवेदन काठमाडौ उपत्यकामा निजामती किताबखाना र अन्य जिल्लामा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गरी भुक्तानी गर्नुपर्दछ । पारित तलबी प्रतिवेदनमा उल्लेख भएको भन्दा १३ कार्यालयहरुले रु.१९ लाख ६९ हजार बढी ग्रेड भुक्तानी गरेकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

६६. **प्राविधिक ग्रेड** - अर्थ मन्त्रालयबाट २०७३।४।४ मा भएको परिपत्रअनुसार प्राविधिक कर्मचारीले विगतदेखि प्राप्त गर्दै आएको थप २ ग्रेडबापतको रकम नयाँ तलबमानमा थप गरी भुक्तानी दिने उल्लेख छ । उपर्युक्त व्यवस्थाअनुसार खाईपाई आएको रकममात्र दिनुपर्नेमा साविक ग्रेडलाई नयाँ ग्रेड कायम गरी ३२ कार्यालयले १ हजार १९८ कर्मचारीलाई रु.१ करोड ९२ लाख ७१ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ ।

कार्यमूलक लेखापरीक्षण

स्वास्थ्य सेवाप्रवाह

स्वास्थ्य सेवा प्रवाहको लागि संरचना, मेडिकल उपकरण, मानव संशाधन र औषधि व्यवस्थापन पक्षमा केन्द्रित रही भेरी अञ्चल अस्पताल, लुम्बिनी अञ्चल अस्पताल, भरतपुर अस्पताल, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, त्रि.वि. शिक्षण अस्पताल र शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रको कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन् :

६७. **आधारभूत स्वास्थ्य सेवा** – राष्ट्रिय स्वास्थ्यनीति, २०७१ को बुँदा नं.७ मा कानुन बनाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराइने उल्लेख छ । नेपाल सरकारले उपलब्ध गराउँदै आएको निःशुल्क स्वास्थ्य सेवा र औषधिहरु स्वास्थ्य सेवा विभागअन्तर्गतका जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीबाट उपलब्ध भइरहेको छ । कानूनको अभावमा आधारभूत स्वास्थ्य सेवाको स्पष्ट व्याख्या नहुँदा नागरिकले प्राप्त गर्नुपर्ने आधारभूत स्वास्थ्य सेवा प्रभावकारी रुपमा प्रवाह भएको छैन । आधारभूत स्वास्थ्य सेवासम्बन्धी कानुन बनाई स्वास्थ्य सेवा प्रवाह गर्नुपर्दछ ।

६८. **निःशुल्क औषधि** – अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं.१३(१) मा नेपाल सरकारबाट निःशुल्क वितरण गर्ने भनी तोकिएको औषधि अस्पताल फार्मेसीले निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था छ । अञ्चल अस्पताल तथा शिक्षण अस्पतालहरुले आफ्नो फार्मेसी सञ्चालन गरे तापनि निःशुल्क औषधि वितरण गरेका छैनन् । बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अस्पताल फार्मेसी सेवा हाल सञ्चालनमा छैन । अस्पताल फार्मेसी सञ्चालन तथा निःशुल्क औषधि वितरण नहुँदा सेवाग्राहीलाई असर परेको छ । नेपाल सरकारले निःशुल्क भनी तोकेका औषधि निःशुल्क वितरण गर्नुपर्दछ ।

६९. **प्रयोगविहीन संरचना र उपकरण** – आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार जिन्सी मालसामानको लगत खडा गरी हानि नोक्सानी नहुने तरिकाले संरक्षण, सम्भार र चालु अवस्थामा राख्नुपर्ने व्यवस्था छ ।

समस्या

- आधारभूत स्वास्थ्य प्याकेज स्पष्ट नहुनु
- अस्पतालहरुबाट निःशुल्क औषधि वितरण नहुनु
- स्वास्थ्यकर्मीको दरबन्दीअनुसार पदपूर्ति नहुनु
- मेडिकल उपकरणहरु प्रयोगविहीन रहनु
- खरिद भएको लामो समयसम्म पनि उपकरण जडान नहुनु
- पुरानो उपकरणहरु प्रतिस्थापन नहुनु
- तालिम प्राप्त प्राविधिककर्मचारी नहुनु

६९.१. वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको दन्त चिकित्सालयमा रहेको रु.९४ लाख २ हजार लागतको क्याड क्याम्प मेसिन २ वर्षदेखि, रेडियोलोजी डिपार्टमेन्टमा रहेको एक्स-रे (३०० एम.ए.) मेसिन ६ महिनादेखि, रु.२८ लाख २२ हजार लागतको फिलिप्स एच.डी., ७ अल्ट्रासाउण्ड मेसिन ६ महिनादेखि, डायलासिस सेवा विभागमा रहेको १० डायलासिस मेसिनमध्ये ४ मेसिन र प्रि क्लिनिकल कन्जर्मेटिम ल्यावमा जडान भएको ३८ फ्यान्टम हेड प्रयोगविहीन छ । लुम्बिनी अञ्चल अस्पतालमा रहेको ६ एक्स-रे मेसिनमध्ये ३ लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेको छ । त्यसैगरी २०७४।३।२३ मा रु.२७ लाख ९७ हजारमा खरिद गरेको एक्स-रे मेसिन (५०० एम.ए.) हालसम्म प्रयोगमा ल्याएको छैन । प्राविधिक कर्मचारीको अभाव, नियमित मर्मत सम्भारको अभाव, न्यून भोल्टेजको विद्युतलगायतका कारण मेसिनहरु प्रयोगविहीन अवस्थामा रहेको देखिन्छ । यसबाट सेवाप्रवाहमा असर परेको छ । अस्पतालमा जडान भएको मेसिन तथा उपकरण सञ्चालनको लागि आवश्यक व्यवस्था गरी चालु हालतमा राख्नुपर्दछ ।

६९.२. बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सन् २००६ मा जडान भएको एम.आर.आई. मेसिनको ६ कोइलमध्ये ४ सञ्चालनमा छैन । उक्त ४ कोइलबाट दैनिक औसत ५ एम.आर.आई हुन सक्नेमा सञ्चालनमा नहुँदा प्रतिष्ठानले प्रतिपटक रु.७ हजारका दरले प्रतिदिन रु.३५ हजार आम्दानी गर्न नसकेको र सेवाग्राही सेवा पाउनबाट बञ्चित भएका छन् । हालको मेसिन पुरानो प्रविधि तथा कम क्षमता (०.३५ टेस्ला) को भएकोले एम.आर. युरोग्राफी, एम.आर.सी.पी., एम.आर.एन्जीयोग्राफी, एम.आर. स्पेक्ट्रोग्राफी, डी.डब्लू.आई, फङ्गसनल एम.आर.आई लगायतका विशेष परीक्षण हुँदैन । मेसिन पुरानो भएको र नियमित मर्मतको अभावको कारण मेसिन पूर्ण क्षमतामा चालु रहेको छैन । नियमित मर्मत सम्भार गरी मेसिन सञ्चालनमा ल्याउनुपर्दछ ।

६९.३. धरान उपमहानगरपालिका वडा नम्बर ४ स्थित छाताचोकमा बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा रहेको ८ हजार ३५१.७० वर्गमिटर जग्गा र उक्त जग्गामा रहेको ३ भवन प्रयोगविहीन अवस्थामा छ । आफ्नो स्वामित्वमा भएको जग्गा तथा भवनलाई बिरामीको बढ्दो चापअनुसार सेवा विस्तार गर्न उपयोगमा ल्याउनुपर्दछ ।

६९.४. विगतमा रु.२१ करोड ३७ लाख ९६ हजार लागतमा निर्माण सम्पन्न भई २०७०।९।११ मा हस्तान्तरण भएको नयाँ शैक्षिक भवन हालसम्म प्रयोगविहीन अवस्थामा रहेको छ । हाल भवन मर्मतको लागि रु.६५ लाख ४१ हजारको लागत अनुमान तयार भए तापनि मर्मत गरी उपयोगमा ल्याएको छैन । भवन मर्मत गरी स्वास्थ्य सेवा विस्तारमा उपयोग गर्नुपर्दछ ।

७०. **उपकरण जडान** – स्वास्थ्य सेवा विभागबाट २०७१।२।६ मा रु.२ करोड ४२ लाख ८५ हजारको अटोमेटेट डी.एन.ए. सिक्वीन्सर बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई हस्तान्तरण भएकोमा उपकरण सञ्चालन गर्न प्राविधिक जनशक्ति नभएको कारण प्रयोगविहीन अवस्थामा रहेको छ । जनशक्तिलगायत पूर्वाधार तयार नगरी उपकरण हस्तान्तरण भएकोले उपकरणमा गरेको लगानीको प्रतिफल प्राप्त भएको छैन । उक्त उपकरण प्रयोगमा ल्याउनुपर्दछ ।

७१. **डेन्टल चेयर** – नेपाल मेडिकल काउन्सिलले सन् २०१२ मा तयार गरेको दन्त चिकित्सालय सञ्चालनको मापदण्डको बुँदा नं.११.१ अनुसार नयाँ अस्पतालले पूर्णरुपमा इलेक्ट्रोनिक चेयर प्रयोग गर्नुपर्ने र पुराना अस्पतालले ३ वर्षभित्र प्रतिस्थापन गरिसक्नुपर्ने उल्लेख छ । बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको दन्त चिकित्सालयअन्तर्गत ८ विभागमा रहेको ६६ इलेक्ट्रिक चेयरमध्ये ३२ (४८.४८ प्रतिशत) र ६७ हाइड्रोलिक चेयरमध्ये ४६ (६८.६६ प्रतिशत) चेयर चालु हालतमा छैन । यसबाट सेवाप्रवाहमा प्रत्यक्ष असर परेको छ । हाइड्रोलिक चेयर पुरानो प्रविधिको भएकोले प्रतिस्थापन र बिग्रिएका इलेक्ट्रिक चेयर मर्मत गरी सञ्चालन गर्नुपर्दछ ।

७२. **एम्बुलेन्स सेवा** – स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को बुँदा नं. १६ मा अस्पतालमा मेडिकल एटेन्डेन्टसहितको एम्बुलेन्स अनिवार्य हुनुपर्ने व्यवस्था छ । भेरी अञ्चल अस्पताल र भरतपुर अस्पतालमा एम्बुलेन्स नै छैन भने लुम्बिनी अञ्चल अस्पतालमा २ एम्बुलेन्स भए पनि सञ्चालनमा छैन । अस्पतालको एम्बुलेन्स सञ्चालन नहुँदा सेवाप्रवाहमा असर परेको छ । अस्पतालले एम्बुलेन्स सेवा सञ्चालनमा ल्याउनुपर्दछ ।

सुझाव

- आधारभूत स्वास्थ्य प्याकेज स्पष्ट गर्ने
- निःशुल्क औषधिमा सबैको पहुँच पुऱ्याउने
- स्वास्थ्यकर्मीको दरबन्दीअनुसार पदपूर्ति गर्ने
- मेडिकल उपकरण चालु अवस्थामा राख्ने
- आधुनिक प्रविधिका उपकरण जडान गर्ने
- आवश्यक प्राविधिक कर्मचारी व्यवस्था गर्ने

७३. **जनशक्तिको व्यवस्थापन** – स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० को बुँदा नं. १९(१) मा अस्पतालको शय्या संख्याको आधारमा जनशक्तिको व्यवस्था गर्नुपर्ने उल्लेख छ । अस्पतालहरुको जनशक्तिको अवस्था विश्लेषण गर्दा मापदण्डअनुसार दरबन्दी र दरबन्दीअनुसार पदपूर्ति भएको छैन । स्वास्थ्य सेवा विभागको वार्षिक प्रतिवेदनअनुसार स्वास्थ्य सेवाअन्तर्गत ७५ जिल्लाका कर्मचारीको दरबन्दी तथा पदपूर्तिको अवस्था विश्लेषण गर्दा २०७२।७३ मा चिकित्सक ४०.५२, पारामेडिक प्राविधिक २४.७२, नर्स २९.५८ र ल्याव स्टाफको १८.५८ प्रतिशत दरबन्दी रिक्त रहेको छ । निम्न अस्पतालमा २०७२।७३ र २०७३।७४ मा निम्नानुसार दरबन्दी रिक्त रहेको छ:

अस्पतालको नाम	२०७२।७३ मा रिक्तप्रतिशत			२०७३।७४ मा रिक्तप्रतिशत		
	चिकित्सक	नर्स	पारामेडिक प्राविधिक	चिकित्सक	नर्स	पारामेडिक प्राविधिक
भेरी अञ्चल अस्पताल	७१.६४	५०	७२.२२	५९.९७	-	-
लुम्बिनीअञ्चल अस्पताल	४७.००	७२.९७	४७.००	७४.४२	९.००	२.००
भरतपुर अस्पताल	३२.४६	८.५५	१.४९	३१.४६	११.११	२.९९
वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	५२.८८	१८.२८	-	४८.१८	२८.३६	-
शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	३९.४२	२४.८१	३८.५५	१९.२३	८.९१	३२.५३

स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता ल्याउन मापदण्डअनुसार पदपूर्ति गर्नुपर्दछ ।

संगठित संस्था, अन्य संस्था र समिति

चिकित्सा विज्ञान राष्ट्रिय अध्ययन प्रतिष्ठान/वीर अस्पताल

नेपालको पहिलो अस्पताल वीर अस्पतालले देशको स्वास्थ्य सेवा प्रवाहमा विभिन्न प्रकारका विशेषज्ञ स्वास्थ्य उपचार सेवा, असहाय तथा विपन्न वर्गलगायत सर्वसाधारणलाई चिकित्सा सेवामा सहज पहुँच पुऱ्याउँदै आएको छ । यस अस्पताललाई, २०६३ सालमा विशेष ऐनअन्तर्गत प्रतिष्ठान संरचनाभित्र संस्थागत गरिएको हो । यो वर्ष अस्पतालले रु.३ अर्ब ३६ करोड ४४ लाख ११ हजार खर्च गरी ३ लाख ९६ हजार ६८३ बिरामीलाई विशेषज्ञ लगायतको सेवा दिएको छ ।

७४. **लिलाममा मूल्य अभिवृद्धि कर -** वीर अस्पतालले आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५८ अनुसार पुरानो संरचना भत्काउने कार्यको लिलाम बिक्री गर्दा दोस्रो बढी अङ्क कबोल गर्ने निर्माण व्यवसायीको रु.२ करोड ११ लाख १२ हजारको मूल्य स्वीकार गरी कार्य गराएको छ । उक्त लिलामी मूल्यमा

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार मूल्य अभिवृद्धि करसमेत रु.२७ लाख ४५ हजार असुल गर्नुपर्नेमा नगरेकोले असुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

७५. **गत वर्षको दरमा खरिद -** अस्पतालले विपन्न नागरिक औषधोपचार सहायता अर्न्तगत क्यान्सरजन्य रोगको उपचारमा प्रयोग हुने ६७ प्रकारका औषधि खरिद गर्न बोलपत्र प्रकाशित गर्दा २ आपूर्तकले बोलपत्र दर्ता गरेको र बोलपत्र मूल्याङ्कन समितिले थप कागजात माग गरेकोमा पेस नगरेको कारण जनाई दुवै बोलपत्र रद्द गरेको छ । यो वर्ष रद्द भएका २ मध्ये एक बोलपत्रदातासँग औषधि आपूर्ति गर्न गत वर्ष भएको सम्झौताका शर्तबमोजिम यो वर्षमा पनि गत वर्षकै दरमा रु.१ करोड ४७ लाख ४२ हजारको ६२ आइटम औषधि खरिद भएको पाइयो । साबिकबाट औषधि आपूर्ति गर्दै आएको आपूर्तकले यो वर्षको लागि पेस गरेको बोलपत्रमा उल्लिखित दररेटभन्दा गत वर्षको दररेट बढी भएको देखिन्छ । यसरी गत वर्ष योग्य भएको आपूर्तक यो वर्ष अयोग्य भएको भनी बोलपत्र रद्द गरी गत वर्षको दररेटमा खरिद गरेको कारण ५० आइटम औषधि खरिदमा रु.२८ लाख ४६ हजार वढी मूल्य तिरी औषधि खरिद भएको छ ।

७६. **कर्मचारी काज -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान ऐन, २०६३ को दफा २४(१) मा नेपाल सरकारले नेपाल स्वास्थ्य सेवाका कर्मचारीलाई प्रतिष्ठानको अनुरोधमा प्रतिष्ठानमा काजमा खटाउन सक्ने र काजमा खटिएको कर्मचारीले प्रतिष्ठानका कर्मचारीले पाए सरहको सुविधा पाउने उल्लेख छ । अन्य कार्यालयमा कार्यरत १० चिकित्सक/कर्मचारीलाई काजमा ल्याई २०७२।७३ मा रु.६९ लाख १८ हजार र २०७३।७४ मा १४ चिकित्सक/कर्मचारीलाई रु.७७ लाख ८२ हजारसमेत रु.१ करोड ४७ लाख तलब, भत्ता भुक्तानी दिई खर्च लेखेको छ । प्रतिष्ठानअर्न्तगतका विभाग तथा वार्डमा तहगत र विषयगत आवश्यक जनशक्तिको सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्नेमा त्यसो नगरी काजमा राखी तलव भत्ता र अन्य खर्च लेख्ने गरेको छ । यसवाट पदाधिकार रहेका अस्पताल तथा कार्यालयको सेवा प्रवाहमा समेत असर पर्ने भएकोले आवश्यकताको पहिचान नगरी लामो समयसम्म काजमा राख्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

७७. **तलब खर्च -** स्वास्थ्य मन्त्रालयबाट प्राप्त अनुदान रकम नेपाल सरकारतर्फ स्थायी कर्मचारीको तलब भत्ता एवं सञ्चालन खर्च र स्वीकृत पुँजीगत कार्यमा मात्र खर्च गर्नुपर्ने र प्रतिष्ठानतर्फका स्थायी कर्मचारीको पारिश्रमिक एवं अन्य सुविधा प्रतिष्ठानकै आन्तरिक आयबाट व्यहोर्नुपर्दछ । मन्त्रालयबाट प्राप्त अनुदान रकमबाट प्रतिष्ठानतर्फका कर्मचारीको तलबलगायत सुविधामा २०७२।७३ मा रु.८ करोड ३५ लाख ४८ हजार र २०७३।७४ मा रु.१० करोड ९४ लाख ५७ हजारसमेत रु.१९ करोड ३० लाख ५ हजार खर्च लेखेको छ । उक्त अनुदान रकमबाट प्रतिष्ठानतर्फका कर्मचारीलाई तलब, भत्ता आदि भुक्तानी दिन सम्बन्धित निकायबाट स्वीकृति प्राप्त नगरी खर्च लेखेको समेत नियमसम्मत देखिएन ।

७८. **बजेट फिर्ता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा भएको व्यवस्थाअनुसार आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको रकम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्दछ । अस्पताललाई विभिन्न शिर्षकमा विनियोजित भई खर्च नभएको मध्ये २०७२।७३ मा २ शीर्षकमा रु.१ करोड ११ लाख ४४ हजार र २०७३।७४ मा ३ शीर्षकमा रु.४६ लाख २५ हजार फिर्ता गरेको पाइएन । उक्त रकम सञ्चित कोष दाखिला हुनुपर्दछ ।

७९. **वर्षान्तिमा खर्च -** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार चौमासिक प्रगति देखिने गरी कार्यतालिका बनाई खर्च हुनुपर्दछ । वीर अस्पतालतर्फ विभिन्न ८ कार्यक्रम तथा बजेट उपशीर्षकमा रु.२ अर्ब ५ करोड ६ लाख ४० हजार खर्चमध्ये आषाढ महिनामा ६४.५५ प्रतिशत र आर्थिक वर्षको अन्तिम दिनमा रु.८१ करोड ५६ लाख ९६ हजार (३९.७८ प्रतिशत) खर्च गरेको पाइयो । तसर्थ खर्चमा मितव्ययिता र दक्षता कायम गरी आर्थिक वर्षको अन्त्यमा अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

८०. **चेक अवधि -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १२० मा सरकारी कोषबाट भुक्तानीको निमित्त खिचिएको चेक भुक्तानी अवधि ३० दिनको हुने उल्लेख भएकोमा यस प्रतिष्ठान र अन्तर्गत निकायको कारोबार गर्ने ३ बैङ्कबाट जारी हुने चेकको सटही अवधि ६ महिनासम्म भएको कारण चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको रु.३ करोड ८२ लाख ७१ हजार, वीर अस्पतालको रु.१२ करोड ५९ लाख ८८ हजार र राष्ट्रिय ट्रमा सेन्टरको रु.१ करोड ४७ लाख ८ हजारसमेत कुल रु.१७ करोड ८९ लाख ६७ हजारको चेक आषाढ मसान्तमा जारी गरे तापनि २०७४ भाद्रपछि साटेको पाइयो । नियमावली विपरित चेकको भुक्तानी

अवधि कायम गरेकोले वित्तीय अनुशासन कायम गर्न समस्या परेकोले चेक साट्ने अवधि ३० दिन कायम गर्ने व्यवस्था हुनुपर्दछ ।

राष्ट्रिय ट्रमा सेन्टर

आकस्मिक घटना, दुर्घटना, प्राकृतिक प्रकोप, कुटपिट, चोटपटक आदिबाट घाइते भएका व्यक्ति तथा स्वास्थ्य सेवा पुऱ्याई मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने उद्देश्यले ट्रमा सेन्टरको स्थापना भएको हो । यो वर्ष सेन्टरले रु.६९ करोड ४३ लाख २८ हजार खर्च गरी १ लाख ९९हजार बिरामीलाई सेवा दिएको छ ।

८१. **सी.टी. मेसिन खरिद -** चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताललले एक थान सी.टी. मेसिन खरिद गर्न बोलपत्र आव्हान गरेपछि राष्ट्रिय ट्रमा सेन्टरको लागि थप एक थान समेत दुई थान खरिद गर्ने निर्णय गरी बोलपत्रको सूचना संशोधन गरेको छ । दुई बोलपत्रदाताले प्रतिथान क्रमशः रु.१५ करोड ९५ लाख र रु.२० करोड ४९ लाखका दरले कबोल गरेकोमा बोलपत्र मूल्याङ्कन प्राविधिक समितिले प्रथम घटीवालाले पेस गरेको बोलपत्रमा संशोधित स्पेसिफिकेसनमा उल्लिखितमध्ये विभिन्न १४ विषयमा मेल नखाएको र दोस्रो घटीवालाले पेश गरेको बोलपत्रमा २ वटा बाहेक अन्य विषय मिल्ने देखिएकोले खरिदको लागि सिफारिस गरेअनुसार बढी दररेट कबोल गर्ने बोलपत्रदातासँग खरिद गर्ने निर्णय गरी २०७४।३।२३ मा आशयको सूचना प्रकाशित गरेको देखिन्छ । प्रथम घटीवालाले सार्वजनिक खरिद ऐनको दफा ४७ बमोजिम सार्वजनिक निकायका प्रमुख समक्ष २०७४।३।२८ मा निवेदन दिएकोमा सोको बेवास्ता गरी २०७४।३।३० मा सम्झौता गरी रु.४० करोड ९८ लाखको प्रतीतपत्र खोलेको देखिन्छ । घटीवाला बोलपत्रदाताले पुनः सार्वजनिक खरिद पुनरावलोकन समितिसमक्ष निवेदन दिएकोमा उक्त समितिको निर्णयले खरिद प्रक्रिया रद्द गरेको छ । तत्पश्चात् दोस्रो घटीवाला बोलपत्रदाताले सर्वोच्च अदालतमा पूनरावेदन गरेकोमा अदालतबाट खरिद पुनरावलोकन समितिको निर्णय कार्यान्वयन नगरी यथास्थितीमा राख्नु भनी अल्पकालीन आदेश दिएको देखिन्छ । मुद्दाको टुङ्गो लागि नसकेको अवस्थामा राष्ट्रिय ट्रमा सेन्टरले मेसिन प्राप्त भएको जनाई २०७४।१०।२९ मा सम्बन्धित बैङ्कलाई सम्झौताअनुसार ७० प्रतिशतले हुने एक थानको रु.१४ करोड ३४ लाख भुक्तानी दिन आदेश दिएको छ । यसप्रकार मुद्दाको अन्तिम किनारा नलगाई भुक्तानी दिनु नियमसम्मत देखिँदैन ।

८२. **धरौटीबाट खर्च -** राष्ट्रिय ट्रमा सेन्टरले धरौटीको छुट्टै बैङ्क खाता राखेको छैन । आन्तरिक आम्दानी, आन्तरिक व्यय, स्वास्थ्य सेवा विस्तार (ई.एच.एस) र धरौटीसमेतको एउटै बैङ्क खाता राखेको र धरौटी रहेको रकमबाट आन्तरिकतर्फ सापटी जनाई रु.९८ लाख ४१ हजार खर्च गरेकोमा लेखापरीक्षणको अवधि २०७४ फागुन मसान्तसम्म धरौटी खातालाई शोधभर्ना दिएको छैन । उक्त धरौटीको व्यक्तिगत अभिलेखसमेत राखेको छैन । धरौटी रकम खर्च गर्ने पदाधिकारीउपर आवश्यक कारबाही गरी उक्त धरौटी रकमको छुट्टै खाता खोली शोधभर्ना हुनुपर्ने र धरौटी रकमको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गर्नुपर्दछ ।

८३. **औषधि उपचार खर्च -** राष्ट्रिय ट्रमा सेन्टरमा कार्यरत सम्पूर्ण स्थायी कर्मचारी स्वास्थ्य सेवा तथा निजामती सेवाका कर्मचारी रहेकोले निजहरुले पाउने औषधि उपचार रकम सम्बन्धित सेवाको ऐन, नियमावलीमा छुट्टै व्यवस्था छ । चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान कार्यकारी परिषद्को १०२ औँ बैठकबाट राष्ट्रिय ट्रमा सेन्टरका कर्मचारीलाई उपचार खर्चबापत राजपत्राङ्कितलाई प्रत्येक वर्ष १ महिनाको र राजपत्र अनङ्कितलाई १.५ महिनाको तलब बराबरको रकम प्रदान गर्ने निर्णय भएअनुसार यो वर्ष २०७ कर्मचारीलाई रु.५० लाख ३२ हजार भुक्तानी दिएको छ । प्रचलित नियम विपरित निर्णय गरी औषधि उपचार खर्च भुक्तानी दिन मिल्ने देखिँदैन । अतः यस प्रकारको खर्च नियन्त्रण गर्नुपर्दछ ।

८४. **नपाउने खर्च -** मासिक ज्यालादारीमा नियुक्त कर्मचारीलाई मासिक ज्यालाको अतिरिक्त अन्य सुविधा दिन मिल्ने कानूनी व्यवस्था नरहेको र करारमा नियुक्त कर्मचारीलाई करार सम्झौतामा उल्लेख नभएको सुविधा दिन मिल्दैन । राष्ट्रिय ट्रमा सेन्टरले मासिक ज्यालादारीमा कार्यरत ४ कर्मचारीलाई ज्यालाको ५० प्रतिशतले हुने भत्ता, १.५ महिनाको औषधि उपचार खर्च, दशैं खर्च र लुगा भत्तासमेत रु.८ लाख १८ हजार, मासिक ज्यालादारीमा कार्यरत न्यूनतम ३२ देखि ५९ जनासम्म कर्मचारीलाई प्रतिमहिना रु.१ हजारका दरले भत्ता रु.५ लाख १ हजार र करारमा नियुक्त एक लेखापाललाई करार सम्झौता विपरीत सम्परीक्षणमा सहयोग गरेको भनी एकमुष्ट रु.२ लाख ५० हजारसमेत रु.१५ लाख ६९ हजार भुक्तानी दिएको छ । नियम तथा

सम्झौता विपरीत भुक्तानी दिएको उक्त रकम असुल गरी खर्च लेख्ने जिम्मेवार पदाधिकारीलाई कारबाही हुनुपर्दछ ।

बी.पी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान

नेपाललाई स्वास्थ्य क्षेत्रमा आत्मनिर्भर बनाउँदै लैजाने, सर्वसाधारण जनतालाई स्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने, स्वास्थ्यसम्बन्धी उच्चस्तरीय अध्ययन र अनुसन्धानको लागि आवश्यक जनशक्ति तयार गर्न यस प्रतिष्ठानको स्थापना भई सञ्चालन हुँदै आएको छ । यो वर्ष अस्पतालले ७ लाख ५ हजार ७२३ बिरामीलाई सेवा दिएको देखिन्छ ।

८५. **शैक्षिक गतिविधि -** प्रतिष्ठानमा एम.बी.बी.एस.मा २०१५ को तुलनामा ४८ विद्यार्थी घटाई २०१७ मा १०० कोटा कायम गरेको छ । त्यस्तै बी.डी.एस.मा २०१५ को तुलनामा १० विद्यार्थी घटाई २०१७ मा ५० कोटा कायम गरेको छ । यसरी कोटा घटाउनुको कारण उल्लेख गरेको छैन । पूर्ण क्षमतामा प्रतिष्ठानको शैक्षिक क्रियाकलाप सञ्चालन नहुँदा उच्च तहको जनशक्ति उत्पादन गर्ने उद्देश्यमा समेत प्रभाव पर्ने स्थिति छ । क्षमताअनुसार नेपाली र विदेशी गरी ५८ विद्यार्थीलाई अध्ययन गराउन नपाउँदा वार्षिक रु.३१ करोडले आम्दानी घटेको छ ।

प्रतिष्ठानमा २९६ चिकित्सक एवं प्राध्यापक कार्यरत छन् । विद्यार्थी संख्या एम.बी.बी.एस.मा ३२ र बी.डी.एस.मा १७ प्रतिशतले घटाएको अवस्थामा पनि अध्ययन गराउने प्राध्यापक अन्य सहयोगी कर्मचारी लगायतको ओभरहेड खर्चमा कमी आएको छैन । फलस्वरुप प्रतिविद्यार्थी लागत बढेको छ । यस प्रतिष्ठानको शैक्षिक तथा स्वास्थ्य सेवासम्बन्धी क्रियाकलापलाई पूर्ण क्षमतामा सञ्चालन गर्न विद्यार्थी संख्या घटाउने निर्णयको पुनरावलोकन हुनपर्दछ । प्रतिष्ठानको दिगोपनलाई कायम राख्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

८६. **कोष -** प्रतिष्ठान ऐनको दफा १४ मा प्रतिष्ठानलाई प्राप्त सबै प्रकारको रकम मूलकोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । प्रतिष्ठानले यो वर्ष विभिन्न कोषमा रु.६ करोड ७१ लाख १ हजार आम्दानी भएकोमा रु.६ करोड ६३ लाख २ हजार खर्च भई रु.७ लाख ९९ हजार बाँकी रहेको पाइयो । सबै प्रकारका रकम मूलकोषमा आम्दानी गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

८७. **उत्पादनमूलक लगानी -** प्रतिष्ठानले २०५८।५९ मा एक फर्मास्यूटिकल्समा रु.४ करोड ४० लाख लगानी गरेको देखिन्छ । उक्त लगानीबाट प्रतिष्ठानलाई हालसम्म कुनै प्रतिफल प्राप्त भएको छैन । प्रतिफल प्राप्त नभएको अवस्थामा पुनः रु.९३ लाख ३८ हजार उपलब्ध गराएकोमा उक्त रकम लगानीमा देखाएको छैन । प्रतिष्ठानले समुचित प्रतिफललाई ध्यान दिई लगानी गर्नुपर्दछ ।

८८. **अस्पताल भवन निर्माण -** प्रतिष्ठानको हाताभित्र ४०० शय्याको प्रसूति तथा शिशु स्याहार उपचार केन्द्र भवन र ३८ युनिट पोष्ट ग्राजुएट छात्रावास निर्माण गर्न रु.२ अर्ब १७ करोड ९७ लाख ९८ हजारको लागतमा तीन वर्षभित्र निर्माण गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७३।३।२८ मा ठेक्का सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार छन्:

८८.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ बमोजिम बोलपत्रसम्बन्धी कागजात तयार गरी स्वीकृत गर्नुपर्ने, बोलपत्रका शर्तमा संशोधन गर्दा दफा १६(२) बमोजिम बोलपत्रदाताले बोलपत्र तयारी गर्न पर्याप्त समय पाउनुपर्ने र बोलपत्रका प्रावधान सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको स्ट्याण्ड्र्ड बिडिङ डकुमेन्ट अनुकूल हुने गरी तयार गर्नुपर्दछ । बोलपत्र आह्वान भएको ७ दिन पश्चात् औचित्य र उपयुक्त कारणबेगर निर्माण कार्यको ७७७ आइटम छुट भएको भनी बोलपत्रसम्बन्धी कागजातमा संशोधन गरेको र बोलपत्र दाखिला गर्ने अन्तिम मितिभन्दा चार दिन अगाडि मूल्य समायोजनको प्रावधान संशोधन गरेको पाइयो । प्रचलित ऐन नियमको पालना गरी बोलपत्र तयारी तथा संशोधन गर्नुपर्दछ ।

८८.२. संयुक्त उपक्रमका एक निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको भाग २(७) मा रेनफोर्समेण्टअन्तर्गत स्पेसिफिकेसनमा उल्लिखित चियर्स परिमाणको नापी गर्न नपाउनेमा सो परिमाण नापी गरी दोस्रो रनिङ बिलसम्म ३०.६२ मेट्रिकटन फलामे छडको रु.३३ लाख २९ हजार भुक्तानी भएकोले सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ ।

८९. **सटही नोक्सानी -** आपूर्तकसँग भएको खरिद सम्झौताको शर्त नं.४ मा प्रतीतपत्र संशोधन गर्ने अवस्था आदिबाट हुन गएको ढिलाइका कारण विदेशी मुद्राको सटहीमा नोक्सानी भएमा आपूर्तकले सो नोक्सानी व्यहोर्नुपर्ने व्यवस्था छ । मेसिनरी, उपकरण खरिद गर्न खोलिएको प्रतीतपत्रको म्याद पटक पटक थप गरेको कारण भुक्तानी भएको दिनको सटही दर बढी भई रु.३५ लाख ४१ हजार बढी भुक्तानी भएको छ । सम्झौता विपरीत भुक्तानी भएको रकम सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ ।

९०. **बोलपत्रको शर्त** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन कुनै किसिमले बाधा पुऱ्याउने वा औचित्य बिना प्रतिस्पर्धालाई सीमित गर्ने गरी शब्दावली उल्लेख गर्न नसकिने उल्लेख छ । तर हिटर कुलर मेसिन विथ एडल्ट र पेड्रियाट्रिक ब्याल्ङ्केटको स्पेसिफिकेसन तयार गरी अन्तर्राष्ट्रिय बोलपत्र आह्वान भएकोमा यस्तो किसिमको उत्पादन नेपालमा आपूर्ति गरेको आधुनिक मोडलको हुनुपर्ने भनी उल्लेख गरेको छ । उक्त सामान खरिदका लागि रु.१ करोड ९८ लाख ९४ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र हुँदा एक इन्टरप्राइजेजको मात्र बोलपत्र पेस भई युरो १ लाख २८ हजार २१५.०३ (रु.१ करोड ५६ लाख ३४ हजार) भुक्तानी भएको छ । बोलपत्र कागजातमा प्रतिस्पर्धा सीमित हुने गरी शर्त राखेकोले प्रतिस्पर्धा हुन सकेको देखिएन । खरिद ऐनबमोजिम प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गर्नेतर्फ प्रतिष्ठानले ध्यान दिनुपर्दछ ।

९१. **आयकर दाखिला** - आयकर ऐन, २०५८ को दफा ९० अनुसार कट्टी भएको रकम महिना समाप्त भएको १५ दिनभित्र दाखिला गर्नुपर्नेमा प्रतिष्ठानले गत वर्ष कट्टा गरेको अग्रिम कर रु.४६ लाख ४ हजार दाखिला गरेको छैन । त्यस्तै प्रतिष्ठानमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको पारिश्रमिक कर गणना गरी २५ प्रतिशतसम्म कट्टा गरेको भए पनि सोभन्दा बढी कर लाग्ने १८ जनाको कर रु.२४ लाख १० हजार कट्टा नगरेकोले असुल गर्नुपर्दछ ।

कान्ति बाल अस्पताल

स्वास्थ्य मन्त्रालयअन्तर्गत बालबालिकाहरुको एकमात्र केन्द्रीय रिफरल अस्पतालको रुपमा सञ्चालित कान्ति बाल अस्पताल केन्द्रीय बाल अस्पतालको रुपमा सञ्चालन हुदै आएको छ । अस्पतालले ३३८ शय्याको विशेषज्ञ सेवा सञ्चालन गरी यो वर्ष १ लाख ८८ हजार ४२० बिरामीलाई सेवा दिएको छ ।

९२. **दिगो सञ्चालन -** अस्पतालको आन्तरिक आय गत वर्षको जिम्मेवारीसमेत रु.११ करोड ८६ लाख ५७ हजार भए तापनि जिम्मेवारी र सापटी घटाउँदा यो वर्षको खुद आम्दानी रु.९ करोड ३ लाख ५८ हजार रहेको छ । यो वर्ष रु.९ करोड ९९ लाख १७ हजार खर्च भएकोले आम्दानीभन्दा रु.९५ लाख ५९ हजार खर्च बढी देखिएको छ । नेपाल सरकारको अनुदानबेगर अस्पताल दिगो रुपमा सञ्चालन हुने अवस्था देखिँदैन । अस्पतालले वित्तीय अवस्था सुधार गर्न आय वृद्धि र खर्च नियन्त्रणसम्बन्धी नीति तथा कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

९३. **सञ्चितकोष दाखिला -** आई.सी.यू. सञ्चालनको लागि विनियोजित रु.७७ लाखबाट अस्पताल विकास समितितर्फका स्थायी, करार तथा ज्यालादारी कर्मचारीलाई तलब खर्च भुक्तानी गर्न सापटी जनाई खर्च लेखेको देखियो । स्वीकृत कार्यक्रमविपरीत तलबमा खर्च लेखेको रकम फिर्ता गरी सञ्चितकोष दाखिला गर्नुपर्नेमा रु.५ लाख २८ हजारमात्र दाखिला भएकोले बाँकी रु.७१ लाख ७२ हजार सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

९४. **सम्पत्तिको उपयोग -** अस्पतालले स्वामित्वमा भएका सम्पत्तिको उपयोग गरी आयवृद्धि र सेवा प्रवाहमा सुधार गर्नुपर्दछ । अस्पतालसँगै रहेको जग्गा ९३ रोपनीमध्ये ५० रोपनी र १ लाख लिटर क्षमताको ओभरहेड पानी टैंकी उपयोगमा रहेको देखिएन । त्यस्तै अस्पतालले विगत वर्षमा सटर भाडाबाट वार्षिक रु.७८ लाख ११ हजार आम्दानी गरेकोमा २०७२ असोजदेखि सटर खाली भई आम्दानी भएको छैन । अस्पतालले आयवृद्धिका लागि सम्पत्तिको उचित प्रयोग र संवर्द्धनमा ध्यान दिनुपर्दछ ।

९५. **असम्बन्धित खर्च** - अस्पताल फार्मेसी सेवा निर्देशिका, २०७२ को बुँदा नं. १५ मा अस्पताल फार्मेसीको अलग्गै खाता हुने, दैनिक बिक्रीबाट प्राप्त रकम उक्त खातामा दाखिला गर्नुपर्ने र फार्मेसीमा काम गर्ने करारका कर्मचारीको तलब भत्तालगायतको खर्च उक्त खाताबाट व्यहोरिने उल्लेख भएकोमा अस्पताल विकास समितिका कर्मचारीलाई फार्मेसी सञ्चालनको कोषबाट तलब सापटी जनाई रु.८८ लाख ८५ हजार खर्च

लेखेको देखियो । निश्चित उद्देश्यको लागि स्थापित यसप्रकारको कोषबाट विकास समितिका कर्मचारीको तलब भत्तामा खर्च लेख्न नमिल्ने हुँदा उक्त सापटी फिर्ता दाखिला गर्नुपर्दछ ।

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर

क्यान्सर रोगको रोकथाम, रोग निदान, उपचारको लागि उच्चस्तरीय सेवा प्रदान गरी मानवोचित जीवनयापन गर्न सक्षम तुल्याउने एवं क्यान्सर रोगको अनुसन्धान गरी आवश्यक जनशक्तिसमेत तयार गर्ने अस्पतालको उद्देश्य रहेको छ । यो वर्ष अस्पतालले रु.४६ करोड ९५ लाख खर्च गरी १ लाख २१ हजार १३५ जना बिरामीलाई सेवा पुऱ्याएको देखिन्छ ।

९६. **सेवा प्रवाह -** अस्पतालले उपलब्ध गराउने थेरापीको लागि ३ महिनाभन्दा बढी समयसम्म पालो कुर्नुपर्ने अवस्था रहेको छ । सेवा प्रवाहमा प्रयोग हुने आधुनिक लिन्याक मेसिन १ थान खरिद प्रक्रियामा नै रहेको छ । स्थापना अवधिका मेसिनहरु क्रमिक रुपमा विस्थापन गरी आधुनिक मेसिनबाट सेवा प्रवाह गर्नुपर्नेमा पुराना मेसिनबाटै सेवा प्रवाह गरेको छ । यसैगरी क्यान्सरको विभिन्न चरणको पहिचानको लागि अति आवश्यक पेट स्क्यान मेसिन खरिद गर्न विगतमा बजेट व्यवस्था भएकोमा यो वर्ष पनि मेसिन खरिद हुन नसकेकाले सेवा प्रभावित भएको छ ।

९७. **बैङ्क मौज्दात व्यवस्थापन -** अस्पतालका खाता कार्यसञ्चालन समितिले तोकेको बैङ्कमा रहने व्यवस्था छ । अस्पतालको सञ्चित रकम रु.९ करोड २ लाख २३ हजार नेपाल राष्ट्र बैङ्कबाट संकटग्रस्त घोषित नारायणी विकास बैङ्कको मुद्दति खातामा रहेकोले उक्त रकम जोखिममा परेको छ । उक्त बैङ्कबाट यथाशीघ्र साँवा तथा ब्याज प्राप्त गरी 'क' वर्गको वाणिज्य बैङ्कमा जम्मा गर्नुपर्दछ ।

भरतपुर अस्पताल

जनतालाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले स्थापित यस अस्पतालले बहिरङ, आकस्मिक, अन्तरङ्ग, ए.आर.टी., पी.एम.टी.सी.टी., सुरक्षित मातृत्व तथा परिवार नियोजन सेवा प्रदान गर्दै आएको छ ।

९८. **जग्गा उपयोग -** सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को बुँदा १४ (२) मा लिज रकम निर्धारण गर्दा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको चालु वर्षको न्यूनतम मूल्याङ्कनको आधारमा गरिने व्यवस्था छ । मालपोत कार्यालय, चितवनको न्यूनतम मूल्याङ्कन पुस्तिकाअनुसार मेडिकल मार्गमा रहेको कलेज अफ मेडिकल साइन्सको ९ बिगाहा जग्गाको प्रतिकट्ठा रु.३१ लाखले रु.५६ करोड २५ लाखको १ प्रतिशतले रु.५६ लाख २५ हजार, नेपाल नेत्रज्योति संघअन्तर्गत सञ्चालित भरतपुर आँखा अस्पताललाई ४ बिगाह जग्गा भोगाधिकारको रुपमा प्रयोग गर्न दिएकोमा ४ बिगाहाको प्रतिकठ्ठा रु.३१ लाख २५ हजारले रु.२५ करोडको १ प्रतिशतले हुने रु.२५ लाख तथा कलेज अफ मेडिकल साइन्ससँग भएको सम्झौताको शर्तअनुसार प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि गर्ने व्यवस्थाबमोजिम लिज रकममा १० प्रतिशतले वृद्धि गर्दा हुने रु.१६ लाख ६८ हजारसमेत रु.९७ लाख ९३ हजार बाँकी रकमको ब्याजसहित असुल हुनुपर्दछ ।

९९. **सटर भाडा** - साझा स्वास्थ्य सेवाले बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरलाई बिक्री रकमको ९ प्रतिशत भाडा भुक्तानी गर्ने गरी सम्झौता गरेकोमा यस अस्पतालले गत विगत वर्षदेखि नै २ प्रतिशत मात्र भाडा असुल गरेको र बिक्री रकमसमेत यकिन नभएकोले क्यान्सर अस्पतालको तुलनामा यस अस्पताललाई ७ प्रतिशतले हुने रु.१ करोड ५८ लाख ५० हजार नोक्सानी भएको छ । भाडा रकम वृद्धि गर्नेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

कोशी अञ्चल अस्पताल

यस अस्पतालले आकस्मिक सेवा, अन्तरङ्ग सेवा, बहिरङ्ग सेवा, डायलासिस सेवा, प्रसूति सेवा, बाल स्वास्थ्य सेवा, एन.आई.सी.यू., क्यान्सर उपचार सेवा, पोषण कार्यक्रमलगायत २२ प्रकारको सेवा उपलब्ध गराउँदै आएको छ । यो वर्ष रु.४१ करोड ३० लाख खर्च गरी २ लाख २७ हजार २८३ जनालाई सेवा प्रदान गरेको छ ।

१००. **राशन व्यवस्था -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८८ मा राशन दरबन्दीअनुसार प्रत्येक वर्षको लागि चाहिने राशनको लागत अनुमान तयार गर्ने व्यवस्था रहेको छ । अस्पतालले २०७४ पौष

मसान्तसम्मको रु.५९ लाख ९१ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र गरेकोमा रु ५९ लाख ६० हजार कबोल गर्ने एक ट्रेड सेन्टरसँग सम्झौता भएकोमा आपूर्तिकर्ताले सम्झौता भएका ९ आइटममध्ये नियमित आपूर्ति हुने लागत अनुमानको तुलनामा ६० प्रतिशत बढी कबोल गरेको आइटम फूल डाइट नियमित रुपमा माग गरी आपूर्ति भएको तर रु.१ कबोल गरेको ३ आइटमलगायत कम कबोल गरेका ४ आइटम आपूर्ति गरेको देखिएन । बढी कबोल भएको आइटम फूलडाइट नै माग गरेको देखिएको छ । एक वर्ष अवधिको लागि रु.५९ लाख ६० हजारको सम्झौता भएकोमा ६ महिना (२०७३ माघदेखि २०७४ आषाढ) को रु.६४ लाख ७९ हजार (१०८.७०८ प्रतिशत) भुक्तानी भएको छ । जसको कारण बाँकी ६ महिनाको अवधिमा निज आपूर्तकलाई सम्झौता भन्दा दोब्बर रकम भुक्तानी दिनुपर्ने स्थिति छ । खरिद सम्झौता गर्दा आइटम दरका कारण पर्ने असर मूल्याङ्कन गरेको देखिएन । तसर्थ वर्ष दिनमा एक पटक पनि आवश्यक नपर्ने किसिमका डाइट समावेश गरी खरिद सम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

स्वास्थ्य अनुसन्धान परिषद्

स्वास्थ्यसम्बन्धी विषयमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद् २०४७ मा स्थापना गरिएको हो । स्वास्थ्य क्षेत्रमा देखापरेको तथा भविष्यमा देखापर्न सक्ने समस्याको सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने, स्वास्थ्य सेवा समयानुकूल र प्रभावकारी बनाउन नेपाल सरकारलाई राय सुझाव दिने परिषद्को उद्देश्य रहेको छ ।

१०१. **अनुसन्धान नतिजा -** परिषद्बाट प्राप्त विवरणमा सन् २०१४ देखि यो वर्षसम्म १९ विषयमा अनुसन्धान गरेको र ती अनुसन्धानबाट देखिएका नतिजाको कार्यान्वयन भए/नभएको सम्बन्धमा परिषद्सँग कुनै अभिलेख रहेको पाइएन । विगत ३ वर्षमा परिषद्मा रु.१५ करोड ६४ लाख खर्च भएको छ । प्रत्येक वर्ष अनुसन्धानका नाममा रकम खर्च गर्दै जाने तर कार्यान्वयन नहुने अवस्था उपयुक्त देखिएन । उदाहरणका लागि परिषद्बाट अनुसन्धान गरेको विषय देहायअनुसार छन्:

अनुसन्धानको विषय	अनुसन्धानबाट देखिएको	निदानको लागि गरिएको सिफारिस
नेपालमा स्क्रवटारफस रोगको महामारी २०१७	८३१ जनालाई Drieutia Tsutugamusi रोग लागेको	आवश्यक शर्तकता योजना र उन्मुलन गर्नुपर्ने ।
नसर्ने रोगहरुबाट हुने जोखिम बेसलाइन रिर्पोट २०१५	२ जिल्लामा अनुसन्धान गरेको मध्ये धनकुटामा रक्तचापको कारण २७.३ मधुमहेको कारण २४.३ प्रतिशत, कोल्स्ट्रोल ११.६ प्रतिशत रहेको	खानपान, आनीवानीमा परिवर्तन गर्नुपर्ने ।
इलाम जिल्लामा बढी आत्महत्या हुने कारण	४.५ भावनामा बाहिएर, ५ प्रतिशत निरासा	जीवनबारे जनचेतनामूलक कार्यक्रम ल्याउनुपर्ने ।
स्वास्थ्य हेरचाहमा औषधि सेवन तथा सिफारिस र गुणस्तर	औषधि ६०.६७ प्रतिशत जेनेरिक नामबाट सिफारिस गर्ने गरेको र कम गुणस्तरका औषधि रहेको	नियमित अनुगमन गर्ने र मूल्य तथा सिफारिसमा एकरुपता हुनुपर्ने ।
तरकारीमा विषादीको प्रयोग	देशमा ५३ प्रतिशत कृषकले विषादी प्रयोग निर्देशिका पालना नगरेको र ८३ प्रतिशतले विषादी बालबालिकाको पहुँचमा राखेको कारण दीर्घकालीन नसासम्बन्धी समस्या देखिएको	विषादी प्रयोग संयन्त्रलाई कडा रुपमा लागू गर्ने ।
काठमाडौं उपत्यकामा वायु प्रदूषणको असर र श्वास प्रश्वासमा देखिएको असर	वायु प्रदूषणको मात्रा (PH २.५) ५७.६ प्रतिशत NO2 (५६.४ प्रतिशत) दिनानुदिन बढ्दो क्रममा रहेको	प्रदूषणले वायुमण्डलमा पारेको तथा पर्न जाने असरलाई घटाउन नियमित अनुगमन गरी आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

अनुसन्धानबाट भएको खर्चको उपादेयता पुष्टि हुने ढङ्गबाट अनुसन्धान कार्य तथा नतिजा कार्यान्वयन हुनुपर्दछ ।

सिंहदरबार वैद्यखाना विकास समिति

प्राकृतिक स्रोतहरुको अधिकतम प्रयोग गर्दै प्रभावकारी र गुणस्तरयुक्त तथा सुरक्षित शास्त्रीय विधिबाट औषधि निर्माण गर्ने, उचित मूल्यमा गुणस्तरयुक्त आयुर्वेदिक औषधिको उत्पादन गरी राष्ट्रिय एंव अन्तर्राष्ट्रियस्तरमा बिक्री वितरण र प्रचार प्रसार गर्ने उद्देश्यले यो समिति स्थापना भई सञ्चालन हुँदै आएको छ ।

१०२. **उत्पादन तथा बिक्री** - समितिबाट २०७२।७३ मा ३३ हजार ५९५ के.जी. उत्पादन गर्ने लक्ष्य रहेकोमा ८ हजार २२४ के.जी./लिटर उत्पादन भएको र २०७३।७४ मा ५५ हजार ५८३ उत्पादन गर्ने लक्ष्य रहेकोमा २८ हजार ४७६ के.जी./लिटर औषधि उत्पादन भएकोले लक्ष्यको तुलनामा प्रगति न्यून देखिएको छ । समितिबाट प्राप्त विवरणअनुसार १५ किसिमका औषधिको बिक्री लक्ष्यको तुलनामा २०७२।७३ मा ३३.३४ तथा २०७३।७४ मा ४७.३३ प्रतिशत भएको पाइयो । समितिबाट उत्पादित केही औषधिको बढ्दो बजार मागलाई ध्यान दिई उत्पादन र बिक्री वितरणको उचित व्यवस्थापन हुनुपर्ने देखिन्छ ।

१०३. **मेसिनरी औजारको उपयोग -** समितिमा सञ्चालनमा ल्याउन सकिने अवस्थामा रहेका रु.९० लाख ५३ हजार मूल्यका १३ तथा मर्मत गरी सञ्चालनमा ल्याउन सकिने रु.५६ लाख ३९ हजार मूल्यका १५ मेसिन उपयोग नगरी भण्डारण गरेको छ । उपयोग नहुने मेसिन खरिद गरी सरकारी सम्पत्तिको दुरुपयोग गर्ने माथि आवश्यक कारबाही गरी यसप्रकारका खरिद कार्यमा नियन्त्रण गर्नुपर्दछ । मर्मत सम्भार गर्दा प्रयोग गर्न सकिने मेसिन तदनुसार मर्मत सम्भार गर्नुपर्दछ ।

अन्य अस्पतालहरु

१०४. **ऐनको व्यवस्थाविपरीत भत्ता** - कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८ को दफा ४३ मा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने गरी नियम बनाउँदा नेपाल सरकारको स्वीकृत लिनुपर्ने व्यवस्था छ । प्रतिष्ठानले पिछडिएको क्षेत्र भत्ता ९० प्रतिशत, प्रतिष्ठान भत्ता ५० प्रतिशत, नन्प्राक्टिस भत्ता ९० प्रतिशत दिने गरी कर्मचारीको पारिश्रमिक र सुविधासम्बन्धी नियमावली, २०६९ स्वीकृत गर्दा नेपाल सरकारको स्वीकृति लिएको पाइएन । त्यस प्रकारको स्वीकृतिबेगर प्रतिष्ठानले बनाएको नियमावलीको व्यवस्थाअनुसार यो वर्ष १०९ कर्मचारी तथा शिक्षकलाई रु.५ करोड ३२ लाख ७३ हजार भुक्तानी भएको छ । ऐनको व्यवस्थाबमोजिम थप आर्थिक भार पर्ने विषयमा नेपाल सरकारको स्वीकृत लिनुपर्दछ ।

१०५. **रकम दाखिला** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३ मा प्राप्त भएको नगद सोही दिन वा भोलिपल्ट दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्षको आम्दानीमध्ये सर्लाही अस्पतालले रु.९ लाख ३१ हजार, ईनरुवा अस्पतालले रु.१ लाख ९९ हजार, जिल्ला अस्पताल धादिङले गत वर्षको समेत रु.३ लाख २८ हजार र पोखरिया अस्पताल पर्साले रु.२ लाख २३ हजारसमेत रु.१६ लाख ८१ हजार आम्दानी बैङ्क दाखिला गरेको छैन । यस सम्बन्धमा सोही ऐनको दफा १३(४) बमोजिम जिम्मेवार व्यक्तिलाई कारबाही गरी २५ प्रतिशत जरिबाना रु.४ लाख २० हजारसमेत रु.२१ लाख १ हजार असुल गर्नुपर्दछ ।

१०६. **उठ्न बाँकी भाडा -** अस्पतालले सम्झौताबमोजिमको भाडा महसुल तोकिएको म्यादभित्र असुल गर्नुपर्दछ । कान्ति बाल अस्पतालले एक होटलको क्यान्टिन भाडा रु.१६ लाख ५० हजार र सपिङ कम्प्लेक्स सञ्चालक एक फार्मेसीको बक्यौता, हर्जना र विद्युत महसुल रु.८४ लाख ९० हजारसमेत रु.१ करोड १ लाख ४० हजार, बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले १२ व्यक्ति तथा फर्मको उठ्न बाँकी भाडा रु.३३ लाख १२ हजार, भीम अस्पताल भैरहवाले रु.४६ लाख ३३ हजार, लुम्बिनी अञ्चल अस्पतालले रु.२६ लाख १३ हजार, जनकपुर अञ्चल अस्पतालले रु.१० लाख २१ हजारसमेत ५ अस्पतालले बहाल सम्झौताबमोजिमको रकम रु.२ करोड १७ लाख १९ हजार तोकेको अवधिमा असुल गरेको पाइएन ।

अस्पतालको आन्तरिक आम्दानीले समितितर्फका कर्मचारीको तलब भत्तासमेत व्यहोर्न नसकेको स्थितिमा सम्झौताका शर्तबमोजिमको रकम असुल नगरेकोले अस्पतालको व्यवस्थापन दक्षतापूर्वक सञ्चालन भएको देखिएन । तसर्थ तोकिएको मासिक भाडा र जरिबाना रकम असुल गर्नुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा समावेश भएका मध्ये सार्वजनिक लेखा समितिबाट २०६४।४।१७ मा लेखा स्रेस्ता पेस गरी बक्यौता लेखापरीक्षण गराउने, अग्रिम आयकर कट्टा नगरेको सम्बन्धमा असुल गरी सम्परीक्षण

गराउने र आइन्दा अग्रिम रुपमा कर कट्टा गरेर मात्र भुक्तानी दिने, म्याद नाघेका पेस्की सुदसहित असुल गरी सम्परीक्षण गराउने निर्देशन दिए तापनि लेखा समितिबाट भएको निर्णय कार्यान्वयन भएको पाइएन ।

यस्तै खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना नवनाई खरिद गरेको, खरिद योजना भए पनि सो अनुसार खरिद नगरेको, दरबन्दीअनुसार पदपूर्ति नभएको, तेस्रो चौमासिक तथा आषाढ महिनामा बढी खर्च गरेको, विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्डअनुसार मेडिकल अडिट नगराएको, अस्पताल विकास समितितर्फको कार्य सञ्चालन कोष र विविध खातातर्फको आय व्यय समावेश गरी केन्द्रीय आर्थिक विवरण तयार नगरेको व्यहोरा औँल्याइएकोमा स्थिति यथावत् छ । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति -** यो वर्ष मन्त्रालय र मातहतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छ:

  - सरकारी कार्यालयतर्फ १५४ निकायमा रु.२ अर्ब ६९ करोड ११ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३९ निकायले रु.४ करोड ८९ लाख ७४ हजार फछ्यौंट गरेकोले रु.२ अर्ब ६४ करोड २२ लाख ६ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रु.१ अर्ब १९ करोड १९ लाख २९ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।
  - संगठित संस्था, अन्य संस्था र समिति १२४ तर्फ रु.३ अर्ब ७७ करोड २२ लाख २९ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि १४ निकायले रु.६ करोड ४६ लाख १८ हजार फछ्यौंट गरेकोले रु.३ अर्ब ७० करोड ७६ लाख १० हजार बाँकी रहेको छ । सोमध्ये रु.२ अर्ब ३२ करोड ६६ लाख ३७ हजार पेस्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।

राष्ट्रिय योजना आयोगको सचिवालय

देशको विकास योजना तथा नीति तर्जुमामा सल्लाह दिने प्रमुख निकायको रुपमा रहेको राष्ट्रिय योजना आयोग वि.सं. २०१३ मा स्थापना भै राष्ट्रिय योजना आयोग गठन तथा सञ्चालन आदेश, २०७२ बमोजिम सञ्चालन हुँदै आएको छ । आयोगसमेत ३६ निकायबाट सेवा प्रवाह हुँदै आएको छ ।

आयोग र मातहत निकायको यो वर्ष विनियोजन रु.७६ करोड ८६ लाख ८६ हजार, राजस्व रु.३० लाख ५८ हजार, धरौटी रु.१ करोड २३ लाख ७ हजार र अन्य कारोबार रु.१ करोड १८ लाख ४७ हजारसमेत रु.७९ करोड ५८ लाख ९८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **समग्र प्रगति स्थिति -** आयोगले तयार गरेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकसम्बन्धी प्रतिवेदनअनुसार २०७३।७४ मा सञ्चालित ४८४ आयोजनामध्ये पहिलो, दोस्रो र तेस्रो प्राथमिकतामा क्रमश: ३५३, ११३ र १८ आयोजना रहेको देखिन्छ । पहिलो प्राथमिकतामा रहेका ३५३ आयोजनाको भौतिक प्रगति देहायवमोजिम रहेको उल्लेख छ:

विवरण	भौतिक प्रगति				
	८० प्रतिशत भन्दा बढी	५० देखि ७९ प्रतिशतसम्म	५० प्रतिशत भन्दा कम	प्रगति विवरण पेस नभएका	जम्मा
संख्यामा	२३८	६७	३५	१३	३५३
प्रतिशतमा	६७.४	१९.०	९.९	३.७	१००

प्रथम प्राथमिकतामा परी बजेट सुनिश्चितता भएका आयोजनामध्ये ६७.४ प्रतिशतले ८० प्रतिशतभन्दा बढी प्रगति हाँसिल गरेको भए तापनि १९ प्रतिशतले ५० देखि ७९ प्रतिशत र १० ले ५० प्रतिशतभन्दा कम प्रगति गरेको पाइयो ।

२. **राष्ट्रिय गौरवका आयोजना -** सिँचाइ, सडक, विमानस्थल लगायतका पूर्वाधारसम्बन्धी आयोजनामा वन/निकुञ्जक्षेत्रको प्रवेशमा असहजता, गिट्टी, ढुङ्गा, बालुवा आपूर्तिमा असहजता, नहर/सडक रेखाङ्कनमा विवाद, जग्गा प्राप्तिमा विवाद, ठेक्का व्यवस्थापनमा कमजोरी, विदेशी मुद्रा भुक्तानीमा ढिलाइ आदि समस्या रहेका छन् । भविष्यमा निर्माण हुने जलाशययुक्त जलविद्युत आयोजना जस्तै सुनकोशी, सप्तकोशीलगायत अन्य आयोजनाबाट डुवानमा पर्न सक्ने सडक खण्डहरुको निर्माण कार्यमा अन्यौलता सिर्जना भएको छ । त्यस्तै पश्चिम सेती जलविद्युत आयोजनाको चिनीया कम्पनी थ्रिगर्जेजले सन् २०१३ जुलाईसम्ममा सम्भाव्यता अध्ययन प्रतिवेदन बुझाउने सम्झौता भएकोमा हालसम्म अध्ययन नै सम्पन्न नभएको उल्लेख छ । राष्ट्रिय विकास समस्या समाधान समितिले समस्या समाधानको लागि पटक पटक निर्देशन दिए तापनि निर्देशनको प्रभावकारी कार्यान्वयन नहुँदा वर्षौसम्म समस्या समाधान हुन सकेको छैन । यसले गर्दा आयोजनाहरुको लागत वृद्धि हुनुको साथै आयोजनाबाट प्राप्त हुने आर्थिक सामाजिक लाभमा समेत ढिलाइ हुन गएको पाइयो ।

३. **योजना छनौट -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२(१) मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी स्वीकृत हुनुपर्ने उल्लेख छ । अधिकांश आयोजनाले विगत वर्षदेखि नै निरन्तरता पाएको देखियो । सिँचाइ मन्त्रालय तथा सिँचाइ विभागको सरसफाइ, भवन सुरक्षा, खानेपानी, टेलिफोन, पुस्तकालय, बगैंचा व्यवस्थापन, भवनहरुको मर्मत सम्भार आदि कार्यको लागि २०५९।६० देखि सिँचाइ संस्थागत विकास कार्यक्रम स्वीकृत भै सञ्चालनमा रहेको पाइयो । त्यस्तै २०३५।३६ बाट शुरु भएको वाग्मती सिँचाइ आयोजना, २०५४।५५ मा शुरु भएको सुनसरी मोरङ सिँचाइ आयोजना जस्ता मुख्य संरचनाको निर्माण सम्पन्न भैसकेका आयोजना मर्मत तथा सञ्चालनको लागि उपभोक्ता समिति वा सम्बन्धित सिँचाइ विकास डिभिजनहरुलाई हस्तान्तरण गर्न सकिने भए तापनि

हालसम्म छुट्टै केन्द्रीयस्तरको आयोजनाको रुपमा कार्यक्रम स्वीकृत हुने गरेको देखिन्छ । कार्यक्रमको उपयुक्तता र अपेक्षित प्रतिफलको आधारमा कार्यक्रम/आयोजनाहरु स्वीकृत हुनुपर्दछ ।

जिल्लास्तरमा बजेटको स्रोत र कार्यान्वयन गर्ने निकाय एउटै भए तापनि सिँचाइ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत विभिन्न कार्यक्रम/आयोजनाको नाममा बजेट स्वीकृत हुँदा बजेट उपशीर्षक संख्या वृद्धि हुन गएको पाइयो । कृषि विकास मन्त्रालयअन्तर्गत विभिन्न कार्यक्रम आपसमा गाभी एकै कार्यालयबाट सेवा दिन सकिने भए तापनि अधिकांश कार्यक्रमको लागि अलग अलग कार्यालयबाट सेवा प्रदान गर्ने गरी कार्यक्रम स्वीकृत भएको देखिन्छ । यसले गर्दा चालु खर्चमा वृद्धि हुनुको अतिरिक्त कार्यक्रम स्वीकृत गर्ने, अख्तियारी पठाउने, मासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने लगायतका प्रशासकीय कार्यमा दोहोरोपन देखिएको छ ।

यो वर्ष लेखापरीक्षण गरिएका विषयमध्ये मूलतः लक्ष्यअनुसार प्रगति हासिल, राष्ट्रिय विकास समस्या समाधान समितिले दिएका निर्देशनको प्रभावकारी कार्यान्वयन, कार्यक्रमको उपयुक्तता र अपेक्षित प्रतिफलको आधारमा कार्यक्रम सञ्चालन, आर्थिक वर्षको अन्तिममा कार्यक्रम संशोधन र स्वीकृति, कार्यक्रम संशोधनको असर मूल्याङ्कन, नयाँ नेपाल निर्माण कोष स्थापना र सञ्चालन, प्राविधिक सहायताको लेखापरीक्षण लगायतका विषयमा ध्यानाकर्षण हुनुपर्ने देखिएको छ ।

४. **कार्यक्रम संशोधन -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४मा कार्यालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय परिस्थितिलाई समेत ध्यानमा राखी उद्देश्य, लक्ष्य, स्वीकृत बजेट र आवधिक योजनाअनुकूल हुने गरी त्यस्तो कार्यक्रमलाई तालुक मन्त्रालयको स्वीकृति लिई लागत नबढ्ने गरी संशोधन गर्न सक्ने उल्लेख छ । आयोगले आषाढ महिनाको ३० गतेसम्म पनि कार्यक्रम संशोधनको स्वीकृति प्रदान गरेको पाइयो । भौतिक पूर्वाधार तथा यातायाततर्फ ३४१ योजनाको रु.९ अर्ब ३७ करोड ५७ लाख १९ हजारको कार्यक्रम २०७४ आषाढ १५ देखि ३० सम्म संशोधनको लागि स्वीकृति दिएको पाइयो । संशोधन स्वीकृति दिएका योजनामध्ये शुरु बजेट विनियोजन नभएका १० योजनाको लागि रु.१२ करोड ९५ लाख थप भएको देखिन्छ । उल्लिखित ३४१ कार्यक्रममध्ये बजेट उपशीर्षक नम्बर ३३७१२३-४ अन्तर्गत ५ देखि ८७ गुणा बजेट थप भएका ६१ सडक आयोजना रहेका छन् जसमा शुरु विनियोजन रु.७ करोड ६ लाख रहेकोमा रु.१ अर्ब २९ करोड ४१ लाख ७९ हजार थप भै रु.१ अर्ब ३६ करोड ४७ लाख ७९ हजार कायम भएको देखिन्छ ।

आर्थिक वृद्धि, गरिबी निवारण, रोजगारी, सहभागिता, क्षेत्रीय/सामाजिक/लैङ्गिक समावेशिता, जलवायु परिवर्तन लगायतका मापदण्डका आधारमा छनौट भएका कार्यक्रम संशोधनपश्चात् ती विषयमा पर्ने असर मूल्याङ्कन नगरी वर्षान्तमा संशोधनको औपचारिकतामात्र प्रदान गर्ने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ । आर्थिक वर्षको अन्तमा कार्यक्रम स्वीकृति, संशोधनजस्ता कार्य गर्नाले राष्ट्रिय योजना आयोगले बजेट अनुशासन उल्लङ्घन गरेको देखिन्छ ।

५. **नयाँ नेपाल निर्माण कोष -** नयाँ नेपाल निर्माण कोष (सञ्चालन) नियमावली, २०६८ को दफा ५ मा व्यापक जनपरिचालनका आधारमा सञ्चालन हुने गरी कोषको प्रयोग विभिन्न शहरी क्षेत्रको फोहोरमैला व्यवस्थापन तथा सरसफाइ, शहरी सौन्दर्यको प्रवर्द्धन, उच्च मूल्ययुक्त निर्यातयोग्य वस्तुको उत्पादन र प्रवर्द्धन, आर्थिक तथा सामाजिक रुपले सीमान्तकृत समुदायको संरक्षण, सशक्तीकरण तथा विकासलगायतको कार्यमा हुने उल्लेख छ । कोषमा गत वर्षको रु.१ करोड १८ लाख ४७ हजार मौज्दात रहेकोमा यो वर्ष कारोबार भएको देखिएन । कोष स्थापनाको ६ वर्ष बितिसक्दा पनि कोषमा सरकारले शुरुमा राखेको रकम बाहेक अन्य रकम प्राप्त भएको देखिएन । हाल राज्यको शासकीय स्वरुप परिवर्तन भएको परिस्थितिमा यस्तो कोषको आवश्यकता, औचित्य तथा विद्यमान संरचनामाथि पुनरावलोकन हुनुपर्दछ ।

६. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४९ मा बजेटमा समावेश नभएको तर विशेष परिस्थितिमा प्राप्त भएका वस्तुगत सहायताको अलग विवरण बनाई एक प्रति महालेखा नियन्त्रक कार्यालय र एक प्रति महालेखापरीक्षकको कार्यालयमा पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायताको विवरणअनुसार आयोगको लागि यो वर्ष रु.४१ करोड, ९६ लाख ३९ हजार प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा त्यस्तो सहायतको आर्थिक विवरण तथा तत्सम्बन्धी

स्रेस्ता कागजात लेखापरीक्षणको लागि पेस भएन । आयोगले सबै आर्थिक कारोबारको आर्थिक विवरण तयार गरी लेखापरीक्षणको लागि स्रेस्ता उपलब्ध गराउनुपर्दछ ।

७. **निर्णय कार्यान्वयन -** राष्ट्रिय विकास समस्या समाधान समितिको २०७४ को ३९ औं बैठकले स्वदेशमै रासायनिक मल कारखाना स्थापना गर्न गृहकार्य अघि बढाउने, दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत सम्भाव्यता अध्ययन गर्ने विदेशी परामर्शदातालाई तिर्नुपर्ने दायित्व बढ्न नदिन तुरुन्त टुङ्गो लगाउने, शहरीक्षेत्रमा सडक निर्माण गर्दाकै बखत खानेपानी, विद्युत तथा दूरसञ्चार सेवाका लागि युटिलिटी डक राख्ने व्यवस्था मिलाउने लगायत १२ वटा निर्देशन दिएकोमा सबै निर्देशनको प्रक्रिया अघि बढेको प्रगतिमा उल्लेख छ । संघीयता अनुरुप प्रशासनीक पुनःसंरचना समयमै गर्न संघ, प्रदेश र स्थानीय तहमा रहने संगठन यकिन गरी जनशक्ति हस्तान्तरण गर्न दिएको निर्देशनका विषयमा प्रदेशमा रहने मन्त्रालयको खाका तयार भएको, स्थानीय तहमा कर्मचारी व्यवस्थापनको लागि कामको क्षेत्राधिकार र कार्य विवरण बनाउन विषयगत मन्त्रालयहरुलाई अनुरोध गरेको जानकारी दिएको छ । प्रशासकीय पुनःसंरचना र समयमै जनशक्ति व्यवस्थापन नहुँदा सेवा प्रवाह प्रभावित भएको छ ।

समितिको अघिल्ला बैठकहरुमा सिँचाइ, सडक, विमानस्थललगायतका पूर्वाधार आयोजनामा देखिएका वन/निकुञ्जक्षेत्रमा प्रवेशमा असहजता, गिट्टी, ढुङ्गा, बालुवा आपूर्तिमा असहजता, नहर/सडक रेखाङ्कनमा विवाद, जग्गा विवाद, ठेक्का व्यवस्थापनमा कमजोरी, विदेशी मुद्रा भुक्तानीमा ढिलाइ, आदि समस्या समाधानको लागि सरोकारवाला निकायलाई निर्देशन दिएकोमा प्रभावकारी कार्यान्वयन भएको छैन ।

८. **दिगो विकास लक्ष्य कार्यान्वयनको तयारी योजना -** संसारभरका १९३ देशका राष्ट्र तथा सरकार प्रमुखबाट सन् २०१५ सेप्टेम्वरमा संयुक्त राष्ट्रसंघको महासभाबाट दिगो विकास एजेन्डा २०३० पारित गरी सन् २०३० सम्म दिगो विकास लक्ष्य हासिल गर्ने गरी अनुमोदन भएको छ । विश्वव्यापी दिगो विकास लक्ष्यका १७ मुख्य लक्ष्य, १६९ गन्तव्य र २३० सूचक रहेका छन् । यी लक्ष्यले दिगो विकासका तीन आयाम आर्थिक, सामाजिक र वातावरणीय पक्षलाई एकीकृतरुपमा समेटेको छ । दिगो विकास लक्ष्यका ५ स्तम्भ मानव, पृथ्वी, समृद्धि, शान्ति र साझेदारी हुन् । दिगो विकास लक्ष्य न्यायिक र समानतामा आधारित समावेशी संसार बनाउने महत्वाकांक्षातर्फ उन्मुख छ ।

प्रत्येक राष्ट्रले आ-आफ्नो दिगो विकास लक्ष्य कार्यान्वयनको तयारी योजना बनाउनुपर्दछ । तयारी योजनाअर्न्तगत आवश्यक संस्थागत व्यवस्था, विश्वव्यापी दिगो विकास लक्ष्य तथा गन्तव्यलाई राष्ट्रिय परिवेशमा रुपान्तरण, प्राप्त प्रगतिलाई तुलना गर्न उपयुक्त आधारसहित मध्यकालीन गन्तव्य, गन्तव्यमा पुग्नको लागि आवश्यक नीति र वित्तीयलगायतका स्रोतको व्यवस्था गरी सोबमोजिम बजेट तर्जुमा गर्ने तथा उपयुक्त अनुगमन तथा मूल्याङ्कन संयन्त्र विकास गर्ने कार्य पर्दछन् । यस सम्वन्धमा देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छन्:

८.१. दिगो विकास लक्ष्य कार्यान्वयन सम्वन्धमा निर्देशन दिन प्रधानमन्त्रीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति, आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यान्वयन तथा समन्वय समिति, आयोगका सदस्यहरुको अध्यक्षतामा ९ विषयगत समिति गठन भएका छन् । यसरी गठन भएका समितिमध्ये निर्देशक समितिको बैठक भएको छैन । कार्यान्वयन तथा समन्वय समितिको बैठक एक पटकमात्र बसेको छ । संघीय सरकारका विषयगत मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तहमा दिगो विकास लक्ष्य कार्यान्वयनका लागि उपयुक्त संगठनात्मक व्यवस्था भएको देखिदैन । उपर्युक्तबमोजिमका समिति तथा संघीय सरकारका विषयगत मन्त्रालयबीच उपयुक्त समन्वय गर्ने, प्रदेश तथा स्थानीय तहमा दिगो विकास लक्ष्यवारे जानकारीमूलक कार्यक्रम गरी क्षमता अभिवृद्धि गर्ने र जिम्मेवारी किटान गर्ने तथा गैरसरकारी क्षेत्रका निजी तथा सहकारी र अन्य सरोकारवालालाई दिगो विकास लक्ष्य कार्यान्वयनको मूल प्रवाहमा ल्याउने लगायतका कार्य गर्नुपर्ने देखिन्छ ।

८.२. दिगो विकासको विश्वव्यापी लक्ष्य, गन्तव्य र यसका सूचकलाई देशको आवश्यकताबमोजिम परिभाषित गर्न, सोको मध्यकालीन गन्तव्य तथा सूचक तय गर्न र सोको प्रगति मापन गर्न विश्वसनीय तथ्याङ्कलाई आधारमानी कार्य गर्नुपर्दछ । यस सन्दर्भमा विश्वव्यापी लक्ष्य १४ को जलमुनिको जीवनसम्बन्धी लक्ष्य नेपालको लागि लागू नहुने, केही विश्वव्यापी गन्तव्य नेपालको लागि त्यति सान्दर्भिक नहुने र तिनको सट्टामा अन्य गन्तव्य सान्दर्भिक हुने भनी दिगो विकास लक्ष्यको अवस्था तथा मार्गचित्रमा उल्लेख गरेको छ । राष्ट्रिय

परिवेशमा रुपान्तरण गरिएका लक्ष्य, गन्तव्य र सूचकमा उपलब्धि हासिल गर्न सरकारले आवधिक तथा वार्षिक नीति र बजेटलाई नक्साङ्कन गर्न मिल्ने गरी तर्जुमा गर्नुपर्दछ । यो वर्षदेखि बजेटमा दिगो विकास लक्ष्यको संकेत (कोड) राख्न शुरु गरेको भए तापनि सो कार्यलाई प्रमाणमा आधारित बनाई सरकारी नीति तथा कार्यक्रमसँग आवद्ध गराउनुपर्ने र प्रगति अनुगमन तथा मूल्याङ्कनमा तथ्याङ्क प्रयोग गर्दा मापन कार्य विश्वसनीय हुन सक्ने देखिन्छ । कतिपय मध्यकालीन गन्तव्य तथा सूचकका लागि लक्ष्य र सोको आधार अङ्क उल्लेख गरेको देखिएन । विशेषगरी प्रदेश, स्थानीय तह, निजी र सहकारी क्षेत्रले गर्ने कार्यहरुको सम्वन्धमा यस किसिमको अवस्था रहेको देखिन्छ ।

दिगो विकास लक्ष्य संकेतका आधारमा विनियोजित रकम

क्र.स.	दिगो विकास लक्ष्य	२०७४/७५		२०७३/७४	
		रकम रु. हजारमा	प्रतिशत	रकम रु. हजारमा	प्रतिशत
१	गरिबीको अन्त्य	२०४,४०३,२१७	१५.९८	२०२,८७५,०३२	१९.३४
२	शून्य भोकमरी	६०,७४१,०६९	४.७५	६५,२००,३८९	६.२२
३	स्वस्थ जीवन	३२,७२७,१५२	२.५६	४२,६००,०२४	४.०६
४	गुणस्तरीय शिक्षा	६७,८४६,०४०	५.३	११८,२१०,८६४	११.२७
५	लैङ्गिक समानता	१,९९०,१७९	०.१६	२,२२२,२४५	०.२१
६	दिगो स्वच्छ पानी तथा सरसफाइ सेवा	३३,१४६,५५३	२.५९	३३,९७८,५४९	३.२४
७	आधुनिक ऊर्जामा पहुँच	६९,३२४,४०९	५.४२	५४,१४७,४८६	५.१६
८	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम	९,३०६,०८८	०.७३	१०,८५०,८५३	१.०३
९	उद्योग, नवीन खोज र पूर्वाधार	१५९,३४९,६६७	१२.५	१७०,८२०,५६१	१६.२९
१०	असमानता न्यूनिकरण	३,४६४,७५४	०.२७	४,४०८,२९०	०.४२
११	दिगो शहर र वस्तीहरु	२४०,९७९,०१८	१८.८	२०९,०७८,४१४	१९.९३
१२	दिगो उपभोग तथा उत्पादन	९४,३४९	०.०१	८२,४८३	०.०१
१३	जलवायू परिवर्तन अनुकुलन	३,७९८,४६५	०.३	२,७८५,६०६	०.२७
१४	जलमुनिको जीवन	-	०	-	०
१५	भूसतह स्रोतको उपयोग	१६,३११,९८०	१.२८	१५,२३८,०३७	१.४५
१६	शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज	३६७,९०१,९८०	२८.८	१०९,६५२,०९३	१०.४५
१७	दिगो विकासका लागि साझेदारी	७,६०९,९३५	०.५९	६,७७०,४२८	०.६५
	जम्मा	**१,२७८,९९४,८५५**	**१००**	**१,०४८,९२१,३५४**	**१००**

८.३. दिगो विकास लक्ष्य कार्यान्वयन गर्न सन् २०१६ देखि २०३० सम्म वार्षिक औसत रु.१७ खर्व ७० अर्व लगानी गर्नुपर्ने मार्गचित्रमा उल्लेख गरे तापनि विस्तृत लागत र सो व्यहोर्ने स्रोतबारे तयारी भएको देखिदैन । यस अर्थमा दिगो विकास लक्ष्य र बजेट प्रणालीबीच तादाम्य हुनुपर्ने देखिन्छ । दिगो विकास लक्ष्यको कार्यान्वयन संघ, प्रदेश, स्थानीय तह लगायतका सरकारी क्षेत्र, नागरिक समाज, निजी र सहकारी क्षेत्रसमेतको साझेदारी तथा सहकार्यमा हुने भएकोले यस विषयमा स्पष्ट खाका तयार गर्नु आवश्यक देखिन्छ ।

८.४. दिगो विकास लक्ष्य कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत साधन परिचालन गर्न सवै तहका सरकार, नागरिक समाज, निजी तथा सहकारी क्षेत्रबीच व्यापक साझेदारी तथा सहकार्यको आवश्यकता पर्दछ । यसका अतिरिक्त दिगो विकास लक्ष्य हासिल गर्न अतिकम विकसित भूपरिवेष्ठित राष्ट्रहरुलाई सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय विकास सहायताको ठूलो भूमिका हुन्छ । उल्लिखित सबै सरोकारवालाबीच समन्वय गर्ने, सूचना तथा प्रतिवेदन आदान प्रदान गर्ने र तथ्याङ्कलाई अद्यावधिक गर्ने कार्य महत्वपूर्ण भएकोले यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । यसका लागि चेतनामूलक तथा अभिमुखीकरण कार्यक्रम गरी सरोकारवालालाई नीति निर्माण, कार्यान्वयन तथा अनुगमनमा सहभागी गराउनु आवश्यक छ ।

८.५. नेपालले २०१७ को जूनसम्म दिगो विकास लक्ष्यमध्ये लक्ष्य १, २, ३, ५, ९ र १७ को स्वैच्छिक मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको छ । दिगो विकास लक्ष्य कार्यान्वयनको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्न र प्राप्त पृष्ठपोषणको आधारमा समयमै सुधारात्मक कार्य गर्न अनुगमन प्रणालीलाई वैज्ञानिक र प्रमाणमा आधारित बनाउनु आवश्यक छ । यसका लागि अनुगमन तथा मूल्याङ्कनसम्बन्धी संयन्त्रको व्यवस्था गर्नु आवश्यक देखिन्छ । यसमा खासगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय योजना आयोगले नेतृत्वदायी भूमिका खेल्नुपर्दछ । संघीय सरकारका क्षेत्रगत मन्त्रालय, प्रदेश सरकार, स्थानीय सरकार र निजी क्षेत्र तथा

नागरिक समाजलाई समेत यस कार्यमा सहभागी गराएमा जिम्मेवार सबै पक्षमा अपनत्व महसुस भई लक्ष्य प्राप्ति सहज हुन जान्छ ।

९. **कार्यक्रम अनुगमन -** आयोगले यो वर्ष स्थलगत अवलोकन १२ पटक र आन्तरिकरुपमा तथा स्वतन्त्र तेस्रो पक्षबाट ३/३ आयोजनाको कार्य सम्पादन, प्रभावकारिता, दिगोपना, कार्यदक्षतालगायत विषयमा मूल्याङ्कन गर्दा संगठन संरचना, नीतिगत व्यवस्था तथा कार्य प्रक्रियामा रहेका सुधारका क्षेत्र पहिचान गरी प्रतिवेदन दिएको छ । प्राप्त प्रतिवेदनलाई सम्बन्धित निकायमा पठाएकोमा उल्लिखित सुझाव कार्यान्वयन गरे नगरेको सम्बन्धमा अनुगमन गरेको छैन ।

केन्द्रीय तथ्याङ्क विभाग

नेपाल तथ्याङ्क ऐन, २०१५ अन्तर्गत २०१५ पौषमा स्थापना भएको केन्द्रीय तथ्याङ्क विभागले तथ्याङ्क सङ्कलन, प्रशोधन, संग्रह, विश्लेषण एवं प्रकाशन गर्ने लगायतका काय गर्दै आएको छ । यो वर्ष रु.३१ करोड १५ लाख ४८ हजार विनियोजन भएकोमा रु.१६ करोड ३० लाख खर्च गरेको छ ।

१०. **कार्यक्रम र प्रगति -** प्राप्त प्रगति विवरणअनुसार यो वर्ष औद्योगिक वस्तु, कृषि वस्तु र निर्माण क्षेत्रको मूल्य सूचकाङ्कको त्रैमासिक सर्वेक्षण र जलवायु परिवर्तनको प्रभाव, मत्स्यपालन, उत्पादन लागत, आर्थिक गणना, पञ्जिकरण, तथ्याङ्क प्रयोगकर्ता सन्तुष्टि तथा घरधुरी सम्बन्धी सर्वेक्षण गरेको छ । नेपाल श्रमशक्ति सर्वेक्षण र उत्पादन संस्थापन सम्बन्धी सर्वेक्षणको सङ्कलित तथ्याङ्क विश्लेषण कार्य भइरहेको छ । वार्षिक कार्यक्रममा समावेश भएका तालिम, गोष्ठी, फाराम/प्रश्नावली परीक्षण, निरीक्षण, प्रकाशनलगायत ७६ क्रियाकलापमा शून्य प्रगति भएको देखिन्छ । महत्वपूर्ण तथ्याङ्क तथा सूचनाहरु सङ्कलन गरी मुलुकको केन्द्रीय तथ्याङ्क भरपर्दो र विश्वसनीय बनाउनुपर्दछ ।

- **अनुगमन -** गत विगतका प्रतिवेदनमा दीर्घकालीन सोचको निर्धारण, लक्ष्य र क्षेत्रगत नीतिसँग अन्तरसम्बन्ध नभएको लगायतका व्यहोरा औँल्याइएकोमा सुधार गरेको देखिँदैन । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति-** आयोग र मातहतसमेत १८ निकायमा यो वर्ष रु. ४९ लाख २७ हजार बेरुजू देखिएकोमा फछ्यौंट नगरेकोले बाँकी रहेको छ । सोमध्ये रु.८ लाख ४४ हजार पेस्की बाँकी रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

परिच्छेद ३
स्थानीय तह

नेपालको संविधान, २०७२ को धारा २४१ मा महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार अन्तर्गत राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल लगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । महालेखापरीक्षकलाई लेखापरीक्षणको सन्दर्भमा लेखासम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार रहेको र महालेखापरीक्षक वा निजका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने व्यवस्था छ भने परीक्षण गरिने लेखा संघीय कानुनबमोजिम महालेखा परीक्षकले तोकेको ढाँचामा राखिने व्यबस्था छ ।

मुख्य व्यहोरा

- पूर्वी चौकी गाउँपालिका साविक पोखरी गाउँ विकास समिति, डोटीका सचिवले रु.३८ लाख ४५ हजार, शिखर नगरपालिका साविक जिजोडामाडौं गाउँ विकास समितिका सचिवले रु.२९ लाख ७५ हजार रकम हिनामिना गरेको पाइयो ।
- खाँदबारी नगरपालिकामा खातामा भन्दा बैङ्कमा रु.७६ लाख ५० हजार घटी मौज्दात देखिएको सम्बन्धमा छानबिन गरी असुल गरेको छैन ।
- वीरगन्ज महानगरपालिकाले सम्पत्ति कर रु.२६ करोड ९७ लाख असुल गर्न बाँकी राखेको छ ।
- विराटनगर महानगरपालिकाले रु.३ करोड ७७ लाख घर जग्गा कर असुल गर्न बाँकी राखेको छ ।
- महोत्तरी जिल्लाका १ नगरपालिका र ५ गाउँपालिका (साविक २८ गा.वि.स.) ले रु.१६ करोड ८९ लाखको लेखापरीक्षण गराएका छैनन् ।

संबैधानिक रुपमा स्थानीय तहको लेखापरीक्षण गर्ने अधिकार महालेखापरीक्षकलाई प्राप्त भएपछि महालेखापरीक्षकको कार्यालयले शुरुवातदेखि नै यस सम्बन्धी कार्य थालनी गरेको थियो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसँग निरन्तर छलफल, कार्यविधि तथा निर्देशिकाको तयारी, थप जनशक्तिको व्यवस्थापन, कर्मचारी क्षमता तथा सीप विकास, लेखापरीक्षण कार्यतालिका तर्जुमा, आर्थिक विवरण तथा आय व्यय विवरणको ढाँचा विकास लगायतका कार्य गरिएको थियो ।

स्थानीय तहको लेखापरीक्षण व्यवस्थापन सम्बन्धमा स्थानीय तह लेखापरीक्षण निर्देशिका तयार गरी २०७४ भाद्र ११ मा स्वीकृत भएको थियो भने कार्यालयको जनशक्ति अपर्याप्त भएकोले १२५ दर्तावाला लेखापरीक्षकलाई सहायकको रुपमा काममा लगाई लेखापरीक्षण सम्पन्न गरिएको छ । २०७४ भाद्रदेखि शुरु गरिएको लेखापरीक्षण माघ मसान्तमा सम्पन्न गरी प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएको छ ।

२०७४ आषाढ मसान्तसम्म गठन भएका ७४४ स्थानीय तहमध्ये ६ महानगरपालिका, ११ उप-महानगरपालिका, २७५ नगरपालिका र ४४६ गाउँपालिका समेत ७३८ स्थानीय तहको रु.१ खर्ब ८० अर्ब ३१ करोड २७ लाख २४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । १ नगरपालिका र ५ गाउँपालिकाले लेखापरीक्षण गराएका छैनन् । स्थानीय तहको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा देहायबमोजिम छ :

१. **सेवा प्रवाह** – नेपालपको संविधान, २०७२ बमोजिम स्थानीय तह गठन भई ३ चरणमा (२०७४ जेष्ठ, आषाढ र आश्विन र २०७४ मंसिर महिनामा प्रदेश तहको निर्वाचन सम्पन्न भएको छ । संघीय व्यवस्था कार्यान्वयनको सन्दर्भमा गठन भएका स्थानयि तहले स्थानीयस्तरमा प्रदान गर्नुपर्ने सेवा जन्म मृत्यु दर्ता, नक्सा पास, सिफारिस र विकास निर्माणसँग सम्बन्धित कार्यहरु योजना तर्जुमा, छनौट, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र विषयगत, कार्यक्रम अन्तर्गत शिक्षा, स्वास्थय, कृषि, वन आदि कार्य व्यवस्थापनका लागि आवश्यक पर्ने जनशक्ति स्रोत, साधन र कानुनको समुचित व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुनसकेको छैन । स्थानीय तहको कार्यसञ्चालन र सेवा प्रवाह सम्बन्धमा गठित वडा कार्यालयको कार्यक्षेत्र स्पष्ट भएको छैन कर्मचारी दरबन्दी सिर्जनाका लागि हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण समेत गरिएको छैन । केन्द्रबाट काजमा खटाएका कर्मचारी खटाएको स्थानमा नगएको र समयमा दरबन्दी स्वीकृत नभएकोले स्थानीयस्तरमा कर्मचारी भर्ना गर्न कठिनाई रहेको स्थितिमा प्रत्यक्षरुपमा सेवा प्रवाह गर्नुपर्ने वडा

कार्यालय, गाउँपालिका, नगरपालिकाले प्रभावकारी सेवा प्रवाह गर्न सकेका छैनन् । अतः संघीय व्यवस्थाको कार्य अुनसार सेवा प्रवाह गर्न आवश्यक पर्ने स्रोत साधन र कर्मचारीको व्यवस्थापन गरी स्थानीय तहमा सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२. **आयोजना कार्यान्वयन** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५(२) अनुसार स्वीकृत रकमबाट कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२.१. काठमाडौं महानगरपालिकाले यो वर्ष सम्पन्न गर्ने गरी परिषद्बाट स्वीकृत कार्यक्रममध्ये ५९ कार्यक्रमको लागि रु.५५ करोड ६६ लाख ८८ हजार विनियोजन गरेकोमा कुनै योजना कार्यान्वयन गरेको देखिएन ।

२.२. दुधौली नगरपालिका सिन्धुलीले परिषद्बाट पारित रु.१ करोड ६२ लाख ४४ हजारका २८ योजना सञ्चालन गरेको छैन ।

स्वीकृत कार्यक्रमअनुसार कार्य सञ्चालन गर्नुपर्दछ ।

३. **सम्पत्ति हस्तान्तरण** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(२) मा कुनै कार्यालय खारेज वा गाभ्ने निर्णय भएको पैंतीसौं दिनमा कार्यालय खारेज भएको मानिने र गाभिएको ३५ दिनभित्र जिन्सी सामानको प्रतिवेदन तयार गरी वा गर्न लगाई मन्त्रालय वा विभागले त्यस्तो सामान लिने दिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । नेपाल सरकारले २०७३।११।२७ देखि साविकका ७५ जिल्ला विकास समिति अन्तर्गत ३ हजार १५७ गाउँ विकास समितिलाई नयाँ संरचनाअनुसार गाउँपालिका तथा नगरपालिकामा गाभ्ने निर्णय गरेको र आर्थिक कारोबार हस्तान्तरण गर्न लगाएकोमा घर, जग्गा, मोटर, मोटरसाइकल, टेलिभिजन, कम्प्युटर, ल्यापटप, प्रिन्टर, दराज, सोफा लगायतका जिन्सी सामानको लगत तयार गरी हस्तान्तरण गरेको देखिएन । नियमानुसार सरकारी सम्पत्तिको संरक्षण, हस्तान्तरण तथा उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

- **साविक ३ हजार १५७ गाउँ विकास समितिको सम्पत्ति र दायित्व स्थानीय तहमा हस्तान्तरण भएको छैन,**
- **साविक ५४२ गाउँ विकास समितिमा बाँकी रहेको रु.१५ करोड ७४ लाख २९ हजार स्थानीय तहमा जिम्मेवारी सारेको छैन,**
- **२७८ स्थानीय तहले बिल भरपाई बेगर रु.२२ करोड ८१ लाख ८१ हजार खर्च गरेका छन्,**
- **२०७ स्थानीय तहले उठाउनुपर्ने आन्तरिक आय रु.११ करोड २ लाख ७९ हजार असुल गरेका छैनन्,**
- **६७५ स्थानीय तहले स्रोतमा कट्टी गर्नुपर्ने अग्रिम कर रु.५ करोड ५ लाख ४१ हजार कट्टी नगरी भुक्तानी गरेको छ,**
- **७१ स्थानीय तहले सञ्चित कोष दाखिला गर्नुपर्ने रु.२१ करोड ९२ लाख २२ हजार दाखिला गरेका छैनन् ।**

४. **नगद जिम्मेवारी** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५३(२) अनुसार साविक ३ हजार १५७ गाउँ विकास समिति, ७४४ गाउँपालिका/नगरपालिकामा गाभिएकोमा उक्त गाउँ विकास समितिमा बाँकी रहेको नगद समेत जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ । यो वर्ष १२० गाउँपालिका अन्तर्गतका ५४२ गाउँ विकास समितिमा बाँकी रहेको रु.१५ करोड ७४ लाख २९ हजार जिम्मेवारी सारेको देखिएन ।

५. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ । नगरपालिका/गाउँपालिकाको कार्यालय, भक्तपुर, पाँचथर, चितवन लगायत १४७ ले सार्वजनिक निर्माण, फर्निचर लगायत सामान खरिदमा प्रतिस्पर्धा बेगर सोझै खरिद गरी रु.३५ करोड ५ लाख ९८ हजार भुक्तानी गरेका छन् ।

यसका अलावा काठमाडौं महानगरपालिकाले यो वर्ष रु.१५ करोड २४ लाख ६२ हजारको विभिन्न सामान खरिद गरेकोमा रु.५ करोड ४३ लाख ८१ हजार (३५.६७ प्रतिशत) को मात्र बोलपत्रको माध्यमबाट खरिद गरेको छ । बाँकी रु.५ करोड १५ लाख ३ हजार ३ फर्मबाट लिखित दर माग गरी खरिद गरेको र रु.४ करोड ६५ लाख ७८ हजार सोझै खरिद गरेको देखियो । सोझै खरिद गरेको कार्य नियमसम्मत् देखिएन । यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

६. **बोलपत्र नगरेको** - स्थानीय निकाय आर्थिक प्रशाासन सम्बन्धी नियमावली, २०६४ को नियम ७८ अनुसार रु.२० लाखभन्दा बढीको सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । भक्तपुर नगरपालिकाले

११ हजार १३६ घनमिटर माटो वा ग्रेगर निकाली हनुमन्ते खोला सफाइ गर्न प्रतिघनमिटर रु.३६३।६४ का दरले रु.४० लाख ५० हजारको लागत अनुमान स्वीकृत गरी २०७३।७।२७ मा बोलपत्र आह्वान गरेकोमा कुनै बोलपत्र नपरेको कारण उल्लेख गरी २०७३।८।३० मा माटो निकाल्न रु.४ हजार ६५६ र ढुवानी गर्न रु.१ हजार ५२३ प्रतिघनमिटरका दरले नयाँ लागत दर तयार गरेको देखियो । सुरुमा माटो निकाल्न र ढुवानी गर्न प्रतिघनमिटर एकमुष्ट रु.३६३।६४ दर कायम गरेकोमा पछि निकाल्न र ढुवानी गर्न रु.६ हजार १७९ दर स्वीकृत गरी सुरु स्वीकृत दरभन्दा १७ गुणा बढी कायम गरेको छ । यसरी पहिलो र दोस्रो पटक अस्वाभाविक लागत दर तयार गर्ने सम्बन्धित प्राविधिकलाई आवश्यक कारबाही गर्नुपर्ने देखिन्छ ।

पुनः लागत अनुमान तयार गरे पश्चात् बोलपत्र आह्वान गर्नुपर्नेमा नगरपालिकाले ७ दिने सूचना जारी गरी घटी दर पेश गर्ने एक आपूर्तकको माटो निकाल्न रु.४ हजार र ढुवानी गर्न रु.१ हजार ५००।- प्रतिघनमिटर दर स्वीकृत गरी सिधै कार्यादेश दिएको देखियो । सोअनुसार १६ हजार ९८८ घनमिटर माटो निकाली ढुवानी गरेको भनी रु.६७ लाख ४ हजार भुक्तानी दिएको छ । शुरु बोलपत्र गर्दाको परिमाण र दर समेत परिवर्तन गरेको अवस्थामा पुनः बोलपत्र गर्नुपर्नेमा सो नगरी सीधै काम गराई भुक्तानी दिएको रु.६७ लाख ४ हजार अनियमित देखिन्छ ।

७. **बिल भरपाई** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ४६(३) मा खर्च गर्दा खर्चको बिल भरपाई सहितको लेखा राख्नुपर्ने उल्लेख छ । दोरम्बा गाउँपालिका, रामेछाप, गौमूल गाउँपालिका बाजुरा, भरतपुर महानगरपालिका लगायत २७८ गाउँपालिका/नगरपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट कार्यक्रम सञ्चालन गर्न व्यक्ति, फर्म र निकायलाई खर्चको बिल भरपाई नराखी रु.२२ करोड ८१ लाख ८१ हजार भुक्तानी गरेका छन् । उक्त खर्चका सम्बन्धमा छानबिन गरी कारबाही गर्नुपर्दछ ।

८. **आनुपातिक कट्टी** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १५५ अनुसार उपभोक्ता समिति मार्फत सञ्चालित योजनामा सम्झौताअनुसारको योगदानभन्दा कम काम भएमा कार्यालयले दिने अनुदान रकममा समेत आनुपातिक हिसाबबाट कट्टा गरेर भुक्तानी दिनुपर्ने व्यवस्था छ । तुल्सीपुर उप-महानगरपालिका, बुढीगङ्गा नगरपालिका, बाजुरा, भरतपुर महानगरपालिका समेत ५३ गाउँपालिका/नगरपालिकाले १४७ उपभोक्ता समितिलाई सम्झौताअनुसार रु.७ करोड ६ लाख १६ हजार भुक्तानी दिनुपर्नेमा रु.७ करोड ८८ लाख ३८ हजार भुक्तानी दिई बढी भुक्तानी दिएको रु.८२ लाख २२ हजार असुल गर्नुपर्ने देखिन्छ ।

९. **स्रेस्ता पेश नभएको** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा कार्यालय प्रमुखले महालेखापरीक्षकको कार्यालयबाट तोकिएबमोजिम लेखा र आर्थिक विवरण पेश गरी अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । यो वर्ष महोत्तरीको गौशाला नगरपालिका १ र पिपरा, मनहरा, महोत्तरी, लोहारपट्टी, सम्सी ५ गाउँपालिका समेत ६ स्थानीय तहले लेखापरीक्षण गराएका छैनन् ।

पर्साको ६६, सप्तरीको १, काभ्रेपलाञ्चोकको १ समेत ६८ साविक गाउँ विकास समितिले कारोबारको अङ्क समेत पेश नगरेकोले लेखापरीक्षण भएको छैन । साथै धनुषाका १२, बाराका ४, सिराहाको १, रौतहटका ५, ललितपुरका ३, मकवानपुरका ११, सिन्धुपाल्चोकको १ र मुगुका २, गोरखाका २, नवलपरासीको १ समेत ४२ साविक गाउँ विकास समितिले रु.२३ करोड ७७ लाख ९२ हजारको लेखापरीक्षण गराएका छैनन् । स्रेस्ता पेश नगर्ने पदाधिकारीलाई आवश्यक कारबाही गरी नियमानुसार लेखापरीक्षण गराउनुपर्दछ ।

१०. **हिनामिना मस्यौट** - आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १० बमोजिम जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्ट देखिने गरी कानुनले तोकेबमोजिमको रित पुऱ्याई लेखा तयार गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा २६ बमोजिम सरकारी रकम मस्यौट गरेको देखिएमा सो गर्ने उपर कानुनबमोजिम कारबाही गरी असुल गर्नुपर्ने व्यवस्था छ ।

१०.१. डोटी जिल्लाको साविक पोखरी गाउँ विकास समितिका कार्यालयका सचिवले २०७३ साल श्रावणदेखि फागुन २७ सम्म निकासा भएको चालु, पूँजीगत, सामाजिक सुरक्षा भत्ता र गत वर्षको मौज्दात समेत रु.३८ लाख ४५ हजारको स्रेस्ता नराखी रकम हिनामिना मस्यौट गरेकोले प्रचलित कानुनबमोजिम कारबाही गरी सूदसहित असुल गर्नुपर्दछ ।

१०.२. शिखर नगरपालिका, साविक जिजोडामाण्डौ गाउँ विकास समिति डोटीका सचिवले खातामा निकासा भएको चालु, पूँजीगत, सामाजिक सुरक्षा, गत वर्षको जिम्मेवारी र नगद दाखिला समेत रु.५६ लाख ५५ हजारमध्ये स्रेस्ता नराखी पूँजीगत खाताबाट रु.१३ लाख ६ हजार र चालु खाताबाट रु.१६ लाख ६९ हजार समेत रु.२९ लाख ७५ हजार भिकी हिनामिना मस्यौट गरेकोले प्रचलित कानुनबमोजिम कारबाही गरी सूद सहित असुल गर्नुपर्दछ ।

१०.३. **घटी मौज्दात** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ मा कार्यालयले मासिक बैङ्क हिसाव समायोजन गर्नुपर्दछ । यो वर्ष खाँदवारी नगरपालिकाले स्रेस्तामा रु.२ करोड १६ लाख ४१ हजार मौज्दात देखाएकोमा बैङ्कमा रु.१ करोड ३९ लाख ९१ हजारमात्र देखिएको छ । स्रेस्ताभन्दा रु.७६ लाख ५० हजार घटी मौज्दात देखिएको सम्बन्धमा आवश्यक छानबिन गरी जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्दछ ।

११. **बैङ्क समायोजन** – दक्षिणकाली नगरपालिका फर्पिङ, जिरी नगरपालिका दोलखा, तेमाल गाउँपालिका काभ्रेपलाञ्चोक लगायत ३२ ले स्रेस्तामाभन्दा बैङ्कमा रु.१४ करोड ७५ लाख ६३ हजार बढी तथा फिदिम नगरपालिका पाँचथर, नौकुण्ड गाउँपालिका रसुवा, उत्तरगया गाउँपालिका रसुवा समेत ३९ स्थानीय तहले रु.४ करोड ८३ लाख ५७ हजार घटी देखाएकोमा बैङ्क समायोजन हिसाब तयार नगरेकोले मौज्दात रकम यकिन हुनसक्ने देखिएन । बैङ्क मौज्दात घटी/बढी देखिएको सम्बन्धमा छानबिन गरी टुङ्गो लगाउनुपर्दछ ।

१२. **थप सुविधा** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५० मा स्थानीय निकायका कर्मचारीहरुको तलवमान नेपाल सरकारको निजामती सेवाका कर्मचारीहरुको तलवमानलाई आधार मानी निर्धारण गर्नुपर्ने, स्थानीय निकायले आफ्नो स्रोत साधन र प्रशासनिक बजेटको परिधिभित्र रही आफ्ना कर्मचारीहरुलाई स्थानीय भत्ता एवं अन्य थप सुविधा दिनसक्ने व्यवस्था छ । स्थानीय तह १५ ले स्रोत साधनको सुनिश्चितता नगरी रु.१ करोड ७३ लाख कर्मचारीलाई थप सुविधा दिएका छन् । कानुनमा स्पष्ट व्यवस्था नगरी यस प्रकारका भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१३. **एकल बोर्डको निर्णय** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २५(क) मा नगर परिषद्बाट स्वीकृत कार्यक्रम र बजेटको सीमाभित्र रही अधिकार प्राप्त अधिकारीले निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । हेटौँडा उपमहानगरपालिकाको परिषद्बाट पारित योजना र बजेटलाई एकल बोर्डको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका १०१ योजनामा रु.९७ लाख ४३ हजार खर्च गरेका छन् । यसमा नियन्त्रण हुनुपर्दछ ।

१४. **आर्थिक सहायता** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायले संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउन निषेध गरेकोमा हेटौँडा उपमहानगरपालिका कार्यालयले विभिन्न २३ संघसंस्था तथा व्यक्तिलाई कार्यक्रमक सहयोगको रुपमा रु.११ लाख ३७ हजार भुक्तानी दिएको र मुगु जिल्लास्थित छाँयानाथ नगरपालिका, सारु गाँउपालिका र मुगुमकारमारोङ्ग गाँउपालिकाले पूँजीगत खर्चबाट रु.९ लाख ७५ हजार आर्थिक सहायता समेत रु.२१ लाख १२ हजार खर्च लेखेको अनियमित देखिन्छ ।

१५. **सामाजिक सुरक्षा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ को दफा २४(झ) बमोजिम बैङ्क मार्फत् भत्ता वितरण गर्ने लाभग्राहीको सम्बन्धमा एक आर्थिक वर्ष भरी कुनै कारोवार नगर्ने लाभग्राहीको खाता रोक्का गरी बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । हेटौँडा उपमहानगरपालि समेत ५ मा लाभग्राहीहरुले रकम बुझ्न नआएको उल्लेख गरी बैङ्कमा मौज्दात राखेको रु.२२ करोड १६ लाख फिर्ता नभएकोले उक्त रकम राजस्व दाखिला हुनुपर्दछ ।

१६. **आन्तरिक आय** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५, २१६, २१७ र २१८ मा नगरपालिका/गाउँपालिकाको कार्यालयले कर, दस्तुर, सेवा शुल्क र बिक्रीबाट आय आर्जन गर्नसक्ने व्यवस्था छ । गाउँपालिका/नगरपालिका २०७ ले गत विगतको रु.७० करोड १३ लाख ७ हजार र यो वर्षको २८० संस्था एवं व्यक्तिसँग रु.३ करोड ८९ लाख ७२ हजार समेत रु.११ करोड २ लाख ७९ हजार असुल गर्न बाँकी देखाएको छ । उक्त रकम असुल गर्नुपर्दछ ।

१६.१. तुल्सीपुर उपमहानगरपालिकाको नगर परिषद्को निर्णयले वधशाला सञ्चालन गर्दै आएको मासु व्यवसायी समितिलाई २०७१।७२ देखि नयाँ बसपार्कमा रहेको ४१ स्टलमा पशुवधशाला सञ्चालन गर्न दिने र प्रतिस्टल प्रतिमहिना रु.१ हजार २०० का दरले वार्षिक रु.५ लाख ९० हजार लिने निर्णय गरेको देखियो । मासु व्यवसायी र नगरपालिकाबीच भएको सम्झौता माग गरेकोमा पेश हुन आएन । कार्यालयमा रहेको अभिलेखअनुसार २०७४ आषाढसम्म भाडा रु.२१ लाख ६५ हजार र २० प्रतिशत जरिवाना रु.४ लाख ६९ हजार समेत रु.२६ लाख ३४ हजार असुल गर्न बाँकी देखिन्छ । उक्त रकम असुल गर्नुपर्दछ ।

१६.२. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १४४ मा एकीकृत सम्पत्ति कर लगाउने प्रयोजनका लागि अनुसूची-१३ बमोजिमको लगत तयार गर्नुपर्ने र नियमबमोजिम लगतअनुसारको कर असुल गर्नुपर्ने उल्लेख छ । वीरगंज महानगरपालिका, पर्साको परीक्षण गरिएका ७ करदाताबाट मात्रै गत वर्षसम्मको कर रु.२६ करोड १ लाख ९६ हजार र चालु वर्षको कर रु.९५ लाख १५ हजार समेत रु.२६ करोड ९७ लाख ११ हजार असुल गर्न बाँकी देखिएको छ ।

१६.३. बिराटनगर महानगरपालिकाले स्थानीय स्वायत्त शासन नियमावली, २०६४ को नियम १४० बमोजिम लगाउने घर जग्गा करको नमूना परीक्षण गरेकोमध्ये १२ करदाताबाट रु.३ करोड ७७ लाख ९१ हजार असुल गरेको छैन ।

१६.४. काठमाडौं महानगरपालिकाले सम्झौताअनुसार गोंगबुँ बसपार्क स्थित एक बहुउद्देश्यीय प्राइभेट लिमिटेडबाट जरिवाना बाहेक २०७३।७४ सम्मको बहाल रु.४ करोड ४८ लाख २४ हजार, सुन्धारा स्थित एक ट्रेडर्सबाट रु.३५ लाख ३७ हजार, आकशेपुल सञ्चालक प्राइभेट लिमिटेडबाट रु.५ करोड ६ लाख २७ हजार बहाल असुल गरेको देखिएन । असुल गर्नुपर्ने भाडा रकममा सम्झौताअनुसार लाग्ने जरिवाना समेत थप गरी असुल गर्नुपर्दछ ।

१७. **अग्रिम कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ बमोजिम भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिका/गाउँपालिकाको कार्यालय ६७५ ले नियमानुसार भुक्तानीमा कट्टी गर्नुपर्ने पारिश्रमिक कर, अग्रिम आयकर र बहाल कर समेत रु.५ करोड ५ लाख ४१ हजार कट्टी गरेको पाइएन । उक्त कर असुल गरी दाखिला गर्नुपर्दछ ।

१८. **स्थायी लेखा नम्बर** - स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७१ मा स्थानीय निकायले रु.२० हजारभन्दा बढीको खरिद कार्य गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । तुल्सीपुर उपमहानगरपालिका, थाहा नगरपालिका, फाल्गुनन्द गाउँपालिका लगायत ३२ ले मूल्य अभिवृद्धि करमा दर्ता नभएका ८९ फर्मबाट रु.२० हजारभन्दा बढीको बिलबाट रु.२ करोड ३२ लाख ८८ हजार मूल्यको सामान खरिद गरेको देखियो । नियमले निषेध गरेको काममा नियन्त्रण हुनुपर्दछ ।

१९. **गाडी भाडा** – संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट २०७४।३।४ मा स्थानीय तहले जनप्रतिनिधि नभएको अवस्थामा भाडा शीर्षकको गलत व्याख्या गरी निर्वाचन र कार्यालय प्रयोजन देखाई सवारीसाधन भाडामा लिई सञ्चालन गर्न नहुने परिपत्र भएको देखिन्छ । उक्त परिपत्र तथा मन्त्रालयबाट प्राप्त अख्तियारी साथ भएको निर्देशन विपरीत ३२ गाउँपालिका/नगरपालिकाले मासिक रु.७५ हजारदेखि रु.३ लाखसम्मका दरले गाडी भाडामा लिई रु.७२ लाख २१ हजार भुक्तानी गरेको पाइयो ।

२०. **जटिल प्रकृतिको काम** – स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १५५ (५)झ मा जटिल प्राविधिक पक्ष समावेश भएको बाहेक श्रम प्रधान काम उपभोक्ताबाट गराउनुपर्ने उल्लेख छ । रत्ननगर नगरपालिकाले ७ उपभोक्ता समितिलाई सडक कालोपत्र गर्न रु.२ करोड ११ लाख २ हजार भुक्तानी दिएको छ । भरतपुर महानगरपालिकाले ८ उपभोक्ता समितिमार्फत रु.४ करोड ४५ लाख ९३ हजारको सडक कालोपत्र गर्ने कार्य गराएको छ । कानुनी व्यवस्था विपरीत जटिल प्रकृतिको कार्य उपभोक्ता समितिमार्फत गराउने सम्बन्धित कर्मचारी तथा उपभोक्ता समितिलाई जिम्मेवार बनाउनुपर्दछ ।

२१. **बढी भुक्तानी** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ अनुसार खरिद सम्झौता एवं बिलअनुसार भुक्तानी गर्नुपर्नेमा भरतपुर महानगरपालिकाले ३ निर्माण व्यवसायीलाई सम्झौताभन्दा बढी

भुक्तानी दिएको रु.६ लाख ७४ हजार र तारकेश्वर नगरपालिकाले एक उपभोक्ता समितिलाई दोहोरो हुने गरी भुक्तानी दिएको रु.६ लाख ५१ हजार समेत रु.१३ लाख २५ हजार असुल गर्नुपर्दछ ।

२२. **फ्रिज नगरेको** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३३ मा सालतममामा बाँकी रहेको रकम सञ्चितकोष दाखिला गर्नुपर्ने व्यवस्था छ । यो वर्ष चितवनको माडी, रत्ननगर लगायत ७१ गाउँपालिका/नगरपालिकाले वर्षान्तमा बाँकी रहेको रु.२१ करोड ९२ लाख २२ हजार फ्रिज गरी सञ्चितकोष दाखिला गरेको देखिएन । नियमावलीको व्यवस्थाअनुसार सञ्चितकोष दाखिला गर्नुपर्दछ ।

२३. **ओभरहेड** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सोको काम दिँदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर ओभरहेड रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्नेमा माडी नगरपालिका, चितवनले बसन्तपुर चोकदेखि इनर बरुवा जाने कालोपत्रे सडकको रु.५८ लाख १६ हजार लागत अनुमानमा १५ प्रतिशत ओभरहेड रु.८ लाख ७२ हजार समेत समावेश गरेका देखियो । यसरी लागत अनुमान तयार गर्ने पदाधिकारीलाई आवश्यक कारबाही गर्नुपर्दछ ।

२४. **कामको भुक्तानी** – जनकपुर उपपमहानगरपालिकाले ठेक्का नं.१ अन्तर्गत एक निर्माण व्यवसायीसँग भएको सम्झौताको आइटम नं.८.१ मा खनेको सबै सामग्री बिसर्जन गर्ने गरी स्पेशिफिकेशनले तोकेपछि पुनः आईटम ८.७ मा समेत थप सामग्री ढुवानी गरी विसर्जन गर्ने व्यवस्था गरी भुक्तानी दिएको देखियो । कामगर्दाको अवस्था निरीक्षण गर्दा कहींकतै बढी भएको सामग्री बिसर्जन नगरेको, उत्खनन् भएको सबैजसो सामग्री सडकको खाल्डो पुर्ने कार्यमा प्रयोग भएकोमा सो प्रयोजनको लागि बेग्लै आईटमको व्यवस्था गरी बिसर्जन नगरेको कामको भुक्तानी दिएको रु.१ करोड ५२ लाख ५३ हजार असुल गर्नुपर्ने तथा कामको मूल्य परिमाणमा बाँकी रु.२ करोड ५० लाख ३२ हजार भुक्तानी नहुने व्यवस्था गर्नुपर्दछ ।

२५. **ठेक्का स्वीकृति** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ मा न्यूनतम मूल्याङ्कित बोलपत्रको बोलअङ्क लागत अनुमानभन्दा सारभूतरुपमा बढी भएमा सार्वजनिक निकायले त्यस्ता बोलपत्र अस्वीकृत गर्नसक्ने उल्लेख छ । जनकपुर उपमहानगरपालिका, धनुषा अन्तर्गत एसियाली विकास बैङ्कको सहयोगमा सञ्चालित कार्यक्रमको लागत अनुमान रु.८१ करोड ८५ लाख ८५ हजार रहेकोमा सबैभन्दा घटी कबोल गर्ने एक निर्माण व्यवसायीको कबोल अङ्क रु.८७ करोड ४४ लाख ७५ हजार लागत अनुमानभन्दा रु.५ करोड ५८ लाख ९० हजार (६.८३ प्रतिशत) बढी रहेकोमा सारभूत रुपमा बढी नभएको पुस्ट्याइँ नगरिकन उक्त बोलपत्र स्वीकृत गरेको देखियो । यसरी लागत अनुमानभन्दा बढी रकमको बोलपत्र स्वीकृत गर्न सिफारिस गर्ने र स्वीकृत गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२६. **निर्माण कार्य अधुरो** – धनुषाधाम नगरपालिका जनकपुरको कार्यालय भवन निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१ करोड ८० लाख ४६ हजारमा २०७४।६।२ सम्म कार्य सम्पन्न गर्ने गरी २०७२।१२।२ मा ठेक्का सम्झौता भएको देखियो । दुई तल्ले कार्यालय भवन निर्माण गर्न ठेक्का सम्झौता भए तापनि एक तल्ला पनि ढलानको कार्य नहुँदै सम्झौता रकमको ५६.५६ प्रतिशत अर्थात रु.१ करोड २ लाख ७ हजार भुक्तानी दिएको छ । भवनको डि.पि.सि कम उचाइको रहेकोमा बढी उचाइको काम गर्नु परेको कारण डि.पि.सि.सम्मको काममा लागतभन्दा बढी खर्च भएको तर भेरिएसन आदेश स्वीकृत नभएका कारण विगत ९ महिनादेखि निर्माण कार्य स्थगित रहेको देखियो । यसरी त्रुटिपूर्ण डिजाइन गर्ने, भेरिएसन विना थप कामको भुक्तानी दिने, निर्माण कार्यको म्याद थप नगर्ने तथा निर्माण कार्य अधुरो राख्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ ।

२७. **सवारीसाधन खरिद** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ को दफा ७० मा नेपाल सरकारबाट स्थानीय तहलाई उपलब्ध गराएको बजेट तथा स्रोतबाट कार्यालयको प्रयोजनको लागि सवारीसाधन खरिद गर्न सकिने छैन भन्ने व्यवस्था छ । गोरखा नगरपालिकाले नेपाल सरकारबाट प्राप्त अनुदान रु.४२ लाख ९४ हजार र आन्तरिक आय रु.१७ लाख समेत रु.५९ लाख ९४ हजार सवारीसाधन खरिदमा प्रयोग गरेको छ । निर्देशिका प्रतिकूल खर्च गरेको देखिएकोले अनियमित देखिन्छ ।

२८. **प्रशासनिक खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐनबमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख

रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले ६० प्रतिशत, पचास लाख रुपैयाँसम्म आम्दानी हुनेले ४० प्रतिशत, एक करोड रुपैयाँसम्म आम्दानी हुनेले ३० प्रतिशत र एक करोड रुपैयाँभन्दा बढी आम्दानी हुने नगरपालिकाले पच्चीस प्रतिशतभन्दा बढी रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ ।

बिराटनगर, पर्सा, भरतपुर र ललितपुर महानगरपालिका जनकपुर, हेटौँडा, बुटवल उपमहानगरपालिका र धनकुटा, लहान, बिदुर, व्यास, सिद्धार्थनगर, भेरी, भिमदत्त नगरपालिका समेत २५ ले प्रशासनिक खर्चको सीमा भन्दा बढी रु.७१ करोड ६५ लाख ५५ हजार खर्च गरेको देखिन्छ ।

२९. **नगर सरसफाइ** – नगर सरसफाइको लागि बिराटनगर महानगरपालिका कार्यालयले ४७ कुचिकार नियुक्ति गरी दर्शैं खर्च र सुविधा समेतमा मासिक रु.१० लाख ७२ हजारले वार्षिक रु.१ करोड ३९ लाख ३८ हजार खर्च गरेको छ भने नगर सरसफाइमा साझेदारी संस्था मार्फत रु.१ करोड २७ लाख खर्च गरेको छ । साझेदारी संस्थाबाट सरसफाइ गरेको अवस्थामा कार्यालयबाट सरसफाइ गर्ने जनशक्ति राखी पारिश्रमिक भुक्तानी गर्नु उपयुक्त होइन ।

३०. **कर वीजक** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले तोकिएबमोजिमको अवस्था बाहेक कुनै सेवा आपूर्ति गर्दा कर वीजक दिनुपर्ने, प्रापकले समेत वीजक लिनुपर्ने र तोकिएको ढाँचामा वीजक जारी गर्नुपर्ने व्यवस्था छ । बिराटनगर महानगरपालिका क्षेत्र भित्रको उत्तरी, मध्य र दक्षिणी क्षेत्रको फोहोर मैला सङ्कलन तथा व्यवस्थापन गर्ने कार्यका लागि १ साझेदारी संस्थासँग ५ वर्षको लागि सेवा आपूर्ति गर्न रु.६ करोड ८४ लाख २३ हजारमा ठेक्का सम्झौता गरेको छ । उक्त संस्थाले तोकिएको ढाँचामा मूल्य अभिवृद्धि कर बीजक जारी नगरेको अवस्थामा रु.१ करोड ३६ लाख ८५ हजार सोझै भुक्तानी दिएकोले मूल्य अभिवृद्धि कर असुल गर्नुपर्दछ ।

३१. **अन्तर विभाग हिसाव** – काठमाडौ महानगरपालिकाले लामो समयदेखि अन्तर विभाग हिसाव समायोजन गरेको छैन । हिसाव मिलान नभएको भनी गत वर्ष रु.२ अर्ब ९ करोड ७ लाख ६५ हजार देखाएकोमा यो वर्ष रु.१ अर्ब ९० करोड ४० लाख १२ हजार देखाएको छ । लामो समयसम्म अन्तर विभाग हिसाव मिलान नहुनु मनासिव होइन । अन्तर विभाग हिसाव समायोजन गरी हिसाव अद्यावधिक गर्नुपर्दछ ।

३२. **नगद तथा बैङ्क मौज्दात** – वासलातमा सबै मौज्दात देखाउनुपर्नेमा काठमाडौ महानगरपालिकाले बैङ्क खाताहरुको मौज्दात रु.६८ करोड ५१ लाख ८५ हजार विगत वर्षदेखि नै वित्तीय विवरणमा समावेश गरेको छैन । सबै प्रकारका बैङ्क मौज्दात वासलातमा देखाउनुपर्दछ ।

३३. **ऋणात्मक जिन्सी सामान मौज्दात** – काठमाडौं महानगरपालिकाले गत वर्ष जिन्सी मौज्दात रु.३ करोड ८० लाख ९४ हजार देखाएकोमा यो वर्ष रु.३ करोड ६१ लाख ४६ हजार ऋणात्मक रहेको देखियो । जिन्सी मौज्दात ऋणात्मक देखाएको सम्बन्धमा छानबिन हुनुपर्दछ ।

३४. **नक्सापास एवं निर्माण सम्पन्न** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९ मा नगरपालिका क्षेत्रमा अनुमति नलिई कसैले पनि भवन निमार्ण गर्न नहुने, दफा १६० मा भवन निर्माण गर्न अनुमति पाएको मितिले दुई वर्षभित्र भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देहायबमोजिम देखिएको छ:

३४.१. काठमाडौं महानगरपालिकाले निजी तथा सामुदायिक भवन निर्माणको स्वीकृति, नक्सा पास र निर्माण सम्पन्न प्रतिवेदन दिने गरेको भए तापनि हालसम्म महानगरपालिका क्षेत्रमा भएका सरकारी, व्यवसायिक तथा व्यक्तिगत घर निर्माणको अभिलेख व्यवस्थित गरी राखेको देखिएन । ऐनअनुसार घर निर्माणको ईजाजत लिएका संस्था एवं व्यक्तिमध्ये निर्माण कार्य शुरु गरेको अभिलेख समेत व्यवस्थित गरेको छैन । निर्माण सम्पन्न गरेकामध्ये निर्माण सम्पन्न प्रमाण पत्र लिने र मापदण्ड विपरीत निर्माण गर्नेको अनुगमन गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

३४.२. विगत केही वर्षदेखि निजी क्षेत्रले व्यवस्थित बसोबासको लागि संयुक्त आवास तथा अपार्टमेन्टहरुको निर्माण कार्य अगाडि बढाएको देखिन्छ । महानगरभित्र निर्माण भइरहेका यस्ता संरचनाको उचित अनुगमन नहुँदा आवासको लागि अनुमति दिएको संरचना व्यापारिक प्रयोजनमा उपयोग हुने र व्यापारिक भवनहरुको लागि चाहिने आवश्यक पूर्वाधार नहुने अवस्था रहन्छ । निर्माण आचारसंहिता कार्यान्वयन गरी भवन निर्माण हुनुपर्दछ ।

३४.३. महानगरपालिकाले २०५६ पछि तथ्याङ्क कम्प्युटर प्रविष्टि गर्ने गरेको, वार्षिक २ हजारदेखि ४ हजार ८०० सम्म नक्सा पास हुने गरेको, मिसिललाई वैज्ञानिक हिसाबले व्यवस्थित गर्न डिजिटाइज गरी राख्न लागिएको हालसम्म ९० हजार डिजिटाइज गरिएको र १२ हजार ५१७ भवन निर्माण सम्पन्न भइसकेको जनाएको छ । आर्थिक वर्ष २०५६ देखि हालसम्म घर नक्सा पास भएको विवरण यसप्रकार छ :



३४.४. विगत १८ वर्षमा ५८ हजार ६१४ नक्सा पास भएकोमा १२ हजार ५१७ भवन (२१.३५ प्रतिशत) निर्माण सम्पन्न भएको र बाँकीको अवस्था महानगरपालिकाले यकिन गरी राखेको देखिएन ।

महानगरपालिकाको तीन वर्षको भवन निर्माण सम्पन्न प्रतिवेदन परीक्षण गर्दा २०७१।७२ मा ४०३, २०७२।७३ मा ३ हजार २२७ र २०७३।७४ मा ३ हजार ३२९ ले मात्र निर्माण सम्पन्न प्रतिवेदन लिएको देखिन्छ ।

३४.५. स्थानीय स्वायत्त शासन ऐन,अनुसार सबै सरकारी कार्यालयले समेत नक्सा पास गराएर मात्र भवन निर्माण गर्नुपर्ने प्रावधान भएकोमा स्थलगत निरीक्षणको क्रममा अधिकाँश सरकारी निकायका नयाँ निर्माणाधीन भवनहरुको नक्सा पास गरेको देखिएन । महानगरपालिकाले नक्सा पास नगरी भवन निर्माण गर्ने संस्थालाई अनुगमन गरी कारबाही गर्नुपर्दछ ।

३४.६. महानगरपालिकामा रहेका घर धनीहरुले नक्सा पास गरे तापनि निर्माण सम्पन्न लिनुपर्ने प्रावधान पूर्णरुपमा कार्यान्वयन नहुँदा मापदण्डअनुसार घर निर्माण भई प्राप्त हुनुपर्ने राजस्व प्राप्त हुन सकेको छैन । अर्कोतर्फ घरधनीहरुको स्वीकृत नक्साभन्दा बढी हुने गरी निर्माण भएका घरहरुको अनुगमन गरी नियमन गर्नुपर्दछ ।

३५. **काठमाडौं भ्यू टावर निर्माण** – महानगरपालिकाको १८ औं नगरपरिषद्ले काठमाडौं महानगरपालिका पुरानो बसपार्कको २३ रोपनी ६ आना जग्गामा २९ तले बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय गरेको थियो । सूचना प्रकाशन गरी प्राप्त प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गरी सबैभन्दा बढी रोयल्टी कबोल गर्ने एक निर्माण व्यवसायीको प्रस्ताव स्वीकृत गर्न मन्त्रालयबाट सहमति प्राप्त गरी २०७१।११।२२ मा दुई पक्षबीच ३ वर्षमा टावर निर्माण कार्य सम्पन्न गर्ने गरी सम्झौता भएको छ । महानगरपालिकाबाट कुनै खर्च नव्यहोर्ने गरी लिज अवधि ३० वर्ष रहेको उक्त टावरको लागत अनुमान रु.३ अर्ब ७५ करोड रहेको र निर्माण सम्पन्न नहुँदासम्म वार्षिक रु.९८ लाख ३३ हजार र निर्माण सम्पन्न पश्चात २७ वर्षसम्म वार्षिक रु.२ करोड ३५ लाखले रु.६६ करोड ४० लाख रोयल्टी बुझाउने र ३० वर्षपछि भवन महानगरपालिकाको स्वामित्वमा आउने गरी आशयपत्र जारी गर्दा २९ तल्लाको भएपनि भूकम्पका कारण १२ तल्ला मात्र नक्सा पास भएको छ । निर्माण व्यवसायीसँग २९ तल्ला बनाउन सम्झौता भएकोले सोबमोजिम स्वीकृति दिन काठमाडौं उपत्यका नगर विकास प्राधिकरण, शहरी विकास मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको र हालसम्म स्वीकृत भइनसकेको जानकारी प्राप्त भएको छ । हाल २९ तल्लाको आधारमा नै रोयल्टी भुक्तानी भएको देखिन्छ । जम्मा पाईलिङ्ग संख्या ९९३ मध्ये २४५ पाइलिङ्गको निर्माण २०७४ आषाढ मसान्तसम्म सम्पन्न भएको जनाएको छ । निर्माण कार्यमा रहेको विवाद समाधान गरिनुपर्दछ ।

३६. **रानीपोखरी पुनः निर्माण** – काठमाडौं महानगरपालिकाले रानीपोखरी पुनः निर्माण गर्न रु.१० करोड १ लाख १७ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र मार्फत एक निर्माण व्यवसायीसँग रु.६ करोड २९ लाख ४

हजारमा सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । सम्झौताअनुसार निर्माण कार्य २०७३।७।३० सम्ममा सम्पन्न गर्ने उल्लेख छ । यसबाट लागत अनुमान तयार गर्न लिएको आधार र निर्माण सम्पन्न गर्न दिएको समयप्रति विश्वस्त हुन सक्ने आधार देखिएन ।

निर्माण व्यवसायीले पोखरी पुनःनिर्माण कार्य शुरु गरे पश्चात पुरातत्व विभाग र राष्ट्रिय पुनःनिर्माण प्राधिकणबाट बाधा अवरोध भएको कारण जनाई २०७३।१०।२५ को बोर्डको निर्णयले २०७४।३।१५ सम्म म्याद थप गरेको देखिन्छ । २०७४।३।१५ सम्म तेस्रो रनिङ्ग बिलसमेतबाट रु.२ करोड ३ लाख ८८ हजार (३२.४१ प्रतिशत) भुक्तानी भएको छ । विद्युत पोल नहटाएको जस्ता कारण देखाई २०७४।१०।३० सम्म म्याद थप माग गरेकोमा नगरपालिकाले कुनै कारबाही गरेको छैन ।

पुरातात्विक महत्वको निर्माण कार्य गर्दा पुरातत्व विभाग र नगरपालिकाबीच समन्वय गरी ठेक्का वन्दोवस्त गर्नुपर्नेमा निर्माण कार्य अनिश्चित बन्न पुगेको छ । हालसम्म निर्माणमा खर्च भएको रकम उपलब्धिविहीन हुन गएको छ ।

काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजना (बनेपा, पनौति र धुलिखेल नगरपालिका)

३७. **मूल्य समायोजन** - बनेपा, पनौती र धुलिखेल नगरपालिकाबाट सञ्चालित काभ्रे उपत्यका एकीकृत खानेपानी आयोजनाले एक निर्माण व्यवसायीलाई मूल्य समायोजन रकम भुक्तानी दिँदा मोविलाइजेसन पेश्की कट्टी पछिको रकमको मात्र भुक्तानी दिनुपर्नेमा मोविलाइजेसन पेश्की कट्टी रकममा समेत मूल्य समायोजन रकम भुक्तानी दिएकोले बढी भुक्तानी भएको मूल्य समायोजन रु.६२ लाख ७४ हजार असुल गर्नुपर्दछ ।

३८. **थप व्ययभार** – सोही आयोजनाले सम्झौताअनुसार निर्माण व्यवसायीलाई मोविलाइजेशन पेश्की ६५ प्रतिशत वैदेशिक मुद्रा (अमेरिकी डलर) र ३५ प्रतिशत नेपाली रुपैयाँमा भुक्तानी गर्ने अवस्था छ । सोअनुसार मोविलाइजेसन पेश्की कट्टा गर्दा ६५ प्रतिशत वैदेशिक मुद्रामा र ३५ प्रतिशत नेपाली रुपैयाँमा कट्टी गर्नुपर्नेमा सबै पेश्की नेपाली मुद्रामा कट्टी गरेको कारण थप व्ययभार परेको रु.५८ लाख १९ हजार असुल हुनुपर्दछ ।

३९. **बढी भुक्तानी** – आयोजनाले निर्माण व्यवसायीलाई १२ औँ रनिङ्ग बिलको भुक्तानी गर्दा नेपाली मुद्रातर्फ रु.५८ करोड ३८ लाख ६५ हजार र विनिमय दरका लागि वैदेशिक मुद्रामा रु.४ करोड ४० लाख ७७ हजार समेत रु.६२ करोड ७९ लाख ४२ हजार भुक्तानी दिनुपर्नेमा रु.६४ करोड २९ लाख १५ हजार भुक्तानी दिएकोले रु.१ करोड ४९ लाख ७३ हजार बढी भुक्तानी रकम असुल गर्नुपर्दछ ।

मध्यौला शहर एकीकृत शहरी वातावरणीय सुधार परियोजना (बिराटनगर महानगरपालिका)

नेपाल सरकार, एसियाली विकास बैङ्क, नगर विकास कोष र बिराटनगर महानगरपालिकाको आर्थिक सहयोगमा शहरी वातावरण सुधार गरी जनताको जीवनस्तरमा सुधार गर्ने उद्देश्यले ८ डिसेम्बर २०१३ देखि २५ मार्च, २०१६ सम्म कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा मे २०१८ सम्म ४ पटक म्याद थप भई परियोजना सञ्चालन हुँदै आएको छ । लक्ष्यबमोजिम हालसम्म वर्षातको पानीको नाला ३३.६५ किलोमिटर, ढल ४२.०८ किलोमिटर, सडक पूर्वाधार १.४४ किलोमिटर, १ ढल प्रशोधन केन्द्र समेत निर्माण भई करिब ७६ प्रतिशत प्रगति भएको छ ।

४०. पूर्वाधार निर्माण कार्यको लागि कूल लागत अनुमान रु.२ अर्ब ९७ करोड ६९ लाख स्वीकृत गरी २५ मे २०१६ मा सम्पन्न गर्ने गरी रु.२ अर्ब ३९ करोड १३ लाख सम्झौता भएकोमा ३ पटकको भेरिएसन आदेश पश्चात् लागत अनुमान १३.८९ प्रतिशत वृद्धि भई रु.३ अर्ब ३९ करोड ३ लाख र सम्झौता रकम २३.६२ प्रतिशत वृद्धि भई रु.२ अर्ब ९५ करोड ६३ लाख कायम भएको देखियो । यो वर्ष २६ औँ आइपिसीसम्म रु.२ अर्ब ४१ करोड ७८ लाख भुक्तानी भएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :

४०.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१)(घ) मा खरिद सम्झौता गर्दाका समयमा पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा कारण खुलाई भेरिएसन आदेश जारी गर्ने व्यवस्था छ । २०७३।७४ सम्म ३ पटकको भेरिएसनबाट वर्षात्को पानी व्यवस्थापन गर्न सडक नालीको काम ३६ किलोमिटर, नाली १.६ किलोमिटर र प्रशारण लाइन जडान कार्य थप गर्नु परेको कारण ६५ किलोमिटर कालोपत्रे गर्ने कार्य घटाई ३ किलोमिटर कायम गरेको देखिन्छ । लागत दरभन्दा बढी कबोल बढी रहेको आईटममा बढी भेरिएसन भएको र नयाँ दर स्वीकृत गरेको कारण ठेक्का रकम रु.२ अर्ब ३९ करोड १४ लाखमा ९.७३ प्रतिशत वृद्धि भई रु.२३ करोड २६

लाख ८७ हजार बढी दायित्व परेको छ । बढी दर कबोल गरेका आईटममा वृद्धि र घटी दर कबोल गरेका आईटम कटौती गर्दा निर्माण व्यवसायीलाई फाइदा पुग्न गएको सम्बन्धमा छानबिन गर्नुपर्दछ ।

४०.२. निर्माण व्यवसायीसँग भएको सम्झौताको बुँदा नं.१२.३(ए) को प्रावधानअनुसार केही आइटममा परिमाण थप घट एवं नयाँ आइटम थप भएको कारण नयाँदर कायम भएको छ । उक्त नयाँदर २०७०।७१ को श्रमिक तथा सामग्रीको दरलाई आधार लिई तयार गरेको छ । सबै नयाँ दर भेरिएसन २ को २६ अप्रिल २०१६ र भेरिएसन ३ को २६ जुन २०१६ मा दर समझदारी भएकोमा मूल्य वृद्धि प्रयोजनको लागि ३, जुलाई २०१३ को दरलाई आधार लिई भुक्तानी दिएकोले नयाँ दर कायम गरेर भुक्तानी दिएपश्चात् उक्त आइटममा मूल्य वृद्धि दिएकोले रु.३ करोड ८३ लाख २ हजार असुल गर्नुपर्दछ ।

४०.३. सम्झौताअनुसार मूल्य वृद्धि रकम भुक्तानी गर्दा आइपिसी रकमलाई मूल्य वृद्धि फ्याक्टरले गुणन गरी हुन आउने रकम खर्च लेख्नुपर्नेमा आइपिसी २४ मा मूल्य वृद्धि भुक्तानी गर्दा ११ र १५ नं. आइपिसीको फरक रकम समावेश भएकोले बढी मूल्य वृद्धि भुक्तानी भएको रु.३२ लाख ५० हजार असुल गर्नुपर्दछ ।

४०.४. आइटम नं.२.४ मा ४ लाख ९८ हजार ३०१ घनमिटर कामको लागि रु.२ करोड ४९ लाख १५ हजार रकम व्यवस्था गरी रु.१ करोड ६८ लाख १९ हजार तथा आइटम नं.२.७ मा ३ लाख ४२ हजार ६४० घनमिटर कामको रु.१ करोड २ लाख ८५ हजार व्यवस्था गरी रु.३७ लाख ६४ हजार भुक्तानी दिएको छ । आइटम नं.२.४ मा ढल खन्दा निस्केका सबै बचत सामग्री व्यवस्थापन गर्ने गरी स्पेसिफिकेशनले तोकेपछि पुनः आईटम २.७ मा समेत बढी सामग्री ढुवानी गरी व्यवस्थापन गरेको भनी भुक्तानी दिएकोमा स्थलगत निरीक्षण गर्दा बढी सामग्री अन्यत्र व्यवस्थापन गरेको देखिएन । व्यवस्थापन गरेकै भएपनि सो कामको भुक्तानी स्पेशिफिकेशनअनुसार आईटम नं.२.४ बाट गरिने भएकोले आइटम नं.२.७ बाट बढी सामान व्यवस्थापन गरेको भनी भुक्तानी गरेको रु.३७ लाख ६४ हजार असुल गरी भुक्तानीको लागि कामको परिमाण मूल्यमा बाँकी रहेको रु.१ करोड २ लाख ८५ हजार भुक्तानी नहुने व्यवस्था गर्नुपर्दछ ।

४०.५. उक्त निर्माण कार्यका प्राविधिक परामर्शदाताको शुरु सम्झौता अवधि ४८ महिना रहेकोमा २६ महिना म्याद थप भएकोले ५४.१६ प्रतिशत समयावधि वृद्धि भएको र परामर्श खर्च शुरु सम्झौतामा ७ करोड १८ लाख १२ हजार भएकोमा २७.९४ प्रतिशत वृद्धि भई ९ करोड १८ लाख ७५ हजार पुगेकोले रु.२ करोड ६ लाख २ हजार बढी दायित्व परेको छ ।

४०.६. परामर्शदाताले यथार्थ लागत अनुमान तयार नगरेको कारण तेस्रो भेरिएशन स्वीकृति हुन ८९ दिन र प्रशोधन केन्द्रमा प्रशारण लाइनको लागत अनुमान स्वीकृतिमा १२० दिन गरी २०९ दिन ठेक्काको म्याद थप गर्नु परेको र परामर्शदाताको समेत म्याद थप गर्नु परेको कारण थप २०९ दिनको प्रतिदिन २५ हजार ३९५ का दरले रु.५३ लाख ७ हजार थप व्ययभार पर्न गएको रकम असुल गर्नुपर्दछ ।

४१. **दायित्व सिर्जना** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० मा चालु वर्षको बजेटले नखाम्ने बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ । भरतपुर महानगरपालिका कार्यालयले यो वर्ष क्रमागत योजना र भुक्तानी दिन बाँकी रु.२३ करोड १३ लाख ८९ हजारको दायित्व सिर्जना गरी भुक्तानी दिन बाँकीको कच्चावारी तयार गरेकोले नियमसम्मत देखिएन ।

४२. **कर असुली** – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) मा स्थानीय निकाय वा नेपाल सरकारले कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल गर्नुपर्ने व्यवस्था रहेको छ भने आयकर ऐन, २०५८ को दफा ८९ मा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । भरतपुर महानगरपालिका कार्यालयले गत विगत वर्षहरुमा सम्झौता गरी सञ्चालनमा रहेका ४ ठेक्कामा कानुनी व्यवस्थाबमोजिम मूल्य अभिवृद्धि कर तथा अग्रिम कर असुल गरेको नदेखिएकोले मूल्य अभिवृद्धि कर रु.८९ लाख ४६ हजार, अग्रिम कर रु.१० लाख ३२ हजारसमेत रु.९९ लाख ७८ हजार असुल गर्नुपर्ने देखिएको छ । ब्यास नगरपालिका कार्यालयले गत विगत वर्षहरुमा सम्झौता गरी सञ्चालनमा रहेका ठेक्कामा कानुनी व्यवस्थाबमोजिम मूल्य अभिवृद्धि कर तथा अग्रिम कर असुल गरेको नदेखिएकोले मूल्य अभिवृद्धि कर रु.१५ लाख २३ हजार र अग्रिम कर रु.१ लाख ७६ हजारसमेत रु.१६ लाख ९९ हजार असुल गर्नुपर्ने देखिएको छ ।

४३. **बहाल कर** – आयकर ऐन, २०५८ को दफा ८८(१) अनुसार वासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ । भरतपुर महानगरपालिकाको स्वामित्वमा

रहेको वडा नं.४ स्थित फलफूल तथा तरकारी थोक बजारमा रहेका ६१ सटर, वडा नं.१६ मा १ सटर र बालकुमारी सब्जीमण्डीको २९ स्टल भाडामा लगाई मासिक रु.९ लाख २७ हजारका दरले २०७३।७४ मा रु.१ करोड ११ लाख २१ हजार असुल गरेकोमा कानुनी व्यवस्थाबमोजिम भाडाकर असुल गरेको नदेखिएकोले १० प्रतिशतले हुने रु.११ लाख १२ हजार असुल गर्नुपर्दछ ।

४४. **निर्णय विपरीत खरिद** – फोहोर सङ्कलन तथा बिसर्जनका लागि २०७३।३।१३ मा बोलपत्र आह्वान गरेकोमा ५ सेवा प्रदायक संस्था सहभागी भएको देखिन्छ । सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत भरतपुर महानगरपालिका, वडा नं. १ देखि ६ सम्म र वडा नं. ७ देखि १२ सम्मको फोहोर मैला व्यवस्थापन तथा सेवा शुल्क सङ्कलन गर्ने कार्यका लागि भएको बोलपत्र मूल्याङ्कनमा एक प्राविधिकले कुनै पनि संस्था प्राविधिक रुपमा योग्य नभएकोले सबै प्रस्ताव खारेज गर्नुपर्ने राय दिएकोमा पुनः सोही प्राविधिकले प्रस्ताव योग्य भएको भनी दिएको प्रतिवेदनको आधारमा ४ वर्षको लागि छनौट गरी रु.२, करोड ६६ लाख २१ हजारको सम्झौता गरेको छ । एउटै प्राविधिकले २ फरक फरक मूल्याङ्कन प्रतिवेदन दिएको देखिएकोले सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाइनुपर्दछ ।

४५. **दाखिला गर्न बाँकी दायित्व** – आयकर ऐन, २०५८ को दफा ९० मा दफा ८८ र ८९ अनुसार कट्टी गरेको रकम २५ दिनभित्र दाखिला गर्नुपर्ने व्यवस्था छ । माडी नगरपालिकाको कार्यालयले कट्टी गरेको कर्मचारी सञ्चयकोष, बीमा कोष, अग्रिम कर, सामाजिक सुरक्षा कर लगायत रु.२० लाख ४३ हजार लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको नदेखिएकोले कट्टी रकम दाखिला नगर्ने सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई अविलम्ब दाखिला गर्नुपर्ने देखिएको छ ।

४६. **नगद मौज्दात** – आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १३(४) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला गर्नुपर्ने व्यवस्था छ । आँबुखैरेनी गाउँपालिकाले यो वर्ष रु.४९ लाख १२ हजार आन्तरिक आम्दानी गरेकोमा रु.४९ करोड १२ लाख नगद मौज्दात देखाएको छ । नगद मौज्दातमध्ये लेखापरीक्षणको क्रममा रु.२२ लाख ७१ हजार बैङ्क दाखिला भई रु.२६ लाख ४१ हजार नगद बाँकी देखिएको रकम दाखिला गर्नुपर्दछ ।

४७. **घटी जिम्मेवारी** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा कारोबारको लेखा राख्ने व्यवस्था छ । साविक बन्दीपुर नगरपालिकाबाट गाउँपालिकामा रु.३१ लाख ३९ हजार जिम्मेवारी सार्नुपर्नेमा रु.१८ लाख ४५ हजार जिम्मेवारी सारेकोले घटी जिम्मेवारी सारेको रु.१२ लाख ९४ हजार सम्बन्धमा छानबिन गरी असुल गर्नुपर्दछ ।

४८. **मनोरञ्जन कर** – ललितपुर महानगरपालिकको लगत अनुसार २०७०।७१ सम्ममा गुण सिनेमा प्राइभेट लिमिटेडले जरिवाना सहित रु.१ करोड ७ लाख ८ हजार तिर्नुपर्ने भए तापनि २०५५।५६ देखि घरजग्गा र मनोरञ्जन कर तिरेको पाइएन । उक्त प्राइभेट लिमिटेडले आफ्नो स्थापना कालदेखि नै मनोरञ्जन कर तिरेको छैन । यसमा छानबिन गरी असुली गर्नुपर्ने रकम यकिन गरी ब्याज सहित असुल गर्नुपर्दछ ।

४९. **घर जग्गा कर** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद १० तथा नियमावली, २०५६ को नियम १६५ को अधीनमा रही कर नतिर्ने करदाताको चल अचल सम्पत्तिको स्वामित्व हस्तान्तरणमा रोक्का गर्ने, व्यवसायमा सिलबन्दी र तालाबन्दी गर्ने समेतको अधिकार छ । ललितपुर महानगरपालिकाले यस आर्थिक वर्षमा उठाउन बाँकी बक्यौताको लगत तयार गरी सोही अनुसारको एकीकृत सम्पत्ति कर असुल गर्नुपर्नेमा सोको लगत तयार गरेको देखिएन । महानगरपालिकाले घरजग्गा कर सम्बन्धी लगत स्थलगत निरीक्षण गरी अद्यावधिक नराखेकोले घरजग्गा बापतको बक्यौताका सम्बन्धमा यकिन हुन सकिएन । नमूना परीक्षणको क्रममा १९ ठूला करदातासँग विगतका वर्षदेखिनै कर असुली हुन बाँकी रहेको पाइयो । यस सम्बन्धमा छानबिन गरी घरजग्गा कर असुल गर्नुपर्दछ ।

५०. **पूँजीगतबाट चालु खर्च** – स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ मा पूँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ । ललितपुर महानगरपालिकाको कार्यालयले यो वर्ष परिषद्बाट पारित गराई रु.८ करोड १७ लाख ७९ हजार चालु खर्च पूँजीगत बजेटमा समावेश गरी बजेट खर्च लेखेको नियमसम्मत देखिएन । चालु प्रकृतिका खर्च चालु बजेट शीर्षकमा समावेश गरी बजेट खर्च लेख्नुपर्दछ ।

- **बेरुजू स्थिति** - २०७४ आषाढ मसान्तमा कायम ७४४ स्थानीय तहमध्ये ७३८ को रु १ खर्व ८० अर्व ३१ करोडको लेखापरीक्षण सम्पन्न भएकोमा रु.१४ अर्व २५ करोड (औसतमा ७.९० प्रतिशत) बेरुजू देखिएको छ । उक्त बेरुजूमध्ये असुल गर्नुपर्ने रु ७० करोड, अनियमित रु ७अर्व ४६ करोड, पेस्की बाँकी रु.६ अर्ब ७ करोड देखिएको छ । यससम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ:

(रु. हजारमा)

प्रदेश नम्बर	स्थानीय तह संख्या	लेखापरीक्षण अंक	बेरुजू	वेरुजुबर्गिकरण			लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू प्रतिशत
				असुल गर्नुपर्ने	अनियमित	पेस्की बाँकी	
प्रदेश नं.१	१३७	३८९३१०४२	२२०६१५५	१५४६४६	१३७०९६६	६८०५४३	५.६७
प्रदेश नं.२	१२१	२६५८६२९९	३५२८८१७	१५६६७७	१६११६४९	१७६०४९१	१३.२७
प्रदेश नं.३	११९	४०४९५३१७	४५३२७६४	१६८८५५	३०३३३२३	१३३०५८६	११.१९
प्रदेश नं.४	८५	१७६४४५८६	८८९६८०	८४१८३	४०४८०९	४००६८८	५.०४
प्रदेश नं.५	१०९	२८२८७६३९	१९२६५५६	७४०७९	३९८८९२	१४५३५८५	६.८१
प्रदेश नं.६	७९	१११४४८१६	५२८२०८	२८४९५	३१५३८५	१८४३२८	४.७४
प्रदेश नं.७	८८	१७२२३०२५	६३३७७९	३५४१८	३३४४३९	२६३९२२	३.६८
जम्मा	**७३८**	**१८०३१२७२४**	**१४२४५९५९**	**७०२३५३**	**७४६९४६३**	**६०७४१४३**	**७.९०**

लेखापरीक्षण अंक सबैभन्दा बढी प्रदेश नं.३ का स्थानीयतहमा रु.४० अर्व ४९ करोड रहेको छ भने सबैभन्दा कम प्रदेश नं. ६ का स्थानीय तहमा रु.११ अर्ब १४ करोड रहेको छ । बेरुजूको तुलनामा सबैभन्दा घटी प्रदेश नं ७ का स्थानीय तहमा औसत ३.६८ र सबैभन्दा बढी प्रदेश नं २ का स्थानीय तहमा औसत १३.२७ प्रतिशत रहेको छ ।

परिच्छेद ४
सुधारका क्षेत्रहरु

१. **बजेट तथा खर्च व्यवस्थापन -** बजेट तर्जुमा, कार्यान्वयन, नियन्त्रण, अनुगमन मूल्याङ्कन, वैदेशिक सहायता परिचालन र खर्च व्यवस्थापन सम्बन्धमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

१.१ प्राविधिक, वस्तुगतलगायतका सबै प्रकारका वैदेशिक सहायता बजेटमा समावेश गरी पारदर्शी बनाउनुपर्दछ ।

१.२ वैदेशिक सहायताबाट सञ्चालन हुने आयोजनामा सहायता प्राप्त हुने यकिन भएपछि मात्र बजेटमा समावेश गर्ने व्यवस्था हुनुपर्दछ ।

१.३ ऐन, नियममा भएका प्रावधानविपरीत बजेट विनियोजन गर्ने, सम्बन्धित कार्यक्रम र शीर्षकमा विनियोजन नै नगर्ने वा कम विनियोजन गरी अर्थ विविध शीर्षकबाट अर्थ मन्त्रालयको निर्णयले रकमान्तर गरी ठूलो रकम निकासा दिने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१.४ बजेट खर्च हुन नसक्ने अवस्थामा खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा ट्रान्सफर गर्ने परिपाटीको अन्त्य हुनुपर्दछ ।

१.५ वैदेशिक स्रोततर्फ बजेट व्यवस्था गरिएका योजना तथा कार्यक्रमको शोधभर्ना समयमा नहुँदा सरकारी कोषमा परेको व्ययभार नियन्त्रण गर्न तोकिएको समयमा ऋण तथा अनुदानको शोधभर्ना नलिने सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्दछ ।

१.६ स्वीकृत बजेट र सम्बन्धित खर्च शीर्षकमा परेको रकममात्र खर्च गर्नुपर्नेमा विनियोजित बजेटभन्दा बढी खर्च गर्ने, कानुनमा व्यवस्था नै नभएको र संसदले पारित गरेको विनियोजनमा नपरेका सेवा वा कार्यमा स्रोत सुनिश्चितता एवं कार्यक्रम स्वीकृत नगरी बजेट सिद्धान्तविपरीत खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१.७ बजेटबाट लाभग्राहीले अपनत्व लिन सक्ने एवं नतिजामा आधारित यथार्थपरक विनियोजन गरी कार्यक्रम र उपलब्धिबीच अन्तरसम्बन्ध कायम गर्नुपर्दछ ।

१.८ कार्यतालिकाअनुसार काम गराउने पद्धति विकास गरी वर्षान्तमा रकमान्तर एवं अत्यधिक खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१.९ बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ ।

१.१० चालुखर्च नियन्त्रण गर्न मितव्ययितासम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागू गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, योगदानमा आधारित निवृत्तिभरण व्यवस्था कार्यान्वयनमा ल्याउने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ ।

१.११ बजेट सिद्धान्तविपरीत कोष खडा गरी खर्च गर्ने व्यवस्था नियन्त्रण गर्ने र कतिपय कोष उद्देश्यअनुरुप सञ्चालन नभएकाले ती कोषमा रहेको बचत रकम सञ्चितकोष दाखिला हुनुपर्दछ ।

१.१२ सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **विकास निर्माण तथा आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कनलगायत विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

२.१ सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन, ड्रइङ, डिजाइन तथा लागत अनुमान तयारीपश्चात् कार्यक्रम स्वीकृति तथा बजेट व्यवस्थापन गरी आयोजना कार्यान्वयन गर्नुपर्नेमा कतिपय योजनाको हकमा बजेट विनियोजन भै सकेपछि अन्य प्रक्रिया पूरा गर्ने अभ्यास देखिएकोले यसलाई नियन्त्रण गर्नुपर्दछ ।

२.२ विस्तृत सर्वेक्षण गरी कार्यस्थलको अवस्थालाई मध्यनजर राख्दै यथार्थपरक ढङ्गले ड्रइङ, डिजाइन तथा लागत अनुमान तयार गर्नुपर्दछ ।

२.३ वातावरणीय प्रभाव अध्ययनबेगर कार्यस्थलको छनौट एवं उपलब्ध गराउनुपर्ने सेवा सुविधाको व्यवस्था नगरी आयोजना कार्यान्वयन गरिँदा आयोजना सम्पन्न गर्न ढिलाइ भई रहेकोले उक्त प्रक्रिया पूरा गरी योजना कार्यान्वयन गर्नुपर्दछ ।

२.४ लागत लाभ विश्लेषणमार्फत योजनाको प्राथमिकीकरण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । दबाब, पहुँच र प्रभावको आधारमा विकास आयोजनाहरुको स्वीकृति, रेखाङ्कन र स्वरुपमा परिवर्तन गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२.५ विकास आयोजनामा जग्गा प्राप्ति सम्बन्धमा देखिएका अवरोधलाई निराकरण गर्न कानुनमा सुधार गर्नुपर्दछ ।

२.६ कतिपय कार्यक्रममा बिनियोजित बजेटको तुलनामा योजनाको संख्या बढी हुँदा न्यून बजेट विनियोजन भई योजना सम्पन्न गर्ने अवधि बढ्न जाने तथा प्रतिफल प्राप्तिमा ढिलाइ हुने अवस्था विद्यमान रहेकाले उपलब्ध साधन स्रोतले धान्ने संख्यामा योजना छनौट गरिनुपर्दछ । राष्ट्रिय गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनालाई बजेटको कमी हुन नदिनेतर्फ ध्यान दिनुपर्दछ ।

२.७ आयोजना प्रमुखसँग कार्यसम्पादन सम्झौता गरी पदस्थापन गर्ने र कार्य प्रगति तथा लक्ष्य प्राप्ति प्रति जिम्मेवार बनाउनुपर्दछ ।

२.८ आवधिक योजना, बजेट तथा कार्यक्रमबीच तालमेल नहुँदा योजनाहरु प्रत्येक वर्ष घटबढ भैरहेको अवस्थालाई निराकरण गर्ने, योजना, कार्यक्रम र बजेटबीच तालमेल हुने गरी सम्बन्ध स्थापित गर्नुपर्दछ ।

२.९ विभागीय जनशक्तिबाट गर्न सक्ने कामको लागि समेत परामर्शदाता राख्ने, निर्माण खर्चको तुलनामा परामर्श सेवामा अत्याधिक खर्च गर्ने, आयोजनाको बजेटबाट मापदण्डबेगर कन्टिन्जेन्सी खर्च गर्ने, निर्माण ठेक्कामा इन्जिनियरिङ सुविधाको लागि सवारीसाधन लगायतको व्यवस्था गर्ने परिपाटीलाई कडाइका साथ नियन्त्रण गर्नुपर्दछ ।

२.१० राष्ट्रिय गौरवका आयोजना तोक्ने सूचकाङ्क निश्चित गर्ने, अन्तर्रनिकाय समन्वय गर्ने, आयोजना कार्यान्वयनको लागि उच्चस्तरको व्यवस्थापकीय र प्राविधिक कौशलयुक्त जनशक्ति व्यवस्था गरी निरन्तरता दिने, सम्झौता बमोजिम निर्माणस्थलमा उपकरण र जनशक्ति परिचालन गर्ने र नतिजामुखी कार्यसम्पादन सूचकको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२.११ संघीय शासन व्यवस्था लागू भएपछि संघ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रअनुसारको विभिन्न तहका सरकारले गर्ने विकास कार्यक्रमको निर्धारण एवं हस्तान्तरण गर्नुपर्दछ ।

३. **सार्वजनिक खरिद व्यवस्थापन -** ठेक्का व्यवस्थापन, कार्यान्वयन, कार्यतालिका, म्याद थप, भेरिएसन, मूल्य समायोजन, निर्माण कार्यको गुणस्तरलगायतका विषयमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ :

३.१ प्रचलित ठेक्का सम्झौतामा म्याद थप सम्बन्धमा कुनै सिमितता नरहेको कारण लामो अवधिसम्म म्याद थप गर्ने गरेको पाइन्छ । अभिलेख व्यवस्थापन र ठेक्का व्यवस्थापनमा सुधार गरी कार्यालय वा निर्माण व्यवसायीमध्ये जसको ढिलाइबाट समयमा कार्य नभएको हो सो सम्बन्धमा यकिनपश्चात् मात्र म्याद थप गर्नुपर्दछ ।

३.२ हेभी मेसिन तथा उपकरण आवश्यक पर्ने र जटिल प्रकृतिका काम उपभोक्ता समितिबाट गराउन नमिल्ने व्यवस्था भए पनि सो व्यवस्थाको पालना भएको नदेखिएको तथा उपभोक्ता समितिले काम लिई निर्माण व्यवसायीमार्फत गराउने परिपाटी उपर नियन्त्रण गर्नुपर्दछ ।

३.३ ठेक्का सम्झौतामा उल्लेख गरिएअनुसार तोकिएको समयावधिभित्र कार्य सम्पन्न नगर्ने, कार्यतालिका अद्यावधिक नगर्ने, म्याद थप गर्नुपर्ने आकस्मिक घटनाको पूर्वजानकारी नदिने निर्माण व्यवसायीलाई मूल्य समायोजन भुक्तानी दिने कार्य बन्द गर्नुपर्दछ । साथै आयोजना तथा कार्यालयले निर्माण व्यवसायीले काम गरेको तथा नगरेको अवधि, प्रयोग गरेका उपकरण, मेसिन तथा जनशक्तिको समेत अभिलेख राखी अनुगमन, सुपरिवेक्षण गर्नुपर्दछ ।

३.४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९५ ले सेवा करारमा राख्न सकिने व्यवस्था गरेपनि सो बमोजिम खरिद प्रक्रिया अवलम्बन गरी कर्मचारी राख्ने गरेको देखिँदैन । व्यक्तिगतरुपमा करारमा कर्मचारी भर्ना गर्ने परिपाटी बढेकोले यसलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ । करारमा प्रदान गरिने सेवा सुविधामा विविधता रहेकोले यससम्बन्धी मापदण्ड तयार गर्नुपर्ने देखिन्छ ।

३.५ विद्युतीय प्रणालीबाट बोलपत्र पेस गर्ने व्यवस्था लागू भइसकेको अवस्थामा गैरविद्युतीय बोलपत्रसमेत पेस गर्न सक्ने व्यवस्थाबाट विद्युतीय खरिद प्रणाली पूर्णरुपमा लागू गर्न कठिन भएकोले विद्युतीय प्रक्रियालाई अनिवार्य गर्नुपर्दछ । साथै सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली लागू गर्नुपर्दछ ।

३.६ समयमा ठेक्का व्यवस्थापन नगर्ने, सोझै खरिद गर्ने, ठेक्का सम्झौता तथा सार्वजनिक खरिद ऐन, नियम अनुसार गुणस्तर परीक्षण तथा समग्र गुणस्तर व्यवस्थापन नगरी काम गराउने र भुक्तानी दिने आयोजना प्रमुखलाई जिम्मेवार बनाई कारबाही गर्नुपर्दछ ।

३.७ सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुन तथा सम्झौताअनुसार समयमा काम शुरु नगर्ने, ठेक्काको प्रगति सन्तोषजनक रुपले नगर्ने, बीचमा ठेक्का छोड्ने र तोकिएको समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीको कार्य सम्पादन जमानी जफत गर्ने, ठेक्का तोड्ने, कालोसूचीमा राख्ने, धरौटी जफत गर्ने र अधुरो कार्य पूरा गराउन आवश्यक पर्ने रकमसमेत असुल गर्ने व्यवस्थाको अनिवार्य कार्यान्वयन गर्नुपर्दछ ।

३.८ खरिद सम्झौताबमोजिम कार्य गराउँदा निर्माण सामग्रीको व्यवस्थापन, निर्माणस्थलमा सर्वसाधारणलाई परेको अप्ठ्यारोहरु जस्तै सडक वरिपरि गिट्टी, बालुवा थुपार्ने, सडकमा खाल्डा खुल्डी नपुर्ने, धूलो, धूवाँको व्यवस्थापनको लागि उचित सर्तकता नअपनाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३.९ मूल्य समायोजनसम्बन्धी सूत्रको संरचना, आधारमूल्यको सूचकाङ्क, पेस्की कट्टा गर्ने व्यवस्था, ठेक्काको काम समयमा सम्पादन नहुँदा मूल्य समायोजन दिने नदिने, डिजाइन एण्ड बिल्टलगायत एकमुष्ट रकम भुक्तानी हुने ठेक्काको मूल्य समायोजन सम्बन्धमा स्पष्टता नभएकोले स्पष्ट निर्देशिका तयार पारी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३.१० स्पेसिफिकेसन तथा मूल्याङ्कनका आधार तय गर्दा निश्चित निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र मिल्ने ढङ्गले तयार गरेका कारण प्रतिस्पर्धा सीमित भई खर्चमा मितव्ययिता आउन नसकेको अवस्था छ । यसलाई निराकरण गर्न कानुनको पालनामा ध्यान दिनुपर्दछ ।

३.११ सडक विभागबाट अधिकांश पुल डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट ठेक्का व्यवस्थापन गरेको छ । यस्तो खरिद प्रक्रिया सम्बन्धमा खरिद ऐन नियमावलीमा स्पष्टता रहेको पाइएन । यो व्यवस्थाअर्न्तगत खरिद सम्झौता भै सकेपछि डिजाइन तयारी तथा स्वीकृतिको काम गरिने र निर्माण व्यवसायीको मुनाफालाई ध्यान दिई न्यून गुणस्तर तथा कम लागतको डिजाइन पेस गर्ने अवस्था रहन्छ । फलस्वरुप डिजाइन स्वीकृत गर्ने क्रममा निर्माण व्यवसायी र सार्वजनिक निकायका पदाधिकारीबीच मतभेद र नेगोसिएसनको अवस्था सिर्जना हुने देखिएकोले यसबाट हुने फाइदा बेफाइदा सम्बन्धमा स्वतन्त्र अध्ययनपश्चात्मात्र यो प्रक्रियाको अवलम्बन गर्नुपर्दछ ।

३.१२ सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाए पनि पालना गरेको देखिँदैन । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्श सेवा र डिजाइन एण्ड बिल्ट प्रक्रियाबाट गरिने खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

३.१३ सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको नमूना बोलपत्रसम्बन्धी कागजात उल्लिखित निर्माण व्यवसायीको आर्थिक कारोबार र सामान्य तथा विशेष अनुभवको आधारमा लागत अनुमानको अङ्क यकिन गर्न सकिने अनुमान छ । यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २८(३) मा संयुक्त उपक्रमहरुको योग्यताको आधार उल्लेख छ । तर स्ट्याण्डर्ड बिडिङ डकुमेन्टमा संयुक्त उपक्रममध्ये कुनै एकको तोकिएको योग्यता भएमा भाग लिन योग्य हुने व्यवस्था छ । सो व्यवस्थापनमा परिमार्जन गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व चुहावट नियन्त्रण -** राजस्व सङ्कलन बढ्दै गए पनि राजस्वको प्रक्षेपण र कुल ग्रार्हस्थ्य उत्पादन तथा राजस्वबीच प्रष्ट अन्तरसम्बन्ध स्थापित हुनुपर्नेमा सो नदेखिएको, कर लाग्ने कारोबार गर्ने सबै करदातालाई करको दायरामा ल्याउन नसकेको, कर परिपालना, कर उपलब्धि र अनुगमनमा कमी कमजोरी रहेकोले राजस्व चुहावट नियन्त्रण सम्बन्धमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

४.१ राजस्व प्रक्षेपणलाई वैज्ञानिक एवं पारदर्शी बनाउने र कर सम्बन्धी कानुनलाई समय सापेक्ष बनाउनुपर्ने देखिन्छ ।

४.२ स्थायी संस्थापन, मूल्य हस्तान्तरण, बौद्धिक सम्पत्ति, दोहोरो कर मुक्ति सम्झौता र कर मुक्तिको योजना लगायतका विषयमा थप स्पष्टता ल्याउने गरी निर्देशिका बनाउनुपर्ने, परिमार्जन एवं कार्यान्वयनको माध्यमबाट कर चुहावटको जोखिमलाई न्यूनीकरण गर्न प्रभावकारी उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

४.३ करदाताहरुको व्यवसायिक लागत घटाई गुणात्मक सेवा प्रदान गर्ने र कर कानुनको पालना गराई कर सहभागिता वृद्धि गर्ने, करदाता वर्गीकरण गरी समान आयलाई समान करको अवधारणा कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४.४ आयात, निर्यात, घरजग्गा, वस्तु तथा सेवा बिक्रीमा न्यून बीजकीकरण वा न्यून मूल्याङ्कन रहेकोले नियन्त्रण गर्न अन्तरनिकाय सूचना आदान प्रदान एवं नियमन र कर सूचना व्यवस्थापन प्रणाली स्थापना गरी चुहावट नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

४.५ पेसा तथा व्यवसायसँग सम्बन्धित सबैलाई स्थाई लेखा नम्बर प्रदान गर्ने र निश्चित रकमभन्दा बढीको शेयर, घरजग्गा तथा सम्पत्ति खरिद गर्दा आय विवरण पेस गरी कर चुक्ता भएको प्रमाण प्रस्तुत गर्ने व्यवस्था लागू गर्नुपर्दछ ।

४.६ भन्सार मूल्याङ्कनलाई यथार्थपरक बनाई सूचना प्रविधिमार्फत सबै नियमनकारी निकायमा अन्तर आवद्धता गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्ने देखिएको छ ।

४.७ राजस्व छुटको अभिलेखिकरण एवं छुटको कारण गुमेको राजस्व सम्बन्धमा संसदसमक्ष प्रतिवेदन गर्ने व्यवस्था मिलाउनुपर्दछ । जुन प्रयोजनको लागि राजस्व छुट दिएको हो सोही प्रयोजनमा प्रयोग भएको सुनिश्चित गर्न राजस्व छुटको प्रभाव मूल्याङ्कन गर्ने, प्रभावकारी अनुगमन सयन्त्र खडा हुनुपर्ने र राजस्व छुट दिने व्यवस्थाको पुनरावलोकन गर्नुपर्दछ ।

४.८ मोवाइल, घ्यू, तेल, चिनीलगायत कतिपय वस्तुमा उपभोक्ताबाट सङ्कलन भएको मूल्य अभिवृद्धि कर व्यवसायीलाई फिर्ता दिने व्यवस्था मूल्य अभिवृद्धि करको सिद्धान्तविपरीत रहेकोले पुनरावलोकन गर्नुपर्दछ ।

४.९ मूल्य अभिवृद्धि कर तर्फ बिल बीजक जारी नगर्ने, घटी मूल्यको बीजक जारी गर्ने, मूल्य अभिवृद्धि कर विवरण नबुझाउने, कारोबार नभएको विवरण बुझाउने, सरकारसँग लिनुपर्ने (क्रेडिट) विवरण बुझाउनेको संख्या अधिक रहेको र सरकारलाई बुझाउनुपर्ने (डेबिट) विवरण बुझाउनेको संख्या न्यून रहेकोले मूल्य अभिवृद्धि कर कार्यान्वयन प्रभावकारी नभएको अवस्थालाई संकेत गर्दछ । मूल्य अभिवृद्धि करको दायरा विस्तार हुँदै गएको र उपभोक्ताबाट सङ्कलन भएको मूल्य अभिवृद्धि करसमेत राज्यलाई नबुझाउने स्थितिलाई निराकरण गर्न कर विवरण र कर सङ्कलनबीच अन्तरसम्बन्ध स्थापित गर्नुपर्दछ । साथै बजार सर्वेक्षण तथा अनुगमन, मौज्दात परीक्षण, बिलिङ इन्फोर्समेन्टलगायतका नियन्त्रणात्मक कार्यविधि अवलम्बन गर्नुपर्दछ ।

४.१० कर परीक्षणको गुणस्तर अभिवृद्धि गर्न कर प्रशासनमा संलग्न जनशक्तिको क्षमता विकास, जोखिम सूचकको आवधिक पुनरावलोकन गरी निश्चित अवधिमा सबै जोखिमयुक्त करदाता छनौट हुने पद्धतिको अवलम्बन एवं अनुगमन गरी उचित कर निर्धारण (Fair Taxation) को अवधारण कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४.११ कर निर्धारणपश्चात् लामो समय बक्यौता रहने, विवाद सिर्जना भई मुद्दा मामिला हुँदा राजस्व सङ्कलनमा नकारात्मक असर परेको छ । विवादलाई समयमा नै निरुपण गर्ने एवं विवाद सिर्जना हुने विषयहरुलाई कानुनी रुपमा स्पष्ट गर्ने र सबै कानुनी उपाय अवलम्बन गदै कडाइका साथ राजस्व बक्यौता असुली गर्नुपर्दछ ।

४.१२ ऐन, कानुनमा कर प्रयोजनको लागि ऋणपुँजी अनुपात निर्धारण नभएको कारण पुँजीको तुलनामा कयौ गुणा बढी ऋण लिएर ब्याज खर्च दाबी गर्दा कर दायित्वमा असर परेको तथा ऋण लिएर व्यवसायमा प्रयोग नगरी अन्य प्रयोजनमा प्रयोग गर्ने गरेको अवस्था छ । कर प्रयोजनको लागि ऋण पुँजीको अनुपात निर्धारण गर्ने अर्न्तराष्ट्रिय अभ्यासको अध्ययन एवं अनुसरण गरी अन्य कार्यमा ऋणको प्रयोग गर्ने कार्यलाई कडाइका साथ नियन्त्रण गर्नुपर्दछ ।

४.१३ कर लेखापरीक्षकले न्यूनत्तम रुपमा भिडान गर्नुपर्ने, यकिन गर्नुपर्ने र प्रमाणित गर्नुपर्ने विषय नतोकेकोले लेखापरीक्षकले गलत लेखा प्रमाणित गर्ने, फरक फरक वित्तीय विवरण प्रमाणित गर्ने जोखिम रहन गई कर दायित्वमा असर परेको छ । यस सम्बन्धमा अनुगमन गरी पेसागत दायित्व पालना नगर्ने कर लेखापरीक्षकलाई जिम्मेवार बनाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ । साथै व्यवसायीले पनि फरक फरक प्रयोजनका लागि फरक लेखा राखी वित्तीय विवरण तयार गर्ने उपर अनुसन्धान गरी कारबाही गर्नुपर्दछ ।

४.१४ कर छुट पाएका संस्थाले करयोग्य कारोबार गरे पनि कर नतिर्ने, निःशुल्क रुपमा सञ्चालक सापटी लेनदेन गर्ने, बैङ्कमार्फत कारोबार नगर्ने र व्यवसायमा प्राप्त सापटीको स्रोतको पुष्टयाई नहुने, सम्बद्ध कारोबारको खुलासा र यसबाट कर दायित्वमा परेको असर मूल्याङ्कन नहुने, बैङ्कबाट लिएको ऋणलाई प्रतिफलविहीन क्षेत्रमा लगानी गर्ने वा सापटी दिने, प्रतिलब्धि दर घटी देखाउने, कानुनबमोजिम लाग्ने हवाई यातायात कर असुल नगर्ने लगायतको कारणबाट राजस्व चुहावट भएको स्थितिलाई निराकरण गर्नुपर्ने देखिएको छ ।

४.१५ कानुनबमोजिम मूल्य अभिवृद्धि कर सङ्कलन गर्नुपर्ने धितोपत्र दलाल, कमोडिटी मार्केट, मर्चेन्ट बैङ्क, मनी ट्रान्सफर व्यवसायी, विद्यालयबाट सञ्चालित होस्टेल क्याफ्टेरिया र गैरसरकारी संस्थाले समेत करयोग्य कारोबार गर्दा मूल्य अभिवृद्धि कर सङ्कलन गर्ने नगरेको स्थितिलाई अन्त्य गर्न कानुनी व्यवस्थाको कडाइका साथ पालना गरी मूल्य अभिवृद्धि कर सङ्कलन गरिनुपर्दछ ।

४.१६ विद्युतीय माध्यमबाट हुने कारोबारमा बढोत्तरी हुँदै गएको र त्यस्तो व्यापार व्यवसायलाई भन्सार तथा करको दायरामा ल्याउन सकेको छैन । हाल यस प्रकारको व्यापार बढ्दै गएको सन्दर्भमा विद्युतीय व्यापारसम्बन्धी कानुनी व्यवस्था गरी करको दायरामा ल्याउनुपर्दछ ।

४.१७ आयकर ऐन, २०५८, औद्योगिक व्यवसाय ऐन, २०७३, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, सहकारी ऐन, २०७४, विद्युत ऐन, २०४९, वीमा ऐन, २०४० र बैङ्क तथा वित्तीय संस्था ऐन, २०७३ मा करको दर, छुटसम्बन्धी व्यवस्था, सहुलियत सम्बन्धमा फरक फरक व्यवस्था रहेकोले एकरुपता ल्याउनुपर्दछ ।

४.१८ पैत्रिकलगायत सम्पत्ति प्राप्त गर्दा निश्चित प्रतिशत कर लगाई सम्पतिको अभिलेखाङ्कन गर्ने र करमा प्रगतिशील दर कायम गर्नुपर्दछ ।

४.१९ विशेष किसिमका वस्तु तथा सेवा, मानव स्वास्थ्य र वातावरणलाई प्रतिकूल असर पार्ने क्षेत्रमा अन्तःशुल्क तथा अनुत्पादक तथा विलासिताका वस्तुहरुको आयात र उपभोगलाई व्यवस्थित गर्ने तथा कर लगाउने सम्बन्धमा अध्ययन गरी यकिन गर्नुपर्दछ ।

४.२० अन्तःशुल्क प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाउनुपर्ने, मदिरा तथा बियर उद्योगमा लागू भएको फ्लोमिटरको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४.२१ गैरकरका दर लामो समयदेखि पुनरावलोकन नगरेकोले सेवा प्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई मध्यनजर राखी कर दरहरु समसामयिक बनाउनुपर्दछ ।

५. **सार्वजनिक सम्पत्तिको उपयोग र संरक्षण -** नेपाल सरकार, संगठित संस्था तथा स्थानीय तहको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, उपयोग र संरक्षणमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छ ।

५.१ आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार खर्च भएर नजाने सम्पत्तिको अभिलेख राखी संरक्षण र उपयोग गर्ने एवं मर्मत सम्भारको व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

५.२ लिलामी गर्नुपर्ने सामानहरुको जिल्लागत विवरण तयार गरी एकीकृत ढङ्गबाट लिलामी बिक्रीसम्बन्धी कारबाही हुनुपर्दछ ।

५.३ सरकारी तथा सार्वजनिक घर/जग्गा, भवन र सवारीसाधनको निकायगत एवं केन्द्रीय एकीकृत लगत राख्ने व्यवस्था मिलाउनुपर्दछ ।

५.४ सरकारको शेयर ऋणको अभिलेख व्यवस्थित राखी त्यसको प्रतिफल तथा साँवा ब्याज असुलीमा पर्याप्त ध्यान दिनुपर्दछ ।

५.५ सरकारी जग्गा तथा वन क्षेत्रको लिज, उपयोग, भोगाधिकार दिने तथा स्रोत साधनको अनियन्त्रित दोहनलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन गर्नुपर्दछ ।

५.६ खानी उत्खनन, विद्युत उत्पादनको अनुमति, नविकरण, एवं उत्पादन अनुगमनको व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५.७ सार्वजनिक मठ, मन्दिर, देबालय, गुम्बा, तीर्थस्थललगायतमा दर्शनार्थीबाट चढाउने भेटीघाटी व्यवस्थापनमा समस्या देखिएकोले सबै रकम चन्दा बाकसमा सङ्कलन गरी आम्दानी जनाउने र ती धार्मिक संस्थाको विकास निर्माण सञ्चालनमा खर्च गर्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ ।

५.८ पुरातात्विक महत्वका सम्पदा तथा संग्रहालयहरुमा रहेको बहुमूल्य वस्तुको अभिलेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्दछ ।

६. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

६.१ हेलो सरकारलाई प्रभावकारी बनाई प्राप्त उजुरीको नतिजामुखी फछ्यौंट र सो उपर गरेको कारबाहीको अनुगमन गर्ने व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ ।

६.२ सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ ।

६.३ वैदेशिक रोजगार, यातयात व्यवस्था, मालपोत, नापीलगायतका कार्यालयले प्रदान गर्ने सेवामा मध्यस्थ वा बिचौलीयाहरुको भूमिका न्यून गर्नुपर्दछ ।

६.४ सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै विद्युतीय प्रणालीबाट भुक्तानी गरी सेवा प्राप्त गर्ने प्रक्रिया अवलम्बन गरिनुपर्दछ ।

६.५ स्वास्थ्य सेवामा सहज पहुँचका लागि जनशक्ति, उपकरण र भौतिक पूर्वाधारको मापदण्ड निर्धारण तथा मागको आधारमा आवश्यकता पहिचान गरी समयमा खरिद, औषधिको आपूर्ति र वितरणको व्यवस्था मिलाउनुपर्दछ । साथै लागत, गुणस्तर र पहुँचबीच सन्तुलन कायम गरिनुपर्दछ । यसको लागि स्वास्थ्य सेवाको नियमनकारी निकाय स्थापना गर्नुपर्छ ।

६.६ निकायहरुले नागरिक बडापत्रअनुसार सेवा प्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

६.७ सार्वजनिक निकाय तथा स्थानीय तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६.८ शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र लागतप्रभावी बनाउन निःशुल्क पाठ्यपुस्तक समयमा नै सर्वसुलभ वितरण, शिक्षकको तालिम तथा क्षमता अभिवृद्धि, पठनपाठनको गुणस्तर अनुगमन, निजी विद्यालयको शुल्क अनुगमन, प्राविधिक तथा रोजगारमुलक शिक्षालगायतका विषयमा जोड दिनुपर्दछ ।

६.९ बजारमा न्यून गुणस्तरीय, कम तौल तथा म्याद नाघेका वस्तु तथा सेवा आपूर्ति हुने, अत्यावश्यक वस्तुको अभाव, कालोबजारीलगायतका समस्या रहेकोले सम्बद्ध निकायको समन्वयमा बजार अनुगमन तथा कारबाही गर्नुपर्दछ ।

६.१० विकास निर्माण र सेवा प्रवाहको लागि एउटै काम गर्न विभिन्न निकाय खडा भएको, विभाग र केन्द्रीय कार्यालय, क्षेत्रीय, अञ्चल, डिभिजन, जिल्ला, इलाका कार्यालय रहेकोमा पुनरावलोकन गरी संघ, प्रदेश र स्थानीय तहको संगठन चुस्त, छरितो र काममा दोहोरोपन नहुने गरी मिलाउनुपर्दछ ।

६.११ भुकम्पको पूनर्निर्माणसम्बन्धी काम सुस्त गतिमा भएको निजी, सार्वजनिक र पूरातात्विक संरचनाहरु निर्माण हुन नसकेको, प्रभावितको तथ्याङ्क यर्थाथपरक नभएको अवस्थालाई निराकरण गर्न अनुदानको अनुगमन, प्राविधिक जनशक्तिको परिचालन, कार्यप्रगतिअनुसार अनुदान प्रवाहमा सरलीकरण गर्नुपर्ने देखिन्छ ।

६.१२ आवश्यक ठाउँमा कर्मचारी पदस्थापना नहुने, अनावश्यक ठाउँमा बढी कर्मचारी पदस्थापना भै निष्क्रिय बस्ने र काजमा बस्ने जस्ता विषयलाई संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना तयार गर्दा ध्यान दिनुपर्ने देखिन्छ ।

६.१३ राजस्व प्रशासन तालिम केन्द्रको काम प्रभावकारी नभएको सन्दर्भमा समग्र वित्तीय प्रशासन र कार्यरत जनशक्तिलाई सक्षम बनाउन व्यावहारिक र कार्यसम्पादनमा आधारित लामो अवधिको तालिम दिने र अनुसन्धानमूलक क्रियाकलापसमेत सञ्चालन हुने गरी केन्द्रलाई सेन्टर अफ एक्सिलेन्सको रुपमा रुपान्तरण गर्नु जरुरी छ ।

७. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

७.१ नेपाल सरकारबाट २०६६।५।३० मा सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) को कार्यान्वयन गर्ने निर्णय भएको छ । उक्त मानदण्ड पूर्णरुपमा लागू हुनुपर्दछ । अन्तर्राष्ट्रियस्तरमा नगदमा आधारित लेखामान (इपसास) लागू भैसकेकोले सोको आधारमा लेखा तथा लेखाङ्कन प्रणाली अद्यावधिक गर्नुपर्दछ । राज्यको पुनःसंरचना बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समेत लेखामानको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

७.२ नेपालको संविधानले लेखापरीक्षण गरिने सबै निकायको लेखाको ढाँचा महालेखापरीक्षकले तोक्ने व्यवस्था गरेको भएता पनि महालेखापरीक्षकको स्विकृति बिना विभिन्न निकायले छुट्टा-छुट्टै लेखासम्बन्धी सफ्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याएका छन् । त्यस्ता सफ्टवेयरको प्रयोग सम्बन्धमा पूर्व स्वीकृति लिनुपर्दछ ।

७.३ सूचना प्रविधिको प्रयोगलाई बढावा दिँदै कम्प्युटरमा आधारित एकीकृत सरकारी लेखाप्रणाली (सिग्यास) लाई कार्यान्वयनमा ल्याई लेखाका गोश्वारा भौचर, खाता र वार्षिक आर्थिक विवरण स्वचालित रुपमा तयार हुने तथा न्यूनतम आधारभूत लेखासम्बन्धी कागजात अपलोड हुने व्यवस्थासमेत मिलाउनुपर्दछ । यस प्रणाली प्रदेश तथा स्थानीय तहमा समेत प्रयोगमा ल्याउनुपर्दछ ।

७.४ संघ, प्रदेश तथा स्थानीय तहको सञ्चितकोष हिसाब तयार गर्ने ढाँचा स्वीकृत गराई कार्यान्वयनमा ल्याउनुपर्दछ । प्रदेश तथा स्थानीय तहको आम्दानी र खर्चको संघमा प्रतिवेदन हुने व्यवस्था मिलाउनुपर्दछ ।

७.५ लेखा र लेखाङ्कनसम्बन्धी म.ले.प.फारामहरु पुराना भैसकेको अवस्थामा समय सान्दर्भिक बनाउन पुनरावलोकन एवं परिमार्जन गर्नुपर्दछ ।

८. **आन्तरिक नियन्त्रण प्रणाली -** उपलब्ध सार्वजनिक स्रोत साधनको अधिकतम उपयोग गरी सार्वजनिक सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण बनाई आन्तरिक नियन्त्रण प्रणाली सबल बनाउन देहायबमोजिमसुधार गर्नुपर्ने देखिन्छ:

८.१ प्रचलित आर्थिक कार्यविधि ऐन, नियम तथा अन्य विषय क्षेत्रगत कानुनका व्यवस्था पालना गर्न स्पष्टरुपमा काम, कर्तव्य तथा अधिकार परिभाषित गरी व्यवहारमा कार्यान्वयन गर्ने कार्यविधि निर्धारण गर्नुपर्ने देखिन्छ ।

८.२ सार्वजनिक निकायहरुले सेवा प्रवाह, कार्यक्रम सञ्चालन, आयोजना व्यवस्थापन र आर्थिक कारोबार गर्दा पालना गर्नुपर्ने नियन्त्रण व्यवस्था र विषयगत तथा क्षेत्रगत सार्वजनिक निकायहरुलाई लागू हुने नियन्त्रण कार्यविधि तयार गर्नुपर्दछ । साथै आयोजना, कार्यक्रम सञ्चालन, वर्तमानको समस्त खर्च प्रक्रिया पुनरावलोकन गरी मापदण्ड निर्धारण गर्नुपर्ने देखिन्छ ।

८.३ आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्दा संवैधानिक, कानुनी तथा सरकारका घोषित नीति तथा कार्यक्रम र बजेटका उद्देश्य प्राप्त गर्ने क्रममा आइपर्ने जोखिम पहिचान र मापन गरी गंभीरताको आधारमा उक्त जोखिमलाई सम्बोधन गर्न आवश्यक क्रियाकलाप निर्धारण गर्नुपर्दछ । यसरी स्थापित नियन्त्रण प्रणालीको कार्यान्वयनको निरन्तर तथा आवधिक अनुगमन मूल्याङ्कन गर्ने र प्राप्त पृष्ठपोषणको आधारमा जिम्मेवार व्यक्तिलाई आवश्यकताअनुसार दण्ड, पुरस्कार तथा क्षमता अभिवृद्धिको व्यवस्था गर्दै जाने प्रणाली विकास गर्नुपर्दछ ।

८.४ क्षेत्रगत आचारसंहिता जारी गरी सोको कडाइका साथ परिपालना एवं अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

८.५ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ बमोजिम संवैधानिक निकाय, मन्त्रालय, विभाग लगायतका निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ । साथै प्रदेश तथा स्थानीय तहले समेत यस्तो कार्यविधि बनाई लागू गर्नुपर्दछ ।

९. **आन्तरिक लेखापरीक्षण -** आन्तरिक लेखापरीक्षणले सार्वजनिक निकायको जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण र संगठनात्मक प्रणालीको मूल्याङ्कन गरी कार्य सञ्चालनमा सुधार ल्याई निकायको उद्देश्य हासिल गर्न मद्दत गर्दछ । यस सम्बन्धमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

९.१ आन्तरिक लेखारीक्षणको प्रभावकारिता आन्तरिक लेखापरीक्षणको कार्यात्मक स्वतन्त्रता कायम राख्न गरिएको संगठनात्मक व्यवस्था, पेसागत सक्षमता, मार्गदर्शन प्रदान गर्ने मानदण्ड, निर्देशिकाको उपलब्धता र क्षमता अभिवृद्धि कार्यक्रम, कार्यविधि तथा सुपरिवेक्षणका तरिकाहरु, प्रतिवेदन पेस गर्ने संगठनात्मक व्यवस्था र सो उपर गर्ने सुधारात्मक वा निर्देशनात्मक कार्यमा भरपर्दछ । आन्तरिक लेखापरक्षिणको अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा नेपालको वर्तमान लेखापरीक्षणलाई स्वतन्त्र र सक्षम बनाउने, मापदण्ड र निर्देशिकाको प्रभावकारी कार्यान्वयन एवंम कर्मचारीको क्षमता विकास, लेखापरीक्षण कार्यको अनुगमन निरीक्षण एवं सुपरभिजन र उठाइएका विषयको समयमै सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९.२ आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन नसकेका कारण महालेखापरीक्षकको कार्यालयबाट नियमितताको परीक्षणमा बढी स्रोत र समय खर्चिनु परेको छ । आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाई नियमितताको परीक्षण महालेखा नियन्त्रक कार्यालयबाट गर्ने र महालेखापरीक्षकको कार्यालय कार्यमूलक लगायत विशेष लेखापरीक्षणमा केन्द्रीत रहनुपर्ने देखिन्छ ।

९.३ विश्वविद्यालय, समिति, बोर्ड, संगठित संस्थालगायत सार्वजनिक संस्थामध्ये केहीको आफ्नै आन्तरिक लेखापरीक्षण इकाई रहेको र केहीले कानुनी मान्यता प्राप्त लेखापरीक्षक नियुक्त गरी आन्तरिक लेखापरीक्षण गराउने गरेका छन् । ती निकायको आन्तरिक लेखापरीक्षण स्वतन्त्र एवं गुणस्तरीय नभएको र समयमा सम्पन्न गर्न नसकेको परिप्रेक्ष्यमा स्वतन्त्ररुपले प्रभावकारी लेखापरीक्षण गर्ने व्यवस्था हुनुपर्दछ । कतिपय यस्ता संस्थाको समयमा आन्तरिक लेखापरीक्षण नहुँदा अन्तिम लेखापरीक्षण गर्न बाधा परेको छ ।

१०. **स्थानीय तहको वित्तीय व्यवस्थापन -** नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था गरेको छ । स्थानीय तहको वित्तीय व्यवस्थापन सम्बन्धमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

१०.१ बजेट र आयोजना वा कार्यक्रम स्वीकृत गर्दा संभाव्यता अध्ययन, प्राप्त हुने प्रतिफल र लागत मूल्याङ्कन, प्राथमिकता निर्धारण समेतका आधारमा हुनुपर्ने र सानातिना आयोजनामा बजेट विनियोजन गर्ने, न्यून बजेट विनियोजन गरी निरन्तरता नदिने परिपाटीमा सुधार गर्नुपर्दछ ।

१०.२ आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने, स्वतन्त्र, सक्षम र प्रभावकारी आन्तरिक लेखापरीक्षणको व्यवस्था मिलाउने, बेरुजू फछ्यौंटसम्बन्धी उपयुक्त सयन्त्रको निमांण गरी वित्तीय जिम्मेवारी र जवाफदेहिता किटान गर्नुपर्ने देखिन्छ ।

१०.३ संघ, प्रदेश र स्थानीय तहको साझा सूची अन्तर्गतका विषय, अधिकारको प्रयोग तथा राजस्व सङ्कलन सम्बन्धमा मापदण्ड बनाई व्यवस्थित बनाइनुपर्ने, निर्वाचित पदाधिकारी र कर्मचारीबीचको जिम्मेवारी र जवाफदेहिता स्पष्ट गर्नुपर्ने देखिन्छ ।

१०.४ लेखापालन व्यवस्थामा सुधार गर्न सबै निकायको वित्तीय विवरणको ढाँचा स्वीकृत गरी एकरुपता ल्याउनुपर्ने, सफ्टवेयरको प्रयोगमा एकरुपता, सबै आम्दानी तथा खर्च स्थानीय तह सञ्चित कोषमा जम्मा हुने व्यवस्था मिलाई राजस्व र व्ययको अनुमान पेस गरी खर्च गर्ने र स्थानीय तह सञ्चित कोषको हिसाब व्यवस्थित राख्ने एवं आवधिकरुपमा प्रदेश तथा संघमा प्रतिवेदन गर्ने, खर्च इकाई वा भुक्तानी केन्द्र बढ्दै जाँदा आन्तरिक नियन्त्रण कमजोर हुने र जनशक्तिको व्यवस्था गर्न समेत कठिनाइ हुने भएकाले भुक्तानी केन्द्र नगर वा गाउँ कार्यपालिकाको कार्यालयमा सीमित गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१०.५ बजेट, नीति तथा कार्यक्रम र कानुन निर्माणमा एकरुपता, स्थानीय तहका पदाधिकारीलाई दिइने सुविधा लगायतका विषयमा थप व्यवस्थित गर्न मापदण्ड निर्धारण एवं नियन्त्रण र सन्तुलन कायम गर्नुपर्दछ ।

१०.६ स्थानीय तहले प्रशासकिय खर्चमा नियन्त्रण गर्दै विकास निर्माण तथा सेवा प्रवाहमा अधिकाधिक लगानी गर्ने, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान सम्बन्धित प्रयोजनमा खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१०.७ साविकका स्थानीय निकायमा रहेको कोष तथा सम्पत्तिको व्यवस्थापन, हस्तान्तरण, स्वामित्वमा रहेको सम्पत्ति एवं संरचनाको उपयोग र समुचित व्यवस्थापन गर्नुपर्दछ ।

१०.८ खर्चमा मितव्ययिता र कार्यक्रम कार्यान्वयनमा दक्षता एवं प्रभावकारिता ल्याउने, खरिदमा पारदर्शिता एवं प्रतिस्पर्धा अभिवृद्धि गर्ने र कार्यक्रम कार्यान्वयनमा जनसहभागिता प्रवर्द्धन गर्ने व्यवस्था गर्नुपर्दछ ।

११. **जिम्मेवारिता र जवाफदेहिता** – प्रचलित ऐन कानुनबमोजिम लेखाउत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिले तोकिएको जिम्मेवारी दक्षतापूर्वक पूरा नगरेको कारण जवाफदेहिताको अवस्था कमजोर देखिन्छ । यस सम्बन्धमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

११.१ प्रचलित कानुनको परिपालनामा अभिवृद्धि ल्याउने, उत्तरदायी हुने संस्कृतिको विकास गरी दण्डविहीनाताको अन्त्य हुनुपर्दछ । निर्वाचित तथा सार्वजनिक पदमा नियुक्त पदाधिकारी, कर्मचारी तथा सेवा प्रवाहमा संलग्न व्यक्ति, संस्था आफूले गरेको निर्णय तथा कार्यको जवाफदेहिता र जिम्मेवारी वहन गर्ने सम्बन्धमा कानुनमा व्यवस्था गर्नुपर्दछ ।

११.२ बेरुजू फछ्यौंट सम्बन्धमा अनुगमन एवं मूल्याङ्कनका लागि समिति गठन भई साविकको बेरुजू फछ्यौंट गर्न लक्ष्य निर्धारण गरी लक्ष्यअनुसार प्रगति हासिल भए नभएको अनुगमन गर्ने गरेको छ । समितिको क्रियाशीलताबाट बेरुजू फछ्यौंट गरी सम्परीक्षण गराउने कार्यमा वृद्धि भए तापनि बेरुजू फछ्यौंट कार्य लक्ष्य निर्धारण गर्ने विषय नभै औंल्याएका सबै बेरुजू फछ्यौंट गर्नुपर्नेमा सो अनुसार हुनसकेको छैन । हाल बेरुजू फछ्यौंटको अनुगमन बेरुजू अङ्कलाई आधार मानी गर्ने गरिएको छ । बेरुजू फछ्यौंट गर्ने तर सो प्रकृतिको घटना वा व्यवहारमा सुधार नगर्ने अवस्था छ । जसले गर्दा एउटै प्रकृतिको बेरुजू बारम्बार दोहोरिरहेको देखिन्छ । सम्बन्धित जिम्मेवार पदाधिकारीले तोकेको समयभित्रै सुझाव कार्यान्वयन गर्ने, बेरुजू फछ्यौंट गर्ने र यस सम्बन्धमा तालुक निकायले अनुगमन गर्नुपर्दछ ।

११.३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ ले अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमित, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र गरेका कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भने कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । उक्त कानुनी व्यवस्था पालना नभएको कारणले नै बेरुजू हुने गरेको छ । अतः बेरुजू कायम भएपछि फछ्यौंट गर्नेतर्फ भन्दा बेरुजू आउनै नदिने आवश्यक व्यवस्था गरिनुपर्छ ।

११.४ सार्वजनिक लेखा समितिले गरेका निर्णय कार्यान्वयन नगर्ने, लेखापरीक्षण नै नगराउने, कार्यसम्पादन सम्झौता गरे पनि सो अनुरुप काम कारबाही नहुने अवस्थालाई न्यून गर्न कर्मचारी एवं निर्वाचित पदाधिकारीले गरेको निर्णयमा जवाफदेहिता लिनुपर्ने र दुरुपयोग भएमा कारबाही हुने व्यवस्थासहित वित्तीय उत्तरदायित्व सम्बन्धी कानुन तर्जुमा गर्नुपर्दछ ।

१२. **सार्वजनिक वित्तिय व्यवस्थापनसंग सम्बन्धित कानुन -** सार्वजनिक जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गरी वित्तीय सुशासन कायम गर्न सार्वजनिक वित्तिय व्यवस्थापनसँग सम्बन्धित कानुनमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

१२.१ आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १६, २६ र ३३ मा रहेका जरिवानासम्बन्धी व्यवस्था पुरानो भएकोले समयानुकूल परिमार्जन गर्नुपर्ने देखिएको छ ।

१२.२ सरकारी वित्तीय कारोबारमा एकलखाता कोषलगायत सूचना प्रविधिको प्रयोगको कारणबाट लेखाङ्कन तथा प्रतिवेदन कार्यमा सहजता आएको सन्दर्भमा आर्थिक कार्यविधि नियमावली, २०६४ मा भएको आर्थिक विवरण लगायतका विवरण तयार गर्नुपर्ने समयावधि कम गर्नुपर्ने देखिन्छ ।

१२.३ सार्वजनिक क्षेत्रका नियन्त्रक र नियन्त्रित निकाय तोकी जिम्मेवारी र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने देखिन्छ ।

१२.४ वर्तमान अवस्थामा बजारको विकास र कारोबारमा सूचना प्रविधिको प्रयोग हुन थालेकोले वस्तु तथा सेवा प्राप्तिको लागि प्रत्यक्ष सम्पर्क स्थापित गर्न आवश्यक नपर्ने र सबै भुक्तानी चेकमार्फत गर्ने व्यवस्थासमेत रहेको हुँदा कर्मचारीलाई पेस्की दिई खरिद गर्ने कानुनी व्यवस्थामा पुनरावलोकन गर्नुपर्दछ ।

१२.५ संगठनात्मक सुशासनको कार्य व्यवस्थित गर्नका लागि तोकेका निकायमा कानुनमा व्यवस्था गरी लेखापरीक्षण समितिको गठन गर्नुपर्दछ । त्यसरी गठन हुने लेखापर्रीक्षण समितिले आन्तरिक तथा अन्तिम लेखापरीक्षणबाट औँल्याएका विषयहरु फछ्यौंट गर्ने, अनुगमन गर्ने र सार्वजनिक निकायको समग्र जोखिम व्यवस्थापन लगायतका कार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

१२.६ आर्थिक कार्यविधि ऐन, नियमावलीमा अन्तिम लेखापरीक्षणबाट औँल्याइएको बेरुजू एक वर्षपश्चात् सम्परीक्षण गर्ने नगर्ने सम्बन्धमा स्पष्ट नभएकोले कानुनीरुपमा स्पष्ट गर्नुपर्ने देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम १०० बमोजिम लेखा उत्तरदायी अधिकृतले बेरुजू नियमित गर्न सक्ने व्यवस्था छ । बेरुजू नियमित गर्दा सो सम्बन्धमा सुधार भएनभएको समेत यकिन गर्नुपर्ने प्रावधान थप गर्नुपर्दछ ।

१२.७ लेखापरीक्षण गर्दा देखिएका संवेदनशील विषयमा तत्काल प्रतिवेदन दिन सक्ने व्यवस्था, लेखापरीक्षण प्रतिवेदनमा समावेश हुनुपर्ने विषय, महालेखापरीक्षकले निर्देशन दिन सक्ने विषय र आर्थिक अनुशासन पालना गराउने सन्दर्भमा ऐन नियमले तोकेको जिम्मेवारी पालना नगर्ने पदाधिकारीलाई कारबाहीका लागि लेखी पठाउन सक्ने विषय समोवेश गरी लेखापरीक्षण ऐनमा संशोधन गर्नुपर्ने देखिन्छ । साथै लेखापरीक्षण नियमावली तर्जुमा गर्नुपर्दछ ।

१२.८ नेपालको संविधान अनुकूल हुने गरी लेखा, लेखापरीक्षण तथा आर्थिक ऐन नियम कार्यविधि परिमार्जन गर्नुपर्दछ ।

१२.९ सार्वजनिक निर्माण कार्यका लागि निर्माण व्यवसायीलाई सम्झौता गरेपछि प्रथम किस्ता १० प्रतिशत र भौतिक प्रगतिको आधारमा दोस्रो किस्ता १० प्रतिशत दिने व्यवस्थाबमोजिम पेस्की लिई लामो अवधिसम्म पनि निर्माण कार्य सुरु नगर्ने अवस्था विद्यमान रहेकोले पेस्की प्रदान गर्ने व्यवस्थामा संशोधन गरी सम्झौता अनुसार काम शुरु गरेको प्रमाणका आधारमामात्र सार्वजनिक निकायले निर्माण कार्यका लागि पेस्की प्रदान गर्ने गरी कानुनमा संशोधन गर्नुपर्ने देखिन्छ ।

१२.१० सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार सम्झौताबमोजिम समयमा काम सम्पन्न नभएमा कार्य सम्पन्न हुन नसक्नाको कारण र जिम्मेवार पक्ष स्पष्ट उल्लेख गरी सुरु सम्झौता अवधिको निश्चित समयभन्दा बढी म्याद थप नगर्ने गरी नियमावलीमा स्पष्ट व्यवस्था गरिनुपर्दछ । ढिलाइको जिम्मेवारी पहिचान गर्ने आधारहरु नियमावलीमा नै राखिनुपर्दछ । लागत अनुमानबमोजिमको काम सम्पन्न गर्ने समयावधि तोक्ने सूत्र/विधि सार्वजनिक खरिद नियमावलीमा राख्नुपर्दछ । साथै ठेक्का सम्झौता अन्त्य गर्न सकिने व्यवस्थालाई थप स्पष्ट र व्यवहारिक बनाउनुपर्ने देखिन्छ ।

१२.११ उक्त नियमावलीमा निर्माणकार्यको त्रुटिपूर्ण ड्रइङ, डिजाइन वा लागत अनुमान तयार गर्ने र स्वीकृत गर्नेलाई जिम्मेवार बनाउने भनिए पनि स्पष्ट आधार र मापदण्ड निर्धारण गर्न नसक्दा सो परिपाटी नियन्त्रण हुन नसकेकोले स्पष्ट जिम्मेवारी तोकी कडा कानुनी व्यवस्था गर्नुपर्दछ ।

१२.१२ न्यून कबोल गरी कार्य नगर्ने जोखिमलाई न्यून गर्न थप जमानत राख्ने व्यवस्था गरिएपनि न्यून कबोल गर्ने प्रचलनमा सुधार भएको छैन । यसबाट कामको गुणस्तरमा समेत असर पर्ने स्थिति छ । न्यून कबोललाई नियन्त्रण गर्न सबै प्रभावग्राही बोलपत्रदातामध्ये सबैभन्दा उच्च र न्यून कबोल गर्नेलाई हटाई बाँकी बोलपत्रदाताको औषत कबोल अङ्कको नजिक हुने बोलपत्रदाताको बोलपत्र स्वीकृत हुने व्यवस्था गर्नुपर्दछ । यस प्रयोजनको लागि नियमावलीमा नै सूत्र राख्ने व्यवस्था हुनुपर्दछ ।

१२.१३ एउटै निर्माण व्यवसायीले क्षमताभन्दा धेरै काम लिई समयमा कार्य सम्पन्न नगर्ने अवस्थालाई निराकरण गर्न बोलपत्रदाताले पेस गरेको बोलपत्रको मूल्याङ्कनको क्रममा सो निर्माण व्यवसायीले सम्झौता गरी कार्यान्वयन चरणमा रहेका ठेक्का बापत परिमाणको आधारमा निश्चित अङ्क कट्टा गर्ने वा निर्माण व्यवसायीले आफ्नो पुँजी, उपकरण, जनशक्तिको आधारमा लिनसक्ने कामको परिमाण तोक्ने कानुनी व्यवस्था गरिनुपर्दछ ।

१२.१४ वैदेशिक सहयोगबाट सञ्चालित आयोजनाको हकमा सम्बन्धित दातृ निकायको खरिद निर्देशिकाअनुरुप खरिद गर्नु परेमा सार्वजनिक खरिद ऐनबमोजिमको खरिद प्रक्रिया अपनाउनु नपर्ने कानुनी व्यवस्था छ । विकास निर्माण कार्यमा वैदेशिक सहयोगको हिस्सा महत्वपूर्ण हुने र सोमा सार्वजनिक खरिद ऐन पालना नहुने व्यवस्थाले सार्वजनिक खरिद ऐन, नियमावलीको पालना कमजोर रहेको छ । यसबाट विद्युतीय खरिद प्रणाली लागू गर्न समेत कठिनाइ भएकोले उक्त व्यवस्था संशोधन गरिनुपर्दछ ।

१२.१५ सार्वजनिक खरिद ऐनको दफा ६७ बमोजिम सुरक्षा, सामरिक वा प्रतिरक्षा, निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नुपर्ने निकाय, अन्तराष्ट्रिय मेला, महोत्सव, ट्रेडफेयर, विदेशमा र विदेशी दूतावासले गर्नुपर्ने खरिद, विमान सेवा सञ्चालन गर्ने निकायले गर्ने खरिदमा खरिद ऐन नियमावलीका व्यवस्था लागू नहुने भएकाले यसलाई व्यवस्थित गर्न कार्यविधि बनाउनुपर्ने देखिन्छ ।

१२.१६ सार्वजनिक खरिद ऐन, २०६३ मा मिलेमतो र ठेक्काको प्याकेजिङ सम्बन्धमा आधार, अवस्था र मापदण्ड स्पष्ट नभएकोले सो विषय स्पष्ट गर्नुपर्ने देखिन्छ ।

१२.१७ ठूला सार्वजनिक निर्माणको कार्यस्थलमा सो काम जिम्मा लिने निर्माण व्यवसायी, सोको ठेक्का अङ्क, सम्पन्न गर्नुपर्ने समयावधिको अलवा सो कामको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, कामको रेखदेख गर्ने र कार्यसम्पन्न प्रतिवेदन स्वीकृत गर्ने पदाधिकारीको विवरण उल्लेख गर्नुपर्ने व्यवस्था नियमावलीमा गर्नुपर्ने देखिन्छ ।

१३. **अन्तिम लेखापरीक्षणको सवलीकरण -** नेपालको संविधान, लेखापरीक्षण ऐन तथा अन्य प्रचलित कानुन बमोजिम तोकिएको जिम्मेवारी पूरा गरी सार्वजनिक निष्ठा तथा सदाचार, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्न अन्तिम लेखापरीक्षणमा देहायअनुसार सुधार गर्नुपर्ने देखिन्छ:

१३.१ सार्वजनिक प्रशासनमा दक्षता, उतरदायित्व, प्रभावकारिता र पारदर्शिता प्रवर्द्धनका लागि सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) को घोषणाबमोजिम सर्वोच्च लेखापरीक्षण संस्थाको स्वतन्त्रतालाई सुदृढ गर्नुपर्दछ । सार्वजनिक लेखापरीक्षणको अन्तर्राष्ट्रिय असल अभ्यासबमोजिम लेखापरीक्षण संस्था, संस्था प्रमुख र संलग्न कर्मचारीहरुको पेसागत स्वतन्त्रता कायम राख्न, प्रशासनिक तथा वित्तीय स्वायत्तता कायम राख्न कर्मचारी प्रशासन लगायत बजेट तथा भौतिक स्रोत साधनको उपलब्धतामा ध्यान दिनुपर्ने देखिन्छ ।

१३.२ कार्यालयले सम्पादन गर्ने लेखापरीक्षणको नीति, मानदण्ड र कार्यविधिलाई अन्तर्राष्ट्रिय असल अभ्यास समेतको आधारमा अद्यावधिक गरी लेखापरीक्षण प्रक्रियामा सुधार गर्ने र लेखापरीक्षणमा उच्च नैतिकता एवं सदाचारीता कायम गरी लेखापरीक्षणको गुणस्तरीयता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।

१३.३ कार्यालयले अपनाएका विधि र प्रक्रियाअनुरुप लेखापरक्षिण कार्य भए नभएको एवं लेखापरीक्षणको गुणस्तर नियन्त्रण व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा लेखापरीक्षण कार्यको गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने कार्यको दायरालाई बढाउनुपर्ने भएको छ । पुनरावलोकन प्रतिवेदनले औँल्याएका कमी कमजोरी सुधार गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्ने अन्तर्राष्ट्रिय अभ्यासको पालना गर्नुपर्दछ ।

१३.४ विगत केही वर्षदेखि कार्यमूलक लेखापरीक्षणमा नागरिक समाज, सरोकारवाला वा सम्बद्ध पक्षको संलग्नतामा छलफल गर्ने, अन्तर्वार्ता लिने, प्रश्नावलीको जवाफ प्राप्त गर्ने कार्य गरी लेखापरीक्षणको विश्वसनीयता र पारदर्शिता प्रवर्द्धन गर्ने अभ्यासको थालनी भएको छ । उक्त कार्यलाई विस्तार गर्नुपर्ने देखिन्छ ।

१३.५ कर्मचारीको क्षमता विकासका लागि स्रोत व्यवस्था गरी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय तालिम, गोष्ठी, सेमिनारमा नियमित रुपमा सहभागी गराउन सकिएमा ज्ञान, सीप र अनुभव आदान-प्रदान भई नेतृत्व विकासका साथै पेसागत सीप, दक्षता अभिवृद्धि हुन गई गुणस्तरीय लेखापरीक्षण गर्न योगदान पुग्ने भएकोले यसतर्फ आवश्यक कार्य गर्नुपर्ने देखिन्छ । साथै महालेखापरीक्षकको कार्यालयका कर्मचारी व्यवस्थापन र सञ्चालन नियमावली तर्जुमा गर्नुपर्दछ ।

१३.६ वित्तीय तथा नियमितताको लेखापरीक्षणको अतिरिक्त कार्यमूलक लेखापरीक्षण लगायत दिगो विकास लक्ष्य कार्यान्वयनको तयारी तथा त्यसको कार्यान्वयन, वातावरणीय, सूचना प्रविधि, फरेन्सिक, सामयिकजस्ता विषयगत लेखापरीक्षणमा जनशक्ति परिचालन गर्नुपर्ने आवश्यकता रहेको छ । वित्तीय जवाफदेहिताको मूल्याङ्कन गर्ने व्यवस्थाको समेत विस्तार गर्नु जरुरी छ ।

१३.७ स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने गरी कार्य क्षेत्रको बढोत्तरी भएकोले लेखापरीक्षण कार्यलाई सहजता प्रदान गर्न यस कार्यालयको विद्यमान सांगठनिक संरचना विस्तार गर्न तथा जनशक्ति थप गर्न आवश्यक छ । प्रदेश र स्थानीय तहको लेखापरीक्षण र प्रतिवेदन पद्धति सम्बन्धमा निर्देशिका र मार्गदर्शन अद्यावधिक एवं व्यवस्थित गर्नुपर्ने देखिन्छ ।

१३.८ व्यवस्थापिका र संसदीय समितिसँगको सम्बन्ध प्रभावकारी बनाउने, आम नागरिकमा लेखापरीक्षण नतिजाको पहुँच बढाउन सार्वजनिक सञ्चार माध्यमको प्रयोग सरोकारवालासँग नियमित अन्तर्क्रिया एवं समन्वय कायम गर्नुपर्दछ ।

१३.९ लेखापरीक्षणमा प्राविधिक विशेषज्ञहरुको संलग्नता बढाउने, सूचना प्रविधिको प्रयोगबाट लेखापरीक्षण प्रक्रिया सरल, मितव्ययी र छरितो बनाउने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

१३.१० कार्य वातावरणमा सुधार ल्याउन आवश्यक न्यूनतम भौतिक पूर्वाधारको व्यवस्था मिलाई यस्ता पूर्वाधारलाई सूचना प्रविधिमैत्री बनाउनुपर्दछ ।

१३.११ सबै स्थानीय तहको नियमितरुपमा लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन जारी गर्ने एवं अन्तिम प्रतिवेदन सम्बन्धमा स्पष्टता ल्याउनु आवश्यक छ ।

१४. **संगठित संस्था तथा समितिहरुको लेखापरीक्षण -** संगठित संस्था तथा समितिहरुको समग्र वित्तीय विवरण तयारी लेखापरीक्षण तथा कार्यसम्पादन सम्बन्धमा देहायअनुसार सुधार गर्नुपर्ने देखिन्छ:

१४.१ प्रचलित कानुनमा सार्वजनिक संगठित संस्था तथा समितिले आर्थिक वर्षको समाप्तिपछि निश्चित समयावधिभित्र लेखापरीक्षण गराउनुपर्ने व्यवस्था भए तापनि केहि संगठित संस्था तथा समितिले वित्तीय विवरण र अन्य आवश्यक सूचना उपलब्ध नगराएकोले लेखापरीक्षण हुन नसकी बक्यौता रहेको छ । यसबाट समयमै लेखापरीक्षण नगराउने संस्था तथा समितिका प्रमुखले वित्तीय उत्तरदायित्व वहन गरेको देखिएन । आर्थिक प्रशासनलाई स्वच्छ र मर्यादित बनाउन कानुनले तोकेबमोजिम जवाफदेही बनाई कारबाही गर्नुपर्ने देखिएको छ ।

१४.२ संगठित संस्थाहरुले तयार गर्ने वित्तीय विवरण लेखा व्यवसाय नियमन गर्ने निकायले तोकेको लेखामान बमोजिम तयार गर्नुपर्नेमा कतिपय निकायबाट प्रचलित नेपाल वित्तीय प्रतिबेदन लेखामान बमोजिम वित्तीय विवरण तयार नभएकोमा सुधार गर्न नियामक निकायले आवश्यक पहल गर्नु जरुरी छ ।

१४.३ संगठित संस्थामा सरकारले ठूलो रकम लगानी गरेकोमा ती संस्थाबाट सरकारलाई प्राप्त हुने प्रतिफल न्यून देखिएको छ । सरकारको तर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्याङ्कन एवं लगानीको समीक्षा गरी व्यवस्थापनमा सुधार गर्ने वा अन्य उपयुक्त विकल्प अवलम्बन गर्नु जरुरी छ ।

१४.४ नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाहरुको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्न महालेखापरीक्षकको परामर्श लिनुपर्ने कानुनी व्यवस्था भए तापनि केही संस्थाले मात्र यस्तो परामर्श लिएका छन् भने अरु संस्थाले परामर्श माग गर्ने गरेका छैनन् । अतः कानुनबमोजिम लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्ने र लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१४.५ संगठित संस्था, प्रतिष्ठान लगायतमा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा जवाफदेहिताको स्तरमापन गर्न बेरुजू, अनियमिता, कर चुक्ता जस्ता विषय मूल्याङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१५. **सूचना प्रवाह एवं समन्वय -** वित्तीय प्रशासनमा काम प्रतिको जवाफदेहिता र पारदर्शिता सिर्जनामा सहयोग पुऱ्याउन देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

१५.१ वित्तीय व्यवस्थापन पक्षसँग सम्बन्धित विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महालेखापरीक्षकको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग, भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, केन्द्रीय तथ्याङ्क विभाग, कम्पनी रजिष्ट्रार कार्यालय, नेपाल राष्ट्र बैङ्क जस्ता नियमनकारी निकायबीच सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास गर्नुपर्दछ ।

१५.२ एक निकायको जानकारीमा रहेका र अन्य निकायको कार्यमा सहयोग पुग्ने सूचनाहरु जानकारी गराउनुका साथै सडक विभाग, विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, काडमाडौँ उपत्यका खानेपानी लिमिटेड जस्ता निकायसँग सरोकार भएका सार्वजनिक निर्माण गर्दा स्पष्ट मापदण्ड र कार्यविधि तयार गरी आपसी समन्वयका आधारमा कार्य सञ्चालन गर्नुपर्दछ ।

१६. **सार्वजनिक लेखा समितिको निर्णय कार्यान्वयन -** महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमार्फत सरकारका कार्यहरु उपर संसदीय निगरानी राख्ने कार्यलाई प्रभावकारी बनाउन देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छ:

१६.१ सार्वजनिक लेखा समितिलाई महालेखापरीक्षकको प्रतिवेदनउपर गरिने छलफलका विषयबारे महालेखापरीक्षकको कार्यालयमार्फत पूर्व जानकारी गराउने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१६.२ सार्वजनिक लेखा समितिले गरेका निर्णय तथा निर्देशनको अभिलेख तयार गर्ने र कार्यान्वयन सम्बन्धमा आवधिक रुपमा सम्बन्धित मन्त्रालय/निकायबाट प्रतिवेदन लिने व्यवस्था गरी अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६.३ विगतका महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर लामो समयसम्म छलफल हुन नसकेको परिप्रेक्ष्यमा अगामी दिनमा नियमित छलफल गरी टुङ्गो लगाउने व्यवस्था मिलाउनुपर्दछ ।

अनुसूची – १
(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरुको विवरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क्र.सं.	मन्त्रालय/ निकाय/कार्यालयको नाम	कार्यालय संख्या	बेरुजू भएका कार्यालय संख्या	बेरुजू रकम
१	**राष्ट्रपतिको कार्यालय**	**१**	**१**	**१९००**
१.१	राष्ट्रपतिको कार्यालय	१	१	१९००
२	**उपराष्ट्रपतिको कार्यालय**	**१**	**०**	**०**
२.१	उपराष्ट्रपतिको कार्यालय	१	०	०
३	**व्यवस्थापिका संसद**	**१**	**१**	**५८७११**
३.१	व्यवस्थापिका–संसद सचिवालय	१	१	५८७११
४	**सर्वोच्च अदालत**	**१०४**	**६९**	**१३१३०९**
४.१	सर्वोच्च अदालत	१	१	३९९१
४.२	उच्च अदालत	१८	१०	२४६२६
४.३	जिल्ला अदालत	७५	५०	१००३००
४.४	राजस्व न्यायधिकरण	४	२	६८२
४.५	प्रशासकीय अदालत	१	१	१९
४.६	श्रम अदालत	१	१	०
४.७	विशेष अदालत	१	१	०
४.८	राष्ट्रिय न्यायिक प्रशिक्षण प्रतिष्ठान	१	१	१२९१
४.९	फैसला कार्यान्वयन निर्देशनालय	१	१	४००
४.१०	मेलमिलाप परिषद्	१	१	०
५	**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**	**११**	**३**	**२३९**
५.१	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१	१	२३९
५.२	क्षेत्रीय कार्यालयहरु	१०	२	०
६	**महालेखा परीक्षकको कार्यालय**	**१**	**१**	**०**
६.१	महालेखा परीक्षकको कार्यालय	१	१	०
७	**लोक सेवा आयोग**	**१६**	**६**	**१८५**
७.१	केन्द्रीय कार्यालय	१	१	०
७.२	क्षेत्रीय कार्यालय	५	२	०
७.३	अञ्चल कार्यालय	९	२	१८५
७.४	उपत्यका दरखास्त संकलन केन्द्र	१	१	०
८	**निर्वाचन आयोग**	**८२०**	**६९७**	**१९१६७१**
८.१	निर्वाचन आयोग	१	१	२३१२९
८.२	जिल्ला निर्वाचन कार्यालय	७५	५८	३४९५६
८.३	मुख्य निर्वाचन अधिकृत/ निर्वाचन अधिकृतको कार्यालय	७४४	६३८	१३३५८६

९	**महान्यायाधिवक्ताको कार्यालय**	**९५**	**३७**	**१८३९५**
९.१	महान्यायाधिवक्ताको कार्यालय	१	१	१०१
९.२	उच्च सरकारी वकील कार्यालय	१८	७	१३०१
९.३	जिल्ला सरकारी वकील कार्यालय	७५	२८	१६५४३
९.४	विशेष सरकारी वकील कार्यालय	१	१	४५०
१०	**न्यायपरिषद्**	**१**	**१**	**०**
१०.१	न्यायपरिषद्	१	१	०
११	**राष्ट्रिय मानव अधिकार आयोग**	**९**	**३**	**७३४**
११.१	केन्द्रीय कार्यालय	१	१	३२१
११.२	क्षेत्रीय कार्यालय	४	२	४१३
११.३	उप–क्षेत्रीय कार्यालय	४	०	०
१२	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**२०**	**११**	**१३०७८७**
१२.१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१	०	०
१२.२	सार्वजनिक खरिद अनुगमन कार्यालय	१	०	०
१२.३	राष्ट्रिय सतर्कता केन्द्र	१	१	११०३
१२.४	गरिबी निवारण कोष	१	१	१०८५३८
१२.५	लगानी बोर्डको कार्यालय	१	१	०
१२.६	क्षेत्रीय प्रशासन कार्यालय	५	२	६९८७
१२.७	कर्णाली विकास आयोग	१	१	७१०६
१२.८	सुदूर पश्चिमाञ्चल विकास आयोग	१	१	०
१२.९	राष्ट्रिय पुननिर्माण प्राधिकरण	८	४	७०५३
१३.	**अर्थ मन्त्रालय**	**१७४**	**९०**	**१६१६३८८१**
१३.१	मन्त्रालय	१	१	१३९२८३०
१३.२	महालेखा नियन्त्रक कार्यालय	१	१	१०४४९
१३.३	विभागहरु	४	४	४८०६५६
१३.४	ऋण असुली र पुनरावेदन न्यायाधिकरण	२	२	०
१३.५	राजस्व अनुसन्धान इकाईहरु	४	३	३४८७०
१३.६	निवृत्तीभरण व्यवस्थापन कार्यालय	१	१	३८९२
१३.७	कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालय	१	०	०
१३.८	राजस्व प्रशासन तालिम केन्द्र	१	१	३७३७
१३.९	कोष तथा लेखा नियन्त्रक कार्यालय र भुक्तानी केन्द्रहरु	७९	१२	७९१९
१३.१०	आन्तरिक राजस्व कार्यालय तथा कर दाता सेवा केन्द्र	४९	४२	१२७०८५८४
१३.११	भन्सार कार्यालय	३१	२३	१५२०९४४
१४	**उद्योग मन्त्रालय**	**९८**	**९१**	**२३५०६८**
१४.१	मन्त्रालय	१	१	१८
१४.२	विभाग	४	४	२०९८९
१४.३	गुणस्तर तथा नापतौल कार्यालय	८	५	२१
१४.४	घरेलु तथा साना उद्योग कार्यालय	२७	२६	१५८३३२
१४.५	पेट्रोलियम अन्वेषण परियोजना	१	१	१२

१४.६	घरेलु तथा साना उद्योग विकास समिति(केन्द्र)	१	१	४५६८
१४.७	घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र	१	१	०
१४.८	औद्योगिक ऊर्जा व्यवस्थापन	१	१	१७
१४.९	भुकम्प मापन केन्द्र सुर्खेत	१	१	६२४
१४.१०	घरेलु तथा साना उद्योग विकास समिति	४८	४५	३९८००
१४.११	कम्पनी रजिष्ट्रारको कार्यालय	१	१	६०४९
१४.१२	केन्द्रीय कारागार कारखाना	१	१	१९५
१४.१३	विशेष आर्थिक क्षेत्र विकास समिति	१	१	२०९
१४.१४	ट्याक्सी टेम्पो इकाई	१	१	३६
१४.१५	ग्रामिण उद्यम तथा विप्रेषण आयोजना	१	१	४१९८
१५	**उर्जा मन्त्रालय**	**८**	**८**	**८०२३०७**
१५.१	मन्त्रालय	१	१	६६०१
१५.२	विभाग	१	१	२२७१९
१५.३	आयोग	१	१	०
१५.४	योजना/आयोजना	५	५	७७२९८७
१६.	**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**	**३**	**२**	**६७७**
१६.१	मन्त्रालय	१	१	०
१६.२	न्याय सेवा तालिम केन्द्र	१	१	६७७
१६.३	नेपाल कानून सुधार आयोग	१	०	०
१७.	**कृषि विकास मन्त्रालय**	**२५५**	**२२७**	**२१४९९२०**
१७.१	मन्त्रालय	१	१	८२२८७१
१७.२	विभाग	१	१	१४५२
१७.३	व्याबसायिक कृषि तथा व्यापार आयोजना	६	६	१५६०५८
१७.४	उच्चमूल्य कृषि बस्तु बिकास आयोजना	१	१	२८९४
१७.५	राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष	१	१	२७८१४
१७.६	बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र	१	१	२२३
१७.७	कृषि सूचना तथा सञ्चार केन्द्र	१	१	५४३१
१७.८	कृषि तथा पशुसेवा निर्देशनालय (क्षेत्रीयसमेत)	५	४	५२०९
१७.९	विउ विजन कार्यलयहरु	४	४	९६१२
१७.१०	कृषि बिकास योजना	१	१	३५३७३
१७.११	एकीकृत जलस्रोत व्यवस्थापन आयोजना	१	१	४४
१७.१२	साना तथा मझ्यौला कृषक आयस्तर बृद्धि आयोजना	१	१	४९६५
१७.१३	पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना	१	१	१८६४
१७.१४	खाद्य प्रविधि तथा गुणनियन्त्रण विभाग	१	१	१५०५५२
१७.१५	क्षेत्रिय प्रविधि तथा गुणनियन्त्रण कार्यालयहरु	५	४	०
१७.१६	प्लाण्ट तथा खाद्य क्वारेन्टाइन कार्यालयहरु	२०	१३	५६
१७.१७	कृषि तालिम, निर्देनालय र केन्द्रहरु	७	५	७७६१
१७.१८	राष्ट्रिय तथा क्षेत्रिय प्रयोगशालाहरु	१८	१०	३२२४
१७.१९	मौरी विकास शाखा	२	२	१०७२
१७.२०	कृषि इन्जिनियरिङ्ग निर्देशनालय	१	१	३७९१

१७.२१	विषदी पञ्जिकरण व्यवस्थापन शाखा	१	१	०
१७.२२	बाली, माटो, प्रसार , पोष्ट हार्भेष्ट, कृषि व्यवसय प्रबर्द्धन निर्देशनालय र विकास केन्द्र	७	६	१०९२४
१७.२३	कृषि प्रबर्द्धन कार्यक्रमहरु	४	४	३८२२
१७.२४	आलु विकास कार्यक्रम	३	३	३४२
१७.२५	बागबानी विकास केन्द्रहरु	१७	१५	२०६१९
१७.२६	तरकारी विकास निर्देशनालय र केन्द्रहरु	४	३	१३
१७.२७	मत्स्य विकास निर्देशनालय र केन्द्रहरु	१२	१२	१२६६
१७.२८	अलौची विकास केन्द्र	१	१	०
१७.२९	जोन कार्यलयहरु	३७	३४	५६१०८
१७.३०	रेशम खेती विकास कार्यालयहरु	७	५	४७१
१७.३१	प्रधानमन्त्री आधुनिकीकरण आयोजना	१	१	५७६३९७
१७.३२	जलवायु प्रकोप समुत्थान निर्माण आयोजना	१	१	३४४४८
१७.३३	कृषि तथा खाद्य सुरक्षा र रानी जमरा आयोजना	२	२	१०५३३
१७.३४	जिल्ला कृषि विकास कार्यालयहरु	७५	७५	१८९०५६
१७.३५	चिया तथा कफी विकास केन्द्र	२	२	२२२
१७.३६	राष्ट्रिय किसान आयोग	१	१	५४२९
१७.३७	व्याबसायिक किट विकास निर्देशनालय	१	१	४
१८.	**गृह मन्त्रालय**	**८८४**	**३३९**	**२३१०६६८**
१८.१	मन्त्रालय	१	१	१५७४१
१८.२	राष्ट्रिय अनुसन्धान विभाग र अन्तर्गत कार्यालय	८२	१९	२३०६०
१८.३	प्रहरी प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	४४१	१२९	४९५५५३
१८.४	सशस्त्र प्रहरी बल प्रधान कार्यालय र अन्तर्गतका कार्यालय	१०८	३४	६८८४८३
१८.५	जिल्ला प्रशासन कार्यालय	७५	६८	१०४८५०८
१८.६	कारागार विभाग र अन्तर्गत कार्यालय	७६	५७	२६०३३
१८.७	अध्यागमन विभाग र अन्तर्गत कार्यालय	११	७	२९४
१८.८	इलाका प्रशासन कार्यालय	७४	१८	१०२२३
१८.९	सीमा प्रशासन कार्यालय	७	१	०
१८.१०	जुद्ध बारुणयन्त्र कार्यालय	१	०	०
१८.११	लागू औषध नियन्त्रण कार्यक्रम	१	१	३५३
१८.१२	प्रहरी किताबखाना	१	०	०
१८.१३	समरजंग कम्पनी	१	०	०
१८.१४	राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र	१	०	०
१८.१५	एकिकृत सेवा केन्द्र	४	४	२४२०
१९.	**परराष्ट्र मन्त्रालय**	**४४**	**४४**	**५८१७४४**
१९.१	मन्त्रालय	१	१	११३५५३
१९.२	विभाग	२	२	१३३३२२
१९.३	परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान	१	१	११७०
१९.४	स्थायी नियोग र नेपाली राजदूतावास	३८	३८	३३३६५३
१९.५	सीमा नापी टोली र सम्पर्क कार्यालय	२	२	४६

२०.	**पशुपंछी विकास मन्त्रालय**	**१३५**	**९९**	**६२९९७०**
२०.१	मन्त्रालय	१	१	१४८७
२०.२	विभाग	१	१	१६३६
२०.३	राष्ट्रिय केन्द्रीय कार्यालय	९	५	२७३४९
२०.४	पशु क्वारेन्टाइन कार्यालय/चेकपोष्ट	८	४	२३५२
२०.५	पशु सेवा तालिम केन्द्र	५	४	२७१२
२०.६	क्षेत्रिय पशु रोग अन्वेषण प्रयोगशालाहरु	५	३	७१९
२०.७	राष्ट्रिय तथा क्षेत्रिय प्रयोगशालाहरु	६	५	७६०४१
२०.८	जिल्ला पशुसेवा कार्यालयहरु	७५	६०	१४९९६९
२०.९	पशु प्रजनन् कार्यालय	३	१	३८६
२०.१०	पशु बिकास फार्म	११	७	३९६३
२०.११	नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना	१	०	०
२०.१२	पशुसेवा निर्देशनालय (क्षेत्रीयसमेत)	९	७	२८९९९६
२०.१३	उच्च पहाड कृषि व्यवसाय तथा जिविकोपार्जन आयोजना	१	१	७३३६०
२१.	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	**३२**	**३०**	**५९२४९५**
२१.१	मन्त्रालय	१	१	१८५०४
२१.२	विभाग	२	२	५४१६६७
२१.३	पर्यटन कार्यालय	७	७	२५०९१
२१.४	राष्ट्रिय अभिलेखालय	१	१	६३
२१.५	संग्रहालयहरु	११	११	४७५२
२१.६	स्मारक संरक्षण र दरबार हेरचाह कार्यालय	६	४	१९०२
२१.७	दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना	१	१	१००
२१.८	भाषा आयोग	१	१	२१६
२१.९	केन्द्रीय सांस्कृतिक सम्पदा संरक्षण प्रयोगशाला	१	१	०
२१.१०	नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय	१	१	२००
२२.	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**२९०**	**२४७**	**२२८०५९३**
२२.१	मन्त्रालय	१	१	१४४८
२२.२	विभाग	३	३	२३३३९
२२.३	मालपोत कार्यालय	१२४	११८	२१८९८००
२२.४	नापी कार्यालय	१३४	११२	४७२४४
२२.५	भूमिसुधार कार्यालय	२१	६	९६३
२२.६	आयोजना	१	१	०
२२.७	महाशाखा	४	४	१५१२४
२२.८	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	१	१	२६७५
२२.९	एस्ट्रोनोमिकल नापी कार्यालय	१	१	०
२३.	**भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय**	**१७७**	**१६७**	**२१२६९८४०**
२३.१	मन्त्रालय	१	१	१२८२२६३
२३.२	विभाग	३	३	१०६०९७१

२३.३	क्षेत्रीय सडक निर्देशनालयहरु	५	५	१२२४१०
२३.४	डिभिजन सडक कार्यालयहरु	३४	३४	५९२११२६
२३.५	यान्त्रिक तालिम केन्द्र र कार्यालयहरु	११	१०	१८५१३
२३.६	केन्द्रीय सडक प्रयोगशाला	१	१	०
२३.७	यातायात व्यवस्था कार्यालयहरु	४०	३९	११९३९६१
२३.८	हेभी इक्विप्मेन्ट डिभिजनहरु	७	७	३१३
२३.९	सडक आयोजनाहरु	७५	६७	११६७०२८३
२४	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**८५**	**८२**	**१९०२९४**
२४.१	मन्त्रालय	१	१	६९११५
२४.२	राष्ट्रिय महिला आयोग	१	१	१४८३
२४.३	महिला तथा बालबालिका विभाग	१	१	४
२४.४	महिला तथा बालबालिका कार्यालय	७५	७४	१०४२२२
२४.५	समाज कल्याण केन्द्र	५	३	०
२४.६	केन्द्रीय बाल कल्याण समिति	१	१	१३७०८
२४.७	बाल न्याय समन्वय समिति सचिवालय	१	१	१७६२
२५.	**युवा तथा खेलकुद मन्त्रालय**	**७६**	**५९**	**४४४२०**
२५.१	मन्त्रालय	१	१	५०२
२५.२	राष्ट्रिय युवा परिषद्	१	१	२६१२
२५.३	जिल्ला युवा समितिको कार्यालय	७४	५७	४१३०६
२६.	**रक्षा मन्त्रालय**	**२८०**	**८५**	**६५९२३८५**
२६.१	मन्त्रालय	१	०	०
२६.२	सुरक्षा परिषद्	१	०	०
२६.३	विभाग	४	२	५५०६४४३
२६.४	महानिर्देशनालय	५	५	२८९११३
२६.५	निर्देशनालय	२०	७	८१३८२
२६.६	पृतना	६	२	२००३३
२६.७	महाशाखा	६	३	६४७६६७
२६.८	बाहिनी	१७	४	५९२१
२६.९	गण	९९	२०	१४६५३
२६.१०	गुल्म	५१	१९	४७४१
२६.११	स्थपति कारखाना र व्याट्हरु	१४	२	८०३
२६.१२	शिक्षालय तथा तालिम केन्द्रहरु	२९	१०	८२०१
२६.१३	अन्य कार्यालय	२४	१०	१०४२६
२६.१४	अस्पतालहरु	३	१	३००२
२७.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**१९१**	**१८४**	**४५५९०७**
२७.१	मन्त्रालय	१	१	७८०
२७.२	विभाग	५	५	१०८४०७
२७.३	क्षेत्रीय निर्देशनालय	५	५	६६२४
२७.४	केन्द्रीयस्तरका आयोजना	१२	११	८३४४
२७.५	तालिम केन्द	६	६	१६७

२७.६	वनस्पति विभाग अन्तर्गतका कार्यालय	७	४	५१२९
२७.७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका कार्यालय	२०	२०	५७८१४
२७.८	जिल्ला वन कार्यालय	७४	७४	२३३०२१
२७.९	भू–तथा जलाधार संरक्षण कार्यालय	६१	५८	३५६२१
२८.	**वाणिज्य मन्त्रालय**	**११**	**५**	**४३०३०**
२८.१	मन्त्रालय	१	१	६२६
२८.२	वाणिज्य विभाग	१	१	१४४०
२८.३	व्यापार ताथा विकासी प्रर्बद्धन केन्द्र	३	३	४०९६४
२८.४	नेपाल भारत क्षेत्रिय व्यापार तथा पारवाहन आयोजना	१	०	०
२८.५	वाणिज्य कार्यालय	५	०	०
२९.	**विज्ञान तथा प्रविधि**	**५**	**५**	**१२२४**
२९.१	मन्त्रालय	१	१	०
२९.२	विभागहरु	१	१	८६९
२९.३	वि.पि.कोइराला प्लानेटोरियम तथा अब्जरभेटरी संग्रहालय	१	१	३३७
२९.४	राष्ट्रिय सूचना प्रविधि केन्द्र	१	१	०
२९.५	प्रमाणिकरण नियन्त्रकको कार्यालय	१	१	१८
३०.	**जनसंख्या तथा वातावरण**	**१०**	**६**	**२०५८३०**
३०.१	मन्त्रालय	१	१	८४१
३०.२	विभागहरु	२	२	६५६८६
३०.३	वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र	१	१	१३६२६१
३०.४	क्षेत्रिय हावापानी कार्यालयहरु	३	२	३०४२
३०.५	बेसिन कार्यालयहरु	३	०	०
३१.	**शान्ति तथा पुननिर्माण मन्त्रालय**	**१५**	**१३**	**३५१३६**
३१.१	मन्त्रालय	१	१	४८३८
३१.२	शान्तिकोष सचिवालय	१	१	६४८३
३१.३	राहत तथा पन:स्थापना इकाई	१	१	५३२
३१.४	द्धन्द्ध पीडितको लागि मनोसमाजिक परामर्श सेवा	१	१	१३०२६
३१.५	सत्य निरुपण तथा मेलमिलाप आयोग	८	६	६६३०
३१.६	द्धन्द्धोत्तर शान्ति तथा पनु:स्थापना आयोजना	१	१	९९०
३१.७	राष्टिय शहिद तथा निजामती पार्क आयोजना	१	१	७३८
३१.८	बेपत्ता व्यक्तिको छानविन आयोग	१	१	१८९९
३२.	**शिक्षा मन्त्रालय**	**१४८**	**१४०**	**१०७९२९१०**
३२.१	मन्त्रालय	१	१	२९१५९६
३२.२	विभाग	१	१	२७६७
३२.३	क्षेत्रीय शिक्षा निर्देशनालय	५	३	४९१०
३२.४	जिल्ला शिक्षा कार्यालय	७५	७५	८५८५४९५
३२.५	परीक्षा नियन्त्रण कार्यालय	१	१	०
३२.६	पाठ्यक्रम विकास केन्द्र	१	१	२७५

३२.७	शिक्षा सेवा आयोग	१	१	२७२१२
३२.८	शिक्षक किताबखाना	१	१	८२३
३२.९	केशर पुस्तकालय	१	१	०
३२.१०	राष्ट्रिय पुस्तकालय	१	१	०
३२.११	अनौपचारिक शिक्षा केन्द्र	१	१	१५५८
३२.१२	शिक्षाको लागि खाद्य कार्यक्रम (परियोजना)	१	१	३९
३२.१३	शिक्षाको लागि खाद्य कार्यक्रम इकाई	१२	८	१७८९
३२.१४	शैक्षिक तालिम केन्द्र र उपकेन्द्र	२९	२७	५१७८
३२.१५	शैक्षिक जनशक्ति विकास केन्द्र	१	१	९२६५
३२.१६	व्यावसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना	१	१	८९५६
३२.१७	केन्द्रीय आयोजना कार्यान्वयन इकाई	१	१	११७८६२७
३२.१८	जिल्ला आयोजना कार्यान्वयन इकाई	१४	१४	६७४४२०
३३.	**श्रम तथा रोजगार मन्त्रालय**	**४३**	**३३**	**१८८६६८**
३३.१	मन्त्रालय	१	१	७६५३
३३.२	विभागहरु	२	२	७०६३
३३.३	सामाजिक सुरक्षा कोषको सचिवालय	१	१	१४०
३३.४	व्यावसायिक तथा सिप विकास तालिम केन्द्र	१६	१४	८१५७६
३३.५	श्रम कार्यालयहरु	१०	५	२५
३३.६	रोजगार सुचना केन्द्र	४	१	०
३३.७	व्यवसायजन्य सुरक्षा तथा स्वास्थय संरक्षण आयोजना	१	१	१९५७
३३.८	बैदेशिक रोजगार न्यायधिकरण	१	१	०
३३.९	वैदेशिक रोजगार प्रवर्धन बोर्ड	१	१	२३१०३
३३.१०	राष्ट्रिय स्तरको कल्याणकारी कोषको सचिवालय	१	१	०
३३.११	बैदेशिक रोजगार विभाग शाखा कार्यालयहरु	५	५	६७१५१
३४.	**सामान्य प्रशासन मन्त्रालय**	**२**	**१**	**७७**
३४.१	मन्त्रालय	१	१	७७
३४.२	निजामती किताबखाना	१	०	०
३५.	**सिँचाइ मन्त्रालय**	**१८०**	**१७८**	**२३१६३९३**
३५.१	मन्त्रालय	१	१	७१९३
३५.२	विभागहरु	२	२	३६७७५
३५.३	क्षेत्रीय निर्देशनालय	५	५	१३०७७
३५.४	सिंचाई विकास डिभिजन र सवडिभिजन	७३	७३	८४९२१६
३५.५	सिँचाइ व्यवस्थापन डिभिजन	१०	१०	७७६६५
३५.६	यान्त्रिक व्यवस्थापन कार्यक्रम तथा डिभिजन कार्यालय	३	३	१२०
३५.७	भूमिगत जलस्रोत विकास समिति,फिल्ड कार्यालय र आयोजना	१०	८	१११३२
३५.८	सिचाई विभाग अर्न्तगतका योजना/आयोजना	२३	२३	७८७८३२
३५.९	जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन तथा सव–डिभिजन	२६	२६	२३७५४५
३५.१०	जनताको तटवन्ध कार्यक्रम, संयोजक तथा फिल्ड	७	७	१५३००३

	कार्यालय			
३५.११	जल उत्पन्न प्रकोप नियन्त्रण विभाग अन्तर्गतका आयोजना	४	४	५८६१०
३५.१२	सम्पर्क कार्यालय	१	१	०
३५.१३	जलस्रोत अनुसन्धान तथा विकास केन्द्र	१	१	४५
३५.१४	सिचाइ व्यवस्थापन निर्देशनालय	१	१	१२८
३५.१५	भुमिगत जल सिंचाई निर्देशनालय	१	१	०
३५.१६	भुमिगत जल सिंचाई विकास डिभिजन	१२	१२	८४०५२
३६.	**सूचना तथा सञ्चार मन्त्रालय**	**९२**	**८७**	**१३७०७८८**
३६.१	मन्त्रालय	१	१	१२५२६८५
३६.२	विभाग	३	३	१०९६२
३६.३	क्षेत्रीय निर्देशनालय	५	५	३७०
३६.४	गोश्वारा हुलाक कार्यालय	१	१	६०७
३६.५	जिल्ला हुलाक कार्यालय	७०	६६	९६६०५
३६.६	सञ्चार केन्द्र	५	४	८५
३६.७	फिलाटेलिक व्यूरो	१	१	९३
३६.८	केन्द्रीय धनादेश कार्यालय	१	१	१२७९
३६.९	केन्द्रीय टिकट भण्डार	१	१	४१३
३६.१०	हुलाक प्रशिक्षण केन्द्र	१	१	२०९
३६.११	सासेक सुचना राजमार्ग आयोजना	१	१	७४८०
३६.१२	राष्ट्रिय सूचना आयोग	१	१	०
३६.१३	न्यूनतम पारिश्रमिक निर्धारण समिति	१	१	०
३७.	**सहरी विकास मन्त्रालय**	**७०**	**६६**	**५१२४२२७**
३७.१	मन्त्रालय	१	१	१५७६६३
३७.२	विभागहरु	१	१	२१३८५६
३७.३	शहरी विकास तथा भवन निर्माण डिभिजन	३४	३४	३२०१६१९
३७.४	भवन प्रविधी अनुसन्धान तथा तालिम केन्द्र	१	१	१३४४५
३७.५	आयोजना/कार्यक्रम	३१	२७	१४००९३३
३७.६	भवन निर्माण संभार डिभिजन	१	१	१३६७११
३७.७	संयुक्त राष्ट्रसंघ पार्क विकास समिति	१	१	०
३८.	**खानेपानी तथा सरसफाई मन्त्रालय**	**८३**	**७६**	**५७५०१३०**
३८.१	मन्त्रालय	१	१	६४५६
३८.२	विभाग	१	१	१५८५८
३८.३	खानेपानी डिभिजन र सव–डिभिजन	७०	६४	९३९५०४
३८.४	क्षेत्रिय सुपरिवेक्षण तथा अनुगमन कार्यालय	५	५	५३४८५
३८.५	केन्द्रीय जनसाधन विकास इकाई	१	०	०
३८.६	आयोजना कार्यान्वयन निर्देशनालय(खानेपानी)	१	१	१५८२९९०
३८.७	मेलम्ची खानेपानी विकास समिति	१	१	२५४६२६१
३८.८	दोश्रो/तेश्रो साना शहरी खानेपानी आयोजना व्यवस्थापन कार्यालय	१	१	३९४८४३

३८.९	तेश्रो साना शहरी खानेपानी आयोजना	२	२	२१०७३३
३९.	**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**	**२१३**	**२००**	**११३६४३८२**
३९.१	मन्त्रालय	१	१	७५६०
३९.२	विभागहरु	२	२	३१८१७९
३९.३	राष्ट्रिय दलित आयोग	१	१	२२५६
३९.४	स्थानीय निकाय वित्तिय आयोग	१	१	१७७
३९.५	वौद्ध दर्शन प्रवर्धन तथा गुम्वा विकास समिति	१	१	६३४६
३९.६	आदिवासी जनजाती उत्थान प्रतिष्ठान	१	१	२३०८७
३९.७	उपेक्षित उत्पिडत र दलित वर्ग उत्थान विकास समिति	१	१	४६५७
३९.८	पिछडिएको समुदाय उत्थान विकास समिति	१	१	१५६
३९.९	वादी समुदाय उत्थान विकास समिति	१	१	१७४९
३९.१०	विकेन्द्रीत ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार आयोजना	१	१	७४८३
३९.११	स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम	१	१	७४४३
३९.१२	सस्पेन्सन ब्रिज डिभिजन	१	१	१५०२०९
३९.१३	सामुदायिक सिचाई आयोजना	१	१	३२५४१८
३९.१४	ग्रामिण पुन: निर्माण तथा पुन स्थापना आयोजना	१	०	०
३९.१५	राष्ट्रिय मुस्लिम आयोग	१	०	०
३९.१६	स्थानीय शासन तथा उत्तरदायी संयन्त्रको सचिवालय	१	१	१९५८४५
३९.१७	स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रम	१	०	०
३९.१८	जिल्ला आयोजना कार्यान्वयन इकाई (भुकम्पं)	१४	१४	४६२३१५
३९.१९	वातावरण मैत्री स्थानीय शासन कार्यक्रम	१	०	०
३९.२०	भूकम्पीय आवास पुन:निर्माण आयोजना	१	१	१०२१९
३९.२१	भूकम्प आपतकालीन सहायता आयोजना	१	१	३८३७१
३९.२२	फोहोर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द	१	१	१५११५
३९.२३	राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रम	३	३	८३५
३९.२४	ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना	१	०	०
३९.२५	पश्चिम नेपाल ग्रामिण खानेपानी पोखरा	१	०	०
३९.२६	जिल्ला समन्वय समिति	७५	७५	९१४६५३९
३९.२७	जिल्ला प्राविधिक कार्यालय	७५	७४	६२५९७०
३९.२८	दुर्गम क्षेत्र विकास समिति	२२	१६	१४४५३
४०.	**स्वास्थ्य मन्त्रालय**	**१८३**	**१५२**	**२६४२२०६**
४०.१	मन्त्रालय	१	१	२७३५२०
४०.२	विभाग	३	३	१५०९३३४
४०.३	राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र	१	१	४९०४
४०.४	राष्ट्रिय जनस्वास्थय प्रयोगशाला	१	१	२२९७५
४०.५	राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र	२	२	२३६९१४
४०.६	राष्ट्रिय एड्स तथा यौनरोग केन्द्र	१	१	३०९२४
४०.७	पशुपति होमियो चिकित्सालय	१	१	६५
४०.८	राष्ट्रिय औषधि प्रयोगशाला	१	१	२८४२

४०.९	क्षेत्रीय स्वास्थय निर्देशनालय	५	५	१५७१
४०.१०	क्षेत्रीय मेडिकल स्टोर	५	४	९०९
४०.११	केन्द्रीय तथा क्षेत्रीय तालिम केन्द्र	७	६	५५२२
४०.१२	जिल्ला स्वास्थय तथा जनस्वास्थ्य कार्यालय	७५	७५	५३७६८३
४०.१३	प्राथमिक स्वास्थय केन्द्र	२	१	१६५
४०.१४	अञ्चल तथा जिल्ला आयूर्वेद स्वास्थ्य केन्द्र	७५	४७	१३२८१
४०.१५	औषधी व्यवस्था शाखा कार्यालय	३	३	१५९७
४१.	**सहकारी तथा गरिवी निवारण मन्त्रालय**	**४३**	**३९**	**१०३१०८**
४१.१	सहकारी तथा गरिवी निवारण मन्त्रालय	१	१	९४५५७
४१.२	विभाग	१	१	०
४१.३	गरिव घर परिवार परिचय पत्र वितरण सहयोग समन्वय बोर्ड	१	१	२९२३
४१.४	केन्द्रिय सहकारी प्रशिक्षण केन्द्र	१	१	०
४१.५	डिभिजन सहकारी कार्यालयहरु	३८	३४	४०२४
४१.६	पश्चिम उच्च पहाडी गरिवी निवारण आयोजना संयोजकको कार्यालय	१	१	१६०४
४२.	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**३६**	**७**	**४९२७**
४२.१	राष्ट्रिय योजना आयोगको सचिवालय	१	१	०
४२.२	केन्द्रीय तथयाक विभाग	१	१	१२४०
४२.३	राष्ट्रिय विकास स्वयंसेवक सेवा	१	०	०
४२.४	शाखा तथ्यांक कार्यालय	३३	५	३६८७
४३.	**आपूर्ति मन्त्रालय**	**२**	**२**	**३८३११**
४३.१	मन्त्रालय	१	१	३६२६३
४३.२	आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग	१	१	२०४८
	जम्मा	**४८१२**	**३४९५**	**९४८१५४४७**

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद १ दफा ४ र ५ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका संगठित संस्था, समिति, अन्यसंस्था र जिल्ला समन्वय समितिहरुकोविवरण

क्र.सं.	संस्थाको नाम	संख्या
१.	**व्यवस्थापिका संसद सचिवालय**	**२**
	१.१ संसद विकास कोष	१
	१.२ शान्ति कोष	१
२.	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१२**
	२.१ नेपाल ट्रष्टको कार्यालय	१
	२.२ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	१
	२.३ प्रधानमन्त्री सहायता कोष	१
	२.४ प्रधानमन्त्री राहत कोष	१
	२.५ पुनर निर्माण कोष	१
	२.६ धरहरा पु:न निर्माण कोष	१
	२.७ शान्ति कोष सचिवालय र एडिवि	१
	२.८ क्षेत्रिय दैवि प्रकोप उद्धार कोष	५
३.	**अर्थ मन्त्रालय**	**९**
	३.१ कर्मचारी सञ्चय कोष	१
	३.२ नागरिक लगानी कोष	२
	३.३ नेपाल राष्ट्र बैंक	१
	३.४ राष्ट्रिय बाणिज्य बैंक	१
	३.५ नेपाल धितोपत्र बोर्ड	१
	३.६ आरविवि मर्चेन्ट बैकिङ लिमिटेड	१
	३.७ युवास्वरोजगार कोष	१
	३.८ बीमा समिति	१
४.	**आपूर्ति मन्त्रालय**	**४**
	४.१ नेशनल ट्रेडिङ लिमिटेड	३
	४.२ नेपाल खाद्य सस्थान	१
५.	**उद्योग मन्त्रालय**	**१३**
	५.१ जनकपुर चुरोट कारखाना	३
	५.२ औद्योगिक व्यावसाय विकास प्रतिष्ठान	१
	५.३ नेपाल औषधि लिमिटेड	१
	५.४ केन्द्रीय कारागार कोष	१
	५.५ घरेलु तथा साना उद्योग विकास कोष	१
	५.६ घरेलु तथा साना उद्योग विकास समिति (ऋण लगानी कोष)	१
	५.७ घरेलु तथा साना उद्योग विकास समिति (कर्मचारी घर जग्गा सापटी कोष)	१
	५.८ घरेलु तथा साना उद्योग विकास समिति (रिभल्विङ्ग फण्ड)	१
	५.९ हस्तकला प्रबर्द्धन केन्द्र ललितपुर	१
	५.१० भू बहाल कर तथा शिक्षा र तालिम	१
	५.११ प्रविधि विकास कोष	१
६.	**उर्जा मन्त्रालय**	**३**
	६.१ तनहूं हाइड्रो पावर कम्पनी लिमिटेड	१
	६.२	
	६.३ नेपाल विद्युत प्राधिकरण	२
७.	**कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय**	**४**
	७.१ कानून किताब व्यवस्था समिति	१
	७.२ केन्द्रीय कानून पुस्तकालय विकास समिति	१
	७.३ केन्द्रिय कानूनी सहायता समिति	१
	७.४ मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	१
८.	**कृषि विकास मन्त्रालय**	**९**
	८.१ कृषि सामग्री कम्पनी लिमिटेड	१
	८.२ कपास विकास समिति	१
	८.३ कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति	१
	८.४ चन्द्रडाँगी वीउ वीजन तथा दुग्ध विकास समिति	१
	८.५ नेपाल कृषि अनुसन्धान परिषद्	१
	८.६ उष्ण प्रदेशिय वागवानी विकास केन्द्र सर्लाही	१
	८.७ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	१
	८.८ राष्ट्रिय विउ विजन कम्पनी लिमिटेड	१
	८.९ नेपाल उखु बाली तथा चिनी विकास समिति	१
९.	**पशुपंछी विकास मन्त्रालय**	**५**
	९.१ नेपाल पशु चिकित्सा परिषद्	१
	९.२ दुग्ध विकास संस्थान	१
	९.३ राष्ट्रिय दुग्ध विकास बोर्ड	१
	९.४ पशु विकास फार्म, पोखरा (दोहोरो मार्ग)	१
	९.५ पशु विकास फार्म (कार्य संचालन कोष)	१
१०.	**गृह मन्त्रालय**	**७९**
	१०.१ केन्द्रीय दैवी प्रकोप उद्धार समिति	७६
	१०.२ केन्द्रीय हज कमिटी	१
	१०.३ प्रहरी कल्याण कोष	१
	१०.४ सशस्त्र प्रहरी वल कल्याण कोष	१
११.	**सस्कृति, पर्यटन तथा नागरिक उड्डयन**	**३५**

क्र.सं.	संस्थाको नाम	संख्या
	मन्त्रालय	
	११.१ सास्कृतिक संस्थान	१
	११.२ नेपाल नागरिक उड्ययन प्राधिकरण	२
	११.३ नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	१
	११.४ नेपाल वायु सेवा निगम	२
	११.५ तारा गाउं विकास समिति	१
	११.६ नेपाल पर्यटन बोर्ड	३
	११.७ राष्ट्रिय ताल संरक्षण विकास समिति	१
	११.८ रुरु रेसुङ्गा क्षेत्र संरक्षण तथा पर्यटन विकास समिति	१
	११.९ नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी	१
	११.१० नेपाल पर्वतिय प्रशिक्षण प्रतिष्ठान	१
	११.११ नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	२
	११.१२ पाटन संग्रहालय विकास समिति	१
	११.१३ पाथिभरा क्षेत्र विकास समिति	१
	११.१४ बौद्धनाथ क्षेत्र विकास समिति	१
	११.१५ मेची पहाडी पर्यटन विकास समिति इलाम	१
	११.१६ कर्णाली क्षेत्र पर्यटन प्रवर्धन विकास समिति	१
	११.१७ हनुमानढोका दरवार संग्रहालय विकास समिति	१
	११.१८ मनकामना क्षेत्र विकास समिति	१
	११.१९ देवघाट क्षेत्र विकास समिति	२
	११.२० हलेसी महादेव स्थान विकास समिति	१
	११.२१ वुढा निलकण्ठ क्षेत्र विकास समिति	१
	११.२२ लुम्विनी विकास कोष	१
	११.२३ भानु जन्मस्थल विकास समिति	२
	११.२४ बृहत्तर जनकपुर क्षेत्र विकास समिति	३
	११.२५ नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान	२
१२.	**भूमिसुधार तथा व्यवस्था मन्त्रालय**	**१**
	१२.१ गुठी संस्थान	१
१३.	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**	**५**
	१३.१ सडक बोर्ड नेपाल	१
	१३.२ रेलवे कम्पनी	४
१४.	**महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**	**४**
	१४.१ वृद्ध कल्याण कोष	१
	१४.२ राष्ट्रिय अपाङ्ग सहायता कोष	१
	१४.३ समाज कल्याण परिषद्	१
	१४.४ अन्तर्राष्ट्रिय धर्मपत्र धर्मपुत्री वि.स.	१
१५.	**युवा तथा खेलकुद मन्त्रालय**	**१**
	१५.१ राष्ट्रिय खेलकुद परिषद्	१
१६.	**रक्षा मन्त्रालय**	**६**

क्र.सं.	संस्थाको नाम	संख्या
	१६.१ नेपाली सैनिक, कल्याणकारी कोष	१
	१६.२ नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	१
	१६.३ बहु व्यवसाय उद्योग	१
	१६.४ बसुन्धरा क्यान्टिन	१
	१६.५ वीरेन्द्र अस्पताल, मेन्टिनेन्स फण्ड	१
	१६.६ स्वयम्भू बारुदखाना	१
१७.	**वन तथा भू–संरक्षण मन्त्रालय**	**७८**
	१७.१ कार्य संचालन कोष	६६
	१७.२ वन पैदावार विकास समिति	१
	१७.३ राष्ट्पति चुरे तराई मधेश संरक्षण विकास समिति	१
	१७.४ राष्ट्रिय प्रकृति संरक्षण कोष	८
	१७.५ दि टिम्वर कर्पोरेशन अफ नेपाल	१
	१७.६ जडिवुटी उत्पादन तथा प्रशोधन कम्पनी लि	१
१८.	**बाणिज्य मन्त्रालय**	**५**
	१८.१ नेपाल इन्टरमोडल यातायात विकास समिति	२
	१८.२ नेपाल पारवाहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२
	१८.३ नेपाल क्यापासिटी इन्हान्स फर ट्रेड एण्ड डेभलपमेण्ट प्रोजेक्ट	१
१९.	**जनसंख्या तथा वातावरण मन्त्रालय**	**१**
	१९.१ वातावरण संरक्षण कोष	१
२०.	**विज्ञान तथा प्रविधि मन्त्रालय**	**२**
	२०.१ राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	१
	२०.२ नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	१
२१.	**शिक्षा मन्त्रालय**	**३८८**
	२१.१ राष्ट्रिय परीक्षा बोर्ड	१२
	२१.२ नेपाल संस्कृत विश्वविद्यालय	२६
	२१.३ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	३२
	२१.४ विश्वविद्यालय अनुदान आयोग	१
	२१.५ विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	१
	२१.६ सुदुरपश्चिम विश्वविद्यालय	११
	२१.७ कृषि तथा बन विश्वविद्यालय	७
	२१.८ स्वप्न बगैचा विकास समिति	१
	२१.९ त्रिभुवन विश्वविद्यालय	२६८
	२१.१० पोखरा विश्व विद्यालय	३
	२१.११ मध्यपश्चिमाञ्चल विश्व विद्यालय	१३
	२१.१२ लुम्विनी बौद्ध विश्व विद्यालय	३
	२१.१३ युनेस्कोका निमित्त नेपाल राष्ट्रिय	१

क्र.सं.	संस्थाको नाम	संख्या
	आयोग	
	२१.१४ त्रि वि उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन कार्यालय	१
	२१.१५ खुला विश्व विद्यालय	१
	२१.१६ खुला विश्व विद्यालय ललितपुर	१
	२१.१७ डिल्लीरमण पुस्तकालय	१
	२१.१८ मेडिकल प्रवर्धन विकास समिति	१
	२१.१९ मनमोहन स्मृति पोलीटेक्निक मोरङ	१
	२१.२० सीप विकास परियोजना काठमाण्डौ	१
	२१.२१ जनक शिक्षा सामग्री केन्द्र	२
२२.	**सामान्य प्रशासन मन्त्रालय**	**३**
	२२.१ निजामती कर्मचारी अस्पताल	१
	२२.२ कर्मचारी प्रशिक्षण प्रतिष्ठान	१
	२२.३ नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	१
२३.	**सूचना तथा सञ्चार मन्त्रालय**	**८१**
	२३.१ नेपाल दूरसञ्चार प्राधिकरण	१
	२३.२ नेपाल टेलिभिजन	१
	२३.३ गोरखापत्र सस्थान	२
	२३.४ राष्ट्रिय समाचार समिति	१
	२३.५ चलचित्र विकास बोर्ड	१
	२३.६ प्रेस काउन्सिल	१
	२३.७ पत्रकार कल्याण कोष	१
	२३.८ धनादेश	१
	२३.९ रेडियो प्रसार सेवा विकास समिति	८
	२३.१० हुलाक बचत बैङ्क	६३
	२३.११ राष्ट्रिय सुचना आयोग विशेष कोष	१
२४.	**सहरी विकास मन्त्रालय**	**३७**
	२४.१ अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	१
	२४.२ अधिकार सम्पन्न वागमती सभ्यता विकास समिति (कोष)	१
	२४.३ जग्गा विकास चक्रकोष	१
	२४.४ दक्षिणकाली क्षेत्र प्रबन्ध विकास समिति	१
	२४.५ नगर विकास समिति	३०
	२४.६ सिंहदरबारसचिवालय पुनःनिर्माण समिति	१
	२४.७ काठमाण्डौ उपत्यका विकास प्राधिकरण र जिल्ला आयुक्त कार्यालय	१
	२४.८ राष्ट्रिय आवास कम्पनी लिमिटेड	१
२५.	**खानेपानी तथा सरसफाई मन्त्रालय**	**५**
	२५.१ ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	१
	२५.२ खानेपानी महसुल निर्धारण आयोग	१
	२५.३ खानेपानी संस्थान	१
	२५.४ काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२

क्र.सं.	संस्थाको नाम	संख्या
२६.	**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**	**६४**
	२६.१ ग्रामिण विकास प्रशिक्षण केन्द्रहरु	५
	२६.२ स्थानिय विकास प्रशिक्षण प्रतिष्ठान	१
	२६.३ महिला विकास प्रशिक्षण केन्द्रहरु	२
	२६.४ नगर विकास प्रशिक्षण प्रतिष्ठान कास्की	१
	२६.५ स्थानीय विकास कोषको सचिवालय	५५
२७.	**स्वास्थ्य मन्त्रालय**	**१२४**
	२७.१ अस्पताल विकास समितिहरु	३५
	२७.२ अन्य अस्पताल	५०
	२७.३ अंचल अस्पताल	१०
	२७.४ आयुर्वेवेद औषधालय नरदेवी	१
	२७.५ कान्ति बाल अस्पताल विकास समिति	१
	२७.६ किटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र	१
	२७.७ चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल)	२
	२७.८ नेपाल स्वास्थ्य अनुसन्धान परिषद्	१
	२७.९ परोपकार तथा स्त्री रोग अस्पताल विकास समिति	१
	२७.१० पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	२
	२७.११ बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
	२७.१२ बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल	१
	२७.१३ मानसिक अस्पताल	१
	२७.१४ शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र	१
	२७.१५ शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल	१
	२७.१६ सिंहदरबार बैद्यखाना विकास समिति	१
	२७.१७ स्वास्थ्य कर कोष	१
	२७.१८ क्षेत्रीय र उप क्षेत्रिय अस्पताल विकास समिति	६
	२७.१९ राष्ट्रिय क्षय रोग केन्द्र	१
	२७.२० मानव अंग प्रत्यारोपण केन्द्र	१
	२७.२१ राष्ट्रिय ट्रमा सेण्टर	२
	२७.२२ राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र	१
	२७.२३ जि.पी कोइराला स्वास प्रश्वास	१
	२७.२४ कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	१
२८.	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**१**
	२८.१ नयाँ नेपाल निर्माण कोष	१
२९.	**सहकारी तथा गरिवी निवारण मन्त्रालय**	**१**
	२९.१ राष्ट्रिय सहकारी विकास बोर्ड	१
	कुल जम्मा:	**९८२**

अनुसूचि १ ख

प्रतिबेदनको परिच्छेद १ दफा ५, ७ र ८ सँग सम्बन्धित

कार्यमूलक तथा बिशेष लेखापरीक्षण गरिएका कार्यालयहरुको बिबरण

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्वन्धित मन्त्रालय
१.	भूकम्प प्रभावित जिल्लाको पुनर्निर्माण तथा पुन:स्थापना	प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय
२.	सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
३.	प्राकृतिक एवं साँस्कृतिक सम्पदा	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, वन तथा भू-संरक्षण र जनसंख्या तथा वातावरण मन्त्रालय
४.	प्राकृतिक स्रोतको उपयोग	वन तथा भू-संरक्षण, वातावरण मन्त्रालय, उद्योग, वार्णिज्य र आपूर्ति मन्त्रालय
५.	स्वास्थ्य सेवा प्रवाह	स्वास्थ्य मन्त्रालय
६.	काठमाण्डौ उपत्यकाको वायुप्रदूषण	वन तथा भू-संरक्षण, जनसंख्या तथा वातावरण, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
७.	राष्ट्रिय ग्रामिण यातायात सुदृढिकरण कार्यक्रम	सामान्य प्रशासन र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
८.	गैर कर राजस्व	अर्थ मन्त्रालय
	सुचना प्रविधि लेखापरीक्षणको विषय	**सम्वन्धित मन्त्रालय**
१	सरकारी निकायहरुमा प्रयोग गरिएका सूचना प्रविधिको उपयोग तथा मूल्याङ्कन	लोक सेवा आयोग, भौतिक पूर्वाधार तथा यातायात, उधोग र विज्ञान तथा प्रविधि मन्त्रालय

(प्रतिवेदनको परिच्छेद १ दफा १ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण रकम

(रु हजारमा)

क्र. सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण सम्पन्न रकम
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
	चालु वर्ष :																	
१	राष्ट्रपतिको कार्यालय	१	२५०९००	१	२५०९००	१	३०५	१	३०५	१	३४१८६	१	३४१८६			०	०	२८५३९१
२	उपराष्ट्रपतिको कार्यालय	१	३७२६५	१	३७२६५	१	२१	१	२१	१	१३८४	१	१३८४			०	०	३८६७०
३	व्यवस्थापिका संसद सचिवालय	१	१५२९८७२	१	१५२९८७२	१	५४४६	१	५४४६	१	१०३१९	१	१०३१९	१	२४०५४	१	२४०५४	१५६९६९१
४	सर्वोच्च अदालत	१०४	४३३३४०१	१०४	४३३३४०१	१०२	९११८९०	१०२	९११८९०	१०४	६३४१४९०	१०४	६३४१४९०			०	०	११५८६७८१
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	११	८७०८०२	११	८७०८०२	३	५५५५	३	५५५५	१०	६५४७२	१०	६५४७२			०	०	९४१८२९
६	महालेखा परीक्षकको कार्यालय	१	४०८०४७	१	४०८०४७	१	१८६६	१	१८६६	१	३४५४	१	३४५४			०	०	४१३३६७
७	लोक सेवा आयोग	१६	६९०५८५	१६	६९०५८५	१६	२११७१४	१६	२११७१४	८	८८७८	८	८८७८	१	१८७१५५	१	१८७१५५	१०९८३३२
८	निर्वाचन आयोग	९००	५७७४२४७	९००	५७७४२४७	४३	३००४	४३	३००४	७४५	१३००२०	७४५	१३००२०			०	०	५९०७२७१
९	महान्यायाधिवक्ताको कार्यालय	९५	१०४३७९२	९५	१०४३७९२	३३	१४०९	३३	१४०९	५१	३२२२९	५१	३२२२९			०	०	१०७७४३०
१०	न्याय परिषद्	१	६२०५६	१	६२०५६	१	१८५८	१	१८५८	१	९२	१	९२			०	०	६४००६
११	राष्ट्रिय मानवअधिकार आयोग	९	१७२८१५	९	१७२८१५	२	८८२	२	८८२	१	४९१	१	४९१	१	३४५८	१	३४५८	१७७६४६
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२०	३९८५५५८	२०	३९८५५५८	१३	१३३५०	१३	१३३५०	११	३८२३०	११	३८२३०			०	०	४०३७१३८
१३	अर्थ	१७४	१५५४६२७३५	१७४	१५५४६२७३५	१७२	५३५९८७०६८	१७२	५३५९८७०६८	१५७	६०९५५५७	१५७	६०९५५५७	१३०	१९५०६०५१३	१३०	१९५०६०५१३	८९२६०५८७३
१४	उद्योग	९८	३२०९२००	९८	३२०९२००	९५	१७५२९६२	९५	१७५२९६२	९५	२६८८५२	९५	२६८८५२	२१	३००६५	२१	३००६५	५२६१०७९
१५	उर्जा	८	६८८९८६२	८	६८८९८६२	८	१९७१६४३	८	१९७१६४३	७	२८७३०६२	७	२८७३०६२	०	०	०	०	११७३४५६७
१६	कानून, न्याय तथा संसदीय मामिला	३	२०२०१०	३	२०२०१०	२	५०००६	२	५०००६	३	३७३	३	३७३			०	०	२५२३८९
१७	कृषि विकास	२५५	१८३०४५८६	२५५	१८३०४५८६	१७९	५५१७०	१७९	५५१७०	१८७	१८३१३५	१८७	१८३१३५	०	०	०	०	१८५४२८९१
१८	गृह	८८४	५८८३०४९२	८८४	५८८३०४९२	४१०	५२११३३३	४१०	५२११३३३	२४१	११४९४६१	२४१	११४९४६१	१७७	१९६९४१९८	१७७	१९६९४१९८	८४८८५४८४
१९	परराष्ट्र	४४	४०५२२५२	४४	४०५२२५२	५	३५९९०२९	५	३५९९०२९	३	१०१९७	३	१०१९७	३	१४६३६६१	३	१४६३६६१	९१२५१३९
२०	पशुपंछी विकास	१३५	७५९६०४५	१३५	७५९६०४५	१२७	७६४०५	१२७	७६४०५	१२७	८५७०५	१२७	८५७०५	६२	१८५९७४	६२	१८५९७४	७९४४१२९

क्र. सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण सम्पन्न रकम
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	
२१	संस्कृति, पर्यटन तथा नागरिक उडड्यन	३२	४१४७०८४	३२	४१४७०८४	२९	८०९८३३	२९	८०९८३३	२८	१८३५०६	२८	१८३५०६	१२	४७०८९	१२	४७०८९	५१८७५१२
२२	भूमिसुधार तथा व्यवस्था	२९०	५१८५९०३	२९०	५१८५९०३	२७६	१८९८२२०८	२७६	१८९८२२०८	१६९	७०३९०३	१६९	७०३९०३	२२६	१५८७८६७२	२२६	१५८७८६७२	४०७५०६८६
२३	भौतिक पुर्वाधार तथा यातायात	१७७	७७५६६०५८	१७७	७७५६६०५८	१७४	२१०२५६४५	१७४	२१०२५६४५	१५२	५५२५३००	१५२	५५२५३००	७७	१६४२०४०६	७७	१६४२०४०६	१२०५३७४०९
२४	महिला,बालबालिका तथा समाज कल्याण	८५	२२४४६३३	८५	२२४४६३३	६३	३४९६	६३	३४९६	३२	१४५४२	३२	१४५४२	८५	४४४८७८	८५	४४४८७८	२७०७५४९
२५	युवा तथा खेलकुद	७६	२९७२९८५	७६	२९७२९८५	२	१२७०३३	२	१२७०३३	२	३०४७	२	३०४७	०	०	०	०	३१०३०६५
२६	रक्षा	२८०	५४१७२९८८	२८०	५४१७२९८८	२०२	३३०८५९	२०२	३३०८५९	२६२	१०७५५०९	२६२	१०७५५०९	६		६	०	५५५७९३५६
२७	वन तथा भू-संरक्षण	१९१	१२६०८५००	१९१	१२६०८५००	१९१	१५३९५६५	१९१	१५३९५६५	१९१	९७२७००	१९१	९७२७००	६६	८९४९५३	६६	८९४९५३	१६०१५७१८
२८	वाणिज्य	१३	२९१३९९	१३	२९१३९९	५	३५५७३३	५	३५५७३३	५	२३५९४	५	२३५९४	१	६६९५८	१	६६९५८	७३७६८४
२९	आपूर्ति	८	१८३५६०	८	१८३५६०	४	१२७०२२	४	१२७०२२	१	७८४	१	७८४	०	०	०	०	३११३६६
३०	विज्ञान तथा प्रविधि	७	९४१०२४	७	९४१०२४	६	७६१	६	७६१	६	७१४८०	६	७१४८०	१	८००	१	८००	१०१४०६५
३१	जनसंख्या तथा बातावरण	२६	४५८८१६४	२६	४५८८१६४	८	८४८०१५	८	८४८०१५	७	१२३९४९	७	१२३९४९	५	५७६२३४०	५	५७६२३४०	११३२२४६८
३२	शान्ति तथा पुनर्निर्माण	२६	९५९९१०९	२६	९५९९१०९	७	१४१२	७	१४१२	७	१००३९	७	१००३९	०	०	०	०	९६१०५६०
३३	शिक्षा	१४८	१०७८५२८७७	१४८	१०७८५२८७७	११३	८३०७३४	११३	८३०७३४	६३	१०८२७०	६३	१०८२७०	११	८१०४१६	११	८१०४१६	१०९६०२२९७
३४	श्रम तथा रोजगार	४३	८८९६६२	४३	८८९६६२	३३	३५४७६	३३	३५४७६	२२	१७७९२३३	२२	१७७९२३३	२०	१८६३५६८८	२०	१८६३५६८८	२१३४००५९
३५	सामान्य प्रशासन	२	९०९२७२	२	९०९२७२	२	१३४७	२	१३४७	२	६१५९९	२	६१५९९			०	०	९७२२१८
३६	सिचाई	१७९	२७०२७०५४	१७९	२७०२७०५४	१२९	६९५५१	१२९	६९५५१	१७२	२६००२९८	१७२	२६००२९८			०	०	२९६९६९०३
३७	सूचना तथा सञ्चार	२७१	५१५४११६	२७१	५१५४११६	७९	७५४६०६१	७९	७५४६०६१	७९	६५५८०	७९	६५५८०	४	७७६४३	४	७७६४३	१२८४३४००
३८	सहरी विकास	६७	२६३७१७९	६७	२६३७१७९	६०	२६५१७३	६०	२६५१७३	६०	११७७८४८	६०	११७७८४८	२५	१४०५२१	२५	१४०५२१	२७९५४७२१
३९	खानेपानी तथा सरसफाई	८३	२७५१४६३०	८३	२७५१४६३०	८०	१२८२६७	८०	१२८२६७	८२	१५११४८५	८२	१५११४८५	४८	१७२३७६	४८	१७२३७६	२९३२६७५८
४०	संघीय मामिला तथा स्थानीय विकास	२७७	१५४४४२९३५	२७७	१५४४४२९३५	१८८	६००६७८	१८८	६००६७८	१४९	६९९२८६	१४९	६९९२८६	०	०	०	०	१५५७४२८९९
४१	स्वास्थ्य	१८३	३७१५८६२८	१८३	३७१५८६२८	१३५	१४१४१५	१३५	१४१४१५	१८८	२०४०८८	१८८	२०४०८८	०	०	०	०	३७५०४१३१
४२	सहकारी तथा गरिबी निवारण	४३	७६२९५८	४३	७६२९५८	४१	१०३४०	४१	१०३४०	३७	१५७४९	३७	१५७४९	७	३१९८	७	३१९८	७९२२४५
४३	राष्ट्रिय योजना आयोगको सचिवालय	३६	७६८६८६	३६	७६८६८६	१७	३०५८	१७	३०५८	१०	१२३०७	१०	१२३०७	१	११८४७	१	११८४७	७९५८९८
	जम्मा	५३०४	८३७०५९९२६	५३०४	८३७०५९९२६	३०५९	६०३६४४५९८	३०५९	६०३६४४५९८	३४८१	३४२७६६८३	३४८१	३४२७६६८३	९९१	२७६०१६८६३	९९१	२७६०१६८६३	१७५०९९८०७०
	<u>बक्यौता</u>																	
१	सर्वोच्च अदालत	०	०			४४	२४४८			४४	४०९२९							०

क्र. सं	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोवार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	सम्पन्न रकम
२	निर्वाचन आयोग	५	३९०			६	२			३७	१२९			०	०			०
३	अर्थ	१	४९९			१३	१७४५			११	४३५५१			१	११४३५			०
४	उद्योग	१	६,०८०			७	८८७			१	१२३९			०	०			०
५	उर्जा	२२	३२,४०७			०	०			३	१७०८			०	०			०
६	कानून, न्याय तथा संसदीय मामिला	३	२७४			०	०			०	०			०	०			०
७	कृषि विकास	२५	५७५,७४२			१६	१०२३०			९४	७२९४			०	०			०
८	गृह	८	११,४१४			१०	८१४५			७८	१४८५९			०	०			०
९	परराष्ट्र	५	४७२,२३२	४	४६९३५७	६	२५१७८७			०	०			१	०			४६९३५७
१०	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	७	१५९५			३०	४६५४			२५	१९६०			०	०			०
११	भूमिसुधार तथा व्यवस्था	२५	१२,२१२			१९	१३०९२			७५	१५४९०			२	२५३९			०
१२	भौतिक पूर्वाधार तथा यातायात	१८७	२३८,२०३			०	०			४३	४४९१०			०	०			०
१३	महिला,बालबालिका तथा समाज कल्याण					१६	२८३			४	१४६			०	०			०
१४	युवा तथा खेलकुद	४	१२,४१८			०	०			०	०			०	०			०
१५	रक्षा	०	३५,२२२			२	४५			५	६६७३			०	०			०
१६	वन तथा भू-संरक्षण	१३	२७,००१			४	२२८८१			४७	२७७०६			१८	२२७			०
१७	शिक्षा	६८	१,३०४,२००	१	१०६६२३९	८९	६७७५६	१	५९६५४	११४	४११७६	१	६७३१	१	०			११३२६२४
१८	श्रम तथा रोजगार	३	३१,८०३	३	३१८०३	२	६२	२	६२	५	९३०	५	९३०	१	१२१०३६	१	१२१०३६	१५३८३१
१९	सिंचाई	४५	७५,८५९			२	१०३			८७	२५१११			०	०			०
२०	सहरी विकास	१८	२६,५४३			२	४			४१	२९४९			०	०			०
२१	खानेपानी तथा सरसफाई	४०	१३०,३१३			०	०			१४	२१८			०	०			०
२२	सूचना तथा सञ्चार	०	०			०	०			१२	३०२६			०	०			०
२३	संघिय मामिला तथा स्थानीय विकास	२२९	३१२,६७५			०	०			१५९	१९३३४			०	०			०
२४	स्वास्थ्य	२७९	१,१००,३५५	५	१४०३१६	५९	३१३८१	१	२५३०८	४९८	४७९५३	१	४३०७	०	०			१६९९३१
२५	सहकारी तथा गरिबी निवारण	१	९१४			१७६	०			१२	५७			०	०			०
	जम्मा:	**९८९**	**४४०८३५१**	**१३**	**१७०७७१५**	**५०३**	**४१५५०५**	**४**	**८५०२४**	**१४०९**	**३४७३४८**	**७**	**११९६८**	**२४**	**१३५२३७**	**१**	**१२१०३६**	**१९२५७४३**
	कुल जम्मा:	**६२९३**	**८४१४६८२७७**	**५३१७**	**८३८७६७६४१**	**३५६२**	**६०४०६०१०३**	**३०६३**	**६०३७२९६२२**	**४८९०**	**३४६२४०३१**	**३४८८**	**३४२८८६५१**	**१०१५**	**२७६१५२१००**	**९९२**	**२७६१३७८९९**	**१७५२९२३८१३**

अनुसूची – ३
(प्रतिवेदनको परिच्छेद २ दफा ५.१ सँग सम्बन्धित)

सरकारी निकाय/मन्त्रालयको लेखापरीक्षण बक्यौताको विवरण

(रु हजारमा)

क.सं	मन्त्रालय/ निकायको नाम	विनियोजन		राजस्व		धरौटी		अन्य कारोवार		जम्मा	
		इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम	इकाई	रकम
१	सर्वोच्च अदालत	०	०	४४	२४४८	४४	४०९२९	०	०	८८	४३३७७
२	निर्वाचन आयोग	५	३९०	६	२	३७	१२९	०	०	४८	५२१
३	अर्थ	१	४९९	१३	१७४५	११	४३५५१	१	११४३५	२६	५७२३०
४	उद्योग	१	६,०८०	७	८८७	१	१२३९	०	०	९	८२०६
५	उर्जा	२२	३२,४०७	०	०	३	१७०८	०	०	२५	३४११५
६	कानून, न्याय तथा संसदीय मामिला	३	२७४	०	०	०	०	०	०	३	२७४
७	कृषि विकास	२२	५६९,६२१	१२	१०१७२	७९	६४८६			११३	५८६२७९
८	गृह	८	११,४१४	१०	८१४५	७८	१४८५९			९६	३४४१८
९	पररा्ष्ट्र	१	२,८७५	६	२५१७८७	०	०	१	०	८	२५४६६२
१०	पशुपंक्षी विकास	३	६,१२१	४	५८	१५	८०८			२२	६९८७
११	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	७	१५९५	३०	४६५४	२५	१९६०			६२	८२०९
१२	भूमिसुधार तथा व्यवस्था	२५	१२,२१२	१९	१३०९२	७५	१५४९०	२	२५३९	१२१	४३३३३
१३	भौतिक पूर्वाधार तथा यातायात	१८७	२३८,२०३	०	०	४३	४४९१०	०	०	२३०	२८३११३
१४	महिला,बालबालिका तथा समाज कल्याण	०	०	१६	२८३	४	१४६	०	०	२०	४२९
१५	युवा तथा खेलकुद	४	१२,४१८	०	०	०	०	०	०	४	१२४१८
१६	रक्षा		३५,२२२	२	४५	५	६६७३	०	०	७	४१९४०
१७	वन तथा भू-संरक्षण	१३	२७,००१	४	२२८८१	४६	२७७०६	१८	२२७	८१	७७८१५
१८	शिक्षा	६७	२३७,९६१	८८	८१०२	११३	३४४४५	१	०	२६९	२८०५०८
१९	सिंचाई	४५	७५,८५९	२	१०३	८७	२५१११	०	०	१३४	१०१०७३
२०	सहरी विकास	१८	२६,५४३	२	४	४१	२९४९			६१	२९४९६
२१	खानेपानी तथा सरसफाई	४०	१३०,३१३	०	०	१४	२१८	०	०	५४	१३०५३१
२२	सूचना तथा सञ्चार	०	०	०	०	१२	३०२६			१२	३०२६
२३	संघिय मामिला तथा स्थानीय विकास	२२९	३१२,६७५	०	०	१५९	१९३३४			३८८	३३२००९
२४	स्वास्थ्य	२७४	९६०,०३९	५८	६०७३	४९७	४३६४६	०	०	८२९	१००९७५८
२५	सहकारी तथा गरिवी निवारण	१	९१४	१७६	०	१२	५७			१८९	९७१
	जम्मा:	**९७६**	**२७००६३६**	**४९९**	**३३०४८१**	**१४०१**	**३३५३८०**	**२३**	**१४२०१**	**२८९९**	**३३८०६९८**

अनुसूची – ४

(प्रतिवेदनको परिच्छेद १ दफा ४ र ५र परिच्छेद २ को ५.२ सँग सम्बन्धित)

संगठित संस्था, अन्य संस्था र समितिको लेखापरीक्षण विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय/निकायको नाम	लेखापरीक्षण		प्रतिबेदन		लेखापरीक्षण सम्पन्न रकम	बक्यौता वर्ष
		गर्नुपर्ने	सम्पन्न	अन्तिम	प्रारम्भिक		
१	व्यवस्थापिका संसद सचिवालय	२	२		२	२६२०१	
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२	१२		१२	१८६७३१२२	०
३	अर्थ	१०	९	७	२	१५०४२३४८७९	१
४	आपूर्ति	५	४	४	०	४३९३५४२	१
५	उद्योग	४१	१३	३	१०	२१२९६४५७	२८
६	उर्जा	४	३		३	५२१,१२१,९२५	१
७	कानून, न्याय तथा संसदीय मामिला	४	४	१	३	२०७१४४	०
८	कृषि विकास	९	९	२	७	८३८२४१३	०
९	गृह	७९	७९	०	७९	२४१०७३४५	०
१०	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन	३५	३५	७	२८	१३७,७२४,६६१	०
११	पशुपंछी विकास	५	५	१	४	२,१४८,०९३	०
१२	भूमिसुधार तथा व्यवस्था	२	१	१	०	५२७१६२	१
१३	भौतिक पूर्वाधार तथा यातायात	१२	५	४	१	१३१२५९१२	७
१४	महिला, बालबालिका तथा समाज कल्याण	४	४	०	४	५८०५७९	०
१५	युवा तथा खेलकूद	२	१	०	१	२४६३४२४	१
१६	रक्षा	६	६	०	६	४०३२६२०७	०
१७	वन तथा भू-संरक्षण	७८	७८	३	७५	४०९२३४९	०
१८	वाणिज्य	५	५	२	३	१४३५१६९	०
१९	विज्ञान तथा प्रविधि	२	२	०	२	५९२८३०	०
२०	जनसंख्या तथा वातावरण	१	१	०	१	४४२	०
२१	शिक्षा	६७३	३८८	२	३८६	७५८८३१३५	२८५
२२	सहकारी तथा गरिवी निवारण	१	१	१	०	३५७१६१	०
२३	सामान्य प्रशासन	३	३	०	३	१८६७०७७	०
२४	सूचना तथा सञ्चार	९१	८१	७	७४	५२०५५००४	१०
२५	संघीय मामिला तथा स्थानीय विकास	६४	६४	०	६४	१२१८८१४	०
२६	स्वास्थ्य	१३२	१२४	०	१२४	४७४२७५५०	८
२७	सहरी विकास	३७	३७	१	३६	७८८४६८६	०
२८	खानेपानी तथा सरसफाई	७	५	३	२	४८३०३१७१	२
२९	राष्ट्रिय योजना आयोगको सचिवालय	१	१	०	१	०	०
	जम्मा:	**१,३२७**	**९८२**	**४९**	**९३३**	**२,५४०,४५६,४५४**	**३४५**

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण अङ्क, बेरुजू र दायित्व तथा सम्पत्ति

(रु.हजारमा)

क्र. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
१	**संगठित संस्था**	८,२९५	६७	२,३४८,७४७,२५९	४,७१९,६२६	२४४,०४८,९१७	१९६,७३२,३७०	-५७,५६२,८७४	३२९,९७५,२४४	१,५२२,४६१,८२३	६७,१४३,१३१	२,३०२,७९८,६११	५१३,०२५,७९३	१,०३३,७१३,१५२	७५५,८३९,९०५	२,३०२,५७८,८५०
	अर्थ मन्त्रालय	०	,८	१४,९६,३१,६५,७४	,०	१५०३,६७,३७	१,३०,८८,६५,८३	-१६७८४,१८	२४४३,६३,०१	१३,२२,४३,१६,४३	३२१,८२,७४	१४,९४,३३,११,२०	३७०,८८,०६	८,०४,७९,२८,७५	६,८५,८२,९४,३९	१४,९४,३३,११,२०
	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०७३/७४	१	१०,१२,७६		१०००००	,०	७५१	०	२,२१	३,०४	१०१,२७६	२५,३६	,०	९,८७,४०	१०१,२७६
	कर्मचारी सञ्चयकोष	२०७३/७४	१	२,५५,३८,७५,२५		,०	६,२३,०५,३३	,०	,०	२४७,५२,२३,६३	१,६३,४६,२९	२५५,३८७,५२५	१,१४,३७,३६	२५१,६३,९८,२१	२,६०,३९,६८	२५५,३८७,५२५
	नागरिक लगानी कोष	२०७१/७२	२	३४८,८२,५४		६०७५००	२२,२५,१३	१३४९१८	०	२,२९,१४,४८	२३,१८,७५	३,४८८,२५४	७,०८,१९	३,३०,३२,४८	११,४१,८७	३,४८८,२५४
	नागरिक लगानी कोष	२०७२/७३	१	३८०,५८,२९		७४,०२,६५	२६,९९,५८	१७१३६७	,०	१९२,८३,४७	६९५८९२	३,८०५,८२९	८०,४८,१०	२,८८,६८,८५	११,४१,३४	३,८०५,८२९
	नेपाल धितोपत्र बोर्ड	२०७३/७४	१	७९,८७,९८		,०	७२,२०,८७	०	,०	१,२६,१२	६४०९९	७९८,७९८	१,६०,३९	११,५५,९८	६६,७१,६१	७९८,७९८
	नेपाल राष्ट्र बैंक	२०७३/७४	१	१०,५७,२०,४६,७८		५,००,००,००	१,१९,५६,०९,७७	०	२३,८४,३८,३१	९,०८,७९,९८,७०	०	१,०५७,२०४,६७८	९७,८४,४१	३८५,८१,२७,५३	६७०,४१,३४,८४	१,०५७,२०४,६७८
	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	२०७३/७४	१	१,७५,५३,०२,१४		८,५८,८९,७२	३८८,०५,१५	-१९८५,४५४	५९,२४,७०	१,६१,८७,६७,८२	५९१४७५	१७३,५४४,७६०	६९,२४,२५	१६१,०३,४५,७०	११,८१,७७,६५	१७३,५४४,७६०
	आपूर्ति मन्त्रालय		,३	४३९,३५,४२	,०	५०,८०,०५	२३,४८,९४	-३५७४६,१७	१९९,२४,०२	१२७,५०,९५	३८,३१,४६	८१,८९,२५	७,९५,७३	७५,२०,०२	-१२६,५०	८१,८९,२५
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०७०/७१	१	१३०,१६,५८		१६,९३,३५	७,८२,९८	-१०४३०५५	२३,५२,००	६७,५८,३२	१४२९९३	२५८,६०३	२,६४,४६	२२,०४,४५	१,१७,१२	२५८,६०३
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०७१/७२	१	१४५,८६,३२		१६,९३,३५	७,८२,९८	-११९५,४३५	८३,५२,००	२७,७८,२६	९७९७३	२६३,१९७	२,५०,५७	२४,३२,७७	-५१,३७	२६३,१९७
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०७२/७३	१	१६३,३२,५२		१६,९३,३५	७,८२,९८	-१३३६१२७	९२,२०,०२	३२,१४,३७	१४२१८०	२९७,१२५	२,८०,७०	२८,८२,८०	-१९२,२५	२९७,१२५
	उद्योग मन्त्रालय	०	७	२०,७८१,८१३	०	४,७४६,७४६	२४७,३२५	-१४,७८१,०२५	११,८६९,८९३	३,०३४,८०२	८८३,०४७	६,०००,७८८	३,३४९,१६१	२,४८७,६८८	१६३,९३९	६,०००,७८८
	उदयपुर सिमेण्ट उद्योग लिमिटेड	२०७१/७२	१	७,५३९,८१३		३,६४८,०५१	०	-४,१६५,४२६	१,७२५,०००	१,५६८,३२५	५९८,४३७	३,३७४,३८७	२,२६४,८६८	१,०९८,४२४	११,०९५	३,३७४,३८७
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०७२/७३	१	५३,५९३		०	२३,३३३	-६,१०४	०	१,००६	२९,२५४	४७,४८९	१६,१३२	३१,३५७	०	४७,४८९
	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७१/७२	१	३,०२२,२२५		४०,८३७	६४,४०६	-२,७८२,३२१	२,७३५,४८१	१६७,८४१	१३,६६०	२३९,९०४	२२,१७८	१६७,२१२	५०,५१४	२३९,९०४
	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७२/७३	१	३,११२,९९३		४०,८३७	६४,४०६	-२,८७०,७४८	२,८२९,००७	१६५,०८३	१३,६६०	२४२,२४५	२२,३७७	१६९,३५४	५०,५१४	२४२,२४५
	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७३/७४	१	३,१३४,२६५		४०,८३७	६४,२४४	-२,९०८,८७५	२,८५१,४८६	१६४,०३८	१३,६६०	२२५,३९०	२६,८९१	१४७,९८५	५०,५१४	२२५,३९०
	नेपाल औषधि लिमिटेड	२०७१/७२	१	१,३०५,६०६		७५,४९९	३०,९३६	-१,२१०,८३६	६८८,३३६	३४६,२६०	१६४,५७५	९४,७७०	१८,६१४	७४,८५४	१,३०२	९४,७७०
	हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	२०७२/७३	१	२,६१३,३१८		९००,६८५	०	-८३६,७१५	१,०४०,५८३	६२२,२४९	४९,८०१	१,७७६,६०३	९७८,१०१	७९८,५०२	०	१,७७६,६०३
	उर्जा मन्त्रालय	०	३	५२१,१२१,९२५	०	१४२,२७९,१०७	३,९२२,५२०	-६३,०२२,४४२	२२३,७०२,४४३	१०६,४३२,५९५	४४,७८५,२६०	४५८,०९९,४८३	३७५,६५८,४६९	८२,४४१,०१४	०	४५८,०९९,४८३
	तनहुँ हाइड्रोपावर लिमिटेड	२०७३/७४	१	२,६९३,५७२		१,३४०,०००	०	-२४५,८४५	३३०,७०४	१,०२२,८६८	०	२,४४७,७२७	२,२३९,३४१	२०८,३८६	०	२,४४७,७२७
	नेपाल विद्युत प्राधिकरण	२०७२/७३	१	२४५,२९७,८४६		५८,५२७,८५५	२,०८९,२४१	-३४,६०८,४७३	१११,९९६,८४८	५१,३२४,४४७	२१,३५९,४५५	२१०,६८९,३७३	१७६,९६०,२३५	३३,७२९,१३८	०	२१०,६८९,३७३
	नेपाल विद्युत प्राधिकरण	२०७३/७४	१	२७३,१३०,५०७		८२,४११,२५२	१,८३३,२७९	-२८,१६८,१२४	१११,३७४,८९१	५४,०८५,२८०	२३,४२५,८०५	२४४,९६२,३८३	१९६,४५८,८९३	४८,५०३,४९०	०	२४४,९६२,३८३
	कृषि विकास मन्त्रालय	४१४७,४८	४	७,७२८,७१५	१२२,९८१	३,०६६,५९५	१,९१६,८३८	६१६,६६०	५,६०५	१,२६२,०९१	८६०,९२६	७,७२८,७१५	३,४१६,२८०	३,६७२,५४०	६३९,८९५	७,७२८,७१५
	कृषि सामग्री कम्पनी लिमिटेड	२०७३/७४	१	३,२५८,७४६		४२६,३८२	५६६,१९५	४८८,९२६	०	१,०१२,८२२	७६४,४२१	३,२५८,७४६	८१,२६,४५	१,९६,९८,०७	४७,६२,९४	३,२५८,७४६
	राष्ट्रिय बीउ विजन कम्पनी लिमिटेड	२०७३/७४	१	४६८,८४२		११,८५,१७	,०	१२,७७,३४	०	१२,६०,८६	९,६५,०५	४६८,८४२	१२,५७,००	२५,८८,२२	८,४३,२०	४६८,८४२
	नेपाल कृषि अनुसन्धान परिषद्	२०७३/७४	१	३,९४५,२४५	१२१२२९	२४७६२१७	१३५०६४३	०	५६०५	११२७८०	०	३,९४५,२४५	२४७६२१७	१४०५८७६	६३१५२	३,९४५,२४५
	राष्ट्रिय चिया तथा कफी विकास बोर्ड	२०७३/७४	१	५५,८८२	१७५२	४५४७९	०	०	०	१०४०३	०	५५,८८२	१७१८	३८०३५	१६१२९	५५,८८२
	पशुपंछी विकास मन्त्रालय	२०७३,७४	३	२,०७६,९७५	८,३६२	७९०,९९३	४२,७५९	-२२४,८७६	१,०९४	२२९,८४७	८९३,७९६	१,७३३,६१३	३५१,८४३	१,१५३,१७७	२२८,५९३	१,७३३,६१३
	दुग्ध विकास संस्थान	२०७२/७३	१	१,८५२,९७०		७३००८०	०	-३४३३६२	०	२२९,०९४	८९३७९६	१,५०९,६०८	३३९६२१	११२५,७१३	४४२७४	१५०९६०८
	नेपाल पशु चिकित्सा परिषद्	२०७३/७४	१	९,५५८		२२६७	१८००	५४९१	०	०	०	९,५५८	२५३३	७०२५	०	९,५५८
	राष्ट्रिय दुग्ध विकास बोर्ड	२०७३,७४	१	२१४,४४७	८३६२	५८६४६	४०९,५९	११२९,९५	१०९४	७५३	०	२१४,४४७	९६८९	२०४३९	१८४३१९	२१४,४४७
	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	०	३	१३३,०१३,७१७	०	३३,१७९,३४९	२६,७६३,४१४	९,८५७,९३६	३८,९३७,३५९	११,१५३,५१४	८,०६३,२६९	१२७,९५४,८४१	८३,९१२,६९६	४३,५२४,३८८	५१७,७५७	१२७,९५४,८४१

क्र. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०७१/७२	१	३१,१३२,२५४		१४,६४५,३०३	२,१६९,४८७	६,८१८,९४५	३,३७३,०८३	१,७८३,१५७	२,३४२,२७९	३१,१३२,२५४	१५,९३३,०३८	१४,९६३,०२३	२३६,१९३	३१,१३२,२५४
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०७२/७३	१	३८,३६४,०५३		१८,१९६,२६९	३,७५९,४९४	८,०९७,८६७	३,८८०,९२१	१,८६७,८०५	२,५६१,६९७	३८,३६४,०५३	१९,६७६,५०१	१८,४१८,३२६	२६९,२२६	३८,३६४,०५३
	नेपाल वायुसेवा निगम	२०७२/७३	१	२६,४७५,०२७		१६२,२८४	१०,४१६,८०७	-२,४२४,८०८	१०,९६९,४३४	३,३३०,५८९	१,५९५,९१३	२४,०५०,२१९	१८,७९२,३०२	५,२५१,७४८	६,१६९	२४,०५०,२१९
	नेपाल वायुसेवा निगम	२०७३/७४	१	३६,७०४,२३५		१६२,२८४	१०,४१६,८०७	-२,५१४,०१३	२०,७१३,९२१	३,८४९,५२०	१,५६१,७०३	३४,१९०,२२२	२९,३२३,४२३	४,८६०,६३०	६,१६९	३४,१९०,२२२
	सांस्कृतिक संस्थान	२०७२/७३	१	३३८,१४८		१३,२०९	८१९	-१२०,०५५	०	३२२,४४३	१,६७७	२१८,०९३	१८७,४३२	३०,६६१	०	२१८,०९३
	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	०	६	१३,१२५,९१२	२५,२९३	३९,९०८	१२,२३६,५८४	-८००,६१३	७०४,५२४	१२०,४५५	२४,४४१	१२,३२५,२९९	७,५४७	१२,२९३,३११	२४,४४१	१२,३२५,२९९
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०६९/७०	१	१२८,२७४		९,९७७	०	-१४०,९३४	९७,२७६	२१,०२१	०	-१२६६०	३,३८८	-१६,०४८		-१२६६०
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७०/७१	१	१५०,८२९		९,९७७	०	-१६९,१६२	१२३,७७६	१७,०७६	०	-१८३३३	२,२३०	-२०,५६३		-१८३३३
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७१/७२	१	२६५,०७४		९,९७७	०	-२३८,३१०	२३३,४३२	२१,६६५	०	२६७६४	१,०६५	२५,६९९		२६७६४
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७२/७३	१	२८९,१६२		९,९७७	०	-२५२,२०७	२५०,०४०	२९,१४५	०	३६९५५	८६४	३६,०९१		३६९५५
	सडक बोर्ड नेपाल	२०७२/७३	१	५,८१३,३७७	२,२५३	०	५,७८४,५०३	०	०	१७,२२८	११,६४७	५८१३३७८	०	५,८०१,७३१	११,६४७	५८१३३७८
	सडक बोर्ड नेपाल	२०७३/७४	१	६,४७९,१९६	२३,०४०	०	६४५२०८१	०	०	१४३२०	१२७९४	६४७९१९५	०	६४६६४०१	१२७९४	६४७९१९५
	वन तथा भू-संरक्षण मन्त्रालय	०	३	३,०६,०१,१७	९,८९,४०	४,३५,९९	१९,७७,८५	-२०३५,०८	७,३५,९४	६९,५४,५१	२,००,१०,०१	२,८०,७९,२२	६३,९४,९१	१,४२,२६,५७	७४,५७,७४	२,८०,७९,२२
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	२०७१/७२	१	३८६,०३२		२,७५,१७	३,५८	-२५,२१९५	73594	१५,८१,७१	१२,६३,९२	१३३,८३७	१,७९,५७	११,५८,८०	०	१३३,८३७
	द टिम्बर कर्पोरेसन अफ नेपाल	२०७३/७४	१	१,२३६,३७७		१,६०,८२	१९,७४,२७	८६६९०	0	६,३४,७४	८७,२७,०४	१,२३६,३७७	१९,९०,६९	१,०३,७३,०८	०	१,२३६,३७७
	राष्ट्रिय प्रकृति संरक्षण कोष	२०७३/७४	१	१,४३७,७०८	९८९,४०			-३८००३		४७३८०६	१००१९०५	१,४३७,७०८	४२२४६५	२६९,४६९	७४५,७७४	१,४३७,७०८
	वाणिज्य मन्त्रालय	०	२	८६४,०२७	०	२४,४८६	१२०,९२८	३७४,५१२	२४१,०००	११,७८२	९१,३१९	८६४,०२७	२०,२३५	७३२,८७९	११०,९१३	८६४,०२७
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०७२/७३	१	४०९,९२९		१,२२,४३	५,९४,६१	१७,४४,९०	१२,०९,००	४७,३३	३,८१,०२	४०९,९२९	१,०५,३०	३४,५१,३७	५,४२,६२	४०९,९२९
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०७३/७४	१	४५४,०९८		१,२२,४३	६,१४,६७	२०,००,२२	१२,०१,००	७०,४९	५,३२,१७	४५४,०९८	९७,०५	३८,७७,४२	५,६६,५१	४५४,०९८
	शिक्षा मन्त्रालय	०	९	४२,७२६,१७४	४,१४३,९३६	१७,९६७,९३७	-८२८,६२०	२,०९५,८५०	२,८४३,५१३	६६,६५८,६९३	९५०,४४२	८९,६८७,८१५	१५,०१४,३५९	९,८४३,७१०	६४,६०९,९९५	८९,४६८,०६४
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०७१/७२	१	२,४५५,६६७		४५०,०००	७३,४३७	-१,५७०,४०८	१,३६४,६४५	८६,७९१	४८०,७९४	८८५,२५९	२६१,९२८	६२३,२३१	१००	८८५,२५९
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०७२/७३	१	२,६३०,०८३		४५०,०००	७३,४३७	-१,७३२,१४७	१,४७०,७९७	१६६,२०१	४६९,६४८	८९७,९३६	२४८,९०८	६४८,९२८	१००	८९७,९३६
	मध्यपश्चिम विश्वविद्यालय	२०७३/७४	१	५०५,२७७	४५,५५९	४१८,७३४	०	२०११२१	०	२४६,९९	०	६४४,५५४	४१८,७४१	४७०,२२	२१२,३६९	६७८,१३२
	सुदुरपश्चिम विश्वविद्यालय	२०७३/७४	१	७१९,३६९	७४,५७	४९,४३६७	०	३७२,३८२	०	२०६,०२	०	८८७,३५१	२५८,०३५	८,८०१	६२०,५१५	८८७,३५१
	कृषि तथा वन विश्वविद्यालय	२०७३/७४	१	८५४,४५४	१०३६,२८	६००,२३६	०	२८०,९७०	०	१५३,१३	०	१,०३४,५१९	६००,२३६	२३,२५१	४११,०३२	१,०३४,५१९
	नेपाल संस्कृत विश्वविद्यालय	२०७३/७४	१	१,२७८,३१८	२२,१२५	११०४१,७१	०	-१३,२४८	०	१००,९६१	०	१,१९१,८८४	११०४१,७१	४५,८१६	४१,८९,७	१,१९१,८८४
	पोखरा विश्वविद्यालय	२०७३/७४	१	५३३,६९५	२४७	१६,९६२,२२	०	७८,९४५	०	२,४४२,७६		२,०१९,४४३	५१६,७२६	०	१५०,२७,७	२,०१९,४४३
	त्रिभुवन विश्वविद्यालय	२०७३/७४	१	३३,४०७,१३४	३,९५६,८७६	१२५,४३,४४	-९,७५,६५८	४,२६५,३४१	८०७१	६५८,५३,३६		८१,६९४,३३४	११३९,४५,५१	८४१०६,२२	६१६,३८,३२	८१,४४१,००५
	लुम्बिनी बौद्ध विश्व विद्यालय	२०७३/७४	१	३४२,१७७	८०४४	२११०६३	१६४	२१२८,९४		८४१४		४३२,५३५	२११०६३	३६०,३९	१८,४,४३३	४३२,५३५
	सहकारी तथा गरिबी निवारण मन्त्रालय	०	१	३५७,१६१	०	०	१०२,२०४	१९७,४३२	०	४३,०१०	१४,५१५	३५७,१६१	१८५,२६३	९७,८८०	७४,०१८	३५७,१६१
	राष्ट्रिय सहकारी विकास बोर्ड	२०७२/७३	१	३५,७१६१		०	१०२,२०४	१९७,४३२	०	४३,०१०	१४,५१५	३५,७१६१	१८५,२६३	९७,८८०	७४,०१८	३५,७१६१
	सामान्य प्रशासन मन्त्रालय	०	१	६०४,७८४	८३३९	२८८,४७२	१९३,४६९	०	०	११८,६४३	४२००	६०४,७८४	११५,२४३	२२६,५६	२६,८७,७५	६०४,७७४
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७३/७४	१	६०४,७८४	८३३९	२८८,४७२	१९३,४६९	०	०	११८,६४३	४२००	६०४,७८४	११५,२४३	२२६,५६	२६,८७,७५	६०४,७७४
	सूचना तथा सञ्चार मन्त्रालय	०	६	४३,५५१,४३८	०	२,७०७,८४४	१६,९०८,२१३	१४,७८३,७७९	१७९,३३४	३,०५३,३२९	४,७६०,४८६	४२,३९२,९८५	६५२,६४२	४१,७३५,२४३	५,१००	४२,३९२,९८५
	गोरखापत्र संस्थान	२०७१/७२	१	४४६,५९४		१,१५,१६	७,६०,६५	१२,१८,५८	७,०५,६७	१०,८२,९३	५,८२,९५	४४६,५९४	८२,१३०	३६४,४६४	०	४४६,५९४
	गोरखापत्र संस्थान	२०७२/७३	१	५१२,२४९		१,१५,१६	१०,९५,५७	१७,०१,४४	१०,६७,९९	८,९६,३०	२,४६,०३	५१२,२४९	८८,४४५	४२३,८०४	०	५१२,२४९
	नेपाल टेलिभिजन	२०७२/७३	१	३,०९०,९७१		२,६४,४४,४०	,०	-११५८४,५३	,०	८,५५,९५	३६,०९,३६	१,९३२,५१८	३८२,२२९	१,५५०,२८९	०	१,९३२,५१८
	नेपाल दूरसञ्चार प्राधिकरण	२०७३/७४	१	३९,२८१,०४२		,०	१६,६०,८३,३९	-१५५,९००,६७	१९६८	२,७६,४०,१६	४,३१,६६,५२	३९,२८१,०४२	५,६२,२३	३९,२१,९७,१९	५१००	३९,२८१,०४२
	प्रेस काउन्सिल नेपाल	२०७३/७४	१	१४२,७६०		०	९,०५,६७	५,०४,५९	०	१७,३४	०	१४२,७६०	२,१८,८६	१२,०८,७४	०	१४२,७६०
	राष्ट्रिय समाचार समिति	२०७३/७४	१	७७,८२२		४०३७२	२,३६,८५	९७,०४	०	४०,६१	०	७७,८२२	२,१७,२९	५,६०,९३	०	७७,८२२
	स्वास्थ्य मन्त्रालय	०	५	८,५८६,७७८	३१९,७७५	६,९५५,१४७	७५६,२५५	२३३,२७६	०	१६४,२७५	०	८,१०८,९५३	४,२८१,३२२	२,०८६,८०९	१,७४०,८२२	८,१०८,९५३
	विपि कोइराल स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०७३/७४	१	४,४०२,१५५	२६१०६७	३६२२२२९	६२५०९५	०	०	१५४८३१	०	४४०२१५५	२००७९७४	६७२९०५	१७२१२७६	४४०२१५५
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ०७२।७३	२०७३/७४	१	१११,८२४	१११६४	१११६१७७२	४६३८५	९२०३७	०	६९५७	०	१३०७१५१	७४१४६६	५६३४०२	२२८३	१३०७१५१
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ०७३।७४	२०७२/७३	१	१,३०७,१५१	४९९५	१५५९१४२	७१५०६	८६५६	०	२४८७	०	१६४१७९१	९७१६९७	६७००९४	०	१६४१७९१

क्र. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०७३/७४ १	२,११९,६१६	३२१६८	५९४७४१	०	४९२९१	०	०	०	६४४०३२	५३२७३३	१११२९९	०	६४४०३२
	नेपाल स्वास्थ्य अनुसन्धान परिषद	२०७३/७४ १	६४४,०३२	१५८१	१७२६३	१३२६९	८३२९२	०	०	०	११३८२४	२७४५२	६९१०९	१७२६३	११३८२४
	सहरी विकास मन्त्रालय	२०७३.७४	१	२,६१४,५५६	०	५२,०००	२,५०८,१९९	१८,६०७	०	२६,३७०	९,३८०	२,६१४,५५६	२१६,३३०	२,३८७,४३२	१०,७९४	२,६१४,५५६
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२०७२/७३ १	२,६१४,५५६		५,२०,००	२,५०,८१,९९	-१८६,०७	०	२,६३,७०	९३,८०	२,६१४,५५६	२१६,३३०	२,३८७,४३२	१०,७९४	२,६१४,५५६
	खानेपानी तथा सरसफाई मन्त्रालय	२०७३.७४	२	४७८२३०५१	०	१६३६१९९२	५२३०२०	-१४५५४२७	२४९८८१८२	५७५०२२८	१९९६२९	४६३६७६२४	२१४१६५३३	२४०६२८९१	८८८२००	४६३६७६२४
	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०७२/७३ १	२३,११६,१४०		८,१८,०९,९६	२६,९४,७५	-६६,३४,३६	१११४६४०४	२,५७,१५,४५	१४,७७,२०	२२,४५२,७०४	९,५५,५२,४३	१२,४७,८३,६१	४१,९१,००	२२,४५२,७०४
	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०७३/७४ १	२४,७०६,९११		८,१८,०९,९६	२५,३५,४५	-७९,१९,९१	१३०४१७७८	३,१७,८६,८३	५,१९,०९	२३,९१४,९२०	११,८६,१२,९०	११,५८,४५,३०	४६,९१,००	२३,९१४,९२०
२	**समिति**	२,०७४	८	५,५२६,१९६	७८,४०६	३,८८८,३९९	८४६,३५५	१८५,४४०	१५६,४६९	३०३,१६३	८८,०६९	५,४६७,८९५	१,३१४,३७३	१,५०५,६५९	२,५४७,८६३	५,४६७,८९५
	अर्थ मन्त्रालय		१	३,२१२,४३८	३९,९७७	३,२१२,४३८	०	०	०	०	०	३,२१२,४३८	५३२,८१९	७२९,६१९	१,९५०,०००	३,२१२,४३८
	बीमा समिति	२०७३/७४ १	३,२१२,४३८	३९,९७७	३,२१२,४३८	०	०	०	०	३२१२४३८	५३२,८१९	७२९,६१९	१९५०००	३,२१२,४३८		
	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय	० १	१६३,४६३	०	०	३८	८७७६५	०	५५,४४४	२०२१६	१६३,४६३	१०३३२	१५,३०९३	३८	१६३,४६३	
	कानून किताब व्यवस्था समिति	२०७३/७४ १	१६३,४६३		०	३८	८,७७,६५	०	५,५४,४४	२,०२,१६	१६३,४६३	१,०३,३२	१५,३०,९३	३८	१६३,४६३	
	कृषि विकास मन्त्रालय	० २	६१९,२४८	२३	२२७१६०	७८१६१	१०९,२६७	१५६४६९	२१८९१	२६३००	६१९२४८	३८७,३१	५३२५६	१७८४६१	६१९,२४८	
	कालीमाटी फलफुल तथा तरकारी विकास समिति	२०७३.७४ १	४३४,४२७	२३	१९८५५५	३१४	१८७८२५ (७८,५५८)	०	२१४३३	२६३००	४३४४२७	२९,२९,४०	४२८४७	९८६४०	४३४४२७	
	कपास विकास समिति	२०७३.७४ १	१८४,८२१	०	२८६०५	७७८४७		१५६४६९	४५८	०	१८४८२१	९४५९१	१०४०९	७९८२१	१८४८२१	
	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	२०७३.७४ १	९३५,०२३	११,७०३	२३९,०७४	५८४,०५३	-११,७०६	०	२३,७७८	४१,५२३	८७६,७२२	३३०,३११	१२७,३४५	४१९,०६६	८७६,७२२	
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	२०७३.७४ १	५३५,९१७	११७०३	२२६९६१	२६२३६१	४६५९५	०	०	०	५३५९१७	१७४७६८	११४३४९	२४६८००	५३५९१७	
	तारा गाउँ विकास समिति	२०७२/७३ १	३९९,१०६		१२११३	३२१६९२	-५८३०१	०	२३७७८	४१५२३	३४०८०५	१५५५४३	१२९९६	१७२२६६	३४०८०५	
	खानेपानी तथा सरसफाई मन्त्रालय	० १	४३८,३५५	२६७०३	२०९१२५	४८७६६	११४	०	१८०३५०	०	४३८३५५	४५१९५	३९२८६२	२९८	४३८३५५	
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	२०७३/७४ १	४३८,३५५	२६७०३	२०९१२५	४८७६६	११४	०	१८०३५०	०	४३८३५५	४५१९५	३९२८६२	२९८	४३८३५५	
	शिक्षा मन्त्रालय	० २	१५७,६६९	०	६०२	१३५,३३७	०	०	२१७००	३०	१५७६६९	१०८१८५	४९४८४	०	१५७६६९	
	स्वप्न बगैचा विकास समिति	२०७३/७४ १	१३६,१३२	०	६०२	१३५,३३७	०	०	१६३	३०	१३६१३२	१०३८४३	३२२८९	०	१३६१३२	
	डिल्ली रमण पुस्तकालय	२०७३/७४ १	२१,५३७	०	०	०			२१५३७	०	२१५३७	४३४२	१७१९५	०	२१५३७	
३	**अन्य संस्था**	२,०७४	१०	५३,४४६,४२३	९०८,६७०	४६,१५४,६३३	६७४,२२७	२,४६५,६२२	३,८२५,८५२	३२६,०८९	०	५३,४४६,४२३	१,९०६,२५२	४६,७५५,०२७	४,७४५,१४४	५३,४४६,४२३
	अर्थ मन्त्रालय	० १	४,७०५,८६७	२३५,४८९	९४,०७१	६७१,५४५	०	३,८२४,३९१	११५,८६०	०	४,७०५,८६७	०	४,५९०,०५४	११५,८१३	४,७०५,८६७	
	युवा तथा साना व्यावसायी स्वरोजगार कोष	२०७३/७४ १	४,७०५,८६७	२३५,४८९	९४०७१	६७१५४५		३८२४३९१	११५८६०	०	४७०५८६७	०	४५९००५४	११५८१३	४,७०५,८६७	
	पशुपंक्षी विकास मन्त्रालय	२०७३.७४	६,७३७	०	०	२६८२	३९८८	०	६७	०	६७३७	१६६	६५७१	०	६७३७	
	पशु विकास फर्म, पोखरा दाहोरो मार्ग	२०७३.७४ १	६,७३७	०	०	२६८२	३९८८	०	६७	०	६७३७	१६६	६५७१	०	६७३७	
	गृह मन्त्रालय	० २	६,३३७,०७५	१४०,७२२	६,२६२,४७६	०	०	०	७४,५९९	०	६,३३७,०७५	२८२,८१३	१,४६७,४४९	४,५८६,८१३	६,३३७,०७५	
	प्रहरी कल्याण कोष	२०७३/७४ १	३,८६२,२६१	१३७३२६	३८६२२६१						३८६२२६१	४४१५४	५२७३३०	३२९०७७७	३८६२२६१	
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	२०७३/७४ १	२,४७४,८१४	३३९६	२४००२१५				७४५९९		२४७४८१४	२३८६५९	९४०११९	१२९६०३६	२४७४८१४	
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	० २	२३,७९९	६,७५०	२१,८७९	०	१,१०८	०	८१२	०	२३,७९९	१९८	१७,०६४	६,५३७	२३,७९९	
	राष्ट्रिय अपांग सहायता कोष	२०७३/७४ १	२३,७९९	६७५०	२१८७९	०	१११०८	०	८१२	०	२३७९९	१९८	१७०६४	६५३७	२३७९९	
	खानेपानी तथा सरसफाई मन्त्रालय	० १	४१,७६५	१११८८	०	०	४८४२	०	३६९२३	०	४१७६५	३३८६	३८३७९	०	४१७६५	
	महसुल निर्धारण आयोग	२०७३/७४ १	४१,७६५	१११८८			४८४२		३६९२३		४१७६५	३३८६	३८३७९		४१७६५	
	रक्षा मन्त्रालय	० २	३९,८२२,५०८	२६४३३७	३९७५३७८२	०	१३४६०	०	५५२६६	०	३९८२२५०८	४९८८४	३९७५९४३६	१३१८८	३९८२२५०८	
	नेपाली सेना कल्याणकारी कोष	२०७३/७४ १	३९,६१५,७७५	२६४३३७	३९६१५७७५	०	०	०	०	०	३९६१५७७५	०	३९६१५७७५	०	३९६१५७७५	
	बहु व्यवसाय उद्योग	२०७३/७४ १	२०६,७३३	०	१३८००७		१३४६०	०	५५२६६		२०६७३३	४९८८४	१४३६६१	१३१८८	२०६७३३	

क्र. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	वेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको पुजी /दायित्व							लेखापरीक्षण भएको अन्तिम आर्थिक वर्षको सम्पत्ति			
						पूँजी	जगेडा कोष	संचित नाफा/नोक्सान	दीर्घकालीन कर्जा	चालु दायित्व	व्यवस्था	जम्मा	स्थिर सम्पत्ति	चालु सम्पत्ती	अन्य सम्पत्ति	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७
	युवा तथा खेलकुद मन्त्रालय	०	१	२४६३४२४	२५०१८४	०	०	२४२००२०	८४२	४२५६२	०	२४६३४२४	१५४७३८०	९१६०४४	०	२४६३४२४
	राष्ट्रिय खेलकुद परिषद्	२०७२/७३ २०७३/७४	१	२,४६३,४२४	२५०१८४			२४२००२०	८४२	४२५६२		२४६३४२४	१५४७३८०	९१६०४४		२४६३४२४
	शिक्षा मन्त्रालय	०	१	४५२४८	०	२२४२५	०	२२२०४	६१९	०	०	४५२४८	२२४२५	३०	२२७९३	४५२४८
	त्रि वि उच्च शिक्षा सुधार परियोजना कार्यान्वयन कार्यालय	२०७३/७४	१	४५,२४८	०	२२४२५	०	२२२०४	६१९	०	०	४५२४८	२२४२५	३०	२२७९३	४५२४८
	जम्मा:		**८५**	**२,४०७,७१९,८७८**	**५,७०६,७०२**	**२९४,०९१,९४९**	**१९८,२५२,९५२**	**-५४,९११,८१२**	**३३३,९५७,५६५**	**२,३६१,७१२,९२९**	**६७,२३१,२००**	**२,३६१,७१२,९२९**	**५१६,३४६,४१८**		**७६३,१३२,९१२**	**२,३६१,४९३,१६८**

वासलात तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
सञ्चालन नतिजा

(रु हजारमा)

क्र. सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	ब्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
१	**संगठित संस्था**		**१९५७३२०४५**	**३०३८४१९९**	**३३४३८२६८**	**२५५३८१०६२**	**११३७६८६०७**	**७३९७५७९७**	**४१७३३८९४**	**१२५९६१६०**	**११४०९४७५**	**३६१५३२६**	**२५७०९९२५९**	**-४१४१७४७**
	अर्थ मन्त्रालय		**५४८८६३३८**	**०**	**२९६९९५७**	**५७८५६२९५**	**१७५२२४८६**	**३३८५२२५९**	**९९२२९५१**	**२४५४**	**२६०४४८**	**१४१६३७३**	**६२९७६९७१**	**-५१२०६७६**
	आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड	२०७३/७४	०	०	५५३०	५५३०	५,२५	११,७५	२१,३५	०	६,८१	३०४	४८२०	७१०
	कर्मचारी सञ्चयकोष	२०७३/७४	१८२४६६०६	०	१४२२५५	१८३८८८६१	१४,८८,२६,७७	८१,५३,४६	७४,६१,०६	२४५४	४,८५,७६	,०	१६४९५१५९	१८९३७०२
	नागरिक लगानी कोष	२०७१/७२	४७९५१०	०	७३८७	४८६८९७	,०	५,५०,१२	१०,५२,१९	०	४५,८५	१३,५९,३५	३००७५१	१८६१४६
	नागरिक लगानी कोष	२०७२/७३	४९२६९४	०	२७३६	४९५४३०	,०	५,९९,०५	१०,१८,७६	०	६९,२१	८,९५,०७	२५८२०९	२३७२२१
	नेपाल धितोपत्र बोर्ड	२०७३/७४	४१०३५४	०	३६९४४	४४७२९८	,०	४,०३,८७	४,९४,४२	०	४०,८६	,०	९३९१५	३५३३८३
	नेपाल राष्ट्र बैंक	२०७३/७४	२५२२६९७९	०	१२५६९६१	२६४८३९४०	७२९७९५	३०,१४,७५,९६	६,०८,६३,३५	०	८,८३,६१	०	३७०५२०८७	-१०५६८१४७
	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	२०७३/७४	१०,०३,०१,९५	०	१,५१,८१,४४	११५४८३३९	१,९०,९४,८९	२,७३,२८,३८	२,८३,१८,३८	०	१०,७२,३८	११९०६२७	८७७२०३०	२७७६३०९
	आपूर्ति मन्त्रालय		**३१७१७१६**	**२४७४७**	**१५९१२४**	**३३५५५८७**	**१०५२३७१**	**५०८४५**	**३९६८४१**	**१८७७२७**	**४९३२**	**०**	**१६९२७१६**	**-४८२०१७**
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०७०/७१	**३९६९१३**	**०**	**४८६१४**	४४५५२७	**४०२७२२**	**१८२००**	**१३४७०३**	**७७२२६**	**१६२१**	**०**	६३४४७२	-१८८९४५
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०७१/७२	**३३७७५१**	**०**	**४७७७०**	३८५५२१	**३२६७६७**	**१८२५६**	**१२४९६०**	**६६२८१**	**१६३७**	**०**	५३७९०१	-१५२३८०
	नेशनल ट्रेडिङ्ग लिमिटेड	२०७२/७३	३२७९६५	०	५१६८६	३७९६५१	३२,२८,८२	१,४३,८९	१३,७१,७८	४४२२०	१६,७४	०	५२०३४३	-१४०६९२
	उद्योग मन्त्रालय		**१९६२२४०**	**२४७४७**	**८८०६४**	**२०७५०५१**	**१४६९६३०**	**३६२२११**	**६१५८४८**	**२१४५१६**	**२४६८५७**	**११६३८**	**२९२०७००**	**-८४५६४९**
	उदयपुर सिमेण्ट उद्योग लिमिटेड	२०७१/७२	८८१५११	०	१९३७४	९००८८५	५७८३१६	६२४८६	३८०४४८	८६२५०	२०७५८७	०	१३१५०८७	-४१४२०२
	औद्योगिक व्यवसाय विकास प्रतिष्ठान	२०७२/७३	६०२९	२४७४७	४६४३	३५४१९	७०९१	२७३३	२१९४९	०	१०८२	०	३२८५५	२५६४
	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७१/७२	०	०	५१००	५१००	०	२०९७६५	७३७०	२८५	२१४६	०	२१९५६६	-२१४४६६
	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७२/७३	०	०	४६११	४६११	०	१७९४४	६१०९	६७३५६	१६२९	०	९३०३८	-८८४२७
	जनकपुर चुरोट कारखाना लिमिटेड	२०७३/७४	०	०	७६६१	७६६१	०	१४४१६	७७८२	२२४७९	११११	०	४५७८८	-३८१२७
	नेपाल औषधि लिमिटेड	२०७१/७२	७९५	०	१०७०४	११४९९	४१८७	२४७८	११६०७८	२७२२६	१०७१	०	१५१०४०	-१३९५४१
	हेटौंडा सिमेण्ट उद्योग लिमिटेड	२०७२/७३	१०७३९०५	०	३५९७१	११०९८७६	८८००३६	५२३८९	७६११२	१०९२०	३२२३१	११६३८	१०६३३२६	४६५५०
	उर्जा मन्त्रालय		**७८६१९९८९**	**०**	**८५६७९७४**	**८७१८७९६३**	**५८२३०२१३**	**६४०२०६६**	**१४११४४२५**	**८६२५८७७**	**७३१६०३७**	**०**	**९४६८८६१८**	**-७५००६५५**
	तनहुँ हाइड्रोपावर लिमिटेड	२०७३/७४	०	०	६०८	६०८	०	२०६८३	५११८१	०	६४५४	०	७८३१८	-७७७१०

क्र. सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	नेपाल विद्युत प्राधिकरण	२०७२/७३	३१८२४२१३	०	३,२४,९३,३०	३५०७३५४३	२५६४३२४०	३,३३,७७,६३	६,३४,८६,४८	५०७९७२८	३,५५,४३,५९	०	४३९६३७३८	-८८९०१९५
	नेपाल विद्युत प्राधिकरण	२०७३/७४	४६७९५७७६	०	५३१८०३६	५२११३८१२	३२५८६९७३	३०४३६२०	७७१४५९६	३५४६१४९	३७५५२२४	०	५०६४६५६२	१४६७२५०
	कृषि विकास मन्त्रालय		**६७२३६५२**	**४०८४०५८**	**१०४०६५२**	**११८४८३६२**	**९९५५५६२**	**२६००४५**	**९३३५३३**	**११४५०**	**२१२८०२**	**११३५०७**	**११४८६८९९**	**३६१४६३**
	नेपाल कृषि अनुसन्धान परिषद	२०७३/७२	०	४१८६९८	६७५२३४	१०९३९३२	०	१४६३३७	५६९३२६	०	१९५०१५	०	९१०६७८	१८३२५४
	राष्ट्रिय चिया तथा कफि बोर्ड	२०७३/७३	३०	१३५८७३	८६३	१३६७६६	१२५७६०	३७७	९७८३	०	२४०	६६	१३६२२६	५४०
	कृषि सामग्री कम्पनी लिमिटेड	२०७३/७४	६,१२,८७,७४	३,५२,९४,८७	३४,१७,००	९९९९९६१	९,३४,६५,१४	८,०३,८४	३१,५७,९९	१,१४,५०	१,४५,८०	९,९०,८७	९८६७८१४	१३२१४७
	राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेड	२०७३/७४	५९४८४८	०	२२८५५	६१७७०३	४८३२८८	३२९४७	३८६२५	०	२९६७	१४३५४	५७२१८१	४५५२२
	पशुपंछी विकास मन्त्रालय		**४२८३९८२**	**५४६४८**	**७३७९०**	**४४१२४२०**	**३४८३९०५**	**२९४३६८**	**४१७९४९**	**६३७६**	**३५६४६**	**३५०८०**	**४२७३३२४**	**१३९०९६**
	दुग्ध विकास संस्थान	२०७२/७३	४२८३६२४	०	६३६९३	४३४७३१७	३४८२३५४	२५७६०६	४०१२६५	६३७६	३४४४२	३५०८०	४२१७१२३	१३०१९४
	नेपाल पशु चिकित्सा परिषद्	२०७३/७४	३५८	४८९५	६१२	५८६५	१५५१	६४२	३०२१	०	३१५	०	५५२९	३३६
	राष्ट्रिय दुग्ध विकास बोर्ड	२०७३/७४	०	४९७५३	९४८५	५९२३८	०	३६१२०	१३६६३	०	८८९	०	५०६७२	८५६६
	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		**२७२८०४१०**	**८९९८**	**२०७०७२६**	**२५१८६६८४**	**१२२७४६६८**	**४८०३८०२**	**३५२७२४७**	**२४३५१९७**	**२७१५३३६**	**७४९९७४**	**२६५०६२२४**	**-१३१९५४०**
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०७१/७२	४१७३४५०	०	३०९१८०	३०९१८०	९८००२५	६७५५४४	५७९२०७	५६९२५	६४७७४७	२८४०८७	३२२३५३५	-२९१४३५५
	नेपाल नागरिक उड्डयन प्राधिकरण	२०७२/७३	४१५१९८४	०	३८५२९५	४५३७२७९	१०९०६१८	५२७७३९	५४७६३२	३१५५३	६६७९९६	३९३०३६	३२५८५७४	१२७८७०५
	नेपाल वायुसेवा निगम	२०७२/७३	८७९७८६७	०	७३०३२७	९५२८१९४	४९२५४१४	१५३३४०८	१०५९१५०	१२१७४६४	६२४४३५	-९५२५४	९२६४६१७	२६३५७७
	नेपाल वायुसेवा निगम	२०७३/७४	१०१५२१११	०	६२९४५०	१०७८१५६१	५२७३०८०	२०६२२३९	१३२०६०२	१११९७५५	७६३२२६	१६८१०५	१०७०७००७	७४५५४
	सांस्कृतिक संस्थान	२०७२/७३	४९९८	८९९८	१६४७४	३०४७०	५५३१	४८७२	२०६५६	९५००	११९३२	०	५२४९१	-२२०२१
	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय		२०७०८३	८७४९५५८	३५९५१९	९३१६१६०	७४७५९१०	५३३०९	२३२८४५	०	४४६४	०	७७६५२८	१५४९६३२
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०६९/७०	१५८७३	०	२९०५	१८७७८	६१४६	२१११	२८५४४	०	१९३३	०	३८७३४	-१९९५६
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७०/७१	४९८१	०	४०१८	८९९९	२४२८	१७२९	३१९०५	०	११६५	०	३७२२७	-२८२२८
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७१/७२	०	०	४७०१४	४७०१४	०	९३०	११४०६६	०	११६५	०	११६१६१	-६९१४७
	नेपाल रेल्वे कम्पनी लिमिटेड	२०७२/७३	०	०	५०९१	५०९१	०	१०२६९	८५१८	०	२०१	०	१८९८८	-१३८९७
	सडक बोर्ड नेपाल	२०७२/७३	९०८६५	४३९९१५४	९१४१४	४५८१४३३	३५४१३२९	५६५३	२११७०	०	०	०	३५६८१५२	१०१३२८१
	सडक बोर्ड नेपाल	२०७३/७४	९५३६४	४३५०४०४	२०९०७७	४६५४८४५	३९२६००७	३२६१७	२८६४२	०	०	०	३९८७२६६	६६७५७९
	वन तथा भू-संरक्षण मन्त्रालय		**५५१०१९**	**५६६१७६**	**५३६५८५**	**१६५३७८०**	**१०८३७०८**	**१९०५६५**	**३५६५८०**	**४५१९**	**१५०४९**	**६९४०५**	**१७१९८२६**	**-६६०४६**
	जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड	२०७१/७२	१०,४०,३३	०	३,९७	१०४४३०	७,४४,७१	३,१८,०२	३,५०,१२	४५१९	१६,९३	,०	१४७४९७	-४३०६७
	द टिम्बर कर्पोरेसन अफ नेपाल	२०७३/७४	४४,६९,८६	०	१,८०,३३	४६५०१९	२०,६५,०१	३,४७,३७	१६,९९,७३	०	३२,३५	६,९४,०५	४८३८५१	-१८८३२

क्र. सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	राष्ट्रिय प्रकृति संरक्षण कोष	२०७३/७४	०	५६६१७६	५१८१५५	१०८४३३१	८०२७३६	१२४०२६	१५१५९५		१०१२१	०	१०८८४७८	-४१४७
	वाणिज्य मन्त्रालय		१११४०२	८५१	७४४४३	१८६६९६	७८७३	२५७८५	७७८२८	१२१३०	२५३९	१५१३६	१४१२९१	४५४०५
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०७२/७३	५३३१८	४६९	२८७१८	८२५०५	३६८१	१२०३४	३२८४३	६०८५	१३६४	६६२५	६२६३२	१९८७३
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड	२०७३/७४	५,८०,८४	३,८२	४,५७,२५	१०४१९१	४१,९२	१,३७,५१	४,४९,८५	६०४५	११,७५	८५,११	७८६५९	२५५३२
	शिक्षा मन्त्रालय		**८२८०८९३**	**१५०५६१७१**	**१४३०३३६१**	**३७६४०४२५**	**९०१८७८**	**२४५८२९३६**	**८६६०३६२**	**२३१७९४**	**१३१६१**	**०**	**३४३९०१३१**	**४६९९६१२**
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०७१/७२	६१०६३९	११४५९	३४५७६	६५६६७४	४२४०८७	३६२३९	६६९५४४	१२०६५३	७०२७	**०**	१२५७५५०	-६००८७६
	जनक शिक्षा सामग्री केन्द्र लिमिटेड	२०७२/७३	७४०६३९	०	५२००५	७९२६४४	४७७७९१	४२७६२	२५२७३४	१११११४१	६१३४	**०**	८९०५६२	-९७९१८
	सुदुरपश्चिमाञ्चल विश्वविद्यालय	२०७३/७४	१५८२६१	२८७७४८	२७३३६०	७१९३६९	०	२६३७१०	८३२७७	०	०	०	३४६९८७	३७२३८२
	पोखरा विश्वविद्यालय	२०७३/७४	११७४१३	२१३४७८	२०२८०४	५३३६९५	०	३४५६१०	१०९१४०	०	०	०	४५४७५०	७८९४५
	नेपाल संस्कृत विश्वविद्यालय	२०७३/७४	२८१२३०	५११३२७	४८५७६१	१२७८३१८		९८१५९०	३०९९७६	०	०	०	१२९१५६६	-१३२४८
	त्रिभुवन विश्वविद्यालय	२०७३/७४	७३४९५६९	१३३६२८५४	१२६९४७११	३३४०७१३४	०	२२१४७७६३	६९९४०३०	०	०	०	२९१४१७९३	४२६५३४१
	कृषि तथा बन विश्वविद्यालय	२०७३/७४	१८७९८०	३४१७८२	३२४६९३	८५४४५५	०	४३५८४८	१३७६३६	०	०	०	५७३४८४	२८०९७१
	मध्यपश्चिम विश्वविद्यालय	२०७३/७४	१११११६१	२०२१११	१९२००५	५०५२७७	०	२३११५९	७२९९७	०	०	०	३०४१५६	२०११२१
	लुम्बिनी बौद्ध विश्वविद्यालय	२०७३/७४	७५२७९	१३६८७१	१३००२७	३४२१७७	०	९८२५५	३१०२८	०	०	०	१२९२८३	२१२८९४
	सहकारी तथा गरिवी निवारण मन्त्रालय		**०**	**११७७९३**	**३०३७९**	**१४८१७२**	**८०९५**	**११५९१**	**१८५०१**	**०**	**१४६९**	**०**	**३९६५६**	**१०८५१६**
	राष्ट्रिय सहकारी विकास बोर्ड	२०७२/७३	०	११,७७,९३	३,०३,७९	१४८१७२	८०९५	११५९१	१८५०१	०	१४६९	०	३९६५६	१०८५१६
	सामान्य प्रशासन मन्त्रालय		**१९०८७**	**१६८४४४**	**२९२३६**	**२१६७६७**	**१४७५१**	**१६४१२९**	**१७५३२**	**०**	**६६२४**	**०**	**२०३०३६**	**१३७३१**
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७३/७४	१९०८७	१६८४४४	२९२३६	२१६७६७	१४७५१	१६४१२९	१७५३२	०	६६२४	०	२०३०३६	१३७३१
	सूचना तथा सञ्चार मन्त्रालय		**५४५८२४६**	**१६४६०८**	**६९६६४६**	**६३१९५००**	**२७०८०५**	**३१६५३२**	**८३००५३**	**९२७६**	**८७३८३**	**१२०४३४८**	**२७१८३९७**	**३६०११०३**
	गोरखापत्र संस्थान	२०७१/७२	४४,८९,०२	,०	१,२५,७२	४६१४७४	११८२४२	५,१२,४८	२१,९५,१३	४२३२	१,०३,८५	१९११७	४२२७३७	३८७३७
	गोरखापत्र संस्थान	२०७२/७३	४७५८५९	०	५६६८	४८१५२७	१००६०४	४०३४६	२६०२१५	५०४४	१०९३७	१६०९५	४३३२४१	४८२८६
	नेपाल टेलिभिजन	२०७२/७३	३२०७९८	१८१	३९८२२	३६०८०१	३१५६७	९०२८६	२०००४२	०	४९८४०	०	३७१७३५	-१०९३४
	नेपाल दूरसञ्चार प्राधिकरण	२०७३/७४	४१९८२९६	०	६२५३०५	४८२३६०१	२०३९२	८१९८५	४५६६७	०	१०७२३	११६९१३६	१३२७९०३	३४९५६९८
	प्रेस काउन्सिल नेपाल	२०७३/७४	२७५७	५२७९२	५९४५	६१४९४	०	२७८१६	१२८५५	०	२६२२	०	४३२९३	१८२०१
	राष्ट्रिय समाचार समिति	२०७३/७४	११६३४	१११६३५	७३३४	१३०६०३	०	२४८५१	९१७६१	०	२८७६	०	१११९४८८	१११११५
	स्वास्थ्य मन्त्रालय		**३००३६८१**	**१३६३४००**	**९७५२७१**	**५३४२३५२**	**०**	**२५१८९६०**	**१५४८९८७**	**०**	**३०१९९२**	**०**	**४३६९९३९**	**९७२४१३**
	विपि कोइराल स्वास्थ्य विज्ञान	२०७३/७४	१२२१८२१	७५६०००	८१८५७२	२७९६३९३	०	७४३३१०	११६३५३७	०	१५९३८३	०	२०६६२३०	७३०१६३

क्र. सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
	प्रतिष्ठान		बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०७२/७३	८२७५८५	९०९८२	४५८७३	९६४४४०	०	७४७०२३	१३५४९६	०	५८२९३	०	९४०८१२	२३६२८
	पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०७३/७४	९१०१३०	७१९६३	७७७७३	१०५९८६६	०	९२६५०८	१४५३७०	०	७१३६८	०	११४३२४६	-८३३८०
	कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान	२०७३/७४	१७७२१	३८८४५५	१९५५५	४२५७३१	०	४४५०२	८०१४४	०	९९३७	०	१३४५८३	२९११४८
	नेपाल स्वस्थ्य अनुसन्धान परिषद	२०७३/७४	२६४२४	५६०००	१३४९८	९५९२२		५७६१७	२४४४०	०	३०११	०	८५०६८	१०८५४
	सहरी विकास मन्त्रालय		**७९४३८७**	**०**	**९७६४७१**	**१७७०८५८**	**१६७५२**	**१३४४५**	**२६७९९**	**०**	**१४६३**	**-१३५**	**५८३२४**	**-१५४४६**
	राष्ट्रिय आवास कम्पनी लिमिटेड	२०७३/७४	३८५४७	०	४३३१	४२८७८	१६७५२	१३४४५	२६७९९	०	१४६३	-१३५	५८३२४	-१५४४६
	खानेपानी तथा सरसफाइ मन्त्रालय		**३७७९२०**	**०**	**४८६०७०**	**८६३९९०**	**०**	**७२९४९**	**३५६१३**	**८५४८४४**	**१८३२७३**	**०**	**११४६६७९**	**-२८२६८९**
	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०७२/७३	१८३७४०	०	१३०६५१	३१४३९१	०	२,६९,०९	१,४६,४२	३५,३१,४१	७,३८,३३	०	४६८५२५	-१५४१३४
	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	२०७३/७४	१९४१८०	०	३५५४१९	५४९५९९	०	४,६०,४०	२,०९,७१	५०,१७,०३	१०,९४,४०	०	६७८१५४	-१२८५५५
२	**समिति**		**८५३८२१**	**६९७३८८**	**१३८५३४१**	**२९३६५५०**	**१४४०३४५**	**२११४६८**	**५४५७९८**	**०**	**२३६४३**	**८९०**	**२२२२१४४**	**७१४४०६**
	अर्थ मन्त्रालय		**६००९४६**	**०**	**१६५४७४**	**७६६४२०**	**०**	**३८०३०**	**६७७६०**	**०**	**२८७९**	**०**	**१०८६६९**	**६५७७५१**
	विमा समिति	२०७३/७४	६००९४६		१६५४७४	७६६४२०	०	३८०३०	६७७६०	०	२८७९	०	१०८६६९	६५७७५१
	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय		**११३७४**	**०**	**१००३९**	**२१४१३**	**३९९०**	**३८२८**	**१०९६२**	**०**	**१०९८**	**८८४**	**२०७६२**	**६५१**
	कानून किताब व्यवस्था समिति	२०७३/७४	१,१३,७४	०	१,००,३९	२१४१३	३९,९०	३८,२८	१,०९,६२	०	१०,९८	८८४	२०७६२	६५१
	कृषि विकास मन्त्रालय		**६७१५३**	**२१५५९**	**१३९६७**	**१०२६७९**	**२०६२५**	**१५३८८**	**५०४८०**	**०**	**४९३५**	**०**	**९१४२८**	**११२५१**
	कपास विकास समिति	१	१६३३	२१५५९	६४७४	२९६६६	४९७३	७७४३	८३३८	०	२१६३		२३२१७	६४४९
	कालीमाटी फलफूल तथा तरकारी विकास समिति	१	६५५२०	०	७४९३	७३०१३	१५६५२	७६४५	४२१४२	०	२७७२		६८२११	४८०२
	नेपाल उखु तथा चिनी विकास समिति					०							०	०
	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय		**१२६९५६**	**४५२३२**	**४७४४८**	**२१९६३६**	**४५८७७**	**८१९५२**	**६०५५१**	**०**	**१४४०४**	**०**	**२०२७८४**	**१६८५२**
	तारा गाउँ विकास समिति	२०७२/७३	-१०१७४	१,२५,००	२,४६,४८	२६९७४	**७८०**	**११८३०**	**२५९०९**	**०**	**२२८**	**०**	३८७४७	-११७७३
	नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान	२०७३/७४	१३७१३०	३२७३२	२२८००	१९२६६२	४५०९७	७०१२२	३४६४२	०	१४१७६		१६४०३७	२८६२५
	खानेपानी तथा सरसफाई मन्त्रालय		**०**	**६१४५९७**	**११३९०६७**	**१७५३६६४**	**१३६६६५९**	**६३५०२**	**३४६१९२**	**०**	**२१**	**०**	**१७७६३७४**	**-२२७१०**

क्र. सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति	२०७३/७४		६१४५९७	११३९०६७	१७५३६६४	१३६६६५९	६३५०२	३४६१९२		२१		१७७६३७४	-२२७१०
	शिक्षा मन्त्रालय		**४७३९२**	**१६०००**	**९३४६**	**७२७३८**	**३१९४**	**८७६८**	**९८५३**	**०**	**३०६**	**६**	**२२१२७**	**५०६११**
	स्वप्न बगैचा विकास समिति	२०७३/७४	४७२११	०	७१५७	५४३६८	२३८५	७५०५	७२५६	०	३०६	०	१७४५२	३६९१६
	डिल्ली रमण पुस्तकालय	२०७३/७४	१८१	१६०००	२१८९	१८३७०	८०९	१२६३	२५९७	०	०	६	४६७५	१३६९५
३	**अन्य संस्था:**		**९८८४०**	**१९२५५९२**	**१५८७५५०१**	**१७८९९९३३**	**३११५१९०**	**१०६४७७४३**	**६७३७**	**१३८९८६**	**८४८१**	**३२२१२९**	**१४२३९२६६**	**३६६०६६७**
	अर्थ मन्त्रालय		**०**	**९४३१७**	**१७९४०३**	**२७३७२०**	**२६८२**	**७४६६८**	**०**	**१३८८८६**	**०**	**०**	**२१६२३६**	**५७४८४**
	युवा तथा साना व्यावसायी स्वरोजगार कोष	२०७३/७४	०	९४३१७	१७९४०३	२७३७२०	२६८२	७४६६८	०	१३८८८६	०	०	२१६२३६	५७४८४
	कृषि विकास मन्त्रालय		१९०१२	०	३३५२७	५२५३९	१४०५३	१५०९८	०	५०	०	०	२९२०१	२३३३८
	पशु विकास फार्म पोखरा (दोहोरो मार्ग)	२०७३/७४	१९०१२	०	३३५२७	५२५३९	१४०५३	१५०९८	०	५०	०	०	२९२०१	२३३३८
	मत्स्य विकास केन्द्र हेटौडा (दोहोरो मार्ग)					०							०	०
	गृह मन्त्रालय		**१३१२**	**०**	**१६३६१४६**	**१६३७४५८**	**१३०६९९१**	**१३८९०**	**०**	**०**	**२५६८**	**१५३६७**	**१३३८८१६**	**२९८६४२**
	प्रहरी कल्याण कोष	२०७३.७	७८९	०	८५५८०१	८५६५९०	६२४११६	८८३१	०	०	२४३८	१२३०८	६४७६९३	२०८८९७
	सशस्त्र प्रहरी वल कल्याणकारी सेवा केन्द्र	२०७३.७	५२३	०	७८०३४५	७८०८६८	६८२८७५	५०५९	०	०	१३०	३०५९	६९११२३	८९७४५
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय		**०**	**४०००**	**१२२९२**	**१६२९२**	**०**	**१५४००**	**४७८४**	**०**	**०**	**०**	**२०१८४**	**-३८९२**
	राष्ट्रिय अपाङ्ग कोष	२०७३/७४	०	४०००	१२२९२	१६२९२	०	१५४००	४७८४	०	०	०	२०१८४	-३८९२
	युवा तथा खेलकुद मन्त्रालय		०	१७३९८६५	२४९५१	१७६४८१६	५४०३५०	३४३३८५	०	०	२८७५	०	८८६६१०	८७८२०६
	राष्ट्रिय खेलकुद परिषद्	२०७.७३		१७३९८६५	२४९५१	१७६४८१६	५४०३५०	३४३३८५			२८७५		८८६६१०	८७८२०६
	पशुपंक्षी विकास मन्त्रालय		**१९०१२**	**०**	**३३५२७**	**५२५३९**	**१४०५३**	**१५०९८**	**०**	**५०**	**०**	**०**	**२९२०१**	**२३३३८**
	पशु विकास फार्म पोखरा (दोहोरो मार्ग)	२०७३.७	१९०१२	०	३३५२७	५२५३९	१४०५३	१५०९८	०	५०			२९२०१	२३३३८
	रक्षा मन्त्रालय		**५३४८६**	**०**	**१३७९२६४५**	**१३८४६१३१**	**१२३७०६१**	**९९३९८२०**	**०**	**०**	**३०३८**	**३०६७६२**	**११४८६६८१**	**२३५९४५०**
	नेपाली सैनिक कल्याणकारी कोष	२०७३/७४	०		१३७८१५०१	१३७८१५०१	११९१२२८	९९३७५२१	०	०	०	३०६७६२	११४३५५११	२३४५९९०
	बहु व्यवसाय उद्योग	२०७३/७४	५३४८६		१११४४	६४६३०	४५८३३	२२९९			३०३८	०	५११७०	१३४६०
	खानेपानी तथा सरसफाई मन्त्रालय		**६०१८**	**०**	**०**	**६०१८**	**०**	**२१३८**	**१९५३**	**०**	**०**	**०**	**४०९१**	**१९२७**

क्र. सं	संस्थाको नाम	आर्थिक वर्ष	आय				व्यय							खुद आम्दानी
			बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	व्याज	ह्रास खर्च	आयकर	जम्मा खर्च	
	खानेपानी महसुल निर्धारण आयोग	२०७३/७४	६०१८	०	०	६०१८	०	२१३८	१९५३	०	०	०	४०९१	१९२७
	शिक्षा मन्त्रालय		**०**	**८७४१०**	**१६३०१०**	**२५०४२०**	**०**	**२२८२४६**	**०**	**०**	**०**	**०**	**२२८२४६**	**२२१७४**
	त्रि वि उच्च शिक्षा सुधार परियोजना	२०७३/७४	०	८७४१०	१६३०१०	२५०४२०	०	२२८२४६	०	०	०	०	२२८२४६	२२१७४
	कुल जम्मा:		**१९६६८४७०६**	**३३००७१७९**	**५०६९९११०**	**२७६२१७५४५**	**११८३२४१४२**	**८४८३५००८**	**४२२८६४२९**	**१२७३५१४६**	**११४४१५९९**	**३९३८३४५**	**२७३५६०६६९**	**२३३३२६**

अनुसूची – ७

(प्रतिवेदनको परिच्छेद १ दफा ४ र ५ तथा परिच्छेद २ को दफा १९ सँग सम्बन्धित)

आय–व्यय हिसाब तयार गर्ने संगठित संस्था, समिति र अन्य संस्था
लेखापरीक्षण रकम, बेरुजू र सञ्चालन नतिजा

(रु हजारमा)

क. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको सञ्चालन नतिजा										यो वर्षको बचत	वर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय						
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
१	**संगठित संस्था**		**१८**	**५२८९४२५९**	**२७८९४१**	**१०४५८४५१**	**१९४०९०४**	**१९०४२९२०**	**६३५०७३६**	**२७३३४५६०**	**९९४९०**	**११८५१५७२**	**२१००९००**	**११८५१५७२**	**२५५३४०९५**	**१८००४६५**	**१२२५८९९६**
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	०	**१**	**२५०५१६**	**४६५२२**	**४०५६२६**	**०**	**५७४३०**	**१०९५६०**	**१६६९९०**	**०**	**०**	**११७३२**	**४७९५९**	**५९६९१**	**१०७२९९**	**५१२९२५**
	नेपाल ट्रष्टको कार्यालय	२०७३/७४	१	२५०५१६	४६५२२	४०५६२६	०	५७४३०	१०९५६०	१६६९९०		०	११७३२	४७९५९	५९६९१	१०७२९९	५१२९२५
	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	०		५२७१६२	०	२३९१३२३	१४७३४	०	३१५३१२	३३००४६	६८७६१	१०६२७३	२२०८२	०	१९७११६	१३२९३०	२५२४२५३
	गठी संस्थान	२०७२/७३	१	५२७१६२		२३९१३२३	१४७३४	०	३१५३१२	३३००४६	६८७६१	१०६२७३	२२०८२	०	१९७११६	१३२९३०	२५२४२५३
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	२०७३.७४		**५२७१४१**	**१७१६१**	**४४७९६२**	**०**	**२०००० **	**२७७६१७**	**२९७६१७**	**०**	**९८४६०**	**१०४७७३**	**२६२९१**	**२२९५२४**	**६८०९३**	**५१६०५५**
	समाज कल्याण परिषद्	२०७३.७४	१	५२७१४१	१७१६१	४४७९६२	०	२००००	२७७६१७	२९७६१७	०	९८४६०	१०४७७३	२६२९१	२२९५२४	६८०९३	५१६०५५
	शिक्षा मन्त्रालय	०	**३**	**३०४५२३६६**	**५१८९१३**	**४३३१६२०**	**०**	**१४०७३५४५**	**१८३७२९१**	**१५९१०८३६**	**०**	**३०४३६३२**	**०**	**११४९७८९८**	**१४५४१५३०**	**१३६९३०६**	**५७००९२६**
	राष्ट्रिय परीक्षा बोर्ड	२०७३/७४	१	१८१५४६४	१०३६६१	१०५६५३३	०	१२५००	१०४२०९७	१०५४४५९७	०	३४२९८१	०	४१७८८६	७६०८६७	२९३७३०	१३५०२६३
	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद	२०७३/७४	१	६६९१४११	३९३६३२	८६०१८९	०	२७०९७९०	७६५४१२	३४७५२०२	०	२६७८६८३	०	५३७५२६	३२१६२०९	२५८९९३	१११९१८२
	विश्वविद्यालय अनुदान आयोग	२०७३/७४	१	२१९४५४९१	२१६२०	२४१४८९८	०	११३५१२५५	२९७८२	११३८१०३७	०	२१९६८	०	१०५४२४८६	१०५६४४५४	८१६५८३	३२३१४८१
	सूचना तथा सञ्चार मन्त्रालय	०	**१**	**१५४७६१**	**१९७९१**	**८५४०२**	**७२५५६**	**३७५००**	**६०१६**	**११६०७२**	**०**	**२४२९७**	**१०६०१**	**२०२२**	**३६९२०**	**७९१५२**	**१६४५५४**
	चलचित्र विकास बोर्ड	**२०७३/७४**	१	१५४७६१	१९७९१	८५४०२	७२५५६	३७५००	६०१६	११६०७२	०	२४२९७	१०६०१	२०२२	३६९२०	७९१५२	१६४५५४
	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	०	**९**	**५४१८३०**	**५१५२**	**१३४२०४**	**०**	**९८००७**	**१६३५३६**	**२६१५४३**	**३०७२९**	**४२९८६**	**६२५२६**	**१४४०४६**	**२८०२८७**	**-१८७४४**	**११५४६०**
	स्थानिय विकास प्रशिक्षण प्रतिष्ठान	२०७३/७४	१	४३०३०१	३४८७	९७६७२	०	७०००	१३३७०८	२०३७०८	३०७२९	३७८६	५२६११	१३९४६७	२२६५९३	-२२८८५	७४७८७
	ग्रामिण विकास प्रशिक्षण केन्द्र	२०७३/७४	५	५५७७७	४९८	१२२०७	०	१६२३९	११४८४	२७७२३	०	१६३८३	७०९२	४५७९	२८०५४	-३३१	११८७६
	महिला विकास प्रशिक्षण केन्द्र	२०७३/७४	२	२७८७७	११६७	१६७६४	०	३८५२	११६६६	१५५१८	०	१०२३५	२१२४	०	१२३५९	३१५९	१९९२३
	नगर विकास प्रशिक्षण प्रतिष्ठान	२०७३/७४	१	२७८७५	०	७५६१	०	७९१६	६६७८	१४५९४	०	१२५८२	६९९	०	१३२८१	१३१३	८८७४
	स्वास्थ्य मन्त्रालय	०	**४**	**१९९६८४१३**	**२०९३६६९**	**२३६९२९७**	**१८५३६१४**	**४५७३४३५**	**३५८८६०५**	**१००१५६५४**	**०**	**८०४४०२९**	**१८२०००१**	**८८७२९**	**९९५२७५९**	**६२८९५**	**२४३२१९२**
	वि.पी.कोइराला मे.क्या. अस्पताल, चितवन	२०७३/७४	१	२४९३०६७	७२९४६	४७०४८१	१२९६८१	३०५५००	८५०४६१	१२८५६४२		९३०६८५			१२०७४२५	७८२१७	५४८६९८
	चिकित्सा विज्ञान रा.प्र.वि.(विर अस्पताल)	२०७२/७३	१	२९३९२४०	२२३२६४	४४७५२	३४६६२२	११६१४५२	०	१५०८०७४	०	९७७२५१			१४३११६६	७६९०८	१२१६६०
	चिकित्सा विज्ञान रा.प्र.वि.(विर अस्पताल)	२०७३/७४	१	६९३८६०२	१३४२०१८	१२२१६६	३०७०८४	२२५०४८३	९२०६८१	३४७८२४८		२६३४३७९	८२५९७५	०	३४६०३५४	१७८९४	१४००६०
	शहिद गंगालाल हृदय केन्द्र	२०७३/७४	१	७५९७५०४	४५५४४१	१७३१८९८	१०७०२२७	८५६०००	१८१७४६३	३७४३६९०	०	३५०१७१४	२६३३७१	८८७२९	३८५३८१४	-११०१२४	१६२१७७४
	विज्ञान तथा प्रविधि मन्त्रालय	२०७३.७४		**४७२०७०**	**१७७३३**	**२९३०१७**	**०**	**१८३००३**	**५२७९९**	**२३५८०२**	**०**	**१२२४५६**	**६९१८५**	**४४६२७**	**२३६२६८**	**-४६६**	**२९२५५१**
	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	२०७३.७४	१	४७२०७०	१७७३३	२९३०१७	०	१८३००३	५२७९९	२३५८०२		१२२४५६	६९१८५	४४६२७	२३६२६८	-४६६	२९२५५१
२	**समिति:**	**५५९८८**	**२०८**	**३५१६३४४३**	**२८७४८७०**	**६०५५३७१**	**५१६६२६९**	**१०७३५३०६**	**२२१८३४६**	**१८११९९२१**	**२९१५७९४**	**८९७२४०७**	**३७५०८०६**	**१९८५०४१**	**१७६२४०४८**	**४९५८७३**	**६५५१२४४**
	कृषि विकास मन्त्रालय	४१४७.४८	**२**	**३४४५०**	**४४**	**५३**	**५१५३**	**११७७१**	**३१६**	**१७२४०**	**२८३**	**५२७८**	**४६६८**	**६९८१**	**१७२१०**	**३०**	**८३**
	नेपाल उखु तथा चिनी विकास समिति	२०७३.७४	१	११५६३		४१	०	५७७१	२२	५७९३	०	४४९२	२९७	९८१	५७७०	२३	६४
	चन्द्र डाँगी दुग्ध विकास समिति	२०७३.७४	१	२२८८७	४४	१२	५१५३	६०००	२९४	११४४७	२८३	७८६	४३७१	२७६७४०	०	७	१९
	संस्कृति,पर्यटन तथा नागरिक	४५६१९.३	**२२**	**३७७५९२१**	**६८०१८१**	**९७५४३४**	**१६६६१७**	**१३२९६३४**	**४७२२३९**	**१९६८४९०**	**१०७४६७९**	**३९४७५३**	**२०६१२१**	४५३९१५	०	**१९८६६९**	**११७४१०३**

क. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	बर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
	उद्डयन मन्त्रालय																	
	लुम्बिनी विकास कोष	२०७३.७४	१	१६२७४६५	२६११४३	३३६०६३	०	६६००००	२६१९११	९२१९११	५५३८६०	९३०३७	०	५८६५७	७०५५५४	२१६३५७	५५२४२०
	हनुमान ढोका दरवार संग्रहालय विकास समिति	२०७३.७४	१	१५५७२०	२९९९५	१६५९०५	७२६८३	०	४२२२	७६९०५	२८१६५	१०९३५	२१०५	०	४१२०५	३५७००	२०१६०५
	पाटन संग्रहालय विकास समिति	२०७३.७४	१	४०३४७	३२४	१३५०३	२०८५७	५००	८६२	२२२१९	११६३	८७८९	७४२७	७४९	१८१२८	४०९१	१७५९४
	राष्ट्रिय ताल सरक्षण विकास समिति	२०७३.७४	१	६९९८०	६८२८	३९८८	०	३३४००	३३४०	३६७४०	२९४५०	२७०८	१०८२	०	३३२४०	३५००	७४८८
	रुरु रेसुङगा पर्यटन क्षेत्र विकास समिति	२०७३.७४	१	५१८०९	१७४९	९८५	०	२५९९६	२	२५९९८	२४०९८	११२५	५८८	०	२५८११	१८७	११७२
	वौद्धनाथ क्षेत्र विकास समिति	२०७३.७४	१	५०५००४	२५८६००	१०५७६०	३५४७२	१९७५१	१५३५६८	२०८७९१	२५५२५५	६०३८	१३१४०	२१७८०	२९६२१३	-८७४२२	१८३३८
	पाथिभरा क्षेत्र विकास समिति	२०७३.७४	१	९२५२	१४०८	२१२९	०	३०००	१०९७	४०९७	१०७७	४२४	३८८	३२६६	५१५५	-१०५८	१०७१
	पर्वतीय प्रशिक्षण प्रतिष्ठान विकास समिति	२०७३.७४	१	७०८०८	९२०५	३८५५५	४६५	४१३००	१२८४	४३०४९	२५४६८	९५	२१९६	०	२७७५९	१५२९०	५३८४५
	मेची पहाडी पर्यटन क्षेत्र विकास समिति	२०७३.७४	१	७५८२७	१२	५	०	३५७९९	३१५३	३८९५२	२६८५०	७८१८	११०८	१०९९	३६८७५	२०७७	२०८२
	कर्णाली क्षेत्र पर्यटन प्रवंदन विकास समिति	२०७३.७४	१	९७७००	३८९	०	०	४८९००	०	४८९००	४६४००	६००	१८००	०	४८८००	१००	१००
	बुढानिलकण्ठ क्षेत्र विकास समिति	२०७३.७४	१	६१०१	७८६	९१०	६७६	२०००	१७९	२८५५	७४३	६५१	१६२८	२२४	३२४६	-३९१	५१९
	नेपाल प्रज्ञा प्रतिष्ठान	२०७३.७४	१	६२२४०९	२२७०३	१९६६८७	२७८१५	२४८५२७	२९७२६	३०६०६८	२५८५३	२०४५०८	८५४८०	५००	३१६३४१	-१०२७३	१८६४१४
	हलेसी महादेवस्थान विकास समिति	२०७३.७४	१	५७०७	२३६	७०७	०	२५००	०	२५००	२५०५	४४	६५३	५	३२०७	-७०७	०
	नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान	२०७३.७४	१	१४३७४५	२५३१	१४७५९	०	६९८०१	३६४२	७३४४३	१०७५२	३२७२९	२४१२६	२६९५	७०३०२	३१४१	१७९००
	भानुजन्मस्थल विकास समिति	२०७२.७३	१	५२५६	२१	८७	०	२६००	०	२६००	२१००	९५	४६१	०	२६५६	-५६	३१
	भानुजन्मस्थल विकास समिति	२०७३.७४	१	५७११	३३	३१	०	२८६०	०	२८६०	४९१	२३६०	०	०	२८५१	९	४०
	मनकामना क्षेत्र विकास समिति	२०७३.७४	१	४०३७	०	७६३	१५४४	५००	४	२०४८	४०	१७७	१६६४	१०८	१९८९	५९	८२२
	वहतर जनकपुर क्षेत्र विकास समिति	२०७३.७४	१	७६६४०	६२८९७	२५९५९	३२९८	३४५०४	२४८४	४०२८६	२०७४२	११६५१	१४७	३८१४	३६३५४	३९३२	२९८९१
	देवघाट क्षेत्र विकास समिति	२०७२.७३	१	३२९२८	६२७१	१७१०	९८१	१३८५०	२६७९	१७५१०	९९०८	४५०५	०	१००५	१५४१८	२०९२	३८०२
	देवघाट क्षेत्र विकास समिति	२०७३.७४	१	२५२७४	३२४२	३६१८	५०४	८९००	२३३०	११७३४	८५२४	५०१६	०	०	१३५४०	-१८०६	१८१२
	ललितकला प्रज्ञा प्रतिष्ठान	२०७२.७३	१	७६६९४	६३८६	२७३८४	१६१४	४००००	१००४	४२६१८	५८७	०	३३१२३	३६६	३४०७६	८५४२	३५९२६
	ललितकला प्रज्ञा प्रतिष्ठान	२०७३.७४	१	६७५०७	५४२२	३५९२६	७०८	३४९४६	७५२	३६४०६	६४८	१४४८	२९००५	०	३११०१	५३०५	४१२३१
	सहरी विकास मन्त्रालय	०	**४**	**५२१०६८८**	**४७५३१३**	**२१०५३६२**	**१०१८६४७**	**१३५५३७५**	**७३१३०४**	**३१०५३२६**	**१३०६२९२**	**१७००१४४**	**१४१८७०**	**३५४०८५**	**३५०२३९१**	**-३९७०६५**	**१७०८२९७**
	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति	२०७३/७४	१	५२६४११	०	३७३०७९	१४४६७६	०	८६५६	१५३३३२	६५३३	३९२५०	६२६३०	८७०४	११७११७	३६२१५	४०९२९४
	सिंहदरवार सचिवालय पुनःनिर्माण समिति	२०७३/७४	१	२४७०२५	५०१९९	२६२६५	०	२११६६०	९१००	२२०७६०	१९८६५८	४४८५	८५२१	११८९५	२२३५५९	-२७९९	२३४६६
	काठमाण्डौ उपत्यका विकास प्राधिकरण	२०७३/७४	१	३६०००८६	४१२९७०	९९११९३	८२१०२५	११४३७१५	६४४१५३	२६०८८९३	११००३४७	१५५१८४६	४३०६२	२६५४८८	२९६०७४३	-३५१८५०	६३९३४३
	नगर विकास समितिहरु	२०७३/७४	१	८३७१६६	१२१४४	७१४८२५	५२९४६	०	६९३९५	१२२३४१	७५४	१०४५६३	२७६५७	६७९९८	२००९७२	-७८६३१	६३६१९४
	रक्षा मन्त्रालय	०	**१**	**३८२४०७**	**१८३६२**	**१४८९६०**	**१६३७१९**	**०**	**५२५८४**	**२१६३०३**	**५७९८८**	**५५५८५**	**४५०८१**	**७४५०**	**१६६१०४**	**५०१९९**	**१९९१५९**
	नेपाली सैनिक विमान सेवा, व्यापारिक उडान विकास समिति	२०७३/७४	१	३८२४०७	१८३६२	१४८९६०	१६३७१९		५२५८४	२१६३०३	५७९८८	५५५८५	४५०८१	७४५०	१६६१०४	५०१९९	१९९१५९
	वन तथा भू-संरक्षण मन्त्रालय		**१**	**५१५५५८**	**०**	**५०१९७**	**१८५३८७**	**४८०००**	**२६३०२**	**२५९६८९**	**४३११४**	**१२३३०५**	**५४३३९**	**३५१११**	**२५५८६९**	**३८२०**	**५४०१७**
	वन पैदावार विकास समिति	२०७३/७४	१	५१५५५८	०	५०१९७	१८५३८७	४८०००	२६३०२	२५९६८९	४३११४	१२३३०५	५४३३९	३५१११	२५५८६९	३८२०	५४०१७
	वाणिज्य मन्त्रालय	४१४७.४८	३	**५७११४२**	**२००४९**	**८२१३५८**	**०**	**०**	**३४८५०२**	**३४८५०२**	**०**	**०**	**०**	**२२२६४०**	**२२२६४०**	**१२५८६२**	**९४७२२०**
	नेपाल इन्टरमोडल यातायात विकास समिति	२०७३.७४	२	५४३७०२	२००२५	८२१०४८			३३४८४८	३३४८४८				२०८८५४	२०८८५४	१२५९९४	९४७०४२
	नेपाल इन्हान्स क्यापासिटी फर ट्रेड एण्ड डेभलपमेण्ट प्रोजेक्ट	२०७३.७४	१	२७४४०	२४	३१०			१३६५४	१३६५४				१३७८६	१३७८६	-१३२	१७८
	विज्ञान तथा प्रविधि मन्त्रालय	२०७३.७४	**०**	**१२०७६०**	**०**	**१६७७५**	**५६१६**	**५०१३७**	**७७८७**	**६३५४०**	**०**	**३८६२१**	**१८५९९**	**०**	**५७२२०**	**६३२०**	**२३०९५**
	राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति	२०७३.७४	०	१२०७६०		१६७७५	५६१६	५०१३७	७७८७	६३५४०	०	३८६२१	१८५९९	०	५७२२०	६३२०	२३०९५
	सामान्य प्रशासन मन्त्रालय	०	**१**	**११३२५८५**	**३४५**	**८९३८०**	**४७७९३२**	**६१४३५**	**१०९६५**	**५५०३३२**	**३५५७६७**	**५०५०३**	**११४५४९**	**६१४३४**	**५८२२५३**	**-३१९२१**	**५७४५९**

क. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	बर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	निजामती कर्मचारी अस्पताल	२०७३/७४	१	११३२५८५	३४५	८९३८०	४७७९३२	६१४३५	१०९६५	५५०३३२	३५५७६७	५०५०३	११४५४९	६१४३४	५८२२५३	-३१९२१	५७४५९
	सूचना तथा सञ्चार मन्त्रालय	०	**१**	**२८४२६५७**	**१०४०३६**	**२७९५४८**	**२५२४०२**	**६९८२००**	**११९०३३**	**१०६९६३५**	**०**	**४३५४३१**	**५२७८६९**	**३०८२९**	**९९४१२९**	**७५५०६**	**३५५०५४**
	रेडियो प्रसार सेवा विकास समिति	२०७१/७२	१	८७५६१८	७४५२३	५९००१	६७३६५	२१५२००	४३२८५	३२५८५०		१०३९८०	१७६३७४	१०८७६	२९१२३०	३४६२०	९३६२१
	रेडियो प्रसार सेवा विकास समिति	२०७२/७३	१	९०१९९१	९८०२	९०८१३	९१३८१	२२०५००	२७८७१	३३९७५२	०	१७७४५९	१११०८३	१०९७२	२९९५१४	४०२३८	१३१०५१
	रेडियो प्रसार सेवा विकास समिति	२०७३/७४	१	१०६५०४८	१९७१९	१२९७३४	९३६५६	२६२५००	४७८७७	४०४०३३	०	१५३९९२	२४०४१२	८९८१	४०३३८५	६४८	१३०३८२
	शिक्षा मन्त्रालय	०	**४**	**१०३२३२२**	**२२३७१२**	**११२७६६**	**५८०**	**५८५३३३**	**७२३४**	**५९३१४७**	**७७६७१**	**७००**	**१११९९०**	**२४८८१४**	**४३९१७५**	**१५३९७२**	**२६६७३८**
	खुला विश्वविद्यालय पुर्वाधार निर्माण विकास समिति	२०७३/७४	१	१८०१	०	२८८६	०	०	०	०	०	०	०	१८०१	१८०१	-१८०१	१०८५
	खुला विश्वविद्यालय ललितपुर	२०७३/७४	१	११५७०	०	०	०	१००००	०	१००००	०	०	०	१५७०	१५७०	८४३०	८४३०
	विद्यार्थी वित्तीय सहयोग कोष विकास समिति	२०७३/७४	१	१५३००४	०	०	०	७५३३३	०	७५३३३	७७६७१	०	०	०	७७६७१	-२३३८	-२३३८
	मेडिकल कलेज प्रवर्धन समिति	२०७३/७४	१	८६५९४७	२२३७१२	१०९८८०	५८०	५०००००	७२३४	५०७८१४	०	७००	१११९९०	२४५४४३	३५८१३३	१४९६८१	२५९५६१
	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	०	५५	**६७६९८४**	**५०६६१**	**२८९५४१**	**७३०**	**१७४४२६**	**१७२६७४**	**३४७८३०**	**०**	**८३७२१**	**९८७३४**	**१४६६९९**	**३२९१५४**	**१८६७६**	**३०८२१७**
	स्थानीय विकास कोषको सचिवालय	२०७३/७४	५५	६७६९८४	५०६६१	२८९५४१	७३०	१७४४२६	१७२६७४	३४७८३०	०	८३७२१	९८७३४	१४६६९९	३२९१५४	१८६७६	३०८२१७
	स्वास्थ्य मन्त्रालय	०	**११४**	**१८८६७९६९**	**१३०२९१६७**	**११६५९९७**	**२८८९४८६**	**६४२०९९५**	**२६९४०६**	**९५७९८८७**	**०**	**६०८४३६६**	**२४२६९८६**	**७७६७३०**	**९२८८०८२**	**२९१८०५**	**१४५७८०२**
	राष्ट्रिय ट्रमा सेन्टर	०७२/७३	१	६५२२५५६	९४१५१	१८७३	१८६०२	३१५१३१	१४८१	३३५२१४	०	२६३८४८	५३१९४	०	**३१७०४२**	१८१७२	२००४५
	राष्ट्रिय ट्रमा सेन्टर	०७३/७४	१	१३७३४७३	३७४०१२	२४१४५	७३५४७	५७६३४४	२९२५४	६७९१४५		५५२९३०	१४१३९८	०	**६९४३२८**	-१५१८३	८९६२
	कान्ती बाल अस्पताल	०७३/७४	१	१०९९३८६	१९५५३	७०८२३	२७६८८४	२८५२३१	०	५६२११५	०	४१९५२९	१०९७४२	०	**५२९२७१**	३२८४४	१०३६६७
	परोपकार तथा स्त्री रोग अस्पताल	०७३/७४	१	१४४४०२०	३०९१८	३११३११	२२६६११	४७७९२७	४५३१०	७४९८४८	०	५८६७७	१९९९९४	४३५५०१	**६९४१७२**	५५६७६	३६६९८७
	शुक्रराज ट्रपिकल सरुवा रोग अस्पताल	०७३/७४	१	३५१९५२	२९८८८	२८६२९	४११४४	१३६३५६	३४३	१७७८४३	०	६१०३५	१११२४१०	६६४	**१७४१०९**	३७३४	३२३६३
	आर्युवेद चिकित्सालय नरदेवी	२०७३/७४	१	१६१४२९	३३५३	२८९४	४६४३	७४३५४	१४८०	८०४७७	०	७७६५	४२७३६	३०४५१	**८०९५२**	-४७५	२४१९
	सिहदरबार वैद्यखाना विकास समिति	२०७३/७४	१	१०५६६२	१०६२	१२१६८८	२४८३९	१३७३२	१०९००	४९४७१	०	३१६२२	२२०३८	२५३१	**५६१९१**	-६७२०	११४९६८
	मानव अंग प्रत्यारोपण केन्द्र	०७३/७४	१	८७८६२९	१६५७६१	२१०१३	१४६३२८	२८५८८६	११४८	४३३३६२		१५०९३२	७८८१२	२१७५२३	**४४५२६७**	-११९०५	९१०८
	मानसिक अस्पत्ताल लगनखेल	२०७३/७४	१	२०६४३७	१२००२	३६२६०	६५३०३	३७४४२	३२२	१०३०६७	०	७७१९९	२५६६७	५०४	**१०३३७०**	-३०३	३५९५७
	सामाजिक स्वस्थ्य सुरक्षा विकास समिति	२०७३/७४	१	६१५५३	१२४४७	२०९०	६१३९१	०	०	६१३९१	०	०	०	१६२	**१६२**	६१२२९	६३३१९
	जिपि कोइराला राष्ट्रिय स्वास प्रश्वास उपचार केन्द्र	२०७३/७४	१	५७४३६	६३८७	८४१	३७५१	२६०५३	०	२९८०४	०	१५७९	२६०५३	०	**२७६३२**	२१७२	३०१३
	राष्ट्रिय आर्युवेद अनुसन्धान तथा तालिम केन्द्र	२०७३/७४	१	१४१६	१२७७	२५२	९९५	०	०	९९५	०	४२१	०	०	**४२१**	५७४	८२६
	कीटजन्य रोग अनुसन्धान तथा तालिम केन्द्र	२०७३/७४	१	३६५७७	६८४	८१५	४९५	१७८५६	०	१८३५१	०	१८५९	१६३६७	०	**१८२२६**	१२५	९४०
	क्षेत्रीय र उपक्षेत्रीय अस्पत्तालहरु	२०७३/७४	६	४२६९८५९	३१२०८५	२६२२१९	७७५१३९	१३८०९०५	२४९१४	२१८०९५८	०	१५३६१४५	५२३०९३	२९६६३	**२०८८९०१**	९२०५७	३५४२७६
	अन्चल अस्पत्तालहरु	२०७३/७४	१०	४३८९४०६	१३१३६५	१५०८८१	६७४१३६	१५०८९६२	२९४६२	२२१२५६०	०	१६७२८०२	४८६९९९	१७७४५	**२१७६८४६**	३५७१४	१८६५९५
	अन्य अस्पत्तालहरु	२०७३/७४	५०	३३१९७६२	११९१९८	७३१४५	३६२४२७	१२८२०८१	२७७६९	१६७२२७७	०	१०४०५९१	५७०१३८	३६७५६	**१६४७४८५**	२४७९२	९७९३७
	अस्पत्ताल विकास समितिहरु	२०७३/७४	३५	४६६७१६	१४९२४	५७१९८	१३३२५१	२७३५	९७०२३	२३३००९	०	२०७४३२	२०३४५	५९३०	**२३३७०७**	-६९८	५६४२०
३	**अन्य संस्था**		**४२**	**४५१९४६६२**	**५४८२०५**	**१८७०५५०२**	**१३४०७१**	**२८४२१०२२**	**४४३८७४५**	**३२९९३८३८**	**५८३५३**	**६९०८९१**	**४८०६८**	**१२२८६२७३**	**१३१४०५६९**	**१९८५३२६९**	**३८५१०९७४**
	व्यवस्थापिका-संसद सचिवालय		**१**	**२६२०१**	**०**	**४८३३**	**०**	**२५०५४**	**०**	**२५०५४**	**०**	**०**	**०**	**११४७**	**११४७**	**२३९०७**	**२८७४०**
	संसद विकास कोष	२०७३/७४	१	०	०	४८३३	०	०	०	०	०	०	०	०	०	०	४८३३
	शान्ति कोष	२०७३.७४	१	२६२०१	०	०	०	२५०५४	०	२५०५४	०	०	०	११४७	११४७	२३९०७	२३९०७
	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय		६	**१८४२२६०६**	**०**	**१२२३८४१४**	**०**	**१८२८७०९७**	**१३५५०९**	**१८४२२६०६**	**०**	**०**	**०**	**०**	**०**	**१८४२२६०६**	**३०६६१०२०**
	प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष	२०७३.७४	१	७१८४१		२१०१४७९			७१८४१	७१८४१					०	७१८४१	२१७३३२०
	प्रधानमन्त्री सहायता कोष	२०७३.७४	१	०		२०६८				०					०	०	२०६८
	शान्ति कोष सचिवालय र ए. डि.वि.	२०७३.७४	१	०		२०६९				०					०	०	२०६९
	क्षेत्रिय दैवी प्रकोप उद्धार समिति	२०७३.७४	१	०		५७९३				०					०	०	५७९३

क. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	बर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च		
	पुनर्निर्माण कोष	२०७३.७४	१	१८२८७०९७		१००००००		१८२८७०९७		१८२८७०९७					०	१८२८७०९७	२८२८७०९७
	धरहरा पुनर्निर्माण कोष	२०७३.७४	१	६३६६८		१९५०१			६३६६८	६३६६८					०	६३६६८	८३१६९
	प्रधानमन्त्री राहत कोष	२०७३.७४	१	०		१०७५०४				०					०	०	१०७५०४
	उद्योग मन्त्रालय		८	**५१४६४४**	**०**	**२०९२८७**	**०**	**०**	**२६७५८३**	**२६७५८३**	**०**	**०**	**०**	**२४७०६१**	**२४७०६१**	**२०५२२**	**२२९८०९**
	हस्तकला प्रबर्द्धन केन्द्र	२०७३/७४	१	१३०५५	०	५६१३			७१५७	७१५७				५८९८	५८९८	१२५९	६८७२
	केन्द्रीय कारागार कोष	२०७३/७४	१	१०२९९	०	१५६६४			४५२६	४५२६				५७७३	५७७३	-१२४७	१४४१७
	घरेलु विभाग अन्य कोष	२०७३/७४	१	३७८००३	०	१३७८१३			१९८०३३	१९८०३३				१७९९७०	१७९९७०	१८०६३	१५५८७६
	प्रविधि विकास कोष	२०७३/७४	१	०	०	१००००			०	०				०	०	०	१००००
	घरेलु समिति प्रधान कार्यालय घर जग्गा सापटी कोष	२०७३/७४	१	१७४४०	०	१९४८			८५७७	८५७७				८८६३	८८६३	-२८६	१६६२
	घरेलु समिति प्रधान कार्यालय ऋण लगानी कोष	२०७३/७४	१	१७९५	०	१७२२०			९११	९११				८८४	८८४	२७	१७२४७
	घरेलु समिति प्रधान कार्यालय घुम्ती कोष	२०७३/७४	१	८९१८४	०	१६१६१			४८३७९	४८३७९				४०८०५	४०८०५	७५७४	२३७३५
	भू बहाल कर तथा शिक्षा र तालिम	२०७३/७४	१	४८६८	०	४८६८			०	०				४८६८	४८६८	-४८६८	०
	कृषि विकास मन्त्रालय		**१**	**२३०**	**०**	**७३**	**०**	**०**	**१५७**	**१५७**	**४४**	**०**	**०**	**१५७**	**२०१**	**-४४**	**२९**
	उष्ण प्रदेशिय बागवानी केन्द्र	२०७३/७४	१	२३०	०	७३	०	०	१५७	१५७	४४			१५७	२०१	-४४	२९
	कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय		**२**	**४३६८१**	**११७९**	**२५४९३**	**०**	**२४०००**	**५४६**	**२४५४६**	**०**	**४०००**	**०**	**१५१३५**	**१९१३५**	**५४११**	**३०९०४**
	केन्द्रीय कानून पुस्तकालय विकास समिति	२०७३.७४	१	८०४५		५७२	०	४०००	४१	४०४१		४०००		४	४००४	३७	६०९
	केन्द्रीय कानूनी सहायता समिति	२०७३.७४	१	३५५४८	११७९	२२१५०		२००००	४१७	२०४१७				१५१३१	१५१३१	५२८६	२७४३६
	मानव अधिकार पुरस्कार व्यवस्थापन समिति	२०७३.७४		८८		२७७१			८८	८८					०	८८	२८५९
	पशुपंछी विकास मन्त्रालय			६४३८१	०	५४१७६	०	०	१०२०५	१०२०५	०	०	०	१२३७	१२३७	८९६८	६३१४४
	पशु विकास फर्म पोखरा कार्य सञ्चालन कोष	२०७३/७४	१	६४३८१	०	५४१७६	०	०	१०२०५	१०२०५	०	०	०	१२३७	१२३७	८९६८	६३१४४
	गृह मन्त्रालय		२	**१७७७०२७०**	**८५५०७**	**३७७६०१७**	**०**	**९२५४४६३**	**३२६६४३**	**९५८११०६**	**०**	**०**	**०**	**८१८९१६४**	**८१८९१६४**	**१३९१९४२**	**५१६७९५९**
	केन्द्रीय दैवी प्रकोप उद्धार समिति	२०७३/७४	१	१७२०४६९५	६५०	३५२५६२९		९२५३९१३	३८४९६	९२९१६०९	०	०	०	७९१३०८६	७९१३०८६	१३७८५२३	४९०४१५२
	केन्द्रीय हज समिति	२०७३/७४	१	५६५५७५	८४८५७	२५०३८८	०	१३५०	२८८१४७	२८९४९७	०	०	०	२७६०७८	२७६०७८	१३४१९	२६३८०७
	महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय	४१४७.४८	२	**२९६३९**	**३२३३**	**२४३९६**	**०**	**०**	**१५४१२**	**१५४१२**	**०**	**८७३४**	**२२६०**	**३२३३**	**१४२२७**	**११८५**	**२५५८१**
	वृद्ध कल्याण कोष	२०७३.७४	१	२९३९	०	१५१०३			२३९३	२३९३		१०२	४४४		५४६	१८४७	१६९५०
	अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री व्यवस्थापन वि.स	२०७३.७४	१	२६७००	३२३३	९२९३	०	०	१३०१९	१३०१९		८६३२	१८१६	३२३३	१३६८१	-६६२	८६३१
	रक्षा मन्त्रालय		३	**१२१२९२**	**०**	**९५२८**	**५८७३१**	**०**	**५५७७**	**६४३०८**						**५६९८४**	**७३२४**	**१६८५२**
	स्वयम्भु बारुदखाना	२०७३/७४	१	५३८०	०	७५२३	४६९४	०	०	४६९४	६८६	०	०	०	६८६	४००८	११५३१
	वीरेन्द्र अस्पताल, छाउनी (मेन्टिनेन्स फण्ड)	२०७३/७४	१	०	०	५७२	०	०	०	०	०	०	०	०	०	०	५७२
	बसुन्धरा क्यान्टिन	२०७३/७४	१	११५९१२	०	१४३३	५४०३७	०	५५७७	५९६१४	४७९५२	२८५०	०	५४९६	५६२९८	३३१६	४७४९
	वन तथा भू-संरक्षण मन्त्रालय		२	**१०३२२३२**	**३६२९७**	**३६४७८०**	**०**	**१२३३१८**	**५४४१३४**	**६६७४५२**	**३६२९७**	**५८४४५**	**१६६१०**	**५५४३४३**	**६६५६९५**	**१७५७**	**३१८७४०**
	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	२०७३/७४	१	१३७२७९	३६२९७	१३७५७	०	१२३३१८	२०४	१२३२५२२	३६२९७	५८४४५	१६६१०	०	१११३५२	१२१७०	१३७५७
	कार्य सञ्चालन कोष	२०७३/७४	१	८९४९५३	०	३५१०२३	०	०	५४३९३०	५४३९३०	०	०	०	५५४३४३	५५४३४३	-१०४१३	३०४९८३
	जनसंख्या वातावरण मन्त्रालय	२०७३.७४	१	**४४२**	**०**	**३११५५**	**०**	**०**	**४४२**	**४४२**	**०**	**०**	**०**	**०**	**०**	**४४२**	**३१५९७**
	वातावरण संरक्षण कोष	२०७३.७४	१	४४२	०	३११५५	०	०	४४२	४४२					०	४४२	३१५९७
	शिक्षा मन्त्रालय		**३**	**१४६९३५६**	**४१९३०५**	**४६७४३**	**०**	**६४५१०२**	**९७७३१**	**७४२८३३**	**१२७१२**	**५६८७६०**	**१२४६१**	**१३२५९०**	**७२६५२३**	**१६३१०**	**६३०५३**
	यूनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग	२०७३/७४	१	५७४६६	३४४९	२०६१	०	१३१९४	१८६३७	३१८३३१	१२७१२	०	०	१२९२३	२५६३५	६१९६	८२५७
	सीप विकास परियोजना	२०७३/७४	१	११७३८१६	४१३९७६	०	०	५८६९०८	०	५८६९०८		५४०८२७		४६०८१	५८६९०८	०	०
	मनमोहन स्मिृती पोलीटेक्निक	२०७३/७४	१	२३८०७४	१८८०	४४६८२	०	४५०००	७९०९४	१२४०९४	०	२७९३३	१२४६१	७३५८६	११३९८०	१०११४	५४७९६

क. सं	संस्थाको नाम	लेखापरीक्षण गर्नुपर्ने आर्थिक वर्ष	लेखापरीक्षण सम्पन्न आर्थिक वर्ष	लेखापरीक्षण रकम	बेरुजू रकम	लेखापरीक्षण भएको अन्तिम वर्षको संचालन नतिजा											यो वर्षको बचत	बर्षान्तको मौज्दात
						वर्षको शुरु मौज्दात	आय				व्यय							
							बिक्री/सेवा शुल्क	अनुदान	अन्य आय	जम्मा	प्रत्यक्ष खर्च	सञ्चालन खर्च	कर्मचारी खर्च	अन्य खर्च	जम्मा खर्च			
	मोरङ																	
	सूचना तथा सञ्चार मन्त्रालय		५	**५५०६१४८**	**०**	**१८६५४९९**	**५३०४३**	**०**	**३०३००९३**	**३०८३१३६**	**०**	**०**	**०**	**३१३१९२८**	**३१३१९२८**	**-४८७९२**	**१८१६७०७**
	केन्द्रीय धनादेश	२०७३/७४	१	१३६४३	०	३१६०२	०	०	६७९७	६७९७	०	०	०	६८४६	६८४६	-४९	३१५५३
	हुलाक बचत बैङ्क	२०७३/७४	१	५४९२५०५	०	१८३३८९७	५३०४३	०	३०२३२९६	३०७६३३९	०	०	०	३१२५०८२	३१२५०८२	-४८७४३	१७८५१५४
	सामान्य प्रशासन मन्त्रालय		१	**१२९७०८**	**२०३**	**४१०७**	**६७२२**	**५९७९३**	**०**	**६६५१५**	**६०००**	**४६७३३**	**७०६०**	**३४००**	**६३१९३**	**३३२२**	**७४२९**
	कर्मचारी प्रशिक्षण प्रतिष्ठान	२०७३/७४	१	१२९७०८	२०३	४१०७	६७२२	५९७९३	०	६६५१५	६०००	४६७३३	७०६०	३४००	६३१९३	३३२२	७४२९
	स्वास्थ्य मन्त्रालय		**१**	**४३९०**	**०**	**०**	**०**	**२१९५**	**०**	**२१९५**	**०**	**०**	**२१९५**	**०**	**२१९५**	**०**	**०**
	स्वस्थ्य कर कोष	०७३/७४	१	४३९०	०	०	०	२१९५	०	२१९५	०	०	२१९५	०	२१९५	०	०
	सहरी विकास		३	**५९४४२**	**२४८१**	**३९१५४**	**१५५७५**	**०**	**४७१३**	**२०२८८**	**३३००**	**४२१९**	**७४८२**	**६८७८**	**२१८७९**	**-१५९१**	**३७५६३**
	जग्गा विकास चक्रकोष अधिकार सम्पन्न वागमती	२०७३/७४	१	२७८०९	०	२७८०९				० ९९४					०	०	२७८०९
	सभ्यता एकिकृत विकास कोष	२०७३/७४	१	२४६२	०	१४६८			९९४			८०८	०	०	८०८	१८६	१६५४
	दक्षिणकाली क्षेत्र विकास प्रबन्ध समिति	२०७३/७४	१	२९१७१	२४८१	९८७७	१५५७५		३७१९	१९२९४	३३००	३४११	७४८२	६८७८	२१०७१	-१७७७	८१००
	राष्ट्रिय योजना आयोग		**१**	**०**	**०**	**११८४७**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**०**	**११८४७**
	नया नेपाल निर्माण कोष	२०७३.७४	१			११८४७				०					०	०	११८४७
	कुल जम्मा:–		**२६८**	**१३३२५२३६४**	**६१४२०१६**	**३५२१९३२४**	**७२४१२४४**	**५८१९९२४८**	**१३००७८२७**	**७८४४८३१९**	**३०७३६३७**	**२११४५४३१**	**५८९९७७४**	**२६१२२८८६**	**५६२९८७१२**	**२२१४९६०७**	**५७३२११३४**

अनुसूची – ८

(प्रतिवेदनको परिच्छेद २ दफा २.८ सँग सम्बन्धित)

सरकारी निकायको पेश्की बाँकी विवरण

(रु. हजारमा)

क.सं	मन्त्रालय/निकायको नाम	कर्मचारी पेश्की		अन्य पेश्की						जम्मा
		गतवर्षसम्म	यो वर्ष	गतवर्षसम्म			यो वर्ष			
				मोविलाइजेसन	प्रतितपत्र	अन्य	मोविलाइजेसन	प्रतितपत्र	अन्य	
१	राष्ट्रपतिको कार्यालय	०	०	१८१	०	०	१९००	०	०	२०८१
२	व्यवस्थापिका संसद सचिवालय	२८०९	५५७	०	०	०	०	०	०	३३६६
३	सर्वोच्च अदालत	३३७०१	४२९६	५९९२०	०	८१२०	४०८९७	०	०	१४६९३४
४	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	२०५	०	२५१८३	०	०	०	०	०	२५३८८
५	लोक सेवा आयोग	२८७	०	४५९०	०	०	१८५	०	०	५०६२
६	निर्वाचन आयोग	२३४८	२६२१	२३०५	०	५२६५	१०८९१	०	०	२३४३०
७	राष्ट्रिय मानवअधिकार आयोग	०	१३०	०	०		०	०	०	१३०
८	महान्यायाधिवक्ताको कार्यालय	०	५	४७५६१	०	०	४३३८	०	०	५१९०४
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	५३२०	५४८३	१८२८	१५६२	३५१२	५०	०	०	१७७५५
१०	अर्थ	६११	४६०	१५४०६८	०	१३०	२४५६८	२७०७५०	७२२३	४५७८१०
११	उद्योग	९८६	७२३	४६९९९	०	८१५७०	१०१५२	०	३९९८	१४४४२८
१२	उर्जा	३९०	०	१७५१११	०	१६१९४४	२५८०८	०	६४९२३५	१०१२४८८
१३	कृषि विकास	३६५४४	१५३१८	७८०९	०	१४३६०२	५३२९४७	२७५६६२	१३९३७५	११५१२५७
१४	गृह	१३६८५९५	४१८५४	१४९८१३	३७९७३४	४७६०६९	४१५४५०	४२१४०१	२८८९८५	३५४१९०१
१५	पररा्ष्ट्र	२६५४७	३८००४	०	१७७७९४	०	१०८६४	१३६१७०	१८५७८	४०७९५७
१६	पशुपंछी विकास	४४२४	१५०३१			३९५०९	१२०७२४	०	२५३७८	२०५०६६
१७	संस्कृति पर्यटन तथा नागरिक उडड्यन	१७६७	८७७६	३९८११		८८५	१३०७१९		४८६४	१८६८२२
१८	भूमिसुधार तथा व्यवस्था	१०४९९	२९२७	३७४९५	०	१२१४०१	२५९	०	४४९००	२१७४८१
१९	भौतिक पूर्वाधार तथा यातायात	३५३१६	२६१४	८१९०८७२	७३२४५७	४५६०६२९	१४७६१६४८	३०१७३०	१२५९१७६	२९८४४४४२
२०	महिला, बालबालिका तथा समाज कल्याण	७८३४	१५७७	२७२५७	०	७३७४७	१३२२५		२३६९	१२६००९
२१	युवा तथा खेलकुद	११४८५	६११	०	०	५२७२९	०	०	६०००	७०८२५
२२	रक्षा	२०२४४	१२५१८	०	१७३६२२९	१३८३३७९		४८०७९३४	१६९०६३३	९६५०९३७
२३	वन तथा भू–संरक्षण	४६९५२	२३१२५	०	०	१६१९३८	०	०	५१६३४	२८३६४९
२४	वाणिज्य	९०३	०	०	०	१२४	०	०	१७५४	२७८१

क.सं	मन्त्रालय/निकायको नाम	कर्मचारी पेश्की		अन्य पेश्की						जम्मा
		गतवर्षसम्म	यो वर्ष	गतवर्षसम्म			यो वर्ष			
				मोविलाइजेसन	प्रतितपत्र	अन्य	मोविलाइजेसन	प्रतितपत्र	अन्य	
२५	विज्ञान तथा प्रविधि	०	११४	०	०	०			७५४	८६८
२६	जनसंख्या तथा वातावरण	१७०	०	१३८००४	०	१००९९	६५७२८	२३५९४	०	२३७५९५
२७	शान्ति तथा पुनर्निर्माण	२६४०	०			२६१५६३	०	०	०	२६४२०३
२८	शिक्षा	१२७६७४	६९१२२			१२८०५६३	०	०	१७६१०९७	३२३८४५६
२९	श्रम तथा रोजगार	२८४९	३०७६	९८६	०	८०४०३	१०४००	०	१५८१९	११३५३३
३०	सामान्य प्रशासन	३५०	०	०	०	४६३	०	०	०	८१३
३१	सिचाई	१९९०३	३७८३	२५६८१०३		२५४९६९	१४०९२३०	०	४९४०४	४३०५३९२
३२	सूचना तथा सञ्चार	९५०	१५१०	१३४३७५	०	०	०	०	१७८	१३७०१३
३३	सहरी बिकास	१०३०७	४९४	९२२९७१	०	११९२२	३४२६२४३	०	१४२१५१	४५१४०८८
३४	खानेपानी तथा सरसफाई	१४२८०	२५३८	४६७०६९	०	२११०६३	२५५३१२७		५८०७३	३३०६१५०
३५	संघीय मामिला तथा स्थानीय विकास	२५००५९	७८७३२	१३०६८९३	४७९५०७	७५४४३८६	९६०७९२	२४२७००	५४४२४९१	१६३०५५६०
३६	स्वास्थ्य	२३०७८८	७४६८२	९००९८	२०१८०६	२९७२१५	४६२५७	७९९६२३	२७१३६७	२०११८३६
३७	सहकारी तथा गरिवी निवारण	१२२०	२२५	१५०५१		४०६२	२१६८			२२७२६
३८	राष्ट्रिय योजना आयोगको सचिवालय	३०९	८४४	०	०	९००	०	०	०	२०५३
	जम्मा	**२२७९२६६**	**४११७५०**	**१४६१४३५३**	**३७०९०८९**	**१७२३२१६१**	**२४५७८५७०**	**७२७९५६४**	**११९३५४३६**	**८२०४०१८९**

अनुसूची – ९
(प्रतिवेदनको परिच्छेद २ दफा २.७ सँग सम्बन्धित)

कुल असुली
आर्थिक वर्ष २०७३।७४

(रु.हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	विनियोजन, राजस्व र धरौटी				अन्य निकाय	कुल जम्मा
		ले. प. को दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	जम्मा		
१	व्यवस्थापिका संसद सचिवालय	२४	-	४१७	४४१		४४१
२	सर्वोच्च अदालत	२०४३	४४१	४२३	२९०७		२९०७
३	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	२५४४	-	२०५	२७४९		२७४९
४	लोक सेवा आयोग	७	-	-	७		७
५	निर्वाचन आयोग	५६०	२००७	२०२०	४५८७		४५८७
६	महान्यायाधिवक्ताको कार्यालय	३८८	-	-	३८८		३८८
७	न्याय परिषद्	३२१	-	९९	४२०		४२०
८	राष्ट्रिय मानवअधिकार आयोग	२३			२३		२३
९	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	११७		३४०	४५७		४५७
१०	अर्थ	२५०३०	३६१०	१२०७९६०५	१२१०८२४५	-	१२१०८२४५
११	उद्योग	३६३१	६५५	३७६६	८०५२	-	८०५२
१२	उर्जा	१४	६४२५८	११५	६४३८७		६४३८७
१३	कानून, न्याय तथा संसदीय मामिला	-	-	१६३	१६३		१६३
१४	कृषि विकास	३०६४	३१६१	२०६५८६	२१२८११	-	२१२८११
१५	गृह	५३९७६	६२८१६	१४९०४	१३१६९६		१३१६९६
१६	परराष्ट्र	८२५	२२२४	१७३९	४७८८		४७८८
१७	पशुपन्छि विकास	१९५७	७०८	१८४१	४५०६	-	४५०६
१८	संस्कृति पर्यटन तथा नागरिक उडड्यन	२२२	-	३३४	५५६	१३०५	१८६१
१९	भूमिसुधार तथा व्यवस्था	३२०१	३६८	९१२१	१२६९०	-	१२६९०
२०	भौतिक पूर्वाधार तथा यातायात	१७३४४	९४५६	१७१४९४	१९८२९४	-	१९८२९४

क्र.सं.	निकाय/मन्त्रालय	विनियोजन, राजस्व र धरौटी				अन्य निकाय	कुल जम्मा
		ले. प. को दौरानमा	प्रारम्भिक प्रतिवेदन पठाएपछि	सम्परीक्षणको क्रममा	जम्मा		
२१	महिला, बालबालिका तथा समाज कल्याण	७०७	८११	१००८०	११५९८	३९६	११९९४
२२	यूवा तथा खेलकुद	८९	५०९	३११९	३७१७	-	३७१७
२३	रक्षा	३९६	२०३८५	१०७६३३	१२८४१४	३६१०	१३२०२४
२४	वन तथा भू–संरक्षण	१५५६७	१५३८६	१८२०६	४९१५९	-	४९१५९
२५	वाणिज्य	३५	-	६९	१०४	-	१०४
२६	आपूर्ति	२१	२८२	१३५८१	१३८८४		१३८८४
२७	विज्ञान तथा प्रविधि	-	७२	-	७२		७२
२८	जनसंख्या तथा बातावरण	२३९५	१०८	१०९९७८	११२४८१		११२४८१
२९	शान्ति तथा पुननिर्माण	८३५	१३९	०	९७४	-	९७४
३०	शिक्षा	३८९९४	१५४०८	९६९५४	१५१३५६	११३७	१५२४९३
३१	श्रम तथा रोजगार	२००	२७	१४	२४१	-	२४१
३२	सामान्य प्रशासन	२५९७		१८७१	४४६८		४४६८
३३	सिचाई	४९४६	३१८३	७०९१	१५२२०		१५२२०
३४	सूचना तथा सञ्चार	५०९	१६	५३०७३८	५३१२६३	-	५३१२६३
३५	सहरी विकास	१०९४८	६९३	१४३६०	२६००१		२६००१
३६	खानेपानी तथा सरसफाइ	१३७२	१६५७०	२९५३	२०८९५		२०८९५
३७	संघीय मामिला तथा स्थानीय विकास	५६२४९	१६८४७	९४४७६	१६७५७२	२१३	१६७७८५
३८	स्वास्थ्य	३२१३०	१२०६६	४३५८२	८७७७८	-	८७७७८
३९	सहकारी तथा गरिवी निवारण	९५	१३	१२८	२३६		२३६
४०	राष्ट्रिय योजना आयोगको सचिवालय	६३	०	८०७	८७०		८७०
	जम्मा	**२८३४३९**	**२५२२१९**	**१३५४८८१२**	**१४०८४४७०**	**६६६१**	**१४०९११३१**

अनुसूची – १०
(प्रतिवेदनको परिच्छेद २ दफा ६ सँग सम्बन्धित)

असुल हुन बाँकी राजस्व (बक्यौता)
आर्थिक वर्ष २०७३/७४

(रु. हजारमा)

क्र.सं.	निकाय/मन्त्रालय	गत वर्ष सम्मको	यस वर्ष सम्मको	गत वर्षको तुलनामा वृद्धि	वृद्धि प्रतिशत
१	सर्वोच्च अदालत	११३६५४१८	१४६३१९१२	३२६६४९४	२८.७४
२	अर्थ	१२०३६९९०१	१४४६३८९४८	२४२६९०४७	२०.१६
३	कृषि विकास	६४४	६४४	-	-
४	गृह	३२२०	३२२०	-	-
५	सिंचाई	४३१२	४३१२	०	०.००
६	उर्जा	९१५२५	१५८४४१६	१४९२८९१	१६३१.१३
७	भूमिसुधार तथा व्यवस्था	२६४७६	२६४७६	-	-
८	वन	३२०३२२	२७१५८७	-४८७३५	-१५.२१
	जम्मा	**१३२१८१८१८**	**१६११६१५१५**	**२८९७९६९७**	**२१.९२**

अनुसूची – ११
(प्रतिवेदनको परिच्छेद २ दफा ९ सँग सम्बन्धित)

बजेटमा समावेश नभएको वैदेशिक सहायताको विवरण
आर्थिक वर्ष २०७३।७४

(रु. हजारमा)

क्र. सं.	निकाय/मन्त्रालय	प्राविधिक सहायता विवरण अनुसार		विविध सहायता		कूल सहायता	
		सम्झौता संख्या	वार्षिक प्राप्त हुनुपर्ने	सम्झौता संख्या	सम्झौता रकम	सम्झौता संख्या	वार्षिक प्राप्त हुनुपर्ने
१	सर्वोच्च अदालत	२	१४३,२१३			२	१४३,२१३
२	निर्वाचन आयोग	२	५२८,३०२			२	५२८,३०२
३	राष्ट्रिय मानव अधिकार आयोग	१	२३,८२०			१	२३,८२०
४	अर्थ मन्त्रालय	१०	३,३३२,१४४			१०	३,३३२,१४४
५	उद्योग मन्त्रालय	३	१,५२६,२७९			३	१,५२६,२७९
६	उर्जा मन्त्रालय	५	२१९,०७४			५	२१९,०७४
७	कृषि विकास मन्त्रालय	९	६५०,६०३			९	६५०,६०३
८	गृह मन्त्रालय	६	७३१,३९५			६	७३१,३९५
९	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१	५५,०५०			१	५५,०५०
१०	वन तथा भू-संरक्षण मन्त्रालय	७	३९१,७४१			७	३९१,७४१
११	विज्ञान तथा प्रविधि मन्त्रालय	७	५२२,०५७			७	५२२,०५७
१२	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	३	२७२,२७४			३	२७२,२७४
१३	महिला, बालबालिकातथा समाजकल्याण मन्त्रालय	९	१५३,५४०			९	१५३,५४०
१४	युवा तथा खेलकुद मन्त्रालय	२	१२,८९७			२	१२,८९७
१५	सहरी विकास मन्त्रालय	४	२७६,३३१			४	२७६,३३१
१६	शान्ति तथा पुनर्निर्माण मन्त्रालय	२	२३७,२०९			२	२३७,२०९
१७	शिक्षा मन्त्रालय	१७	२,५७२,७१५			१७	२,५७२,७१५
१८	सुचना तथा संचार मन्त्रालय	१	२४,५२३	१	८१,५३३	२	१०६,०५६
१९	संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय	२५	१०,१७२,९२३			२५	१०,१७२,९२३
२०	स्वास्थ्य मन्त्रालय	९	३,०८६,३३३			९	३,०८६,३३३
२१	श्रम तथा रोजगार मन्त्रालय	५	२२८,६९८			५	२२८,६९८
२२	राष्ट्रिय योजना आयोग	३	३९२,८३६			३	३९२,८३६
	जम्मा:	**१३३**	**२५,५५३,९५७**	**१**	**८१,५३३**	**१३४**	**२५,६३५,४९०**

अनुसूची – १२
(प्रतिवेदनको परिच्छेद २ दफा ७ सँग सम्बन्धित)

अग्रिम कर कट्टी नगरेको समष्टिगत स्थिति

(रु. हजारमा)

क्र. सं.	मन्त्रालय/निकायको नाम	असुल गर्नुपर्ने		असुली		असुल गर्न बाँकी रकम
		कार्यालय संख्या	रकम	कार्यालय संख्या	रकम	
१	व्यवस्थापिका संसद सचिवालय	१	१२			१२
२	सर्वोच्च अदालत	१०	२३३			२३३
३	निर्वाचन आयोग	१	६१			६१
४	राष्ट्रिय मानव अधिकार आयोगको सचिवालय	१	५			५
५	महान्यायाधिवक्ताको कार्यालय	२	१८७			१८७
६	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	३२४४			३२४४
७	अर्थ	३	१९५०	०	०	१९५०
८	उद्योग	१२	३८९	०	०	३८९
९	उर्जा	१	३३			३३
१०	कृषि विकास	५१	१११९१	७	१६४	११०२७
११	गृह	२८	१७५७	५	७६६	९९१
१२	परराष्ट्र	३८	२०२१४	०	०	२०२१४
१३	पशुपन्छि विकास	३४	५९९२	२	३३	५९५९
१४	संस्कृति,पर्यटन तथा नागरिक उडड्यन	१०	३१७२	०	०	३१७२
१५	भौतिक पुर्वाधार तथा यातायात	२	३८५६५	०	०	३८५६५
१६	महिला वालबालिका तथा समाजकल्याण	१३	१०८	१	१७	९१
१७	वन तथा भू–संरक्षण	४९	३४३१	१	९	३४२२
१८	वाणिज्य	१	२४	०	०	२४
१९	जनसंख्या तथा बातावरण	३	८४६			८४६
२०	शान्ति तथा पुननिर्माण	२	१७९	१	११४	६५
२१	शिक्षा	५३	४६४२	९	१३२	४५१०
२२	श्रम तथा रोजगार	५	६३	०	०	६३
२३	सहकारी तथा गरिवी निवारण	४	४०	१	३	३७
२४	सिचाई	१७	९२१	३	७६	८४५
२५	सूचना तथा सञ्चार	२	२०००	०	०	२०००
२६	संघिय मामिला तथा स्थानीय विकास	७६	२९४९५	६	४१०	२९०८५
२७	स्वास्थ्य	८८	१४१४५	०	०	१४१४५
२८	सहरी विकास	१०	६४२	०	०	६४२
२९	खानेपानी तथा सरसफाई	१४	२८७३	४	२४५१	४२२
	जम्मा	**५३३**	**१४६४१४**	**४०**	**४१७५**	**१४२२३९**
३०	संगठित संस्था	९४	१४४७५	०	०	१४४७५
३१	समिति तथा अन्य	९५	२११५८	१०	३११	२०८४७
	जम्मा	**१८९**	**३५६३३**	**१०**	**३११**	**३५३२२**
	कुल जम्मा	**७२२**	**१८२०४७**	**५०**	**४४८६**	**१७७५६१**

अनुसूची – १३

(प्रतिवेदनको परिच्छेद १ दफा १३ सँग सम्बन्धित)

राजस्वको शिर्षकगत आम्दानीको विवरण

आर्थिक वर्ष २०७३।७४

रु हजारमा

संकेत संख्या	शीर्षक/उप–शीर्षक	अनुमान	यथार्थ असुली
११०००	कर	**५४६८९५५८०**	**५५३८०१६०८**
१११००	आय, मुनाफातथापूंजीगतलाभमालाग्नेकर	**१२५७२६३९४**	**१४४८४३१२२**
१११११०	एकलौटीफर्मतथाव्यक्तिगतआयमालाग्नेकर	३१९६३०२४	३४८५३८४५
१११११	एकलौटीफर्मतथाव्यक्तिगतआयमालाग्नेकर	१२६२७१५५	१२८९६५२२
१११११२	पारिश्रमिककर	१५७०३३०१	१४७५८७७०
१११११३	पूंजीगतलाभकर	३६३२५६८	७१९८५५३
१११२०	निकायकोआयमालाग्नेकर	७६००६८६०	९२६४६५५८
१११२१	निकायकोमुनाफामालाग्नेकर-सरकारीसंस्थान	६८२०९२३	७४०५३७०
१११२२	निकायकोमुनाफामालाग्नेकर-पब्लिकलि. कम्पनी	३०८१३४६८	३३५१३२५६
१११२३	निकायकोमुनाफामालाग्नेकर- प्राइभेटलिमिटेडकम्पनी	३२०४६७६६	३२३४१३७६
१११२४	निकायकोमुनाफामालाग्नेकर-अन्यसंस्था	६२८३१३७	५६०९१९२
१११२५	पूंजीगतलाभकर - निकाय	४२५६६	१३७७७३६४
१११३०	लगानीकोआयतथाअन्यआयमालाग्नेकर	१७७५६५१०	१७३४२७१९
१११३१	सम्पत्तिबहालतथापट्टावापतकोआयमालाग्नेकर	३८१३८०३	४११०९०७
१११३२	ब्याजमालाग्नेकर	९९२५३०७	८५९५८३१
१११३३	लाभांशमालाग्नेकर	३११५७०६	३७३१६२२
१११३४	लगानीसम्बन्धीअन्यआयमालाग्नेकर	२००११	५३२८९
१११३५	आकस्मिकलाभकर	११६४५५	१२३१७०
१११३६	अन्यआयमालाग्नेकर	७६५२२८	७२७८९९
११२००	पारिश्रमिकमाआधारितकर	**४०७०७९७**	**४१३७८४२**
११२१०	पारिश्रमिकमाआधारितसामाजिकसुरक्षाकर	४०७०७९७	४१३७८४२
११२११	पारिश्रमिकमाआधारितसामाजिकसुरक्षाकर	४०७०७९७	४१३७८४२
११३००	सम्पत्तिकर	**१४७२६९९१**	**१८२९४००७**
११३१०	अचलसम्पत्तिमालाग्नेकर	४०४६८	१३५७९९
११३११	वार्षिकसम्पत्तिकर	४०४६८	१३५७९९
११३४०	वित्तीयरपूंजीगतकारोबारमालाग्नेकर	१४६८६५२३	१८१५८२०८
११३४१	घरजग्गारजिष्ट्रेशनमालाग्नेकर	१४६८६५२३	१८१५८२०८
११४००	वस्तुतथासेवामाआधारितकर	**२९५१४२३८४**	**२७९०६९५८२**
११४१०	मूल्यअभिवृद्धिकर (मू .अ .क.)	१७५४३२७०८	१६०१८०२४८
११४११	मू. अ. क. -उत्पादन	२०५५९६५२	२११४५९९५
११४१२	मू. अ. क. -आयात	१११६२८२९१	९९०४६७३०
११४१३	मू. अ. क. -बस्तुबिक्रीरवितरण	१५५०६६७५	१५०४५३२०
११४१४	मू. अ. क. -परामर्शतथाठेक्का	१११२६८६९	१०१८७५३०
११४१५	मू. अ. क. -पर्यटनसेवा	२४६४३६३	१८७८८१७
११४१६	मू. अ. क. -संचारसेवा, विमा, हवाईउडानरअन्यसेवा	११२००१५१	१०२५४९३३
११४१७	मू. अ. क. -बेदर्तावालालेसंकलनगर्ने	२९४६७०७	२६२०९२४
११४२०	अन्तः शुल्क	८९०१९०८४	८६१९२१७३
११४२१	सुर्तिजन्यपदार्थ	१२७०७३४१	१०९९०००४
११४२२	मदिरा	१८३४७१५१	१८७१९६७७

११४२३	बियर	११६१३१७४	१११९५३२२
११४२४	अन्यऔद्योगिकउत्पादन	६४५८५१५	६३३७६१९
११४२५	अन्तः शुल्कआयात	३९८९२९०३	३८९४९५५२
११४४०	विशेषसेवामालाग्नेकर	१८०४०८६	१६११९२३
११४४१	वैदेशिकरोजगारसेवाकर	१८५३	६९१
११४४२	स्वास्थसेवाकर	१००३८५८	८६४२२१
११४४३	शिक्षासेवाशुल्क- शैक्षिकसंस्था	५२६९२८	४३२०२६
११४४४	शिक्षासेवाशुल्क- वैदेशिकअध्ययन	२७१४४७	३१४९८५
११४५०	पुर्वाधारसेवाकोउपयोगतथासवारीसाधनमालाग्नेकर	२८८८६५०६	३१०८५२३८
११४५१	सवारीसाधनकर	७८८६७७७	८८०४०५२
११४५२	पुर्वाधारसेवाकोउपयोगमालाग्नेकर	१११२२५६	१४०३१५०
११४५३	सडकमर्मततथासुधारदस्तुर	१६७१७५३	३१७६२२०
११४५४	सडकनिर्माणतथासंभारदस्तुर	३४९३१०८	८४८४८४५
११४५५	पूर्वाधारकर	१४७२२६१२	९२१६९७०
११५००	वैदेशिकव्यापारमाआधारितकर	**१०३७६१२४९**	**१०२४९५२०९**
११५१०	आयातमालाग्नेभंसारमहसुल	९७८९४६४५	९७८४२९८३
११५११	भंसारमहसुल - आयात	९७८९२७५६	९७८४१७४४
११५१२	भारतीयअन्तशुल्कफिर्ता	६३०	७१३
११५१३	आयातमालाग्नेस्थानीयविकासशुल्क	१२५९	५२७
११५२०	भंसारमहसुल -निर्यात	१०५४२६२	१२२६९६
११५२१	भंसारमहसुल -निर्यात	१०४५४९४	११८९४१
११५२२	निर्यातसेवाशुल्क	८७६८	३७५६
११५६०	वैदेशिकव्यापारमाआधारितअन्यकर	४८१२३४२	४५२९५२९
११५६१	कृषिसुधारशुल्क	४१६२५९८	४११८४८३
११५६२	भंसारसम्बन्धीअन्यआय	६४९७४४	४११०४६
११६००	अन्यकर	**३४६७७६५**	**४९६१८४८**
११६१०	व्यवसायलेभुक्तानीगर्ने	१७८५७८८	१५९८४६९
११६११	कम्पनीरजिष्ट्रेशनदस्तुर	१७१७८१७	१५३५८९६
११६१२	एजेन्सीरजिष्ट्रेशनदस्तुर	६७९७१	६२५७४
११६२०	व्यवसायबाहेकअन्यलेभुक्तानीगर्ने	१६८१९७७	३३६३३७८
११६२१	सवारीचालकअनुमतिपत्रकोइजाजतपत्रदस्तूर,सवारीकोदर्ताकिताब(ब्लूबुक) दस्तूर	१६६८३८३	३३५७५७७
११६२२	हातहतियारकोइजाजतपत्रदस्तूर	१३५९४	५८०१
१४०००	अन्यराजस्व	**५५४०८०७०**	**५५३१२४४३**
१४१००	सम्पत्तिबाटप्राप्तआय	२४९१६०१७	२७२०३५७८
१४११०	व्याज	१३५८४४४	२२०७७०२
१४१११	वित्तीयनिकायबाटप्राप्तब्याज	२५३४८१	१७००३१
१४११२	व्यापारिकनिकायबाटप्राप्तब्याज	२०३४	९०८
१४११३	औद्योगिकनिकायबाटप्राप्तब्याज	९४०	१२७८
१४११४	सेवामुलकनिकायबाटप्राप्तब्याज	१०७७२२०	२०२८४६८
१४११५	अन्यनिकायबाटप्राप्तब्याज	२४७६९	७०१६
१४१२०	लाभांश	१५१५२५४८	१५१५८८००
१४१२१	वित्तीयनिकायबाटप्राप्तलाभांश	७७६९४७५	७९७४४१४
१४१२२	व्यापारिकनिकायबाटप्राप्तलाभांश	१३५२	१४६२४५
१४१२३	औद्योगिकनिकायबाटप्राप्तलाभांश	३४४७६	३०७७८
१४१२४	सेवामुलकनिकायबाटप्राप्तलाभांश	७३४०६२९	७००७३५२
१४१२५	अन्यनिकायबाटप्राप्तलाभांश	६६१६	१०
१४१५०	भाडाररोयल्टी	८४०५०२५	९८३७०७६

१४१५१	सरकारीसम्पत्तीकोवहालबाटप्राप्तआय	४२३९८१	६२८८३०
१४१५२	क्यासिनोबाटप्राप्तरोयल्टी	१७१५८४	२२०६३६
१४१५३	खानीरोयल्टी	७९३७६	४१३५६५
१४१५४	जलस्रोतक्षेत्रकोआयतथारोयल्टी	११७७२३९	१९१०७२८
१४१५५	वनतथावनपैदावारबिक्रीवापतप्राप्तआयतथावनरोयल्टी	१४४३११८	१५६७११८
१४१५६	अन्यरोयल्टी	५१०९७२७	५०९६१९८
१४२००	**वस्तुतथासेवाविक्रिबाटप्राप्तरकम**	**१५०५७८०६**	**१४६५३०८८**
१४२१०	**वस्तुतथाविक्रिबाटप्राप्तरकम**	८४५५७१९	८५७२१९३
१४२११	कृषिउत्पादनकोविक्रीबाटप्राप्तरकम	१४७८३२	१५०६६८
१४२१२	सरकारीसम्पत्तीकोविक्रीबाटप्राप्तरकम	२०२९८८	२८३६६३
१४२१३	अन्यविक्रीबाटप्राप्तरकम	१२७०८६	१४३३९१
१४२१४	दूरसंचारसेवाशुल्क	६६०४५९२	६५५३२६५
१४२१५	टेलिफोनस्वामित्वकोशुल्क	१३७०२१८	१४३८४२८
१४२१६	निजीधारावापतकोशुल्क	८४०	७८३
१४२१७	नहरतथाकुलोठपयोगवापतकोशुल्क	१३४१	१७८१
१४२१८	विद्युतसेवाशुल्क	८२२	२१५
१४२२०	प्रशासनिकसेवाशुल्क	६६०२०८७	६०८०८९५
१४२२१	न्यायिकदस्तूर	६५९५८८	९४८५०६
१४२२२	हुलाकसेवाशुल्क	३७५२९९	४३६९५८
१४२२३	शिक्षाक्षेत्रकोआम्दानी	५९९७४८	४६९०३१
१४२२४	परीक्षाशुल्क	४२०७३६	३३७१०१
१४२२५	यातायातक्षेत्रकोआम्दानी	२७३२८४	६१३४८३
१४२२६	आयातनिर्यातइजाजतपत्रदस्तूर	८९६८७	१२२७९४
१४२२७	अन्यप्रशासनिकसेवाशुल्क	४१८३७४५	३१५३०२२
१४३००	दण्डजरिवानारजफत	**५९३८७८**	**७४५७३७**
१४३१०	दण्ड,जरिवानारजफत	५९३८७८	७४५७३७
१४३११	न्यायिकदण्ड,जरिवानारजफत	१३३७७७	१४१५११
१४३१२	प्रशासनिकदण्ड,जरिवानारजफत	४६०१०१	६०४२२६
१४४००	अनुदानबाहेकस्वेच्छिकहस्तान्तरण	**१५७३**	**८६४**
१४४१०	अनुदानबाहेकस्वेच्छिकहस्तान्तरण	१५७३	८६४
१४४११	चालुहस्तान्तरण	७९६	८०२
१४४१२	पूंजीगतहस्तान्तरण	७७७	६१
१४५००	विविधराजस्व	**१४८३८७९६**	**१२७०९१७७**
१४५१०	प्रशासनिकशुल्क - भ्रमणतथापर्यटन	१३५२१६५७	७४५६२०७
१४५११	राहदानीशुल्क	९९५३४८०	४४००४२०
१४५१२	भिसाशुल्क	२७२२७८०	२२४५२०५
१४५१३	पर्वतारोहणरपदयात्रास्वीकृतिशुल्क	८३८३६१	८०४१३६
१४५१४	अन्यपर्यटकहरुलाईलाग्नेशुल्क	७०३६	६४४५
१४५२०	अन्यराजस्व	१३१०५३८	५२४१३२७
१४५२१	प्रदुषणनियन्त्रणशुल्क	९८९५२३	१०७८८२२
१४५२२	अन्यराजस्व	३२१०१५	४१६२५०४
१४५३०	पूंजीगतराजस्व	६६०१	११६४३
१४५३१	सरकारीघर,जग्गा,गुडवीलविक्रीबाटप्राप्तरकम	६६०१	११६४३
	जम्मा राजस्व	**६०२३०३६५०**	**६०९११४०५१**

अनुसूची – १४
(प्रतिवेदनको परिच्छेद १ दफा २ सँग सम्बन्धित)

जिल्ला समन्वय समितिको कारोबारको लेखापरीक्षण सम्पन्न विवरण

(रु.हजारमा)

क.सं	जिल्ला समन्वय समिति	लेखापरीक्षण रकम	वेरुजु रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५
१	ताप्लेजुङ	१४०७८९३	२२३०९६	८३८२०	६२२२४५	४३६५९	१९१९४	३६५०	७७२५६८	६३३९७५	१४९६	८३६७४	५३४२३	७७२५६८
२	पाचथर	१५२३५२०	३५१२२	६७६७०	६७३४३६	५५१९२	९३८९	२९४२	८०८६२९	६७३४३६	२३४४	१०६७८१	२६०६८	८०८६२९
३	इलाम	१०१५११५	१६१८६२	८९७२२	४५७९५७	२१२१५	२४०४५	२१९३	५९५१३२	४६२५४१	२४२९१	२२८७३	८५४२७	५९५१३२
४	झापा	४५४८११८	३३०२४२	१०९०१६	१९५८००४	८३२०३	१६८६३८	३८१४५	२३५७००६	२०७९१८१	६८०७८	१५२८६९	५६८७८	२३५७००६
५	संखुवासभा	१२३६३९९	७९७००	५८९१२	५६११०३	३३९२३	२५३९१	२००२	६८१३३१	५६९१९७	५११०	३९६७३	६७३५१	६८१३३१
६	तेह्रथुम	१६५५२१७	२१८९१	१८३८३	७९५२०४	१४५०५	१७२६२	३४४८	८४८८०२	७९५२०४	१०००	२८५९४	२४००४	८४८८०२
७	भोजपुर	१७५००११	२९८२५	२५५५९	८५२८०७	१०३२०	३८३८	४१०१	८९६६२५	८५८१५५	७३९	२००५१	१७६८०	८९६६२५
८	धनकुटा	१४१७२६४	२३६७९	५३४८३	६२१६३४	४३३९४	८१६९	३२१४४	७५८८२४	६४३८९०	२६४२७	४१६०६	४६९०१	७५८८२४
९	सुनसरी	२३८२५६२	२३७३१२	३३४५७	१०९६७९९	४४५०७	४७४९०	७७०	१२२३०२३	१०९६७९९	१०८४५	८५३५२	३००२७	१२२३०२३
१०	मोरङ	४१६७७०५	२६३४००	१५९६९०	१७२६६०७	६६६६७	२७१४३४	५७४५०	२२८१८४८	१९५४००५	२६००८	६५५३४	२३६३०१	२२८१८४८
११	सोलुखुम्बु	२०१८७८५	७५५	४१४२३६	८१९४९६	८११४४	१२९११	१०४२६	१३३८२१३	८३२७९०	१७२९	२६०२८९	२४३४०५	१३३८२१३
१२	खोटाङ	२८२४९४३	१३८०२	३८९७१	१३४१८९६	५०५०२	१४८०८	४७५८	१४५०९३५	१३९६११४	१४७६	१५३८९	३७९५६	१४५०९३५	
१३	उदयपुर	२१४८२२२	२७८११	१७५६१	८५८८३७	२६४५५६	३६९५६	४८३२	११८२७४२	८९२०४६	२०७९	८८९१६	१९९७०१	११८२७४२
१४	ओखलढुंगा	४७०७३४५	२५७३२१	५२८२३	२००९५२१	१३९३९६	१६८६३८	३८१४५	२४०८५२३	२१३०६९८	६८०७८	१५२८६९	५६८७८	२४०८५२३
१५	सप्तरी	३८७६६६४	३६३२९२	३११८९	१८४१६६६	७०३१३	२४१४९	७३३९	१९७४६५६	१८०३१८०	७१८	१२९२९९	४१४५९	१९७४६५६
१६	सिराहा	३५३११७३	१२१६५७	२८३५९	१४६५१२१	२५३५७४	४०४१९	२१७९७	१८०९२७०	१३६७१४१	११६८१	३७१४४०	५९००८	१८०९२७०
१७	धनुषा	३५०७६२८	६९४५८०	७४६२७	१५३३९९०	१४२०४०	७९३०७	११८३९	१८४१८०३	१५२०३५२	९६७५	२१०४२५	१०१३५१	१८४१८०३
१८	महोत्तरी	५६०९६१६	३९२००७	४२८१३	१३४०३२६	१४४३७६०	२९९१५	१६७८	२८५८४९२	१३४०३२६	४७९९	१४४८८१२	६४५५५	२८५८४९२
१९	सर्लाही	३६९४०४५	२५१२०	८५३३८	१६५८६५५	२२५९१	११८१८७	९२५८	१८९४०२९	१६५८६५५	८६७५	२१८०२४	८६७५	१८९४०२९

क.सं	जिल्ला समन्वय समिति	लेखापरीक्षण रकम	वेरुजु रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
२०	सिन्धुली	५५९३८७३	१९३६९१	३८३५२	२३६८४३३	४०५९२७	१३३९६	३०५८	२८२९१६६	२३६८४३३	३२५२	४३१३७४	२६१०७	२८२९१६६
२१	रामेछाप	८९००२९९	२०८७०१	७०७५१	३८६८६७९	५५१४५९	८९६३	५९७९	४५०५८३१	३८६८६७९	४१६८	५९२३७२	४०६१२	४५०५८३१
२२	दोलखा	८००९१६	४३७६	३१३६३	३४८३८५	२४४९७	२७७६८	२४०७	४३४४२०	३४८३८५	१७८५	४७६८९	३६५६१	४३४४२०
२३	सिन्धुपाल्चोक	१२१५२१७७	२०२४३७	२११०६५	५४३९९७९	५०६८६५	१२५८३२	५७३४	६२८९४७५	५४३९९७९	१९०१	६३१८८७	२१५७०८	६२८९४७५
२४	रसुवा	१८१५३७३	६६०९६	२०९२८	८५६५९७	४६०३२	१६८८	८१२	९२६०५७	८५६५९७	९६४	५२६८३	१५८१३	९२६०५७
२५	धादिङ	१०४३९७४५	३०६९४४	४४९०५५	४८६३४०५	७७०६८	८७८८३	१०८५१६	५५८५९२७	४८६३४०५	१८७३	४३७५९५	२८३०५४	५५८५९२७
२६	नुवाकोट	३००४६३२	११४४०	२४८३३५	१२५७७७३	०	१७०६१६	०	१६७६७२४	१५११०९९	०	६५१४४	१००४८१	१६७६७२४
२७	काठमाण्डौ	९३५९९६२	१३५६०२	१०८३८३	२८३९९९९	१४६७३८०	५४६९२१	५२९०२	५०१५५८५	३९७६०९३	४१४१८	४३५२४९	५६२८२५	५०१५५८५
२८	ललितपुर	३२४७२४५	५६१२७	३१७१०	१४८०२४७	१७५२११	९२६२०	७०२८	१७८६८१६	१४८०२४७	३५००	८३९२	२९४६७७	१७८६८१६
२९	भक्तपुर	२५७१६१८	३४२२८	२३४३०४	१२४७३३१	०	३८६६०	०	१५२०२९५	१२४७३३१	०	३८२९६	२३४६६८	१५२०२९५
३०	काभ्रेपलान्चोक	२६७२२५७	१२०६४८	६७०८७	११२२०५३	२२३६४	१९३२३६	३७३६	१४०८४७६	११२२०५३	२८८०	२०५९३५	७७६०८	१४०८४७६
३१	मकवानपुर	४८५१३५५	८९३००	१८२६२९	२२००९४६	४७५७२	१०१३२७	१२३९६	२५४४८७०	२२००९४६	७४१२५	२१४०४३	५५७५६	२५४४८७०
३२	रौतहट	३४२६०२६	२०७५९८	२६८२४	१५७८५४३	५५०७९	५०९४३	४७४४४	१७५८८३३	१५७८५४३	२७१४८	८८३२६	६४८१६	१७५८८३३
३३	वारा	२९५१३५९	१९२३६१	२०१२१	१३९६८३२	२६८९६	४२९१३	१३९२२	१५००६८४	१३३३३६०	१२७३६	१२४७००	२९८८८	१५००६८४
३४	पर्सा	२९३५७७२	५०१८५७	७९३८५	१२५०२२३	२०७९८८	५१७६२	३०४०	१५९२३९८	१२५०२२३	३०७४	१६९४६२	१६९६३९	१५९२३९८
३५	चितवन	३०८३३२४	६०९८२	९५९९३	१४५७७३८	८५७४०	०	२१९०६	१६६१३७७	१४५७७३८	१६७४९	४३४५३	१४३४३७	१६६१३७७
३६	नवलपरासी	३००८३७०	१०४८३९	५१७७०	१३५१२२७	०	१७६२३७	०	१५७९२३४	१४८०९०६	०	०	९८३२८	१५७९२३४
३७	रुपन्देही	३२९८४५८	५९९७५	२८२४३०	११९८४४०	०	५१९९५८	३९४००	२०४०२२८	१५१८५२४	२२१३६	०	४९९५६८	२०४०२२८
३८	कपिलबस्तु	२६८३४०३	३९७८९	७८२८२५	१०३१२८३	०	२६७६१७	२११११०	२१०२८३५	१३५२७०५	७४२	९९४६	७३९४४२	२१०२८३५
३९	अर्घाखांची	१८४७७३८	१७७५०	३५३००	८०४१३४	२३२९	११४०९५	८४९५	९६४३५३	९१००६७	६२८९	२३२९	४५६६८	९६४३५३
४०	पाल्पा	२४९७०९५	१२५८१३	७७६४५	१२२००००	०	६३७५१	५६१७	१३६७०१३	१२०७७२७	०	०	१५९२८६	१३६७०१३
४१	गुल्मी	५४५५९९०	९८७६	४७७५७	१३४५१०४	१३७०१६५	१९१३९	४२७०	२७८६४३५	१३४५१०४	१३९८	१३७०८१०	६९१२३	२७८६४३५
४२	स्याङजा	२९३४२७८	४७१३३	७८६४४	१३८०४३०	२६०१	७९३४०	३०७४	१५४४०८९	१३८०४३०	५६६३	८२७४०	७५२५६	१५४४०८९
४३	तनहुं	२७७५२४४	२५२१९६	२०४४३	११२२२५५	२५५०३४	०	१६७७६	१४१४५०८	११२२२५५	६७४६	२५२१७८	३३३२९	१४१४५०८
४४	गोरखा	८६०९६४७	१९८२३०	२४४४८९	४२८८५२४	०	०	०	४५३३०१३	४२८८५२४	०	३२५९९	२११८९०	४५३३०१३

क.सं	जिल्ला समन्वय समिति	लेखापरीक्षण रकम	वेरुजु रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
४५	मनाङ	४६४९६२	४९१२३	४४८१२	६२८६	२०२४३८	१३५१	०	२५४८८७	२३२७८९	०	२२०९८	०	२५४८८७
४६	लमजुङ	३१०६३१२	९५५०	६९३८७	१५४८४०९	०	०	३०४७	१६२०८४३	१५४८४०९	४७४५	१७०२	६५९८७	१६२०८४३
४७	कास्की	३७४३९१	३९२९२	१४६६३९	१४५२०४	०	०	२३५२३	३१५३६६	१४५२०४	७७०	५९६९०	१०९७०२	३१५३६६
४८	पर्वत	२३६८७४९	३२२२४५	६८५६७	८२६०७५	३२९२२७	५४५४	५७७३	१२३५०९६	८२६०७५	४९२६	३७१२१९	३२८७६	१२३५०९६
४९	बाग्लुङ	२९४७७६	९८७६९	२८१६२	१४३५१५	०	०	३६१६	१७५२९३	१४३५१५	१२५५	२८७५	२७६४८	१७५२९३
५०	म्याग्दी	१८३२५९४	४३०८१	३८५९८	९११८८५	०	०	३२०४	९५३६८७	९११८८५	५८५	५०३५	३६१८२	९५३६८७
५१	मुस्ताङ	४४१८९३	५०१७५	४३११९	२१०३१६	०	०	३७४४	२५७१७९	२१०३१६	१५०७	१६०१०	२९३४६	२५७१७९
५२	मुगु	१२६७७८०	२३२७६	१४७६४	६०५६४८	७०६८	१६६८५	२८८२	६४७०४७	६०५६४८	१५०९	२८३४०	११५५०	६४७०४७
५३	डोल्पा	१४६०५२१	३११८९६	१७९४६	६९४७८९	११४२५	१३८७९	३६७८	७४१७१७	६९४७८९	२६८८	३९२७३	४९६७	७४१७१७
५४	हुम्ला	१८८४५६८	८७५०२	३३८०५	८८२३१४	६१९७८	७०७२	२९३८	९८८१०७	८८२३१४	१६३७	४६३१५	५७८४१	९८८१०७
५५	जुम्ला	१६८८३५१	९८७१३	११३८७	८१४६१६	२१५६६	४९१२	१६४७	८५४१२८	८१४६१६	१९५५	२९०३९	८५१८	८५४१२८
५६	कालिकोट	४३२८०१	१५८२०६	१३६४२	१८५८०१	२२६०३	५३००	१३४७	२२८६९३	१८५८०१	२२५	३१७२४	१०९४३	२२८६९३
५७	रुकुम	२२९२४२७	५४४७७	३९१०८	१०६०२७३	१४७३६	३२४४१	१०८९०	११५७४४८	१०६०२७३	४३४०	२९४७४	६३३६१	११५७४४८
५८	रोल्पा	३२४६३९२	१८९२४	३९०५६	१५९४४६३	३५६३	६१५४१	५०३०	१७०३६५३	१५७६२०३	२२४९	३३४३	१२१८५८	१७०३६५३
५९	प्यूठान	२०३४७७३	२८३२३	७५०५६	८८०४४१	१११७२३	२८६३७	०	१०९५८५७	९३०२२३	१६३८१	६७३६८	८१८८५	१०९५८५७
६०	दाङ	२१७५२९६	१८९१८२	२४६९४२	९१४२९१	१३३२९४	५०७२७	२२०४	१३४७४५८	९१४२९१	१७४८	१५८७४१	२७२६७८	१३४७४५८
६१	सल्यान	१०००१६६	१०६७३४	२५२४८	४३३४००	५८४५६	५१५२	६०१८	५२८२७४	४३३४००	१९४२	६१७९८	३११३४	५२८२७४
६२	बांके	३३०४७०१	१४५५३४	१२३७०१	९९००२६	०	७४१५९३	२४६१४	१८७९९३४	९९००२६	२३९८५	५३४४५७	३३१४६६	१८७९९३४
६३	बर्दिया	१६०७१५७	९७७२७	८३१२८	६०५४४८	१४७५७१	१६१५४	०	८५२३०१	७६०७५५	१०४८८	६६७४१	१४३१७	८५२३०१
६४	सुर्खेत	१८९९५९५	१२७१०२	२२४७९	८८०२४५	२६०९८	३६६२६	१३५४४	९७८९९२	८८०२४५	१८३३	६१००४	३५९१०	९७८९९२
६५	जाजरकोट	१६०९८९६	२१६६८	३७८६९	७६२२७४	२८४९०	५१४८	२८७४	८३६६५५	७६२२७४	९४२६	३९४१०	२५५४५	८३६६५५
६६	दैलेख	२०७०७४६	१५०१९	४३६३२	९९२७०५	८६२९	२०९४५	१०५४६	१०७६४५७	९९२७०५	८४२	४४३७४	३८५३६	१०७६४५७
६७	कैलाली	२८५७८६३	५१९००	२९८०५	११३६३३३	१७५४९२	१५१५०४	४७११	१४९७८४५	११३६३३३	३४५९	२५००३१	१०८०२२	१४९७८४५
६८	डोटी	१७०११९९	४०८४६	४२७६	२५५४८६	५९५७५८	४४६८	१७४९	८६१७३७	८३७२६२	१३००	५१७६	१७९९९	८६१७३७
६९	अछाम	११०६५९५	३१४२३	३७५५१	२०९४६७	३४५०३८	३२८८	५१३	५९५८५७	२०९४६७	१३४९	३३७४७३	४७५६८	५९५८५७

क.सं	जिल्ला समन्वय समिति	लेखापरीक्षण रकम	वेरुजु रकम	आयतर्फ						व्ययतर्फ				
				गत वर्षको जिम्मेवारी (धरौटी समेत)	सरकारी अनुदान	अन्य	आन्तरिक स्रोत	धरौटी चालु वर्षको	जम्मा	बजेट खर्च	धरौटी	अन्य	मौज्दात	जम्मा
७०	बाजुरा	१५०२५१	४११०	२६२१६	१३९१३	४८७५४	१७८८	१३४९१	१०४१६२	१३९१३	५३९०	५३००२	३१८५७	१०४१६२
७१	बझाङ	१७५३८९१	२६९३०	३२०१५	८०४५८०	५४३९९	४७३१	१८०४३	९१३७६८	८०४५८०	६३४०	६१२१८	४१६३०	९१३७६८
७२	दार्चुला	११६६०९५	७०८०७	२१८०५	५६३७९४	४५०१	१८८६	१३६४९	६०५६३५	५६३७९४	१४८८९	३५८२	२३३७०	६०५६३५
७३	बैतडी	२३७७१६१	२५०८८२	१०४६४	११५१५७७	३४९८२	१९८५	९०५	११९९९१३	११५१५७७	१०८०	३५०५५	१२२०१	११९९९१३
७४	डडेलधुरा	११५७६९३	२७२५	२३५३६	५११२८०	४८९२१	४९३६	४७०५	५९३३७८	५११२८०	२५२७	७४०४४	५५२७	५९३३७८
७५	कञ्चनपुर	१२३५१०२	१९९३५	३६३०८	४८४५२५	१५०२६	१०५७७४	१९२४९	६६०८८२	४८४५२५	१३३३०	११२६७३	५०३५४	६६०८८२
	कूल जम्मा	**२१४२२३०७८**	**९१४६५३९**	**६६२४७१५**	**९०७७३२४३**	**१०७२६४०४**	**५२४८७८२**	**८५२६७३**	**११४११३३४२**	**९४४३१५२५**	**६५८४९५**	**११५३१९५६**	**७४९१३६६**	**११४११३३४२**

अनुसूची – १५

(प्रतिवेदनको परिच्छेद २ दफा २ र २.१ सँग सम्बन्धित)

सरकारी कार्यालयहरुको यो वर्षको बेरुजू वर्गीकरण
विनियोजन, राजस्व , धरौटी र अन्य कारोवार
आर्थिक वर्ष २०७३/७४

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू									
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
१.	राष्ट्रपतिको कार्यालय	५	१	१९००	५	०	०	०	१	१९००						०		१९००	१९००
२.	व्यवस्थापिका संसद सचिवालय	२१	१६	५८७५५	३	१	४४	१८	१५	५८७११	११२३	५२२१८	४८१३	०	०	५७०३१	५५७	०	५५७
३.	सर्वोच्च अदालत	३४८	१७२	१३२४४३	०	६	११३४	३४८	१६६	१३१३०९	३७७६	१९१११	६३२२९	०	०	८२३४०	४२९६	४०८९७	४५१९३
४.	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१३	२	२३९	१	०	०	१२	२	२३९	२३९	०	०	०	०	०	०	०	०
५.	लोक सेवा आयोग	२१	१	१८५	०	०	०	२१	१	१८५	०	०	०	०	०	०	०	१८५	१८५
६.	निर्वाचन आयोग	२५२	२७५८	१९३७९६		६	२१२५	२५२	२७५२	१९१६७१	५५०७६	१०६७२८	१६३५५			१२३०८३	२६२१	१०८९१	१३५१२
७.	महान्यायाधिवक्ताको कार्यालय	१७८	७२	१८९५९	०	४	५६४	१७८	६८	१८३९५	९२४	४६५५	८४७३	०	०	१३१२८	५	४३३८	४३४३
८.	न्यायपरिषद	२	०	०	०	०	०	२	०	०						०			०
९.	राष्ट्रिय मानवअधिकार आयोग	१४	९	१०८४	१	२	३५०	१३	७	७३४	९७	२०८	२९९	०	०	५०७	१३०		१३०
१०.	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	११५	३७	१३९४९९१	०	२	१२६४२०४	११५	३५	१३०७८७	४८९	१७८८१	१०६८८४	०	०	१२४७६५	५४८३	५०	५५३३
११.	अर्थ	२३०९	२०९४	१८१५४९०८	६	१०३	१९९१०२७	२३०३	१९९१	१६१६३८८१	९३९७५२१	२८९२५	६४३४४३४	०	०	६४६३३५९	४६०	३०२५४१	३०३००१
१२.	उद्योग	४९८	१७८	२३९५८८	३	१९	४५२०	४९५	१५९	२३५०६८	८७७९	४९४०९	१६२००७	०	०	२११४१६	७२३	१४१५०	१४८७३
१३.	ऊर्जा	१४४	५४	९४३१७२	०	९	१४०८६५	१४४	४५	८०२३०७	१८४७७	३७४०२	७१३८५	०		१०८७८७	२५८०८	६४९२३५	६७५०४३
१४.	कानून, न्याय तथा संसदीय मामिला	१३	२	६७७	०	०	०	१३	२	६७७	०	६७७	०	०	०	६७७	०	०	०
१५.	कृषि विकास	१७६०	९१४	२२०३५०२	१२	१२१	५३५८२	१७४८	७९३	२१४९९२०	३३९८६६	२२७२०१	६१९३६९	०	१८२	८४६७५२	१५३१८	९४७९८४	९६३३०२
१६.	गृह	१३००	४३७	२४४१३९९	२०	५९	१३०७३१	१२८०	३७८	२३१०६६८	१२७६३	३९३७५१	८१६४६४			११३०२१५	४१८५४	११२५८३६	११६७६९०
१७.	परराष्ट्र	३४१	२५०	६८१२००	०	३१	९९४५६	३४१	२१९	५८१७४४	३४६११	७५०५०	२६८४६७		०	३४३५१७	३८००४	१६५६१२	२०३६१६
१८.	पशुपन्छि विकास	९५०	६३५	६३३४८१	०	४६	३५११	९५०	५८९	६२९९७०	२२३७४	३१९६५	४१४४९८	०		४४६४६३	१५०३१	१४६१०२	१६११३३
१९.	संस्कृति,पर्यटन तथा नागरिक उडड्यन	१९०	९०	५९३०५७	०	३	५६२	१९०	८७	५९२४९५	३२१५४५	७६३६०	५०२३१	०	०	१२६५९१	८७७६	१३५५८३	१४४३५९
२०.	भूमिसुधार तथा व्यवस्था	१२४९	५८५	२३२३५६१	४	५७	४२९६८	१२४५	५२८	२२८०५९३	६६२७१२	८२५६०	१४८७२३५			१५६९७९५	२९२७	४५१५९	४८०८६

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजू								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
२१.	भौतिक पूर्वाधार तथा यातायात	३१८४	१४३८	२१५७२४१८	१३	१३७	३०२५७८	३१७१	१३०१	२१२६९८४ ०	२५५८९३८	७७९६३४	१६०३८५८	०	२२४१	२३८५७३३	२६१४	१६३२२५५५	१६३२५१६९
२२.	महिला, बालबालिका तथा समाज कल्याण	४२४	२३४	४३७९७१	३	३७	२४७६७७	४२१	१९७	१९०२९४	९८१५	२४३६८	१३८९४१	०		१६३३०९	१५७६	१५५९४	१७१७०
२३.	युवा तथा खेलकुद	१४३	५९	४५५९६	०	३	११७६	१४३	५६	४४४२०	२८१७	१४०६५	२०९२७	०	०	३४९९२	६११	६०००	६६११
२४.	रक्षा	२१४	१०३	६६२७५८२	४८	१५	३५१९७	१६६	८८	६५९२३८५	५०३२०	६६४२	२४३३८	०	०	३०९८०	१२५१८	६४९८५६७	६५११०८५
२५.	वन तथा भू–संरक्षण	१७५५	७९४	४८४४८४	४	५०	२८५७७	१७५१	७४४	४५५९०७	६१९०९	१४४१९६	१७४६२४	०	४१९	३१९२३९	२३१२५	५१६३४	७४७५९
२६.	वाणिज्य	५१	१३	४३३३६	०	१	३०६	५१	१२	४३०३०	७६	३८८८	३७३१२	०	०	४१२००		१७५४	१७५४
२७.	आपूर्ति	२२	१०	३८६०३	०	३	२९२	२२	७	३८३११	३६८	१९००	३६०४३	०	०	३७९४३			०
२८.	विज्ञान तथा प्रविधि	७७	८	८०८३	०	४	६८५९	७७	४	१२२४			३५६	०	०	३५६	११४	७५४	८६८
२९.	जनसंख्या तथा बातावरण	१२१	५०	२२८००१	०	८	२२१७१	१२१	४२	२०५८३०	६९१०५	२३११२	२४२९१	०	०	४७४०३	०	८९३२२	८९३२२
३०.	शान्ति तथा पुनर्निर्माण	६३	२९	३६२३२	०	२	१०९६	६३	२७	३५१३६	१८६०७	१००४६	६४८३			१६५२९			०
३१.	शिक्षा	११९२	१३४०	१०९९३९७७	३	१६६	२०१०६७	११८९	११७४	१०७९२९१०	१४९२९५	४६९२४४	८३४२४४५	०	१७०७	८८१३३९६	६९१२२	१७६१०९७	१८३०२१९
३२.	श्रम तथा रोजगार	२१५	१२०	१९१०८७	५	१९	२४१९	२९०	१०१	१८८६६८	१४५७	१४५५८१	१२३३५	०	०	१५७९१६	३०७६	२६२१९	२९२९५
३३.	सामान्य प्रशासन	१४	१	७७	०	०	०	१४	१	७७	०	०	७७	०	०	७७	०	०	०
३४.	सिचाई	२०९२	८१६	२८९३३३१	९	८१	५७६९३८	२०८३	७३५	२३१६३९३	८५६७७	४८४०५६	२८४२४३	०		७६८२९९	३७८३	१४५८६३४	१४६२४१७
३५.	सूचना तथा सञ्चार	५३८	११८	१३७६१६९	०	४	५३८१	५३८	११४	१३७०७८८	११९८३२९	५६५८	१६५११३			१७०७७१	१५१०	१७८	१६८८
३६.	सहरी विकास	७३३	४२१	५१४१६८४	०	१५	१७४५७	७३३	४०६	५१२४२२७	३७८८३५	५३७३४१	६३९१६३	०	०	११७६५०४	४९४	३५६८३९४	३५६८८८८
३७.	खानेपानी तथा सरसफाई	१३६१	६१३	८२२१५२८	०	७८	२४७१३९८	१३६१	५३५	५७५०१३०	९३४४३१	१७२१८८८	४८००७३	०		२२०१९६१	२५३८	२६११२००	२६१३७३८
३८.	संघिय मामिला तथा स्थानीय विकास	२८८६	३०३४	१४०४२४२४	२६	१२८	२६७८०४२	२८६०	२९०६	११३६४३८२	७४४४६२	१२९८२११	२५९६६४४	३५०		३८९५२०५	७८७३२	६६४५९८३	६७२४७१५
३९.	स्वास्थ्य	१५६६	१४०५	२६९११८०	२	१४८	४८९७४	१५६४	१२५७	२६४२२०६	११३२९०	६७१५३६	६६५५३१	०	०	१३३७०६७	७४५८२	१११७३४७	११९१९२९
४०.	सहकारी तथा गरिवी निवारण	२०८	५६	१०३४१७	०	६	३०९	२०८	५०	१०३१०८	१३६१	४०४९	९५३०५			९९३५४	२२५	२१६८	२३९३
४१.	राष्ट्रिय योजना आयोगको सचिवालय	९६	१४	४९२७	०	०	०	९६	१४	४९२७	९६	०	३९८७	०	०	३९८७	८४४	०	८४४
	कुल जम्मा	**२६६८१**	**१८९८३**	**१०५१९९००४**	**१७१**	**१३७४**	**१०३८३५५७**	**२६५१०**	**१७६०९**	**९४८१५४४७**	**१७२५९४८०**	**७४६९५१६**	**२५८७६२३२**	**३५०**	**४५४९**	**३३३५०६४७**	**४३७४५७**	**४३७६७८६३**	**४४२०५३२०**

संगठित संस्था, अन्य संस्था, समिति र जिल्ला विकास समितिहरुको यो वर्षको बेरुजू वर्गीकरण
आर्थिक वर्ष २०७३/७४

(रु हजारमा)

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२	२२	४६५२२	०	०		१२	२२	४६५२२	३३७०	३६०४४	७१०८			४३१५२			०
२	अर्थ	९	२७	२७५४६६	०	०	०	९	२७	२७५४६६	४४९२	१३५३३	२४४७०८	०	०	२५८२४१	१९	१२७१४	१२७३३
३	कानून, न्याय तथा संसदीय मामिला	३	१	११७९				३	१	११७९			११७९			११७९			०
४	कृषि विकास	४७७	१७२	१२६५५३	३	९	३५०५	४७४	१६३	१२३०४८	७६६१०	१४२०८	१६४६४	०	०	३०६७२	२१९३	१३५७३	१५७६६
५	गृह	५०	२४	२२६२२९				५०	२४	२२६२२९	२१८६	३००८	४१८५	०	१२१५१०	१२८७०३	१४८५०	८०४९०	९५३४०
६	पशुपंछी विकास	१२	४	८३६२	०	०		१२	४	८३६२	३	८३५९				८३५९			०
७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन	२८६	२०३	६९१९४४	०	२	६०	२८६	२०१	६९१८८४	३५१८२	२६०६९४	३२२२३६	०	०	५८२९३०	४४१६७	२९६०५	७३७७२
८	भौतिक पूर्वाधार तथा यातायात	५५	१३	२५२९३	०	०	०	५५	१३	२५२९३	९८२६	१९९२	१३४७५	०	०	१५४६७	०	०	०
९	महिला, बालबालिका तथा समाज कल्याण	६८	९	२७१४४	०	०	०	६८	९	२७१४४	४४८०		२१८६४			२१८६४	८००		८००
१०	युवा तथा खेलकुद	१२५	३५०	२५०१८४	०	०	०	१२५	३५०	२५०१८४	१५५३०	१०८०१४	१२६६४०			२३४६५४			०
११	रक्षा	७५	२०	२९२७५९	७	५	१००६०	६८	१५	२८२६९९	१६८८०	०	४८३०४	०	०	४८३०४	१८६९	२१५६४६	२१७५१५
१२	वन तथा भू–संरक्षण	१३०	७०	१३५२३७	०	०	०	१३०	७०	१३५२३७	५३२२०	२७१५०	४४५०५	३६६३	०	७५३१८	१२०९	५४९०	६६९९
१३	वाणिज्य तथा आपूर्ति	३५	१०	२००४९	०	०	०	३५	१०	२००४९	१३५९	०	१५०९१	०	०	१५०९१		३५९९	३५९९
१४	विज्ञान तथा प्रविधि	२०	२	१७७३३	०	०	०	२०	२	१७७३३	२३४९	०	०	०	०	०	१८८४	१३५००	१५३८४
१५	शिक्षा	३०१	२२४	११९५७७२	०	२१	३३८४२	३०१	२०३	११६१९३०	३१४१७	३५८५७२	२२२३६८	२०५३८१	२०३	७८६५२४	२०४६	३४१९४३	३४३९८९
१६	श्रम तथा रोजगार							०	०	०						०			०
१७	सामान्य प्रशासन	४२	१७	९०४३		२	१५६	४२	१५	८८८७	२४७०	१६४३	११७२		३६०२	६४१७			०
१८	सूचना तथा सञ्चार	१२२	१०३	१२३८२७				१२२	१०३	१२३८२७	२६५०५	९४३४	७३४००	०	०	८२८३४	१०७०६	३७८२	१४४८८
१९	सहरी विकास	१८४	६७	४७७८६१	०	३	६७	१८४	६४	४७७७९४	१११९१७४	९८३३९	१८५२९९	०	०	२८३६३८	१०१९	७३९६३	७४९८२
२०	खानेपानी तथा सरसफाई	३९	१६	३७८९१	०	०	०	३९	१६	३७८९१	२५६३६	९११७	३१३८			१२२५५			०
२१	संघिय मामिला तथा स्थानीय विकास	१०३	११९	७६३६३	०	८	२०५५०	१०३	१११	५५८१३	३०८८३	४८८८	१६७०५	०	९३०	२२५२३	६०६	१८०१	२४०७
२२	स्वास्थ्य	१३२०	८०९	३७७२२२९	४	४८	६४६१८	१३१६	७६१	३७०७६११	१७६४२३	६५९७९४	३९८४३२	२	१४६३२३	१२०४५५१	१७५१५	२३०९१२२	२३२६६३७
२३	पोखरा विश्व विद्यालय	२६	२	२४७	०	०	०	२६	२	२४७	२४७	०	०	०	०	०	०	०	०
२४	नेपाल संस्कृत विश्व विद्यालय	१५७	६८	२२३५६	०	१	२३१	१५७	६७	२२१२५	५१०४	११०१३	६००८	०	०	१७०२१	०	०	०
२५	त्रिभुवन विश्व विद्यालय	२८३१	१९६०	३९७५१०६	२	१७	१८२३०	२८२९	१९४३	३९५६८७६	८९८५०	२१८९३७२	१६७७३०४		३५०	३८६७०२६	०	०	०

क्रस	मन्त्रालय/ निकायको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजू			बेरुजु								
		दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति		सैद्धान्तिक	लगति			अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	जम्मा
२६	लम्बिनी बौद्ध विश्व विद्यालय	४४	१५	८०४४	०	०	०	४४	१५	८०४४	३७३	८२७	६८४४	०	०	७६७१	०	०	०
२७	मध्यपश्चिमाञ्चल विश्वविद्यालय	११८	४१	४५५५९	०	०	०	११८	४१	४५५५९	३३७६	१८०८	४०३७५	०	०	४२१८३	०	०	०
२८	सुदुरपश्चिमाञ्चल विश्वविद्यालय	९१	११	७४५७	०	०	०	९१	११	७४५७	३६९८	३७५९	०	०	०	३७५९	०	०	०
२९	कृषि तथा बन विश्वविद्यालय	९१	८१	१०४१६१	१	५	५३३	९०	७६	१०३६२८	५४८८	७६१३२	२२००८	०	०	९८१४०	०	०	०
	कुल जम्मा	६८२६	४४६०	१२०००५७०	१७	१२१	१५१८५२	६८०९	४३३९	११८४८७१८	७४६१३१	३८९७७००	३५१८८१२	२०९०४६	२७२९१८	७८९८४७६	९८८८३	३१०५२२८	३२०४१११

सरकारी कार्यालयतर्फ (विनियोजन, राजस्व ,धरौटी र अन्य कारोवार)
बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय/निकाय	गतवर्षसम्मको बाकी	समायोजन	सं.पंको अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	५५औं प्रतिवेदन सम्मको बाँकी बेरुजू	५५औं प्रतिवेदन सम्मको बांकी बेरुजूमध्ये पेस्की
	प्रतिबेदन २०६२ देखि २०७३ सम्म										
१	राष्ट्रपतिको कार्यालय	४८९३६		४८९३३	४८७५५	१७८	०	१८१	१९००	२०८१	२०८१
२	उपराष्ट्पतिको कार्यालय	३२६		३२६	२५९	६७	०	६७	०	६७	०
३	व्यवस्थापिका संसद सचिवालय	१९०१५१		१६४५६४	१४२६०५	२१९५९	०	४७५४६	५८७११	१०६२५७	३३६६
४	सर्वोच्च अदालत	४७२५२४		१११९७८०	११२३९१	७३८९	०	३६०१३३	१३१३०९	४९१४४२	१४६९३४
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	३९६७५		१९४८६	१९४८६	०	०	२०१८९	२३९	२०४२८	२५३८८
६	महालेखापरीक्षकको कार्यालय	१४५४		१४५४	१४५४	०	०	०	०	०	
७	लोक सेवा आयोग	४८७६३		४०६५०	४०६५०	०	०	८११३	१८५	८२९८	५०६२
८	निर्वाचन आयोग	२३८१२५	२२०३४५	७६४२६	७४२६२	२१६४	०	३८४२०८	१९१६७१	५७५८७९	२३४३०
९	महान्यायाधिवक्ताको कार्यालय	७०९२८		४२१३२	३०८३०	११३०२	०	४००९८	१८३९५	५८४९३	५१९०४
१०	न्यायपरिषद	२३५		२०८	२०५	३	०	३०	०	३०	०
११	राष्ट्रिय मानवअधिकार आयोग	१०७३०		२१	२१	०	०	१०७०९	७३४	११४४३	१३०
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३१७२५३		९०४२८	४५६४९	४४७७९	०	२७१६०४	१३०७८७	४०२३९१	१७७५५
१३	अर्थ	४६५०८२०१		२९२३२९३६	१३६३४९०५	१५५९८०३१	०	३२८७३२९६	१६१६३८८१	४९०३७१७७	४५७८१०
१४	उद्योग	३२२४७४		१३३७०७	११८५६९	१५१३८	०	२०३९०५	२३५०६८	४३८९७३	१४४४२८
१५	ऊर्जा	११७३६८०		५१८८९८	११५६२८	४०३२७०	०	१०५८०५२	८०२३०७	१८६०३५९	१०१२४८८
१६	कानून, न्याय ,संविधान सभा तथा संसदीय मामिला	८६१		११	११	०	०	८५०	६७७	१५२७	०
१७	कृषि विकास	४०५७४००		७५१५८५	७४४३९४	७१९१	०	३३१३००६	२१४९९२०	५४६२९२६	११५१२५७
१८	गृह	७४९९८१५		५५८२६९२	५४४७२५४	१३५४३८	०	२०५२५६१	२३१०६६८	४३६३२२९	३५४१९०१
१९	परराष्ट्र	१६७८२१८		६७८०९३	५३०८८३	१४७२१०	०	११४७३३५	५८१७४४	१७२९०७९	४०७९५७
२०	पशुपन्छि विकास	१९२५४६		४६७२८	४५२५४	१४७४	०	१४७२९२	६२९९७०	७७७२६२	२०५०६६
२१	संस्कृति,पर्यटन तथा नागरिक उडड्यन	४६४०४२		७११४१	६६०८४	५०५७	०	३९७९५८	५९२४९५	९९०४५३	१८६८२२
२२	भूमिसुधार तथा व्यवस्था	१९९८४५१		५६४१५८	२४९१४४	३१५०१४	०	१७४९३०७	२२८०५९३	४०२९९००	२१७४८१
२३	भौतिक पुर्वाधार तथा यातायात	२७५८४२६९		९२७५६२६	८०५६४५५	१२१९१७१	०	१९५२७८१४	२१२६९८४०	४०७९७६५४	२९८४४४४२
२४	महिला, बालबालिका तथा समाज कल्याण	६०७९६२		४३४४९३	४२९६१२	४८८१	०	१७८३५०	१९०२९४	३६८६४४	१२६००९
२५	युवा तथा खेलकुद	२२२६२५		३२७९९	२६८९५	५९०४	०	१९५७३०	४४४२०	२४०१५०	७०८२५

क्र. सं.	मन्त्रालय/निकाय	गतवर्षसम्मको बाकी	समायोजन	सं.पंको अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बाँकी	गत वर्ष सम्मको बाँकी	यो वर्षको थप	५५औँ प्रतिवेदन सम्मको बाँकी बेरुजू	५५औँ प्रतिवेदन सम्मको बांकी बेरुजूमध्ये पेस्की
२६	रक्षा	६०६३९२५		३०९४१२१	२९५०९०५	१४३२१६	०	३११३०२०	६५९२३८५	९७०५४०५	९६५०९३७
२७	वन तथा भू–संरक्षण	९८४४०२		२०४५२६	२०२३४७	२१७९	०	७८२०५५	४५५९०७	१२३७९६२	२८३६४९
२८	वाणिज्य	१०६५२१		१२८७	१२८७		०	१०५२३४	४३०३०	१४८२६४	२७८१
२९	आपूर्ति	३७४१२		३७४०९	३७४०९		०	३	३८३११	३८३१४	०
३०	विज्ञान तथा प्रविधि	७६७३९		७३६८८	३२०९४	४१५९४	०	४४६४५	१२२४	४५८६९	८६८
३१	जनसंख्या तथा बातावरण	९३०५४९		५८८६८९	५६३३६७	२५३२२	०	३६७१८२	२०५८३०	५७३०१२	२३७५९५
३२	शान्ति तथा पुनर्निर्माण	५९८४७७		४०२४	४०२४		०	५९४४५३	३५१३६	६२९५८९	२६४२०३
३३	शिक्षा	१५९१६२७७		४६९३१८६	४२८०६३१	४१२५५५	०	११६३५६४६	१०७९२९१०	२२४२८५५६	३२३८४५६
३४	श्रम तथा रोजगार	३०५२४०		१२१६६२	११७४९७	४१६५	०	१८७७४३	१८८६६८	३७६४११	११३५३३
३५	सामान्य प्रशासन	७५५२		३९९८	३९९८	०	०	३५५४	७७	३६३१	८१३
३६	सिचाई	६०८५८७३		२२६५९६३	२०५१२४६	२१४७१७	०	४०३४६२७	२३१६३९३	६३५१०२०	४३०५३९२
३७	सूचना तथा सञ्चार	१५२९७६१		११३५४९३	९५४४९६	१८०९९७	०	५७५२६५	१३७०७८८	१९४६०५३	१३७०१३
३८	सहरी विकास	५५६१९१६		९२३८९७	७८२८०८	१४१०८९	०	४७७९१०८	५१२४२२७	९९०३३३५	४५१४०८८
३९	खानेपानी तथा सरसफाई	६०६६९७८		२३०१७७९	२१४१२८४	१६०४९५	०	३९२५६९४	५७५०१३०	९६७५८२४	३३०६१५०
४०	संघिय मामिला तथा स्थानीय विकास	२४१९४११७		३०५५२८६	२८७३८४२	१८१४४४	०	२१३२०२७५	११३६४३८२	३२६८४६५७	१६३०५५६०
४१	स्वास्थ्य	४८९०१३४		२३१२६८९	१८६५६७३	४४७०१६	०	३०२४४६१	२६४२२०६	५६६६६६७	२०११८३६
४२	सहकारी तथा गरिवी निवारण	३५०७४१		५९७०	५९७०		०	३४४७७१	१०३१०८	४४७८७९	२२७२६
४३	राष्ट्रिय योजना आयोगको सचिवालय	३६३७६		३०८८३	९९५८	२०९२५	०	२६४१८	४९२७	३१३४५	२०५३
	जम्मा	**१६७४९२६३४**	**२२०३४५**	**६८७८१८२५**	**४८८६०४९१**	**१९९२१३३४**	**०**	**११८८५२४८८**	**९४८१५४४७**	**२१३६६७९३५**	**८२०४०१८९**
४०	बेरुजु फछ्यौंट समिति हस्तान्तरण (प्रतिबेदन २०६१ सम्म)	१०१६९२					०	१०१६९२		१०१६९२	
	जम्मा	१०१६९२	०		०		०	१०१६९२		१०१६९२	
	कुल जम्मा	**१६७५९४३२६**	**२२०३४५**	**६८७८१८२५**	**४८८६०४९१**	**१९९२१३३४**	**०**	**११८९५४१८०**	**९४८१५४४७**	**२१३७६९६२७**	**८२०४०१८९**

संगठित संस्था, अन्य संस्था,समिति र जिल्ला विकास समिति तर्फ
बेरुजू फछ्यौंट तथा सम्परीक्षणको विवरण

(रु.हजारमा)

क्र. सं.	मन्त्रालय/निकाय	यस कार्यालयबाट भएको सं.प.सम्बन्धी विवरण								गत वर्ष सम्मको	यो वर्षको	५५ औ प्रतिवेदन सम्मको
		गतवर्षसम्मको बाकी	समिति हस्तान्तरण	बाकी २०६२ प्रतिवेदनदेखि	समायोजन	सं.पं.को अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बांकी	बांकी	थप	बांकी बेरुजू
१	व्यवस्थापिका संसद सचिवालय	४८३३		४८३३					०	४८३३	०	४८३३
२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३९०३५		३९०३५					०	३९०३५	४६५२२	८५५५७
३	अर्थ	९०७६६९		९०७६६९		२६६	१३४	१३२	०	९०७५३५	२७५४६६	११८३००१
४	उद्योग	१७७८५३		१७७८५३					०	१७७८५३	०	१७७८५३
५	कानून, न्याय तथा संसदीय मामिला	३५०९		३५०९		१५	१५		०	३४९४	११७९	४६७३
६	कृषि विकास	२५९९२९		२५९९२९		४५२३५	२५६२९	१९६०६	०	२३४३००	१२३०४८	३५७३४८
७	गृह	११२३८४८		११२३८४८		१८५५७३	१२०७३२	६४८४१	०	१००३११६	२२६२२९	१२२९३४५
८	पशुपंछी विकास	३५७३		३५७३						३५७३	८३६२	११९३५
९	संस्कृति, पर्यटन तथा नागरिक उडड्यन	४१४०७५७		४१४०७५७		३०९३२८	१९९२३७	११००९१	०	३९४१५२०	६९१८८४	४६३३४०४
१०	भूमिसुधार तथा व्यवस्था	५४९		५४९					०	५४९	०	५४९
११	भौतिक पूर्वाधार तथा यातायात	२५१०११		२५१०११		३०२१	३०२१	०	०	२४७९९०	२५२९३	२७३२८३
१२	महिला, बालबालिका तथा समाज कल्याण	४२०१६२		४२०१६२		१३३६६१	६६८२०	६६८४१	०	३५३३४२	२७१४४	३८०४८६
१३	युवा तथा खेलकुद	७६५९३८		७६५९३८		६०७६५	१८८८३	४१८८२	०	७४७०५५	२५०१८४	९९७२३९
१४	रक्षा	१३७५१६५		१३७५१६५		९२१०४०	९०४२६२	१६७७८	०	४७०९०३	२८२६९९	७५३६०२
१५	वन तथा भू–संरक्षण	६९०९१५		६९०९१५		६७९०७	१७८८६	५००२१	०	६७३०२९	१३५२३७	८०८२६६
१६	वाणिज्य तथा आपूर्ति	१४३४००		१४३४००		२२५२७	२१७५३	७७४	०	१२१६४७	२००४९	१४१६९६
१७	विज्ञान तथा प्रविधि	१४६०९		१४६०९		२००७	१९१५	९२	०	१२६९४	१७७३३	३०४२७
१८	जनसंख्या तथा वातावरण	२१६२		२१६२						२१६२	०	२१६२
१९	शिक्षा	३७७१३३९		३७७१३३९		५५४७४०	४५९३५०	९५३९०	०	३३११९८९	११६१९३०	४४७३९१९
२०	श्रम तथा रोजगार	६०२		६०२					०	६०२	०	६०२
२१	सामान्य प्रशासन	१७४३४		१७४३४		७८८३	७७५५	१२८	०	९६७९	८८८७	१८५६६
२२	सिंचाई	७६४२६६		७६४२६६					०	७६४२६६	०	७६४२६६
२३	सूचना तथा सञ्चार	११७८५३१		११७८५३१		२३०४५	२२९०९	१३६	०	११५५६२२	१२३८२७	१२७९४४९
२४	सहरी विकास	२११३०२५		२११३०२५		१०९४५०	१०९४५०	०	०	२००३५७५	४७७७९४	२४८१३६९
२५	खानेपानी तथा सरसफाई	४४५८९७		४४५८९७	४१९१६८	२६९५५३	२६९५५३		०	५९५५१२	३७८९१	६३३४०३
२६	संघिय मामिला तथा स्थानीय विकास	१०४३४६३		१०४३४६३		३३३९४	३३३९४	०	०	१०१००६९	५५८१३	१०६५८८२
२७	स्वास्थ्य	४२५६८४२		४२५६८४२		७५९०९०	५००१६८	२५८९२२	०	३७५६६७४	३७०७६११	७४६४२८५

क्र. सं.	मन्त्रालय/निकाय	यस कार्यालयबाट भएको सं.प.सम्बन्धी विवरण								गत वर्ष सम्मको बांकी	यो वर्षको थप	५५ औ प्रतिवेदन सम्मको बांकी बेरुजू
		गतवर्षसम्मको बाकी	समिति हस्तान्तरण	बाकी २०६२ प्रतिवेदनदेखि	समायोजन	सं.पं.को अनुरोध भई आएको	सम्परीक्षण भएको	सं.प.गर्न नमिलेको	कारबाही गर्न बांकी			
२८	राष्ट्रिय योजना आयोगको सचिवालय	२१०००		२१०००						२१०००	०	२१०००
२९	पोखरा विश्व विद्यालय	१७५१०२		१७५१०२		४६४०८	४६४०८		०	१२८६९४	२४७	१२८९४१
३०	नेपाल संस्कृत विश्व विद्यालय	४२२१२३		४२२१२३		१२०११०	१२०११०		०	३०२०१३	२२१२५	३२४१३८
३१	त्रिभुवन विश्व विद्यालय	१६६६४५८९		१६६६४५८९		१०९४५९७	१०८९२३७	५३६०	०	१५५७५३५२	३९५६८७६	१९५३२२२८
३२	लम्बिनी बौद्ध विश्व विद्यालय	८८६९		८८६९		१८३८	१८३८		०	७०३१	८०४४	१५०७५
३३	मध्यपश्चिमाञ्चल विश्वविद्यालय	२११८३०		२११८३०					०	२११८३०	४५५५९	२५७३८९
३४	सुदुरपश्चिमाञ्चल विश्वविद्यालय	२०४५९		२०४५९					०	२०४५९	७४५७	२७९१६
३५	कृषि तथा बन विश्वविद्यालय	४९४६३		४९४६३		१४४५७	१४४५७		०	३५००६	१०३६२८	१३८६३४
३६	जिल्ला विकास समिति	१२४७६२१७		१२४७६२१७					०	१२४७६२१७	०	१२४७६२१७
३७	स्थानीय विकास कोष	४३३८४४		४३३८४४					०	४३३८४४	०	४३३८४४
	जम्मा	**५४३९९८१२**	**०**	**५४३९९८१२**	**४१९१६८**	**४७८५९१०**	**४०५४९१६**	**७३०९९४**	**०**	**५०७६४०६४**	**११८४८७१८**	**६२६१२७८२**

अनुसूची – १९
(प्रतिवेदनको परिच्छेद २ दफा १० संग सम्बन्धित)

कोषको विवरण
२०७३।७४

(रु हजारमा)

क्रं. सं	मन्त्रालय निकाय	गतवर्षको मौज्दात	यस वर्षको आय	जम्मा	खर्च	बांकी
१	**सर्वोच्च अदालत**	**२५२५८**	**१३२५६**	**३८५१४**	**२६१४५**	**१२३६९**
१.१	न्यायिक प्रतिष्ठान कोष	२५२५८	१३२५६	३८५१४	२६१४५	१२३६९
२	**व्यवस्थापिका संसद सचिवालय**	**४८३३**	**०**	**४८३३**	**०**	**४८३३**
२.१	संसद विकास कोष	४८३३		४८३३		४८३३
३	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**१२६५५९७२**	**१८५८९५९५**	**३१२४५५६७**	**८३५२६**	**३११६२०४१**
३.१	प्रधानमन्त्री राहत कोष	१०७५०४		१०७५०४		१०७५०४
३.२	प्रधानमन्त्री सहायता कोष	२०६८		२०६८		२०६८
३.३	नेपाल ट्रष्ट कोष	४०५६२६	१६६९९०	५७२६१६	८३५२६	४८९०९०
३.४	प्रधानमन्त्री दैवी प्रकोष उद्धार कोष	२१०१४७९	७१८४१	२१७३३२०		२१७३३२०
३.५	शान्ति कोष एडिवि	१४०००	०	१४०००		१४०००
३.६	पुनर्निर्माण कोष	१०००००००	१८२८७०९७	२८२८७०९७		२८२८७०९७
३.७	धरहरा पुर्ननिर्माण कोष	१९५०२	६३६६७	८३१६९		८३१६९
३.७	क्षेत्रीय दैवी प्रकोष उद्धार समिति –५	५७९३		५७९३		५७९३
४	**अर्थ**	**८२४३५६**	**१४०९६२७७९**	**१४१७८७१३५**	**१४११२६४२३**	**६६०७१२**
४.१	मुल्य अभिबृद्धि कर फिर्ता कोष	०	४९२०७१६	४९२०७१६	४९२०७१६	०
४.२	भंसार कोष	८२४३५६	१३६०४२०६३	१३६८६६४१९	१३६२०५७०७	६६०७१२
५	**उद्योग**	**२०९२८९**	**२६७५८३**	**४७६८७२**	**२४७०६१**	**२२९८११**
५.१	हस्तकला प्रवर्द्धन कोष	५६१३	७१५७	१२७७०	५८९८	६८७२
५.२	केन्द्रीय कारागार कोष	१५६६४	४५२६	२०१९०	५७७३	१४४१७
५.३	लघु घरेलु तथा साना उद्योग कर्जा प्रवाह मूल कोष	१३७८१३	१९८०३३	३३५८४६	१७९९७०	१५५८७६
५.४	प्रविधि विकास कोष	१००००	०	१००००	०	१००००
५.५	घरेलु तथा साना उद्योग समिति कोष	१९४८	८५७७	१०५२५	८८६३	१६६२
५.६	घरेलु तथा साना उद्योग समिति लगानी कोष	१७२२०	९११	१८१३१	८८४	१७२४७
५.७	घरेलु तथा साना उद्योग समिति घुम्ती कोष	१६१६३	४८३७९	६४५४२	४०८०५	२३७३७
५.८	भू बहाल कर तथा शिक्षा	४८६८	०	४८६८	४८६८	०
६	**कृषि विकास**	**६१०**	**४४२८**	**५०३८**	**३६६८**	**१३७०**
६.१	सिचाई तथा जलस्रोत व्यवस्थापन आयोजना	०	९८३	९८३	४९९	४८४
६.२	कृषि विभाग कार्यसंचालन कोष	२१५	१७१५	१९३०	१६१७	३१३
६.३	उष्ण प्रदेशिक वागवानी विकास कोष, सर्लाही	७३	१५८	२३१	२०२	२९
६.४	जिल्ला कृषि विकास कार्यालय सुनसरी कार्यसंचालन कोष	३२२	१५७२	१८९४	१३५०	५४४
७	**गृह**	**३५२६**	**९२५३**	**१२७७९**	**७८७५**	**४९०४**
७.१	प्रहरी कल्याण कोष र सशस्त्र प्रहरी कल्याण कोष	३५२६	९२५३	१२७७९	७८७५	४९०४
८	**परराष्ट्र**	**८७४७**	**७३०३४०**	**७३९०८७**	**७१३६५१**	**२५४३६**
८.१	मृतक क्षतिपूर्ति कोष	८७४७	७३०३४०	७३९०८७	७१३६५१	२५४३६
९	**पशुपंक्षी विकास**	**८०५२८**	**११८३९८**	**१९८९२६**	**१०६१२८**	**९२७९८**
९.१	पशु विकास फर्म पोखरा, कार्यसंचालन कोष	५४१७६	१०२०५	६४३८१	१२३७	६३१४४
९.२	पशु विकास फर्म पोखरा, कोष	६२६७	१०८१९३	११४४६०	१०४८९१	९५६९
९.३	पशुस्वास्थय घुम्ती कोष	२००८५	०	२००८५	०	२००८५
१०	**संस्कृति, पर्यटन तथा नागरिक उड्ययन**	**२५४७३**	**३५९२६**	**६१३९९**	**३९९२१**	**२१४७८**
१०.१	कार्य संचालन कोष	२५४७३	३५९२६	६१३९९	३९९२१	२१४७८

कं. सं	मन्त्रालय निकाय	गतवर्षको मौज्दात	यस वर्षको आय	जम्मा	खर्च	बांकी
११	**भुमिसुधार तथा व्यवस्था**	**०**	**१४५३६२**	**१४५३६२**	**२९६५६**	**११५७०६**
११.१	भूमि व्यवस्थापन सुद्रिढिकरण कोष	०	१४५३६२	१४५३६२	२९६५६	११५७०६
१२	**महिला,बालबालिका तथा समाज कल्याण**	**१९५२३५**	**२४९६४१**	**४४४८७६**	**२४५०१५**	**१९९८६१**
१२.१	विउपूजि कोष	१२३६३	१०६९६	२३०५९	१११९२	११८६७
१२.२	मानव बेचविखन विरुद्ध कोष	१२१२३	२७१२९	३९२५२	१९२४५	२०००७
१२.३	वाल उद्धार कोष	१०२५	१९७६	३००१	२२५८	७४३
१२.४	जेष्ठ नागरिक कोष	७९१	८७	८७८	६४	८१४
१२.५	लैगिक हिंसा निवारण कोष	५१५७१	५५११	५७०८२	४१७९	५२९०३
१२.६	एकल महिला सुरक्षा कोष	३८०५८	२९४०	४०९९८	१९६२	३९०३६
१२.७	अपांग पुनस्थापना कोष	१८७५	१०००	२८७५	२८२८	४७
१२.८	अन्य कोष	७७४२९	२००३०२	२७७७३१	२०३२८७	७४४४४
१३	**रक्षा**	**३७२६९७८४**	**१३७८१५०१**	**५१०५१२८५**	**११४३५५१०**	**३९६१५७७५**
१३.१	सैनिक कल्याणकारी कोष	३७२६९७८४	१३७८१५०१	५१०५१२८५	११४३५५१०	३९६१५७७५
१४	**वन तथा भू–संरक्षण**	**३५१०२३**	**५४३९३०**	**८९४९५३**	**५५४३४३**	**३४०६१०**
१४.१	कार्य संचालन कोष	३५१०२३	५४३९३०	८९४९५३	५५४३४३	३४०६१०
१५	**विज्ञान प्रविधि तथा वातावरण**	**३११५५**	**४४२**	**३१५९७**	**०**	**३१५९७**
१५.१	वातावरण संरक्षण कोष	३११५५	४४२	३१५९७		३१५९७
१६	**भौतिक पुर्वाधार तथा यातायात व्यवस्था**	**७४२७५१**	**९६६६३१८**	**१०४०९०६९**	**८९५२९५४**	**१४५६११५**
१६.१	कार्य संचालन कोष	७४२७५१	९६६६३१८	१०४०९०६९	८९५२९५४	१४५६११५
१७	**खानेपानी तथा सरसफाई**	**३२४२१**	**१३९८०८**	**१७२२२९**	**१३५४९६**	**३६७३३**
१७.१	कार्य संचालन कोष	३२४२१	१३९८०८	१७२२२९	१३५४९६	३६७३३
१८	**शिक्षा**	**५५४८१८**	**२३६३९१**	**७९१२०९**	**२७७३७२**	**५१३८३७**
१८.१	जिल्ला शिक्षा कोष	४३९२०३	२९४६७	४६८६७०	०	४६८६७०
१८.२	छात्रा शिक्षा कोष	११५६१५	२०६९२४	३२२५३९	२७७३७२	४५१६७
१९	**श्रम तथा रोजगार**	**१४५५८९२२**	**४१०३३४४**	**१८६६२२६६**	**५३७३३९**	**१८१२४९२७**
१९.१	राष्ट्रिय स्तरको कल्याणकारी कोष	१००६४६८३	३१६२३६७	१३२२७०५०	२२८३	१३२२४७६७
१९.२	सामाजिक सुरक्षा कोष	६०२४४८	४३५७८	६४६०२६	०	६४६०२६
१९.३	व्यवसायिक तथा सिप विकास तालिम केन्द्र कोष	२७४२	२६०६२	२८८०४	२१८००	७००४
१९.४	इ पि एस कोरिया शाखा कोष	१४१५९२	९३६५८	२३५२५०	५९७७९	१७५४७१
१९.५	बैदेशिक रोजगार प्रवर्धन बोर्ड	३७१४०४९	७७२१२७	४४८६१७६	४५१२९२	४०३४८८४
१९.६	प्रत्याभूति र आतंक पिडित कोष	७८२७	३६७	८१९४	०	८१९४
१९.७	बालबालिका विकास तथा पुन:स्थापना कोष	२०४३०	४६९१	२५१२१	२१८५	२२९३६
१९.८	बालश्रम निवारण कोष	५१५१	४९४	५६४५	०	५६४५
१९.९	बैदेशिक रोजगार विभाग	०	०	०	०	०
२०	**शहरी विकास मन्त्रालय**	**११४४७५**	**४९४७२**	**१६३९४७**	**३०९२३**	**१३३०२४**
२०.१	कार्य संचालन कोष	९१०४९	४९४७२	१४०५२१	३०९२३	१०९५९८
२१	**सूचना तथा सञ्चार**	**२३४२६**	**०**	**२३४२६**	**०**	**२३४२६**
२१.१	सूचना विभाग कार्य संचालन कोष	२३४२६	०	२३४२६	०	२३४२६
२२	**सहकारी तथा गरिवी निवारण**	**३०००**	**१९८**	**३१९८**	**१८२३**	**१३७५**
२२.१	कार्य संचालन कोष	३०००	१९८	३१९८	१८२३	१३७५
२३	**राष्ट्रिय योजना आयोगको सचिवालय**	**११८४७**	**०**	**११८४७**	**०**	**११८४७**
२३.१	नया निर्माण कोष	११८४७		११८४७		११८४७
	जम्मा	**६७७२७४४९**	**१८९६४७९६५**	**२५७३७५४१४**	**१६४५५४८२९**	**९२८२०५८५**

अनुसूची - २०
(प्रतिवेदनको परिच्छेद १ दफा ३ सँग सम्बन्धित)

स्थानीय तहको
आय व्ययको विवरण र लेखापरीक्षण अंक

रु. हजारमा

क्र.सं.	प्रदेश	गत वर्षको जिम्मेवारी	यो वर्षको आय	जम्मा	श्रावनफागुन सम्मको खर्च	फागुनआषाढ मसान्तको खर्च	जम्मा खर्च	मौज्दात	जम्मा	लेखापरीक्षण अंक (७३६)	वासलात (२)	लेखापरीक्षण अंक (७३८)
१	प्रदेश नं. १	१००७१६८	२००२२०३८	२१०२९२०६	८१७९२५४	१०७२९७५०	१८९०९००४	२१२०२०२	२१०२९२०६	३८९३१०४२	०	३८९३१०४२
२	प्रदेश नं. २	५३७५८९	१३९८९२५९	१४५२६८४८	३६४२६५५	८९५४३८५	१२५९७०४०	१९२९८०८	१४५२६८४८	२६५८६२९९	०	२६५८६२९९
३	प्रदेश नं. ३	२७५१३८१	१९६६९३९०	२२४२०७७१	४६८१७६६	१३३०१६८३	१७९८३४४९	४४३७३२२	२२४२०७७१	३७६५२८३९	२८४२४७८	४०४९५३१७
४	प्रदेश नं. ४	१२६०२८८	९३६६०३४	१०६२६३२२	२९५९६१०	५३१८९४२	८२७८५५२	२३४७७७०	१०६२६३२२	१७६४४५८६	०	१७६४४५८६
५	प्रदेश नं. ५	११६८७२७	१३९९३४१८	१५१६२१४५	५४५५७८२	७३७५५४३	१२८३१३२५	२३३०८२०	१५१६२१४५	२६८२४७४३	१४६२८९६	२८२८७६३९
६	प्रदेश नं. ६	८८२२२	५९०६११८	५९९.४३४०	१९८८८३०	३२४९८६८	५२३८६९८	७५५६४२	५९९.४३४०	१११४४८१६	०	१११४४८१६
७	प्रदेश नं. ७	५१८४८२	९११८२०४	९६३६६८५.९४	२३९३७९२	५७११०२९	८१०४८२१	१५३१८६५	९६३६६८६	१७२२३०२५	०	१७२२३०२५
	जम्मा	**७३३१८५७**	**९२०६४४६१**	**९९३९६३१८**	**२९३०१६८९**	**५४६४१२००**	**८३९४२८८९**	**१५४५३४२९**	**९९३९६३१८**	**१७६००७३५०**	**४३०५३७४**	**१८०३१२७२४**

अनुसूची- २१
(प्रतिवेदनको परिच्छेद २ दफा २, २.१, २.३, २.९ र ४ सँग सम्बन्धित)

स्थानीय तहको वेरुजु वर्गिकरण

२०७३।७४

(रु.हजारमा)

सिं नं.	प्रदेश नम्वर	स्थानीय तह	शुरु वेरुजु	प्रतिक्रियावाट फछ्र्यौट रकम	बाकी बेरुजु	वाँकी वेरुजुको बर्गिकरण		
						असुल गर्नुपर्ने	अनियमित	पेश्की वाकी
१	प्रदेश नं.१	१३७	२२२५४०१	१९२४६	२२०६१५५	१५४६४६	१३७०९६६	६८०५४३
२	प्रदेश नं.२	१२१	३५६६५०८	३७६९१	३५२८८१७	१५६६७७	१६११६४९	१७६०४९१
३	प्रदेश नं.३	११९	४५७६६०९	४३८४५	४५३२७६४	१६८८५५	३०३३३२३	१३३०५८६
४	प्रदेश नं.४	८५	९०४५९०	१४९१०	८८९६८०	८४१८३	४०४८०९	४००६८८
५	प्रदेश नं.५	१०९	१९६१७७०	३५२१४	१९२६५५६	७४०७९	३९८८९२	१४५३५८५
६	प्रदेश नं.६	७९	५३८१८४	९९७६	५२८२०८	२८४९५	३१५३८५	१८४३२८
७	प्रदेश नं.७	८८	६३५४२९	१६५०	६३३७७९	३५४१८	३३४४३९	२६३९२२
	जम्मा	**७३८**	**१४४०८४९१**	**१६२५३२**	**१४२४५९५९**	**७०२३५३**	**७४६९४६३**	**६०७४१४३**

अनुसूची – २२

(प्रतिवेदनको परिच्छेद २ दफा २.९ सँग सम्बन्धित)

सरकारी कार्यालयको लेखापरीक्षण अंक र वेरुजुको तुलनात्मक स्थिति

क सं	मन्त्रालय/ निकायको नाम	२०७१।७२			२०७२।७३			२०७३।७४		
		लेखापरीक्षण अंक	बेरुजु अंक	लेखापरीक्षणको तुलनामा वेरुजु प्रतिशत	लेखापरीक्षण अंक	बेरुजु अंक	लेखापरीक्षणको तुलनामा वेरुजु प्रतिशत	लेखापरीक्षण अंक	बेरुजु अंक	लेखापरीक्षणको तुलनामा वेरुजु प्रतिशत
१	राष्ट्रपतिको कार्यालय	३८०६२२	६७५९७	१७.७६	३६१०२२	१७९	०.०५	२८५३९१	१९००	०.६७
२	उपराष्ट्रपतिको कार्यालय	३३०४९	६७	०.२०	५९८१८	२५९	०.४३	३८६७०	०	०.००
३	संविधान सभा व्यवस्थापिका संसद सचिवालय	१३६७७२६	३४२४३	२.५०	१२६७७७३	१५५४०६	१२.२६	१५६९६९१	५८७११	३.७४
४	सर्वोच्च अदालत	६८८९८२६	१२८२७६	१.८६	८४०६४९६	१५३६७९	१.८३	११५८६७८१	१३१३०९	१.१३
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	७८४७५६	६०२०६	७.६७	८००१६१	४९५७	०.६२	९४१८२९	२३९	०.०३
६	महालेखापरीक्षकको कार्यालय	३४६४८८	०	०.००	४००९५९	१४५४	०.३६	४१३३६७	०	०.००
७	लोक सेवा आयोग	७८२८२२	५६९५	०.७३	७७७६७३	४५६७३	५.८७	१०९८३३२	१८५	०.०२
८	निर्वाचन आयोग	१६१६९४९	७२८५	०.४५	४६३१६१	१३४७०	२.९१	५९०७२७१	१९१६७१	३.२४
९	महान्यायाधिवक्ताको कार्यालय	६०८९६८	३८८०९	६.३७	६९१०९६	२९४९३	४.२७	१०७७४३०	१८३९५	१.७१
१०	न्यायपरिषद	४२०१६	२०९	०.५०	४८५०२	२०६	०.४२	६४००६	०	०.००
११	राष्ट्रिय मानवअधिकार आयोग	१०९६१४	६४३१	५.८७	८७७२९	३९९	०.४५	१७७६४६	७३४	०.४१
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१२६२३६४७	४२४७१२	३.३६	२८९१०३०२	६७८६७	०.२३	४०३७१३८	१३०७८७	३.२४
१३	अर्थ	५६३५०३४२७	५५५३७७१	०.९९	७१८९५६५९७	३९११४९४७	५.४४	८९२६०५८७३	१६१६३८८१	१.८१
१४	उद्योग	२९८४६४५	१०३४३४	३.४७	४२६१२०८	१७५४१९	४.१२	५२६१०७९	२३५०६८	४.४७
१५	ऊर्जा	५१०५९६३	६५८६२४	१२.९०	४५०८०८०	३७१४१७	८.२४	११७३४५६७	८०२३०७	६.८४
१६	कानून, न्याय ,संविधान सभा तथा संसदीय मामिला	१७८७८२	९७२	०.५४	११९३३२	११	०.०१	२५२३८९	६७७	०.२७
१७	कृषि विकास	१९३५८३४४	८८१६५९	४.५५	२०७४७५०८	१३३३४९७	६.४३	१८५४२८९१	२१४९९२०	११.५९
१८	गृह	४९८२४०१५	५११६३४१	१०.२७	४९५१८५१३	२७७६७८०	५.६१	८४८८५४८४	२३१०६६८	२.७२
१९	परराष्ट्र	१२८४४०११	६५७२९५	५.१२	१२८६७७४३	४१८६४७	३.२५	९५९४४९६	५८१७४४	६.०६
२०	पशुपन्छि विकास			०.००	४७२९५५६	१९२५४६	४.०७	७९४४१२९	६२९९७०	७.९३
२१	संस्कृति,पर्यटन तथा नागरिक उड्डयन	३२११४८७	९३३७२	२.९१	३६०००० २	२३५३५३	६.५४	५१८७५१२	५९२४९५	११.४२
२२	भूमिसुधार तथा व्यवस्था	२३९९०३१९	६६५८२७	२.७८	३२७७६५२२	८३८७४१	२.५६	४०७५०६८६	२२८०५९३	५.६०
२३	भौतिक पूर्वाधार तथा यातायात	५७४६२६५८	९०२०९९६	१५.७०	७०६८६७२६	१२७७०४९४	१८.०७	१२०५३७४०९	२१२६९८४०	१७.६५
२४	महिला, बालबालिका तथा समाज कल्याण	१९०२९०४	३३१९८०	१७.४५	२८२३२७७	३१३९१५	११.१२	२७०७५४९	१९०२९४	७.०३
२५	युवा तथा खेलकुद	१४८४१३७	१८८९९	१.२७	१९९१६६६	१६३१९७	८.१९	३१०३०६५	४४४२०	१.४३
२६	रक्षा	३९४२९१३८	३०९१०५९	७.८४	३७६३८२९५	२३७५४४८	६.३१	५५५७९३५६	६५९२३८५	११.८६
२७	वन तथा भू–संरक्षण	९९८६५१९	४२७६४४	४.२८	१२९२५३१३	३०२५६१	२.३४	१६०१५७१८	४५५९०७	२.८५
२८	वाणिज्य	१५१३३१८	६११८९	४.०४	१२४९८९६	८९९२	०.७२	७३७६८४	४३०३०	५.८३
२९	आपूर्ति	०	०	०.००	८०३१२७	३७४१२	४.६६	३११३६६	३८३११	१२.३०
३०	विज्ञान तथा प्रविधि	११३३१७८०	३८३८४९	३.३९	९५१२२४	७६७३९	८.०७	१०१४०६५	१२२४	०.१२
३१	जनसंख्या तथा वातावरण	०	०	०.००	१०९६९९२९	३९६१४८	३.६१	११३२२४६८	२०५८३०	१.८२
३२	शान्ति तथा पुनर्निर्माण	३९५४००२	५६४३८०	१४.२७	३४१०७६५	३१३३९५	९.१९	९६१०५६०	३५१३६	०.३७
३३	शिक्षा	७५५१२०१४	३७९९२२२	५.०३	९३९८६१५४	७७६४३९७	८.२६	११०७३४९२१	१०७९२९१०	९.७५

क्र सं	मन्त्रालय/ निकायको नाम	२०७१।७२			२०७२।७३			२०७३।७४		
		लेखापरीक्षण अंक	बेरुजु अंक	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	लेखापरीक्षण अंक	बेरुजु अंक	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	लेखापरीक्षण अंक	बेरुजु अंक	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत
३४	श्रम तथा रोजगार	१४१२१०८६	१३८५९९	०.९८	४८९५८४३	९४६३६	१.९३	२१४९३८९०	१८८६६८	०.८८
३५	सामान्य प्रशासन	५३३३००	५७८२	१.०८	८४०५८९	४५१	०.०५	९७२२१८	७७	०.०१
३६	सिचाई	१६३९४९२०	२६८६९०६	१६.३९	२२०८३४६६	३०५६६९९	१३.८४	२९६९६९०३	२३१६३९३	७.८०
३७	सूचना तथा सञ्चार	९८१४४८४	५४३५९७	५.५४	१०३४१४२९	६९८७३०	६.७६	१२८४३४००	१३७०७८८	१०.६७
३८	सहरी बिकास	२७२०२१७१	३६८५३२३	१३.५५	११८९९७४३	१२४१११८	१०.४३	२७९५४७२१	५१२४२२७	१८.३३
३९	खानेपानी तथा सरसफाई	०	०	०.००	१४६४३४०५	३८२५०७९	२६.१२	२९३२६७५८	५७५०१३०	१९.६१
४०	संघिय मामिला तथा स्थानीय विकास	४०१६४८०३	७२३६९६५	१८.०२	६७०६२५५५	८०३४७७१	११.९८	१५५७४२८९९	११३६४३८२	७.३०
४१	स्वास्थ्य	२४२७४१०६	२२३६३८६	९.२१	३०३२४७१३	११८३१०८	३.९०	३७६७४०६२	२६४२२०६	७.०१
४२	सहकारी तथा गरिवी निवारण	१०२१०५७	३२१२३	३.१५	९२७८७०	२५९६१३	२७.९८	७९२२४५	१०३१०८	१३.०१
४३	राष्ट्रिय योजना आयोगको सचिवालय	५४८५७३	९०७३	१.६५	६३३४५१	८५५७	१.३५	७९५८९८	४९२७	०.६२
	जम्मा	१०४३२३८४४६	४८७७८७९७	४.६८	१२९५४४९१८९	८८८५५८६०	६.८६	१७५२९२३८१३	९४८१५४४७	५.४१

अनुसुची - २३
(प्रतिवेदनको परिच्छेद २ दफा २.२ सँग सम्बन्धित)

आर्थिक वर्ष २०७३/०७४ मा वजेटको अख्तियार प्राप्त लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजूको स्थिति

(रकम रु हजारमा)

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरुको नामवली	अवधि	आ.व. २०७३/७४ को कुल बेरुजू	सरकारी कार्यालयतर्फको लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत
१	राष्ट्रपतिको कार्यालय	सचिव श्री भूपेन्द्र पौडेल	२०७३/४/१-०७४/३/३१	१९००	०.६७
२	उपराष्ट्रपतिको कार्यालय	सचिव श्री नारायण गोपाल मलेगो	२०७३/७/२१-०७४/३/३१	०	
३	व्यवस्थापिका संसद सचिवालय	महासचिव श्री मनोहर प्रसाद भट्टराई	२०७३/४/१-०७४/३/३१	५८७११	३.७४
४	सर्वोच्च अदालत	रजिष्टार श्री श्रीकान्त पौडेल	२०७३/४/१-०७३/१०/२	१३१३०९	१.१३
		रजिष्टार श्री नृपध्वज निरौला	२०७३/१०/४-०७४/३/२१		
		मुख्य रजिष्टार श्री नहकुल सुवेदी	२०७४/३/२२-०७४/३/३१		
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	सचिव श्री शान्तराज सुवेदी	२०७३/४/५-०७३/५/१९	२३९	०.०३
		सचिव श्री राजेन्द्र किशोर क्षेत्री	२०७३/५/२०-०७३/११/८		
		सचिव श्री पूर्णचन्द्र भट्टराई	२०७३/११/१२-०७४/३/१		
		सचिव श्री राजन खनाल	०७४/३/१४-०७४/३/३१		
६	महालेखा परीक्षकको कार्यालय	उप.म.ले.प. श्री मोहदत्त तिमिल्सीना	२०७३/४/१-०७३/७	०	
		उप.म.ले.प. श्री इश्वर नेपाल	०७३/७-०७४/३/३१		
७	लोक सेवा आयोग	सचिव श्री माधवप्रसाद रेग्मी	२०७३/४/१-०७३/४/५	१८५	०.०२
		सचिव श्री मधुप्रसाद रेग्मी	२०७३/४/६-०७४/३/३१		
८	निर्वाचन आयोग	सचिव श्री शारदा प्रसाद त्रिताल	२०७३/४/१-२०७३/५/२७	१९१६७१	३.२४
		सचिव श्री गोपीनाथ मैनाली	२०७३/६/१-०७४/३/११		
		सचिव श्री महेश्वर न्यौपाने	२०७४/३/१३-०७४/३/३१		
९	महान्यायाधिवक्ताको कार्यालय	नायब महान्याधिवक्ता श्री दुर्गाबन्धु पोखरेल	२०७३/४/१-०७४/३/३१	१८३९५	१.७१
१०	न्याय परिषद्	सचिव श्री कृष्ण गिरी	२०७३/४/१-	०	

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरुको नामवली	अवधि	आ.व. २०७३/७४ को कुल बेरुजू	सरकारी कार्यालयतर्फको लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत
			०७३/१०/५		
		सचिव श्री नहकुल सुवेदी	२०७३/१०/६-०७४/३/२२		
		सचिव श्री राजन प्रसाद भट्टराई	२०७४/३/२३-०७४/३/३१		
११	राष्ट्रिय मानवअधिकार आयोग	सचिव श्री वेदप्रसाद भट्टराई	२०७३/४/१-०७४/३/३१	७३४	०.४१
१२	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	सचिव श्री महेन्द्रमान गुरुङ	२०७३/४/१-०७३/९/११	१७७३०९	३.२४
		सचिव श्री रामकुमार आचार्य	२०७३/९/१२-०७४/३/३१		
१३	अर्थ	सचिव श्री लोकदर्शन रेग्मी सचिव श्री शान्तराज सुवेदी	२०७३/४/१-०७३/५/१७ २०७३/५/२०-०७४/३/३१	१६४३९३४७	१.८१
१४	उद्योग	सचिव श्री शंकरप्रसाद कोइराला	२०७३/४/१-०७४/३/३१	२३५०६८	४.४७
१५	ऊर्जा	सचिव श्री सुमनप्रसाद शर्मा	२०७३/४/१-०७३/५/२६	८०२३०७	६.८४
		सचिव श्री अनुप कुमार उपाध्यय	२०७३/५/२४-०७४/३/३१		
१६	कानून, न्याय ,संविधान सभा तथा संसदीय मामिला	सचिव श्री टेकप्रसाद ढुङ्गाना	२०७३/४/१-०७३/९/३०	१८५६	०.२७
		सचिव श्री कमलशाली घिमिरे	२०७३/१०/१-०७४/३/३१		
१७	कृषि विकास	सचिव श्री उत्तमकुमार भट्टराई	२०७३/४/१-०७३/६/२	२२७२९६८	११.५९
		सचिव श्री उदयचन्द्र ठाकुर	२०७३/६/३-०७३/७/१७		
		सचिव डा. अन्नपूर्णनन्द दास	२०७३/७/१८-०७३/९/१		
		सचिव डा. सुरोज पोखरेल	२०७३/९/२-०७४/३/३१		
१८	गृह	सचिव श्री नारायण गोपाल मलेगो	२०७३/४/१-०७३/७/२०	२५३६८९७	२.७२
		सचिव श्री लोकदर्शन रेग्मी	२०७३/८/१-०७४/३/३१		
१९	परराष्ट्र	सचिव श्री शंकरदास वैरागी	२०७३/४/१-०७४/३/३१	५८१७४४	६.०६
२०	पशुपन्छि विकास	सचिव श्री कृष्णचन्द्र पौडेल	२०७३/४/१-०७३/५/३१	६३८३३२	७.९३
		सचिव श्री उत्तमकुमार भट्टराई	२०७३/६/१-०७३/८/१८		

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरुको नामवली	अवधि	आ.व. २०७३/७४ को कुल बेरुजू	सरकारी कार्यालयतर्फको लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत
		सचिव डा. अन्नपूर्णनन्द दास	२०७३/९/१-०७३/९/१३		
		सचिव डा. यूवकध्वज जि.सी.	२०७३/१०/१२-०७४/३/३१		
२१	संस्कृति, पर्यटन तथा नागरिक उडड्यन	सचिव श्री प्रेमकुमार राई	२०७३/४/१-०७३/५/२४	१२८४३७९	११.४२
		सचिव श्री शंकरप्रसाद अधिकारी	२०७३/५/२५-०७४/३/३१		
२२	भूमिसुधार तथा व्यवस्था	सचिव श्री मोहनकृष्ण सापकोटा	२०७३/४/१-०७३/१२/३०	२२८०५९३	५.६
		सचिव श्री कृष्णप्रसाद देवकोटा	२०७४/१/३-०७४/३/३१		
२३	भौतिक पुर्वाधार तथा यातायात	सचिव श्री धनबहादुर तामाङ्ग	२०७३/४/१-०७४/३/९	२१२९५१३३	१७.६५
		सचिव श्री देवेन्द्र कार्की	२०७४/३/१६-०७४/३/३१		
२४	महिला,बालबालिका तथा समाज कल्याण	सचिव श्री मधुप्रसाद रेग्मी	२०७३/४/१-०७३/५/२७	२१७४३८	७.०३
		सचिव श्री विष्णुप्रसाद लम्साल	२०७३/५/२९-०७३/१२/२८		
		सचिव श्री खगराज बराल	२०७४/१/२९-०७४/३/३१		
२५	युवा तथा खेलकुद	सचिव श्री लक्ष्मण मैनाली	२०७३/४/१-०७३/५/२७	२९४६०४	१.४३
		सचिव श्री महेशप्रसाद दहाल	२०७३/५/२९-०७४/३/३१		
२६	रक्षा	सचिव श्री श्रीधर सापकोटा	२०७३/५/२६-०७४/३/३१	६८७५०८४	११.८६
२७	वन तथा भू–संरक्षण	सचिव श्री उदयचन्द्र ठाकुर	२०७३/४/५-०७३/५/३१	५९११४४	२.८५
		सचिव श्री कृष्णचन्द्र पौडेल	२०७३/६/१०-०७३/८/२९		
		सचिव श्री प्रकाश माथेमा	२०७३/१०/१८-०७४/३/३१		
२८	वाणिज्य	सचिव श्री डइन्द्र प्रसाद उपाध्यय	२०७३/४/१-०७४/३/३१	६३०७९	५.८३
२९	आपूर्ति	सचिव श्री श्रीधर सापकोटा सचिव श्री प्रेमकुमार राई	२०७३/४/१-०७३/५/२५ २०७३/५/२५-०७४/३/३१	३८३११	१२.३
३०	विज्ञान तथा प्रविधि	सचिव श्री अनुप कुमार उपाध्यय	२०७३/४/१-०७३/५/२७	१८९५७	०.१२

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरुको नामवली	अवधि	आ.व. २०७३/७४ को कुल बेरुजू	सरकारी कार्यालयतर्फको लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत
		सचिव श्री सर्वजित प्रसाद महतो	२०७३/५/२८-०७४/१/२८		
		सचिव डा. संजय शर्मा	२०७४/१/२९-०७४/३/३१		
३१	जनसंख्या तथा बातावरण	सचिव डा. विश्वनाथ वली	२०७३/४/१-०७४/३/३१	२०५८३०	१.८२
३२	शान्ति तथा पुनर्निर्माण	सचिव श्री सर्वजित प्रसाद महतो	२०७३/४/१-०७३/५/२८	३५१३६	०.३७
		सचिव श्री सुमनप्रसाद शर्मा	२०७३/६/१-०७४/१/९		
		सचिव श्री गजेन्द्र कुमार ठाकुर	२०७४/१/१०-०७४/३/३१		
३३	शिक्षा	सचिव श्री विश्वप्रकाश पण्डीत	२०७३/४/१-०७३/४/६	११९५४८४०	९.७५
		सचिव श्री शान्तबहादुर श्रेष्ठ	२०७३/५/१८-०७४/३/३१		
३४	श्रम तथा रोजगार	सचिव श्री विष्णुप्रसाद लम्साल	२०७३/४/१-०७३/५/२७	१८८६६८	०.८८
		सचिव श्री लक्ष्मण प्रसाद मैनाली	२०७३/५/२९-०७४/३/३१		
३५	सामान्य प्रशासन	सचिव श्री टंकमणि शर्मा (दंगाल)	२०७३/४/१-०७३/५/१९	८९६४	०.०१
		सचिव श्री पूर्णचन्द्र भट्टराई	२०७३/५/२०-०७३/११/१०		
		सचिव श्री मोहनकृष्ण सापकोटा	२०७३/११/११-०७४/३/३१		
३६	सिचाई	सचिव श्री गजेन्द्र कुमार ठाकुर	२०७३/४/१-०७३/११/९	२३१६३९३	७.८
		सचिव श्री रामानन्दन प्रसाद यादव	२०७३/११/१०-०७४/३/३१		
३७	सूचना तथा सञ्चार	सचिव श्री दिनेश कुमार थपलिया	२०७३/४/१-०७३/८/२९	१४९४६१५	१०.६७
		सचिव श्री महेन्द्रमान गुरुङ	२०७३/९/१-०७४/३/३१		
३८	सहरी विकास	सचिव श्री दिपेन्द्रनाथ शर्मा	२०७३/४/१-०७४/३/३१	५६०२०२१	१८.३३
३९	खानेपानी तथा सरसफाई	सचिव डा. संजय शर्मा	२०७३/४/१-०७३/७/१८	५७८८०२१	१९.६१
		सचिव श्री भिमप्रसाद उपाध्यय	२०७३/७/१९-०७४/३/३१		
४०	संघीय मामिला तथा स्थानीय विकास	सचिव श्री केदारबहादुर अधिकारी	२०७३/४/१-०७४/१/१३	११४२०१९५	७.३

क्र.सं.	मन्त्रालय/निकायको नाम	लेखाउत्तरदायी अधिकृतहरुको नामवली	अवधि	आ.व. २०७३/७४ को कुल बेरुजू	सरकारी कार्यालयतर्फको लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत
		सचिव श्री दिनेश कुमार थपलिया	२०७४/१/१४-०७४/३/३१		
४१	स्वास्थ्य	सचिव डा. सेनेन्द्रराज उप्रेती	२०७३/४/१-०७४/३/३१	६३४९८१७	७.१
४२	सहकारी तथा गरिवी निवारण	सचिव श्री शंकरप्रसाद अधिकारी	२०७३/४/१-०७३/५/२७	१०३१०८	१३.१
		सचिव श्री शारदा प्रसाद त्रिताल	२०७३/५/२८-०७३/८/११		
		सचिव श्री मोहनकृष्ण सापकोटा	२०७३/९/१३-०७३/११/११		
		सचिव श्री राजेन्द्र किशोर क्षेत्री	२०७३/११/१२-०७४/३/३१		
४३	राष्ट्रिय योजना आयोगको सचिवालय	सचिव श्री सुरेशमान श्रेष्ठ	२०७३/४/१-०७३/४/५	४९२७	०.६२
		सचिव श्री रामकुमार आचार्य	२०७३/४/१७-०७३/८/२०		
		सचिव श्री चन्द्रकुमार घिमिरे	२०७३/८/२१-०७४/१/१८		
		सचिव श्री विष्णुप्रसाद लम्साल	२०७४/१/२९-०७४/३/३१		
४४	पोखरा विश्वविद्यालय	रजिष्टार श्री गोविन्दप्रसाद शर्मा	२०७३/४/१-०७४/३/३१	२४७	०.०४६
४५	नेपाल संस्कृत विश्वविद्यालय	रजिष्टार श्री कार्त्तिकेय झा	२०७३/४/१-०७४/३/३२	२२१२५	१.७३
४६	त्रिभुवन विश्वविद्यालय	रजिष्टार श्री डिल्लीराम उप्रेती	२०७३/४/१-०७४/३/३३	३९५६८७६	११.८४
४७	लुम्बिनी बौद्ध विश्वविद्यालय	रजिष्टार श्री तिलकराम आचार्य	२०७३/४/१-०७४/३/३४	८०४४	२.३५
४८	मध्यपश्चिमाञ्चल विश्वविद्यालय	रजिष्टार डा. महेन्द्र कुमार मल्ल	२०७३/४/१-०७४/३/३५	४५५५९	९.०१
४९	सुदुर पश्चिमाञ्चल विश्वविद्यालय	रजिष्टार प्रा.डा. द्विजराज भट्ट	२०७३/४/१-०७४/३/३६	७४५७	१.०३
५०	कृषि तथा वन विश्वविद्यालय	रजिष्टार प्रा.डा. मनराज कोलाक्षपति	२०७३/४/१-०७४/३/३७	१०३६२८	१२.१३
			जम्मा:	**१०६६६४१६५**	

नेपाल सरकार

संघीय सञ्चितकोषको वार्षिक विवरण

आ.व. २०७३।०७४

प्राप्ति

रकम रु. हजारमा

क्र.सं.	विवरण			आर्थिक वर्ष २०७३।०७४	आर्थिक वर्ष २०७२।०७३
१	राजस्व तथा अनुदान:			६५२७९७०७६	५२८२८८४५६
	क	राजस्व		६१२५३१५०२	४८५२३९५८०
		अ	कर	५५३५५८९८९	४२१०५८७६९
		आ	अन्य राजस्व	५५५५८२५४	६०९१९८७२
		इ	गतबर्षको नगद मौज्दात तथा बेरुजू	३४१४२५९	३२६०९३९
	ख	अनुदान		४०२६५५७४	४३०४८८७६
		अ	नगद अनुदान	७१८६१४७	३९१४२५३
			१ चालु आ.व. को	६०८०९१४	२७४४०२३
			२ गत विगत आ.व. को	११०५२३३	११७०२३०
		आ	सोधभर्ना हूने गरि भएको खर्च रकममध्ये सोधभर्ना प्राप्त	२४७४६२२०	२८५६२७८२
			१ चालु आ.व. को	२२२९९१६६	७३१२४६३
			२ गत विगत आ.व.	२४४७०५४	२१२५०३१९
		इ	सोझै भुक्तानी (प्रत्यक्ष अनुदान)	६४९९९९५	७५२७०५६
		ई	वस्तुगत अनुदान	१८३३२१२	३०४४७८५
२	वित्तीय व्यवस्था			१२९६२४०८८	१२८७०८८३६
	क	ऋण लगानी फिर्ता		२९४०२१४	१३६९४०२७
		अ	आन्तरिक ऋण लगानी फिर्ता	२९४०२१४	१३६९४०२७
		आ	वैदेशिक ऋण लगानी फिर्ता	०	०

क्र.सं.	विवरण	आर्थिक वर्ष २०७३।०७४		आर्थिक वर्ष २०७२।०७३	
	ख शेयर बिक्री			०	
	अ आन्तरिक शेयर बिक्री				
	आ वैदेशिक शेयर बिक्री				
	ग वैदेशिक ऋण प्राप्ती		३९१५४५३५		२७४२६६७२
	अ नगद ऋण		१०५३१३०७		४१९६६४३ ४१९६६४३
	आ सोझ्यनो हुने गरी भएको खर्च		२९६३०५८६		१४५५०८४२
	१ चालु आ.व. को	२०६०८५७८		५८७३३४	
	२ गत बिगत आ.व.को	१०२२००८		८६७९४९८	
	ङ सोझै भुक्तानी (ऋण)	६९९२६४२		८६७९१८७	
	घ आन्तरिक ऋण प्राप्ती		८७५२९३३९		८७५८८१३७
३	अन्य प्राप्ति		-२२२३		८६७
	क धरौषा बिल्लाको गत आर्थिक वर्षको हिसाब मिलान हुन नसकेको				
	आर्थिक वर्ष २०६९।७० मा एमेट बैंकले संकलन गरेको भनी आम्दानी जनाइएकोमा				८६७
	महालेखा परीक्षकको कार्यालयबाट समेत बेरुजु संपरीक्षण भइ सकेकोले उक्त आम्दानी	-२२२३			
	ख घटाइएको				
	वर्षको जम्मा प्राप्ती		७८२१८९४१		६४६१९८१५९

लेखा अधिकृत

उप महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
कार्यालय, काठमाडौं

सह महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

नेपाल सरकार

संचित कोषको प्राप्ती तथा भुक्तानीको एकिकृत आर्थिक विवरण

आर्थिक वर्ष २०७३।०७४

भुक्तानी

रकम रु. हजारमा

क्र.सं.	विवरण			आर्थिक वर्ष २०७३।०७४	आर्थिक वर्ष २०७२।०७३	
	चालू बर्षको भुक्तानी			७२७३६४०७९		४९४५४६३४९
	क	संचितकोष माथि व्ययभार हुने रकममा खर्च		१०१५२२९५	८७६३०५५	
		अ)	चालू खर्च	१०१५२२९५	८७६३०५५	
			पारिश्रमिक सुविधा	५५५१७	३९५८८	
			मालसामान तथा सेवाको उपयोग	४०३३१	३५०७३	
			व्याज र सेवा खर्च	१००२३६९९	८६७३०४०	
			सहायता(सब्सीडि)	०	०	
			अनूदान(ग्रान्ट्स)	०	०	
			सामाजिक सूरक्षा	०	०	
			अन्य	३२७४८	१५३५४	
		आ)	पुंजीगत खर्च	०	०	
	ख	विनियोजन ऐनद्वारा भएको खर्च		७१७२११७८४	४८५७८३२९४	
		अ)	चालू खर्च	५०८४६३४४९	३६२५३१८४६	
			पारिश्रमिक सुविधा	११८७७९८५६	८९२२८५६९	
			मालसामान तथा सेवाको उपयोग	५७०९२७४६	४४५४७९५३	
१			व्याज र सेवा खर्च	०	०	
			सहायता(सब्सीडि)	१०५६३४१	९४१८४२	
			अनूदान(ग्रान्ट्स)	२४३९९९१७९	१७०८४७७२१	
			सामाजिक सूरक्षा	८७२८२०९६	५६७४७११	
			अन्य	२५३२३१	२१८६५०	
		आ)	पुंजीगत खर्च	२०८७४८३३५	१२३२५१४४८	
		खर्चको श्रोतगत विवरण		७२७३६४०७९	४९४५४६३४९	
		(क)	नेपाल सरकारको श्रोत	६३६६३५२८४	४३४९०६४४६	
		(ख)	वैदेशिक अनूदान	३८९८५६८६	३८५४४७८०	
			(अ) नगद	६८६०१४७	३५४९०५४	
			(आ) सोधभर्ना हूने	२३९४६९५२	२५०३४१९५	
			(इ) सोझै भूक्तानी (अनूदान)	६३४५३७५	६९१६७४६	
			(ई) वस्तूगत	१८३३२१२	३०४४७८५	
		(ग)	वैदेशिक ऋण	५१७४३१०९	२१०९५१२३	
			(उ) नगद ऋण	१५७१३५३९	४२७०१२६	
			(ऊ) सोधभर्ना हूने ऋण	२९८३८०५६	१२४४४८०७	
			(ऋ) सोझै भूक्तानी हूने ऋण	६१९१५१४	४३८०१९०	

नेपाल सरकार

संचित कोषको प्राप्ती तथा भुक्तानीको एकिकृत आर्थिक विवरण

आर्थिक वर्ष २०७३।०७४

भुक्तानी

रकम रु. हजारमा

क.सं.	विवरण	आर्थिक वर्ष २०७३।०७४	आर्थिक वर्ष २०७२।०७३	
२	वित्तीय व्यवस्था अन्तर्गतको भुक्तानी	१०३७९२२९३		१०६४६७०४६
	क. संचितकोष माथि व्ययभार हूने रकममा खर्च	६१२६४६२१	६८९४९६७४	
	अ) आन्तरिक ऋणको सांवा भूक्तानी	३८५६१४०४	५०३३४९४७	
	आ) वाह्य ऋणको सांवा भूक्तानी	२२७०३२१७	१८६१४७२७	
	ख विनियोजन ऐनद्वारा भएको खर्च	४२५२७६७२	३७५१७३७२	
	अ) ऋण लगानी	२४१७७०४२	२४८१६५८२	
	१) आन्तरिक ऋण लगानी	२४१७७०४२	२४८१६५८२	
	२) वैदेशिक ऋण लगानी			
	आ) शेयर लगानी	१८३५०६३०	१२७००७९०	
	१) आन्तरिक शेयर लगानी	१५५१७५२३	११९९४०१३	
	२) वैदेशिक शेयर लगानी	२८३३१०७	७०६७७७	
	खर्चको श्रोतगत बिबरण	१०३७९२२९४	१०६४६७०४६	
	क नेपाल सरकार	१००७७१०४६	९३३३६८९४	
	ख वैदेशिक श्रोत	३०२९२४८	१३१३०१५२	
	अ) नगद अनुदान	२८८५००	३०००००	
	आ) सोधभर्ना हूने अनुदान	४००००	८६६७०	
	इ) सोझै भूक्तानी (अनूदान)	१५४६२०	६१०३१०	
	ई) वस्तुगत अनुदान	०	०	
	उ) नगद ऋण	०	०	
	ऊ) सोधभर्ना हूने ऋण	१७३००००	७८३४१७५	
	ए) सोझै भूक्तानी हूने ऋण	८०११२८	४२९८९९७	
३	कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खर्च भएको तर बैकबाट भूक्तानी नभएको खर्च समायोजन	-१२७४८१	-५७९७७	-५७९७७
४	यस वर्षको जम्मा भूक्तानी	८३१०२८८९१		६००९५५४९८
	गत वर्षको छूट भूक्तानी	७०	१७७८९	१७७८९
	नगदमा परिवर्तन (+/-)	-४८६१००२०		५६०४२७४१
	आर्थिक वर्षको शूरुको मौज्दात	-२२६५१६६०		-७८६९४४०१
	आर्थिक वर्षको अन्त्यको मौज्दात	-७१२६१८८०		-२२६५१६६०

लेखा अधिकृत

उप महालेखा नियन्त्रक

सह महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

नेपाल सरकार

संचित कोषको प्राप्ती तथा भुक्तानीको एकिकृत आर्थिक विवरण

आर्थिक वर्ष २०७३।०७४

भुक्तानी

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रकको कार्यालय
अनामनगर, काठमाडौं

रकम रु. हजारमा

क.सं.	विवरण	आर्थिक वर्ष २०७३।०७४		आर्थिक वर्ष २०७२।०७३	
	चालु आर्थिक बर्षको खर्च व्यहोर्ने श्रोतको विवरण				
	चालु तथा पुँजीगत खर्च				
(क)	नेपाल सरकारको श्रोत		६३६६३५२८४		४३४९०६४४६
(ख)	वैदेशिक अनुदान		३८९८५६८६		३८५४४७८०
	(अ) नगद	६८६०१४७		३५४९०५४	
	(आ) सोधभर्ना हुने	२३९४६९५२		२५०३४१९५	
	(इ) सोझै भुक्तानी (अनूदान)	६३४५३७५		६९१६७४६	
	(ई) वस्तुगत	१८३३२१२		३०४४७८५	
(ग)	वैदेशिक ऋण		५१७४३१०९	०	२१०९५१२३
	(उ) नगद ऋण	१५७१३५३९		४२७०१२६	
	(ऊ) सोधभर्ना हुने ऋण	२९८३८०५६		१२४४४८०७	
	(ऋ) सोझै भुक्तानी हुने ऋण	६१९१५१४		४३८०१९०	
	वित्तिय व्यवस्था तर्फको खर्च				
क	नेपाल सरकार		१००७७१०४६		९३३३६८९४
ख	वैदेशिक श्रोत		३०२१२४८		१३१३०१५२
	अ) नगद अनूदान	२८८५००		३०००००	
	आ) सोधभर्ना हुने अनूदान	४००००		८६६७०	
	इ) सोझै भुक्तानी (अनूदान)	१५४६२०		६१०३१०	
	ई) वस्तुगत अनूदान	०		०	
ग	वैदेशिक ऋण				
	उ) नगद ऋण	०		०	
	ऊ) सोधभर्ना हुने ऋण	१७३७०००		७८३४१७५	
	ए) सोझै भुक्तानी हुने ऋण	८०११२८		४२९८९९७	

लेखा अधिकृत

उप महालेखा नियन्त्रक

सह महालेखा नियन्त्रक

महालेखा नियन्त्रक

क.१.७ सञ्चितकोष खाताको हिसाब विवरण
(आर्थिक वर्ष २०७३।०७४ को प्राप्ति तथा भुक्तानीसँग सम्बन्धित)

सि.नं.	मिति	विवरण	प्राप्त	खर्च	बाकी
		अ.ल्या.			(२२,६५,३८,७७,४७३।०४
१	२०७४-०४-०१	महालेखा नियन्त्रक कार्यालय कोष प्रशासन शाखा र शोधभर्ना शाखाबाट वैदेशिक ऋण बापत क.८ खातामा जम्मा गरिएको रकम नेपाल राष्ट्र बैंकले क.१.७ सचितकोष दाखिला	३२,१६,१८,९२,९५८।७५	०।००	९,५०,८०,१५,४८५।७१
२	२०७४-०४-०१	नेपाल राष्ट्र बैंकबाट आन्तरिक ऋण बापतको रकम सञ्चितकोष दाखिला	८७,५२,९३,३९,४०३।२६	०।००	९७,०३,७३,५४,८८८।९७
३	२०७४-०४-०१	वित्तिय व्यवस्था अन्तर्गत लगानी फिर्ता बापतको रकम सञ्चितकोष दाखिला	२,९४,०२,१४,३१६।२०	०।००	९९,९७,७५,६९,२०५।१७
४	२०७४-०९-३०	कोष प्रशासन शाखाको आदेशानुसार राजस्व वेरूजु तथा अनुदान बापतको रकम सञ्चितकोष दाखिला	६,४४,४६,३८,६८,६६८।६९	०।००	७,४४,४४,१४,३७,८७३।८६
५	२०७४-०९-३०	कोष प्रशासन शाखाको आदेशानुसार आर्थिक वर्ष २०७३।०७४ को खर्च रकम सञ्चितकोषबाट खर्च लेखिएको		८,१५,७०,३०,४४,५६४।६१	(७१,२६,१६,०६,६९०।७५
	२०७४-०९-३०	कोष प्रशासन शाखाको आदेशानुसार आर्थिक वर्ष २०७२।०७३ को मोरङ जिल्लाको बैंकले सोधभर्ना माग गर्न छुट रकम भुक्तानी गरिएको		६९,८२५।००	(७१,२६,१६,७६,५१५।७५
		जम्मा	७,६७,०९,५३,१५,३४६।९०	८,१५,७०,३१,१४,३८९।६१	(७१,२६,१६,७६,५१५।७५

लेखा नीति तथा सञ्चित कोषको बार्षिक आर्थिक विवरण तयार गर्दा अपनाइएका आधारहरु

१ यो आर्थिक विवरण आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८७ (छ) बमोजिम नेपाल सरकारले अपनाएको नगदमा आधारित लेखा प्रणाली अनुसार सोही नियमावलीको नियम ८७ र ८८ बमोजिम प्राप्त तथ्यांकको आधारमा तयार गरिएको छ ।

२ राजस्वको लेखांकन गर्दा बैंकमा जम्मा भएको रकमलाई आधार मानी सञ्चितकोषमा ट्रान्स्फर गरी आम्दानी जनाइएको ।

३ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४ बमोजिम संचित कोषमा धरौटी, अग्रिम रुपमा प्राप्त भएको वैदेशिक सहायता, स्थानीय निकायको आम्दानी खर्च जस्ता विषयहरु नसमेटी वास्तविक रुपमा नेपाल सरकारको आम्दानी र खर्चलाई मात्र समावेश गरिएकोले नेपाल राष्ट्र बैंकले तयार गर्ने कोषको अवस्थासँग यो आर्थिक विवरणको रकम फरक रहेको छ ।

४ प्राप्ति तर्फ

- आन्तरिक राजस्व तर्फ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको नाममा खोलिएका एकल राजस्व खाताहरुमा संकलन हुन आएको रकम एकिकृत गरि तयार गरिएको छ ।
- बैदेशिक अनुदान र ऋणको हकमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २७ बमोजिम सम्झौता भइ यस आर्थिक बर्षमा खर्च भएको वास्तविक रकमलाइ आधार मानेर राजस्वमा ट्रान्सफर गरि आम्दानी बाधिएको छ ।
- सोधभर्ना हुने अनुदान र ऋणको हकमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७ बमोजिम दाविप्राप्त रकम महालेखा नियन्त्रक कार्यालयको केन्द्रिय खाता नं. क ७.१५ र क ७.१७ मा प्राप्त हुन आएको रकमलाइ राजस्वमा ट्रान्सफर गरि आम्दानी बाँधिएको छ ।
- बस्तुगत सहायता र सोझै भुक्तानी भएको रकमको हकमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४८ बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत प्राप्त हुन आएको खर्चको आधारमा प्राप्ति तर्फ समेत सोही रकम समावेश गरिएको छ ।

५ आम्दानी तर्फ रकम उल्लेख गर्दा नेपाल सरकारबाट आर्थिक बर्ष २०६७/०६८ देखि लागु गरिएको आर्थिक संकेत तथा वर्गीकरण बमोजिम हुने गरी राजस्व, अनुदान, अन्य राजस्व, र वित्तिय व्यवस्था अन्तर्गत छुट्टाछुट्टै आम्दानी देखाइएको छ ।

६ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५ बमोजिम संचित कोषवाट कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत खर्च निकासा गरिएको चालु, पुँजीगत तथा वित्तिय व्यवस्था तर्फ प्रत्येकको सञ्चितकोष माथि व्ययभार हुने खर्च र विनियोजन ऐन अन्तर्गतको खर्च छुट्टाछुट्टै उल्लेख गरिएको छ ।

७ खर्च व्यहोर्ने श्रोतको हकमा चालु, पुँजिगत र वित्तिय व्यवस्था तर्फ बजेट पुस्तिकामा उल्लेख भएका नेपाल सरकारको श्रोत, नगद अनुदान, सोधभर्ना हुने अनुदान, सोझै भुक्तानी हुने अनुदान, वस्तुगत अनुदान, नगद ऋण, सोधभर्ना हुने ऋण, सोझै भुक्तानी हुने ऋण व्यय अनुमानको विवरण अनुसारनै उल्लेख गरिएको छ ।

८ सञ्चितकोषको आर्थिक विवरण तयार गर्दा सो आर्थिक वर्षको बजेट बक्तव्यमा उल्लेख भए बमोजिमको ढाँचामा आम्दानी तथा खर्च उल्लेख गर्ने प्रयास गरिएको छ ।

१

प्राप्ति तर्फ

(१) क) **गत वर्षको मौज्दात जिम्मेवारी सारेको (अ.ल्या.) :**

गत वर्षको संचित कोषको आय-व्यय बिबरणको आधारमा वांकी मौज्दात रु.(२२६५१६६०) हजार जिम्मेवारी सारि देखाइएको छ ।

(२) **यस वर्षको प्राप्ति :**

राजस्व तथा अनुदान

(क) **राजस्व**

नेपाल राष्ट बैंकवाट प्राप्त आ.व. २०७३।०७४ को कुल राजश्व असुली रु ६१२५३१५०१८२८।५८ निम्न अनुसार आम्दानी देखाइएको छ ।

(अ) कर राजश्व (संकेत नं. ११००० को जम्मा) :रु. ५५३५५८९८९हजार ।

(आ) अन्य राजश्व(संकेत नं. **१४०००** को जम्मा) : रु. ५५५५८२५४ हजार ।

(इ) वेरुजू (संकेत नं. **१५०००** को जम्मा): रु. ३४१४२५९ हजार ।

(ख) **अनुदान :**

अ र आ:

मा यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको आ.व.२०७३।०७४ को राजश्वको केन्द्रीय आर्थिक विवरण भाग-६ को प्रतिवेदन नं. ८००३ मा उल्लेख भएको कूल राजश्व, अनुदान र बेरुजु रकम रु. ६,४४,४६,४१,८६,८०६।३२ मध्ये अनुदान संकेतको रु. ३१९३२३६७ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

इ:

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको आ.व.२०७३।०७४ को खर्चको श्रोतगत आर्थिक बिबरणको प्रत्यक्ष अनुदानमा उल्लेख भएको कुल खर्च रकम रु. ६४९९९९५ हजार यस शीर्षकमा आम्दानी जनाइएको छ ।

ई:

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको आ.व.२०७३।०७४ को खर्चको श्रोतगत आर्थिक बिबरणको वस्तुगत अनुदानमा उल्लेख भएको कुल खर्च रकम रु. १८३३२१२ हजार यस शीर्षकमा आम्दानी जनाइएको छ ।

(३) **वित्तिय व्यवस्था :**

(क) ऋण लगानी फिर्ता:

म.ले.नि.का लगानी शाखाबाट प्राप्त विवरण अनुसार साँवा फिर्ता बापतको रकम रु २९४०२१४ हजार यस शिर्षकमा देखाइएको छ ।

(ख) शेयर विक्री

लगानी शाखाबाट प्राप्त विवरणमा शेयर विक्रि वापतको रकम उल्लेख नभएकोले यस शीर्षकमा शुन्य आम्दानी जनाइएको छ ।

२

(ग) **वैदेशिक ऋण प्राप्ति :**

(अ) **नगद ऋण**

यस कार्यालयको कोष प्रशासन शाखाबाट तयार गरिएको आ.व.२०७३।०७४ को नगद ऋण प्राप्तीको विवरण मध्ये सञ्चितकोष खातामा जम्मा गरिएको रकम रु. १०५३१३०७ हजार यस शीर्षकमा आम्दानी जनाइएको छ ।

(आ) **सोधभर्ना हुने खर्च मध्ये सोधभर्ना प्राप्त**

- **चालु आ.व. को :**

यस कार्यालयको सो.भ.शाखावाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक ऋण तर्फ चालु आ.ब. मा खर्च भएको रकम मध्ये सोधभर्ना प्राप्त भई चालु आर्थिक वर्षमा क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु. २०६०८५७८ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

- **गत विगत आ.व.को:**

यस कार्यालयको सो.भ.शाखावाट प्राप्त विवरण अनुसार सोधभर्ना प्राप्त हुने गरी वैदेशिक ऋण तर्फ विगत आ.ब. मा खर्च भएको रकम मध्ये सोधभर्ना प्राप्त भई क.१.७ खातामा ट्रान्सफर जम्मा भएको रु. १०२२००८ हजार यस शिर्षकमा आम्दानी जनाइएको छ ।

(इ) **सोझै भुक्तानी :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरि यस शाखामा प्राप्त विवरण अनुसार विभिन्न दातावाट सोझै भुक्तानी (प्रत्यक्ष **ऋण**) तर्फ प्राप्त भएको रकम रु. ६९९२६४२ हजार यस शिर्षकमा खर्चको आधारमा आम्दानी जनाइएको छ । यो रकम सोझै भुक्तानी भएकोले संचित कोष खातामा जम्मा भएको नदेखिएता पनि आर्थिक विवरणमा आम्दानी जनाईएको छ ।

(घ) **आन्तरिक ऋण :**

म.ले.नि.का. ऋण शाखाबाट प्राप्त विवरण अनुसार यस आ.व.मा कुल आन्तरिक ऋण रकम रु. ८८३३७७९५ हजार देखाएकोमा ने.रा.बैंकको २०७४ आषाढ महिनाको विवरण अनुसार रु. ८७५२९३३९ हजार मात्र क.१.२ आन्तरिक ऋण खातामा देखाएको र सोहि अनुसार क.१.७ संचितकोष ट्रान्सफर भएकोले सो रकम आम्दानी देखाईएको । फरक रकमको सम्बन्धमा Discount Base को Treasury Bills Roll over हुँदा पुरानो Discount फरक पर्ने हुँदा उठाइएको आन्तरिक ऋण भन्दा दाखिला रकम कम देखिएको छ यसको विस्तृत विवरण ऋण शाखाले तयार गरेको प्रतिवेदनमा उल्लेख भएको छ ।

(ङ) **अन्य विविध :**

विगत आ.व.मा एभरेष्ट बैंकले दाखिला गर्नु पर्ने भनी उल्लेख गरेको रकम दाखिला गर्नु नपर्ने भनी महालेखा परीषकको कार्यालयबाट समेत संपरीषण भएकोले यस वर्षको आयमा समायोजन गरिएको रकम ।

३

भुक्तानी तर्फ

(१) **चालु वर्षको व्यय :**

(क) **संचित कोषमाथि व्ययभार हुने रकममा खर्च :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा चालु खर्च र पूंजीगत खर्च विभाजन गरी यस शिर्षकमा खर्च जनाइएको छ ।

(अ) चालु खर्च रु. १०१५२२९५ हजार

(ख) **विनियोजन ऐनद्वारा भएको खर्च :**

अ) **चालु खर्च :** यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० आधारमा चालु आ.व.मा चालु खर्च तर्फ खर्च भएको जम्मा रकम रु. ५०८४६३४४९ हजार यस शिर्षकमा खर्च जनाइएको छ ।

आ) **पूंजीगत खर्च :** यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा चालु आ.व.मा पूंजीगत खर्च तर्फ खर्च भएको जम्मा रकम रु. २०८७४८३३५ हजार यस शिर्षकमा खर्च जनाइएको छ ।

(२) **वित्तिय व्यवस्था अन्तर्गतको खर्च:**

(क) **संचित कोषमाथि व्ययभार हुने रकममा खर्च :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा वित्तिय व्यवस्था अन्तर्गत सञ्चितकोष माथि व्ययभार हुने खर्च रु ६१२६४६२१ हजार यस शीर्षकमा उल्लेख गरिएको छ ।

(ख) **विनियोजन ऐनद्वारा भएको खर्च :**

यस कार्यालयको तथ्यांक शाखावाट तयार गरिएको प्रतिवेदन नं. ४३३० का आधारमा वित्तिय व्यवस्था अन्तर्गत विनियोजन ऐन द्वारा हुने खर्च रु ४२५२७६७२ हजार यस शीर्षकमा उल्लेख गरिएको छ ।

(३) कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार खर्च देखिएको तर चेक भुक्तानी हुन नसकी यथार्थमा खर्च हुन नसकेको रकम र कोष तथा लेखा नियन्त्रक कार्यालय र बैंक बीच देखिएको अन्य समायोजित रकम :

- यस कार्यालयको तथ्यांक शाखावाट तयार पारिएको आ.व. २०७३।०७४ को निकासा, खर्चको प्रतिवेदन र नेपाल राष्ट्र बैंकवाट प्राप्त विवरणका आधारमा ने.रा.बैंक र अन्य सरकारी कारोवार गर्ने बैंकहरुवाट भएको जम्मा निकासा रकमवाट जम्मा खर्च घटाई कायम हुन आउने रकम यस शिर्षकमा खर्च जनाइएको छ । नेपाल राष्ट्र बैंकले देखाएको निकासा रकम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट देखाइएको खर्च भन्दा कम देखिएकोले यथार्थ खर्चकालागी फरक परेको रकम रू १२७६४६ हजारलाई ऋणात्मक रूपमा देखाइएको छ ।
- कोष तथा लेखा नियन्त्रक कार्यालय मोरङबाट जारी भएको आर्थिक वर्ष २०७२।७३ को चेक कृषि विकास वैंक विराटनगरले यस आवमा वैंक खर्च देखाइ भुक्तानी भएको रु ७० हजार

द्रष्टव्य : आ.व. २०७३।०७४ को संचितकोषको आय-व्यय सम्वन्धी हिसावहरु ०७४ पौष ३० गतेसम्म क.१.७ खातामा ट्रान्सफर/समायोजन भएको विवरणको आधारमा तयार गरिएको छ ।